# मत्तीले
## लेखेका सुसमाचार

### येशूको वंशावली
*लूका ३:२३-३८*

१ अब्राहामका पुत्र, दाऊदका पुत्र येशू ख्रीष्टको वंशावलीको विवरण:

२ अब्राहाम इसहाकका पिता थिए,
इसहाक याकूबका पिता,
याकूब यहूदा र तिनका
दाज्यूभाइहरूका पिता,
३ यहूदा फारेस र जेरहका पिता,
तिनीहरूकी आमा तामार थिइन्,
फारेस हेस्रोनका पिता,
हेस्रोन आरामका पिता,
४ आराम अम्मीनादाबका पिता,
अम्मीनादाब नहशोनका पिता,
नहशोन सल्मोनका पिता,
५ सल्मोन बोअजका पिता,
तिनकी आमा राहाब थिइन्,
बोअज ओबेदका पिता,
तिनकी आमा रूथ थिइन्,
ओबेद यिशैका पिता,
६ अनि यिशै राजा दाऊदका पिता थिए ।

दाऊद सुलेमानका पिता थिए, तिनकी आमा
पहिले उरियाहकी पत्नी थिइन्,
७ सुलेमान रहबामका पिता,
रहबाम अबियाका पिता,
अबिया आसाका पिता,
८ आसा यहोशापातका पिता,
यहोशापात यहोरामका पिता,
यहोराम उज्जियाहका पिता,
९ उज्जियाह योतामका पिता,
योताम आहाजका पिता,
आहाज हिजकियाका पिता,
१० हिजकिया मनश्शेका पिता,
मनश्शे अमोनका पिता,
अमोन योशियाहका पिता,
११ अनि योशियाह येकोनिया र तिनका
भाइहरूका पिता, तिनीहरू बेबिलोनतिर
लगिएका समयमा जन्मेका थिए ।

१२बेबिलोनमा लगिएपछि:
येकोनिया शालतिएलका पिता थिए,
शालतिएल यरुबाबेलका पिता,
१३ यरुबाबेल अबिउदका पिता,
अबिउद एल्याकीमका पिता,
एल्याकीम आजोरका पिता,
१४ आजोर सादोकका पिता,
सादोक आखिमका पिता,
आखिम एलिउदका पिता,
१५ एलिउद एलाजारका पिता,
एलाजार मत्तानका पिता,
मत्तान याकूबका पिता,
१६ अनि याकूब यूसुफका पिता, जो ख्रीष्ट
भनिने येशूलाई जन्माउने मरियमका पति
थिए ।

१७यसरी अब्राहामदेखि दाऊदसम्म जम्मा
चौध पुस्ता, दाऊददेखि बेबिलोनमा लगिएको
समयसम्म चौध पुस्ता, अनि देश निकालादेखि
ख्रीष्टसम्म चौध पुस्ता छन् ।

### येशू ख्रीष्टको जन्म
*लूका २:१-७*

१८येशू ख्रीष्टको जन्म यसरी भयो: उहाँकी
आमा मरियमको विवाह यूसुफसित हुने प्रतिज्ञा
भएको थियो, तर तिनीहरूको विवाह हुनअघि
नै तिनी पवित्र आत्माद्वारा गर्भवती भएकी

---

**१:११–**२ राजा २४:१४-१५; २ इतिहास ३६:१०; यर्मिया २७:२०. **१:१८–**लूका १:२७.

थिइन् । **१९**तिनका पति यूसुफ एक धार्मिक मानिस भएकाले र आफू समाजमा अपमान हुन नचाहेकाले, तिनलाई सुटुक्क त्यागिदिने विचार गरे ।

**२०**तर ती दिनहरूमा यूसुफले यस्तो विचार गरेपछि परमप्रभुको एक जना दूतले सपनामा तिनीकहाँ देखा परेर भने, "दाऊदको पुत्र यूसुफ, मरियमलाई तिम्रो पत्नीको रूपमा घर लैजान नडराऊ, किनकि जो तिनको गर्भमा हुनुहुन्छ उहाँ पवित्र आत्माबाट हुनुहुन्छ ।
**२१**तिनले एउटा छोरा जन्माउनेछिन् अनि तिमीले उहाँको नाउँ येशू राख्नू, किनकि उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापदेखि बचाउनुहुनेछ ।"

**२२**यी कुराहरू त्यसरी नै पूरा भए जसरी परमप्रभुले आफ्ना अगमवक्ताद्वारा भन्नुभएको थियो: **२३**"कन्या गर्भवती भएर एउटा पुत्र जन्माउनेछिन् अनि तिनीहरूले उहाँलाई इम्मानुएल भन्नेछन्," जसको अर्थ हो, "परमेश्वर हामीसित ।"

**२४**यूसुफ ब्यूँझेपछि परमप्रभुको दूतले भनेझैँ गरे अनि मरियमलाई पत्नीको रूपमा घरमा लगे । **२५**तर तिनले पुत्र नजन्माउञ्जेल तिनीसित सहवास गरेनन् । अनि तिनले बालक जन्मेपछि उहाँको नाउँ येशू राखे ।

### ज्योतिषीहरूद्वारा दर्शन

**२** राजा हेरोदको समयमा यहूदियाको बेथलेहेममा येशूको जन्म भएपछि पूर्वबाट ज्योतिषीहरू यरूशलेममा आए **२**र सोधे, "यहूदीहरूका राजा भएर जन्मनुभएको कहाँ हुनुहुन्छ ? हामीले पूर्वमा उहाँको तारा देख्यौं र हामी उहाँलाई दण्डवत् गर्न आएका छौं ।"

**३**त्यसबेला राजा हेरोदले जसै यो सुने तिनी र यरूशलेममा भएका सबै विचलित भए ।
**४**अनि तिनले सबै मुख्य पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरूलाई बोलाए र ख्रीष्टको जन्म कहाँ भएको हो भनी सोधे । **५**तिनीहरूले जवाफ दिए, "यहूदियाको बेथलेहेममा, किनकि अगमवक्ताले यसरी लेखेका छन्:

**६** "'तर यहूदामा भएको बेथलेहेम,
तिमी कुनै किसिमले पनि यहूदाका
शासकहरूमध्ये सानो छैनौ;
किनकि तिमीबाट एक जना शासक
निस्कनुहुनेछ
जो मेरा मानिस, इस्राएलका गोठाला
हुनुहुनेछ ।'"

**७**तब हेरोदले ज्योतिषीहरूलाई सुटुक्क बोलाएर तारा देखा परेको ठीक समय पत्तो लगाए । **८**अनि तिनले तिनीहरूलाई बेथलेहेममा पठाएर यसो भने, "जाओ अनि होशियारीसाथ बालकलाई खोज । तिमीहरूले तिनलाई भेट्टाउने बित्तिकै, मलाई भन, र म पनि गएर तिनलाई दण्डवत् गर्नेछु ।"

**९**राजाबाट यो कुरा सुनेपछि तिनीहरू आफ्नो बाटो लागे, अनि तिनीहरूले पूर्वमा देखेको तारा तिनीहरू त्यस बालक भएको ठाउँमा नपुगुन्जेल तिनीहरूको अगि लाग्यो ।
**१०**जब तिनीहरूले त्यो तारा देखे, तब तिनीहरू अति आनन्दित भएर रमाए । **११**घरमा आइपुगेपछि तिनीहरूले बालकलाई आफ्नी आमा मरियमको साथमा देखे अनि तिनीहरूले घोप्टो परेर उहाँलाई दण्डवत् गरे । तब तिनीहरूले आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढ़ाए । **१२**त्यस रात हेरोदकहाँ नजानू भन्ने सपनामा चेतावनी पाएर तिनीहरू अर्कै बाटो भई आफ्नो देशमा फर्के ।

### मिश्रदेशतिर प्रस्थान

**१३**तिनीहरू गइसकेपछि परमप्रभुको एउटा दूत सपनामा यूसुफकहाँ देखा परेर भने, "ऊठ, बालक र तिनकी आमालाई लिएर मिश्रदेशमा जाओ । मैले फेरि केही नभनुन्जेल त्यहीं बस, किनकि हेरोदले बालकलाई खोजेर मार्न खोज्दैछ ।"

---

**१:२१**–लूका १:३१. **१:२३**–यशैया ७:१४. **१:२५**–लूका २:२१. **२:६**–मीका ५:२.

१४यसकारण तिनी उठे, बालक र तिनकी
आमालाई लिएर राती नै मिश्रदेशतिर प्रस्थान
गरे, १५जहाँ तिनीहरू हेरोदको मृत्यु नभइन्जेल
रहे । अनि यसरी परमेश्वरले आफ्ना
अगमवक्ताद्वारा भन्नुभएको वचन पूरा भयो:
"मैले आफ्नो पुत्रलाई मिश्रदेशबाट बोलाएँ ।"

१६जब ज्योतिषीहरूद्वारा आफू ठगिएको
हेरोदले थाहा पाए, तब तिनी औधी
रिसाए अनि ज्योतिषीहरूद्वारा ठीक पत्तो
लगाइएको समयअनुसार बेथलेहेम र त्यसका
सीमानामा भएका दुई वर्ष र त्यस मुनिका
बालकहरूलाई मार्ने आदेश दिए । १७तब यर्मिया
अगमवक्ताद्वारा भनिएको यो वचन पूरा भयो:

१८ "रामामा एउटा आवाज सुनियो,
रुवाइ र ठूलो विलाप,
राहेल आफ्ना बालकहरूको निम्ति
रोएकी
अनि तिनी शान्त हुन नमानेकी,
किनकि तिनका बालकहरू अब
रहेनन् ।"

### नासरतमा फर्केका

१९हेरोदको मृत्युपछि, परमप्रभुको एउटा
दूत मिश्रदेशमा सपनामा यूसुफकहाँ देखा परे,
२०अनि भने, "ऊठ, बालक र तिनकी आमालाई
लिएर इस्राएलको मुलुकमा जाऊ, किनकि
बालकको जीवन लिन चाहनेहरू मरिसकेका
छन् ।"

२१अनि तिनी उठे, बालक र तिनकी
आमालाई लिई इस्राएल देशमा गइहाले ।
२२तर जब तिनले हेरोदको ठाउँमा तिनका
पुत्र अर्खिलाउसले यहूदियामा राज्य गर्दैछन्
भन्ने सुने, तब तिनी त्यहाँ जान डराए ।
तब सपनामा चेतावनी पाएर तिनी
गालीलको जिल्लामा गए । २३अनि तिनी
नासरत भन्ने शहरमा गएर बसे । यसरी
अगमवक्ताहरूद्वारा भनिएको कुरा पूरा भयो:
"उहाँलाई नासरी भनिनेछ ।"

### बप्तिस्मा-दिने यूहन्नाले बाटो तयार पारेका

*मर्कूस १:१-८; लूका ३:१-१८; यूहन्ना १:१९-२८*

३ ती दिनहरूमा यहूदियाको उजाड़-स्थानमा
बप्तिस्मा-दिने यूहन्ना प्रचार गर्दै यसो भन्दै
आए, २"पश्चात्ताप गर, किनकि स्वर्गको राज्य
नजीक आएको छ ।" ३यी तिनी नै हुन्, जसको
बारेमा यशैया अगमवक्ताद्वारा यसो भनिएको
थियो:

"उजाड़-स्थानमा कराउने एक जनाको
सोर,
'परमप्रभुको बाटो तयार गर,
उहाँको निम्ति पथ सोझो
बनाओ ।'"

४यूहन्नाको वस्त्र ऊँटको रौंले बनेको थियो,
अनि तिनले छालाको पटुका कम्मरमा बाँधेका
थिए । तिनको भोजन सलह र वन-मह थियो ।
५यरूशलेम, सबै यहूदिया अनि यर्दनका सम्पूर्ण
इलाकाबाट मानिसहरू तिनको प्रचार सुन्नलाई
जान्थे । ६आफ्ना पापहरू स्वीकार गर्दै तिनीहरूले
तिनीबाट यर्दन नदीमा बप्तिस्मा लिन्थे ।

७तर जब तिनले आफूले बप्तिस्मा दिइरहेको
ठाउँमा फरिसी र सदुकीहरूलाई आइरहेका
देखे, तिनले भने: "हे सर्पका सन्तान हो !
तिमीहरूलाई आउन लागेको क्रोधबाट भाग्न
कसले चेतावनी दियो ? ८पश्चात्तापअनुसारको
फल फलाओ । ९अनि 'हाम्रा पिता
अब्राहाम हुन्' भनी भन्न सक्छौं भनेर नठान ।
म तिमीहरूलाई भन्दछु, यी ढुङ्गाहरूबाट
परमेश्वरले आफ्नो सन्तान खड़ा गर्न
सक्नुहुन्छ । १०रूखको जरामा बञ्चरो
परिसकेको छ । अनि असल फल नफलाउने
हरेक रूख ढालेर आगोमा हालिनेछ ।

---

**२:१५**–होशे ११:१. **२:१८**–यर्मिया ३१:१५. **२:२३**–मर्कूस १:२४; लूका २:३९; यूहन्ना १:४५.
**३:२**–मत्ती ४:१७; मर्कूस १:१५. **३:३**–यशैया ४०:३. **३:४**–२ राजा १:८. **३:७**–मत्ती १२:३४; २३:३३.
**३:९**–यूहन्ना ८:३३. **३:१०**–मत्ती ७:१९.

**११**"म त तिमीहरूलाई पश्चात्तापको लागि पानीको बप्तिस्मा दिन्छु । तर मपछि मभन्दा शक्तिशाली एक जना आउनुहुनेछ, जसको जुत्ता बोक्ने योग्यको म छैनँ । उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ । **१२**उहाँको निफन्ने नाङ्लो उहाँको हातमा छ, अनि उहाँले आफ्नो खलो सफा गर्नुहुनेछ र गहुँ धनसारमा जम्मा गरेर भुसचाहिँ कहिल्यै ननिभ्ने आगोमा जलाइदिनुहुनेछ ।"

### येशूको बप्तिस्मा

*मर्कूस १:९-११; लूका ३:२१-२२; यूहन्ना १:३१-३४*

**१३**त्यसपछि येशू यूहन्नाद्वारा बप्तिस्मा हुनलाई गालीलबाट यर्दनमा आउनुभयो । **१४**तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, "मलाई पो तपाईंबाट बप्तिस्मा हुनु खाँचो छ, तर के तपाईं मकहाँ आउने ?"

**१५**येशूले जवाफ दिनुभयो, "अहिले यसै हुन देऊ; सबै धार्मिकता पूरा हुनलाई हाम्रो लागि यो गर्नु नै उचित छ ।" तब यूहन्ना राजी भए ।

**१६**येशूले जसै बप्तिस्मा लिनुभयो, उहाँ पानीबाट निस्केर माथि आउनुभयो । त्यस बेला स्वर्ग उघ्रियो, अनि उहाँले परमेश्वरको आत्मालाई ढुकुरझैँ ओर्लंदै आएर आफूमाथि बस्नुभएको देख्नुभयो । **१७**अनि स्वर्गबाट एउटा आवाजले यसो भन्यो, "यिनी मेरा पुत्र हुन्, जसलाई म प्रेम गर्छु; यिनीसित म अति प्रसन्न छु ।"

### येशूको परीक्षा

*मर्कूस १:१२-१३; लूका ४:१-१३*

**४** तब येशू शैतानद्वारा परीक्षित हुनलाई पवित्र आत्माद्वारा उजाड़-स्थानमा लगिनुभयो । **२**अनि चालीस दिन र चालीस रात उपवास बसेपछि उहाँ धेरै भोकाउनुभयो । **३**परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "यदि तिमी परमेश्वरका पुत्र हौ भने, यी ढुङ्गाहरूलाई रोटी भइजाऊन् भनी भन ।"

**४**येशूले जवाफ दिनुभयो, "धर्मशास्त्रमा यसो लेखिएको छ: 'मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ ।'"

**५**तब शैतानले उहाँलाई पवित्र शहरमा लग्यो अनि उहाँलाई मन्दिरको सबैभन्दा अग्लो ठाउँमा उभ्यायो । **६**अनि भन्यो, "यदि तिमी परमेश्वरका पुत्र हौ भने, आफैलाई तल खसाल । किनकि धर्मशास्त्रमा यसरी लेखिएको छ:

"'उहाँले तिम्रो विषयमा आफ्ना
दूतहरूलाई आज्ञा दिनुहुनेछ,
अनि तिनीहरूले तिमीलाई तिनीहरूका
हातमा उचाल्नेछन्,
जसमा कि तिम्रो पाउ कुनै ढुङ्गामा
नठोक्कियोस् ।'"

**७**येशूले त्यसलाई जवाफ दिनुभयो, "धर्मशास्त्रमा यसो पनि लेखिएको छ: 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।'"

**८**फेरि, शैतानले उहाँलाई एउटा अति अग्लो पर्वतमा लगेर संसारका सबै राज्यहरू अनि तिनीहरूको वैभव देखायो, **९**अनि भन्यो, "यदि तिमीले घोप्टेर मलाई दण्डवत् गर्‍यौ भने, म यी सबै तिमीलाई दिनेछु ।"

**१०**त्यसपछि येशूले त्यसलाई भन्नुभयो, "हे शैतान, तँ मबाट टाढा भइजा ! किनकि यसरी लेखिएको छ: 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, अनि उहाँको मात्र सेवा गर्नू ।'"

**११**तब शैतान उहाँलाई छोड़ेर गइहाल्यो अनि स्वर्गदूतहरू आएर उहाँको सेवाटहल गरे ।

### येशूले प्रचार गर्न थाल्नुभएको

*मर्कूस १:१४-१५; लूका ४:१४-१५*

**१२**जब येशूले यूहन्ना झ्यालखानामा परेका छन् भनी सुन्नुभयो, तब उहाँ गालीलमा

---

**३:१७**–भजन २:७; यशैया ४२:१; मत्ती १२:१८; १७:५. **४:१**–हिब्रू २:१८; ४:१५. **४:४**–व्यवस्था ८:३. **४:६**–भजन ९१:११-१२. **४:७**–व्यवस्था ६:१६. **४:१०**–व्यवस्था ६:१३. **४:१२**–मत्ती १४:३; मर्कूस ६:१७; लूका ३:१९-२०

फर्कनुभयो । **१३**नासरतलाई छोड़ेर उहाँ
कफर्नहुममा गई बस्नुभयो, जुन जबूलून र
नप्तालीको इलाकामा समुद्रको किनारमा
थियो । **१४**यशैया अगमवक्ताले भनेका कुरा
पूरा हुनलाई यसो भएको थियो:

**१५** “जबूलून र नप्तालीका मुलुक,
समुद्रतिर यर्दनको छेउ,
गैर-यहूदीहरूको गालील,
**१६** अन्धकारमा बस्ने मानिसहरूले
एउटा ठूलो ज्योति देखेका छन्;
मृत्युको छायामा बस्नेहरूमाथि एउटा
ज्योति उदाएको छ ।”

**१७**त्यस बेलादेखि येशूले यसो भन्दै प्रचार
गर्न लाग्नुभयो, “पश्चात्ताप गर, किनकि
स्वर्गको राज्य नजीक आएको छ ।”

### प्रथम चेलाहरूको बोलावट

*मर्कूस १:१६-२०; लूका ५:१-११; यूहन्ना १:३५-४२*

**१८**येशू गालील समुद्रको किनारमा
हिँड़िरहनुभएको समयमा उहाँले दुई भाइहरूलाई
देख्नुभयो, पत्रुस भनिने सिमोन अनि
तिनका भाइ अन्द्रियास । तिनीहरू जालहारी
भएका हुनाले समुद्रमा जाल हान्दै थिए ।
**१९**येशूले तिनीहरूलाई भन्नुभयो, “आओ, मलाई
पछ्याओ, अनि म तिमीहरूलाई मानिसहरूका
जालहारी बनाउनेछु ।” **२०**तिनीहरू तुरुन्तै आफ्ना
जालहरू छोड़ेर उहाँको पछि लागे ।
**२१**अनि त्यहाँबाट अगि बढ्दै गर्दा उहाँले
अरू दुई भाइहरूलाई देख्नुभयो, जब्दीको
छोरा याकूब र तिनको भाइ यूहन्ना ।
तिनीहरू आफ्नो जाल तयार पार्दै आफ्ना
पिता जब्दीसित डुङ्गामा थिए । **२२**येशूले
तिनीहरूलाई बोलाउनुभयो अनि तुरुन्तै
तिनीहरूले आफ्नो डुङ्गा र पितालाई छोड़ेर
उहाँको पछि लागे ।

### येशूले बिरामीलाई निको पार्नुभएको

*लूका ६:१७-१९*

**२३**येशू सभाघरहरूमा सिकाउँदै, राज्यको
सुसमाचार प्रचार गर्दै अनि मानिसहरूका
प्रत्येक रोग र बिरामी निको पार्दै गालीलभरि
घुम्नुभयो । **२४**उहाँको विषयका कुरा सारा
सिरियाभरि फिँजियो, अनि मानिसहरूले
विभिन्न किसिमका रोग लागेकाहरू, धेरै कष्ट
भोगेकाहरू, भूत लागेकाहरू छारेरोग
लागेकाहरू अनि पक्षाघात भएकाहरूलाई
उहाँकहाँ ल्याए, अनि उहाँले तिनीहरूलाई निको
पार्नुभयो । **२५**गालील, डेकापोलिस, यरूशलेम,
यहूदिया अनि यर्दन पारिका मानिसहरूको ठूलो
भीड़ उहाँको पछि लाग्यो ।

### डाँड़ाको उपदेश

*लूका ६:२०-२३*

**५** उहाँले जब भीड़लाई देख्नुभयो, उहाँ डाँड़ामा
उक्लनुभयो र बस्नुभयो । उहाँका चेलाहरू
उहाँकहाँ आए । **२**अनि उहाँले तिनीहरूलाई
यसो भन्दै सिकाउनुभयो:

**३** “धन्य आत्मामा दीन हुनेहरू,
किनकि स्वर्गको राज्य तिनीहरूकै हो ।
**४** धन्य शोक गर्नेहरू,
किनकि तिनीहरूले सान्त्वना
पाउनेछन् ।
**५** धन्य नम्रहरू,
किनकि तिनीहरूले पृथ्वीको अधिकार
पाउनेछन् ।
**६** धन्य धार्मिकताको निम्ति भोकाउने र
तिर्खाउनेहरू,
किनकि तिनीहरू तृप्त हुनेछन् ।
**७** धन्य दयावानहरू,
किनकि तिनीहरूले दया पाउनेछन् ।
**८** धन्य हृदयमा शुद्ध हुनेहरू,
किनकि तिनीहरूले परमेश्वरलाई
देख्नेछन् ।

---

**४:१३**–यूहन्ना २:१२. **४:१५–१६**–यशैया ९:१-२. **४:१७**–मत्ती ३:२. **४:२३**–मत्ती ९:३५; मर्कूस १:३९.
**५:४**–यशैया ६१:२. **५:५**–भजन ३७:११. **५:६**–यशैया ५५:१-२. **५:८**–भजन २४:३-४.

९ धन्य मेलमिलाप गराउनेहरू,
किनकि तिनीहरू परमेश्वरका पुत्रहरू
कहलाइनेछन् ।
१० धन्य तिनीहरू जो धार्मिकताको निम्ति
सताइन्छन्,
किनकि स्वर्गको राज्य तिनीहरूकै हो ।

**११**“तिमीहरू धन्यका हौ जब मानिसहरूले
मेरो खातिर तिमीहरूलाई अपमान गर्छन्, खेदो
गर्छन् अनि तिमीहरूको विरुद्धमा झूटो बोलेर
सबै किसिमका खराब कुराहरू गर्छन् । **१२**तब
आनन्द मनाओ र खुशी होओ, किनकि स्वर्गमा
तिमीहरूको लागि ठूलो इनाम छ । तिमीहरूभन्दा
अघिका अगमवक्ताहरूलाई पनि तिनीहरूले
त्यसै गरेका थिए ।

## नून र ज्योति

*मर्कूस ९:५०; लूका १४:३४-३५*

**१३**“तिमीहरू पृथ्वीका नून हौ । तर यदि
नूनले आफ्नो नूनिलोपन हरायो भने त्यसलाई
केले फेरि नूनिलो बनाउने ? यो त फालिनु र
मानिसहरूद्वारा कुल्चिनु बाहेक अरू कुनै
कामको योग्य ठहरिँदैन ।

**१४**“तिमीहरू संसारका ज्योति हौ । डाँड़ामा
बसेको शहर लुक्न सक्दैन । **१५**नता मानिसहरूले
बत्ती बालेर पाथीले छोपेर नै राख्छन् । तर
तिनीहरूले त्यसलाई सामदानमा राख्छन्, अनि
त्यसले घरभित्र भएका सबैलाई उज्यालो
दिन्छ । **१६**यस्तै किसिमले, तिमीहरूको ज्योति
मानिसहरूको साम् चम्कोस्, र तिनीहरूले
तिमीहरूका असल कामहरू देखेर स्वर्गमा
हुनुहुने तिमीहरूका पिताको महिमा गरून् ।

## व्यवस्था पूरा हुने काम

**१७**“म व्यवस्था र अगमवक्ताहरूलाई रद्द
गर्न आएको हुँ भनी नसम्झ; म तिनीहरूलाई
रद्द गर्न होइन, तर ती पूरा गर्न आएको हुँ ।
**१८**म तिमीहरूलाई यो सत्य बताउँछु, जबसम्म
स्वर्ग र पृथ्वी बितेर जाँदैनन्, तबसम्म व्यवस्थाबाट
एउटा सानो अक्षर अथवा बिन्दुसम्म पनि कुनै
कारणले पूरा नभई रहनेछैन । **१९**कसैले यी
आज्ञाहरूमध्ये एउटा सबैभन्दा सानोलाई उल्लङ्घन
गर्छ अनि अरूलाई पनि त्यसै गर्न सिकाउँछ
भने ऊ स्वर्गको राज्यमा सबैभन्दा सानो हुनेछ,
तर जसले यी आज्ञाहरू पालन गर्छ अनि
अरूलाई सिकाउँछ, त्यो स्वर्गको राज्यमा
महान् भनिनेछ । **२०**किनकि म तिमीहरूलाई
भन्दछु, तिमीहरूको धार्मिकता फरिसी र
शास्त्रीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू
कदापि स्वर्गको राज्यमा पस्न पाउनेछैनौ ।

## हत्या

**२१**“तिमीहरूले सुनेका छौ, मानिसहरूलाई
धेरै अघि के भनिएको थियो, ‘हत्या नगर, अनि
जसले हत्या गर्छ त्यसको इन्साफ गरिनेछ ।’
**२२**तर म भन्दछु, जो आफ्नो भाइसित रिसाउँछ
त्यो इन्साफमा पर्छ । फेरि जसले आफ्नो भाइलाई
‘ए बेवकुफ’ भन्छ, त्यो महासभामा लगिने
योग्यको हुन्छ । तर जसले ‘तँ मूर्ख !’ भन्छ,
त्यो नरकको आगोमा पर्ने जोखिममा हुन्छ ।

**२३**“यसकारण, तिमीले वेदीमा आफ्नो भेटी
चढ़ाउँदै गर्दा तिम्रो विरुद्धमा तिम्रो भाइको केही
कुरा छ भन्ने सम्झना आयो भने, **२४**तिम्रो
भेटी त्यही वेदीकै सामुन्ने छोड़ । पहिले जाऊ
अनि तिम्रो भाइसित मिलाप गर; अनि आएर
आफ्नो भेटी चढ़ाऊ ।

**२५**“तिमीलाई अदालतमा लैजाने विरोधीसित
झट्टै कुरा मिलाइहाल । यो काम तिमी ऊसित
बाटोमा हुँदै गरिहाल । नत्र उसले तिमीलाई
न्यायाधीशकहाँ सुम्पिदेला, अनि न्यायाधीशले
अधिकारीकहाँ सुम्पिदेलान्, अनि तिमी
झ्यालखानमा परौला । **२६**म तिमीलाई यो सत्य
बताउँछु, तिमीले अन्तिम पैसा नतिरून्जेल तिमी
बाहिर निस्कनेछैनौ ।

**५:१०**–१ पत्रुस ३:१४. **५:११**–१ पत्रुस ४:१४. **५:१२**–२ इतिहास ३६:१६; प्रेरित ७:५२.
**५:१३**–मर्कूस ९:५०. **५:१४**–यूहन्ना ८:१२; ९:५. **५:१५**–मर्कूस ४:२१; लूका ८:१६; ११:३३.
**५:१६**–१ पत्रुस २:१२. **५:१८**–लूका १६:१७. **५:२१**–प्रस्थान २०:१३; व्यवस्था ५:१७.

### व्यभिचार

**२७**“तिमीहरूले ‘व्यभिचार नगर्नू’ भनेको
सुनेका छौ । **२८**तर म तिमीहरूलाई भन्दछु,
जसले कुनै स्त्रीलाई कुदृष्टि लगाउँछ, उसले
आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको
हुनेछ । **२९**यदि तिमीहरूका दाहिने आँखाले
तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई
निकालिदेओ । किनकि तिमीहरूको सम्पूर्ण
शरीर नरकको आगोमा फालिनुभन्दा त त्यसको
एउटा अङ्ग गुमाउनु तिमीहरूको लागि राम्रो
हुन्छ । **३०**अनि यदि तिमीहरूको दाहिने हातले
तिमीहरूलाई पाप गर्न लगाउँछ भने त्यसलाई
काटेर फालिदेओ । किनकि तिमीहरूको सम्पूर्ण
शरीर नरकको आगोमा जानुभन्दा त त्यसको
एउटा अङ्ग गुमाउनु तिमीहरूको लागि राम्रो
हुन्छ ।

### विवाह-विच्छेद

*मत्ती १९:९; मर्कूस १०:११-१२; लूका १६:१८*

**३१**“यसो भनिएको छ, ‘यदि कसैले आफ्नी
पत्नीलाई त्याग्छ भने, त्यसले उसलाई त्यागपत्र
देओस् ।’ **३२**तर म तिमीहरूलाई भन्दछु,
जसले आफ्नी पत्नीलाई वैवाहिक विश्वासघात
बाहेक अरू कारणले त्याग्छ, त्यसले उसलाई
व्यभिचारिणी बनाउँछ, अनि जसले त्यागिएकी
त्यस स्त्रीलाई विवाह गर्छ, उसले पनि व्यभिचार
गर्छ ।

### शपथ

**३३**“फेरि, मानिसहरूलाई धेरै अघि
यसो भनिएको तिमीहरूले सुनेका छौ,
‘तिमीहरूले शपथ भङ्ग नगर, तर तिमीहरूले
परमेश्वरसित गरेको शपथ पूरा गर ।’ **३४**तर
म तिमीहरूलाई भन्दछु शपथ खाँदै नखाओ: नता
स्वर्गको नाउँमा, किनकि यो त परमेश्वरको
सिंहासन हो; **३५**नता पृथ्वीको नाउँमा, किनकि
यो उहाँको पाउदान हो; नता यरूशलेमको
नाउँमा, किनकि यो महान् राजाको शहर
हो । **३६**अनि तिम्रो शिरको शपथ नखाओ,
किनकि तिमीले एउटै केशलाई पनि सेतो वा
कालो बनाउन सक्दैनौ । **३७**खालि तिम्रो ‘हो’
चाहिँ ‘हो’ होस्, अनि ‘होइन’ चाहिँ ‘होइन’ नै
होस्; यसदेखि बाहेक सबै दुष्टबाट आउँछ ।

### आँखाको बदला आँखा

**३८**“तिमीहरूले यसो भनेको सुनेका छौ,
‘आँखाको बदला आँखा अनि दाँतको बदला
दाँत ।’ **३९**तर म तिमीहरूलाई भन्दछु, दुष्ट
मानिसको मुकाबिला नगर । यदि कसैले
तिमीहरूको दाहिने गालामा हिर्कायो भने,
ऊतर्फ अर्को पनि फर्काइदेओ । **४०**अनि
यदि कसैले मुद्दा चलाएर तिमीहरूको दौरा
लिन खोज्छ भने, त्यसलाई तिमीहरूको खाष्टो
पनि दिइहाल । **४१**यदि कसैले तिमीहरूलाई
कर लगाएर एक किलोमिटर जाऔं भन्छ
भने, ऊसित दुई किलोमिटर गइदेओ ।
**४२**तिमीहरूसित माग्नेलाई देओ, अनि
तिमीहरूसित ऋण माग्नेदेखि तर्किनजाओ ।

### शत्रुप्रति प्रेम

**४३**“तिमीहरूले यसो भनेको सुनेका छौ,
‘तिम्रो छिमेकीलाई प्रेम गर अनि तिम्रो शत्रुलाई
घृणा गर ।’ **४४**तर म तिमीहरूलाई भन्दछु:
आफ्ना शत्रुहरूलाई प्रेम गर अनि तिमीहरूलाई
खेदो गर्नेहरूको निम्ति प्रार्थना गर, **४५**र तिमीहरू
स्वर्गमा हुनुभएको तिमीहरूका पिताका पुत्रहरू
बन्नेछौ । उहाँले दुष्ट र असल दुवैको निम्ति
सूर्य उदाइदिनुहुन्छ, अनि धार्मिक र अधार्मिक
दुवैको निम्ति पानी पठाउनुहुन्छ । **४६**यदि
तिमीहरूलाई प्रेम गर्नेहरूलाई मात्र तिमीहरू

---

**५:२७**–प्रस्थान २०:१४; व्यवस्था ५:१८. **५:२९**–मत्ती १८:९; मर्कूस ९:४७. **५:३०**–मत्ती १८:८;
मर्कूस ९:४३. **५:३१**–व्यवस्था २४:१-४; मत्ती १९:७; मर्कूस १०:४. **५:३२**–मत्ती १९:९;
१ कोरिन्थी ७:१०-११. **५:३३**–लेवी १९:१२; गन्ती ३०:२; व्यवस्था २३:२१. **५:३४**–यशैया ६६:१;
मत्ती २३:२२; याकूब ५:१२. **५:३५**–भजन ४८:२; यशैया ६६:१. **५:३८**–प्रस्थान २१:२४; लेवी २४:२०;
व्यवस्था १९:२१. **५:४३**–लेवी १९:१८.

प्रेम गर्छौ भने, तिमीहरूले के इनाम
पाउनेछौ ? त्यो त के महसुल उठाउनेहरूले
पनि गरिरहेका छैनन् र ? **४७**अनि तिमीहरू
आफ्ना भाइहरूलाई मात्र अभिवादन गर्छौ भने,
तिमीहरूले अरूले भन्दा के बढ़ी गर्दैछौ ?
त्यो त मूर्तिपूजकहरूले पनि गर्दैनन् र ?
**४८**तिमीहरूका स्वर्गीय पिता जस्तो सिद्ध
हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध होओ ।

### खाँचोमा परेकाहरूलाई दिने काम

**६** "होशियार बस, तिमीहरूका 'धार्मिकताका
कामहरू' मानिसहरूले देखून् भनी
तिनीहरूका सामु नगर । त्यसो गऱ्यौ भने,
तिमीहरूले आफ्ना स्वर्गीय पिताबाट कुनै इनाम
पाउनेछैनौ ।

**२**"यसकारण तिमीहरू जब खाँचोमा
परेकाहरूलाई दिन्छौ, तब फरिसीहरूले
सभाघरहरूमा र सड़कहरूमा मानिसहरूद्वारा
मान पाउनलाई गरेझैँ तुरही फुकेर घोषणा
नगर । म तिमीहरूलाई सत्य कुरा बताउँछु,
तिनीहरूले आफ्नो सम्पूर्ण इनाम पाइसके ।
**३**जब तिमी खाँचोमा परेकाहरूलाई दिन्छौ, तब
तिम्रो दाहिने हातले जे गर्दैछ त्यो तिम्रो देब्रे
हातले चाल नपाओस्, **४**र तिम्रो दान गुप्तमा
होस् । तब गुप्तमा देख्नुहुने तिमीहरूका पिताले
तिमीहरूलाई इनाम दिनुहुनेछ ।

### प्रार्थना

*लूका ११:२-४*

**५**"अनि जब तिमीहरू प्रार्थना गर्छौ, ती
कपटीहरू जस्ता नहोओ, किनकि तिनीहरू
अरू मानिसहरूद्वारा देखिनलाई सभाघरहरू
अनि सड़कहरूमा उभिएर प्रार्थना गर्न मन
पराउँछन् । म तिमीहरूलाई यो साँचो कुरा
बताउँछु, तिनीहरूले आफ्ना सम्पूर्ण इनाम
पाइसकेका छन् । **६**तर जब तिमीहरू प्रार्थना
गर्छौ, आफ्नो कोठामा गएर ढोका बन्द गर, अनि
तिमीहरूका नदेखिने पितालाई प्रार्थना गर ।
तब गुप्तमा गरिएका कामहरू देख्नुहुने तिमीहरूका
पिताले तिमीहरूलाई इनाम दिनुहुनेछ ।
**७**अनि तिमीहरूले प्रार्थना गर्दा मूर्तिपूजकहरूझैँ
नबरबराइरह, किनकि तिनीहरूका धेरै शब्दहरूको
कारण तिनीहरूको सुनाइ हुनेछ भनी सम्झन्छन् ।
**८**तिनीहरूजस्ता नबन, किनकि तिमीहरूले
माग्नभन्दा पहिले नै तिमीहरूलाई के चाहिन्छ
भनी तिमीहरूका पिताले जान्नुहुन्छ ।

**९**"तब, तिमीहरू यसरी प्रार्थना गर:

"'हे हाम्रा स्वर्गमा हुनुहुने पिता,
तपाईंको नाउँ पवित्र होस्,
**१०** तपाईंको राज्य आओस्,
तपाईंको स्वर्गमा पूरा भएको इच्छा
यस संसारमा पूरा गरियोस् ।
**११** हाम्रो दिनभरिको रोटी
आज हामीलाई दिनुहोस् ।
**१२** हाम्रा अपराधहरू क्षमा गर्नुहोस्,
जसरी हामीले पनि आफ्ना
अपराधीहरूलाई क्षमा गरेका छौं ।
**१३** अनि हामीलाई परीक्षामा नल्याउनुहोस्,
तर दुष्टदेखि छुटाउनुहोस् ।
[किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन्, आमेन ।]'

**१४**किनकि तिमीहरूको विरुद्धमा पाप गर्नेहरूलाई
तिमीहरूले क्षमा दियौ भने, तिमीहरूका
स्वर्गीय पिताले पनि तिमीहरूका पापहरू क्षमा
दिनुहुनेछ । **१५**तर तिमीहरूले मानिसहरूका
पाप क्षमा गरेनौ भनेता, तिमीहरूका पिताले
तिमीहरूका पाप क्षमा गर्नुहुनेछैन ।

### उपवास

**१६**"जब तिमीहरू उपवास बस्छौ, कपटीहरू
जस्ता मलिन भई नबस, किनकि मानिसहरूलाई
देखाउनलाई तिनीहरूले आफ्ना अनुहार
बिगार्दछन् । म तिमीहरूलाई साँचो कुरो भन्दछु,
तिनीहरूले आफ्ना सम्पूर्ण इनाम पाइसकेका
छन् । **१७**तर जब तिमीहरू उपवास बस्दछौ

---

**५:४८**–लेवी १९:२; व्यवस्था १८:१३. **६:१**–मत्ती २३:५. **६:५**–लूका १८:१०-१४. **६:१४**–मर्कूस ११:२५-२६.

तब शिरमा तेल लगाओ अनि आफ्नो मुख
धोओ, **१८**र तिमीहरू उपवास बसेका छौ भनेर
कुनै मानिसले होइन, तर तिमीहरूका अदृष्य
पिताले मात्र देखून् । अनि गुप्तमा गरिएका
काम देख्नुहुने तिमीहरूका पिताले तिमीहरूलाई
इनाम दिनुहुनेछ ।

### स्वर्गमा धन

*लूका ११:३४-३६; १२:३३-३४; १६:१३*

**१९**"आफ्नो निम्ति पृथ्वीमा धन नथुपार,
जहाँ कीरा र खियाले नष्ट पार्छ अनि चोरले
घर फोरेर चोरिदिन्छ । **२०**तर आफ्नो निम्ति
धन स्वर्गमा थुपार, जहाँ कीरा र खियाले नष्ट
पार्दैन अनि चोरले घर फोरेर चोरिलैजाँदैन ।
**२१**किनकि जहाँ तिमीहरूको धन हुन्छ, त्यहीँ
तिमीहरूको मन पनि हुनेछ ।
**२२**"शरीरको बत्ती आँखा हो । यदि
तिमीहरूका आँखा असल छन् भने, तिमीहरूका
सम्पूर्ण शरीर नै उज्यालो हुन्छ । **२३**तर यदि
तिमीहरूका आँखा नै खराब छन् भने,
तिमीहरूका सम्पूर्ण शरीर नै घोर अँध्यारोमा
हुनेछ । यसकारण, यदि तिमीहरूभित्र भएको
उज्यालो नै अँध्यारो छ भने, त्यो अँध्यारो कति
बढी हुन्छ !
**२४**"कसैले दुई मालिकको सेवा गर्न सक्दैन ।
उसले कि त एक जनालाई घृणा गरेर अर्कोलाई
प्रेम गर्छ, अथवा उसले एक जनाको भक्त भएर
अर्कोलाई तुच्छ ठान्नेछ । तिमीहरूले परमेश्वर
र धन दुवैको सेवा गर्न सक्दैनौ ।

### फिक्री नगर्नू

*लूका १२:२२-३१*

**२५**"यसैकारण म तिमीहरूलाई भन्दछु, आफ्नो
प्राणको निम्ति तिमीहरू के खाऔंला वा पिऔंला
अथवा आफ्नो शरीरको निम्ति के लगाऔंला
भनी फिक्री नगर । के भोजनभन्दा प्राण बढ़ी
महत्वपूर्ण अनि वस्त्रभन्दा शरीर बढ़ी महत्वपूर्ण
होइन र ? **२६**आकाशका चराहरूलाई हेर;
तिनीहरू नता छर्दछन्, न कटनी गर्दछन्, न
भकारीमा बटुल्दछन्, तरै पनि तिनीहरूलाई
तिमीहरूका स्वर्गीय पिताले खुवाउनुहुन्छ । के
तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यका छैनौ
र ? **२७**तिमीहरूमध्ये कसले फिक्री गरेर आफ्नो
आयुमा एक घड़ी थप्नसक्छ ?
**२८**"अनि वस्त्रहरूको विषयमा किन
फिक्री गर्दछौ ? मैदानका लिली फूलहरूलाई
हेर, तिनीहरू कसरी बढ्दछन् । तिनीहरूले
परिश्रम गर्दैनन् अनि धागो पनि कात्दैनन् । **२९**र
पनि म तिमीहरूलाई भन्दछु, राजा सुलेमानले
पनि आफ्ना सारा वैभवमा यिनीहरूमध्ये
एउटाले झैँ पहिरिएका थिएनन् । **३०**यदि
आज यहाँ देखिने अनि भोलि आगोमा
फ्याँकिने मैदानका घाँसलाई परमेश्वरले
यसरी वस्त्र पहिऱ्याउनुहुन्छ भने, हे
अल्पविश्वासी हो, उहाँले के तिमीहरूलाई अझ
बढ़ी वस्त्र पहिऱ्याउनुहुनेछैन ? **३१**यसकारण,
'हामी के खाऔंला ?' अथवा 'हामी के
पिऔंला ?' अथवा 'हामी के लगाऔंला ?' भनी
फिक्री नगर । **३२**किनकि गैर-यहूदीहरू पो
यस्ता कुराहरूको पछि लाग्दछन् । तिमीहरूका
स्वर्गीय पिताले तिमीहरूलाई यी कुराहरू
चाहिन्छ भनी जान्नुहुन्छ । **३३**तर पहिले उहाँको
राज्य र उहाँको धार्मिकताको खोजी गर अनि
यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन् ।
**३४**यसकारण भोलिको फिक्री नगर, किनकि
भोलिको फिक्री त्यो आफैले गर्छ । प्रत्येक
दिनको आफ्नै कष्ट प्रशस्त छ ।

### अरूको इन्साफ

*लूका ६:३७-३८, ४१-४२*

**७** "इन्साफ नगर, नत्रता तिम्रो पनि इन्साफ
हुनेछ; **२**किनकि तिमीले अरूको इन्साफ
जसरी गर्छौ, त्यसरी नै तिम्रो इन्साफ पनि
हुनेछ, तिमीले जुन नापले नाप्तछौ, तिमी पनि
त्यही किसिमले नापिनेछौ ।
**३**"तिमीले किन आफ्नो भाइको आँखामा

---

**६:१९**–याकूब ५:२-३. **६:२९**–१ राजा १०:४-७; २ इतिहास ९:३-६. **७:२**–मर्कूस ४:२४.

भएको धूलो देख्छौ अनि तिम्रो आफ्नै आँखाभित्र
भएको मुढ़ातर्फ चाहिँ ध्यानै दिँदैनौ ? **४**जबसम्म
तिम्रो आँखाभित्र मुढ़ा रहिरहेको हुन्छ तब तिमीले
कसरी आफ्नो भाइलाई 'मलाई तिम्रो आँखाबाट
धूलो निकाल्नदेऊ' भन्नसक्छौ ? **५**हे कपटी,
पहिले आफ्नै आँखाबाट मुढ़ा निकाल अनि
मात्र तिम्रो भाइको आँखाबाट धूलो निकाल्नलाई
तिमीले राम्रो गरी देख्नसक्छौ ।
**६**"पवित्र वस्तु कुकुरहरूलाई नदेओ,
तिमीहरूका मोती सुँगुरहरूको अगि नफाल ।
यदि तिमीहरूले यसो गऱ्यौ भने, तिनीहरूले
ती आफ्ना खुट्टाले कुल्चेर तिमीहरूतिर फर्की
तिमीहरूलाई पनि झम्टनेछन् ।

### माग, खोज, ढकढक्याओ

*लूका ११:९-१३*

**७**"माग अनि तिमीहरूलाई त्यो दिइनेछ,
खोज अनि तिमीहरूले भेट्टाउनेछौ, ढकढकाओ
अनि तिमीहरूको निम्ति ढोका उघारिनेछ ।
**८**किनकि हरेक जसले माग्छ त्यसले
पाउँछ, जसले खोज्दछ त्यसले भेट्टाउँछ, अनि
ढकढक्याउनेको लागि ढोका उघारिनेछ ।
**९**"तिमीहरूमध्ये को होला जसको छोराले
रोटी माग्यो भने उसलाई ढुङ्गा दिन्छ ? **१०**अथवा
माछा माग्यो भने उसलाई सर्प दिन्छ ?
**११**यसकारण, तिमीहरू दुष्ट भइकन आफ्ना
बालबच्चाहरूलाई असल उपहार दिन जान्दछौ
भने, तिमीहरूका स्वर्गीय पिताले तिमीहरूलाई
कति बढ़ी उत्तम उपहारहरू दिनुहुनेछ ।
**१२**यसकारण, हरेक कुरामा अरूहरूप्रति त्यही
व्यवहार गर जुन तिमीहरूले तिनीहरूबाट
चाहन्छौ, किनकि व्यवस्था र अगमवक्ताहरूको
निचोड़ यही हो ।

### साँघुरा र फराकिला ढोकाहरू

*लूका १३:२४*

**१३**"साँघुरो ढोकाबाट भित्र पस । किनकि
विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो
चौडा हुन्छ; अनि धेरैले त्यसबाट प्रवेश
गर्छन् । **१४**तर जीवनमा पुऱ्याउने ढोका सानो
र बाटो साँघुरो छ; अनि थोरैले मात्र त्यो
भेट्टाउनेछन् ।

### रूख र त्यसका फलहरू

*लूका ६:४३-४५*

**१५**"झूटा अगमवक्ताहरूदेखि होशियार
बस । तिनीहरू तिमीहरूकहाँ भेड़ाको भेषमा
आउँछन् । तर भित्र त तिनीहरू डरलाग्दा
ब्वाँसाहरू हुन् । **१६**तिनीहरूको फलले तिमीहरू
तिनीहरूलाई चिन्नेछौ । के मानिसहरूले
काँढ़ाका बोटहरूबाट अङ्गूर अनि सिउँड़ीबाट
नेभारा टिप्छन् ? **१७**यस्तै किसिमले, असल रूखले
असल फल फलाउँछ, तर खराब रूखले खराब
फल नै फलाउँछ । **१८**एउटा असल रूखले
खराब फल फलाउन सक्दैन, अनि एउटा
खराब रूखले असल फल फलाउन सक्दैन ।
**१९**असल फल नफलाउने हरेक रूख काटेर
ढालिनेछ अनि आगोमा हालिनेछ । **२०**यसरी
तिनीहरूका फलद्वारा तिमीहरूले तिनीहरूलाई
चिन्नेछौ ।
**२१**"मलाई 'प्रभु, प्रभु,' भन्ने सबै स्वर्गको
राज्यमा प्रवेश गर्नेछैनन्, तर त्यसले मात्र
प्रवेश गर्नेछ जसले स्वर्गमा हुनुहुने मेरा पिताको
इच्छा पूरा गर्छ । **२२**त्यस दिन धेरैले मलाई
भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा
अगमवाणी गरेनौं, अनि तपाईंको नाउँमा भूतहरू
धपाएनौं अनि आश्चर्य-कर्महरू गरेनौं ?' **२३**तब
म तिनीहरूलाई खुलस्त रूपले भन्नेछु, 'मैले
कहिल्यै तिमीहरूलाई चिनेको छैनँ । हे अधर्म
काम गर्नेहरू हो, मबाट दूर भइजाओ !'

### दुई किसिमका जग

*लूका ६:४७-४९*

**२४**"यसकारण हरेक जसले मेरा यी
वचनहरू सुनेर त्यसअनुसार काम गर्छ, त्यो
त्यस बुद्धिमान् मानिसजस्तो हो जसले आफ्नो

**७:१२**–लूका ६:३१. **७:१९**–मत्ती ३:१०; लूका ३:९. **७:२०**–मत्ती १२:३३. **७:२३**–भजन ६:८.

घर चट्टानमाथि बनायो । **२५**अनि पानी पर्‍यो,
भल आयो, अनि बतास चल्यो र त्यस घरमा
बजारियो, र पनि त्यो ढलेन, किनकि त्यसको
जग चट्टानमाथि थियो । **२६**तर हरेक जसले
मेरा यी वचनहरू सुनेर त्यसअनुसार काम
गर्दैन त्यो त्यस मूर्ख मानिसजस्तो हो जसले
आफ्नो घर बालुवामाथि बनायो । **२७**अनि
पानी पर्‍यो, भल आयो, अनि बतास चल्यो र
त्यसमा बजारियो, अनि त्यो ठूलो आवाजका
साथ ढल्यो ।”
**२८**येशूले यी कुरा भनिसक्नुभएपछि भीड़
उहाँको शिक्षामा छक्क परे, **२९**किनकि उहाँले
तिनीहरूका व्यवस्थाका शिक्षकहरूले झैँ
होइन, तर अधिकार भएको व्यक्तिले झैँ
सिकाउनुहुन्थ्यो ।

## कुष्ठरोग लागेको मानिस

*मर्कूस १:४०-४५; लूका ५:१२-१६*

**८** येशू जब पहाड़ी ठाउँबाट ओर्लेर
आउनुभयो, एउटा ठूलो भीड़ले उहाँलाई
पछ्यायो । **२**कुष्ठरोग लागेको एक जना मानिस
आएर उहाँको अगि घुँड़ा टेकेर यसो भन्यो,
“हे प्रभु, यदि तपाईंले चाहनुभयो भने मलाई
शुद्ध पार्न सक्नुहुन्छ ।”
**३**येशूले आफ्नो हात पसारेर त्यस मानिसलाई
छोएर भन्नुभयो, “म इच्छा गर्छु, तिमी निको
भइजाऊ !” ऊ तुरुन्तै आफ्नो कुष्ठरोगबाट
निको भइहाल्यो । **४**तब येशूले त्यसलाई
भन्नुभयो, “तिमीले यो कसैलाई नभन्नू । तर
जाऊ, अनि आफैलाई पूजाहारीकहाँ देखाऊ
अनि तिनीहरूलाई साक्षीको स्वरूप मोशाले
आज्ञा दिएअनुसार भेटी चढ़ाऊ ।”

## कप्तानको विश्वास

*लूका ७:१-१०*

**५**जब येशू कफर्नहुममा आउनुभयो, एक
जना कप्तानले उहाँकहाँ आएर सहायता मागे ।
**६**तिनले भने, “हे प्रभु, घरमा मेरो नोकर
पक्षाघातको रोगले धेरै कष्ट पाइरहेको छ ।”
**७**येशूले तिनलाई भन्नुभयो, “म गएर
त्यसलाई निको पार्नेछु ।”
**८**तब कप्तानले जवाफ दिए, “हे प्रभु, तपाईं
मेरो छानामुनि आउनुहुने योग्यको म छैनँ ।
तर खालि वचन मात्र बोलिदिनुहोस् र मेरो
नोकर निको भइहाल्नेछ । **९**किनकि म आफै
पनि कसैको अधीनमा छु अनि मेरा अधीनमा
पनि केही सिपाहीहरू छन् । म एक जनालाई
‘जा’ भन्छु अनि त्यो जान्छ, अनि अर्कोलाई
‘आइज’ भन्छु अनि त्यो आउँछ । म मेरो
नोकरलाई ‘यो गर्’ भन्छु अनि त्यसले गर्छ ।”
**१०**यो सुनेर येशूलाई आश्चर्य लाग्यो अनि
आफूलाई पछ्याउनेहरूलाई उहाँले भन्नुभयो,
“म तिमीहरूलाई साँचो कुरा भन्दछु, मैले
इस्राएलमा यस्तो विश्वास भएको कसैलाई पनि
भेट्टाइनँ । **११**म तिमीहरूलाई भन्दछु कि धेरै
जना पूर्व र पश्चिमबाट आउनेछन्, अनि स्वर्गको
राज्यमा अब्राहाम, इसहाक र याकूबसित
विवाहको भोजमा बस्नेछन् । **१२**तर राज्यका
सन्तानचाहिँ बाहिरको अन्धकारमा फालिनेछ
जहाँ रुवाइ र दाह्रा किटाइ हुनेछ ।”
**१३**तब येशूले त्यस कप्तानलाई भन्नुभयो,
“जाऊ ! तिमीले जस्तो हुन्छ भनी विश्वास
गरेका थियौ, त्यस्तै हुनेछ ।” अनि तिनको
नोकर त्यसै घड़ी निको भइहाल्यो ।

## येशूले धेरैलाई निको पार्नुभएको

*मर्कूस १:२९-३४; लूका ४:३८-४१*

**१४**जब येशू पत्रुसको घरमा आउनुभयो,
उहाँले पत्रुसकी सासूलाई ज्वरोले थलिएर
ओछ्यानमा पल्टिएकी देख्नुभयो । **१५**उहाँले तिनको
हात छुनुभयो अनि ज्वरोले तिनलाई छोडिहाल्यो,
अनि उठेर तिनले उहाँको सेवा गरिन् ।
**१६**जसै साँझ भयो, दुष्टात्मा लागेका धेरै
जनालाई उहाँकहाँ ल्याइयो, अनि उहाँले

---

**७:२८**–मर्कूस १:२२; लूका ४:३२. **८:४**–लेवी १४:१-३२. **८:११**–लूका १३:२९. **८:१२**–मत्ती २२:१३; २५:३०; लूका १३:२८.

वचनद्वारा ती आत्माहरूलाई धपाइदिनुभयो अनि
सबै रोगीहरूलाई निको पार्नुभयो । **१७**यसरी
यशैया अगवक्ताद्वारा भनिएको कुरा पूरा भयो:

"उहाँले हाम्रा कमजोरीहरू लिनुभयो
अनि हाम्रा रोगहरू उठाइलानुभयो ।"

## येशूलाई पछ्याउँदा तिर्नुपर्ने मूल्य

*लूका ९:५७-६२*

**१८**आफ्नो चारैतिर भीड़लाई देखेर उहाँले
समुद्रको पारि जाने आज्ञा दिनुभयो । **१९**तब
एक जना व्यवस्थाको गुरुले उहाँकहाँ आएर
यसो भने, "हे गुरु, तपाईं जहाँ जानुहुन्छ म
तपाईंलाई पछ्याउनेछु ।"
**२०**येशूले भन्नुभयो, "स्यालका ओढार अनि
आकाशका चराहरूका गुँड़ हुन्छन् । तर
म, मानव-पुत्रको निम्ति त शिर ढल्काउने
ठाउँ पनि छैन ।"
**२१**अर्को चेलाले उहाँलाई भने, "प्रभु, म
पहिला गएर आफ्ना बाबुलाई गाड्न पाऊँ ।"
**२२**तर येशूले तिनलाई भन्नुभयो, "मलाई
पछ्याऊ, अनि मुर्दाले तिनीहरूका आफ्नै मुर्दा
गाडून् ।"

## येशूले आँधी शान्त पार्नुभएको

*मर्कूस ४:३५-४१; लूका ८:२२-२५*

**२३**तब उहाँ डुङ्गामा चढ्नुभयो अनि उहाँका
चेलाहरूले उहाँलाई पछ्याए । **२४**अचानक
समुद्रमा एउटा प्रचण्ड आँधी आयो अनि त्यसका
छालहरूले डुङ्गालाई ढाक्यो । तर येशू त
निदाइरहनुभएको थियो । **२५**चेलाहरू गई
उहाँलाई ब्यूँझाउँदै यसो भने, "हे प्रभु, हामीलाई
बचाउनुहोस् ! हामी डुब्न लागेका छौं !"
**२६**अनि उहाँले जवाफ दिनुभयो, "हे
अल्पविश्वासी हो, तिमीहरू किन डराउँछौ ?"
तब उहाँ उठ्नुभयो अनि बतास र छालहरूलाई
हकार्नुभयो, अनि सबै सम्पूर्ण रूपमा शान्त
भइहाले ।
**२७**ती मानिसहरू छक्क परेर भने, "यी
मानिस कस्ता किसिमका हुन् ? बतास र
छालहरूसमेतले यिनका कुरा मान्छन् ।"

## भूत लागेका दुई मानिसहरू निको भएका

*मर्कूस ५:१-२०; लूका ८:२६-३९*

**२८**जब येशू गदरिनीहरूको मुलुकको अर्को
भागमा आइपुग्नुभयो, त्यहाँ भूत लागेका दुई
मानिसहरू उहाँलाई भेट्न आए । तिनीहरू
यति हिंस्रक थिए कि कोही पनि त्यो
बाटो भएर जान सक्दैनथियो । **२९**तिनीहरूले
चिच्च्याएर यसो भने, "हे परमेश्वरका पुत्र,
तपाईं हामीदेखि के चाहनुहुन्छ ? के तपाईं
तोकिएको समयभन्दा अघि नै हामीलाई सताउन
आउनुभएको हो ?"
**३०**त्यस ठाउँदेखि केही टाढ़ा सुँगुरहरूको
एउटा ठूलो बथान चरिरहेको थियो । **३१**ती
भूतात्माहरूले येशूसित यसरी बिन्ती गरे,
"यदि तपाईंले हामीलाई निकालेर खेद्नुहुन्छ
भने, हामीलाई सुँगुरको त्यस बथानभित्र
पठाउनुहोस् ।"
**३२**अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
"जाओ !" र तिनीहरू निस्केर सुँगुरहरूमा
पसे, अनि सम्पूर्ण बथान भीरबाट ओइरिएर
झीलमा पसे र पानीमा डुबी मरे । **३३**ती सुँगुर
चराउनेहरू दगुरेर गई शहरमा पुगेर के के
घटना भए, साथै ती भूत लागेका मानिसहरूलाई
के भयो सबै कुरा बताइदिए । **३४**तब सारा
शहर नै गएर येशूलाई भेटे । अनि जब
तिनीहरूले उहाँलाई भेटे, तिनीहरूले उहाँलाई
त्यस इलाकालाई छोड़िदिने बिन्ती गरे ।

## येशूले पक्षाघातीलाई निको पार्नुभएको

*मर्कूस २:१-१२; लूका ५:१७-२६*

**९** येशू डुङ्गामा चढ्नुभयो अनि पारि तरेर
आफ्नै शहरमा आउनुभयो । **२**केही
मानिसहरूले खाटमा पसिरहेको एक जना
पक्षाघातीलाई उहाँकहाँ ल्याए । जब येशूले

---

**८:१७**–यशैया ५३:४.

तिनीहरूको विश्वास देख्नुभयो, उहाँले त्यस
पक्षाघातीलाई भन्नुभयो, "हे छोरो, ढाड़स
गर; तिम्रा पापहरू क्षमा भए ।"
**३**यो देखेर व्यवस्थाका कतिपय गुरुहरूले
आपसमा यसो भने, "यस मानिसले ईश्वर-
निन्दा गरिरहेको छ ।"
**४**तिनीहरूको विचार थाहा पाएर येशूले
भन्नुभयो, "तिमीहरू आफ्ना हृदयमा किन दुष्ट
विचारहरूलाई स्थान दिन्छौ ? **५**'तिम्रा पापहरू
क्षमा भए' भन्नु र 'उठेर हिँड़' भन्नुमा कुनचाहिँ
सजिलो छ ? **६**तर म, मानव-पुत्रलाई संसारमा
पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले
जान्न सक...।" त्यसपछि उहाँले त्यस पक्षाघातीलाई
भन्नुभयो, "उठ, आफ्नो खाट उठाएर घरमा
जाऊ ।" **७**अनि त्यो मानिस उठ्यो र घर
गयो । **८**जब भीड़ले त्यो देखे, तिनीहरू भयभीत
भए; अनि परमेश्वरले मानिसहरूलाई यस्तो
अधिकार दिनुभएकोमा उहाँको प्रशंसा गरे ।

### मत्तीको बोलावट

*मर्कूस २:१३-१७; लूका ५:२७-३२*

**९**येशू जसै त्यहाँबाट अगि बढ्नुभयो, उहाँले
मत्ती नाउँ भएको एक जना मानिसलाई कर
उठाउनेहरूको अड्डामा बसिरहेको देख्नुभयो ।
उहाँले तिनलाई भन्नुभयो, "मलाई पछ्याऊ",
अनि तिनले उठेर उहाँलाई पछ्याए ।
**१०**येशू मत्तीको घरमा भोजन गरिरहनुहुँदा
धेरै कर उठाउने र "पापीहरू" आए अनि
उहाँ र उहाँका चेलाहरूसित खाए । **११**जब
फरिसीहरूले यो देखे, तब तिनीहरूले उहाँका
चेलाहरूलाई सोधे, "तिमीहरूका गुरु किन कर
उठाउनेहरू र 'पापीहरू' सित खानुहुन्छ ?"
**१२**यो सुनेर येशूले भन्नुभयो, "निरोगीहरूलाई
वैद्यको खाँचो पर्दैन, तर रोगीहरूलाई । **१३**तर
जाऊ अनि यसको अर्थ के हो सिक: 'म बलिदान
होइन, तर दया चाहन्छु ।' किनकि म
धर्मीहरूलाई होइन तर पापीहरूलाई बोलाउन
आएको हुँ ।"

### येशूलाई उपवासबारे प्रश्न

*मर्कूस २:१८-२२; लूका ५:३३-३९*

**१४**तब यूहन्नाका चेलाहरू आएर उहाँलाई
सोधे, "हामी अनि फरिसीहरू उपवास बस्छौं
तर तपाईंका चेलाहरूचाहिँ बस्दैनन्, यो कस्तो
कुरा हो ?"
**१५**उहाँले जवाफ दिनुभयो, "दुलहा साथमा
हुँदा उहाँका अतिथिहरू कसरी विलाप गर्न
सक्छन् ? समय आउँछ जब दुलहा तिनीहरूबाट
अलग गराइनेछन्, तब तिनीहरू उपवास
बस्नेछन् ।
**१६**"कसैले पनि पुरानो वस्त्रमा घटेर सानो
हुने नयाँ टालो सिलाउँदैन, किनकि त्यस
वस्त्रबाट त्यो टालो निस्केर जान्छ अनि त्यो
फटाइ झन् नराम्रो हुन्छ । **१७**नता मानिसहरूले
नयाँ दाखमद्यलाई पुरानो मशकहरूमा
हाल्दछन् । यदि तिनीहरूले त्यसो गरे भनेता,
मशकहरू फुट्नेछन्, अनि दाखमद्य पोखिनेछ
अनि मशकहरू नष्ट हुनेछन् । त्यसो नहुन,
तिनीहरूले नयाँ दाखमद्य नयाँ मशकहरूमै
हाल्छन्, र दुवै जोगिन्छन् ।"

### एउटी मरेकी केटी अनि रोगी स्त्री

*मर्कूस ५:२१-४३; लूका ८:४०-५६*

**१८**येशूले जसै यसो भन्नुहुँदैथियो, एक जना
शासकले उहाँकहाँ आएर उहाँको अगि घुँड़ा टेकेर
भने, "मेरी छोरी भर्खरै मरेकी छ । तर तपाईं
आईकन त्यसमाथि आफ्नो हात राखिदिनुहोस्
र त्यो बाँच्नेछे ।" **१९**येशू उठेर तिनीसित
जानुभयो अनि उहाँका चेलाहरू पनि गए ।
**२०**ठीक त्यसै बेला बाह्र वर्षदेखि रगत बग्ने
रोग लागेकी एउटी स्त्री उहाँको पछिल्तिर आएर
उहाँको वस्त्रको किनार छोइन् । **२१**तिनले
आफैसित यसो भनिन्, "यदि मैले उहाँको
वस्त्रमात्र छोएँ भने पनि म निको हुनेछु ।"
**२२**येशू पछि फर्कनुभयो अनि तिनलाई
देख्नुभयो । उहाँले भन्नुभयो, "हे छोरी, ढाड़स
गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको

---

**९:१०**–लूका १५:१-२. **९:१३**–मत्ती १२:७; होशे ६:६.

छ ।" अनि ती स्त्री त्यसै घड़ी निको भइन् ।
**२३**जब येशू त्यस शासकको घरमा पस्नुभयो,
उहाँले बाँसुरी बजाउनेहरू र हल्ला गर्नेहरूलाई
देख्नुभयो । **२४**अनि भन्नुभयो, "बाहिर जाओ ।
केटी मरेकी छैन तर सुतेकी छ ।" तर तिनीहरूले
उहाँको कुरालाई हाँसोमा उड़ाइदिए । **२५**भीड़लाई
बाहिर निकालिसकेपछि उहाँ भित्र पस्नुभयो
अनि त्यस केटीको दाहिने हात समात्नुभयो,
अनि त्यो उठी । **२६**यो कुराको खबर त्यस
इलाकाभरि फैलियो ।

### येशूले अन्धा र लाटोलाई निको पार्नुभएको

**२७**अनि येशू जसै त्यहाँबाट अगि बढ्नुभयो,
दुई जना अन्धा मानिसहरूले यसो भन्दै उहाँलाई
पछ्याए, "हे दाऊदका पुत्र, हामीमाथि दया
गर्नुहोस् !"
**२८**जब उहाँ भित्र पस्नुभयो, ती अन्धा
मानिसहरू उहाँकहाँ आए अनि उहाँले
तिनीहरूलाई सोध्नुभयो, "म यसो गर्नसक्छु
भनी के तिमीहरू विश्वास गर्छौ ?"
तिनीहरूले जवाफ दिए, "गर्छौं प्रभु ।"
**२९**तब उहाँले तिनीहरूका आँखा छोएर
भन्नुभयो, "तिमीहरूको विश्वासअनुसार
तिमीहरूलाई यस्तै होस्"; **३०**अनि तिनीहरूले
दृष्टि पाए । येशूले तिनीहरूलाई यसरी कड़ा
चेतावनी दिनुभयो, "यो कुरा कसैले थाहा
नपाओस् ।" **३१**तर तिनीहरू गइहाले अनि उहाँको
विषयको खबर सारा मुलुकभरि फिँजाए ।
**३२**उहाँहरू जाँदै गर्दा एक जना भूत लागेको
अनि बोल्न नसक्ने मानिसलाई येशूकहाँ
ल्याइयो । **३३**अनि जसै भूत निकालियो,
त्यो लाटो मानिस बोल्यो । भीड़ले अचम्म
मानेर भने, "इस्राएलमा यस्तो कहिल्यै देखिएको
छैन ।"
**३४**तर फरिसीहरूले भने, "भूतहरूको
राजकुमारद्वारा यिनले भूतहरू धपाउँछन् ।"

### खेतालाको अभाव

**३५**येशू सबै शहरहरू अनि गाउँहरूमा,
तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको
सुसमाचार प्रचार गर्दै अनि रोग र बिरामीहरू
निको पार्दै जानुभयो । **३६**भीड़लाई देखेर उहाँ
तिनीहरूमाथि टिठाउनुभयो, किनकि तिनीहरू
सबै गोठाला नभएका भेड़ाहरूझैं हैरान भएका
र असहाय थिए । **३७**अनि उहाँले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ
तर खेतालाहरू थोरै छन् । **३८**यसकारण
फसलका प्रभुलाई उहाँको खेतमा कटनी गर्नलाई
खेतालाहरू पठाइदेऊन् भनी बिन्ती गर ।"

### येशूले बाह्र जनालाई पठाउनुभएको

*मर्कूस ३:१३-१९; ६:७-१३; १३:९-१३;*
*लूका ६:१२-१६; ९:१-६; १२:२-९; २१:१२-१७*

**१०** येशूले आफ्ना बाह्र चेलाहरूलाई
आफूकहाँ बोलाउनुभयो अनि
तिनीहरूलाई दुष्टात्माहरू धपाउने, अनि हरेक
किसिमका रोग र बिरामी निको पार्ने अधिकार
दिनुभयो ।
**२**ती बाह्र प्रेरितहरूका नाउँ यिनै हुन्: पहिलो
पत्रुस भनिने सिमोन, अनि तिनका भाइ अन्द्रियास;
जब्दीको छोरो याकूब, अनि तिनको भाइ यूहन्ना;
**३**फिलिप अनि बारथोलोमाइ; थोमा अनि महसुल
उठाउने मत्ती; अल्फयसको छोरो याकूब,
अनि थेदियस; **४**सिमोन कनानी अनि यहूदा
इस्करियोत, जसले उहाँलाई धोका दियो ।
**५**यी बाह्र जनालाई येशूले यस्ता आज्ञा दिएर
पठाउनुभयो: "गैर-यहूदीहरूको बीचमा नजाओ
अनि सामरीहरूका शहरहरूमा नपस । **६**बरु
इस्राएलका हराएका भेड़ाहरूकहाँ जाओ ।
**७**तिमीहरू गएर यो समाचार प्रचार गर:
'स्वर्गको राज्य नजीक आएको छ ।'
**८**रोगीहरूलाई निको पार, मरेकाहरूलाई जीवित
बनाओ, भूतात्माहरू धपाओ, कुष्ठरोगीहरूलाई
शुद्ध बनाओ । तिमीहरूले सित्तैमा पायौ, सित्तैंमा

---

**९:३४**—मत्ती १०:२५; १२:२४; मर्कूस ३:२२; लूका ११:१५. **९:३५**—मत्ती ४:२३; मर्कूस १:३९; लूका ४:४४.
**९:३६**—गन्ती २७:१७; १ राजा २२:१७; २ इतिहास १८:१६; इजकिएल ३४:५; मर्कूस ६:३४.
**९:३७-३८**—लूका १०:२. **१०:७-१५**—लूका १०:४-१२.

देओ । **९**आफूसित पटुकामा सुन, चाँदी र तामा
नलैजाओ । **१०**यात्राको लागि थैलो अथवा दौरा,
जुत्ता अथवा लौरो नबोक, किनकि खेताला
ज्यालाको योग्य हुन्छ ।

**११**"तिमीहरू जुन शहर अथवा गाउँमा
पसौला, त्यस ठाउँमा को योग्यको छ, त्यस
व्यक्तिलाई खोज र तिमीहरूले त्यो ठाउँ नछोडेसम्म
त्यसकै घरमा बस । **१२**तिमीहरू त्यस घरमा
पस्दा त्यसलाई आफ्नो अभिवादन भन । **१३**यदि
त्यो घर त्यस योग्यको छ भने, तिमीहरूको
शान्ति त्यसमा रहोस्; यदि छैन भने, तिमीहरूको
शान्ति तिमीहरूकहाँ फर्किआओस् । **१४**यदि
कसैले तिमीहरूलाई स्वागत गरेन भने अथवा
तिमीहरूको कुरा सुनेन भने, तिमीहरूले त्यस
घर अथवा शहरलाई छोड्दा आफ्ना खुट्टाको
धूलो टक्टक्याइदेओ । **१५**म यो सत्य कुरा
तिमीहरूलाई बताउँछु, इन्साफको दिनमा त्यस
शहरको भन्दा त सदोम र गमोराको हालत
पो सहनसकिने हुनेछ । **१६**म तिमीहरूलाई
ब्वाँसाहरूका बीचमा भेड़ाहरूझैं पठाउँदैछु ।
यसकारण, सर्पझैं चतुर र ढुकुरझैं सोझो
होओ ।

**१७**"मानिसहरूदेखि होशियार बस,
तिनीहरूले तिमीहरूलाई स्थानीय सभाहरूमा
सुम्पिदिनेछन्, अनि तिनीहरूका सभाघरहरूमा
कोर्रा लगाउनेछन् । **१८**मेरो खातिर शासकहरू
र राजाहरूकहाँ लगिनेछौ अनि तिमीहरू गैर-
यहूदीहरूको अगि मेरा साक्षी हुनेछौ । **१९**तर
जब तिनीहरूले तिमीहरूलाई पक्रनेछन्,
तिमीहरूले के बोलौंला वा कसरी बोलौंला
भनी फिक्री नगर । त्यस बेला तिमीहरूले के
भन्नुपर्ने हो सो दिइनेछ । **२०**किनकि त्यो
तिमीहरू बोलेका हुनेछैनौ तर तिमीहरूका
पिताको आत्मा नै तिमीहरूद्वारा बोल्नुहुनेछ ।
**२१**"भाइले भाइलाई, बाबुले आफ्नो
छोराछोरीलाई मृत्युको निम्ति धोका दिनेछ,
छोराछोरीहरू आफ्ना आमाबाबुको विरुद्धमा
उठ्नेछन् अनि तिनीहरूलाई मार्न लाउनेछन् ।
**२२**तिमीहरूलाई सबै मानिसहरूले मेरो खातिर
घृणा गर्नेछन् । तर जो अन्तसम्म स्थिर रहन्छ
त्यो नै बचाइनेछ । **२३**जब तिमीहरू एक ठाउँमा
सताइनेछौ, तब अर्को ठाउँमा भाग । म साँच्चै
भन्दछु, म, मानव-पुत्र आउन अघि तिमीहरूले
इस्राएलका शहरहरू पनि घुमिसकेका हुनेछैनौ ।

**२४**"चेला गुरुभन्दा श्रेष्ठ हुनसक्दैन, नता
नोकर मालिकभन्दा श्रेष्ठ हुनसक्छ । **२५**चेलालाई
गुरु जत्तिको हुनु र नोकरलाई मालिक जत्तिको
हुनु नै पर्याप्त हुन्छ । यदि घरानाको मुखियालाई
बालजिबुल भनिएको छ भने, घरानाका
सदस्यहरूलाई त झन् कति बढ़ता गरी
भन्लान् !

**२६**"यसकारण तिनीहरूसित नडराओ ।
ढाकेर प्रकट नहुने अनि लुकेर थाहा नपाइने
केही पनि छैन । **२७**जे मैले तिमीहरूलाई
अँध्यारोमा भनें, त्यसलाई दिनको उज्यालोमा
भनिदेओ; तिमीहरूको कानमा जे भनिएको छ,
त्यो घरको धुरीबाट घोषणा गरिदेओ ।
**२८**शरीर नष्ट गर्ने तर आत्मालाई नष्ट गर्न
नसक्नेहरूसित नडराओ । बरु शरीर र
आत्मा दुवैलाई नरकमा नष्ट गर्न सक्नुहुने
परमेश्वरसित डराओ । **२९**के एक पैसामा
दुई भँगेरा बिक्दैनन् ? तैपनि तिमीहरूका
पिताको इच्छाविना तीमध्ये एउटा पनि भुइँमा
खस्दैन । **३०**तिमीहरूको शिरका सबै केशहरू
गन्ती भइसकेका छन् । **३१**यसकारण, नडराओ
तिमीहरू धेरै भँगेराहरूभन्दा मूल्यवान् छौ ।

**३२**"जसले मलाई मानिसहरूको सामुन्ने
स्वीकार गर्छ, त्यसलाई म मेरा स्वर्गमा हुनुहुने
पिताको सामुन्ने स्वीकार गर्नेछु । **३३**तर जसले
मलाई मानिसहरूको सामुन्ने अस्वीकार गर्छ,
त्यसलाई म मेरा स्वर्गमा हुनुहुने पिताको सामुन्ने
अस्वीकार गर्नेछु ।

---

**१०:१०**–१ कोरिन्थी ९:१४; १ तिमोथी ५:१८. **१०:१४**–प्रेरित १३:५१. **१०:१५**–उत्पत्ति १९:२४-२८; मत्ती ११:२४. **१०:१६**–लूका १०:३. **१०:२२**–मत्ती २४:९-१३. **१०:२४**–लूका ६:४०; यूहन्ना १३:१६; १५:२०. **१०:२५**–मत्ती ९:३४; १२:२४; मर्कूस ३:२२; लूका ११:१५. **१०:२६**–मर्कूस ४:२२; लूका ८:१७.
**१०:३३**–२ तिमोथी २:१२.

३४"म संसारमा शान्ति ल्याउन आएको हुँ
भनी नठान । म संसारमा शान्ति होइन तर
तरवार लिएर आएको हुँ । ३५किनकि म

"'मानिसलाई उसको बाबुको विरुद्धमा,
छोरीलाई उसकी आमाको विरुद्धमा,
बुहारीलाई सासूको विरुद्धमा
अलग गराउन आएँ ।
३६ मानिसका शत्रुहरू त आफ्नै
परिवारका सदस्यहरू हुनेछन् ।'

३७"जसले आफ्ना आमा वा बाबुलाई मलाई
भन्दा बढ़ी प्रेम गर्छ, त्यो मेरो योग्यको हुँदैन;
जसले आफ्ना छोरा वा छोरीलाई मलाई भन्दा
बढ़ी प्रेम गर्छ, त्यो मेरो योग्यको हुँदैन । ३८अनि
जसले आफ्नो क्रूस लिएर मेरो पछि लाग्दैन,
त्यो मेरो योग्यको हुँदैन । ३९जसले आफ्नो प्राण
जोगाउँछ उसले त्यो गुमाउनेछ, जसले आफ्नो
प्राण मेरो निम्ति गुमाउँछ उसले त्यो पाउनेछ ।
४०"जसले तिमीहरूलाई ग्रहण गर्छ त्यसले
मलाई ग्रहण गर्छ, अनि जसले मलाई ग्रहण
गर्छ उसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ ।
४१जसले अगमवक्तालाई अगमवक्ताको रूपमा
ग्रहण गर्छ त्यसले अगमवक्ताको इनाम पाउनेछ,
अनि जसले धार्मिक मानिसलाई धार्मिक
मानिसको रूपमा ग्रहण गर्छ त्यसले धार्मिक
मानिसको इनाम पाउनेछ । ४२अनि यदि कसैले
यी सानाहरूमध्ये एक जनालाई मेरा चेला हुन्
भनी एक गिलास चिसो पानी दिन्छ, म
तिमीहरूलाई साँच्चै भन्दछु, उसले आफ्नो इनाम
कुनै रीतिले गुमाउनेछैन ।"

## येशू अनि बप्तिस्मा-दिने यूहन्ना

*लूका ७:१८-३५*

११ येशूले आफ्ना बाह्रै जना चेलाहरूलाई
आदेश दिइसक्नुभएपछि उहाँ त्यहाँदेखि
गालीलका शहरहरूतिर शिक्षा दिन र प्रचार
गर्न जानुभयो ।
२जब यूहन्नाले येशूले गर्नुभएको कुरा
झ्यालखानमा सुने, तिनले आफ्ना चेलाहरूलाई
उहाँकहाँ यो सोध्न पठाए, ३"आउनुहुने के
तपाईं नै हुनुहुन्छ, अथवा हामी कुनै अर्कोलाई
पर्खौं ?"
४येशूले जवाफ दिनुभयो, "फर्किगएर
यूहन्नालाई तिमीहरूले जे सुन्दछौ र देख्दछौ
त्यो बताइदेओ । ५अन्धाले दृष्टि पाउँछ, लँगड़ा
हिँड्छ, कुष्ठरोग भएकाहरू निको पारिन्छन्,
बहिराले सुन्छ, मरेकाहरू जीवित पारिन्छन्
अनि गरीबहरूलाई सुसमाचार सुनाइन्छ । ६त्यो
धन्यको हो जसले मबाट ठोकर खाँदैन ।"
७यूहन्नाका चेलाहरू जसै जान लागे, उहाँले
भीड़लाई यूहन्नाको विषयमा बताउन लाग्नुभयो:
"तिमीहरू उजाड़-स्थानमा के हेर्न निस्क्यौ ?
के बतासले हल्लाइरहेको निगालोलाई ? ८यदि
होइन भने, तिमीहरू के हेर्न निस्क्यौ त ? के
नरम पोशाक लाएका मानिसलाई ? होइन,
नरम पोशाक लाउनेहरू त राजाका महलमा
हुन्छन् । ९त्यसो भए तिमीहरू के हेर्नलाई
निस्क्यौ त ? के अगमवक्तालाई ? म तिमीहरूलाई
भन्दछु हो, अनि अगमवक्ताभन्दा महान्लाई ।
१०यी तिनी नै हुन् जसको विषयमा यसरी
लेखिएको छ:

"'म आफ्नो दूतलाई तिम्रो अगि पठाउनेछु
जसले तिम्रो बाटो तयार पार्नेछ ।'

११म तिमीहरूलाई साँच्चै भन्दछु: स्त्रीहरूबाट
जन्मनेहरूमध्ये बप्तिस्मा-दिने यूहन्नाभन्दा
महान् कोही जन्मेको छैन । १२बप्तिस्मा-दिने
यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य
बलपूर्वक अगि बढ़िरहेको छ, अनि बलजफती
गर्नेहरूले यसलाई पक्रिराखेका छन् । १३किनकि
सबै अगमवक्ताहरू अनि व्यवस्थाले यूहन्नाको
समयसम्म अगमवाणी गरे । १४अनि यदि

**१०:३५-३६**–मीका ७:६. **१०:३८**–मत्ती १६:२४; मर्कूस ८:३४; लूका ९:२३. **१०:३९**–मत्ती १६:२५; मर्कूस ८:३५; लूका ९:२४; १७:३३; यूहन्ना १२:२५. **१०:४०**–मर्कूस ९:३७; लूका ९:४८; १०:१६; यूहन्ना १३:२०. **११:५**–यशैया ३५:५-६; ६१:१. **११:१०**–मलाकी ३:१. मर्कूस १:२. लूका ७:२७. **११:१२**–लूका १६:१६. **११:१४**–मलाकी ४:५; मत्ती १७:१०-१३; मर्कूस ९:११-१३.

तिमीहरू यसलाई ग्रहण गर्न राजी छौ भने
आउनुपर्ने एलिया तिनी नै हुन् । **१५**जसको
कान छ, त्यसले सुनोस् ।

**१६**"यस पुस्तालाई म केसित तुलना गरूँ ?
तिनीहरू बजारमा बसेर अरूहरूलाई बोलाउँदै
यसो भन्ने केटाकेटीहरू जस्ता हुन्:

**१७** "'हामीले तिमीहरूको लागि
बाँसुरी बजायौं,
अनि तिमीहरू नाचेनौ;
हामीले विलाप-गीत गायौं,
अनि तिमीहरूले विलाप गरेनौ !'

**१८**किनकि यूहन्ना खाँदैपिउँदै आएनन् अनि
तिनीहरू भन्छन्, 'उसलाई भूत लागेको छ ।'
**१९**म, मानव-पुत्र खाँदै र पिउँदै आएँ, अनि
तिनीहरू भन्छन्, 'हेर, घिचुवा, मतवाला अनि
महसुल उठाउनेहरू र "पापीहरूको" मित्र ।'
तर बुद्धि ठीक हो भनी त्यसका कामहरूले
प्रमाणित गर्छ ।"

### पश्चात्ताप नगर्ने शहरहरूलाई धिक्कार

*लूका १०:१३-१५*

**२०**त्यसपछि येशूले ती शहरहरूलाई धिक्कार्न
थाल्नुभयो जहाँजहाँ उहाँका धेरैजसो आश्चर्य-
कर्महरू गरिएका थिए, किनकि तिनीहरूले
पश्चात्ताप गरेनन् । **२१**"धिक्कार तँलाई हे
खोराजिन ! धिक्कार तँलाई हे बेथसेदा ! यदि
तिमीहरूमा गरिएका आश्चर्य-कर्महरू टायर
र सीदोनका मुलुकहरूमा गरिएका भए त्यहाँका
मानिसहरूले धेरै पहिले भाङग्रा ओड्रेर खरानी
धसेर पश्चात्ताप गर्नेथिए होलान् । **२२**तर म
तिमीहरूलाई भन्दछु कि इन्साफको दिनमा
तिमीहरूको भन्दा त टायर र सीदोनको दशा
सहनसक्ने हुनेछ । **२३**अनि तँ, हे कफर्नहुम, के
तँ आकाशसम्म उचालिनेछस् ? होइन, तँ
पातालसम्म खसालिनेछस् । यदि तँमा गरिएका
आश्चर्य-कर्महरू सदोममा गरिएका भए त्यो
आजसम्म रहनेथियो । **२४**तर म तँलाई भन्दछु
कि इन्साफको दिन तेरोभन्दा त सदोमको दशा
सहनसक्ने हुनेछ ।"

### थकितहरूलाई विश्राम

*लूका १०:२१-२२*

**२५**त्यस बेला येशूले भन्नुभयो, "हे
पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंको
प्रशंसा गर्छु, किनकि तपाईंले यी कुराहरू
बुद्धिमान् र शिक्षितहरूबाट लुकाएर साना
बालबालिकाहरूलाई प्रकट गर्नुभयो । **२६**हे पिता,
किनकि तपाईंलाई यही मन पर्‍यो ।

**२७**"सबै थोक मलाई मेरा पिताबाट दिइएका
हुन् । पुत्रलाई पिताले बाहेक अरू कसैले चिन्दैन
अनि पितालाई पुत्रले बाहेक र पुत्रले प्रकट
गर्न चाहनुभएकाहरू बाहेक अरूले चिन्दैन ।

**२८**"हे सबै थाकेकाहरू र बोझले दबिएका
हो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम
दिनेछु । **२९**मेरो जुवा आफैमाथि लेओ अनि
मबाट सिक, किनकि म नम्र र कोमल हृदयको
छु, अनि तिमीहरूले आफ्ना आत्माको लागि
विश्राम पाउनेछौ । **३०**किनकि मेरो जुवा सजिलो
र मेरो भारी हलुङ्गो छ ।"

### विश्राम-दिनका प्रभु

*मर्कूस २:२३-२८; ३:१-६; लूका ६:१-११*

**१२** त्यस बेला येशू विश्राम-दिनमा अन्नका
खेतहरूबाट भएर जानुभयो । उहाँका
चेलाहरू भोकाएका थिए अनि तिनीहरूले
अन्नका केही बालाहरू टिपेर खानथाले । **२**यो
देखेर फरिसीहरूले येशूलाई भने, "हेर्नुहोस्,
तपाईंका चेलाहरूले विश्राम-दिनमा जे गर्नु
ठीक छैन त्यही गर्दैछन् ।"

**३**उहाँले जवाफ दिनुभयो, "दाऊदले आफै
अनि तिनका साथमा हुनेहरू भोकाउँदा
के गरेका थिए, के तिमीहरूले पढ़ेका छैनौ ?
**४**तिनले परमेश्वरको भवनभित्र पसेर अर्पण

**११:२१**–यशैया २३:१-१८; इजकिएल २६:१-२१; योएल ३:४-८; आमोस १:९-१०; जकरिया ९:२-४.
**११:२३**–उत्पत्ति १९:२४-२८; यशैया १४:१३-१५. **११:२४**–मत्ती १०:१५; लूका १०:१२. **११:२७**–यूहन्ना १:१८;
३:३५; १०:१५. **११:२९**–यर्मिया ६:१६ **१२:१**–व्यवस्था २३:२५. **१२:३-४**–१ शमूएल २१:१-६; लेवी २४:९.

गरिएको रोटी खाएका थिए, जुनचाहिँ पूजाहारीहरूबाहेक अरूको लागि उचित थिएन। **५**अथवा के विश्राम-दिनमा मन्दिरभित्र भएका पूजाहारीहरूले त्यस दिनलाई अपवित्र तुल्याउँछन् र पनि निर्दोषै रहन्छन् भनी तिमीहरूले व्यवस्थामा पढ़ेका छैनौ ? **६**म तिमीहरूलाई भन्दछु कि मन्दिरभन्दा महान् यहाँ एक जना हुनुहुन्छ। **७**यदि तिमीहरूले यो कुरा अर्थात् 'म बलिदान होइन, तर दया चाहन्छु' भन्ने बुझेका भए तिमीहरूले निर्दोषलाई दोषी ठहराउने थिएनौ। **८**किनकि म, मानव-पुत्र विश्राम-दिनको पनि प्रभु हो।"

**९**त्यस ठाउँदेखि अगि बढ्दै उहाँ तिनीहरूका सभाघरमा जानुभयो। **१०**अनि त्यहाँ हात सुकेको एक जना मानिस थियो। येशूलाई दोष लाउने कारण भेट्टाउनलाई तिनीहरूले उहाँलाई सोधे, "के विश्राम-दिनमा निको पार्नु उचित छ ?"

**११**उहाँले तिनीहरूलाई भन्नुभयो, "यदि तिमीहरूको एउटा भेड़ा छ अनि त्यो विश्राम-दिनमा खाड़लमा खस्यो भने, के तिमीहरूले त्यसलाई समातेर बाहिर निकाल्नेछैनौ ? **१२**मानिस भेड़ाभन्दा कति मूल्यवान् हुन्छ ! यसकारण, विश्राम-दिनमा भलो काम गर्नु उचित हुन्छ।"

**१३**तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" तसर्थ, त्यसले आफ्नो हात पसाऱ्यो अनि त्यो अर्को हातजस्तै पूरा ठीक भइहाल्यो। **१४**तर फरिसीहरू गइहाले अनि येशूलाई कसरी मारौं भनी षड्यन्त्र रच्न थाले।

## परमेश्वरको चुनिएको दास

**१५**त्यो कुरा थाहा पाएर येशू त्यस ठाउँबाट गइहाल्नुभयो। धेरैले उहाँलाई पछ्याए, अनि उहाँले तिनीहरूका सबै बिरामीहरूलाई निको पार्नुभयो, **१६**अनि उहाँ को हुनुहुन्छ त्यो कसैलाई नभन्नू भनी चेतावनी दिनुभयो। **१७**यो यशैयाबाट भनिएको कुरा पूरा हुनलाई थियो:

**१८** "यिनी मेरा दास हुन् जसलाई मैले
चुनेको छु,
जसलाई म प्रेम गर्छु, जसमाथि म
प्रशन्न छु;
म मेरो आत्मा तिनीमाथि राख्नेछु,
अनि तिनले जातिहरूलाई इन्साफको
घोषणा गर्नेछन्।
**१९** तिनले झगड़ा गर्नेछैनन्, नता
चिच्च्याउनेछन्;
तिनको आवाज सड़कतिर कसैले पनि
सुन्नेछैन।
**२०** चोट परेको निगालोलाई तिनले भाँच्ने
छैनन्,
अनि धुवाँ आउँदै गरेको सलेतोलाई
तिनले निभाउनेछैनन्,
जबसम्म तिनले इन्साफलाई
विजयसम्म पुऱ्याउनेछैनन्।
**२१** तिनकै नाउँमा जातिहरूले आफ्ना
आशा राख्नेछन्।"

## येशू र बालजिबुल

*मर्कूस ३:२०-३०; लूका ११:१४-२३*

**२२**तब तिनीहरूले उहाँकहाँ एक जना भूत लागेको मानिसलाई ल्याए जो अन्धा थियो अनि बोल्न पनि सक्दैन थियो, अनि उहाँले त्यसलाई निको पार्नुभयो र त्यसले देख्न र बोल्न पनि सक्यो। **२३**ती सबै मानिसहरू छक्क परे अनि भने, "के यिनी नै दाऊदका पुत्र होइनन् ?"

**२४**तर फरिसीहरूले यो सुनेर यसो भने, "यसले त भूतहरूको राजा बालजिबुलद्वारा भूतहरू धपाउँछ।"

**२५**येशूले तिनीहरूको विचार थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "आफैभित्र विभाजित भएको प्रत्येक राज्य नष्ट हुनेछ, अनि प्रत्येक शहर र परिवार आफैभित्र विभाजित हुन्छ भने त्यो खड़ा रहनसक्दैन। **२६**यदि शैतानले

---

**१२:५**–गन्ती २८:९–१०. **१२:७**–होशे ६:६; मत्ती ९:१३. **१२:११**–लूका १४:५. **१२:१८–२१**–यशैया ४२:१-४. **१२:२४**–मत्ती ९:३४; १०:२५.

शैतानलाई धपाउँछ भने, त्यो त आफ्नै विरुद्धमा विभाजित भएको हुन्छ । तब कसरी त्यसको राज्य खड़ा रहन्छ ?
**२७**अनि यदि म बालजिबुलद्वारा भूतहरू धपाउँछु भने, तिम्रा मानिसहरूले चाहिँ कसद्वारा तिनीहरूलाई धपाउँछन् ? यसकारण, तिनीहरू तिमीहरूका न्यायकर्ता हुनेछन् ।
**२८**तर यदि मैले परमेश्वरको आत्माले भूतहरू धपाउँछु भने, परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ ।

**२९**"अथवा फेरि, कसैले घरको बलियो मानिसलाई पहिला नबाँधीकन कसरी उसको घरमा पसेर त्यसका सबै थोकहरू लैजान सक्ला र ? तर त्यसलाई बाँधेपछि मात्र त्यसले उसको घर लुट्न सक्छ ।

**३०**"जो मसित छैन त्यो मेरो विरुद्धमा छ, जसले मसित बटुल्दैन त्यसले छरपष्ट पार्दछ ।
**३१**यसकारण म भन्दछु, प्रत्येक पाप र ईश्वर-निन्दा मानिसलाई क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा भएको ईश्वर-निन्दा क्षमा हुनेछैन ।
**३२**कसैले म, मानव-पुत्रको विरुद्धमा केही बोल्यो भने त्यो क्षमा गरिनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्छ भने, त्यो यस समयमा अनि आउने समयमा पनि क्षमा हुनेछैन ।

**३३**"रूखलाई असल बनाओ र त्यसको फल राम्रो हुनेछ, अथवा रूखलाई नराम्रो बनाओ अनि त्यसको फल नराम्रो हुनेछ, किनकि फलबाटै रूख चिनिन्छ ।
**३४**हे सर्पका सन्तान हो, तिमीहरू दुष्ट भईकन कसरी केही कुरालाई असल भन्न सक्छौ ? किनकि हृदयमा भएका कुराहरू नै बाहिर निस्केर मुखबाट बोलिन्छन् ।
**३५**असल मानिसले ऊभित्र जम्मा भएर बसेका असल कुराहरू बाहिर निकाल्छ, अनि दुष्ट मानिसले आफूभित्र जम्मा भएर रहेका दुष्ट कुराहरू बाहिर निकाल्छ ।
**३६**तर म तिमीहरूलाई भन्दछु, इन्साफको दिनमा मानिसहरूले आफूले असावधानीपूर्वक बोलेको प्रत्येक शब्दको लेखा दिनुपर्नेछ ।
**३७**किनकि तिम्रा वचनहरूले तिमी निर्दोष ठहरिनेछौ अनि तिम्रा वचनहरूले तिमी दोषी ठहरिनेछौ ।"

### योनाको चिन्ह

*मर्कूस ८:११-१२; लूका ११:२४-२६, २९-३२*

**३८**एक दिन फरिसीहरू र शास्त्रीहरूले उहाँलाई भने, "हे गुरु, हामी तपाईंबाट एउटा अचम्मको चिन्ह हेर्न चाहन्छौं ।"

**३९**उहाँले जवाफ दिनुभयो, "दुष्ट र व्यभिचारी पुस्ताले अचम्मको चिन्ह खोज्छ ! तर अगमवक्ता योनाको चिन्हबाहेक अरू कुनै दिइनेछैन ।
**४०**किनकि जसरी योना एउटा ठूलो माछाको पेटमा तीन दिन र तीन रात रहेका थिए, त्यसरी नै म, मानव-पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछु ।
**४१**निनवेका मानिसहरू यस पुस्तासित इन्साफमा खड़ा हुनेछन् अनि यसलाई दोषी ठहराउनेछन्, किनकि तिनीहरूले योनाको प्रचारमा पश्चात्ताप गरे । अहिले योनाभन्दा महान् एक जना यहाँ छ ।
**४२**दक्षिणकी रानी यस पुस्तासित इन्साफमा खड़ा भएर यसलाई दोष्याउनेछिन्, किनकि तिनी पृथ्वीको पल्लो छेउदेखि सुलेमानका बुद्धिका कुरा सुन्न आइन्, तर अहिले सोलोमनभन्दा महान् एक जना यहाँ छ ।

**४३**"जब एउटा मानिसबाट दुष्टात्मा निस्कन्छ, त्यो विश्राम खोज्दै ओबानो ठाउँहरूतिर जान्छ अनि पाउँदैन ।
**४४**तब त्यसले भन्छ, 'मैले छोड़ेर आएको घरमा म फर्कनेछु ।' जब त्यो आइपुग्छ, त्यसले त्यो घरलाई खाली, सफा गरिएको र सुव्यवस्थित पाउँछ ।
**४५**तब त्यो जान्छ अनि आफैभन्दा बढ़ी दुष्ट अरू सातओटा आत्माहरू आफूसित लिएर आउँछ, अनि तीभित्र गएर त्यहीं बस्छन् । अनि त्यस मानिसको अन्तिम अवस्था

---

**१२:३०**–मर्कूस ९:४०. **१२:३२**–लूका १२:१०. **१२:३३**–मत्ती ७:२०. **१२:३४**–मत्ती ३:७; १५:१८; २३:३३; मर्कूस ३:२२; लूका ३:७; लूका ११:१५. **१२:३८**–मत्ती १६:१; मर्कूस ८:११; लूका ११:१६. **१२:३९**–मत्ती १६:४; मर्कूस ८:१२; लूका ११:२९. **१२:४०**–योना १:१७. **१२:४१**–योना ३:५. **१२:४२**–१ राजा १०:१-१०; २ इतिहास ९:१-१२.

पहिलेको भन्दा खराब हुन्छ। यस दुष्ट पुस्तालाई
पनि यस्तै हुनेछ।"

### येशूकी आमा र भाइहरू

*मर्कूस ३:३१-३५; लूका ८:१९-२१*

**४६**येशू भीड़सित बोलिरहनुहुँदा उहाँकी
आमा र भाइहरू उहाँसित कुरा गर्नलाई बाहिर
उभिएका थिए। **४७**कसैले उहाँलाई भन्यो,
"तपाईंकी आमा र भाइहरू तपाईंसित कुरा
गर्नलाई बाहिर उभिरहेका छन्।"
**४८**उहाँले तिनलाई जवाफ दिनुभयो, "मेरी
आमा को हुन्? मेरा भाइहरू को हुन्?"
**४९**तब चेलाहरूतिर देखाएर उहाँले भन्नुभयो,
"मेरा आमा र भाइहरू यिनीहरू नै हुन्।
**५०**किनकि जसले स्वर्गमा हुनुहुने मेरा पिताको
इच्छा पूरा गर्छ, ऊ नै मेरो भाइ, बहिनी र
आमा हुन्।"

### बीउ छर्नेको दृष्टान्त

*मर्कूस ४:१-२०; लूका ८:४-१५*

**१३** येशू त्यही दिन त्यस घरबाट निस्केर
समुद्रको छेउमा बस्नुभयो। **२**उहाँको
चारैतिर यति ठूलो भीड़ जम्मा भयो कि उहाँ
एउटा डुङ्गामा चढ़ेर बस्नुभयो, अनि सबै
मानिसहरू किनारमा उभिए। **३**तब उहाँले
यसो भन्दै तिनीहरूलाई दृष्टान्तबाट धेरै
कुराहरू भन्नुभयो: "एक जना किसान बीउ
छर्नलाई निस्क्यो। **४**उसले जसरी बीउ छर्दैथियो,
केही बाटोमा खसे, अनि चराहरूले टिपेर
खाइहाले। **५**केही ढुङ्गेनी ठाउँहरूमा परे, जहाँ
तिनीहरूको निम्ति धेरै माटो थिएन। ती
चाँड़ै उम्रे, किनकि माटो पातलो थियो। **६**तर
जसै घाम लाग्यो, ती बिरूवाहरू ओइलाए,
अनि सुकिहाले किनकि तिनीहरूका पूर्ण जरै
थिएनन्। **७**अरू बीउ काँढ़ाहरूतिर परे, अनि
काँढ़ाहरूले निसासिदिए। **८**तर अरू बीउ असल
भूमिमा परे, जसबाट त्यसले छरेको भन्दा सय
गुणा, साठी गुणा र तीस गुणा अन्न फलाए।
**९**जसको कान छ, त्यसले सुनोस्।"
**१०**त्यसपछि चेलाहरूले उहाँकहाँ आएर सोधे,
"तपाईं मानिसहरूसित किन दृष्टान्तहरूमा
बोल्नुहुन्छ?"
**११**उहाँले जवाफ दिनुभयो, "स्वर्गको राज्यका
गुप्त कुराहरूको ज्ञान तिमीहरूलाई दिइएको
छ, तर तिनीहरूलाई त होइन। **१२**जससित छ
उसलाई अझ दिइनेछ, अनि ऊसित प्रशस्त
हुनेछ। जससित छैन, ऊसित भएको पनि
ऊदेखि लिइनेछ। **१३**यसैकारण, म तिनीहरूसित
दृष्टान्तहरूमा बोल्छु:

> "हेरे तापनि, तिनीहरूले देख्नेछैनन्;
> सुने तापनि, तिनीहरूले सुन्ने वा
> बुझ्नेछैनन्।

**१४**तिनीहरूमा यशैयाको अगमवाणी पूरा भयो:

> "'तिमीहरू सुनिरहनेछौ तर कहिल्यै
> बुझ्नेछैनौ;
> तिमीहरू हेरिरहनेछौ तर कहिल्यै
> देख्नेछैनौ।
> **१५** किनकि यी मानिसहरूका हृदय कठोर
> भएका छन्;
> तिनीहरूका कानले प्राय: सुन्दैनन्,
> अनि तिनीहरूले आफ्ना आँखा बन्द
> गरेका छन्।
> नत्रता तिनीहरूले आफ्ना आँखाले
> देख्नेथिए,
> कानले सुन्नेथिए,
> हृदयले बुझ्नेथिए
> र फर्कनेथिए, अनि म तिनीहरूलाई
> निको पार्नेथिएँ।'

**१६**तर तिमीहरूका आँखा धन्यका हुन् किनकि
तिनले देख्दछन्, अनि तिमीहरूका कानहरू धन्य

---

**१३:२**–लूका ५:१-३. **१३:१२**–मत्ती २५:२९; मर्कूस ४:२५; लूका ८:१८; १९:२६.
**१३:१४-१५**–यशैया ६:९–१०.

हुन् किनकि तिनले सुन्दछन् । **१७**किनकि
म तिमीहरूलाई साँच्चै भन्दछु, धेरै
अगमवक्ताहरू अनि धार्मिक मानिसहरूले
तिमीहरूले देखेका कुराहरू हेर्ने उत्कट इच्छा
गरेका थिए तर देखेनन्, अनि तिमीहरूले सुनेका
कुराहरू सुन्ने उत्कट इच्छा गरेका थिए तर
सुनेनन् ।

**१८**"त्यसैले बीउ छर्नेको दृष्टान्तको अर्थ के
हो ध्यानसित सुन: **१९**कसैले राज्यको सुसमाचार
सुनेर बुझ्नेन भने दुष्ट आएर उसको हृदयमा जे
छरिएको थियो त्यो खोसेर लैजान्छ । बाटोको
छेउमा छरिएको बीउ यही हो । **२०**ढुङ्गेनी ठाउँमा
खसेको बीउलाई जसले ग्रहण गर्‍यो ऊ त्यो
मानिसजस्तो हो जसले वचन सुन्नासाथै
आनन्दसाथ त्यसलाई ग्रहण गर्छ । **२१**तर उसको
जरा नभएकोले ऊ थोरै समयको लागि मात्र
अड़िन सक्छ । जब वचनको कारण कष्ट र
खेदो आइपर्छ ऊ झट्टै लडिहाल्छ । **२२**जसले
काँढ़ाहरूमा परेको बीउलाई ग्रहण गर्छ ऊ
त्यो मानिसजस्तो हो जसले वचन सुन्छ, तर
यस संसारको फिक्री अनि धन-सम्पत्तिको छलले
त्यसलाई निसासिदिन्छ, र त्यसलाई निष्फल
बनाइदिन्छ । **२३**तर जसले राम्रो माटोमा
परेको बीउलाई ग्रहण गर्छ ऊ त्यो मानिसजस्तो
हो जसले वचन सुन्छ अनि बुझ्दछ । उसले
छरेको भन्दा सय गुणा, साठी गुणा र तीस
गुणा अन्न फलाउँछ ।"

## सामाको दृष्टान्त

**२४**येशूले तिनीहरूलाई अर्को दृष्टान्त
भन्नुभयो: "स्वर्गको राज्य त्यो मानिसजस्तो
हो जसले आफ्नो खेतमा असल बीउ छर्‍यो ।
**२५**तर जब सबै सुतिरहेका थिए, उसको शत्रु
आएर त्यहाँ सामा छरेर गयो । **२६**जब गहुँ
उम्रियो अनि बाला लाग्यो, त्यहाँ सामा पनि
देखा पर्‍यो ।

**२७**"मालिकका नोकरहरू आएर उसलाई
भने, 'मालिक, के तपाईंले आफ्नो खेतमा असल
बीउ छर्नुभएको होइन, अनि यी सामाहरू
कताबाट आए त ?'

**२८**"'कुनै शत्रुले यो गर्‍यो,' उसले जवाफ
दियो ।

"ती नोकरहरूले उसलाई सोधे, 'के हामी
गएर ती उखेलिदिऔं भन्ने तपाईं चाहनुहुन्छ ?'

**२९**"उसले जवाफ दियो, 'होइन,' 'किनकि
जब तिमीहरूले सामा उखेलिरहेका हुन्छौ,
तिमीहरूले तीसित गहुँ पनि उखेल्न सक्छौ ।
**३०**कटनीको समयसम्म दुवैलाई सँगसँगै
बढ्नदेओ । त्यसबेला म कटनी गर्नेहरूलाई
भन्नेछु: पहिले सामा बटुलेर जलाइनको
लागि बिटा बाँध; त्यसपछि गहुँ बटुलेर मेरो
धनसारमा ल्याओ ।'"

## रायोको बीउ र खमिरका दृष्टान्तहरू

*मर्कूस ४:३०-३४; लूका १३:१८-२१*

**३१**उहाँले तिनीहरूलाई अर्को दृष्टान्त
भन्नुभयो: "स्वर्गको राज्य एउटा रायोको
बीउजस्तै हो, जसलाई कुनै मानिसले लिएर
बारीमा रोप्यो । **३२**यो तिम्रा अरू बीउहरूभन्दा
सानो भए तापनि, जब यो बढ्छ, यो बारीमा
भएका अरू बोटबिरुवाभन्दा ठूलो भएर
झाँगिन्छ, अनि आकाशका चराहरू त्यसका
हाँगाहरूमा बास बस्छन् ।"

**३३**उहाँले तिनीहरूलाई अझ अर्को
दृष्टान्त भन्नुभयो: "स्वर्गको राज्य खमिरजस्तो
हो जसलाई एउटी स्त्रीले लिएर धेरै
पीठोमा मिसाई र मुछेको पीठोलाई छिचलुन्जेल
राखी ।"

**३४**येशूले भीड़लाई यी सबै कुराहरू
दृष्टान्तहरूमा भन्नुभयो; उहाँले तिनीहरूलाई
दृष्टान्तहरू प्रयोग नगरी केही भन्नुभएन ।
**३५**यसरी अगमवक्ताद्वारा भनिएको यो कुरा
पूरा भयो:

> "म दृष्टान्तहरूमा आफ्नो मुख
> खोल्नेछु, म संसारको उत्पत्तिदेखि गुप्त
> रहेका कुराहरू प्रकाश गर्नेछु ।"

---

**१३:१६-१७**–लूका १०:२३-२४. **१३:३५**–भजनसंग्रह ७८:२.

### सामाको दृष्टान्तको अर्थ बताइएको

*मर्कूस ६:१-६; लूका ४:१६-३०*

**३६**तब उहाँ भीड़लाई छोड़ेर घरमा आउनुभयो । उहाँका चेलाहरूले उहाँकहाँ आएर भने, "हामीलाई खेतमा भएको सामाको दृष्टान्तको अर्थ बुझाइदिनुहोस् ।"

**३७**उहाँले जवाफ दिनुभयो, "जसले असल बीउ छरे, त्योचाहिँ मानव-पुत्र म नै हुँ । **३८**खेत संसार हो, अनि असल बीउहरू राज्यका सन्तान हुन् । सामाचाहिँ त्यस दुष्टका सन्तान हुन्,
**३९**अनि त्यसलाई छर्ने शत्रु शैतान हो । कटनी युगको अन्त्य हो, अनि खेतालाहरू स्वर्गदूतहरू हुन् ।

**४०**"सामा उखेलिएर आगोमा हालिएझैँ यस युगको अन्त्य पनि हुनेछ । **४१**म, मानव-पुत्रले आफ्ना दूतहरू पठाउनेछु, अनि तिनीहरूले पाप गर्न लाउने र दुष्ट काम गर्ने हरेकलाई राज्यदेखि बटुल्नेछन् । **४२** अनि तिनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन्, जहाँ रुवाइ र दाह्रा किटाइ हुनेछ । **४३**तब धर्मात्माहरू तिनीहरूका पिताको राज्यमा सूर्यझैँ चम्कनेछन् । जसको कान छ, उसले सुनोस् ।

### गुप्त गाड़धन र मोतीका दृष्टान्तहरू

**४४**"स्वर्गको राज्य खेतमा लुकाइराखिएको गाड़धनजस्तो हो । जब एक जना मानिसले त्यसलाई भेट्टायो, त्यसले फेरि लुकाइराख्यो, अनि आनन्दसाथ गएर आफूसित भएका सबै थोक बेचेर त्यो खेत किन्यो ।

**४५**"फेरि, स्वर्गको राज्य असल मोतीहरूको खोजी गर्ने एक जना व्यापारीजस्तो हो । **४६**जब उसले एउटा बहुमूल्य मोती भेट्टायो, ऊ गइहाल्यो अनि आफूसित भएका सबै थोक बेचेर त्यो किन्यो ।

### जालको दृष्टान्त

**४७**"फेरि पनि, स्वर्गको राज्य समुद्रमा हानेको एउटा जालजस्तै हो जसमा सबै किसिमका माछाहरू परे । **४८**जब त्यो भरियो, जलाहारीहरूले त्यसलाई तानेर किनारमा ल्याए । त्यसपछि, तिनीहरू बसेर असल माछाहरूलाई टोकरीमा बटुले, तर खराबलाई बाहिर फ्याँकिदिए । **४९**युगको अन्तमा पनि यस्तै हुनेछ । स्वर्गदूतहरू आएर दुष्टहरूलाई धार्मिकहरूबाट अलग गर्नेछन्, **५०**अनि तिनीहरूलाई आगोको भट्टीमा हालिदिनेछन्, जहाँ रुवाइ र दाह्रा किटाइ हुनेछ ।"

**५१**येशूले तिनीहरूलाई "के यी कुराहरू बुझ्यौ ?" भनी सोध्नुभयो ।

तिनीहरूले जवाफ दिए, "ज्यू, बुझ्यौं ।"

**५२**उहाँले तिनीहरूलाई भन्नुभयो, "यसकारण स्वर्गको राज्यको विषयमा शिक्षा दिइएको हरेक व्यवस्थाका शिक्षक घरको एक जना मालिकजस्तै हो जसले आफ्नो ढुकुटीबाट नयाँ र पुरानो मूल्यवान् वस्तुहरू झिक्दछ ।"

### विना आदरको अगमवक्ता

*मर्कूस ६:१-६; लूका ४:१६-३०*

**५३**जब येशूले यी दृष्टान्तहरू भनिसक्नुभयो, उहाँ त्यहाँबाट अघि बढ्नुभयो । **५४**आफ्नो घर भएको शहरमा आएर उहाँले मानिसहरूलाई तिनीहरूका सभाघरमा सिकाउन थाल्नुभयो, अनि तिनीहरू छक्क परे । तिनीहरूले सोधे, "यस मानिसले यस्तो बुद्धि र अचम्मको कामहरू गर्ने शक्ति कहाँबाट पायो ? **५५**के यो सिकर्मीको छोरो होइन ? के यसका आमाको नाउँ मरियम होइन, अनि यसका भाइहरू याकूब, युसूफ, सिमोन र यहूदा होइनन् ? **५६**के यसका सबै बहिनीहरू हामीसित छैनन् ? त्यसोभए, यस मानिसले यी सबै कुराहरू कहाँबाट पायो ?" **५७**अनि तिनीहरू उहाँसित चिढ़िए ।

तर येशूले तिनीहरूलाई भन्नुभयो, "अगमवक्ता आफ्नै ठाउँमा अनि उसको आफ्नै घरमा मात्र आदररहित हुन्छ ।"

**५८**अनि उहाँले तिनीहरूको विश्वासको कमीले गर्दा त्यहाँ धेरै आश्चर्य-कर्महरू गर्नुभएन ।

### बप्तिस्मा-दिने यूहन्नाको शिर काटिएको

*मर्कूस ६:१४-२९; लूका ९:७-९*

**१४** त्यस बेला देशका चौथाइ भागका
शासक हेरोदले येशूको विषयमा
विवरण सुने । **२**तिनले आफ्ना भारदारहरूलाई
भने, "यिनी त बप्तिस्मा दिने यूहन्ना हुन्; जो
मरेकाबाट जीवित भई उठेका छन् ! यसैकारण
यिनीद्वारा अचम्मका शक्तिका काम भइरहेका
छन् ।"

**३**हेरोदले आफ्नो भाइ फिलिपकी पत्नी
हेरोदियासको खातिर, यूहन्नालाई पक्रेर बाँधी
झ्यालखानमा राखेका थिए, **४**किनकि यूहन्नाले
तिनलाई यसो भनेका थिए: "तिमीले उसलाई
राख्नु उचित छैन ।" **५**हेरोदले यूहन्नालाई मार्न
चाहेका थिए, तर तिनी मानिसहरूदेखि
डराउँथे, किनकि तिनीहरूले तिनलाई एक
अगमवक्ता भनी मान्थे ।

**६**हेरोदको जन्मदिनमा हेरोदियासकी
छोरीले तिनीहरूका निम्ति नाचेर हेरोदलाई
यति धेरै खुशी पारी **७**कि तिनले उसले जे मागे
पनि दिनेछु भनी शपथ खाए । **८**आमाले सिकाए
अनुसार त्यसले भनी, "मलाई यहीं थालमा
बप्तिस्मा-दिने यूहन्नाको शिर दिनुहोस् ।"
**९**राजा शोकित भए, तर आफ्नो शपथ अनि
भोजमा आएका पाहुनाहरूको खातिर उनले
त्यस बिन्तीलाई पूरा गरिदिने आज्ञा दिए, **१०**अनि
झ्यालखानमा यूहन्नाको शिर काट्न लगाए ।
**११**तिनको शिर एउटा थालमा ल्याएर त्यस
केटीलाई दिइयो, जसले त्यसलाई आफ्नी
आमाकहाँ लगी । **१२**यूहन्नाका चेलाहरू आएर
तिनको शरीर लगे अनि त्यो गाड़िदिए । अनि
तिनीहरूले गएर येशूलाई भनिदिए ।

### येशूले पाँच हजारलाई खुवाउनुभएको

*मर्कूस ६:३०-४४; लूका ९:१०-१७*
*यूहन्ना ६:१-१४*

**१३**जब येशूले जे भएको थियो त्यो सुन्नुभयो,
उहाँ डुङ्गामा चढ़ेर त्यस ठाउँबाट एउटा निर्जन
ठाउँमा जानुभयो । यो सुनेर शहरहरूबाट
भीड़हरू उहाँलाई पछ्याउँदै पैदलै गए । **१४**जब
येशू उत्रनुभयो अनि उहाँले एउटा ठूलो भीड़लाई
देख्नुभयो, उहाँले तिनीहरूलाई टिठ्याउनुभयो
अनि तिनीहरूका रोगीहरूलाई निको
पार्नुभयो ।

**१५**साँझ पर्नलाग्दा, चेलाहरूले उहाँकहाँ
आएर भने, "यो एउटा सुनसान ठाउँ हो, अनि
अबेला हुँदैछ । भीड़हरूलाई बिदा गर्नुहोस्, र
तिनीहरूले गाउँतिर गएर आफ्ना लागि केही
खानेकुराहरू किनून् ।"

**१६**येशूले जवाफ दिनुभयो, "तिनीहरूलाई
जानु खाँचो छैन । तिमीहरूले नै तिनीहरूलाई
केही खानदेओ ।"

**१७**तिनीहरूले जवाफ दिए, "यहाँ हामीसित
त पाँचओटा रोटी र दुई माछा मात्र छन् ।"

**१८**उहाँले भन्नुभयो, "ती मकहाँ ल्याओ ।"
**१९**अनि उहाँले मानिसहरूलाई हरियो चउरमा
बस्ने आदेश दिनुभयो । ती पाँच रोटी र दुई
माछा लिएर स्वर्गतिर हेरी, उहाँले धन्यवाद
दिनुभयो अनि रोटी भाँच्नुभयो । तब ती
चेलाहरूलाई दिनुभयो, अनि चेलाहरूले
मानिसहरूलाई दिए । **२०**तिनीहरूले ती खाए र
अघाए, अनि चेलाहरूले उब्रेका टुक्राहरू बाह्र
डालाभरि उठाए । **२१**ती खानेहरूको सङ्ख्या
स्त्रीहरू र केटाकेटीबाहेक पाँच हजार थियो ।

### येशू पानीमाथि हिँड्नुभएको

*मर्कूस ६:४५-५६; यूहन्ना ६:१५-२१*

**२२**येशूले भीड़लाई बिदा गर्नुहुँदा उहाँले
चेलाहरूलाई डुङ्गामा चढ़ेर झट्टै उहाँभन्दा अगि
पारिपट्टि जान लाउनुभयो । **२३**उहाँले भीड़लाई
बिदा गरिसक्नुभएपछि, उहाँ प्रार्थना गर्नलाई
एक्लै एउटा डाँड़ातिर जानुभयो । साँझ पर्दा
उहाँ त्यहाँ एक्लै हुनुहुन्थ्यो, **२४**तर डुङ्गा
जमिनदेखि निकै टाढ़ा पुगिसकेको थियो, बतास
उल्टो बहेकाले छालहरूले त्यसलाई उफार्दै
थियो ।

---

**१४:३-४**–मर्कूस ६:१७-१८; लूका ३:१९-२०. **१४:४**–लेवी १८:१६; २०:२१.

**२५**रातको चौथो पहरतिर येशू समुद्रमाथि
हिँड्दै तिनीहरूतिर जानुभयो। **२६**जब चेलाहरूले
उहाँलाई समुद्रमाथि हिँड्रिरहनुभएको देखे,
तिनीहरू डराए। अनि तिनीहरूले, “यो त भूत
हो” भनी डरले चिच्च्याए ।
**२७**तर येशूले तुरुन्तै तिनीहरूलाई भन्नुभयो:
“साहस गर ! म नै हुँ । नडराओ ।”
**२८**पत्रुसले जवाफ दिए, “प्रभु यदि तपाईं नै
हुनुहुन्छ भने, मलाई तपाईंकहाँ पानीमा आउन
अह्राउनुहोस् ।”
**२९**उहाँले भन्नुभयो, “आऊ ।”
तब पत्रुस डुङ्गाबाट ओर्लेर पानीमाथि हिँड्दै
येशूतिर आए । **३०**तर जब तिनले बतास देखे,
तब तिनी डराए अनि, डुब्न लाग्दा, “प्रभु,
मलाई बचाउनुहोस् !” भनी चिच्च्याए ।
**३१**येशूले तुरुन्तै आफ्नो हात पसारेर तिनलाई
पक्रनुभयो अनि भन्नुभयो, “हे अल्पविश्वासी,
तिमीले किन शङ्का गर्‍यौ ?”
**३२**अनि जब उहाँहरू डुङ्गामा चढ्नुभयो,
बतास शान्त भयो । **३३**तब डुङ्गामा हुनेहरूले
“साँच्चै तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ” भने,
अनि उहाँलाई दण्डवत् गरे ।
**३४**तिनीहरू पारि पुगेपछि गनेसरेतमा उत्रे ।
**३५**अनि जब त्यहाँका मानिसहरूले येशूलाई चिने,
तिनीहरूले छेउछाउका सबै इलाकाहरूमा खबर
पठाए। मानिसहरूले आफ्ना सबै रोगीहरू उहाँकहाँ
ल्याए । **३६**अनि रोगीहरूलाई उहाँको वस्त्रको
किनारमात्र छुन दिनुहोस् भनी उहाँलाई बिन्ती
गरे, अनि उहाँलाई छुने जति सबै निको भए।

## शुद्ध र अशुद्ध

*मर्कूस ७:१-२३*

**१५** अनि यरूशलेमबाट केही फरिसी र
व्यवस्थाका शिक्षकहरू येशूकहाँ आएर
सोधे, **२**“तपाईंका चेलाहरूले किन पुर्खाहरूका
रीति भङ्ग गर्छन् ? तिनीहरूले खान अघि आफ्ना
हात धुँदैनन् !”
**३**येशूले जवाफ दिनुभयो, “अनि तिमीहरूले
चाहिँ आफ्ना चलनको खातिर किन
परमेश्वरको आज्ञा भङ्ग गर्छौ ? **४**किनकि
परमेश्वरले भन्नुभयो, ‘आफ्ना बाबुआमालाई
आदर गर’ अनि ‘जसले आफ्ना बाबु कि
आमालाई सराप्छ त्यो मारिनुपर्छ ।’ **५**तर
तिमीहरू भन्छौ, कुनै मानिसले आफ्ना बाबु
कि आमालाई ‘तपाईंले मबाट जुन सहायता
पाउनुपर्ने हो सो परमेश्वरलाई चढ़ाइएको
भेटी छ’ भन्यो भने, **६**त्यसले ‘आफ्ना बाबुको
आदर’ गर्नुपर्दैन । यसरी तिमीहरूले आफ्नो
चलनको खातिर परमेश्वरको आज्ञालाई व्यर्थको
तुल्याउँछौ । **७**तिमी कपटीहरू ! तिमीहरूको
विषयमा अगमवाणी गर्दा यशैयाले ठीक भनेका
थिए:

**८** “‘यी मानिसहरूले आफ्ना ओठले मात्र
मेरो आदर गर्छन्,
तर तिनीहरूका हृदय मदेखि टाढ़ा छन्।
**९** तिनीहरूले व्यर्थैमा मेरो उपासना
गर्छन्;
तिनीहरूका शिक्षा त मानिसहरूले आफ्नै
विचारबाट सिकाएका मात्र हुन् ।’”

**१०**अनि येशूले भीड़लाई आफूकहाँ बोलाएर
भन्नुभयो, “सुन र बुझ। **११**जे मानिसको मुखबाट
भित्र पस्छ त्यसले उसलाई ‘अशुद्ध’ पार्दैन, तर
जे उसको मुखबाट बाहिर निस्कन्छ, त्यसले
उसलाई ‘अशुद्ध’ पार्छ ।”
**१२**तब चेलाहरूले उहाँकहाँ आएर सोधे,
“यो सुनेर फरिसीहरू चिढ़िएका छन् भनी
तपाईंलाई थाहा छ ?”
**१३**उहाँले जवाफ दिनुभयो, “मेरा स्वर्गीय
पिताले नरोप्नु भएको हरेक बोटबिरुवा
जरैसित उखेलिनेछ। **१४**तिनीहरूलाई छोड़िदेओ;
ती अन्धा अगुवाहरू हुन्। यदि एउटा अन्धाले
अर्को अन्धालाई डोर्‍याउँछ भने, दुवै खाड़लमा
पर्नेछन् ।”
**१५**पत्रुसले भने, “यस दृष्टान्तको अर्थ
हामीलाई बुझाइदिनुहोस् ।”

---

**१५:४**–प्रस्थान २०:१२; २१:१७; लेवी २०:९; व्यवस्था ५:१६. **१५:८-९**–यशैया २९:१३. **१५:१४**–लूका ६:३९.

**१६**येशूले तिनीहरूलाई सोध्नुभयो, "के
तिमीहरू अझ यतिका अबुझ छौ ? **१७**जे
कुरा मुखभित्र पसेर पेटमा जान्छ, त्यो
शरीरबाट बाहिर निस्कन्छ भनी तिमीहरू
जान्दैनौ ? **१८**तर जे कुरा मुखबाट बाहिर
निस्कन्छ त्यो हृदयबाट आउँछ, अनि यसैले
मानिसलाई 'अशुद्ध' पार्छ। **१९**किनकि हृदयबाट
दुष्ट विचारहरू, हत्या, व्यभिचार, यौनसम्बन्धी
अनैतिकता, चोरी, झूटा साक्षी, निन्दा
निस्कन्छन् । **२०**यिनीहरूले नै मानिसहरूलाई
'अशुद्ध' पार्छन्, तर नधोइएका हातहरूले खाँदा
उसलाई 'अशुद्ध' पार्दैन ।"

## कनानी स्त्रीको विश्वास

*मर्कूस ७:२४-३०*

**२१**त्यो ठाउँ छोड़ेर येशू टायर र सीदोनका
इलाकामा जानुभयो । **२२**त्यसका छेउछाउबाट
एउटी कनानी स्त्री जोरसित यसो भन्दै आई,
"हे प्रभु, दाऊदको पुत्र, ममाथि दया गर्नुहोस् !
मेरी छोरीलाई भूतात्माले ग्रस्त पारेको छ ।"

**२३**येशूले जवाफमा एक शब्द पनि
बोल्नुभएन। यसकारण उहाँका चेलाहरूले उहाँकहाँ
आएर बिन्ती गरे, "त्यसलाई पठाइदिनुहोस्,
किनकि त्यो हाम्रो पछिपछि कराउँदैछे ।"

**२४**उहाँले जवाफ दिनुभयो, "म खालि
इस्राएलका हराएका भेड़ाहरूकहाँ मात्र
पठाइएको हुँ ।"

**२५**त्यस स्त्रीले उहाँकहाँ आएर घुँड़ा टेकेर
भनी, "प्रभु, मलाई सहायता गर्नुहोस् !"

**२६**उहाँले जवाफ दिनुभयो, "केटाकेटीहरूको
रोटी लिएर कुकुरहरूको अगि फालिदिनु उचित
होइन ।"

**२७**त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले
पनि आफ्ना मालिकहरूका मेचबाट खसेका
टुक्राटाक्रीहरू खान्छन् ।"

**२८**तब येशूले जवाफ दिनुभयो, "हे स्त्री,
तिम्रो विश्वास ठूलो रहेछ । तिम्रो बिन्ती
सुनियो ।" अनि उसकी छोरी त्यसै घड़ी निको
भई ।

## येशूले चार हजारलाई खुवाउनुभएको

*मर्कूस ८:१-१०*

**२९**येशू त्यहाँबाट निस्केर गालील समुद्रको
किनार भएर जानुभयो। अनि उहाँ एउटा पहाड़ी
ठाउँमा गएर बस्नुभयो। **३०**त्यहाँ ठूला भीड़हरू
उहाँकहाँ लङ्गड़ा, अन्धा, अपाङ्ग, लाटा अनि
अरू धेरैलाई लिएर आए र उहाँका
पाउमा राखिदिए; अनि उहाँले तिनीहरूलाई
निको पारिदिनुभयो। **३१**जब मानिसहरूले लाटाले
बोलेको, अपाङ्गहरू ठीक भएका, लङ्गड़ा हिँड़ेका
अनि अन्धाले हेरेका देखे तब तिनीहरू छक्क
परे। अनि तिनीहरूले इस्राएलका परमेश्वरको
प्रशंसा गरे ।

**३२**येशूले आफ्ना चेलाहरूलाई आफूकहाँ
बोलाएर भन्नुभयो, "म यी मानिसहरूप्रति
टिठाउँछु। यिनीहरू मसित तीन दिनदेखि छन्
र यिनीहरूसित खानेकुरा केही छैन । म
यिनीहरूलाई भोकै पठाउन चाहन्नँ, नत्रता
यिनीहरू बाटैमा लड़िजालान् ।"

**३३**उहाँका चेलाहरूले उहाँलाई भने,
"यति ठूलो भीड़लाई खुवाउनलाई यस
सुनसान स्थानमा हामीले रोटी कहाँ पाउन
सकौंला ?"

**३४**येशूले सोध्नुभयो, "तिमीहरूसित
कतिओटा रोटी छन् ।"

तिनीहरूले भने "सातओटा, अनि स-साना
केही माछाहरू ।"

**३५**उहाँले भीड़लाई भुइँमा बस्नलाउनुभयो ।
**३६**तब उहाँले ती सातओटा रोटी र माछा
लिनुभयो, अनि धन्यवाद दिइसकेर भाँच्नुभयो
र चेलाहरूलाई दिनुभयो, अनि तिनीहरूले
मानिसहरूलाई दिए । **३७**तिनीहरू सबैले खाए
अनि अघाए । त्यसपछि चेलाहरूले उब्रेका
टुक्राहरू सात डालाभरि बटुले। **३८**खानेहरूको
सङ्ख्या स्त्रीहरू र केटाकेटीहरू छोड़ेर चार
हजार थियो। **३९**भीड़हरूलाई पठाइसक्नुभएपछि
येशू एउटा डुङ्गामा चढ़ेर मगादानका
छेउछाउतिर जानुभयो ।

## चिन्ह देखाउने माग

*मर्कूस ८:११-१३; लूका १२:५४-५६*

**१६** एक दिन फरिसी र सदुकीहरूले येशूकहाँ
आएर उहाँलाई जाँच गर्दै तिनीहरूका
लागि स्वर्गबाट एउटा चिन्ह देखाइमागे ।
**२**उहाँले भन्नुभयो, "साँझ हुँदा तिमीहरू
'मौसम राम्रो हुनेछ, किनकि आकाश रातो
छ,' **३**अनि बिहान 'आज आँधी आउनेछ, किनकि
आकाश रातो छ अनि बादलले ढाकेको छ,'
भन्छौ । तिमीहरू आकाशको अवस्था हेरेर
दिन कस्तो हुनेछ भनी अर्थ लाउनसक्छौ, तर
तिमीहरूले समयको चिन्हहरूबाट अर्थ निकाल्न
सक्दैनौ । **४**दुष्ट र व्यभिचारी पुस्ताले अचम्मको
चिन्ह खोज्दछ, तर यसलाई योनाको बाहेक
अरू केही चिन्ह दिइनेछैन ।" त्यसपछि येशू
तिनीहरूलाई छोड़ेर गइहाल्नुभयो ।

## फरिसी र सदुकीहरूको खमिर

*मर्कूस ८:१४-२१*

**५**जब उहाँहरू समुद्रपारि जानुभयो,
चेलाहरूले रोटी लैजान बिर्से । **६**येशूले
भन्नुभयो, "सावधान ! फरिसी र सदुकीहरूको
खमिरदेखि होशियार बस ।"
**७**तिनीहरूले आपसमा छलफल गरेर भने,
"यो त हामीले रोटी ल्याएनौं भनेर होला ।"
**८**तिनीहरूको छलफल थाहा पाएर येशूले
सोध्नुभयो, "हे अल्पविश्वासी हो, तिमीहरू रोटी
छैन भनेर किन आपसमा कुरा गर्दछौ ?
**९**तिमीहरू के अझै बुझ्दैनौ ? पाँच हजारका
निम्ति पाँच रोटी थिए अनि कति डाला
तिमीहरूले बटुल्यौ, त्यो याद आउँदैन ? **१०**अथवा
चार हजारका निम्ति सात रोटी थिए, अनि
तिमीहरूले कति डाला बटुल्यौ ? **११**मैले रोटीको
विषयमा तिमीहरूसित भनिरहेको थिइनँ भनी
तिमीहरूले कसरी बुझेनौ ? तर तिमीहरू फरिसी
र सदुकीहरूको खमिरदेखि होशियार बस ।"
**१२**तब उहाँले रोटीमा हाल्ने खमिरदेखि होइन,
तर फरिसी र सदुकीहरूको शिक्षादेखि होशियार
रहनू भन्नुभएको रहेछ भनी तिनीहरूले बुझे ।

## पत्रुसले ख्रीष्टलाई स्वीकार गरेको

*मर्कूस ८:२७-३०; लूका ९:१८-२१*

**१३**जब येशू सिजरिया फिलिप्पीका इलाकामा
आउनुभयो, उहाँले चेलाहरूलाई "मानिसहरूले
म, मानव-पुत्र को हुँ भनी भन्छन् ?" भनी
सोध्नुभयो ।
**१४**तिनीहरूले जवाफ दिए, "कसैले
बप्तिस्मा-दिने यूहन्ना, अरूले एलिया अनि अझ
अरूले चाहिँ यर्मिया अथवा अगमवक्ताहरूमध्ये
एक हुन् भनी भन्छन् ।"
**१५**उहाँले सोध्नुभयो, "तर तिमीहरूचाहिँ
म को हुँ भनी भन्दछौ ?"
**१६**सिमोन पत्रुसले उत्तर दिए, "तपाईं जीवित
परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ ।"
**१७**येशूले जवाफ दिनुभयो, "हे योनाको
छोरो सिमोन, तिमी धन्यका हौ, किनकि यो
तिमीलाई मानिसद्वारा होइन तर स्वर्गमा हुनुहुने
मेरा पिताद्वारा प्रकट गरिएको हो । **१८**अनि म
तिमीलाई भन्दछु कि तिमी पत्रुस हौ, अनि म
यस चट्टानमाथि मेरो मण्डली स्थापित गर्नेछु,
अनि पातालका ढोकाहरू यसमाथि विजयी
हुनेछैनन् । **१९**म तिमीलाई स्वर्गको राज्यका
साँचाहरू दिनेछु; तिमीले पृथ्वीमा जे बाँध्छौ
त्यो स्वर्गमा बाँधिनेछ, अनि तिमीले पृथ्वीमा
जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ ।" **२०**तब
उहाँले उहाँ ख्रीष्ट हुनुहुन्छ भनी कसैलाई नभन्नू
भनी चेतावनी दिनुभयो ।

## येशूले आफ्नो मृत्युको पूर्वसूचना दिनुभएको

*मर्कूस ८:३१-९:१; लूका ९:२२-२७*

**२१**त्यस समयदेखि उसो येशूले आफ्ना
चेलाहरूलाई उहाँ यरूशलेममा जानुपर्छ अनि

---

**१६:१**–मत्ती १२:३८; लूका ११:१६. **१६:४**–मत्ती १२:३९; मर्कूस ८:१२; लूका ११:२९. **१६:६**–मत्ती १६:११; मर्कूस ८:१५; लूका १२:१. **१६:९**–मत्ती १४:१७-२१. **१६:१०**–मत्ती १५:३४-३८. **१६:१४**–मत्ती १४:१-२; मर्कूस ६:१४-१५; लूका ९:७-८. **१६:१६**–यूहन्ना ६:६८-६९. **१६:१९**–मत्ती १८:१८; यूहन्ना २०:२३.

धर्मगुरुहरू, प्रधान पूजाहारीहरू अनि व्यवस्थाका
गुरुहरूको हातबाट धेरै कष्ट भोग्नुपर्छ अनि
उहाँ मर्नुपर्छ र तेस्रो दिनमा जीवित भई उठ्नुपर्छ
भनी बताउन थाल्नुभयो ।

**२२**पत्रुसले उहाँलाई एकातिर लगेर “यसो
कहिल्यै नहोस्, प्रभु ! तपाईंलाई यस्तो कहिल्यै
नहोस्” भनी हप्काउन थाले ।

**२३**येशूले फर्केर पत्रुसलाई भन्नुभयो,
“ए शैतान, टाढा भागीजा ! तँ मेरो लागि ठेस
लाग्ने कारण होस् । तेरो मनमा परमेश्वरका
कुरा होइन, तर मानिसहरूका कुरा छन् ।”

**२४**तब येशूले चेलाहरूलाई भन्नुभयो, “यदि
कोही मेरोपछि आउने इच्छा गर्छ भने, त्यसले
आफैलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर
मलाई पछ्याओस् । **२५**किनकि जसले आफ्नो
प्राण बचाउने इच्छा गर्छ त्यसले त्यो गुमाउनेछ,
तर जसले मेरोखातिर आफ्नो प्राण गुमाउँछ
त्यसले त्यो पाउनेछ । **२६**सारा संसार हात
पारेर कसैले आफ्नो प्राणचाहिँ गुमाउँछ भने
त्यस मानिसलाई के फाइदा हुन्छ ? अथवा
मानिसले आफ्नो प्राणको बदली के
दिनसक्छ ? **२७**किनकि म, मानव-पुत्र आफ्ना
पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसित
आउनेछु, अनि त्यस बेला म हरेक
व्यक्तिलाई उसले जे गरेको छ त्यसअनुसार
इनाम दिनेछु । **२८**म तिमीहरूलाई साँच्चै भन्दछु,
यहाँ खड़ा हुनेहरूमध्ये कतिले म, मानव-
पुत्रलाई आफ्नो राज्यमा आउँदै गरेको देख्नअघि
मृत्यु चाख्नेछैन ।”

### रूप परिवर्तन

*मर्कूस ९:२-१३; लूका ९:२८-३६*

**१७** छ दिनपछि येशूले आफूसित पत्रुस,
याकूब र तिनको भाइ यूहन्नालाई
अलग्गै एउटा अग्लो पहाड़मा लानुभयो । **२**त्यहाँ
तिनीहरूको सामुन्ने उहाँको रूप परिवर्तन
भयो । उहाँको अनुहार सूर्यझैं चम्क्यो, अनि
उहाँको वस्त्र ज्योतिझैं सेता भए । **३**त्यसै बेला
तिनीहरूको सामुन्ने मोशा र एलिया येशूसित
कुरा गरिरहेका देखा परे ।

**४**पत्रुसले येशूलाई भने, “प्रभु, हामीलाई
यहीं रहनु असल छ । यदि तपाईं चाहनुहुन्छ
भने, म तीनओटा डेराहरू बनाउनेछु– एउटा
तपाईंको लागि, एउटा मोशाको लागि र अर्को
एलियाको लागि ।”

**५**तिनी बोल्दै नै थिए, एउटा चहकिलो
बादलले तिनीहरूलाई ढाकिदियो, अनि
बादलबाट एउटा आवाजले यसो भन्यो, “यिनी
मेरा पुत्र हुन्, जसलाई म प्रेम गर्छु; यिनीसित
म अति प्रसन्न छु । यिनको कुरा सुन !”

**६**जब चेलाहरूले यो सुने, तिनीहरू डरले
घोप्टो परेर भुइँमा लडे । **७**तर येशूले आएर
तिनीहरूलाई छुनुभयो अनि भन्नुभयो, “उठ,
नडराओ ।” **८**जब तिनीहरूले माथि हेरे,
तिनीहरूले येशूबाहेक अरू कसैलाई देखेनन् ।

**९**उहाँहरू जब पहाड़बाट तल झर्नुहुँदैथियो,
येशूले यस्तो आदेश दिनुभयो, “म, मानव-पुत्र
मृतकबाट जीवितभई नउठेसम्म तिमीहरूले जे
देख्यौ, त्यो कसैलाई पनि नभन्नू ।”

**१०**चेलाहरूले उहाँलाई सोधे, “त्यसो भए
व्यवस्थाका शिक्षकहरूले पहिले एलिया आउँछन्
भनी किन भन्छन् त ?”

**११**येशूले उत्तर दिनुभयो, “एलिया साँच्चै नै
आउँछन्, अनि सबै कुरा सच्याउनेछन् । **१२**तर
म तिमीहरूलाई भन्दछु, एलिया आइसकेका
छन्, अनि तिनीहरूले तिनलाई चिन्न सकेनन्,
तर तिनलाई तिनीहरूले मनपरी व्यवहार
गरे । यस्तै किसिमले म, मानव-पुत्रले
तिनीहरूको हातबाट कष्ट भोग्नेछु ।” **१३**तब
उहाँले बप्तिस्मा-दिने यूहन्नाको विषयमा
तिनीहरूलाई भन्नुहुँदैथियो भनी चेलाहरूले
बुझे ।

---

**१६:२४**–मत्ती १०:३८; लूका १४:२७. **१६:२५**–मत्ती १०:३९; लूका १७:३३; यूहन्ना १२:२५. **१६:२७**–भजन ६२:१२; मत्ती २५:३१. **१७:१-५**–२ पत्रुस १:१७-१८. **१७:५**–व्यवस्था १८:१५; भजन २:७; यशैया ४२:१; मत्ती ३:१७; १२:१८; मर्कूस १:११; लूका ३:२२. **१७:१०**–मलाकी ४:५. **१७:१२**–मत्ती ११:१४.

## भूत लागेको केटो निको पारिएको

*मर्कूस ९:१४-३२; लूका ९:३७-४५*

**१४**जब उहाँहरू भीड़ भएको ठाउँमा
आइपुग्नुभयो, एक जना मानिसले येशूकहाँ आएर
उहाँको सामुन्ने घुँड़ा टेकेर भन्यो, **१५**"प्रभु,
मेरो छोरामाथि दया गर्नुहोस् । उसलाई छारेरोग
लागेको छ अनि उसले धेरै कष्ट पाइरहेछ ।
ऊ घरीघरी आगोमा अथवा पानीमा लड्छ ।
**१६**मैले उसलाई तपाईंका चेलाहरूकहाँ ल्याएँ
तर तिनीहरूले यसलाई निको पार्न सकेनन् ।"
**१७**येशूले जवाफ दिनुभयो, "हे अविश्वासी
र भ्रष्ट पुस्ता, म कहिलेसम्म तिमीहरूसित
रहूँला ? त्यस केटोलाई यहाँ मकहाँ ल्याऊ ।"
**१८**येशूले त्यस भूतात्मालाई हकार्नुभयो, अनि
त्यो त्यस केटोबाट निस्किआयो, अनि त्यो केटो
त्यसै घड़ीदेखि निको भयो ।

**१९**तब चेलाहरू गुप्तमा येशूकहाँ आएर
सोधे, "हामीले त्यसलाई किन धपाउन सकेनौं ?"
**२०**उहाँले जवाफ दिनुभयो, "किनकि
तिमीहरूको विश्वास अति थोरै छ ।
तिमीहरूलाई साँच्चै भन्दछु, यदि तिमीहरूमा
रायोको बीउ जति सानो विश्वास छ भने,
तिमीहरूले यस पहाड़लाई 'यहाँबाट त्यहाँ
हटिजा' भन्नसक्छौ, अनि त्यो हटिजानेछ ।
तिमीहरूको लागि कुनै कुरो पनि असम्भव
हुनेछैन । [**२१**तर यस किसिमको चंगाईचाहिँ
प्रार्थना र उपवासविना हुनसक्दैन ।"]
**२२**जब उहाँहरू एकसाथ गालीलमा
आउनुभयो, उहाँले तिनीहरूलाई भन्नुभयो,
"म, मानव-पुत्र मानिसहरूको हातमा धोकासाथ
सुम्पिइनेछु । **२३**तिनीहरूले मलाई मार्नेछन्, अनि
तेस्रो दिनमा म जीवित पारिनेछु ।" अनि चेलाहरू
शोकले भरिए ।

## मन्दिरको कर

**२४**येशू र उहाँका चेलाहरू कफर्नहुममा
आएपछि मन्दिरको कर उठाउनेहरूले पत्रुसकहाँ
आएर सोधे, "के तिमीहरूका गुरुले मन्दिरको
कर तिर्दैनन् ?"
**२५**तिनले जवाफ दिए, "हो, तिर्नुहुन्छ ।"
जब पत्रुस घरभित्र आए, येशूले पहिला
सोधिहाल्नुभयो, "सिमोन तिम्रो के विचार छ,
संसारका राजाहरूले आफ्नै छोराहरूबाट कर
उठाउँछन् कि अरूबाट ?"
**२६**पत्रुसले जवाफ दिए, "अरूबाट ।"
येशूले तिनलाई भन्नुभयो, "त्यसो भए
छोराहरूले त तिर्न नपर्ने रहेछ । **२७**तरै पनि
तिनीहरू नचिढ़िऊन् भनेर, जाऊ अनि
समुद्रमा तिम्रो बल्छी हान । तिमीले पक्रेको
पहिलो माछा लेऊ; त्यसको मुख खोल र
तिमीले एउटा चाँदीको सिक्का पाउनेछौ । त्यो
लगेर तिनीहरूलाई तिम्रो अनि मेरो कर भनेर
दिइहाल ।"

## स्वर्गको राज्यमा सबैभन्दा ठूलो

*मर्कूस ९:३३-३७, ४२-४८*
*लूका ९:४६-४८; १७:१-२*

**१८** त्यसबेला चेलाहरूले येशूकहाँ आएर
सोधे, "स्वर्गको राज्यमा सबैभन्दा ठूलो
को हुन्छ ?"
**२**उहाँले एउटा सानो बालकलाई बोलाएर
तिनीहरूको बीचमा उभ्याउनुभयो, **३**र भन्नुभयो,
"म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरू
बदलिएर साना बालकहरूजस्ता भएनौ भने
तिमीहरू कहिल्यै स्वर्गको राज्यमा प्रवेश
गर्नेछैनौ । **४**यसकारण, जसले आफैलाई यस
बालकजस्तो नम्र बनाउँछ त्यो स्वर्गको राज्यमा
सबैभन्दा ठूलो हुनेछ ।
**५**"अनि जसले यसरी एउटा बालकलाई
मेरो नाउँमा ग्रहण गर्छ उसले मलाई नै ग्रहण
गर्छ । **६**तर जसले ममाथि विश्वास गर्ने यस्ता
सानाहरूमध्ये एक जनालाई पनि पाप गर्न लगाउँछ,
त्यसलाई त एउटा जाँतो घिच्रोमा बाँधेर समुद्रको
गहिराइमा डुबाइनु असल हुनेथियो ।

---

**१७:२०**–मत्ती २१:२१; मर्कूस ११:२३; १ कोरिन्थी १३:२. **१७:२४**–प्रस्थान ३०:१३; ३८:२६.
**१८:१**–लूका २२:२४. **१८:३**–मर्कूस १०:१५; लूका १८:१७.

७"मानिसहरूलाई पाप गर्न लाउने
कुराहरूको लागि यस संसारलाई धिक्कार !
यस्ता कुराहरू त आउनैपर्छ, तर धिक्कार त्यस
मानिसलाई जसद्वारा ती आउँछन् ! ८यदि
तिमीहरूका हात वा खुट्टाले तिमीहरूलाई पाप
गर्न लाउँछ भने, त्यसलाई काटेर फालिदेओ ।
दुई हात अथवा दुई खुट्टा लिएर अनन्तको
आगोमा फालिनुभन्दा त अपाङ्ग वा लँगड़ो
भएर जीवनमा प्रवेश गर्नु तिमीहरूलाई असल
हुन्छ । ९अनि यदि तिमीहरूका आँखाले
तिमीहरूलाई पाप गर्न लाउँछ भने, त्यसलाई
निकालेर फालिदेओ। दुई आँखाहरू लिएर नरकको
आगोमा फालिनुभन्दा त एक आँखा लिएर जीवनमा
प्रवेश गर्नु तिमीहरूलाई असल हुन्छ ।

## हराएको भेड़ाको दृष्टान्त

*लूका १५:३-७*

१०"तिमीहरूबाट यी सानाहरूमध्ये एक
जनाको पनि हेला नभएको होस् । किनकि म
तिमीहरूलाई भन्दछु कि स्वर्गमा तिनीहरूका
दूतले सधैँ स्वर्गमा हुने मेरा पिताको अनुहार
हेर्दछन् । [११म, मानिसको पुत्र हराएकालाई
बचाउन आएको हुँ ।]

१२"तिमीहरू के सम्झन्छौ ? कुनै मानिसका
सय भेड़ाहरू छन्, अनि तीमध्ये एउटा बाटो
बिराएर गइहाल्यो भने, उसले उनान्सयओटालाई
पहाड़मा छोड़ेर त्यस बाटो बिराएकोलाई खोज्न
जाँदैन ? १३साँच्चै म तिमीहरूलाई भन्दछु, कि
उसले त्यो भेट्टाएपछि, ऊ बाटो नबिराउने ती
उनान्सयहरूभन्दा त्यस एउटाप्रति आनन्दित
हुनेछ । १४यसकारण यी सानाहरूमध्ये एउटा
पनि नहराओस् भन्ने तिमीहरूका स्वर्गीय पिता
इच्छा गर्नुहुन्छ ।

## तिम्रो विरुद्धमा पाप गर्ने भाइ

१५"यदि तिम्रो भाइले तिम्रो विरुद्धमा पाप
गऱ्यो भने, गएर तिमी दुईबीच मात्र उसको
भूल देखाइदेऊ । यदि उसले तिम्रो कुरा सुन्छ
भने, तिमीले उसलाई जित्यौ । १६तर यदि
उसले सुनेन भने, आफ्नो साथमा अरू
एक वा दुई जनालाई लैजाऊ र 'दुई वा तीन
साक्षीहरूद्वारा हरेक कुरा पक्का भएको होस् ।'
१७यदि उसले तिनीहरूको कुरा पनि सुनेन भने,
मण्डलीलाई यो भनिदेऊ; अनि उसले मण्डलीको
कुरा पनि सुनेन भने, तिमीले तिनीप्रति मूर्तिपूजक
र महसुल उठाउनेहरूप्रति झैँ व्यवहार गर ।

१८"म तिमीहरूलाई साँच्चै भन्दछु, कि
तिमीहरूले पृथ्वीमा जे बाँध्नेछौ त्यो स्वर्गमा
बाँधिनेछ, अनि तिमीहरूले पृथ्वीमा जे फुकाऔला
त्यो स्वर्गमा फुकाइनेछ ।

१९"फेरि, म तिमीहरूलाई भन्दछु कि पृथ्वीमा
यदि तिमीहरूमध्ये दुई जनाले एक मत भएर
जे माग्छौ, त्यो तिमीहरूको निम्ति स्वर्गमा
हुनुहुने मेरा पिताद्वारा गरिनेछ । २०किनकि
जहाँ दुई वा तीन जना मेरो नाउँमा एकसाथ
भेला हुन्छन्, म त्यहाँ तिनीहरूसित छँदैछु ।"

## निर्दयी नोकरको दृष्टान्त

२१तब पत्रुसले येशूकहाँ आएर सोधे, "प्रभु,
मेरो भाइले मेरो विरुद्धमा पाप गर्दा मैले उसलाई
कतिपल्ट क्षमा दिनु ? के सातपल्ट ?"

२२येशूले जवाफ दिनुभयो, "म तिमीलाई
भन्दछु, सातपल्ट होइन, तर सात गुणा
सत्तरीपल्ट ।

२३"यसकारण, स्वर्गको राज्य एउटा
राजाजस्तो हो जसले आफ्ना नोकरहरूबाट
हिसाब लिने इच्छा गरे । २४तिनले जसै त्यसो
गर्न थाले, तब दश हजार तोड़ा ऋण लिएका
मानिसलाई तिनीकहाँ ल्याइयो । २५उसले तिर्न
नसकेको कारण, त्यस मालिकले त्यो ऋण
तिर्नको लागि त्यो मानिस, उसकी स्वास्नी अनि
उसका बालबच्चाहरू र ऊसित भएका सबै
थोक बेचियोस् भन्ने हुकुम दिए ।

२६"त्यस नोकरले तिनको अगि घुँड़ा टेकेर

---

**१८:८**–मत्ती ५:३०. **१८:९**–मत्ती ५:२९. **१८:११**–लूका १९:१०. **१८:१५**–लूका १७:३. **१८:१६**–व्यवस्था १९:१५. **१८:१८**–मत्ती १६:१९; यूहन्ना २०:२३. **१८:२१-२२**–लूका १७:३-४.

बिन्ती गऱ्यो, 'ममाथि धैर्य गर्नुहोस्, अनि म सबै तिर्नेछु ।' **२७**त्यस नोकरको मालिकले त्यसमाथि दया गरेर त्यो ऋण माफी गरिदिए र त्यसलाई जानदिए ।

**२८**"तर त्यो नोकरले गएर ऊसित काम गर्ने एउटा नोकरलाई भेट्टायो, जससित उसको एक सय दिनार ऋण थियो । उसले त्यसलाई पक्रेर त्यसको घोक्रो अँठ्यायो अनि 'मेरो ऋण तिरिहाल्' भनेर माग गऱ्यो ।

**२९**"ऊसित काम गर्ने त्यस नोकरले उसको अगि घुँडा टेकेर बिन्ती गऱ्यो, 'ममाथि धैर्य गर्नुहोस्, अनि म सबै तिर्नेछु ।'

**३०**"तर उसले अस्वीकार गऱ्यो । अनि गएर त्यसले ऋण नतिरुञ्जेल त्यस मानिसलाई झ्यालखानमा हालिदियो । **३१**तर जे भएको थियो त्यो अरू नोकरहरूले देखेपछि, तिनीहरू अति दु:खित भए अनि गएर जे भएको थियो आफ्ना मालिकलाई भनिदिए ।

**३२**"तब त्यस मालिकले त्यस नोकरलाई भित्र बोलाए अनि भने, 'तँ दुष्ट नोकर, तैंले मसित क्षमा मागेको कारण मैले तेरा सबै ऋण माफ गरिदिएँ । **३३**के मैले तँमाथि दया देखाएझैं तैंले पनि त्यस साथी नोकरप्रति देखाउनुपर्ने थिएन ?' **३४**रीसमा त्यस मालिकले त्यसलाई सम्पूर्ण ऋण नतिरेसम्म कष्ट पाउनलाई झ्यालखानका अधिकारीहरूकहाँ सुम्पिदिए ।

**३५**"तिमीहरूले पनि आफ्ना भाइलाई हृदयदेखि क्षमा गरेनौ भने मेरा स्वर्गीय पिताले तिमीहरूप्रति यस्तै व्यवहार गर्नुहुनेछ ।"

### सम्बन्ध-विच्छेद

*मर्कूस १०:१-१२*

**१९** येशूले यी कुराहरू भनिसक्नुभएपछि, उहाँ गालील छोड़ेर यर्दनको अर्कोतिर भएको यहूदियाको इलाकामा जानुभयो । **२**ठूला भीड़हरू उहाँको पछि लागे, अनि त्यहाँ उहाँले तिनीहरू मध्येका बिरामीहरूलाई निको पार्नुभयो ।

**३**केही फरिसीहरू उहाँलाई जाँच गर्न भनी उहाँकहाँ आए । तिनीहरूले सोधे, "के कुनै मानिसले कुनै वा प्रत्येक कारण आफ्नी स्वास्नीलाई त्याग्नु उचित छ ?"

**४**उहाँले उत्तर दिनुभयो, "के तिमीहरूले धर्मशास्त्र पढ़ेका छैनौ, कि 'शुरुमा सृष्टिकर्ताले तिनीहरूलाई 'नर र नारी बनाउनुभयो,' **५**अनि भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ अनि आफ्नी पत्नीसित एक भई रहन्छ, अनि ती दुई एकै शरीर हुनेछन्' ? **६**यसकारण अब तिनीहरू दुई होइनन्, तर एक हुन् । यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले नछुटयाओस् ।"

**७**तिनीहरूले सोधे, "त्यसोभए, किन मोशाले मानिसले आफ्नी पत्नीलाई त्यागपत्र दिएर पठाइदेओस् भन्ने आज्ञा दिए त ?"

**८**येशूले जवाफ दिनुभयो, "मोशाले तिमीहरूलाई तिमीहरूको हृदयको कठोरताको कारण तिमीहरूका पत्नीहरूलाई त्याग्ने अनुमति दिए । तर शुरुदेखि नै त यस्तो थिएन । **९**म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई वैवाहिक विश्वासघातको कारणबाहेक त्याग्छ, अनि अर्की स्त्रीलाई विवाह गर्छ, उसले व्यभिचार गर्छ ।"

**१०**चेलाहरूले उहाँलाई भने, "यदि पतिपत्नीको बीचमा यस्तै अवस्था हो भनेता विवाह नगर्नु नै असल हो ।"

**११**येशूले उत्तर दिनुभयो, "यो कुरा हरेकले ग्रहण गर्न सक्दैन, तर जसलाई यो दिइएको छ उसले मात्रै । **१२**किनकि कोही त जन्मदेखि नै नपुसंक हुन्छन्; अरूलाई चाहिँ मानिसहरूले त्यस्ता बनाए; अनि अरूले चाहिँ स्वर्गको राज्यको लागि विवाह गर्न रुचाउँदैनन् । जसले यो स्वीकार गर्नसक्छ त्यसले गरोस् ।"

---

**१९:४**–उत्पत्ति १:२७; ५:२. **१९:५**–उत्पत्ति २:२४. **१९:७**–व्यवस्था २४:१-४; मत्ती ५:३१.
**१९:९**–मत्ती ५:३२; १ कोरिन्थी ७:१०-११.

### येशू र साना बालकहरू
*मर्कूस १०:१३-१६; लूका १८:१५-१७*

**१३**तब साना बालबालिकाहरूमाथि उहाँले
हात राखिदेऊन् अनि तिनीहरूको निम्ति प्रार्थना
गरिदेऊन् भनी तिनीहरू येशूकहाँ ल्याइए ।
तर ती ल्याउनेहरूलाई चेलाहरूले हकारे ।
**१४**येशूले भन्नुभयो, "साना बालबालिकाहरूलाई
मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनकि
स्वर्गको राज्य यस्तैहरूको हो ।" **१५**उहाँले
तिनीहरूमाथि हात राखिसक्नुभएपछि उहाँ
त्यहाँबाट गइहाल्नुभयो ।

### धनी जवान मानिस
*मर्कूस १०:१७-३१; लूका १८:१८-३०*

**१६**एक जना मानिसले येशूकहाँ आएर
सोध्यो, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई
कुन असल काम गर्नुपर्छ ?"
**१७**येशूले जवाफ दिनुभयो, "असल के हो
भनी तिमी मलाई किन सोध्छौ ? असल त एक
जनामात्र हुनुहुन्छ । यदि तिमी अनन्त जीवनमा
प्रवेश गर्न चाहन्छौ भने आज्ञाहरू पालन
गर ।"
**१८**त्यस मानिसले सोध्यो, "कुन-कुनचाहिँ ?"
येशूले जवाफ दिनुभयो, "'हत्या नगर्नू,
व्यभिचार नगर्नू, चोरी नगर्नू, झूटो साक्षी नदिनू,
**१९**आफ्ना बाबुआमालाई आदर गर्नू,' अनि
'आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नू ।'"
**२०**त्यस जवान मानिसले जवाफ दियो, "मैले
यी सबै पालन गरेको छु । ममा अरू के कमी
छ ?"
**२१**येशूले उत्तर दिनुभयो, "यदि तिमी सिद्ध
हुने इच्छा गर्छौ भने, जाऊ, आफ्ना सबै थोक
बेचेर गरीबहरूलाई देऊ, अनि तिमीलाई स्वर्गमा
सम्पत्ति मिल्नेछ । त्यसपछि मलाई पछ्याऊ ।"
**२२**यो सुनेर त्यो जवान मानिस दु:खित भएर
गइहाल्यो, किनकि ऊसित धेरै सम्पत्ति थियो ।
**२३**तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,
"म साँच्चै भन्दछु, धनी मानिसलाई स्वर्गको
राज्यमा पस्नु कठिन हुन्छ । **२४**म फेरि
तिमीहरूलाई भन्दछु, धनी मानिसलाई
परमेश्वरको राज्यमा पस्नुभन्दा त ऊँटलाई
सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।"
**२५**जब चेलाहरूले यो सुने, तिनीहरू साह्रै
छक्क परे र सोधे, "त्यसोभए को बाँच्न सक्ला ?"
**२६**तिनीहरूतिर हेरेर येशूले भन्नुभयो,
"मानिसहरूको लागि त यो असम्भव छ, तर
परमेश्वरको लागि त सबै कुरा सम्भव छ ।"
**२७**पत्रुसले उहाँलाई जवाफ दिए, "हामीले
तपाईंलाई पछ्याउनलाई सबै थोक त्यागेका
छौं । त्यसोभए, हाम्रा लागि के छन् त ?"
**२८**येशूले तिनीहरूलाई जवाफ दिनुभयो,
"म तिमीहरूलाई साँच्चै भन्दछु, सबै कुरा
नयाँ तुल्याइसकेपछि जब म, मानव-पुत्र
आफ्नो महिमाको सिंहासनमा बस्नेछु, तिमीहरू
मलाई पछ्याउनेहरू पनि इस्राएलका बाह्र
कुलका इन्साफ गर्दै बाह्रओटा सिंहासनहरूमा
बस्नेछौ । **२९**अनि जसले मेरो खातिर घर वा
दाज्यूभाइ वा दिदीबहिनीहरू अथवा बाबुआमा
अथवा बालबच्चा अथवा जग्गाजमिन छोड़ेको
छ त्यसको सय गुणा र अनन्त जीवन पनि
पाउनेछ । **३०**तर धेरै जो पहिला छन् ती पछिल्ला
हुनेछन्, अनि धेरै जो पछिल्ला छन् ती पहिला
हुनेछन् ।

### दाखबारीमा काम गर्ने खेतालाहरूको दृष्टान्त

**२०** "किनकि स्वर्गको राज्य एक जना
जमिनको मालिकजस्तै हो जो आफ्ना
खेतमा काम गरिदिने खेतालाहरू खोज्न बिहानै
निस्के । **२**तिनीहरूलाई दिनको एक दिनार ज्याला
दिन राजी भए अनि तिनीहरूलाई काममा
पठाइदिए ।
**३**"तेस्रो घड़ीतिर तिनी बाहिर गए अनि
बजारमा कतिलाई केही नगरी उभिरहेका
देखे । **४**तिनले तिनीहरूलाई भने, 'तिमीहरू

---

**१९:१८**–प्रस्थान २०:१३-१६; व्यवस्था ५:१७-२०. **१९:१९**–प्रस्थान २०:१२; व्यवस्था ५:१६; लेवी १९:१८.
**१९:२८**–मत्ती २५:३१; लूका २२:३०. **१९:३०**–मत्ती २०:१६; लूका १३:३०.

पनि गएर दाखबारीमा काम गर, अनि जे उचित
छ म तिमीहरूलाई दिनेछु ।' **५**अनि तिनीहरू
गए ।

"तिनी फेरि छैटौं घड़ीतिर र नवौं घड़ीतिर
बाहिर गए अनि त्यसै गरे । **६**एघारौं घड़ीतिर
तिनी बाहिर गए र अझ अरूलाई त्यसै
उभिरहेका देखे । तिनले तिनीहरूलाई सोधे,
'तिमीहरू केही नगरी यहाँ दिनभरि किन
उभिरहेका छौ ?'

**७**"तिनीहरूले जवाफ दिए, 'हामीलाई कसैले
काममा लगाएनन् ।'

"तिनले तिनीहरूलाई भने, 'तिमीहरू पनि
गएर मेरो दाखबारीमा काम गर ।'

**८**"जब साँझ पऱ्यो, दाखबारीको मालिकले
आफ्नो कर्मचारीलाई भने, 'खेतालाहरूलाई
बोलाऊ अनि आखिरमा काममा
खटाइएकाहरूदेखि लिएर पहिलेसम्मकाहरूलाई
तिनीहरूका ज्याला देऊ ।'

**९**"एघारौं घड़ीतिर काममा लगाइएका
खेतालाहरू आए अनि हरेकले एक एक दिनार
पाए । **१०**तसर्थ जब ती पहिला काममा
लगाइएकाहरू आए तिनीहरूले बढी पाउने
आशा राखेका थिए । तर तिनीहरू हरेकले
पनि एक दिनार पाए । **११**तिनीहरूले त्यो पाएपछि
तिनीहरू जमिनको मालिकसित गन्गनाउन
थाले । **१२**तिनीहरूले भने, 'यी आखिरमा काममा
लगाइएका मानिसहरूले एक घण्टा मात्र काम
गरे अनि तपाईंले तिनीहरूलाई हामी समान
तुल्याउनुभयो जसले कामको बोझ उठायौं अनि
दिनको गर्मी सह्यौं ।'

**१३**"तर तिनले तिनीहरूमध्ये एक जनालाई
जवाफ दिए, 'मित्र, मैले तिमीमाथि केही अन्याय
गरेको छैनँ । के तिमी दिनको एक दिनारको
हिसाबले काम गर्न राजी भएका थिएनौ ?
**१४**तिम्रो ज्याला लिएर जाऊ । म आखिरमा
काममा खटाइएको मानिसलाई तिमीलाई दिएको
जति नै दिन चाहन्छु । **१५**के मेरो आफ्नै पैसालाई
म जे गर्न चाहन्छु त्यो गर्ने अधिकार मलाई
छैन ? अथवा के म उदार भएकोमा तिमी ईर्ष्या
गर्छौ ?'

**१६**"यसकारण पछिल्ला पहिला हुनेछन्, र
पहिला पछिल्ला हुनेछन् ।"

## येशूले आफ्नो मृत्युबारे फेरि पूर्वसूचना दिनुभएको

*मर्कूस १०:३२-३४; लूका १८:३१-३४*

**१७**अब येशू यरूशलेमतिर जानुहुँदा,
उहाँले साथमा बाह्र चेलाहरूलाई लिनुभयो
अनि तिनीहरूलाई भन्नुभयो, **१८**"हामी
यरूशलेमतिर उक्लिरहेका छौं, अनि म, मानव-
पुत्रलाई मुख्य पूजाहारीहरू र व्यवस्थाका
शिक्षकहरूको हातमा धोकाबाजीद्वारा
सुम्पिइनेछ । तिनीहरूले मलाई मृत्युको लागि
दोषी ठहराउनेछन्, **१९**अनि मलाई गैर-
यहूदीहरूको हातमा गिल्ला गरिन, कोर्रा लगाइन
र क्रूसमा चढ़ाइनको लागि दिनेछन् । तेस्रो
दिनमा म जीवित भई उठ्नेछु !"

## एउटी आमाको बिन्ती

*मर्कूस १०:३५-४५*

**२०**तब जब्दीका छोराहरूकी आमा आफ्ना
छोराहरूको साथमा येशूकहाँ आइन्, अनि घुँडा
टेकेर उहाँसँग एउटा कृपा मागिन् ।

**२१**उहाँले सोध्नुभयो, "तिमी के चाहन्छौ ?"

उनले भनिन्, "मेरा यी छोराहरूमध्ये एक
जना तपाईंको राज्यमा तपाईंको दाहिनेतिर
अनि अर्कोचाहिँ देब्रेतिर बस्न पाउने मन्जुरी
दिनुहोस् ।"

**२२**येशूले तिनीहरूलाई भन्नुभयो,
"तिमीहरूले के मागिरहेका छौ त्यो जान्दैनौ ।
के मैले पिउन लागेको कचौराबाट तिमीहरू
पिउन सक्छौ ?"

तिनीहरूले जवाफ दिए, "हामी सक्छौं ।"

**२३**येशूले तिनीहरूलाई भन्नुभयो,
"तिमीहरूले अवश्य मेरो कचौरादेखि पिउनेछौ,
तर तिमीहरू मेरा दाहिने र देब्रेपट्टि बस्न पाउने

---

**२०:८**–लेवी १९:१३; व्यवस्था २४:१५. **२०:१६**–मत्ती १९:३०; मर्कूस १०:३१; लूका १३:३०.

कुराचाहिँ म मन्जुर गर्न सक्दिनँ। यी ठाउँहरू
त मेरा पिताले तयार गर्नुभएकाहरूका लागि
हुन्।"
२४जब दश जनाले यस विषयमा सुने,
तिनीहरू ती दुई भाइहरूसित रिसाए।
२५येशूले तिनीहरूलाई एकसाथ बोलाएर भन्नुभयो,
"गैर-यहूदीहरूका शासकहरूले तिनीहरूमाथि
शासन गर्दछन्, अनि तिनीहरूका उच्च
अधिकारीहरूले तिनीहरूमाथि अधिकार
चलाउँछन् भनी तिमीहरू जान्दछौ।
२६तिमीहरूमा त यस्तो हुनुहुँदैन। यसको सट्टा,
तिमीहरूमध्ये जसले ठूलो हुने इच्छा गर्दछ
त्यो तिमीहरूको नोकर होस्, २७अनि जसले
तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्छ त्यो
तिमीहरूको दास होस्। २८यसरी नै म, मानव-
पुत्र सेवा पाउनलाई होइन, तर सेवा गर्न, अनि
धेरैको छुटकाराको मोलस्वरूप आफ्नो प्राण
दिन आएको हुँ।"

### दुई अन्धाहरूले दृष्टि पाएका

*मर्कूस १०:४६-५२; लूका १८:३५-४३*

२९येशू र उहाँका चेलाहरूले जसै यरीहो
छोड्दै हुनुहुन्थ्यो, एउटा ठूलो भीड़ले उहाँलाई
पछ्यायो। ३०दुई जना अन्धा मानिसहरू बाटोको
किनारमा बसिरहेका थिए, अनि जब तिनीहरूले
येशू त्यहाँबाट जानुहुँदैछ भनेर सुने, तिनीहरू
यसो भनी कराए, "हे प्रभु, दाऊदका पुत्र,
हामीमाथि दया गर्नुहोस्!"
३१भीड़ले तिनीहरूलाई हकारेर चुप
लाग्नू भन्यो, तर तिनीहरू अझ जोड़ले
चिच्च्याए, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि
दया गर्नुहोस्!"
३२येशू अड़िनुभयो अनि तिनीहरूलाई
बोलाएर सोध्नुभयो, "म तिमीहरूको निम्ति के
गरूँ भनी तिमीहरू चाहन्छौ?"
३३तिनीहरूले जवाफ दिए, "हे प्रभु, हामीले
आफ्नो दृष्टि पाऔं।"
३४येशूले तिनीहरूमाथि टिठाउनुभयो अनि
तिनीहरूका आँखा छोइदिनुभयो। तुरुन्तै
तिनीहरूले दृष्टि पाए अनि उहाँलाई पछ्याए।

### विजयसाथ प्रवेश

*मर्कूस ११:१-११; लूका १९:२८-४०*
*यूहन्ना १२:१२-१९*

२१ उहाँहरू जसै यरूशलेमको नजीक
जैतून डाँड़ाको बेथफागेमा आइपुग्नुभयो,
येशूले दुई जना चेलाहरूलाई यसो भन्दै
पठाउनुभयो, २"तिमीहरूका सामुन्ने भएको
गाउँमा जाओ, अनि त्यहाँ पुग्ने बित्तिकै
तिमीहरूले एउटा गधालाई त्यसको बछेड़ाको
छेउमा बाँधिएको भेट्टाउनेछौ। तिनीहरूलाई
फुकाएर मकहाँ ल्याओ। ३यदि कसैले
तिमीहरूलाई केही भन्यो भने, तिनीहरूलाई
भन्नू, प्रभुलाई यिनीहरूको खाँचो छ, अनि तिनले
तिनीहरूलाई तुरुन्तै पठाइदिनेछन्।"
४यो अगमवक्ताद्वारा बोलिएको वचन पूरा
हुनलाई भएको थियो:

५ "सियोनकी छोरीलाई भन,
'हेर, तिम्रो राजा तिमीकहाँ
आउनुहुँदैछ,
नम्र अनि गधामाथि सवार हुनुभएर,
बछेड़ामाथि, गधैनीको बछेड़ामाथि।'"

६ती चेलाहरू गए अनि येशूले तिनीहरूलाई
अह्राउनुभएजस्तै गरे। ७तिनीहरूले त्यस गधैनी
र बछेड़ालाई ल्याए, तीमाथि तिनीहरूका
वस्त्रहरू ओछ्याए, अनि येशू त्यसमाथि
बस्नुभयो। ८एउटा धेरै ठूलो भीड़ले तिनीहरूका
वस्त्र बाटोमा फिँजाए, अनि कतिले रूखका
हाँगाहरू काटेर बाटोमा फिँजाइदिए। ९उहाँको
अगिजाने भीड़हरूले र ती पछ्याउनेहरूले चर्को
सोरमा यसो भनेर कराए:

"दाऊदका पुत्रलाई होसन्ना!
परमप्रभुको नाउँमा आउनुहुने धन्य

---

**२०:२५-२६**–लूका २२:२५-२६. **२०:२६-२७**–मत्ती २३:११; लूका २२:२६. **२१:५**–जकरिया ९:९.
**२१:९-१०**–भजन ११८:२५-२६.

हुनुहुन्छ !
परमधाममा होसन्ना ।"

**१०**जब येशू यरूशलेममा प्रवेश गर्नुभयो,
सम्पूर्ण शहरमा हलचल मच्चियो अनि
तिनीहरूले सोधे, "यिनी को हुन् ?"
**११**त्यस भीड़ले जवाफ दियो, "यिनी
गालीलको नासरतबाट आएका अगमवक्ता येशू
हुन् ।"

### येशू मन्दिरमा

*मर्कूस ११:१५-१९; लूका १९:४५-४८*
*यूहन्ना २:१३-२२*

**१२**येशू मन्दिरको इलाकामा प्रवेश गर्नुभयो
अनि त्यहाँ किनबेच गर्नेहरू सबैलाई
धपाईदिनुभयो । उहाँले पैसा साट्नेहरूका
टेबलहरू अनि परेवा बेच्नेहरूका बेन्चहरू
पल्टाइदिनुभयो । **१३**उहाँले तिनीहरूलाई
भन्नुभयो, "यो लेखिएको छ, 'मेरो घर प्रार्थनाको
घर कहलाइनेछ,' तर तिमीहरूले यसलाई
'डाँकुहरूको ओढ़ार बनाइरहेकाछौ ।'"
**१४**अन्धा अनि लङ्गड़ाहरू उहाँकहाँ
मन्दिरमा आए, अनि उहाँले तिनीहरूलाई
निको पार्नुभयो । **१५**तर जसै प्रधान
पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरूले
उहाँले गर्नुभएका अचम्मका कामहरू देखे
अनि मन्दिरको इलाकामा बालबालिकाहरूले
"दाऊदका पुत्रलाई होसन्ना" भनेका सुने,
तिनीहरू रिसाए ।
**१६**तिनीहरूले उहाँलाई सोधे, "यी
केटाकेटीहरूले के भन्दैछन्, तिमी सुन्दैछौ ?"
येशूले जवाफ दिनुभयो, "हो, सुन्दैछु । के
तिमीहरूले कहिल्यै धर्मशास्त्र पढ़ेका छैनौ:

"'केटाकेटीहरू अनि शिशुहरूका
ओठबाट तपाईंले प्रशंसा
निकाल्नुभएको छ' ?"

**१७**अनि उहाँ तिनीहरूलाई छोड़ेर शहरबाहिर
बेथानीमा जानुभयो, जहाँ रात बिताउनुभयो ।

### नेभाराको रूख सुकेको

*मर्कूस ११:१२-१४, २०-२४*

**१८**एका बिहानै, उहाँ जसै शहरतिर
फर्कनुहुँदैथियो, उहाँ भोकाउनुभयो । **१९**बाटोको
किनारमा एउटा नेभाराको रूख देखेर उहाँ
त्यहाँ आउनुभयो, अनि त्यसमा पातबाहेक केही
पाउनुभएन । तब उहाँले त्यसलाई भन्नुभयो,
"अब उप्रान्त तँमा फल नफलोस् !" त्यो रूख
तुरुन्तै ओइलायो ।
**२०**जब चेलाहरूले यो देखे, तिनीहरू छक्क
परेर सोधे, "यो नेभाराको रूख कसरी यति
चाँड़ो ओइलाइहाल्यो ?"
**२१**येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई
साँच्चै भन्दछु, कि यदि तिमीहरूमा विश्वास
छ र शङ्का गरेनौ भने यस नेभाराको रूखलाई
जे गरिएको थियो, तिमीहरूले त्यो मात्र
होइन, तर तिमीहरूले यस पहाड़लाई 'जा, गएर
आफैलाई त्यस समुद्रमा फालिदे' भन्यौ भने, त्यो
भइहाल्नेछ । **२२**तिमीहरूले विश्वास गऱ्यौ भने,
तिमीहरूले प्रार्थनामा जे मागे पनि पाउनेछौ ।"

### येशूको अख्तियारमाथि प्रश्न

*मर्कूस ११:२७-३३; लूका २०:१-८*

**२३**येशू मन्दिरको चोकहरूमा आउनुभयो,
अनि, उहाँले सिकाइरहनुहुँदा मुख्य पूजाहारीहरू
अनि जनताका धर्मगुरुहरू उहाँकहाँ आए ।
तिनीहरूले सोधे, "तपाईंले कुन अधिकारले
यी कुराहरू गर्नुहुँदैछ ? यो अधिकार तपाईंलाई
कसले दियो ?"
**२४**येशूले जवाफ दिनुभयो, "म पनि
तिमीहरूलाई एउटा प्रश्न सोध्छु । यदि
तिमीहरूले जवाफ दियौ भने, म तिमीहरूलाई
मैले कुन अधिकारले यी कामहरू गर्दैछु
भनी बताउनेछु । **२५**यूहन्नाको बप्तिस्मा
कहाँबाट आएको हो ? स्वर्गबाट हो कि
मानिसहरूबाट ?"
तिनीहरूले आपसमा छलफल गरे अनि
भने, "यदि हामीले 'स्वर्गबाट,' भन्यौं भने उहाँले

---

**२१:१३**–यशैया ५६:७; यर्मिया ७:११. **२१:१६**–भजन ८:२. **२१:२१**–मत्ती १७:२०; १ कोरिन्थी १३:२.

'त्यसोभए तिमीहरूले किन तिनलाई विश्वास
गरेनौ' भनी भन्नुहुनेछ । **२६**तर यदि
हामीले 'मानिसबाट' हो भन्यौं भने हामीलाई
मानिसहरूको डर लाग्छ, किनकि तिनीहरू
सबैले यूहन्नालाई अगमवक्ता भनी मान्छन् ।"
**२७**यसकारण तिनीहरूले येशूलाई जवाफ
दिए, "हामी जान्दैनौं ।"

तब उहाँले भन्नुभयो, "म पनि तिमीहरूलाई
मैले कुन अधिकारले यी कामहरू गर्दैछु भनी
भन्दिनँ ।"

### दुई छोराहरूको दृष्टान्त

**२८**"तिमीहरू के सोच्छौ ? एक जना
मानिसका दुई छोराहरू थिए । तिनी पहिलोकहाँ
गए अनि भने, 'छोरा, आज गएर दाखबारीमा
काम गरिदे ।'
**२९**"त्यसले जवाफ दियो, 'म जान्नँ,' तर
पछिबाट त्यसले मन बदली गऱ्यो अनि गयो ।
**३०**"तब ती बाबु अर्को छोराकहाँ गए अनि
त्यही कुरा भने । त्यसले जवाफ दियो, 'हजूर,
म जानेछु,' तर त्यो गएन ।
**३१**"ती दुईमध्ये कसले बाबुले इच्छा गरेको
कुरा गरे ?"

तिनीहरूले भने, "पहिलोले ।"

येशूले तिनीहरूलाई भन्नुभयो, "म साँच्चै
तिमीहरूलाई भन्दछु, महसूल उठाउनेहरू र
वेश्याहरू परमेश्वरको राज्यमा तिमीहरूभन्दा
पहिले प्रवेश गर्दैछन् । **३२**किनकि यूहन्ना
तिमीहरूकहाँ धार्मिकताको बाटो देखाउन आए,
अनि तिमीहरूले उनलाई विश्वास गरेनौ, तर
महसुल उठाउनेहरू र वेश्याहरूले त गरे ।
अनि तिमीहरूले यो देखेर पनि पश्चात्ताप
गरेर विश्वास गरेनौ ।

### मोहीहरूको दृष्टान्त

*मर्कूस १२:१-१२; लूका २०:९-१९*

**३३**"अर्को दृष्टान्त सुन: एक जना जमिनको
मालिक थिए जसले एउटा दाखबारी लगाए ।
तिनले त्यसको चारैतिर पर्खाल बनाएर दाख
पेल्ने एउटा कोल खने अनि एउटा
मचान बनाए । तब तिनले त्यो दाखबारी केही
मोहीहरूलाई ठेक्कामा दिएर यात्रामा गए ।
**३४**जब कटनीको समय आयो, तिनले फल जम्मा
गर्न भनी आफ्ना नोकरहरूलाई ती मोहीहरूकहाँ
पठाए ।

**३५**"ती मोहीहरूले नोकरहरूलाई पक्रे; अनि
एउटालाई पिटे, अर्कोलाई मारे अनि तेस्रोलाई
ढुङ्गाले हाने । **३६**अनि तिनले अरू नोकरहरूलाई
तिनीहरूकहाँ पहिलेभन्दा बढ़ी सङ्ख्यामा पठाए,
अनि ती मोहीहरूले तिनीहरूसित पनि त्यस्तै
व्यवहार गरे । **३७**अन्तमा, तिनले आफ्नै
छोरालाई तिनीहरूकहाँ पठाए । तिनले भने,
'तिनीहरूले मेरो छोरालाई त आदर गर्नेछन् ।'
**३८**"तर ती मोहीहरूले जब छोरालाई
आउँदैगरेको देखे, तिनीहरूले आपसमा भने,
'यो त उत्तराधिकारी हो । आओ, यसलाई
मारौं अनि उसको उत्तराधिकार हात पारौं ।'
**३९**अनि तिनीहरूले त्यसलाई दाखबारी बाहिर
लगेर मारे ।

**४०**"यसकारण, जब दाखबारीको मालिक
आउनेछन्, तब तिनले ती मोहीहरूलाई के
गर्नेछन् ?"

**४१**तिनीहरूले जवाफ दिए, "तिनले ती
दुष्टहरूलाई दुर्दशापूर्वक अन्त गरिदिनेछन्, अनि
त्यो दाखबारी अरू मोहीहरूलाई दिनेछन्, जसले
कटनीको समयमा तिनलाई तिनको भागको
अन्न दिनेछन् ।"

**४२**येशूले तिनीहरूलाई भन्नुभयो, "के
तिमीहरूले धर्मशास्त्रमा कहिल्यै पढ़ेका छैनौ:

"'जुन ढुङ्गालाई डकर्मीहरूले रद्द तुल्याए
त्यो नै कुनाको शिर-ढुङ्गो बन्यो;
परमप्रभुले नै यो गर्नुभएको हो,
अनि यो हाम्रा दृष्टिमा अचम्मको छ' ?

**४३**"यसकारण, म तिमीहरूलाई भन्दछु कि
स्वर्गको राज्य तिमीहरूबाट खोसिनेछ अनि यस्तो

---

**२१:३२**–लूका ३:१२; ७:२९-३०. **२१:३३**–यशैया ५:१-२. **२१:४२**–भजन ११८:२२-२३.

जातिलाई दिइनेछ जसले यसबाट फल
फलाउनेछ । **४४**जो यस ढुङ्गामाथि खस्छ त्यो
टुक्राटुक्रा हुनेछ, तर जोमाथि यो खस्छ त्यो
धूलोपीठो हुनेछ ।"
**४५**जब प्रधान पूजाहारीहरू र फरिसीहरूले
यो दृष्टान्त सुने, तिनीहरूले उहाँले त तिनीहरूकै
विषयमा भन्नुहुँदैछ भनी जाने । **४६**तिनीहरूले
उहाँलाई पक्रने उपाय खोज्न थाले, तर तिनीहरू
भीड़सित डराउँथे किनकि तिनीहरूले उहाँलाई
अगमवक्ता भनी मान्थे ।

## विवाहको भोजको दृष्टान्त

*लूका १४:१५-२४*

**२२** येशूले फेरि तिनीहरूसित दृष्टान्तहरूमा
बोल्दै यसो भन्नुभयो: **२**"स्वर्गको राज्य
एउटा राजाजस्तो हो, जसले आफ्नो पुत्रको
विवाहको लागि एउटा भोज तयार गरे।
**३**तिनले आफ्ना नोकरहरूलाई भोजमा निम्तो
पाएकाहरूलाई बोलाउन पठाए, तर तिनीहरूले
आउन अस्वीकार गरे ।
**४**"तब तिनले अझ बढ़ी नोकरहरू पठाएर
भने, 'ती निम्त्याइएकाहरूलाई मैले मेरो भोज
तयार पारेको छु भन: मेरा गोरुहरू अनि
मोटा-मोटा पशुहरू मारिएका छन्, अनि सबै
थोक तयार छन् । विवाहको भोजमा आओ'
भन ।
**५**"तर ती कसैले पनि ध्यान दिएनन् अनि
एक जना खेतमा, अर्को व्यापारतिर गइहाले ।
**६**अरू रहेकाहरूले चाहिँ तिनका नोकरहरूलाई
पक्रे, दुर्व्यवहार गरे अनि मारिदिए । **७**राजा
अति रिसाए । तिनले आफ्ना सेना पठाईकन ती
हत्याराहरूलाई नष्ट पारिदिए अनि तिनीहरूका
शहरहरू जलाइदिए ।
**८**"तब तिनले आफ्ना नोकरहरूलाई
भने, 'विवाहको भोज त तयार छ, तर ती
निम्ताराहरू आउने योग्य ठहरिएनन् । **९**सड़कका
कुनातिर जाओ अनि जसलाई भेट्टाए पनि भोजमा
आउने निम्तो देओ ।' **१०**यसकारण ती
नोकरहरू सड़कतिर गए, अनि राम्रा नराम्रा,
भेटेजति सबै मानिसहरूलाई जम्मा गरेर ल्याए,
अनि विवाहको घर पाहुनाहरूले भरियो ।
**११**"तर जब राजा ती पाहुनाहरूलाई हेर्न
भित्र आए, तिनले त्यहाँ विवाहको वस्त्र नलाएको
एक जना मानिसलाई देखे । **१२**तिनले सोधे,
'साथी, तिमी विवाहको वस्त्रविना कसरी भित्र
आयौ ?' त्यो मानिस निरुत्तर भयो ।
**१३**"तब राजाले कर्मचारीहरूलाई भने,
'यसका हातखुट्टा बाँधेर बाहिर अँध्यारोमा
फ्याँकिदेओ, जहाँ रुवाइ र दाह्रा किटाइ
हुनेछ ।'
**१४**"किनकि बोलाइएका धेरै छन्, तर
चुनिएका थोरै छन् ।"

## सिजरलाई कर तिर्ने कुरा

*मर्कूस १२:१३-१७; लूका २०:२०-२६*

**१५**त्यसपछि फरिसीहरू बाहिर गइहाले अनि
येशूलाई उहाँकै कुरामा कसरी फसाऔं
भनेर योजना बनाए । **१६**तिनीहरूले आफ्ना
चेलाहरूलाई हेरोदीहरूसित उहाँकहाँ पठाए ।
तिनीहरूले भने, "हे गुरु, तपाईं इमान्दार
मानिस हुनुहुन्छ भनी हामी जान्दछौं र
तपाईंले सत्यताको आधारमा परमेश्वरको
बाटो सिकाउनुहुन्छ । तपाईं मानिसहरूद्वारा
बहकाइनुहुन्न, किनकि तिनीहरू को हुन् भनी
तपाईं ध्यान दिनुहुन्न । **१७**हामीलाई तपाईंको
विचार भन्नुहोस् । सिजरलाई कर तिर्नु ठीक
हो कि होइन ?"
**१८**येशूले तिनीहरूका दुष्ट अभिप्राय जानेर
भन्नुभयो, "तिमी कपटीहरू, किन मलाई
फसाउने कोशिश गर्दैछौ ? **१९**कर तिर्दा प्रयोग
गर्ने मुद्रा मलाई देखाओ ।" तिनीहरूले उहाँकहाँ
एउटा दिनार ल्याए, **२०**अनि उहाँले तिनीहरूलाई
सोध्नुभयो, "यो चित्र कसको हो ? अनि कसको
नाउँ खोपिएको छ ?"
**२१**तिनीहरूले जवाफ दिए, "सिजरको ।"
तब उहाँले तिनीहरूलाई भन्नुभयो, "सिजरको

---

**२२:१३**–मत्ती ८:१२; २५:३०; लूका १३:२८.

जति सिजरलाई देओ, अनि परमेश्वरको
जति परमेश्वरलाई देओ ।”
**२२**जब तिनीहरूले यो सुने, तिनीहरू
छक्क परे । अनि तिनीहरूले उहाँलाई छोड़ेर
गइहाले ।

### पुनरुत्थानमा विवाह

*मर्कूस १२:१८-२७; लूका २०:२७-४०*

**२३**त्यही दिन पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू
उहाँकहाँ एउटा प्रश्न लिएर आए । **२४**तिनीहरूले
भने, “हे गुरु, मोशाले हामीलाई भने कि यदि
कुनै मानिस बालबच्चा नभई मऱ्यो भने उसको
भाइले त्यस विधवालाई विवाह गरेर उसको
लागि बालबच्चा जन्माउनुपर्छ । **२५**अब
हाम्राबीच सात भाइ थिए । पहिलोले विवाह
गरेर मऱ्यो, अनि उसका बालबच्चा नभएकोले
उसले आफ्नी स्वास्नीलाई आफ्नो भाइको निम्ति
छोड़िदियो । **२६**त्यही घटना दोस्रो भाइसित,
तेस्रो भाइसित अनि सातौंसम्म नै घट्यो ।
**२७**अन्तमा, त्यो स्त्री पनि मरी । **२८**अब,
पुनरुत्थानमा त्यो स्त्री सात जनामा कसकी
पत्नी हुनेछ, किनकि ती सबैले नै त्यससित
विवाह गरेका थिए ?”
**२९**येशूले जवाफ दिनुभयो, “तिमीहरू भ्रममा
छौ किनकि तिमीहरू धर्मशास्त्रहरू अथवा
परमेश्वरको शक्ति जान्दैनौ । **३०**पुनरुत्थानमा
मानिसहरू न विवाह गर्छन् न विवाहमा
दिइन्छन्; तिनीहरू त स्वर्गमा दूतहरू जस्ता
हुनेछन् । **३१**तर मरेकाहरू जीवित भई
उठ्ने विषयमा परमेश्वरले तिमीहरूलाई के
भन्नुभएको छ के तिमीहरूले पढ़ेका छैनौ ?
**३२**‘म अब्राहामका परमेश्वर, इसहाकका
परमेश्वर, अनि याकूबका परमेश्वर हुँ ।’ उहाँ
मरेकाहरूको होइन तर जीवितहरूका परमेश्वर
हुनुहुन्छ ।”
**३३**जब भीड़हरूले यो सुने, तिनीहरू उहाँका
शिक्षामा छक्क परे ।

### सबैभन्दा महान् आज्ञा

*मर्कूस १२:२८-३४; लूका १०:२५-२८*

**३४**येशूले सदुकीहरूलाई चुप बनाइदिनुभयो
भनेको सुनेर फरिसीहरू एकसाथ भेला भए ।
**३५**तीमध्ये एक जना व्यवस्थाका विशेषज्ञले
यो प्रश्न गरेर उहाँलाई जाँच गऱ्यो:
**३६**“हे गुरु, व्यवस्थामा कुन आज्ञा सबैभन्दा
महान् हो ?”
**३७**येशूले जवाफ दिनुभयो: “‘तिमीहरूका
परमप्रभु परमेश्वरलाई आफ्ना सम्पूर्ण हृदयले
अनि आफ्ना सम्पूर्ण प्राणले अनि आफ्ना सम्पूर्ण
मनले प्रेम गर ।’ **३८**यो पहिलो अनि सबैभन्दा
महान् आज्ञा हो । **३९**अनि दोस्रो यस्तो छ:
‘तिमीहरूका छिमेकीलाई आफैलाई झैं प्रेम
गर ।’ **४०**सबै व्यवस्था र अगमवक्ताहरू यी
दुई आज्ञाहरूमै अड़ेका छन् ।”

### ख्रीष्ट कसका पुत्र हुन् ?

*मर्कूस १२:३५-३७; लूका २०:४१-४४*

**४१**जसै फरिसीहरू एकसाथ भेला भएका
थिए, येशूले तिनीहरूलाई सोध्नुभयो,
**४२**“तिमीहरू ख्रीष्टको विषयमा के विचार
गर्छौ ? ऊ कसको पुत्र हो ?”
तिनीहरूले जवाफ दिए, “दाऊदका पुत्र ।”
**४३**उहाँले तिनीहरूलाई भन्नुभयो, “त्यसोभए
दाऊदले आत्माद्वारा बोल्दै गर्दा उसलाई
कसरी ‘प्रभु’ भने ? किनकि तिनी भन्छन्:

**४४** “‘परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो:
“तिमी मेरो दाहिने हातपट्टि बस,
जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
पाउदान तुल्याउँदिनँ ।”’

**४५**यदि दाऊदले ऊसलाई ‘प्रभु’ भन्छन् भने,
ऊ कसरी तिनका पुत्र हुन सक्छ ?” **४६**यसको
जवाफमा कसैले एक शब्द पनि भन्न सकेन,
अनि त्यस दिनदेखि कसैले पनि उहाँलाई अरू
प्रश्न गर्ने आँट गरेन ।

---

**२२:२३**–प्रेरित २३:८. **२२:२४**–व्यवस्था २५:५. **२२:३२**–प्रस्थान ३:६. **२२:३५**–लूका १०:२५-२८.
**२२:३७**–व्यवस्था ६:५. **२२:३९**–लेवी १९:१८. **२२:४४**–भजन ११०:१.

## सात किसिमका धिक्कारहरू

*मर्कूस १२:३८-४०; लूका ११:३९-५२; २०:४५-४७*

**२३** अनि येशूले भीड़हरूलाई र आफ्ना
चेलाहरूलाई भन्नुभयो: **२**"शास्त्रीहरू
र फरिसीहरू मोशाको आसनमा बस्छन् ।
**३**यसकारण तिमीहरूले तिनीहरूले भनेका
हरेक कुरा मान र गर । तर तिनीहरूले जे
गर्छन् ती नगर, किनकि तिनीहरूले जे प्रचार
गर्छन् त्यसअनुसार गर्दैनन् । **४**तिनीहरूले गह्रौं
भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्,
तर तिनीहरू आफैं ती उचाल्नलाई आफ्ना
एक औंला पनि चलाउँदैनन् ।

**५**"तिनीहरूले प्रत्येक कुरा मानिसहरूले
देखून् भनेर गर्छन् । तिनीहरूले आफ्ना
व्यवस्थापत्र चौड़ा बनाउँछन् अनि आफ्ना
वस्त्रका झुम्का लामा बनाउँछन् । **६**तिनीहरू
भोजमा आदरको स्थान मन पराउँछन् अनि
सभाघरहरूमा प्रमुख आसनहरू रुचाउँछन् ।
**७**तिनीहरू बजारतिर अभिवादन ग्रहण गर्न अनि
मानिसहरूले तिनीहरूलाई 'गुरु' भनेर बोलाएको
मन पराउँछन् ।

**८**"तर तिमीहरूलाई कसैले 'गुरुज्यू' नभनोस्,
किनकि तिमीहरूका एउटै मालिक हुनुहुन्छ र
तिमीहरू दाज्यूभाइ हौ । **९**अनि यस पृथ्वीमा
कसैलाई 'पिता' नभन, किनकि तिमीहरूका
एउटै पिता हुनुहुन्छ, जो स्वर्गमा रहनुहुन्छ ।
**१०**नता तिमीहरूलाई 'शिक्षक' भनियोस्, किनकि
तिमीहरूका एउटै शिक्षक हुनुहुन्छ, अर्थात्
ख्रीष्ट । **११**तिमीहरूमध्ये जो सबैभन्दा ठूलो छ
ऊ सेवक हुनेछ । **१२**किनकि जसले आफैलाई
उच्च तुल्याउँछ ऊ होच्याइनेछ, अनि जसले
आफैलाई होच्याउँछ ऊ उच्च पारिनेछ ।

**१३**"धिक्कार तिमीहरूलाई, हे शास्त्री र
फरिसीहरू, तिमी कपटीहरू ! तिमीहरू
मानिसको सामुन्ने स्वर्गको राज्य बन्द गर्दछौ ।
तिमीहरू आफै पनि पस्दैनौ, नता पस्न
चाहनेहरूलाई नै पस्न दिन्छौ ।

[**१४**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, तिमी कपटीहरू ! तिमीहरू
विधवाहरूका घर निलिहाल्दछौ र देखाउनको
लागि लामो-लामो प्रार्थना गर्दछौ । यसैले अरूले
भन्दा तिमीहरूले धेरै दण्ड पाउनेछौ ।]

**१५**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसीहरू, तिमीहरू कपटीहरू ! तिमीहरू
एक जनालाई आफ्नो मतमा ल्याउनलाई जमिन
र समुद्र चहार्दछौ, अनि ऊ तिमीहरूका मतमा
आएपछि आफूभन्दा दोब्बर नरकको छोरो
बनाउँछौ ।

**१६**"धिक्कार तिमीहरूलाई अन्धा अगुवाहरू !
तिमीहरू यसो भन्दछौ, 'यदि कसैले मन्दिरको
नाउँमा शपथ खायो भने, यसको कुनै अर्थ
हुँदैन; तर यदि कसैले मन्दिरको सुनको शपथ
खायो भने, त्यो त्यस शपथले बाँधिनेछ ।'
**१७**तिमी अन्धा मूर्खहरू ! कुन ठूलो हो:
सुन कि सुनलाई पवित्र पार्ने मन्दिर ?
**१८**तिमीहरू यो पनि भन्दछौ, 'यदि कसैले वेदीको
शपथ खायो भने, यसको अर्थ हुँदैन; तर कसैले
त्यसमाथि राखिएको भेटीको शपथ खायो भने,
त्यो आफ्नो शपथले बाँधिनेछ ।' **१९**तिमी अन्धा
मानिसहरू ! कुन ठूलो हो: भेटी कि भेटीलाई
पवित्र पार्ने वेदी ? **२०**यसकारण, जसले वेदीको
शपथ खान्छ त्यसले वेदीको नाउँमा अनि
त्यसमाथि राखिएको प्रत्येक कुरोकै शपथ
खान्छ । **२१**अनि जसले मन्दिरको शपथ खान्छ
त्यसले मन्दिरको नाउँमा अनि मन्दिरभित्र बास
गर्नुहुनेको नाउँमा शपथ खान्छ । **२२**अनि जसले
स्वर्गको शपथ खान्छ त्यसले परमेश्वरको
सिंहासनको अनि त्यसमाथि बस्नुहुनेको नाउँमा
शपथ खान्छ ।

**२३**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसीहरू, तिमी कपटीहरू ! तिमीहरू आफ्ना
मसलाहरू अर्थात् पुदीना, सूँप र जीराका दशांश
दिँदछौ । तर तिमीहरूले व्यवस्थाका अझ मुख्य
कुराहरू, अर्थात् न्याय, दया र विश्वस्तताको

---

**२३:५**–मत्ती ६:१; गन्ती १५:३८; **२३:११**–मत्ती २०:२६-२७; मर्कूस ९:३५; लूका २२:२६.
**२३:१२**–लूका १४:११; १८:१४. **२३:२२**–यशैया ६६:१; मत्ती ५:३४. **२३:२३**–लेवी २७:३०.

अवहेलना गर्दछौ । तिमीहरूले पहिलो पालन
गरेर दोस्रो पनि पालन गर्नुपर्ने थियो । **२४**तिमी
अन्धा अगुवाहरू ! तिमीहरू भुसुना चाल्दछौ
तर ऊँटलाई निलिहाल्दछौ ।

**२५**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसीहरू, तिमी कपटीहरू ! तिमीहरू कचौरा
र थालको बाहिर सफा गर्दछौ, तर भित्र त
लोभ र असंयमले भरिएको हुन्छ । **२६**अन्धा
फरिसी ! पहिला कचौरा र थालको भित्रपट्टि
सफा गर अनि बाहिर पनि सफा भइहाल्छ ।

**२७**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसीहरू, तिमी कपटीहरू ! तिमीहरू सेतो
चून लगाइएका चिहानहरू जस्ता छौ, जुनहरू
बाहिर त सुन्दर देखिन्छन् तर भित्र त मरेका
मानिसहरूका हाड़हरू अनि सबै अशुद्ध
थोकहरूले भरिएका हुन्छन् । **२८**यस्तै प्रकारले
तिमीहरू मानिसहरूको अगि धार्मिक देखा
पर्दछौ, तर भित्र त कपटीपन र दुष्टताले
भरिएका छौ ।

**२९**"धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसीहरू, तिमी कपटीहरू ! तिमीहरू
अगमवक्ताहरूको निम्ति चिहान बनाउँछौ अनि
धार्मिकहरूका स्मारकहरू सिँगार्छौ । **३०**अनि
तिमीहरू भन्छौ, 'यदि हामी हाम्रा पुर्खाहरूको
समयमा बाँचेका भए, हामी तिनीहरूले
अगमवक्ताहरूका रगत बगाएको काममा
सहभागी हुनेथिएनौं ।' **३१**यसरी तिमीहरू
अगमवक्ताहरूको हत्या गर्नेहरूका सन्तान हौ
भनी सहजै आफ्नै विरुद्धमा साक्षी दिन्छौ ।
**३२**त्यसकारण, तिमीहरूका पुर्खाहरूले गरेका
पापको नाप पूरा गर !

**३३**"सर्पहरू ! साँपे सर्पका बच्चाहरू !
तिमीहरू नरकको दण्डदेखि कसरी उम्कन्छौ ?
**३४**यसकारण म, तिमीहरूकहाँ अगमवक्ताहरू
र बुद्धिमान् मानिसहरू अनि शिक्षकहरू
पठाउँछु । तीमध्ये कतिलाई तिमीहरूले मार्नेछौ
र क्रूसमा चढ़ाउनेछौ; अरूलाई तिमीहरूले
तिमीहरूका सभाहरूमा कोर्रा लगाउनेछौ र
एक शहरदेखि अर्को शहरमा खेद्नेछौ ।
**३५**यसकारण तिमीहरूमाथि यस पृथ्वीमा
बगाइएका धार्मिक रगत अर्थात् धार्मिक
हाबिलदेखि लिएर तिमीहरूले मन्दिर अनि
वेदीको बीचमा हत्या गरेका बेरेक्याहका
छोरा जकरियासम्मको रगत आइपर्नेछ । **३६**म
तिमीहरूलाई साँच्चै भन्दछु, यी सबै कुरा यस
पुस्तामाथि नै आइपर्नेछन् ।

**३७**"हे यरूशलेम, यरूशलेम, जसले
अगमवक्ताहरूलाई मार्दछौ अनि तिमीकहाँ
पठाइएकाहरूलाई ढुङ्गाले हिर्काउँछौ । मैले
कतिपल्ट तिम्रा बालबच्चाहरूलाई एउटी पोथी
कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामनि
बटुलेझैं बटुल्न खोजें, तर तिमीहरू राजी
भएनौ । **३८**हेर, तिमीहरूको घर तिमीहरूको
लागि उजाड़ छोडिएको छ । **३९**किनकि म
तिमीहरूलाई भन्दछु, तिमीहरूले मलाई फेरि
देख्नेछैनौ जबसम्म तिमीहरूले 'परमप्रभुको
नाउँमा आउनुहुने धन्यका हुनुहुन्छ' भन्दैनौ ।"

## युगको अन्तको चिन्ह

*मर्कूस १३:१-३१; लूका २१:५-३८*

**२४** येशूले मन्दिर छाड़ेर गइरहनुहुँदा
चेलाहरू उहाँको ध्यान मन्दिरको
बनौटतिर आकर्षित गर्नलाई उहाँकहाँ आए ।
**२**उहाँले सोध्नुभयो, "के तिमीहरू यी सब थोक
देख्तैछौ ? म तिमीहरूलाई साँच्चै भन्दछु, यहाँको
एउटा ढुङ्गा पनि अर्कोमाथि छोड़िनेछैन, तर
प्रत्येक ढुङ्गा तल फ्याँकिनेछ ।"

**३**येशू जैतून डाँडामा बसिरहनुहुँदा चेलाहरू
गुप्तमा उहाँकहाँ आए । तिनीहरूले भने,
"हामीलाई भन्नुहोस्, यो कहिले हुनेछ अनि
तपाईंको आगमनको र जगतको अन्तको चिन्ह
के हुनेछ ?"

**४**येशूले जवाफ दिनुभयो: "होशियार बस
र कसैले तिमीहरूलाई धोका नदेओस् । **५**किनकि

---

**२३:२७**–प्रेरित २३:३. **२३:३३**–मत्ती ३:७; १२:३४; लूका ३:७. **२३:३५**–उत्पत्ति ४:८; २ इतिहास २४:२०-२१.
**२३:३८**–यर्मिया २२:५. **२३:३९**–भजन ११८:२६.

धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ,' भन्ने दाबी
गर्दै आउनेछन् अनि धेरैलाई धोका दिनेछन् ।
**६**तिमीहरूले लड़ाइँ र लड़ाइँका हल्लाहरू
सुन्नेछौ, तर तिमीहरू नडराउनू । यी कुराहरू
त हुनैपर्छ, तर अन्त त अझ आउन बाँकी नै
छ । **७**जाति जातिको विरुद्धमा अनि राज्य
राज्यको विरुद्धमा उठ्नेछ । धेरै ठाउँहरूमा
अनिकाल र भैंचालो हुनेछन् । **८**यी सबै त
अन्त्य आउनुभन्दा अघिका चिन्हहरू मात्र हुन् ।
**९**"तब तिमीहरू सताइनको लागि र
मारिनको लागि सुम्पिइनेछौ, अनि तिमीहरू
मेरो खातिर सबै जातिहरूद्वारा घृणित हुनेछौ ।
**१०**त्यस बेला धेरै जना विश्वासबाट पतित हुनेछन्
अनि आपसमा धोकाबाजी र घृणा गर्नेछन् ।
**११**अनि धेरै झूटा अगमवक्ताहरू देखापरेर
धेरैलाई भ्रममा पार्नेछन् । **१२**दुष्टता बढ़ेकोले,
धेरैको प्रेम सेलाउनेछ, **१३**तर जो अन्तसम्म
स्थिर रहला त्यो नै बचाइनेछ । **१४**अनि राज्यको
सुसमाचार सारा जातिको लागि साक्षीको रूपमा
विश्वभरि प्रचार गरिनेछ, तब अन्त आउनेछ ।
**१५**"यसरी जब तिमीहरूले दानिएल
अगमवक्ताद्वारा भनिएको 'उजाड़ गर्ने घृणित
कुरा' पवित्रस्थानमा खड़ा भएको देख्नेछौ–
पढ़नेले बुझोस् । **१६**तब यहूदियामा हुनेहरू
पहाड़हरूतिर भागून् । **१७**कौसीमा हुने कोही
पनि घरबाट केही थोक लिनलाई तल
नझरोस् । **१८**खेतमा हुने कोही पनि आफ्नो
खाष्टो लिन फर्केर नआओस् । **१९**ती दिनहरू
गर्भवती स्त्रीहरू र दूध खुवाउने आमाहरूको
लागि कति डरलाग्दा हुनेछन् । **२०**तिमीहरूको
भागाभाग हिउँद अथवा विश्राम-दिनमा नहोस्
भनी प्रार्थना गर । **२१**किनकि त्यस बेला
संसारको उत्पत्तिदेखि अहिलेसम्म नभएको र
फेरि कहिल्यै नहुने महासङ्कष्ट हुनेछ । **२२**यदि
ती दिनहरू नघटाइएका भए कोही पनि बाँच्ने
थिएन, तर चुनिएकाहरूको खातिर ती दिनहरू
घटाइनेछन् । **२३**त्यस बेला कसैले तिमीहरूलाई
'हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ !' अथवा, 'त्यहाँ
हुनुहुन्छ !' भन्यो भने, त्यो विश्वास नगर ।
**२४**किनकि झूटा ख्रीष्टहरू अनि झूटा
अगमवक्ताहरू देखा परेर ठूला चिन्हहरू र
आश्चर्य-कर्महरू गर्नेछन् र चुनिएकाहरूलाई
पनि हुनसके भर्माउनेछन् । **२५**हेर, मैले
तिमीहरूलाई अघिबाटै भनिदिएको छु ।
**२६**"यसकारण यदि कसैले तिमीहरूलाई
'हेर, उहाँ बाहिर मरुभूमिमा हुनुहुन्छ' भन्यो
भने निस्केर नजाओ; अथवा, 'उहाँ यहाँ भित्री
कोठाहरूमा हुनुहुन्छ' भन्यो भने त्यो विश्वास
नगर । **२७**किनकि जसरी पूर्वतिर चम्केको
बिजुली पश्चिममा पनि देखापर्छ, त्यसरी नै
म, मानव-पुत्रको आगमन पनि हुनेछ । **२८**जहाँ
सिनो हुन्छ, त्यहाँ गिद्धहरू भेला हुन्छन् ।
**२९**"ती दिनहरूका सङ्कष्टपछि तुरुन्तै

"'सूर्य अँध्यारो हुनेछ,
अनि चन्द्रमाले आफ्नो ज्योति दिनेछैन;
आकाशबाट ताराहरू खस्नेछन्,
अनि आकाशका वस्तुहरू हल्लाइनेछन् ।'

**३०**"त्यसबेला म, मानव-पुत्रको चिन्ह
आकाशमा देखापर्नेछ, अनि पृथ्वीका सबै
जातिहरूले विलाप गर्नेछन् । तिनीहरूले म, मानव-
पुत्रलाइ शक्ति र ठूलो महिमासाथ आकाशका
बादलहरूमा आउँदै गरेका देख्नेछन् । **३१**अनि
म आफ्ना दूतहरूलाई तुरहीको चर्को सोरसित
पठाउनेछु, अनि तिनीहरूले आकाशको एक
कुनादेखि अर्को कुनासम्म चारै दिशाबाट मेरा
चुनिएकाहरूलाई बटुल्नेछन् ।
**३२**"अब नेभाराको रूखबाट यो पाठ
सिक: यसका हाँगाहरू कलिला भई पातहरू
आउनासाथै तिमीहरू ग्रीष्म ऋतु नजीक आएको
थाहा पाउँछौ । **३३**त्यसरी नै, जब तिमीहरूले
यी सब कुराहरू देख्छौ, तिमीहरूले यो जान,

**२४:९**–मत्ती १०:२२. **२४:१३**–मत्ती १०:२२. **२४:१५**–दानिएल ९:२७; ११:३१; १२:११.
**२४:१७-१८**–लूका १७:३१. **२४:२१**–दानिएल १२:१; प्रकाश ७:१४. **२४:२६-२७**–लूका १७:२३-२४.
**२४:२८**–लूका १७:३७. **२४:२९**–यशैया १३:१०; ३४:४; इजकिएल ३२:७; योएल २:१०-३१; ३:१५;
प्रकाश ६:१२-१३. **२४:३०**–दानिएल ७:१३; जकरिया १२:१०-१४; प्रकाश १:७.

ऊ नजीकै, अँ ढोकैमा हुनुहुन्छ । **३४**म तिमीहरूलाई साँच्चै भन्दछु, यी कुराहरू नभई यो पुस्ता बितेर जानेछैन । **३५**स्वर्ग र पृथ्वी बितेर जानेछन्, तर मेरा वचनहरू कहिल्यै बितेर जानेछैनन् ।

## त्यो दिन र त्यो घड़ीको ज्ञान कसैलाई छैन

*मर्कूस १३:३२-३७; लूका १७:२६-३६*

**३६**"त्यस दिन र घड़ीको विषयमा कसैले जान्दैन, न स्वर्गका दूतहरूले, नता पुत्रले, तर पिताले मात्र । **३७**जसरी नूहको दिनमा भएको थियो, त्यसरी नै म, मानव-पुत्रको आगमनमा पनि हुनेछ । **३८**किनकि जलप्रलय अघिका दिनहरूमा नूह जहाजभित्र पसेको दिनसम्म मानिसहरू खाँदैथिए, पिउँदैथिए, विवाह गर्दै र विवाह गराउँदै थिए । **३९**अनि जलप्रलय आएर तिनीहरू सबैलाई नलगुञ्जेल तिनीहरूलाई के हुनेछ भनी थाहै थिएन । म, मानव-पुत्रको आगमन पनि त्यस्तै हुनेछ । **४०**दुई जना मानिसहरू खेतमा हुनेछन्; एक जना लगिनेछ अनि अर्को छोड़िनेछ । **४१**दुई जना स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्; एक जना लगिनेछ अनि अर्को छोड़िनेछ ।

**४२**"यसकारण होशियार बस, किनकि म, तिमीहरूका प्रभु कुन दिन आउनेछु भनी तिमीहरू जान्दैनौ । **४३**तर यो बुझ: यदि घरको मालिकले रातीको कुन समयमा चोर आउँछ भनी जानेका भए, तिनी होशियार रहने थिए अनि आफ्नो घर फोरिन दिने थिएनन् । **४४**यसकारण तिमीहरू पनि तयार बस, किनकि म, मानव-पुत्र तिमीहरूले नचिताएको बेला आउनेछु ।

**४५**"त्यसोभए त्यो विश्वासयोग्य र बुद्धिमान् नोकर को होला, जसलाई उसका मालिकले घरका नोकरहरूलाई तिनीहरूका भोजन ठीक समयमा दिनू भनेर तिनीहरूमाथि अख्तियार दिएका छन् ? **४६**उसका मालिक फर्केर आउँदा उसले त्यसै गरिरहेको भेट्टाए भने त्यस नोकरको लागि असल हुनेछ । **४७**म तिमीहरूलाई साँच्चै भन्दछु, तिनले उसलाई सबै सम्पत्तिहरूको जिम्मा दिनेछन् । **४८**तर यदि त्यो नोकर दुष्ट छ अनि त्यसले आफ्नो मनमा 'मेरो मालिक धेरै समय बाहिर रहनेछन्,' भनेर विचार गर्‍यो, **४९**अनि आफ्ना सँगी-नोकरहरूलाई पिट्न र मतवालाहरूसित खान र पिउन थाल्यो भने, **५०**मालिक त्यसले नचिताएको दिनमा र त्यसलाई थाहै नभएको घड़ीमा आइपुग्नेछन् । **५१**तिनले त्यसलाई टुक्राटुक्रा गरी काटेर कपटीहरूको साथमा राख्नेछन्, जहाँ रुवाइ र दाह्रा किटाइ हुनेछ ।

## दश कन्याहरूको दृष्टान्त

**२५** "त्यस समय स्वर्गको राज्य दश जना कन्याहरू जस्तो हुनेछ जसले आफ्ना बत्तीहरू लिए अनि दुलहालाई भेट्न गए । **२**तीमध्ये पाँच जना निर्बुद्धिहरू र पाँच जना बुद्धिमती थिए । **३**ती निर्बुद्धिहरूले बत्ती त लगे तर तेल लगेनन् । **४**तर ती बुद्धिमतीहरूले आफ्ना बत्तीहरूसित भाँडोमा तेल पनि लगे । **५**दुलहाले आउन ढिलो गरेकाले तिनीहरू सबै निदाउन थाले अनि भुसुक्क निदाए ।

**६**"मध्यरातमा एउटा सोर सुनियो: 'लौ दुलहा यहाँ छन् ! उनलाई भेट्न निस्किआओ !'

**७**"तब सबै कन्याहरू उठे अनि आफ्ना बत्तीहरू ठीक पारे । **८**ती निर्बुद्धिहरूले बुद्धिमतीहरूलाई भने, 'हामीलाई तिमीहरूका तेलबाट केही देओ; किनकि हाम्रा बत्तीहरू निभ्दैछन् ।'

**९**"तिनीहरूले जवाफ दिए, 'हुँदैन, शायद हाम्रो र तिमीहरू दुवैको लागि यो प्रशस्त नहोला । बरु तेल बेच्नेहरूकहाँ जाओ र आफ्नै लागि केही किन ।'

**१०**"तर जब तिनीहरू तेल किन्न निस्के, दुलहा आइपुगिहाले । ती तयार रहनेहरू तिनीसित विवाहको भोजमा प्रवेश गरिहाले । अनि ढोका बन्द भयो ।

---

**२४:३७**–उत्पत्ति ६:५-८. **२४:३९**–उत्पत्ति ७:६-२४. **२४:४३-४४**–लूका १२:३९-४०. **२५:१**–लूका १२:३५.

**११**"पछिबाट ती अरू पनि आए अनि
भने, 'प्रभु ! प्रभु ! हाम्रो लागि ढोका
खोलिदिनुहोस् !'
**१२**"तर तिनले जवाफ दिए, 'म तिमीहरूलाई
साँच्चै भन्दछु, म तिमीहरूलाई चिन्दिनँ ।'
**१३**"यसकारण जागा रहो, किनकि तिमीहरू
त्यो दिन र घड़ी जान्दैनौ ।

### तोड़ाको दृष्टान्त
*लूका १९:११-२७*

**१४**"फेरि, यो यात्रामा जान लागेको त्यो
मानिस जस्तो हो, जसले आफ्ना नोकरहरूलाई
बोलाएर आफ्ना सम्पत्ति जिम्मा दिए ।
**१५**तिनीहरूका योग्यताअनुसार तिनले एउटालाई
पाँच तोड़ा, अर्कोलाई दुई तोड़ा अनि अर्कोलाई
एक तोड़ा दिए । त्यसपछि तिनी आफ्ना यात्रामा
लागे । **१६**पाँच तोड़ा पाउने तुरुन्तै गएर आफ्नो
पैसा काममा लगायो अनि अरू पाँच तोड़ा
कमायो । **१७**दुई तोड़ा पाउनेले पनि त्यसै
गरी अरू दुई तोड़ा कमायो । **१८**तर एक तोड़ा
पाउने मानिस गयो, अनि भुइँमा खनेर उसका
मालिकको पैसा लुकायो ।
**१९**"धेरै समय बितेपछि ती नोकरहरूका
मालिक फर्किआए अनि तिनीहरूसित हिसाब
मागे । **२०**पाँच तोड़ा पाउने मानिसले अरू
पाँच तोड़ा ल्यायो । उसले भन्यो, 'हजुर, तपाईंले
मलाई पाँच तोडा सुम्पनुभएको थियो । हेर्नुहोस्,
मैले अरू पाँच कमाएँ ।'
**२१**"उसका मालिकले जवाफ दिए 'स्याबास,
असल र विश्वासी नोकर ! तँ थोरै कुरामा
विश्वासी भइस्, म तँलाई धेरै कुराको जिम्मा
दिनेछु । आइज र आफ्ना मालिकको रमाहटमा
सहभागी बन् !'
**२२**"दुई तोड़ा पाउने मानिस पनि आयो ।
त्यसले भन्यो, 'हजूर, तपाईंले मलाई दुई तोड़ा
सुम्पनुभएको थियो । हेर्नुहोस्, मैले अरू दुई
कमाएँ ।'
**२३**"त्यसका मालिकले जवाफ दिए, 'स्याबास,
असल र विश्वासी नोकर ! तँ थोरै कुरामा
विश्वासी भइस् । म तँलाई धेरै कुराको जिम्मा
दिनेछु । आइज र आफ्ना मालिकको रमाहटमा
सहभागी बन् !'
**२४**"त्यसपछि एक तोड़ा पाउने मानिस
आयो । त्यसले भन्यो 'हजूर, म जान्दछु कि
तपाईं नरोपेको ठाउँमा कटनी गर्नुहुने अनि
बीउ नछरेको ठाउँमा बटुल्नुहुने कठोर मानिस
हुनुहुन्छ । **२५**तसर्थ म डराएँ अनि गएर तपाईंको
तोड़ा भुइँमा लुकाएँ । हेर्नुहोस्, तपाईंको तोड़ा
यहाँ छ ।'
**२६**"त्यसका मालिकले जवाफ दिए, 'तँ दुष्ट
र अल्छे नोकर ! मैले नछरेको ठाउँमा म
कटनी गर्छु अनि बीउ नरोपेको ठाउँमा बटुल्छु
भन्ने तँलाई थाहा थियो ? **२७**त्यसोभए, तैंले
मेरो पैसा साहुकहाँ राख्नुपर्ने थियो, र म फर्केर
आउँदा मैले त्यसबाट ब्याजसमेत पाउने थिएँ ।
**२८**"'त्यसबाट त्यो तोड़ा लेओ र जससित
दश तोड़ा छ त्यसलाई देओ । **२९**किनकि जससित
छ त्यसलाई अरू दिइनेछ, अनि त्यससित प्रशस्त
हुनेछ । जससित छैन, त्यससित भएको पनि
खोसिने छ । **३०**अनि त्यस बेकामे नोकरलाई
बाहिरको अन्धकारमा फ्याँकिदेओ, जहाँ रुवाइ
र दाह्रा किटाइ हुनेछ ।'

### भेड़ा र बाख्राहरू

**३१**"जब म, मानव-पुत्र आफ्नो महिमामा
आफ्ना सबै दूतहरूसित आउनेछु, म स्वर्गीय
महिमामा सिंहासनमाथि बस्नेछु । **३२**सारा
जातिहरू म अगि भेला गराइनेछन्, अनि
तिनले गोठालाले बाख्राहरूबाट भेड़ाहरू अलग
गरेझैं मानिसहरूलाई एका अर्कादेखि अलग
गर्नेछन् । **३३**तिनले भेड़ाहरूलाई आफ्नो दाहिनेतिर
अनि बाख्राहरूलाई आफ्नो देब्रेतिर राख्नेछन् ।
**३४**"तब आफ्ना दाहिनेतिरकाहरूलाई
राजाले भन्नेछन्, 'आओ, मेरा पिताका धन्यहरू;

---

**२५:११-१२**–लूका १३:२५. **२५:२९**–मत्ती १३:१२; मर्कूस ४:२५; लूका ८:१८. **२५:३०**–मत्ती ८:१२; २२:१३; लूका १३:२८. **२५:३१**–मत्ती १६:२७; १९:२८.

संसारको उत्पत्तिदेखि तिमीहरूको लागि तयार
पारिएको राज्य, तिमीहरूको उत्तराधिकार
लेओ । **३५**किनकि म भोकाएको थिएँ र
तिमीहरूले मलाई केही खाने कुरा दियौ, म
तिर्खाएको थिएँ र तिमीहरूले मलाई केही पिउने
कुरा दियौ, म परदेशी थिएँ र तिमीहरूले मलाई
भित्र स्वागत गर्‍यौ, **३६**मलाई वस्त्रको खाँचो
थियो र तिमीहरूले मलाई पहिऱ्यायौ, म
बिरामी थिएँ र तिमीहरू मलाई हेर्न आयौ, म
झ्यालखानामा थिएँ र तिमीहरू मलाई भेट्न
आयौ ।'

**३७**"तब ती धार्मिकहरूले उनलाई जवाफ
दिनेछन्, 'हे प्रभु, हामीले तपाईंलाई कहिले
भोकाएका देख्यौं र खुवायौं, अथवा तिर्खाएका
देख्यौं र पिउन दियौं ? **३८**हामीले तपाईंलाई
कहिले परदेशी देख्यौं र भित्र स्वागत गर्‍यौं अथवा
वस्त्रको अभावमा अनि पहिऱ्यायौं ? **३९**हामीले
तपाईंलाई कहिले बिरामी वा झ्यालखानमा देख्यौं
अनि तपाईंलाई भेट्न गयौं ?'

**४०**"राजाले जवाफ दिनेछन्, 'म
तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूले मेरा
यी भाइहरूमध्ये सानोभन्दा सानोलाई जे गर्‍यौ,
त्यो तिमीहरूले मलाई नै गर्‍यौ ।'

**४१**"तब तिनले आफ्ना देब्रेतिरकाहरूलाई
भन्नेछन्, 'हे श्रापित हो, मबाट टाढा भएर शैतान
र त्यसका दूतहरूको लागि तयार पारिएको
अनन्तको आगोमा गइहाल । **४२**किनकि म
भोकाएको थिएँ र तिमीहरूले मलाई केही खान
दिएनौ, म तिर्खाएको थिएँ र तिमीहरूले मलाई
केही पिउन दिएनौ, **४३**म परदेशी थिएँ र
तिमीहरूले मलाई भित्र स्वागत गरेनौ, मलाई
वस्त्रको खाँचो थियो र तिमीहरूले मलाई
पहिऱ्याएनौ, म बिरामी र झ्यालखानमा थिएँ
अनि तिमीहरूले मेरो हेरचाह गरेनौ ।'

**४४**"तिनीहरूले पनि जवाफ दिनेछन्, 'हे
प्रभु, हामीले तपाईंलाई कहिले भोकाएका अथवा
तिर्खाएका, अथवा परदेशी, अथवा वस्त्रको खाँचोमा
पर्नुभएको, अथवा बिरामी अथवा झ्यालखानमा
देख्यौं अनि तपाईंलाई सहायता दिएनौं ?'

**४५**"उनले जवाफ दिनेछन्, 'म तिमीहरूलाई
साँच्चै भन्दछु, तिमीहरूले यी सानाहरूमध्ये
एउटालाई जे गरेनौ, त्यो तिमीहरूले मलाई नै
गरेनौ ।'

**४६**"तब तिनीहरू अनन्तको दण्डमा, तर
धार्मिकहरू अनन्तको जीवनमा जानेछन् ।"

## येशूविरुद्ध षड्यन्त्र

*मर्कूस १४:१-२; लूका २२:१-२; यूहन्ना ११:४५-५३*

**२६** जब येशूले यी सबै कुराहरू
बोलिसक्नुभयो, उहाँले आफ्ना
चेलाहरूलाई भन्नुभयो, **२**"तिमीहरूलाई थाहा
भएकैँ, निस्तार-चाड़ आउन अब दुई दिन मात्र
छ– अनि मानिसको पुत्र क्रूसमा चढ़ाइनको
लागि सुम्पिइने छन् ।"

**३**तब मुख्य पूजाहारीहरू र जनताका धर्म-
गुरुहरू कैयाफा नाउँ भएको प्रधान पूजाहारीको
महलमा भेला भए । **४**अनि तिनीहरूले येशूलाई
धूर्ततापूर्वक पक्रेर मार्ने षड्यन्त्र गरे ।
**५**तिनीहरूले भने, "तर यो त चाड़को समयमा
होइन, नत्र कतै मानिसहरूमा दङ्गा होला ।"

## बेथानीमा येशूको अभिषेक

*मर्कूस १४:३-९; यूहन्ना १२:१-८*

**६**त्यसबेला येशू बेथानीमा सिमोन नाउँ
भएको कुष्ठरोगीको घर हुनुहुँदा, **७**एउटी स्त्री
सिङ्गमर्मरको एउटा भुँडुल्कोमा बहुमूल्य अत्तर
लिएर आइन्, अनि उहाँ खान बस्नुहुँदा उहाँको
शिरमा खन्याइन् ।

**८**जब चेलाहरूले यो देखे, तिनीहरू
रिसाए । तिनीहरूले भने, "यो नोक्सानी किन ?
**९**यो अत्तर धेरै दाममा बेचेर त्यो पैसा
गरीबहरूलाई दिन सकिन्थ्यो ।"

**१०**त्यो थाहा पाएर येशूले तिनीहरूलाई
भन्नुभयो, "तिमीहरू यस स्त्रीलाई किन दु:ख
दिइरहेका छौ ? यसले मप्रति एउटा असल
काम गरेकी छ । **११**गरीबहरू त तिमीहरूसित

---

**२५:४६**–दानिएल १२:२. **२६:२**–प्रस्थान १२:१-२७. **२६:७**–लूका ७:३७-३८. **२६:११**–व्यवस्था १५:११.

सधैँ हुनेछन्, तर तिमीहरूले मलाई त सधैँ
पाउनेछैनौ । **१२**जब यो अत्तर मेरो शरीरमा
खन्याइ, यसले मलाई गाड्ने तयारीको
निम्ति गरी । **१३**म तिमीहरूलाई साँच्चै भन्दछु,
संसारभरि जहाँजहाँ यो सुसमाचार प्रचारिनेछ,
यसले जे गरेकी छ त्यो पनि यसको सम्झनामा
प्रचार गरिने छ ।"

### यहूदा येशूलाई विश्वासघात गर्न राजी भएको

*मर्कूस १४:१०-११; लूका २२:३-६*

**१४**त्यसपछि बाह्रमध्ये एक जना जसलाई
यहूदा इस्करियोत पनि भनिन्छ– मुख्य
पूजाहारीहरूकहाँ गयो, **१५**अनि सोध्यो, "यदि
मैले येशूलाई तिमीहरूको हातमा सुम्पिदिएँ
भने तिमीहरू मलाई के दिन राजी छौ ?" तब
तिनीहरूले उसको लागि तीसओटा चाँदीका
सिक्काहरू गनिदिए । **१६**त्यस बेलादेखि यहूदाले
उहाँलाई पक्राइदिने मौका हेर्न थाल्यो ।

### प्रभु भोज

*मर्कूस १४:१२-२६; लूका २२:७-२३*
*यूहन्ना १३:२१-३०*

**१७**अखमिरी रोटीको चाड़को पहिलो दिन
चेलाहरू येशूकहाँ आएर सोधे, "निस्तार-चाड़को
भोज खानको निम्ति हामीले कहाँ तयार गरौं
भनी तपाईं चाहनुहुन्छ ?"

**१८**उहाँले जवाफ दिनुभयो, "शहरमा कुनै
मानिसकहाँ जाओ अनि उसलाई भन, 'गुरु
भन्नुहुन्छ: मेरो तोकिएको समय नजीकै छ ।
म मेरा चेलाहरूसित तिम्रो घरमा निस्तार-
चाड़ मान्नेछु ।'" **१९**अनि चेलाहरूले येशूले
तिनीहरूलाई आज्ञा गर्नुभएबमोजिम गरे र
निस्तार-चाड़को तयारी गरे ।

**२०**जसै साँझ पऱ्यो, येशू बाह्रैसित खान
बस्नुभयो । **२१**अनि उहाँहरूले खाइरहनुहुँदा उहाँले
भन्नुभयो, "म तिमीहरूलाई साँच्चै भन्दछु,
तिमीहरूमध्ये एक जनाले मलाई धोका दिनेछ ।"

**२२**तिनीहरू अति दु:खी भए अनि एकपछि
अर्को गर्दै तिनीहरूले उहाँलाई भने, "प्रभु, त्यो
निश्चय म त होइनँ ?"

**२३**अनि येशूले जवाफ दिनुभयो, "जसले
आफ्नो हात मसित कचौरामा चोपेको छ त्यसैले
मलाई धोका दिनेछ । **२४**म, मानव-पुत्र
त मेरो विषयमा लेखिएझैँ जानेछु । तर त्यस
मानिसलाई धिक्कार जसले म, मानव-पुत्रलाई
धोका दिनेछ ! त्यो त नजन्मिएकै भए त्यसको
लागि असल हुनेथियो ।"

**२५**तब उहाँलाई धोका दिने यहूदाले भन्यो,
"हे गुरु, त्यो निश्चय म त होइनँ ?"

येशूले जवाफ दिनुभयो, "तिमी नै हौ ।"

**२६**जब उहाँहरू खाइरहनुभएको थियो, येशूले
रोटी लिएर धन्यवाद दिनुभयो, अनि भाँच्नुभयो,
र यसो भन्दै चेलाहरूलाई दिनुभयो, "लेओ र
खाओ; यो मेरो शरीर हो ।"

**२७**त्यसपछि उहाँले कचौरा लिएर धन्यवाद
दिनुभयो, अनि यसो भन्दै तिनीहरूलाई
दिनुभयो, "तिमीहरू सबैले यसबाट पिओ ।
**२८**यो करारको मेरो रगत हो, जो धेरैको
पाप क्षमाको लागि बगाइनेछ । **२९**म
तिमीहरूलाई भन्दछु, जुन दिन म तिमीहरूसित
मेरा पिताको राज्यमा यसलाई नयाँ गरी पिउँदिनँ
तबसम्म म दाखको यस फलबाट पिउनेछैन ।"

**३०**एउटा भजन गाएपछि उहाँहरू जैतुन
डाँड़ामा जानुभयो ।

### येशूले पत्रुसको इन्कारबारे पूर्वसूचना दिनुभएको

*मर्कूस १४:२७-३१; लूका २२:३१-३४*
*यूहन्ना १३:३६-३८*

**३१**तब येशूले तिनीहरूलाई भन्नुभयो, "यसै
रात मेरो कारणले तिमीहरू पछि हटिजानेछौ,
किनकि यसरी लेखिएको छ:

"'म गोठालोलाई प्रहार गर्नेछु,

---

**२६:१५**–जकरिया ११:१२. **२६:२३**–भजन ४१:९. **२६:२८**–प्रस्थान २४:८; यर्मिया ३१:३१-३४.
**२६:३१**–जकरिया १३:७.

अनि बगालका भेड़ाहरू छरपुस्ट
हुनेछन् ।'

**३२**तर म जीवित भएपछि, म तिमीहरूभन्दा
अगि गालीलमा जानेछु ।"
**३३**पत्रुसले जवाफ दिए, "यदि तपाईंको
कारण सबै पछि हटे तापनि, मचाहिँ हट्नेछैनँ ।"
**३४**येशूले जवाफ दिनुभयो, "म तिमीलाई
साँच्चै भन्दछु, आज राती नै भाले बास्नअघि
तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ ।"
**३५**तर पत्रुसले भने, "म तपाईंसित मर्नुपरे
तापनि, म तपाईंलाई कहिल्यै इन्कार गर्नेछैनँ ।"
अनि अरू सबै चेलाहरूले पनि त्यसै भने ।

### गेतसमनी

*मर्कूस १४:३२-४२; लूका २२:३९-४६*

**३६**तब येशू आफ्ना चेलाहरूसित गेतसमनी
भन्ने ठाउँमा जानुभयो र उहाँले तिनीहरूलाई
भन्नुभयो, "म अलि पर गएर प्रार्थना गर्नेछु ।
तिमीहरू यहीँ बसिरहो ।" **३७**उहाँले पत्रुस अनि
जब्दीका दुई छोराहरूलाई आफूसित लानुभयो
र उहाँ दु:खित र विचलित हुनुभयो । **३८**तब
उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण दु:खले
मरेतुल्य भएको छ । यहीँ बस र मसित जागा
रहो ।"
**३९**अलि पर गएर उहाँले भुइँमा घोप्टो
परेर प्रार्थना गर्नुभयो, "हे मेरा पिता, यदि
सम्भव भए यो कचौरा मदेखि हटाइयोस् ।
तरै पनि मेरो इच्छा होइन, तर तपाईंकै
इच्छाअनुसार होस् ।"
**४०**तब उहाँ आफ्ना चेलाहरूकहाँ फर्कनुभयो
अनि तिनीहरूलाई सुतिरहेका भेट्टाउनुभयो ।
उहाँले पत्रुसलाई सोध्नुभयो, "के तिमीहरू मसित
एक घड़ी पनि जागा रहन सकेनौ ? **४१**जागा
बस, प्रार्थना गर र तिमीहरू परीक्षामा नपर ।
आत्मा त राजी छ, तर शरीर कमजोर छ ।"
**४२**उहाँ दोस्रोपल्ट जानुभयो अनि प्रार्थना
गर्नुभयो, "हे मेरा पिता, यदि मैले नपिइकन यो
कचौरा हटाइनु सम्भव छैन भने, तपाईंको
इच्छा पूरा होस् ।"
**४३**जब उहाँ फर्केर आउनुभयो, उहाँले
तिनीहरूलाई सुतिरहेकै भेट्टाउनुभयो, किनकि
तिनीहरूका आँखा लोलाएका थिए ।
**४४**यसकारण उहाँले तिनीहरूलाई छोड़ेर
एकपल्ट फेरि गएर उही शब्दहरू दोहोऱ्याई
प्रार्थना गर्नुभयो ।
**४५**तब उहाँ चेलाहरूकहाँ फर्किआएर
तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू अझै
सुतिरहेका र विश्राम गरिरहेका छौ ? हेर,
समय नजीकै छ । अब म, मानव-पुत्रलाई
पापीहरूको हातमा धोकाबाजीसाथ पक्राइने
छ । **४६**उठ र जाऔं, हेर मलाई पक्राइदिने
आउँदैछ !"

### येशू पक्राइनुभएको

*मर्कूस १४:४३-५०; लूका २२:४७-५३*
*यूहन्ना १८:३-१२*

**४७**उहाँले यसो भन्दाभन्दै बाह्रमध्येका
एक जना यहूदा आइपुग्यो । ऊसित मुख्य
पूजाहारीहरू र समाजका धर्मगुरुहरूद्वारा
पठाइएको ठूलो भीड़ हातमा तरवार र लाठीहरू
लिएर आएको थियो । **४८**अब त्यस धोकेबाजले
तिनीहरूसित एउटा सङ्केत मिलाएको थियो:
"म जसलाई म्वाइँ खान्छु, तिनी नै हुन्; तिनैलाई
समात ।" **४९**त्यसपछि येशूकहाँ झट्ट गएर
यहूदाले यसो भन्दै उहाँलाई म्वाइँ खायो,
"गुरुज्यू, सलाम !"
**५०**येशूले जवाफ दिनुभयो, "मित्र, तिमी जे
गर्न आयौ त्यो गरिहाल ।"
तब ती मानिसहरू अगि बढ़ेर उहाँलाई
समाते र पक्रे । **५१**त्यसो हुँदा येशूसित
हुनेहरूमध्ये एक जनाले आफ्नो तरवार थुते
अनि प्रधान पूजाहारीको नोकरलाई प्रहार
गरे र त्यसको कान काटिदिए ।
**५२**येशूले तिनलाई भन्नुभयो, "तिमीले आफ्नो
तरवार त्यसकै ठाउँमा राख, किनकि जसले

---

**२६:३२**–मत्ती २८:१६.

तरवार लिन्छ त्यो तरवारद्वारै नष्ट हुन्छ ।
**५३**के तिमी सम्झन्छौ म आफ्ना पितासित उहाँले
मेरो अधीनमा बाह्र पल्टनभन्दा बढ़ी दूतहरू
झट्टै राखिदिनको लागि बिन्ती गर्न सक्दिनँ ?
**५४**तर त्यसो भएमा यस्तै हुनुपर्छ भन्ने धर्मशास्त्र
कसरी पूरा हुने ?"

**५५**त्यस बेला येशूले त्यस भीड़लाई भन्नुभयो,
"के म एउटा राजद्रोहको अगुवाइ गरिरहेको
छु, र तिमीहरू मलाई पक्रन तरवार र लाठीहरू
लिएर आयौ ? म प्रतिदिन मन्दिरको चोकमा
सिकाउँदै बस्थें अनि तिमीहरूले मलाई पक्रेनौ ।
**५६**तर यी सबै अगमवक्ताहरूले लेखेका कुराहरू
पूरा हुनलाई नै भएका हुन् ।" तब सबै चेलाहरू
उहाँलाई त्यागेर भागिहाले ।

## महासभाको सामुन्ने

*मर्कूस १४:५३-६५; लूका २२:५४-५५, ६३-७१*
*यूहन्ना १८:१२-१४, १९-२४*

**५७**येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान
पूजाहारी कैयाफाकहाँ लगे, जहाँ शास्त्रीहरू र
धर्मगुरुहरू भेला भएका थिए । **५८**पत्रुसले
उहाँलाई टाढ़ाबाट प्रधान पूजाहारीको चोकसम्मै
पछ्याउँदै गए । तिनी भित्र पसे र के
हुँदो रहेछ हेर्नलाई पालेहरूसित बसे ।

**५९**मुख्य पूजाहारीहरू र सम्पूर्ण महासभाले
येशूलाई मार्नको लागि उहाँको विरुद्धमा झूटा
प्रमाणहरू खोजिरहेका थिए । **६०**तर धेरै झूटा
साक्षीहरू अगि सरेर आए तापनि तिनीहरूले
केही भेट्टाउन सकेनन् ।

आखिरमा दुई जनाले अगि सरेर **६१**घोषणा
गरे, "यस मानिसले भन्यो, 'म परमेश्वरको
मन्दिरलाई भत्काएर यसलाई तीन दिनमा फेरि
बनाउन सक्छु ।'"

**६२**तब प्रधान पूजाहारी उठे र येशूलाई
भने, "के तिमी जवाफ दिँदैनौ ? यी मानिसहरूले
तिम्रो विरुद्धमा दिएको साक्षी के हो ?" **६३**तर
येशू चुप रहनुभयो ।

प्रधान पूजाहारीले उहाँलाई भने, "म जीवित
परमेश्वरको नाउँमा शपथ खाएर भन्छु: तिमी
परमेश्वरका पुत्र ख्रीष्ट हौ भने हामीलाई भन ।"

**६४**येशूले जवाफ दिनुभयो, "हो, जस्तो तिमी
भन्छौ । तर म तिमीहरू सबैलाई भन्दछु: भविष्यमा
तिमीहरूले म, मानव-पुत्रलाई सर्वशक्तिमान्‌को
दाहिने हातपट्टि बसेको अनि आकाशका
बादलहरूमा आइरहेका देख्नेछौ ।"

**६५**तब प्रधान पूजाहारीले आफ्नो वस्त्र च्याते
अनि भने, "यसले ईश्वर-निन्दा गरेको छ !
अब हामीलाई अरू साक्षीहरू किन चाहियो ?
हेर्नुहोस्, अहिले तपाईंहरूले ईश्वर-निन्दा
सुनिहाल्नुभयो । **६६**तपाईंहरू के विचार
गर्नुहुन्छ ?"

तिनीहरूले जवाफ दिए, "यो मारिने योग्यको
छ ।"

**६७**तब तिनीहरूले उहाँको अनुहारमा थुके
अनि मुक्का लगाए । अरूले थप्पड़ लगाएर
**६८**भने, "हे ख्रीष्ट, अगमवाणी गरेर बोल् ।
तँलाई कसले हिर्कायो ?"

## पत्रुसले येशूलाई इन्कार गरेको

*मर्कूस १४:६६-७२; लूका २२:५५-६२*
*यूहन्ना १८:१५-१८, २५-२७*

**६९**अब पत्रुस बाहिरको चोकमा बसिरहेका
थिए । अनि एउटी नोकर्नी तिनी भएको ठाउँमा
आई र भनी, "गालीलका येशूसित तिमी पनि
थियौ ।"

**७०**तर तिनले सबैको सामु यो कुरा इन्कार
गरे । तिनले भने, "तिमी के कुरा गरिरहेकी
छौ म जान्दिनँ ।"

**७१**तब तिनी ढोका बाहिर गए, जहाँ
तिनलाई अर्की केटीले देखी अनि त्यसले त्यहाँ
भएका मानिसहरूलाई भनी, "यो मानिस पनि
नासरतको येशूसित थियो ।"

**७२**तिनले शपथ खाएर फेरि इन्कार गरे,
"म यस मानिसलाई चिन्दिनँ ।"

---

**२६:५५**–लूका १९:४७; २१:३७. **२६:६१**–यूहन्ना २:१९. **२६:६४**–दानिएल ७:१३. **२६:६५–६६**–लेवी २४:१६.
**२६:६७**–यशैया ५०:६.

**७३**केही बेरपछि त्यहाँ उभिनेहरूले पत्रुसकहाँ
गएर भने, "निश्चय तिमी तिनीहरूमध्येका
एक हौ, किनकि तिम्रो बोलीले नै त्यही
बताउँछ ।"
**७४**तब तिनले आफैलाई धिक्कार्दै शपथ
खाएर तिनीहरूलाई भने, "म यस मानिसलाई
चिन्दै चिन्दिनँ ।"
तत्कालै भाले बास्यो । **७५**तब येशूले यसो
भन्नुभएको कुरा पत्रुसले सम्झे, "भाले बास्नअघि
तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ ।" अनि
तिनी बाहिर गएर धुरुधुरु रोए ।

### यहूदाले आफैलाई झुण्ड्याएको

**२७** एका बिहानै सबै मुख्य पूजाहारीहरू
र समाजका धर्मगुरुहरूले येशूलाई मार्ने
निर्णय लिए । **२**तिनीहरूले उहाँलाई बाँधे र
लगेर हाकिम पिलातसको हातमा सुम्पिदिए ।
**३**जब उहाँलाई धोका दिने यहूदाले येशूलाई
दण्डाज्ञा दिइएको देख्यो, ऊ पछुतोले भरियो ।
अनि तीसओटा चाँदीका सिक्काहरू मुख्य
पूजाहारीहरू र धर्मगुरुहरूलाई फर्काइदियो,
**४**अनि भन्यो, "मैले निर्दोष मानिसलाई धोका
दिएर पाप गरेको छु ।"
तिनीहरूले जवाफ दिए, "हामीलाई यसको
के मतलब ? यो त तिम्रै जिम्मेवारी हो ।"
**५**यसकारण यहूदाले त्यो पैसा मन्दिरमा
फ्याँकिदियो र बाहिर निस्कियो । तब ऊ टाढ़ा
गयो अनि आफै झुण्डिएर मऱ्यो ।
**६**मुख्य पूजाहारीहरूले ती सिक्काहरू टिपेर
भने, "यसलाई ढुकुटीमा हाल्न उचित छैन,
किनकि यो रगतको मोल हो ।" **७**तसर्थ
तिनीहरूले त्यस पैसाले परदेशीहरूको लागि
गाड्ने ठाउँ भनेर कुमालेको जमिन किन्ने
निश्चय गरे । **८**यसैकारण आजसम्मै यसलाई
रगतको जमिन भनिदै आएको छ । **९**तब यर्मिया
अगमवक्ताद्वारा भनिएको कुरा पूरा भयो:
"तिनीहरूले इस्राएलीहरूद्वारा उहाँको मोल भनेर
तोकेका चाँदीका तीसओटा सिक्काहरू लिए,
**१०**अनि परमप्रभुले मलाई आदेश दिनुभएअनुसार
तिनीहरूले त्यसलाई कुमालेको जमिन किन्न
प्रयोग गरे ।"

### येशू पिलातसको सामुन्ने

*मर्कूस १५:१-१५; लूका २३:१-५, १८-२५*
*यूहन्ना १८:२९-१९:१६*

**११**त्यसपछि येशू हाकिमको अगि उभिनुभयो,
अनि हाकिमले उहाँलाई सोधे, "के तिमी
यहूदीहरूका राजा हौ ?"
येशूले जवाफ दिनुभयो, "हो, तपाईंले
भन्नुभएझैं ।"
**१२**जब उहाँलाई मुख्य पूजाहारीहरू र
धर्मगुरुहरूले दोष लगाए, उहाँले कुनै जवाफ
दिनुभएन । **१३**तब पिलातसले उहाँलाई सोधे,
"तिनीहरूले तिम्रो विरुद्धमा दिएका साक्षीहरू
के तिमी सुन्दैनौ ?" **१४**तर येशूले कुनै जवाफ
दिनुभएन, अँ एउटै अभियोगको पनि– अनि
हाकिम अति छक्क परे ।
**१५**अब चाड़को समयमा भीड़ले रुचाएबमोजिम
एक जना कैदीलाई छोड़िदिने चलन थियो ।
**१६**त्यस बेला तिनीहरूसित बारब्बा नाउँ
भएको एक जना कुख्यात कैदी थियो ।
**१७**अनि जब भीड़ जम्मा भयो, पिलातसले
तिनीहरूलाई सोधे, "तिमीहरूको लागि मैले
कसलाई छोड़िदिएको चाहन्छौ– बारब्बालाई
कि ख्रीष्ट भनिने येशूलाई ?" **१८**किनकि
तिनीहरूले येशूलाई ईर्ष्याको कारण सुम्पेका
हुन् भनी तिनलाई थाहा थियो ।
**१९**पिलातस न्याय-आसनमा बसिरहेको बेला
तिनकी पत्नीले तिनलाई यो समाचार पठाइन्,
"यस निर्दोष मानिसलाई केही नगर्नुहोस्, किनकि
आज राती मैले सपनामा तिनको कारण धेरै
कष्ट भोगेकी छु ।"
**२०**तर मुख्य पूजाहारीहरू अनि धर्मगुरुहरूले
भीड़लाई बारब्बालाई छाड्न र येशूलाई फाँसी
दिने माग गर्न राजी गराए ।
**२१**हाकिमले सोधे, "दुई जनामा म

**२७:३–८**–प्रेरित १:१८-१९. **२७:९–१०**–जकरिया ११:१२-१३.

तिमीहरूको निम्ति कसलाई छोड़िदिऊँ भन्ने
तिमीहरू चाहन्छौ ?"
तिनीहरूले जवाफ दिए, "बारब्बालाई ।"
**२२**पिलातसले सोधे, "त्यसो भए ख्रीष्ट भनिने
येशूलाई म के गरूँ ?"
तिनीहरूले जवाफ दिए, "त्यसलाई क्रूसमा
चढ़ाउनुहोस् !"
**२३**हाकिमले सोधे, "किन ? तिनले के
अपराध गरेका छन् ?"
तर तिनीहरूले अझ चर्को सोरले कराएर
भने, "त्यसलाई क्रूसमा चढ़ाउनुहोस् !"
**२४**जब पिलातसले आफ्नो केही सीप
नलाग्ने, बरु अझ खैलाबैला मच्चिने देखे, तिनले
पानी लिएर भीड़को सामुन्ने आफ्ना हात
धोए। तिनले भने, "म यस मानिसको रगतदेखि
निर्दोष छु । यसको जिम्मा तिमीहरूकै हो ।"
**२५**सबै जनाले जवाफ दिए, "यिनको रगत
हामीहरू र हाम्रा सन्तानमाथि परोस् ।"
**२६**तब तिनले तिनीहरूको निम्ति बारब्बालाई
छोड़िदिए । तर तिनले येशूलाई कोर्रा लगाउन
दिए, अनि उहाँलाई क्रूसमा चढ़ाउनलाई
सुम्पिदिए ।

## सिपाहीहरूले येशूलाई अपमान गरेका

*मर्कूस १५:१६-२०; यूहन्ना १९:२-३*

**२७**तब हाकिमका सिपाहीहरूले येशूलाई
महलमा लगे अनि जम्मै पल्टनलाई उहाँको
चारैतिर भेला गराए । **२८**तिनीहरूले उहाँको
वस्त्र फुकालेर सिन्दुरे रङ्गको वस्त्र लगाइदिए ।
**२९**अनि तिनीहरूले काँढ़ाहरू बटारेर एउटा
मुकुट बनाएर उहाँको शिरमा लगाइदिए ।
तिनीहरूले उहाँको दाहिने हातमा एउटा निगालो
राखिदिए अनि उहाँको अगि घुँड़ा टेकेर उहाँलाई
खिसी गरेर भने, "हे यहूदीहरूका राजा, सलाम !"
**३०**तिनीहरूले उहाँलाई थुके, र त्यो निगालो
लिएर उहाँको शिरमा बारम्बार हिर्काए ।
**३१**उहाँलाई अपमान गरिसकेपछि तिनीहरूले त्यो
वस्त्र फुकालेर उहाँकै वस्त्र लगाइदिए । त्यसपछि
तिनीहरूले उहाँलाई क्रूसमा चढ़ाउन लगे ।

## येशू क्रूसमा चढ़ाइनुभएको

*मर्कूस १५:२१-३२; लूका २३:२६-४३*
*यूहन्ना १९:१७-२७*

**३२**तिनीहरू जसै जाँदैथिए, तिनीहरूले
साइरिनीवासी सिमोनलाई भेटे अनि तिनीहरूले
उसलाई क्रूस बोक्न कर लगाए । **३३**तिनीहरू
गलगथा (जसको अर्थ "खप्परको ठाउँ" हो)
भन्ने स्थानमा आइपुगे । **३४**त्यहाँ तिनीहरूले
येशूलाई पित्त मिसाइएको दाखमद्य पिउनलाई
दिए; तर चाखेपछि उहाँले त्यो पिउन अस्वीकार
गर्नुभयो । **३५**जब तिनीहरूले उहाँलाई क्रूसमा
चढ़ाइसके, तिनीहरूले उहाँको वस्त्र चिट्ठा
हालेर आपसमा बाँड़े । **३६**अनि तिनीहरू त्यहाँ
बसेर उहाँलाई पहरा दिनथाले । **३७**उहाँको
शिरको मास्तिर तिनीहरूले उहाँको विरुद्धमा
लेखिएको यो अभियोगपत्र टाँगे: यो यहूदीहरूका
राजा येशू हो । **३८**त्यतिबेला दुई डाँकूहरू पनि
उहाँसित क्रूसमा टाँगिएका थिए, एक जना
दाहिने अनि अर्को देब्रेतिर । **३९**त्यस ठाउँबाट
भएर हिँड्नेहरूले पनि उहाँलाई निन्दा गरेर
आफ्ना शिर हल्लाउँदै **४०**यसो भने, "तिमी,
जसले मन्दिर भत्काएर तीन दिनमा बनाउनेछौ,
आफैलाई बचाऊ ! तिमी परमेश्वरका पुत्र
भए, क्रूसबाट तल ओर्लिआऊ !"
**४१**यसै प्रकारले मुख्य पूजाहारीहरू, शास्त्रीहरू
अनि धर्मगुरुहरूले पनि उहाँलाई अपमान
गरे । **४२**तिनीहरूले भने, "यसले अरूलाई
बचायो तर आफैलाई बचाउन सक्दैन ! यो
इस्राएलको राजा हो ! अहिले यो क्रूसबाट
तल ओर्लिआओस् र हामी यसलाई विश्वास
गर्नेछौं । **४३**यसले परमेश्वरमाथि भरोसा
राख्छ। यदि परमेश्वरले चाहनुहुन्छ भने उहाँले
यसलाई अहिले मुक्त गरून्, किनकि यसले 'म
परमेश्वरका पुत्र हुँ' भनेको छ ।" **४४**यसरी नै

---

**२७:२४**–व्यवस्था २१:६-९. **२७:३४**–भजन ६९:२१. **२७:३५**–भजन २२:१८. **२७:३९**–भजन २२:७; १०९:२५.
**२७:४०**–मत्ती २६:६१; यूहन्ना २:१९. **२७:४३**–भजन २२:८.

उहाँसित क्रूसमा टाँगिने डाँकूहरूले पनि उहाँलाई
धेरै अपमान गरे ।

### येशूको मृत्यु

*मर्कूस १५:३३-४१; लूका २३:४४-४९*
*यूहन्ना १९:२८-३०*

**४५**छैटौं घड़ीदेखि नवौं घड़ीसम्म देशभरि
अँध्यारो भयो । **४६**नवौं घड़ीतिर येशू चर्को सोरमा
कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी ?"
जसको अर्थ हो "हे मेरा परमेश्वर, हे मेरा
परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?"
**४७**त्यहाँ उभिनेहरूमध्ये कतिले जब यो सुने,
तिनीहरूले भने, "यसले एलियालाई बोलाउँदैछ ।"
**४८**तीमध्ये एक जनाले तुरुन्तै दौडेर गई
स्पन्ज लियो । उसले त्यसलाई सिर्कामा चोपेर
एउटा निगालोमा लगाएर पिउन भनी येशूलाई
दियो । **४९**अरूले भने, "अब यिनलाई एक्लै
छोड़िदेओ । हेरौं एलिया यिनलाई बचाउन
आउँछन् कि ।"
**५०**अनि जब येशू चर्को सोरले फेरि
कराउनुभयो, उहाँले आफ्नो प्राण त्याग्नुभयो ।
**५१**त्यस बेला मन्दिरको पर्दा टुप्पोदेखि
फेदसम्मै दुई भाग भएर च्यातियो। पृथ्वी हल्लियो
अनि चट्टानहरू फुटे । **५२**चिहानहरू उघारिए
अनि मरिगएका धेरै पवित्र जनका शरीरहरू
जीवित भई उठे। **५३**तिनीहरू चिहानबाट बाहिर
निस्किआए, अनि येशूको पुनरुत्थान भएपछि
तिनीहरू पवित्र शहरमा गए र धेरै
मानिसहरूकहाँ देखा परे ।
**५४**जब येशूलाई पहरा दिने त्यो कप्तान र
ऊसित हुने अरूहरूले त्यो भैंचालो र अरू
घटनाहरू देखे, तिनीहरू अत्यन्त डराए,
अनि भने, "निश्चय उहाँ परमेश्वरका पुत्र
हुनुहुँदोरहेछ !"
**५५**त्यहाँ धेरै स्त्रीहरू थिए, जसले टाढ़ाबाट
सबै कुरा हेरिरहेका थिए । तिनीहरू उहाँको
खाँचोअनुसार सेवा गर्नलाई गालीलदेखि नै
उहाँको पछि लागेका थिए । **५६**तीमध्ये मरियम
मग्दलिनी, याकूब र योसेसकी आमा मरियम
र जब्दीका छोराहरूकी आमा थिए ।

### येशू गाड़िनुभएको

*मर्कूस १५:४२-४७; लूका २३:५०-५६*
*यूहन्ना १९:३८-४२*

**५७**साँझ परेपछि, अरिमथियाका यूसुफ नाउँ
भएका धनी मानिस आए, जो स्वयम् येशूका
चेला भएका थिए । **५८**तिनले पिलातसकहाँ
गएर येशूको लाश मागे र पिलातसले तिनलाई
त्यो दिइयोस् भन्ने हुकुम गरे। **५९**अनि यूसुफले
लाश लगे, सफा मलमलको लुगाले बेह्रे, **६०**अनि
आफ्नै नयाँ चिहानमा राखे जुन चट्टान खोपेर
बनाइएको थियो । तिनले चिहानको मुखमा
एउटा ठूलो ढुङ्गा गुड्‍याइदिए र गए। **६१**त्यहाँ
चिहानको सामुन्ने मरियम मग्दलिनी र अर्की
मरियम बसिरहेका थिए ।

### चिहानमा पहरा

**६२**अर्को दिन, अर्थात् तयारीको दिनको
भोलिपल्ट मुख्य पूजाहारीहरू अनि फरिसीहरू
पिलातसकहाँ गए । **६३**तिनीहरूले भने,
"हजुर, त्यस ठगाहाले जिउँदो हुँदा 'म तीन
दिनपछि फेरि जीवित भई उठ्नेछु' भनेर भनेको
कुरा हामीलाई याद छ । **६४**यसकारण
तेस्रो दिनसम्म चिहानलाई सुरक्षित राख्ने
हुकुम दिनुहोस् । नभए, त्यसका चेलाहरूले
आएर उसको शरीर चोरेर लैजालान् अनि
मानिसहरूलाई ऊ जीवित भई उठेको छ
भन्लान् । यो अन्तिम धोका पहिलोभन्दा अझ
नराम्रो हुनेछ ।"
**६५**पिलातसले जवाफ दिए, "केही पहरादार
लेओ र चिहानलाई तिमीहरूले जानेअनुसार
सुरक्षित राख ।" **६६**यसकारण तिनीहरू गए
अनि ढुङ्गामा छाप लगाएर एउटा पहरादारलाई
पनि त्यहाँ राखेर चिहानलाई सुरक्षित राखे ।

---

**२७:४६**–भजन २२:१. **२७:४८**–भजन ६९:२१. **२७:५१**–प्रस्थान २६:३१-३३. **२७:५५-५६**–लूका ८:२-३.
**२७:६३**–मत्ती १६:२१; १७:२३; २०:१९; मर्कूस ८:३१; ९:३१; लूका ९:२२; १८:३१-३३.

## येशू फेरि जीवित हुनुभएको

*मर्कूस १६:१-८; लूका २४:१-१२*
*यूहन्ना २०:१-९*

**२८** विश्राम-दिनपछि, अर्थात् हप्ताको
पहिलो दिन एका बिहानै मरियम
मग्दलिनी र अर्की मरियम चिहान हेर्न गए ।
**२**ठूलो भैंचालो गयो, किनकि परमप्रभुका
एक जना दूतले स्वर्गबाट ओर्ली आएर चिहानमा
गई त्यस ढुङ्गोलाई गुडचाएर पछि सारिदिए
अनि तिनी त्यसमाथि बसे । **३**तिनको मुहार
बिजुलीजस्तो र वस्त्र हिँउजस्तो सेतो थियो ।
**४**ती पहरादारहरू यति साह्रो डराए कि तिनीहरू
काँपेर मरेतुल्य भए ।
**५**ती स्वर्गदूतले ती स्त्रीहरूलाई भने,
"नडराओ, किनकि तिमीहरू क्रूसमा चढ़ाइएका
येशूलाई खोज्दैछौ भनी म जान्दछु । **६**उहाँ
यहाँ हुनुहुन्न; उहाँले भन्नुभएझैं उहाँ जीवित
भई उठ्नुभएको छ । आओ र उहाँलाई राखिएको
ठाउँ हेर । **७**तब झट्टै गई उहाँका चेलाहरूलाई
यसो भनिदेओ: 'उहाँ मरेकोबाट जीवित
भई उठ्नुभएको छ अनि तिमीहरूभन्दा अगाडि
नै गालीलमा जानुहुँदैछ । त्यहाँ तिमीहरूले
उहाँलाई देख्नेछौ ।' हेर मैले तिमीहरूलाई
भनिदिएको छु ।"
**८**त्यसकारण ती स्त्रीहरू डराएका भए पनि
आनन्दसाथ चिहानबाट हतारपूर्वक उहाँका
चेलाहरूलाई बताउनलाई दगुरे । **९**अचानक
येशूले तिनीहरूलाई भेट्नुभयो, अनि भन्नुभयो,
"सलाम ।" तिनीहरू उहाँकहाँ गए अनि उहाँको
पाउ पक्रेर उहाँलाई दण्डवत् गरे । **१०**तब
येशूले तिनीहरूलाई भन्नुभयो, "नडराओ, गएर
मेरा भाइहरूलाई गालीलमा जानू भनिदेओ,
त्यहाँ तिनीहरूले मलाई देख्नेछन् ।"

## पहरादारहरूको खबर

**११**ती स्त्रीहरू बाटोमा छँदै, पहरादारहरूमध्ये
कतिले शहरमा गएर जे भएको थियो
प्रत्येक कुरा मुख्य पूजाहारीहरूलाई भनिदिए ।
**१२**जब मुख्य पूजाहारीहरूले धर्मगुरुहरूलाई
भेटे तब एउटा योजना बनाए । तिनीहरूले
सिपाहीहरूलाई धेरै पैसा दिए, **१३**अनि भने,
"तिमीहरूले 'उहाँका चेलाहरूले राती हामी
सुतेको बेला आएर उहाँलाई चोरेर लगे'
भन्नू । **१४**यदि यो खबर हाकिमकहाँ
पुग्यो भने हामी तिनलाई सन्तुष्ट पार्नेछौं
र तिमीहरूलाई विपत्तिमा पर्न दिनेछैनौं ।"
**१५**यसकारण ती सिपाहीहरूले पैसा लगे अनि
तिनीहरूलाई अह्राएबमोजिम गरे । अनि यो
कथा यहूदीहरूबीच आजसम्म पनि फैलिएको
छ ।

## महान् आदेश

*मर्कूस १६:१४-१८*

**१६**तब एघार जना चेलाहरू गालीलमा
भएको डाँडा, जहाँ येशूले जानू भन्नुभएको
थियो, त्यहाँ गए । **१७**अनि तिनीहरूले
उहाँलाई देखे, अनि दण्डवत् गरे; तर
कतिले त शङ्का गरे । **१८**तब येशू तिनीहरूकहाँ
आउनुभयो अनि भन्नुभयो, "स्वर्ग र
पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ ।
**१९**यसकारण जाओ र सबै देशका जातिहरूलाई
चेला बनाओ अनि तिनीहरूलाई पिता, पुत्र र
पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ,
**२०**अनि तिनीहरूलाई मैले आज्ञा दिएका सबै
कुराहरू पालन गर्न सिकाओ । अनि निश्चय
म सधैं, अँ, यस युगको अन्तसम्म तिमीहरूसित
छँदैछु ।"

---

**२८:१६**–मत्ती २६:३२; मर्कूस १४:२८. **२८:१९**–प्रेरित १:८.

# मर्कूसले
## लेखेका सुसमाचार

### बप्तिस्मा-दिने यूहन्नाले बाटो तयार पारेका
*मत्ती ३:१-१२; लूका ३:१-१८; यूहन्ना १:१९-२८*

**१** परमेश्‍वरका पुत्र, येशू ख्रीष्टको विषयमा सुसमाचारको आरम्भ।

२यशैया अगमवक्ताको पुस्तकमा परमप्रभुले भन्नुभएको छ:

"म मेरो दूतलाई तिम्रो अगिअगि
पठाउनेछु,
जसले तिम्रो बाटो तयार पार्नेछ"–
३ "उजाड़-स्थानमा कराउनेको आवाज,
'परमप्रभुको निम्ति बाटो तयार पार,
उहाँको निम्ति पथ सोझो बनाओ।'"

४अनि यसरी यूहन्ना उजाड़-स्थानका इलाकामा बप्तिस्मा दिँदै र पाप क्षमाको लागि पश्‍चात्तापको बप्तिस्माको प्रचार गर्दै आए। ५यहूदियाका सम्पूर्ण गाउँका मानिसहरू अनि यरूशलेमका मानिसहरू निस्केर तिनीकहाँ गए। आफ्ना पापहरू स्वीकार गर्दै तिनीहरूले उनीद्वारा यर्दन नदीमा बप्तिस्मा लिए। ६यूहन्नाले ऊँटको रौंबाट बनेको वस्त्र लाउँथे, एउटा छालाको पटुका कम्मरमा बाँध्थे, अनि तिनले सलह र वन-मह खान्थे। ७तिनको सन्देश यस्तो थियो: "मपछि मभन्दा शक्तिशाली एक जना आउनुहुनेछ, जसको जुत्ताका फित्ता निहुरेर फुकाउने योग्यको म छैनँ। ८म तिमीहरूलाई पानीले मात्र बप्तिस्मा दिन्छु, तर उहाँले त तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ।"

### येशूको बप्तिस्मा र परीक्षा
*मत्ती ३:१३-१७; ४:१-११; लूका ३:२१-२२; ४:१-१३*

९त्यस बेला येशू गालीलको नासरतबाट आउनुभयो अनि यूहन्नाद्वारा यर्दन नदीमा बप्तिस्मा लिनुभयो। १०येशू जसै पानीबाट बाहिर निस्केर आउनुहुँदैथियो, उहाँले स्वर्ग उघ्रिएको अनि पवित्र आत्मालाई ढुकुरको रूपमा उहाँमाथि ओर्लंदैगर्नुभएको देख्नुभयो। ११अनि स्वर्गबाट एउटा यस्तो आवाज आयो: "तिमी मेरा पुत्र हौ, जसलाई म प्रेम गर्छु; तिमीसित म अति प्रसन्न छु।"

१२पवित्र आत्माले उहाँलाई तुरुन्तै उजाड़-स्थानमा लैजानुभयो, १३अनि उहाँ उजाड़-स्थानमा शैतानद्वारा परीक्षित हुँदै चालीस दिनसम्म रहनुभयो। उहाँ बन-पशुहरूसित हुनुहुन्थ्यो, अनि स्वर्गदूतहरूले उहाँको सेवाटहल गरे।

### प्रथम चेलाहरूको बोलावट
*मत्ती ४:१८-२२; लूका ५:१-११; यूहन्ना १:३५-४२*

१४यूहन्ना झ्यालखानमा हालिएपछि येशू परमेश्‍वरको सुसमाचार घोषणा गर्दै गालीलमा जानुभयो। १५उहाँले भन्नुभयो, "परमेश्‍वरको राज्यको समय नजिकै आईपुगेको छ। पश्‍चात्ताप गर अनि सुसमाचारमा विश्‍वास गर!"

१६येशू गालील समुद्रको छेउबाट हिँड्दै जानुहुँदा, उहाँले सिमोन र तिनका भाइ अन्द्रियासलाई समुद्रमा जाल हान्दै गरेका देख्नुभयो, किनकि तिनीहरू जालहारी थिए। १७येशूले तिनीहरूलाई भन्नुभयो, "आओ, मलाई पछ्याओ, अनि म तिमीहरूलाई मानिसहरूको जालहारी बनाउनेछु।" १८तुरुन्तै तिनीहरूले आफ्ना जालहरू छोड़े र उहाँलाई पछ्याए।

१९उहाँ अझ अलि पर पुग्नुहुँदा, उहाँले जब्दीका छोराहरू याकूब र तिनका भाइ यूहन्नालाई डुङ्गामा जाल तयार गर्दै गरेका देख्नुभयो। २०अबेर नगरी उहाँले तिनीहरूलाई बोलाउनुभयो, अनि तिनीहरूले आफ्ना बाबु

---

**१:२**–मलाकी ३:१. **१:३**–यशैया ४०:३. **१:६**–२ राजा १:८. **१:१५**–मत्ती ३:२.

जब्दीलाई ज्यामीहरूको साथमा डुङ्गामा छोड़ेर
उहाँलाई पछ्याए ।

### येशूले दुष्टात्मा धपाउनुभएको

*लूका ४:३१-३७*

**२१**उहाँहरू कफर्नहुममा जानुभयो, अनि जब
विश्राम-दिन आइपुग्यो, येशू सभाघरमा गएर
सिकाउन थाल्नुभयो । **२२**मानिसहरू उहाँका
शिक्षामा छक्क पर्थे, किनकि उहाँले शास्त्रीहरूले
झैँ होइन, तर अधिकारसित तिनीहरूलाई
सिकाउनुहुन्थ्यो । **२३**त्यति नै बेला दुष्टात्मा
लागेको एक जना मानिस सभाघरमा यसरी
करायो, **२४**"हे नासरतका येशू, तपाईं हामीसित
के चाहनुहुन्छ ? के तपाईं हामीलाई नष्ट गर्न
आउनुभएको हो ? तपाईं को हुनुहुन्छ म
जान्दछु– परमेश्वरको पवित्र जन !"

**२५**येशूले दृढ़तापूर्वक भन्नुभयो, "चूप
लाग् ! त्यसबाट निस्कि आइज !" **२६**दुष्टात्माले
त्यस मानिसलाई जोड़सित हल्लायो अनि
चिच्च्याएर त्यसबाट निस्क्यो ।

**२७**ती मानिसहरू यति छक्क परे कि
तिनीहरूले आपसमा भने, "यो के हो ? एउटा
अधिकारसहितको नयाँ शिक्षा ! यिनले त
दुष्टात्माहरूलाई पनि आज्ञा दिन्छन् अनि
तिनीहरूले यिनको आज्ञा मान्दछन् ।" **२८**उहाँको
विषयमा यो खबर सारा गालीलको मुलुकमा
फैलियो ।

### येशूले धेरैलाई निको पार्नुभएको

*मत्ती ८:१४-१७; लूका ४:३८-४१*

**२९**उहाँहरूले सभाघर छोड्नासाथै उहाँहरू
याकूब र यूहन्नासित सिमोन र अन्द्रियासको
घरमा जानुभयो । **३०**सिमोनकी सासु ज्वरोले
थलिएकी थिइन्, अनि तिनीहरूले येशूलाई
तिनको विषयमा भने । **३१**अनि उहाँ तिनीकहाँ
जानुभयो, र तिनको हात पक्रेर उठ्नलाई
सहायता गर्नुभयो । ज्वरोले तिनलाई छोड़िहाल्यो
अनि तिनले उहाँहरूको सेवा गरिन् ।

**३२**त्यो साँझ घाम डुबेपछि मानिसहरूले
सबै रोगीहरू र दुष्टात्मा लागेकाहरूलाई
येशूकहाँ ल्याए । **३३**शहरका सारा मानिसहरू
ढोकामा भेला भए, **३४**अनि येशूले विभिन्न
किसिमका रोग लागेका धेरैलाई निको
पार्नुभयो । उहाँले धेरै दुष्टात्माहरूलाई
धपाउनुभयो, तर उहाँले दुष्टात्माहरूलाई बोल्न
दिनुभएन किनकि तिनीहरूले उहाँ को हुनुहुन्छ
भनी जान्दथे ।

### येशूले एकान्तमा प्रार्थना गर्नुभएको

*लूका ४:४२-४४*

**३५**एका बिहानै, अँध्यारो छँदै, येशू उठ्नुभयो,
घरबाट निस्कनुभयो अनि एउटा एकान्त ठाउँमा
गएर त्यहाँ प्रार्थना गर्नुभयो । **३६**सिमोन
अनि तिनका साथीहरू उहाँलाई खोज्न त्यहाँ
गए, **३७**अनि जब उहाँलाई भेट्टाए; तिनीहरूले
भने: "सबैले तपाईंलाई खोज्दैछन् !"

**३८**येशूले जवाफ दिनुभयो, "हामी अरू
ठाउँ अर्थात् छेउछाउका गाउँहरूमा जाऔं,
र म त्यहाँ पनि प्रचार गर्न सकूँ, किनकि
यसैको लागि म आएको हुँ ।" **३९**यसरी उहाँ
गालीलभरि तिनीहरूका सभाघरहरूमा प्रचार
गर्दै, दुष्टात्माहरू निकाल्दै यात्रा गर्नुभयो ।

### कुष्ठरोग लागेको मानिस निको भएको

*मत्ती ८:१-४; लूका ५:१२-१६*

**४०**अनि एक दिन एक जना कुष्ठरोग लागेको
मानिस उहाँकहाँ आए र घुँड़ा टेकेर उहाँसित
बिन्ती गरे, "यदि तपाईंले इच्छा गर्नुभयो भने
मलाई निको पार्न सक्नुहुन्छ ।"

**४१**दयाले भरिएर येशूले आफ्नो हात
पसारेर त्यस मानिसलाई छुनुभयो । उहाँले
भन्नुभयो, "म इच्छा गर्छु, तिमी निको
भइजाऊ !" **४२**तुरुन्तै कुष्ठरोगले त्यसलाई
छोड्यो अनि त्यो निको भयो ।

**४३**येशूले त्यसलाई कड़ा चेतावनी दिँदै
पठाउनुभयो: **४४**"तिमीले यो कसैलाई पनि

---

**१:२२**–मत्ती ७:२८-२९. **१:३९**–मत्ती ४:२३; ९:३५.

नभन्नू । तर पहिले जाऊ, अनि पूजाहारीलाई
देखाऊ र तिनीहरूको निम्ति साक्षीको
लागि मोशाले शुद्धीकरण गर्न आज्ञा दिएको
बलिदानहरू चढ़ाऊ ।" **४५**तर त्यसले त
गएर खुल्लमखुल्ला खबर फैलाउनथाल्यो ।
त्यसकारण, उहाँ शहरमा पस्न सक्नुभएन
तर बाहिर एकान्त ठाउँहरूमा रहनुभयो । तैपनि
हरेक ठाउँबाट मानिसहरू उहाँकहाँ आए ।

### येशूले एक जना पक्षाघातीलाई निको पार्नुभएको

*मत्ती ९:१-८; लूका ५:१७-२६*

**२** केही दिनपछि, जब येशू फेरि कफर्नहुममा
आउनुभयो, मानिसहरूले उहाँ घरमा
आउनुभयो भनी सुने । **२**यति धेरै मानिसहरू जम्मा
भए कि, त्यहाँ ढोकाबाहिर पनि कुनै ठाउँ रहेन,
अनि उहाँले तिनीहरूलाई वचन प्रचार गर्नुभयो ।
**३**चार जनाले बोकेर ल्याएको एक जना पक्षाघातीलाई
लिएर केही मानिसहरू त्यहाँ आए । **४**भीड़को
कारण येशूसम्म पुर्‍याउन नसकेकाले,
तिनीहरूले येशूको ठीक मास्तिरको छाना खोले
अनि त्यसलाई ठूलो पारेर पक्षाघाती पल्टिरहेको
खाट तल ओह्रालिदिए । **५**जब येशूले तिनीहरूको
विश्वास देख्नुभयो, तब पक्षाघातीलाई भन्नुभयो,
"छोरा, तिम्रा पापहरू क्षमा भएका छन् ।"

**६**अब शास्त्रीहरू कोही त्यहाँ बसिरहेका
थिए, र यसरी आफै विचार गर्दैथिए, **७**"यी
मानिसले किन यसरी कुरा गर्छन् ? यिनले त
ईश्वर-निन्दा गरिरहेका छन् ! परमेश्वरबाहेक
कसले पाप क्षमा गर्न सक्छ ?"

**८**तिनीहरूले आफ्ना हृदयमा यो कुरा
सोचेका छन् भन्ने येशूले तुरुन्तै आत्मामा
बुझ्नुभयो, अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
"तिमीहरू किन यस्ता कुरा सोच्दछौ ? **९**यस
पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु
अथवा 'उठ, अनि आफ्नो खाट बोकेर हिँड़,'
भन्नु कुनचाहिँ सजिलो हुन्छ ? **१०**तर म,
मानिसको पुत्रलाई संसारमा पाप क्षमा गर्ने
अधिकार छ भनी तिमीहरूले जान ।" उहाँले
पक्षाघातीलाई भन्नुभयो, **११**"म तिमीलाई भन्दछु,
उठ, आफ्नो खाट उठाएर घर जाऊ ।" **१२**त्यो
उठ्यो, तिनीहरू सबैले देख्दादेख्दै खाट उठाएर
बाहिर गइहाल्यो । यसले सबैलाई अचम्म
तुल्यायो अनि हरेकले यसो भन्दै परमेश्वरको
महिमा गरे, "हामीले यस्ता कुरा कहिल्यै
देखेका थिएनौं !"

### लेवीलाई बोलावट भएको

*मत्ती ९:९-१३; लूका ५:२७-३२*

**१३**एकपल्ट फेरि येशू समुद्रको किनारातिर
जानुभयो । एउटा ठूलो भीड़ उहाँकहाँ
आयो, अनि उहाँले तिनीहरूलाई सिकाउन
थाल्नुभयो । **१४**उहाँ हिँड्दै गर्नुहुँदा, अल्फयसको
छोरो लेवीलाई कर उठाउने अड्डामा
बसिरहेका देख्नुभयो । येशूले तिनलाई भन्नुभयो,
"मेरो पछि लाग ।" अनि लेवी उठे र उहाँको
पछि लागे ।

**१५**एक दिन येशू लेवीको घरमा भोजन
गरिरहनुहुँदा, कर उठाउनेहरू र अरू पापीहरू
उहाँ र उहाँका चेलाहरूसित खाइरहेका थिए,
किनकि उहाँलाई पछ्याउनेहरू धेरै थिए ।
**१६**जब शास्त्रीहरू, जो फरिसीहरू थिए,
उहाँलाई पापीहरू अनि कर उठाउनेहरूसित
खाइरहनुभएको देखे, तिनीहरूले उहाँका
चेलाहरूलाई सोधे: "तिनी किन त्यस्ता
मानिसहरूसँग खान्छन् ?"

**१७**यो सुनेर येशूले तिनीहरूलाई भन्नुभयो,
"बैद्य निरोगीहरूलाई होइन, तर रोगीलाई
चाहिन्छ । म धार्मिकहरूलाई होइन, तर
पापीहरूलाई बोलाउन आएको हुँ ।"

### उपवास विषयमा प्रश्न

*मत्ती ९:१४-१७; लूका ५:३३-३९*

**१८**बप्तिस्मा दिने यूहन्नाका चेलाहरू र
फरिसीहरू उपवास बस्दथे । केही मानिसहरूले
येशूकहाँ आएर उहाँलाई सोधे, "किन यूहन्नाका
चेलाहरू र फरिसीहरूका चेलाहरू उपवास
बस्छन्, तर तपाईंका चेलाहरू त बस्दैनन् ?"
**१९**येशूले जवाफ दिनुभयो, "दुलहा
पाहुनाहरूसित हुँदा तिनीहरू कसरी उपवास

बस्नसक्छन् ? जबसम्म तिनीहरूसित दुलहा
हुन्छन्, तिनीहरू त्यसो गर्न सक्दैनन् । **२०**तर
बेला आउनेछ जब दुलहा तिनीहरूदेखि लगिनेछन्,
अनि त्यस दिन तिनीहरू उपवास बस्नेछन् ।
**२१**"कसैले पनि पुरानो वस्त्रमा घट्ने नयाँ
टालो टाल्दैन । यदि उसले यसो गर्छ भने नयाँ
टालो पुरानोबाट निस्किजान्छ, अनि त्यो फटाइ
झन् नराम्रो हुन्छ । **२२**अनि कसैले नयाँ दाखमद्य
पुरानो मसकमा खन्याउँदैन । यदि उसले
त्यसो गर्‍यो भने, त्यस दाखमद्यले मसक
फुटाइदिन्छ, अनि दाखमद्य र मसक दुवै नष्ट
हुनेछन् । त्यसो नहुन, उसले नयाँ दाखमद्य
नयाँ मसकमै खन्याउँछ ।"

### विश्राम-दिनको प्रभु

*मत्ती १२:१-१४; लूका ६:१-११*

**२३**एक विश्राम-दिन येशू अन्नका
खेतहरूबाट भएर जानुहुँदैथियो, अनि उहाँका
चेलाहरू पनि हिँड्दै गर्दा तिनीहरूले अन्नका
बाला टिपेर खान थाले । **२४**फरिसीहरूले उहाँलाई
भने, "हेर्नुहोस्, किन यिनीहरूले विश्राम-दिनमा
गर्न नहुने काम गरिरहेका छन् ?"
**२५**उहाँले जवाफ दिनुभयो, "जब दाऊद र
तिनका साथीहरू भोकाएका र खाँचोमा परेका
थिए, त्यसबेला दाऊदले के गरे, के तिमीहरूले
कहिल्यै धर्मशास्त्रमा पढ़ेका छैनौ ? **२६**प्रधान
पूजाहारी अबियाथारको समयमा, तिनले
परमेश्‍वरको भवनमा गएर अर्पण गरेको रोटी
खाए, जुनचाहिँ पूजाहारीहरूले मात्र खान
पाउँछन् । अनि तिनले केही भाग आफ्ना
साथीहरूलाई पनि दिए ।"
**२७**तब येशूले तिनीहरूलाई भन्नुभयो,
"विश्राम-दिन मानिसहरूको लागि बनाइएको
हो, तर मानिस विश्राम-दिनको निम्ति होइन ।
**२८**यसकारण म, मानिसको पुत्र विश्राम-दिनको
पनि प्रभु हुँ ।"

**३** अर्कोपल्ट उहाँ सभाघरमा जानुभयो, अनि
त्यहाँ हात सुकेको एक जना मानिस
थियो । **२**तिनीहरूमध्ये कोहीले येशूलाई दोष
लगाउने निहुँ खोजिरहेका थिए, र उहाँले
विश्राम-दिनमा त्यसलाई निको पार्नुहुन्छ कि
भनेर छेउबाट चेवा गरे । **३**येशूले हात सुकेको
मानिसलाई भन्नुभयो, "सबैको सामुन्ने खड़ा
होऊ ।"
**४**तब येशूले तिनीहरूलाई सोध्नुभयो,
"विश्राम-दिनमा असल गर्नु वा खराब गर्नु,
प्राण बचाउनु वा मार्नु, कुनचाहिँ न्यायसङ्गत
हो ?" तर तिनीहरू चुप रहे ।
**५**तिनीहरूका कठोर हृदय देखीकन उहाँले
अति दु:खित भई तिनीहरूलाई रिसाएर हेर्नुभयो,
अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो
हात सीधा पार ।" त्यसले त्यो सीधा पार्‍यो,
अनि त्यसको हात निको भइहाल्यो । **६**तब
फरिसीहरू बाहिर गए र येशूलाई कसरी मार्ने
भनी राजा हेरोदलाई पछ्याउनेहरूसँग षड्यन्त्र
गर्नथाले ।

### भीड़ले येशूलाई पछ्याएको

**७**येशू आफ्ना चेलाहरूसित समुद्रतिर
जानुभयो, अनि गालीलबाट एउटा ठूलो भीड़
उहाँको पछि लाग्यो । **८**उहाँले जे गरिरहनुभएको
थियो, तिनीहरूले सुनेपछि यहूदिया, यरूशलेम,
इदुमिआ, यर्दनपारि अनि टायर र सीदोनका
छेउछाउबाट अरू धेरै मानिसहरू उहाँकहाँ
आए । **९**भीड़को कारण मानिसहरूले
उहाँलाई चारैतिरबाट नघेरून् भनेर उहाँले
चेलाहरूलाई उहाँको निम्ति एउटा सानो
डुङ्गा तयार पार्न लाउनुभयो । **१०**उहाँले धेरैलाई
निको पार्नुभएको कारण, जति जना बिरामी
थिए तिनीहरू उहाँलाई छुनलाई अगि बढ्दै
थिए । **११**दुष्टात्माहरूले उहाँलाई देख्नासाथै
तिनीहरू उहाँका अगि पछारिन्थे अनि यसो
भन्थे, "तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ ।"
**१२**तर उहाँले निको भएकाहरूलाई उहाँ को
हुनुहुन्छ भनी कसैलाई नभन्नू भनेर कड़ा
आज्ञा दिनुभयो ।

---

**२:२३**–व्यवस्था २३:२५. **२:२५-२६**–१ शमूएल २१:१-६. **३:९-१०**–मर्कूस ४:१; लूका ५:१-३.

### बाह्र प्रेरितहरूको नियुक्ति

*मत्ती १०:१-४; लूका ६:१२-१६*

**१३**त्यसपछि येशू डाँड़ामा जानुभयो र
उहाँले चाहनुभएकाहरूलाई बोलाउनुभयो, अनि
तिनीहरू उहाँकहाँ आए । **१४**उहाँले बाह्र
जनालाई तिनीहरू उहाँसित रहून् अनि तिनीहरू
उहाँद्वारा प्रचार गर्न बाहिर पठाइऊन् भनेर
तिनीहरूलाई “प्रेरित” भनी नियुक्त गर्नुभयो,
**१५**अनि तिनीहरूलाई दुष्टात्माहरू धपाउने
अधिकार दिनुभयो । **१६**उहाँले नियुक्त गर्नुभएका
बाह्र जना यिनीहरू नै हुन्– सिमोन
(जसलाई उहाँले पत्रुस भन्ने नाउँ दिनुभयो);
**१७**जब्दीको छोरा याकूब र तिनको भाइ यूहन्ना
(तिनीहरूलाई उहाँले “बोअनर्गेस” भन्ने नाउँ
दिनुभयो, अर्थात् “गर्जनका पुत्रहरू”);
**१८**अन्द्रियास, फिलिप, बारथोलोमाइ, मत्ती, थोमा,
अल्फयसको छोरा याकूब, थेदियस, सिमोन
कनानी, **१९**अनि यहूदा इस्करियोत, जसले
उहाँलाई अन्त्यमा धोका दियो ।

### येशू र बालजिबुल

*मत्ती १२:२२-३२; लूका ११:१४-२२*

**२०**तब येशू एउटा घरमा पस्नुभयो, फेरि
एउटा भीड़ जम्मा भयो, अनि उहाँ र उहाँका
चेलाहरूले खानसम्म पनि पाउनुभएन । **२१**जब
उहाँको परिवारले यस विषयमा सुने,
तिनीहरू उहाँलाई लैजान भनी गए, किनकि
तिनीहरूले भनेका थिए, “उहाँको मन ठेगानमा
छैन ।”

**२२**अनि यरूशलेमबाट ओर्ली आएका
शास्त्रीहरूले भने, “यिनमा बालजिबुल छ !
भूतहरूको मालिकद्वारा यिनले भूतहरू
धपाउँदैछन् ।”

**२३**यसकारण येशूले तिनीहरूलाई बोलाएर
दृष्टान्तहरूमा भन्नुभयो, “शैतानले शैतानलाई
कसरी धपाउन सक्छ ? **२४**यदि एउटा राज्य
आफ्नै विरुद्धमा विभाजित भयो भने, त्यो
राज्य खड़ा रहन सक्दैन । **२५**एउटा घर आफ्नै
विरुद्धमा विभाजित भयो भने, त्यो घर खड़ा
रहन सक्दैन । **२६**यसकारण शैतानले शैतानलाई
विरोध गर्छ र विभाजित हुन्छ भने, त्यो खड़ा
रहन सक्दैन; त्यसको अन्त्य आइपुगेको छ ।
**२७**वास्तवमा, कसैले पनि एक जना बलियो
मानिसको घरमा पस्नुभन्दा पहिला उसलाई
नबाँधी त्यसमा पसेर त्यसका सम्पत्ति लैजान
सक्दैन । यसो गरेपछि मात्र उसले त्यसको घर
लुट्न सक्नेछ । **२८**म तिमीहरूलाई साँच्चै भन्दछु,
मानिसहरूका सबै पापहरू साथै ईश्वर-
निन्दाहरू तिनीहरूको लागि क्षमा हुनेछन् । **२९**तर
जसले पवित्र आत्माको विरुद्धमा ईश्वर-निन्दा
गर्छ, उसलाई कहिल्यै क्षमा हुनेछैन; ऊ
अनन्तसम्म पापको दोषी हुन्छ ।”

**३०**उहाँले यो भन्नुभयो, किनकि तिनीहरूले
उहाँलाई “यिनीसित दुष्टात्मा छ” भनेका
थिए ।

### येशूकी आमा र भाइहरू

*मत्ती १२:४६-५०; लूका ८:१९-२१*

**३१**तब येशूकी आमा र भाइहरू आइपुगे ।
बाहिरै उभिएर तिनीहरूले उहाँलाई बोलाइदिनु
भनेर कसैलाई भित्र पठाए । **३२**उहाँको चारैतिर
भीड़ बसिरहेको थियो, अनि उहाँलाई तिनीहरूले
भने, “तपाईंकी आमा र भाइहरूले तपाईंलाई
बाहिर खोजिरहेका छन् ।”

**३३**उहाँले भन्नुभयो, “मेरी आमा र भाइहरू
को हुन् ?”

**३४**तब उहाँले आफ्ना चारैतिर गोलो भई
बसेकाहरूलाई हेर्नुभयो अनि भन्नुभयो, “मेरी
आमा र मेरा भाइहरू यिनीहरू नै हुन् ! **३५**जसले
परमेश्वरको इच्छा पालन गर्छ त्यो नै मेरो
भाइ र बहिनी र आमा हुन् ।”

### बीउ छर्नेको दृष्टान्त

*मत्ती १३:१-२३; लूका ८:४-१५*

**४** फेरि येशूले समुद्रको किनारमा शिक्षा
दिन थाल्नुभयो । उहाँको चारैतिर यति

**३:२२**–मत्ती ९:३४; १०:२५. **३:२९**–लूका १२:१०. **४:१**–लूका ५:१-३

ठूलो भीड़ जम्मा भएको थियो कि उहाँ समुद्रमा
भएको एउटा डुङ्गामा चढ़ेर बस्नुभयो । सबै
मानिसहरू किनारमा पानीको छेउमा थिए ।
**२**उहाँले तिनीहरूलाई धेरै कुराहरू दृष्टान्तहरूमा
सिकाउनुभयो, अनि आफ्नो शिक्षामा उहाँले
भन्नुभयो, **३**"सुन, एक जना किसान बीउ
छर्नलाई निस्क्यो । **४**उसले जसै बीउहरू
छरिरहेको थियो, केही बाटोतिर परे, अनि
चराहरूले आएर ती खाइदिए । **५**कति ढुङ्गेनी
ठाउँहरूमा परे, जसमा धेरै माटो थिएन ।
माटो कम्ती भएकोले ती चाँड़ै उम्रे । **६**तर
घाम लागेपछि, ती बोटबिरूवाहरू ओइलाए,
अनि जरा नभएकाले ती सुकिहाले ।
**७**अरू बीउहरू काँढ़ाहरूमा परे, जसले ती
बोटबिरूवाहरूलाई निसासिदिए, अनि फल
फलाउन सकेनन् । **८**अझ अरू बीउहरूचाहिँ
असल भूमिमा परे । ती उम्रे, बढ़े अनि तीस,
साठी र सय गुणासम्म फल फलाए ।"

**९**तब येशूले भन्नुभयो, "जसको सुन्ने कान
छ, त्यसले सुनोस् र बुझोस् ।"

**१०**जब उहाँ एक्लै हुनुभयो, ती बाह्र
जना र उहाँका चारैतिर भएका अरूले
दृष्टान्तहरूको विषयमा उहाँलाई सोधे ।
**११**उहाँले तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको
राज्यका भेदहरू तिमीहरूलाई दिइएका छन् ।
तर विश्वास नगर्नेहरूलाई हरेक कुरो
दृष्टान्तहरूमा भनिन्छ, **१२**यसरी धर्मशास्त्र
पूरा होस्:

> "'तिनीहरूले हेरिरहनेछन् तर कहिल्यै
> देख्नेछैनन्,
> सुन्न त सुनिरहनेछन् तर कहिल्यै
> बुझ्नेछैनन्;
> नत्रता तिनीहरूले पश्चात्ताप गर्नेथिए
> र क्षमा पाउनेथिए ।'"

**१३**तब येशूले तिनीहरूलाई भन्नुभयो, "के
तिमीहरू यो दृष्टान्त बुझ्दैनौ ? त्यसोभए
तिमीहरूले अरू दृष्टान्त कसरी बुझ्नेछौ ?
**१४**किसानले वचन छर्दछ । **१५**कति मानिसहरू
बाटोतिर परेका बीउजस्तै हुन्, जहाँ वचन
छरिन्छ । तिनीहरूले जसै यसलाई सुन्छन्,
शैतानले आएर तिनीहरूमा जे छरिएका थिए
ती लगिहाल्छ । **१६**अरूचाहिँ, ढुँङ्गेनी ठाउँमा
छरिएका बीउजस्तै हुन्; तिनीहरूले वचन
सुनेर त्यसलाई हर्षसाथ ग्रहण गर्छन् । **१७**तर
तिनीहरूका जरा नभएकाले, ती थोरै समयको
लागि मात्र रहन्छन् । जब वचनको कारण
दु:ख र सतावट आउँछ, तिनीहरू झट्टै
लड़िहाल्छन् । **१८**अझ अरूचाहिँ, काँढ़ामा
छरिएका बीउजस्तै हुन्, जसले वचन सुन्छन्;
**१९**तर यस जीवनका फिक्री, धनको मोह अनि
अरू थोकहरूको चाहना आएर वचनलाई
निसासिदिन्छन् र त्यो नफल्ने हुन्छ । **२०**तर
अरूचाहिँ असल भूमिमा परेका बीउहरूझैं हुन्,
जसले वचन सुन्दछन्, त्यसलाई ग्रहण
गर्दछन्, अनि तीस, साठी र सय गुणासम्म
फल फलाउँछन् ।"

### सामदानमाथिको बत्ती

**२१**येशूले तिनीहरूलाई भन्नुभयो, "के
तिमीहरूले एउटा बत्ती ल्याएर पाथीमुनि अथवा
खाटमुनि राख्छौ ? यसको सट्टा, तिमीहरूले
के त्यसलाई सामदानमाथि राख्दैनौ ? **२२**जे
लुकाइन्छ त्यो प्रकट हुनको लागि हो, अनि जे
गुप्तमा राखिन्छ त्यो खुलस्त गरिनको लागि
हो । **२३**यदि कसैको सुन्ने कान छ भने, त्यसले
सुनोस् र बुझोस् ।"

**२४**उहाँले अझै भन्नुभयो, "तिमीहरू जे
सुन्छौ त्यसलाई होशियारीसाथ विचार गर ।
जुन नापले तिमीहरू अरूहरूलाई नाप्तछौ,
तिमीहरू पनि त्यही नापले अर्थात् अझै बढ़ता
गरी नापिनेछौ । **२५**जससित विश्वास छ त्यसलाई
अझै दिइनेछ; जससित छैन, ऊसित भएको
पनि लिइनेछ ।"

---

**४:१२**–यशैया ६:९-१०. **४:२१**–मत्ती ५:१५; लूका ११:३३. **४:२२**–मत्ती १०:२६; लूका १२:२.
**४:२४**–मत्ती ७:२; लूका ६:३८. **४:२५**–मत्ती १३:१२; २५:२९; लूका १९:२६.

## बढ्दै गरेको बीउको दृष्टान्त

२६उहाँले यो पनि भन्नुभयो, "परमेश्वरको राज्य यस्तै छ । एक जना मानिसले जमिनमा बीउ छर्छ । २७राती र दिउँसो, ऊ सुते पनि वा उठे पनि, त्यो बीउ उम्रन्छ अनि बढ्छ, त्यो कसरी बढ्छ सो उसले जान्दैन । २८माटोले आफै अन्न फलाउँछ– पहिला बोट, त्यसपछि बाला, त्यसपछि बालामा पूरा अन्न । २९अन्न पाक्नासाथ, उसले त्यसमा हँसिया लगाउँछ, किनकि कटनीको बेला आइपुगेको हुन्छ ।"

## रायोको बीउको दृष्टान्त

*मत्ती १३:३१-३२; लूका १३:१८-१९*

३०उहाँले फेरि भन्नुभयो, "हामी परमेश्वरको राज्यको तुलना केसँग गरौं, अथवा यसलाई वर्णन गर्नलाई हामीले कुन दृष्टान्त प्रयोग गरौं ? ३१यो एउटा रायोको बीउ जस्तो छ, जुन तिमीहरूले भुइँमा रोप्ने बीउहरूमध्ये सबभन्दा सानो छ । ३२तैपनि रोपेपछि, यो बढ़ेर बारीमा भएका अरू सागपातका बोटबिरूवाहरूभन्दा ठूलो हुनेछ, जसका यति ठूला हाँगाहरू हुनेछन् कि आकाशका चराहरू यसका छहारीमा बास बस्न सक्छन् ।"

३३यस्ता अरू धेरै दृष्टान्तहरूद्वारा येशूले तिनीहरूले बुझ्न सकेसम्म वचनहरू तिनीहरूसित बोल्नुभयो । ३४उहाँले तिनीहरूसित दृष्टान्तहरू प्रयोग नगरी केही भन्नुभएन । तर उहाँ आफ्ना चेलाहरूसित एक्लै हुँदा, तिनीहरूलाई सबैको अर्थ बताइदिनुहुन्थ्यो ।

## येशूले आँधी शान्त पार्नुभएको

*मत्ती ८:२३-२७; लूका ८:२२-२५*

३५त्यस दिन साँझ परेपछि, उहाँले चेलाहरूलाई भन्नुभयो, "हामी पारिपट्टि जाऔं ।" ३६भीड़लाई आफ्नो पछाड़ि छोड़ेर, तिनीहरूले उहाँलाई उहाँ जुन डुङ्गामा हुनुहुन्थ्यो, त्यसैमा लगे । उहाँसित अरू डुङ्गाहरू पनि थिए । ३७एउटा ठूलो आँधी आयो, छालहरू डुङ्गाभित्र पसे, अनि त्यसलाई पानीले डुबाउलाझैँ बनायो । ३८तर येशूचाहिँ डुङ्गाको पछिल्लो भागमा एउटा सिरानी लगाएर निदाइरहनुभएको थियो । अनि चेलाहरूले उहाँलाई बिउँझाएर भने, "हे गुरु, के हामी डुबिहाल्यौं भने पनि तपाईंले वास्ता गर्नुहुन्न ?"

३९उहाँले उठेर बतासलाई हकार्नुभयो अनि छालहरूलाई भन्नुभयो, "चुप् ! शान्त हो !" तब पूर्णरूपले बतास थामियो र पूरै चकमन्न भयो ।

४०उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरू किन यति साह्रो डराउँछौ ? के तिमीहरूमा अझ पनि विश्वास छैन ?"

४१तिनीहरू डराए अनि आपसमा भने, "यिनी को हुन् ? बतास र छालहरूले पनि यिनको आज्ञा मान्छन् ।"

## दुष्टात्मा लागेको मानिस निको पारिएको

*मत्ती ८:२८-३४; लूका ८:२६-३९*

५ उहाँहरू समुद्रको पारिपट्टि गिरासिनीहरूको
इलाकामा जानुभयो । २जब येशू डुङ्गाबाट
बाहिर निस्कनुभयो, त्यहाँ दुष्टात्मा लागेको
एक जना मान्छे चिहानबाट उहाँलाई भेट्न
आयो । ३यो मानिस चिहानमै बस्थ्यो, अनि
कसैले पनि त्यसलाई बाँध्न सक्दैनथ्यो, साङ्लाले
समेत सक्दैनथ्यो । ४किनकि धेरैचोट्टि त्यो
हातखुट्टामा साङ्लाले बाँधिएको थियो, तर त्यसले
साङ्लाहरू चुड़ाउँथ्यो अनि खुट्टाका फलामहरू
भाँच्थ्यो । त्यसलाई अधीनमा राख्नसक्ने बल
कसैमा थिएन । ५दिनरात चिहानहरूमा र
पहाड़हरूमा त्यो चिच्च्याउँथ्यो अनि आफैलाई
ढुङ्गाले काट्थ्यो ।

६जब त्यसले टाढ़ैबाट येशूलाई देख्यो, त्यो
दगुरेर उहाँको सामुन्ने गई उहाँलाई दण्डवत्
गर्‍यो । ७त्यो चर्को सोरमा यसरी करायो, "हे
सर्वोच्च परमेश्वरका पुत्र, येशू, तपाईं मसित
के चाहनुहुन्छ ? मलाई सताउँदिन भनी
परमेश्वरको नाउँमा शपथ खानुहोस् !" ८किनकि
येशूले त्यसलाई भन्नुभएको थियो, "हे दुष्ट
आत्मा, तँ यस मानिसबाट बाहिर निस्की !"

९तब येशूले त्यसलाई सोध्नुभयो, "तेरो
नाउँ के हो ?"

त्यसले जवाफ दियो, "मेरो नाउँ फौज

हो, किनकि हामी धेरै छौं ।” **१०**अनि त्यसले
येशूलाई त्यस इलाकादेखि तिनीहरूलाई बाहिर
नपठाउनुहोस् भनी बिन्ती गऱ्यो ।

**११**त्यहाँ नजीकै एउटा भिरालो ठाउँमा
सुँगुरहरूको एउटा ठूलो बगाल चरिरहेको
थियो । **१२**ती दुष्टात्माहरूले येशूलाई
यसरी बिन्ती गरे, “हामीलाई सुँगुरहरूमा
पठाउनुहोस् । तिनीहरूभित्र पस्न दिनुहोस् ।”
**१३**उहाँले तिनीहरूलाई अनुमति दिनुभयो, अनि
दुष्टात्माहरू निस्केर गई सुँगुरहरूभित्र पसे ।
दुई हजार जतिको त्यो बगाल त्यस भिरालो
किनारबाट हुर्रिंदै गएर समुद्रमा खसे अनि डुबेर
मरे ।

**१४**ती सुँगुर चराउनेहरू भागेर शहर र
गाउँतिर गई त्यो खबर सुनाइदिए, अनि
मानिसहरू के भएको थियो सो हेर्न गए ।
**१५**जब तिनीहरू येशूकहाँ आए, तिनीहरूले
दुष्टात्माको फौजले भरिएको त्यस मानिसलाई
लुगा लगाएर ठीक भई त्यहाँ बसिरहेको देखे;
अनि तिनीहरू डराए । **१६**जसले यो देखेका
थिए, तिनीहरूले त्यस दुष्टात्मा लागेको
मानिसलाई के भएको थियो अनि सुँगुरहरूको
विषयमा पनि मानिसहरूलाई भनिदिए ।
**१७**तब मानिसहरूले येशूलाई त्यस इलाकाबाट
गइहाल्न बिन्ती गरे ।

**१८**येशू जसै डुङ्गामा चढ्नुहुँदैथियो, त्यो
दुष्टात्माले सताएको मानिस आएर उहाँसँगै जान
पाऊँ भनी बिन्ती गऱ्यो । **१९**येशूले मान्नुभएन,
तर भन्नुभयो, “घरमा जाऊ अनि आफ्नो
परिवारलाई तिम्रो लागि प्रभुले कति ठूलो काम
गर्नुभएको छ र उहाँले तिमीप्रति कति कृपा
देखाउनुभयो त्यो सबैलाई भनिदेऊ ।” **२०**यसकारण
त्यो मानिस गइहाल्यो अनि येशूले उसको लागि
के गर्नुभयो त्यो डेकापोलिसमा भन्नथाल्यो ।
अनि सबै मानिसहरू छक्क परे ।

## एउटी मरेकी केटी र रोगी स्त्री

*मत्ती ९:१८-२६; लूका ८:४०-५६*

**२१**फेरि येशू डुङ्गामा चढी समुद्र पारि
जानुभएपछि, उहाँ समुद्रको किनारमा हुँदा
एउटा ठूलो भीड़ उहाँको चारैतिर भेला भयो ।
**२२**तब सभाघरका शासकहरूमध्ये याइरस
नाउँ भएको एक जना त्यहाँ आए । येशूलाई
देखेर तिनी उहाँको पाउमा घोप्टो परे, **२३**अनि
उहाँलाई बिनम्र अनुरोध गरे, “मेरी सानी
छोरी मर्न लागेकी छ । दया गरी आएर त्यसमाथि
तपाईंका हात राखिदिनुहोस् अनि त्यो
निको होस् र बाँचोस् ।” **२४**तब येशू तिनीसित
जानुभयो ।

एउटा ठूलो भीड़ले उहाँलाई पछ्यायो ।
अनि उहाँको चारैतिर ठेलमठेला भयो । **२५**अनि
त्यहाँ बाह्र वर्षदेखि रगत बग्ने व्यथा भएकी
एउटी स्त्री थिई । **२६**त्यसले धेरै वैद्यहरूबाट
धेरै कष्ट भोगेकी अनि आफूसित भएको सबै
खर्च गरेकी थिई, र पनि राम्रो हुनुभन्दा अझ
खराब अवस्थामा पुगेकी थिई । **२७**जब त्यसले
येशूको विषयमा सुनी, त्यो त्यस भीड़मा उहाँको
पछिल्तिर आई र उहाँको वस्त्र छोई, **२८**किनकि
त्यसले सोचेकी थिई, “यदि मैले उहाँको वस्त्र
मात्र छोएँ भने पनि, म निको हुनेछु ।”
**२९**तुरुन्तै त्यसको रगत बग्न बन्द भयो र
आफ्नो शरीरको रोग निको भएको त्यसले
थाहा पाई ।

**३०**तुरुन्तै येशूलाई आफ्नो शरीरबाट शक्ति
बाहिर निस्केको थाहा भयो । उहाँले भीड़मा
पछि फर्केर सोध्नुभयो, “कसले मेरो लुगा
छोयो ?”

**३१**उहाँका चेलाहरूले जवाफ दिए,
“मानिसहरूको भीड़ले तपाईंलाई घचेटिरहेको
देख्नुहुँदैछ, र पनि तपाईं कसरी सोध्न सक्नुहुन्छ,
‘कसले मलाई छोयो ?’”

**३२**तर येशूले उहाँलाई कसले छोयो भनी
चारैतिर हेरिरहनुभयो । **३३**तब आफैमा के भएको
थियो सो जानेर, त्यो स्त्री आई र उहाँको
पाउमा परी, अनि डरले काँप्दै उहाँलाई सबै
साँचो कुरा बताई । **३४**उहाँले त्यसलाई भन्नुभयो,
“छोरी, तिम्रो विश्वासले तिमीलाई निको
पारेको छ । शान्तिसित जाऊ, तिमी आफ्नो
कष्टबाट मुक्त भयौ ।”

**३५**येशू बोलिरहनुभएको बेला, केही

मानिसहरू सभाघरका शासक याइरसको
घरबाट आएर भने, "तपाईंकी छोरी मरिन् ।
अब गुरुलाई किन अरू दु:ख दिनू ?"
**३६**उनीहरूले भनेको कुराको वास्तै नराखी
येशूले सभाघरका शासकलाई भन्नुभयो,
"नडराऊ, खालि विश्वास गर ।"
**३७**उहाँले आफूसित पत्रुस, याकूब र तिनका
भाइ यूहन्नाबाहेक अरूलाई आउनदिनुभएन ।
**३८**जब उहाँहरू सभाघरका शासकको घरमा
आइपुग्नुभयो, येशूले मानिसहरू रुँदै कराउँदै
खैलाबैला गरेको देख्नुभयो । **३९**उहाँले भित्र
पसेर तिनीहरूलाई भन्नुभयो, "किन यस्तो
रुवाइ र खैलाबैला ? केटी मरेकी छैन तर
सुतेकी छ ।" **४०**तर तिनीहरूले उहाँको हाँसो
गरे ।
उहाँले तिनीहरू सबैलाई बाहिर
निकाल्नुभएपछि, बालिकाका बाबु, आमा
अनि आफूसित भएका चेलाहरूलाई लिएर
बालिका भएको ठाउँमा जानुभयो । **४१**उहाँले
त्यसको हातमा समात्नुभयो र त्यसलाई
भन्नुभयो, "तालिता कूमी !" (जसको अर्थ हो,
"सानी केटी, म तिमीलाई भन्दछु, उठ !") ।
**४२**त्यो केटी तुरुन्तै ठिङ्ग उभिई र यताउता
हिँड़ी (ऊ बाह्र वर्षकी थिई) । यसमा
तिनीहरूले अति अचम्म माने । **४३**उहाँले
तिनीहरूलाई यसबारे कसैलाई नभन्ने कड़ा
आज्ञा दिएर त्यस केटीलाई केही खानेकुरा दिनू
भन्नुभयो ।

## आदरविनाको अगमवक्ता

*मत्ती १३:५३-५८*

**६** येशू त्यहाँबाट निस्केर आफ्ना
चेलाहरूसित आफ्नै शहरमा जानुभयो ।
**२**विश्राम-दिन आएपछि, उहाँले सभाघरमा
सिकाउन लाग्नुभयो, अनि सुन्नेहरू धेरै छक्क
परे ।
तिनीहरूले सोधे, "यस मानिसले यी
कुराहरू कहाँबाट पायो ? यसलाई दिइएको
यो कस्तो बुद्धि हो, जसले आश्चर्य-कर्महरू
पनि गर्छ ? **३**के यो सिकर्मी होइन ? के यो
मरियमको छोरो अनि याकूब, यूसुफ, यहूदा र
सिमोनका दाज्यू होइन ? के यसका बहिनीहरू
यहाँ हामीसित छैनन् ?" अनि तिनीहरू उहाँसित
चिढ़िए ।
**४**तब येशूले तिनीहरूलाई भन्नुभयो, "एक
जना अगमवक्तालाई आफ्नै शहरमा, आफ्नो
नातेदारहरूको बीचमा अनि उसको आफ्नै
घरमा मात्र आदर हुँदैन ।" **५**उहाँले त्यहाँ
केही बिरामीहरूमाथि हात राखेर तिनीहरूलाई
निको पार्नबाहेक अरू कुनै आश्चर्य-कर्म
गर्न सक्नुभएन । **६**अनि उहाँ तिनीहरूको
अविश्वास देखेर छक्क पर्नुभयो ।

## येशूले बाह्रैलाई पठाउनुभएको

*मत्ती १०:१, ५-१५; लूका ९:१-६*

तब येशू चारैतिर सिकाउँदै एक गाउँदेखि
अर्को गाउँ जानुभयो । **७**बाह्र जनालाई आफूकहाँ
बोलाएर, तिनीहरूलाई दुई-दुई गरी पठाउनुभयो
अनि तिनीहरूलाई दुष्टात्मामाथि अधिकार
दिनुभयो ।
**८**उहाँका आदेशहरू यस्ता थिए: "यात्राको
लागि एउटा लट्ठीबाहेक अरू कुनै चीज अर्थात्
रोटी, थैली, पटुकामा पैसा नलिनू । **९**जुत्ता
लगाउनू तर फाल्टु दौरा नबोक्नू । **१०**जब
तिमीहरू कुनै घरमा पस्छौ, तिमीहरूले
त्यो शहर नछोडुन्जेल त्यहीं बस्नू ।
**११**अनि यदि कुनै ठाउँमा तिमीहरूलाई
स्वागत गर्दैन वा तिमीहरूका कुरा सुन्दैन
भने, तिमीहरू जाँदा तिनीहरूको विरुद्धमा
साक्षीको रूपमा तिमीहरूका खुट्टाको धूलो
टक्टकाइदिनू ।"
**१२**तिनीहरू गइहाले अनि मानिसहरूले
पश्चात्ताप गर्नुपर्छ भनी प्रचार गरे ।
**१३**तिनीहरूले धेरै दुष्टात्माहरू धपाए अनि
धेरै रोगीहरूलाई तेलले अभिषेक गरेर निको
पारे ।

---

**६:४**–यूहन्ना ४:४४. **६:८-११**–लूका १०:४-११. **६:११**–प्रेरित १३:५१. **६:१३**–याकूब ५:१४.

## बप्तिस्मा-दिने यूहन्नाको शिर काटिएको

*मत्ती १४:१-१२; लूका ९:७-९*

**१४**राजा हेरोदले यस विषयमा सुने, किनकि येशूको नाउँ चारैतिर प्रचलित थियो । कतिले भन्दैथिए, "बप्तिस्मा-दिने यूहन्ना मरेकाबाट जीवित भएका छन्, जसको कारण आश्चर्य-कर्मका शक्तिहरूले तिनमा काम गरिरहेका छन् ।"

**१५**अरूले भन्थे, "अगमवक्ता एलिया हुन् ।"

अनि अझ अरूले यसो भनी दाबी गरे, "तिनी उहिलेका अगमवक्ताहरूजस्तै एक जना अगमवक्ता हुन् ।"

**१६**तर जब हेरोदले यो सुने, तिनले भने, "मैले शिर कटाएको मानिस यूहन्ना मरेकोबाट जीवित भएको छ ।"

**१७**किनकि हेरोद आफैले यूहन्नालाई पक्रिने अनि बाँधेर झ्यालखानमा हाल्ने आदेश दिएका थिए । यो तिनले आफ्नो भाइ फिलिपकी पत्नी हेरोदियासको कारणले गरेका थिए, जसलाई तिनले विवाह गरेका थिए । **१८**किनकि यूहन्नाले हेरोदलाई यसो भनेका थिए, "तपाईंको आफ्नो भाइकी पत्नी राख्नु उचित छैन ।" **१९**यसकारण हेरोदियासले यूहन्नाको विरुद्धमा एउटा ईख राखेकी थिइन् अनि तिनलाई मार्न चाहन्थिन् । तर तिनले सकेकी थिइनन्, **२०**किनकि तिनी एक धार्मिक र पवित्र मानिस हुन् भनेर हेरोदले जानेका हुनाले तिनी यूहन्नादेखि डराउँथे । जब हेरोदले यूहन्नाका कुरा सुन्थे, तिनी साह्रै विचलित हुन्थे; तर पनि तिनको कुरा सुन्न मन पराउँथे ।

**२१**आखिरमा अनुकूल समय आयो । आफ्नो जन्मदिनमा हेरोदले आफ्ना उच्च पदाधिकारीहरू, सेनाका कप्तानहरू अनि गालीलका प्रमुख व्यक्तिहरूको निम्ति एउटा ठूलो भोज आयोजना गरे । **२२**जब हेरोदियासकी छोरी आएर नाची, उसले हेरोद अनि तिनका भोजमा आएका पाहुनाहरूलाई खुशी पारी ।

राजाले त्यस केटीलाई भने, "तिमीले मसित जे मागे पनि म तिमीलाई दिनेछु ।" **२३**अनि तिनले शपथ खाएर उसलाई वचन दिए, "तिमीले जे मागे पनि म तिमीलाई दिनेछु, मेरो राज्यको आधा भागसम्म पनि ।"

**२४**त्यसले गएर आफ्नी आमालाई भनी, "म केको लागि बिन्ती गरूँ ?"

तिनले जवाफ दिइन्, "बप्तिस्मा-दिने यूहन्नाको शिर ।"

**२५**त्यो केटी तुरुन्तै हतार साथ भित्र राजाकहाँ गएर यो बिन्ती चढ़ाई, "तपाईंले झट्टै बप्तिस्मा-दिने यूहन्नाको शिर मलाई यस थालमा दिनुभएको म चाहन्छु ।"

**२६**राजा अत्यन्तै दुःखित भए, तर आफ्नो शपथ र भोजमा बसेका पाहुनाहरूका खातिर इन्कार गर्ने इच्छा गरेनन् । **२७**यसकारण तिनले तुरुन्तै फाँसी दिने मानिसलाई यूहन्नाको शिर ल्याउनू भनेर आज्ञा दिई पठाए । त्यो मानिस गयो, अनि झ्यालखानमा यूहन्नाको शिर काट्यो, **२८**अनि तिनको शिर थालमा ल्यायो । तिनले त्यो त्यस केटीलाई दिए, अनि उसले चाहिँ त्यो आफ्नी आमालाई दिई । **२९**यो सुनेर यूहन्नाका चेलाहरू आए र तिनको शरीर लगे अनि चिहानमा राखे ।

## येशूले पाँच हजारलाई खुवाउनुभएको

*मत्ती १४:१३-२१; लूका ९:१०-१७; यूहन्ना ६:१-१५*

**३०**येशूको चारैतिर भेला भएर प्रेरितहरूले आफूले गरेका र सिकाएका कुराहरू सबै बताए । **३१**तब, यति धेरै मानिसहरू आउँदै जाँदैथिए कि उहाँहरूले खानेसम्म मौका नपाउनुभएको हुनाले, उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू मात्रै मसित एउटा एकान्त ठाउँमा आओ अनि केही विश्राम लेओ ।"

**३२**यसकारण उहाँहरू मात्र एउटा डुङ्गामा चढ़ेर एउटा एकान्त ठाउँमा जानुभयो । **३३**तर धेरैले उहाँहरू जाँदै गर्नुभएको देखेर उहाँहरूलाई चिने अनि सबै शहरहरूबाट पैदलै उहाँहरूभन्दा अगि त्यहाँ पुगे । **३४**येशू उत्रनुभएपछि जब एउटा ठूलो भीड़लाई देख्नुभयो, उहाँले तिनीहरूलाई

---

**६:१४–१५**–मत्ती १६:१४; मर्कूस ८:२८; लूका ९:१९. **६:१७–१८**–लूका ३:१९-२०.

टिठचाउनुभयो, किनकि तिनीहरू गोठाला
नभएका भेड़ाहरूजस्तै थिए। यसकारण उहाँले
तिनीहरूलाई धेरै कुराहरू सिकाउन थाल्नुभयो।
**३५**त्यस बेला दिन ढल्किसकेको थियो,
त्यसकारण उहाँका चेलाहरू उहाँकहाँ आए।
तिनीहरूले भने, "यो एउटा अभेक ठाउँ हो,
अनि धेरै ढिलो भइसकेको छ । **३६**यी
मानिसहरूलाई पठाइदिनुहोस् र तिनीहरू
छेउछाउका गाउँहरूतिर गएर आफ्ना लागि
केही खानेकुराहरू किनून्।"
**३७**तर उहाँले भन्नुभयो, "तिमीहरूले नै
तिनीहरूलाई केही खानदेओ।"
तिनीहरूले उहाँलाई भने, "त्यसको लागि
त एक जना मानिसको आठ महिनाको ज्याला
चाहिन्छ ! के हामी गएर रोटीको लागि यत्रो
खर्च गरेर तिनीहरूलाई खान दिनुपर्ने ?"
**३८**उहाँले सोध्नुभयो, "तिमीहरूसित
कतिओटा रोटी छन् ? जाओ गएर हेर।"
तिनीहरूले पत्ता लाएपछि भने, "पाँचओटा
रोटी– अनि दुई माछाहरू।"
**३९**तब येशूले तिनीहरू सबैलाई हरियो
चउरमा झुण्डझुण्ड भई बस्न लाउने आज्ञा
दिनुभयो । **४०**यसकारण तिनीहरू सय अनि
पचासको झुण्ड भई बसे । **४१**ती पाँचओटा
रोटी अनि दुई माछाहरू लिएर स्वर्गतिर हेरी,
उहाँले धन्यवाद दिएर रोटीहरू भाँच्नुभयो ।
तब उहाँले ती कुराहरू मानिसहरूको
सामुन्ने राखिदिनलाई चेलाहरूलाई दिनुभयो।
उहाँले ती दुई माछाहरू पनि तिनीहरूलाई
बाँड़िदिनुभयो। **४२**अनि तिनीहरू सबैले अघाउन्जेल
खाए, **४३**अनि चेलाहरूले उब्रेका रोटी र माछाका
टुक्राहरू बाह्र टोकरी बटुले । **४४**ती खाने
पुरुषहरूको सङ्ख्या पाँच हजार थियो।

### येशू पानीमाथि हिंड्नुभएको

*मत्ती १४:२२-३३; यूहन्ना ६:१५-२१*

**४५**त्यसको लगत्तै येशूले आफ्ना चेलाहरूलाई
डुङ्गामा चढ़ेर उहाँभन्दा पहिले बेथसेदामा जान
लगाउनुभयो, अनि आफूले चाहिँ भीड़लाई बिदा
दिनुभयो। **४६**तिनीहरूबाट अलग भएपछि, उहाँ
एउटा पहाड़मा प्रार्थना गर्न जानुभयो ।
**४७**साँझ पर्दा, डुङ्गा समुद्रको बीचमा थियो,
अनि उहाँचाहिँ जमिनमा एक्लै हुनुहुन्थ्यो ।
**४८**उहाँले चेलाहरूलाई डुङ्गा ख्याउनको लागि
खूबै परिश्रम गरिरहेका देख्नुभयो, किनकि बतास
तिनीहरूको विरुद्धमा थियो। बिहान तीन बजेतिर
उहाँ तिनीहरूकहाँ समुद्रमाथि हिँड्दै आउनुभयो ।
उहाँले तिनीहरूलाई उछिनेर जानलाग्दा, **४९**जब
तिनीहरूले उहाँलाई समुद्रमाथि हिँड़िरहनुभएको
देखे, तिनीहरूले उहाँलाई भूत भनी सम्झे ।
तिनीहरू जोड़ले चिच्च्याए, **५०**किनकि
तिनीहरूले उहाँलाई देखे अनि डराए ।
उहाँले तुरुन्तै तिनीहरूसित बोल्दै भन्नुभयो,
"साहस गर ! म नै हुँ। नडराओ।" **५१**तब
उहाँ तिनीहरूसित डुङ्गामा चढ्नुभयो अनि
बतास थामियो । तिनीहरू साह्रै छक्क परे,
**५२**किनकि तिनीहरूले ती रोटीहरूको विषयमा
अझै बुझेका थिएनन्; तिनीहरूका हृदय कठोर
भएका थिए।
**५३**उहाँहरू पारि तर्नुभएपछि, गनेसरेतमा
उत्रनुभयो अनि डुङ्गा किनारमा लगाउनुभयो।
**५४**उहाँहरू डुङ्गाबाट निस्कनासाथ मानिसहरूले
येशूलाई चिने । **५५**तिनीहरू दौडेर गई
मुलुकभरिबाट रोगीहरूलाई खाटमा उहाँ जहाँ
हुनुहुन्थ्यो त्यतै लगेर गए । **५६**अनि उहाँ
जहीँ गए पनि गाउँ, शहरहरू र बस्तीहरूमा
तिनीहरूले रोगीहरूलाई बजारमा राखे ।
तिनीहरूले उहाँको वस्त्रको किनार मात्र पनि
छुन पाउन् भनी उहाँलाई बिन्ती गरे। अनि
जतिले उहाँलाई छोए तिनीहरू सबै निको भए।

### शुद्ध र अशुद्ध

*मत्ती १५:१-२०*

**७** एक दिन यरूशलेमबाट आएका फरिसीहरू
र शास्त्रीहरू येशूका चारैतिर भेला भए,
**२**अनि उहाँका केही चेलाहरूले "अशुद्ध," अर्थात्,

**६:३४**–गन्ती २७:१७; १ राजा २२:१७; २ इतिहास १८:१६; इजकिएल ३४:५; मत्ती ९:३६.

नधोइएका हातहरूले भोजन खाइरहेका देखे ।
**३**(फरिसीहरू र सारा यहूदीहरू धर्मगुरुहरूका
रीतिअनुसार हात नधोई भोजन गर्दैनन् । **४**जब
तिनीहरू बजारबाट आउँछन् तिनीहरू स्नान
नगरी खाँदैनन् । अनि तिनीहरू कचौराहरू,
जगहरू, किल्लीहरू पखाल्ने जस्ता अरू धेरै
किसिमका परम्परा मान्दछन् ।)

**५**यसकारण फरिसीहरू र शास्त्रीहरूले
येशूलाई सोधे, "तपाईंका चेलाहरू 'अशुद्ध' हातले
खान छोड़ेर धर्मगुरुहरूको परम्पराअनुसार किन
चल्दैनन् ?"

**६**उहाँले जवाफ दिनुभयो, "तिमी कपटीहरूको
विषयमा अगमवाणी गर्दा यशैयाले ठीकै भने,
जस्तो लेखिएको छ:

"'यी मानिसहरूले आफ्ना ओठले मेरो
आदर गर्छन्,
तर तिनीहरूका हृदय मदेखि टाढ़ा
छन् ।
**७** तिनीहरू व्यर्थमा मेरो उपासना गर्छन्;
तिनीहरूका शिक्षा खालि मानिसहरूले
सिकाएका नियम हुन् ।'

**८**तिमीहरू परमेश्वरका आज्ञाहरू त्यागेर
मानिसहरूको परम्परामा लागिरहन्छौ ।"

**९**अनि उहाँले तिनीहरूलाई भन्नुभयो:
"तिमीहरूसित आफ्नै परम्परा पालन गर्नलाई
परमेश्वरका आज्ञाहरू पर सार्ने राम्रो उपाय
छ ! **१०**किनकि मोशाले भने, 'तिमीहरूका
बाबुआमालाई आदर गर,' अनि, 'जसले आफ्नो
बाबु वा आमालाई सराप्छ त्यो मारिनुपर्छ ।'
**११**तर तिमीहरू मानिसहरूले आफ्ना बाबु वा
आमालाई 'तपाईंले मबाट कुनै किसिमको
सहायता पाउनुभएको छ भने त्यो कुर्बान
हो' अर्थात् परमेश्वरलाई अलग गरिएको भेटी
भनेर, **१२**तिमीहरू त्यसलाई आफ्नो बाबु वा
आमाको लागि केही गर्न दिँदैनौ । **१३**यसरी
तिमीहरूले आफ्नो चलिआएको परम्पराद्वारा
परमेश्वरको वचनलाई बेकामको तुल्याउँछौ ।
अनि तिमीहरूले यस्ता धेरै कुराहरू गर्दछौ ।"

**१४**येशूले भीड़लाई आफूकहाँ बोलाएर
भन्नुभयो, "तिमीहरू हरेकले मेरो कुरा सुन,
अनि त्यसलाई बुझ । **१५**मानिसको बाहिर
रहेको कुनै कुराले पनि ऊभित्र पसेर उसलाई
अशुद्ध बनाउन सक्दैन । बरु, मानिसको
हृदयबाट जे बाहिर निस्कन्छ त्यसले उसलाई
अशुद्ध बनाउँछ । [**१६**जसको सुन्ने कान छ,
त्यसले सुनोस् र बुझोस् ।"]

**१७**उहाँ भीड़लाई छोड़ेर घरभित्र पस्नुभएपछि,
उहाँका चेलाहरूले उहाँलाई त्यस दृष्टान्तको
विषयमा सोधे । **१८**उहाँले भन्नुभयो, "के तिमीहरू
यतिका अबुझ छौ ? बाहिरबाट मानिसभित्र
पसेको कुनै कुराले पनि उसलाई अशुद्ध
बनाउन सक्दैन भनी तिमीहरू जान्दैनौ ?
**१९**किनकि त्यो त उसको हृदयमा होइन
तर पेटमा पस्दछ अनि शरीर बाहिर
निस्किजान्छ ।" (त्यसो भनेर येशूले सबै भोजन
शुद्ध छन् भनी घोषणा गर्नुभयो ।)

**२०**उहाँले अझ भन्नुभयो: "मानिसबाट
जे बाहिर निस्कन्छ त्यसले उसलाई 'अशुद्ध'
बनाउँछ । **२१**किनकि भित्रबाट, मानिसको
हृदयबाट दुष्ट विचार, यौनसम्बन्धी अनैतिकता,
चोरी, हत्या, व्यभिचार, **२२**लोभ, ईर्ष्या, छल,
कामुकता, डाह, निन्दा, घमण्ड अनि मूर्खता
आउँछन् । **२३**यी सबै दुष्ट कुराहरू
भित्रबाट आउँछन् अनि मानिसलाई अशुद्ध
बनाउँछन् ।"

## सिरिया-फोनिकेबासी स्त्रीको विश्वास

*मत्ती १५:२१-२८*

**२४**येशू त्यो ठाउँ छोड़ेर टायरका छेउछाउका
इलाकाहरूतिर जानुभयो । उहाँ एउटा घरमा
पस्नुभयो अनि यो कुरा कसैलाई थाहा नभएको
चाहनुभयो; तरै पनि उहाँले आफ्नो उपस्थिति
गुप्त राख्न सक्नुभएन । **२५**वास्तवमा, दुष्टात्माले
सताएकी एउटी केटीकी आमा येशूको विषयमा
सुन्नासाथ आएर उहाँको पाउमा परी । **२६**त्यो

---

**७:६-७**–यशैया २९:१३. **७:१०**–प्रस्थान २०:१२; २१:१७; लेवी २०:९; व्यवस्था ५:१६.

स्त्री सिरियाको फोनिकेमा जन्मेकी ग्रीक थिई।
उसले येशूलाई आफ्नी छोरीबाट दुष्टात्मा
निकालिदिनलाई बिन्ती गरी।
२७उहाँले त्यसलाई भन्नुभयो, "पहिला
छोराछोरीहरूलाई चाहे जति खानदेओ, किनकि
छोराछोरीको रोटी लिएर कुकुरहरूको अगि
फालिदिनु उचित हुँदैन।"
२८त्यसले जवाफ दिई, "हो प्रभु, तर
कुकुरहरूले पनि त टेबलमुनि छोराछोरीले
खसालेका टुक्राहरू खान्छन् ।"
२९तब उहाँले त्यसलाई भन्नुभयो, "यस्तो
जवाफको खातिर, तिमी जाऊ; दुष्टात्माले तिम्री
छोरीलाई छोड़िसकेको छ।"
३०ऊ घर गई अनि आफ्नी छोरीलाई खाटमा
पस्रिरहेकी, र दुष्टात्मा गइसकेको भेट्टाई।

### बहिरो र लाटो मानिस निको भएको

३१तब येशू टायरका छेउछाउ छोड़ेर सिदोन
हुँदै, गालीलको समुद्र अनि डेकापोलिसको
इलाकातिर जानुभयो। ३२त्यहाँ केही मानिसहरूले
उहाँकहाँ एक जना बहिरो र भक्भके मानिसलाई
ल्याए, अनि उहाँको हात त्यस मानिसमाथि
राखिदिनहुन बिन्ती गरे।
३३येशूले त्यस मानिसलाई भीड़बाट अलग्गै,
एकातिर लगेर, आफ्ना औंलाहरू त्यस मानिसका
कानहरूमा लगाउनुभयो। तब उहाँले थुकेर
त्यस मानिसको जिब्रो छुनुभयो। ३४उहाँले
स्वर्गतिर हेरेर लामो सास लिएर त्यसलाई
भन्नुभयो, "एफ्फाता !" (जसको अर्थ हो,
"खोलिजा !") ३५यसो हुँदा, त्यस मानिसका
कानहरू खोलिए साथै स्पष्ट गरी बोल्न थाल्यो।
३६येशूले तिनीहरूलाई यो कसैलाई नभन्नू
भनी आज्ञा दिनुभयो। तर उहाँले जति यसो
भन्नुभयो, तिनीहरूले त्यति नै यसबारे
भन्दैरहे। ३७मानिसहरू आश्चर्य-चकित भए।
तिनीहरूले भने, "उहाँले हरेक कुरो असल
गर्नुभएको छ ! उहाँले बहिरालाई सुन्ने र
लाटालाई समेत बोल्ने तुल्याउनुहुन्छ।"

### येशूले चार हजारलाई खुवाउनुभएको

*मत्ती १५:३२-३९*

८ ती दिनहरूमा अर्को एउटा ठूलो भीड़
जम्मा भयो। तिनीहरूसित खानेकुरा केही
नभएकोले येशूले आफ्ना चेलाहरूलाई आफूकहाँ
बोलाएर भन्नुभयो, २"म यी मानिसहरूलाई
टिठ्याउँछु; तिनीहरू हामीसित तीन दिनदेखि
छँदैछन् अनि तिनीहरूसित खानेकुरा केही
छैन। ३यदि मैले तिनीहरूलाई भोकै घर पठाएँ
भने, तिनीहरू बाटैमा मूर्छा पर्नेछन्, किनकि
तीमध्ये कोही टाढ़ाबाट आएका छन्।"
४उहाँका चेलाहरूले जवाफ दिए, "तर यस
अभेक ठाउँमा तिनीहरूलाई खुवाउनलाई कसैले
यति धेरै रोटी कहाँ पाउन सक्ला ?"
५येशूले सोध्नुभयो, "तिमीहरूसित कतिओटा
रोटी छन् ?"
तिनीहरूले जवाफ दिए, "सातओटा।"
६उहाँले भीड़लाई भुइँमा बस्न
अह्राउनुभयो। जब उहाँले ती सातओटा रोटी
लिएर परमेश्वरलाई धन्यवाद दिनुभयो, उहाँले
ती भाँचेर चेलाहरूलाई मानिसहरूको अगि
राख्न दिनुभयो, अनि तिनीहरूले त्यसै गरे।
७तिनीहरूसित केही स-साना माछा पनि
थिए; उहाँले त्यसको लागि पनि धन्यवाद
दिनुभयो अनि चेलाहरूलाई ती बाँड्न
अह्राउनुभयो। ८मानिसहरूले खाए अनि तृप्त
भए। केही क्षणमा चेलाहरूले उब्रेका टुक्राहरू
सात डालाभरि उठाए। ९त्यहाँ प्राय: चार
हजार मानिसहरू उपस्थित थिए। अनि
तिनीहरूलाई बिदा गरिसकेपछि, १०उहाँ
आफ्ना चेलाहरूसित डुङ्गामा चढ़ी दलमनुथाका
इलाकामा जानुभयो।
११अनि फरिसीहरू आएर येशूलाई प्रश्नहरू
सोध्न थाले। उहाँलाई जाँच गर्नको लागि
तिनीहरूले उहाँसित स्वर्गबाट एउटा चिन्ह मागे।
१२उहाँले लामो सास लिएर भन्नुभयो, "यस
पुस्ताले किन चमत्कारी चिन्ह माग्छ ? म
तिमीहरूलाई साँच्चै भन्दछु, यसलाई कुनै चिन्ह

---

**८:११**–मत्ती १२:३८; लूका ११:१६. **८:१२**–मत्ती १२:३९; लूका ११:२९.

दिइनेछैन ।" **१३**तब उहाँ तिनीहरूलाई छोड़ेर
डुङ्गामा चढ़ी पारिपट्टि जानुभयो ।

### फरिसीहरू र हेरोदको खमिर

*मत्ती १६:५-१२*

**१४**आफूसित भएको एउटा मात्र रोटीबाहेक
चेलाहरूले अरू रोटी डुङ्गामा ल्याउन बिर्सेका
थिए । **१५**येशूले तिनीहरूलाई चेतावनी दिनुभयो,
"फरिसीहरू अनि हेरोदको खमिरदेखि होशियार
रहो ।"

**१६**तिनीहरूले यसबारे आपसमा छलफल
गरे अनि भने, "यो त हामीसित रोटी छैन
भनेर भन्नुभएको हो ।"

**१७**तिनीहरूको छलफल थाहा पाएर येशूले
तिनीहरूलाई सोध्नुभयो: "तिमीहरू किन रोटी
छैन भनेर कुरा गर्छौ ? तिमीहरू अझ देख्तैनौ
वा बुझ्दैनौ ? के तिमीहरूको हृदय कठोर
भएको छ ? **१८**के तिमीहरूका आँखा छन् तर
देख्न सक्दैनन्, अनि कानहरू जसले सुन्न
सक्दैनन् ? अनि के तिमीहरू सम्झँदैनौ ? **१९**जब
मैले पाँच रोटीहरू पाँच हजारको निम्ति भाँचेको
थिएँ, तिमीहरूले कति डालाभरि टुक्राटाक्रीहरू
उठायौ ?"

तिनीहरूले भने, "बाह्र" ।

**२०**"अनि जब मैले चार हजारको निम्ति
सातओटा रोटीहरू भाँचेको थिएँ, तिमीहरूले
कति डालाभरि टुक्राटाक्रीहरू उठायौ ?"

तिनीहरूले भने, "सात" ।

**२१**उहाँले तिनीहरूलाई भन्नुभयो, "के
तिमीहरू अझ बुझ्दैनौ ?"

### बेथसेदामा अन्धो निको भएको

**२२**उहाँहरू बेथसेदामा आउनुभयो, अनि केही
मानिसहरूले एक जना अन्धालाई येशूकहाँ
ल्याएर त्यसलाई छोइदिन बिन्ती गरे । **२३**उहाँले
त्यस अन्धा मानिसलाई आफ्नो हातले समातेर
गाउँदेखि बाहिर लानुभयो । जब उहाँले त्यस
अन्धा मानिसको आँखामा थुकेर आफ्ना हात
त्यसमाथि राख्नुभयो, येशूले सोध्नुभयो, "के
तिमी केही देख्छौ ?"

**२४**त्यसले मास्तिर हेरेर भन्यो, "म
मानिसहरूलाई रूखहरू हिँड़िरहेको जस्तो
देख्छु ।"

**२५**येशूले आफ्ना हात फेरि एकपल्ट त्यस
मानिसको आँखामा राख्नुभयो । तब त्यसका
आँखाहरू खोलिए, त्यसको दृष्टि फर्केर आयो,
अनि त्यसले सबै थोक स्पष्ट गरी देख्यो ।
**२६**येशूले त्यसलाई यसो भनेर घर पठाउनुभयो,
"गाउँमा नपस ।"

### ख्रीष्ट भनी पत्रुसको स्वीकार

*मत्ती १६:१३-२०; लूका ९:१८-२०*

**२७**येशू र उहाँका चेलाहरू सिजरिया
फिलिप्पीका गाउँहरूतिर जानुभयो । बाटोमा
उहाँले तिनीहरूलाई सोध्नुभयो, "मानिसहरूले
म को हुँ भनी भन्छन् ?"

**२८**तिनीहरूले जवाफ दिए, "कसैले
बप्तिस्मा-दिने यूहन्ना भन्छन्; कसैले एलिया
भन्छन्; अनि अझै अरूले अगमवक्ताहरूमध्ये
एक भनी भन्छन् ।"

**२९**उहाँले सोध्नुभयो, "तर तिमीहरू चाहिँ
के भन्छौ ? तिमीहरू म को हुँ भनी भन्छौ ?"

पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट
हुनुहुन्छ ।"

**३०**येशूले तिनीहरूलाई आफ्नो विषयमा
कसैलाई केही नभन्ने चेतावनी दिनुभयो ।

### येशूले आफ्नो मृत्युको पूर्वसूचना दिनुभएको

*मत्ती १६:२१-२८; लूका ९:२२-२७*

**३१**तब उहाँले तिनीहरूलाई मानिसको पुत्रले
धेरै कष्टहरू सहनुपर्छ अनि धर्मगुरुहरू, मुख्य
पूजाहारीहरू अनि शास्त्रीहरूबाट तिरष्कृत हुनु,
मारिनु र तेस्रो दिनमा जीवित भई उठ्नुपर्छ
भनी सिकाउन थाल्नुभयो । **३२**उहाँले यस

---

**८:१५**–लूका १२:१. **८:१८**–यर्मिया ५:२१; इजकिएल १२:२; मर्कूस ४:१२. **८:२८**–मर्कूस ६:१४-१५; लूका ९:७-८. **८:२९**–यूहन्ना ६:६८-६९.

विषयमा स्पष्टरूपले भन्नुभयो। पत्रुसले उहाँलाई एकातिर लगेर हकार्न लागे।

**३३**तर येशूले फर्केर आफ्ना चेलाहरूतिर हेरेर पत्रुसलाई हकार्नुभयो, "मबाट दूर भइजा, शैतान ! तेरो मनमा परमेश्वरका कुराहरू होइन, तर मानिसहरूका कुराहरू छन्।"

**३४**तब उहाँले भीड़लाई आफ्ना चेलाहरूसित आफूकहाँ बोलाएर भन्नुभयो: "यदि कोही मेरोपछि आउने इच्छा गर्छ भने, उसले आफैलाई इन्कार गरी आफ्नो क्रूस उठाएर मेरोपछि लागोस्। **३५**किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ उसले त्यो गुमाउनेछ, तर जसले मेरो र सुसमाचारको खातिर आफ्नो प्राण गुमाउँछ त्यसले त्यो बचाउनेछ। **३६**कुनै मानिसले सारा संसार हात पारेर आफ्नो प्राणचाहिँ गुमाउँछ भने उसलाई के लाभ हुन्छ ? **३७**अथवा कुनै मानिसले आफ्नो प्राणको बदली के दिनसक्छ ? **३८**यस व्यभिचारी र पापी पुस्तामा यदि कोही म र मेरो वचनसित शर्माउँछ भने म, मानिसको पुत्र आफ्ना पिताको महिमामा स्वर्गदूतहरूसित आउँदा ऊसित पनि शर्माउनेछु।"

**९** अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँच्चै भन्दछु, यहाँ उभिनेहरू कोही-कोहीले परमेश्वरको राज्य शक्तिसित आएको नदेखुन्जेल मृत्यु चाख्नेछैनन्।"

### रूप परिवर्तन

*मत्ती १७:१-१३; लूका ९:२८-३६*

**२**छ दिनपछि येशूले आफूसित पत्रुस, याकूब र यूहन्नालाई लिनुभयो अनि तिनीहरूलाई एउटा अग्लो पर्वतमा लैजानुभयो, जहाँ उहाँहरू मात्र हुनुहुन्थ्यो। त्यहाँ तिनीहरूकै सामुन्ने उहाँको रूप परिवर्तन भयो। **३**उहाँको वस्त्र चहकिलो सेतो, अर्थात् संसारमा कसैले धोएर सेतो बनाउनै नसक्ने गरी सेतो भयो। **४**अनि त्यहाँ तिनीहरूको सामुन्ने एलिया र मोशा देखा परे, उनीहरू येशूसित कुरा गरिरहेका थिए।

**५**अनि पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामीलाई यहीं रहनु असल छ। हामी तीनओटा डेराहरू बनाऔं– एउटा तपाईंको लागि, एउटा मोशाको लागि अनि एउटा एलियाको लागि।" **६**तिनीहरू यति साह्रो डराएका थिए, के भन्ने हो सो तिनले जानेनन्।

**७**तब बाक्लो बादल देखा पर्‍यो र तिनीहरूलाई ढाकिहाल्यो, अनि बादलबाट एउटा आवाज आयो: "यिनी मेरा पुत्र हुन्, जसलाई म प्रेम गर्छु, तिमीहरूले यिनको कुरा सुन।"

**८**अचानक, जब तिनीहरूले चारैतिर हेरे, तिनीहरूले आफूसित येशूबाहेक अरू कसैलाई देखेनन्।

**९**उहाँहरू जसै पर्वतबाट ओर्लनुहुँदैथियो, येशूले तिनीहरूलाई तिनीहरूले देखेका कुरा म, मानिसको पुत्र मृत्युबाट जीवित भई नउठेसम्म कसैलाई नभन्नू भनी आज्ञा दिनुभयो। **१०**तिनीहरूले "मरेकोबाट जीवित हुनु" भनेको के हो भन्ने विषयमा छलफल गर्दै, त्यो कुरा आफैभित्र राखे।

**११**अनि तिनीहरूले उहाँलाई सोधे, "ख्रीष्ट आउनुभन्दा पहिला एलिया आउनुपर्छ भनी शास्त्रीहरू किन भन्छन् ?"

**१२**येशूले जवाफ दिनुभयो, "अवश्य, एलिया पहिला आउनेछन्, अनि सबै कुरा पुनर्स्थापन गर्नेछन्। म, मानिसको पुत्रले धेरै कष्ट भोग्नुपर्छ अनि तिरस्कृत हुनुपर्छ भनी किन लेखिएको ? **१३**तर म तिमीहरूलाई भन्दछु, एलिया आइसकेका छन्, अनि जस्तो तिनको विषयमा धर्मशास्त्रमा लेखिएको छ, तिनीहरूले तिनीप्रति इच्छा गरेका सबै थोक गरेका छन्।"

### दुष्टात्मा लागेको केटो निको भएको

*मत्ती १७:१४-२३; लूका ९:३७-४५*

**१४**जब उहाँहरू अरू चेलाहरूकहाँ आउनुभयो, उहाँहरूले तिनीहरूको चारैतिर एउटा ठूलो भीड़सित शास्त्रीहरू तर्क

---

**८:३४**–मत्ती १०:३८; लूका १४:२७. **८:३५**–मत्ती १०:३९; लूका १७:३३; यूहन्ना १२:२५.
**९:२-७**–२ पत्रुस १:१७-१८. **९:७**–मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२. **९:११**–मलाकी ४:५; मत्ती ११:१४.

गरिरहेका देख्नुभयो । **१५**सबै मानिसहरूले जसै
येशूलाई देखे, तिनीहरू आश्चर्यचकित भएर
उहाँलाई अभिवादन गर्न दगुरे ।
**१६**उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू
यिनीहरूसित कुन विषयमा बहस गर्दैछौ ?"
**१७**भीड़बाट एक जना मानिसले जवाफ दियो,
"हे गुरु, मैले तपाईंकहाँ मेरो छोरा लिएर
आएको छु, जसलाई दुष्टात्मा लागेको छ अनि
त्यसले उसको बोली नै लगिदिएको छ ।
**१८**जब त्यसले उसलाई पक्रन्छ, उसलाई भुइँमा
पछार्छ । उसले मुखबाट फींज काढ्छ, दाह्रा
किट्छ अनि अरट्ठै पर्छ । मैले तपाईंका
चेलाहरूलाई यस आत्मालाई धपाइदिनुहोस् भनी
बिन्ती गरें तर तिनीहरूले सकेनन् ।"
**१९**येशूले जवाफ दिनुभयो, "ए अविश्वासी
पुस्ता, म तिमीहरूसित कहिलेसम्म बसूँ ? म
तिमीहरूलाई कतिसम्म सहूँ ? त्यस केटोलाई
मकहाँ ल्याओ ।"
**२०**यसकारण तिनीहरूले त्यसलाई ल्याए ।
जब त्यस आत्माले येशूलाई देख्यो, त्यसले
तुरुन्तै त्यस केटोलाई लछारपछार पाऱ्यो ।
त्यो भुइँमा लड्यो अनि मुखबाट फींज काट्दै
लड़ीबड़ी गर्न लाग्यो ।
**२१**येशूले केटाको बाबुसित सोध्नुभयो,
"यसलाई कहिलेदेखि यस्तो भएको हो ?"
तिनले जवाफ दिए, "सानैदेखि । **२२**त्यसले
यसलाई मार्नलाई घरीघरी पानीमा अथवा
आगोमा फ्याँकिदिन्छ । तर यदि तपाईंले केही
गर्न सक्नुहुन्छ भने, हामीमाथि दया गरेर
सहायता गर्नुहोस् ।"
**२३**अनि येशूले भन्नुभयो, "तिमीले 'सक्नुहुन्छ
भने' भनेर के भन्न खोजेका ? विश्वास गर्नेको
लागि हरेक कुरा सम्भव हुन्छ ।"
**२४**तुरुन्तै त्यस केटाको बाबुले भने, "म
विश्वास गर्छु । मेरो अविश्वासमाथि विजय
पाउन मलाई सहायता गर्नुहोस् ।"
**२५**जब येशूले त्यस ठाउँमा एउटा भीड़
दौड़ेर आइरहेको देख्नुभयो, उहाँले त्यस
दुष्टात्मालाई यसो भनेर हकार्नुभयो, "तँ
बहिरो र लाटो आत्मा, म तँलाई त्यसबाट
बाहिर आइज अनि त्यसमा फेरि कहिल्यै नपस्
भनी आज्ञा दिन्छु ।"
**२६**त्यो चिच्च्याएर त्यसलाई जोड़सित
पछारेर बाहिर निस्क्यो । त्यो केटो यति मुर्दाजस्तो
भयो कि धेरैले "त्यो मऱ्यो" भने । **२७**तर
येशूले त्यसको हात पक्रेर त्यसलाई आफ्नो
खुट्टामा उभ्याउनुभयो, अनि त्यो ठिङ्ग उभियो ।
**२८**येशू भित्र पस्नुभएपछि, उहाँका चेलाहरूले
उहाँलाई गुप्तमा सोधे, "हामीले किन त्यसलाई
निकाल्न सकेनौं ?"
**२९**उहाँले जवाफ दिनुभयो, "यस्तो किसिमको
चाहिँ प्रार्थनाद्वारा मात्र निस्कन सक्छ ।"
**३०**उहाँहरू त्यो ठाउँ छोड़ेर गालील भएर
जानुभयो । येशूले उहाँहरू कहाँ हुनुहुन्छ भनी
कसैले पनि थाहा नपाएको चाहनुहुन्थ्यो, **३१**किनकि
उहाँले आफ्ना चेलाहरूलाई सिकाउनुहुँदैथियो ।
उहाँले तिनीहरूलाई भन्नुभयो, "म, मानिसको
पुत्र मानिसहरूका हातमा विश्वासघात गरी
सुम्पिइनेछु । तिनीहरूले मलाई मार्नेछन्, अनि
तीन दिनपछि म फेरि जीवित भई उठ्नेछु ।"
**३२**तर उहाँले के भन्नुभएको हो सो तिनीहरूले
बुझ्न सकेनन् र त्यस विषयमा उहाँलाई सोध्न
डराउँथे ।

### सबैभन्दा महान् को ?

*मत्ती १८:१-५; लूका ९:४६-४८*

**३३**उहाँहरू कफर्नहुममा आउनुभयो । उहाँ
घरभित्र हुनुहुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो,
"तिमीहरू बाटामा केको विषयमा वादविवाद
गर्दैथियौ ?" **३४**तर तिनीहरू चुप रहे, किनकि
बाटोमा तिनीहरूले सबैभन्दा महान् को हो
भनी वादविवाद गरेका थिए ।
**३५**बसिरहेको बेला, येशूले बाह्र जनालाई
बोलाएर भन्नुभयो, "यदि कोही पहिलो हुन
चाहन्छ भने, ऊ सबैभन्दा पछि अनि सबैको
सेवक हुनुपर्छ ।"

---

**९:३४**–लूका २२:२४. **९:३५**–मत्ती २०:२६-२७; २३:११; मर्कूस १०:४३-४४; लूका २२:२६.

३६तब उहाँले एउटा सानो बालकलाई लिएर
त्यसलाई तिनीहरूको बीचमा उभ्याउनुभयो ।
त्यसलाई काखमा लिएर उहाँले तिनीहरूलाई
भन्नुभयो, ३७"जसले यस्ता साना बालकहरूलाई
मेरो नाउँमा स्वागत गर्छ, त्यसले मलाई स्वागत
गर्छ; अनि जसले मलाई स्वागत गर्छ, त्यसले
मलाई होइन तर मलाई पठाउनुहुनेलाई स्वागत
गर्छ ।"

### जो हाम्रो विरुद्धमा छैन त्यो हाम्रो पक्षमा छ

३८यूहन्नाले सोधे, "हे गुरु, हामीले एक
जना मानिसलाई तपाईंको नाउँमा भूतहरू
धपाइरहेका देख्यौं । अनि हामीले उसलाई मनाही
गऱ्यौं, किनकि ऊ हामीमध्येको थिएन ।"
३९येशूले भन्नुभयो, "त्यसलाई मनाही
नगर । मेरो नाउँमा आश्चर्य-कर्म गर्ने कसैले
पनि केहीबेरपछि मेरो विषयमा केही नराम्रो
भन्न सक्दैन, ४०किनकि जो हाम्रो विरुद्धमा
छैन त्यो हाम्रो पक्षमा छ । ४१म तिमीहरूलाई
साँच्चै भन्दछु, कसैले तिमीहरूलाई तिमीहरू
ख्रीष्टका हौ भनेर मेरो नाउँमा एक कचौरा
पानी पिउन दिन्छ भने उसले निश्चय नै उसको
इनाम गुमाउनेछैन ।

### पाप गर्न लाउनु

४२"अनि यदि कसैले मलाई विश्वास गर्ने
यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लाउँछ
भने, उसलाई त ठूलो जाँतो घिच्रोमा बाँधेर समुद्रमा
फालिनु असल हुनेथियो । ४३यदि तिमीहरूका
हातले तिमीहरूलाई पाप गर्न लाउँछ भने,
त्यसलाई काटेर फालिदेओ । दुई हात लिएर
कहिल्यै ननिभ्ने नरकको आगोमा जानुभन्दा
त, हात डुँडे भएर अनन्त जीवनमा प्रवेश गर्नु
तिमीहरूको लागि असल हुन्छ । [४४नरकमा
त 'तिनीहरूको कीरा मर्दैन, अनि आगो
निभ्दैन ।'] ४५अनि यदि तिमीहरूका खुट्टाले
तिमीहरूलाई पाप गर्न लाउँछ भने, त्यसलाई
काटेर फालिदेओ । दुई खुट्टा लिएर नरकमा
पस्नुभन्दा त लङ्गडो भएर जीवनमा प्रवेश गर्नु
तिमीहरूको लागि असल हुन्छ । [४६नरकमा
त 'तिनीहरूको कीरा मर्दैन, अनि आगो
निभ्दैन ।'] ४७अनि यदि तिमीहरूका आँखाले
तिमीहरूलाई पाप गर्न लाउँछ भने, त्यसलाई
झिकेर फालिदेओ । दुई आँखा लिएर
नरकमा फालिनुभन्दा त एउटा आँखा लिएर
परमेश्वरको राज्यमा प्रवेश गर्नु तिमीहरूको
लागि असल हुन्छ । ४८नरकमा त

"'तिनीहरूको कीरा मर्दैन,
अनि आगो निभ्दैन ।'

४९हरेकलाई आगोले शुद्ध पारिनेछ ।
५०"नून असल हो, तर यदि त्यसले आफ्नो
नूनिलोपन हरायो भने, तिमीहरूले त्यसलाई फेरि
कसरी नूनिलो तुल्याउने ? तिमीहरू हरेकमा नूनको
गुण छ, त्यसैले आपसमा मिलापमा रहो ।"

### सम्बन्ध-विच्छेद

*मत्ती १९:१-१२*

**१०** तब येशू त्यो ठाउँ छोड़ेर यहूदियाको
इलाकामा अनि यर्दनपारि जानुभयो ।
फेरि मानिसहरूको भीड़ उहाँकहाँ आयो, अनि
आफ्नो आदत्अनुसार उहाँले तिनीहरूलाई
सिकाउनुभयो ।
२कोही फरिसीहरूले उहाँलाई यसरी सोधेर
जाँच गरे, "के मानिसलाई आफ्नो पत्नी त्याग्नु
न्यायसङ्गत छ ?"
३उहाँले जवाफ दिनुभयो, "मोशाले
तिमीहरूलाई के आज्ञा दिए ?"
४तिनीहरूले भने, "मोशाले मानिसलाई
एउटा त्यागपत्र लेखेर आफ्नी पत्नीलाई छोड्ने
अनुमति दिएका छन् ।"
५येशूले जवाफ दिनुभयो, "मोशाले

---

**९:३७**–मत्ती १०:४०; लूका १०:१६; यूहन्ना १३:२०. **९:४०**–मत्ती १२:३०; लूका ११:२३. **९:४१**–मत्ती १०:४२. **९:४३**–मत्ती ५:३०. **९:४७**–मत्ती ५:२९. **९:४८**–यशैया ६६:२४. **९:५०**–मत्ती ५:१३; लूका १४:३४-३५. **१०:४**–व्यवस्था २४:१-४; मत्ती ५:३१.

तिमीहरूलाई यो व्यवस्था दिएको त तिमीहरूको
हृदयको कठोरताको कारणले गर्दा हो । **६**तर
सृष्टिको शुरूमा त परमेश्वरले तिनीहरूलाई
पुरुष र स्त्री बनाउनुभयो । **७**'यसैकारण मानिसले
आफ्ना बाबु र आमालाई छोड्छ अनि
पत्नीसित मिलेर बस्छ, **८**अनि ती दुई एउटै
शरीर भइहाल्छन् ।' यसरी तिनीहरू अब दुई
होइनन्, तर एउटै हुन् । **९**यसकारण जसलाई
परमेश्वरले एकसाथ जोर्नुभएको छ, मानिसले
नछुटयाओस् ।"

**१०**जब उहाँहरू फेरि घरभित्र हुनुहुन्थ्यो,
चेलाहरूले येशूलाई यसबारे सोधे । **११**उहाँले
जवाफ दिनुभयो, "जसले आफ्नी पत्नीलाई
त्यागेर अर्कीलाई विवाह गर्छ त्यसले उसको
विरुद्धमा व्यभिचार गर्छ । **१२**अनि यदि कुनै
स्त्रीले आफ्नो पतिलाई त्यागेर अर्को मानिसलाई
विवाह गर्छे भने, त्यसले व्यभिचार गर्छे ।"

### साना बालबालिका अनि येशू

*मत्ती १९:१३-१५; लूका १८:१५-१७*

**१३**मानिसहरूले साना बालबालिकाहरूलाई
येशूले छोइदेऊन् भनेर उहाँकहाँ ल्याउँदैथिए,
तर चेलाहरूले तिनीहरूलाई हकारे । **१४**जब
येशूले यो देख्नुभयो, उहाँ रिसाउनुभयो ।
उहाँले तिनीहरूलाई भन्नुभयो, "साना
बालबालिकाहरूलाई मकहाँ आउन देओ, अनि
तिनीहरूलाई नरोक, किनकि परमेश्वरको
राज्य यस्तैहरूको हो । **१५**म तिमीहरूलाई साँच्चै
भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा
सानो बालकले झैं ग्रहण गर्दैन ऊ त्यसमा
कहिल्यै पस्नेछैन ।" **१६**अनि उहाँले नानीहरूलाई
काखमा लिएर आफ्ना हात तिनीहरूमाथि
राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो ।

### धनी जवान मानिस

*मत्ती १९:१६-३०; लूका १८:१८-३०*

**१७**येशू जसै बाटोमा जाँदैहुनुहुन्थ्यो, एक
जना मानिस दगुर्दै आएर उहाँको सामुन्ने घुँडा
टेक्यो, अनि सोध्यो, "हे असल गुरु, मैले अनन्त
जीवन प्राप्त गर्नलाई के गर्नुपर्छ ?"

**१८**येशूले जवाफ दिनुभयो, "के तिमी मलाई
साच्चै असल भन्छौ ? परमेश्वरबाहेक अरू
कोही असल छैन । **१९**अनि तिमी आज्ञाहरू त
जान्दछौ– 'हत्या नगर, व्यभिचार नगर,
चोरी नगर, झूटा साक्षी नदेओ, नठग्नू, आफ्ना
बाबु र आमाको आदर गर्नू ।'"

**२०**त्यसले घोषणा गऱ्यो, "गुरु, यी सबै त
मैले मेरो बालककालदेखि नै गर्दै आएको छु ।"

**२१**येशूले त्यसलाई हेरेर प्रेम गरी भन्नुभयो,
"तिमीमा एउटै कुराको अभाव छ, जाऊ र
तिमीसित भएको सबैकुरा बेचेर गरीबहरूलाई
देऊ, अनि तिमीलाई स्वर्गमा धन प्राप्त हुनेछ ।
तब आऊ, अनि मलाई पछ्याऊ ।"

**२२**यो सुनेर त्यो जवान मानिसको अनुहार
उदास भयो । त्यो दु:खित भएर गइहाल्यो,
किनकि ऊसित धेरै सम्पत्ति थियो ।

**२३**येशूले चारैतिर हेरेर आफ्ना चेलाहरूलाई
भन्नुभयो, "धनी मानिसलाई परमेश्वरको
राज्यमा प्रवेश गर्नु कति कठिन छ !"

**२४**उहाँको वचनमा चेलाहरू छक्क परे ।
तर येशूले फेरि भन्नुभयो, "केटाकेटी हो, स्वर्गको
राज्यमा प्रवेश गर्नु कति कठिन छ ! **२५**एक
जना धनी मानिसलाई परमेश्वरको राज्यमा
प्रवेश गर्नुभन्दा त एउटा उँटलाई सियोको
नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।"

**२६**चेलाहरू झन् बढ़ी छक्क परेर आपसमा
भने, "त्यसो भएता को चाहिँ बाँच्छ होला ?"

**२७**येशूले तिनीहरूतिर हेरेर भन्नुभयो,
"मानिसको लागि त यो असम्भव छ, तर
परमेश्वरको लागि त छैन; परमेश्वरको निम्ति
त सबै कुरा सम्भव छ ।"

**२८**पत्रुसले उहाँलाई भने, "हामीले सब थोक
त्यागेर तपाईंलाई पछ्याएका छौं ।"

**२९**येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई
साँच्चै भन्दछु, कि आफ्नो घर अथवा

---

**१०:६**–उत्पत्ति १:२७; ५:२. **१०:७-८**–उत्पत्ति २:२४. **१०:११-१२**–मत्ती ५:३२; १ कोरिन्थी ७:१०-११.
**१०:१५**–मत्ती १८:३. **१०:१९**–प्रस्थान २०:१२-१६; व्यवस्था ५:१६-२०.

दाज्यूभाइहरू वा दिदीबहिनीहरू अथवा आमा
वा बाबु अथवा बालबच्चा अथवा जग्गाजमिन
मेरो र सुसमाचारको खातिर त्याग्नेहरू कसैले
पनि **३०**तीभन्दा सय गुणा बढ्ता यही
युगमा (घरहरू, दाज्यूभाइहरू, दिदीबहिनीहरू,
आमाहरू, बालबच्चाहरू अनि जग्गाजमिन र
साथै खेदो) अनि आउने युगमा, अनन्त जीवन
नपाई रहनेछैन। **३१**तर अघि हुने धेरै सम्मानितहरू
पछि, अनि पछि धेरै तुच्छ ठानिएकाहरू अघि
हुनेछन् ।"

## येशूले फेरि आफ्नो मृत्युको पूर्वसूचना दिनुभएको

*मत्ती २०:१७-१९; लूका १८:३१-३३*

**३२**येशू अगिअगि हिँड्दै उहाँहरू यरूशलेमतिर
जानुहुँदैथियो, त्यसकारण चेलाहरू छक्कै
परेका र अरू पछिपछि आउनेहरूचाहिँ डराएका
थिए। उहाँले बाह्रलाई एकातिर लगेर उहाँमाथि
के हुनेछ सो फेरि बताउनुभयो । **३३**उहाँले
भन्नुभयो, "हामी यरूशलेममा जाँदैछौं, अनि
म, मानिसको पुत्र मुख्य पूजाहारी अनि
शास्त्रीहरूको हातमा पक्राइनेछु । तिनीहरूले
मलाई मृत्युको दोषी ठहऱ्याएर गैर-यहूदीहरूको
हातमा सुम्पिदिनेछन्, **३४**जसले मलाई अपमान
गर्नेछन्, थुक्नेछन्, कोर्रा लाउनेछन् अनि मार्नेछन्।
तीन दिनपछि म फेरि जीवित भई उठ्नेछु।"

## याकूब र यूहन्नाको बिन्ती

*मत्ती २०:२०-२८*

**३५**तब जब्दीका छोराहरू याकूब र यूहन्ना
उहाँकहाँ आए। तिनीहरूले भने, "हे गुरु, हामी
तपाईंसँग जे माग्छौं त्यो तपाईंले हाम्रो निम्ति
गर्नुभएको हामी चाहन्छौं ।"

**३६**उहाँले सोध्नुभयो, "म तिमीहरूको लागि
के गरूँ भनी तिमीहरू चाहन्छौ ?"

**३७**तिनीहरूले जवाफ दिए, "तपाईंको
महिमामा हामीमध्ये एक जना तपाईंको
दाहिनेतिर अनि अर्कोचाहिँ देब्रेतिर बस्न
चाहन्छौं ।"

**३८**तर येशूले भन्नुभयो, "तिमीहरूले के
मागिरहेछौ भनी तिमीहरू जान्दैनौ । के मैले
पिउने कष्टको कचौरा तिमीहरू पिउन सक्छौ
अथवा जुन बप्तिस्मा म लिनेछु त्यो तिमीहरूले
लिन सक्छौ ?"

**३९**तिनीहरूले जवाफ दिए, "सक्छौं ।"

येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले
मैले पिउने कचौरा पिउनेछौ अनि मैले लिने
बप्तिस्मा लिनेछौ, **४०**तर मेरो दाहिने अथवा
देब्रेतिर बस्नदिने अख्तियारचाहिँ मेरो होइन ।
यी ठाउँहरू त तिनीहरूका निम्ति हुन् जसको
लागि ती तयार पारिएका छन् ।"

**४१**जब दश जनाले यस विषयमा सुने,
तिनीहरू याकूब र यूहन्नासित रिसाए। **४२**येशूले
ती सबैलाई एकसाथ बोलाएर भन्नुभयो,
"तिमीहरू जान्दछौ कि यस संसारका शासक
ठहराइएकाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्,
अनि तिनीहरूका उच्च अधिकारीहरूले पनि
तिनीहरूमाथि अधिकार चलाउँछन्। **४३**तिमीहरूमा
चाहिँ यस्तो हुनेछैन। यसको बदली, तिमीहरूमध्ये
जो ठूलो हुन चाहन्छ त्यो तिमीहरूका सेवक
हुनुपर्छ, **४४**अनि तिमीहरूमध्ये जो पहिलो हुन
चाहन्छ त्यो सबैको दास हुनैपर्छ । **४५**किनकि
म, मानिसको पुत्र पनि सेवा पाउन होइन, तर
सेवा दिन, अनि धेरैको लागि छुटकाराको
मूल्यस्वरूप मेरो जीवन दिन आएको हुँ ।"

## अन्धा बार्तिमैले दृष्टि पाएको

*मत्ती २०:२९-३४; लूका १८:३५-४३*

**४६**तब उहाँहरू यरीहोमा आउनुभयो। येशू
र उहाँका चेलाहरू एउटा ठूलो भीड़को साथमा
शहरदेखि बाहिर आउनुहुँदै गर्दा एक जना
अन्धा मानिस, तिमैको छोरा बार्तिमै बाटोको
किनारमा भिक्षा माग्दै बसिरहेको थियो। **४७**जब
उसले नासरतको येशू भन्ने सुन्यो, त्यो यसो
भन्दै चिच्च्याउन थाल्यो, "हे येशू, दाऊदका
पुत्र, ममाथि दया गर्नुहोस् !"

**१०:३१**–मत्ती २०:१६; लूका १३:३०. **१०:४२-४३**–लूका २२:२५-२६. **१०:४३-४४**–मत्ती २३:११; मर्कूस ९:३५

**४८**धेरैले त्यसलाई गाली गरेर चुप लाग्नू भने, तर त्यो त अझ चर्को सोरले करायो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् !"

**४९**येशू थामिनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ ।"

यसकारण तिनीहरूले त्यस अन्धो मानिसलाई भने, "ढाड़स गर् ! उठ् ! उहाँले तँलाई बोलाउनुहुँदैछ ।" **५०**आफ्नो वस्त्र एकातिर फ्याँकेर, त्यो आफ्नो खुट्टामा उभियो र येशूकहाँ आयो ।

**५१**येशूले त्यसलाई सोध्नुभयो, "मैले तिम्रो लागि के गरूँ भनी तिमी चाहन्छौ ?"

त्यस अन्धो मानिसले भन्यो, "हे गुरु, म दृष्टि पाऊँ !"

**५२**अनि येशूले भन्नुभयो, "जाऊ, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।" तुरुन्तै, त्यसले दृष्टि पायो अनि बाटोभरि येशूलाई पछ्यायो ।

## विजयको प्रवेश

*मत्ती २१:१-११; लूका १९:२८-४०;*
*यूहन्ना १२:१२-१९*

**११** उहाँहरू जसै यरूशलेमको नजीक जैतून डाँड़ामा भएको बेथफागे र बेथानीमा आउनुभयो, येशूले आफ्ना चेलाहरूमध्ये दुई जनालाई **२**यसो भन्दै पठाउनुभयो, "तिमीहरूका सामुन्नेको गाउँमा जाओ, जसै तिमीहरू त्यसमा पस्नेछौ, तिमीहरूले त्यहाँ एउटा गधैनीको बछेड़ालाई बाँधिराखेको भेट्टाउनेछौ, जसमाथि अझसम्म कोही सवार भएको छैन । त्यसलाई खोलेर यहाँ ल्याओ । **३**यदि कसैले तिमीहरूलाई 'तिमीहरू किन यसो गर्दैछौ ?' भनी सोध्यो भने त्यसलाई भन, 'प्रभुलाई यसको खाँचो छ अनि केही बेरमा यसलाई फर्काइदिनुहुनेछ ।'"

**४**तिनीहरू गए अनि सड़कबाहिर ढोकाको छेउमा एउटा बछेड़ालाई बाँधिराखेको भेट्टाए । तिनीहरूले जसै त्यसलाई खोले, **५**त्यहाँ उभिरहेका केही मानिसहरूले तिनीहरूलाई सोधे, "तिमीहरू त्यस बछेड़ालाई खोलेर के गरिरहेका छौ ?" **६**तिनीहरूले येशूले भन्नुभएझैँ भने, अनि ती मानिसहरूले तिनीहरूलाई जानदिए । **७**जब तिनीहरूले त्यस बछेड़ालाई येशूकहाँ लगे अनि आफ्ना वस्त्रहरू त्यसमाथि ओछ्याइदिए, उहाँ त्यसमाथि बस्नुभयो । **८**धेरै मानिसहरूले आफ्ना वस्त्रहरू बाटामा फिँजाए, अनि अरूले चाहिँ मैदानबाट काटेर ल्याएका हाँगाहरू फिँजाए । **९**ती अगिअगि जानेहरू अनि पछिपछि आउनेहरू यसरी कराए,

"होसन्ना !
उहाँ धन्यका हुनुहुन्छ जो परमप्रभुको
नाउँमा आउनुहुन्छ !
**१०** हाम्रा पिता दाऊदको आउने
राज्य धन्यको हो !
परमधाममा होसन्ना !"

**११**येशू यरूशलेममा पसेर मन्दिरमा जानुभयो । उहाँले चारैतिर सब कुरा हेर्नुभयो, तर अबेर भइसकेकोले उहाँ बाह्र जनासित बेथानीमा निस्केर जानुभयो ।

## येशूले मन्दिर शुद्ध गर्नुभएको

*मत्ती २१:१२-१७; लूका १९:४५-४८;*
*यूहन्ना २:१३-२२*

**१२**भोलिपल्ट उहाँहरूले जसै बेथानी छोड्दैहुनुहुन्थ्यो, येशू भोकाउनुभयो । **१३**केही टाढ़ामा पातले भरिएको एउटा नेभाराको रूख देखेर, त्यसमा केही फल पाउने आशाले उहाँ त्यहाँ जानुभयो । उहाँ त्यहाँ पुग्नुभएपछि, त्यसमा पातबाहेक केही पाउनुभएन, किनकि त्यो नेभाराको फल फल्ने समय थिएन । **१४**तब उहाँले त्यस रूखलाई भन्नुभयो, "अबदेखि उसो तँबाट कसैले फल नखाओस् ।" अनि उहाँका चेलाहरूले उहाँले यसो भन्नुभएको सुने ।

**१५**यरूशलेम पुगेपछि, येशू मन्दिरको

**११:९**–भजन ११८:२५-२६.

इलाकामा पस्नुभयो अनि त्यहाँ किनबेच
गर्नेहरूलाई धपाउनुभयो । उहाँले पैसा
साट्नेहरूका टेबलहरू र परेवा बेच्नेहरूका
बेञ्चहरू पल्टाइदिनुभयो । **१६**अनि मन्दिरका
चोकहरूबाट व्यापारका मालहरू यताउता
लानदिनुभएन । **१७**अनि उहाँले तिनीहरूलाई
सिकाउनुहुँदा, यसो भन्नुभयो, "यो लेखिएको
छ:

"'मेरो घर सबै जातिहरूको लागि
प्रार्थनाको घर कहलाइनेछ,'

तर तिमीहरूले यसलाई 'डाँकूहरूको ओड़ार'
बनाएका छौ ।"

**१८**मुख्य पूजाहारीहरू अनि व्यवस्थाका
शिक्षकहरूले यो सुने अनि उहाँलाई मार्ने उपाय
खोज्न थाले, किनकि सम्पूर्ण भीड़ उहाँका
शिक्षामा छक्क परेको हुनाले तिनीहरू उहाँदेखि
डराउँथे ।

**१९**जब साँझ पऱ्यो, उहाँहरू शहर बाहिर
जानुभयो ।

### सुकेको नेभाराको रूख

*मत्ती २१:१८-२२*

**२०**बिहान, उहाँहरू जानुहुँदै गर्दा, उहाँहरूले
त्यस नेभाराको रूखलाई जरैदेखि सुकेको
देख्नुभयो ! **२१**पत्रुसले सम्झेर येशूलाई भने
"हे गुरु, हेर्नुहोस् ! तपाईंले सराप्नुभएको
नेभाराको रूख सुकेछ ।"

**२२**येशूले जवाफ दिनुभयो, "परमेश्वरमा
विश्वास राख । **२३**म तिमीहरूलाई साँच्चै भन्दछु,
यदि कसैले यस पहाड़लाई 'जा, गएर आफैलाई
समुद्रमा फ्याँक,' भन्छ अनि आफ्नो हृदयमा
शंका गर्दैन तर उसले जे भनेको छ त्यो
पूरा हुन्छ भनेर विश्वास गर्छ भने, यो
उसको लागि गरिनेछ । **२४**यसकारण म
तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा
जेसुकै मागे तापनि, तिमीहरूले त्यो पायौ
भनी विश्वास गर, अनि त्यो तिमीहरूको
हुनेछ । **२५**अनि जब तिमीहरू प्रार्थनामा खड़ा
हुन्छौ, यदि कसैको विरुद्धमा तिमीहरूको
केही छ भने, उसलाई क्षमा गरिदेओ र
स्वर्गमा हुनुहुने तिमीहरूका पिताले तिमीहरूका
पाप क्षमा गरिदेऊन् । [**२६**तर तिमीहरूले
क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका
पिताले पनि तिमीहरूका पापहरू क्षमा
गर्नुहुनेछैन ।"]

### येशूको अधिकारबारे प्रश्न

*मत्ती २१:२३-२७; लूका २०:१-८*

**२७**उहाँहरू फेरि यरूशलेममा आइपुग्नुभयो,
अनि येशू मन्दिरका चोकहरूमा हिँड़िरहनुभएको
बेला मुख्य पूजाहारीहरू, शास्त्रीहरू अनि
धर्मगुरुहरू उहाँकहाँ आए । **२८**तिनीहरूले
सोधे, "तपाईंले कसको अधिकारले यी कुराहरू
गरिरहनुभएको छ ? अनि यी कुराहरू गर्नू
भनी तपाईंलाई कसले अधिकार दियो ?"

**२९**येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई
एउटा प्रश्न सोध्छु । मलाई जवाफ देओ,
अनि म तिमीहरूलाई म कसको अधिकारले यी
कुराहरू गरिरहेको छु भनेर भन्नेछु ।
**३०**यूहन्नाको बप्तिस्मा स्वर्गबाट थियो कि
मानिसहरूबाट ? मलाई भन !"

**३१**तिनीहरूले आपसमा बहस गरे अनि भने,
"यदि हामीले 'स्वर्गबाट' भन्यौं भने, उहाँले
हामीलाई 'त्यसोभए तिमीहरूले उनीमाथि
किन विश्वास गरेनौ ?' भन्नुहुनेछ । **३२**तर
यदि हामीले 'मानिसहरूबाट' भन्यौं भने....।"
(तिनीहरू मानिसहरूदेखि डराउँथे, किनकि
हरेकले यूहन्नालाई साँच्चै अगमवक्ता भनी
मान्थे ।)

**३३**यसकारण तिनीहरूले येशूलाई जवाफ
दिए, "हामी जान्दैनौं ।"

येशूले भन्नुभयो, "म पनि तिमीहरूलाई
म कुन अधिकारले यी कुराहरू गर्दछु भनी
भन्दिनँ ।"

---

**११:१७**–यशैया ५६:७; यर्मिया ७:११. **११:२३**–मत्ती १७:२०; १ कोरिन्थी १३:२. **११:२५-२६**–मत्ती ६:१४-१५.

### मोहीहरूको दृष्टान्त
*मत्ती २१:३३-४६; लूका २०:९-१९*

**१२** तब येशू तिनीहरूसित दृष्टान्तहरूमा
बोल्न थाल्नुभयो: "एक जना मानिसले
एउटा दाखबारी लगाए । तिनले त्यसको
चारैतिर एउटा पर्खाल लगाए, कोलको लागि
एउटा खाड़ल खने अनि एउटा मचान बनाए ।
तब तिनले त्यो दाखबारी मोहीहरूलाई कमाउन
दिएर परदेशतिर लागे । **२**कटनीको समयमा
तिनले ती मोहीहरूबाट दाखबारीका केही
फलहरू ल्याउन भनी एक जना नोकरलाई
पठाए । **३**तर तिनीहरूले त्यसलाई पक्रेर कुटे
अनि रित्तो हात फर्काइदिए । **४**तब तिनले अर्को
नोकरलाई तिनीहरूकहाँ पठाए । तिनीहरूले
त्यस मानिसलाई शिरमा हिर्काए अनि त्यसको
बेइज्जत गरे । **५**तिनले अझ अर्को एक जना
पठाए, अनि त्यसलाई चाहिँ तिनीहरूले मारे ।
तिनले अरू धेरैलाई पठाए; जसमध्ये कसैलाई
तिनीहरूले पिटे, अनि अरूलाई चाहिँ मारे ।

**६**"अब पठाउनलाई तिनीसित एकै जना मात्र
थियो, एउटा छोरा, जसलाई तिनले प्रेम गर्थे ।
तिनले यसो भन्दै तिनलाई आखिरमा पठाए,
'तिनीहरूले मेरा छोरालाई आदर गर्नेछन् ।'

**७**"तर ती मोहीहरूले आपसमा भने, 'यो
त उत्तराधिकारी हो । आओ, यसलाई मारौं, अनि
अधिकारचाहिँ हाम्रै हुनेछ ।' **८**यसरी तिनीहरूले
त्यसलाई लगे र मारे, अनि दाखबारीको बाहिर
फ्याँकिदिए ।

**९**"त्यसोभए त्यस दाखबारीका मालिकले
के गर्नेछन् ? तिनी आएर ती मोहीहरूलाई
मार्नेछन् अनि दाखबारी अरूलाई दिनेछन् ।
**१०**के तिमीहरूले यो धर्मशास्त्र पढ़ेका छैनौ:

"'जुन ढुङ्गालाई निर्माण गर्नेहरूले रद्द
गरे त्यही कुनेढुङ्गो भएको छ;
**११** यो परमप्रभुबाट भएको हो,
अनि यो हाम्रा दृष्टिमा अचम्मको छ' ।"

**१२**तब तिनीहरूले उहाँलाई पक्रिने उपाय
खोज्न थाले किनकि उहाँले त्यो दृष्टान्त
तिनीहरूको विरुद्धमा बोल्नुभएको हो भनी
तिनीहरूले बुझे । तर तिनीहरू भीड़सित
डराउँथे; र तिनीहरू उहाँलाई छोड़ेर गइहाले ।

### सिजरलाई कर तिर्नु
*मत्ती २२:१५-२२; लूका २०:२०-२६*

**१३**केही समयपछि तिनीहरूले येशूलाई
उहाँको वचनमा पक्रनको लागि केही फरिसी
र हेरोदीहरूलाई उहाँकहाँ पठाए । **१४**तिनीहरूले
उहाँकहाँ आएर भने, "हे गुरु, तपाईं साँचो
मानिस हुनुहुन्छ भनी हामी जान्दछौं । तपाईंलाई
मानिसहरूले प्रभावित पार्न सक्दैनन्, किनकि
तपाईंले तिनीहरू को हुन् भन्ने कुरामा ध्यान
दिनुहुन्न; तर तपाईंले परमेश्वरको मार्ग
सत्यताको आधारमा सिकाउनुहुन्छ । सिजरलाई
कर तिर्नु उचित छ कि छैन ? **१५**हामीले तिर्नुपर्छ
कि पर्दैन ?"

तर येशूले तिनीहरूको कपट बुझ्नुभयो ।
अनि उहाँले सोध्नुभयो, "तिमीहरू किन मलाई
फसाउन चाहन्छौ ? मकहाँ एउटा दिनार ल्याओ
अनि मलाई त्यो हेर्न देओ ।" **१६**तिनीहरूले
सिक्का ल्याए, अनि उहाँले तिनीहरूलाई
सोध्नुभयो, "यो तस्बिर कसको हो ? अनि यो
छाप कसको हो ?"

तिनीहरूले भने, "सिजरको ।"

**१७**तब येशूले तिनीहरूलाई भन्नुभयो,
"सिजरका जति सिजरलाई देओ अनि
परमेश्वरका जति परमेश्वरलाई देओ ।"

अनि तिनीहरू उहाँसित छक्क परे ।

### पुनरुत्थानमा विवाह
*मत्ती २२:२३-३३; लूका २०:२७-४०*

**१८**तब पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू
एउटा प्रश्न लिएर उहाँकहाँ आए । **१९**तिनीहरूले
भने, "हे गुरु, मोशाले हाम्रो लागि लेखेका छन्
कि कुनै मानिसको दाज्यूको सन्तान नभई आफ्नी
पत्नीलाई छाड़िराखेर मर्‍यो भने, त्यस मानिसले

**१२:१**–यशैया ५:१-२. **१२:१०–११**–भजन ११८:२२-२३. **१२:१८**–प्रेरित २३:८. **१२:१९**–व्यवस्था २५:५.

त्यस विधवासित विवाह गरेर आफ्नो दाज्यूको
निम्ति सन्तान जन्माओस् । **२०**अब सात जना
भाइहरू थिए । पहिलोले विवाह गऱ्यो अनि
सन्तान नभई मऱ्यो । **२१**दोस्रोले त्यस विधवासित
विवाह गऱ्यो, तर ऊ पनि सन्तान नभई
मऱ्यो । यस्तै दशा तेस्रोको पनि भयो ।
**२२**वास्तवमा, ती सातै जनाको सन्तान भएन ।
आखिरमा, त्यो स्त्री पनि मरी । **२३**पुनरुत्थानमा
त्यो कसकी पत्नी हुन्छे, किनकि सातै जनाले
त्यससित विवाह गरेका थिए ?"

**२४**येशूले जवाफ दिनुभयो, "तिमीहरू
धर्मशास्त्र अथवा परमेश्वरको शक्तिलाई
नजानेकाले के तिमीहरू भूलमा छैनौ ? **२५**जब
मुर्दाहरू स्वर्गमा जीवित भई उठ्छन्, तिनीहरूले
नता विवाह गर्छन् नता तिनीहरूलाई विवाहमा
दिइन्छ; तिनीहरू स्वर्गमा भएका दूतहरू जस्ता
हुनेछन् । **२६**अब मुर्दाहरू जीवित भई उठ्ने
विषयमा– के तिमीहरूले मोशाको पुस्तकमा,
त्यस पोथ्राको वर्णनमा, कसरी परमेश्वरले
तिनलाई 'म अब्राहामका परमेश्वर, इसहाकका
परमेश्वर, अनि याकूबका परमेश्वर हुँ' भनेर
भन्नुभएको पढ़ेका छैनौ ? **२७**उहाँ मरेकाहरूको
होइन, तर जिउँदाहरूका परमेश्वर हुनुहुन्छ ।
तिमीहरू ठूलो भूलमा परेका छौ !"

### सबैभन्दा ठूलो आज्ञा

*मत्ती २२:३४-४०*

**२८**शास्त्रीहरूमध्ये एक जना आयो र
तिनीहरूको वादविवाद सुन्यो । येशूले
तिनीहरूलाई ठीक जवाफ दिनुभएको देखेर
त्यसले उहाँलाई सोध्यो, "सबै आज्ञाहरूमा
कुनचाहिँ सबैभन्दा मुख्य हो ?"

**२९**येशूले जवाफ दिनुभयो, "सबैभन्दा
मुख्य आज्ञा यो हो: 'हे इस्राएल, सुन्, परमप्रभु
हाम्रा परमेश्वर एउटै हुनुहुन्छ । **३०**तैंले आफ्ना
परमप्रभु परमेश्वरलाई तेरो सारा हृदयले,
तेरो सारा प्राणले, अनि तेरो सारा समझले
अनि तेरो सारा बलले प्रेम गर् ।' **३१**दोस्रोचाहिँ
यो हो: 'तैंले आफ्नो छिमेकीलाई आफैलाई
जस्तै प्रेम गर् ।' यीभन्दा ठूला आज्ञा अरू
छैनन् ।"

**३२**त्यस मानिसले जवाफ दियो, "ठीक
भन्नुभयो, गुरुज्यू । यो कुरा भन्दाखेरि तपाईं
ठीक हुनुहुन्छ कि परमेश्वर एक हुनुहुन्छ अनि
उहाँबाहेक अरू कोही छैन । **३३**उहाँलाई सारा
हृदयले, सारा समझले अनि सारा बलले प्रेम
गर्नु, अनि आफ्नो छिमेकीलाई आफैलाई जस्तो
प्रेम गर्नुचाहिँ सबै होमबलि र बलिदानहरूभन्दा
मुख्य हो ।"

**३४**जब त्यसले बुद्धिमानीसाथ जवाफ दिएको
येशूले देख्नुभयो, उहाँले त्यसलाई भन्नुभयो,
"तिमी परमेश्वरको राज्यदेखि धेरै टाढ़ा
छैनौ ।" अनि त्यस बेलादेखि उसो कसैले पनि
उहाँलाई अरू प्रश्न सोध्ने आँटै गरेन ।

### ख्रीष्ट कसका पुत्र हुन् ?

*मत्ती २२:४१-४६; लूका २०:४१-४७*

**३५**मन्दिरका चोकहरूमा सिकाइरहनुहुँदा
येशूले सोध्नुभयो, "शास्त्रीहरूले ख्रीष्ट दाऊदका
पुत्र हुन् भनी कसरी भनेका हुन् ? **३६**दाऊद
आफैले पवित्र आत्माद्वारा यसरी घोषणा गरे:

"'परमप्रभुले मेरा परमप्रभुलाई
भन्नुभयो:
"जबसम्म म तिम्रा शत्रुहरूलाई
तिम्रो पाउमुनि राख्दिनँ तबसम्म तिमी
मेरा दाहिने हाततिर बस ।"'

**३७**दाऊद आफैले उहाँलाई 'प्रभु' भन्छन्, त
कसरी उहाँ तिनका पुत्र हुनुभयो ?"

ठूलो भीड़ले उहाँको कुरा आनन्दसाथ सुने ।

**३८**सिकाउँदै गर्नुहुँदा येशूले भन्नुभयो,
"शास्त्रीहरूदेखि होशियार बस । तिनीहरू लामो
वस्त्र लगाएर यताउति डुल्न र बजारहरूमा
अभिवादन पाउन, **३९**अनि सभाहरूमा प्रमुख

---

**१२:२६**–प्रस्थान ३:६. **१२:२८-३४**–लूका १०:२५-२८. **१२:२९-३०**–व्यवस्था ६:४-५. **१२:३१**–लेवी १९:१८; **१२:३२**–व्यवस्था ४:३५. **१२:३३**–होशे ६:६. **१२:३६**–भजन ११०:१.

स्थान र भोजहरूमा आदरका स्थानहरूमा बस्न
रूचाउँछन् । **४०**तिनीहरूले विधवाहरूका घर
लुट्छन् अनि देखाउनको लागि लामा-लामा
प्रार्थना गर्दछन् । यस्ता मानिसहरूले बढ़ी दण्ड
पाउनेछन् ।"

### विधवाको भेटी

*लूका २१:१-४*

**४१**येशू भेटी चढ़ाउने ठाउँको सामुन्ने
बस्नुभयो अनि भीड़ले मन्दिरको भेटी हाल्ने
बाकसमा तिनीहरूका पैसा हालिरहेको
हेर्नुभयो । धेरै धनी मानिसहरूले धेरै रकम
चढ़ाए । **४२**तर एउटी गरीब विधवा आएर एक
पैसा जति पर्ने दुईओटा धेरै साना तामाका
सिक्का त्यहाँ चढ़ाई ।

**४३**आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर
येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु,
यस गरीब विधवाले भेटी हाल्ने बाकसमा अरू
सबैले भन्दा बढ़ी चढ़ाएकी छ । **४४**तिनीहरू
सबैले आफ्ना प्रशस्तताबाट चढ़ाए; तर त्यसले,
आफ्नो दरिद्रताबाट सबै थोक अर्थात् सारा
जीविका नै चढ़ाई ।"

### युगको अन्तका चिन्हहरू

*मत्ती २४:१-३५; लूका २१:५-३६*

**१३** उहाँले मन्दिर छोड्दैहुनुहुँदा, उहाँका
चेलाहरूमध्ये एक जनाले उहाँलाई
सोधे, "हेर्नुहोस्, गुरुज्यू ! कति विशाल
पत्थरहरू ! कति भव्य भवनहरू !"

**२**येशूले जवाफ दिनुभयो, "के तिमी यी
सबै विशाल भवनहरू देख्तछौ ? यहाँका एउटै
ढुङ्गा पनि अर्कोमाथि छोड़िनेछैन; प्रत्येक भुइँमा
खसालिनेछ ।"

**३**येशू मन्दिरको सामुन्ने जैतून डाँडामा
बसिरहनुहुँदा पत्रुस, याकूब, यूहन्ना अनि
अन्द्रियासले उहाँलाई सुटुक्क सोधे, **४**"हामीलाई
भन्नुहोस्, यी सब कहिले हुनेछन् ? अनि यी
कुराहरू पूरा हुनको निम्ति चिन्हहरू के
हुनेछन् ?"

**५**येशूले तिनीहरूलाई भन्नुभयो: "होशियार
बस, तिमीहरूलाई कसैले धोका नदेओस् ।
**६**धेरै जना मेरो नाउँमा 'म उही हुँ,' भन्दै
आएर धेरैलाई धोका दिनेछन् । **७**जब तिमीहरूले
लड़ाइँहरूको विषयमा र लड़ाइँका हल्लाहरू
सुन्नेछौ, तब नडराओ । यस्ता कुराहरू त
हुनैपर्छ, तर अन्त्य आउनु त बाँकी नै छ ।
**८**जाति जातिको विरुद्धमा, अनि राज्य राज्यको
विरुद्धमा उठ्नेछ । विभिन्न ठाउँमा भैंचालोहरू
जानेछन्, अनि अनिकालहरू हुनेछन् । यी त
कष्टका शुरू मात्र हुन् ।

**९**"तिमीहरू आफ्नो विषयमा होशियार
रहो । तिमीहरू स्थानीय सभाहरूमा सुम्पिनेछौ
र सभाघरहरूमा कोर्रा लगाइनेछौ । मेरो खातिर
तिमीहरू साक्षीको रूपमा हाकिमहरू अनि
राजाहरूको सामुन्ने उभिनेछौ । **१०**अनि अन्त्य
आउनुभन्दा पहिला सबै जातिहरूलाई सुसमाचार
प्रचार गरिनुपर्छ । **११**जब तिमीहरू पक्रिएर मुद्दामा
पर्नेछौ, तब के बोल्नुपर्छ भनी पहिलेबाटै चिन्तित
नबन । तिमीहरूलाई त्यसैबेला जे दिइनेछ त्यही
भन, किनकि त्यो समयमा बोल्ने तिमीहरू होइनौ,
तर पवित्र आत्मा बोलिरहनुभएको हुनेछ ।

**१२**"भाइले भाइलाई अनि बाबुले आफ्नो
छोरालाई मृत्युको लागि पक्राइदिनेछ ।
बालबच्चाहरूले आफ्ना आमाबाबुहरूको
विरोध गरेर तिनीहरूलाई मार्न दिनेछन् ।
**१३**मेरो कारण सबै मानिसहरूले तिमीहरूलाई
घृणा गर्नेछन्, तर जो अन्त्यसम्म विश्वासमा
स्थिर रहनेछ त्यो नै बचाइनेछ ।

**१४**"जब तिमीहरूले 'उजाड़ गर्ने घृणित
वस्तुलाई' जुन ठाउँमा नहुनुपर्ने त्यहाँ देख्छौ—
पढ्नेले बुझोस्— तब यहूदियामा हुनेहरू
पहाड़हरूतिर भागून् । **१५**घरको कौसीमा हुनेहरू
कोही पनि तल नझरोस्, नता केही बाहिर
निकाल्न घरभित्र पसोस् । **१६**खेतमा हुने कोही

**१३:९-११**—मत्ती १०:१७-२०; लूका १२:११-१२. **१३:१३**—मत्ती १०:२२. **१३:१४**—दानिएल ९:२७; ११:३१; १२:११.
**१३:१५**—लूका १७:३१.

पनि आफ्नो खास्टो लिन पछाड़ि नफर्कोस् ।
१७त्यस बेला गर्भवती स्त्रीहरू अनि दूध खुवाउने
आमाहरूको लागि कति डरलाग्दो होला !
१८यो हिउँदमा नहोस् भनी प्रार्थना गर, १९किनकि
ती दिनहरू यस्तो कष्टदायक हुनेछन् कि
परमेश्वरले संसार सृष्टि गर्नुभएदेखि आजसम्म
यस्तो कहिल्यै भएका थिएनन् अनि फेरि यस्ता
कहिल्यै हुनेछैनन् । २०यदि परमप्रभुले ती दिनहरू
नघटाइदिनुभएको भए, कोही पनि बाँच्ने थिएन ।
तर उहाँले चुन्नुभएकाहरूको लागि उहाँले ती
घटाइदिनुभएको छ । २१त्यस बेला यदि कसैले
तिमीहरूलाई 'हेर, ख्रीष्ट यहाँ छन्' अथवा,
'हेर तिनी त्यहाँ छन्' भन्छ भने विश्वास
नगर । २२किनकि झूटा ख्रीष्टहरू अनि
झूटा अगमवक्ताहरू आएर सम्भव भएमा
चुनिएकाहरूलाई पनि भर्माउनलाई चिन्ह र
चमत्कारहरू गर्नेछन् । २३यसकारण तिमीहरू
होशियार बस; मैले पहिलेबाटै सबै कुरा
भनिदिएको छु ।

२४"तर ती दिनहरूमा, विपत्तिको तुरुन्तैपछि,

"'सूर्य अँध्यारो हुनेछ,
अनि चन्द्रमाले पनि ज्योति दिनेछैन;
२५ आकाशबाट ताराहरू खस्नेछन्,
अनि आकाशका शक्तिहरू
डग्मगाउनेछन् ।'

२६"त्यस बेला मानिसहरूले मानिसको
पुत्रलाई महाशक्ति र महिमासित बादलमा
आइरहेको देख्नेछन् । २७अनि उसले आफ्ना
दूतहरूलाई आफ्ना चुनिएकाहरूलाई चारै
दिशाबाट बटुल्नलाई पठाउनेछ, अर्थात् पृथ्वीका
अन्तिम ठाउँहरूदेखि आकाशको अन्त्यसम्म ।

२८"अब नेभाराको बोटबाट यो शिक्षा सिक:
यसका हाँगाहरू कमलो भएर पातहरू पलाउन
थालेपछि, तिमीहरूले ग्रीष्म ऋतु नजीकै छ
भनी जान्दछौ । २९यसरी नै, जब तिमीहरूले
यी कुराहरू भइरहेका देख्नेछौ, तिमीहरूले
ऊ नजीकै, ढोकैमा छ भनी जान । ३०म
तिमीहरूलाई साँच्चै भन्दछु, यी सबै कुराहरू
नभई यो पुस्ता बितेर जानेछैन । ३१स्वर्ग र
पृथ्वी बितेर जानेछ, तर मेरा वचनहरू कहिल्यै
बितेर जानेछैनन् ।

### त्यो दिन र त्यो घड़ी थाहा छैन

*मत्ती २४:३६-५१*

३२"त्यस दिन र त्यस घड़ीको विषयमा
कसैले जान्दैन, नता स्वर्गमा भएका दूतहरूले,
नता पुत्रले, तर पिताले मात्र । ३३होशियार
बस ! सचेत बस ! त्यो घड़ी कहिले आउनेछ
त्यो तिमीहरू जान्दैनौ । ३४यो त बाहिर गएको
त्यो मानिस जस्तो हो: जसले आफ्नो घर छोड्नअघि
आफ्ना नोकरहरूलाई जिम्मेवारी दिँदै, प्रत्येकलाई
आफ्नो आफ्नो काम सुम्पेर, एक जनालाई चाहिँ
ढोकामा कुरेर बस्ने जिम्मा दिए ।

३५"यसकारण जागा रहो किनकि घरका
मालिक साँझमा, कि मध्यरातमा, कि भाले
बास्दा, कि बिहानै अथवा कुन समयमा आउलान्
त्यो तिमीहरू जान्दैनौ । ३६तिनी अचानक
आए भने, तिनले तिमीहरूलाई सुतिरहेको
नभेट्टाऊन् । ३७म तिमीहरूलाई जे भन्दछु, त्यो
हरेकलाई भन्दछु: 'जागा रहो !'"

### बेथानीमा येशूको अभिषेक

*मत्ती २६:१-१६; लूका २२:१-६*

१४ अब निस्तार-चाड़ र अखमिरी
रोटीको चाड़ आउन दुई दिन मात्र
थियो, अनि मुख्य पूजाहारीहरू र शास्त्रीहरूले
येशूलाई छलसित पक्रेर मार्ने मौका
खोजिरहेका थिए । २तिनीहरूले भने, "तर
चाड़को समयमा त होइन, नत्रता मानिसहरूले
दङ्गा मच्चाउलान् ।"

३जुन बेला उहाँ बेथानीमा, सिमोन
कोरीको घरमा खान बस्नुभएको थियो, एउटी

**१३:१९**–दानिएल १२:१; **१३:२४**–यशैया १३:१०; इजकिएल ३२:७; योएल २:१०, ३१; ३:१५; प्रकाश ६:१२.
**१३:२५**–यशैया ३४:४; योएल २:१०; प्रकाश ६:१३. **१३:२६**–दानिएल ७:१३; प्रकाश १:७.
**१३:३४**–लूका १२:३६-३८. **१४:१**–प्रस्थान १२:१-२७. **१४:३**–लूका ७:३७-३८.

स्त्री सिङ्गमर्मरको भुँडुल्कोमा अति मूल्यवान्
विशुद्ध जटामसीको अत्तर लिएर आइन्। तिनले
त्यो भुँडुल्को फोरिन् अनि त्यो अत्तर उहाँको
शिरमा खन्याइन्।

**४**त्यहाँ उपस्थित हुनेहरूमध्ये कसैकसैले
रीस गरेर आपसमा भने, "यो अत्तरको बर्बादी
किन ? **५**यसलाई त एक वर्षको ज्यालाभन्दा
बढ़ी रकममा बेचेर त्यो पैसा गरीबहरूलाई
दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई
झपारे।

**६**येशूले भन्नुभयो, "उसलाई छोड़िदेओ।
तिमीहरू उसलाई किन झिझ्याउँछौ ? यसले
मेरो लागि एउटा असल काम गरेकी छ।
**७**गरीबहरू त सधैं तिमीहरूसित छन्, अनि
तिमीहरूले तिनीहरूलाई जहिले चाहे पनि
सहायता गर्न सक्छौ। तर मलाई त तिमीहरूले
सधैं पाउनेछैनौ। **८**यसले जे गर्न सक्थी त्यो
गरेकी छ। यसले त मेरो शरीरमा अत्तर
खन्याएर मेरो दफनको तयारी अघिबाटै
गरेकी छ। **९**म साँच्चै तिमीहरूलाई भन्दछु,
संसारभरि जहाँ जहाँ सुसमाचार प्रचार
गरिनेछ, यस स्त्रीले गरेको कुरा पनि उसको
सम्झनाको निम्ति भनिनेछ।"

**१०**तब बाह्र चेलाहरूमध्येको एक जना यहूदा
इस्करियोत मुख्य पूजाहारीहरूकहाँ येशूलाई
तिनीहरूको हातमा पक्राइदिनलाई गयो।
**११**यसकारण तिनीहरू यो सुनेर खुशी भए अनि
तिनलाई पैसा दिने वचन दिए। यसरी त्यसले
उहाँलाई सुम्पिदिने मौका हेर्न थाल्यो।

### प्रभुभोज

*मत्ती २६:१७-३५; लूका २२:७-२३*

**१२**अखमिरी रोटीको चाड़को पहिलो दिन,
जब चलनअनुसार निस्तार-चाड़को थुमा
बलिदान गर्नुपर्ने थियो, येशूका चेलाहरूले
उहाँलाई यसरी सोधे, "हामी कहाँ गएर तपाईंको
निम्ति निस्तार-चाड़को भोज तयार पारौं भन्ने
तपाईं चाहनुहुन्छ ?"

**१३**यसकारण उहाँले आफ्ना चेलाहरूमध्ये
दुई जनालाई यसो भनेर यरूशलेम पठाउनुभयो,
"शहरभित्र जाओ, अनि गाग्रोमा पानी बोकेको
एक जना मानिसले तिमीहरूलाई भेट्नेछ।
त्यसको पछिपछि जाओ। **१४**त्यस मानिस
प्रवेश गरेको घरको मालिकलाई भन, 'गुरुले
सोध्नुहुँदैछ: मेरो अतिथि कोठा कहाँ छ, जहाँ
म आफ्ना चेलाहरूसित निस्तार-चाड़को भोज
खाऊँ ?' **१५**उसले तिमीहरूलाई एउटा ठूलो
माथिल्लो कोठा देखाउनेछ, जुनचाहिँ सजाएर
तयार पारिएको हुनेछ। त्यहीं हाम्रो लागि
तयार गर।"

**१६**ती चेलाहरू शहरभित्र गए। अनि येशूले
तिनीहरूलाई भन्नुभएझैं भेट्टाए। यसकारण
तिनीहरूले निस्तार-चाड़को भोज तयार गरे।

**१७**जसै साँझ पऱ्यो, येशू बाह्रै जनासित
आइपुग्नुभयो। **१८**जब उहाँहरूले टेबल
वरिपरि बसेर खानुहुँदैथियो, उहाँले भन्नुभयो,
"म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूमध्ये
एक जनाले, अर्थात् मसित खाइरहनेहरूमध्ये
एक जनाले मलाई पक्राउनेछ।"

**१९**तिनीहरू दु:खित भए, अनि हरेकले
पालैसित भने, "निश्चय त्यो म त होइनँ ?"

**२०**उहाँले भन्नुभयो, "त्यो बाह्र जनामध्येको
एक हो, जसले रोटी थालमा मसित चोप्दछ।
**२१**म, मानिसको पुत्र त मेरो विषयमा
लेखिएअनुसार नै जानेछु। तर म, मानिसको
पुत्रलाई पक्राइदिने त्यस मानिसलाई धिक्कार!
त्यो त नजन्मिएकै भए उसको लागि असल
हुनेथियो।"

**२२**उहाँहरूले खानुहुँदै गर्दा, येशूले रोटी
लिनुभयो, धन्यवाद चढ़ाउनुभयो र त्यो
भाँच्नुभयो, अनि यसो भन्दै चेलाहरूलाई
दिनुभयो, "यो लेओ; यो मेरो शरीर हो।"

**२३**त्यसपछि उहाँले कचौरा लिनुभयो,
धन्यवाद दिनुभएपछि तिनीहरूलाई दिनुभयो,
अनि तिनीहरू सबैले त्यसबाट पिए।

**२४**तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यो

---

**१४:७**–व्यवस्था १५:११. **१४:१८**–भजन ४१:९. **१४:२४**–प्रस्थान २४:८; यर्मिया ३१:३१-३४.

नयाँ करारको मेरो रगत हो, जो धेरैको लागि
बगाइन्छ । **२५**म साँच्चै तिमीहरूलाई भन्दछु,
म फेरि दाखको रसबाट पिउनेछैनँ जबसम्म
परमेश्‍वरको राज्यमा यसलाई त्यस दिन नयाँ
गरी पिउँदिनँ ।"

**२६**एउटा भजन गाइसक्नुभएपछि, उहाँहरू
त्यहाँबाट निस्केर जैतून डाँड़ातिर जानुभयो ।

### येशूले पत्रुसको इन्कारबारे पूर्वसूचना दिनुभएको

*मत्ती २६:३१-३५; यूहन्ना १३:३१-३८*

**२७**येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
सबैले मलाई त्याग्नेछौ, किनकि यसरी लेखिएको
छ:

"'म गोठालालाई हिर्काउनेछु,
अनि भेड़ाहरू तितरबितर हुनेछन् ।'

**२८**तर म जीवित भई उठेपछि, म तिमीहरूभन्दा
पहिल्यै गालीलमा जानेछु ।"

**२९**पत्रुसले घोषणा गरे, "सबैले त्यागे तापनि,
म त्याग्नेछैनँ ।"

**३०**येशूले जवाफ दिनुभयो, "म तिमीलाई
साँच्चै भन्दछु, आजै राती दुईपल्ट भाले
बास्नअघि तिमीले मलाई तीनपल्ट इन्कार
गर्नेछौ ।"

**३१**तर पत्रुसले जोड़कासाथ भने, "यदि म
तपाईंसित मर्नु परे तापनि, म कहिल्यै तपाईंलाई
इन्कार गर्नेछैनँ ।" अनि अरू सबैले पनि त्यसै
भने ।

### गेतसमनी

*मत्ती २६:३६-४६; लूका २२:३९-४६*

**३२**त्यसपछि उहाँहरू गेतसमनी भनिने एउटा
ठाउँमा जानुभयो, अनि येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरुन्जेल
तिमीहरू यहीँ बस ।" **३३**उहाँले पत्रुस, याकूब
र यूहन्नालाई आफूसँग लानुभयो, अनि उहाँ
शोकित र विचलित हुनुभयो । **३४**उहाँले
तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण मृत्यु नै
होलाझैँ गरी शोकले व्याकुल भएको छ । यहाँ
बस अनि जागा रहो ।"

**३५**अलि पर गईकन, उहाँले भुइँमा घोप्टेर
यदि सम्भव भए त्यो घड़ी उहाँबाट टलिजाओस्
भनेर प्रार्थना गर्नुभयो । **३६**उहाँले भन्नुभयो,
"हे अब्बा, पिता, तपाईंबाट सबै थोक सम्भव
छ । मबाट यो कचौरा हटाइदिनुहोस् । तापनि
मेरो इच्छाअनुसार होइन, तर तपाईंकै
इच्छाअनुसार होस् ।"

**३७**तब उहाँ आफ्ना चेलाहरूकहाँ फर्कनुभयो
अनि तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो ।
उहाँले पत्रुसलाई भन्नुभयो, "सिमोन, तिमी
निदाइरहेका छौ ? के तिमी एक घण्टा पनि
जागा रहन सकेनौ ? **३८**जागा रहो अनि प्रार्थना
गर र तिमी परीक्षामा पर्नु नपरोस् । आत्मा त
तयार छ, तर शरीर दुर्बल छ ।"

**३९**एकपल्ट फेरि उहाँ गईकन त्यसरी नै
प्रार्थना गर्नुभयो । **४०**उहाँ जब फर्केर आउनुभयो,
उहाँले फेरि तिनीहरू निदाइरहेका भेट्टाउनुभयो,
किनकि तिनीहरूका आँखा लोलाएका थिए ।
तिनीहरूले उहाँलाई के भन्ने त्यो जानेनन् ।

**४१**उहाँ तेस्रोपल्ट फर्किआउनुभयो, अनि
तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू अझै
निदाइरहेका अनि विश्राम गरिरहेका छौ ?
अब भयो ! समय आइपुगेको छ । हेर, म, मानिसको
पुत्र पापीहरूको हातमा दिइँदैछु । **४२**उठ !
हामी जाऔं ! हेर मलाई पक्राइदिने आउँदैछ !"

### येशू पक्राउ पर्नुभएको

*मत्ती २६:४७-५६; लूका २२:४७-५३;
यूहन्ना १८:१-११*

**४३**उहाँ बोल्नुहुँदाहुँदै, बाह्रमध्येको एक जना,
यहूदा देखा पर्‍यो । ऊसित मुख्य पूजाहारीहरू,
शास्त्रीहरू र धर्मगुरुहरूद्वारा पठाइएको भीड़
तरवार र लाठीहरू लिएर आएको थियो ।

**४४**अब त्यस धोकेबाजले तिनीहरूसित
एउटा सङ्केत मिलाइराखेको थियो: "म जसलाई

---

**१४:२७**–जकरिया १३:७. **१४:२८**–मत्ती २८:१६.

म्वाइँ खाऊँला, त्यो मानिस उही हो; उसैलाई
पक्र अनि सुरक्षासाथ लैजाओ ।” **४५**यहूदा
तुरुन्तै येशूकहाँ गयो, अनि “गुरु” भनेर
उहाँलाई म्वाइँ खायो । **४६**अनि ती मानिसहरूले
येशूलाई गिरफ्तार गरे । **४७**तब त्यहाँ छेउमा
उभिरहनेहरूमध्ये एक जनाले तरवार झिकेर
प्रधान पूजाहारीको नोकरलाई प्रहार गर्‍यो र
उसको कान च्वाट्टै काटिदियो ।

**४८**येशूले भन्नुभयो, “के मैले राजद्रोहको
अगुवाई गरिरहेको छु, र तिमीहरू तरवार र
लाठीहरू लिएर मलाई पक्रन आयौ ? **४९**म
त प्रतिदिन मन्दिरका चोकहरूमा सिकाउँदै
तिमीहरूसितै थिएँ, अनि तिमीहरूले मलाई
पक्रेनौ, किनकि धर्मशास्त्र पूरा हुनुलाई यसो
भएको हो ।” **५०**तब सबै चेलाहरूले उहाँलाई
त्यागेर भागे ।

**५१**एक जना सुती लुगामात्र लगाएको
मानिसले येशूलाई पछ्याउँदै थियो । जब
तिनीहरूले उसलाई समाते, **५२**त्यो आफ्नो लुगा
छोडेर नाङ्गै भाग्यो ।

### महासभाको सामुन्ने

*मत्ती २६:५७-६८; लूका २२:६६-७१;*
*यूहन्ना १८:१२-१४, १९-२४*

**५३**तिनीहरूले येशूलाई प्रधान पूजाहारीकहाँ
लगे, अनि सबै मुख्य पूजाहारीहरू, धर्मगुरुहरू
अनि शास्त्रीहरू एकसाथ आए । **५४**पत्रुसले
उहाँलाई टाढैबाट पछ्याउँदै प्रधान पूजाहारीको
चोकसम्मै गए । त्यहाँ तिनले सिपाहीहरूसित
बसेर आगो ताप्नथाले ।

**५५**मुख्य पूजाहारीहरू अनि सारा महासभाले
येशूलाई मार्नको लागि उहाँको विरुद्धमा
प्रमाणहरू खोज्दैथिए, तर तिनीहरूले एउटै
पाएनन् । **५६**धेरैले उहाँको विरुद्धमा झूटो साक्षी
दिए, तर तिनीहरूको बयान मिलेन ।

**५७**तब केहीले उभिएर उहाँको विरुद्धमा
यसरी आफ्नो झूटो साक्षी दिए: **५८**“यसले ‘म
मानिसले बनाएको यो मन्दिरलाई भत्काएर
तीन दिनमा मानिसले नबनाएको अर्को मन्दिर
बनाउनेछु’ भनेको हामीले सुन्यौं ।” **५९**तर पनि
तिनीहरूको साक्षी मिलेन ।

**६०**तब प्रधान पूजाहारीले तिनीहरूको
सामुन्ने उभिएर येशूलाई सोधे, “के तँ जवाफ
दिँदैनस् ? यी मानिसहरूले तेरो विरुद्धमा दिएको
साक्षी के हो ?” **६१**तर येशू चुप रहनुभयो अनि
केही जवाफ दिनुभएन ।

प्रधान पूजाहारीले फेरि उहाँलाई सोधे, “के
तँ परमधन्यका पुत्र ख्रीष्ट होस् ?”

**६२**येशूले भन्नुभयो, “हुँ, अनि तपाईंहरूले
म, मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने
हातपट्टि बसेको अनि आकाशका बादलहरूमा
आइरहेको देख्नुहुनेछ ।”

**६३**प्रधान पूजाहारीले आफ्नो वस्त्र च्याते
अनि सोधे, “अब हामीलाई अरू बढ्ता साक्षी
किन चाहियो ? **६४**तिमीहरूले ईश्वर-निन्दा
सुनिहाल्यौ । तिमीहरूको के विचार छ ?”

तिनीहरू सबैले उहाँलाई मृत्युदण्डको दोषी
ठहराए । **६५**तब कसैले उहाँलाई थुक्न थाले;
तिनीहरूले उहाँका आँखा छोपिदिए, मुक्का लाए,
र भने, “अगमवाणी भन् !” अनि सिपाहीहरूले
उहाँलाई लगेर पिट्न थाले ।

### पत्रुसले येशूलाई इन्कार गरेका

*मत्ती २६:६९-७५; लूका २२:५६-६२;*
*यूहन्ना १८:१५-१८, २५-२७*

**६६**त्यसबेला पत्रुस तल चोकमा हुँदा, प्रधान
पूजाहारीका नोकर्नीहरूमध्ये एउटी त्यहाँ आई ।
**६७**जब त्यसले पत्रुसलाई आगो तापिरहेको देखी,
त्यसले तिनलाई ध्यानसित हेरी ।

त्यसले भनी, “तिमी पनि नासरतका
येशूसित थियौ ।”

**६८**तर तिनले अस्वीकार गरे । तिनले भने,
“तिमीले केको विषयमा भनिरहेकी छौ म केही
जान्दिनँ अथवा बुझ्दिनँ ।” यति भनेर तिनी
बाहिरको मूलढोकातिर गए ।

**६९**जब त्यस नोकर्नीले तिनलाई त्यहाँ देखी,

---

**१४:४९**–लूका १९:४७; २१:३७. **१४:५८**–यूहन्ना २:१९. **१४:६२**–दानिएल ७:१३. **१४:६४**–लेवी २४:१६.

त्यसले त्यहाँ उभिरहेकाहरूलाई फेरि भनी,
"यो मानिस तिनीहरूमध्येकै एक जना हो ।"
७०तिनले फेरि पनि अस्वीकार गरे ।

केही समय बितेपछि, त्यहाँ छेउमा उभिनेहरूले पत्रुसलाई भने, "तिमी निश्चय नै तिनीहरूमध्ये एक जना हौ, किनकि तिमी गालीली हौ ।"

७१तिनले आफूलाई धिक्कार्दै शपथ खाएर
भने, "म तिमीहरूले भनिरहेको मानिसलाई चिन्दिनँ ।"

७२तुरुन्तै भाले दोस्रोपल्ट बास्यो । तब
पत्रुसले येशूले उनलाई भन्नुभएको त्यो वचन सम्झे: "दुईपल्ट भाले बास्नअघि तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ ।" अनि तिनी धुरुधुरु रोए ।

### येशू पिलातसको सामुन्ने

*मत्ती २७:११-२६; लूका २३:१-५, १८-२५; यूहन्ना १८:२८-४०, १९:१-१६*

१५ एका बिहानै, मुख्य पूजाहारीहरू, धर्मगुरुहरू, शास्त्रीहरू अनि सम्पूर्ण महासभा मिलीकन एउटा निष्कर्षमा आइपुगे । तिनीहरूले येशूलाई बाँधेर लगे, अनि पिलातसको हातमा सुम्पिदिए ।

२पिलातसले सोधे, "के तिमी यहूदीहरूका
राजा हौ ?"

येशूले जवाफ दिनुभयो, "हो, तपाईंले भन्नुभएझैँ हो ।"

३ती मुख्य पूजाहारीहरूले उहाँमाथि धेरै
कुराहरूको दोष लगाए । ४यसकारण फेरि
पिलातसले उहाँलाई सोधे, "के तिमी केही जवाफ दिँदैनौ ? हेर, तिनीहरूले तिम्रो विरुद्धमा कति धेरै कुराहरूमा दोष लगाउँदैछन् ।"

५तर येशूले कुनै जवाफ दिनुभएन, अनि
पिलातस छक्क परे ।

६अब चाड़को समयमा मानिसहरूले
बिन्ती गरेर मागेको एक जना कैदीलाई छोड़िदिने चलन थियो । ७झ्यालखानमा अरू
विद्रोहीहरूसित एक जना बारब्बा नाउँ भएको मानिस पनि थियो जसले विद्रोहको समयमा हत्या गरेको थियो । ८अनि भीड़ आयो
र पिलातसलाई तिनले गर्दै आएको काम गर्ने बिन्ती गरे ।

९पिलातसले सोधे, "के मैले यहूदीहरूको
राजालाई तिमीहरूको निम्ति छोड़िदिऊँ भन्ने तिमीहरू चाहन्छौ ?" १०किनकि ईर्ष्याको
कारणले नै मुख्य पूजाहारीहरूले येशूलाई तिनको हातमा सुम्पेका थिए भन्ने पिलातसलाई थाहा थियो । ११तर मुख्य पूजाहारीहरूले भीड़लाई
उक्साएर तिनीहरूले पिलातसलाई बारब्बालाई छोड़िदेऊन् भन्न लगाए ।

१२पिलातसले तिनीहरूलाई सोधे, "त्यसोभए
तिमीहरूले यहूदीहरूको राजा भनेकोलाई चाहिँ म के गरूँ ?"

१३तिनीहरू चिच्च्याए, "त्यसलाई क्रूसमा
टाँग्नुहोस् !"

१४पिलातसले सोधे, "किन ? यिनले के
अपराध गरेका छन् ?"

तर तिनीहरू अझ जोड़ले चिच्च्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस् !"

१५भीड़लाई सन्तुष्ट पार्ने इच्छाले पिलातसले
बारब्बालाई तिनीहरूका निम्ति छोड़िदिए । तिनले येशूलाई कोर्रा लाउन लगाए, अनि उहाँलाई क्रूसमा टाँग्नलाई सुम्पिदिए ।

### सिपाहीहरूद्वारा येशूको गिल्ला

*मत्ती २७:२७-३०; लूका २२:६३-६५; यूहन्ना १९:२-३*

१६सिपाहीहरूले येशूलाई महल (अर्थात्,
प्रेटोरियम) भित्र लगे अनि सिपाहीहरूका जम्मै पल्टनलाई बोलाए । १७तिनीहरूले उहाँलाई
एउटा बैजनी रङ्गको वस्त्र लगाइदिए, अनि काँढ़ाहरू बटारेर एउटा मुकुट बनाएर उहाँलाई लगाइदिए । १८अनि तिनीहरूले उहाँलाई
"यहूदीहरूको राजाको जय !" भन्दै कराए ।
१९तिनीहरूले घरीघरी उहाँको शिरमा निगालाले
हिर्काए अनि उहाँलाई थुके । तिनीहरूले घुँड़ा टेकेर उहाँको सम्मान गरे । २०अनि उहाँको
गिल्ला गरिसकेपछि, तिनीहरूले उहाँको बैजनी वस्त्र फुकालिदिए र उहाँलाई उहाँकै वस्त्र

लगाइदिए । त्यसपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्न लागे ।

### येशू क्रूसमा

*मत्ती २७:३२-४४; लूका २३:२६-४३; यूहन्ना १९:१७-२७*

**२१**अलेक्जेन्डर र रूफसका बाबु, साइरिनीको
सिमोन, आफ्नो गाउँबाट आइरहेको बेला तिनीहरूले
उसलाई क्रूस बोक्न कर लगाए। **२२**तिनीहरूले
येशूलाई गलगथा भन्ने एउटा ठाउँमा ल्याए
(जसको अर्थ हो, खप्परको ठाउँ) । **२३**तब
तिनीहरूले उहाँलाई मूर्र मिसाएको दाखमद्य
दिए, तर उहाँले त्यो पिउनुभएन । **२४**अनि
तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। तिनीहरूले
उहाँको वस्त्र कसले के पाउने रहेछ भनेर
चिट्ठा हालेर भाग गरे ।

**२५**तिनीहरूले उहाँलाई क्रूसमा टाँग्दा तेस्रो
घड़ी भएको थियो । **२६**उहाँको विरुद्धको
अभियोगपत्रमा यसरी लेखिएको थियो:
'यहूदीहरूका राजा' । **२७**तिनीहरूले उहाँसित
दुई चोरहरूलाई क्रूसमा टाँगे, एक जनालाई
उहाँको दाहिनेतिर अनि अर्कोलाई देब्रेतिर ।
[**२८**अनि धर्मशास्त्रको वचन यसरी पूरा भयो,
"उहाँ अपराधीहरूसँग गनिनुभयो।"] **२९**उहाँको
छेउबाट भएर जानेहरूले आफ्ना शिर हल्लाउँदै
उहाँलाई अपमान गरेर यसो भन्थे, "वाह ! तँ
मन्दिर भत्काएर त्यसलाई तीन दिनमा बनाउने,
**३०**क्रूसबाट तल ओर्लेर आइज अनि आफैलाई
बचा !"

**३१**यस्तै किसिमले मुख्य पूजाहारीहरू अनि
शास्त्रीहरूले आपसमा उहाँको गिल्ला गरे ।
तिनीहरूले भने, "यसले अरूलाई बचायो, तर
आफैलाई बचाउन सक्दैन । **३२**यो ख्रीष्ट,
इस्राएलको राजा, अब क्रूसबाट तल ओर्लिआओस्
र हामी देखेर विश्वास गरौं।" उहाँसित क्रूसमा
टाँगिएकाहरूले पनि उहाँलाई घोर अपमान
गरे ।

### येशूको मृत्यु

*मत्ती २७:४५-५६; लूका २३:४४-४९; यूहन्ना १९:२८-३०*

**३३**छैटौं घड़ीदेखि नवौं घड़ीसम्म सम्पूर्ण
देशमा अँध्यारो भयो । **३४**अनि नवौं घड़ीमा
येशू चर्को सोरले कराउनुभयो, "एलोई, एलोई,
लामा सबकथानी ?" जसको अर्थ हो, "हे
मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले
मलाई किन त्याग्नुभयो ?"

**३५**जब छेउमा उभिरहनेहरूमध्ये कतिले यो
सुने, तिनीहरूले भने, "सुन, यिनले एलियालाई
बोलाउँदैछन् ।"

**३६**एक जना मानिस दौड़ेर गयो, अनि स्पन्जमा
सिर्का पूरै चोपेर त्यसलाई एउटा निगालोमा
लगाएर पिउन भनी येशूलाई दियो । त्यसले
भन्यो, "अब यिनलाई एक्लै छोड़िदेओ । हेरौं,
कतै एलिया आएर यिनलाई उतार्छन् कि ।"

**३७**येशूले चर्को सोरले कराएर आफ्नो प्राण
त्याग्नुभयो ।

**३८**मन्दिरको पर्दा टुप्पोदेखि फेदसम्मै च्यातिएर
दुई भाग भयो । **३९**अनि जब येशूको अगिल्तिर
उभिरहेका कप्तानले उहाँको सोर सुने अनि उहाँ
कसरी मर्नुभयो त्यो देखे, तिनले भने, "निश्चय
यी मानिस परमेश्वरका पुत्र रहेछन् !"

**४०**केही स्त्रीहरू टाढ़ैबाट हेरिरहेका थिए।
तीमध्ये मरियम मग्दलिनी, सानो याकूब र
योसेसकी आमा मरियम अनि सलोमी थिए ।
**४१**यी स्त्रीहरूले गालीलमा उहाँको पछिलाग्दै
उहाँका खाँचोहरू पूरा गरिदिएका थिए ।
उहाँसित यरूशलेममा आउने अरू धेरै स्त्रीहरू
पनि त्यहाँ थिए ।

### येशूको दफन

*मत्ती २७:५७-६१; लूका २३:५०-५६; यूहन्ना १९:३८-४२*

**४२**त्यो तयारीको दिन (अर्थात्, विश्राम-
दिनको अघिल्लो दिन) थियो । यसकारण जसै

---

**१५:२४**–भजन २२:१८. **१५:२८**–यशैया ५३:१२. **१५:२९**–भजन २२:७; १०९:२५; मर्कूस १४:५८; यूहन्ना २:१९. **१५:३४**–भजन २२:१. **१५:३६**–भजन ६९:२१. **१५:३८**–प्रस्थान २६:३१-३३. **१५:४०–४१**–लूका ८:२-३.

साँझ हुनथाल्यो, ४३अरिमथियाका यूसुफ, महासभाका एक जना प्रमुख सदस्य, जो आफैले परमेश्‍वरको राज्य पर्खिरहेका थिए, साहससित पिलातसकहाँ गएर येशूको शरीर मागे। ४४उहाँ मरिसक्नुभएको सुनेर पिलातस छक्क परे। कप्तानलाई बोलाएर तिनले उसलाई येशू मर्नुभएको हो कि होइन भनेर सोधे। ४५जब कप्तानबाट तिनलाई यो कुरा पक्का भयो, तिनले उहाँको शरीर यूसुफलाई लाने अनुमति दिए। ४६यूसूफले केही सुती कपडा किने, उहाँको शरीरलाई तल झारेर सुती लुगामा बेह्रे, अनि त्यसलाई चट्टान खोपेर बनाएको चिहानमा राखे। तब तिनले चिहानको ढोकामा एउटा ढुङ्गा गुड़ाउँदै ल्याएर राखिदिए। ४७मरियम मग्दलिनी र योसेसकी आमा मरियमले उहाँ राखिएको ठाउँ देखे।

### येशू फेरि जीवित हुनुभएको

*मत्ती २८:१-८; लूका २४:१-१२; यूहन्ना २०:१-९*

**१६** विश्राम-दिन बितेपछि, येशूको शरीरमा घस्न भनी मरियम मग्दलिनी, याकूबकी आमा मरियम, अनि सलोमीले सुगन्धित मसालाहरू किने। २हप्ताको पहिलो दिन एका बिहानै, सूर्योदय हुनासाथ तिनीहरू चिहानतिर लागे, ३अनि तिनीहरूले आपसमा भने, "कसले चिहानको मुखबाट ढुङ्गा गुड़ाएर हटाइदेला ?"

४तर जब तिनीहरूले मास्तिर हेरे, तिनीहरूले त्यो ठूलो ढुङ्गालाई हटाइएको देखे। ५तिनीहरू जसै चिहानभित्र पसे, तिनीहरूले सेतो लुगा लगाएको एक जवान मानिसलाई दाहिनेपट्टि बसिरहेका देखे, अनि तिनीहरू छक्क परे।

६तिनले भने, "अचम्म नमान। तिमीहरू क्रूसमा टाँगिएका येशू नासरीलाई खोज्दैछौ। उहाँ जीवित भई उठ्नुभएको छ ! उहाँ यहाँ हुनुहुन्न। तिनीहरूले उहाँलाई राखेको ठाउँ हेर। ७तर जाओ, अनि उहाँका चेलाहरू अनि पत्रुसलाई यसो भनिदेओ, 'उहाँ तिमीहरूको अगिअगि गालीलमा जानुहुँदैछ। त्यहाँ उहाँले भन्नुभएझैँ, तिमीहरूले उहाँलाई देख्नेछौ।'"

८काँप्तै र अचम्म मान्दै, स्त्रीहरू बाहिर निस्के अनि चिहानदेखि भागे। तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए।

९जब येशू हप्ताको पहिलो दिनमा बिहानै जीवित भई उठ्नुभयो, उहाँ मरियम मग्दलिनीकहाँ पहिले देखा पर्नुभयो, जसबाट उहाँले सातओटा दुष्टात्माहरू निकाल्नुभएको थियो। १०ऊ दौड़ेर गई र उहाँसित हुनेहरूलाई भनिदिई, जो रुँदै र विलाप गर्दैथिए। ११जब तिनीहरूले येशू जिउँदो हुनुभएको अनि त्यस स्त्रीले उहाँलाई देखेको कुरा सुने, तिनीहरूले त्यो विश्‍वासै गरेनन्।

१२पछिबाट गाउँमा हिँड्दै गरेका दुई जनाकहाँ येशू बेग्लै रूपमा देखा पर्नुभयो। १३यिनीहरू फर्केर त्यो कुरा अरूलाई बताइदिए; तर तिनीहरूले यिनीहरूका कुरामा पनि विश्‍वास गरेनन्।

१४त्यसपछि येशू एघार जनाले खाइरहेको बेला त्यहाँ देखा पर्नुभयो; उहाँले तिनीहरूको अविश्‍वास र उहाँ जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूमाथि पनि विश्‍वास नगरेकोमा तिनीहरूलाई हप्काउनुभयो।

१५उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सबै सृष्टिलाई यो सुसमाचार सुनाओ। १६जसले विश्‍वास गर्छ र बप्तिस्मा लिन्छ त्यो बचाइनेछ, तर अविश्‍वास गर्ने दोषी ठहरिनेछ। १७अनि विश्‍वास गर्नेहरूसित यी चिन्हहरू हुनेछन्: मेरो नाउँमा उनीहरूले भूतहरू धपाउनेछन्; तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्; १८तिनीहरूले आफ्ना हातले सर्पहरू समात्नेछन्; अनि तिनीहरूले डरलाग्दा विष पिए तापनि, तिनीहरूलाई पटक्कै हानि हुनेछैन; तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, अनि तिनीहरू निको हुनेछन्।"

---

**१६:७**–मत्ती २६:३२; मर्कूस १४:२८. **१६:१५**–प्रेरित १:८.

**१९**प्रभु येशूले तिनीहरूसित कुरा गरिसक्नुभएपछि, उहाँ स्वर्गतिर लगिनुभयो अनि परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो। **२०**तब चेलाहरू बाहिर गएर चारैतिर प्रचार गरे, अनि प्रभुले तिनीहरूसित काम गर्नुभयो र वचनलाई चिन्हहरूद्वारा सुदृढ़ पार्नुभयो।

**१६:१९**–प्रेरित १:९-११

# लूकाले
## लेखेका सुसमाचार

### परिचय

**१** हाम्रा बीचमा पूरा भएका घटनाहरूको
विवरण तयार गर्ने काम धेरैले आफ्नो
हातमा लिएका छन्, **२**जसरी शुरुदेखि नै प्रत्यक्ष
साक्षी र वचनका सेवकहरूले नै यी कुरा
हामीलाई सुम्पिदिए । **३**यसकारण, हे माननीय
थियोफिलस, मैले शुरुदेखि नै सबै कुराको
सावधानीपूर्वक खोजी गरेको हुनाले, तपाईंको
निम्ति ती सबै कुराहरूको एक क्रमवद्ध
विवरण लेख्न मलाई पनि असल लाग्यो,
**४**जसबाट तपाईंलाई सिकाइएका कुराहरूको
निश्चयता तपाईंलाई थाहा होस् ।

### बप्तिस्मा-दिने यूहन्नाको जन्मबारे भविष्यवाणी

**५**यहूदियाका राजा हेरोदको पालामा
अबियाका पूजाहारी समूहका जकरिया नाउँ
भएका एक जना पूजाहारी थिए । उनकी पत्नी
एलीशिबा पनि हारून वंशकी थिइन् । **६**तिनीहरू
दुवै जना परमेश्वरको दृष्टिमा धर्मी थिए, र
परमप्रभुका आज्ञा र व्यवस्था निर्दोषसाथ पालन
गर्थे । **७**तर तिनीहरूका कोही सन्तान थिएनन्,
किनकि एलीशिबा बाँझी थिइन्; अनि ती दुवैका
उमेर ढल्किसकेका थिए ।

**८**एकपल्ट जब जकरिया परमेश्वरको
सामु आफ्ना दलको पालोमा पूजाहारीको काम
गरिरहेका थिए, **९**तब पूजाहारीको सेवाको
चलनअनुसार चिट्ठा हाल्दा, परमप्रभुको
मन्दिरभित्रै पसेर धूप बाल्ने जिम्मा जकरियालाई
पऱ्यो । **१०**अनि सुगन्धित धूप बाल्ने बेला
हुँदा, भेला भएका सबै उपासकहरूले बाहिर
प्रार्थना गरिरहेका थिए ।

**११**त्यसबेला परमप्रभुका एउटा दूत तिनीकहाँ
धूप वेदीको दाहिनेपट्टि उभिरहेका देखा परे ।
**१२**दूतलाई देखेर जकरिया आत्तिए र भयभीत
भए । **१३**तर स्वर्गदूतले तिनलाई भने:
“नडराऊ, जकरिया; तिम्रो प्रार्थनाको सुनाइ
भएको छ । तिम्री पत्नी एलीशिबाले तिम्रो
निम्ति एउटा पुत्र जन्माउनेछिन्, र तिमीले
तिनको नाउँ यूहन्ना राख्नू । **१४**तिनी तिम्रो
निम्ति आनन्द र रमाहट हुनेछन्, र तिनको
जन्मको कारण धेरै जना रमाउनेछन्, **१५**किनकि
परमप्रभुको अघि तिनी महान् हुनेछन् ।
तिनले कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र
तिनी जन्मैदेखि पवित्र आत्माले भरपूर
हुनेछन् । **१६**तिनले इस्राएलका धेरैलाई परमप्रभु
तिनीहरूका परमेश्वरतर्फ फर्काउनेछन् ।
**१७**बाबुहरूका मन तिनीहरूका छोराछोरीतर्फ
र अनाज्ञाकारीहरूलाई धर्मीहरूका बुद्धितर्फ
फर्काउन, र प्रभुको निम्ति योग्य भएको एउटा
जाति तयार पार्न, एलियाको आत्मा र शक्तिमा
तिनी प्रभुको अगिअगि जानेछन् ।”

**१८**जकरियाले स्वर्गदूतलाई सोधे, “मैले यो
निश्चय कसरी जान्ने ? म बूढो मानिस हुँ
अनि मेरी पत्नीको पनि उमेर ढल्किसकेको
छ ।”

**१९**स्वर्गदूतले जवाफ दिए, “म गाब्रिएल हुँ ।
म परमेश्वरको सामु उभिन्छु, र म तिमीसँग
बोल्न र यो खुशीको खबर तिमीलाई सुनाउन
पठाइएको हुँ । **२०**अब यो घटना पूरा नभएसम्म
तिमी लाटो हुनेछौ र बोल्न सक्नेछैनौ, किनकि
आफ्नो ठीक समयमा पूरा हुनआउने मेरा
वचनमा तिमीले विश्वास गरेनौ ।”

**२१**यसै बीचमा, मानिसहरू जकरियाको
प्रतीक्षामा थिए र तिनी मन्दिरमा किन अबेरसम्म
बसे भनी छक्क पर्देथिए । **२२**जब तिनी

---

**१:५**–१ इतिहास २४:१०. **१:१५**–गन्ती ६:३. **१:१७**–मलाकी ४:५-६. **१:१९**–दानिएल ८:१६; ९:२१.

बाहिर आए, तब तिनी तिनीहरूसँग बोल्न
सकेनन् । तिनले मन्दिरमा दर्शन पाएछन् भनी
मानिसहरूले महसुस गरे, किनकि तिनले
तिनीहरूलाई इशारा गरिरहे तर बोल्न असमर्थ
रहे ।"
**२३**सेवा गर्ने आफ्नो समय पूरा भएपछि,
तिनी घर फर्के । **२४**यसपछि तिनकी पत्नी
एलीशिबा गर्भवती भइन् र पाँच महिनासम्म
गुप्तमा बसिन् । **२५**तिनले भनिन्, "परमप्रभुले
मेरो निम्ति यो गर्नुभएको छ । यी
दिनहरूमा उहाँले मलाई कृपा देखाउनुभएको
छ र मानिसहरूका बीचमा मेरो कलङ्क
हटाइदिनुभएको छ ।"

## येशूको जन्मबारे भविष्यवाणी

**२६**छैटौं महिनामा, परमेश्वरले गालीलको
नासरत शहरमा गाब्रिएल स्वर्गदूतलाई
पठाउनुभयो । **२७**तिनी एउटी कन्ये केटीकहाँ
पठाइए, जसको मगनी दाऊदको घरानाको
युसूफ भन्ने एक जना मानिससँग भएको
थियो । ती कन्याको नाउँ मरियम थियो ।
**२८**स्वर्गदूत तिनीकहाँ गए र भने, "हे उच्च
कृपाकी पात्र, अभिवादन ! परमप्रभु तिमीसित
हुनुहुन्छ ।"
**२९**तिनको वचन सुनेर मरियम विचलित
भइन् र यो कस्तो प्रकारको अभिवादन होला
भनी विचार गर्न थालिन् । **३०**तर स्वर्गदूतले
तिनलाई भने, "नडराऊ मरियम, तिमीले
परमेश्वरबाट कृपा पाएकी छौ । **३१**तिमी गर्भवती
हुनेछौ र एउटा पुत्र जन्माउनेछौ, र तिमीले
उहाँको नाउँ येशू राख्नू । **३२**उहाँ महान् हुनुहुनेछ
र परमप्रधानका पुत्र भनिनुहुनेछ । परमप्रभु
परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको
सिंहासन दिनुहुनेछ, **३३**र उहाँले याकूबको
घरानामाथि सदासर्वदा राज्य गर्नुहुनेछ; अनि
उहाँको राज्यको अन्त्य हुनेछैन ।"
**३४**मरियमले स्वर्गदूतलाई सोधिन्, "यो
कसरी हुन सक्ला, किनकि म त एक कन्या
हुँ ?"
**३५**स्वर्गदूतले जवाफ दिए, "पवित्र आत्मा
तिमीमाथि आउनुहुनेछ, र परमप्रधानको शक्तिले
तिमीलाई छाया पार्नेछ । यसकारण जन्मनुहुने
उहाँ जो पवित्र हुनुहुन्छ, उहाँ परमेश्वरका
पुत्र कहलाइनुहुनेछ । **३६**यसै गरी तिम्री नातेदार
एलीशिबाले पनि आफ्नो बृद्ध उमेरमा एउटा
पुत्र जन्माउनेछिन्, र बाँझी भनिएकी तिनी
अहिले गर्भधारणको छैटौं महिनामा छिन् ।
**३७**किनकि परमेश्वरको निम्ति कुनै पनि कुरा
असम्भव छैन ।"
**३८**मरियमले भनिन्, "म परमप्रभुकी दासी,
मलाई तपाईंको वचनअनुसार होस् ।" त्यसपछि
स्वर्गदूत तिनीबाट बिदा भए ।

## मरियम र एलीशिबाको भेट

**३९**त्यस समयमा मरियम तयार भइन् र
आतुरीसँग यहूदियाको पहाडतर्फको एउटा
गाउँमा गइन्, **४०**र त्यहाँ जकरियाको घरभित्र
पसेर एलीशिबालाई अभिवादन गरिन् ।
**४१**एलीशिबाले मरियमको अभिवादन सुन्ने
बित्तिकै, तिनको गर्भमा रहेको बालक उफ्र्यो,
र एलीशिबा पवित्र आत्माले भरिइन् । **४२**तिनले
चर्को सोरमा भनिन्: "स्त्रीहरूमा तिमी धन्य
हौ, र तिमीले जन्माउने बालक पनि धन्यका
हुन् ! **४३**तर मेरा प्रभुकी आमा मकहाँ
आउनुजस्तो कृपा मलाई किन भयो ? **४४**तिम्रो
अभिवादनको सोर मेरो कानमा पर्ने बित्तिकै
मेरो गर्भको बालक आनन्दले उफ्र्यो । **४५**तिनी
धन्यकी हुन्, जसले तिनलाई परमप्रभुले
भन्नुभएका कुरा पूरा हुनेछन् भनी विश्वास
गरिन् ।"

## मरियमको स्तुतिगान

**४६**अनि मरियमले भनिन्:
"मेरो प्राणले परमप्रभुको प्रशंसा गर्दछ

---

**१:२७**–मत्ती १:१८. **१:३१**–मत्ती १:२१. **१:३२-३३**–२ शमूएल ७:१२,१३,१६; यशैया ९:७.
**१:३७**–उत्पत्ति १८:१४. **१:४६-५५**–१ शमूएल २:१-१०.

४७ र मेरो आत्मा मेरा मुक्तिदाता
परमेश्‍वरमा रमाहट गर्छ,
४८ किनकि उहाँले आफ्नो दासीको दीन
अवस्थाको विचार गर्नुभएको छ ।
अबदेखि सबै पुस्ताले मलाई धन्यकी
भन्नेछन्,
४९ किनकि सर्वशक्तिमान्‌ले मेरो निम्ति
महान् काम गर्नुभएको छ–
उहाँको नाउँ पवित्र हो ।
५० उहाँको करुणा उहाँको भय
मान्‍नेहरूको निम्ति पुस्तादेखि
पुस्तासम्म रहिरन्छ ।
५१ उहाँले आफ्ना बाहुलीद्वारा शक्तिशाली
कामहरू गर्नुभएको छ;
आफ्नो मनको विचारमा घमण्ड
गर्नेहरूलाई उहाँले तितरबितर
पारिदिनुभएको छ ।
५२ उहाँले शासकहरूलाई तिनीहरूका
सिंहासनदेखि खसालिदिनुभएको छ
तर नम्रहरूलाई उच्च पार्नुभएको छ ।
५३ उहाँले भोकाहरूलाई असल कुराले
तृप्त पार्नुभएको छ,
तर धनीहरूलाई रित्तै हात
पठाइदिनुभएको छ ।
५४ उहाँले कृपालु बन्‍न स्मरण गर्दै,
आफ्नो दास इस्राएललाई सहायता
गर्नुभएको छ
५५ जसरी उहाँले हाम्रा पुर्खाहरूलाई
बताउनुभएको थियो ।
जुन कृपा उहाँले अब्राहाम र उनका
सन्तानलाई सदाका लागि देखाउँछु
भन्‍नुभएको थियो ।"

**५६**मरियम एलीशिबासँग लगभग तीन
महिना बसेर घर फर्किन ।

### बप्तिस्मा-दिने यूहन्‍नाको जन्म

**५७**जब एलीशिबाको सुत्केरी हुने बेला आयो,
तब तिनले एउटा छोरा जन्माइन् । **५८**तिनका
छिमेकी र नातेदारहरूले परमप्रभुले तिनीमाथि
उहाँको ठूलो कृपा देखाउनुभएको छ भन्‍ने सुने,
र तिनको आनन्दमा सँगै रमाए ।

**५९**आठौं दिनमा तिनीहरू बालकलाई खतना
गर्न आए, र तिनीहरूले बालकको नाउँ उसको
बाबुझैँ जकरिया राख्‍न लागेका थिए, **६०**तर
बालककी आमा बोलिन् र भनिन्, "होइन !
त्यसको नाउँ यूहन्‍ना राखिनुपर्छ ।"

**६१**तिनीहरूले तिनलाई भने, "त्यो नाउँ
भएको व्यक्ति त तिम्रा नातेदारमा कोही पनि
छैन ।"

**६२**त्यसपछि तिनीहरूले त्यसका बाबुले
बालकलाई के नाउँ दिन चाहन्छन् भनी जान्‍न
उनलाई इशारा गरी सोधे । **६३**उनले एउटा
लेख्‍ने पाटी मगाए, र सबैलाई छक्‍क पार्दै
लेखे, "उसको नाउँ यूहन्‍ना हो ।" **६४**तुरुन्तै
तिनको मुख खुल्यो र बोली फुट्यो अनि
उनी परमेश्‍वरको प्रशंसा गर्दै बोल्न लागे ।
**६५**छिमेकीहरू सबैमा डर छायो, र यहूदियाका
सम्पूर्ण पहाडी मुलुकभरि मानिसहरूले यी सबै
कुराका बारेमा चर्चा गरे । **६६**यो कुरा सुन्‍ने
सबैले "यो बालक अब कस्तो होला ?" भन्दै
विचार गर्न लागे । किनकि परमप्रभुको बाहुली
त्यसमाथि थियो ।

### जकरियाको स्तुतिगान

**६७**बालकका बाबु जकरिया पवित्र आत्माले
भरिए र अगमवाणी बोल्न लागे:

६८ "परमप्रभु, इस्राएलका परमेश्‍वरलाई
प्रशंसा होस्,
किनकि उहाँ आएर आफ्ना
मानिसहरूलाई उद्धार गर्नुभएको छ ।
६९ उहाँले आफ्नो सेवक दाऊदको वंशमा
हाम्रा निम्ति
एउटा शक्तिको सिङ खडा गर्नुभएको
छ ।
७० (जसरी आफ्ना पवित्र
अगमवक्ताहरूद्वारा उहाँले प्राचीन

---

**१:४८**–१ शमूएल १:११. **१:५२**–अय्यूब ५:११; १२:१९. **१:५५**–उत्पत्ति १७:७. **१:५९**–लेवी १२:३.

समयदेखि नै बोल्नुभएको थियो),
७१ हाम्रा शत्रुहरूबाट र हामीलाई घृणा
गर्नेहरू सबैका हातबाट हामीलाई
उद्धार गर्न–
७२ हाम्रा पुर्खाहरूलाई कृपा देखाउनलाई
र उहाँको पवित्र करार स्मरण
गर्नलाई,
७३ जुन शपथ उहाँले हाम्रा पुर्खा
अब्राहामसँग गर्नुभएको थियो:
७४ हामीलाई हाम्रा शत्रुहरूका हातबाट
छुटाउनलाई,
र हामीलाई निर्भयतासाथ उहाँको सेवा
गर्ने तुल्याउनलाई,
७५ हाम्रो जीवनभरि नै उहाँका सामुन्ने
पवित्रता र धार्मिकतामा ।
७६ अनि तिमी, मेरा बालक, सर्वोच्चका
अगमवक्ता भनिनेछौ;
किनकि उहाँका निम्ति बाटो तयार
पार्न तिमी प्रभुको अगिअगि जानेछौ,
७७ उहाँका मानिसहरूलाई तिनीहरूका
पाप क्षमाद्वारा मुक्तिको ज्ञान दिनलाई,
७८ हाम्रा परमेश्वरको कोमल कृपाको
कारणले, जसद्वारा हाम्रा निम्ति
स्वर्गबाट उदाउँदो सूर्य आउनेछ,
७९ अन्धकार र मृत्युको छायामा
बस्नेहरूमाथि ज्योति चम्कनलाई,
हाम्रा पाउहरूलाई शान्तिका बाटामा
डोऱ्याउनलाई ।"

**८०**अनि बालक बढ़े र आत्मामा बलिया
बने; र इस्राएलमा खुल्लमखुल्ला देखा नपरुन्जेल
तिनी उजाड़-स्थानमा बसे ।

## येशूको जन्म

*मत्ती १:१८-२५*

**२** ती दिनमा सिजर अगस्टसले सम्पूर्ण रोमी
साम्राज्यभरि एउटा जनगणना गरियोस्
भन्ने हुकुम जारी गरे । **२**(कुरेनियस सिरियाका
राज्यपाल हुँदा भएको यो पहिलो जनगणना
थियो ।) **३**अनि आ-आफ्ना नाउँ दर्ता गर्न सबै
आ-आफ्ना शहरमा गए ।

**४**यसरी यूसुफ पनि गालीलको नासरत
शहरबाट यहूदियामा, दाऊदको शहर बेथलेहेम
गए, किनकि उनी दाऊदकै घराना र वंशका
थिए । **५**उनी आफ्नो नाउँ दर्ता गर्न मरियमसँगै
गए, जसको मगनी उनीसँग भएको थियो र
तिनी गर्भवती थिइन् । **६**तिनीहरू त्यहीं
भएकै बेला, बालक जन्मने बेला भयो, **७**र
तिनले आफ्नो जेठो छोरो जन्माइन् । तिनले
बालकलाई लुगाले बेह्रेर एउटा डूँड़मा राखिन्,
किनकि तिनीहरूका निम्ति पौवामा ठाउँ
थिएन ।

## गोठाला र स्वर्गदूतहरू

**८**अनि त्यहाँ नजीकैको चउरमा राती आफ्नो
बगालको रखवाली गरी बस्ने केही गोठालाहरू
थिए । **९**त्यसबेला परमप्रभुका एक स्वर्गदूत
तिनीहरूकहाँ देखा परे, अनि परमप्रभुको महिमा
तिनीहरूको वरपर चम्कियो, र तिनीहरू
डराए । **१०**तर स्वर्गदूतले तिनीहरूलाई भने,
"नडराओ, किनकि म तिमीहरूलाई बड़ो
आनन्दको सुसमाचार सुनाउँछु, जो सबै
मानिसहरूको निम्ति हुनेछ । **११**आज दाऊदको
शहर बेथलेहेममा तिमीहरूका निम्ति एउटा
मुक्तिदाताको जन्म भएको छ; उहाँ नै खीष्ट
प्रभु हुनुहुन्छ । **१२**अनि तिमीहरूका निम्ति यो
एउटा चिन्ह हुनेछ: तिमीहरूले एउटा बालकलाई
लुगाले बेह्रेर डूँड़मा सुतिरहेको भेट्टाउनेछौ ।"
**१३**तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय
सेनाको एउटा ठूलो दल परमेश्वरको प्रशंसा
गर्दै र यसो भन्दै देखा पऱ्यो,

१४ "सर्वोच्चमा परमेश्वरलाई महिमा,
र पृथ्वीमा उहाँको निगाह पाएका
मानिसहरूलाई शान्ति ।"

**१५**स्वर्गदूतहरू तिनीहरूबाट बिदा भएर
स्वर्गमा गएपछि, गोठालाहरूले आपसमा भने,

---

**१:७६**–मलाकी ३:१. **१:७९**–यशैया ९:२.

“हामी बेथलेहेममा जाऔं र घटेको यो घटना
हेरौं, जसको विषयमा परमप्रभुले हामीलाई
बताउनुभएको छ ।”
**१६**तिनीहरू हतारहतार गए र मरियम,
यूसुफ र डूँड़मा सुतिरहेको बालकलाई भेट्टाए ।
**१७**जब तिनीहरूले उहाँलाई देखे, तब यो
बालकको विषयमा तिनीहरूलाई जे भनिएको
थियो त्यसबारेमा तिनीहरूले कुरा फैलाए,
**१८**अनि जति जनाले यो सुने गोठालाहरूले
तिनीहरूलाई बताएका कुरामा सबै जना
आश्‍चर्यचकित भए । **१९**तर मरियमले यी
सबै कुरा मनैमा राखिन् र त्यसबारेमा
गुन्दै बसिन् । **२०**सबै कुरा तिनीहरूलाई
बताइएबमोजिम नै सुनेका र देखेका हुनाले ती
सबैका निम्ति परमेश्‍वरको महिमा र प्रशंसा
गर्दै गोठालाहरू फर्के ।

## मन्दिरमा येशूको अर्पण

**२१**आठौं दिन, उहाँको खतना हुने समयमा,
उहाँको नाउँ येशू राखियो, जुन नाउँ उहाँ
गर्भमा आउनअघि नै स्वर्गदूतले दिएका थिए ।
**२२**जब मोशाको व्यवस्थाअनुसार तिनीहरूको
शुद्ध हुने समय पूरा भयो, तब यूसुफ र मरियमले
उहाँलाई परमप्रभुमा समर्पण गर्न यरूशलेममा
ल्याए, **२३**(जसरी परमप्रभुको व्यवस्थामा लेखिएको
छ, “पहिलो जन्मने हरेक जेठो पुत्र परमप्रभुका
निम्ति पवित्र गरिनेछ”), **२४**अनि “एक जोर ढुकुर
अथवा परेवाका दुई बचेरा” भनी परमप्रभुको
व्यवस्थामा बताइएको कुरा पालन गर्न तिनीहरू
त्यहीबमोजिम बलिदान चढाउन गए ।
**२५**अब यरूशलेममा शिमियोन नाउँ गरेका
एक जना धर्मी र भक्त मानिस थिए । पवित्र
आत्मा उनीमाथि हुनुहुन्थ्यो अनि उनले इस्राएलका
सान्त्वनालाई पर्खिरहेका थिए । **२६**परमप्रभुका
ख्रीष्टलाई देख्नुभन्दा अघि उनी मर्नेछैनन् भनी
पवित्र आत्माद्वारा उनलाई प्रकट गरिएको
थियो । **२७**त्यस दिन आत्माद्वारा डोर्‍याइएर,
उनी मन्दिरको चोकमा गए । जब बाबुआमाले
बालक येशूलाई उहाँको निम्ति व्यवस्थाले
मागेअनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए,
**२८**तब शिमियोनले उहाँलाई आफ्नो काखमा
लिए र परमेश्‍वरको प्रशंसा गर्दै भने:

**२९** “हे सर्वभौम परमप्रभु, तपाईंले प्रतिज्ञा
गर्नुभएबमोजिम,
अब आफ्नो दासलाई शान्तिसँग बिदा
दिनुहोस् ।
**३०** किनकि मेरा आँखाले तपाईंको उद्धार
देखेका छन्,
**३१** जो तपाईंले सबै मानिसहरूको दृष्टिमा
तयार पार्नुभएको छ,
**३२** गैर-यहूदीहरूलाई प्रकाशको निम्ति र
तपाईंका जाति इस्राएललाई महिमाको
निम्ति ज्योति ।”

**३३**अनि बालकका बाबु र आमा उहाँका विषयमा
बोलिएका कुरामा छक्क परे । **३४**त्यसपछि
शिमियोनले तिनीहरूलाई आशीर्वाद दिए, र
उहाँकी आमा मरियमलाई भने: “यो बालक
इस्राएलमा धेरै जनाको पतन र उत्थानको
कारण बन्नको निम्ति र विरोधमा बोलिने एउटा
चिन्ह हुनलाई नियुक्त भएको छ, **३५**जसबाट धेरै
हृदयका विचारहरू प्रकट हुनेछन् । अनि एउटा
तरवारले तिम्रो आफ्नै प्राण पनि छेड्नेछ ।”
**३६**त्यहाँ आशेरका कुलका फनुएलकी छोरी
हन्ना नाउँ गरेकी एउटी अगमवादिनी थिइन् ।
तिनी धेरै वृद्धा थिइन्; तिनी विवाहपछि सात
वर्षमात्र आफ्ना लोग्नेसँग बसेकी थिइन्, **३७**र
त्यसपछि विधवा रहेर चौरासी वर्ष पुगेकी
थिइन् । तिनले कहिल्यै मन्दिर छोड्दैनथिइन्
तर दिनरात उपवास र प्रार्थनासाथ आराधनामा
बिताउँथिन् । **३८**त्यही बेला, तिनीहरूकहाँ
आएर तिनले परमेश्‍वरलाई धन्यवाद दिइन् र
यरूशलेमको उद्धारको प्रतीक्षा गर्दै बस्नेहरू
सबैलाई बालकको बारेमा बताइन् ।

---

**२:२१**–लेवी १२:३; लूका १:३१. **२:२२**–लेवी १२:६-८. **२:२३**–प्रस्थान १३:२,१२.
**२:३२**–यशैया ४२:६; ४९:६; ५२:१०.

**३९**परमप्रभुको व्यवस्थाले बताएका सम्पूर्ण काम गरेर सिद्धचाएपछि, यूसुफ र मरियम गालीलको आफ्नै शहर नासरत फर्के। **४०**अनि बालक बढ़दै र बलियो हुँदैजानुभयो; उहाँ बुद्धिले भरिनुभयो, र परमेश्वरको अनुग्रह उहाँमाथि थियो।

## बालक येशू मन्दिरमा

**४१**उहाँका आमाबाबु निस्तार-चाड़को निम्ति वर्षेनी यरूशलेम जानेगर्थे। **४२**उहाँ बाह्र वर्षको हुनुभएपछि, उहाँहरू चाड़को रीतिअनुसार जानुभयो। **४३**चाड़ सकिएपछि उहाँका आमाबाबु घर फर्कंदैगर्दा, बालक येशू यरूशलेममै रहनुभयो, तर उहाँका आमाबाबुले यो थाहा पाएनन्। **४४**उहाँ तिनीहरूकै यात्रीदलमा हुनुहुन्छ होला भन्ठानी, तिनीहरू एक दिनभरिको बाटो गए। तब तिनीहरूले उहाँलाई आफ्ना नातेदारहरू र मित्रहरूका बीचमा खोज्न लागे। **४५**उहाँलाई त्यहाँ नभेट्टाउँदा, तिनीहरू उहाँलाई खोज्न यरूशलेम नै फर्के। **४६**तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरको चोकमा शिक्षकहरूसँग बसेर तिनीहरूका कुरा सुन्दै र तिनीहरूलाई प्रश्न गर्दैरहनुभएको भेटाए। **४७**उहाँका कुरा सुन्नेहरू सबै जना उहाँको समझ र उत्तरहरूमा छक्क परेका थिए। **४८**उहाँका आमाबाबु उहाँलाई देखेर चकित भए। उहाँकी आमाले उहाँलाई भनिन्, "छोरा, तिमीले हामीलाई किन यस्तो गरेको? तिम्रा बाबु र म चिन्तित भएर तिमीलाई खोजिरहेका थियौं।"

**४९**उहाँले भन्नुभयो, "तपाईंहरूले मलाई किन खोज्नुभएको? म मेरा पिताको घरमा हुनुपर्छ भनी के तपाईंहरूलाई थाहा थिएन?" **५०**तर उहाँले तिनीहरूलाई के भन्दैहुनुहुन्थ्यो त्यो तिनीहरूले बुझेनन्।

**५१**त्यसपछि उहाँ तिनीहरूसँग नासरत जानुभयो र तिनीहरूप्रति आज्ञाकारी बन्नुभयो। उहाँकी आमाले यी सबै कुरा आफ्नो मनैमा राखिन्। **५२**अनि येशू बुद्धिमा र कदमा, अनि परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।

## बप्तिस्मा-दिने यूहन्नाको कार्य

*मत्ती ३:१-१२; मर्कूस १:१-८; यूहन्ना १:१९-२८*

**३** सिजर तिबेरिअसको शासनकालको पन्ध्रौं वर्षमा, जब पन्तियस पिलातस यहूदियाका राज्यपाल, हेरोद गालीलका शासक, उनका भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक, अनि लुसानियास अबिलेनेका शासक थिए, **२**तब हन्नास र कैयाफा प्रधान पूजाहारी भएका समयमा परमेश्वरको वचन उजाड़-स्थानमा जकरियाका छोरा यूहन्नाकहाँ आयो। **३**अनि पाप क्षमाको निम्ति पश्चात्तापको प्रचार गर्दै तिनी यर्दन नदीका वरपर सबै इलाकातर्फ गए, **४**जसरी यशैया अगमवक्ताका वचनको पुस्तकमा लेखिएको छ:

"उजाड़-स्थानमा कराउने एक जनाको आवाज,
'परमप्रभुको निम्ति मार्ग तयार पार,
उहाँको निम्ति पथ सोझा बनाओ।
५ सबै खाल्डाहरू पुरिनेछन्,
हरेक पहाड़ र डाँड़ा समथर बनाइनेछन्।
बाङ्गा-टिङ्गा बाटाहरू सोझा बन्नेछन्,
अप्ठेरो बाटाहरू सम्म हुनेछन्।
६ अनि सबै मानव जातिले
परमेश्वरको मुक्ति देख्नेछन्।'"

**७**यूहन्नाले तिनीबाट बप्तिस्मा लिन आउने भीड़हरूलाई भने, "ए सर्पका सन्तान हो! आउनलागेको क्रोधबाट भाग्न तिमीहरूलाई कसले चेतावनी दियो? **८**पश्चात्ताप गरेको देखाउने फल फलाओ। अनि आफै, 'हाम्रा पिता अब्राहाम हुन्' भन्ने नठान, किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट पनि अब्राहामका निम्ति सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। **९**बञ्चरो रूखको फेदमा परिसकेको

**२:३९**–मत्ती २:२३. **२:४१**–प्रस्थान १२:१-१७; व्यवस्था १६:१-८. **२:५२** –१ शमूएल २:२६; हितोपदेश ३:४. **३:४–६**–यशैया ४०:३-५. **३:७**–मत्ती १२:३४; २३:३३. **३:८**–यूहन्ना ८:३३. **३:९**–मत्ती ७:१९.

छ, अनि असल फल नफलाउने हरेक रूख
ढालिनेछ र आगोमा मिल्काइनेछ ।”
**१०**भीड़ले सोध्यो, “त्यसो भए हामीले के
गर्ने त ?”
**११**यूहन्नाले जवाफ दिए, “आफूसँग दुईओटा
दौरा हुने मानिसले एउटा नहुनेलाई दिइहालोस्,
र जससँग खानेकुरा छ, त्यसले पनि त्यसै
गरोस् ।”
**१२**कर उठाउनेहरू पनि बप्तिस्मा लिन
आए । तिनीहरूले सोधे, “गुरुज्यू, हामी के
गरौं ?” **१३**तिनले उनीहरूलाई भने, “तिमीलाई
जति खटाइएको छ, त्योभन्दा बढ़ी नलेओ ।”
**१४**त्यसपछि कोही सिपाहीहरू आएर सोधे,
“हामीले के गर्ने ?”
तिनले जवाफ दिए, “कसैलाई नलूट अनि
मानिसहरूलाई झूटा आरोप नलगाओ । आफ्नो
तलबमा सन्तुष्ट बन ।”
**१५**मानिसहरू आशामा पर्खिरहेका थिए र
सबैले आफ्ना-आफ्ना मनमा कतै यूहन्ना नै
ख्रीष्ट हुन् कि भनी विचार गरिरहेका थिए ।
**१६**यूहन्नाले तिनीहरू सबैलाई जवाफ दिँदै भने,
“म त तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु ।
तर मभन्दा शक्तिशाली एक जना आउँदैहुनुहुन्छ,
जसको जुत्ताको फित्ता खोल्ने लायकको पनि
म छैनँ । उहाँले तिमीहरूलाई पवित्र आत्मा
र आगोले बप्तिस्मा दिनुहुनेछ । **१७**उहाँको
खला सफा गर्न उहाँको निफन्ने औजार उहाँको
हातमा छ र उहाँले गहुँ आफ्नो धनसारमा
जम्मा गर्नुहुनेछ, तर भुसलाई उहाँले ननिभ्ने
आगोमा जलाउनुहुनेछ ।” **१८**अनि अरू पनि
यस्तै वचनद्वारा यूहन्नाले मानिसहरूलाई शिक्षा
दिए र तिनीहरूलाई सुसमाचार प्रचार गरे ।
**१९**तर जब हेरोदले आफ्नै भाइकी पत्नी
हेरोदियासलाई राखेका कारण र उनले गरेका
अरू सबै दुष्कर्मका कारण यूहन्नाले उनलाई हप्काए,
**२०**तब यूहन्नालाई झ्यालखानमा थुनेर हेरोदले
सबै दुष्कर्महरूमाथि अझै एउटा दुष्कर्म थपे ।

### येशूको बप्तिस्मा

*मत्ती ३:१३-१७; मर्कूस १:९-११*

**२१**सबै मानिसहरूको बप्तिस्मा हुँदा, येशूले
पनि बप्तिस्मा लिनुभयो । अनि उहाँले प्रार्थना
गर्दैगर्नुहुँदा स्वर्ग उघ्रियो । **२२**अनि पवित्र आत्मा
एउटा ढुकुरजस्तै शारीरिक रूपमा उहाँमाथि
ओर्लनुभयो । अनि स्वर्गबाट एउटा यस्तो आवाज
आयो: “तिमी मेरा प्रिय पुत्र हौ; तिमीसँग म
अति प्रसन्न छु ।”
**२३**अब येशू आफैले आफ्नो सेवा शुरु गर्नुहुँदा
उहाँ करीब तीस वर्षको हुनुहुन्थ्यो । उहाँ
यूसुफका पुत्र हुनुहुन्छ भनी मानिसहरूले ठानेका
थिए,

यूसुफ एलीका छोरा थिए, **२४**एली
मत्तातका छोरा,
मत्तात लेवीका छोरा, लेवी मल्कीका
छोरा,
मल्की यान्नाका छोरा, यान्ना
यूसुफका छोरा,
**२५** यूसुफ मत्तियाहका छोरा, मत्तियाह
आमोसका छोरा,
आमोस नहूमका छोरा, नहूम इसलीका
छोरा,
इसली नग्गैका छोरा, **२६**नग्गै माथका
छोरा, माथ मत्तियाहका छोरा,
मत्तियाह सेमैनका छोरा, सेमैन
योसेखका छोरा, योसेख योदाका छोरा,
**२७** योदा योआननका छोरा, योआनन
रेसाका छोरा,
रेसा यरुबाबेलका छोरा, यरुबाबेल
शालतिएलका छोरा,
शालतिएल नेरीका छोरा, **२८**नेरी
मल्कीका छोरा, मल्की अद्दीका छोरा,
अद्दी कोसामका छोरा, कोसाम
एलमादामका छोरा, एलमादाम एर्का
छोरा,

---

**३:१२**–लूका ७:२९. **३:१९-२०**–मत्ती १४:३-४; ६:१७-१८. **३:२२**–उत्पत्ति २२:२; भजन २:७;
यशैया ४२:१; लूका ९:३५.

२९ एर् योसेका छोरा, योसे एलीएजरका
छोरा,
एलीएजर योरीमका छोरा,
योरीम मत्तातका छोरा, मत्तात लेवीका
छोरा, **३०**लेवी शिमियोनका छोरा,
शिमियोन यहूदाका छोरा,
यहूदा यूसुफका छोरा, यूसुफ योनानका
छोरा, योनान एल्याकीमका छोरा,
३१ एल्याकीम मलेआका छोरा, मलेआ
मिन्नाका छोरा,
मिन्ना मत्ताथाका छोरा, मत्ताथा
नातानका छोरा, नातान दाऊदका
छोरा, **३२**दाऊद यिशैका
छोरा, यिशै ओबेदका छोरा,
ओबेद बोअजका छोरा, बोअज
सल्मोनका छोरा, सल्मोन नहशोनका
छोरा,
३३ नहशोन अम्मीनादाबका छोरा,
अम्मीनादाब आरामका छोरा,
आराम हेस्रोनका छोरा, हेस्रोन
फारेसका छोरा, फारेस यहूदाका छोरा,
**३४**यहूदा याकूबका छोरा,
याकूब इसहाकका छोरा,
इसहाक अब्राहामका छोरा, अब्राहाम
तेरहका छोरा, तेरह नाहोरका छोरा,
३५ नाहोर सरूगका छोरा, सरूग
रऊका छोरा,
रऊ पेलेगका छोरा, पेलेग एबेरका
छोरा,
एबेर शेलहका छोरा, **३६**शेलह
केनानका छोरा, केनान अर्पक्षदका
छोरा,
अर्पक्षद शेमका छोरा, शेम नूहका
छोरा, नूह लेमेखका छोरा,
३७ लेमेख मतूशेलहका छोरा, मतूशेलह
हनोकका छोरा,
हनोक येरेदका छोरा, येरेद
महलालेलका छोरा,
महलालेल केनानका छोरा, **३८**केनान
एनोशका छोरा,
एनोश शेतका छोरा,
शेत आदमका छोरा, अनि
आदम परमेश्वरका छोरा थिए ।

### येशूको परीक्षा

*मत्ती ४:१-११; मर्कूस १:१२-१३*

**४** येशू पवित्र आत्माको भरपूरीमा
यर्दनबाट फर्कनुभयो र आत्माद्वारा उहाँ
उजाड़-स्थानमा लगिनुभयो, **२**अनि उहाँ त्यस
ठाउँमा चालीस दिनसम्म शैतानबाट परीक्षित
हुनुभयो। त्यति दिनसम्म उहाँले केही खानुभएन,
र अन्त्यमा उहाँ भोकाउनुभयो ।
**३**शैतानले उहाँलाई भन्यो, "यदि तपाईं
परमेश्वरका पुत्र हुनुहुन्छ भने, यी ढुङ्गालाई
रोटी बन्ने आज्ञा दिनुहोस् ।"
**४**येशूले जवाफ दिनुभयो, "धर्मशास्त्रमा यसो
लेखिएको छ: 'मानिस रोटीले मात्र बाँच्दैन ।'"
**५**शैतानले उहाँलाई एउटा उच्च स्थानमा
लग्यो र एकै क्षणमा जगतका सबै राज्यहरू
देखायो । **६**अनि त्यसले उहाँलाई भन्यो, "यी
राज्यका सबै अधिकार र गौरव म तपाईंलाई
दिनेछु, किनकि यी सबै थोक मलाई दिइएका
छन्, र म जसलाई चाहन्छु त्यसलाई यो दिन
सक्छु। **७**त्यसकारण यदि तपाईंले मलाई दण्डवत्
गर्नुभयो भने, यी सबै अब तपाईंका हुनेछन् ।"
**८**येशूले जवाफ दिनुभयो, "धर्मशास्त्रमा
लेखिएको छ: तैंले आफ्ना परमप्रभु परमेश्वरलाई
दण्डवत् गर्नू र उहाँको मात्र सेवा गर्नू ।'"
**९**शैतानले उहाँलाई यरूशलेममा लगेर
मन्दिरको टुप्पामा राख्यो। त्यसले भन्यो, "यदि
तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट
हाम फाल्नुहोस् । **१०**किनकि यसो लेखिएको छ:

"'उहाँले तिमीलाई होशियारीसाथ
सुरक्षा गर्न
आफ्ना स्वर्गदूतहरूलाई आज्ञा

**४:४**–व्यवस्था ८:३. **४:८**–व्यवस्था ६:१३. **४:१०**–भजन ९१:११.

गर्नुहुनेछ;
११ तिनीहरूले तिमीलाई आफ्ना हात-
हातमा उचाल्नेछन्,
ताकि तिम्रा खुट्टा ढुङ्गामा
नठोकिऊन् ।'"

१२येशूले जवाफ दिनुभयो, "यसो लेखिएको
छ: तैंले आफ्ना परमप्रभु परमेश्वरको परीक्षा
नगर्नू ।'"
१३शैतानले उहाँको परीक्षा गर्ने यी सबै
काम सकेपछि, अनुकूल समय नभएसम्म
उहाँलाई छोड़ेर गयो ।

### नासरतमा येशूलाई इन्कार

१४येशू आत्माको शक्तिमा गालील
फर्कनुभयो, र उहाँको बारेमा सारा मुलुकभरि
खबर फिँजियो । १५उहाँले तिनीहरूका
सभाघरहरूमा शिक्षा दिनुभयो, र सबैले उहाँको
प्रशंसा गरे ।
१६उहाँ नासरतमा जानुभयो, जहाँ उहाँ
हुर्कनुभएको थियो, अनि विश्राम-दिनमा उहाँ
आफ्नो आदतअनुसार सभाघरमा जानुभयो र
उहाँ पढ़नलाई खड़ा हुनुभयो । १७यशैया
अगमवक्ताको पुस्तक उहाँलाई पढ़न दिइयो ।
त्यो पुस्तक खोलेर उहाँले यसो लेखिएको खण्ड
निकाल्नुभयो:

१८ "परमप्रभुको आत्मा ममाथि छ,
किनकि गरीबहरूलाई सुसमाचार
सुनाउनका निम्ति
उहाँले मलाई अभिषेक गर्नुभएको छ ।
उहाँले मलाई कैदीहरूलाई छुटकाराको
घोषणा गर्न,
र अन्धाहरूलाई दृष्टि दिलाउन,
१९ अनि परमप्रभुको निगाहको वर्ष
घोषणा गर्न पठाउनुभएको छ ।"

२०त्यसपछि पुस्तक बन्द गरेर उहाँले त्यो
टहलुवालाई दिनुभयो र बस्नुभयो । सभाघरमा
भएका सबैका नजर उहाँमाथि थियो । २१अनि
उहाँले तिनीहरूलाई भन्नुभयो, "आज तिमीहरूको
सुनाइमा यो धर्मशास्त्र पूरा भएको छ ।"
२२सबैले उहाँको प्रशंसा गरे र उहाँको
मुखबाट आएको अनुग्रहपूर्ण वचनमा छक्क
परे र तिनीहरूले सोधे, "के यिनी यूसुफका
छोरा होइनन् र ?"
२३येशूले तिनीहरूलाई भन्नुभयो, "पक्कै
तिमीहरूले मलाई यो दृष्टान्त भन्नेछौ: 'ए
वैद्य, आफैलाई निको पार ! कफर्नहुममा तिमीले
जे जति गर्‍यौ भनी हामीले सुनेका थियौं, ती
सबै यहाँ आफ्नै शहरमा पनि गर ।'"
२४उहाँले भन्नुभयो, "म तिमीहरूलाई साँच्चै
भन्दछु, कुनै पनि अगमवक्तालाई उसको आफ्नै
शहरमा स्वीकार गरिँदैन । २५म तिमीहरूलाई
निश्चयतासाथ भन्दछु, एलियाको समयमा जब
आकाश साढ़े तीन वर्षसम्म थुनियो र सारा
देशभरि डरलाग्दो अनिकाल पर्‍यो, त्यसबेला
इस्राएलमा धेरै विधवाहरू थिए । २६तापनि
एलिया अरू कसैकहाँ होइन, तर सीदोनको
क्षेत्रमा पर्ने सारपतकी एउटी विधवाकहाँ मात्र
पठाइए । २७अनि एलीशा अगमवक्ताका समयमा
पनि इस्राएलमा धेरै कुष्ठरोगीहरू थिए, तर
तिनीहरू कोही पनि निको पारिएनन्– केवल
सिरियाली नामानमात्र निको पारिए ।"
२८यो सुनेपछि सभाघरमा भएका सबै
मानिसहरू रीसले चूर भए । २९तिनीहरू खड़ा
भए र उहाँलाई शहरदेखि बाहिर, जुन पहाडमा
तिनीहरूको शहर बनाइएको थियो, त्यसैको
भीरबाट खसालिदिन टाकुरामा लगे । ३०तर उहाँ
भीड़बाट नै छिरेर आफ्नै बाटो जानुभयो ।

### येशूले भूतात्मा धपाउनुभएको

*मर्कूस १:२१-२८*

३१त्यसपछि येशू गालीलको एउटा शहर
कफर्नहुममा जानुभयो, र विश्राम-दिन

**४:११**–भजन ९१:१२. **४:१२**–व्यवस्था ६:१६. **४:१८**–यशैया ६१:१-२. **४:२४**–यूहन्ना ४:४४.
**४:२५**–१ राजा १७:१. **४:२६**–१ राजा १७:८-१६. **४:२७**–१ राजा ५:१-१४.

मानिसहरूलाई शिक्षा दिन थाल्नुभयो। ३२उहाँका
शिक्षामा तिनीहरू छक्क परे, किनकि उहाँको
सन्देशमा अधिकार थियो ।

३३सभाघरमा अशुद्ध भूतात्मा लागेको एक
जना मानिस थियो । त्यसले आफ्नो चर्को
सोरमा कराएर भन्यो, ३४“हे येशू नासरी,
हामीसँग तपाईंको के काम ? के तपाईं हामीलाई
नष्ट पार्न आउनुभएको हो ? तपाईं को हुनुहुन्छ
भनी म जान्दछु– परमेश्वरका पवित्र जन !”

३५येशूले त्यसलाई हकारेर भन्नुभयो, “चुप
लाग्, त्यस मानिसबाट निस्किजा !” त्यसपछि
भूतात्माले त्यस मानिसलाई तिनीहरूका बीचमा
पछार्‍यो र त्यसलाई केही पनि हानि नगरीकन
निस्केर गयो ।

३६सबै मानिसहरू छक्क परे र एका-
अर्कालाई भने, “यो कस्तो शिक्षा हो ? यिनले
अधिकार र शक्तिसित दुष्टात्माहरूलाई आज्ञा
गर्छन्, अनि तिनीहरू निस्केर जान्छन् !” ३७अनि
उहाँको विषयको खबर वरिपरिका इलाकाभरि
फैलियो ।

### येशूले धेरैलाई निको पार्नुभएको

*मत्ती ८:१४-१७; मर्कूस १:२९-३४*

३८त्यस दिन येशू सभाघरबाट निस्केर
सिमोनको घरमा जानुभयो । सिमोनकी सासू
कड़ा ज्वरोले थलिएकी थिइन्, अनि तिनीहरूले
येशूलाई तिनलाई सहायता गर्न बिन्ती गरे ।
३९अनि उहाँ तिनको नजीकै उभिएर ज्वरोलाई
हकार्नुभयो, र ज्वरोले तिनलाई छोड्यो । तिनी
तुरुन्तै उठिन् र उहाँहरूको सेवा गरिन् ।

४०सूर्य अस्ताउन लाग्दा, मानिसहरूले
विभिन्न किसिमका रोग लागेका मानिसहरूलाई
येशूकहाँ ल्याए, अनि तिनीहरू हरेकमाथि
हात राखेर, उहाँले सबैलाई निको पार्नुभयो ।
४१अझै, धेरै मानिसहरूबाट भूतहरू पनि यसो
भनी चिच्च्याउँदै निस्के, “तपाईं परमेश्वरका
पुत्र हुनुहुन्छ !” तर उहाँले तिनीहरूलाई
हप्काउनुभयो र बोल्न दिनुभएन, किनकि उहाँ
ख्रीष्ट हुनुहुन्छ भनी तिनीहरूले जान्दथे ।

४२बिहान उज्यालो हुँदा येशू निस्केर एउटा
एकान्त ठाउँमा जानुभयो। मानिसहरूले उहाँलाई
खोजिरहेका थिए अनि उहाँ हुनुभएको ठाउँमा
आएपछि, तिनीहरूले उहाँलाई तिनीहरूलाई
छोड़ेर जान नदिन प्रयास गरे । ४३तर
उहाँले भन्नुभयो, “मैले परमेश्वरको राज्यको
सुसमाचार अरू शहरहरूमा पनि सुनाउनुपर्छ,
किनकि म यसैको निम्ति पठाइएको हुँ ।”
४४अनि उहाँले यहूदियाका सभाघरहरूमा प्रचार
गरिरहनुभयो ।

### प्रथम चेलाहरू

*मत्ती ४:१८-२२; मर्कूस १:१६-२०*
*यूहन्ना १:४०-४२*

५ एक दिन येशू गनेसरेत तालको छेउमा
उभिरहनुभएको थियो, र मानिसहरू
उहाँको वरिपरि भीड़ गरी परमेश्वरको वचन
सुनिरहेका थिए, २त्यसबेला उहाँले तालको
किनारमा जलारीहरूले छोड़िराखेका दुईओटा
डुङ्गाहरू देख्नुभयो, जलारीहरूचाहिँ जाल
धुँदैथिए । ३उहाँ ती दुईमध्ये सिमोनको
डुङ्गामा चढ़नुभयो, र किनारबाट अलिक पर
लैजान भन्नुभयो । अनि उहाँले डुङ्गामा बसेर
मानिसहरूलाई शिक्षा दिनुभयो ।

४बोलिसक्नुभएपछि उहाँले सिमोनलाई
भन्नुभयो, “गहिरोतिर गएर माछा पक्रन जाल
हान ।”

५सिमोनले भने, “गुरुज्यू, हामीले रातभरि
कड़ा परिश्रम गर्‍यौं र पनि केही पक्रेनौं । तर
तपाईंले भन्नुहुन्छ भने म जाल हान्नेछु ।”

६जब तिनीहरूले जाल हाने, तब
तिनीहरूले यति धेरै माछा पक्रे कि जाल नै
फाट्नथाल्यो । ७त्यसकारण तिनीहरूले आएर
सहायता गर्नलाई अर्को डुङ्गामा भएका आफ्ना
साझेदारहरूलाई इशारा गरेर बोलाए। तिनीहरू

---

**४:३२**–मत्ती ७:२८-२९. **५:१-३**–मत्ती १३:१-३; मर्कूस ३:९-१०; ४:१. **५:५**–यूहन्ना २१:३.
**५:६**–यूहन्ना २१:६.

आए र दुवै डुङ्गालाई माछाले भरे, जसले गर्दा
डुङ्गा नै डुब्लाजस्तो भयो ।
**८**यो देखेपछि, सिमोन पत्रुसले येशूको पाउमा
परे र भने, "हे प्रभु, मबाट गईहाल्नुहोस्; किनकि
म त पापी मानिस हुँ !" **९**किनकि तिनी र
तिनका साथीहरू आफूले पक्रेका त्यति धेरै
माछा देखेर छक्कै परे, **१०**त्यसरी नै जब्दीका
छोराहरू याकूब र यूहन्ना पनि, जो सिमोनका
साझेदारहरू थिए ।
त्यसपछि येशूले सिमोनलाई भन्नुभयो,
"नडराऊ; अब उप्रान्त तिमीले मानिसहरूलाई
पक्रनेछौ ।" **११**अनि डुङ्गालाई तानेर किनारमा
ल्याएपछि, तिनीहरूले सबै कुरा छाड़े र उहाँलाई
पछ्याए ।

### कुष्ठरोग लागेको मानिस

*मत्ती ८:१-४; मर्कूस १:४०-४५*

**१२**येशू कुनै एउटा शहरमा हुनुभएको बेला,
एक जना मानिस आयो, जसलाई कुष्ठरोगले
ढाकेको थियो । येशूलाई देखेपछि, उहाँका
पाउमा परी त्यसले बिन्ती गर्‍यो, "हे प्रभु,
तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न
सक्नुहुन्छ ।"
**१३**येशूले हात बढ़ाएर त्यस मानिसलाई
छुनुभयो र भन्नुभयो, "म इच्छा गर्छु, तिमी
निको होइजाऊ ।" अनि तुरुन्तै कुष्ठरोगले
त्यसलाई छोड्यो ।
**१४**त्यसपछि येशूले त्यस मानिसलाई आदेश
दिनुभयो, "यो कुरो कसैलाई नभन, तर जाऊ,
आफैलाई पूजाहारीकहाँ देखाऊ अनि मोशाले
आज्ञा दिएबमोजिम तिमी निको भएको साक्षी
दिनलाई बलि चढ़ाऊ ।"
**१५**तर उहाँको विषयमा झन् धेरै चर्चा
फैलियो, जसले गर्दा मानिसहरूका ठूलाठूला
भीड़ उहाँको शिक्षा सुन्न र आ-आफ्ना
रोगहरूबाट निको हुन उहाँकहाँ आउँथे । **१६**तर
येशू प्राय: तिनीहरूबाट अलग भई एकान्त
स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो ।

### पक्षाघात निको पारिएको

*मत्ती ९:१-८; मर्कूस २:१-१२*

**१७**एक दिन येशूले शिक्षा दिँदैगर्नुहुँदा
गालीलका हरेक गाउँ, यहूदिया र यरूशलेमबाट
आएका फरिसीहरू र शास्त्रीहरू त्यहीं
बसिरहेका थिए । अनि बिरामीहरूलाई निको
पार्ने परमप्रभुको शक्ति उहाँको निम्ति उपस्थित
थियो । **१८**केही मानिसहरूले पक्षाघात भएको
एक जनालाई ओछ्यानमा बोकेर ल्याए र त्यस
मानिसलाई येशूको अगि पुर्‍याई राखिदिन
घरभित्र लैजाने प्रयास गरे । **१९**तर भीड़को
कारणले गर्दा केही उपाय नलागेपछि, तिनीहरू
छानामा गए र छानालाई उप्काई त्यसको
ओछ्यानसमेत नै त्यहीँबाट ठीक येशूको
अगाडि ओह्रालिदिए ।
**२०**तिनीहरूको विश्वास देखेर येशूले त्यस
पक्षघातीलाई भन्नुभयो, "मित्र, तिम्रो पाप क्षमा
भयो ।"
**२१**फरिसी र शास्त्रीहरूले आफैमा विचार
गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो मानिस को
हो ? परमेश्वरबाहेक अरू कसले पाप क्षमा
गर्न सक्छ ?"
**२२**तिनीहरूले के सोच्दैछन् भन्ने थाहा
पाएर येशूले सोध्नुभयो, "आफ्ना मनमा
तिमीहरूले किन यी कुराहरू विचार गर्दैछौ ?
**२३**के भन्नु सजिलो छ: 'तिम्रो पाप क्षमा भयो'
भन्नु वा 'उठ र हिँड़' भन्नु ? **२४**तर म,
मानव-पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार
छ भनी तिमीहरू जान....।" यही कुरा दर्शाउन
येशूले त्यस पक्षाघातीलाई भन्नुभयो, "म
तिमीलाई भन्दछु, उठ र आफ्नो ओछ्यान बोकेर
घर जाऊ ।" **२५**तुरुन्तै त्यो तिनीहरूका बीचमा
खड़ा भयो, र आफू जुन ओछ्यानमा थियो
त्यो बोकेर परमेश्वरको प्रशंसा गर्दै घर
फर्क्यो । **२६**सबै जनाले अचम्म माने र
परमेश्वरको प्रशंसा गरे । तिनीहरू भयभीत
भए र भने, "आज हामीले आश्चर्यको कुरा
देख्यौं ।"

---

**५:१४**–लेवी १४:१-३२.

## लेवीलाई बोलावट
*मत्ती ९:९-१३; मर्कूस २:१३-१७*

**२७**त्यसपछि, येशू बाहिर जानुभयो र उहाँले लेवी नाउँ भएका एक जना कर उठाउनेलाई तिनको अड्डामा बसिरहेका देख्नुभयो। येशूले तिनलाई भन्नुभयो, "मेरो पछि लाग ।" **२८**अनि लेवी सबै कुरा छोड़ेर उठे र उहाँको पछि लगे ।

**२९**त्यसपछि लेवीले आफ्नो घरमा येशूको निम्ति एउटा ठूलो भोजको आयोजना गरे, अनि कर उठाउनेहरू र अरू मानिसहरू ठूलो सङ्ख्यामा भोजमा बसिरहेका थिए । **३०**तर तिनीहरूका सम्प्रदायका फरिसीहरू र शास्त्रीहरूले उहाँका चेलाहरूसँग गनगन गरे, "तिमीहरू किन कर उठाउनेहरू र पापीहरूसित खानपान गर्दछौ ?"

**३१**येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "निरोगीलाई त डाक्टरको आवश्यकता पर्दैन, तर रोगीहरूलाई मात्र पर्छ। **३२**म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ ।"

## उपवाससम्बन्धी सोधपूछ
*मत्ती ९:१४-१७; मर्कूस २:१८-२२*

**३३**तिनीहरूले उहाँलाई भने, "यूहन्नाका चेलाहरू प्रायः उपवास बस्तछन् र प्रार्थना गर्दछन्; अनि फरिसीहरूका चेलाहरूले पनि त्यसै गर्छन्, तर तपाईंका चेलाहरू भने सधैं खानपान नै गरिरहन्छन् ।"

**३४**येशूले जवाफ दिनुभयो, "के दुलहा साथमा रहुन्जेल जन्तीहरूलाई तिमीहरूले उपवास बस्न लगाउन सक्छौ ? **३५**तर समय आउँछ र दुलहा तिनीहरूबाट अलग गरिनेछन्; तब ती दिनमा तिनीहरू उपवास बस्नेछन् ।"

**३६**उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: "कुनै मानिसले नयाँ लुगा च्यातेर टालो निकाली पुरानो लुगामा टाल्दैन । नत्रता, त्यसले नयाँ लुगा पनि फटाउँछ, अनि नयाँ टालो पुरानोसँग मिल्दैन पनि । **३७**त्यसै गरी कुनै मानिसले नयाँ दाखमद्य पुरानो छालाको मशकमा खन्याउँदैन । नत्रता, नयाँ दाखमद्यले छाला फाट्छ, दाखमद्य पोखिन्छ र मशक पनि नष्ट हुन्छ । **३८**त्यसो गरिँदैन, नयाँ दाखमद्य नयाँ छालाको मशकमा राख्नुपर्दछ । **३९**अनि पुरानो दाखमद्य पिएपछि कसैले पनि नयाँको चाहना गर्दैन, किनकि त्यसले भन्छ, 'पुरानै असल छ ।'"

## विश्राम-दिनको प्रभु
*मत्ती १२:१-१४; मर्कूस २:२३-३:६*

**६** एक विश्राम-दिन येशू अन्नको खेतबाट भएर जाँदैहुनुहुन्थ्यो, र उहाँका चेलाहरूले अन्नका बाला टिपी हातमा माड्दै खान लागे । **२**तर केही फरिसीहरूले भने, "विश्राम-दिनमा जे गर्न अनुचित छ त्यो तिमीहरू किन गर्दछौ ?"

**३**येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरूले कहिल्यै पढेका छैनौ, दाऊदले आफू र आफ्ना मानिसहरू भोकाएका बेला के गरे ? **४**तिनी परमेश्वरको भवनभित्र पसे र परमेश्वरलाई अर्पण गरिएको रोटी खाए, जो केवल पूजाहारीहरूले मात्र खान उचित थियो । तिनले त्यसबाट केही भाग आफ्ना मानिसहरूलाई समेत दिए, जुन व्यवस्था विरूद्ध थियो ।" **५**त्यसपछि येशूले तिनीहरूलाई भन्नुभयो, 'म, मानव-पुत्र विश्राम-दिनको पनि प्रभु हुँ ।"

**६**अर्को विश्राम-दिनमा उहाँ सभाघरमा जानुभयो र त्यहाँ शिक्षा दिँदै हुनुहुन्थ्यो, अनि त्यहाँ एक जना दाहिने हात सुकेको मानिस पनि थियो । **७**फरिसीहरू र शास्त्रीहरूले येशूलाई दोष लगाउन केही निहुँ खोजिरहेका थिए, त्यसकारण कतै उहाँले विश्राम-दिनमा पनि निको पार्ने काम गर्नुहुन्छ कि भनी चेवा गरिरहेका थिए । **८**तर तिनीहरूले के विचार गर्दैछन् भनी येशूले थाहा पाउनुभयो र हात सुकेको त्यो

**५:३०**–लूका १५:१-२. **६:१**–व्यवस्था २३:२५. **६:३-४**–१ शमूएल २१:१-६. **६:४**–लेवी २४:९.

मानिसलाई भन्नुभयो, “उठ र सबैको अगि
खड़ा होऊ ।” अनि त्यो उठ्यो र खड़ा भयो ?
**९**त्यसपछि येशूले तिनीहरूलाई भन्नुभयो,
“म तिमीहरूलाई सोध्छु, विश्राम-दिनमा के
गर्नु उचित हुन्छः भलाइ गर्नु कि खराबी गर्नु,
जीवन बचाउनु कि नष्ट पार्नु ?”
**१०**उहाँले चारैतिर ती सबैलाई हेर्नुभयो,
र त्यस मानिसलाई भन्नुभयो, “तिम्रो हात
तन्काऊ ।” त्यसले त्यसै गर्‍यो, र त्यसको हात
पूरा ठीक भइहाल्यो । **११**तर तिनीहरू रीसले
चूर भए र येशूलाई के गर्न सकिन्छ भनी
आपसमा छलफल गर्न लागे ।

### बाह्र प्रेरितहरू

*मत्ती १०:१-४; मर्कूस ३:१३-१९*

**१२**ती दिनहरूमध्ये एक दिन उहाँ प्रार्थना
गर्न पहाड़तिर जानुभयो, र परमेश्‍वरमा
प्रार्थना चढाउँदै पूरै रात त्यहीं बिताउनुभयो ।
**१३**बिहान भएपछि, उहाँले आफ्ना चेलाहरूलाई
आफूसँग बोलाउनुभयो र तिनीहरूबाट उहाँले
बाह्र जनालाई छान्नुभयो र तिनीहरूलाई
प्रेरित नाउँ दिनुभयो, तिनीहरू यिनै हुन्:
**१४**सिमोन (जसलाई उहाँले पत्रुस भन्ने नाउँ
दिनुभयो), तिनका भाइ अन्द्रियास, याकूब,
यूहन्ना, फिलिप, बारथोलोमाइ, **१५**मत्ती, थोमा,
अल्फयसका छोरा याकूब, सिमोन कनानी,
जो उग्रपन्थी भनिन्थे, **१६**याकूबका छोरा यहूदा
र यहूदा इस्करियोत, जो विश्‍वासघाती बने ।

### आशिष् र श्राप

*मत्ती ५:१-१२*

**१७**अनि येशू तिनीहरूसँगै तल ओर्लनुभयो
र समतल ठाउँमा खड़ा हुनुभयो । उहाँका
चेलाहरूको एउटा ठूलो भीड़का साथै समस्त
यहूदिया, यरूशलेम, सीदोन र टायरका समुद्र
तटवर्ती इलाकाबाट आएका धेरै मानिसहरू
त्यहाँ थिए, **१८**जो उहाँका शिक्षा सुन्न र आ-
आफ्ना रोगहरूबाट निको हुन त्यहाँ आएका
थिए । दुष्टात्माले सताइएकाहरू निको भए ।
**१९**अनि सबै मानिसहरूले उहाँलाई छुन प्रयास
गर्न लागे, किनकि उहाँबाट शक्ति बगेर आई
तिनीहरू सबैलाई निको पार्दैथियो ।
**२०**आफ्ना चेलाहरूलाई हेरेर उहाँले
भन्नुभयो:

“धन्य तिमी, दीन हुनेहरू,
किनकि स्वर्गको राज्य तिमीहरूकै हो ।
**२१** धन्य तिमी, अहिले भोकाउनेहरू,
किनकि तिमीहरू तृप्त हुनेछौ ।
धन्य तिमी, अहिले रुनेहरू,
किनकि तिमीहरू हाँस्नेछौ ।
**२२** धन्य तिमीहरू, जब मानिसहरूले
तिमीहरूलाई म, मानव-पुत्रको कारण
घृणा गर्नेछन्,
बहिष्कार र गिल्ला गर्नेछन्,
र दुष्ट ठानी तिमीहरूका नाउँलाई
तिरस्कार गर्नेछन् ।

**२३**“तब त्यस दिनमा रमाओ र आनन्दले
उफ्र, किनकि स्वर्गमा तिमीहरूको इनाम
ठूलो हुनेछ । किनकि तिनीहरूका पुर्खाहरूले
अगमवक्ताहरूलाई यस्तै नै व्यवहार गरेका
थिए ।

**२४** “तर धिक्कार, तिमी धनीहरू,
किनकि तिमीहरूले आफ्नो सुविधा
पाइसकेका छौ ।
**२५** धिक्कार, तिमी अहिले राम्रोसँग
खुवाइएकाहरू,
किनकि तिमीहरू भोकमा पर्नेछौ ।
धिक्कार, तिमी अहिले हाँस्नेहरू,
किनकि तिमीहरू शोक गर्नेछौ र
रुनेछौ ।
**२६** धिक्कार, तिमीहरूलाई, जब सबै
मानिसहरूले तिमीहरूको सराहना गर्नेछन्,
किनकि तिनीहरूका पुर्खाहरूले
झूटा अगमवक्ताहरूलाई
यस्तै नै व्यवहार गरेका थिए ।

---

**६:२२**–१ पत्रुस ४:१४. **६:२३**–२ इतिहास ३६:१६; प्रेरित ७:५२.

## शत्रुहरूप्रति प्रेम
*मत्ती ५:३८-४८*

**२७**“तर मेरा कुरा सुन्नेहरूलाई म भन्छु: आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीलाई घृणा गर्नेहरूलाई भलाइ गर। **२८**तिमीलाई सराप्नेहरूलाई आशीर्वाद देओ, र नराम्रो व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गरिदेओ। **२९**यदि कसैले तिमीलाई एउटा गालामा हिर्कायो भने, अर्को गाला पनि थापिदेओ। यदि कसैले तिम्रो खास्टो खोस्छ भने, तिम्रो दौरा पनि लैजानदेओ। **३०**तिमीसँग माग्ने सबैलाई देओ, र तिम्रो कुनै चीज कसैले लैजान्छ भने, ऊसँग फेरि नमाग। **३१**अरूले तिमीलाई जस्तो व्यवहार गरून् भन्ने तिमी चाहन्छौ, तिनीहरूलाई पनि तिमीले त्यस्तै गर।

**३२**“यदि तिमीसँग प्रेम गर्नेलाई मात्रै प्रेम गर्दछौ भने, तिमीलाई के लाभ भयो र? पापीहरूले पनि त तिनीहरूलाई प्रेम गर्नेलाई प्रेम गर्छन्। **३३**अनि यदि तिमीलाई भलो गर्नेहरूलाई मात्र भलाइ गर्दछौ भने, तिमीलाई के लाभ भयो र? त्यो त पापीहरूले पनि त गर्छन्। **३४**यदि फिर्ता गर्न सक्ने मानिसहरूलाई मात्र ऋण दिन्छौ भने, तिमीलाई के लाभ भयो र? पूरा फिर्ता पाउने आशाले त पापीहरूले पनि त पापीहरूलाई ऋण दिन्छन्। **३५**तर आफ्ना शत्रुहरूलाई प्रेम गर, तिनीहरूलाई भलाइ गर, र केही पनि फिर्ता नलिने आशा गरी तिनीहरूलाई ऋण देओ। तब तिमीहरूको इनाम ठूलो हुनेछ, र तिमीहरू सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि परमेश्वर बैगुनी र दुष्टहरूप्रति पनि दयालु हुनुहुन्छ। **३६**तिमीहरू पनि कृपालु होओ, जस्तो तिमीहरूका पिता कृपालु हुनुहुन्छ।

## अरूको दोष
*मत्ती ७:१-५*

**३७**“अरूको न्याय नगर, र तिमीहरूको पनि न्याय गरिनेछैन। अरूलाई दोषी नठहराओ, र तिमी पनि दोषी ठहराइने छैनौ। क्षमा देओ, तब तिमीलाई पनि क्षमा दिइनेछ। **३८**देऊ, त तिमीलाई पनि दिइनेछ। प्रशस्त मात्रामा, खाँदीखाँदी, बेसरी हल्लाएर, भरेर पोखिने गरी तिम्रा पोल्टामा खन्याइनेछ। किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूलाई पनि दिइनेछ।”

**३९**उहाँले तिनीहरूलाई यो दृष्टान्त पनि भन्नुभयो: “के कुनै अन्धाले अर्को अन्धालाई डोऱ्याउन सक्छ? के तिनीहरू दुवै नै खाडलमा पर्दैनन् र? **४०**चेला गुरुभन्दा श्रेष्ठ हुँदैन, तर पूरा शिक्षा पाएपछि ऊ गुरुजस्तै हुनेछ।

**४१**“तिमीले किन आफ्नो भाइको आँखामा भएको छेस्को देख्छौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाका विषयमा भने विचार नै गर्दैनौ? **४२**तिमीले आफ्नो भाइलाई कसरी ‘ए भाइ, तिम्रो आँखामा भएको छेस्को म निकालिदिन्छु’ भन्न सक्छौ, जब तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ देख्दैनौ? ए कपटी, पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, अनि पो आफ्नो भाइको आँखाबाट छेस्को निकालिदिनलाई तिमीले छर्लङ्ग देख्न सक्छौ।

## रूख र त्यसको फल
*मत्ती ७:१७-२०; १२:३४-३५*

**४३**“कुनै असल रूखले खराब फल फलाउँदैन, नता खराब रूखले असल फल फलाउँछ। **४४**हरेक रूख त्यसको आफ्नै फलबाट चिनिन्छ। मानिसहरूले काँढ़ाका झाड़ीबाट नेभारा टिप्दैनन्, नता ऐँसेलुको झाँगबाट अङ्गूर बटुल्छन्। **४५**असल मानिसले आफ्नो हृदयमा सञ्चय गरेको असल भण्डारबाट असल थोक नै निकाल्दछ, र दुष्ट मानिसले आफ्नो हृदयमा थुपारेको दुष्ट भण्डारबाट दुष्ट थोक नै निकाल्दछ। किनकि जुन कुराले हृदय भरिएको हुन्छ, मानिसले आफ्नो मुखबाट त्यही नै बोल्दछ।

---

**६:३१**–मत्ती ७:१२. **३:३९**–मत्ती १५:१४. **६:४०**–मत्ती १०:२४-२५; यूहन्ना १३:१६; १५:२०.
**६:४४**–मत्ती १२:३३. **६:४५**–मत्ती १२:३४.

### बुद्धिमान् र मूर्ख

*मत्ती ७:२४-२७*

**४६**“मैले भनेका कुरा गर्दैनौ भने मलाई किन ‘प्रभु, प्रभु’ भन्दछौ ? **४७**जो मकहाँ आउँछ, मेरा वचन सुन्छ र तीअनुसार गर्छ त्यो कस्तो मानिस हो, म तिमीहरूलाई बताउँछु । **४८**त्यो एउटा घर बनाउने मानिसजस्तै हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो । जब बाढ़ी आयो र पानीको भल त्यसमा ठोकियो, त्यसले त्यो घरलाई हल्लाउन सकेन, किनकि त्यो राम्रोसँग बनाइएको थियो । **४९**तर मेरो वचन सुन्ने र तीअनुसार नगर्नेचाहिँ जग नै नहालिकन जमिनमाथि मात्र घर बनाउने मानिसजस्तै हो । त्यस घरमा भल ठोक्किने बित्तिकै, त्यो भत्क्यो र पूर्ण रूपले नाश भयो ।”

### कप्तानको विश्वास

*मत्ती ८:५-१३; यूहन्ना ४:४३-५४*

**७** मानिसहरूका सुनाइमा यी कुराहरू भनिसकेपछि, उहाँ कफर्नहुममा प्रवेश गर्नुभयो । **२**त्यहाँ एक जना कप्तानको तिनले अति प्यार गर्ने नोकर बिरामी भएर मर्ने लागेको अवस्थामा थियो । **३**ती कप्तानले जब येशूको बारेमा सुने, तब तिनले यहूदीहरूका कोही धर्मगुरुहरूलाई येशूसमक्ष उहाँ आएर तिनको नोकरलाई निको पारिदिनुहुन बिन्ती गर्न पठाए । **४**येशूकहाँ आएपछि तिनीहरूले उहाँलाई आग्रहपूर्वक बिन्ती गरे, “यी मानिस तपाईंले यो काम गरिदिन योग्यका छन्, **५**किनकि तिनले हाम्रो जातिलाई प्रेम गर्दछन् र तिनले हाम्रो सभाघर पनि बनाइदिएका हुन् ।” **६**अनि येशू तिनीहरूसँग जानुभयो ।

उहाँ घर नजीकै आइपुग्नुहुँदा कप्तानले आफ्ना मित्रहरूलाई उहाँकहाँ यसो भन्न पठाए: “प्रभु, दु:ख नउठाउनुहोस्, किनकि तपाईं मेरो घरभित्र आउनुहुने योग्यको म छैनँ । **७**त्यसकारण म आफैलाई पनि तपाईंकहाँ आउनसक्ने योग्यको ठानिनँ । तर वचन भनिदिनुहोस्, र मेरो नोकर निको हुनेछ । **८**किनकि म आफू पनि अख्तियारमुनि रहने मानिस हुँ, र मेरा अधीनमा पनि सिपाहीहरू छन् । म एउटालाई ‘जा,’ भन्छु र त्यो जान्छ; अनि अर्कोलाई ‘आइज,’ भन्छु र त्यो आउँछ । म मेरो नोकरलाई ‘यसो गर्,’ भन्छु र त्यसले त्यो गर्छ ।”

**९**यो सुनेपछि, येशू तिनीसँग आश्चर्य-चकित हुनुभयो, र आफूलाई पछ्याइरहेका भीड़तिर फर्केर उहाँले भन्नुभयो, “म तिमीहरूलाई भन्दछु, मैले यति ठूलो विश्वास इस्राएलमा पनि देखेको छैनँ ।” **१०**त्यसपछि पठाइएका ती मानिसहरू घरतिर फर्के र नोकरलाई निको भइसकेको भेट्टाए ।

### येशूद्वारा विधवाको छोरा जीवित

**११**त्यसपछि चाँडै येशू नाइन भनिने एउटा शहरमा जानुभयो, र उहाँका चेलाहरू र एउटा ठूलो भीड़ उहाँका साथमा गए । **१२**उहाँ शहरको ढोकानिर पुग्नुहुँदा, एउटा मरेको व्यक्ति लगिँदैथियो– ऊ आफ्नी विधवा आमाको एउटैमात्र छोरा थियो । अनि शहरको एउटा ठूलो भीड़ ती विधवाको साथमा थियो । **१३**प्रभुले तिनलाई देखेपछि उहाँ तिनीप्रति टिठ्याउनुभयो र भन्नुभयो, “नरोऊ ।”

**१४**त्यसपछि उहाँले गएर अरथी छुनुभयो, र त्यो बोक्नेहरू टक्क अड़िए । उहाँले भन्नुभयो, “ए जवान, म तिमीलाई भन्दछु, उठ !” **१५**त्यो मृत मानिस उठेर बस्यो र बोल्न लाग्यो, अनि येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो ।

**१६**तिनीहरू सबै भयभीत भए र परमेश्वरको प्रशंसा गरे, र भने, “हाम्रा बीचमा एक जना महान् अगमवक्ता प्रकट भएका छन् । परमेश्वर आफ्ना मानिसहरूलाई गोहार गर्न आउनुभएको छ ।” **१७**येशूको विषयमा यो खबर सारा यहूदिया र वरिपरिका सम्पूर्ण इलाकाभरि फैलियो ।

### येशू र बप्तिस्मा-दिने यूहन्ना
*मत्ती ११:१-१९*

**१८**यूहन्नाका चेलाहरूले तिनलाई यी सबै
कुराहरूका खबर दिए । तीमध्ये दुई जनालाई
बोलाएर, **१९**तिनले प्रभुकहाँ यसो भनी सोध्न
पठाए, "के जो आउनेवाला हुनुहुन्थ्यो, त्यो
तपाईंनै हुनुहुन्छ, कि हामीहरू अझ कसैको
प्रतीक्षा गरौं ?"

**२०**ती मानिसहरू येशूकहाँ आएर भने,
"बप्तिस्मा-दिने यूहन्नाले हामीलाई तपाईंकहाँ
यसो भनी सोध्न पठाएका छन्, 'के जो
आउनेवाला हुनुहुन्थ्यो, त्यो तपाईं नै
हुनुहुन्छ, कि हामीहरू अझै कसैको प्रतीक्षा
गरौं ?'"

**२१**ठीक त्यही समयमा येशूले रोगीहरू,
बिरामीहरू र दुष्टात्मा लागेकाहरूलाई निको
पार्नुभयो, र धेरै अन्धाहरूलाई दृष्टि दिनुभयो ।
**२२**त्यसपछि उहाँले ती मानिसहरूलाई जवाफ
दिनुभयो, "जाओ र जे तिमीहरूले देख्यौ र
सुन्यौ, त्यो यूहन्नालाई बताओ: अन्धाहरूले
दृष्टि पाउँछन्, लङ्गड़ाहरू हिँड्छन्, कुष्ठरोग
लागेकाहरू निको हुन्छन्, बहिराहरूले सुन्छन्,
मरेकाहरू जीवित पारिन्छन्, र गरीबहरूलाई
सुसमाचार सुनाइन्छन् । **२३**त्यो मानिस धन्य
हो, जसले ममा बाधाको कारण पाउँदैन ।"

**२४**यूहन्नाका मानिसहरू गएपछि, येशूले
भीड़लाई यूहन्नाका विषयमा बताउन लाग्नुभयो:
"तिमीहरू उजाड़-स्थानमा के हेर्न गयौ ? के
बतासले हल्लाइरहेको निगालोलाई ? **२५**होइन
भने, तिमीहरू के हेर्न गयौ त ? के राम्रो
पोशाक पहिरिएको व्यक्तिलाई ? होइन, महँगा
लुगा लगाउने र विलासमा रहनेहरू त
दरवारमा हुन्छन् । **२६**तर तिमीहरू के हेर्न
गयौ ? के अगमवक्तालाई ? हो, म तिमीहरूलाई
भन्दछु, अगमवक्ताभन्दा पनि महान् एक
जनालाई । **२७**यूहन्ना तिनै व्यक्ति हुन्, जसका
विषयमा यसो लेखिएको छ:

"'म मेरो दूतलाई तिम्रो अगिअगि
पठाउनेछु,
जसले तिम्रो अगि तिम्रो बाटो तयार
पार्नेछ ।'

**२८**'म तिमीहरूलाई भन्दछु, स्त्रीबाट
जन्मनेहरूमा कोही पनि यूहन्नाभन्दा महान्
छैन; तापनि परमेश्वरको राज्यमा जो सानोभन्दा
सानो छ, त्यो तिनीभन्दा महान् हुन्छ ।"

**२९**(सबै मानिसहरू, कर उठाउनेहरूसमेत
सबै जनाले येशूको यो वचन सुनेर परमेश्वरको
मार्ग ठीक छ भनी स्वीकार गरे, किनकि
तिनीहरू यूहन्नाद्वारा बप्तिस्मा भएका थिए ।
**३०**तर फरिसीहरू र व्यवस्थाका विद्वान्हरूले
तिनीहरूका लागि रहेको परमेश्वरको अभिप्रायलाई
अस्वीकार गरे, किनकि तिनीहरू यूहन्नाद्वारा
बप्तिस्मा भएका थिएनन् ।)

**३१**येशूले भन्नुभयो, "अब, यस पुस्ताका
मानिसहरूलाई म केसँग तुलना गरूँ ? तिनीहरू
केजस्ता छन् ? **३२**तिनीहरू त बजारमा
बसेर एका-अर्कालाई यसो भनी बताउने
बालकहरूजस्ता छन्:

"'हामीले तिमीहरूका लागि बाँसुरी बजायौं,
तर तिमीहरू नाचेनौ;
हामीले विलापको गीत गायौं,
तर तिमीहरू रोएनौ ।'

**३३**किनकि यूहन्ना न त रोटी खाँदै न दाखमद्य
पिउँदै आए, अनि तिमीहरूले 'तिनलाई भूत
लागेको छ' भन्दछौ । **३४**म, मानव-पुत्रचाहिँ
खाँदै र पिउँदै आएँ, अनि तिमीहरू भन्छौ,
'हेर, यो एउटा घिचुवा र पियक्कड़ आयो,
कर उठाउने र पापीहरूको मित्र !' **३५**तर
बुद्धि ठीक छ भन्ने प्रमाण त त्यसका सबै
सन्तानले नै दिन्छन् ।"

### पापी स्त्रीलाई क्षमा

**३६**एक जना फरिसीले येशूलाई आफूसँग
भोजनका निम्ति निम्तो दिए, र उहाँ ती
फरिसीको घरमा टेबुलमा बसी आराम गर्दै

**७:२२**–यशैया ३५:५-६; ६१:१. **७:२७**–मलाकी ३:१. **७:२९**–मत्ती २१:३२; लूका ३:१२.

हुनुहुन्थ्यो। **३७**जब त्यस शहरमा पापमय जीवन
बिताइरहेकी एउटी स्त्रीले येशू ती फरिसीको
घरमा भोजनमा बस्नुभएको छ भनी सुनी, तब
त्यसले सिङ्गमरमरको शीशीमा अत्तर लिएर
त्यहाँ आई, **३८**र उहाँको पछिल्तिरबाट उहाँका
पाउनिर उभिएर रुँदै, त्यसले उहाँका पाउ आफ्नो
आँसुले भिजाउन थाली। त्यसपछि त्यसले आफ्नै
कपालले उहाँका पाउ पुछी, र त्यसमा चुम्बन
गर्दै अत्तर घस्न लागी।

**३९**उहाँलाई निम्तो दिने फरिसीले यो देखेर
मनमनै भने, "यदि यिनी अगमवक्ता हुँदा हुन्
त, यिनलाई कसले छुँदैछ र यो कस्तो
चरित्रकी स्त्री हो भनी थाहा पाउने थिए, किनकि
यो त पापीनी स्त्री हो।"

**४०**येशूले तिनलाई जवाफ दिनुभयो, "सिमोन,
मैले तिमीलाई केही भन्नु छ।"

तिनले भने, "गुरुज्यू, भन्नुहोस्।"

**४१**"एउटा साहूबाट दुई जनाले ऋण लिएका
थिए। एक जनाले पाँच सय र अर्कोले पचास
दिनार तिर्नु थियो, **४२**तिनीहरू कसैसँग पनि
ऋण तिर्नलाई केही थिएन, त्यसैले तिनले ती
दुवै जनाका ऋण माफी गरिदिए। अब तीमध्ये
कसले तिनलाई बढ़ी प्रेम गर्ला?"

**४३**सिमोनले जवाफ दिए, "मेरो विचारमा
बढ़ी ऋण माफी पाउनेले।"

येशूले भन्नुभयो, "तिमीले ठीक विचार
गर्‍यौ।"

**४४**अनि त्यस स्त्रीतिर फर्केर उहाँले
सिमोनलाई भन्नुभयो, "यस स्त्रीलाई देख्तैछौ?
म तिम्रो घरमा आएँ। तिमीले मलाई पाउ धुने
पानी दिएनौ, तर यसले त आफ्नो आँसुले मेरा
पाउ भिजाएर आफ्ना केशले पुछी। **४५**तिमीले
मलाई चुम्बन गरेनौ, तर यसले त म घरमा
आएदेखि मेरा पाउमा चुम्बन गर्न छोड़ेकी
छैन। **४६**तिमीले मेरो शिरमा तेल घसिदिएनौ,
तर यसले त मेरा पाउमा अत्तर नै खन्याई।
**४७**त्यसकारण, म तिमीलाई भन्दछु, यसका
धेरै पापहरू क्षमा भएका छन्, किनकि यसले
बढ़ी प्रेम देखाई। तर जसलाई थोरैमात्र क्षमा
गरिन्छ, त्यसले थोरै नै प्रेम गर्दछ।"

**४८**त्यसपछि येशूले त्यस स्त्रीलाई भन्नुभयो,
"तिम्रा पाप क्षमा भयो।"

**४९**अब अरू पाहुनाहरूले आपसमा भन्न
लागे, "पापहरू पनि क्षमा दिने यिनी को हुन्?"

**५०**येशूले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रो
विश्वासले तिमीलाई बचाएको छ; शान्तिसित
जाऊ।"

### बीउ छर्नेको दृष्टान्त

*मत्ती १३:१-२३; मर्कूस ४:१-२०*

**८** त्यसपछि येशू परमेश्वरको राज्यको
सुसमाचार प्रचार गर्दै शहर-शहर र
गाउँ-गाउँ जानुभयो। बाह्रै जना चेलाहरू
उहाँसँगै थिए। **२**दुष्टात्मा र रोगहरूबाट निको
भएका कतिपय स्त्रीहरू पनि उहाँसँगै थिए:
मग्दलिनी भन्ने मरियम, जसबाट सातओटा
भूतहरू निस्केका थिए; **३**हेरोदका कामदार
कूजाकी पत्नी योअन्ना थिइन्। साथै सुसन्ना;
र अरू धेरै स्त्रीहरू थिए, जसले आफूसँग जे छ
त्यसबाट उहाँको सेवामा सहायता गर्थे।

**४**जब ठूलो भीड़ जम्मा भएको र धेरै
मानिसहरू शहरबाट येशूकहाँ आएका थिए,
तब उहाँले यो दृष्टान्त भन्नुभयो: **५**"एउटा
किसान बीउ छर्नलाई निस्क्यो। बीउ छर्दैगर्दा
केही बीउ बाटामा परे; ती कुल्चिए, र
आकाशका चराहरूले खाए। **६**केही बीउ ढुङ्गेनी
जमिनमा परे, र उम्रिने बित्तिकै बिरुवा ओइलाए,
किनकि तिनमा ओस थिएन। **७**केही बीउ
काँढ़ाका झाड़ीमा परे; काँढ़ा पनि त्यसैका
साथमा बढेर आयो र बिरुवालाई बढ़न
दिएन। **८**कतिपय बीउ असल जमिनमा परे।
ती बढ़ेर आए र छरिएकोभन्दा सय गुणा बढी
फल फलाए।"

यति भनिसकेपछि, उहाँले उच्च सोरमा
भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले
सुनोस्।"

---

**७:३७**–मत्ती २६:७; मर्कूस १४:३; यूहन्ना १२:३. **८:२-३**–मत्ती २७:५५-५६; मर्कूस १५:४०-४१; लूका २३:४९.

**९**उहाँका चेलाहरूले यो दृष्टान्तको अर्थ के
हो भनी उहाँलाई सोधे । **१०**उहाँले भन्नुभयो,
"परमेश्वरको राज्यको रहस्यको ज्ञान
तिमीहरूलाई प्रकट गरिएको छ, तर अरूहरूसँग
म दृष्टान्तद्वारा बोल्छु, यसरी धर्मशास्त्र पूरा
होस्:

"'तिनीहरूले हेरेर पनि नदेखून्,
र सुनेर पनि नबुझून् ।'

**११**"दृष्टान्तको अर्थ यही हो: बीउ
परमेश्वरको वचन हो । **१२**बाटातिर खसेको
बीउ तिनीहरू हुन् जसले वचन त सुन्छन्, तर
तिनीहरूले विश्वास नगरून् र नबाँचून भनी
शैतान आउँछ र तिनीहरूको हृदयबाट वचन
लैजान्छ । **१३**ढुङ्गेनी जमिनमा पर्ने बीउ तिनीहरू
हुन्, जसले सुन्दै गर्दा त वचन बड़ो खुशीसाथ
त्यो ग्रहण गर्छन्, तर तिनको कुनै जरा हुँदैन ।
तिनीहरू केही बेरको निम्ति त विश्वास
गर्छन्, तर परीक्षाको समयमा तिनीहरू पतित
हुन्छन् । **१४**काँढ़ाका बीचमा पर्ने बीउले
तिनीहरूलाई दर्शाउँछ जसले वचन सुन्छन्,
तर आफ्नो बाटोमा अगि बढ़दैजाँदा जीवनका
चिन्ता, धन र सुख-चैनका कारण निसासिन्छन्
र परिपक्व हुन पाउँदैनन् । **१५**तर असल
जमिनमा पर्ने बीउले तिनीहरूलाई दर्शाउँछ,
जसको हृदय निष्कपट र भलो छ; तिनीहरूले
वचन सुन्छन्, त्यसलाई हृदयमा जोगाइराख्छन्
र मेहनत गरी फल फलाउँछन् ।

### सामदानमा रहने बत्ती

*मर्कूस ४:२१-२५*

**१६**"कसैले बत्ती बालेर भाँडाले छोप्दैन
अथवा खाटमुनि राख्दैन । तर भित्र पस्नेहरूले
उज्यालो पाऊन् भनी उसले त्यो सामदानमाथि
राख्दछ । **१७**किनकि कुनै कुरा लुकेको छैन जो
प्रकट नहोस्, अनि कुनै कुरा पनि गुप्तमा छैन
जो थाहा नलागोस् अथवा खुल्ला नगरियोस् ।
**१८**त्यसकारण तिमीहरू कसरी सुन्छौ त्यसमा
होशियार रहो । जोसँग छ त्यसलाई अझै
दिइनेछ; र जोसँग छैन, त्यसले आफूसँग छ
भनी ठानेको पनि त्यसबाट खोसिनेछ ।"

### येशूका आमा र भाइहरू

*मत्ती १२:४६-५०; मर्कूस ३:३१-३५*

**१९**येशूका आमा र भाइहरू उहाँलाई
भेट्न आए, तर भीड़ले गर्दा तिनीहरू
उहाँको नजीक पुग्न सकेनन् । **२०**कसैले
उहाँलाई भन्यो, "तपाईंका आमा र भाइहरू
बाहिर उभिरहेका छन् र तपाईंलाई भेट्न
चाहन्छन् ।"
**२१**उहाँले जवाफ दिनुभयो, "मेरा आमा र
भाइहरू तिनै हुन् जसले परमेश्वरको वचन
सुन्छन् र त्यसको पालन गर्दछन् ।"

### येशूले आँधी शान्त पार्नुभएको

*मत्ती ८:२३-२७; मर्कूस ४:३५-४१*

**२२**एक दिन येशूले आफ्ना चेलाहरूलाई
भन्नुभयो, "हामी तालको पारिपट्टि जाऔं ।"
अनि उहाँहरू डुङ्गामा चढ़ेर जानुभयो । **२३**डुङ्गामा
जाँदैगर्दा, येशू निदाउनुभयो । तालमा ठूलो आँधी
चल्न लाग्यो, र त्यसले गर्दा डुङ्गा पानीले
भरिन लाग्यो, र तिनीहरू ठूलो खतरामा
परे ।
**२४**चेलाहरू उहाँकहाँ गएर यसो भन्दै
उठाउन लागे, "गुरुज्यू, गुरुज्यू, हामी त डुब्नै
लाग्यौं !"
उहाँ उठ्नुभयो र बतास अनि उर्लदो
पानीलाई हकार्नुभयो । आँधी थामियो, र सबै
शान्त भयो । **२५**उहाँले चेलाहरूलाई भन्नुभयो,
"तिमीहरूको विश्वास खोइ ?"
डर र आश्चर्यमा परी तिनीहरूले एक
आपसमा भने, "यिनी को हुन् ? यिनले त
आँधी र पानीलाई समेत आज्ञा दिन्छन्, अनि
तिनीहरू यिनको आज्ञा मान्छन् ।"

---

**८:१०**–यशैया ६:९-१०. **८:१६**–मत्ती ५:१५; लूका ११:३३. **८:१७**–मत्ती १०:२६; १२:२.
**८:१८**–मत्ती २५:२९; लूका १९:२६.

## भूत लागेको मानिस निकोभएको

*मत्ती ८:२८-३४; मर्कूस ५:१-२०*

**२६**उहाँहरू डुङ्गामा गालीलको समुद्रको
पारिपट्टि पर्ने गिरासिनीको प्रदेशमा
आइपुग्नुभयो। **२७**येशू पाखामा उत्रनुहुँदा, भूतात्माले
ग्रसित त्यस शहरको एक जना मानिसले
उहाँलाई भेट्यो । धेरै लामो समयदेखि त्यस
मानिसले लुगा लगाउँदैनथियो र घरमा
बस्दैनथियो, तर चिहानहरूमा बस्नेगर्थ्यो ।
**२८**येशूलाई देखेपछि त्यो करायो अनि उहाँको
पाउमा पऱ्यो र चर्को सोरले भन्यो, "हे सर्वोच्च
परमेश्वरका पुत्र येशू, मसँग तपाईको के
काम ? म तपाईंलाई बिन्ती गर्छु, मलाई
नसताउनुहोस् !" **२९**किनकि येशूले दुष्टात्मालाई
त्यो मानिसबाट अघिबाटै निस्किआउन आज्ञा
गर्नुभएको थियो । त्यस आत्माले त्यसलाई
धेरैपल्ट पक्रन्थ्यो, अनि त्यसलाई हात र खुट्टामा
साङ्लाले बाँधेको र पहरा राखेको भए तापनि
साङ्लाहरू छिनालिहाल्थ्यो र भूतात्माले
त्यसलाई एकान्त ठाउँहरूमा लैजान्थ्यो ।

**३०**येशूले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ
के हो ?"

त्यसले जवाफ दियो, "फौज," किनकि
त्यसभित्र धेरै भूतात्माहरू पसेका थिए। **३१**अनि
तिनीहरूले उहाँसँग तिनीहरूलाई अतल-कुण्डमा
जान आज्ञा नदिनका निम्ति दोहोऱ्याई दोहोऱ्याई
बिन्ती गरे ।

**३२**त्यहाँ डाँडामा सुँगुरहरूको एउटा
ठूलो बगाल चरिरहेको थियो । भूतात्माहरूले
तिनीहरूलाई ती सुँगुरभित्र पस्न दिनुहोस्
भनी उहाँलाई बिन्ती गरे, र उहाँले अनुमति
दिनुभयो । **३३**अनि भूतहरू त्यो मानिसबाट
निस्केर ती सुँगुरहरूभित्र पसे, र त्यो बगाल
भिरालो पाखोबाट हुत्तिँदै गएर तालमा खसे
अनि डुबेर मरे ।

**३४**जब सुँगुर चराउनेहरूले त्यहाँ भएको
यो घटना देखे, तब तिनीहरू भागे अनि शहर
र गाउँतिर यसको खबर दिए । **३५**अनि
मानिसहरू जे घटेको थियो त्यो हेर्न गए ।
येशूकहाँ आउँदा तिनीहरूले जुन मानिसबाट
भूतहरू निस्केर गएका थिए, त्यसलाई लुगा
लाएर सद्दे दिमागको भई येशूका पाउमा
बसिरहेको भेट्टाए, र तिनीहरू डराए । **३६**यो
देख्ने मानिसहरूले भूतात्मा लागेको मानिस
कसरी निको पारियो भनी तिनीहरूलाई
बताइदिए । **३७**तब गिरासिनी इलाकाका सबै
मानिसहरूले येशूलाई तिनीहरूलाई छोड़ेर
गइहाल्न बिन्ती गरे, किनकि तिनीहरू डरले
भरिएका थिए । यसकारण उहाँ डुङ्गामा चढ़ेर
फर्कनुभयो ।

**३८**जुन मानिसबाट भूतहरू निस्केका
थिए, त्यसले उहाँकै साथमा जानपाऊँ भनी
बिन्ती गऱ्यो, तर येशूले त्यसलाई यसो
भन्दै पठाउनुभयो, **३९**"तिमी आफ्नो घर फर्क,
र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम
गरिदिनुभयो, सो बताऊ ।" अनि त्यो मानिस
गयो र येशूले त्यसका निम्ति कति ठूलो काम
गरिदिनुभयो भनी सारा शहरभरि प्रचार
गऱ्यो ।

## मरेकी केटी र बिरामी स्त्री

*मत्ती ९:१८-२६; मर्कूस ५:२१-४३*

**४०**येशू फर्केर आउनुहुँदा, एउटा ठूलो भीड़ले
उहाँलाई स्वागत गऱ्यो, किनकि तिनीहरू
सबैले उहाँको प्रतीक्षा गरिरहेका थिए। **४१**तब
याइरस नाउँ गरेका, सभाघरका एक जना
शासक आए र उहाँलाई तिनको घरमा
आइदिनुहोस् भनी बिन्ती चढ़ाउँदै उहाँका पाउमा
परे, **४२**किनकि लगभग बाह्र वर्ष पुगेकी तिनकी
एउटैमात्र छोरी मर्न लागेकी थिई ।

येशू जाँदै गर्नुहुँदा, भीड़हरूले उहाँलाई
घचेटिरहेका थिए। **४३**अनि बाह्र वर्षदेखि रगत
बग्ने व्यथाले सताइएकी एउटी स्त्री त्यहाँ
थिई, त्यसलाई कसैले निको पार्न सकेको
थिएन। **४४**त्यो स्त्री येशूको पछिल्तिर आई र
उहाँको वस्त्रको किनारा छोई, अनि तुरुन्तै
त्यसको रगत थामियो ।

**४५**"मलाई कसले छोयो ?" येशूले
सोध्नुभयो ।

सबैले होइन भनेपछि, पत्रुसले भने,

"गुरुज्यू, भीड़ले तपाईंलाई घेरेर घचेटिरहेका छन् ।"

**४६**तर येशूले भन्नुभयो, "मलाई कसैले छोएकै हो, मबाट शक्ति निस्केर गएको मैले थाहा पाएँ ।"

**४७**तब त्यस स्त्रीले आफू उम्केर जान नसक्ने देखेर काम्दै आई, र येशूको पाउमा परी । त्यसले उहाँलाई किन छोएकी थिई र त्यो कसरी तुरुन्तै निको भई भन्ने कुरा त्यसले सबै मानिसहरूका सामु बताइदिई । **४८**तब उहाँले त्यसलाई भन्नुभयो, "छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ । शान्तिसित जाऊ ।"

**४९**येशू बोलिरहनु भएकै बेला सभाघरका शासक याइरसको घरबाट एक जना मानिस आइपुग्यो र त्यसले भन्यो, "तपाईंकी छोरीको मृत्यु भयो । अब गुरुज्यूलाई कष्ट नदिनुहोस् ।"

**५०**यो सुनेर येशूले याइरसलाई भन्नुभयो, "नडराऊ, केवल विश्वास मात्र गर, र त्यो निको हुनेछे ।"

**५१**याइरसको घरमा आइपुगेपछि उहाँले पत्रुस, यूहन्ना र याकूब, अनि केटीका आमा र बाबुबाहेक अरू कसैलाई उहाँसँग भित्र आउन दिनुभएन । **५२**त्यसबेला सबै जना त्यस केटीका लागि रोइरहेका र बिलौना गरिरहेका थिए । तर उहाँले भन्नुभयो, "बिलौना नगर, ऊ मरेकी छैन, सुतेकी मात्र छ ।"

**५३**त्यो मरिसकेकी छ भनी जानेर तिनीहरूले उहाँको हाँसो गरे । **५४**तर उहाँले त्यसको हातमा समातेर भन्नुभयो, "मेरी छोरी उठ !" **५५**अनि त्यसको प्राण फर्क्यो, र त्यो तुरुन्तै उठी । त्यसपछि येशूले उसलाई केही खान दिनू भनी तिनीहरूलाई आज्ञा दिनुभयो । **५६**त्यसका आमाबाबु आश्चर्य-चकित भए, तर उहाँले तिनीहरूलाई जे भएको थियो त्यसबारे कसैलाई नबताउनू भन्ने आज्ञा दिनुभयो ।

## येशूले बाह्र चेलाहरूलाई पठाउनुभएको

*मत्ती १०:५-१५; मर्कूस ६:७-१३*

**९** एक दिन येशूले बाह्र जना चेलाहरूलाई एकसाथ बोलाउनुभयो र त्यसपछि तिनीहरूलाई उहाँले भूतहरू धपाउने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो, **२**अनि उहाँले तिनीहरूलाई परमेश्वरको राज्यको प्रचार गर्न र बिरामीहरूलाई निको पार्न पठाउनुभयो । **३**उहाँले तिनीहरूलाई भन्नुभयो: "यात्राका निम्ति केही पनि नलेओ– न लट्ठी, न झोला, न रोटी, न पैसा, नता अर्को लुगा । **४**जुन घरमा तिमीहरू पसौला, त्यस शहरलाई छोड़ेर नगएसम्म त्यहीं बस । **५**यदि मानिसहरूले तिमीहरूलाई स्वागत गरेनन् भने, तिनीहरूको शहर छोड़ेर जाँदा तिनीहरूका विरुद्धमा गवाहीको निम्ति तिमीहरूका खुट्टाको धूलो टक्टकाइदेओ ।" **६**तब तिनीहरू बिदा भए र सबैतिर सुसमाचार प्रचार गर्दै र रोगीहरूलाई निको पार्दै गाउँ-गाउँ गए ।

**७**अब शासक हेरोदले यी सबै घटनाबारे सुनेर तिनी अन्योलमा परे, किनकि कसैकसैले यूहन्ना मृतकबाट जीवित भई उठेका छन् भनी भन्दथे, **८**अरूले एलिया देखा परेका छन् भन्दथे, र अझै अरूले उहिलेका अगमवक्ताहरूमध्येका एक जना उठेर आएका हुन् भन्ने गर्थे । **९**तर हेरोदले भने, "मैले नै यूहन्नाको शिर काट्न लगाएँ । त्यसकारण यिनी को हुन्, जसका बारेमा म यस्ता सबै कुराहरू सुन्दैछु ?" अनि तिनले उहाँलाई भेट्ने प्रयास गरे ।

## येशूले पाँच हजारलाई खुवाउनुभएको

*मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४*
*यूहन्ना ६:१-१४*

**१०**प्रेरितहरू फर्केर आए र आफूले गरेका कामका विषयमा येशूलाई बताए । त्यसपछि उहाँले तिनीहरूलाई आफ्नो साथमा लैजानुभयो र उहाँहरू आफै मात्र सुटुक्कै बेथसेदा भन्ने एउटा शहरमा जानुभयो । **११**तर भीड़लाई यो

---

**९:३-५**–लूका १०:४-११; प्रेरित १३:५१. **९:७-८**–मत्ती १६:१४; मर्कूस ८ :२८; लूका ९:१९.

कुरा थाहा लाग्यो र तिनीहरूले उहाँलाई
पछ्याए। उहाँले तिनीहरूलाई स्वागत गर्नुभयो
र परमेश्‍वरको राज्यको विषयमा बताउनुभयो,
अनि निको हुन आवश्‍यक भएका जतिलाई
निको पार्नुभयो ।

**१२**दिन ढल्कन थालेपछि बाह्रै जना उहाँकहाँ
आएर भने, "भीड़लाई बिदा गर्नुहोस् र तिनीहरू
गएर छेउछाउका गाउँहरूमा खानपान र वास
खोजून्, किनकि हामी यहाँ निर्जन स्थानमा
छौं ।"

**१३**उहाँले भन्‍नुभयो, "तिमीहरूले नै
तिनीहरूलाई केही खान देओ ।"

तिनीहरूले जवाफ दिए, "गएर भीड़का
निम्ति खानेकुरा नकिनेसम्म त अहिले हामीसँग
केवल पाचँओटा रोटी र दुईओटा माछा मात्र
छन् ।" **१४**(त्यहाँ पुरुषहरू मात्र लगभग पाँच
हजार जना जति थिए ।)

तर उहाँले आफ्ना चेलाहरूलाई भन्‍नुभयो,
"तिनीहरूलाई पचास-पचासको समूहमा
बसाओ ।" **१५**अनि चेलाहरूले त्यसै गरे, र सबै
जना बसे । **१६**त्यसपछि पाँच रोटी र दुई माछा
लिई स्वर्गतिर हेरेर उहाँले धन्यवाद दिनुभयो
र भाँचेर मानिसहरूलाई बाँड़िदिन चेलाहरूलाई
दिनुभयो । **१७**तिनीहरू सबैले खाए र तृप्त
भए, अनि चेलाहरूले उब्रेका टुक्राहरू बाह्र
डालाहरूभरि उठाए ।

## ख्रीष्टबारे पत्रुसको स्वीकार

*मत्ती १६:१३-१९; मर्कूस ८:२७-२९*

**१८**एकपल्ट येशू एक्लै प्रार्थना गर्दैहुनुहुन्थ्यो
अनि उहाँका चेलाहरू उहाँसँगै थिए, तब उहाँले
तिनीहरूलाई सोध्नुभयो, "मानिसहरूले मलाई
म को हुँ भन्छन् ?"

**१९**तिनीहरूले जवाफ दिए, "कतिले
बप्तिस्मा-दिने यूहन्ना; अरूले एलिया; अझै
अरूले, पहिलेका अगमवक्ताहरूमध्येबाट एक
जना फेरि उठेर आएका छन् भनी भन्छन् ।"

**२०**उहाँले सोध्नुभयो, "तिमीहरूले नि ?
तिमीहरू मलाई म को हुँ भन्छौ ?"

पत्रुसले जवाफ दिए, "परमेश्‍वरका
ख्रीष्ट !"

**२१**येशूले तिनीहरूलाई यो कुरा कसैलाई
पनि नभन्‍नू भनी कड़ा चेतावनी दिनुभयो ।
**२२**अनि उहाँले भन्‍नुभयो, "म, मानव-पुत्रले
धेरै कुराको दु:ख उठाउनुपर्छ र धर्मगुरुहरू,
मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट म बहिष्कृत
हुनेछु, र म मारिनु नै पर्छ र तेस्रो दिनमा म
मरेकाहरूबाट जीवित भई उठ्नेछु ।"

**२३**त्यसपछि उहाँले तिनीहरू सबैलाई
भन्‍नुभयो: "यदि कोही मेरोपछि आउने इच्छा
गर्छ भने, उसले आफैलाई इन्कार गरोस् र
दिनहुँ आफ्नो क्रूस उठाओस् र मेरोपछि
लागोस् । **२४**किनकि जसले आफ्नो जीवन
जोगाउने इच्छा गर्छ त्यसले त्यो गुमाउनेछ,
तर जसले मेरा खातिर आफ्नो जीवन गुमाउला
त्यसले त्यो बचाउनेछ । **२५**यदि कुनै मानिसले
सारा संसार नै हात पारेर आफैलाई नाश
पार्छ वा गुमाउँछ भने त्यसलाई के फाइदा
हुन्छ र ? **२६**यदि कोही म र मेरा वचनदेखि
शर्माउँछ भने, म, मानव-पुत्र पनि मेरो आफ्नो
महिमामा अनि पिताको र पवित्र स्वर्गदूतहरूको
महिमामा आउँदा त्यससँग शर्माउनेछु । **२७**म
तिमीहरूलाई सत्य कुरा भन्दछु, यहाँ उपस्थित
भएकाहरूमध्ये कसैकसैले परमेश्‍वरको राज्य
नदेखिकन मृत्यु चाख्नेछैनन् ।"

## येशूको रूप परिवर्तन

*मत्ती १७:१-८; मर्कूस ९:२-८*

**२८**येशूले यो कुरा भन्‍नुभएको करीब
आठ दिनपछि पत्रुस, याकूब र यूहन्‍नालाई
आफ्नो साथमा लिएर प्रार्थना गर्नलाई उहाँ
एउटा डाँड़ामा चढ़नुभयो । **२९**उहाँले प्रार्थना
गरिरहनुहुँदा, उहाँको अनुहारको रूप बदलियो,
र उहाँको वस्त्र बिजुली चम्केको जस्तो उज्ज्वल

---

**९:१९**–मत्ती १४:१-२; मर्कूस ६:१४-१५; लूका ९:७-८. **९:२०**–यूहन्ना ६:६८-६९. **९:२३**–मत्ती १०:३८;
लूका १४:२७. **९:२४**–मत्ती १०:३९; लूका १७:३३; यूहन्ना १२:२५. **९:२८–३५**–२ पत्रुस १:१७-१८.

भयो । **३०**दुई व्यक्ति, मोशा र एलिया,
**३१**येशूसँग बातचीत गर्दै महिमित अवस्थामा
देखा परे । तिनीहरूले उहाँको बिदाइको
बारेमा बोलिरहेका थिए, जुन कुरा उहाँले अब
यरूशलेममा पूरा गर्न लाग्नुभएको थियो ।
**३२**पत्रुस र तिनका साथीहरू निद्राले लट्ठ भएका
थिए, तर जब तिनीहरू पूर्णरूपले ब्यूँझिए,
तब तिनीहरूले उहाँको महिमा र उहाँसँग खड़ा
भइरहेका दुई जनालाई देखे । **३३**ती मानिसहरू
येशूबाट बिदा भएर जानलाग्दा पत्रुसले उहाँलाई
भने, "गुरुज्यू, हामीलाई यहीं नै बस्न असल
रहेछ । हामी तीनओटा वासस्थान बनाऔं–
एउटा तपाईंलाई, एउटा मोशालाई, र एउटा
एलियालाई ।" (आफूले बोलेका कुराको तिनलाई
ख्यालै थिएन ।)

**३४**तिनी बोलिरहेकै बेलामा, एउटा बादल
आयो र उहाँहरूलाई ढाक्यो, र बादलभित्र
प्रवेश गर्दा तिनीहरू डराए । **३५**बादलबाट यसो
भन्ने आवाज आयो, "यिनी मेरा पुत्र हुन्, जसलाई
मैले छानेको हुँ; यिनका वचन सुन ।" **३६**यो
स्वरले बोलेपछि, त्यहाँ येशू एक्लै हुनुभएको
तिनीहरूले देखे । चेलाहरूले यो घटनाका कुरा
आफैमा मात्र राखे र आफूले देखेका कुरा त्यस
समयमा तिनीहरूले अरू कसैलाई भनेनन् ।

### दुष्टात्मा लागेको केटो निको भएको

*मत्ती १७:१४-१८; मर्कूस ९:१४-२७*

**३७**भोलिपल्ट, उहाँहरू पहाड़बाट झर्नुहुँदा,
एउटा ठूलो भीड़ उहाँलाई भेट्न आयो ।
**३८**भीड़बाट एक जना मानिसले कराएर भन्यो,
"गुरुज्यू, मेरो छोरामाथि कृपादृष्टि गरिदिनुहोस्
भनी म बिन्ती गर्दछु, किनकि ऊ मेरो एउटै
मात्र सन्तान हो । **३९**एउटा आत्माले उसलाई
पक्रन्छ र ऊ अचानक चिच्च्याउँछ; त्यस
आत्माले उसलाई ऐँठन पार्छ र उसले मुखबाट
फिँज काढ्छ । त्यसले उसलाई कहिलेकहीँमात्र
छोड्छ र उसलाई सर्वनाश गर्दैछ । **४०**त्यसलाई
निकालिदिनका लागि मैले तपाईंका चेलाहरूलाई
बिन्ती गरें, तर तिनीहरूले सकेनन् ।"

**४१**येशूले जवाफ दिनुभयो, "ए अविश्वासी
र भ्रष्ट पुस्ता, म कहिलेसम्म तिमीहरूका साथमा
रहूँला र तिमीहरूलाई सहूँला ? तिम्रो
छोरालाई यहाँ ल्याऊ ।"

**४२**त्यो केटो आउँदा आउँदै पनि भूतात्माले
उसलाई ऐँठन पारी भुइँमा पछार्‍यो । तर
येशूले दुष्टात्मालाई हकार्नुभयो, केटालाई निको
पार्नुभयो र त्यसलाई बाबुको हातमा दिनुभयो ।
**४३**अनि तिनीहरू सबै परमेश्वरको महानतामा
आश्चर्य-चकित भए ।

सबै जना येशूले गर्नुभएका सबै कुरामा
छक्क परिरहेका बेला, येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, **४४**"मैले तिमीहरूलाई
जे भन्दैछु त्यो ध्यानपूर्वक सुन: म, मानव-
पुत्रलाई धोखासाथ मान्छेहरूका हातमा पक्राउ
पार्न लागिएको छ ।" **४५**तर यसको अर्थ के हो
तिनीहरूले बुझ्न सकेनन् । तिनीहरूले नबूझून्
भनी यो कुरा तिनीहरूबाट गुप्त राखिएको
थियो, अनि यसको बारेमा उहाँलाई सोध्न
तिनीहरू डराए ।

### सबैभन्दा ठूलो को हुनेछ ?

*मत्ती १८:१-५; मर्कूस ९:३३-४०*

**४६**चेलाहरूका बीचमा तिनीहरूमध्ये
सबैभन्दा ठूलो को होला भन्ने विषयमा वाद-
विवाद शुरु भयो । **४७**येशूले तिनीहरूका विचार
थाहा पाएर एउटा बालकलाई लिनुभयो र आफ्नो
छेउमा खड़ा गराउनुभयो । **४८**त्यसपछि उहाँले
तिनीहरूलाई भन्नुभयो, "जसले यस बालकलाई
मेरो नाउँमा ग्रहण गर्छ त्यसले मलाई नै ग्रहण
गरेको हुन्छ; अनि जसले मलाई ग्रहण गर्छ
त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ ।
किनकि जो तिमीहरूमध्ये सबैभन्दा सानो छ,
त्यही नै सबैभन्दा ठूलो हुन्छ ।"

**४९**यूहन्नाले भने, "गुरुज्यू, हामीले एक जना

---

**९:३५**–यशैया ४२:१; मत्ती ३:१७; १२:१८; मर्कूस १:११; लूका ३:२२. **९:४६**–लूका २२:२४.
**९:४८**–मत्ती १०:४०; लूका १०:१६; यूहन्ना १३:२०.

मानिसलाई तपाईंको नाउँमा भूतहरू धपाएको
देख्यौं र हामीले त्यसलाई रोक्यौं, किनकि ऊ
हामीमध्येको होइन ।"
**५०**येशूले भन्नुभयो, "त्यसलाई नरोक ।
किनकि जो तिम्रो विरुद्धमा छैन त्यो तिम्रो
पक्षमा हुन्छ ।"

### सामरीहरूको विरोध

**५१**जसै उहाँको स्वर्ग उठाइलगिने दिन नजिक
आउँदैथियो, येशूले यरूशलेमतिर जाने निश्चय
गर्नुभयो । **५२**अनि उहाँले समाचार लाने
मानिसहरूलाई अगिअगि पठाउनुभयो, जो
उहाँको निम्ति सबै कुरा तयार पार्न
सामरीहरूको एउटा गाउँमा गए; **५३**तर त्यहाँका
मानिसहरूले उहाँ यरूशलेम जान लाग्नुभएको
हुनाले उहाँलाई स्वागत गरेनन् । **५४**उहाँका
चेलाहरू याकूब र यूहन्नाले यो देखेपछि उहाँलाई
सोधे, "प्रभु, के यिनीहरूलाई भस्म गर्न एलियाले
झैँ हामीले स्वर्गबाट आगो बर्सने आज्ञा गरौं
भन्ने तपाईं चाहनुहुन्छ ?" **५५**तर येशूले फर्केर
तिनीहरूलाई हप्काउनुभयो, **५६**र उहाँहरू अर्कै
गाउँतिर जानुभयो ।

### येशूलाई पछ्याउँदा चुकाउनुपर्ने मूल्य

*मत्ती ८:१९-२२*

**५७**उहाँहरू बाटामा हिँडिरहनुभएको
बेला, एक जना मानिसले उहाँलाई भन्यो,
"तपाईं जहाँ जानुभए तापनि म तपाईंलाई
पछ्याउनेछु ।"
**५८**येशूले जवाफ दिनुभयो, "फ्याउराहरूका
दुला छन् र आकाशका पक्षीहरूका गुँड़ छन्,
तर म, मानव-पुत्रको त शिर राख्ने ठाउँ पनि
छैन ।"
**५९**उहाँले अर्को मानिसलाई भन्नुभयो,
"मेरो पछि लाग ।"
तर त्यस मानिसले भन्यो, "प्रभु, पहिले
मलाई मेरा बाबुलाई गाड्न जान दिनुहोस् ।"
**६०**येशूले त्यसलाई भन्नुभयो, "मरेकाहरूले
नै आफ्ना मुर्दाहरू गाडून्, तर तिमी जाऊ र
परमेश्वरको राज्यको घोषणा गर ।"
**६१**अझै अर्कोले भन्यो, "प्रभु, म तपाईंलाई
पछ्याउनेछु; तर पहिले मलाई गएर मेरो
परिवारबाट बिदा लिन दिनुहोस् ।"
**६२**येशूले जवाफ दिनुभयो, "आफ्नो हात
हलोमा राखेर पछिल्तिर फर्कने कुनै पनि मानिस
परमेश्वरको राज्यको सेवामा योग्य हुँदैन ।"

### येशूले बहत्तर चेलाहरूलाई पठाउनुभएको

**१०** त्यसपछि प्रभुले अरू बहत्तर जनालाई
नियुक्त गर्नुभयो र तिनीहरूलाई आफू
जान लाग्नुभएको हरेक शहर र ठाउँमा दुई
दुई जना गरी अघिबाटै पठाउनुभयो । **२**उहाँले
तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छन्,
तर खेतालाहरू थोरै छन् । त्यसकारण फसलका
प्रभुलाई उहाँको आफ्नो फसलका खेतमा प्रशस्त
खेतालाहरू पठाइदिन प्रार्थना गर । **३**जाओ !
म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका
पाठाहरूझैँ पठाउँदैछु । **४**न त पैसाको थैली, न
त झोला, न जुत्ता, केही नबोक अनि बाटामा
कसैलाई अभिवादन नगर ।
**५**"जब कुनै घरमा पस्छौ, पहिले भन,
'यस घरमा शान्ति रहोस् !' **६**यदि त्यहाँ
शान्तिको मानिस रहेछ भने, तिम्रो शान्ति
त्यससँग रहनेछ; यदि छैन भने, त्यो शान्ति
तिमीहरूकहाँ नै फर्किआउनेछ । **७**तिनीहरूले
जे दिन्छन्, त्यही खानपान गर्दै त्यही घरमा नै
बस, किनकि खेताला ज्यालाको योग्य हुन्छ ।
घरघर पसी हिँड्ने नगर ।
**८**"कुनै शहरमा पस्दा तिमीहरूलाई स्वागत
मिल्यो भने, तिमीहरूको अगि जे राखिन्छ त्यो
खाओ । **९**त्यहाँ भएका बिरामीहरूलाई निको
पार, र तिनीहरूलाई 'परमेश्वरको राज्य
तिमीहरूका नजीक आइपुगेको छ' भन । **१०**तर
कुनै शहरमा पस्दा तिमीहरूलाई स्वागत मिलेन

---

**९:५४**–२ राजा १:९-१६. **९:६१**–१ राजा १९:२०. **१०:२**–मत्ती ९:३७-३८. **१०:३**–मत्ती १०:१६.
**१०:४-११**–मत्ती १०:७-१४; मर्कूस ६:८-११; लूका ९:३-५. **१०:७**–१ कोरिन्थी ९:१४; १ तिमोथी ५:१८.
**१०:१०**–प्रेरित १३:५१.

भने, त्यस शहरका गल्लीहरूमा जाओ र यसो भन, **११**'हाम्रा खुट्टामा टाँसिएका धूलो तिमीहरूको विरुद्धमा टक्टक्याउँछौं । तापनि यो निश्चय जान: परमेश्वरको राज्य नजीकै छ ।' **१२**म तिमीहरूलाई भन्दछु, त्यस दिन त्यो शहरको भन्दा बरु सदोमको अवस्था सहनीय हुनेछ ।

**१३**"धिक्कार तँलाई, ए खोराजिन ! धिक्कार तँलाई, ए बेथसेदा ! किनकि तिमीहरूमा गरिएका आश्चर्य-कर्महरू यदि टायर र सीदोनमा गरिएका भए, तिनीहरूले धेरै अघि नै भाङ्ग्रा लाएर खरानीमा बसी पश्चात्ताप गर्नेथिए । **१४**तर न्यायको समयमा तिमीहरूको भन्दा टायर र सीदोनको अवस्था सहनीय हुनेछ । **१५**अनि तँ, ए कफर्नहुम, के तँ आकाशमा उचालिनेछस् ? होइन, तँ त तल गहिरो खाडलमा खसालिनेछस् ।

**१६**"जसले तिमीहरूका कुरा सुन्छ, त्यसले मेरै कुरा सुनेको हुन्छ । जसले तिमीहरूलाई इन्कार गर्छ त्यसले मलाई नै इन्कार गरेको हुन्छ । तर जसले मलाई इन्कार गर्छ त्यसले मलाई पठाउनुहुनेलाई पनि इन्कार गरेको हुन्छ ।"

**१७**ती बहत्तर जना आनन्दित हुँदै फर्के र भने, "प्रभु, तपाईंको नाउँमा भूतहरूसमेत हाम्रा अधीनमा आउँछन् ।"

**१८**उहाँले भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुली चम्केझैँ गरी खसिरहेको देखें । **१९**मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुका सबै शक्तिमाथि विजय हुने अधिकार दिएको छु; कुनै कुराले पनि तिमीहरूलाई हानि गर्नेछैन । **२०**तापनि आत्माहरू तिमीहरूका अधीनमा आएकोमा आनन्द नगर, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भन्ने कुरामा आनन्द गर ।"

**२१**त्यस समयमा येशू पवित्र आत्माद्वारा आनन्दले भरिनुभयो र भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंको प्रशंसा गर्दछु, किनकि तपाईंले यी कुराहरू बुद्धिमान् र ज्ञानीहरूबाट गुप्त राखी साना बालकहरूलाई प्रकट गरिदिनुभएको छ । किनकि हे पिता, तपाईंलाई यसै गर्न असल लाग्यो ।

**२२**"मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ । पुत्र को हो भनी पिताबाहेक कसैले जान्दैन, अनि पिता को हो भनी पुत्रले र जस-जसकहाँ उहाँलाई प्रकट गरिदिने इच्छा गर्दछ त्यसले बाहेक अरू कसैले चिन्दैन ।"

**२३**त्यसपछि चेलाहरूतिर फर्केर उहाँले तिनीहरूलाई गोप्यमा भन्नुभयो, "धन्य हुन् ती आँखाहरू, जसले तिमीहरूले देखेका कुराहरू देख्छन् । **२४**किनकि म तिमीहरूलाई भन्दछु धेरै अगमवक्ता र राजाहरूले तिमीहरूले जे देख्छौ त्यो हेर्न इच्छा गरेका थिए, तर देखेनन्, र तिमीहरू जे सुन्छौ त्यो सुन्न इच्छा गरेका थिए, तर सुनेनन् ।"

### असल सामरीको दृष्टान्त

**२५**एक अवसरमा व्यवस्थाका एक जना विद्वान् येशूको परीक्षा गर्न उठे र उहाँलाई प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ?"

**२६**उहाँले भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ ? त्यसलाई तिमी कसरी पढ्छौ ?"

**२७**तिनले जवाफ दिए: "'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण हृदयले, आफ्नो सम्पूर्ण प्राणले, आफ्नो सम्पूर्ण बलले र आफ्नो सम्पूर्ण मनले प्रेम गर्'; र 'आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर् ।'"

**२८**येशूले जवाफ दिनुभयो, "तिमीले ठीक जवाफ दियौ । त्यसै गर र तिमी बाँच्नेछौ ।"

**२९**तर तिनले आफूलाई धार्मिक ठहराउने इच्छा गरे र येशूलाई सोधे, "त्यसो भए मेरो छिमेकी को हो त ?"

---

**१०:१२**–उत्पत्ति १९:२४-२८; मत्ती ११:२४; १०:१५. **१०:१३**–यशैया २३:१-१८; इजकिएल २६:१-२८:२६; योएल ३:४-८; आमोस १:९-१०; जकरिया ९:२-४. **१०:१५**–यशैया १४:१३-१५. **१०:१६**–मत्ती १०:४०; मर्कूस ९:३७; लूका ९:४८; यूहन्ना १३:२०. **१०:१९**–भजन ९१:१३. **१०:२२**–यूहन्ना ३:३५; १०:१५. **१०:२५-२८**–मत्ती २२:३५-४०, मर्कूस १२:२८-३४. **१०:२७**–लेवी १९:१८; व्यवस्था ६:५. **१०:२८**–लेवी १८:५.

३०जवाफमा येशूले भन्नुभयो: "एक जना
मानिस यरूशलेमबाट यरीहोतिर तल जाँदैथियो,
र त्यो त्यहाँ डाँकूहरूको फेला पऱ्यो । तिनीहरूले
त्यसलाई नाङ्गै पारे, पिटे र अधमरो पारी छोड़ेर
गए । ३१संयोगवश एउटा पूजाहारी त्यही बाटो
आयो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो
अर्कोपट्टि तर्केर गयो । ३२त्यसै गरी, एउटा
लेवी पनि त्यस ठाउँमा आयो र त्यसलाई
देखेपछि अर्कोपट्टि तर्केर गयो । ३३तर एक जना
सामरी, यात्रा गर्दै जाँदा, त्यो मानिस भएको
ठाउँमा आयो; र त्यसलाई देखेर त्यस
सामरीको मन दयाले भरियो । ३४अनि ऊ
त्यसकहाँ गयो र त्यसको घाउमा तेल र
दाखमद्य लगाई पट्टी बाँधिदियो । त्यसपछि उसले
त्यस मानिसलाई आफ्नै गधामा चढ़ाएर पौवामा
लग्यो र त्यसको हेरचाहा गऱ्यो । ३५भोलिपल्ट
उसले चाँदीका दुईओटा सिक्का निकालेर
पौवाको मालिकलाई दिँदै भन्यो, 'यिनको
हेरचाहा गर, र अरू बढ़ी खर्च लागेछ भने म
फर्केर आउँदा तिमीलाई तिरिदिनेछु ।'
३६"तिम्रो विचारमा यी तीन जनामध्ये
कुनचाहिँ त्यो डाँकूहरूका हातमा पर्ने मानिसको
छिमेकी थियो ?"
३७व्यवस्थाका ती विद्वान्ले जवाफ दिए,
"त्यही, जसले त्यस मानिसमाथि दया
देखायो ।"

येशूले तिनलाई भन्नुभयो, "जाऊ र तिमी
पनि त्यसै गर ।"

## मार्था र मरियमको घरमा

३८येशू र उहाँका चेलाहरू यात्रा गर्नुहुँदैगर्दा
उहाँहरू एउटा गाउँमा आइपुग्नुभयो र त्यहाँ
मार्था नाउँ भएकी एउटी स्त्रीले आफ्नो घरमा
उहाँको स्वागत गरिन् । ३९तिनकी मरियम नाउँ
भएकी एउटी बहिनी थिइन्, जो उहाँको वचन
सुन्दै प्रभुका पाउमा बसिन् । ४०तर मार्था सेवा-
सत्कारका तयारी गर्ने धेरै काममा अल्झिएकी
थिइन् । तिनी उहाँकहाँ आइन् र भनिन्, "प्रभु,
के तपाईं वास्ता राख्नुहुन्न, मेरी बहिनीले सबै
काममा मलाई एक्लै पारेकी छिन् ? मलाई
सघाइदिन तिनलाई भनिदिनुहोस् !"
४१येशूले जवाफ दिनुभयो, "मार्था, मार्था,
तिमी धेरै कुराहरूका विषयमा चिन्ता गर्छ्यौ
र दु:खी बन्छ्यौ, ४२तर एउटा मात्र कुराको
आवश्यकता छ । अनि जे असल छ,
मरियमले त्यही छानेकी छिन्, र त्यो तिनीबाट
खोसिनेछैन ।"

## येशूले प्रार्थनाबारे सिकाउनुभएको

*मत्ती ६:९-१३; ७:७-११*

**११** एक दिन येशू कुनै ठाउँमा प्रार्थना
गर्दै हुनुहुन्थ्यो । उहाँले प्रार्थना
सिद्ध्याउनुभएपछि उहाँका चेलाहरूमध्ये एक
जनाले उहाँलाई भने, "प्रभु, यूहन्नाले आफ्ना
चेलाहरूलाई सिकाएझैं हामीलाई पनि प्रार्थना
गर्न सिकाउनुहोस् ।"
२उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले
प्रार्थना गर्दा यसो भन:

"'हे पिता,
तपाईंको नाउँ पवित्र गरियोस्,
तपाईंको राज्य आओस् ।
३ हामीलाई हरेक दिन हाम्रो दैनिक
भोजन दिनुहोस् ।
४ हाम्रा पाप हामीलाई क्षमा
गरिदिनुहोस्,
किनकि हामीले पनि हाम्रो विरुद्धमा
पाप गर्ने हरेकलाई क्षमा गर्दछौं ।
अनि हामीलाई परीक्षामा नलैजानुहोस् ।'"

५त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो,
"भनौं, तिमीहरूमध्ये कसैको एक जना मित्र
छन् र उनी मध्यरातमा तिनीकहाँ गएर भन्छन्,
'मित्र, मलाई तीनओटा रोटी पैंचो दिनुहोस्,
६किनकि मेरा एक जना मित्र यात्राबाट मकहाँ
आएका छन्, तर तिनलाई टक्र्याउन मसँग
केही पनि छैन ।'

**१०:३३-३४**–२ इतिहास २८:१५. **१०:३८-३९**–यूहन्ना ११:१.

**७**“तब भित्रबाट तिनले जवाफ दिन्छन्, ‘मलाई दु:ख नदिनुहोस् । ढोका बन्द भइसकेको छ, र मेरा केटाकेटीहरू मसँगै ओछ्यानमा छन् । म उठेर तपाईंलाई केही दिन सक्दिनँ ।’ **८**म तिमीहरूलाई भन्दछु, यद्यपि उनी एक मित्र भएको कारणले तिनले उठेर उनलाई रोटी नदिए, तापनि उनले खुरन्धार मागिरहेका कारणले गर्दा तिनी उठेर उनलाई खाँचो परेजति दिनेछन् ।

**९**“त्यसकारण म तिमीहरूलाई भन्दछु: मागिरहो त तिमीहरूलाई त्यो दिइनेछ; खोजिरहो, त तिमीहरूले भेट्टाउनेछौ; घचघच्याइरहो, त तिमीहरूको निम्ति ढोका उघारिनेछ । **१०**किनकि हरेक जसले माग्छ त्यसले पाउँछ; जसले खोज्छ, त्यसले भेट्टाउँछ; अनि जसले घचघच्याउँछ, त्यसका निम्ति ढोका उघारिनेछ ।”

**११**“तिमीहरूमध्ये कुनचाहिँ त्यस्तो बाबु होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला; अथवा माछा माग्दा त्यसलाई माछाको सट्टा सर्प देला ? **१२**अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला ? **१३**यदि तिमीहरू जो दुष्ट भईकन पनि आफ्नो छोराछोरीहरूलाई असल थोक दिन जान्दछौ भने, झन् उहाँसँग माग्नेहरूलाई तिमीहरूका स्वर्गीय पिताले कति प्रशस्त गरी पवित्र आत्मा दिनुहुन्छ !”

## येशू र बालजिबुल

*मत्ती १२:२२-३०; ४३-४५; मर्कूस ३:२०-२७*

**१४**एक दिन येशूले एउटा भूत निकाल्दैहुनुहुन्थ्यो, जो गुँगो थियो । भूतात्मा निस्केपछि त्यो गुँगो भइरहेको मानिस बोल्यो, र भीड़ छक्क पर्‍यो । **१५**तर तिनीहरूमध्ये कसैकसैले भने, “यसले त दुष्टात्माहरूका राजा बालजिबुलद्वारा भूतहरू निकाल्छ ।” **१६**अरूहरूले स्वर्गबाट एउटा चिन्ह माग्दै उहाँको परीक्षा गरे ।

**१७**येशूले तिनीहरूका विचार थाहा पाएर भन्नुभयो: “आपसमा फूट भएको कुनै पनि राज्य नष्ट भएर जान्छ, अनि आपसमा फूट भएको जुनसुकै घर पनि पतन हुन्छ । **१८**यदि शैतानको पनि आपसमा फूट भयो भने, त्यसको राज्य कसरी खड़ा रहनसक्ला र ? मैले बालजिबुलद्वारा भूत निकाल्छु भनी तिमीहरूले दावी गरेका कारण म यो भन्दैछु । **१९**अब मैले बालजिबुलद्वारा भूतहरू निकाल्छु भने, तिमीहरूका चेलाहरूले कसद्वारा निकाल्छन् त ? यसकारण तिनीहरू नै तिमीहरूका न्यायकर्ता हुनेछन् । **२०**तर म परमेश्वरको शक्तिद्वारा भूतहरू निकाल्छु भनेता, परमेश्वरको राज्य तिमीहरूकहाँ आइसकेको छ ।

**२१**“जब कुनै बलियो मानिस हातहतियारले सुसज्जित भई आफ्नो घरको रक्षा गर्छ, तब त्यसको सम्पत्ति सुरक्षित रहन्छ । **२२**तर त्यसभन्दा बलियो अर्को मानिसले त्यसलाई आक्रमण गरेर जित्यो भने, त्यो मानिसले भरोसा गरेका हातहतियार त्यसले खोसेर लैजान्छ र लुटका मालसामान बाँड्छ ।

**२३**“जो मसँग छैन, त्यो मेरो विरुद्धमा हुन्छ; अनि जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ ।

**२४**“जब कुनै अशुद्ध आत्मा कुनै मानिसबाट निस्किन्छ, तब त्यो ओबानो ठाउँहरूमा विश्राम खोज्न जान्छ र त्यसले भेट्टाउँदैन । तब त्यसले भन्छ, ‘म निस्केर आएको घरमा नै फर्केर जानेछु ।’ **२५**अनि त्यहाँ आइपुग्दा, त्यसले त्यो बढ़ारकुँढ़ार गरी सजाइराखिएको भेट्टाउँछ । **२६**त्यसपछि त्यो जान्छ र आफूभन्दा अझै दुष्ट अरू सात आत्माहरूलाई साथमा ल्याउँछ, र तिनीहरू भित्र पसेर बस्छन् । अनि त्यो मानिसको पछिल्लो दशा पहिलोभन्दा झन् खराब हुन्छ ।”

**२७**येशूले यी कुराहरू भन्दैगर्नुहुँदा भीड़बाट एउटी स्त्रीले कराएर भनी, “ती आमा धन्य हुन्, जसले तपाईंलाई जन्म दिइन् र पालनपोषण गरिन् ।”

**२८**उहाँले जवाफ दिनुभयो, “बरु तिनीहरू धन्य हुन्, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन् ।”

**११:१५**–मत्ती ९:३४; १०:२५. **११:१६**–मत्ती १२:३८; १६:१; मर्कूस ८:११. **११:२३**–मर्कूस ९:४०.

## योनाको चिन्ह

*मत्ती १२:३८-४२*

२९भीड़हरू बढ्दैगएपछि येशूले भन्नुभयो,
"यो एक दुष्ट पुस्ता हो । यसले आश्चर्यमय
चिन्ह खोज्दछ, तर योनाको चिन्हबाहेक अरू
कुनै चिन्ह यसलाई दिइनेछैन । ३०किनकि
जसरी योना निनवेका मानिसहरूका लागि
चिन्ह थिए, त्यसरी नै म, मानव-पुत्र
पनि यस पुस्ताका निम्ति चिन्ह हुनेछु ।
३१न्यायको समयमा दक्षिणकी रानी यसै
पुस्ताका मानिसहरूसँग खड़ा भएर तिनीहरूलाई
दोषी ठहराउनेछिन्; किनकि तिनी सुलेमानको
बुद्धि सुन्नलाई पृथ्वीको पल्लो छेउदेखि
आएकी थिइन्, तर हेर सोलोमनभन्दा महान्
एक जना यहाँ छ । ३२न्यायको समयमा
निनवेका मानिसहरू यस पुस्तासँग खड़ा
भएर यसलाई दोषी ठहराउनेछन्; किनकि
तिनीहरूले योनाको प्रचार सुनेर पश्चात्ताप
गरेका थिए, तर हेर योनाभन्दा महान् एक
जना यहाँ छ ।

## शरीरको बत्ती

*मत्ती ६:२२-२३*

३३"कसैले पनि बत्ती बालेर त्यसलाई लुकिने
ठाउँमा अथवा कुनै भाँड़ामुनि राख्दैन । तर
भित्र आउनेहरूले उज्यालो देखून् भनेर त्यसलाई
सामदानमाथि राख्दछ । ३४तिम्रो आँखा तिम्रो
शरीरको बत्ती हो । तिम्रो आँखा ठीक छ भने,
तिम्रो सम्पूर्ण शरीर पनि ज्योतिले पूर्ण हुन्छ ।
तर यदि आँखा खराब छन् भने, तिम्रो शरीर
पनि अन्धकारले पूर्ण हुन्छ । ३५त्यसकारण,
सावधान बस, तिमीमा भएको उज्यालो
अँध्यारो नहोस् । ३६त्यसकारण, तिम्रो सम्पूर्ण
शरीर उज्यालोले पूर्ण छ, तथा त्यसको कुनै
भाग अँध्यारो छैन भने, त्यो सम्पूर्ण रूपले
उज्यालो हुन्छ, जसरी बत्तीको उज्यालो
तिमीहरूमा चम्कन्छ ।"

## छ किसिमका धिक्कारहरू

३७येशूले बोलिसक्नुभएपछि, एक जना
फरिसीले उहाँलाई आफूसँग भोजनमा निम्तो
दिए । उहाँ घरभित्र गएर टेबुलमा खान
ढल्कनुभयो । ३८तर येशूले खानअघि हात
नधुनुभएको देखेर ती फरिसी छक्क परे ।
३९त्यसपछि प्रभुले तिनलाई भन्नुभयो, "तिमी
फरिसीहरू कचौरा र थालको बाहिरपट्टि त
सफा गर्दछौ, तर तिमीहरूको भित्र तिमीहरू
लोभ र दुष्टताले भरिएका हुन्छौ । ४०मूर्ख
मानिस हो ! जसले बाहिरको भाग बनायो,
त्यसले नै भित्रको भाग पनि बनाएको होइन र ?
४१तर भित्र तिमीसँग जे छ त्यो गरीबहरूलाई
देओ, र तिम्रो निम्ति सबै थोक शुद्ध हुन्छ ।
४२"धिक्कार तिमी फरिसीहरूलाई, किनकि
तिमीहरूले परमेश्वरलाई पुदिना, आरूद र
हरेक जड़ीबुटीको दशांश दिन्छौ, तर न्याय र
परमेश्वरको प्रेमलाई तिमीहरू बेवास्ता गर्छौ ।
तिमीहरूले पहिलो काम नछोड़ीकन यो दोस्रो
काम पनि गर्नुपर्ने थियो ।
४३"धिक्कार तिमी फरिसीहरूलाई, किनकि
तिमीहरू सभाघरहरूमा मुख्यमुख्य आसन
ओगट्न र बजारका ठाउँहरूमा अभिवादन लिन
रुचाउँछौ ।
४४"धिक्कार तिमीहरूलाई, किनकि तिमीहरू
सङ्केत नभएका चिहानहरूजस्ता छौ, जसमाथिबाट
मानिसहरू थाहै नपाई हिँड्छन् ।"
४५व्यवस्थाका विद्वान्हरूमध्ये एक जनाले
उहाँलाई भने, "गुरुज्यू, यी कुराहरू भनेर तपाईंले
हाम्रो पनि बेइज्जत गर्दै हुनुहुन्छ ।"
४६येशूले जवाफ दिनुभयो, "तिमी व्यवस्थाका
विद्वान्हरूलाई पनि धिक्कार, किनकि तिमीहरूले
मानिसहरूलाई तिनीहरूले बोक्नै नसक्ने भारी
बोकाउँछौ, तर तिमीहरू आफैले भने तिनीहरूलाई
सहायता गर्न एउटा औंला पनि उठाउँदैनौ ।
४७"धिक्कार तिमीहरूलाई, किनकि तिमीहरू
अगमवक्ताहरूका चिहान बनाउँछौ, र तिनीहरूलाई

---

**११:२९**–मत्ती १६:४; मर्कूस ८:१२. **११:३०**–योना ३:४. **११:३१**–१ राजा १०:१-१०; २ इतिहास ९:१-१२.
**११:३२**–योना ३:५. **११:३३**–मत्ती ५:१५; मर्कूस ४:२१; लूका ८:१६. **११:४२**–लेवी २७:३०.

तिमीहरूकै पुर्खाहरूले मारेका थिए। **४८**यसरी तिमीहरूले आफ्ना पुर्खाहरूले जे गरेका थिए, त्यसमा तिमीहरूको सहमति छ भन्ने साक्षी दिन्छौ; तिनीहरूले अगमवक्ताहरूलाई मारे, अनि तिमीहरू उनीहरूका चिहान बनाउँछौ। **४९**यसैकारण, परमेश्वरले आफ्नो बुद्धिमा यसो भन्नुभयो, 'म तिनीहरूकहाँ अगमवक्ताहरू र प्रेरितहरू पठाउनेछु, उनीहरूमध्ये कसैलाई मार्नेछन् र अरूहरूलाई तिनीहरूले सताउनेछन्।' **५०**त्यसकारण संसारको शुरुदेखि यता भएका सबै अगमवक्ताका रक्तपातको लेखा दिन यो पुस्ता जिम्मेवार रहनेछ, **५१**हाबिलको रगतदेखि जकरियाको रगतसम्म, जसको हत्या वेदी र पवित्रस्थानको बीचमा गरिएको थियो। हो, म तिमीहरूलाई भन्दछु, यी सबै कुराको लेखा यो पुस्ताबाट नै लिइनेछ।

**५२**"धिक्कार तिमी व्यवस्थाका विद्वान्हरूलाई, किनकि तिमीहरूले ज्ञानमा प्रवेश गर्ने साँचो लिन त लियौ। तिमीहरू आफै भित्र पसेनौ, तर भित्र पस्दैगरेका अरूहरूलाई समेत तिमीहरूले रोक्यौ।"

**५३**येशू त्यहाँबाट जानुभएपछि, फरिसीहरू र व्यवस्थाका शिक्षकहरूले उहाँको घोर विरोध गर्न र उहाँलाई प्रश्नहरू सोध्दै घेराउ गर्न थाले, **५४**अनि उहाँले भन्नुहुने कुनै कुरामा तिनीहरूले उहाँलाई पक्रने दाउ हेर्नथाले।

## चेतावनी र प्रोत्साहन

*मत्ती १०:२६-३३*

**१२** यसैबीच, जब त्यहाँ हजारौंको भीड़ जम्मा हुनलाग्यो, यहाँसम्म कि एउटाले अर्कोलाई कुल्चन लाग्यो, तब येशूले पहिले आफ्ना चेलाहरूसँग यसो भन्दै बोल्न लाग्नुभयो: "फरिसीहरूको खमिरदेखि तिमीहरू होशियार बस, जुन तिनीहरूको कपटीपना हो। **२**लुकिएको कुनै कुरो छैन जो प्रकट हुँदैन, र गुप्तमा कुनै कुरो छैन जो थाहा लाग्दैन। **३**तिमीहरूले अँध्यारोमा जे भनेका छौ, त्यो दिनको उज्यालोमा सुनिनेछ, र भित्री कोठामा तिमीहरूले जे कानेखुशी गरेका छौ, त्यो घरको धुरीबाट प्रचार हुनेछ।

**४**"मेरा मित्र हो, म तिमीहरूलाई भन्दछु, शरीरलाई मार्ने तर त्यसपछि अरू केही गर्न नसक्नेहरूसँग नडराओ। **५**तर तिमीहरू कोसँग डराउनुपर्छ, म तिमीहरूलाई चेतावनी दिनेछु: तिनैसँग डराओ, जससँग शरीरलाई मारेपछि नरकमा फालिदिने शक्ति छ। हो, म तिमीहरूलाई भन्दछु, तिनीसँग नै डराओ। **६**के पाँचओटा भँगेरा दुई पैसामा बिक्दैनन् र? तापनि तीमध्ये एउटै पनि परमेश्वरद्वारा बिर्सिइएको हुँदैन। **७**वास्तवमा, तिमीहरूका शिरका केशसमेत पनि गनिएका छन्। नडराओ, तिमीहरू धेरै भँगेराहरूभन्दा बढ़ी मोलका छौ।

**८**"म तिमीहरूलाई भन्दछु, जसले मलाई मानिसहरूका सामुन्ने स्वीकार गर्छ, ती हरेकलाई म, मानव-पुत्रले पनि परमेश्वरका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु। **९**तर जसले मलाई मानिसहरूका सामुन्ने अस्वीकार गर्नेछ, परमेश्वरका दूतहरूको सामुन्ने त्यसलाई पनि अस्वीकार गरिनेछ। **१०**अनि म, मानव-पुत्रको विरुद्धमा बोल्ने हरेकलाई क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा ईश्वर-निन्दा गर्दछ, त्यसलाई क्षमा हुनेछैन।

**११**"जब तिमीहरू सभाघरहरू, शासकहरू र अधिकारीहरूका अगि ल्याइन्छौ, तब कसरी आफ्नो बचाउ गर्ने अथवा तिमीहरूले के बोल्ने भन्ने विषयमा फिक्री नगर, **१२**किनकि तिमीहरूले के बोल्नुपर्ने हो सो पवित्र आत्माले तिमीहरूलाई त्यसै बेला सिकाउनुहुनेछ।"

## मूर्ख धनी मानिसको दृष्टान्त

**१३**भीड़बाट एक जनाले उहाँलाई भन्यो, "गुरुज्यू, मेरा दाज्यूलाई भनिदिनुहोस् र तिनले मसँग अंशबण्डा गरिदेऊन्।"

---

**११:५१**–उत्पत्ति ४:८; २ इतिहास २४:२०-२१. **१२:१**–मत्ती १६:६; मर्कूस ८:१५. **१२:२**–मत्ती ४:२२; लूका ८:१७. **१२:१०**–मत्ती १२:३२; मर्कूस ३:२९. **१२:११-१२**–मत्ती १०:१९-२०; मर्कूस १३:११; लूका २१:१४-१५.

१४येशूले जवाफ दिनुभयो, "ए मानिस, कसले मलाई तिमीहरूको न्यायाधीश अथवा सम्पत्ति बाँड़िदिने तुल्यायो ?" १५त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो ! सबै प्रकारका लालचबाट आफूलाई जोगाओ, किनकि मानिसको जीवन उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन ।"

१६त्यसपछि उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: "एउटा धनी मानिसको जमिनले प्रशस्त उब्जनी दियो । १७त्यसले आफ्नो मनमा गुन्न थाल्यो, 'अब म के गरूँ ? मेरो अन्न राख्ने मसँग ठाउँ छैन ।'

१८"त्यसपछि त्यसले भन्यो, 'म यसो गर्नेछु– मैले आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अन्न र मालताल म तिनीहरूमै राख्नेछु । १९अनि म आफैलाई भन्नेछु, "तेरो निम्ति धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति थुप्रिएको छ । सुख-चैनको जीवन बिता; खा, पी र मोज गर् ।'"

२०"तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख ! आज राती नै तेरो प्राण तँबाट लिइनेछ । अनि तैंले आफ्नो निम्ति तयार गरेका कुराहरू कसले प्राप्त गर्ला ?'

२१"आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने तर परमेश्वरका कुराहरूमा धनी नहुने हरेक मानिसको अवस्था यस्तै हुन्छ ।"

### चिन्तित नहुनू

*मत्ती ६:२५-३४*

२२त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: "त्यसकारण म तिमीहरूलाई भन्दछु, के खाऔं भनी आफ्नो प्राणको निम्ति, र के लगाऔं भनी आफ्नो शरीरको निम्ति चिन्ता नगर । २३जीवन भोजनभन्दा अनि शरीर वस्त्रभन्दा ठूलो हो । २४कागहरूको विचार गर: तिनीहरूले छर्दैनन् र कटनी पनि गर्दैनन्, तिनीहरूका न त भण्डार छ न ढुकुटी नै; तर पनि परमेश्वरले तिनीहरूलाई खुवाउनुहुन्छ । तिमीहरू त चराचुरुङ्गीभन्दा कति धेरै मूल्यवान् छौ ! २५तिमीहरूमध्ये कसले चिन्ता गरेर आफ्नो आयुमा एक घड़ी थप्न सक्छ र ? २६त्यसकारण यति सानो काम पनि गर्न सक्दैनौ भने, अन्य कुराहरूको निम्ति तिमीहरू किन चिन्ता गर्दछौ ?

२७"लिली फूल कसरी हुर्कन्छन् सो विचार गर । तिनीहरू परिश्रम गर्दैनन् नता धागो कात्छन् । तापनि म तिमीहरूलाई भन्दछु, सुलेमान राजा पनि आफ्नो सारा गौरवमा यी फूलहरूमध्ये एउटा जति पनि सिँगारिएका थिएनन् । २८आज हुने र भोलि आगोमा फालिने मैदानको झारलाई त परमेश्वरले यसरी आभूषित गर्नुहुन्छ भने, ए अल्पविश्वासी हो, उहाँले तिमीहरूलाई झन् कति बढ़ी आभूषित गर्नुहोला ! २९अनि के खाऔंला कि के पिऔंला भनी त्यसैको खोजीमा मन नलगाओ, त्यस बारेमा चिन्ता नगर । ३०किनकि संसारका मानिसहरू यस्तै सबै कुराहरूका पछि दगुर्छन्, र तिमीहरूलाई यी कुराको खाँचो पर्छ भनी तिमीहरूका पिताले जान्नुहुन्छ । ३१तर परमेश्वरको राज्यको खोजी गर, र यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन् ।

३२"ए सानो बगाल, नडराओ ! किनकि तिमीहरूलाई राज्य दिन तिमीहरूका पिता प्रसन्न हुनुभएको छ । ३३तिमीहरूका सम्पत्ति बेचेर गरीबहरूलाई देओ । आफ्नो निम्ति कहिल्यै नरित्तिने थैलीहरू, स्वर्गमा कहिल्यै नसकिने धन तयार पार, जहाँ चोर आउँदैन र कीराले पनि नाश गर्दैन । ३४किनकि जहाँ तिम्रो धन छ, त्यहीँ तिम्रो मन पनि हुनेछ ।

### जागृत अवस्था

*मत्ती २४:४२-५१; मर्कूस १३:३२-३७*

३५"सेवाको निम्ति सुसज्जित भई तयार बस र तिमीहरूका बत्ती बालिराख, ३६अनि ती मानिसहरू जस्ता होओ, जसले तिनीहरूका मालिक विवाह भोजबाट फर्किआएर ढकढक्याउँदा तिनका निम्ति तुरुन्तै ढोका खोलिदिन सकियोस् भनेर आफ्ना मालिकलाई

---

**१२:२७**–१ राजा १०:४-७; २ इतिहास ९:३-६. **१२:३५**–मत्ती २५:१-१३.

पर्खेर बस्छन् । **३७**मालिक आउँदा तिनले जागा
रहेका भेट्टाउँछन्, ती नोकरहरूका निम्ति भलाइ
हुनेछ । म तिमीहरूलाई साँचो भन्दछु, तिनले
सेवा गर्नलाई कम्मर कस्नेछन्, तिनीहरूलाई
खानको निम्ति टेबुलमा ढल्कन लगाउनेछन्
र आएर तिनीहरूको सेवा गर्नेछन् । **३८**यदि
मालिक रातको दोस्रो अथवा तेस्रो पहरमा
आउँदा जसलाई जागा रहेका भेट्टाउँछन्, ती
नोकरहरूका निम्ति भलाइ हुनेछ । **३९**तर यो
जान: घरका मालिकलाई चोर कति बेला आउँछ
भन्ने थाहा भएको भए, तिनले चोरलाई घर
फोरेर भित्र पस्न दिनेथिएनन् । **४०**तिमीहरू
पनि तयार बस्नैपर्छ, किनकि म, मानव-पुत्र
त्यो घड़ीमा आइपुग्नेछु, जब तिमीहरूले म
आउँला भनी चिताएकै हुनेछैनौ ।"

**४१**पत्रुसले सोधे, "प्रभु, तपाईंले यो दृष्टान्त
हाम्रा लागि भन्नुभएको हो कि सबैका निम्ति ?"

**४२**तब प्रभुले जवाफ दिनुभयो, "त्यो
विश्वासनीय र बुद्धिमान् कारिन्दा को हो,
जसलाई त्यसका मालिकले तिनका नोकरहरूलाई
निश्चित समयमा तिनीहरूले पाउनुपर्ने भोजन-
भत्ता दिने कामको जिम्मा दिन्छन् ? **४३**मालिक
फर्केर आउँदा त्यसै गरिरहेको भेट्टिने नोकरका
निम्ति भलाइ हुनेछ । **४४**म तिमीहरूलाई
साँचो भन्दछु, तिनले त्यसलाई आफ्ना सारा
सम्पत्तिमाथि अधिकार दिनेछन् । **४५**तर
भनौं, त्यस नोकरले आफ्नो मनमा 'मेरो मालिक
आउन ढिलाउनेछन्,' भन्यो र त्यसले कमारा-
कमारीहरूलाई पिट्न र खाएर, पिएर मात्न
लाग्यो भने, **४६**त्यस नोकरका मालिक त्यसले
नचिताएको दिनमा र त्यसले नजानेको घड़ीमा
आउनेछन् । तिनले त्यसलाई टुक्राटुक्रा पारी
काट्नेछन् र त्यसलाई अविश्वासीहरूको स्थान
दिनेछन् ।

**४७**"त्यो नोकर जसले आफ्ना मालिकको
इच्छा जान्दछ र पनि तयार रहँदैन अथवा
त्यसका मालिकको इच्छाअनुसार गर्दैन भने,
त्यसले धेरै पिटाइ खानेछ । **४८**तर जसले
मालिकको इच्छा नजानेर नै दण्डनीय काम
गर्छ, त्यसले थोरै पिटाइ खानेछ । हरेक जसलाई
धेरै दिइएको छ, त्यसबाट धेरै नै मागिनेछ;
अनि जसलाई धेरै कुराहरू सुम्पिएका छन्,
त्यसबाट अझ बढी लिइनेछ ।

### शान्ति होइन तर विभाजन

*मत्ती १०:३४-३६*

**४९**"म यस पृथ्वीमा आगो खन्याउन आएको
हुँ, बरु त्यो अघिबाटै सल्किसकेको भए
हुनेथियो ! **५०**तर मैले लिनुपर्ने एउटा बप्तिस्मा
छ, अनि त्यो पूरा नभएसम्म म अति व्याकुल
छु ! **५१**के तिमीहरूले म पृथ्वीमा शान्ति ल्याउन
आएँ भन्ने विचार गर्छौ ? होइन, म तिमीहरूलाई
भन्दछु, म त बरु विभाजन ल्याउन आएँ ।
**५२**अबदेखि एउटा पाँच जनाको परिवारमा
एकको विरुद्ध अर्को गरी विभाजन हुनेछ, तीन
जनाका विरुद्ध दुई र दुई जनाका विरुद्ध तीन ।
**५३**तिनीहरूमा विभाजन हुनेछ– बाबु छोराको
विरुद्धमा र छोरा बाबुको विरुद्धमा, आमा छोरीको
विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू
बुहारीको विरुद्धमा र बुहारी सासूको विरुद्धमा ।"

### समयको लक्षण

*मत्ती १६:२-३*

**५४**उहाँले भीड़लाई भन्नुभयो: "तिमीहरूले
पश्चिमतिर बादल उठ्ने गरेको देखेर तुरुन्तै
भन्दछौ, 'पानी पर्छ,' र त्यसै हुन्छ । **५५**अनि
दक्षिणी बतास चल्दा तिमीहरू भन्छौ, 'अब
गर्मी हुन्छ,' र त्यस्तै हुन्छ । **५६**ए कपटी
हो ! पृथ्वी र आकाशको लक्षणहरूको अर्थ
कसरी लगाउने भनी तिमीहरू जान्दछौ, तर
यो वर्तमान समयको अर्थ लगाउन तिमीहरू
कसरी जान्दैनौ ?

**५७**"कुन कुरा ठीक हो भनी तिमीहरूले
आफ्नै निम्ति किन निर्णय गर्दैनौ ?
**५८**तिमीहरूका उजूरवालासँग हाकिमकहाँ
जाँदैगर्दा, ऊसँग बाटोमा नै मिलाप गर्न

---

**१२:५०**–मर्कूस १०:३८. **१२:५३**–मीका ७:६.

भरमग्दूर प्रयास गर, नत्रता त्यसले तिमीलाई तानेर न्यायाधीशकहाँ लैजानेछ, र न्यायाधीशले तिमीलाई अधिकारीको जिम्मामा लगाउनेछ, र अधिकारीले तिमीलाई झ्यालखानमा हालिदिनेछ ।
**५९**म तिमीहरूलाई भन्दछु, एक-एक पैसा नतिरुन्जेल तिमी त्यहाँबाट बाहिर निस्कन पाउनेछैनौ ।"

## पश्चात्ताप वा विनाश

**१३** अब त्यहाँ कोही मानिसहरू उपस्थित थिए, जसले येशूलाई ती गालिलीहरूका विषयमा बताए, जसलाई पिलातसले हत्या गरी तिनीहरूका रगत बलि पशुका रगतसँग नै मिसाइदिएका थिए ।
**२**अनि येशूले जवाफ दिनुभयो, "यस प्रकारले यातना पाएका कारण के ती गालिलीहरू अरू सबै गालिलीहरूभन्दा बढ़ी पापी थिए भनी तिमीहरू सम्झन्छौ ?
**३**म तिमीहरूलाई भन्दछु, त्यसो होइन ! तर तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू पनि सबै नाश हुनेछौ ।
**४**अथवा ती अठार जना जसमाथि सिलोआमको धरहरा ढल्दा मरेका थिए, के तिनीहरू यरूशलेममा बस्ने अरू सबै मानिसहरूभन्दा बढ़ी दोषी थिए भनी तिमीहरू सम्झन्छौ ?
**५**म तिमीहरूलाई भन्दछु, त्यसो होइन ! तर तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू पनि सबै नाश हुनेछौ ।"

**६**त्यसपछि उहाँले यो दृष्टान्त भन्नुभयो: "कुनै एक जना मानिसको उसको आफ्नै दाखबारीमा रोपेको एउटा अञ्जीरको बोट थियो । त्यस बोटमा फल छ कि भनी त्यो हेर्न आयो, तर त्यहाँ एउटै पनि फल भेट्टाएन ।
**७**यसकारण त्यसले दाखबारीको हेरचाहा गर्ने मालीलाई भन्यो, 'अब तीन वर्ष भइसक्यो, म यो अञ्जीरको बोटमा फल खोज्न आइरहेको छु, तर एउटै पनि पाएको छैन । यसलाई काटेर ढालिदेऊ ! यसले किन यो जमिन ओगट्ने ?'

**८**"मालीले जवाफ दियो, 'मालिक, यसलाई अझै एक वर्ष रहन दिनुहोस् । म यसको वरपर खन्नेछु र मल हाल्नेछु ।
**९**यसले अर्को वर्ष फल फलायो भने, राम्रै भयो ! नत्र, यसलाई काटेर ढालिदिनुहोस् ।'"

## विश्राम-दिनमा एउटी कुप्री स्त्री निको भएकी

**१०**एक विश्राम-दिनमा येशूले एउटा सभाघरमा शिक्षा दिइरहनुभएको थियो ।
**११**अनि त्यहाँ अठार वर्षदेखि कूँजो पार्ने दुष्ट आत्मा लागेकी एउटी स्त्री थिई । त्यो स्त्री कुप्री परेकी थिई र आफैलाई कति पनि सीधा पार्न सक्दिन थिई ।
**१२**येशूले त्यसलाई देख्नुभएपछि त्यसलाई अगि बोलाएर भन्नुभयो, "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ ।"
**१३**त्यसपछि उहाँले त्यसमाथि आफ्नो हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी ।

**१४**येशूले विश्राम-दिनमा निको पार्नुभएको हुनाले, क्रोधित भएका सभाघरका शासकले मानिसहरूलाई भने, "काम गर्नका निम्ति छ दिनहरू छँदैछन् । त्यसकारण यी छ दिनभित्र आओ र निको होओ, विश्राम-दिनमा होइन ।"

**१५**प्रभुले तिनलाई जवाफ दिनुभयो, "ए कपटीहरू ! के तिमीहरूमध्ये हरेकले विश्राम-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर त्यसलाई पानी खुवाउन बाहिर लैजाँदैनौ र ?
**१६**त्यसो भए शैतानले अठार वर्षसम्म बन्धनमा राखेको अब्राहामकी यी छोरी विश्राम-दिनमा यस बन्धनबाट मुक्त हुनुपर्ने होइन र ?"

**१७**उहाँले यो कुरा भन्नुभएपछि, उहाँका सबै विरोधीहरू शर्ममा परे, तर अरू मानिसहरू उहाँले गरिरहनुभएका सबै उदेकका कामहरूमा आनन्दित भए ।

---

**१३:१४**–प्रस्थान २०:९-१०; व्यवस्था ५:१३-१४.

## रायोको बीउ र खमिरको दृष्टान्त

*मत्ती १३:३१-३३; मर्कूस ४:३०-३२*

**१८**त्यसपछि येशूले भन्नुभयो, "परमेश्वरको राज्य के जस्तो छ ? म यसलाई केसित तुलना गरूँ ? **१९**यो त रायोको एउटा बीउजस्तो हो, जो कुनै मानिसले लिएर आफ्नो बारीमा रोप्यो । त्यो बढ्यो र एउटा रूख भयो, अनि आकाशका चराचुरुङ्गीहरूले त्यसका हाँगाहरूमा गुँड़ लगाए ।"

**२०**अनि उहाँले फेरि भन्नुभयो, "परमेश्वरको राज्यलाई म केसित तुलना गरूँ ? **२१**यो त त्यो खमिरजस्तै हो, जो एउटी स्त्रीले लिई र धेरै पीठोमा मिसाई अनि सम्पूर्ण पीठो नछिचलुन्जेल राखी ।"

## साँघुरो ढोका

**२२**त्यसपछि येशू यरूशलेमतिर जाँदैगर्नुहुँदा, उहाँ शहर-शहर र गाउँ-गाउँमा शिक्षा दिँदै जानुभयो । **२३**कुनै एक जनाले उहाँलाई सोध्यो, "प्रभु, के थोरै मानिसहरूले मात्र उद्धार पाउने हुन् र ?"

तर उहाँले तिनीहरूलाई भन्नुभयो, **२४**"साँघुरो ढोकाबाट भित्र पस्न हरप्रयास गर, किनकि म तिमीहरूलाई भन्दछु, धेरै जना भित्र पस्न खोज्नेछन्, तर सक्नेछैनन् । **२५**जब घरका मालिक उठेर एकपल्ट ढोका बन्द गर्नेछन्, तब तिमीहरू बाहिर उभिएर यसो भनी बिन्ती गर्दै ढोका ढक्ढक्याउनेछौ, 'हजूर, हाम्रा निम्ति ढोका खोलिदिनुहोस् ।'

"तर तिनले जवाफ दिनेछन्, 'तिमीहरू को हौ वा कहाँबाट आएका हौ, म चिन्दिनँ ।'

**२६**"तब तिमीहरूले भन्न लाग्नेछौ, 'हामीले त तपाईंसँगै खायौं र पियौं, अनि तपाईंले हाम्रै गल्लीहरूमा शिक्षा दिनुभयो ।'

**२७**"तर तिनले यस्तो जवाफ दिनेछन्, 'तिमीहरू को हौ, वा कहाँबाट आएका हौ, म चिन्दिनँ । ए सबै दुष्ट काम गर्नेहरू हो, मबाट दूर होओ !'

**२८**"अनि जब तिमीहरूले अब्राहाम, इसहाक, याकूब र सबै अगमवक्ताहरूलाई परमेश्वरको राज्यभित्र भएका, तर तिमीहरू आफैलाई भने बाहिर फालिएका देख्नेछौ, तब त्यहाँ विलाप र दाह्रा किटाइ हुनेछ । **२९**मानिसहरू पूर्व, पश्चिम, उत्तर र दक्षिणबाट आउनेछन् अनि परमेश्वरको राज्यको भोजमा बस्नेछन् । **३०**वास्तवमा पछिल्ला हुनेहरू पहिला, र पहिला हुनेहरू पछिल्ला हुनेछन् ।"

## यरूशलेमको निम्ति येशूको विलौना

*मत्ती २३:३७-३९*

**३१**त्यसबेला कोही फरिसीहरू येशूकहाँ आएर उहाँलाई भने, "यहाँबाट अरू कुनै ठाउँमा गइहाल्नुहोस् । किनकि हेरोदले तपाईंलाई मार्न चाहन्छन् ।"

**३२**उहाँले भन्नुभयो, "गएर त्यस फ्याउरोलाई भनिदेओ, 'आज र भोलि म भूतहरू धपाउँछु र मानिसहरूलाई निको पार्छु, अनि तेस्रो दिनमा म आफ्नो लक्ष्यमा पुग्नेछु ।' **३३**जेसुकै आइपरे तापनि आज, भोलि र पर्सि म अगि बढ़िरहनै पर्छ, किनकि यो निश्चित नै छ, यरूशलेमभन्दा बाहिर त कुनै अगमवक्ताको मृत्यु हुँदैन !

**३४**"ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्छस् र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गा हान्छस्, मैले कतिपल्ट तेरा बालकहरूलाई पोथीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुलेझैँ बटुल्न तिर्सना गरें, तर तँ मानिनस् ! **३५**हेर्, तेरो घर तेरो निम्ति उजाड़ पारेर छोड़िएको छ । म तँलाई भन्दछु, तैंले 'परमप्रभुको नाउँमा आउनुहुने धन्यका हुनुहुन्छ' भनी नभनेसम्म तैंले मलाई फेरि देख्नेछैनस् ।"

## येशू एक जना फरिसीको घरमा

**१४** एक विश्राम-दिनमा येशू एक जना प्रतिष्ठित फरिसीको घरमा भोजनमा

---

**१३:२७**–भजन ६:८. **१३:२८**–मत्ती २२:१३; २५:३०. **१३:२८–२९**–मत्ती ८:११-१२.
**१३:३०**–मत्ती १९:३०; २०:१६; मर्कूस १०:३१. **१३:३५**–भजन ११८:२६; यर्मिया २२:५.

जानुभएको थियो, र उहाँको होशियारीपूर्वक
चियो भइरहेको थियो । **२**अनि त्यहाँ उहाँको
अघिल्तिर जलग्रह रोगले पीड़ित एक जना
मानिस थियो । **३**येशूले फरिसीहरू र व्यवस्थाका
विद्वान्हरूलाई सोध्नुभयो, "विश्राम-दिनमा निको
पार्नु ठीक छ कि छैन ?" **४**तर तिनीहरू चुप
लागिरहे । त्यसकारण उहाँले त्यस मानिसलाई
लिएर निको पार्नुभयो र त्यसलाई पठाउनुभयो ।

**५**त्यसपछि उहाँले तिनीहरूलाई सोध्नुभयो,
"तिमीहरूमध्ये कसैको छोरा वा गोरु छ र
त्यो विश्राम-दिनमा इनारमा खस्यो भने, के
तिमीहरूले झट्टै त्यसलाई निकाल्दैनौ र ?"
**६**अनि तिनीहरूको भन्नु केही थिएन ।

**७**त्यहाँ आएका पाहुनाहरूले टेबुलमा
आदरको स्थान छानेका देखेर उहाँले
तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: **८**"जब
कसैले तिमीलाई विवाह भोजमा निम्तो दिन्छ,
तब आदरको स्थानमा नबस, किनकि तिमीभन्दा
बढ़ी विशिष्ट व्यक्ति पनि त्यहाँ निम्त्याइएको
हुनसक्छ । **९**यदि त्यसो रहेछ भने, तिमीहरू
दुवैलाई निम्तो दिने मेजमानले आएर तिमीलाई
भन्नेछ, 'तिमी बसेको आसन यिनलाई देऊ ।'
तब तिमी लज्जित भएर सबैभन्दा तल्लो स्थानमा
बस्नुपर्नेछ । **१०**तर तिमीले निम्तो पाएपछि
सबैभन्दा तल्लो स्थानमा बस, र तिम्रो मेजमान
आएर तिमीलाई भन्नेछ, 'ए मित्र, माथि सरेर
राम्रो स्थानमा बस्नुहोस् ।' तब तिमीसँग भोजमा
बस्नेहरू सबैका अगि तिमीलाई इज्जत हुनेछ ।
**११**किनकि आफूलाई उच्च तुल्याउने हरेक
होच्याइने छ, र आफूलाई होच्याउने उच्च
पारिनेछ ।"

**१२**त्यसपछि येशूले उहाँलाई निम्तो दिने
व्यक्तिलाई भन्नुभयो, "तिमीले दिवा अथवा रात्री
भोज लगाउँदा आफ्ना मित्रहरू, आफ्ना दाज्यूभाइ
अथवा आफन्तहरू, अथवा आफ्ना धनी
छिमेकीहरूलाई निम्तो नदेऊ; यदि त्यसो गऱ्यौ
भनेता, तिनीहरूले पनि साटोमा तिमीलाई निम्तो
दिन सक्नेछन् र तिम्रो गुण फर्काइदिनेछन् ।
**१३**तर तिमीले भोज लगाउँदैछौ भने गरीबहरू,
लुला, लङ्गड़ा, अन्धाहरूलाई निम्तो देऊ, **१४**अनि
तिमीले आशिष् पाउनेछौ । तिनीहरूले तिम्रो
गुण फर्काइदिन नसके तापनि, धर्मीहरू जीवित
हुँदा तिमीलाई प्रतिफल मिल्नेछ ।"

### ठूलो भोजको दृष्टान्त

*मत्ती २२:१-१४*

**१५**टेबुलमा उहाँसँग हुनेहरूमध्ये एक जनाले
यी कुराहरू सुनेर येशूलाई भन्यो, "त्यो मानिस
धन्य हो, जसले परमेश्‍वरको राज्यमा भोज
खानेछ ।"

**१६**येशूले जवाफ दिनुभयो: "कुनै एक
मानिसले एउटा ठूलो भोज लगाउने तयारी
गर्दैथिए र धेरै पाहुनाहरूलाई निम्तो दिए ।
**१७**भोजको समय हुँदा उनले आफ्नो नोकरलाई
निम्तो दिइएकाहरूलाई यसो भन्न पठाए,
'आउनुहोस्, अब सबै थोक तयार छ ।'

**१८**"तर तिनीहरू सबैले समान रूपले
बहाना बनाउन लागे । पहिलोले भन्यो, 'मैले
भर्खरै एउटा जमिन किनेको छु, र म त्यो हेर्न
जानुपर्छ । कृपया मलाई माफ गर्नुहोस् ।'

**१९**"अर्कोले भन्यो, 'मैले भर्खरै पाँच हल
गोरुहरू किनेको छु, र म तिनीहरूलाई जाँच
गर्न जाँदैछु । कृपया मलाई माफ गर्नुहोस् ।'

**२०**"अझै अर्कोले भन्यो, 'मेरो भर्खरै विवाह
भएको छ, त्यसकाण म आउन सक्दिनँ ।'

**२१**"नोकर फर्केर आयो र मालिकलाई
यसको खबर दियो । तब घरका मालिक
रिसाए र आफ्नो नोकरलाई आज्ञा दिए, 'झट्टै
बाहिर शहरका सड़क र गल्लीहरूमा जा, अनि
गरीबहरू, लुलाहरू, अन्धाहरू र लङ्गड़ाहरूलाई
यहाँभित्र ले ।'

**२२**"त्यो नोकरले भन्यो, 'हजूर, तपाईंले
आज्ञा गर्नुभएबमोजिम काम भयो, तर ठाउँ
अझै खाली छ ।'

**२३**"त्यसपछि मालिकले नोकरलाई भने, 'मूल
सड़क र गाउँतिर जाने गल्लीहरूमा जा अनि

**१४:५**–मत्ती १२:११. **१४:८-१०**–हितोपदेश २५:६-७. **१४:११**–मत्ती २३:१२; लूका १८:१४.

मानिसहरूलाई भित्र आउन कर गर्, र मेरो घर भरियोस् । २४म तिमीहरूलाई भन्दछु, निम्ताइएकाहरूमध्ये कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैनन् ।'"

## चेला बन्न चुकाउनुपर्ने मूल्य

२५येशूसँग मानिसहरूको ठूलो भीड़ साथमा जाँदैथियो, र तिनीहरूतिर फर्केर उहाँले भन्नुभयो: २६"यदि कोही मकहाँ आउँछ र आफ्ना बाबु र आमा, आफ्ना पत्नी र छोराछोरीहरू, आफ्ना दाज्यूभाइ र दिदीबहिनीहरू– हो, उसको आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन । २७अनि जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।

२८"भनौं तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गऱ्यो । तब के उसले पहिले नै बसेर त्यो बनाइसिद्ध्याउने पर्याप्त खर्च आफूसित छ कि छैन भनी हिसाब गर्दैन र ? २९किनकि यदि उसले जग लगायो तर त्यो सिद्ध्याउन सकेन भने, त्यो देख्ने हरेकले त्यसको गिल्ला गर्नेछन्, ३०अनि भन्नेछन्, 'यस मानिसले बनाउन त शुरु गऱ्यो, तर सिद्ध्याउन सकेन ।'

३१"अथवा भनौं कुनै एउटा राजा अर्को राजाको विरुद्ध लडाइँ गर्न जाँदैछ । तब के उसले पहिले नै बसेर आफूसँग भएका दश हजारले उसको विरुद्धमा बीस हजार लिएर आउँदैगरेको राजाको विरोध गर्न सक्छु कि सक्दिनँ भनी विचार गर्दैन र ? ३२ऊ असमर्थ छ भने, उसले त्यो अर्को राजा टाढ़ा छँदै नै मिलापको सर्त सोध्न प्रतिनिधिहरू पठाउनेछ । ३३त्यसै गरी, तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।

३४"नून असल हो, तर यदि यसले नुनिलोपन गुमायो भने, त्यो फेरि कसरी नुनिलो बन्छ र ? ३५त्यो नता माटोको निम्ति, नता मलको निम्ति काम लाग्दो हुन्छ; त्यो त बाहिर फालिन्छ ।
"जसका सुन्ने कान छन्, त्यसले सुनोस् ।"

## हराएको भेड़ाको दृष्टान्त

*मत्ती १८:१२-१४*

१५ कर उठाउनेहरू र पापीहरू सबै उहाँका वचन सुन्नलाई वरिपरि जम्मा भइरहेका थिए । २तर फरिसीहरू र व्यवस्थाका शिक्षकहरू गनगनाउँदै भन्न लागे, "यस मानिसले पापीहरूलाई ग्रहण गर्छ र तिनीहरूसित नै खानपान गर्छ ।"

३तब येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: ४"भनौं तिमीहरूमध्ये कसैको एक सय भेड़ा छन् र तीमध्ये एउटा हरायो । के उसले उनान्सयलाई खुला मैदानमै छोड़ेर हराएको भेड़ा नभेट्टाउञ्जेल त्यसको खोजी गर्दैन ? ५अनि हराएको भेड़ा भेट्टाएपछि उसले रमाउँदै त्यसलाई आफ्नो काँधमा बोक्छ ६र घर जान्छ । त्यसपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छ, 'मसँग रमाओ; मैले मेरो हराएको भेड़ा भेट्टाएँ ।' ७म तिमीहरूलाई भन्दछु, त्यसरी नै स्वर्गमा पनि पश्चात्ताप गर्न नपर्ने उनान्सय धर्मी जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि अझ बढ़ी आनन्द मनाइनेछ ।

## हराएको सिक्काको दृष्टान्त

८"अथवा भनौं एउटी स्त्रीसँग दशओटा चाँदीका सिक्का छन् र एउटा सिक्का हराई । के त्यसले त्यो सिक्का नपाउञ्जेल बत्ती बालेर, घर बढ़ारीकन होशियारीपूर्वक खोजी गर्दिन र ? ९अनि त्यो स्त्रीले त्यो सिक्का भेट्टाएपछि आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसँग रमाओ; मैले हराएको सिक्का भेट्टाएँ ।' १०म तिमीहरूलाई भन्दछु, त्यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द मनाइनेछ ।"

**१४:२६**–मत्ती १०:३७. **१४:२७**–मत्ती १०:३८; १६:२४; मर्कूस ८:३४; लूका ९:२३. **१५:१-२**–लूका ५:२९-३०.

## हराएको छोराको दृष्टान्त

**११**येशूले भन्ने क्रम जारी राख्नुभयो: “कुनै
मानिसका दुई छोराहरू थिए। **१२**कान्छाले आफ्ना
बाबुलाई भन्यो, ‘पिता, मेरो भागमा पर्ने अंश
मलाई दिनुहोस् ।’ तब तिनले आफ्नो सम्पत्ति
तिनीहरूलाई बाँड़िदिए ।

**१३**“अनि धेरै दिन नबित्दै कान्छो छोरो
आफूसँग भएको सबै धन-सम्पत्ति बटुलेर टाढ़ा
देशमा जान हिँड्यो र त्यहाँ त्यसले आफ्नो
सम्पत्ति भोग-विलासमा उड़ायो । **१४**त्यसले
सबै खर्च गरिसकेपछि, त्यो सारा देशभरि
ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव
हुन थाल्यो। **१५**यसकारण त्यो गएर त्यस देशका
एक जना नागरिककहाँ काम माग्यो, जसले
त्यसलाई सुँगुरहरू चराउन आफ्नो खेतमा
पठायो। **१६**त्यसले सुँगुरले खाने चारोले आफ्नो
पेट भर्न चाहन्थ्यो, तर कसैले पनि त्यसलाई
केही दिएन ।

**१७**“त्यसको आफ्नो चेत खुलेपछि त्यसले
भन्यो, ‘मेरा बाबुका कति धेरै ज्यालादारी
चाकरहरूसँग खाएर उबार्नेसमेत भोजन हुन्छ,
तर म यहाँ भोकले मर्दैछु ! **१८**म उठेर मेरा
बाबुकहाँ फर्केर जानेछु र उहाँलाई भन्नेछु:
पिता, मैले स्वर्गको विरुद्धमा र तपाईंको
विरुद्धमा पाप गरेको छु । **१९**म अब तपाईंको
छोरो भनिने योग्यको छैन; मलाई तपाईंका
ज्यालादारी चाकरसरह एउटा बनाउनुहोस् ।’
**२०**अनि त्यो उठेर आफ्नो बाबुकहाँ गयो ।

“तर त्यो अझै पनि धेरै टाढ़ा छँदा नै,
त्यसका बाबुले त्यसलाई देखे र तिनी त्यसप्रति
दयाले भरिए; तिनी आफ्नो छोराकहाँ दगुर्दै गए
र त्यसलाई अँगालो हाली त्यसलाई चुम्बन
गरे ।

**२१**“छोराले बाबुलाई भन्यो, ‘पिता, मैले
स्वर्गको विरुद्धमा र तपाईंको विरुद्धमा पाप
गरेको छु । म अब तपाईंको छोरो भनिने
योग्यको छैनँ । मलाई तपाईंका ज्यालादारी
चाकरसरह एउटा बनाउनुहोस् ।’

**२२**“तर बाबुले आफ्ना नोकरहरूलाई भने,
‘छिटो गर ! सबैभन्दा असल वस्त्र ल्याएर
यसलाई पहिराइदेओ । यसको हातमा औंठी र
खुट्टामा जुत्ता लगाइदेओ। **२३**पालिराखेको मोटो
पशु ल्याएर मार । हामी भोज गरौं र आनन्द
मनाऔं । **२४**किनकि यो मेरो छोरो मरेको
थियो र फेरि जीवित भएको छ; यो हराएको
थियो र भेट्टाइयो ।’ अनि तिनीहरूले आनन्द
मनाउन लागे ।

**२५**“त्यस बेला, जेठो छोरो खेतमा थियो ।
त्यो घरको नजीकै आइपुग्दा त्यसले बाजा र
नाचगानको आवाज सुन्यो । **२६**त्यसकारण
त्यसले एउटा नोकरलाई बोलाएर के
हुँदैछ भनी सोध्यो । **२७**त्यसले जवाफ दियो,
‘तपाईंको भाइ आइपुगे, अनि तपाईंका बाबुले
पालिराखेको मोटो पशु मार्नुभयो, किनकि उहाँले
तिनलाई सुरक्षित र स्वस्थ नै भेट्टाउनुभयो ।’

**२८**“जेठो दाज्यू रिसायो र भित्र जान
मानेन । त्यसकारण त्यसका बाबु बाहिर गए
र त्यसलाई बिन्ती गरे । **२९**तर त्यसले आफ्नो
बाबुलाई जवाफ दियो, ‘हेर्नुहोस् ! यतिका
वर्षसम्म मैले तपाईंको सेवा गरिरहेको छु
र तपाईंका आज्ञा कहिल्यै पनि उल्लङ्घन
गरिनँ । तापनि मैले मेरा साथीहरूसँग आनन्द
मनाउन सकूँ भनेर तपाईंले मलाई कहिल्यै
एउटा पाठो पनि दिनुभएन। **३०**तर जब तपाईंको
सम्पत्ति वेश्याहरूसँग उड़ाउने तपाईंको यो
छोरो घर आयो, तब तपाईंले त्यसका निम्ति
पालिराखेको मोटो पशु मार्नुभयो ।’

**३१**“बाबुले भने, ‘मेरो छोरा, तँ त सधैं
मैसँग छस् र मसँग भएका सबै थोक तेरै
हुन् । **३२**तर हामीले आनन्द मनाएर खुशी
हुनपर्ने नै हो, किनकि तेरो यो भाइ मरेको
थियो र फेरि जीवित भएको छ; यो हराएको
थियो र भेट्टाइयो ।’”

## चलाख व्यवस्थापक

**१६** येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो:
“कुनै धनी मानिसको एक जना
व्यवस्थापक थियो र उसलाई आफ्ना मालिकको
धन-सम्पत्ति उड़ाइरहेको छ भन्ने अभियोग
लागेको थियो। **२**त्यसकारण मालिकले त्यसलाई

बोलाएर सोधे, 'मैले तिम्रो बारेमा जे सुन्दैछु, त्यो के हो ? तिम्रो कामको हिसाब देऊ, किनकि अब उप्रान्त तिमी व्यवस्थापक रहिरहनेछैनौ ।'

**३**"त्यो व्यवस्थापकले आफ्नो मनमनै भन्यो, 'अब म के गरूँ ? मेरा मालिकले मेरो काम खोस्न लागेका छन् । खनजोत गर्ने मेरो बल छैन, अनि भीख माग्न मलाई लाज लाग्छ–
**४**मैले के गर्नेछु, त्यो मलाई थाहा छ, सो गर्दा म यहाँको कामबाट हटाइएपछि पनि मानिसहरूले मलाई तिनीहरूका घरमा स्वागत गर्नेछन् ।'

**५**"तब त्यसले आफ्ना मालिकका ऋणीहरूमध्ये हरेकलाई बोलायो । त्यसले पहिलोलाई सोध्यो, 'तिमीलाई मेरा मालिकको कति ऋण छ ?'

**६**"उसले भन्यो, 'तीन हजार लिटर जैतूनको तेल ।'

"व्यवस्थापकले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ र चाँडो बसेर पन्ध्र सय लिटर लेख ।'

**७**"त्यसपछि त्यसले दोश्रोलाई सोध्यो, 'तिमीलाई कति ऋण छ ?'

"उसले भन्यो, 'तीन सय पचास क्विन्टल गहूँ ।'

"त्यसले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ र तीन सय क्विन्टल लेख ।'

**८**"त्यसले चतुऱ्याइपूर्वक काम गरेकोले त्यसका मालिकले त्यो बेइमान् व्यवस्थापकको सराहना गऱ्यो । किनकि यस संसारका मानिसहरू आफूजस्तै अरू मानिसहरूसँग व्यवहार गर्ने काममा ज्योतिका मानिसहरूभन्दा अझ बढ़ी चलाख हुन्छन् ।
**९**म तिमीहरूलाई भन्दछु, संसारको धन प्रयोग गरेर आफ्ना निम्ति मित्रहरू बनाओ र त्यो धन सकिएपछि तिमीहरूले अनन्त वासस्थानमा स्वागत पाउनेछौ ।

**१०**"जसलाई थोरै कुरामा भरोसा गर्न सकिन्छ, त्यसलाई धेरै कुरामा पनि भरोसा गर्न सकिन्छ, अनि जो सानो कुरामा बेइमान् हुन्छ, त्यो धेरै कुरामा पनि बेइमान् हुन्छ ।
**११**त्यसैले यदि तिमीहरू सांसारिक धन चलाउने काममा इमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनका निम्ति कसले भरोसा गर्ला ?
**१२**अनि यदि तिमीहरू अरू कसैको धनमा इमानदार भएनौ भने, तिमीहरूलाई तिम्रो आफ्नै धन कसले देला र ?

**१३**"कुनै पनि दासले दुई मालिकको सेवा गर्न सक्दैन । कि त त्यसले एउटालाई घृणा गरेर अर्कोलाई प्रेम गर्नेछ, कि त त्यो एउटाप्रति भक्त बनेर अर्कालाई तुच्छ ठान्नेछ । तिमीहरूले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ ।"

**१४**फरिसीहरू, जसले धनको लोभ गर्थे, यी सबै कुरा सुनेर तिनीहरूले उहाँका विरुद्ध ओठ लेप्र्याउँदै थिए ।
**१५**उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसहरूका सामुन्ने आफैलाई धर्मी ठहराउने मानिसहरू तिमीहरू नै हौ, तर तिमीहरूका हृदय परमेश्वरले जान्नुहुन्छ । मानिसहरूका बीचमा जे उच्च ठानिएको हुन्छ, त्यो परमेश्वरको दृष्टिमा घृणित हुन्छ ।

## अन्य शिक्षाहरू

**१६**"व्यवस्था र अगमवक्ताका वचन यूहन्नाका पालासम्म प्रचार गरिए । त्यस बेलादेखि परमेश्वरको राज्यको सुसमाचार प्रचार भइरहेको छ, अनि हरेक व्यक्तिले आफू त्यसभित्र पस्न जबरजस्ती गर्दैछ ।
**१७**तर व्यवस्थाबाट एक मात्रा पनि हट्नभन्दा स्वर्ग र पृथ्वी टलिजान सजिलो छ ।

**१८**"जसले आफ्नी स्वास्नीलाई त्यागेर अर्की स्त्रीलाई विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, र लोग्नेबाट त्यागिएकी कुनै स्त्रीलाई विवाह गर्ने मानिसले पनि व्यभिचार गर्दछ ।

## धनी मानिस र लाजरस

**१९**येशूले भन्नुभयो, "एउटा धनी मानिस थियो र ऊ बहुमूल्य बैजनी वस्त्र र मिहिन

**१६:१३**–मत्ती ६:२४. **१६:१६**–मत्ती ११:१२-१३. **१६:१७**–मत्ती ५:१८. **१६:१८**–मत्ती ५:३२; १ कोरिन्थी ७:१०-११.

मलमल लगाएर दिनहुँ सुविस्तामा बस्दथ्यो ।
२०उसको ढोकामा लाजरस नाउँ भएको एउटा
माग्ने राखिन्थ्यो, जसको शरीर घाउ नै घाउले
भरिएको थियो, २१अनि त्यसले धनी मानिसको
टेबुलबाट झरेका भोजनका टुक्राटाक्री खाने
इच्छा गर्दथ्यो । कुकुरहरूले पनि आएर त्यसका
घाउहरू चाट्थे ।

२२"समय आयो अनि त्यो माग्ने मऱ्यो र
स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको
साथमा राखे । त्यो धनी मानिस पनि मऱ्यो र
गाड़ियो । २३नरकमा, जहाँ ऊ यातनामा थियो,
उसले त्यहाँबाट नजर उठाएर हेऱ्यो र टाढ़ामा
अब्राहाम र उनको साथमा लाजरसलाई
देख्यो । २४तब उसले उनलाई कराएर भन्यो,
'हे पिता अब्राहाम, ममाथि दया गर्नुहोस् र
लाजरसलाई त्यसको औंला पानीमा चोपेर
मेरो जिब्रोलाई शीतल पारिदिन यहाँ
पठाइदिनुहोस्, किनकि म यस आगोमा कठोर
वेदनामा छु ।'

२५"तर अब्राहामले जवाफ दिए, 'छोरा,
याद गर, तिमीले तिम्रो जीवनकालमा
असल-असल कुराहरू प्राप्त गऱ्यौ, तर
लाजरसले दुःखमात्र पायो, तर अहिले उसले
यहाँ आराम पाउँदैछ र तिमी वेदनामा छौ ।
२६अनि यसबाहेक पनि, यहाँबाट तिमीकहाँ जान
चाहनेहरू जान नसकून्, र त्यहाँबाट पनि
कोही पार गरेर यहाँ आउन नसकून् भनेर
हामीहरूका बीचमा एउटा अति गहिरो धाँदो
बनाइएको छ ।'

२७"उसले भन्यो, 'त्यसो भए, हे पिता, म
तपाईंलाई बिन्ती गर्छु, लाजरसलाई मेरा बाबुको
घरमा पठाइदिनुहोस्, २८किनकि मेरा पाँच
भाइहरू त्यहाँ छन् । त्यसले तिनीहरूलाई
चेतावनी देओस्, जसबाट तिनीहरू पनि यो
यातनाको ठाउँमा नआऊन् ।'

२९"अब्राहामले जवाफ दिए, 'तिनीहरूसित
मोशा र अगमवक्ताका पुस्तकहरू छन्;
तिनीहरूले तिनलाई सुनून् ।'

३०"उसले भन्यो, 'होइन, पिता अब्राहाम,
तर मरेकाहरूबाट कोही एक जना तिनीहरूकहाँ
गयो भनेता, तिनीहरूले पश्चात्ताप गर्नेछन् ।'

३१"तिनले उसलाई भने, 'यदि तिनीहरूले
मोशा र अगमवक्ताका वचन सुन्दैनन् भने,
मरेकाहरूबाट कोही जीवित भए तापनि
तिनीहरूले विश्वास गर्ने छैनन् ।'"

## पाप, विश्वास र कर्तव्य

१७ येशूले उहाँका चेलाहरूलाई भन्नुभयो:
"मानिसहरूलाई पाप गर्न लगाउने
कुराहरू त आउनु बाध्य नै छ, तर धिक्कार
तिनीहरूलाई जसद्वारा ती आउँछन् । २यी
सानाहरूमध्ये एउटालाई पाप गर्न लाउनुभन्दा त
त्यसलाई त्यसको घाँटीमा जाँतोको एउटा चक्का
झुण्डचाई समुद्रमा फालिदिनु त्यसको निम्ति
असल हुनेथियो । ३त्यसकारण आफैलाई जाँच
गर ।

"तिम्रो भाइले अपराध गऱ्यो भने, त्यसलाई
हप्काऊ र त्यसले पश्चात्ताप गऱ्यो भने,
त्यसलाई क्षमा गर । ४अनि त्यसले तिम्रो
विरुद्धमा दिनमा सातपल्ट अपराध गऱ्यो, र
सातैपल्ट फर्केर आई तिमीलाई 'म पश्चात्ताप
गर्छु' भन्यो भने, त्यसलाई क्षमा गर ।"

५प्रेरितहरूले प्रभुलाई भने, "हाम्रो विश्वास
बढाइदिनुहोस् ।"

६उहाँले जवाफ दिनुभयो, "तिमीहरूमा
रायोको दानाजत्रो मात्रै विश्वास भएदेखि,
तिमीहरूले यो किम्बुको रूखलाई 'तँ उखेलिएर
समुद्रमा रोपिन जा' भनी भन्न सक्छौ र यसले
तिम्रो आज्ञा मान्नेछ ।

७"भनौं तिमीहरूमध्ये कसैको एउटा नोकर
खेत जोत्न कि भेड़ा चराउन गएको छ । के
उसले त्यो नोकरलाई खेतबाट त्यो फर्केर
आएपछि 'अब आइज र खान बस्' भन्छ र ?
८बरु उसले, 'मेरो खाना तयार गर्, आफूलाई
तयार राख् र मैले खानपान नगरुञ्जेल मेरो
सेवाटहल गर्; त्यसपछि तैंले खानपान गर्न

**१७:३**–मत्ती १८:१५.

सक्नेछस्' भनी भन्दैन र ? **९**नोकरले त्यसलाई
अह्राइएको काम गरेकोले उसले त्यस
नोकरलाई धन्यवाद दिन्छ र ? **१०**त्यसै गरी,
तिमीहरूले पनि जब तिमीहरूलाई अह्राइएका
सबै कामहरू गरिसिद्ध्याउँछौ तब यसो
भन्नुपर्छ, 'हामी अयोग्य दास हौं; हामीले त
केवल आफ्ना कर्तव्यमात्र पालन गरेका छौं ।'"

## दश कुष्ठरोगीहरू निको भएका

**११**यरूशलेम जाने आफ्नो यात्राको क्रममा
येशू सामरिया र गालीलबीचको सिमाना भएर
जाँदैहुनुहुन्थ्यो । **१२**उहाँ कुनै गाउँमा पस्न
लाग्नुहुँदा कुष्ठरोग लागेका दश जनाले उहाँलाई
भेटे । तिनीहरू केही टाढ़ै उभिए, **१३**अनि चर्को
सोरमा उहाँलाई विन्ती गरे, "हे येशू, गुरुज्यू,
हामीमाथि कृपा गर्नुहोस् !"
**१४**तिनीहरूलाई देखेर उहाँले भन्नुभयो,
"जाओ, र आफैलाई पूजाहारीकहाँ देखाओ ।"
अनि तिनीहरू जाँदाजाँदै निको भए ।
**१५**तिनीहरूमध्येको एक जनाले आफू निको
भएको देखेपछि चर्को सोरमा परमेश्वरको
प्रशंसा गर्दै फर्केर आयो । **१६**अनि ऊ येशूको
पाउमा घोप्टो परेर उहाँलाई धन्यवाद दियो—
त्यो एक सामरी थियो ।
**१७**येशूले सोध्नुभयो, "के दशै जना नै
निको भएका होइनन् र ? अरू नौ जना कहाँ
गए ? **१८**के फर्किआएर परमेश्वरलाई प्रशंसा
दिने यो परदेशीबाहेक अरू कोही भएन ?"
**१९**त्यसपछि उहाँले त्यसलाई भन्नुभयो, "उठ
र जाऊ; तिम्रो विश्वासले तिमीलाई निको
पारेको छ ।"

## परमेश्वरको राज्यको आगमन

*मत्ती २४:२३-२८; ३७-४१*

**२०**परमेश्वरको राज्य कहिले आउँछ
भनी सोधिएपछि येशूले जवाफ दिनुभयो,
"परमेश्वरको राज्य तिमीहरूको होशियार
हेराइमा आउँदैन, **२१**नता मानिसहरूले 'यो यहाँ
छ,' अथवा 'त्यहाँ छ,' भनी भन्नेछन्, किनकि
परमेश्वरको राज्य तिमीहरूभित्र नै छ ।"
**२२**त्यसपछि आफ्ना चेलाहरूलाई उहाँले
भन्नुभयो, "समय आउँदैछ, जब तिमीहरूले म,
मानव-पुत्रलाई कुनै एक दिन हेर्न इच्छा गर्नेछौ,
तर तिमीहरूले देख्नेछैनौ । **२३**मानिसहरूले
तिमीहरूलाई, 'ऊ त्यहाँ छ !' अथवा 'हेर, ऊ
यहाँ छ !' भन्नेछन् । तिनीहरूका पछि दगुर्दै
नजाओ । **२४**किनकि जसरी बिजुली चम्कँदा
आकाशको एक छेउदेखि अर्को छेउ उज्यालो
हुन्छ, म, मानव-पुत्रले पनि आफ्नो दिनमा
त्यस्तै गर्नेछु । **२५**तर पहिले मैले धेरै कष्टहरू
भोग्नेछु अनि यस पुस्ताबाट तिरस्कृत हुनेछु ।
**२६**"नूहका दिनमा भएको जस्तै म, मानव-
पुत्रको दिनमा पनि त्यस्तै हुनेछ । **२७**नूह जहाजभित्र
पस्ने दिनसम्म नै मानिसहरू खाँदैथिए, पिउँदैथिए
र विवाह गर्दै र गरिदिँदैथिए । तब जलप्रलय
आयो र तिनीहरू सबैलाई नष्ट पाऱ्यो ।
**२८**"लूतका दिनमा पनि त्यस्तै थियो ।
मानिसहरू खाँदैथिए, पिउँदैथिए, किनबेच
गर्दैथिए, रोप्दैथिए र बनाउँदैथिए । **२९**तर लूतले
सदोम छोड़ेकै दिनमा आकाशबाट आगो र
गन्धक बर्स्यो र तिनीहरू सबैलाई नष्ट पाऱ्यो ।
**३०**"म, मानव-पुत्र प्रकट हुने दिनमा ठीक
यस्तै हुनेछ । **३१**त्यस दिन कोही घरको छानामा
छ र त्यसका मालसामान घरभित्र छ भने, ती
लिनलाई त्यो तल नजाओस् । त्यसै गरी, खेतमा
भएको कोही पनि केही लिन नफर्कोस् । **३२**लूतकी
स्वास्नीलाई सम्झ ! **३३**जसले आफ्नो जीवन
बचाउन खोज्छ, त्यसले त्यो गुमाउनेछ र
जसले आफ्नो जीवन गुमाउँछ, त्यसले त्यो
बचाउनेछ । **३४**म तिमीहरूलाई भन्दछु, त्यस
रात दुई जना मानिस एउटै ओछ्यानमा हुनेछन्;
एउटा लगिनेछ र अर्को छोड़िनेछ । **३५**दुई स्त्रीहरू
सँगसँगै अन्न पिँधिरहेका हुनेछन्; एउटी लगिनेछे,
अर्की छोड़िनेछे । **३६**दुई जना मानिसहरू खेतमा

**१७:१४**–लेवी १४:१-३२. **१७:२६**–उत्पत्ति ६:५-८. **१७:२७**–उत्पत्ति ७:६-२४.
**१७:२८–२९**–उत्पत्ति १८:२०-१९:२५. **१७:३१**–मत्ती २४:१७-१८; मर्कूस १३:१५-१६. **१७:३२**–उत्पत्ति १९:२६.
**१७:३३**–मत्ती १०:३९; १६:२५; मर्कूस ८:३५; लूका ९:२४; यूहन्ना १२:२५.

हुनेछन्; एउटा लगिनेछ, अर्को छोड़िनेछ ।"
**३७**तिनीहरूले सोधे, "कहाँ प्रभु ?"
उहाँले जवाफ दिनुभयो, "जहाँ सिनु हुन्छ,
त्यहाँ गिद्धहरू भेला हुन्छन् ।"

### अन्यायमा परेकी विधवा

**१८** तिनीहरूले सधैँ प्रार्थना गरिरहनुपर्छ
र निराश हुनुहुँदैन भन्ने कुरा दर्शाउन
येशूले चेलाहरूलाई एउटा दृष्टान्त भन्नुभयो ।
**२**उहाँले भन्नुभयो: "कुनै एउटा शहरमा एक
जना न्यायाधीश थिए; तिनले परमेश्वरको
भय मान्दैनथिए र मानिसको वास्ता पनि
गर्दैनथिए । **३**त्यसै शहरमा एउटी विधवा थिई,
जो तिनीकहाँ यस्तो बिन्ती लिएर आइरहन्थी,
'मेरो वादीविरुद्ध मलाई न्याय दिनुहोस् ।'
**४**"केही समयसम्म त तिनले इन्कार गरे ।
तर पछि तिनले आफ्नो मनमा भन्नलागे, 'म
परमेश्वरको डर मान्दिनँ र मानिसहरूको वास्ता
पनि गर्दिनँ, **५**तापनि यस विधवाले मलाई
हैरान पारिरहेकी हुनाले म त्यसलाई न्याय
दिलाउनेछु, जसबाट त्यसले आइरहेर अन्त्यमा
मलाई वाक्क बनाउनेछैन !'"
**६**अनि प्रभुले भन्नुभयो, "ती अधर्मी
न्यायाधीशले के भन्दैछन् सुन । **७**तब के
परमेश्वरले दिनरात उहाँलाई पुकार्ने उहाँका
चुनिएकाहरूको न्याय गर्नुहुनेछैन र ? के उहाँ
तिनीहरूलाई बियाँलो गरी पन्छाइरहनुहुन्छ
र ? **८**म तिमीहरूलाई भन्दछु, उहाँले तिनीहरूको
न्याय गर्नुहुन्छ र त्यो झट्टै नै गर्नुहुन्छ । तापनि
जब म, मानव-पुत्र आउँछु, तब के मैले पृथ्वीमा
विश्वास भेट्टाउनेछु र ?"

### फरिसी र कर उठाउनेको दृष्टान्त

**९**आफ्नै धार्मिकतामा ढुक्क भई भरोसा
राखेर अरूहरूलाई तुच्छ दृष्टिले हेर्नेहरू
कसै-कसैलाई येशूले यो दृष्टान्त भन्नुभयो:
**१०**"दुई जना मानिस मन्दिरमा प्रार्थना गर्न
गए; एक जना फरिसी र अर्को कर उठाउने
मानिस । **११**फरिसी खड़ा भयो र आफ्नै विषयमा
यसरी प्रार्थना गर्‍यो: 'हे परमेश्वर, म तपाईंलाई
धन्यवाद दिन्छु, किनकि म अरू मानिसहरू,
अथवा डाँकू, दुष्ट काम गर्ने, व्यभिचारीहरूजस्ता
छैन, अथवा यही कर उठाउने मान्छेजस्तो पनि
छैन । **१२**म हप्तामा दुईपल्ट उपवास बस्छु र
आफूले पाएका थोकहरूबाट दशांश दिन्छु ।'
**१३**"तर त्यो कर उठाउने मानिस टाढ़ै
उभियो । त्यसले स्वर्गतिर पनि हेर्ने आँट
नगरी छाती पिट्दै, यसो भन्यो, 'हे परमेश्वर,
ममाथि दया गर्नुहोस्, म पापी छु ।'
**१४**"म तिमीहरूलाई भन्दछु, यो मानिस
परमेश्वरको अगि त्यो अर्कोभन्दा धर्मी
ठहरिएर घर फर्क्यो । किनकि आफूलाई उच्च
तुल्याउने हरेक होच्याइनेछ, र आफूलाई
होच्याउने उच्च पारिनेछ ।"

### साना बालकहरू र येशू

*मत्ती १९:१३-१५; मर्कूस १०:१३-१६*

**१५**मानिसहरूले आ-आफ्ना बालबालिका-
हरूलाई पनि येशूले तिनीहरूलाई छोइदेऊन्
भनी उहाँकहाँ ल्याउँदैथिए । यो देखेर
चेलाहरूले तिनीहरूलाई हप्काए । **१६**तर येशूले
बालबालिकाहरूलाई आफूकहाँ बोलाउनुभयो
र भन्नुभयो, "साना केटाकेटीहरूलाई मकहाँ
आउनदेओ, तिनीहरूलाई बाधा नदेओ, किनकि
स्वर्गको राज्य यस्तैहरूको हो । **१७**म तिमीहरूलाई
साँचो भन्दछु, जसले परमेश्वरको राज्यलाई
एउटा सानो बालकले झैँ ग्रहण गर्दैन, त्यो
कहिल्यै पनि त्यसमा प्रवेश गर्नेछैन ।"

### धनी शासक

*मत्ती १९:१६-३०; मर्कूस १०:१७-३१*

**१८**कुनै एक शासकले उहाँलाई सोधे, "हे असल
गुरु, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ?"
**१९**येशूले जवाफ दिनुभयो, "तिमी मलाई
किन असल भन्दछौ ? परमेश्वरबाहेक कोही
पनि असल छैन । **२०**तिमीलाई आज्ञाहरू त

---

**१८:१४**–मत्ती २३:१२; लूका १४:११.

थाहै छ: 'तैंले व्यभिचार नगर्नू, तैंले हत्या नगर्नू, नचोर्नू, झूटो साक्षी नदिनू, आफ्ना आमाबाबुको आदर गर्नू ।'"

**२१**तिनले भने, "यी आज्ञाहरू त मैले बालककालदेखि नै पालन गर्दैआएको छु ।"

**२२**यो सुनेर येशूले तिनलाई भन्नुभयो, "तिमीलाई अझै एउटा कुराको अभाव छ । तिमीसँग भएका सबै थोक बेचेर गरीबहरूलाई बाँड़िदेऊ, र तिम्रो निम्ति स्वर्गमा धन-सम्पत्ति हुनेछ । त्यसपछि आऊ, मेरोपछि लाग ।"

**२३**यो सुनेपछि तिनी साह्रै दु:खी भए, किनकि तिनी अत्यन्तै धेरै सम्पत्ति भएका मानिस थिए । **२४**येशूले तिनलाई हेरेर भन्नुभयो, "धनीहरूलाई परमेश्वरको राज्यमा प्रवेश गर्न कत्ति गाह्रो छ ! **२५**वास्तवमा, कुनै धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा त बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।"

**२६**यो सुन्नेहरूले सोधे, "त्यसोभए कसले उद्धार पाउन सक्छ त ?"

**२७**येशूले जवाफ दिनुभयो, "जे कुरा मानिसहरूका निम्ति असम्भव छन्, ती परमेश्वरका निम्ति सम्भव हुन्छन् ।"

**२८**पत्रुसले उहाँलाई भने, "तपाईंलाई पछ्याउनका निम्ति हामीले आफूसँग भएका सबै कुरा त्यागेका छौं !"

**२९**येशूले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, जसले परमेश्वरको राज्यको खातिर घर अथवा पत्नी अथवा दाज्यूभाइ अथवा बाबुआमा अथवा छोराछोरीलाई छोड़ेको छ, **३०**त्यसले यसै युगमा त्यसको धेरै गुणा र आउँदा युगमा अनन्त जीवन प्राप्त गर्नेछ ।"

## येशूले फेरि आफ्नो मृत्युबारे अगमवाणी गर्नुभएको

*मत्ती २०:१७-१९; मर्कूस १०:३२-३४*

**३१**येशूले बाह्र जनालाई एकातिर लैजानुभयो र तिनीहरूलाई भन्नुभयो, "हामी यरूशलेमतर्फ जाँदैछौं, अनि अगमवक्ताहरूले म, मानव-पुत्रको विषयमा लेखेका सबै कुराहरू पूरा हुनेछन् । **३२**उसलाई गैर-यहूदीहरूको हातमा सुम्पिइनेछ । तिनीहरूले उसलाई गिल्ला गर्नेछन्, निन्दा गर्नेछन्, उसमाथि थुक्नेछन्, उसलाई कोर्रा लगाउनेछन् र मार्नेछन् । **३३**तेस्रो दिनमा ऊ फेरि जीवित भई उठ्नेछ ।"

**३४**चेलाहरूले यी कुराहरू केही पनि बुझेनन् । यसको अर्थ तिनीहरूबाट गोप्य राखिएको थियो, र उहाँले केको विषयमा बताउँदै हुनुहुन्थ्यो सो तिनीहरूले जानेनन् ।

## अन्धो भिखारीले दृष्टि पाएको

*मत्ती २०:२९-३४; मर्कूस १०:४६-५२*

**३५**येशू यरीहो नजिकै पुग्नुहुँदा, एउटा अन्धो मानिस भीख माग्दै बाटोको छेउमा बसिरहेको थियो । **३६**नजीकैबाट भीड़ गइरहेको आवाज सुनेर त्यसले त्यहाँ के हुँदैछ भनी सोधपूछ गऱ्यो । **३७**तिनीहरूले त्यसलाई भने, "नासरतका येशू जाँदैहुनुहुन्छ ।"

**३८**त्यसले उच्च सोरमा भन्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् !"

**३९**बाटो देखाउँदै अगिअगि हिँड्नेहरूले त्यसलाई हप्काए र चुप लाग्न भने, तर त्यो झन् चर्को सोरमा करायो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् !"

**४०**येशू टक्क अड़िनुभयो र त्यस मानिसलाई आफूकहाँ ल्याउन आज्ञा दिनुभयो । त्यो नजीक आएपछि येशूले त्यसलाई सोध्नुभयो, **४१**"म तिम्रो निम्ति के गरिदिऊँ भन्ने तिमी चाहन्छौ ?"

त्यसले भन्यो, "हे प्रभु, म देख्न चाहन्छु ।"

**४२**येशूले त्यसलाई भन्नुभयो, "तिम्रो दृष्टि लेऊ; तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।" **४३**तुरुन्तै त्यसले आफ्नो दृष्टि पायो र परमेश्वरको प्रशंसा गर्दै येशूको पछि लाग्यो । जब सबै मानिसहरूले यो देखे, तब तिनीहरूले पनि परमेश्वरको प्रशंसा गरे ।

---

**१८:२०**–प्रस्थान २०:१२-१६; व्यवस्था ५:१६-२०.

### कर उठाउने जक्कै

**१९** येशू यरीहोमा प्रवेश गरी त्यहीँबाट
जाँदैहुनुहुन्थ्यो । **२**त्यहाँ जक्कै नाउँ
भएका एक जना मानिस थिए । तिनी कर
उठाउनेहरूका प्रमुख थिए र धनी थिए । **३**अनि
तिनले येशू को हुनुहुँदोरहेछ भनी हेर्न चाहन्थे,
तर भीड़ले गर्दा तिनले उहाँलाई देख्न सकेनन्,
किनकि तिनी पुड्का थिए । **४**त्यसकारण तिनी
दौड़ेर अगिअगि गए र उहाँलाई हेर्नका लागि
एउटा अञ्जीरको रूखमा चढ़े, किनकि येशू
त्यतैबाट आउनलाग्नुभएको थियो ।

**५**जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब
उहाँले माथितिर हेरेर तिनलाई भन्नुभयो, "ए
जक्कै, चाँडै तल आऊ । आज मलाई तिम्रो
घरमा बस्नपरेको छ ।" **६**अनि तिनी झट्टै
तल ओर्लेर आए र खुशी हुँदै उहाँलाई सत्कार
गरे ।

**७**तर यो देखेर सबै जनाले गनगनाउन
लागे, "उनी त एउटा 'पापी' को घरमा पाहुना
लाग्न गए ।"

**८**तर जक्कै खड़ा भए र प्रभुलाई भने, "हे
प्रभु, हेर्नुहोस् ! म अहिले यहीँ नै मेरो सम्पत्तिको
आधा भाग गरीबहरूलाई दिन्छु, अनि यदि
मैले कसैलाई कुनै कुरामा ठगेको भए, म त्यसको
चार गुणा फिर्ता गरिदिनेछु ।"

**९**येशूले तिनलाई भन्नुभयो, "आज यस
घरमा मुक्ति आएको छ, किनकि यी मानिस
पनि अब्राहामकै एक छोरा हुन् । **१०**किनकि म,
मानव-पुत्र हराएकाहरूलाई खोज्न र उद्धार
गर्न आएको हुँ ।"

### दश सिक्काको दृष्टान्त

*मत्ती २५:१४-३०*

**११**तिनीहरूले यी कुराहरू सुन्दैगर्दा, उहाँले
तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो,
किनकि उहाँ यरूशलेमको नजीकै हुनुहुन्थ्यो
र मानिसहरूले परमेश्वरको राज्य अब तुरुन्तै
प्रकट हुनेछ भन्ने विचार गरेका थिए । **१२**उहाँले
भन्नुभयो: "असल खानदानका एक जना मानिस
राजा नियुक्त भई फर्किआउन एउटा टाढ़ा
मुलुकमा गए । **१३**तिनले आफ्ना दश जना
नोकरहरूलाई बोलाएर तिनीहरूलाई सुनका
दश सिक्का दिएर भने, 'म फर्केर नआएसम्म
यो पैसा काममा लगाओ ।'

**१४**"तर तिनका अधीनका प्रजाहरूले
तिनलाई घृणा गर्थे र त्यसैले तिनका पछिपछि
तिनीहरूले यसो भन्ने दूतहरू पठाए, 'यी मानिस
हाम्रा राजा भएको हामी चाहन्नौं ।'

**१५**"तर तिनी राजा बने र घर फर्के ।
त्यसपछि तिनले दिएका पैसाबाट नोकरहरूले
के कति फाइदा गरे भनी पत्ता लगाउनका
लागि, तिनले आफ्ना नोकरहरूलाई आफूकहाँ
बोलाए ।

**१६**"पहिलो नोकर आयो र भन्यो, 'मालिक,
तपाईंको पैसाले मैले अरू दश सिक्का कमाएको
छु ।'

**१७**"त्यसका मालिकले भने, 'स्याबास,
मेरो असल नोकर ! धेरै सानो कुरामा
पनि तँ विश्वासयोग्य रहिस्, त्यसकारण अब
दश शहरहरूमाथि अधिकार गर् ।'

**१८**"दोस्रो नोकर आयो र भन्यो, 'मालिक,
तपाईंको पैसाले मैले अरू पाँच सिक्का कमाएको
छु ।'

**१९**"त्यसका मालिकले भने, 'तैंले पाँच
शहरहरूमाथि अधिकार गर् ।'

**२०**"त्यसपछि अर्को नोकर आयो र भन्यो,
'मालिक, हेर्नुहोस्, तपाईंको सिक्का यहीँ छ;
मैले यसलाई कपड़ाको टालोमा बाँधेर राखेको
थिएँ । **२१**म तपाईंसँग डराएँ, किनकि तपाईं
एक कठोर मानिस हुनुहुन्छ । तपाईंले त जे
राख्नु नै भएको छैन, त्यो लिनुहुन्छ, र जे
छर्नुभएन, त्यसैको कटनी गर्नुहुन्छ ।'

**२२**"त्यसका मालिकले जवाफ दिए, 'ए दुष्ट
नोकर, म तेरै मुखको वचनबाट तेरो इन्साफ
गर्नेछु ! जे राखिनँ त्यो लिने र जे छरिनँ
त्यसैको कटनी गर्ने म एक कठोर मानिस हुँ

---

**१९:१०**–मत्ती १८:११.

भन्ने तँलाई थाहा थियो, होइन र ? **२३**त्यसो
भए मेरो सिक्का तैंले किन बैङ्कमा राखिनस्
त ? त्यसो गरेको भए म फर्केर आउँदा मैले
त्यो ब्याजसहित पाउनेथिएँ ।'

**२४**"त्यसपछि तिनले त्यहाँ नजीकै
उभिनेहरूलाई भने, 'त्यसबाट त्यो सिक्का खोस
र दश सिक्का हुनेलाई त्यो देओ ।'

**२५**"तिनीहरूले भने, 'मालिक, त्यससँग त
दश सिक्का छँदैछ त !'

**२६**"तिनले जवाफ दिए, 'म तिमीहरूलाई
भन्दछु, जससँग छ त्यसलाई अझ बढ़ी दिइनेछ,
तर जससँग छैन त्यसबाट त्यससँग भएको समेत
खोसिनेछ । **२७**तर म तिनीहरूमाथि राजा बनेको
नचाहने मेरा ती शत्रुहरू– तिनीहरूलाई यहाँ
ल्याओ र तिनीहरूलाई मेरै सामुन्ने मार ।'"

### यरूशलेममा येशूको विजयी प्रवेश

*मत्ती २१:१-११; मर्कूस ११:१-११*
*यूहन्ना १२:१२-१९*

**२८**येशूले यी कुराहरू भनिसकेपछि उहाँ
यरूशलेमतर्फ जान अगि बढ्नुभयो । **२९**जब
उहाँ जैतून डाँड़ा भनिने पहाड़मा बेथफागे र
बेथानीको नजीक आइपुग्नुभयो, तब उहाँले
आफ्ना दुई जना चेलाहरूलाई यसो भनेर
पठाउनुभयो, **३०**"तिमीहरूका सामुन्नेको गाउँमा
जाओ, र त्यहाँ पस्ने बित्तिकै तिमीहरूले
त्यहाँ एउटा गधाको बछेडोलाई बाँधिराखेको
भेट्टाउनेछौ, जसमा अझैसम्म कोही पनि चढ़ेको
छैन । त्यसलाई फुकाओ र यहाँ ल्याओ ।
**३१**यदि कसैले तिमीहरूलाई 'त्यसलाई किन
फुकाउँदैछौ ?' भनी सोध्यो भने, त्यसलाई
'प्रभुलाई यो चाहिएको छ' भनी उत्तर दिनू ।"

**३२**ती अगिअगि पठाइएकाहरू गए र
उहाँले तिनीहरूलाई जस्तो भन्नुभएको
थियो, त्यस्तै भेट्टाए । **३३**तिनीहरूले त्यो
गधालाई फुकाउँदै गर्दा त्यसको मालिकहरूले
तिनीहरूलाई सोधे, "तिमीहरूले त्यो गधालाई
किन फुकाउँदैछौ ?"

**३४**तिनीहरूले जवाफ दिए, "प्रभुलाई यो
चाहिएको छ ।"

**३५**तिनीहरूले त्यसलाई येशूकहाँ ल्याए,
आफ्ना वस्त्रहरू त्यस गधामाथि राखे र त्यसमा
येशूलाई बसाले । **३६**उहाँ अगि बढ़नुहुँदैगर्दा
मानिसहरूले आ-आफ्ना वस्त्रहरू बाटोमा
ओछ्याइदिँदै गए ।

**३७**उहाँ जैतून डाँड़ाको ओह्रालो शुरु हुने
ठाउँको नजीक आइपुग्नुहुँदा, चेलाहरूको
सम्पूर्ण भीड़ले आफूहरूले देखेका सबै
आश्चर्य-कर्महरूका लागि आनन्दसाथ चर्को
सोरमा परमेश्वरको प्रशंसा गर्न लागे:

**३८** "परमप्रभुको नाउँमा आउनुहुने
राजा धन्य हुन् !"
"स्वर्गमा शान्ति र सर्वोच्चमा
महिमा ।"

**३९**भीड़मध्येका कोही फरिसीहरूले
येशूलाई भने, "गुरुज्यू, तपाईंका चेलाहरूलाई
हप्काउनुहोस् !"

**४०**उहाँले भन्नुभयो, "म तिमीहरूलाई
भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू
कराइउठ्नेछन् ।"

**४१**जब येशू यरूशलेमको नजीक पुग्नुभयो
र शहरलाई देख्नुभयो, तब उहाँ त्यसको निम्ति
रुनुभयो, **४२**र भन्नुभयो, "तैंले, तैंले नै शान्ति
कुन कुराले ल्याउँछ भनी आज जानेको भए
हुनेथियो, तर अब त्यो तेरो नजरबाट लुकेको
छ । **४३**तँमाथि यस्ता दिनहरू आउनेछन्,
जब तेरा शत्रुहरूले तेरो वरिपरि तेरो
विरुद्धमा मोर्चा बाँध्नेछन्, घेरा हाल्नेछन् र
तँलाई चारैतिरबाट थुनिराख्नेछन् । **४४**तिनीहरूले
तँलाई जमिनमा पछार्नेछन्, तँलाई र तेरो
पर्खालभित्र भएका तेरा सन्तानहरूलाई ।
तिनीहरूले एउटा ढुङ्गामाथि अर्को ढुङ्गा
पनि छोड्नेछैनन्, किनकि तैंले तँकहाँ
भएको परमेश्वरको आगमनको समयलाई
चिनिनस् ।"

**१९:२६**–मत्ती १३:१२; मर्कूस ४:२५; लूका ८:१८. **१९:३८**–भजन ११८:२६.

### येशू मन्दिरमा

*मत्ती २१:१२-१७; मर्कूस ११:१५-१९*
*यूहन्ना २:१३-२२*

**४५**त्यसपछि उहाँ मन्दिरको क्षेत्रभित्र प्रवेश गर्नुभयो र त्यहाँ बिक्री गर्नेहरूलाई धपाउन लाग्नुभयो। **४६**उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर हुनेछ'; तर तिमीहरूले त यसलाई 'डाँकूहरूको एउटा ओढ़ार' पो बनाएका छौ।"

**४७**त्यसपछि उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिनथाल्नुभयो। तर मुख्य पूजाहारीहरू, व्यवस्थाका शिक्षकहरू र मानिसहरूका अगुवाहरूले उहाँलाई मार्न खोज्दैथिए। **४८**तर तिनीहरूले उहाँलाई मार्न कुनै उपाय भेट्टाउन सकेनन्, किनकि सबै मानिसहरू उहाँका वचनमा मुग्ध भएका थिए।

### येशूको अधिकारमाथि प्रश्न

*मत्ती २१:२३-२७; मर्कूस ११:२७-३३*

**२०** एक दिन उहाँले मन्दिरको चोकमा भएका मानिसहरूलाई शिक्षा दिँदै र सुसमाचार प्रचार गर्दैरहनुभएको बेला, मुख्य पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरू धर्मगुरुहरूका साथमा उहाँकहाँ आए। **२**तिनीहरूले भने, "हामीलाई बताऊ, तिमीले कुन अख्तियारले यी कुराहरू गर्दैछौ? तिमीलाई यो अख्तियार कसले दियो?"

**३**उहाँले जवाफ दिनुभयो, "म पनि तिमीहरूलाई एउटा प्रश्न गर्छु। मलाई भन, **४**यूहन्नाको बप्तिस्मा स्वर्गबाट थियो, कि मानिसहरूबाट?"

**५**तिनीहरूले यस विषयमा आफू-आफूभित्र नै छलफल गरे र भने, "यदि हामीले 'स्वर्गबाट' भनौं भने, तिनले 'त्यसो भए किन तिनलाई विश्वास गरेनौ त?' भनी सोध्नेछन्। **६**तर हामीले 'मानिसहरूबाट' भनौं भने, सबै मानिसहरूले हामीलाई ढुङ्गाले हान्नेछन्, किनकि तिनीहरूले यूहन्ना त एक अगमवक्ता थिए भनी विश्वास गर्दछन्।"

**७**त्यसकारण तिनीहरूले जवाफ दिए, "त्यो कहाँबाट थियो, हामी जान्दैनौं।"

**८**अनि येशूले भन्नुभयो, "म पनि कुन अख्तियारले यी कामहरू गर्दैछु त्यो भन्दिनँ।"

### मोहीहरूको दृष्टान्त

*मत्ती २१:३३-४६; मर्कूस १२:१-१२*

**९**उहाँ बोल्दैजानुभयो र मानिसहरूलाई यो दृष्टान्त भन्नुभयो: "एक जना मानिसले दाखबारी लगाए र केही किसानहरूलाई मोही राखी लामो समयका लागि टाढ़ा गए। **१०**फल पाकेर टिप्ने समयमा मोहीहरूले दाखबारीबाट तिनलाई केही भाग देऊन् भनी लिनलाई तिनले एउटा नोकरलाई ती मोहीहरूकहाँ पठाए। तर मोहीहरूले त्यसलाई पिटे र खाली हात त्यसलाई फर्काइदिए। **११**तिनले अर्को नोकरलाई पनि पठाए, तर त्यसलाई पनि तिनीहरूले पिटे र बेइज्जत गरे र खाली हात नै पठाइदिए। **१२**तिनले तेस्रो नोकरलाई पनि पठाए, अनि तिनीहरूले त्यसलाई पनि घाइते बनाएर बाहिर फालिदिए।

**१३**"त्यसपछि दाखबारीका मालिकले भने, 'म के गरूँ? म आफ्नो प्यारो छोरोलाई पठाउनेछु। शायद तिनीहरूले उसलाई त आदर गर्लान्।'

**१४**"तर जब मोहीहरूले त्यसलाई देखे, तब आपसमा यस विषयमा कुरा गरे। तिनीहरूले भने, 'यो त हकवाला हो। हामी यसलाई मारौं, र सम्पत्तिको हक हाम्रो हुनेछ।' **१५**यसरी तिनीहरूले उसलाई दाखबारीको बाहिर लगेर मारे।

"अब दाखबारीका मालिकले तिनीहरूलाई के गर्लान्? **१६**तिनी आएर ती मोहीहरूलाई मार्नेछन् र त्यो दाखबारी अरूहरूलाई दिनेछन्।"

मानिसहरूले यो सुनेर भने, "यस्तो कहिल्यै नहोस्!"

---

**१९:४६**–यशैया ५६:७; यर्मिया ७:११. **१९:४७**–लूका २१:३७. **२०:९**–यशैया ५:१.

**१७**येशूले सोभै तिनीहरूलाई हेर्नुभयो र
सोध्नुभयो, "तब यसरी लेखिएको कुराको अर्थ
के हो त:

"'जुन ढुङ्गालाई भवन बनाउनेहरूले
रद्द गरे,
त्यही ढुङ्गा कुनाको शिर-ढुङ्गा बन्यो' ?

**१८**हरेक जो त्यस ढुङ्गामाथि खस्छ त्यो चक्नाचूर
हुनेछ, तर जसमाथि त्यो खस्छ त्यसले उसलाई
धूलोपीठो पार्नेछ ।"

**१९**त्यसपछि व्यवस्थाका शिक्षकहरू र मुख्य
पूजाहारीहरूले उहाँलाई तुरुन्तै पक्रने उपाय
खोज्नथाले, किनकि उहाँले यो दृष्टान्त
तिनीहरूको विरुद्धमा भन्नुभएको हो भनी
तिनीहरूलाई थाहा थियो । तर तिनीहरू
मानिसहरूदेखि डराए ।

## सिजरलाई तिर्ने कर

*मत्ती २२:१५-२२; मर्कूस १२:१३-१७*

**२०**उहाँको चियो गरी मौका हेर्दै, तिनीहरूले
धर्मी भएको बहाना गर्ने जासूसहरूलाई उहाँकहाँ
पठाए । येशूले भन्नुभएका कुनै कुरामा उहाँलाई
फसाई पक्रेर राज्यपालको अधिकार र
शक्तिकहाँ उहाँलाई सुम्पिदिन तिनीहरूले दाउ
हेरे । **२१**अनि ती जासूसहरूले उहाँलाई प्रश्न
गरे: "गुरुज्यू, हामी जान्दछौं कि तपाईंले जे
ठीक छ, त्यही बोल्नुहुन्छ र त्यसैको
शिक्षा दिनुहुन्छ, र तपाईंले भेदभाव राख्नुहुन्न
तर सत्यताबमोजिम परमेश्वरका मार्ग
सिकाउनुहुन्छ । **२२**हामीले सिजरलाई कर तिर्न
उचित छ कि छैन ?"

**२३**तर उहाँले तिनीहरूको बनावटी कुरा
देख्नुभयो र भन्नुभयो, **२४**"मलाई दिनारको एउटा
सिक्का देखाओ । यसमा कसको मुहार र कसको
छाप छ ?"

**२५**"सिजरको," तिनीहरूले भने ।

तब उहाँले तिनीहरूलाई भन्नुभयो, "त्यसो
भए जे सिजरका हुन् ती सिजरलाई देओ, र जे
परमेश्वरका हुन् त्यो परमेश्वरलाई देओ ।"

**२६**उहाँले त्यहाँ सारा मानिसहरूको अगि
जे भन्नुभयो त्यस कुरामा उहाँलाई पक्रन
तिनीहरू समर्थ भएनन् । अनि उहाँले दिनुभएको
जवाफमा आश्चर्यचकित भएर तिनीहरू चूप
लागिरहे ।

## पुनरुत्थान र विवाह

*मत्ती २२:२३-३३; मर्कूस १२:१८-२७*

**२७**मरेकाहरूको पुनरुत्थान हुँदैन भनी
विश्वास गर्ने समूह सदुकीहरूमध्ये कोही एउटा
प्रश्न लिएर येशूकहाँ आए । **२८**तिनीहरूले सोधे,
"गुरुज्यू, मोशाले हाम्रा निम्ति लेखिदिएका थिए,
कुनै मानिसको दाज्यू नि:सन्तान भई पत्नीलाई
मात्र छाड़ेर मऱ्यो भने, त्यस मानिसले त्यो
विधवालाई विवाह गरेर उसका दाज्यूका निम्ति
सन्तान खड़ा गरिदिनपर्छ । **२९**अब कुनै परिवारमा
सात भाइ थिए । जेठाले पत्नी ल्यायो र नि:सन्तान
भई मऱ्यो । **३०**अनि माहिलोले, **३१**र ऊपछि
साहिँलोले त्यसलाई विवाह गरे, अनि यसै गरी
सातै जना नै नि:सन्तान भई मरे । **३२**अन्त्यमा,
त्यो स्त्री पनि मरी । **३३**अब, मरेकाहरू जीवित
हुँदा त्यो स्त्री कसकी पत्नी हुन्छे, किनकि सातै
जनाको त्यससँग विवाह भएको थियो ?"

**३४**येशूले जवाफ दिनुभयो, "यस युगका
मानिसहरू विवाह गर्छन् र विवाहमा
दिइन्छन् । **३५**तर त्यस युगसम्म पुग्न र
मरेकाहरूबाट जीवित हुन योग्य ठहरिनेहरूले
नता विवाह गर्नेछन् नता विवाहमा दिइन्छन्,
**३६**अनि तिनीहरू कहिल्यै मर्दैनन्; किनकि
तिनीहरू स्वर्गदूतसमान हुन् । जीवित परिएका
सन्तान भएकाले, तिनीहरू परमेश्वरका सन्तान
हुन् । **३७**पोथ्राको विवरणमा मोशाले पनि
मरेकाहरू जीवित पारिन्छन् भन्ने कुरा देखाएका
थिए, किनकि तिनले परमप्रभुलाई 'अब्राहामका
परमेश्वर, इसहाकका परमेश्वर, र याकूबका
परमेश्वर' भनी पुकारा गरेका छन् । **३८**उहाँ
मृतकहरूका परमेश्वर हुनुहुन्न, तर जीवितहरूका

**२०:१७**–भजन ११८:२२. **२०:२७**–प्रेरित २३:८. **२०:२८**–व्यवस्था २५:५. **२०:३७**–प्रस्थान ३:६.

परमेश्वर हुनुहुन्छ, किनकि उहाँका निम्ति सबै जीवित छन् ।"

**३९**व्यवस्थाका कोही शिक्षकहरूले भने, "गुरुज्यू, तपाईंले बड़ो असल कुरो भन्नुभयो !" **४०**अनि कसैले पनि उहाँलाई अरू प्रश्न सोध्ने साहस गरेन ।

### ख्रीष्ट कसका पुत्र ?

*मत्ती २२:४१-२३:७; मर्कूस १२:३५-४०*

**४१**त्यसपछि येशूले तिनीहरूलाई भन्नुभयो, "ख्रीष्ट दाऊदका पुत्र हुन् भनी तिनीहरू कसरी भन्दछन् ? **४२**किनकि दाऊद आफैले भजनको पुस्तकमा यसो भनेका छन्:

"'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो:
"तिमी मेरो दाहिने हातपट्टि बस
**४३** जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
खुट्टाको पाउदान तुल्याउँदिनँ ।"'

**४४**दाऊदले उनलाई 'प्रभु' भन्दछन् । त्यसो भए उनी कसरी दाऊदका पुत्र हुन सक्दछन् ?"

**४५**अनि सबै मानिसहरूले सुनिरहेकै बेलामा येशूले उहाँका चेलाहरूलाई भन्नुभयो, **४६**"व्यवस्थाका शिक्षकहरूदेखि होशियार बस । तिनीहरू लामो पोशाक पहिरेर यताउता हिँड्न चाहन्छन्, बजारहरूमा अभिवादन पाउन रुचाउँछन् अनि सभाघरहरूमा सबैभन्दा प्रमुख आसन र भोजहरूमा आदरको स्थान लिन मन पराउँछन् । **४७**तिनीहरूले विधवाहरूको घरहरू हड़प्छन् र देखाउनका निम्ति लामालामा प्रार्थना गर्दछन् । यस्ता मानिसहरूले सबैभन्दा कड़ा दण्ड पाउनेछन् ।"

### विधवाको भेटी

*मत्ती १२:४१-४४*

**२१** येशू मन्दिरमा हुनुहुँदा, धनी मानिसहरूले आ-आफ्ना भेटी मन्दिरको दानपात्रमा हाल्दैगरेका उहाँले देख्नुभयो । **२**उहाँले एउटी गरीब विधवाले तामाका दुई सानासाना सिक्काहरू चढाएकी पनि देख्नुभयो । **३**अनि उहाँले भन्नुभयो, "म तिमीहरूलाई सत्य कुरो भन्दछु, यस गरीब विधवाले अरू सबैले भन्दा धेरै बढ़ी चढाएकी छ । **४**अरू सबै मानिसहरूले आफ्नो प्रशस्त धनबाट केही भेटी चढाए; तर यस स्त्रीले त आफ्नो दरिद्रताबाट आफ्नो जीविका चलाउने खर्चसमेत नै चढाई ।"

### अन्त्यका दिनका चिन्हहरू

*मत्ती २४:१-३५; मर्कूस १३:१-३१*

**५**त्यसपछि उहाँका चेलाहरूमध्ये कसैकसैले मन्दिर सुन्दर पत्थरहरू र परमेश्वरमा अपर्ण गरिएका भेटीहरूबाट कसरी सिँगारिएको छ भन्ने विषयमा चर्चा गर्दैथिए । तर येशूले भन्नुभयो, **६**"यहाँ तिमीहरूले अहिले जे देख्दैछौ, ती सबैका निम्ति एउटा समय आउनेछ जब कुनै एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन; हरेक ढुङ्गानै भत्काएर ढालिनेछ ।"

**७**तिनीहरूले सोधे, "गुरुज्यू, यी कुराहरू कहिले घट्नेछन् ? अनि अब ती कुराहरू आउनलागे भन्ने चिन्ह के हुनेछ ?"

**८**उहाँले जवाफ दिनुभयो: "धोखामा नपर्नलाई तिमीहरू होशियार रहो । किनकि धेरै जना मेरो नाउँमा 'म उही हुँ,' र, 'समय नजीकै छ' भन्दै आउनेछन् । तिनीहरूका पछि नलाग । **९**जब तिमीहरूले लड़ाइँ र क्रान्तिका हल्लाहरू सुन्छौ, तब नडराओ । पहिले यी कुराहरू घट्नैपर्छ, तर त्यति नै बेला अन्त्य त आउँदैन ।"

**१०**त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो: "जातिको विरुद्धमा जाति र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ । **११**धेरै ठाउँहरूमा ठूला भूकम्पहरू, अनिकाल र महामारी आउनेछन् अनि डरलाग्दा घटनाहरू र आकाशबाट ठूलाठूला चिन्हहरू देखापर्ने छन् ।

**१२**"तर यी सबै हुनभन्दा अघि, तिनीहरूले तिमीहरूमाथि हात हाल्नेछन् र तिमीहरूलाई

**२०:४२-४३**–भजन ११०:१.

खेदो गर्नेछन् । तिनीहरूले तिमीहरूलाई
सभाघरहरू र झ्यालखानहरूमा पुऱ्याउनेछन्,
र तिमीहरू राजाहरू र शासकहरूका अगाडि
लगिनेछौ, र यी सबै कुरा मेरो नाउँको
कारणले गर्दा आइपर्नेछ । **१३**यस कुराको
परिणाम यही हुनेछ, तिमीहरू तिनीहरूका लागि
साक्षी बन्नेछौ । **१४**तर आफ्नो बचाउका लागि
के भन्ने भनी पहिल्यैबाट चिन्ता नलिनलाई
आफ्ना मनमा निश्चय गर । **१५**किनकि म
तिमीहरूलाई यस्तो वचन र बुद्धि दिनेछु,
तिमीहरूका विरोधीहरूमध्ये कोही पनि त्यसलाई
रोक्न अथवा काट्न समर्थ हुनेछैन । **१६**तिमीहरू
त तिमीहरूका आफ्नै आमाबाबु, दाज्यूभाइ,
नातेदार र साथीहरूद्वारा समेत धोखामा पर्नेछौ,
र तिनीहरूले तिमीहरूमध्ये कसैकसैलाई
मार्नेछन् । **१७**अनि मेरो कारणले गर्दा सबै
मानिसहरूले तिमीहरूलाई घृणा गर्नेछन् । **१८**तर
तिमीहरूको शिरको एउटा केश पनि नाश
हुनेछैन । **१९**स्थिर भई खड़ा रहयौ भने
तिमीहरूले जीवन प्राप्त गर्नेछौ ।

**२०**"जब तिमीहरूले यरूशलेम चारैतिरबाट
सेनाहरूले घेरिएको देख्नेछौ, तब त्यसको
विनाश नजीकै छ भनी तिमीहरूले जान्नेछौ ।
**२१**त्यसबेला यहूदियामा हुनेहरू पहाड़तिर भागून्,
शहरमा हुनेहरू बाहिर निस्कून्, र गाउँमा
हुनेहरू शहरभित्र नपसून् । **२२**किनकि जे
लेखिएका छन् ती सबै हुनका लागि यो दण्डको
समय हुनेछ । **२३**हाय ! गर्भवती स्त्रीहरू र
दूध खुवाउने आमाहरूका लागि ती दिनहरू
कति डरलाग्दो होलान् ! देशमा ठूलो सङ्कष्ट
र यस जातिमाथि क्रोध आइपर्नेछ । **२४**तिनीहरू
तरवारले ढल्नेछन् र सबै जातिहरूकहाँ कैदी
बनाएर लगिनेछन् । अनि गैर-यहूदीहरूको समय
पूरा नहोइन्जेल यरूशलेम गैर-यहूदीहरूद्वारा
कुल्चीमिल्ची गरिनेछ ।

**२५**"सूर्य, चन्द्रमा र ताराहरूमा चिन्हहरू
देखिनेछन् । अनि पृथ्वीमा गर्जिरहेको र
उर्लिरहेको समुद्रले जातिहरू सङ्कष्ट र
घबराहटमा पर्नेछन् । **२६**संसारमा के हुन
आउला भन्ने आशङ्काले मानिसहरू डरले
मुर्छा पर्नेछन्, किनकि आकाशका शक्तिहरू
डगमगाउनेछन् । **२७**त्यसबेला तिनीहरूले
म, मानवपुत्रलाई शक्ति र महामहिमासहित
बादलमा आइरहेको देख्नेछन् । **२८**जब यी
कुराहरू हुन थाल्छन्, तब खड़ा होओ र माथि
हेर्दै शिर उठाओ, किनकि तिमीहरूको उद्धार
नजीक आउँदैछ ।"

**२९**उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो:
"अञ्जीरको रूख र अरू सबै रूखहरूलाई
हेर । **३०**जब तिनमा पालुवा लाग्छ, तब तिमीहरू
आफैले त्यो देखन सक्छौ र ग्रीष्म नजीकै
आइपुगेछ भनी थाहा पाउँछौ । **३१**त्यसरी नै,
तिमीहरूले पनि जब यी कुराहरू भइरहेका
देख्छौ, तब परमेश्वरको राज्य नजीकै छ भनी
जान ।

**३२**"म तिमीहरूलाई साँचो भन्दछु, यी
सबै घटनाहरू पूरा नभएसम्म यो पुस्ता
निश्चय नै बितिजानेछैन । **३३**स्वर्ग र पृथ्वी
टलेर जानेछन्, तर मेरा वचन कहिले पनि
टल्नेछैनन् ।

**३४**"होशियार बस, नत्रता तिमीहरूको
हृदय प्रशस्त भोग-विलास, मतवालीपन र
जीवनको फिक्रीले दबिएला अनि त्यो दिन
तिमीहरूमाथि नचिताएको पासोझैँ एक्कासि
आइपर्ला । **३५**किनकि त्यो त पृथ्वीमाथि वास
गर्नेहरू सबैमाथि आइपर्नेछ । **३६**तर आइपर्ने
यी कुराहरूदेखि तिमीहरू उम्कन र म,
मानव-पुत्रको सामु खड़ा हुन सक्नाका लागि
सधैँ जागा रहो र प्रार्थना गर ।"

**३७**येशूले हरेक दिन दिउँसो मन्दिरमा शिक्षा
दिनुहुन्थ्यो, र हरेक बेलुकी निस्केर जैतून भनिने
डाँड़ामा रात बिताउन जानुहुन्थ्यो, **३८**अनि सबै
मानिसहरू उहाँको वचन सुन्नलाई बिहानै
मन्दिरमा आउँथे ।

---

**२१:१४–१५**–लूका १२:११-१२. **२१:२२**–होशे ९:७. **२१:२५**–यशैया १३:१०; इजकिएल ३२:७; योएल २:३१; प्रकाश ६:१२-१३. **२१:२७**–दानिएल ७:१३; प्रकाश १:७. **२१:३७**–लूका १९:४७.

### येशूलाई पक्राउन यहूदाको सहमति

*मत्ती २६:१४-१६; मर्कूस १४:१०-११*

२२ अब अखमिरे रोटीको निस्तार भनिने
चाड़ नजीकै थियो, **२**अनि मुख्य
पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरूले
येशूबाट छुटकारा पाउने कुनै उपाय
खोजिरहेका थिए, किनकि तिनीहरू
मानिसहरूदेखि डराउँथे । **३**तब शैतान बाह्र
जनामध्येको इस्करियोत भनिने यहूदाभित्र
पस्यो । **४**अनि यहूदा मुख्य पूजाहारीहरू र
मन्दिरका पहरेदारहरूका अधिकारीकहाँ गयो
र त्यसले येशूलाई कसरी पक्राइदिन सक्छु
भनेर तिनीहरूसित छलफल गर्‍यो । **५**त्यसपछि
तिनीहरू खुशी भए र त्यसलाई पैसा दिन
राजी भए । **६**त्यो तिनीहरूसँग सहमत भयो र
भीड़ नभएको बेलामा उहाँलाई तिनीहरूका
हातमा पक्राइदिनलाई मौका खोज्न लाग्यो ।

### अन्तिम भोज

*मत्ती २६:१७-३०; मर्कूस १४:१२-२६*
*यूहन्ना १३:२१-३०*

**७**त्यसपछि अखमिरे रोटीको चाड़को दिन
आयो, जुन दिनमा निस्तार-चाड़को थुमा बलि
चढ़ाउनुपर्थ्यो । **८**येशूले पत्रुस र यूहन्नालाई
यसो भनेर पठाउनुभयो, "जाओ र हाम्रा निम्ति
निस्तार-चाड़को भोज खाने तयारी गर ।"
**९**तिनीहरूले सोधे, "हामी यो भोज कहाँ
तयार गरौं भनी तपाईं चाहनुहुन्छ ।"
**१०**उहाँले जवाफ दिनुभयो, "तिमीहरू
शहरमा पस्नेबित्तिकै गाग्रोमा पानी बोकिरहेको
एक जना मानिसले तिमीहरूलाई भेट्नेछ ।
त्यसको पछि लाग र त्यो जुन घरमा पस्छ
त्यहीं जाओ, **११**र त्यस घरका मालिकलाई भन,
'गुरुज्यू सोध्नुहुन्छ: मैले मेरा चेलाहरूसँग
निस्तार-चाड़को भोज खाने पाहुना कोठा कहाँ
छ ?' **१२**तिनले तिमीहरूलाई माथिल्लो तल्लामा
सजिसजाउ भएको एउटा ठूलो कोठा
देखाउनेछन् । अनि त्यहीं तयारी गर ।"
**१३**तिनीहरू गए र येशूले भन्नुभएझैं नै
तिनीहरूले भेट्टाए । अनि तिनीहरूले निस्तार-
चाड़को लागि तयारी गरे ।
**१४**बेला भएपछि येशू र उहाँका चेलाहरू
टेबुलमा ढल्कनुभयो । **१५**अनि उहाँले
तिनीहरूलाई भन्नुभयो, "आफूले दु:ख भोग्नुभन्दा
अगाड़ि नै तिमीहरूसँग यो निस्तार-चाड़को
भोज खान मैले उत्कट इच्छा गरेको
थिएँ । **१६**किनकि म तिमीहरूलाई भन्दछु,
परमेश्वरको राज्यमा यसको परिपूर्णता
नभएसम्म म यो फेरि खानेछैनँ ।"
**१७**कचौरा लिनुभएपछि, उहाँले धन्यवाद
दिनुभयो र भन्नुभयो, "यो लेओ र तिमीहरू
आपसमा बाँड़ । **१८**किनकि म तिमीहरूलाई
भन्दछु, परमेश्वरको राज्य नआएसम्म फेरि
अङ्गुरको रसबाट म कहिल्यै पिउनेछैनँ ।"
**१९**त्यसपछि उहाँले रोटी लिनुभयो, धन्यवाद
दिएर त्यो भाँच्नुभयो, र यसो भन्दै त्यो
तिनीहरूलाई दिनुभयो, "यो तिमीहरूका निम्ति
दिइएको मेरो शरीर हो; मेरो सम्झनामा यो
गर्ने गर ।"
**२०**त्यसै गरी खाइसकेपछि, उहाँले कचौरा
लिनुभयो, र भन्नुभयो, "यो कचौरामा भएको
नयाँ करार मेरो रगतको निम्ति हो, जो तिमीहरूका
निम्ति बहाइन्छ । **२१**तर मलाई पक्राइदिनेको
हात मसँग नै टेबुलमा छ । **२२**म, मानव-पुत्र
त ठहराइएअनुसार जानेछु, तर धिक्कार त्यस
मानिसलाई, जसले मलाई धोखा दिन्छ ।"
**२३**तिनीहरूमध्ये कसले यस्तो काम गर्ने होला
भनी आपसमा सोधासोध गर्न थाले ।
**२४**अनि तिनीहरूमध्ये कोचाहिँ सबैभन्दा
ठूलो गनिने हो भनेर पनि तिनीहरूका बीचमा
कलह शुरु भयो । **२५**येशूले तिनीहरूलाई भन्नुभयो,
"गैर-यहूदीका राजाहरूले तिनीहरूमाथि प्रभूत्व
जमाउँछन्; र तिनीहरूमाथि अधिकार चलाउनेहरूले
आफैलाई 'उपकारी' भन्छन् । **२६**तर तिमीहरूचाहिँ

---

**२२:१**–प्रस्थान १२:१-२७. **२२:२०**–यर्मिया ३१:३१-३४. **२२:२१**–भजन ४१:९. **२२:२४**–मत्ती १८:१; मर्कूस ९:३४; लूका ९:४६. **२२:२५-२६**–मत्ती २०:२५-२७; **२२:२६**–मत्ती २३:११; मर्कूस ९:३५.

यस्तो नहोओ । तर वास्तवमा, तिमीहरूमध्ये
जो ठूलो छ त्यो सबैभन्दा सानोझैँ बनोस्, र
अगुवाचाहिँ सेवा गर्नेजस्तै बनोस् । **२७**किनकि
ठूलो को हो, टेबुलमा ढल्कने कि सेवा गर्ने ?
के टेबुलमा ढल्कने नै ठूलो होइन र ? तर म
तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै
छु । **२८**मेरो परीक्षामा मसँग खड़ा रहनेहरू
तिमीहरू नै हौ । **२९**अनि म तिमीहरूलाई एउटा
राज्य नियुक्त गर्छु, जसरी मेरा पिताले मलाई
नियुक्त गर्नुभएको छ, **३०**ताकि तिमीहरूले
मेरो राज्यमा मेरो टेबुलमा खानपान गर्नेछौ र
इस्राएलका बाह्र कुलहरूको न्याय गर्दै
सिंहासनहरूमा बस्नेछौ ।

**३१**"सिमोन, सिमोन, हेर शैतानले तिमीलाई
गहुँजस्तै गरी निफन्ने अनुमति मागेको छ ।
**३२**तर सिमोन, तिम्रो विश्वास नटुटोस् भनेर
मैले तिम्रो निम्ति प्रार्थना गरेको छु । अनि
तिमी फेरि फर्केपछि आफ्ना भाइहरूलाई स्थिर
गराऊ ।"

**३३**तर तिनले भने, "हे प्रभु, म त तपाईंसँगै
झ्यालखानमा र मृत्युसम्मै जान तयार छु ।"

**३४**येशूले जवाफ दिनुभयो, "ए पत्रुस, म
तिमीलाई भन्दछु, आज भाले बास्नभन्दा अघि
नै, तिमीले मलाई चिनेको कुरा तीनपल्ट
अस्वीकार गर्नेछौ ।"

**३५**त्यसपछि येशूले तिनीहरूलाई सोध्नुभयो,
"जब मैले तिमीहरूलाई थैली, झोला अथवा
जुत्ताविना नै पठाएँ, तब के तिमीहरूलाई कुनै
कुराको अभाव भयो ?"

तिनीहरूले जवाफ दिए, "भएन ।"

**३६**उहाँले तिनीहरूलाई भन्नुभयो, "तर अब
भने तिमीहरूसित थैली भए, त्यो लेओ, र
झोला पनि बोक; अनि तिमीहरूसित तरवार
छैन भने, आफ्नो वस्त्र बेचेर एउटा किन ।
**३७**यसो लेखिएको छ: 'उहाँ अपराधीहरूसँगै
गनिनुभयो'; अनि म तिमीहरूलाई भन्दछु, यो
लेखाइ ममा पूरा हुनैपर्छ । हो, मेरो विषयमा
जे लेखिएको छ, त्यो पूरा हुनलाग्दैछ ।"

**३८**चेलाहरूले भने, "प्रभु, हेर्नुहोस्, दुईओटा
तरवारहरू छन् ।"

उहाँले भन्नुभयो, "त्यति भए पुग्छ ।"

### येशूले जैतून डाँड़ामा प्रार्थना गर्नुभएको

*मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२*

**३९**येशू बाहिर निस्केर सधैँझैँ जैतून
डाँड़ामा जानुभयो, र उहाँका चेलाहरू उहाँको
पछि लागे । **४०**त्यस ठाउँमा पुगेपछि उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू परीक्षामा
नपर्नका निम्ति प्रार्थना गर ।" **४१**अनि उहाँले
तिनीहरूबाट एउटा ढुङ्गा हानेजतिको दूरीमा
जानुभयो र घुँड़ा टेकेर प्रार्थना गर्नुभयो, **४२**"हे
पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट
हटाइदिनुहोस्; तापनि मेरो इच्छा होइन, तर
तपाईंको इच्छा पूरा होस् ।" **४३**स्वर्गबाट एक
स्वर्गदूत उहाँकहाँ देखा परे र उहाँलाई बल
दिए । **४४**अनि सङ्कष्टमा परेर, उहाँले अझै
बढ़ी आग्रहपूर्वक प्रार्थना गर्नुभयो, र उहाँको
पसीना रगतका थोपाजस्तै भुइँमा खसिरहेका
थिए ।

**४५**जब उहाँ प्रार्थनाबाट उठेर चेलाहरूकहाँ
फर्कनुभयो, तब उहाँले तिनीहरूलाई शोकले
थकित भई निदाइरहेका भेट्टाउनुभयो । **४६**उहाँले
तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू किन
निदाइरहेका छौ ? उठ र परीक्षामा नपर्नलाई
प्रार्थना गर ।"

### येशूको पक्राउ

*मत्ती २६:४७-५६; मर्कूस १४:४३-५०*
*यूहन्ना १८:३-११*

**४७**उहाँ बोलिरहनुभएकै बेला एउटा भीड़
त्यहाँ आयो, अनि बाह्र जनामध्येको यहूदा
भनिनेले तिनीहरूलाई अगुवाइ गरिरहेको
थियो । त्यो येशूलाई चुम्बन गर्न अगि बढ्यो,
**४८**तर येशूले त्यसलाई सोध्नुभयो, "यहूदा, के

---

**२२:२७**–यूहन्ना १३:१२-१५. **२२:३०**–मत्ती १९:२८. **२२:३५**–मत्ती १०:९-१०; मर्कूस ६:८-९; लूका ९:३; १०:४. **२२:३७**–यशैया ५३:१२.

तिमी म, मानव-पुत्रलाई एउटा चुम्बनद्वारा विश्वासघात गर्दछौ ?"

**४९**येशूका पछि लाग्नेहरूले के हुन लागेको थियो सो देखेर भने, "प्रभु, के हामी तरवारले हानौं ?" **५०**अनि तिनीहरूमध्ये एक जनाले प्रधान पूजाहारीको नोकरलाई हाने र त्यसको दाहिने कान काटिदिए ।

**५१**तर येशूले भन्नुभयो, "अब यसो नगर !" अनि उहाँले त्यस मानिसको कान छुनुभयो र त्यसलाई निको पार्नुभयो ।

**५२**त्यसपछि येशूले उहाँलाई पक्रन आएका मुख्य पूजाहारीहरू, मन्दिरका पहरेदारहरूका अधिकारीहरू, र धर्मगुरुहरूलाई भन्नुभयो, "के विद्रोहको अगुवाइ गरेको छु र तपाईंहरू तरवार र लाठाहरू लिएर आउनुभयो ? **५३**म त दिनहुँ तपाईंहरूसँगै मन्दिरको चोकमा हुन्थे, अनि तपाईंहरूले ममाथि हात उठाउनुभएन । तर अब यो तपाईंहरूको समय हो, जब अन्धकारले राज्य गर्छ ।"

## पत्रुसले येशूलाई अस्वीकार गरेका

*मत्ती २६:६९-७५; मर्कूस १४:६९-७२*
*यूहन्ना १८:१५-१८, २५-२७*

**५४**त्यसपछि तिनीहरूले उहाँलाई पक्रेर लगे, र उहाँलाई प्रधान पूजाहारीको घरमा लगे । पत्रुसले टाढ़ैबाट उहाँलाई पछ्याए । **५५**तर जब तिनीहरू चोकको बीचमा आगो बालेर साथसाथै बसेका थिए, तब पत्रुस पनि तिनीहरूसितै बसे । **५६**एउटी नोकर्नी केटीले आगोको उज्यालोमा तिनलाई त्यहाँ बसिरहेको देखी । त्यसले तिनलाई नजीकैबाट नियालेर हेरी र भनी, "यी मानिस पनि तिनीसँगै थिए ।"

**५७**तर तिनले अस्वीकार गरे र भने, "ए नारी, म उहाँलाई चिन्दिनँ ।"

**५८**केही बेरपछि कोही अर्को व्यक्तिले तिनलाई देख्यो र भन्यो, "तिमी पनि तिनीहरूमध्येकै एक हौ ।"

पत्रुसले जवाफ दिए, "ए मानिस, म होइनँ ।"

**५९**लगभग एक घण्टापछि अर्को एक जनाले दृढ़तासाथ भन्यो, "निश्चय नै यी मानिस तिनीसँगै थिए, किनकि यिनी पनि गालीली हुन् ।"

**६०**पत्रुसले जवाफ दिए, "ए मानिस, तिमी के भनिरहेछौ म जान्दिनँ ।" तिनी बोलिरहेकै बेलामा भाले बास्यो । **६१**अनि प्रभुले फर्केर पत्रुसलाई सोझै हेर्नुभयो । तब पत्रुसले तिनलाई प्रभुले भन्नुभएको यो वचन सम्झे: "आज भाले बास्नभन्दा अघि नै, तिमीले मलाई तीनपल्ट अस्वीकार गर्नेछौ ।" **६२**अनि तिनी बाहिर निस्के र धुरुधुरु रोए ।

## सिपाहीहरूद्वारा येशूको गिल्ला

*मत्ती २६:६७-६८; मर्कूस १४:६५*

**६३**येशूलाई पक्रने मानिसहरूले उहाँलाई गिल्ला गर्न र पिट्न थाले । **६४**तिनीहरूले उहाँका आँखा छोपिदिए र उहाँलाई आज्ञा गरे, "लौ अगमवाणी गर् ! तँलाई हिर्काउने को हो ?" **६५**अनि तिनीहरूले उहाँलाई अरू धेरै निन्दाका कुराहरू पनि भने ।

## पिलातस र हेरोदको अगि येशू

*मत्ती २६:६३-६६; २७:११-२६; मर्कूस १४:५३-६५; १५:१-१५; यूहन्ना १८:१९-२४, २८-४०; १९:१-१६*

**६६**उज्यालो हुने बित्तिकै जनताका धर्मगुरुहरू, मुख्य पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरूको महासभा एकसाथ भेला भयो, र येशूलाई तिनीहरूका अगि लगियो । **६७**तिनीहरूले सोधे, "यदि तँ ख्रीष्ट होस् भने हामीलाई भन् ।"

येशूले जवाफ दिनुभयो, "मैले भनें भने पनि तपाईंहरूले मलाई विश्वास गर्नुहुन्न, **६८**अनि यदि मैले प्रश्न गरें भने पनि, तपाईंहरूले जवाफ दिनुहुन्न । **६९**तर अबदेखि उसो, म, मानव-पुत्र सर्वशक्तिमान् परमेश्वरको दाहिने हातपट्टि बस्नेछु ।"

**७०**तिनीहरू सबैले सोधे, "त्यसो भए, के तँ परमेश्वरको पुत्र होस् ?"

---

**२२:५३**–लूका १९:४७; २१:३७.

उहाँले उत्तर दिनुभयो, “म त्यही हुँ भनी
तपाईंहरूले ठीक भन्नुभयो ।”
**७१**त्यसपछि तिनीहरूले भने, “अब हामीलाई
अरू साक्षीको किन आवश्यकता पर्‍यो र ?
हामीले त्यसको आफ्नै मुखबाट सुनेका छौं ।”

**२३** त्यसपछि सभाका सारा सदस्यहरू
उठेर उहाँलाई पिलातसकहाँ लगे ।
**२**अनि तिनीहरूले उहाँलाई यसो भनेर दोष
लगाउन थाले, “यस मानिसले हाम्रो राष्ट्रलाई
नै बहकाउँदै गरेका हामीले भेट्टायौं । यसले
सिजरलाई कर तिर्ने कुराको विरोध गर्छ र
आफैलाई ख्रीष्ट, राजा हुँ भन्छ ।”
**३**तब पिलातसले येशूलाई सोधे, “के तिमी
यहूदीहरूका राजा हौ ?”
“हो, तपाईंले भनेझैँ नै हो,” येशूले
भन्नुभयो ।
**४**त्यसपछि पिलातसले मुख्य पूजाहारीहरू
र भीड़लाई घोषणा गरिदिए, “यस मानिसलाई
दोष लगाउन म केही आधार भेट्दिनँ ।”
**५**तर तिनीहरूले जिद्दी गरिरहे, “यसले
आफ्नो शिक्षाद्वारा सारा यहूदियाका
मानिसहरूलाई भड्काउँछ । यो गालीलदेखि
शुरु गरेर यहाँसम्म आइपुगेको छ ।”
**६**यति सुनेपछि पिलातसले कतै उहाँ
गालीलीको पो हुनुहुन्छ कि भनी सोधपूछ गरे ।
**७**जब तिनले येशू हेरोदको अधिकार क्षेत्रका
हुनुहुन्छ भन्ने थाहा पाए, तब तिनले उहाँलाई
हेरोदकहाँ पठाए । हेरोद पनि त्यसबेला
यरूशलेममा नै थिए ।
**८**येशूलाई देखेर हेरोद अत्यन्तै खुशी भए,
किनकि तिनले धेरै दिनदेखि उहाँलाई हेर्न इच्छा
गरिरहेका थिए । तिनले उहाँका विषयमा
जेजे सुनेका थिए, त्यसअनुसार उहाँद्वारा केही
आश्चर्य-कर्म भएको हेर्न तिनले आशा राखेका
थिए । **९**तिनले उहाँलाई धेरै प्रश्नहरू सोधे,
तर येशूले तिनलाई केही जवाफ दिनुभएन ।
**१०**मुख्य पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरू
उहाँकहाँ बड़ो जोड़तोड़कासाथ दोष लगाउँदै
त्यहाँ उभिरहेका थिए । **११**हेरोद र तिनका
सिपाहीहरूले उहाँको निन्दा र गिल्ला गरे ।
तिनीहरूले उहाँलाई रवाफिलो वस्त्र लगाइदिएर
पिलातसकहाँ फिर्ता पठाए । **१२**त्यस दिन हेरोद
र पिलातस आपसमा मित्र बने, किनकि यसभन्दा
अघि तिनीहरूमा शत्रुता थियो ।
**१३**पिलातसले मुख्य पूजाहारीहरू, शासकहरू
र जनतालाई एकसाथ बोलाए **१४**र तिनीहरूलाई
भने, “तिमीहरूले यी मानिसलाई जनतालाई
विद्रोह गर्न भड्काउने मानिस भन्दै मकहाँ
ल्यायौ । मैले तिमीहरूकै अगि यिनको जाँच
गरें र यिनी विरुद्ध तिमीहरूले लगाएका दोषको
लागि मैले केही आधार पाएको छैनँ ।
**१५**हेरोदले पनि केही दोष भेट्टाएनन्, किनकि
तिनले पनि यिनलाई हामीकहाँ नै फिर्ता
पठाइदिए; तिमीहरूले देखेकै छौ कि मृत्युदण्ड
पाउने योग्यको कुनै काम यिनले गरेका
छैनन् । **१६**त्यसकारण म यिनलाई सजाय दिएर
छोड़िदिनेछु ।”
[**१७**चाड़को उपलक्ष्यमा तिनीहरूका निम्ति
पिलातसले एक जनालाई छोड़िदिनपर्थ्यो ।]
**१८**तिनीहरूले एकै सोरमा चिच्च्याउँदै भने,
“यसलाई हटाउनुहोस् ! हाम्रा निम्ति बारब्बालाई
छोड़िदिनुहोस् !” **१९**(बारब्बाचाहिँ शहरमा भएको
एउटा विद्रोह र हत्याको मुद्दामा झ्यालखानमा
थुनिएको थियो ।)
**२०**येशूलाई छोड़िदिने इच्छा गरेर पिलातसले
तिनीहरूलाई फेरि अनुरोध गरे । **२१**तर तिनीहरू
भने यसो भन्दै चिच्च्याइरहे, “त्यसलाई क्रूसमा
टाँग्नुहोस् ! त्यसलाई क्रूसमा टाँग्नुहोस् !”
**२२**तिनले तेस्रोपल्ट तिनीहरूलाई भने:
“किन ? यी मानिसले के अपराध गरेका छन्
र ? मैले यिनमा मृत्युदण्डका निम्ति कुनै
कारण भेट्टाउँदिनँ । त्यसकारण म यिनलाई
सजाय गरेर छोड़िदिनेछु ।”
**२३**तर चर्को सोरले चिच्च्याउँदै उहाँलाई
क्रूसमा टाँग्नैपर्छ भनी तिनीहरूले जिद्दीका
साथ माग गरे, र तिनीहरूको आवाजको नै
जीत भयो । **२४**यसरी पिलातसले तिनीहरूकै
माग पूरा गरिदिने निर्णय गरे । **२५**तिनले विद्रोह
र हत्याको मुद्दामा झ्यालखानमा परेको
मानिस, तिनीहरूले मागेको मानिसलाई नै

छोड़िदिए, र येशूलाई तिनीहरूकै इच्छामा तिनले
सुम्पिदिए ।

### येशू क्रूसमा टाँगिनुभएको

*मत्ती २७:३२-४४; मर्कूस १५:२१-३२*
*यूहन्ना १९:१७-२७*

**२६**तिनीहरूले उहाँलाई लैजाँदैगर्दा
साइरिनीको सिमोनलाई समाते, जो गाउँबाट
आउँदैथिए, अनि तिनलाई क्रूस बोकाए र येशूको
पछिपछि हिँड्न लगाए । **२७**धेरै मानिसहरूको
एउटा ठूलो भीड़ले उहाँलाई पछ्यायो, जुन
भीड़मा उहाँका लागि रुँदै र विलाप गर्दैगरेका
केही स्त्रीहरू पनि थिए । **२८**येशूले फर्केर
तिनीहरूलाई भन्नुभयो, "ए यरूशलेमका
छोरीहरू हो, मेरो निम्ति नरोओ; तर आफ्नै
निम्ति र आफ्ना छोराछोरीका निम्ति रोओ ।
**२९**किनकि समय आउनेछ, जब तिमीहरूले
भन्नेछौ, 'बाँझी स्त्रीहरू र गर्भधारण नगर्ने
कोखहरू र दूध नखुवाउने स्त्रीहरू धन्यका
हुन् !' **३०**त्यसपछि

"'तिनीहरूले पहाड़हरूलाई
"हामीमाथि खस !"
र डाँड़ाहरूलाई, "हामीलाई
छोप !" भन्नेछन् ।'

**३१**किनकि रूख हरियो छँदै त मानिसहरूले
यसो भन्छन् भने, त्यो सुकेपछि झन् के होला ?"
**३२**अरू दुई जना मानिसहरू जो अपराधी
थिए, तिनीहरू पनि उहाँसँगै मृत्युदण्ड दिन
लगिए । **३३**तिनीहरू खप्परे भनिने ठाउँमा
आएपछि त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा
टाँगे; ती अपराधीहरू पनि टाँगिए, एउटा उहाँको
दाहिनेपट्टि र अर्कोचाहिँ उहाँको देब्रेपट्टि ।
**३४**येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई
क्षमा गरिदिनुहोस्, किनकि यिनीहरूले के गर्दैछन्
सो जान्दैनन् ।" अनि तिनीहरूले चिट्ठा हालेर
उहाँको वस्त्र आपसमा बाँड़े ।

**३५**मानिसहरू यो दृश्य हेर्दै त्यहाँ उभिए, र
शासकहरूले त उहाँको ठट्टा पनि गरे ।
तिनीहरूले भने, "यसले अरूलाई बचायो; अब
यो परमेश्वरको ख्रीष्ट, चुनिएको जन हो भने,
आफैलाई बचाओस् ।"
**३६**सिपाहीहरू पनि आए र उहाँको गिल्ला
गरे । तिनीहरूले उहाँलाई सिर्का दिए, **३७**र
भने, "तँ यहूदीहरूको राजा होस् भने, आफैलाई
बचा ।"
**३८**उहाँको माथिपट्टि एउटा लिखित दोष-
पत्र थियो, जसमा यसो लेखिएको थियो: "यो
यहूदीहरूको राजा हो ।"
**३९**त्यहाँ झुण्ड़िएका अपराधीहरूमध्ये
एउटाले उहाँको अपमान गर्दै भन्यो: "के तिमी
ख्रीष्ट होइनौ ? तिमी आफैलाई र हामीलाई
बचाऊ !"
**४०**तर अर्को अपराधीले त्यसलाई हप्कायो ।
त्यसले भन्यो, "तँ पनि त्यही दण्डमा छस् र
पनि परमेश्वरको डर मान्दैनस् ? **४१**हामीले
त न्यायोचित रूपले दण्ड पाइरहेका छौं, किनकि
हामीले त हाम्रो कामको उचित दण्ड
पाइरहेका छौं । तर यी मानिसले त कुनै अनुचित
काम गरेका छैनन् ।"
**४२**त्यसपछि त्यसले भन्यो, "हे येशू,
तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई
सम्झनुहोस् ।"
**४३**अनि येशूले त्यसलाई जवाफ दिनुभयो,
"म तिमीलाई साँचो भन्दछु, आजै तिमी मसित
स्वर्गलोकमा हुनेछौ ।"

### येशूको मृत्यु

*मत्ती २७:४५-५६; मर्कूस १५:३३-४१*
*यूहन्ना १९:२८-३०*

**४४**लगभग दिउँसोको बाह्र बजेको थियो,
र तीन बजेसम्म सम्पूर्ण देशभरि अन्धकार
छायो, **४५**किनकि सूर्यले तेज दिन छोड़यो ।
अनि मन्दिरको पर्दा दुई भाग भएर च्यातियो ।

**२३:३०**–होशे १०:८; प्रकाश ६:१६. **२३:३४**–भजन २२:१८. **२३:३५**–भजन २२:७. **२३:३६**–भजन ६९:२१.
**२३:४५**–प्रस्थान २६:३१-३३.

**४६**अनि येशूले चर्को सोरमा कराएर भन्नुभयो, "हे पिता; म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु ।" यति भनेर उहाँले आफ्नो प्राण त्याग्नुभयो ।

**४७**कप्तानले भएको सबै घटना देखेर परमेश्वरको प्रशंसा गर्दै भने, "निश्चय नै यिनी धार्मिक मानिस थिए ।" **४८**जब यो दृश्य हेर्न त्यहाँ जम्मा भएका सबै मानिसहरूले त्यहाँ भएको घटना देखे, तब तिनीहरू आ-आफ्ना छाती पिट्दै फर्के । **४९**तर उहाँलाई चिन्नेहरू र गालीलबाट उहाँलाई पछ्याउँदै आएका स्त्रीहरूलगायत सबै जना यी घटनाहरू हेर्दै टाढ़ामा उभिरहे ।

### येशूको दफन

*मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७*
*यूहन्ना १९:३८-४२*

**५०**त्यहाँ यूसुफ नाम भएका, महासभाका एक सदस्य, एक असल र धार्मिक मानिस थिए, **५१**जसले तिनीहरूका निर्णय र कार्यमा सहमति जनाएका थिएनन् । तिनी यहूदियाको अरिमथिया शहरका मानिस थिए र तिनले परमेश्वरको राज्यको प्रतीक्षा गरिरहेका थिए । **५२**पिलातसकहाँ गएर तिनले येशूको लाश मागे । **५३**त्यसपछि तिनले लाश तल झारे, त्यसलाई मलमलको लुगाले बेह्रे र चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे, जसमा कसैलाई पनि राखिएको थिएन । **५४**यो तयारीको दिन थियो, र विश्राम-दिन शुरु हुनै लागेको थियो ।

**५५**गालीलबाट येशूसँगसँगै आएका स्त्रीहरू यूसुफका पछिपछि गए र त्यो चिहान अनि येशूको लाश त्यसमा कसरी राखियो भनी देखे । **५६**त्यसपछि तिनीहरू घर फर्के र सुगन्धित मसालाहरू र अत्तरहरू तयार पारे । तर विश्राम-दिनमा व्यवस्थाको आज्ञाबमोजिम तिनीहरूले विश्राम गरे ।

### येशू फेरि जीवित हुनुभएको

*मत्ती २८:१-१०; मर्कूस १६:१-११; यूहन्ना २०:१-९*

**२४** हप्ताको पहिलो दिन, बिहान सखारै, ती स्त्रीहरू आफूहरूले तयार पारेका सुगन्धित मसालाहरू लिएर चिहानमा गए । **२**तिनीहरूले चिहानबाट ढुङ्गा हटाइएको भेट्टाए, **३**तर भित्र पसेपछि तिनीहरूले प्रभु येशूको शरीर पाएनन् । **४**यस विषयमा तिनीहरू अलमल्ल परिरहेकै बेला, बिजुली चम्केझैँ चम्किलो वस्त्र पहिरेका दुई जना एक्कासि तिनीहरूका अगि खड़ा भए । **५**भयभीत भएर तिनीहरूले आफ्ना अनुहार भुइँतिर झुकाए, तर ती मानिसहरूले भने, "जीवित व्यक्तिलाई मृतकहरूको बीचमा तिमीहरू किन खोज्दछौ ? **६**उहाँ यहाँ हुनुहुन्न; उहाँ जीवित हुनुभएको छ ! उहाँ तिमीहरूसँग गालीलमा हुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो सो सम्झ: **७**'मानव-पुत्र पापीहरूका हातमा सुम्पिनु, क्रूसमा टाँगिनु र तेस्रो दिनमा फेरि जीवित हुनु आवश्यक छ ।'" **८**तब तिनीहरूले उहाँका वचन सम्झे ।

**९**चिहानबाट फर्केर आएपछि, तिनीहरूले यी सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए । **१०**प्रेरितहरूलाई यी कुराहरू बताउनेहरूमा मरियम मग्दलिनी, योअन्ना, याकूबकी आमा मरियम र तिनीहरूसँग भएका अरू स्त्रीहरू थिए । **११**तर प्रेरितहरूले ती स्त्रीहरूका कुरामा विश्वास गरेनन्, किनकि तिनीहरूका कुरा प्रेरितहरूलाई व्यर्थको जस्तै लाग्यो । **१२**तर पत्रुस उठे र चिहानतिर दगुरे । निहुरेर हेर्दा तिनले मलमलका लुगाका पट्टिहरू मात्र त्यहाँ पड़िरहेका देखे, र के भएको हो भन्ने कुरामा अचम्म मान्दै उनी फर्के ।

### इम्माउसको बाटोमा येशू

*मर्कूस १६:१२-१३*

**१३**अब त्यही दिन तिनीहरूमध्ये दुई जना यरूशलेमबाट करीब सात माइल टाढामा पर्ने

---

**२३:४६**–भजन ३१:५. **२३:४९**–लूका ८:२-३. **२३:५६**–प्रस्थान २०:१०; व्यवस्था ५:१४.
**२४:६–७**–मत्ती १६:२१; १७:२२-२३; २०:१८-१९; मर्कूस ८:३१; ९:३१; १०:३३-३४; लूका ९:२२; १८:३१-३३.

इम्माउस भनिने एउटा गाउँतिर गइरहेका
थिए । **१४**तिनीहरू आपसमा त्यहाँ घटेका
सबै कुराहरूका विषयमा बातचीत गर्दैथिए ।
**१५**तिनीहरूले आपसमा यिनै कुराहरूका
विषयमा बातचीत र बहस गरिरहेकै बेला,
येशू स्वयम् त्यहाँ आएर तिनीहरूकै साथसाथ
हिँड्नुभयो; **१६**तर तिनीहरू उहाँलाई चिन्न
नसक्ने तुल्याइएका थिए ।

**१७**उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू
हिँड्दै आपसमा के बहस गरिरहेका छौ ?"

तिनीहरू मलिन अनुहार पार्दै टक्क अडिए ।
**१८**तिनीहरूमध्येका क्लेओपास नाम भएका एक
जनाले उहाँलाई सोधे, "के तपाईं यरूशलेममा
एकमात्र आगन्तुक हुनुहुन्छ र जसलाई यी
दिनहरूमा त्यहाँ के घटनाहरू भए भन्ने थाहा
छैन ?"

**१९**उहाँले सोध्नुभयो, "के कुरा ?"

तिनीहरूले जवाफ दिए, "नासरतको येशूको
विषयमा, उहाँ एक अगमवक्ता हुनुहुन्थ्यो,
र परमेश्वर र सबै मानिसहरूका सामु
वचन र कर्ममा शक्तिमान् हुनुहुन्थ्यो । **२०**मुख्य
पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई
मृत्युदण्डको निम्ति सुम्पिदिए, र तिनीहरूले
उहाँलाई क्रूसमा टाँगे; **२१**तर हामीले त
इस्राएललाई छुटकारा दिनुहुने उहाँ नै हुनुहुन्छ
भन्ने आशा गरेका थियौं । यी सबैबाहेक, यो
सबै घटेको आज तीन दिन भयो । **२२**त्यसपछि
पनि, हामीहरूमध्येका कोही स्त्रीहरूले हामीलाई
छक्कै पारे । तिनीहरू आज बिहान सखारै
चिहानमा गए,**२३**तर उहाँको शरीर भेट्टाएनन् ।
तिनीहरू हामीकहाँ आएर तिनीहरूले उहाँ
जीवित हुनुहुन्छ भन्ने स्वर्गदूतहरूको एउटा
दर्शन देखेको कुरा सुनाए । **२४**त्यसपछि हाम्रा
साथीहरूमध्ये कोही चिहानमा गए र ती
स्त्रीहरूले भनेजस्तै नै भेट्टाए, तर तिनीहरूले
उहाँलाई देखेनन् ।"

**२५**अनि उहाँले तिनीहरूलाई भन्नुभयो,
"तिमीहरू कति अबुझ छौ, र अगमवक्ताहरूले
बोलेका सबै कुरा विश्वास गर्न तिनीहरूका
हृदय कति सुस्त छ ! **२६**के ख्रीष्टले यी सबै
कष्टहरू भोग्न र त्यसपछि आफ्नो महिमामा
प्रवेश गर्नु आवश्यक थिएन र ?" **२७**अनि
मोशा र अगमवक्ताहरूबाट शुरु गरेर उहाँले
सम्पूर्ण धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका
सबै कुराहरूको अर्थ तिनीहरूलाई व्याख्या
गरिदिनुभयो ।

**२८**तिनीहरू आफू जुन गाउँमा गइरहेका
थिए त्यसको नजीकै आइपुगेपछि, येशूले उहाँ
अझै पर जान चाहेजस्तो गर्नुभयो । **२९**तर
तिनीहरूले उहाँलाई कर गर्दै बिन्ती गरे,
"हामीसँग नै बस्नुहोस्, किनकि अब साँझ पर्दैछ;
र दिन पनि ढल्किसकेको छ ।" अनि उहाँ
तिनीहरूसँगै बस्न भित्र पस्नुभयो ।

**३०**जब उहाँ तिनीहरूसँगै टेबुलमा हुनुहुन्थ्यो,
तब उहाँले रोटी लिएर धन्यवाद दिनुभयो र
भाँचेर तिनीहरूलाई दिन थाल्नुभयो । **३१**त्यसबेला
तिनीहरूका आँखा खोलिए र तिनीहरूले
उहाँलाई चिने, अनि उहाँ तिनीहरूका दृष्टिबाट
अल्पनुभयो । **३२**तिनीहरूले आपसमा भने, "के
उहाँ बाटोमा हामीसँग कुराकानी गर्नुहुँदा र
हाम्रा निम्ति धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा
हाम्रो हृदय बलिरहेको थिएन र ?"

**३३**तिनीहरू उठे र तुरुन्तै यरूशलेम फर्के ।
त्यहाँ तिनीहरूले एघार जनालाई र तिनीहरूसँग
हुनेहरूलाई एकै साथ भेला भएका भेटे, **३४**अनि
तिनीहरूलाई भने, "यो सत्य रहेछ ! प्रभु जीवित
पारिनुभएको र सिमोनकहाँ देखापर्नुभएको हो
रहेछ ।" **३५**त्यसपछि ती दुई जनाले बाटोमा
के भएको थियो र उहाँले रोटी भाँच्नुहुँदा
कसरी येशूलाई तिनीहरूले चिने भन्ने विषयमा
बताए ।

### येशू चेलाहरूकहाँ देखा पर्नुभएको

*मत्ती २८:१६-२०; मर्कूस १६:१४-१८;*
*यूहन्ना २०:१९-२३; प्रेरित १:४-८*

**३६**तिनीहरूले यसैको बारेमा कुरा गर्दागर्दै
येशू स्वयम् तिनीहरूका बीचमा खड़ा हुनुभयो
र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति
होस् ।"

**३७**तिनीहरूले एउटा भूत देख्दैछन् भनीठानेर

तिनीहरू विचलित भए र डराए । **३८**उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित
हुन्छौ ? अनि तिमीहरूका मनमा किन शङ्का
उब्जन्छ ? **३९**मेरा हातहरू र खुट्टाहरू हेर । म
नै हुँ ! मलाई छोएर हेर; ममा भएकोजस्तै
मासु र हाड़ त कुनै भूतको हुँदैन ।"
**४०**यति भनिसकेपछि उहाँले तिनीहरूलाई
आफ्ना हात र खुट्टाहरू देखाउनुभयो । **४१**अनि
जब आनन्द र आश्चर्यले गर्दा तिनीहरूले
अझै पनि विश्वास गरेनन्, तब उहाँले
तिनीहरूलाई सोध्नुभयो, "के तिमीहरूसँग
यहाँ केही खानेकुरो छ ?" **४२**तिनीहरूले उहाँलाई
पकाएको माछाको एक टुक्रा दिए, **४३**अनि उहाँले
त्यो लिनुभयो र तिनीहरूकै सामु खानुभयो ।
**४४**उहाँले तिनीहरूलाई भन्नुभयो, "म
तिमीहरूसँगै हुँदा मैले तिमीहरूलाई भनेको
कुरा यही हो: मोशाको व्यवस्था, अगमवक्ताहरू
र भजनका पुस्तकमा मेरा विषयमा लेखिएका
हरेक कुरा पूरा हुनैपर्छ ।"
**४५**त्यसपछि तिनीहरूले धर्मशास्त्रका
कुराहरू बुझ्न सकून् भनेर उहाँले तिनीहरूका
समझ खोलिदिनुभयो । **४६**उहाँले तिनीहरूलाई
भन्नुभयो, "यसो लेखिएको छ: ख्रीष्टले दु:ख
भोग्नेछ र तेस्रो दिनमा मरेकाहरूबाट जीवित
भई उठ्ने छ, **४७**अनि यरूशलेमदेखि शुरु
गरेर सबै जातिहरूलाई उहाँको नाउँमा
पश्चात्ताप र पाप क्षमाको प्रचार हुनेछ ।
**४८**तिमीहरू यिनै कुराहरूका साक्षी छौ ।
**४९**मेरा पिताले प्रतिज्ञा गर्नुभएको कुरा म
तिमीहरूकहाँ पठाउनेछु; तर माथिबाट आउने
शक्तिले सुसज्जित नभएसम्म यसै शहरमा
बसिरहो ।"

### येशूको स्वर्गारोहण

*मर्कूस १६:१९-२०; प्रेरित १:९-११*

**५०**अनि उहाँले तिनीहरूलाई बाहिर बेथानीको
नजीकै लैजानुभएपछि, आफ्नो हात उचालेर
उहाँले तिनीहरूलाई आशीर्वाद दिनुभयो ।
**५१**तिनीहरूलाई आशीर्वाद दिँदैगर्नुहुँदा, उहाँ
तिनीहरूबाट अलग हुनुभयो र स्वर्गमा
लगिनुभयो । **५२**अनि तिनीहरूले उहाँलाई
दण्डवत् गरे र बड़ो आनन्दसाथ यरूशलेम
फर्के । **५३**अनि परमेश्वरको प्रशंसा गर्दै
निरन्तर मन्दिरमा रहन लागे ।

---

**२४:४९**–प्रेरित १:४

# यूहन्नाले
## लेखेका सुसमाचार

### वचन देहधारी हुनुभयो

**१** आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्‍वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्‍वर हुनुहुन्थ्यो । **२**आदिमा उहाँ परमेश्‍वरसँग हुनुहुन्थ्यो ।

**३**सबै कुराहरू उहाँद्वारा बनिए; बनाइएका कुराहरूमध्ये केही पनि उहाँविना बनिएन । **४**उहाँमा जीवन थियो, अनि त्यो जीवन मानिसहरूको ज्योति थियो । **५**ज्योति अन्धकारमा चम्कन्छ, तर अन्धकारले त्यसलाई चिनेन ।

**६**परमेश्‍वरबाट पठाइएका एक जना मानिस आए; तिनको नाउँ यूहन्ना थियो । **७**तिनीद्वारा सबै मानिसहरूले विश्‍वास गरून् भनेर तिनी त्यस ज्योतिको बारेमा साक्षी दिन एक गवाही बनेर आए । **८**तिनी स्वयम् नै त त्यो ज्योति थिएनन्; तर तिनी त केवल त्यो ज्योतिको लागि गवाही बनेर आए । **९**हरेक मानिसलाई ज्योति दिने त्यो सत्य ज्योति संसारमा आउँदै हुनुहुन्थ्यो ।

**१०**उहाँ संसारमा हुनुहुन्थ्यो, अनि संसार उहाँद्वारा बनिएको थियो, तापनि संसारले उहाँलाई चिनेन । **११**उहाँ आफ्नैहरूकहाँ आउनुभयो, तर उहाँका आफ्नैहरूले उहाँलाई ग्रहण गरेनन् । **१२**तर जतिले उहाँलाई ग्रहण गरे, र उहाँको नाउँमाथि विश्‍वास गरे, तिनीहरू सबैलाई उहाँले परमेश्‍वरका सन्तान हुने अधिकार दिनुभयो– **१३**ती सन्तानहरू प्राकृतिक वंशाक्रमद्वारा, शारीरिक निर्णयद्वारा, अथवा कुनै मान्छेको इच्छाद्वारा होइन, तर परमेश्‍वरबाट भएको जन्म हो ।

**१४**वचन देहधारी हुनुभयो र हाम्रा बीच वास गर्नुभयो । हामीले उहाँको महिमा देखेका छौं, अर्थात् पिताबाट आउनुभएको एकमात्र पुत्रको महिमा, जो अनुग्रह र सत्यताले पूर्ण हुनुहुन्छ ।

**१५**यूहन्नाले उहाँकै विषयमा गवाही दिन्छन् । तिनी यसो भन्दै उच्च सोरले कराउँछन्, "उहाँ त्यही व्यक्ति हुनुहुन्छ, जसका विषयमा मैले 'मपछि आउनुहुने मभन्दा उच्च हुनुहुन्छ, किनकि उहाँ मभन्दा अघिबाटै हुनुहुन्छ' भनी बताएको थिएँ ।" **१६**उहाँकै अनुग्रहको पूर्णताबाट हामीले एउटामाथि अर्को आशिष् पाएका छौं । **१७**किनकि व्यवस्था मोशाद्वारा दिइयो; अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए । **१८**कसैले परमेश्‍वरलाई कहिल्यै देखेको छैन, तर एकमात्र परमेश्‍वर पुत्रले देख्नुभएको छ, जो पिताको साथमा हुनुहुन्छ, र उहाँले नै पितालाई प्रकट गर्नुभएको छ ।

### बप्तिस्मा-दिने यूहन्नाको गवाही

*मत्ती ३:१-१२; मर्कूस १:१-८; लूका ३:१-१८*

**१९**जब यरूशलेमका यहूदीहरूले तिनी को हुन् भनी सोध्न पूजाहारीहरू र लेवीहरूलाई पठाए, तब यूहन्नाले दिएका गवाही यो थियो । **२०**तिनी स्वीकार गर्न चुकेनन्, तर "म ख्रीष्ट होइनँ" भनी स्वतन्त्र भई स्वीकार गरे ।

**२१**तिनीहरूले तिनलाई सोधे, "त्यसो भए तिमी को हौ ? के तिमी एलिया हौ ?"

तिनले भने, "म होइनँ ।"

"के तिमी अगमवक्ता हौ ?"

तिनले जवाफ दिए, "होइन ।"

**२२**अन्त्यमा तिनीहरूले सोधे, "तिमी को हौ त ? हामीलाई पठाउनेहरूलाई बताउनको निम्ति हामीलाई एउटा जवाफ देऊ । तिमी आफ्नो विषयमा के भन्छौ ?"

---

**१:६**–मत्ती ३:१; मर्कूस १:४; लूका ३:१-२. **१:२१**–व्यवस्था १८:१५,१८; मलाकी ४:५.

**२३**यूहन्नाले यशैया अगमवक्ताका शब्दहरूमा जवाफ दिए, "'परमप्रभुको मार्ग सोझो बनाऊ' भनी उजाड़-स्थानमा कराउनेको म एउटा आवाज हुँ ।"

**२४**तब पठाइएका केही फरिसीहरूले
**२५**तिनलाई सोधे, "यदि तिमी ख्रीष्ट, अथवा एलिया, अथवा अगमवक्ता कोही पनि होइनौ भने, किन बप्तिस्मा दिन्छौ त ?"

**२६**यूहन्नाले जवाफ दिए, "म त तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर तिमीहरूका बीचमा एक जना खड़ा हुनुहुन्छ, जसलाई तिमीहरू
चिन्दैनौ । **२७**मपछि आउनुहुने व्यक्ति उहाँ नै हुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्न पनि म योग्यको छैनँ ।"

**२८**यी सबै कुरा यर्दन नदीपारि यूहन्नाले बप्तिस्मा दिइरहेका ठाउँ बेथानीमा भएको थियो ।

### येशू, परमेश्‍वरका थुमा

**२९**भोलिपल्ट यूहन्नाले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप
उठाइलैजाने परमेश्‍वरका थुमा ! **३०**उहाँ नै त्यो व्यक्ति हुनुहुन्छ, जसको विषयमा मैले यसो भनेको थिएँ, 'मभन्दा पछि एक जना जो आउँदैहुनुहुन्छ, उहाँ मभन्दा उच्च हुनुहुन्छ, किनकि उहाँ त मभन्दा अघिदेखि नै हुनुहुन्थ्यो ।'
**३१**म आफैले उहाँलाई चिनेको थिइनँ, तर इस्राएलमा उहाँ प्रकट हुनुभएको होस् भनेर म पानीले बप्तिस्मा दिँदै आएँ ।"

**३२**त्यसपछि यूहन्नाले यो गवाही दिए, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट
ओर्लिआएर उहाँमाथि बस्नुभएको देखें । **३३**मैले उहाँलाई चिन्ने थिइनँ, तर यसैले चिनें, कि जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले मलाई भन्नुभयो, 'जुन मानिसमाथि पवित्र आत्मा आएर बस्दैगर्नुभएको तिमीले देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने
उहाँ नै हुनुहुन्छ ।' **३४**मैले देखेको छु र गवाही पनि दिन्छु कि उहाँ नै परमेश्‍वरका पुत्र हुनुहुन्छ ।"

### येशूका प्रथम चेलाहरू

*मत्ती ४:१८-२२; मर्कूस १:१६-२०; लूका ५:२-११*

**३५**भोलिपल्ट पनि यूहन्ना उनका चेलाहरूमध्ये
दुई जनासँग उभिरहेका थिए । **३६**येशूलाई छेउबाट गइरहनुभएको देखेर उनले भने, "हेर ! परमेश्‍वरका थुमा !"

**३७**उनले यो कुरा भनेको सुनेपछि ती दुई
चेलाहरू येशूको पछि लागे । **३८**पछिल्तिर फर्केर हेर्दा येशूले तिनीहरूलाई पछिपछि आइरहेका देखेर सोध्नुभयो, "तिमीहरू के चाहन्छौ ?"

तिनीहरूले भने, "रब्बी (जसको अर्थ हो, गुरुज्यू), तपाईं कहाँ बस्नुहुन्छ ?"

**३९**उहाँले जवाफ दिनुभयो, "आओ, र तिमीहरूले देख्नेछौ ।"

तिनीहरू गए र उहाँ बस्नुभएको ठाउँ देखे, अनि त्यस दिन तिनीहरू उहाँसँगै बसे । त्यसबेला करीब चार बजेको थियो ।

**४०**यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई चेलाहरूमध्ये एक जना सिमोन
पत्रुसका भाइ अन्द्रियास थिए । **४१**तिनले सबैभन्दा पहिले आफ्नो दाज्यू सिमोनलाई भेटे र भने, "हामीले मसीहलाई (अर्थात् ख्रीष्टलाई) भेट्टाएका
छौं ।" **४२**अनि तिनले सिमोनलाई येशूकहाँ ल्याए ।

येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, "तिमी यूहन्नाका छोरा सिमोन हौ । तिमी केफास (जसको अर्थ हो, पत्रुस अथवा चट्टान) भनिनेछौ ।"

### येशूले फिलिप र नथानेललाई बोलाउनुभएको

**४३**भोलिपल्ट येशूले गालील जाने निश्‍चय गर्नुभयो । उहाँले फिलिपलाई भेट्नुभयो र भन्नुभयो, "मेरो पछि लाग ।"

**४४**फिलिप पनि अन्द्रियास र पत्रुसजस्तै
बेथसेदा शहरका नै बासिन्दा थिए । **४५**फिलिपले नथानेललाई भेट्टाएर भने, "जसका विषयमा मोशाले व्यवस्थामा, र अगमवक्ताहरूले पनि

---

**१:२३**–यशैया ४०:३.

लेखेका थिए, उहाँलाई हामीले भेट्टाएका छौं– यूसुफका पुत्र नासरतका येशूलाई ।"
**४६**"नासरत !" नथानेलले छक्क पर्दै सोधे, "के त्यहाँबाट पनि कुनै असल कुरो आउनसक्छ र ?"

फिलिपले भने, "आएर हेर !"

**४७**येशूले नथानेललाई आफूतिर आउँदैगरेका देखेपछि तिनको विषयमा भन्नुभयो, "हेर, एक जना पक्का इस्राएली, जसमा कुनै खराबी छैन ।"

**४८**नथानेलले सोधे, "तपाईंले मलाई कसरी चिन्नुभयो ?"

येशूले जवाफ दिनुभयो, "फिलिपले तिमीलाई बोलाउनुभन्दा अघिनै मैले तिमीलाई नेभाराको रूखमुनि देखें ।"

**४९**तब नथानेलले घोषणा गर्दै भने, "रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ; तपाईं नै इस्राएलका राजा हुनुहुन्छ ।"

**५०**येशूले भन्नुभयो, "मैले तिमीलाई नेभाराको रूखमुनि देखें भनेकोले नै तिमीले विश्वास गरेको ? तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ ।"
**५१**अनि उहाँले अझै भन्नुभयो, "म तिमीलाई साँचो भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको, अनि परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौ ।"

### येशूले पानीलाई दाखमद्यमा बदल्नुभएको

**२** तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो । येशूकी आमा त्यहाँ थिइन् ।
**२**अनि येशू र उहाँका चेलाहरू पनि त्यस विवाहमा निम्त्याइएका थिए ।
**३**त्यहाँ दाखमद्य सकिएपछि येशूकी आमाले उहाँलाई भनिन्, "तिनीहरूसँग अरू दाखमद्य छैन ।"

**४**येशूले जवाफ दिनुभयो, "हे नारी, मलाई किन समावेश गर्नुहुन्छ ? मेरो समय अझै आएको छैन ।"

**५**उहाँकी आमाले नोकरहरूलाई भनिन्, "उनले तिमीहरूलाई जे अह्राउँछन्, त्यो गर ।"

**६**यहूदीहरूले शुद्धिकरणका लागि प्रयोग गर्ने खालका हरेकमा प्राय: एक सय लिटर अटाउने ढुङ्गाका छओटा घ्याम्पाहरू त्यहीं नजीकै थिए ।

**७**येशूले नोकरहरूलाई भन्नुभयो, "घ्याम्पाहरूमा पानी भर ।" अनि तिनीहरूले घ्याम्पाको मुखसम्मै पानी भरे ।

**८**त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "अब त्यसबाट अलिकता उघाएर भोजका नाइकेकहाँ लैजाओ ।"

तिनीहरूले त्यसै गरे ।
**९**भोजका नाइकेले त्यो पानी चाखे, जुन दाखमद्य बनिसकेको थियो । त्यो कहाँबाट ल्याइएको हो भनी तिनले जान्दैनथिए, तर पानी उघाउने नोकरहरूलाई चाहिँ त्यो थाहा थियो । तिनले दुलहालाई एकातिर बोलाए
**१०**र भने, "हरेक मानिसले सबैभन्दा उत्तम दाखमद्य शुरुमा चलाउँछ, अनि सबै मानिसहरूले प्रशस्तै खाइसकेपछि मात्र कमसल दाखमद्य चलाउँछ; तर तिमीले त सबैभन्दा असललाई अहिलेसम्मका लागि साँचेका रहेछौ ।"

**११**यो, अर्थात् उहाँको सबैभन्दा पहिलो आश्चर्य-कर्म, येशूले गालीलको कानामा गर्नुभयो । यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे ।

### येशूले मन्दिर शुद्ध गर्नुभएको

*मत्ती २१:१२-१३; मर्कूस ११:१५-१७*
*लूका १९:४५-४६*

**१२**यसपछि येशू आफ्ना आमा, भाइहरू र उहाँका चेलाहरूसँग कफर्नहुम जानुभयो । उहाँहरू केही दिन त्यहाँ बस्नुभयो ।

**१३**यहूदी निस्तार-चाड़को बेला हुनलागेपछि, येशू यरूशलेम जानुभयो ।
**१४**मन्दिरको चोकमा उहाँले गोरु, भेड़ा र ढुकुर बेच्नेहरू, अनि अरूहरूलाई टेबलमा बसी पैसा साट्दै गरिरहेका भेट्टाउनुभयो ।
**१५**तब उहाँले डोरीको एउटा कोर्रा बनाउनुभयो र सबैलाई, तिनका भेड़ा र

---

**१:५१**–उत्पत्ति २८:१२. **२:१२**–मत्ती ४:१३. **२:१३**–प्रस्थान १२:१-२७.

गोरुहरूसमेतलाई मन्दिर क्षेत्रबाट बाहिर लखेट्नुभयो;
र पैसा साट्नेहरूका सिक्काहरू छरपष्ट
पारिदिनुभयो र टेबलहरू पल्टाइदिनुभयो ।
**१६**ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, “यी
सबैलाई यहाँबाट हटाओ ! मेरा पिताको
घरलाई एउटा बजार तुल्याउने कत्रो साहस !”
**१७**उहाँका चेलाहरूले धर्मशास्त्रमा लेखिएको
यो वचन सम्झे: “तपाईंको घरप्रतिको जोशले
मलाई खाइहाल्नेछ ।”
**१८**त्यसपछि यहूदीहरूले उहाँलाई सोधे, “यी
सबै कामहरू गर्ने तिमीलाई अधिकार छ
भनी प्रमाणित गर्नलाई तिमीले हामीलाई के
आश्चर्यमय चिन्ह देखाउनसक्छौ ?”
**१९**येशूले तिनीहरूलाई जवाफ दिनुभयो,
“यस मन्दिरलाई भत्काइदेओ, र तीन दिनमा
म फेरि यसलाई खड़ा गर्नेछु ।”
**२०**यहूदीहरूले जवाफ दिए, “यो मन्दिर
बनाउन छयालीस वर्ष लागेको थियो, अनि के
तिमी यसलाई तीन दिनमा खड़ा गर्न सक्छौ ?”
**२१**तर उहाँले भन्नुभएको मन्दिरचाहिँ उहाँको
शरीर थियो । **२२**उहाँ मृतकहरूबाट पुन: जीवित
हुनुभएपछि उहाँका चेलाहरूले येशूले भन्नुभएको
यो कुरा सम्झे । त्यसपछि तिनीहरूले
धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि
विश्वास गरे ।
**२३**अब निस्तार-चाड़को भोजको बेलामा
उहाँ यरूशलेममा हुनुहुँदा, धेरै मानिसहरूले
उहाँले गरिरहनुभएका आश्चर्य-कर्महरू देखे
र उहाँको नाउँमा विश्वास गरे । **२४**तर येशूले
आफैलाई तिनीहरूमाथि भरोसा गरेर छोड्नुभएन,
किनकि उहाँले सबै मानिसलाई चिन्नुहुन्थ्यो ।
**२५**उहाँलाई मानिसको विषयमा कसैको गवाहीको
आवश्यकता थिएन, किनकि मानिसको मनमा
के हुन्छ भनी उहाँले जान्नुहुन्थ्यो ।

### निकोदेमसलाई येशूको शिक्षा

**३** फरिसी दलका निकोदेमस नाउँ भएका
एक जना मानिस थिए, जो यहूदीहरूका
महासभाका एक सदस्य पनि थिए । **२**तिनी एक
राती येशूकहाँ आए र भने, “गुरुज्यू, तपाईं
परमेश्वरबाट आउनुभएको एक शिक्षक हुनुहुन्छ
भनी हामी जान्दछौं । किनकि परमेश्वर साथमा
नभइकन तपाईंले गरिरहनुभएका यी आश्चर्य-
चिन्हहरू कसैले पनि गर्न सक्दैन ।”
**३**जवाफमा येशूले घोषणा गर्नुभयो, “म
तिमीलाई साँचो भन्दछु, कोही नयाँ गरी जन्मेन
भने त्यसले परमेश्वरको राज्य देख्न सक्दैन ।”
**४**निकोदेमसले सोधे, “मानिस बूढ़ो भएपछि
फेरि कसरी जन्मन सक्छ ? निश्चय पनि,
फेरि जन्मनलाई ऊ आफ्नी आमाको गर्भमा
दोस्रोचोटि पस्न त सक्दैन !”
**५**येशूले जवाफ दिनुभयो, “म तिमीलाई
साँचो भन्दछु, पानी र आत्माद्वारा नजन्मेसम्म
कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न
सक्नेछैन । **६**शरीरले शरीर जन्माउँछ, तर
आत्माले आत्मा जन्माउँछ । **७**‘तिमीहरू नयाँ
गरी जन्मनुपर्छ’ भन्ने मेरो भनाइमा अचम्म
नमान । **८**बतास जता मन लाग्यो त्यतै
बहन्छ । तिमीले त्यसको आवाज त सुन्छौ, तर
त्यो कहाँबाट आउँछ वा कता जान्छ, त्यो
भन्न सक्दैनौ । आत्माद्वारा जन्मेको हरेक व्यक्ति
पनि त्यस्तै हुन्छ ।”
**९**निकोदेमसले सोधे, “यो कसरी हुनसक्छ ?”
**१०**येशूले भन्नुभयो, “तिमी इस्राएलका गुरु
हौ, र पनि यी कुराहरू तिमी बुझ्दैनौ ? **११**म
तिमीलाई साँचो भन्दछु, हामी जे जान्दछौं त्यो
भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही
दिन्छौं, तर पनि तिमीहरूले हाम्रा गवाही ग्रहण
गर्दैनौ । **१२**मैले तिमीहरूलाई पृथ्वीका कुराहरू
भनेको छु र पनि तिमीहरू विश्वास गर्दैनौ;
तिमीहरूलाई मैले स्वर्गका कुरा बताएँ भने
त कसरी विश्वास गरौला ? **१३**स्वर्गबाट
ओर्लिआएको म, मानव-पुत्रबाहेक कोही पनि
स्वर्गमा गएको छैन । **१४**जसरी मोशाले उजाड़-
स्थानमा सर्पलाई उचाले, त्यसरी नै म, मानव-
पुत्र पनि उचालिन नै पर्छ, **१५**तब उहाँमाथि विश्वास

---

**२:१७**–भजन ६९:९. **२:१९**–मत्ती २६:६१; २७:४०; मर्कूस १४:५८; १५:२९. **३:१४**–गन्ती २१:९.

गर्ने हरेकले अनन्त जीवन पाउनसक्छ ।
**१६**"किनकि परमेश्वरले संसारलाई यस्तो
प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्र
दिनुभयो, उहाँमाथि विश्वास गर्ने कोही पनि
नाश नहोस्, तर त्यसले अनन्त जीवन
पाओस् । **१७**किनकि परमेश्वरले संसारलाई
दोषी ठहराउनका निम्ति आफ्ना पुत्रलाई संसारमा
पठाउनुभएको होइन, तर उहाँद्वारा संसारलाई
बचाउनका निम्ति पठाउनुभयो । **१८**जसले
उहाँमाथि विश्वास गर्छ, ऊ दोषी ठहरिँदैन,
तर जसले विश्वास गर्दैन, ऊ अघिबाटै दोषी
ठहरिएको छ, किनकि उसले परमेश्वरका
एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।
**१९**फैसला यही हो: ज्योति संसारमा आएको छ,
तर मानिसहरूले ज्योतिको साटो अन्धकारलाई
रुचाए, किनकि तिनीहरूका कामहरू खराब
थिए । **२०**हरेक जसले दुष्ट काम गर्छ, त्यसले
ज्योतिलाई घृणा गर्छ, र त्यसका कामहरू
प्रकट होलान् भन्ने डरले त्यो ज्योतिमा आउँदैन ।
**२१**तर जो सत्यमा जिउँछ, उसले जे गरेको छ,
त्यो परमेश्वरद्वारा गरिएका हुन् भन्ने कुरा स्पष्ट
देखिन सकियोस् भनी ज्योतिमा आउँछ ।"

## येशूका बारेमा बप्तिस्मा-दिने यूहन्नाको गवाही

**२२**यसपछि, येशू र उहाँका चेलाहरू यहूदियाका
गाउँहरूतिर जानुभयो, र उहाँले तिनीहरूसँग
केही समय बिताउनुभयो, र बप्तिस्मा दिनुभयो ।
**२३**अब यूहन्नाले पनि सालीमको नजीकै एनोनमा
बप्तिस्मा दिइरहेका थिए, किनकि त्यहाँ प्रशस्त
पानी थियो, अनि बप्तिस्मा लिनलाई मानिसहरू
निरन्तर आइरहेका थिए । **२४**(यो यूहन्ना
झ्यालखानमा पर्नुभन्दा अघिको कुरा थियो ।)
**२५**यूहन्नाका केही चेलाहरू र एउटा यहूदीका
बीचमा शुद्धिकरणको विषयमा वाद-विवाद भयो ।
**२६**तिनीहरू यूहन्नाकहाँ आए र तिनलाई भने,
"गुरुज्यू, यर्दन नदीपारि तपाईंसँग हुनुभएको
व्यक्ति, जसको बारेमा तपाईंले गवाही दिनुभएको
थियो, उहाँले पनि बप्तिस्मा दिँदैहुनुहुन्छ, अनि
सबै मानिसहरू उहाँकहाँ जाँदैछन् ।"
**२७**यसै कुरालाई यूहन्नाले यसरी जवाफ
दिए, "कुनै पनि मानिसले स्वर्गबाट उसलाई जे
दिइन्छ त्यो मात्र पाउनसक्छ । **२८**'म नै त
ख्रीष्ट होइन । तर उहाँको अगाडि पठाइएको
हुँ' भन्ने बारेमा त तिमीहरू आफै गवाही दिन
सक्छौ । **२९**दुलही दुलहाका निम्ति हुन्छे ।
दुलहालाई सहायता गर्ने मित्रले उसको प्रतीक्षा
गर्छ र उसका कुरा सुन्छ, अनि उसको सोर
सुनेर ऊ आनन्दले पूर्ण हुन्छ । त्यही नै मेरो
आनन्द हो, र त्यो अब पूर्ण भएको छ । **३०**उहाँ
बढ्नु; तर मचाहिँ घट्नु आवश्यक छ ।
**३१**"जो माथिबाट आउनुहुन्छ, उहाँ सबैभन्दा
उच्च हुनुहुन्छ; पृथ्वीबाट आउनेचाहिँ पृथ्वीकै
हो, र पृथ्वीबाट आउनेले भैँ नै बोल्छ । स्वर्गबाट
आउनुहुनेचाहिँ सबैभन्दा उच्च हुनुहुन्छ । **३२**उहाँले
जे देख्नु र सुन्नुभएको छ, त्यसैको साक्षी दिनुहुन्छ,
तर कसैले पनि उहाँको साक्षी ग्रहण गर्दैन ।
**३३**जुन मानिसले उहाँको साक्षी ग्रहण गरेको छ,
उसले परमेश्वर सत्य हुनुहुन्छ भनी साक्षी दिन्छ ।
**३४**किनकि परमेश्वरले जसलाई पठाउनुभएको छ,
त्यसले परमेश्वरकै वचन बोल्दछ, किनकि
परमेश्वरले पवित्र आत्मा विनानाप दिनुहुन्छ ।
**३५**पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ र सबै थोक उहाँकै
हातमा राखिदिनुभएको छ । **३६**जसले पुत्रमाथि
विश्वास गर्छ, त्यससित अनन्त जीवन छ, तर
जसले पुत्रलाई इन्कार गर्छ, त्यसले जीवन देख्नेछैन,
किनकि परमेश्वरको क्रोध त्यसमा रहन्छ ।"

## सामरी स्त्रीसँग येशूको वार्ता

**४** यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू
बनाउँदैहुनुहुन्छ र धेरैलाई बप्तिस्मा
दिँदैहुनुहुन्छ भनी फरिसीहरूले सुने, **२**हुन त येशू
आफैले होइन, तर चेलाहरूले बप्तिस्मा दिन्थे ।
**३**प्रभुले यो थाहा पाउनुभएपछि, उहाँ यहूदिया
छोडेर फेरि एकपल्ट गालील फर्कनुभयो ।
**४**उहाँलाई सामरियाबाट भएर जानुपर्थ्यो ।

---

**३:२४**–मत्ती १४:३; मर्कूस ६:१७; लूका ३:१९-२०. **३:२८**–यूहन्ना १:२०. **३:३५**–मत्ती ११:२७; लूका १०:२२

**५**त्यसकारण उहाँ सामरियाको सुखार भन्ने शहरमा, याकूबले आफ्नो छोरा यूसुफलाई दिएका जमिनको नजीकै आइपुग्नुभयो। **६**त्यहाँ याकूबको इनार थियो, अनि येशू यात्राबाट आउनुभएको कारण थाक्नुभएको हुनाले इनारको छेउमा बस्नुभयो । त्यसबेला प्राय: मध्यान्ह भएको थियो ।

**७**जब एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई, तब येशूले त्यसलाई भन्नुभयो, "मलाई पानी पिउन दिन्छ्यौ कि ?" **८**(उहाँका चेलाहरू खानेकुरा किन्न शहरमा गएका थिए ।)

**९**त्यस सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी हुनुहुन्छ, अनि म एक सामरी स्त्री हुँ । तपाईंले कसरी मेरो हातबाट पानी पिउनुहुन्छ ?" (किनकि यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन् ।)

**१०**येशूले त्यसलाई भन्नुभयो, "यदि तिमीले परमेश्वरका वरदानलाई, तिमीसँग पानी माग्ने व्यक्ति को हो भनी चिनेकी भए, तिमीले ऊसँग माग्ने थियौ र उसले तिमीलाई जीवित पानी दिने थियो ।"

**११**त्यस स्त्रीले भनी, "हजूर, तपाईंसँग त पानी उघाउने भाँडा केही पनि छैन, अनि इनार गहिरो छ । तपाईंले त्यो जीवित पानी कहाँबाट ल्याउनुहुन्छ ? **१२**के तपाईं हाम्रा पुर्खा याकूबभन्दा महान् हुनुहुन्छ, जसले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले यसै इनारबाट पिए, अनि उनका सन्तान र उनका गाईवस्तुले पनि यही इनारको पानी पिए ?"

**१३**येशूले जवाफ दिनुभयो, "यो पानी पिउने हरेक फेरि तिर्खाउनेछ, **१४**तर जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन । वास्तवमा, जुन पानी म त्यसलाई दिन्छु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ ।"

**१५**त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, मलाई त्यो पानी दिनुहोस् र म नतिर्खाऊँ, अनि यहाँ पानी लिन आइरहन नपरोस् ।"

**१६**उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो लोग्नेलाई बोलाएर ल्याऊ ।"

**१७**त्यसले जवाफ दिई, "मेरो लोग्ने छैन ।"

येशूले त्यसलाई भन्नुभयो, "तिम्रो लोग्ने छैन भनेर तिमीले ठीकै भन्यौ । **१८**वास्तवमा, तिम्रा पाँच जना लोग्ने भइसकेका छन्, अनि अहिले तिमीसँग भएको मानिस पनि तिम्रो लोग्ने होइन । तिमीले अहिले जे भन्यौ त्यो साँचो हो ।"

**१९**त्यस स्त्रीले भनी, "हजूर, तपाईं एक अगमवक्ता हुनुपर्छ । **२०**हाम्रा पितापुर्खाहरूले यस डाँड़ामा आराधना गरे, तर तपाईं यहूदीहरूले भने हामीले आराधना गर्नुपर्ने स्थान त यरूशलेममा छ भनी दावी गर्नुहुन्छ ।"

**२१**येशूले भन्नुभयो, "ए नारी, मलाई विश्वास गर, एउटा समय आउँदैछ, जब तिमीहरूले पितालाई नता यस डाँड़ामा आराधना गर्नेछौ, नता यरूशलेममा नै । **२२**तिमी सामरीहरूले जे पुज्दछौ सो जान्दैनौ; हामीले जे पुज्दछौं सो जान्दछौं पनि, किनकि उद्धार यहूदीहरूद्वारा नै आउँछ । **२३**तर बेला आइरहेछ र त्यो बेला अहिले नै हो, सच्चा आराधकहरूले पितालाई आत्मामा र सत्यतामा आराधना गर्नेछन्, किनकि पिताले यस्तै नै आराधकहरूलाई खोज्नुहुन्छ । **२४**परमेश्वर आत्मा हुनुहुन्छ, त्यसकारण उहाँका आराधकहरूले आत्मामा र सत्यतामा नै आराधना गर्नुपर्छ ।"

**२५**त्यस स्त्रीले भनी, "जे होस्, मचाहिँ मसीह (जसलाई ख्रीष्ट भनिन्छ) आउनुहुन्छ भनेर जान्दछु । उहाँ आएपछि उहाँले हामीलाई सबै कुरा स्पष्ट गरिदिनुहुनेछ ।"

**२६**तब येशूले भन्नुभयो, "तिमीसँग बोल्ने, म नै ख्रीष्ट हुँ ।"

### चेलाहरू फेरि येशूसित

**२७**त्यति नै बेला उहाँका चेलाहरू फर्केर आइपुगे र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर तिनीहरू छक्क परे । तर

---

**४:५**–उत्पत्ति ३३:१९; यहोशू २४:३२. **४:९**–एज्रा ४:१-५; नहेम्याह ४:१-२

कसैले पनि “तपाईं के चाहनुहुन्छ ?” अथवा “तपाईं त्यस स्त्रीसित किन कुरा गर्दैहुनुहुन्छ ?” भनी उहाँलाई सोधेन ।

**२८**त्यसपछि, आफ्नो गाग्रो त्यहीं छोड़ेर
त्यो स्त्री शहरतिर फर्केर गई र मानिसहरूलाई
भनी, **२९**“आओ, र एक जना मानिसलाई
हेर, जसले मैले गरेका सबै काम मलाई
बताइदिनुभयो । कतै उहाँ नै त ख्रीष्ट हुनुहुन्न ?”
**३०**तिनीहरू शहरबाट निस्के र उहाँकहाँ गए ।

**३१**यसै बीचको समयमा उहाँका चेलाहरूले
उहाँलाई “गुरुज्यू, केही भोजन गर्नुहोस्” भनी
बिन्ती गरे ।

**३२**तर उहाँले तिनीहरूलाई भन्नुभयो, “मसँग
खानलाई भोजन छ, जसको बारेमा तिमीहरूलाई
थाहा छैन ।”

**३३**त्यसपछि चेलाहरूले एका अर्कालाई भने,
“के कसैले उहाँको निम्ति भोजन ल्याइदिएको
होला ?”

**३४**येशूले भन्नुभयो, “मेरो भोजन नै मलाई
पठाउनुहुनेको इच्छा पालन गर्नु र उहाँको
काम पूरा गर्नु हो । **३५**के तिमीहरू ‘अब चार
महिना बाँकी छ, तब त कटनीको समय हुन्छ’
भनी भन्दैनौ र ? म तिमीहरूलाई भन्दछु, आफ्ना
आँखा खोलेर खेतबारीमा हेर ! त्यो कटनीको
निम्ति पाकिसकेको छ । **३६**अहिले पनि फसल
काट्नेले ज्याला पाउँछ, अहिले पनि उसले अनन्त
जीवनको लागि फल बटुल्छ, जसले गर्दा बीउ
छर्ने र फसल काट्ने दुवै एकसाथ रमाउँछन् ।
**३७**त्यसैकारण ‘एउटाले छर्छ, अर्काले काट्छ’
भन्ने दृष्टान्त सत्य छ । **३८**मैले तिमीहरूलाई
त्यसको कटनी गर्न पठाएँ, जसको निम्ति
तिमीहरूले काम गरेनौ । अरूहरूले परिश्रम
गरेका छन्, अनि तिमीहरूले चाहिँ तिनीहरूका
परिश्रमको फलको कटनी गरेका छौ ।”

### धेरै सामरीहरूको विश्वास

**३९**“मैले गरेका सबै कामहरू उहाँले मलाई
बताइदिनुभयो” भन्ने त्यस स्त्रीको साक्षीका
कारण त्यस शहरका धेरै सामरीहरूले उहाँमाथि
विश्वास गरे । **४०**यसकारण सामरीहरू उहाँकहाँ
आएपछि, तिनीहरूले उहाँलाई तिनीहरूसँग
बस्न अनुरोध गरे, र उहाँ दुई दिनसम्म त्यहाँ
बस्नुभयो । **४१**अनि उहाँको वचनको कारण
अरू धेरै जनाले विश्वास गरे ।

**४२**तिनीहरूले त्यस स्त्रीलाई भने, “तिमीले
जे भन्यौ केवल त्यसको कारणले मात्र हामीले
विश्वास गरेका होइनौं; तर अब त हामी आफैले
सुनेका छौं, र हामी यो जान्दछौं कि उहाँ
साँच्चै नै संसारका मुक्तिदाता हुनुहुन्छ ।”

### येशूले हाकिमको छोरालाई निको पार्नुभएको

*मत्ती ८:५-१३; लूका ७:१-१०*

**४३**दुई दिनपछि उहाँ गालील जानुभयो ।
**४४**(येशू स्वयम्ले अगमवक्तालाई उसको आफ्नै
मुलुकमा आदर हुँदैन भनी औंल्याउनुभएको
थियो ।) **४५**उहाँ गालीलमा आइपुग्नुहुँदा
गालीलीहरूले उहाँलाई स्वागत गरे । उहाँले
निस्तार-चाड़को बेलामा यरूशलेममा गर्नुभएका
सबै काम तिनीहरूले देखेका थिए, किनकि
तिनीहरू पनि त्यहाँ गएका थिए ।

**४६**उहाँ फेरि एकपल्ट गालीलको कानामा
जानुभयो, जहाँ उहाँले पानीलाई दाखमद्यमा
बदल्नुभएको थियो । अनि त्यहाँ कफर्नहुममा
एक जना राजकीय हाकिम थिए र तिनको
छोरो बिरामी थियो । **४७**जब येशू यहूदियाबाट
गालील आइपुग्नुभएको छ भन्ने तिनले सुने,
तब तिनी उहाँकहाँ गए र उहाँ आएर तिनको
छोरालाई निको पारिदिन उहाँलाई बिन्ती गरे,
जुन छोरो मर्न आँटेको अवस्थामा थियो ।

**४८**येशूले तिनलाई भन्नुभयो, “चिन्ह र
आश्चर्य-कामहरू नदेखेसम्म तिमीहरूले कहिल्यै
विश्वास गर्दैनौ ।”

**४९**ती हाकिमले भने, “हजूर, मेरो छोरो
मर्नभन्दा अघि नै आइदिनुहोस् ।”

**५०**येशूले जवाफ दिनुभयो, “तिमी जान
सक्छौ । तिम्रो छोरो बाँच्नेछ ।”

---

**४:४४**–मत्ती १३:५७; मर्कूस ६:४; लूका ४:२४. **४:४५**–यूहन्ना २:२३. **४:४६**–यूहन्ना २:१-११.

तिनले येशूको वचनमा विश्वास गरे र
फर्के। ५१तिनी बाटोमै छँदा तिनका नोकरहरूले
भेटेर तिनको छोरो निको भइसकेको खबर
दिए। ५२छोरो कुन समयदेखि निको भयो भनी
तिनले सोध्दा, तिनीहरूले भने, "हिजो दिउँसो
एक बजेदेखि तिनलाई ज्वरोले छोड़ेको हो।"
५३तब त्यो समय येशूले "तिम्रो छोरो
बाँच्नेछ" भनी भन्नुभएकै समय रहेछ भनी
बाबुचाहिँले थाहा पाए। तब तिनले र तिनका
सबै परिवारले विश्वास गरे।
५४यहूदियाबाट गालीलमा आएर येशूले
गर्नुभएको यो दोस्रो आश्चर्य-चिन्ह थियो।

## पोखरीमा पक्षाघाती निको पारिएको

**५** केही समयपछि, येशू यहूदीहरूको एउटा
चाड़को निम्ति यरूशलेम जानुभयो।
२यरूशलेममा भेड़ा-ढोकाको नजीकै एउटा
पोखरी छ। जसलाई हिब्रू भाषामा बेथस्दा
भनिन्छ र यो पाँचओटा दलानहरूले घेरिएको
थियो। ३त्यहाँ थुप्रै रोगीहरू पस्रिरहेका हुन्थे–
अन्धाहरू, लङ्गड़ाहरू, पक्षाघातीहरू। तिनीहरू
पानी छचल्किएको पर्खिरहन्थे। ४किनकि बेला-
बेलामा परमप्रभुका दूत तल ओर्लेर आई पानी
हल्लाइदिन्थे। अनि हरेकपल्ट पानी छचल्किएपछि
जो पहिला पानीभित्र पस्थ्यो, त्यो जस्तै रोग
लागेको भए तापनि निको हुन्थ्यो। ५त्यहाँ
बस्नेहरूमध्ये एक जनालाई अठ्तीस वर्षदेखि
पक्षाघात भइरहेको थियो। ६जब येशूले त्यसलाई
त्यहाँ पस्रिएको देख्नुभयो र त्यो लामो समयदेखि
त्यस अवस्थामा रहेछ भनी थाहा पाउनुभयो,
तब उहाँले त्यसलाई सोध्नुभयो, "के तिमी
निको हुन चाहन्छौ?"
७त्यस रोगीले भन्यो, "हजूर, पानी छचल्काइँदा
मलाई पोखरीमा हालिदिन सहायता गर्ने कोही
पनि छैन। म पस्ने कोशिश गर्दागर्दै अर्को
मान्छे मभन्दा अगाडि पसिहाल्छ।"
८त्यसपछि येशूले त्यसलाई भन्नुभयो,
"उठ! तिम्रो ओछ्यान उठाऊ र हिँड़।"
९तुरुन्तै त्यो मानिस निको भयो, अनि आफ्नो
ओछ्यान उठाएर हिड्यो।
यो घटना भएको दिन विश्राम-दिन थियो,
१०त्यसकारण यहूदीहरूले त्यो निको भएको
मानिसलाई भने, "आज त विश्राम-दिन हो;
व्यवस्थाले त तिमीलाई ओछ्यान बोक्न समेत
निषेध गरेको छ।"
११तर त्यसले जवाफ दियो, "मलाई निको
पार्नुहुने व्यक्तिले नै मलाई भन्नुभयो, 'आफ्नो
ओछ्यान उठाऊ र हिँड़।'"
१२तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई
यो उठाएर हिँड्‌न् भन्ने त्यो मानिस को हो?"
१३निको भएको मानिसलाई उहाँ को हुनुहुन्थ्यो
भन्ने बारेमा केही थाहा थिएन, किनकि येशू
त्यहाँ भएको भीड़भित्र पसिसक्नुभएको थियो।
१४पछि येशूले त्यस मानिसलाई मन्दिरमा
भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका
छौ। पाप गर्न छोड़, नत्र तिमीमाथि अझ
नराम्रो अवस्था आउनसक्छ।" १५त्यो मानिस
गयो र त्यसलाई निको पार्ने व्यक्ति त येशू
हुनुहुँदोरहेछ भनी यहूदीहरूलाई बताइदियो।

## पुत्रद्वारा जीवन

१६त्यसकारण, येशूले यी कामहरू विश्राम-
दिनमा गर्नुभएको हुनाले यहूदीहरूले उहाँको
खेदो गर्न लागे। १७येशूले तिनीहरूलाई
भन्नुभयो, "मेरा पिताले आजको दिनसम्मै काम
गरिरहनुभएको छ, र म पनि काम गरिरहनेछु।"
१८यसकारणले गर्दा त यहूदीहरूले उहाँलाई
मार्न झन् धेरै प्रयत्न गर्न लागे; किनकि उहाँले
केवल विश्राम-दिनलाई भङ्ग मात्र गर्नुभएको
होइन, तर आफैलाई परमेश्वरको बराबरी
तुल्याएर उहाँले परमेश्वरलाई पनि आफ्नै पिता
भन्नुभएको थियो।
१९येशूले तिनीहरूलाई यस्तो जवाफ दिनुभयो:
"म तिमीहरूलाई साँचो भन्दछु, पुत्र आफैले त
केही गर्न सक्दैन; उसले त पिताले जे गर्नुभएको
देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे

---

**५:१०**–नहेम्याह १३:१९; यर्मिया १७:२१.

गर्नुहुन्छ, पुत्रले पनि त्यही गर्छ । **२०**किनकि
पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ र उहाँले जे गर्नुहुन्छ
त्यो सबै पुत्रलाई देखाउनुहुन्छ । हो, तिमीहरूका
आश्‍चर्यका निम्ति उहाँले पुत्रलाई यीभन्दा पनि
अझै ठूला-ठूला कुराहरू देखाउनुहुनेछ । **२१**किनकि
जसरी पिताले मरेकाहरूलाई उठाउनुहुन्छ र
तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले
पनि जसलाई इच्छा गर्छ त्यसलाई जीवन दिन्छ ।
**२२**यसबाहेक, पिताले कसैको न्याय गर्नुहुन्न,
तर न्यायको सम्पूर्ण काम उहाँले पुत्रलाई
सुम्पनुभएको छ, **२३**ताकि पितालाई आदर
गरेझैँ तिनीहरू सबैले पुत्रलाई पनि आदर
गरून् । जसले पुत्रलाई आदर गर्दैन, त्यसले
पुत्रलाई पठाउनुहुने पितालाई पनि आदर गर्दैन ।

**२४**"म तिमीहरूलाई साँचो भन्दछु, जसले
मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि
विश्‍वास गर्छ, त्यससित अनन्त जीवन छ र
त्यो दोषी ठहऱ्याइने छैन; त्यो मृत्युबाट जीवनमा
प्रवेश गरिसकेको छ । **२५**म तिमीहरूलाई साँचो
भन्दछु, एउटा समय आइरहेछ र त्यो अहिले नै
आइसकेको छ, जब मरेकाहरूले परमेश्‍वरका
पुत्रको सोर सुन्नेछन् र जसले सुन्छन्, तिनीहरू
बाँच्नेछन् । **२६**किनकि जसरी पिता आफैमा
जीवन छ, त्यसरी नै उहाँले पुत्रलाई पनि आफैमा
जीवन हुने अधिकार दिनुभएको छ । **२७**अनि
उहाँले पुत्रलाई न्याय गर्ने अख्तियार दिनुभएको
छ; किनकि ऊ मानिसको पुत्र हो ।"

**२८**"यस कुरामा आश्‍चर्य नमान, किनकि
एउटा समय आइरहेछ, जब आफ्ना चिहानमा
हुनेहरू सबैले उसको सोर सुन्नेछन्, **२९**र बाहिर
निस्किआउनेछन्– जसले सुकर्म गरेका छन्,
तिनीहरू अनन्तसम्म जिउनलाई, र जसले
कुकर्म गरेका छन्, तिनीहरू अनन्तसम्म दण्ड
पाउनलाई जीवित हुनेछन् । **३०**आफै त मैले
केही गर्न सक्दिनँ; मैले जस्तो सुन्छु, त्यसैअनुसार
न्याय गर्छु, अनि मेरो न्याय उचित छ, किनकि
म आफ्नो होइन, तर मलाई पठाउनुहुनेको
इच्छा खोज्दछु ।

### येशूका बारेमा साक्षीहरू

**३१**"यदि मैले आफ्नै विषयमा साक्षी दिएँ
भने त, मेरो साक्षी मान्य हुँदैन । **३२**मेरो पक्षमा
साक्षी दिने अर्को एक जना हुनुहुन्छ, अनि म
जान्दछु कि मेरो विषयमा उहाँले दिनुहुने साक्षी
साँचो ठहर्छ ।

**३३**"तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ
र तिनले सत्यको साक्षी दिएका छन् । **३४**मैले
मानिसको साक्षी ग्रहण गर्छु भन्ने त होइन; तर
तिमीहरूले उद्धार पाउन सक भनेर मैले यो
कुरा भनेको हुँ । **३५**यूहन्ना बल्दो र ज्योति दिने
बत्ती थिए, अनि तिमीहरू केही समय तिनको
प्रकाशमा रमाउन खोज्यौ ।

**३६**"मसँग यूहन्नाको भन्दा ठूलो साक्षी छ ।
किनकि पिताले मलाई पूरा गर्न भनी दिनुभएको
काम, जो मैले गरिरहेको छु, त्यही कामले नै
पिताले मलाई पठाउनुभएको हो भन्ने साक्षी
दिन्छ । **३७**अनि पिता, जसले मलाई पठाउनुभयो
उहाँ स्वयम्‌ले मेरो विषयमा साक्षी दिनुभएको
छ । तिमीहरूले कहिल्यै पनि उहाँको सोर
सुनेका छैनौ, नता उहाँको रूप देखेका छौ,
**३८**नता उहाँको वचन तिमीहरूमा रहन्छ,
किनकि उहाँले पठाउनुभएकोलाई तिमीहरूले
विश्‍वास गर्दैनौ । **३९**तिमीहरू लगनशील भई
धर्मशास्त्रमा खोजी गर्दछौ, किनकि तिमीहरूले
त्यसद्वारा तिमीहरूलाई अनन्त जीवन मिल्छ
भनी विचार गर्दछौ । तिनै धर्मशास्त्रले नै मेरो
विषयमा साक्षी दिन्छन्, **४०**तर पनि जीवन प्राप्त
गर्न मकहाँ आउन तिमीहरू अस्वीकार गर्छौ ।

**४१**"म मानिसहरूबाट प्रशंसा ग्रहण गर्दिनँ,
**४२**तर म तिमीहरूलाई चिन्दछु । तिमीहरूको
हृदयमा परमेश्‍वरको प्रेम छैन भनी म जान्दछु ।
**४३**म मेरा पिताको नाउँमा आएको छु, तर
तिमीहरू मलाई ग्रहण गर्दैनौ; तर अर्को कोही
उसको आफ्नै नाउँमा आयो भने, तिमीहरूले
त्यसलाई ग्रहण गर्छौ । **४४**यदि तिमीहरूले एका
अर्काबाट प्रशंसा ग्रहण गर्छौ, तर एकमात्र
परमेश्‍वरबाट आउने प्रशंसा प्राप्त गर्न केही

---

**५:२९**–दानिएल १२:२. **५:३३**–यूहन्ना १:१९-२७; ३:२७-३०. **५:३७**–मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२.

वास्ता नै गर्दैनौ भने तिमीहरूले कसरी विश्वास
गर्न सक्छौ र ?

**४५**"तर तिमीहरूलाई पिताको अगि मैले
दोष्याउनेछु भनी नसम्भ। तिमीहरूलाई दोष्याउने
त मोशा हुन्, जसमाथि तिमीहरूको आशा
रहेको छ । **४६**यदि तिमीहरूले मोशालाई
विश्वास गरेका भए, तिमीहरूले मलाई पनि
विश्वास गर्ने थियौ, किनकि तिनले मेरो विषयमा
लेखेका थिए। **४७**तर उनले लेखेको कुरामा
विश्वास नगरेपछि मैले भनेको कुराहरू
तिमीहरूले कसरी विश्वास गर्छौ र ?"

### येशूले पाँच हजारलाई खुवाउनुभएको

*मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४*
*लूका ९:१०-१७*

**६** यसको केही समयपछि, येशू गालील, अर्थात्
तिबेरियास समुद्रको पारिपट्टि जानुभयो ।
**२**अनि मानिसहरूको एउटा ठूलो भीड़ले उहाँलाई
पछ्यायो, किनकि उहाँले रोगीहरूमाथि गर्नुभएका
आश्चर्य-कर्महरू तिनीहरूले देखेका थिए ।
**३**त्यसपछि येशू एउटा डाँड़ामा जानुभयो र
चेलाहरूसँग त्यहाँ बस्नुभयो । **४**यहूदीहरूको
निस्तार-चाड़ नजीकै थियो ।

**५**येशूले आँखा उठाएर हेर्नुभयो र एउटा
ठूलो भीड़ उहाँतर्फ आउँदै गरेको देखेर उहाँले
फिलिपलाई भन्नुभयो, "यी मानिसहरूले खानका
निम्ति हामीले रोटी कहाँबाट किन्ने ?" **६**उहाँले
तिनलाई जाँच्नका लागि मात्र यो सोध्नुभएको
थियो, किनकि उहाँले के गर्नुहुनेछ भनी उहाँले
विचार गरिसक्नुभएको थियो ।

**७**फिलिपले उहाँलाई भने, "आठ महिनाको
ज्याला पनि प्रत्येकले एकएक गास पाउने जति
रोटी किन्न पर्याप्त हुनेछैन !"

**८**उहाँका चेलाहरूमध्येका अर्का एक जना,
सिमोन पत्रुसका भाइ, अन्द्रियासले भने, **९**"यहाँ
एउटा ठिटोसँग जौका पाँचओटा स-साना रोटी
र दुईओटा माछा छन्, तर यति धेरैका निम्ति
त्यो कति पो होला र ?"

**१०**येशूले भन्नुभयो, "मानिसहरूलाई बस्न
लगाओ ।" त्यस ठाउँमा प्रशस्त घाँसको चउर
थियो, र मानिसहरू त्यहाँ बसे, त्यहाँ लगभग
पाँच हजार पुरुषहरू थिए । **११**त्यसपछि
येशूले रोटी लिएर धन्यवाद चढ़ाउनुभयो, र
त्यहाँ बसेकाहरूलाई तिनीहरूले चाहे जति
बाँड़िदिनुभयो । उहाँले माछा पनि त्यसै गरी
बाँड़िदिनुभयो ।

**१२**तिनीहरू सबैले प्रशस्त खाएर अघाएपछि
उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "उब्रेका
टुक्राहरू बटुल । केही खेर नजाओस् ।"
**१३**तिनीहरूले त्यो बटुले र पाँचओटा जौका
रोटीबाट मानिसहरूले खाएर उबारेका
टुक्राहरूले बाह्र डाला भरे ।

**१४**येशूले गर्नुभएको आश्चर्य-चिन्ह देखेपछि
मानिसहरूले यसो भन्नलागे, "निश्चय नै,
संसारमा आउनुहुने अगमवक्ता उहाँ नै हुनुहुन्छ।"
**१५**तिनीहरू आएर उहाँलाई जबरजस्ती लगी
राजा बनाउन खोज्दैछन् भन्ने थाहा पाएर, येशू
फेरि तिनीहरूबाट अलग भई एक्लै डाँड़ातिर
जानुभयो ।

### येशू पानीमाथि हिँड्नुभएको

*मत्ती १४:२२-३३; मर्कूस ६:४५-५२*

**१६**साँभ परेपछि, उहाँका चेलाहरू समुद्रतिर
भरे, **१७**र त्यहाँबाट डुङ्गामा चढ़ेर तिनीहरू
समुद्रपारि कफर्नहुमतिर लागे। त्यस बेलासम्म
अँध्यारो भइसकेको थियो, अनि येशू अभैसम्म
पनि तिनीहरूकहाँ आउनुभएको थिएन। **१८**एउटा
ठूलो बतास चलिरहेको थियो र समुद्रमा छाल
उर्लन लाग्यो। **१९**तिनीहरू डुङ्गा खियाएर लगभग
पाँच किलोमिटर पुगेका थिए, तब तिनीहरूले
येशूलाई पानी माथिमाथि हिँडेर डुङ्गातिर आउँदै
गर्नुभएको देखे; र तिनीहरू डराए । **२०**तर
उहाँले तिनीहरूलाई भन्नुभयो, "म नै हुँ;
नडराओ।" **२१**तब तिनीहरूले उहाँलाई खुशीसाथ
डुङ्गामा राखे, अनि तुरुन्तै डुङ्गा उहाँहरू जान
चाहेको किनारमा पुग्यो ।

**२२**भोलिपल्ट समुद्रको अर्को किनारमा रहेको
भीड़ले त्यहाँ एउटा मात्र डुङ्गा रहेको, र येशू
चेलाहरूसँग त्यो डुङ्गामा नचढ्नुभएको, तर
चेलाहरूमात्रै त्यहाँबाट गएका थिए भनी थाहा

गरे। **२३**त्यसपछि तिबेरियासबाट केही डुङ्गाहरू अघिल्लो दिन प्रभुले धन्यवाद दिनुभएपछि मानिसहरूले रोटी खाएका ठाउँ नजीकै आइपुगे। **२४**त्यहाँ नता येशू हुनुहुन्छ नता उहाँका चेलाहरू नै छन् भन्ने थाहा पाएपछि तिनीहरू डुङ्गामा चढ़े र येशूको खोजी गर्दै कफर्नहुममा गए।

### जीवनको रोटी येशू

**२५**तिनीहरूले उहाँलाई समुद्रको पारिपट्टि भेट्टाएर सोधे, "गुरुज्यू, तपाईं यहाँ कहिले आउनुभयो ?"

**२६**येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले आश्चर्य-चिन्हहरू देखेर होइन, तर तिमीहरूले अघाउञ्जेल रोटी खाएका हुनाले मलाई खोजिरहेका छौ। **२७**नष्ट हुने भोजनका निम्ति काम नगर, तर अनन्त जीवनसम्म रहने भोजनका निम्ति काम गर, जुन भोजन तिमीहरूलाई म, मानिसको पुत्रले दिनेछु । परमेश्वर पिताले ममाथि आफ्नो सहमतिको छाप लगाउनुभएको छ ।"

**२८**तब तिनीहरूले उहाँलाई प्रश्न गरे, "परमेश्वरले चाहनुहुने काम गर्नका लागि हामीले के गर्नुपर्छ ?"

**२९**येशूले जवाफ दिनुभयो, "परमेश्वरको काम यही हो: उहाँले पठाउनुभएको जनलाई विश्वास गर ।"

**३०**यसकारण तिनीहरूले उहाँलाई सोधे, "तपाईंले के आश्चर्य-चिन्ह दिनुहुन्छ, ताकि हामीले त्यो देखेर तपाईंमाथि विश्वास गरौं ? तपाईं के गर्नुहुन्छ ? **३१**हाम्रा पुर्खाहरूले उजाड़-स्थानमा मन्न खाए; जसरी लेखिएको छ, 'उहाँले तिनीहरूलाई खानका लागि स्वर्गबाट रोटी दिनुभयो ।'"

**३२**येशूले तिनीहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, जसले तिमीहरूलाई स्वर्गबाट रोटी दियो त्यो मोशा होइनन्, तर तिमीहरूलाई स्वर्गबाट साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ । **३३**किनकि परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट तल ओर्लिआउँछ र संसारलाई जीवन दिन्छ ।"

**३४**तिनीहरूले भने, "हजूर, अबदेखि हामीलाई यही रोटी दिनुहोस् ।"

**३५**तब येशूले घोषणा गर्नुभयो, "जीवनको रोटी म नै हुँ। जो मकहाँ आउँछ, त्यो कहिल्यै भोकाउनेछैन, र जसले ममाथि विश्वास गर्छ, त्यो कहिल्यै तिर्खाउनेछैन । **३६**तर मैले तिमीहरूलाई अघि भनेझैं, तिमीहरूले मलाई देखेका छौ र पनि तिमीहरू मलाई विश्वास गर्दैनौ । **३७**पिताले मलाई दिनुहुनेहरू सबै मकहाँ आउनेछन्, र मकहाँ आउने कसैलाई पनि म कहिल्यै त्याग्नेछैनँ । **३८**किनकि मेरो इच्छा पूरा गर्नलाई म स्वर्गबाट ओर्लिआएको होइन, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। **३९**अनि मलाई पठाउनुहुनेको इच्छा यही हो, कि उहाँले मलाई दिनुभएका कसैलाई पनि मैले नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ । **४०**किनकि मेरा पिताको इच्छा यही छ, कि प्रत्येक जसले पुत्रलाई हेर्छ र उसमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।"

**४१**यस कुरामा यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे, किनकि उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" **४२**अनि तिनीहरूले भने, "के यो यूसुफको छोरो, येशू होइन र, जसका बाबु र आमालाई हामी चिन्दछौं ? अहिले यसले कसरी 'म स्वर्गबाट ओर्लिआएको हुँ' भनी भन्नसक्छ ?"

**४३**येशूले जवाफ दिनुभयो, "आपसमा गनगन गर्न बन्द गर । **४४**मलाई पठाउनुहुने पिताले त्यसलाई नखिचेसम्म कोही पनि मकहाँ आउन सक्दैन; अनि म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु । **४५**अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ: 'तिनीहरू सबै परमेश्वरद्वारा सिकाइनेछन्।' हरेक व्यक्ति, जसले पिताबाट सुन्छ र सिक्छ, त्यो मकहाँ आउँछ । **४६**परमेश्वरबाट

**६:३१**–प्रस्थान १६:४, १५; भजन ७८:२४. **६:४५**–यशैया ५४:१३.

आएको जनले बाहेक अरू कसैले पितालाई देखेको छैन, केवल उसैले मात्र पितालाई देखेको छ । **४७**म तिमीहरूलाई साँचो भन्दछु, जसले विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । **४८**जीवनको रोटी म नै हुँ । **४९**तिमीहरूका पुर्खाहरूले उजाड़-स्थानमा मन्न खाए, तापनि तिनीहरू मरे । **५०**तर स्वर्गबाट आउने रोटी यहाँ छ, जसलाई मानिसले खानसक्छ र मर्नेछैन । **५१**जीवित रोटी म नै हुँ, जो स्वर्गबाट ओर्लिआयो । यदि कसैले यो रोटी खायो भने, त्यो सधैँभरि जिउनेछ । यो रोटी मेरो देह हो, जो मैले संसारको जीवनका निम्ति दिनेछु ।”

**५२**त्यसपछि यहूदीहरू आपसमा चर्को बहस गर्न लागे, “यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिनसक्छ र ?”

**५३**येशूले तिनीहरूलाई भन्नुभयो, “म तिमीहरूलाई साँचो भन्दछु, जबसम्म तिमीहरूले मानिसको पुत्रको देह खाँदैनौ र उसको रगत पिउँदैनौ, तबसम्म तिमीहरूमा जीवन हुँदैन । **५४**जसले मेरो देह खान्छ र मेरो रगत पिउँछ, ऊसँग अनन्त जीवन छ, र अन्त्यको दिनमा म उसलाई जीवित पार्नेछु । **५५**किनकि मेरो देह साँच्चैको खानेकुरा र मेरो रगत साँच्चैको पिउने कुरा हो । **५६**जसले मेरो देह खान्छ र मेरो रगत पिउँछ, त्यो ममा रहन्छ, र म त्यसमा रहन्छु । **५७**जसरी जीवित पिताले मलाई पठाउनुभएको छ र म पिताको कारणले जिउँछु, त्यसै गरी जसले मलाई खान्छ, त्यो मेरो कारणले जिउनेछ । **५८**स्वर्गबाट ओर्लिआएको रोटी यही नै हो । तिमीहरूका पुर्खाहरूले मन्न खाए र मरे, तर जसले यो रोटी खान्छ, त्यो सधैँभरि जिउनेछ ।” **५९**उहाँले यी कुराहरू कफर्नहुममा सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो ।

### धेरै चेलाहरूले येशूलाई त्यागेका

**६०**यो सुनेपछि, उहाँका चेलाहरूमध्ये धेरैले भने, “यो त कठोर शिक्षा हो । कसले यो ग्रहण गर्न सक्छ र ?”

**६१**यस विषयमा आफ्ना चेलाहरू गनगनाउँदै छन् भन्ने येशू आफैले थाहा पाएर तिनीहरूलाई भन्नुभयो, “के यस कुराले तिमीहरूलाई ठेस पुऱ्याउँछ ? **६२**यदि तिमीहरूले मानिसको पुत्रलाई ऊ पहिले जहाँ थियो, त्यही उक्लँदै गरेको देख्यौ भने के होला ! **६३**आत्माले जीवन दिनुहुन्छ; शरीरले केही फाइदा दिँदैन । मैले तिमीहरूसँग बोलेका वचन आत्मा र जीवन हुन् । **६४**तर अझै पनि तिमीहरूमध्ये कति जना छौ, जसले विश्वास गर्दैनौ ।” किनकि तिनीहरूमध्ये कस-कसले विश्वास गर्दैनन् र कसले उहाँलाई धोका दिनेछ भनी येशूले शुरुदेखि नै जान्नुभएको थियो । **६५**उहाँले फेरि भन्नुभयो, “यसैकारण मैले तिमीहरूलाई ‘पिताले कसैलाई आउन नदिएसम्म कोही पनि मकहाँ आउन सक्दैन’ भनी भनेको हुँ ।”

**६६**यस समयदेखि उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे र त्यसपछि उहाँलाई पछ्याएनन् ।

**६७**येशूले बाह्र जनालाई सोध्नुभयो, “के तिमीहरू पनि जान चाहन्छौ र ?”

**६८**सिमोन पत्रुसले उहाँलाई जवाफ दिए, “प्रभु, हामी कसकहाँ जाऔं ? अनन्त जीवनका वचन त तपाईंसँग छन् । **६९**हामी विश्वास गर्दछौं र जान्दछौं कि तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ ।”

**७०**तब येशूले भन्नुभयो, “के मैले तिमीहरू बाह्रै जनालाई चुनेको होइन र ? तर पनि तिमीहरूमध्येको एक जना शैतान हो !” **७१**(यो उहाँले सिमोन इस्करियोतको छोरो, यहूदाको विषयमा भन्नुभएको थियो, जसले बाह्रमध्येको एक जना हुँदाहुँदै पनि, पछि उहाँलाई धोका दिने भयो ।)

### येशू छाप्रो-वासको चाड़मा जानुभएको

**७** यसपछि, येशू गालीलमा नै घुमफिर गरिरहनुभयो, उहाँले यहूदियाबाट अलग्गै रहने मनसायले नै यसो गर्नुभयो किनकि त्यहाँका

---

**६:६८–६९**–मत्ती १६:१६; मर्कूस ८:२९; लूका ९:२०.

यहूदीहरूले उहाँलाई मार्न पर्खिरहेका थिए ।
२तर यहूदीहरूको छाप्रो-वासको चाड़ नजीकै
आएपछि, ३येशूका भाइहरूले उहाँलाई भने,
"तपाईं यो ठाउँ छोड़ेर यहूदिया जानुहोस्,
जसबाट तपाईंले गर्नुभएका आश्चर्य-कामहरू
तपाईंका चेलाहरूले पनि देखून् । ४समाजमा
ख्याति प्राप्त गर्न चाहने कसैले पनि गुप्तमा
काम गर्दैन । तपाईंले यी कामहरू गर्दैहुनुहुन्छ,
त्यसकारण आफूलाई संसारमा प्रकट
गराउनुहोस् ।" ५किनकि उहाँका आफ्नै
भाइहरूले पनि उहाँमाथि विश्वास गरेनन् ।

६त्यसकारण येशूले तिनीहरूलाई भन्नुभयो,
"मेरो ठीक समय अझै आएको छैन, तर
तिमीहरूका निम्ति त सबै समय ठीकै हुन्छ ।
७संसारले तिमीहरूलाई घृणा गर्न सक्दैन, तर
यसले मलाई घृणा गर्छ, किनकि मैले त यसले
जे गर्दैछ त्यो दुष्ट काम हो भनी साक्षी दिन्छु ।
८तिमीहरू चाड़मा जाओ । म अहिले यस
चाड़मा जान्नँ, किनकि मेरो निम्ति ठीक समय
अझै आएको छैन ।" ९यी कुराहरू भन्नुभएपछि
उहाँ गालीलमा नै रहनुभयो ।

१०तर, उहाँका भाइहरू चाड़मा गएपछि,
उहाँ पनि खुल्लमखुल्ला होइन, तर गुप्त रूपमा
त्यहाँ जानुभयो । ११चाड़मा यहूदीहरूले उहाँलाई
खोजिरहेका र "ती मानिस कहाँ छन् ?" भनी
सोधिरहेका थिए ।

१२भीड़हरूका बीचमा उहाँको विषयमा
व्यापक खासखुस भइरहेको थियो । कतिले भन्थे,
"तिनी असल मानिस छन् ।"

अरूले भन्थे, "होइन, त्यसले मानिसहरूलाई
भ्रममा पारिरहेको छ ।" १३तर यहूदीहरूका
डरको कारणले गर्दा कसैले पनि उहाँको
विषयमा खुल्लमखुल्ला केही भन्दैनथिए ।

## चाड़मा येशूले शिक्षा दिनुभएको

१४चाड़ आधा-आधी भइसकेपछि नै येशू
मन्दिरका चोकहरूमा जानुभयो र शिक्षा दिन
थाल्नुभयो । १५यहूदीहरूले छक्क परेर सोधे,
"केही अध्ययन नै नगरीकन पनि यिनले यति
विद्या कसरी प्राप्त गरे ?"

१६येशूले जवाफ दिनुभयो, "मेरो शिक्षा
मेरो आफ्नै होइन । यो त उहाँबाट आउँछ,
जसले मलाई पठाउनुभयो । १७यदि कसैले
परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने,
मेरो शिक्षा परमेश्वरतर्फबाट आएको हो अथवा
म आफैले बोलेको हुँ, सो उसले थाहा पाउनेछ ।
१८जसले आफ्नै तर्फबाट बोल्छ, त्यसले आफ्नै
सम्मान खोज्न त्यसो गर्छ, तर जसले उसलाई
पठाउनुहुनेको सम्मानको निम्ति काम गर्छ,
त्यो सत्यको मानिस हो; त्यसका विषयमा केही
झूट हुँदैन । १९के मोशाले तिमीहरूलाई व्यवस्था
दिएका छैनन् र ? तापनि तिमीहरूमध्ये एउटैले
पनि व्यवस्था पालन गर्दैन । तिमीहरू मलाई
किन मार्न खोज्छौ ?"

२०भीड़ले जवाफ दियो, "तिमीलाई भूत
लागेको छ । कसले तिमीलाई मार्न खोज्दैछ र ?"

२१येशूले तिनीहरूलाई भन्नुभयो, "मैले
एउटा आश्चर्य-काम गरें, अनि तिमीहरू छक्क
पर्दछौ । २२तर, मोशाले तिमीहरूलाई खतनाको
रीति दिएका (हुन त, त्यो मोशाबाट होइन,
तर पितापुर्खाहरूबाट हो) कारण, तिमीहरूले
विश्राम-दिनमा बालकको खतना गर्दछौ । २३अब,
यदि व्यवस्था भङ्ग नहोस् भनेर विश्राम-दिनमा
समेत बालकको खतना गर्न सकिन्छ भने, मैले
एक जना मानिसलाई विश्राम-दिनमा निको
पारेको कारण तिमीहरू मसँग किन रिसाउँछौ ?
२४केवल मुख हेरेर न्याय गर्न छोड़, र ठीक
न्याय गर ।"

## के येशू नै ख्रीष्ट हुन् ?

२५तब यरूशलेमका बासिन्दाहरूमध्ये
कतिले भन्न लागे, "के तिनीहरूले मार्न खोजेका
व्यक्ति यिनी नै होइनन् र ? २६अनि यिनी त
यहीं छन्, र खुल्लमखुल्ला बोल्दैछन्, तर
तिनीहरूले यिनलाई एक शब्द पनि भन्दैनन् ।
के अख्तियार प्राप्त मानिसहरूले पनि यिनी नै

**७:२**–लेवी २३:३४; व्यवस्था १६:१३. **७:२२**–उत्पत्ति १७:१०; लेवी १२:३. **७:२३**–यूहन्ना ५:९.

खीष्ट हुन् भनी साँच्चै ठहर गरे कि कसो ?
**२७**तर यी मानिस कहाँका हुन् भनी त हामीलाई
थाहा छ; तर खीष्ट आउनुहुँदा त उहाँ
कहाँका हुनुहुन्छ भनी कसैलाई थाहा
हुनेछैन ।"

**२८**तब अझै पनि मन्दिरको चोकमा शिक्षा
दिँदै रहनुहुँदा येशूले उच्च सोरले भन्नुभयो,
"हो, तिमीहरू मलाई चिन्दछौ र म कहाँको हुँ
भनी तिमीहरू जान्दछौ । म यहाँ आफ्नै इच्छाले
आएको होइन, तर जसले मलाई पठाउनुभयो,
उहाँ सत्य हुनुहुन्छ । तिमीहरूले उहाँलाई
चिन्दैनौ, **२९**तर म उहाँलाई चिन्दछु, किनकि
म उहाँबाट आएको हुँ र उहाँले मलाई
पठाउनुभएको हो ।"

**३०**यो सुनेर तिनीहरूले उहाँलाई पक्रन खोजे,
तर कसैले पनि उहाँमाथि हात हालेन, किनकि
उहाँको समय अझै आइपुगेको थिएन । **३१**तर
पनि, भीड़का धेरै जनाले उहाँमाथि विश्वास
गरे । तिनीहरूले भने, "के खीष्ट आउनुभएपछि
उहाँले यी मानिसले गरेका भन्दा पनि बढ़ी
आश्चर्य-कर्महरू गर्नुहुनेछ र ?"

**३२**भीड़ले उहाँको विषयमा यस्तो चर्चा
गरेको कुरा फरिसीहरूले सुने । त्यसपछि मुख्य
पूजाहारीहरू र फरिसीहरूले उहाँलाई पक्रनका
लागि मन्दिरका पहरेदारहरूलाई पठाए ।

**३३**येशूले भन्नुभयो, "म अब केही समयको
निम्ति मात्र तिमीहरूसँग हुन्छु, अनि त्यसपछि
म, मलाई पठाउनुहुनेकहाँ जान्छु । **३४**तिमीहरूले
मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ; अनि म जहाँ
छु, त्यहाँ तिमीहरू आउन सक्दैनौ ।"

**३५**यहूदीहरूले आपसमा भने, "यी मानिस
कहाँ जान लाग्दैछन् र हामी यिनलाई
भेट्टाउनेछैनौं ? के यिनी ग्रीकहरूका बीचमा
छरिएर बसेका हाम्रा मानिसहरूकहाँ जान, र
ग्रीकहरूलाई शिक्षा दिन चाहन्छन् ? **३६**यिनले
यसो भन्नाको अर्थ के हो– 'तिमीहरूले मलाई
खोज्नेछौ, तर भेट्टाउनेछैनौ' र 'म जहाँ छु,
त्यहाँ तिमीहरू आउन सक्दैनौ ?'"

**३७**चाड़को अन्तिम र प्रमुख दिनमा येशू
उभिएर उच्च सोरमा भन्नुभयो, "यदि कोही
तिर्खाउँछ भने, त्यो मकहाँ आओस् र पिओस् ।
**३८**जसले ममाथि विश्वास गर्छ, धर्मशास्त्रले
भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो
पानीका खोलाहरू बगिनिस्कनेछन् । **३९**यो
कुरा उहाँले पवित्र आत्माको विषयमा
भन्नुभएको थियो, जसलाई उहाँमाथि विश्वास
गर्नेहरूले प्राप्त गर्न लागेका थिए । त्यस
बेलासम्म पवित्र आत्मा दिइनुभएको थिएन,
किनकि येशू अझैसम्म महिमित हुनुभएको
थिएन ।

**४०**उहाँका वचन सुनेर भीड़मा भएका
मानिसहरूमध्ये कतिले भने, "निश्चय नै, यी
मानिस साँचो अगमवक्ता हुन् ।"

**४१**अरूहरूले भने, "उहाँ खीष्ट हुनुहुन्छ ।"

तर अझै अरूहरूले प्रश्न गरे, "खीष्ट
कसरी गालीलबाट आउन सक्छन् र ? **४२**के
धर्मशास्त्रमा खीष्ट दाऊदको वंशबाट र दाऊदकै
शहर बेथलेहेमबाट आउनेछन् भनी लेखिएको
छैन र ?" **४३**यसरी येशूका कारण मानिसहरूका
बीचमा फाटो आयो । **४४**कति मानिसहरूले
उहाँलाई पक्रन चाहन्थे, तर उहाँमाथि कसैले
पनि हात हालेन ।

### यहूदी अगुवाहरूको अविश्वास

**४५**अन्त्यमा, मन्दिरका पहरेदारहरू मुख्य
पूजाहारीहरू र फरिसीहरूकहाँ फर्केर गए ।
तिनीहरूले यिनीहरूलाई सोधे, "तिमीहरूले
त्यसलाई किन ल्याएनौ ?"

**४६**पहरेदारहरूले जवाफ दिए, "यी मानिसले
बोलेजस्तै त कुनै मानिसले कहिल्यै बोलेन ।"

**४७**फरिसीहरूले खिसी गर्दै भने, "त्यसको
मतलब तिमीहरू पनि बहकिन पुग्यौ, होइन
त ? **४८**के शासकहरू अथवा फरिसीहरूमध्ये
कसैले येशूमाथि विश्वास गरेको छ र ?
**४९**छैन ! तर यो भीड़ले, जसले व्यवस्था
जान्दैन– तिनीहरू श्रापित छन् ।"

---

**७:३७**–लेवी २३:३६. **७:३८**–इजकिएल ४७:१; जकरिया १४:८. **७:४२**–२ शमूएल ७:१२; मीका ५:२.

**५०**निकोदेमस, जो पहिले येशूकहाँ गएका
थिए र जो तिनीहरूमध्येकै एक थिए, तिनले
भने, **५१**“के हाम्रो व्यवस्थाले कसैलाई उसले के
गरिरहेको छ भनी जाँच्न उसको सुनुवाइ नै
नगरीकन दोषी ठहराउँछ र ?”
**५२**तिनीहरूले जवाफ दिए, “के तिमी पनि
गालीलकै हौ ? धर्मशास्त्रमा खोजेर हेर, र
तिमीले थाहा पाउनेछौ कि गालीलबाट कुनै
अगमवक्ता निस्कँदैन ।”
**५३**त्यसपछि सबै जना आ-आफ्ना घर
गए ।

**८** तर येशू जैतून डाँड़ामा जानुभयो ।
**२**भोलिपल्ट एका बिहानै उहाँ फेरि
मन्दिरको चोकमा देखा पर्नुभयो, जहाँ सबै
मानिसहरू उहाँको वरिपरि जम्मा भए, अनि
उहाँ तिनीहरूलाई शिक्षा दिन बस्नुभयो ।
**३**व्यवस्थाका शिक्षकहरू र फरिसीहरूले
व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई त्यहाँ
ल्याए । तिनीहरूले त्यसलाई भीड़को अगि
खड़ा गराए, **४**र येशूलाई भने, “गुरुज्यू, यो
स्त्री व्यभिचार गर्दागर्दै पक्राउ गरिएकी हो ।
**५**व्यवस्थामा मोशाले हामीलाई यस्ता स्त्रीहरूलाई
ढुङ्गाले हान्ने आज्ञा दिएका छन् । तपाईं के
भन्नुहुन्छ ?” **६**तिनीहरूले यस प्रश्नलाई उहाँलाई
दोष लगाउनका निम्ति कुनै आधार प्राप्त गर्नलाई
एउटा पासोको रूपमा प्रयोग गर्दै थिए ।
तर येशू निहुरनुभयो र औंलाले भुइँमा
लेख्न थाल्नुभयो । **७**जब तिनीहरूले उहाँलाई
प्रश्न गरी नै रहे, तब उहाँ खड़ा हुनुभयो र
तिनीहरूलाई भन्नुभयो, “यदि तिमीहरूमा कोही
पापरहित छ भने, त्यसैले त्यस स्त्रीलाई पहिले
ढुङ्गा हानोस् ।” **८**अनि उहाँले फेरि निहुरेर
भुइँमा लेख्नुभयो ।
**९**त्यसपछि, यो कुरा सुन्नेहरू ठूलादेखि शुरु
गरेर सानासम्म एक एक गर्दै त्यहाँबाट गए,
अनि त्यहाँ उभिरहेकी त्यस स्त्रीसँग केवल
येशूमात्र छोड़िनुभयो । **१०**येशू उठेर त्यस स्त्रीलाई
सोध्नुभयो, “ए नारी, तिनीहरू खोइ ? के कसैले
पनि तिमीलाई दोषी ठहराएन ?”
**११**त्यसले भनी, “हजूर, कसैले पनि
ठहराएन ।”
येशूले भन्नुभयो, “म पनि तिमीलाई दोषी
ठहराउँदिनँ । अब जाऊ, तिम्रो पापको जीवन
छोड़िदेऊ ।”

### संसारको ज्योति

**१२**फेरि मानिसहरूसँग बोल्नुहुँदा येशूले
भन्नुभयो, “म संसारको ज्योति हुँ । जसले
मलाई पछ्याउँछ, त्यो कहिल्यै अँध्यारोमा
हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति
पाउनेछ ।”
**१३**फरिसीहरूले उहाँलाई भने, “तिमीले त
आफ्नै विषयमा आफै साक्षी दिइरहेछौ; तिम्रो
साक्षी सत्य ठहरिँदैन ।”
**१४**येशूले जवाफ दिनुभयो, “मैले आफ्नै
विषयमा साक्षी दिए तापनि, मेरो साक्षी सत्य
ठहर्छ, किनकि म कहाँबाट आएको हुँ र कहाँ
जाँदैछु सो म जान्दछु । तर म कहाँबाट आएको
हुँ र कहाँ जाँदैछु भन्ने बारे तिमीहरू जान्दैनौ ।
**१५**तिमीहरू मानिसको दृष्टिले न्याय गर्दछौ ।
म कसैको न्याय गर्दिनँ । **१६**तर यदि मैले न्याय
गरें भने पनि मेरो निर्णय सत्य हुन्छ, किनकि
म एक्लो छैन । मलाई पठाउनुहुने पिताको
साथमा म छु । **१७**अनि तिमीहरूको आफ्नै
व्यवस्थामा पनि दुई जनाको साक्षी सत्य
ठहरिन्छ भनी लेखिएको छ । **१८**मेरो आफ्नै
विषयमा साक्षी दिने एक जना म नै हुँ; मेरो
अर्को साक्षी मलाई पठाउनुहुने पिता हुनुहुन्छ ।”
**१९**तब तिनीहरूले उहाँलाई सोधे, “तिम्रा
पिता कहाँ छन् ?”
येशूले जवाफ दिनुभयो, “तिमीहरू मलाई
चिन्दैनौ, मेरा पितालाई पनि चिन्दैनौ । तिमीहरूले
मलाई चिनेका भए मेरा पितालाई पनि
चिन्नेथियौ ।” **२०**येशूले यी कुराहरू उहाँले

---

**७:५०**–यूहन्ना ३:१-२. **८:५**–लेवी २०:१०; व्यवस्था २२:२२-२४. **८:१२**–मत्ती ५:१४; यूहन्ना ९:५.
**८:१३**–यूहन्ना ५:३१.

मन्दिरमा शिक्षा दिँदैगर्नुहुँदा भेटी चढ़ाउने ढुकुटीनेर नै भन्नुभएको थियो। तापनि कसैले उहाँलाई पक्रेन, किनकि उहाँको समय अझै आएको थिएन।

**२१**येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म जाँदैछु, अनि तिमीहरूले मलाई खोज्नेछौ, र तिमीहरू आफ्ना पापमा मर्नेछौ। म जहाँ जाँदैछु, तिमीहरू त्यहाँ आउन सक्दैनौ।"

**२२**यहूदीहरूले आपसमा सोधे, "यिनले आत्माहत्या त गर्ने होइनन्? के त्यसैकारण नै यिनले 'म जहाँ जाँदैछु, तिमीहरू त्यहाँ आउन सक्दैनौ' भनी भनेका हुन्?"

**२३**तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू तलका हौ; म माथिको हुँ। तिमीहरू यस संसारका हौ, म यस संसारको होइन। **२४**मैले तिमीहरूलाई तिमीहरू आफ्ना पापमा मर्नेछौ भनी भनें; यदि तिमीहरूले मैले आफैलाई जे हुँ भनी दावी गर्छु, म उही हुँ भनी विश्वास गरेनौ भने तिमीहरू अवश्य नै आफ्ना पापमा मर्नेछौ।"

**२५**तिनीहरूले सोधे, "तिमी को हौ त?"

येशूले जवाफ दिनुभयो, "म जो हुँ भनी मैले शुरुदेखि नै दावी गर्दैआएको छु, म उही हुँ। **२६**तिमीहरूको न्याय गर्नका निम्ति मैले भन्नपर्ने कुरा धेरै नै छन्। तर जसले मलाई पठाउनुभयो उहाँ भरपर्दो हुनुहुन्छ, अनि उहाँबाट मैले जे सुनेको छु, त्यही कुरा म संसारलाई भन्दछु।"

**२७**उहाँले पिताको विषयमा भन्नुभएको हो भनी तिनीहरूले बुझेनन्। **२८**त्यसकारण येशूले भन्नुभयो, "जब तिमीहरूले मानिसको पुत्रलाई उचाल्नेछौ, तब म मैले दावी गरेकै व्यक्ति हो रहेछु र मैले आफ्नै तर्फबाट केही पनि नगर्ने रहेछु, तर पिताले सिकाउनुभएका कुराहरू मात्र बोल्नेरहेछु भनी तिमीहरूले थाहा पाउनेछौ। **२९**जसले मलाई पठाउनुभयो, उहाँ मसँग हुनुहुन्छ। उहाँले मलाई एक्लो छोड्नुभएको छैन, किनकि म सधैं उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।" **३०**उहाँले यी कुरा बोल्दाबोल्दै धेरैले उहाँमाथि विश्वास गरे।

### अब्राहामका सन्तान

**३१**येशूले उहाँमाथि विश्वास गरेका यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरा शिक्षामा रहयौ भने, तिमीहरू साँच्चै नै मेरा चेलाहरू हौ। **३२**तब तिमीहरूले सत्यलाई चिन्नेछौ, अनि सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।

**३३**तिनीहरूले उहाँलाई भने, "तर हामी त अब्राहामका सन्तान हौं र कहिल्यै कसैको दास बनेका छैनौं। त्यसकारण हामी स्वतन्त्र तुल्याइनेछौ भन्ने कुरा तपाईं कसरी भन्न सक्नुहुन्छ?"

**३४**येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, पाप गर्ने हरेक मानिस पापको एउटा दास हो। **३५**घरमा कुनै पनि दासको स्थायी स्थान हुँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ। **३६**त्यसकारण पुत्रले स्वतन्त्र तुल्यायो भने, तिमीहरू साँच्चै स्वतन्त्र हुनेछौ। **३७**म जान्दछु, तिमीहरू अब्राहामका सन्तान हौ। तापनि तिमीहरू मलाई मार्न तयार छौ, किनकि मेरा शिक्षाको लागि तिमीहरूको हृदयमा ठाउँ छैन। **३८**मैले मेरा पिताको उपस्थितिमा जे-जे देखें, सो तिमीहरूलाई भन्दैछु, तर तिमीहरूले तिमीहरूका आफ्नै पिताबाट सुनेका कुरामात्र गर्दछौ।"

**३९**तिनीहरूले जवाफ दिए, "हाम्रा पिता त अब्राहाम हुन्।"

येशूले भन्नुभयो, "यदि तिमीहरू अब्राहामका सन्तान भएका भए त, तिमीहरूले पनि अब्राहामले गरेका काम गर्ने थियौ। **४०**तर यसको सट्टामा, तिमीहरूले मलाई मार्ने निश्चय गरेका छौ, जसले तिमीहरूलाई सत्य कुरा बताएको छ, जुन सत्य मैले परमेश्वरबाट सुनेको हुँ। अब्राहामले त यस्तो काम गरेनन्। **४१**तिमीहरूका आफ्ना पिताले जे काम गरे, तिमीहरूले पनि त्यही गर्दैछौ।"

तिनीहरूले विरोध गर्दै भने, "हामी व्यभिचारबाट जन्मेका होइनौं, हाम्रा एउटै मात्र पिता स्वयम् परमेश्वर नै हुनुहुन्छ।"

---

**८:३३**–मत्ती ३:९; लूका ३:.८.

### दुष्टका सन्तान

४२येशूले तिनीहरूलाई भन्नुभयो, “यदि
तिमीहरूका पिता परमेश्वर हुनुहुँदो हो त,
तिमीहरूले मलाई प्रेम गर्ने थियौ, किनकि म
परमेश्वरबाट आएको हुँ र अहिले यहाँ छु ।
म आफै आएको होइनँ, तर मलाई उहाँले
पठाउनुभयो । ४३मैले भनेका कुराहरू तिमीहरू
किन बुझ्दैनौ ? किनकि तिमीहरूले मैले
भनेका कुराहरू सुन्न सक्दैनौ । ४४तिमीहरू त
तिमीहरूका पिता शैतानका हौ र तिमीहरूले
आफ्नो पिताको इच्छा मात्र पूरा गर्न चाहन्छौ ।
त्यो शुरुदेखि नै हत्यारा थियो, र सत्यमा
रहँदैन, किनकि त्यसमा केही सत्य छैन । झूटो
बोल्नु त त्यसको स्वभावअनुसारको बोली
हो, किनकि त्यो झूट हो, र झूटको
पिता नै हो । ४५तर मैले सत्य कुरा
भन्दछु र पनि तिमीहरू मलाई विश्वास
गर्दैनौ ! ४६के तिमीहरूमध्ये कसैले मलाई
पापको दोषी ठहराउन सक्छौ ? यदि मैले
सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि
विश्वास गर्दैनौ ? ४७जो परमेश्वरको हो, त्यसले
परमेश्वरले बोल्नुहुने वचन सुन्छ । तिमीहरूले
नसुन्नाको कारण यही हो, कि तिमीहरू
परमेश्वरका होइनौ ।”

### आफ्नै विषयमा येशूको दावी

४८यहूदीहरूले येशूलाई जवाफ दिए, “के
तिमी एक सामरी हौ र तिमीलाई भूत लागेको
छ भनी हामीले ठीकै भनेका होइनौं र ?”

४९येशूले भन्नुभयो, “मलाई कुनै भूत लागेको
छैन, तर म मेरा पिताको आदर गर्दछु, अनि
तिमीहरू मेरो अनादर गर्दछौ । ५०म आफ्नै
महिमा खोज्दिनँ; तर महिमा खोज्नेचाहिँ एक
जना हुनुहुन्छ, र उहाँ न्यायकर्ता हुनुहुन्छ ।
५१म तिमीहरूलाई साँचो भन्दछु, यदि कसैले
मेरो वचन पालन गऱ्यो भने, त्यसले कहिल्यै
मृत्यु देख्नेछैन ।”

५२त्यसपछि यहूदीहरूले भने, “अब
हामीलाई पक्का थाहा भयो, तिमीलाई भूत नै
लागेको रहेछ ! अब्राहाम मरेर गए, त्यसैगरी
अगमवक्ताहरू पनि मरे, तर तिमीले चाहिँ
जसले तिम्रो वचन पालन गर्छ, त्यसले
कहिल्यै पनि मृत्यु चाख्नेछैन भनी भन्दैछौ ।
५३के तिमी हाम्रा पिता अब्राहामभन्दा पनि
महान् हौ ? तिनी मरे, अनि त्यसै गरी
अगमवक्ताहरू पनि मरे । तिमीले आफैलाई
को ठान्छौ ?”

५४येशूले जवाफ दिनुभयो, “यदि मैले आफ्नै
महिमा गरें भने, मेरो महिमाको केही अर्थ
हुँदैन । मेरा पिता, जसलाई तिमीहरू आफ्ना
परमेश्वर भनी दावी गर्दछौ, मलाई महिमा
दिने उहाँ नै हुनुहुन्छ । ५५तिमीहरूले उहाँलाई
चिन्दैनौ तर म उहाँलाई चिन्दछु, यदि मैले
उहाँलाई चिन्दिनँ भनेको भए, म पनि
तिमीहरूसरह झूटो बन्ने थिएँ, तर म उहाँलाई
चिन्दछु र उहाँको वचन पालन गर्दछु ।
५६तिमीहरूका पिता अब्राहाम मेरो दिन देख्ने
आशामा आनन्दित भएका थिए । तिनले त्यो
देखे र खुशी भए ।”

५७यहूदीहरूले उहाँलाई भने, “तिमी आफै
पचास वर्ष पनि पुगेका छैनौ, अनि तिमीले
अब्राहामलाई कसरी देखेका छौ !”

५८येशूले जवाफ दिनुभयो, “म तिमीहरूलाई
साँचो भन्दछु, अब्राहाम जन्मनुभन्दा अघिदेखि
नै म छँदैछु !” ५९यतिबेला, तिनीहरूले
उहाँलाई हान्नलाई ढुङ्गा टिपे, तर येशू
लुक्नुभयो, र मन्दिरको क्षेत्रबाट सुटुक्क बाहिर
निस्किजानुभयो ।

### येशूले जन्मैको अन्धालाई दृष्टि दिनुभएको

९ त्यहाँबाट जाँदै गर्नुहुँदा, येशूले एउटा
जन्मैको अन्धालाई देख्नुभयो । २उहाँका
चेलाहरूले उहाँलाई सोधे, “गुरुज्यू, कसले पाप
गऱ्यो, यो मानिसले कि यसका आमाबाबुले,
जसबाट यो अन्धो जन्म्यो ?”

३येशूले भन्नुभयो, “नता यसले, न
यसका आमाबाबुले पाप गरे, तर यसको
जीवनमा परमेश्वरको काम प्रकट होस् भन्ने
हेतुले यसो भएको हो । ४दिन हुँदा नै हामीले
मलाई पठाउनुहुनेको काम गर्नुपर्छ । रात

आउँदैछ, जब कसैले काम गर्न सक्दैन । **५**म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ ।"

**६**यति भनेर उहाँले भुइँमा थुक्नुभयो, र सो थुकले माटो मुछेर त्यस मानिसको आँखामा लगाइदिनुभयो। **७**उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको पोखरीमा गएर पखाल" (सिलोआमको अर्थ 'पठाइएको' हो) । त्यो मानिस गयो र पखाल्यो, अनि देख्ने भएर घर फर्किआयो ।

**८**त्यसका छिमेकीहरू र त्यसलाई भीख मागिरहेको देख्ने अरूहरूले आपसमा सोध्न लागे, "के यो बसेर भीख माग्ने त्यही मानिस होइन र ?" **९**कतिले ऊ त्यही मानिस हो भन्ने दावी गरे ।

अरूहरूले भने, "होइन, तर यो ऊ जस्तै देखिन्छ ।"

तर त्यो आफैले भन्यो, "म त्यही मानिस हुँ ।"

**१०**तिनीहरूले त्यसलाई सोधे, "तेरो आँखा कसरी खोलिए त ?"

**११**त्यसले जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटो मुछेर मेरा आँखामा लगाइदिनुभयो । उहाँले मलाई सिलोआममा गएर पखाल्न अह्राउनुभयो । तब म गएँ र पखालें, अनि मैले देख्न सकें ।"

**१२**तिनीहरूले त्यसलाई सोधे, "ती मानिस कहाँ छन् त ?"

त्यसले भन्यो, "मलाई थाहा छैन ।"

### घटनाबारे फरिसीहरूको सोधखोज

**१३**पहिले अन्धो भएको त्यस मानिसलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए । **१४**येशूले माटो मुछेको र त्यस मानिसको आँखा खोलिदिएको दिन विश्राम-दिन थियो । **१५**त्यसकारण फरिसीहरूले त्यसलाई पनि त्यसले कसरी दृष्टि पायो भनी सोधपूछ गरे । त्यस मानिसले जवाफ दियो, "उहाँले माटो मुछेर मेरा आँखामा लगाइदिनुभयो, अनि मैले पखालें, र अहिले म देख्न सक्ने भएको छु ।"

**१६**फरिसीहरूमध्ये कोहीकोहीले भने, "यो मानिस परमेश्‍वरबाट आएको होइन, किनकि यसले विश्राम-दिन पालन गर्दैन ।"

तर अरूले भने, "पापी मानिसले त कसरी यस्ता आश्‍चर्यमय चिन्हहरू गर्न सक्छ र ?" यसरी तिनीहरूमा फाटो भयो ।

**१७**अन्त्यमा तिनीहरूले फेरि त्यस अन्धालाई सोधे, "उसको विषयमा तँ के भन्छस् ? उसले खोलिदिएको आँखा त तेरो हो ।"

त्यस मानिसले जवाफ दियो, "उहाँ एक अगमवक्ता हुनुहुन्छ ।"

**१८**त्यसका आमाबाबुलाई बोलाएर नसोधेसम्म त्यो मानिस अन्धो थियो र त्यसले दृष्टि पाएको हो भनी यहूदीहरूले अझै पनि विश्‍वास गरेनन् । **१९**तिनीहरूले त्यसका आमाबाबुलाई सोधे, "के यो तिमीहरूको छोरो हो ? तिमीहरूले अन्धो जन्मेको भनेको के यसैलाई हो ? यो अहिले कसरी देख्न सक्ने भयो त ?"

**२०**त्यसका आमाबाबुले जवाफ दिए, "यो हाम्रै छोरो हो, र यो अन्धो नै जन्मेको थियो भनेर हामी जान्दछौं । **२१**तर अहिले यसले कसरी देख्न सक्छ, अथवा कसले यसका आँखा खोलिदियो, सो हामी जान्दैनौं । यसैलाई सोध्नुहोस् । यसको उमेर पुगेको छ; आफ्नो विषयमा यो आफै बोल्न सक्छ ।" **२२**यहूदीहरूसँग डराएका हुनाले त्यसका आमाबाबुले यसो भनेका थिए, किनकि यहूदीहरूले यदि कसैले येशूलाई उहाँ ख्रीष्ट हुनुहुन्छ भनी स्वीकार गऱ्यो भने त्यसलाई सभाघरबाट निकालिनेछ भनी अघिबाटै निर्णय गरिसकेका थिए । **२३**त्यसैले त्यसका आमाबाबुले भने, "यसको उमेर पुगेको छ; यसैलाई सोध्नुहोस् ।"

**२४**तिनीहरूले पहिले अन्धो भएको त्यस मानिसलाई फेरि दोस्रोपल्ट बोलाएर भने, "परमेश्‍वरलाई महिमा दे; हामी जान्दछौं, यो मानिस पापी हो ।"

**२५**त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ वा हुनुहुन्न, त्यो म जान्दिनँ । तर एउटा कुरा

---

**९:५**–मत्ती ५:१४; यूहन्ना ८:१२.

म जान्दछु। म अन्धो थिएँ, तर अब देख्न सक्ने
भएको छु !"
२६तब तिनीहरूले त्यसलाई सोधे, "उसले
तँलाई के गऱ्यो ? उसले कसरी तेरा आँखा
खोलिदियो ?"
२७त्यसले भन्यो, "मैले तपाईंहरूलाई अघि
नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन । अब
फेरि किन सुन्न चाहनुहुन्छ ? के तपाईंहरू
पनि उहाँका चेला बन्न चाहनुहुन्छ ?"
२८तब तिनीहरूले त्यसलाई निन्दा गर्दै भने,
"तँ पो उसको चेलो होस् ! हामी त मोशाका
चेला हौं ! २९मोशासँग परमेश्वर बोल्नुभएको
कुरा हामीलाई थाहा छ, तर यस मानिसको
विषयमा त यो कहाँबाट आएको हो भन्ने
कुरासमेत हामी जान्दैनौं ।"
३०त्यस मानिसले भन्यो, "कस्तो अचम्मको
कुरो ! तपाईंहरूले उहाँ कहाँबाट आउनुभएको
हो भनेर पनि जान्नुहुन्न, तापनि उहाँले
मेरा आँखा खोलिदिनुभयो । ३१हामी जान्दछौं,
परमेश्वरले पापीहरूका कुरा सुन्नुहुन्न, तर
उहाँले ईश्वर-भक्त र उहाँको इच्छा पालन
गर्ने मानिसका कुरा सुन्नुहुन्छ । ३२आजसम्म
कसैले जन्मैको अन्धाको आँखा खोलिदिएको
कुरा कहिल्यै सुनिएको छैन । ३३यदि उहाँ
परमेश्वरबाट नआउनुभएको भए त, उहाँले
केही गर्न सक्नुहुने थिएन ।"
३४यस कुरामा तिनीहरूले त्यसलाई यसरी
जवाफ दिए, "तँ त बिलकुलै पापमा जन्मिएको
होस्; र पनि अब के हामीलाई सिकाउन
खोज्छस् ?" त्यसपछि तिनीहरूले त्यसलाई
बाहिर निकालिदिए ।

## आत्मिक अन्धोपन

३५तिनीहरूले त्यसलाई बाहिर निकालिदिए
भनी येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएपछि
भन्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्वास
गर्छौ ?"
३६त्यस मानिसले सोध्यो, "हजूर, उहाँ को
हुनुहुन्छ ? मलाई बताइदिनुहोस् र म उहाँमाथि
विश्वास गर्नेछु ।"
३७येशूले भन्नुभयो, "तिमीले अब उसलाई
देखेका छौ; वास्तवमा, तिमीसँग बोलिरहेको
उही नै हो ।"
३८तब त्यस मानिसले भन्यो, "प्रभु, म विश्वास
गर्दछु," अनि त्यसले उहाँलाई दण्डवत् गऱ्यो ।
३९येशूले भन्नुभयो, "म न्यायको लागि यस
संसारमा आएँ, ताकि अन्धाहरूले देखून् र जसले
देख्छन्, तिनीहरू अन्धा बनून् ।"
४०उहाँसँगै हुने कोहीकोही फरिसीहरूले
उहाँले यसो भन्नुभएको सुनेर सोधे, "के
भन्यौ ? के हामी पनि अन्धा हौं ?"
४१येशूले भन्नुभयो, "यदि तिमीहरू अन्धा
भएका भए त, तिमीहरू पापको दोषी हुने
थिएनौ; तर तिमीहरूले हामी देख्छौं भनी दावी
गरेका कारण तिमीहरूको दोष रहिरहन्छ ।"

## गोठालो र बगाल

१० "म तिमीहरूलाई साँचो भन्दछु, जुन
मानिस ढोकाबाट भेड़ा-गोठभित्र पस्दैन,
तर कुनै अर्कै ठाउँबाट चढ़ेर पस्छ, त्यो चोर र
डाँकू हो । २तर ढोकाबाट भित्र पस्ने मानिसचाहिँ
आफ्नो भेड़ाको गोठालो हो । ३पहरेदारले उसको
निम्ति ढोका खोलिदिन्छ, अनि भेड़ाहरूले उसको
सोर सुन्छन् । उसले आफ्ना भेड़ाहरूलाई नाउँ
काढ़ीकाढ़ी बोलाउँछ र तिनीहरूलाई बाहिर
लैजान्छ । ४उसले आफ्ना सबै भेड़ाहरूलाई
बाहिर निकालिसकेपछि, ऊ तिनीहरूका
अगिअगि जान्छ, अनि उसका भेड़ाहरूले उसलाई
पछ्याउँछन्, किनकि तिनीहरूले उसको सोर
चिन्छन् । ५तर तिनीहरूले नचिनेको व्यक्तिलाई
कहिल्यै पछ्याउँदैनन्; बरु त्यसदेखि त तिनीहरू
भाग्छन्, किनकि तिनीहरूले नचिनेको व्यक्तिको
सोर चिन्दैनन् ।" ६येशूले यो दृष्टान्तको प्रयोग
गर्नुभयो, तर उहाँले तिनीहरूलाई के भन्दैहुनुहुन्छ
भनी तिनीहरूले बुझेनन् ।
७त्यसकारण येशूले फेरि भन्नुभयो, "म
तिमीहरूलाई साँचो भन्दछु, भेड़ाहरूका ढोका
म नै हुँ । ८मभन्दा अघि आउनेहरू सबै नै चोर
र डाँकूहरू थिए, तर भेड़ाहरूले तिनीहरूका
कुरा सुनेनन् । ९ढोका म नै हुँ; जो मद्वारा भित्र

पस्छ ऊ बचाइनेछ । ऊ भित्र बाहिर आउने
जाने गर्नेछ, र खर्क पाउनेछ । १०चोर त चोर्न,
मार्न, र नाश पार्न मात्र आउँछ; म त तिनीहरूले
जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन्
भनेर आएँ ।

११"म असल गोठालो हुँ । असल गोठालाले
भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्दछ ।
१२भाड़ाको मालिक भेड़ाहरूको आफ्नै होइन ।
त्यसकारण जब त्यसले ब्वाँसो आउँदै गरेको
देख्छ, तब त्यसले भेड़ाहरूलाई छोड्छ र
भाग्छ । त्यसपछि ब्वाँसोले बगाललाई आक्रमण
गर्छ र तितरबितर पारिदिन्छ । १३त्यो
मानिसचाहिँ भाग्छ, किनकि त्यो त भाड़ाको
मानिस हो र भेड़ाहरूका लागि त्यसले केही
वास्ता गर्दैन ।

१४"म असल गोठालो हुँ; म आफ्ना
भेड़ाहरूलाई चिन्छु र मेरा भेड़ाहरूले मलाई
चिन्छन्– १५जसरी पिताले मलाई चिन्नुहुन्छ
र म पितालाई चिन्छु– अनि म मेरो प्राण आफ्ना
भेड़ाहरूका लागि अर्पण गर्छु । १६मेरा अरू
पनि भेड़ाहरू छन् जो यस गोठका होइनन् ।
मैले तिनीहरूलाई पनि ल्याउनैपर्छ । तिनीहरूले
पनि मेरो सोर सुन्नेछन्, र त्यहाँ एउटै बगाल
र एउटै गोठालो हुनेछ । १७मेरा पिताले मलाई
प्रेम गर्नुहुने कारण यही हो कि म आफ्नो प्राण
अर्पण गर्दछु– तर त्यो फेरि लिनका लागि ।
१८मेरो प्राण मबाट कसैले लिन सक्दैन, तर म
स्वेच्छाले यो अर्पण गर्दछु । मसँग यो अर्पण
गर्ने अधिकार पनि छ र त्यो फेरि लिने अधिकार
पनि छ किनकि यो आज्ञा मैले मेरा पिताबाट
प्राप्त गरेको हुँ ।"

१९यो वचनका कारण यहूदीहरूको बीचमा
फेरि फाटो आयो । २०तिनीहरूमध्ये धेरैले यसो
भने, "यसलाई भूत लागेको छ र यो बौलाएको
छ । यसका कुरा किन सुन्ने ?"

२१तर अरूहरूले भने, "यी वचनहरू भूत
लागेको मानिसको वचन होइनन् । के कुनै
भूतले अन्धाका आँखा खोलिदिन सक्छ र ?"

### यहूदीहरूको अविश्वास

२२यरूशलेममा मन्दिर समर्पणको चाड़
आयो । यो हिउँदको समय थियो, २३अनि येशू
मन्दिरको क्षेत्रभित्र हुनुहुन्थ्यो र सोलोमनको
दलानमा हिँड्दै हुनुहुन्थ्यो । २४यहूदीहरू उहाँका
वरिपरि भेला भए, र सोधे, "हामीलाई तपाईंले
कहिलेसम्म दोधारमा राख्नुहुन्छ ? यदि तपाईं
नै ख्रीष्ट हुनुहुन्छ भने, हामीलाई स्पष्ट
बताइदिनुहोस् ।"

२५येशूले जवाफ दिनुभयो, "मैले तिमीहरूलाई
भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौ ।
मैले मेरा पिताको नाउँमा गरेका आश्चर्य-
कर्महरूले मेरो विषयमा नै बोल्दछन्, २६तर
तिमीहरूले विश्वास गर्दैनौ, किनकि तिमीहरू
मेरा बगालका भेड़ाहरू होइनौ । २७मेरा
भेड़ाहरूले मेरो सोर सुन्छन्; म तिनीहरूलाई
चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन् । २८म
तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू
कहिल्यै पनि नाश हुनेछैनन् । २९ती सबै मलाई
दिनुभएका मेरा पिता, सबैभन्दा महान् हुनुहुन्छ;
तिनीहरूलाई मेरा पिताका हातबाट कसैले पनि
खोसेर लैजान सक्दैन । ३०म र पिता एक हौं ।"

३१यहूदीहरूले फेरि उहाँलाई हान्न भनी
ढुङ्गा उठाए । ३२तर येशूले तिनीहरूलाई
भन्नुभयो, "मैले तिमीहरूलाई मेरा पिताबाट
धेरै ठूला आश्चर्य-कर्महरू देखाएँ । तीमध्ये
कुन कामको कारण मलाई ढुङ्गा हान्छौ ?"

३३यहूदीहरूले जवाफ दिए, "यीमध्ये कुनै
पनि कामका कारण हामी तिमीलाई ढुङ्गा हान्दैनौं,
तर ईश्वर-निन्दा गरेका कारण, किनकि तिमी
केवल मानिस भएर पनि परमेश्वर भएको
दावी गर्छौ ।"

३४येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के
तिमीहरूका व्यवस्थामा 'तिमीहरू देवहरू हौ
भनी मैले भनेको छु' भनी लेखिएको छैन ?
३५त्यसकारण यदि जसकहाँ परमेश्वरको वचन
आयो, तिनीहरूलाई त 'देवहरू' भनिन्छ– अनि
धर्मशास्त्र भङ्ग हुनसक्दैन– भने, ३६पिताले उहाँको

---

**१०:१५**–मत्ती ११:२७; लूका १०:२२. **१०:३३**–लेवी २४:१६. **१०:३४**–भजन ८२:६.

आफ्नैलाई झैँ पवित्र र अलग गरी संसारमा
पठाउनुभएको व्यक्तिका विषयमा चाहिँ के भन्ने
त ? त्यसो हो भने मैले 'म परमेश्वरको पुत्र
हुँ' भनेकोमा मलाई किन ईश्वर-निन्दाको दोष
दिन्छौ ? **३७**मेरा पिताले जे गर्नहुन्छ, मैले पनि
त्यही नगरेसम्म ममाथि विश्वास नगर। **३८**यदि
मैले ती कामहरू गर्दछु भने, तिमीहरूले ममाथि
विश्वास नगरे तापनि, ती आश्चर्य-कर्मलाई
विश्वास गर, र तिमीहरूले यो जान्न र बुझ्न
सक्नेछौ कि पिता ममा हुनुहुन्छ, र म पितामा
छु।" **३९**फेरि तिनीहरूले उहाँलाई पक्रन खोजे,
तर उहाँ तिनीहरूका पञ्जाबाट उम्कनुभयो।
**४०**त्यसपछि येशू फर्केर यर्दन नदीको पारि
यूहन्नाले पहिले बप्तिस्मा दिने गरेका ठाउँमा
जानुभयो । उहाँ त्यहाँ बस्नुभयो, **४१**र धेरै
मानिसहरू उहाँकहाँ आए । तिनीहरूले भने,
"यूहन्नाले कहिल्यै कुनै आश्चर्यमय कार्य
गरेनन्, तापनि यूहन्नाले यी मानिसका विषयमा
बताएका सबै कुरा सत्य रहेछ ।" **४२**अनि
त्यस ठाउँमा धेरैले येशूमाथि विश्वास गरे ।

### लाजरसको मृत्यु

**११** लाजरस नाउँ गरेका एक जना मानिस
बिरामी थिए। उनी मरियम र तिनकी
दिदी मार्थाको गाउँ बेथानीका थिए । **२**यिनै
मरियम, जसका भाइ लाजरस बिरामी परेका
थिए, तिनैले येशूका पाउमा अत्तर घसेर आफ्नो
कपालले पुछिदिएकी थिइन् । **३**यसकारण
येशूकहाँ दुई दिदी-बहिनीले यसो भन्ने खबर
पठाए, "गुरुज्यू, तपाईंले माया गर्नुहुने व्यक्ति
बिरामी छ ।"
**४**यो खबर सुनेर येशूले भन्नुभयो, "यो
बिरामीले मृत्यु ल्याउँदैन, तर यो परमेश्वरको
महिमाका लागि भएको हो, अनि यसद्वारा
परमेश्वरको पुत्रले पनि महिमा पाउनेछ ।"
**५**येशूले मार्था, तिनकी बहिनी र लाजरसलाई
औधी नै माया गर्नुहुन्थ्यो । **६**तापनि लाजरस
बिरामी छन् भनी सुनेपछि पनि, उहाँ आफू
भएकै ठाउँमा अझै दुई दिन बस्नुभयो ।
**७**त्यसपछि उहाँले आफ्ना चेलाहरूलाई
भन्नुभयो, "अब हामी यहूदियामा फर्केर
जाऔं ।"
**८**तर उहाँका चेलाहरूले भने, "तर गुरुज्यू,
केही दिन अघि मात्र यहूदियाका यहूदी
अगुवाहरूले तपाईंलाई ढुङ्गाले हान्न खोजेका थिए,
अनि तपाईं फेरि त्यहीं जान चाहनुहुन्छ ?"
**९**येशूले भन्नुभयो, "दिनमा बाह्र घण्टा हुँदैन
र ? दिनमा हिँड्डुल गर्ने मानिसले ठेस खाँदैन,
किनकि त्यसले संसारको ज्योतिद्वारा देख्छ ।
**१०**तर राती हिँड्दा त्यसले ठेस खान्छ, किनकि
त्यसले ज्योति पाउँदैन ।"
**११**त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो,
"हाम्रा मित्र लाजरस सुतेका छन् र अब म
गएर तिनलाई उठाउनेछु ।"
**१२**उहाँका चेलाहरूले भने, "प्रभु, तिनी
निदाएका छन् भने त निको हुनेछन् ।" **१३**येशूले
चाहिँ लाजरसको मृत्युको विषयमा भन्नुभएको
थियो। तर उहाँका चेलाहरूले भने उनी सुतेकै
छन् भन्ने ठानेका थिए ।
**१४**त्यसपछि येशूले तिनीहरूलाई स्पष्टसँग
भनिदिनुभयो, "लाजरस मरेका छन् । **१५**अनि
तिमीहरूका खातिर म त्यहाँ नभएको पनि
राम्रै भयो, किनकि यसले तिमीहरूलाई ममाथि
विश्वास गर्ने तुल्याउनेछ। अब हामी लाजरस
भएका ठाउँमा जाऔं ।"
**१६**अनि थोमा, जसको बोलाउने नाउँ दिदुमस
थियो, उनले अरू चेलाहरूलाई भने, "हामी
पनि जाऔं, र उहाँसँग मरौं ।"

### दुई बहिनीहरूलाई येशूको सान्त्वना

**१७**येशू आइपुग्नुहुँदा, लाजरस मरेर चिहानमा
राखेको पनि चार दिन भइसक्यो भनेर उहाँले
थाहा पाउनुभयो । **१८**यरूशलेमदेखि बेथानी
केवल दुई माइल टाढा थियो। **१९**धेरै यहूदीहरू
मार्था र मरियमलाई तिनीहरूका भाइको मृत्युमा
सान्त्वना दिन त्यहाँ आएका थिए । **२०**येशू

---

**१०:४०**–यूहन्ना १:२८. **११:१**–लूका १०:३८-३९. **११:२**–यूहन्ना १२:३.

आउनुहुँदैछ भनेको सुनेर मार्था उहाँलाई भेट्न
गइन् । तर मरियमचाहिँ घरमै बसिन् ।
**२१**मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं
यहाँ हुनुभएको भए, मेरो भाइ मर्ने थिएन ।
**२२**हुन त अहिले पनि तपाईंले परमेश्‍वरसँग
जेसुकै बिन्ती गर्नुभयो भने पनि उहाँले दिनुहुन्छ
भनी म जान्दछु ।"
**२३**येशूले तिनलाई भन्‍नुभयो, "तिम्रो भाइ
फेरि जीवित हुनेछ ।"
**२४**मार्थाले भनिन्, "म जान्दछु, अन्तिम
दिनमा मरेकाहरू जीवित पारिँदा ऊ पनि जीवित
परिनेछ ।"
**२५**येशूले तिनलाई भन्‍नुभयो, "जीवित पार्ने
र जीवन दिने म नै हुँ । ममाथि विश्‍वास गर्ने
मऱ्यो भने पनि जीवित हुनेछ । **२६**बाँच्ने र
मलाई विश्‍वास गर्ने मानिस कहिल्यै मर्नेछैन ।
मार्था, के तिमी यो विश्‍वास गर्छ्यौ ?"
**२७**"निश्‍चय गर्छु, गुरुज्यू," तिनले भनिन्,
"यस संसारमा आउने परमेश्‍वरको पुत्र, ख्रीष्ट
तपाईं नै हुनुहुन्छ भनी म विश्‍वास गर्छु ।"
**२८**अनि यति भनेर मार्था फर्केर गइन् र
मरियमलाई अलग्गै बोलाएर भनिन्, "गुरुज्यू
आउनुभएको छ र तिमीलाई भेट्न चाहनुहुन्छ ।"
**२९**यो सुनेर, मरियम तुरुन्तै उठिन् र येशूकहाँ
गइन् । **३०**येशू गाउँमा पसिसक्नुभएको थिएन ।
उहाँ मार्थासँग अघि भेट भएको ठाउँमा नै
हुनुहुन्थ्यो । **३१**मरियम झट्टै उठेर गएको देखेपछि
तिनलाई सान्त्वना दिन आएका यहूदीहरूले
तिनी लाजरसको चिहानमा रुन गएकी होलिन्
भन्ठानी तिनीहरू मरियमको पछि लागे ।
**३२**येशू हुनुभएको ठाउँमा मरियम आइपुगिन्
र उहाँलाई देखेपछि पाउमा परेर भनिन्, "गुरुज्यू,
तपाईं यहाँ हुनुभएको भए, मेरो भाइ मर्ने थिएन ।"
**३३**मरियम रुँदैगरेकी र तिनीसँगै आएका
अरू यहूदीहरूलाई पनि मरियमसँग रुँदैगरेका
देख्नुभएर येशू आत्मामा दु:खित र साह्रै विचलित
हुनुभयो । **३४**"लाजरसलाई तिमीहरूले कहाँ
राखेका छौ ?" उहाँले तिनीहरूलाई सोध्नुभयो ।
तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, आएर
हेर्नुहोस् ।"
**३५**येशू रुनुभयो ।
**३६**यो देखेर यहूदीहरूले भने, "हेर त, उहाँले
तिनलाई कति माया गर्नुहुन्थ्यो !"
**३७**तर कतिले भने, "अन्धालाई दृष्टि दिने
यी मानिसले लाजरसलाई मर्नबाट बचाउन
सक्ने थिएनन् र ?"

### लाजरस फेरि जीवित भएका

**३८**येशू फेरि दु:खित भएर चिहानसम्म
जानुभयो । यो चिहान ओढारमा थियो,
अनि यसको मुखमा ठूलो ढुङ्गा राखिएको
थियो । **३९**येशूले तिनीहरूलाई भन्‍नुभयो, "ढुङ्गो
हटाइदेऊ ।"
तर मर्नेकी दिदी मार्थाले भनिन्, "तर प्रभु,
अब लाश गन्हाउन पनि थाल्यो होला, किनकि
त्यो त्यहाँ रहेको चार दिन भइसक्यो ।"
**४०**येशूले भन्‍नुभयो, "विश्‍वास गऱ्यौ भने,
तिमीहरूले परमेश्‍वरको महिमा देख्नेछौ भनी
मैले तिमीहरूलाई भनेको थिइनँ र ?"
**४१**तिनीहरूले ढुङ्गा एकातिर हटाइदिए ।
त्यसपछि येशूले स्वर्गतिर हेरेर भन्‍नुभयो, "पिता !
मेरो बिन्ती सुनिदिनुभएको लागि धन्यवाद ।
**४२**तपाईंले मेरो कुरा सधैँ सुन्‍नुहुन्छ भनी मलाई
थाहा थियो, तर मलाई तपाईंले नै पठाउनुभएको
हो भनी यिनीहरूले विश्‍वास गरून् भनेर यी
वरिपरि उभिरहेका मानिसहरूका कारण मैले
यसो भनेको हुँ ।"
**४३**यति भनिसकेपछि येशूले चर्को सोरले
कराएर भन्‍नुभयो, "लाजरस, बाहिर निस्केर
आऊ !" **४४**अनि मरिसकेका लाजरस हात र
खुट्टा कात्रोले बेरिएकै र अनुहारमा लुगाले
छोपिएकै अवस्थामा बाहिर आए ।
येशूले तिनीहरूलाई भन्‍नुभयो, "कात्रो
फुकालिदेओ र उनलाई जानदेओ ।"

### येशूलाई मार्ने षड्यन्त्र

*मत्ती २६:१-५; मर्कूस १४:१-२; लूका २२:१-२*

**४५**मरियमलाई भेट्न आएका धेरै यहूदीहरू
जसले येशूले गर्नुभएको यो आश्‍चर्य-कर्म देखे,
तिनीहरूले उहाँमाथि विश्‍वास गरे । **४६**कति

जनाचाहिँ फरिसीहरूकहाँ गएर येशूले गर्नुभएको कुरा तिनीहरूलाई सुनाइदिए । **४७**त्यसपछि मुख्य पूजाहारीहरू र फरिसीहरूले एउटा सभा डाके ।

"हामीले अब के गर्ने ?" तिनीहरूले आपसमा प्रश्न गरे, "यस मानिसले त साँच्चै आश्चर्य-कर्महरू गरेर देखाउँदैछ । **४८**अब हामीले यसलाई त्यसै छोड़िदियौं भने त, सबै मानिसले यसलाई विश्वास गर्नेछन्, र रोमीहरू हामीमाथि आइलाग्नेछन् र हाम्रो पवित्रस्थान र जातिलाई कब्जा गर्नेछन् ।"

**४९**त्यसपछि तिनीहरूमध्ये, त्यस वर्षको मूल पूजाहारी कैयाफाले भने, "तिमीहरूलाई केही पनि थाहा छैन ! **५०**मानिसहरूका निम्ति सम्पूर्ण जाति नाश हुनुभन्दा यो एउटा मानिस मर्नु राम्रो हो भनी तिमीहरू महसुस गर्दैनौ ?"

**५१**कैयाफा आफैले सोचेर यसो भनेका थिएनन्, तर उनी मूल पूजाहारी भएको हुनाले येशू सम्पूर्ण जातिका निम्ति मर्नुपर्छ भन्ने अगमवाणी तिनको मुखबाट निस्केको थियो, **५२**र त्यस जातिका लागि मात्र होइन तर संसार भरि छरिएर बसेका परमेश्वरका सम्पूर्ण सन्तानका निम्ति, तिनीहरूलाई जम्मा गर्न र एउटै बनाउन येशू मर्नुहुनेछ भन्ने यो भविष्यवाणी भएको थियो । **५३**यसकारण त्यही समयदेखि तिनीहरूले येशूलाई मार्ने षड्यन्त्र रच्न थाले ।

**५४**त्यसकारण येशू यहूदीहरूका बीचमा खुल्लमखुल्ला हिँड्नुभएन । उहाँ उजाड़-स्थानको छेउमा भएको एफ्राइम गाउँ जानुभयो र त्यहाँ आफ्ना चेलाहरूसँग बस्नुभयो ।

**५५**यहूदीहरूको निस्तार-चाड़ नजीकै थियो । निस्तार-चाड़ शुरु हुनुअघि शुद्धि-संस्कार पालन गर्न भनेर गाउँ-बस्तीबाट धेरै मानिसहरू यरूशलेम आएका थिए । **५६**तिनीहरू सबैले येशूलाई खोजिरहे र मन्दिरमा उभिरहेका बेला तिनीहरूले आपसमा यसरी सोधासोध गरे, "तिम्रो के विचार छ ? उहाँ निस्तार-चाड़को लागि आउनुहुन्न होला र ?" **५७**तर मुख्य पूजाहारीहरू र फरिसीहरूले चाहिँ येशूलाई पक्रन सकियोस् भनेर, यदि कसैले येशूलाई देख्यो भने, उसले तिनीहरूलाई खबर गर्नू भन्ने आज्ञा दिएका थिए ।

## बेथानीमा सुगन्धित अत्तरद्वारा येशूको सम्मान

*मत्ती २६:६-१३; मर्कूस १४:३-९; लूका ७:३७-३९*

**१२** निस्तार-चाड़ शुरु हुनुभन्दा छ दिन अघि, येशू लाजरस बस्ने ठाउँ, बेथानीमा आइपुग्नुभयो । यिनै लाजरसलाई येशूले मरेकाबाट जीवित पार्नुभएको थियो । **२**येशूको सम्मानमा त्यहाँ भोज तयार गरिएको थियो । मार्थाले भोजनको तयार गरिन्, लाजरसचाहिँ येशूसँग खान बस्नेहरूमध्ये एक थिए । **३**अनि मरियमले जटामसीबाट बनेको आधा लिटर जति सुगन्धित र अति महँगो अत्तर ल्याइन् र येशूको पाउमा खन्याएर आफ्नै कपालले येशूको पाउ पुछिन् । अत्तरको सुवास्नाले घर भरियो ।

**४**उहाँका चेलाहरूमध्ये उहाँलाई पछि विश्वासघात गर्ने यहूदा इस्करियोतले विरोध गर्दै भन्यो, **५**"यो अत्तर बेचेर पैसा गरीबहरूलाई किन नबाँड़ेको ?" यसको मोल एक वर्षको ज्याला बराबर थियो । **६**तर उसले गरिबहरूको चिन्ता गरेर नै यसो भनेको होइन, तर ऊचाहिँ चोर थियो र चेलाहरूको पैसाको थैलो बोक्ने र समय-समयमा आफ्नै निम्ति त्यहाँबाट सुटुक्कै खर्च चलाउने गरेको हुनाले उसले यसो भनेको थियो ।

**७**येशूले जवाफ दिनुभयो, "यिनले जे गर्दैछिन् सो गर्नदेऊ । यिनले मेरो अन्तिम संस्कारको निम्ति यो अत्तर जोगाउनपर्ने नै थियो । **८**गरीबहरू त तिमीहरूसँग जहिले पनि हुन्छन्, तर म त तिमीहरूसँग सधैँ रहनेछैनँ ।"

**९**यसै बीचमा यहूदीहरूको एउटा ठूलो भीड़ले येशू बेथानीमा हुनुहुन्छ भन्ने थाहा पायो र उहाँलाई मात्र नभई उहाँले मरेकाबाट जीवित पार्नुभएको लाजरसलाई समेत हेर्न त्यो

---

**१२:३**–लूका ७:३७-३८. **१२:८**–व्यवस्था १५:११.

भीड़ त्यहाँ आयो। **१०**त्यसकारण मुख्य
पूजाहारीहरूले लाजरसलाई पनि मार्ने योजना
गरे। **११**किनकि लाजरसकै कारण धेरै यहूदीहरू
येशूकहाँ जान र उहाँमाथि विश्वास गर्न लागेका
थिए।

### यरूशलेममा येशूको विजयी प्रवेश

*मत्ती २१:१-११; मर्कूस ११:१-११; लूका १९:२८-४०*

**१२**भोलिपल्ट निस्तार-चाड़मा आउने ठूलो
भीड़ले येशू यरूशलेमतिर जाँदैहुनुहुन्छ भन्ने
खबर सुन्यो। **१३**तिनीहरू खजूरको हाँगाहरू
लिएर उहाँलाई भेट्न जयजयकार गर्दै गए:

"होशन्ना !"
"परमप्रभुको नाउँमा आउने धन्यका
हुन् !"
"इस्राएलका राजा धन्यका हुन् !"

**१४**येशू एउटा गधा भेट्टाएर त्यसमाथि चढ्नुभयो।
उहाँको यस सवारीबाट धर्मशास्त्रमा लेखिएको
यो अगमवाणी पूरा भयो:

**१५** "ए सियोनकी छोरी हो, नडराओ;
हेर, तिम्रा राजा गधाको
बछेड़ामाथि चढ़ेर आउँदैहुनुहुन्छ।"

**१६**त्यस समय उहाँका चेलाहरूले यस
घटनाका कुराहरू बुझेनन्। तर येशू आफ्नो
महिमामा प्रवेश हुनुभएपछि मात्र तिनीहरूले
यी सबै कुराहरू उहाँको बारेमा लेखिएका थिए
र त्यसैकारण तिनीहरूले उहाँका निम्ति यी
सबै गरेका रहेछन् भनी बुझे।
**१७**अब उहाँले लाजरसलाई चिहानबाट
बोलाउनुभएको र तिनलाई मृत्युबाट जीवित
पार्नुभएको बेला उहाँसँग रहने भीड़ले यो खबर
फैलाउँदैरहे। **१८**त्यसैकारण पनि यति धेरै
मानिसहरू उहाँलाई हेर्न आएका थिए, किनकि
उहाँलाई यो दिइएको आश्चर्य-चिन्ह छ भनेर
तिनीहरूले सुनेका थिए। **१९**त्यसकारण
फरिसीहरूले आपसमा भने, "हेर ! हामीले
केही गर्न सकेनौं ! हेर त सारा संसार नै
त्यसको पछि लाग्दैछ !"

### आफ्नो मृत्युबारे येशूको भविष्यवाणी

**२०**चाड़मा यरूशलेममा आराधना गर्न
आएका मानिसहरूमध्ये कति ग्रीकहरू थिए।
**२१**तिनीहरू गालीलको बेथसेदामा बस्ने
फिलिपकहाँ आए अनि यसो भनेर बिन्ती गरे,
"हजूर, हामी येशूलाई भेट्न चाहन्छौं।"
**२२**फिलिप गएर अन्द्रियासलाई बताए अनि
अन्द्रियास र फिलिप दुवै गएर येशूलाई भने।
**२३**येशूले भन्नुभयो, "म, मानव-पुत्र महिमित
हुने समय आइपुगेको छ। **२४**म तिमीहरूलाई
साँचो भन्दछु, गहुँको दाना माटोमा परेर मरेन
भने, त्यो एक्लो रहन्छ। तर यदि त्यो मऱ्यो
भने, त्यसले धेरै फल फलाउँछ। **२५**आफ्नो
प्राणलाई माया गर्ने मानिसले त्यो गुमाउनेछ,
तर आफ्नो प्राणलाई यस संसारमा घृणा गर्नेले
त्यो अनन्त जीवनका लागि बचाउनेछ।
**२६**मेरो सेवा गर्नेले मलाई पछ्याउनैपर्छ; र म
जहाँ छु, मेरा सेवकहरू पनि त्यहाँ हुनैपर्छ।
मेरो सेवा गर्नेहरूलाई मेरा पिताले आदर
गर्नुहुनेछ।
**२७**"अहिले मेरो हृदय साह्रै विचलित भएको
छ। के म यस्तो प्रार्थना गरूँ, 'पिता, जे हुन
आँटेको छ, त्यसदेखि मलाई बचाउनुहोस् ?'
होइन, यसैको लागि त म यहाँसम्म आएँ।
**२८**पिता, तपाईं आफ्नो नाउँको महिमा गर्नुहोस् !"
त्यसपछि स्वर्गबाट यस्तो एउटा सोर आयो,
"मैले मेरो नाउँको महिमा गरिसकेको छु र म
फेरि महिमा गर्नेछु।" **२९**त्यो भीड़मा भएका यो
सोर सुन्नेहरूमध्ये कतिले यसलाई गर्जन हो
भन्ठाने, तर अरूले स्वर्गदूत उहाँसँग बोल्नुभएको
हो भनी बताए।
**३०**येशूले भन्नुभयो, "यो सोरचाहिँ तिमीहरूको
फाइदाको निम्ति थियो, मेरो निम्ति होइन।

---

**१२:१३**–भजन ११८:२५–२६. **१२:१५**–जकरिया ९:९. **१२:२५**–मत्ती १०:३९; १६:२५; मर्कूस ८:३५;
लूका ९:२४; १७:३३.

**३१**अब संसारको न्यायको समय आइपुग्यो; अब
यस संसारको शासक बाहिर फालिनेछ। **३२**यदि
म पृथ्वीबाट माथि उचालिएँ भने, मैले सबै
मानिसहरूलाई मकहाँ खिच्नेछु।" **३३**उहाँको
मृत्यु कुन प्रकारको हुनेछ भन्ने सङ्केत गर्न
उहाँले यसो भन्नुभएको थियो।

**३४**भीड़ले प्रश्न गऱ्यो, "हामीले त ख्रीष्ट
सदासर्वदा जीवित रहनुहुनेछ र कहिल्यै
मर्नुहुनेछैन भनेर व्यवस्थाबाट सुनेका थियौं।
त्यसो हो भने 'मानव-पुत्र उचालिनुपर्छ' भनी
तपाईं कसरी भन्न सक्नुहुन्छ? यो 'मानव-
पुत्र' भनेको को हो?"

**३५**येशूले तिनीहरूलाई भन्नुभयो, "अझ
केही बेरमात्र तिमीहरूले ज्योति पाउनेछौ।
तिमीहरूसँग ज्योति भएकै बेला र अन्धकारले
ढाक्नुभन्दा अघि नै हिँड्डुल गर। अन्धकारमा
हिँड्ने मानिसले ऊ कहाँ जाँदैछ भन्ने थाहा
पाउँदैन। **३६**तिमीहरूसँग ज्योति हुँदा नै आफ्नो
भरोसा त्यसमा राख, तब तिमीहरू ज्योतिका
सन्तान बन्नेछौ।" यति भनिसक्नुभएपछि येशू
जानुभयो र फेरि तिनीहरूबीच देखापर्नु भएन।

### यहूदीहरूको अविश्वास

**३७**येशूले तिनीहरूका अघि यतिका धेरै
आश्चर्य-कर्महरू गर्नुभएको थियो, तापनि
तिनीहरूले उहाँलाई विश्वास गरेनन्। **३८**यो
कुरा यशैया अगमवक्ताले गरेका यो अगमवाणी
पूरा हुनलाई भएको थियो:

"हे परमप्रभु, हाम्रो समाचार
कसले विश्वास गरेको छ
र परमप्रभुको बाहुबल कसलाई
प्रकट गरिएको छ?"

**३९**यसैकारणले गर्दा तिनीहरूले विश्वास गर्न
सकेनन्, किनकि यशैयाले फेरि भनेका छन्:

**४०** "तिनीहरूको आँखाले नदेखून्,
हृदयले नबुझून्,
नता निको हुनलाई मकहाँ
आऊन् भनेर,
परमेश्वरले नै तिनीहरूका आँखा अन्धा
र तिनीहरूको हृदय कठोर
पारिदिनुभएको छ।"

**४१**यशैयाले यो कुरा येशूको बारेमा भनेका
थिए, किनकि उहाँको महिमाको दर्शन तिनले
पाएका थिए।

**४२**तर यस्तै समयमा पनि धेरै यहूदी
अगुवाहरूले समेत उहाँलाई विश्वास गरे, तर
सभाघरहरूबाट तिनीहरूलाई फरिसीहरूले
निकालिदिनेछन् भन्ने डरले तिनीहरूले आफ्नो
विश्वासलाई खुल्लमखुल्ला स्वीकार गरेनन्।
**४३**किनकि परमेश्वरको प्रशंसाभन्दा मानिसहरूको
प्रशंसा तिनीहरूले रुचाए।

**४४**येशूले चर्को सोरमा भन्नुभयो, "मलाई
विश्वास गर्नेले मलाई मात्र होइन, तर मलाई
पठाउनुहुनेलाई पनि विश्वास गर्दछ। **४५**जसले
मलाई हेर्छ, त्यसले मलाई पठाउनुहुनेलाई
देख्छ। **४६**म संसारमा ज्योति भएर आएको हुँ,
यसकारण ममाथि विश्वास राख्नेहरू कोही
पनि अब अन्धकारमा रहनेछैन।

**४७**"मेरो वचन सुनेर पनि मेरो आज्ञा पालन
नगर्नेलाई, म न्याय गर्दिनँ। किनकि म संसारलाई
बचाउन आएँ, यसको न्याय गर्नलाई होइन।
**४८**तर मलाई र मेरो वचनलाई अस्वीकार
गर्नेहरू सबैको निम्ति एउटा न्यायकर्ता
हुनुहुन्छ। अन्त्यको दिनमा मैले बोलेको यही
वचनले त्यसलाई दोषी ठहराउनेछ। **४९**किनकि
मैले आफ्नै विचारले बोलिनँ, तर मलाई पठाउनुहुने
पिताले नै के बोल्ने र कसरी बोल्ने भनी मलाई
आज्ञा दिनुभयो। **५०**अनि उहाँका आज्ञाहरूले
अनन्त जीवनमा पुऱ्याउँछन् भनेर म जान्दछु।
त्यसकारण म जे भन्छु, ती सबै पिताले मलाई
भन्न लगाउनुभएका कुराहरू नै हुन्।"

### येशूले चेलाहरूको खुट्टा धुनुभएको

**१३** निस्तार-चाड़को अघिल्लो दिन थियो।
यस संसारलाई छोड़ेर पिताकहाँ जाने

**१२:३४**–भजन ११०:४; यशैया ९:७; इजकिएल ३७:२५; दानिएल ७:१४. **१२:३८**–यशैया ५३:१. **१२:४०**–यशैया ६:१०.

आफ्नो समय आइपुगेको थियो भनी येशूलाई
थाहा थियो । संसारमा भएका आफ्नाहरूलाई
उहाँले अन्त्यसम्म नै प्रेम गर्नुभयो ।
**२**बेलुकीको भोजनको समय भएको थियो,
र शैतानले सिमोनको छोरो यहूदा इस्करियोतको
मनमा येशूलाई धोका दिने विचार
हालिदिइसकेको थियो । **३**पिताले सबै कुरा
उहाँको अधिकारमुनि राखिदिनुभएको छ,
अनि उहाँ परमेश्वरबाट आउनुभएको हो र
परमेश्वरकहाँ नै फर्कंदैहुनुहुन्छ भन्ने येशूलाई
थाहा थियो । **४**त्यसकारण उहाँ भोजनबाट
उठ्नुभयो र आफ्ना बाहिरी लुगा फुकालेर
कम्मरमा एउटा तौलिया बेह्रनुभयो । **५**त्यसपछि
बाटामा पानी खन्याएर उहाँले चेलाहरूका खुट्टा
धुन लाग्नुभयो र आफूले बेह्रनुभएको तौलियाले
ती खुट्टा पुछ्न लाग्नुभयो ।
**६**उहाँ सिमोन पत्रुसकहाँ आउँदा तिनले
उहाँलाई भने, "प्रभु, के तपाईंले मेरो खुट्टा
धुनुहुने ?"
**७**येशूले भन्नुभयो, "मैले जे गरिरहेछु सो
तिमीहरूले अहिले बुझ्दैनौ, तर पछि बुझ्नेछौ ।"
**८**पत्रुसले इन्कार गर्दै भने, "हुँदैन, तपाईंले
मेरो खुट्टा कहिल्यै धुनुहुँदैन ।"
येशूले जवाफ दिनुभयो, "मैले तिम्रो खुट्टा
धोइनँ भने, मसँग तिम्रो केही भाग हुनसक्ने
छैन ।"
**९**सिमोन पत्रुसले भने, "प्रभु, त्यसो भए
मेरो खुट्टामात्र होइन, मेरो हात र शिर पनि
धोइदिनुहोस् ।"
**१०**येशूले जवाफ दिनुभयो, "सम्पूर्ण
शरीर नुहाइ सकेकाहरूका निम्ति खुट्टामात्रै
धुन आवश्यक हुन्छ; उसको पूरै शरीर
शुद्ध छ । अब तिमीहरू शुद्ध भयौ, तर यहाँ
भएका जम्मै त होइनन् ।" **११**किनकि येशूले
उहाँलाई कसले धोका दिन्छ भन्ने चिन्नुहुन्थ्यो,
अनि त्यसैकारण उहाँले जम्मै त शुद्ध छैनन्
भनी भन्नुभयो ।
**१२**चेलाहरूको खुट्टा धोइसकेपछि, येशूले
आफ्नो लुगा फेरि पहिरिनुभयो र आफ्नो ठाउँमा
बसेर सोध्नुभयो, "मैले तिमीहरूको निम्ति के
गर्दैथिएँ सो तिमीहरूले बुझ्यौ ? **१३**तिमीहरू
मलाई 'गुरु' र 'प्रभु' भन्छौ, अनि त्यो ठीकै हो,
किनकि म त्यही नै हुँ । **१४**म प्रभु र गुरु भएर
पनि मैले तिमीहरूको खुट्टा धोएको छु भने,
तिमीहरूले पनि एक अर्काको खुट्टा धुनुपर्छ ।
**१५**मैले तिमीहरूलाई एउटा नमूना दिएको छु,
मैले तिमीहरूसँग जसो गरें सो तिमीहरूले
पनि गर । **१६**म तिमीहरूलाई साँचो भन्दछु,
कुनै नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन,
अनि खबर लैजाने पनि खबर पठाउनेभन्दा
ठूलो हुँदैन । **१७**अब तिमीहरूलाई यी कुरा
थाहा छ र यसलाई पालन गर्‍यौ भने तिमीहरू
धन्यका हौ ।

## आफूलाई विश्वासघात गरिनेबारे येशूको भविष्यवाणी

*मत्ती २६:२०-२५; मर्कूस १४:१७-२१*
*लूका २२:२१-२३*

**१८**"तिमीहरू सबैका निम्ति मैले यी कुराहरू
भनेको होइन। मैले चुनेका प्रत्येकलाई म
राम्ररी चिन्दछु । तर धर्मशास्त्रको यो कुरा
पूरा होस् भनेर यसो भएको हो: 'मसँग भोज
खानेले नै मेरो विरुद्ध खुट्टा उठाउनेछ ।'
**१९**"यस कुरालाई त्यो हुनुभन्दा पहिले नै
तिमीहरूलाई भनिदिएको छु, ताकि यो पूरा
भएपछि तिमीहरूले म उही हुँ भनी विश्वास
गर्नेछौ । **२०**म तिमीहरूलाई साँचो भन्दछु, मैले
पठाएकाहरूलाई जसले ग्रहण गर्छ, त्यसले
मलाई नै ग्रहण गर्छ; अनि मलाई ग्रहण गर्नेले
मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ ।"
**२१**यति भनेपछि येशू आत्मामा सार्‍है
विचलित हुनुभयो र उहाँले भन्नुभयो, "म
तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूमध्येकै
एक जनाले मलाई धोका दिनेछ ।"

---

**१३:१२-१५**–लूका २२:२७. **१३:१६**–मत्ती १०:२४; लूका ६:४०; यूहन्ना १५:२०. **१३:१८**–भजन ४१:९.
**१३:२०**–मत्ती १०:४०; मर्कूस ९:३७; लूका ९:४८; १०:१६.

**२२**उहाँले कसलाई भन्नुभएको हो भनेर
अलमलमा परी चेलाहरूले एक अर्कालाई हेराहेर
गरे। **२३**तिनीहरूमध्ये, येशूले प्रेम गर्नुहुने चेला,
उहाँको छेउमा अड़ेस लागिरहेका थिए। **२४**सिमोन
पत्रुसले यिनै चेलालाई इशारा गरेर भने, "उहाँले
कसलाई भन्नुभएको हो, उहाँलाई सोध।"
**२५**येशूको शरीरमा अड़ेस लागेर तिनले
सोधे, "प्रभु त्यो को हो?"
**२६**येशूले जवाफ दिनुभयो, "मैले यो रोटीको
टुक्रा भाँड़ामा चोपेर जसलाई दिन्छु, त्यो त्यही
हो।" अनि उहाँले रोटी चोपेपछि सिमोनको छोरा
यहूदा इस्करियोतलाई दिनुभयो। **२७**यहूदाले त्यो
रोटी लिने बित्तिकै शैतान त्यसभित्र पसिहाल्यो।
तब येशूले त्यसलाई भन्नुभयो, "तिमीले
जे गर्नु छ, चाँड़ो गरिहाल।" **२८**येशूले त्यसलाई
यो किन भन्नुभयो त्यसको अर्थ त्यहाँ खान
बस्नेहरूमध्ये कसैले पनि बुझेनन्। **२९**यहूदाले
पैसाको हिसाब राख्ने भएको हुँदा सायद भोजको
निम्ति आवश्यक कुनै कुरा किन्न अथवा
केही पैसा गरीबहरूलाई दिन भनी येशूले
अऱ्हाउनुभएको होला भनी कतिले ठाने।
**३०**रोटी लिएपछि यहूदा तुरुन्तै बाहिर निस्क्यो।
त्यस बेला रात परेको थियो।

### पत्रुसको इन्कारबारे भविष्यवाणी

*मत्ती २६:३१-३५; मर्कूस १४:२७-३१*
*लूका २२:३१-३४*

**३१**यहूदा कोठाबाट बाहिर गएपछि येशूले
भन्नुभयो, "अब म, मानव-पुत्रको महिमा
भएको छ। अनि ममा परमेश्वरको महिमा
भएको छ।" **३२**यदि परमेश्वर ममा महिमित
हुनुभयो भने, परमेश्वरले मलाई आफैमा
महिमित पार्नुहुनेछ र मलाई तुरुन्तै महिमित
तुल्याउनुहुनेछ।
**३३**"मेरा छोराछोरी हो, अब म तिमीहरूसँग
केही बेरमात्र रहन्छु। तिमीहरूले मलाई
खोज्नेछौ, अनि यहूदीहरूलाई भनेझैं म अब
तिमीहरूलाई पनि भन्छु: म जहाँ जाँदैछु, त्यहाँ
तिमीहरू आउन सक्दैनौ।
**३४**"म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिँदैछु:
एक अर्कालाई प्रेम गर। मैले तिमीहरूलाई
जसरी प्रेम गरें, तिमीहरूले पनि एक अर्कालाई
त्यसरी नै प्रेम गर्नुपर्छ। **३५**तिमीहरूले एक अर्कालाई
प्रेम गऱ्यौ भने, त्यसैबाट तिमीहरू मेरा चेलाहरू
हौ भनी सबै मानिसहरूले जान्नेछन्।"
**३६**सिमोन पत्रुसले सोधे, "गुरुज्यू, तपाईं
कहाँ जाँदैहुनुहुन्छ?"
येशूले उत्तर दिनुभयो, "म जहाँ जाँदैछु,
त्यहाँ तिमी अहिले आउन सक्दैनौ, तर पछि
तिमीले मलाई पछ्याउनेछौ।"
**३७**पत्रुसले सोधे, "प्रभु, म अहिले तपाईंसँग
किन आउन सक्दिनँ र? म त तपाईंका निम्ति
मर्न पनि तयार छु।"
**३८**तब येशूले भन्नुभयो, "के तिमीले साँच्चै
आफ्नो जीवन मेरो लागि दिन्छौ? म तिमीलाई
साँचो भन्दछु, भोलि बिहान भाले बास्नअघि नै
तिमीले मलाई 'चिन्दै चिन्दिनँ' भनी तीनपल्ट
अस्वीकार गर्नेछौ!"

### येशूले चेलाहरूलाई सान्त्वना दिनुभएको

**१४** "तिमीहरूको हृदय व्याकुल नहोस्।
परमेश्वरमाथि विश्वास राख; ममाथि
पनि विश्वास राख। **२**मेरा पिताका घरमा
धेरै ठाउँहरू छन्; यो कुरा सत्य नहुँदो हो त,
म तिमीहरूलाई सफासँग भनिदिने थिएँ। अनि
म त्यहाँ तिमीहरूको लागि ठाउँ तयार पार्न
जाँदैछु। **३**म गएर ठाउँ तयार पारेपछि, म
फेरि आउनेछु र म जहाँ छु त्यहाँ तिमीहरू
पनि सधैं मसँग रहनसक भनेर तिमीहरूलाई
त्यहाँ लैजानेछु। **४**म जहाँ जाँदैछु त्यहाँ पुग्ने
बाटो तिमीहरू जान्दछौ।"

### पिताकहाँ जाने बाटो येशू

**५**थोमाले उहाँलाई भने, "प्रभु, तपाईं कहाँ
जानुहुँदैछ भन्ने हामीलाई केही थाहा छैन।
तब कसरी हामीले त्यो बाटो चिन्ने?"

---

**१३:३३**–यूहन्ना ७:३४. **१३:३४**–यूहन्ना १५:१२, १७:; १ यूहन्ना ३:२३; २ यूहन्ना ५.

**६**येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पिताकहाँ आउन सक्दैन । **७**यदि तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । अब तिमीहरूले उहाँलाई चिन्छौ, अनि उहाँलाई देखेका पनि छौ ।"

**८**फिलिपले भने, "गुरुज्यू, हामीलाई पिता देखाइदिनुहोस् तब हामीलाई पर्याप्त हुनेछ ।"

**९**येशूले जवाफ दिनुभयो, "फिलिप ! यतिका दिनसम्म म तिमीसँग बसेर पनि तिमीले मलाई चिनेनौ ? जतिले मलाई देखेका छन् तिनीहरूले पितालाई पनि देखेका हुन्छन् । तब तिमीले 'हामीलाई पिता देखाइदिनुहोस्' भनेर कसरी भन्दछौ ? **१०**के तिमीलाई म पितामा छु र पिता ममा हुनुहुन्छ भनेर विश्वास छैन ? मैले तिमीहरूलाई भनेका यी वचनहरू मेरा आफ्नै होइनन् । वास्तवमा ममा हुनुहुने मेरा पिताले आफ्नो काम गर्दैहुनुहुन्छ । **११**म पितामा छु र पिता ममा हुनुहुन्छ भनी मैले भनेकोमा विश्वास गर । नभए मैले गरेका महान् आश्चर्य-कर्महरूका कारणले त विश्वास गर । **१२**म तिमीहरूलाई साँचो भन्दछु, ममाथि विश्वास गर्ने जसले पनि मैले गरिरहेका यी कामहरू गर्नेछ । अनि उसले यीभन्दा अझ ठूला ठूला कार्य पनि गर्नेछ, किनकि म पिताकहाँ जाँदैछु । **१३**मेरो नाउँमा तिमीहरूले जेसुकै मागे पनि, पुत्रद्वारा पितालाई महिमा होस् भनेर त्यो म गर्नेछु । **१४**तिमीहरूले मसँग मेरो नाउँमा जे पनि माग्छौ, म त्यो पूरा गर्नेछु ।

### पवित्र आत्माबारे प्रतिज्ञा

**१५**"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरो आज्ञा मान्नेछौ । **१६**म पितासँग मागिदिनेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ । उहाँ सधैँ तिमीहरूसँग हुनुहुनेछ । **१७**उहाँ सत्यका आत्मा हुनुहुन्छ । संसारले उहाँलाई ग्रहण गर्न सक्दैन । किनकि संसारले उहाँलाई देख्दैन, अनि चिन्दैन पनि । तर तिमीहरूले उहाँलाई चिन्दछौ, किनकि उहाँ तिमीहरूसँग रहनुहुन्छ र उहाँ तिमीहरूभित्र हुनुहुनेछ । **१८**म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ; म तिमीहरूकहाँ आउनेछु । **१९**केही बेरपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ । म जीवित भएकोले, तिमीहरू पनि जीवित रहनेछौ । **२०**त्यस दिन म मेरा पितामा छु, तिमीहरू ममा छौ, अनि म तिमीहरूमा छु भनी तिमीहरूले बुझ्नेछौ । **२१**जोसँग मेरा आज्ञाहरू छन् र ती पालन गर्छ, उसले नै मलाई प्रेम गर्छ । अनि मलाई प्रेम गर्नेलाई पिताले प्रेम गर्नुहुन्छ, अनि म पनि उसलाई प्रेम गर्नेछु र आफैलाई त्यसकहाँ प्रकट गरिदिनेछु ।"

**२२**यहूदाले (यहूदा इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "गुरुज्यू, तपाईंले किन हामीकहाँ मात्र आफैलाई प्रकट गर्नुहुन्छ, तर संसारकहाँ गर्नुहुन्न ?"

**२३**येशूले जवाफ दिनुभयो, "जसले मलाई प्रेम गर्छ, उसले मेरो शिक्षाहरू मान्नेछ । मेरा पिताले त्यसलाई पनि प्रेम गर्नुहुन्छ, अनि हामी त्यसकहाँ आउनेछौं र त्यससँग वास गर्नेछौं । **२४**मलाई प्रेम नगर्नेले मेरा शिक्षाहरू पालन गर्दैन । तिमीहरूले सुनेका यी वचनहरू मेरा आफ्नै होइनन्, तर मलाई पठाउनुहुने पिताका हुन् ।

**२५**"म अहिले तिमीहरूसँग छँदै तिमीहरूलाई यो भनिदिएको छु । **२६**पिताले मेरो नाउँमा पठाइदिनुहुने सल्लाहकार, अर्थात् पवित्र आत्माले तिमीहरूलाई सबै कुराहरू सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेको प्रत्येक कुरा पनि सम्झना गराइदिनुहुनेछ । **२७**शान्ति म तिमीहरूसँग छोड्दछु; मेरो आफ्नै शान्ति म तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो त म तिमीहरूलाई दिनेछैनँ । तिमीहरूको हृदय विचलित नहोस् र भयभीत नहोस् ।

**२८**"मैले भनेको यो कुरा तिमीहरूले सुनेका छौ, 'म गइरहेछु तर फेरि म तिमीहरूकहाँ फर्किआउनेछु ।' तिमीहरूले मलाई साँच्चै प्रेम गर्छौ भने, म मेरा पिताकहाँ जाँदैछु भन्ने कुरामा तिमीहरू आनन्दित हुनेछौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ । **२९**अनि यी कुराहरू हुन आउन अघिनै, मैले तिमीहरूलाई

सबै भनिदिएको छु, किनकि जब यी कुराहरू
पूरा हुनेछन् तब तिमीहरूले विश्‍वास गर्नेछौ।
**३०**म तिमीहरूसँग अब धेरै बोल्नेछैन, किनकि
यस संसारको शासक आइरहेछ। त्यसको ममाथि
केही अधिकार छैन, **३१**तर म पितालाई प्रेम
गर्छु र उहाँले मलाई दिनुभएका आज्ञाहरू मैले
ठीकसँग पालन गर्छु भनी संसारले जान्नुपर्छ।
"उठ; हामी यहाँबाट जाऔं।

### दाखको बोट र हाँगाहरू

**१५** येशूले भन्नुभयो, "साँचो दाखको बोट
म हुँ, र मेरा पिताचाहिँ किसान
हुनुहुन्छ। **२**ममा फल नफल्ने प्रत्येक हाँगालाई
उहाँले काटिदिनुहुन्छ। तर फल फल्ने
हाँगाहरूलाई अझ बढी फल फलोस् भनेर उहाँले
छिँवल्नुहुन्छ। **३**मैले तिमीहरूसँग बोलेका वचनले
तिमीहरू शुद्ध भइसकेका छौ। **४**ममा रहो, र
म तिमीहरूमा रहनेछु। कुनै पनि हाँगाले आफै
फल फलाउन सक्दैन; त्यो हाँगा दाखको बोटमा
नै रहनुपर्छ। त्यसैगरी ममा नरहेसम्म
तिमीहरूले पनि फल फलाउन सक्दैनौ।

**५**"म दाखको बोट हुँ अनि तिमीहरू हाँगाहरू
हौ। यदि कुनै मानिस ममा रहन्छ र म त्यसमा
रहन्छु भने, त्यसले धेरै फल फलाउँछ; मबाट
अलग रहेर तिमीहरूले केही गर्न सक्दैनौ।
**६**यदि कोही ममा रहँदैन भने, त्यो मिल्काइने र
सुक्ने हाँगाजस्तै हो; त्यस्ता हाँगाहरू टिपेर
आगोमा फाली जलाइन्छन्। **७**तर यदि तिमीहरू
ममा रह्‍यौ र मेरा वचन तिमीहरूमा रहे भने,
तिमीहरूले चिताएको जे पनि माग र त्यो
दिइनेछ। **८**तिमीहरू मेरा चेलाहरू हौ भनी
देखाउन धेरै फल फलायौ भने, त्यसबाट मेरा
पितालाई ठूलो महिमा मिल्नेछ।

**९**"पिताले मलाई प्रेम गर्नुभएझैं, मैले पनि
तिमीहरूलाई प्रेम गरेको छु। अब मेरो प्रेममा
रहो। **१०**मेरा आज्ञा तिमीहरूले मान्यौ भने,
तिमीहरू मेरो प्रेममा रहेका हुन्छौ, जसरी म
आफैले पनि मेरा पिताको आज्ञा मानेर उहाँको
प्रेममा रहेको छु। **११**मेरो आनन्द तिमीहरूमा
रहोस् भनेर मैले यी कुराहरू तिमीहरूलाई
भनेको छु, यसरी तिमीहरूको आनन्द पूर्ण
हुनेछ। **१२**मेरो आज्ञा यही हो: एक अर्कालाई
प्रेम गर जसरी मैले तिमीहरूलाई प्रेम गरेको
छु। **१३**आफ्नो जीवन आफ्ना मित्रहरूका लागि
दिनुभन्दा ठूलो प्रेम कसैको हुँदैन। **१४**यदि
तिमीहरूले मेरो आज्ञा मान्छौ भने, तिमीहरू
मेरा मित्रहरू हौ। **१५**अबदेखि म तिमीहरूलाई
दास भन्दिनँ, किनकि दासलाई आफ्ना मालिकको
कामकुरा थाहा हुँदैन। तर मैले तिमीहरूलाई
मित्रहरू भनेको छु, किनकि पिताबाट मैले
सिकेका सबै कुरा मैले तिमीहरूलाई थाहा
दिएको छु। **१६**तिमीहरूले मलाई चुनेनौ, तर मैले
तिमीहरूलाई चुनें र तिमीहरूलाई सधैं रहिरहने
फल फलाउनलाई नियुक्त गरें। मेरो नाउँमा
तिमीहरूले जे मागौला पिताले सो तिमीहरूलाई
दिनुहुनेछ। **१७**मेरो आज्ञा यही हो: एक अर्कालाई
प्रेम गर।

### संसारले चेलाहरूलाई घृणा गर्छ

**१८**"यदि संसारले तिमीहरूलाई घृणा गर्‍यो
भने, त्यसले पहिला मलाई नै घृणा गरेको हो
भनी सम्झ। **१९**तिमीहरू संसारका हुँदा
हौ त, यसले तिमीहरूलाई आफ्नैलाई झैं प्रेम
गर्नेथियो। तर तिमीहरू संसारका होइनौ, किनकि
संसारदेखि अलग रहन मैले तिमीहरूलाई चुनें।
यसैकारण संसारले तिमीहरूलाई घृणा गर्छ।
**२०**मैले तिमीहरूलाई भनेका कुरा सम्झ: 'कुनै
पनि दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन।'
यदि तिनीहरूले मलाई सताएका छन् भने,
तिमीहरूलाई पनि तिनीहरूले सताउने नै छन्।
तिनीहरूले मेरा शिक्षा सुनेका भए, तिमीहरूका
शिक्षा पनि सुन्‍नेथिए। **२१**मेरो नाउँको कारणले
गर्दा तिनीहरूले तिमीहरूलाई यस्तो व्यवहार
गर्दछन् किनकि मलाई पठाउनुहुने परमेश्‍वरलाई
तिनीहरूले चिन्दैनन्। **२२**म आएर तिनीहरूलाई
नभनिदिएको भए, तिनीहरू पापको दोषी ठहरिने

---

**१५:१२**–यूहन्ना १३:३४; १५:१७; १ यूहन्ना ३:२३; २ यूहन्ना ५. **१५:२०**–मत्ती १०:२४; लूका ६:४०; यूहन्ना १३:१६.

थिएनन् । तर अब तिनीहरूलाई आफ्नो पापको
निम्ति कुनै बहाना छैन । २३मलाई घृणा गर्नेले
मेरा पितालाई पनि घृणा गरेको हुन्छ । २४पहिला
अरू कसैले नगरेका कामहरू मैले तिनीहरूको
बीचमा नगरेको भए, तिनीहरू दोषी ठहरिने
थिएनन् । तर अब त तिनीहरूले यी आश्चर्य-
कर्महरू देखेका छन्, तापनि म र पिता, हामी
दुवैलाई तिनीहरूले घृणा गरेका छन् । २५तर
तिनीहरूको व्यवस्थामा लेखिएको यो कुरा
पूरा हुनलाई यसो भएको हो: 'तिनीहरूले
मलाई कारणैविना घृणा गरे ।'

२६"जब मैले पिताको तर्फबाट तिमीहरूकहाँ
पठाइदिने सल्लाहकार, अर्थात् पिताबाट आउनुहुने
पवित्र आत्मा तिमीहरूकहाँ आउनुहुनेछ, तब
उहाँले मेरो विषयमा साक्षी दिनुहुनेछ । २७अनि
तिमीहरूले पनि साक्षी दिनैपर्छ, किनकि तिमीहरू
शुरुदेखि नै मसँग रहेका छौ ।"

१६ "तिमीहरू ठक्कर खाई तर्केर नजाओ
भनेर मैले यी सबै कुराहरू तिमीहरूलाई
भनेको हुँ । २अनि तिनीहरूले तिमीहरूलाई
सभाघरहरूबाट बाहिर निकालिदिनेछन्; वास्तवमा,
एउटा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई
हत्या गर्ने जोसुकैले परमेश्वरलाई सेवा गरिरहेको
छु भनी ठान्नेछ । ३तिनीहरूले यी कामहरू
यसैकारण गर्नेछन् किनकि तिनीहरूले पितालाई
र मलाई चिनेका छैनन् । ४मैले यी कुराहरू
तिमीहरूलाई यसैकारण बताएको छु कि जब
त्यो समय आउँछ, तब मैले तिमीहरूलाई
चेतावनी दिएको थिएँ भनी तिमीहरूले स्मरण
गर्नेछौ । यी कुराहरू मैले तिमीहरूलाई पहिले
नै भनिनँ किनकि म तिमीहरूसँग थिएँ ।

### पवित्र आत्माका काम

५"अब म, मलाई पठाउनुहुनेकहाँ जाँदैछु,
तापनि 'तपाईं कहाँ जाँदैहुनुहुन्छ ?' भनी तिमीहरू
कसैले मलाई सोध्दैनौ । ६मैले यी कुराहरू
भनेका कारण तिमीहरू शोकले भरिएका छौ ।
७तर म तिमीहरूलाई साँच्चै भन्दछु: तिमीहरूको
भलाइको निम्ति नै म जाँदैछु । म नगएसम्म,
सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर
यदि म गएँ भने, म उहाँलाई तिमीहरूकहाँ
पठाइदिनेछु । ८अनि उहाँ आउनुभएपछि, उहाँले
संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा
दोषी ठहराउनुहुनेछ: ९पापको विषयमा, किनकि
मानिसहरूले मलाई विश्वास गर्दैनन्;
१०धार्मिकताको विषयमा, किनकि म पिताकहाँ
जाँदैछु, र तिमीहरूले मलाई फेरि देख्नेछैनौ;
११र न्यायको विषयमा, किनकि यस संसारको
शासकले दण्डको आज्ञा पाइसकेको छ ।

१२"मैले तिमीहरूलाई भन्नुपर्ने कुराहरू अझ
धेरै छन्, तिमीहरूले अहिले सहनसक्नेभन्दा
पनि बढ़ी । १३तर जब उहाँ, अर्थात् सत्यका
आत्मा आउनुहुन्छ, तब उहाँले तिमीहरूलाई
सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नै
तर्फबाट बोल्नुहुने छैन; तर उहाँले आफूले
जे सुन्नुहुन्छ त्यही बोल्नुहुनेछ, र उहाँले
तिमीहरूलाई हुन आउने कुराहरू घोषणा
गरिदिनुहुनेछ । १४जे मेरा हुन् त्यसबाट लिएर
त्यो तिमीहरूलाई प्रकट गरिदिएर उहाँले मेरो
महिमा गर्नुहुनेछ । १५जे जति पिताका हुन्, ती
मेरा हुन् । त्यसैकारण जे मेरा हुन् त्यसबाट
लिएर आत्माले त्यो तिमीहरूलाई प्रकट
गरिदिनुहुनेछ भनी मैले भनेको हुँ ।

१६"अलि बेरपछि तिमीहरूले फेरि मलाई
देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरूले
मलाई देख्नेछौ ।"

### चेलाहरूको शोक आनन्दमा परिणत भएको

१७उहाँका केही चेलाहरूले एक-आपसमा
भने, "उहाँले 'अलि बेरपछि तिमीहरूले फेरि
मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि
तिमीहरूले मलाई देख्नेछौ' र 'किनकि म
पिताकहाँ जाँदैछु' भनी भन्नुभएको अर्थ के
हो ?" १८तिनीहरूले "उहाँले 'अलिबेर'
भन्नुभएको अर्थ के हो ? उहाँले के भन्नुहुँदैछ
सो हामी बुझ्दैनौ," भनी सोधपुछ गरिरहे ।

---

**१५:२५**–भजन ३५:१९; ६९:४.

**१९**तिनीहरूले यस विषयमा उहाँलाई सोध्ने इच्छा गर्दैछन् भनी येशूले थाहा पाउनुभयो, र उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले मैले 'अलि बेरपछि तिमीहरूले फेरि मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरूले मलाई देख्नेछौ' भनी भन्नुको अर्थ के होला भन्दै आपसमा सोधपूछ गरिरहेका छौ ? **२०**म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरू रूनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ। तिमीहरूले शोक गर्नेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ । **२१**बालक जन्माउने बेलामा स्त्रीलाई पीड़ा हुन्छ किनकि तिनको समय आएको हुन्छ; तर बालक जन्मिएपछि संसारमा एउटा बालकको जन्म भएको छ भन्ने कुराको हर्षको कारण तिनले त्यस वेदनालाई बिर्सन्छिन्। **२२**तिमीहरूलाई पनि त्यस्तै नै हुन्छ: अहिले तिमीहरूको शोकको समय हो, तर मैले फेरि तिमीहरूलाई देख्नेछु र तिमीहरू रमाउनेछौ, अनि कसैले पनि तिमीहरूको आनन्द खोस्नेछैन। **२३**अनि त्यस दिन तिमीहरूले मलाई फेरि केही पनि सोध्नेछैनौ । म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले मेरो नाउँमा जे माग्छौ, मेरा पिताले त्यो तिमीहरूलाई दिनुहुनेछ । **२४**अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही पनि मागेका छैनौ । माग अनि तिमीहरूले पाउनेछौ, र तिमीहरूको आनन्द पूर्ण हुनेछ ।

**२५**"म दृष्टान्तहरूमा बोलिरहेको छु, तर एउटा समय आउँदैछ जब मैले फेरि यस प्रकारको दृष्टान्तको प्रयोग गर्नेछैनँ तर मेरा पिताको विषयमा मैले तिमीहरूलाई स्पष्ट गरी बताउनेछु । **२६**त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ । पितासँग मैले तिमीहरूका निम्ति बिन्ती गर्नेछु भनी मैले भनेको होइन । **२७**पिता आफैले तिमीहरूलाई प्रेम गर्नुहुन्छ किनकि तिमीहरूले मलाई प्रेम गरेका छौ र म परमेश्वरबाट आएको हुँ भनी विश्वास गरेका छौ । **२८**म पिताबाट आएँ र संसारमा प्रवेश गरें; अब म संसारलाई छोड़ेर पिताकहाँ नै फर्कंदैछु ।"

**२९**त्यसपछि येशूका चेलाहरूले भने, "अब तपाईं स्पष्टसँग र दृष्टान्तविना नै बोल्दैहुनुहुन्छ । **३०**अब हामीले बुझ्न सक्यौं कि तपाईं सबै कुरा जान्नुहुन्छ अनि तपाईंलाई कसैले केही सोध्नुपर्ने आवश्यकता पनि तपाईंको निम्ति छैन । यसै कुराले तपाईं परमेश्वरबाट आउनुभएको हो भनी हामीलाई विश्वास दिलाउँछ ।"

**३१**येशूले जवाफ दिनुभयो, "बल्ल तिमीहरूले विश्वास गर्‍यौ ! **३२**तर समय आइरहेछ, वास्तवमा समय आइसकेको छ, जब तिमीहरू छरपष्ट हुनेछौ र हरेक आ-आफ्नै ठाउँमा जानेछौ । तिमीहरूले मलाई एक्लै छोड्नेछौ । तापनि म एक्लो छैन, किनकि मेरा पिता मसँग हुनुहुन्छ ।

**३३**"ममा तिमीहरूलाई शान्ति होस् भनेर, मैले यी कुराहरू तिमीहरूलाई भनेको छु । यस संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ । तर ढाड़स गर ! मैले संसारलाई जितेको छु ।"

## आफ्नो निम्ति येशूको प्रार्थना

**१७** येशूले यी कुराहरू भनिसक्नुभएपछि, उहाँले स्वर्गतिर हेर्नुभयो र प्रार्थना गर्नुभयो: "पिता, समय भयो । तपाईंको पुत्रको महिमा गर्नुहोस् र पुत्रले पनि तपाईंलाई महिमा दिन सकोस् । **२**किनकि तपाईंले दिनुभएको हरेकलाई उसले अनन्त जीवन दिन सकोस् भनेर तपाईंले उसलाई यस पृथ्वीको मानिस जातिमाथि अधिकार दिनुभएको छ । **३**अनन्त जीवन यही हो: तिनीहरूले तपाईं एकमात्र सत्य परमेश्वरलाई, अनि तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् । **४**तपाईंले मलाई अह्राउनुभएको प्रत्येक काम गरेर मैले तपाईंलाई पृथ्वीमा महिमा दिएको छु । **५**हे पिता, तपाईंको सामु मलाई त्यो महिमाले महिमित गराउनुहोस्, जुन महिमा संसारको सृष्टिअघि तपाईंमा मेरो निम्ति थियो ।

## येशूले आफ्ना चेलाहरूका निम्ति प्रार्थना गर्नुभएको

**६**संसारबाट तपाईंले मलाई दिनुभएका मानिसहरूबीच तपाईंलाई मैले प्रकट

गरेको छु । ती तपाईंकै थिए र ती तपाईंले
फेरि मलाई दिनुभयो र तिनीहरूले तपाईंको
वचन पालन गरेका छन् । **७**मसित जे जति
छन् ती सबै तपाईंबाट नै आएका हुन्
भनेर अब तिनीहरूले थाहा गरेका छन् ।
**८**किनकि तपाईंले मलाई दिनुभएका
वचनहरू मैले तिनीहरूलाई पनि दिएँ र
तिनीहरूले पनि ती सब ग्रहण गरे । म
तपाईंकहाँ बाटै आएको हुँ भनेर पक्कै
जाने, र तपाईंले मलाई पठाउनुभयो भनी
विश्वास पनि गरे । **९**म तिनीहरूका लागि
प्रार्थना गर्दछु । संसारको लागि म प्रार्थना
गर्दिनँ, तर तपाईंले मलाई दिनुभएकाहरूको
लागि म प्रार्थना गर्छु । किनकि तिनीहरू
तपाईंका नै हुन् । **१०**मेरा सबै थोक तपाईंकै
हुन्, र तपाईंका सबै थोक मेरा हुन् । अनि
तिनीहरूद्वारा महिमा मकहाँ आएको छ ।
**११**म यस संसारमा अब रहँदिनँ, तर
तिनीहरू यही संसारमा रहन्छन्, अनि
म तपाईंकहाँ आउँदैछु । हे पवित्र पिता,
तपाईंको शक्तिशाली नाउँले तिनीहरूलाई
जोगाइराख्नुहोस्– जुन नाउँ तपाईंले मलाई
दिनुभएको छ– जसद्वारा तिनीहरू पनि
हामीजस्तै एक होऊन् । **१२**म तिनीहरूसँग
हुँदा, तपाईंले मलाई दिनुभएको नाउँले
तिनीहरूलाई जोगाइराखें । तिनीहरूमध्ये
कोही नष्ट भएन तर धर्मशास्त्र पूरा होस्
भनेर एक जनाचाहिँ नाशको भागी हुनपर्ने
नै थियो ।

**१३**"अब म तपाईंकहाँ आउँदैछु । तिनीहरू
मेरो आनन्दले पूरा भरपूर होऊन् भनेर मैले
यी कुराहरू म संसारमा हुँदा नै भनिदिएको
छु । **१४**मैले तिनीहरूलाई तपाईंको वचन
दिएँ, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो,
किनकि अब तिनीहरू संसारका होइनन्,
जस्तो म संसारको होइन । **१५**संसारबाट
तिनीहरूलाई लैजानुहोस् भनेर म
तपाईंसँग बिन्ती गर्दिनँ तर दुष्टको शक्तिबाट
तिनीहरूलाई जोगाइराख्नुहोस् भनी बिन्ती
गर्छु । **१६**म यस संसारको नभएजस्तै
तिनीहरू पनि अब यस संसारका होइनन् ।
**१७**सत्यद्वारा तिनीहरूलाई पवित्र गर्नुहोस्;
तपाईंको वचन सत्य छ । **१८**तपाईंले मलाई
संसारमा पठाएजस्तै, मैले पनि तिनीहरूलाई
संसारमा पठाएको छु । **१९**तिनीहरू पनि
साँचो रूपले पवित्र होऊन् भनेर म
आफैलाई तिनीहरूका लागि पवित्र गर्दछु ।

## सबै विश्वासीहरूका निम्ति येशूको प्रार्थना

**२०**"तिनीहरूका निम्ति मात्र म प्रार्थना
गर्दिनँ । तर तिनीहरूका साक्षीद्वारा पछि
मलाई विश्वास गर्नेहरू सबैका लागि पनि
म प्रार्थना गर्छु । **२१**हे पिता, जस्तो म तपाईंमा
छु र तपाईं ममा हुनुहुन्छ, त्यसरी तिनीहरू
पनि हामीमा एक होऊन् । तिनीहरू पनि
हामीमा रहन सकून् ताकि तपाईंले मलाई
पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।
**२२**तिनीहरू पनि हामीजस्तै एक होऊन् भनेर
तपाईंले मलाई दिनुभएको महिमा मैले
तिनीहरूलाई पनि दिएको छु: **२३**म
तिनीहरूमा अनि तपाईं ममा । तपाईंले
मलाई संसारमा पठाउनुभएको हो र मलाई
गर्नुभएजस्तै प्रेम तिनीहरूलाई पनि गर्नुहुन्छ
भन्ने कुरा संसारलाई थाहा दिन तिनीहरूमा
पूरा एकता आओस् ।

**२४**"हे पिता, म इच्छा गर्दछु जो जति
तपाईंले मलाई दिनुभएको छ, तिनीहरू
पनि म जहाँ छु, मसितै त्यहीँ होऊन् र
मेरो महिमा तिनीहरूले देखून्, जुन महिमा
तपाईंले संसारको सृष्टिभन्दा पहिलेदेखि नै
मलाई प्रेम गर्नुभएको हुनाले मलाई दिनुभयो ।

**२५**"हे धार्मिक पिता, संसारले तपाईंलाई
नचिने तापनि, म तपाईंलाई चिन्दछु, अनि
तपाईंले मलाई पठाउनुभएको हो भनेर
तिनीहरूले जान्दछन् । **२६**मैले तपाईंलाई
तिनीहरूकहाँ प्रकट गरेको छु, अनि मलाई

---

**१७:१२**–भजन ४१:९; यूहन्ना १३:१८.

तपाईंले गर्नुभएको त्यो गहिरो प्रेम
तिनीहरूमा पनि रहोस् र म आफू
पनि तिनीहरूमा रहूँ भनेर तिनीहरूकहाँ
तपाईंलाई म प्रकट गरिनै रहनेछु ।"

### येशू पक्राउ पर्नुभएको

*मत्ती २६:४७-५६; मर्कूस १४:४३-५०*
*लूका २२:४७-५३*

**१८** प्रार्थना गरिसकेपछि येशू आफ्ना
चेलाहरूसँग किद्रोन खोल्सापारि
जानुभयो । पारिपट्टि एउटा जैतुनको बगैंचा
थियो, अनि उहाँ आफ्ना चेलाहरूसँग त्यहाँ
जानुभयो ।
**२**उहाँलाई धोका दिने यहूदालाई यो
स्थान थाहा थियो, किनकि येशू धेरैपल्ट
त्यहाँ आफ्ना चेलाहरूसँग भेला हुनुभएको
थियो । **३**अनि यहूदा मुख्य पूजाहारीहरू र
फरिसीहरूबाट केही सिपाहीहरू र केही
हाकिमहरू लिएर त्यहाँ आयो । आफूसँग
तिनीहरूले राँको, बत्ती र हातहतियार ल्याएका
थिए ।
**४**तब आफूमाथि घट्न लागेका सबै कुरा
थाहा पाएर येशू बाहिर निस्कनुभएर सोध्नुभयो,
"तिमीहरू कसलाई खोज्दछौ ?"
**५**"नासरतका येशूलाई," तिनीहरूले उत्तर
दिए ।
"म उही हुँ," येशूले जवाफ दिनुभयो ।
(उहाँलाई पक्राइदिने यहूदा पनि तिनीहरूसँगै
उभिरहेको थियो ।) **६**उहाँले "म उही हुँ,"
भन्नासाथ ती सबै पछि हटे र भुइँमा
लोटे ।
**७**फेरि एकपल्ट उहाँले तिनीहरूलाई
सोध्नुभयो, "तिमीहरू कसलाई खोज्दैछौ ?"
तिनीहरूले फेरि उत्तर दिए, "नासरतका
येशूलाई ।"
**८**"मैले भनिहालें, म उही हुँ," येशूले
भन्नुभयो, "अनि मलाई नै खोजेका हौ भने,
यिनीहरूलाई जानदेओ ।" **९**उहाँले भन्नुभएको
यो वचन पूरा होस् भनेर यी कुराहरू भए:
"तपाईंले मलाई दिनुभएको एउटैलाई पनि मैले
गुमाएको छैनँ ।"
**१०**त्यतिबेला सिमोन पत्रुसले तरवार थुतेर
मूल पूजाहारीको नोकरको दाहिने कानै
काटिदिए । (त्यस नोकरको नाम माल्खस
थियो ।)
**११**तर येशूले पत्रुसलाई भन्नुभयो, "तिम्रो
तरवार म्यानमा हाल ! के पिताले दिनुभएको
कचौराबाट म नपिऊँ ?"

### येशूलाई हन्नासकहाँ लगिएको

**१२**त्यसपछि सिपाहीहरू र अफिसरहरू र
यहूदी हाकिमहरूले येशूलाई पक्रेर पाता कसे ।
**१३**पहिले तिनीहरूले उहाँलाई त्यस वर्षको मूल
पूजाहारी, कैयाफाका ससुरा, हन्नासकहाँ लगे ।
**१४**सबैको निम्ति एक जना मर्नु असल हुन्छ
भनी अरू यहूदीहरूलाई सल्लाह दिने व्यक्ति
कैयाफा नै थिए ।

### पत्रुसको पहिलो इन्कार

*मत्ती २६:६९-७०; मर्कूस १४:६६-६८*
*लूका २२:५५-५७*

**१५**सिमोन पत्रुस र अर्को चेलाले येशूलाई
पछ्याउँदैथिए । मूल पूजाहारीसँग परिचय भएको
हुनाले यी अर्को चेला येशूसँगै पूजाहारीको
आँगनभित्रै पसे । **१६**तर पत्रुस बाहिर ढोकामा
बस्नुपर्‍यो । मूल पूजाहारीलाई चिन्ने त्यो अर्को
चेला फर्केर आई ढोकामा पाले बस्ने केटीलाई
भनसुन गरेर पत्रुसलाई भित्र ल्याए ।
**१७**ढोकामा बस्ने त्यस केटीले पत्रुसलाई
सोधी, "तिमी पनि येशूका चेलाहरूमध्ये एक
होइनौ र ?"
तिनले भने, "अहँ, म होइन ।"
**१८**जाडोले गर्दा ती घरका नोकरहरू
र हाकिमहरू न्यानो पार्न आफूले बालेका
आगो वरिपरि बसिरहेका थिए । पत्रुस पनि
तिनीहरूसँग मिसिएर आगो ताप्न लागे ।

---

**१८:११**–मत्ती २६:३९; मर्कूस १४:३६; लूका २२:४२. **१८:१४**–यूहन्ना ११:४९-५०.

### मूल पूजाहारीले येशूलाई प्रश्न गरेका

*मत्ती २६:५९-६८; मर्कूस १४:५५-५६*
*लूका २२:६६-७१*

**१९**यसैबीचमा मूल पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँले दिनुभएको शिक्षाको विषयमा सोध्न थाले।

**२०**येशूले जवाफ दिनुभयो, "संसारसँग म खुल्लमखुला बोलेको छु। मैले सधैं सभाघरहरू र मन्दिरमा शिक्षा दिन्थें, जहाँ सबै यहूदीहरू भेला हुन्थे। मैले गोप्यमा केही भनेको छैनँ।
**२१**तपाईंहरू मलाई यो प्रश्न किन सोध्नुहुन्छ? जसले मेरा शिक्षा सुनेका छन् तिनीहरूलाई सोध्नुहोस्। निश्चय मैले भनेका कुरा तिनीहरूलाई थाहा छ।"

**२२**येशूको कुरा सुनेर त्यहाँ उभिरहेको एक जना हाकिमले उहाँलाई मुक्का लगायो। "मूल पूजाहारीलाई उत्तर दिने तरीका यही हो?" भनेर त्यसले सोध्यो।

**२३**"मैले गलत बोलेको भए त्यसको प्रमाण देऊ," येशूले जवाफ दिँदै भन्नुभयो, "मैले सत्य बोल्छु भने, किन तिमी मलाई हिर्काउँछौ?"
**२४**यति भएपछि हन्नासले येशूलाई बाँधिएकै अवस्थामा मूल पूजाहारी कैयाफाकहाँ पठाइदिए।

### पत्रुसको दोस्रो र तेस्रो इन्कार

*मत्ती २६:७१-७५; मर्कूस १४:६९-७२*
*लूका २२:५८-६२*

**२५**सिमोन पत्रुस आगो ताप्दै उभिरहेका बेला, तिनलाई कसैले फेरि सोध्यो, "तिमी उसैको चेलाहरूमध्येका एक होइनौ र?"

"कदापि होइन," तिनले जवाफ दिए।

**२६**मूल पूजाहारीका नोकरहरूमध्ये एक जनाले, अर्थात् जसको कान पत्रुसले काटिदिएका थिए, त्यसैको आफन्तले सोध्यो, "के तिमीलाई मैले येशूसँग जैतूनको बगैंचामा देखेको होइन र?"
**२७**पत्रुसले फेरि पनि अस्वीकार गरे, अनि यसै बेला भाले बास्यो।

### पिलातसको सामु येशू

*मत्ती २७:१-२, ११-१८; मर्कूस १५:१-१५*
*लूका २३:१-५; १८-२५*

**२८**त्यसपछि यहूदीहरूले येशूलाई कैयाफा-कहाँबाट रोमी राज्यपालको महलमा लगे। यसबेला बिहान भइसकेको हुनाले यहूदीहरू आफ्नो संस्कारअनुसार अशुद्ध नहोऔं भनी महलभित्र पसेनन्। तिनीहरू निस्तार-चाड्को भोज खान चाहन्थे।
**२९**यसो हुँदा राज्यपाल पिलातस आफै बाहिर तिनीहरूकहाँ आएर सोधे, "यस मान्छेको विरुद्धमा तिमीहरूले के आरोप लगाएका छौ?"

**३०**"यो मानिस अपराधी नभएको भए, हामी यसलाई पक्रेर तपाईंकहाँ ल्याउने नै थिएनौं," तिनीहरूले जवाफ दिए।

**३१**पिलातसले तिनीहरूलाई भने, "तब तिमीहरूले यिनलाई लगेर तिमीहरूको व्यवस्थाअनुसार यिनको न्याय गर।"

यहूदीहरूले भने, "तर कसैलाई मृत्युदण्ड दिने अधिकार हामीसँग छैन।"
**३२**उहाँको मृत्यु कुन प्रकारको हुनेछ भन्ने बारे येशू आफैले भन्नुभएको वचन पूरा हुन यो सबै कुरा घटिरहेको थियो।

**३३**पिलातस दरवारभित्र पसे र येशूलाई आफूकहाँ हाजिर गराउने आज्ञा दिए र उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?"

**३४**"मेरो बारेमा यो तपाईंको आफ्नै भनाइ हो? कि अरू कसैले मेरो बारेमा यो तपाईंलाई भनेको हो?" येशूले सोध्नुभयो।

**३५**"म यहूदी हुँ र?" पिलातसले जवाफ दिए। "तिम्रा आफ्नै मानिसहरू र मुख्य पूजाहारीहरूले तिमीलाई मकहाँ सुम्पेका हुन्। तिमीले के गर्‍यौ?"

**३६**येशूले जवाफ दिनुभयो, "मेरो राज्य संसारको होइन। नत्र भने, यहूदीहरूले मलाई पक्रँदा त्यो रोक्न मेरा सेवकहरूले युद्ध गर्नेथिए। तर मेरो राज्य अर्कै ठाउँको हो।"

---

**१८:३२**–यूहन्ना ३:१४; १२:३२.

**३७**पिलातसले भने, "त्यसो भए तिमी राजा नै हौ ?"

येशूले भन्नुभयो, "म राजा हुँ भनी तपाईंले ठीकै नै भन्नुभयो। वास्तवमा, म त्यही उद्देश्यले जन्मेको हुँ, अनि संसारमा सत्यको साक्षी दिनको लागि म आएको हुँ । सत्यको पक्षमा रहने सबैले मेरा वचन सुन्छन् ।"

**३८**"सत्य के हो त ?" पिलातसले सोधे । त्यसपछि तिनी फेरि मानिसहरूका अगि गए र भने, "उनको विरुद्धमा मैले केही दोष पाउँदिन । **३९**तर हरेक वर्ष निस्तार-चाड़को समय मैले तिमीहरूका निम्ति एक जना कैदीलाई छोड़िदिने तिमीहरूको चलन छ । यसकारण तिमीहरू चाहन्छौ भने 'के म यहूदीहरूको राजालाई' छोड़िदिउँ ?"

**४०**तर तिनीहरूले चिच्च्याएर भने, "यस मान्छेलाई होइन ! तर बारब्बालाई छोड़िदिनुहोस् !" बारब्बाचाहिँ एक विद्रोही थियो।

### येशूलाई मृत्युदण्डको सजाय सुनाइएको

*मत्ती २७:१५-३१; मर्कूस १५:६-२०*
*लूका २३:१३-२५*

**१९** त्यसपछि पिलातसले येशूलाई कोर्राले हान्न लगाए । **२**अनि सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए। तिनीहरूले उहाँलाई बैजनी वस्त्र पहिराइदिए, **३**र घरीघरी येशूकहाँ आएर "यहूदीहरूको राजालाई सलाम" भने । अनि तिनीहरूले येशूलाई मुखमा हिर्काए ।

**४**फेरि एकपल्ट बाहिर निस्केर पिलातसले यहूदीहरूलाई भने, "हेर ! म यसलाई अब तिमीहरूका सामु बाहिर ल्याउँदैछु ताकि तिमीहरूलाई यो स्पष्ट थाहा होस्, यस मानिसमा मैले कुनै दोष पाइनँ ।"
**५**जब येशू काँढ़ाको मुकुट र बैजनी वस्त्र लगाएर बाहिर आउनुभयो, तब पिलातसले भने, "हेर ! मान्छे यहीं छ !"

**६**उहाँलाई देख्नेबित्तिकै मुख्य पूजाहारीहरू र हाकिमहरू यसरी चिच्च्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस् ! क्रूसमा टाँग्नुहोस् !"

तर पिलातसले भने, "तिमीहरू आफै यिनलाई क्रूसमा टाँग । म त यिनलाई दोष लगाउन कुनै आधार पाउँदिनँ ।"

**७**यहूदीहरूले तिनलाई जिद्दी गर्दै भने, "हाम्रो आफ्नै व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मानिस मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र भनेर दाबी गरेको छ ।"

**८**यो सुनेर पिलातस झन् डराए ।
**९**तिनले फेरि येशूलाई महलभित्र लगे, र उहाँलाई सोधे, "तिमी कहाँबाट आएका हौ ?" तर येशूले केही जवाफ दिनुभएन ।
**१०**पिलातसले सोधे, "के तिमी मलाई उत्तर दिँदैनौ ? तिमीलाई छोड़िदिने अथवा क्रूसमा टाँग्ने अधिकार मसित छ भनी के तिमी जान्दैनौ ?"

**११**तब येशूले भन्नुभयो, "यदि माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुने थिएन । त्यसकारण मलाई तपाईंकहाँ ल्याउने अझ बढ़ता पापको दोषी छ ।"

**१२**यो सुनेर पिलातसले येशूलाई छोड़िदिने कोशिश गरे, तर यहूदीहरूले चिच्च्याउँदै भने, "तपाईंले यस मान्छेलाई छोड़िदिनुभयो भने, तपाईं सिजरको मित्र हुनुहुन्न। आफैलाई राजा घोषणा गर्ने जो पनि सिजरको विरोधी हुन्छ।"

**१३**यो कुरा सुनेर, पिलातसले फेरि येशूलाई बाहिर तिनीहरूका अगि ल्याए र आफैचाहिँ ढुङ्गामाथि बसालिएको गब्बथा भन्ने न्याय आसनमा बसे ।
**१४**यतिबेला निस्तार-चाड़को तयारी गर्ने दिनको मध्यान्ह भएको थियो ।

अनि पिलातसले यहूदीहरूलाई भने, "लौ हेर ! तिमीहरूको राजा ।"

**१५**तर तिनीहरूले चिच्च्याउँदै भने, "त्यसलाई लैजानुहोस् ! त्यसलाई लैजानुहोस् ! क्रूसमा टाँग्नुहोस् !"

"के तिमीहरूका राजालाई मैले क्रूसमा टाँग्नू ?" पिलातसले सोधे ।

"सिजरबाहेक हाम्रो अरू कुनै राजा छैन," भनेर मुख्य पूजाहारीहरूले चिच्च्याएर जवाफ दिए ।

**१६**आखिरमा पिलातसले येशूलाई क्रूसमा टाँग्नका निम्ति तिनीहरूका हातमा सुम्पिदिए ।

### येशू क्रूसमा चढ़ाइनुभएको

*मत्ती २७:३२-४४; मर्कूस १५:२१-३२*
*लूका २३:२६-४३*

त्यसपछि सिपाहीहरूले येशूको जिम्मा
लिए । **१७**येशू आफ्नो क्रूस आफैले बोकेर
'खप्परे' अर्थात् हिब्रू भाषामा गलगथा नाउँ भएको
ठाउँमा पुग्नुभयो । **१८**त्यहाँ तिनीहरूले उहाँलाई
क्रूसमा झुण्ड्‌याए, अनि अरू दुई जनालाई
पनि उहाँसँगै, एक जनालाई दायाँ र अर्कोलाई
बायाँ अनि येशूलाई बीचमा झुण्ड्‌याए ।

**१९**पिलातसले यसरी लेखिएको दोष-पत्र
उहाँको शिरमास्तिर टाँसिदिए: "नासरतको येशू,
यहूदीहरूका राजा ।" **२०**धेरै यहूदीहरूले त्यो
पढ़े, किनकि येशूलाई क्रूसमा झुण्ड्‌याएको
ठाउँ शहरको नजीक थियो । अनि सो दोष-पत्र
हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको
थियो । **२१**यहूदीहरूका मुख्य पूजाहारीहरूले
आपत्ति जनाउँदै पिलातसलाई भने, "'यहूदीहरूको
राजा' होइन, तर यसले आफैलाई 'म यहूदीहरूको
राजा हुँ' भन्यो भनी लेखिदिनुहोस् ।"

**२२**तर पिलातसले जवाफ दिए, "मैले जे
लेखें, सो लेखें ।"

**२३**येशूलाई क्रूसमा झुण्ड्‌याएपछि
सिपाहीहरूले उहाँको वस्त्रलाई चार भाग
पारे । एक-एक जनाको निम्ति एक-एक भाग
तिनीहरूले हिसाब लगाए । तिनीहरूले उहाँको
ओढ्नी पनि लिए, त्यो नसिलाएको तर सिङ्गै
बुनिएको थियो ।

**२४**"यो ओढ्नीचाहिँ नच्यातौं," भनेर
तिनीहरूले आपसमा सल्लाह गरे, "कसको
भागमा पर्ने हो चिट्ठा हालेर हेरौं ।"

धर्मशास्त्र पूरा हुनलाई नै यसो भयो ।
धर्मशास्त्रले भन्छ–

> "तिनीहरूले मेरो वस्त्र आपसमा बाँड़े
> र मेरो ओढ्नीमा चिट्ठा हाले ।"

यसकारण सिपाहीहरूले त्यसै गरे ।

**२५**येशूको क्रूसको छेउमा उहाँकी आमा
मरियम, उहाँकी आमाकी बहिनी, क्लोपासकी
पत्नी मरियम र मरियम मग्दलिनी उभिएका
थिए । **२६**जब येशूले त्यहाँ आफ्नो आमालाई र
उहाँले धेरै प्रेम गर्नुहुने चेलालाई नजीकैमा
उभिरहेका देख्नुभयो तब उहाँले आफ्नो आमालाई
भन्नुभयो, "हे नारी ! हेर, तिम्रो छोरो !"
**२७**अनि चेलालाई उहाँले भन्नुभयो, "हेर, तिम्रो
आमा ।" त्यस दिनदेखि त्यस चेलाले येशूको
आमालाई आफ्नै घरमा लगे ।

### येशूले प्राण त्याग्नुभएको

*मत्ती २७:४५-५६; मर्कूस १५:३३-४१*
*लूका २३:४४-४९*

**२८**अब, सबै कुरा सिद्धियो भनी जानेर
धर्मशास्त्रमा लेखिएको कुरा पूरा हुन दिनलाई
येशूले भन्नुभयो, "मलाई तिर्खा लाग्यो ।"
**२९**छेवैमा एउटा घैटोमा सिर्का थियो, एउटा
स्पञ्ज त्यसमा डुबाई हिसपको डाँठमा अड्काएर
तिनीहरूले उहाँको ओठमा पुऱ्याएदिए ।
**३०**त्यसलाई लिनुभएपछि येशूले यसो भन्नुभयो,
"अब सिद्धियो ।" त्यसपछि उहाँले शिर
निहुराउनुभयो र प्राण त्यागिदिनुभयो ।

**३१**त्यो दिन तयारीको दिन थियो, अनि
भोलिपल्ट विशेष विश्राम-दिन थियो । यहूदीहरूले
विश्राम-दिनमा लाशहरू क्रूसमा रहेको चाहँदैनथिए,
त्यसकारण तिनीहरूले पिलातसलाई तिनीहरूका
खुट्टा भाँचेर लाश झार्न लगाउन बिन्ती गरे ।
**३२**सिपाहीहरू आएर येशूसँगै क्रूसमा झुण्ड्‌याएका
अरू दुई मान्छेहरूको खुट्टा भाँचिदिए । **३३**तर
सिपाहीहरू येशूकहाँ आउँदा तिनीहरूले उहाँलाई
अघिनै मरिसक्नुभएको भेट्टाए । यसकारण
उहाँको खुट्टा तिनीहरूले भाँचेनन् । **३४**तैपनि,
एक जना सिपाहीले चाहिँ भालाले उहाँको
कोखामा घोच्यो र त्यहाँबाट रगत र पानी
बगिनिस्क्यो । **३५**यो देख्ने मान्छेले आफ्नो साक्षी
दिएको छ, अनि उसको साक्षी सत्य छ । साँचो
बोल्दछु भनी उसले जानेकोले तिमीहरूले पनि
विश्वास गर्न सक भनेर आफ्नो साक्षी उसले

---

**१९:२४**–भजन २२:१८. **१९:२८**–भजन ६९:२१; २२:१५.

यसरी दिएको हो । ३६"उहाँको एउटै हड्डी
पनि भाँचिने छैन" भन्ने धर्मशास्त्रको वचन पूरा
होस् भनेर यो कुरा हुन आएको हो । ३७अनि
फेरि अर्को ठाउँमा धर्मशास्त्रले भन्छ, "जसले
उहाँलाई घोचे, तिनीहरूले उहाँलाई हेर्नेछन् ।"

### येशू गाड़िनुभएको

*मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७*
*लूका २३:५०-५६*

३८त्यसपछि, अरिमथियाका यूसुफले
पिलातसकहाँ गएर उहाँको मृत शरीरलाई
लैजाने अनुमति मागे । यूसुफ येशूका चेला
थिए, तर यो गोप्य थियो किनकि उनी
यहूदीहरूदेखि डराउँथे । पिलातसको अनुमति
लिएर तिनी आए र उहाँको लाश लगे । ३९येशूकहाँ
राती आउने मानिस, निकोदेमस पनि उनीसित
साथमा थिए । निकोदेमसले चौतीस किलोजति
मुर्र र एलवाले बनिएको सुगन्धित मलहम
ल्याए । ४०ती दुईले येशूको शरीरलाई सुगन्धित
मसला राखेर लामो सुती लुगाले बाँधे । यहूदीहरूको
लाश गाड्ने संस्कार यस्तै थियो । ४१येशूलाई
क्रूसमा झुण्ड्याइएको ठाउँ नजिकै एउटा बगैंचा
पनि थियो । त्यहाँ कोही नराखिएको एउटा
नयाँ चिहान थियो । ४२यहूदीहरूको तयारीको
दिन भएकोले र त्यो चिहान नजीकै भएकोले
तिनीहरूले येशूलाई त्यही चिहानमा राखे ।

### रित्तो चिहान

*मत्ती २८:१-१०; मर्कूस १६:१-८; लूका २४:१-१२*

**२०** हप्ताको पहिलो दिन बिहान, अँध्यारैमा
मरियम मग्दलिनी चिहानमा गइन् र
चिहानको मुखको ढुङ्गा एकातिर पन्छ्याइएको
भेट्टाइन् । २तिनी दगुर्दै सिमोन पत्रुस र येशूले
औधी माया गर्ने अर्को चेलाकहाँ आइन् र भनिन्,
"तिनीहरूले प्रभुको शरीर चिहानबाट लगेछन्,
र कहाँ राखेका छन् हामीलाई थाहा भएन !"
३तब पत्रुस र अर्को चेला चिहानतिर दगुरे ।
४पत्रुसलाई उछिनेर अर्को चेला पहिले चिहानमा
पुगे । ५तिनले निहुरेर भित्र हेरे र कात्रोमात्र
त्यहाँ पड़िरहेको देखे, तर उनी भित्र पसेनन् ।
६त्यसै बेला सिमोन पत्रुस आइपुगे अनि चिहान
भित्रै पसे । उनले सुती कात्रो त्यहीँ पड़िरहेको
देखे । ७शिरमा भएको लाश बेर्ने कपडाचाहिँ
सुती कपडाहरूसित होइन तर अलग्गै एकै
ठाउँमा पटचाएर राखिएको देखे । ८आखिरमा
चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि
भित्र पसे र त्यो देखेर तिनले विश्वास गरे ।
९(तिनीहरूले उहाँ मृतकबाट जीवित भई
उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म
पनि बुझेकै थिएनन् ।)

### येशू मरियम मग्दलिनीकहाँ देखा पर्नुभएको

*मत्ती २८:९-१०; मर्कूस १६:९-११*

१०त्यसपछि चेलाहरू आ-आफ्ना घरमा गए,
११तर मरियम रुँदै चिहानबाहिर उभिरहिन् ।
तिनले रुँदै चिहानतिर निहुरिएर हेरिन्, १२अनि
त्यहाँ सेतो वस्त्र पहिरेका दुई जना स्वर्गदूतहरूलाई
येशूका लाश राखिएको ठाउँमा शिर र खुट्टापट्टि
एक-एक जनालाई बसिरहेका देखिन् ।
१३"हे नारी, तिमी किन रोइरहेकी छयौ ?"
ती स्वर्गदूतहरूले सोधे ।

तिनले उत्तर दिइन्, "तिनीहरूले मेरा
प्रभुलाई लगेछन् र तिनीहरूले उहाँलाई कहाँ
राखेका छन् मलाई थाहा भएन ।" १४तब तिनले
पछि फर्केर हेरिन् र येशूलाई उभिरहनुभएको
देखिन्, तर उहाँ येशू नै हुनुहुन्थ्यो भनेरचाहिँ
चिनिनन् ।
१५"हे नारी ! तिमी किन रोइरहेकी
छयौ ?" उहाँले तिनलाई सोध्नुभयो, "तिमी
कसलाई खोज्दैछयौ ?"

तिनीसँग बोल्ने व्यक्ति माली पो रहेछ भनी
तिनले सोचिन् र भनिन्, "हजूर, तपाईंले उहाँलाई
लैजानुभएको भए उहाँलाई कहाँ राख्नुभएको
छ, बताइदिनुहोस्, र म उहाँलाई लैजानेछु ।"

---

**१९:३६**–प्रस्थान १२:४६; गन्ती ९:१२; भजन ३४:२०. **१९:३७**–जकरिया १२:१०; प्रकाश १:७.
**१९:३९**–यूहन्ना ३:१-२.

**१६**येशूले तिनलाई भन्नुभयो, "मरियम ।"
तिनी उहाँतिर फर्किन् र हिब्रू भाषामा
चिच्च्याएर भनिन्, "रब्बोनी !" (जसको अर्थ
हो, गुरुज्यू ।)
**१७**येशूले भन्नुभयो, "मलाई नछोओ, किनकि
म अझै पिताकहाँ गएको छैन । तर बरु
जाऊ र मेरा भाइहरूलाई भेटेर 'म मेरा पिता
र तिमीहरूका पिता अर्थात् मेरा परमेश्वर र
तिमीहरूका परमेश्वरकहाँ जाँदैछु' भन्ने
समाचार देऊ ।"
**१८**मरियम मग्दलिनी चेलाहरूकहाँ आइन्
र भनिन्, "मैले प्रभुलाई देखें ।" अनि प्रभुले यी
कुराहरू तिनलाई भन्नुभएको हो भनी तिनले
बताइन् ।

### येशू चेलाहरूकहाँ देखा पर्नुभएको
*मत्ती २८:१६-२०; मर्कूस १६:१४-१८*
*लूका २४:३६-४९*

**१९**हप्ताको त्यो पहिलो दिनको साँझमा,
चेलाहरू यहूदीहरूको डरले ढोकाहरू बन्द
गरी भेला भएकै बेलामा, येशू तिनीहरूको
बीचमा आउनुभयो र त्यहाँ उभिएर तिनीहरूलाई
भन्नुभयो, "तिमीहरूलाई शान्ति होस् !" **२०**यति
भनिसकेर येशूले आफ्नो हात र कोखा
तिनीहरूलाई देखाउनुभयो । प्रभुलाई देखेर
चेलाहरू अत्यन्तै आनन्दित भए ।
**२१**उहाँले तिनीहरूलाई फेरि भन्नुभयो,
"तिमीहरूलाई शान्ति होस् ! पिताले मलाई
पठाएझैं, म पनि तिमीहरूलाई पठाउँदैछु ।"
**२२**त्यसपछि तिनीहरूमाथि आफ्नो श्वास फुकेर
उहाँले भन्नुभयो, "पवित्र आत्मा लेओ । **२३**कसैको
पाप तिमीहरूले क्षमा गर्दा, ती क्षमा हुन्छन्;
यदि तिमीहरूले क्षमा गरेनौ भने, ती क्षमा हुने
छैनन् ।"

### येशू थोमाकहाँ देखा पर्नुभएको
**२४**बाह्र चेलाहरूमध्ये एक जना 'दिदुमस'
भन्ने थोमा येशू आउनुहुँदा त्यहाँ थिएनन् ।
**२५**"हामीले प्रभुलाई देख्यौं" भनेर अरू चेलाहरूले
थोमालाई भने ।
तर तिनले तिनीहरूलाई यसो भने, "उहाँको
हातमा कीलाको चोट नदेखेसम्म र मैले मेरा
औंलाहरू त्यहाँ नहालेसम्म, अनि उहाँको
कोखामा हात नराखेसम्म, म यो कुरा विश्वास
गर्नेछैनँ ।"
**२६**एक हप्तापछि उहाँका चेलाहरू फेरि
घरमा भेला हुँदा, थोमा पनि तिनीहरूसँग
थिए । ढोका बन्द भए तापनि, येशू तिनीहरूका
बीचमा आउनुभयो र तिनीहरूका सामु उभिएर
उहाँले भन्नुभयो, "तिमीहरूलाई शान्ति
होस् !" **२७**त्यसपछि थोमालाई उहाँले भन्नुभयो,
"तिम्रा औंलाहरू यहाँ हाल; मेरा हातहरू
हेर । तिम्रा हात मेरा कोखामा हाल । अबदेखि
उसो, अविश्वासी नहोऊ तर विश्वास गर ।"
**२८**थोमाले उहाँलाई भने, "मेरा प्रभु, मेरा
परमेश्वर !"
**२९**त्यसपछि येशूले तिनलाई भन्नुभयो,
"तिमीले मलाई देखेको कारण विश्वास गरेका
छौ । तर मलाई नदेखेर पनि विश्वास गर्नेहरू
धन्यका हुन् ।"
**३०**येशूले आफ्ना चेलाहरूका अगि अरू
पनि धेरै अचम्मका कामहरू गर्नुभयो, जुन
यस पुस्तकमा लेखिएका छैनन् । **३१**तर
तिमीहरूले येशू नै परमेश्वरको पुत्र, ख्रीष्ट
हुनुहुन्छ भनेर विश्वास गर र विश्वास गरेको
कारणले तिमीहरूले उहाँको नाउँमा जीवन
पाओ भनी यी कुराहरू लेखिएका हुन् ।

### येशू र सात चेलाहरू
**२१** येशू पछि चेलाहरूकहाँ तिबेरियास
समुद्रको किनारमा फेरि देखा पर्नुभयो ।
यो यसरी भयो: **२**सिमोन पत्रुस, थोमा (दिदुमस),
गालीलको कानाका नथानेल, जब्दीका छोराहरू
र अरू दुई चेलाहरू सँगसँगै थिए । **३**सिमोन
पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न
जान्छु ।" अनि तिनीहरूले भने, "हामी पनि

**२०:२३**–मत्ती १६:१९; १८:१८. **२१:३**–लूका ५:५.

तिमीसित जान्छौं ।" अनि तिनीहरू गए र
डुङ्गामा चढ़े, तर रातभरि पनि तिनीहरूले एउटै
माछा पक्रेनन् ।
**४**बिहानको मिर्मिरेमा, येशू किनारमा
उभिनुभएको थियो, तर चेलाहरूले उहाँ येशू
हुनुहुन्थ्यो भनी ठम्याउन सकेनन् ।
**५**उहाँले तिनीहरूलाई बोलाएर भन्नुभयो,
"साथी हो ! के तिमीहरूसँग केही माछा
छैन ?"
"छैन," तिनीहरूले उत्तर दिए ।
**६**उहाँले फेरि भन्नुभयो, "जाल डुङ्गाको
दाहिनेपट्टि हान र तिमीहरूले केही
भेट्टाउनेछौ ।" तिनीहरूले त्यसै गरे, र जालमा
यति धेरै माछा पऱ्यो कि तिनीहरूले जाल
तान्नै सकेनन् ।
**७**तब येशूले प्रेम गर्नुभएको चेलाले पत्रुसलाई
भने, "उहाँ प्रभु नै हुनुहुन्छ !" "उहाँ प्रभु
हुनुहुन्छ," भन्ने सुन्नासाथ सिमोन पत्रुसले
आफ्नो खास्टो कम्मरमा बेरेर पानीमा हाम
फालिहाले (किनकि तिनले वस्त्र फुकालेका
थिए) । **८**अरू चेलाहरूले माछाले भरिएको
जाललाई तान्दै डुङ्गामा आए, किनकि किनार
प्राय: तीनसय गज जतिमात्र टाढ़ा थियो ।
**९**किनारमा आइपुगेपछि तिनीहरूले आगोको
भुङ्ग्रोमा माछा र केही रोटी देखे ।
**१०**येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले
भरखरै पक्रेका केही माछाहरू ल्याऊ ।"
**११**सिमोन पत्रुसले डुङ्गामा चढेर जाललाई
तानेर किनारमा ल्याए । गन्तीमा एकसय
त्रिपन्नओटा ठूला ठूला माछाहरू थिए र पनि
जाल फाटेको थिएन । **१२**येशूले तिनीहरूलाई
भन्नुभयो, "आएर खाओ ।" उहाँलाई "तपाईं
को हुनुहुन्छ ?" भनी सोध्न कुनै चेलालाई
आँट आएन । उहाँ प्रभु हुनुहुन्छ भनी तिनीहरूले
जान्दथे । **१३**येशू आएर रोटी लिई तिनीहरूलाई
दिनुभयो, र माछा पनि दिनुभयो । **१४**येशू
मृत्युबाट जीवित हुनुभएपछि तिनीहरूसँग देखा
पर्नुभएको यो तेस्रोपल्ट थियो ।

### येशूद्वारा पत्रुसको पुनर्स्थापन

**१५**तिनीहरूले भोजन गरिसकेपछि, येशूले
सिमोन पत्रुसलाई भन्नुभयो, "ए यूहन्नाको
छोरो सिमोन, यी अरूहरूभन्दा के तिमी मलाई
बढ़्ता प्रेम गर्छौ ?"
पत्रुसले भने, "ज्यू प्रभु, म प्रेम गर्छु भन्ने
कुरा तपाईं जान्नुहुन्छ ।"
येशूले भन्नुभयो, "मेरा थुमाहरूलाई
खुवाऊ ।"
**१६**येशूले प्रश्न दोहोऱ्याउनुभयो, "ए यूहन्नाको
छोरो सिमोन, के तिमी मलाई साँच्चै प्रेम
गर्छौ ?"
पत्रुसले भने, "हजुर प्रभु, म तपाईंलाई प्रेम
गर्छु भन्ने कुरा तपाईं जान्नुहुन्छ ।"
"मेरा भेड़ाहरूको राम्ररी हेरचाह गर,"
येशूले भन्नुभयो ।
**१७**उहाँले तेस्रोपल्ट तिनलाई भन्नुभयो, "ए
यूहन्नाको छोरो सिमोन, के तिमी मलाई साँच्चै
प्रेम गर्छौ ?"
येशूले तेस्रोपल्ट "के तिमी मलाई प्रेम
गर्दछौ ?" भनी सोध्नुभएकोमा पत्रुस दु:खित
भए । उनले भने, "प्रभु ! तपाईं सबै कुरा
जान्नुहुन्छ । तपाईंलाई थाहा छ; म तपाईंलाई
प्रेम गर्छु ।"
येशूले भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ ।
**१८**म तिमीलाई साँचो साँचो भन्दछु, जब तिमी
जवान थियौ, तब आफै लुगा लगाउँथ्यौ अनि
आफ्नो इच्छाअनुसार जहाँकहीं पुग्नसक्थ्यौ; तर
जब तिमी बूढ़ो हुनेछौ, तिमीले आफ्नो हात
पसार्नेछौ अनि अरूले तिमीलाई लुगा लगाइदिनेछ
र तिमीले नचाहेको ठाउँमा तिमीलाई लैजानेछ ।"
**१९**परमेश्वरको महिमाका निम्ति कस्तो मृत्यु
उनले भोग्नुपर्नेछ त्यसको जानकारी दिन येशूले
तिनलाई यसो भन्नुभएको थियो । त्यसपछि
उहाँले तिनलाई भन्नुभयो, "मलाई पछ्याऊ !"
**२०**पत्रुसले पछि फर्केर हेर्दा येशूले प्रेम
गर्नुभएको चेलाले उहाँहरूलाई पछ्याउँदैगरेको
देखे । (बेलुकीको भोजनमा उहाँसँग अड़िएर,

---

**२१:६**–लूका ५:६. **२१:२०**–यूहन्ना १३:२५.

“गुरुज्यू, हामीमध्ये तपाईंलाई कसले चाहिँ
विश्वासघात गर्नेछ ?” भनेर सोध्ने व्यक्ति
यिनै थिए ।) **२१**तिनलाई देखेर पत्रुसले येशूलाई
सोधे, “प्रभु ! यिनको चाहिँ के हुने हो ?”

**२२**येशूले उत्तर दिनुभयो, “यदि मैले म
नआउन्जेलसम्म, उनी बाँचिरहनेछन् भन्ने
चाहना गरें भने पनि यसको तिमीलाई के
सरोकार ? तिमीले चाहिँ मलाई पछ्याऊ ।”
**२३**यसकारण, भाइहरूका बीचमा त्यो चेलाचाहिँ
मर्नेछैन भन्ने हल्ला फिँजियो । तर येशूले तिनी
मर्ने छैनन् भनी भन्नुभएको थिएन । उहाँले
यतिमात्र भन्नुभएको थियो, “यदि मैले म
नआउन्जेलसम्म उनी बाँचिरहनेछन् भन्ने
चाहना गरे पनि, मैले चाहें भने यसको तिमीलाई
के सरोकार ?”

**२४**यी कुराको विषयमा साक्षी दिने र लेख्ने
चेला यिनै हुन् । अनि हामी जान्दछौं कि तिनको
साक्षी सत्य छ ।

**२५**येशूले गर्नुभएका अरू पनि धेरै कामहरू
छन् । यदि ती सबै एक-एक गरी लेखिएका
भए मेरो अनुमानमा लेखिएका ती पुस्तकहरू
संसारभरि पनि अटाउने थिएनन् ।

# प्रेरितहरूका काम

### येशू स्वर्गमा उठाई लगिनुभएको

**१** प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका बारेमा मैले मेरो पहिलो पुस्तकमा लेखेको छु । **२**आफैले छान्नुभएका प्रेरितहरूलाई उहाँले आदेश दिनुभएको दिनदेखि उहाँ स्वर्गमा उठाएर लगिनुभएको दिनसम्मको वृत्तान्त मैले मेरो त्यसै पुस्तकमा वर्णन गरिसकेको छु । **३**आफूले दु:ख सहनुभएपछि, उहाँ ती मानिसहरूका सामु प्रकट हुनुभयो र आफू जीवित हुनुभएको विश्वास लाग्दा धेरै प्रमाणहरू तिनीहरूलाई दिनुभयो । तिनीहरूका सामु उहाँ चालीस दिनसम्म देखा परिरहनुभयो र परमेश्वरको राज्यको बारेमा तिनीहरूलाई बताउनुभयो । **४**तिनीहरूसँगै भोजन गरिरहेको बेला, एकपल्ट तिनीहरूलाई उहाँले यस्तो आज्ञा दिनुभयो: “मैले तिमीहरूलाई भनेका पिताको प्रतिज्ञाको वरदानलाई पर्खेर बस, त्यो प्राप्त नहुन्जेल यरूशलेमलाई नछोड़ । **५**किनकि यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर केही दिनमा तिमीहरू पवित्र आत्मामा बप्तिस्मा हुनेछौ ।”

**६**त्यसैकारण जब तिनीहरू भेला भएका थिए, तिनीहरूले उहाँलाई सोधे, “हे प्रभु, के तपाईंले यसै समयमा इस्राएल राज्यको पुनर्स्थापना गरिदिनुहुनेछ ?”

**७**उहाँले तिनीहरूलाई भन्नुभयो: “आफ्नो अधिकारद्वारा पिताले तोक्नुभएको समय वा मिति जान्ने काम तिमीहरूको होइन । **८**तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ; र तिमीहरू यरूशलेममा, सम्पूर्ण यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ ।”

**९**उहाँले यति भनिसकेपछि, तिनीहरूका आँखाका सामु, उहाँ उचालिएर माथि लगिनुभयो र उनीहरूको दृष्टिबाट उहाँ बादलभित्र लोप हुनुभयो ।

**१०**उहाँ आकाशतिर माथि जाँदै गर्नुहुँदा तिनीहरू आकाशतिर एक टकले हेरिरहेका थिए । त्यसै बेला सेता पोशाकमा दुई जना मानिस तिनीहरूका सामु अकस्मात् खड़ा भए । **११**तिनीहरूले भने, “हे गालीलका मानिस हो, आकाशतिर हेर्दै तिमीहरू यहाँ किन उभिरहेका छौ ? तिमीहरूका बीचबाट स्वर्ग लगिनुभएका यही येशू, जसरी अहिले स्वर्ग जानुभएको तिमीहरूले देख्यौ, त्यसैगरी उहाँ फेरि आउनुहुनेछ ।”

### यहूदाको साटो मतियासको छनौट

**१२**त्यसपछि तिनीहरू जैतुनको पहाड़ भनिने डाँड़ाबाट यरूशलेम फर्के । यरूशलेमदेखि यो शहर झण्डै एक विश्राम-दिनको बाटो टाढ़ा पर्दछ । **१३**तिनीहरू त्यहाँ आइपुगेपछि, आफू बसेको माथिल्लो तलाको कोठामा गए । त्यहाँ पत्रुस, यूहन्ना, याकूब र अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र सिमोन कनानी र याकूबको छोरो यहूदा उपस्थित थिए । **१४**येशूकी आमा मरियम, उहाँका भाइहरू र अन्य महिलाहरूसँग मिलेर तिनीहरू निरन्तर प्रार्थनामा लागिरहन्थे ।

**१५**ती दिनमा पत्रुसले विश्वासीहरू (तिनीहरूको सङ्ख्या करीब एक सय बीस थियो) का बीचमा उभिए **१६**र भने, “हे भाइ हो, येशूलाई समात्नेहरूको अगुवा हुने यहूदाको बारेमा पवित्र आत्माले दाऊदको मुखद्वारा जे वचन धेरै अघि

---

**१:१**–लूका १:१-४. **१:४**–२४:४९. **१:५**–मत्ती ३:११; मर्कूस १:८; लूका ३:१६; यूहन्ना १:३३.
**१:८**–मत्ती २८:१९; मर्कूस १६:१५; लूका २४:४७-४८. **१:९**–मर्कूस १६:१९; लूका २४:५०-५१.
**१:१३**–मत्ती १०:२-४; मर्कूस ३:१६-१९; लूका ६:१४-१६.

बोल्नुभएको थियो, धर्मशास्त्रको त्यो वचन
पूरा हुनैपर्थ्यो। **१७**किनकि त्यो पनि तिनीहरूमध्ये
कै एक थियो र त्यो त्यही सेवाको एउटा हिस्सेदार
पनि थियो ।

**१८**(आफ्नो दुष्टतापूर्ण कामको निम्ति पाएको
इनामबाट यहूदाले एउटा खेत किन्यो । त्यहाँ
त्यो उँधोमुन्टो भई खस्यो र त्यसको भुँडी
फुट्यो, अनि त्यसका सबै आन्द्रा-भुँडी बाहिर
छरपष्ट भए । **१९**यरूशलेमका हरेक मानिसले
यो कुरा थाहा पाए । यसैकारण तिनीहरूले
आफ्नो भाषामा त्यस खेतलाई आखेल्दामा अर्थात्
रगतको खेत भनी नाम राखे ।)

**२०**पत्रुसले भने, "किनकि भजनको पुस्तकमा
लेखिएको छ,

"'त्यसको ठाउँ उजाड़ होस्;
त्यहाँ वास गर्ने कोही नहोस्,'

र,

"'त्यसको नेतृत्वको ठाउँ अरूले
लेओस् ।'

**२१**यसैकारण प्रभु येशू हाम्रा साथमा भित्र बाहिर
आवतजावत गर्नुहुँदा सदा हामीसँगै रहेका
मानिसहरूमध्येबाट एक जना छान्नु आवश्यक
छ । **२२**त्यो मानिस यूहन्नाको बप्तिस्माको
समयदेखि येशू हामीबाट माथि उठाई
लगिनुभएको बेलासम्म हामीसँगै रहेको हुनुपर्दछ।
किनकि तीमध्ये एक जना हामीसँगै उहाँ जीवित
हुनुभएको साक्षी हुनैपर्दछ ।"

**२३**त्यसैले तिनीहरूले बर्साबास भन्ने यूसुफ
(जसलाई युस्तस पनि भनिन्थ्यो) र मतियास
गरी दुई जनालाई प्रस्ताव गरे । **२४**अनि
तिनीहरूले प्रार्थना गरे, "प्रभु, तपाईं सबैका
हृदयका कुरा जान्नुहुन्छ । यी दुईमध्ये
कसको छनौट तपाईंले गर्नुभएको छ हामीलाई
देखाइदिनुहोस् । **२५**अनि त्यसले यो प्रेरितको
सेवाको काम गर्न सकोस्, जुन सेवाका निम्ति
छानिएको ठाउँ छाड़ेर यहूदा आफ्नो निज ठाउँमा
गयो ।" **२६**त्यसपछि तिनीहरूले गोला हाले, र
गोला मतियासको नाउँमा पऱ्यो । त्यसैले तिनी
एघार प्रेरितहरूमा थपिए ।

### पेन्तिकोसमा पवित्र आत्माको आगमन

**२** जब पेन्तिकोसको दिन आइपुग्यो, तिनीहरू
सबै एकै ठाउँमा एकसाथ भेला भएका
थिए । **२**अचानक ठूलो बतास बहेको हुरीको
जस्तै एउटा ठूलो आवाज त्यहाँ स्वर्गबाट आयो
र तिनीहरू बसिरहेको पूरै घरलाई त्यसले
भरिदियो । **३**टुक्राटुक्रा भएर छुट्टिएका आगोका
जिब्राहरूझैं तिनीहरूले देखे र ती तिनीहरू
हरेकमाथि आएर बसे । **४**तिनीहरू सबै पवित्र
आत्माले भरिए र पवित्र आत्माले समर्थ बनाउनु
भएअनुसार तिनीहरू अन्य भाषामा बोल्नथाले ।

**५**त्यस समयमा स्वर्गको मुनि भएका हरेक
देशबाट प्रभुको भय मान्ने यहूदीहरू यरूशलेममा
बसोबास गर्थे। **६**जब तिनीहरूले यो आवाज सुने,
अति आश्‍चर्यचकित हुँदै एउटा भीड़ त्यहाँ जम्मा
भयो, किनकि हरेकले तिनीहरूलाई आ-आफ्ना
भाषामा बोलिरहेका सुनेका थिए । **७**एकदमै
अचम्म मानेर तिनीहरूले प्रश्‍न गरे: "यी बोल्ने
सबै मानिसहरू के गालीलीहरू होइनन् र ?
**८**त कसरी तिनीहरू हरेकले हाम्रा मातृभाषामा
बोलिरहेका हामीहरू सुन्दैछौं ? **९**हामीहरू यहाँ
पार्थीहरू, मादीहरू र एलामीहरू; मेसोपोटामिया,
यहूदिया, कापाडोकिया, पोन्टस र एशियाका
**१०**अनि फ्रिगिया र पामफिलिया, मिश्रदेश र
साइरिनीमा पर्ने लिबियाका धेरैजसो क्षेत्रहरूका
बासिन्दाहरू छौं र रोमबाट आएका परदेशीहरू
**११**(यहूदी र यहूदी धर्म मान्नेहरू दुवै); क्रेटका
बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि सबैले
आफ्ना-आफ्ना भाषामा परमेश्‍वरको अचम्मका
कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका
सुन्दैछौं ।" **१२**अचम्म र अन्योलमा परेर तिनीहरू
एक अर्कालाई प्रश्‍न गर्न थाले, "यसको अर्थ
के हो ?"

---

**१:१८-१९**–मत्ती २७:३-८. **१:२०**–भजन ६९:२५; १०९:८. **१:२२**–मत्ती ३:१६; मर्कूस १:९; १६:१९;
लूका ३:२१; २४:५१. **२:१**–लेवी २३:१५-२१; व्यवस्था १६:९-११.

**१३**तर कतिले तिनीहरूको हाँसो गरेर भने, "धेरै मद्यपान गरेर तिनीहरू मात्तिएका हुन् ।"

### भीड़लाई पत्रुसको सम्बोधन

**१४**तब पत्रुस एघारै जनासँग उभिए र उच्च स्वरमा भीड़लाई यसरी सम्बोधन गरे: "यहूदी मित्रहरू र यरूशलेममा बस्नुहुने तपाईं सबै मानिसहरू, तपाईंहरूसमक्ष यसको अर्थ मलाई वर्णन गर्न दिनुहोस् र म जे भन्छु त्यो ध्यानपूर्वक सुनिदिनुहोस् । **१५**तपाईंहरूले ठानेझैँ यी मानिसहरू मातेका छैनन् । अहिले बिहानको नौ मात्र बजेको छ ! **१६**तर यो त अगमवक्ता योएलद्वारा बोलिएको कुरो नै हो:

**१७** "'अन्तिम दिनहरूमा यस्तो हुनेछ
भनि परमेश्वर भन्नुहुन्छ,
सबै मानिसहरूमाथि म मेरो आत्मा
खन्याइदिनेछु ।
अनि तिमीहरूका छोराछोरीहरूले
अगमवाणी बोल्नेछन्,
तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्,
तिमीहरूका बुढ़ापाकाहरूले सपना
देख्नेछन् ।
**१८** ती दिनहरूमा मेरा दासदासीहरूमाथि
पनि
म मेरो आत्मा खन्याइदिनेछु,
अनि तिनीहरूले अगमवाणी बोल्नेछन् ।
**१९** माथि आकाशमा म आश्चर्य-कर्म
देखाउनेछु,
र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु,
रगत, आगो र धुँवाका मुस्लाहरू ।
**२०** परमप्रभुको महान् र गौरवशाली दिन
आउनुभन्दा अघि सूर्य अन्धकारमा र
चन्द्रमा रगतमा परिणत हुनेछ ।
**२१** अनि प्रभुको नाउँ लिने हरेक मानिसले
उद्धार पाउनेछ ।'

**२२**"हे इस्राएलका मानिस हो, यो कुरा
राम्रोसँग बुझ्नुहोस्: नासरतका येशू यस्तो
मानिस हुनुहुन्थ्यो, जसलाई तपाईंहरूका सामु
परमेश्वरले शक्तिशाली, आश्चर्य-कर्महरू र
चिन्हहरूद्वारा प्रमाणित गर्नुभयो । तपाईंहरू
सबैले जानेकै कुरा हो, तपाईंहरूका बीचमा यी
कामहरू परमेश्वरले उहाँद्वारा गराउनुभएको
हो । **२३**आफ्नो पूर्व निश्चित उद्देश्य र
पूर्वज्ञानद्वारा यस व्यक्तिलाई परमेश्वरले
तपाईंहरूमा सुम्पनुभएको थियो । यिनै येशूलाई
अधर्मी मानिसहरूको मद्दतद्वारा क्रूसमा किला
ठोकी झुण्ड्याएर मार्ने काम तपाईंहरूले
गर्नुभयो । **२४**तर मृत्युको पीड़ाबाट छुटकारा
दिलाउँदै, परमेश्वरले उहाँलाई मृतकबाट
जीवित पार्नुभयो । किनकि मृत्युले उहाँलाई
आफ्नो अधीनमा राखिरहन असम्भव थियो ।
**२५**दाऊदले उहाँको बारेमा भनेका थिए:

"'मेरो सामु प्रभुलाई मैले सधैँ देखें ।
उहाँ मेरो दाहिनेपट्टि हुनुभएकोले,
म कहिल्यै डगमगाउनेछैनँ ।
**२६** यसैकारण मेरो हृदय आनन्दित छ र
मेरो जिब्रो हर्षित छ;
मेरो शरीर पनि आशामा बाँच्नेछ,
**२७** किनकि तपाईंले मलाई चिहानमा
छोड्नुहुनेछैन,
नता तपाईंले आफ्नो पवित्र जनको
शरीर कुहिन दिनुहुनेछ ।
**२८** जीवनका मार्गहरू तपाईंले मलाई
थाहा गराउनुभयो;
आफ्नो उपस्थितिमा तपाईंले मभित्र
आनन्द भरिदिनुहुन्छ ।'

**२९**"भाइ हो, म तपाईंहरूलाई निश्चयतासाथ
भन्नसक्छु कि हाम्रा पुर्खा दाऊद मरेर गाड़िएका
थिए र उनको चिहान आजसम्म पनि छँदैछ ।
**३०**तर उनी एउटा अगमवक्ता थिए । उनकै
सन्तानमध्ये एक जनालाई परमेश्वरले उनको
सिंहासनमा बसाल्नुहुनेछ भनेर उहाँले शपथ

**२:१७–२१**–योएल २:२८-३२. **२:२३**–मत्ती २७:३५; मर्कूस १५:२४; लूका २३:३३; यूहन्ना १९:१८.
**२:२४**–मत्ती २८:५-६; मर्कूस १६:६; लूका २४:५. **२:२५–२८**–भजन १६:८-११. **२:३०**–भजन १३२:११;
२ शमूएल ७:१२-१३.

खाएर उनीसँग प्रतिज्ञा गर्नुभएको उनलाई थाहा
थियो । **३१**पछि हुने घटना पहिले नै थाहा
पाएकाले उनले ख्रीष्ट जीवित पारिनुहुनेछ
भन्ने विषयमा बोले । उहाँ न पातालमा त्यसै
छाड़िनुभयो, नता उहाँको शरीर नै कुहियो ।
**३२**परमेश्वरले यिनै येशूलाई जीवित पार्नुभयो,
र हामी सबै यस तथ्यका साक्षी छौं ।
**३३**परमेश्वरको दाहिनेपट्टि उहाँले उच्च स्थान
पाउनुभयो । अनि परमेश्वरबाट प्रतिज्ञा
गरिएको पवित्र आत्मा प्राप्त गर्नुभयो र
त्यसैलाई यहाँ खन्याइदिनुभयो जुन तपाईंहरू
अहिले देख्दै र सुन्दै हुनुहुन्छ । **३४**किनकि दाऊद
स्वर्गमा उचालिएनन्, तैपनि उनले यसो भने,

“‘परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो:
“मेरो दाहिने हातपट्टि बस
**३५** जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
खुट्टाको पाउदान बनाउँदिनँ ।”’

**३६**“त्यसैकारण सबै इस्राएलीहरूले यो
कुरा निश्चयताका साथ जानून् कि, तपाईंहरूले
क्रूसमा टाँग्नुभएको यिनै येशूलाई परमेश्वरले
प्रभु र ख्रीष्ट दुवै बनाउनुभयो ।”

**३७**जब त्यहाँ जम्मा भएका मानिसहरूले यो
कुरा सुने, तिनीहरूको हृदय छियाछिया भयो ।
अनि तिनीहरूले पत्रुस र अरू प्रेरितहरूलाई
सोधे, “ए भाइ हो, अब हामीले के गर्नुपर्छ ?”

**३८**पत्रुसले जवाफ दिए, “तपाईंहरूले गरेका
पाप क्षमाको निम्ति पश्चात्ताप गर्नुहोस् र
येशू ख्रीष्टको नाममा तपाईंहरू हरेकले
बप्तिस्मा लिनुहोस् । त्यसपछि तपाईंहरूले पवित्र
आत्माको वरदान प्राप्त गर्नुहुनेछ । **३९**किनकि
परमेश्वरले प्रतिज्ञा तपाईंहरूका निम्ति, तपाईंका
सन्तानका निम्ति र टाढा-टाढा बस्नेहरूका
निम्ति गर्नुभएको हो । ती सबैका निम्ति जसलाई
प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।”

**४०**अरू पनि धेरै कुराहरू भनेर तिनले
उनीहरूलाई चेतावनी दिए; र तिनीहरूलाई अर्ती
दिंदै यसो भने, “यो भ्रष्ट पुस्ताबाट आफूलाई
बचाउनुहोस् ।” **४१**तिनका अर्ती मान्नेहरू सबैले
बप्तिस्मा पाए, र त्यसरी तीन हजार जति
मानिसहरू त्यस दिन तिनीहरूको सङ्ख्यामा
थपिए ।

### विश्वासीहरूको सङ्गति

**४२**प्रेरितहरूका शिक्षा, सङ्गति, रोटी भाँच्ने
काम र प्रार्थनामा तिनीहरूले आफूलाई
भक्तिसाथ लगाइराखे । **४३**सबै भयभीत भए, र
प्रेरितहरूद्वारा धेरै अचम्म र आश्चर्यपूर्ण कामहरू
भए । **४४**सबै विश्वासीहरू एकैसाथ बस्थे र सबै
थोक तिनीहरूमा साझा थिए । **४५**आफ्ना सम्पत्ति
र मालमत्ताहरू बेचेर जसलाई खाँचो पर्थ्यो,
त्यसलाई तिनीहरूले दिन्थे । **४६**मन्दिरका
आँगनहरूमा तिनीहरू हरेक दिन एकसाथ भेट्ने
गर्थे । घर-घरमा सङ्गति गर्दै त्यहाँ एकैसाथ शुद्ध
हृदयले आनन्दसाथ खान्थे । **४७**परमेश्वरको
प्रशंसा गर्दै र सबै मानिसहरूको स्नेह पाउँदै
बस्थे । तिनीहरूको सङ्ख्यामा परमेश्वरले उद्धार
पाउनेहरूलाई दिनदिनै थप्दै जानुहुन्थ्यो ।

### पत्रुसद्वारा एउटा लङ्गडो भिखारी निको भएको

**३** एक दिन तीन बजे दिउँसो पत्रुस र यूहन्ना
प्रार्थनाका निम्ति मन्दिरतिर गइरहेका
थिए । **२**त्यसै समयमा जन्मैदेखिको लङ्गडो
एक जना मानिसलाई बोकेर मन्दिरको सुन्दर
भन्ने ढोकातिर लगिँदै थियो । त्यस ढोकामा
त्यसलाई सधैँ त्यसैगरी लगेर राखिन्थ्यो, जहाँ
बसेर त्यसले मन्दिर जाने मानिसहरूसँग भीख
माग्ने गर्दथ्यो । **३**जसै त्यसले पत्रुस र यूहन्नालाई
मन्दिरभित्र पस्न लागेको देख्यो, लङ्गडोले
तिनीहरूसँग पैसा माग्यो । **४**पत्रुस र यूहन्नाले
त्यसलाई नियालेर हेरे । अनि पत्रुसले भने,
“हामीतिर हेर् !” **५**त्यसपछि उनीहरूबाट केही
भिक्षा पाउने आशा राख्दै त्यसले उनीहरूलाई
ध्यान दिएर हेऱ्यो ।

**६**अनि पत्रुसले भने, “मसँग सुन वा चाँदी छैन,

---

**२:३४-३५**–भजन ११०:१. **२:४४**–प्रेरित ४:३२-३५.

तर मसँग जे छ त्यो तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा तँ हिँड्।" **७**यति भनेर आफ्नो दाहिने हातले त्यस लङ्गडालाई समात्दै त्यसलाई उनले उठाउन थाले अनि त्यस मानिसको खुट्टा र गोलीगाँठाहरूमा तुरुन्तै बल आयो। **८**आफ्नो खुट्टाका बलले त्यो एकैचोटि उभियो र हिँड्न थाल्यो। त्यसपछि तिनीहरूसँगै त्यो मानिस हिँड्दै, उफ्रिँदै र परमेश्वरको प्रशंसा गर्दै मन्दिरको आँगनहरूमा गयो। **९**जब सबै मानिसहरूले त्यसलाई हिँड़िरहेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे, **१०**मन्दिरको "सुन्दर" भन्ने ढोकामा बसेर सधैँ भीख माग्ने मानिस त्यही नै हो भनी तिनीहरूले चिने। अनि त्यो लङ्गडो राम्रोसँग हिँड्न सकेको देखेर तिनीहरू आश्चर्यचकित भए र अचम्म माने।

## भीड़लाई पत्रुसको अर्ती

**११**त्यो भीख माग्नेलाई पत्रुस र यूहन्नासँगै आएको देखेर त्यहाँ भएका सबै मानिसहरू आश्चर्यमा परे र तिनीहरू मन्दिरभित्रको "सोलोमनको दलान" मा दगुर्दै आए। **१२**यो देखेर पत्रुसले तिनीहरूलाई यसो भने: "इस्राएलका मानिसहरू हो, यसले गर्दा तपाईं किन आश्चर्यचकित हुनुभयो? हाम्रा आफ्नै शक्ति वा भक्तिद्वारा हामीले यस मानिसलाई हिँड़ाउन सकेको भन्ने ठानी किन तपाईंहरू हामीलाई आश्चर्यका साथ हेर्दै हुनुहुन्छ? **१३**अब्राहाम, इसहाक र याकूबका परमेश्वर, हाम्रा पुर्खाका परमेश्वरले आफ्नो सेवक येशूलाई महिमित गर्नुभयो। तपाईंहरूले उहाँलाई मृत्युको मुखमा पठाउनुभयो, र पिलातसले उहाँलाई छोड़िदिने निर्णय गर्दा पनि तपाईंहरूले अस्वीकार गर्नुभयो। **१४**तब तपाईंहरूले एउटा पवित्र, धर्मी जनलाई अस्वीकार गर्नुभयो र त्यसको साटो एउटा हत्यारालाई छोड़िदिने माग गर्नुभयो। **१५**तपाईंहरूले जीवनको सृष्टिकर्तालाई मार्नुभयो, तर परमेश्वरले उहाँलाई मरेकाबाट जीवित पार्नुभयो। हामी यस तथ्यका साक्षी छौं। **१६**येशूको नाउँमा विश्वास राख्नाले नै तपाईंहरूले देखिराख्नुभएको र चिनिराख्नुभएको यो मानिस आज आफ्नै खुट्टामा उभिन सक्ने भयो। येशूको नाउँ र उहाँबाट आउने विश्वासका कारण नै यो मानिस पूर्ण निको भयो, जुन कुरो तपाईंहरू देख्दै हुनुहुन्छ।

**१७**"अब, भाइ हो, तपाईं र तपाईंका शासकहरूले अन्जानमा काम गर्नुभयो। यो मलाई थाहा छ। **१८**परमेश्वरका ख्रीष्टले दु:ख भोग्नुपर्नेछ भनी उहाँले सबै अगमवक्ताहरूद्वारा जसरी अगमवाणी गर्नुभएको थियो, त्यसलाई परमेश्वरले त्यसै गरी पूरा गर्नुभयो। **१९**त्यसैले पश्चात्ताप गर्नुहोस् र परमेश्वरतिर फर्कनुहोस्, ताकि तपाईंहरूको पाप पखालियोस् र परमेश्वरबाट तपाईंहरूमा आनन्दको समय आओस्। **२०**अनि तपाईंहरूको उद्धारको निम्ति नियुक्त गरिनुभएका येशू अर्थात् ख्रीष्टलाई उहाँले पठाउन सक्नुहुन्छ। **२१**आफ्ना पवित्र अगमवक्ताहरूद्वारा परापूर्व कालदेखि परमेश्वरले प्रतिज्ञा गर्नुभएझैँ, सबै कुरा उहाँले फेरि स्थापना नगरुन्जेल येशू स्वर्गमै विराजमान हुनुपर्दछ। **२२**किनकि मोशाले भनेका छन्, 'तिमीहरूका आफ्नै मानिसहरूबाट नै मजस्तै एक जना अगमवक्तालाई प्रभु तिम्रा परमेश्वरले खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूले मान्नुपर्छ। **२३**उहाँको कुरा ध्यान दिएर नसुन्नेलाई त्यसका जनहरूबाट पूर्ण रूपले निकालिनेछ।'

**२४**"साँच्चिनै, शमूएलदेखिका सबै अगमवक्ताहरूमध्ये, जो जतिले बोलेका छन्, सबैले यी दिनहरूमा भएका घटनाहरूका बारेमा अगमवाणी गरेका हुन्। **२५**तिमीहरूका पुर्खाहरूसँग परमेश्वरले गर्नुभएको करार र ती अगमवक्ताहरूका तिमीहरू सन्तान हौ। उहाँले अब्राहामलाई भन्नुभएको थियो, 'तेरा सन्तानद्वारा पृथ्वीका सबै मानिसहरूले आशिष्

---

**३:१३**–प्रस्थान ३:१५. **३:१४**–मत्ती २७:१५-२३; मर्कूस १५:६-१४; लूका २३:१३-२३; यूहन्ना १९:१२-१५.
**३:२२**–व्यवस्था १८:१५,१८. **३:२३**–व्यवस्था १८:१९. **३:२५**–उत्पत्ति २२:१८.

पाउनेछन् ।' **२६**जब परमेश्वरले आफ्नो सेवकलाई जीवित पार्नुभयो, तिमीहरू सबैलाई दुष्ट मार्गबाट फर्काउन परमेश्वरले उहाँलाई सबैभन्दा पहिले तिमीहरूलाई नै आशिष् दिन पठाउनुभयो ।"

## महासभाको सामु पत्रुस र यूहन्ना

**४** पत्रुस र यूहन्ना जुन बेला मानिसहरूका सामु बोलिरहेका थिए, त्यसै समयमा पूजाहारीहरू, मन्दिरका रक्षकहरूका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए । **२**तिनीहरू निकै अन्योलमा परेका थिए किनकि प्रेरितहरू त्यहाँ मानिसहरूलाई उपदेश दिँदै येशूमा मरेकाहरू जीवित पारिन्छन् भन्ने घोषणा गरिरहेका थिए । **३**त्यसैले तिनीहरूले पत्रुस र यूहन्नालाई बन्दी बनाए । त्यस बेला साँझ परिसकेको हुनाले तिनीहरूले उनीहरूलाई अर्को दिनसम्मका निम्ति झ्यालखानमा हाले । **४**तर उनीहरूको वचन सुन्नेहरूमध्ये धेरै जसोले त्यसमा विश्वास गरे, र विश्वास गर्नेहरूको सङ्ख्या बढेर प्राय: पाँच हजार पुग्यो ।

**५**भोलिपल्ट शासकहरू, धर्मगुरुहरू र कानूनका शास्त्रीहरू यरूशलेममा भेला भए । **६**प्रधान पूजाहारी हन्नास त्यहाँ थिए, त्यसैगरी कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीको परिवारका अन्य मानिसहरू पनि त्यहाँ थिए । **७**तिनीहरूले पत्रुस र यूहन्नालाई आफ्ना सामु उपस्थित गराए । अनि तिनीहरूसँग प्रश्न गर्न थाले: "कसको शक्तिमा वा कसको नाउँमा तिमीहरूले यसो गर्‍यौ ?"

**८**त्यसपछि पवित्र आत्माले भरिएका पत्रुसले तिनीहरूलाई यस्तो जवाफ दिए: "जनताका शासकहरू र धर्मगुरुहरू हो ! **९**एउटा लङ्गड़ो मानिसप्रति हामीले देखाएको एउटा दयालु कामको वर्णन मागिन्छ र ऊ कसरी निको भयो भनी प्रश्न गरिन्छ भने, **१०**तपाईं र इस्राएलका सबै मानिसहरूलाई यो कुरो थाहा होस्: नासरतका येशू ख्रीष्टको नाउँद्वारा यो काम भएको हो । उहाँलाई तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो, तर परमेश्वरले उहाँलाई मृतकबाट जीवित पार्नुभयो । उहाँकै नाउँद्वारा यो मानिस पूर्ण निको भई तपाईंहरूका सामु उभिएको छ । **११**उहाँ

> "'त्यही ढुङ्गो हुनुहुन्छ जसलाई तपाईं
> निर्माणकर्ताहरूले अस्वीकार गर्नुभयो,
> तर उहाँ अहिले जगको आधारशिला
> हुनुभएको छ ।'

**१२**अरू कसैमा मुक्ति पाइँदैन, किनकि स्वर्गमुनि अर्को कुनै नाउँ मानिसहरूलाई दिइएको छैन जसबाट हामीले उद्धार प्राप्त गर्न सक्छौं ।"

**१३**जब तिनीहरूले पत्रुस र यूहन्नाको त्यस्तो साहस देखे र तिनीहरू अनपढ र साधारण मानिसहरू हुन् भनी बुझे, तिनीहरू आश्चर्यचकित भए । अनि ती मानिसहरू येशूसँगै थिए भनेर तिनीहरूले बुझे । **१४**तर पूर्ण निको भएको व्यक्ति आफ्ना नजीक उभिरहेको देखिसकेपछि तिनीहरूले भन्न सक्ने कुरा त्यहाँ केही थिएन । **१५**त्यसैले तिनीहरूले पत्रुस र यूहन्नालाई महासभाबाट बाहिर जाने आदेश दिए । उनीहरू बाहिर गएपछि तिनीहरूले आपसमा सल्लाह गर्न थाले । **१६**"यी मानिसहरूसँग हामीले कस्तो व्यवहार गर्ने हो ?" तिनीहरूले सोध्न थाले । "तिनीहरूले गरेको आश्चर्य-कर्मका बारेमा यरूशलेममा बस्ने हरेक व्यक्तिले थाहा पाएका छन्, र हामी पनि त्यसलाई इन्कार गर्न सक्दैनौं । **१७**तर यो कुरा अरू बढी मानिसहरूमा प्रचारित हुनलाई रोक्नका निम्ति यो नाउँमा अब उप्रान्त कसैसँग नबोल्नू भनेर यिनलाई हामीले चेतावनी दिनैपर्दछ ।"

**१८**त्यसपछि तिनीहरूले पत्रुस र यूहन्नालाई फेरि भित्र डाके र येशूको नाउँमा कुनै पनि अवस्थामा प्रचार नगर्ने र नसिकाउने आदेश दिए । **१९**तर पत्रुस र यूहन्नाले जवाफ दिए, "आफै न्याय गर्नुहोस्, परमेश्वरको साटो

**४:११**–भजन ११८:२२.

तपाईंहरूको आदेशको पालना गर्नु परमेश्वरका
दृष्टिमा कतिसम्म सही हुनेछ । **२०**किनकि जे
कुरा हामीले देख्यौं र सुन्यौं त्यो वचन नबोली
हामी बस्न सक्दैनौं ।

**२१**सजाय दिन नसक्ने भएपछि तिनीहरूले बढी
धम्की र त्रास दिएर उनीहरूलाई छोड़िदिए ।
तिनीहरूलाई कसरी दण्ड सजाय दिने यसको
निर्णय तिनीहरूले गर्न सकेनन् । त्यहाँ जे घटना
भएको थियो त्यसका निम्ति सबै मानिसहरूले
परमेश्वरको प्रशंसा गरिरहेका थिए । **२२**किनकि
आश्चर्य तवरले निको पारिएको त्यो मानिसको
उमेर चालीस वर्षभन्दा बढी नै थियो ।

## विश्वासीहरूको प्रार्थना

**२३**छोड़िएपछि, पत्रुस र यूहन्ना आफ्ना
मानिसहरूकहाँ फर्केर गए र प्रधान पूजाहारी
र धर्मगुरुहरूले तिनीहरूलाई भनेका कुराको
बेलीबिस्तार लगाए । **२४**तिनीहरूले ती कुरा
सुनिसकेपछि, सबैले एकैसाथ उच्च स्वरमा
परमेश्वरमा प्रार्थना गर्न लागे । तिनीहरूले
भने, "हाम्रा सार्वभौम प्रभु, तपाईंले स्वर्ग, पृथ्वी,
समुद्र र त्यहाँका सबै कुरा सृष्टि गर्नुभयो ।
**२५**तपाईंको सेवक हाम्रा पुर्खा दाऊदको मुखबाट
पवित्र आत्माद्वारा तपाईंले यस्तो वचन बोल्नुभयो:

"'किन गैर-यहूदीहरू क्रोधित भए र
मानिसहरूले व्यर्थमा षड्यन्त्र गरे ?
**२६** प्रभु र उहाँका अभिषिक्त जनका
विरुद्धमा पृथ्वीका राजाहरू उभिएका
छन् र शासकहरू एक जुट भएर भेला
भएका छन् ।'

**२७**तपाईंले अभिषेक गर्नुभएको तपाईंको
पवित्र सेवक येशूका विरुद्ध षड्यन्त्र रच्न हेरोद
र पन्तियस पिलातसले साँच्ची नै गैर-यहूदीहरू
र इस्राएलका बासिन्दाहरूसँग यो शहरमा
भेटघाट गरेका थिए । **२८**तिनीहरूले त्यही
गरे जुन तपाईंको शक्ति र इच्छाले यसै गर्ने
भनेर पहिले नै निर्णय गरिसकेको थियो । **२९**अब,
हे प्रभु, तिनीहरूका धम्कीलाई विचार गर्नुहोस्
र तपाईंका सेवकहरूलाई तपाईंका वचनहरू
साहससाथ बोल्नसक्ने बनाउनुहोस् । **३०**तपाईंको
पवित्र सेवक येशूको नाउँद्वारा बिरामीहरूलाई
पूर्ण निको तुल्याउन र आश्चर्यपूर्ण चिन्हहरू
देखाउन र अलौकिक कार्यहरू गर्न आफ्नो
बाहुली अगाडि फैलाउनुहोस् ।"

**३१**तिनीहरूको प्रार्थनापछि, तिनीहरू
बसिरहेको ठाउँ हल्लियो । अनि तिनीहरू सबै
जना पवित्र आत्माले भरिएर परमेश्वरको वचन
साहससाथ बोल्नथाले ।

## विश्वासीहरूले आफ्ना सम्पत्तिहरू आफैमा बाँड़ेका

**३२**हृदय र मनमा सबै विश्वासीहरू एउटै
भएका थिए । कसैले पनि आफ्नो सम्पत्तिमाथि
एकाधिकार दावी गर्दैनथ्यो, तर तिनीहरूसँग
भएका सम्पूर्ण कुराहरू तिनीहरूले अरूसँग
बाँड़चुँड़ गर्थे । **३३**ठूलो शक्तिका साथ प्रेरितहरू
प्रभु येशू जीवित पारिनुभएको निरन्तर साक्षी
दिन्थे, र तिनीहरू सबैमाथि प्रशस्त अनुग्रह
थियो । **३४**तिनीहरूमध्ये कसैलाई केही कुराको
खाँचो थिएन । किनकि जग्गाधनी र घरधनीहरूले
आफ्ना सम्पत्ति समय-समयमा बेच्थे र बिक्रीबाट
आएको पैसा ल्याउँथे । **३५**अनि त्यो धनलाई
प्रेरितहरूको पाउमा राखिदिन्थे, र जसजसलाई
खाँचो हुन्थ्यो तिनीहरूमा त्यो धन बाँड़िन्थ्यो ।

**३६**साइप्रस देशका लेवी कुलका यूसुफलाई
प्रेरितहरू बर्णाबास (जसको अर्थ उत्साहको
पुत्र हो) भन्ने गर्थे, **३७**उनले आफ्नो स्वामित्वमा
भएको जग्गा बिक्री गरे र त्यसबाट प्राप्त
रकम ल्याएर प्रेरितहरूको पाउमा राखिदिए ।

## हननिया र सफीरा

**५** यसै समयमा हननिया भन्ने एक जना
मानिस र उनकी पत्नी सफीराले पनि

---

**४:२४**–प्रस्थान २०:११; नहेम्याह ९:६; भजन १४६:६. **४:२५-२६**–भजन २:१-२. **४:२७**–मत्ती २७:१-२;
मर्कूस १५:१; लूका २३:१; ७-११; यूहन्ना १८:२८-२९. **४:३२**–प्रेरित २:४४-४५.

आफ्नो एक टुक्रा जग्गा बेचे । **२**आफ्नी पत्नीको
पूर्ण जानकारीमा तिनले बिक्रीबाट प्राप्त
रकमको केही हिस्सा आफ्ना निम्ति राखेर बाँकी
सबै प्रेरितहरूको चरणमा राखे ।

**३**त्यसपछि पत्रुसले भने, "हननिया, शैतान
तिम्रो हृदयमा कसरी प्रवेश गर्न सक्यो अनि
तिमीले पवित्र आत्मासँग झूट बोल्यौ र जग्गा
बिक्रीबाट पाएको रकममध्येको केही भाग
कसरी राख्न सक्यौ ? **४**बिक्री गर्नुभन्दा पहिले
के यो तिम्रो आफ्नै थिएन र ? बिक्री
गरिसकेपछि त्यसबाट प्राप्त रकम पनि तिम्रै
अधीनमा थिएन र ? यस्तो काम गर्ने विचार
तिम्रो मनमा कसरी उत्पन्न भयो ? तिमीले
मानिसहरूसँग होइन तर परमेश्वरसँग झूट
बोल्यौ ।"

**५**यो कुरो सुन्ने बित्तिकै, हननिया भुइँमा
लड़े र मरे । यस घटना सुन्ने सबै जनाको
मनमा ठूलो डर पस्यो । **६**अनि केही युवकहरू
अगाडि आएर त्यो मृत शरीरलाई कात्रोले बेह्रे
र बाहिर लगेर चिहानमा गाड़े ।

**७**झण्डै तीन घण्टापछि तिनकी पत्नी
त्यस ठाउँमा आइन् । त्यहाँ भएका घटनाका
बारेमा तिनीलाई केही थाहा थिएन । **८**पत्रुसले
तिनलाई सोधे, "मलाई भन, हननिया र
तिमीले जमिन बेचेर प्राप्त गरेको रकम यति
नै हो ?"

"हो," तिनले जवाफ दिइन्, "रकम यति
नै हो ।"

**९**पत्रुसले तिनलाई भने, "प्रभुको आत्माको
परीक्षा गर्न तिमीहरू दुवै कसरी सहमत
भयौ ? हेर ! तिम्रो पतिलाई चिहानमा गाड्नेहरू
बाहिर ढोकामै छन्, र तिनीहरूले तिमीलाई
पनि लिएर जानेछन् ।"

**१०**त्यही क्षण पत्रुसको पाउमा तिनी घोप्टो
परिन् र तिनको प्राण गयो । अनि ती युवकहरू
भित्र आए र तिनीलाई मरेको पाएर त्यस मृत
शरीरलाई लिएर गए र तिनको पतिको चिहानकै
छेउमा तिनलाई पनि गाड़िदिए । **११**सारा मण्डली
माथि र यी घटनाहरू सुन्ने सबैमाथि ठूलो डर
उत्पन्न भयो ।

### धेरैको रोग प्रेरितहरूद्वारा निको पारिएको

**१२**मानिसहरूका सामु प्रेरितहरूले धेरै
आश्चर्यपूर्ण र अनौठा कामहरू गरे र सबै
विश्वासीहरू संयुक्त रूपमा सोलोमनको
दलानमा भेला हुने गर्थे । **१३**तिनीहरूलाई
मानिसहरूले धेरै आदर गरे पनि तिनीहरूको
भेलामा सामेल हुने आँट कसैले गरेन । **१४**तर
पनि, परमेश्वरमा विश्वास गर्ने पुरुष र स्त्रीहरूको
सङ्ख्या दिन-दिनै बढ्ने क्रम जारी नै रह्यो ।
**१५**यहाँसम्म कि, पत्रुस हिँड्ने बाटाहरूमा
मानिसहरूले बिरामीहरू ल्याएर खाटमा वा
सुकुलमा सुताउन थाले ताकि त्यो बाटो हिँड्दा
पत्रुसको छाँयामात्रै भएपनि कुनै बिरामीको
जिउमा परोस् । **१६**दुष्टात्माले ग्रस्त भएका र
बिरामी भएका आफ्ना परिवारका सदस्यहरूलाई
यरूशलेमका वरिपरिका शहरहरूबाट मानिसहरूले
ल्याउँदा त्यहाँ ठूलो भीड़ जम्मा भयो र ती
सबै निको तुल्याइए ।

### प्रेरितहरूमाथि सतावट

**१७**प्रेरितहरूको बढ्दो प्रभाव देखेपछि, सदुकी
धर्मावलम्बीका प्रधान पूजाहारी र उनका सबै
सहायकहरूको हृदय डाह र ईर्ष्याले भरियो ।
**१८**अनि प्रेरितहरूलाई तिनीहरूले समातेर
सार्वजनिक झ्यालखानमा हालिदिए । **१९**तर
मध्यरातको समयमा प्रभुको एक जना दूतले
झ्यालखानका ढोकाहरू खोलेर तिनीहरूलाई
बाहिर निकाले । **२०**तिनले भने, "जाओ, मन्दिरको
आँगनमा खड़ा होओ, अनि यस नयाँ जीवनको
पूर्ण सन्देश मानिसहरूलाई सुनाओ ।"

**२१**स्वर्गदूतले भनेझैँ झिसमिसेमै तिनीहरू
मन्दिरको चोकभित्र पसे र मानिसहरूमा प्रभुको
प्रचार गर्नथाले ।

जब प्रधान पूजाहारी र उनका सहायकहरू
भेला भए, उनीहरूले महासभा अर्थात्
इस्राएलीहरूको सम्पूर्ण सभाका सबै जनालाई
बोलाए । अनि प्रेरितहरूलाई झ्यालखानबाट
त्यहाँ ल्याउन मानिसहरू पठाए । **२२**तर
झ्यालखान पुगेपछि हाकिमहरूले बन्दीहरूलाई
त्यहाँ भेट्टाएनन् । त्यसैले तिनीहरू फर्केर

महासभामा गए र यसो भने, **२३**“झ्यालखानका
ढोकाहरूमा बलिया ताल्चाहरू लगाएका हामीले
पायौं । ढोकाहरूमा रक्षकहरू तैनाथ थिए; तर
जब ढोका खोल्यौं, हामीले भित्र कसैलाई
भेट्टाएनौं ।” **२४**यो खबर सुनेपछि मन्दिरको
रक्षकहरूका कप्तान र प्रधान पूजाहारी यसपछि
अब के हुने हो भनी अलमल्ल परे ।

**२५**त्यसै बेला एक जनाले त्यहाँ आएर भन्यो,
“हेर्नुहोस् ! तपाईंहरूले झ्यालखानमा हाल्नुभएका
मानिसहरू मन्दिरका आँगनहरूमा उभिएर
मानिसहरूलाई शिक्षा दिइरहेका छन् ।” **२६**यो
सुन्नासाथ, आफ्ना अधिकृतहरूलाई लिएर
कप्तान मन्दिरतिर गए र प्रेरितहरूलाई
महासभामा ल्याए । तिनीहरूले शक्ति प्रयोग
गरेनन्, किनकि त्यसो गर्दा तिनीहरूलाई
मानिसहरूले ढुङ्गा हान्लान् भन्ने डर थियो ।

**२७**प्रेरितहरूलाई त्यहाँ ल्याएपछि प्रधान
पूजाहारीद्वारा प्रश्न गरिन तिनीहरूलाई
महासभाअघि उभ्याइयो । **२८**प्रधान पूजाहारीले
सोधे, “यस नाउँमा प्रचार नगर्ने कडा आदेश
हामीले तिमीहरूलाई दिएका थियौं । तैपनि
तिमीहरूले यसै नाउँमा आफ्नो शिक्षा यरूशलेमका
सबै बासिन्दालाई दियौ र यस मानिसको मृत्युको
दोषी हामीलाई बनाउन तम्सिएका छौ ।”

**२९**पत्रुस र अन्य प्रेरितहरूले जवाफ दिए:
“मानिसको आज्ञाभन्दा परमेश्वरको आज्ञाको
पालन हामीले गर्नैपर्छ ! **३०**हाम्रा पुर्खाहरूका
परमेश्वरले येशूलाई, जसलाई तपाईंहरूले
काठमा झुण्ड्याएर मार्नुभएको थियो, मृतकबाट
जीवित पार्नुभयो । **३१**इस्राएलले गरेको पापहरूको
निम्ति पश्चाताप र क्षमादान उहाँबाट होस्
भनेर परमेश्वरले आफ्नो दाहिने बाहुलीपट्टि उच्च
स्थानमा उहाँलाई राजकुमार र उद्धारकर्ताको
रूपमा राख्नुभयो । **३२**हामी ती कुराका साक्षी
छौं र त्यसैगरी परमेश्वरको आज्ञा पालन
गर्नेहरूलाई उहाँले दिनुभएको पवित्र आत्मा
पनि साक्षी हुनुहुन्छ ।”

**३३**यो कुरा सुनेपछि, तिनीहरू अत्यन्त
क्रोधित भए र तिनीहरूलाई मार्न खोजे । **३४**तर
सबै मानिसहरूद्वारा सम्मानित विधिका पण्डित
गमलिएल भन्ने एक जना फरिसी महासभामा
उभिए र प्रेरितहरूलाई केही समय त्यहाँबाट
बाहिर लैजाने आदेश दिए । **३५**त्यसपछि तिनले
महासभालाई यसरी सम्बोधन गरे: “इस्राएलका
मानिस हो, यी मानिसहरूलाई तपाईंहरूले जे
गर्ने विचार गर्दै हुनुहुन्छ त्यसमा सतर्कतापूर्वक
सोच्नुहोस् । **३६**किनकि केही समयअघि थूदास
भन्ने एक जना मानिस देखा पर्‍यो, जसले
आफू कोही हुँ भन्ने दावी गर्‍यो, र चार सय
जति मानिसहरू उसका समर्थक भए । तर ऊ
मारियो, उसका सबै चेला छरपस्ट भए र यो
सबै त्यसै बिलायो । **३७**त्यस मानिसपछि
जनगणनाका दिनहरूमा गालीलको यहूदा
देखा पर्‍यो । उसले पनि केही मानिसहरूलाई
जम्मा गरेर बिद्रोहमा खड़ा भयो । ऊ पनि
मारियो र उसका सबै चेलाहरू छरपस्ट भए ।
**३८**त्यसैकारण अहिलेको सन्दर्भमा पनि म
तपाईंहरूलाई सल्लाह दिन्छु: यी मानिसहरूलाई
त्यसै हुन दिनुहोस् ! यिनीहरूलाई छोड़िदिनुहोस् !
किनकि यिनीहरूका उद्देश्य र क्रियाकलाप
मानवीय हुन् भने, ती असफल हुनेछन् । **३९**तर
यदि यो परमेश्वरबाट भएको हो भने, तपाईंहरू
यी मानिसहरूलाई आफ्ना कार्यबाट रोक्न समर्थ
हुनुहुनेछैन । त्यसबेलामा तपाईंहरू आफूलाई
परमेश्वरको विरुद्ध लड़िरहेको पाउनुहुनेछ ।”

**४०**उनको वचनले तिनीहरूको चित्त
बुझ्यो । अनि तिनीहरूले प्रेरितहरूलाई भित्र
झिकाए र तिनीहरूलाई कोर्राले कुटे । त्यसपछि
येशूको नाउँमा प्रचार नगर्ने आदेश दिएर
तिनीहरूले प्रेरितहरूलाई छोड़िदिए ।

**४१**परमेश्वरको नाउँमा अपमान् सहन योग्य
भएकोमा आनन्दित हुँदै प्रेरितहरू महासभाबाट
बाहिर गए । **४२**येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने
सुसमाचार घरघरै र मन्दिरका आँगनहरूमा
दिनदिनै घोषणा गर्न र शिक्षा दिन तिनीहरूले
छोड़ेनन् ।

---

**५:२८**–मत्ती २७:२५.

## सात जनाको छनौट

**६** चेलाहरूको सङ्ख्या जब बढिरहेको थियो, तिनै दिनहरूमा हिब्रू यहूदीहरूका विरुद्ध ग्रीक यहूदीहरूले गनगन गरे किनकि दैनिक भोजन वितरण गरिँदा तिनीहरूका विधवाहरूको बेवास्ता गरिएको थियो । **२**त्यसैले बाह्रै जना प्रेरितहरूले सबै चेलाहरूलाई भेला गराए र भने, "भोजनमा सहायता गर्दा परमेश्वरको वचनको प्रचारको कर्तव्यबाट विमुख हुनु हाम्रो निम्ति उचित होइन । **३**भाइहरू हो, आफ्ना बीचबाट पवित्र आत्मा र बुद्धिले भरिएका अनि सबैको आदर पाएका सात जना मानिसहरू छान जसलाई हामी यस काममा नियुक्त गर्न सक्छौं । **४**अनि हामी हाम्रो ध्यान प्रार्थना र वचनको प्रचारमा केन्द्रित गर्नेछौं ।"

**५**यो प्रस्तावले समूहका सबैलाई खुशी तुल्यायो । पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी धर्म मान्ने शिक्षित निकोलाउसलाई तिनीहरूले छाने । **६**छनौट गरिएका ती मानिसहरूलाई तिनीहरूले प्रेरितहरूको अगि उपस्थित गराए । अनि प्रेरितहरूले आफ्ना हात तिनीहरूको शिरमाथि राखेर प्रार्थना गरिदिए ।

**७**यसरी परमेश्वरको वचन फैलिँदै गयो । यरूशलेममा चेलाहरूको सङ्ख्या तीव्रताका साथ बढ्दै गयो, र पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे ।

## स्तिफनसको पक्राउ

**८**परमेश्वरको शक्ति र अनुग्रहले भरिपूर्ण भएका स्तिफनसले मानिसहरूका सामु अलौकिक चिन्हहरू र अचम्मका कामहरू गरे । **९**तर त्यस समयमा स्वतन्त्र दलका सभाघरहरू (यसको नाम यही थियो) भनिने सभाहरूका सदस्यहरू, र साइरिनी र अलेक्जेन्ड्रियाका साथै किलिकिया र एशिया प्रान्तहरूका मानिसहरूले स्तिफनसको विरोध गर्नथाले । स्तिफनससँग ती मानिसहरूले वादविवाद गर्नथाले । **१०**तर जुन बुद्धि र आत्माद्वारा उनी बोल्थे त्यसको विरुद्धमा तिनीहरू प्रतिवाद गर्न सक्दैनथिए ।

**११**त्यसैले तिनीहरूले केही मानिसहरूलाई गोप्य रूपमा उक्साएर यसो भन्न लगाए, "परमेश्वरको विरुद्धमा र मोशाको विरुद्धमा स्तिफनसले निन्दात्मक वचनहरू बोलेको हामीले सुनेका छौं ।"

**१२**त्यसरी तिनीहरूले जनता, धर्मगुरुहरू र व्यवस्थाका शिक्षकहरूलाई उनको विरुद्ध भड्काएर तिनीहरूले स्तिफनसलाई समातेर महासभासामु ल्याए । **१३**तिनीहरूले झूटा साक्षीहरूद्वारा यस्तो बहके "पवित्रस्थानका विरुद्ध र व्यवस्थाका विरुद्ध यो व्यक्ति सदा बोलिरहन्छ । **१४**नासरतका येशूले यो स्थल नष्ट पार्नेछन् र मोशाले हामीलाई तोक्नुभएको रीतिथिति पनि उनले परिवर्तन गर्नेछन् भनेर यो मानिसले भनेको हामीले सुनेका छौं ।"

**१५**महासभामा बसेका सबैले स्तिफनसलाई एक टकले हेरे, किनकि तिनको मुहार स्वर्गदूतको झैँ चहकिलो भएको थियो ।

## महासभामा स्तिफनसको भाषण

**७** त्यसपछि प्रधान पूजाहारीले स्तिफनसलाई सोधे, "के यी आरोपहरू साँचो हुन् ?" **२**यो सुनेर उनले जवाफ दिए: "दाज्यूभाइहरू तथा बुबाहरू, मेरो कुरा सुन्नुहोस् ! हाम्रा पिता अब्राहाम हारानमा बस्नुभन्दा अघि जब उनी मेसोपोटामियामै बस्थे, महिमाका परमेश्वरले उनको सामु आएर भन्नुभयो, **३**'आफ्नो देश र आफ्नो जनहरूलाई छोड़ेर म जुन देश तिमीलाई देखाउँछु, त्यहीं जाऊ ।'

**४**"त्यसैले, उनी कल्दीहरूको देश त्यागेर हारानमा बस्नथाले । उनका पिताको मृत्युपछि, परमेश्वरले उनलाई यस देशमा पठाउनुभयो जहाँ अहिले तपाईंहरू बसिरहनुभएको छ । **५**परमेश्वरले उनलाई जायजेथा दिनुभएन । जमिनको एउटा सानो टुक्रासम्म पनि दिनुभएन ।

---

**७:२-३**–उत्पत्ति १२:१. **७:४**–उत्पत्ति ११:३१; १२:४. **७:५**–उत्पत्ति १२:७; १३:१५; १५:१८; १७:८.

तर परमेश्वरले अब्राहामसँग प्रतिज्ञा गर्नुभयो
कि उनी र उनको शेषपछि उनका सन्तानहरूले
यो देशमा अधिकार जमाउनेछन् । यद्यपि त्यस
समयमा अब्राहामको सन्तान थिएन । **६**उनीसँग
परमेश्वरले यसो पनि भन्नुभयो: 'तेरा सन्तानहरूले
अरूका देशमा गई अधिकारविहिन भएर
बस्नुपर्नेछ, र चार सय वर्षसम्म तिनीहरूले
दास भएर दुर्व्यवहार खप्नुपर्नेछ । **७**तर जुन
जातिको दास भई तिनीहरू बस्नेछन् त्यस
जातिलाई म दण्ड दिनेछु,' परमेश्वरले भन्नुभयो,
'र त्यसपछि तिनीहरू त्यस देशबाट बाहिर
आउनेछन् र यसै ठाउँमा मेरो आराधना
गर्नेछन् ।' **८**अनि अब्राहामलाई उहाँले खतनाको
करार दिनुभयो । अनि अब्राहाम इसहाकका
पिता भए र जन्मेको आठौं दिन उनले छोराको
खतना गरे । पछि इसहाक याकूबका पिता
भए, र याकूब बाह्र कुलका पिता भए ।

**९**"कुलपतिहरूले यूसुफको ईर्ष्या गर्न थाले,
उनलाई तिनीहरूले मिश्रदेशमा दासका रूपमा
बेचिदिए । तर परमेश्वर तिनका पक्षमा
हुनुहुन्थ्यो । **१०**त्यसैले उहाँले उनलाई सबै
दु:खबाट छुटकारा दिलाउनुभयो । उहाँले
यूसुफलाई बुद्धि दिनुभयो र मिश्रदेशका राजा
फिरऊनको कृपा पाउने योग्यको तुल्याउनुभयो;
त्यसैले यूसुफलाई फिरऊनले आफ्नो सम्पूर्ण
दरवार र मिश्रदेशकै हाकिम बनाए ।

**११**"त्यसपछि सारा मिश्रदेश र कनानमा
अनिकाल पर्‍यो । त्यसबाट सबैलाई कष्ट
भयो । हाम्रा पिताहरूले खाद्यान्नको व्यवस्था
गर्न सकेनन् । **१२**जब मिश्रदेशमा अन्न छ
भनेर याकूबले सुने, उनले हाम्रा पुर्खाहरूलाई
पहिलोपल्टमै त्यहाँ पठाए । **१३**तिनीहरूको दोस्रो
भेटमा यूसुफले आफ्नो परिचय दाज्यूभाइहरूलाई
दिए । अनि फिरऊनले यूसुफको कुटुम्बहरूका
बारेमा थाहा पाए । **१४**यसपछि, यूसुफले आफ्नो
बाबु याकूब र सम्पूर्ण परिवारका सदस्यहरू
गरी जम्मा पचहत्तर जनालाई झिकाए । **१५**अनि
याकूब मिश्रदेशमा गए, जहाँ उनी र
हाम्रा पिताहरूको मृत्यु भयो । **१६**तिनीहरूका
मृत शरीर शकेममा फर्काएर ल्याइयो र
अब्राहामले हमोरका छोराहरूलाई केही रकम
तिरेर किनेको चिहानमा लगेर राखे ।

**१७**"अब्राहामसँग परमेश्वरले गर्नुभएको
प्रतिज्ञा पूरा गर्नुपर्ने समय नजीक आउँदैथियो ।
मिश्रदेशमा हाम्रा मानिसहरूको सङ्ख्या तीव्र
गतिले बढ्यो । **१८**त्यसपछि यूसुफका बारेमा
केही पनि थाहा नपाएका एक जना अर्कै
राजाले मिश्रदेशमा शासन गर्नथाले । **१९**राजाले
हाम्रा मानिसहरूमाथि अन्यायपूर्ण तरिकाले
व्यवहार गरे र हाम्रा पुर्खाहरूलाई आतङ्कित
बनाएर तिनीहरूका भर्खरै जन्मेका शिशुहरूलाई
घरबाट बाहिर फ्याँक्न बाध्य पारे ताकि ती
शिशुहरूको मृत्यु होस् ।

**२०**"त्यसै समयमा मोशाको जन्म भयो, र
उनी कुनै साधारण बालक थिएनन् ! तीन
महिनासम्म उनको हेरविचार आफ्नै बाबुको
घरमा भयो । **२१**जब उनलाई घरबाहिर
राखियो, त्यहाँबाट फिरऊनकी छोरीले त्यो
बच्चालाई टिपेर घरमा ल्याई आफ्नै छोराको
रूपमा पाल्न थालिन् । **२२**मोशाको सबै
शिक्षादिक्षा मिश्रदेशकै चलनअनुसार भयो र
उनी बोल्नमा र काममा शक्तिशाली भए ।

**२३**"चालीस वर्ष पुगेपछि, मोशाले आफ्ना
इस्राएली दाज्यूभाइहरूलाई भेट्ने निर्णय गरे ।
**२४**यसै क्रममा तिनले एक जनामाथि एउटा
मिश्रीले दुर्व्यवहार गरिरहेको देखे । उनी त्यसलाई
बचाउन गए र मिश्रीको हत्या गरी त्यस
दुर्व्यवहारको बदला लिए । **२५**तिनीहरूलाई त्यस
कष्टबाट छुटकारा दिलाउन परमेश्वरले उनलाई
प्रयोग गरिरहनुभएको कुरा आफ्ना मानिसहरूले

---

**७:६–७**–उत्पत्ति १५:१३-१४. **७:७**–प्रस्थान ३:२१. **७:८**–उत्पत्ति १७:१०-१४; २१:२-४; २५:२६; २९:३१-३५:१८. **७:९**–उत्पत्ति ३७:११, २८; ३९:२,२१. **७:१०**–उत्पत्ति ४१:३९-४१. **७:११**–उत्पत्ति ४२:१-२. **७:१३**–उत्पत्ति ४५:१, १६. **७:१४**–उत्पत्ति ४५:९-१०, १७-१८; ४६:२७. **७:१५**–उत्पत्ति ४६:१-७; ४९:३३. **७:१६**–उत्पत्ति २३:३-१६; ३३:१९; ५०:७-१३; यहोशू २४:३२. **७:१७–१८**–प्रस्थान १:७-८. **७:१९**–प्रस्थान १:१०-११, २२. **७:२०**–प्रस्थान २:२. **७:२१**–प्रस्थान २:३-१०. **७:२३–२९**–प्रस्थान २:११-१५.

बुझ्लान् भनी मोशाले सोचेका थिए; तर
तिनीहरूले त्यो कुरो बुझ्न सकेनन् । **२६**अर्को
दिन दुई जना इस्राएलीहरू लड़िरहेका मोशाले
देखे । 'हे भाइ हो, तिमीहरू दाज्यूभाइ हौ; फेरि
किन एक अर्काका विरुद्ध यसरी लड़िरहेका
छौ ?' यसो भनेर ती दुवैमा मिलाप गराउने
तिनले प्रयत्न गरे ।

**२७**"तर जुनचाहिँ मानिसले अर्कोलाई
सताइरहेको थियो त्यसले मोशालाई एकातिर
घचेट्दै भन्यो, 'हाम्रो झगड़ामा फैसला गर्ने र
हामीलाई आदेश दिने अधिकार तँलाई कसले
दियो ? **२८**जसरी तैंले हिजो एउटा मिश्रीलाई
मारिस् के त्यसै गरी मलाई पनि तँ मार्न
चाहन्छस् ?' **२९**यो सुनेपछि, मोशा त्यहाँबाट
भागेर मिद्यान गए, जहाँ एउटा परदेशीका
रूपमा तिनी बस्न थाले । त्यहीं तिनका दुई
छोराहरू जन्मे ।

**३०**"चालीस वर्ष बितेपछि, सीनै पर्वत
नजीकैको निर्जन स्थलको एउटा बलिरहेको
पोथ्रामा एउटा स्वर्गदूत मोशाकहाँ देखापरे ।
**३१**त्यो दृश्य देखेपछि, उनी छक्क परे । त्यसलाई
नियालेर हेर्न जसै उनी नजीकै गए, उनले
परमेश्वरको यस्तो वचन सुने: **३२**'म तेरो
पुर्खाहरूका परमेश्वर हुँ, म अब्राहाम, इसहाक
र याकूबका परमेश्वर हुँ ।' मोशा भयले काँपे
र उनले त्यस दृश्यतिर हेर्ने आँट गरेनन् ।

**३३**"त्यसपछि परमेश्वरले उनलाई भन्नुभयो,
'तेरो खुट्टाको जुत्ता फुकाल; किनकि तैंले टेकेको
भुइँ पवित्रस्थान हो । **३४**मिश्रदेशमा मेरा
जनहरूमाथि भएको अत्याचार मैले निश्चय नै
देखेको छु । तिनीहरूको चित्कार मैले सुनेको
छु । त्यसैले तिनीहरूलाई दु:खबाट छुटकारा
दिलाउन म आएको हुँ । अब आइज, म तँलाई
मिश्रदेशमै पुन: फर्काउनेछु ।'

**३५**"यिनी तिनै मोशा थिए जसलाई तिनीहरूले
यस्तो वचन बोलेर अस्वीकार गरेका थिए, 'तँलाई
कसले हाम्रो शासक र न्यायकर्ता बनायो ?'
तर तिनीहरूको शासक र मुक्तिदाता हुनका
निम्ति परमेश्वर स्वयम्‌ले पोथ्रामा उनका सामु
देखाउनुभएको दूतद्वारा तिनी त्यहाँ पठाइए ।
**३६**मिश्रदेशमा, लाल समुद्रमा र मरुभूमिमा
गरीकन चालीस वर्षसम्म अचम्मका कामहरू
र आश्चर्यजनक चिन्हहरू गर्दै, उनले
तिनीहरूलाई मिश्रदेशबाट बाहिर निकाले ।

**३७**"यी तिनै मोशा हुन् जसले इस्राएलीहरूलाई
यसो भनेका थिए, 'तिमीहरूमध्येबाट नै
परमेश्वरले मजस्तै एक जना अगमवक्ता
तिमीहरूका निम्ति पठाउनुहुनेछ ।' **३८**सीनै पर्वतमा
उनीसँग बोल्ने स्वर्गदूतसँगै उनी उजाड़-स्थानको
सभामा थिए र ती दूतले हाम्रा पुर्खाहरूसँग
बोलेका थिए । मोशाले हाम्रो पुस्तासम्मका
निम्ति जीवित वचन पाएका थिए ।

**३९**"तर हाम्रा पुर्खाहरूले उनको वचनको
पालना गर्न अस्वीकार गरे । त्यसको साटो
तिनीहरूले तिनको अपहेलना गरे र आफ्नो
हृदयमा मिश्रदेश फर्कन अठोट गरे। **४०**तिनीहरूले
हारूनलाई यसो भने, 'हाम्रो अगुवा हुने देवता
बनाउनुहोस् । किनकि हामीलाई मिश्रदेशबाट
बाहिर लिएर आउने यी मानिस मोशालाई के
भयो हामीलाई थाहा छैन ।' **४१**त्यसैबेला
तिनीहरूले बाछाको आकृतिको एउटा मूर्ति
बनाए । त्यसमा तिनीहरूले बलि चढ़ाए र
आफ्नै हातले जे निर्माण गरेका थिए त्यसकै
सम्मानमा उत्सव मनाए । **४२**तब परमेश्वर
तिनीहरूबाट विमुख हुनुभयो र आकाशका
तारामण्डलको पूजा आराधना गर्न तिनीहरूलाई
छाड़िदिनुभयो । जस्तो अगमवक्ताहरूको पुस्तकमा
लेखिएको छ:

"'हे इस्राएली हो, उजाड़-स्थानमा
चालीस वर्षसम्म के तिमीहरूले
मलाई बलि र भेटी चढायौ ?
**४३** मोलेखको तम्बु र
तिमीहरूको देवता रेफनको तारा र

**७:२९**–१८:३-४. **७:३०-३४**–प्रस्थान ३:१-१०. **७:३५**–प्रस्थान २:१४. **७:३६**–प्रस्थान ७:५; १४:२१; गन्ती १४:३३. **७:३७**–व्यवस्था १८:१५, १८. **७:३८**–प्रस्थान १९:१-२०:१७; व्यवस्था ५:१-३३. **७:४०**–प्रस्थान ३२:१. **७:४१**–प्रस्थान ३२:२-६. **७:४२-४३**–आमोस ५:२५-२७.

आफूलाई पूजा गर्न तिमीहरूले
बनाएको मूर्ति
तिमीहरूले उठाई लग्यौ ।
त्यसैले म तिमीहरूलाई निर्वासनमा
पठाउनेछु'
बेबिलोनभन्दा टाढ़ा ।

**४४**"हाम्रा पुर्खाहरूले उजाड़-स्थानमा
आफूहरूसँग साक्षीको तम्बु राख्नुभएको
थियो। परमेश्वरले निर्देशन दिनुभएझैँ र मोशाले
देखेअनुसारको ढाँचामा यो बनाइएको थियो ।
**४५**त्यो तम्बु प्राप्त गरेपछि, यहोशूको निर्देशनमा
हाम्रा पुर्खाहरूले त्यसलाई परमेश्वरले गैर-
यहूदीहरूबाट खाली गराउनुभएको देशमा
ल्याए । दाऊदको समयसम्म त्यो त्यहीँ
रह्यो । **४६**दाऊदले परमेश्वरको प्रशस्त कृपा
पाए र याकूबका परमेश्वरको निम्ति एउटा
वासस्थान निर्माण गर्ने अनुमति मागे । **४७**तर
यो वासस्थानचाहिँ, सुलेमानले बनाए ।

**४८**"तथापि, मानिसहरूद्वारा निर्माण
गरिएका घरहरूमा परमेश्वर बास गर्नुहुन्न ।
यस कुरालाई अगमवक्ताले यसरी भनेका छन्:

**४९** "'स्वर्ग मेरो सिंहासन हो,
र पृथ्वीचाहिँ मेरो पाउदान हो ।
मेरो निम्ति तिमीले
कस्तो वासस्थान बनाउँछौ ?
परमेश्वर भन्नुहुन्छ ।
वा मेरो विश्रामस्थल कहाँ हुनेछ ?
**५०** के मेरै हातले यी सबै कुरा बनाएका
होइनन् र ?'

**५१**"हे हठी, बेखतनाका हृदय र कानहरू
भएका मानिसहरू हो ! तपाईंहरू ठीक आफ्ना
पुर्खाहरू जस्तै हुनुहुन्छ: तपाईंहरू सदा पवित्र
आत्माको विरोध गर्नुहुन्छ । **५२**के एक जना
पनि यस्तो अगमवक्ता छ जसलाई तपाईंका
पुर्खाहरूले सताएनन् ? जसले धर्मी जनको
आगमनको अगमवाणी बोले, त्यसलाई त
तिनीहरूले हत्या पनि गरे । अब तपाईंहरूले
उहाँलाई विश्वासघात गर्नुभयो र मार्नुभयो ।
**५३**स्वर्गदूतहरूद्वारा दिइएको व्यवस्था तपाईंहरूले
प्राप्त गर्नुभयो तर त्यसअनुसार तपाईंहरूले
काम गर्नुभएन ।"

### ढुङ्गाको प्रहारद्वारा स्तिफनसको मृत्यु

**५४**स्तिफनसको कुरा सुनेपछि, तिनीहरू
अत्यन्त क्रोधित भए र रिसले दाह्रा किट्न
थाले । **५५**तर स्तिफनस पवित्र आत्माले
भरिपूर्ण भएर स्वर्गतिर हेरे । त्यहाँ उनले
परमेश्वरको महिमा र उहाँको दाहिने बाहुलीपट्टि
येशूलाई उभिरहनुभएको देखे । **५६**अनि तिनले
भने, "हेर्नुहोस्, स्वर्ग उघ्रेको म देख्छु र त्यहाँ
परमेश्वरको दाहिने बाहुलीपट्टि मानव-पुत्र
हुनुहुन्छ ।"

**५७**यो सुनेर तिनीहरूले आफ्नो कान थुने
र उच्च स्वरले कराएर तिनीहरू सबै एकैसाथ
तिनलाई झम्टिन पुगे । **५८**अनि तिनलाई
घिच्याउँदै शहरबाहिर लगेर ढुङ्गाले उनीमाथि
प्रहार गर्नथाले । त्यसैबेला त्यस घटनाका
साक्षीहरूले आफ्ना लुगाहरू शाऊल नाउँको
एउटा युवकको पाउमा राखे ।

**५९**जुनबेला तिनीमाथि ढुङ्गा बर्सिरहेको
थियो, स्तिफनसले यसरी प्रार्थना गरे, "प्रभु
येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस् ।"
**६०**त्यसपछि उनले घुँड़ा टेक्दै उच्च स्वरमा
भने, "प्रभु, यस पापका दोषी यिनीहरूलाई
नबनाउनुहोस् ।" यति भन्नासाथ उनको मृत्यु
भयो ।

**८** शाऊल त्यहीँ थिए, हत्यामा उनको सहमती
थियो ।

### सतावट र मण्डली तितरबितर भएको

त्यसै दिन यरूशलेमका मण्डलीहरूका
विरुद्ध ठूलो सतावट र दमन भयो । यसले गर्दा
प्रेरितहरूबाहेक सबै विश्वासीहरू यहूदिया र
सामरियाको इलाकामा तितरबितर भए ।

**७:४४**–प्रस्थान २५:९,४०. **७:४५**–यहोशू ३:१४-१७. **७:४६**–२ शमूएल ७:१-१६; १ इतिहास १७:१-१४.
**७:४७**–१ राजा ६:१-३८; २ इतिहास ३:१-१७. **७:४९-५०**–यशैया ६६:१-२. **७:५१**–यशैया ६३:१०.

२परमेश्वरका जनहरूले स्तिफनसलाई चिहानमा
गाड़े र उनको मृत्युमा गहिरो शोक मनाए।
३तर शाऊलले भने मण्डली नष्ट गर्नथाले।
तिनले स्त्री र पुरुषहरूलाई घरघरबाट बाहिर
घिच्याउँदै ल्याए र तिनीहरूलाई झ्यालखानमा
हाले।

## सामरियामा फिलिप

४तितरबितर भई जानेहरू जहाँजहाँ पुगे
तिनीहरूले वचनको प्रचार गरे। ५सामरियाको
एउटा शहरमा पुगेर फिलिपले त्यहाँ येशूको
प्रचार गरे। ६फिलिपका मुखबाट निस्केका
वाणीहरू जब भीड़ले सुने र उनले गरेका
अलौकिक चिन्हहरू देखे, ती सबैले उनले
बोलेका वचनहरूमा निकै ध्यान दिए।
७धेरैबाट दुष्ट आत्माहरू चिच्च्याउँदै बाहिर
निस्के र धेरै पक्षाघातका रोगीहरू र अपाङ्गहरू
निको तुल्याइए। ८त्यसरी त्यस शहरमा ठूलो
उल्लास र आनन्दको वातावरण छायो।

## सिमोन जादुगर

९त्यसै शहरमा केही समयदेखि सिमोन
नाउँको मानिसले जादुगरी गर्ने गरेको थियो।
उसको जादुबाट सामरियाका सबै मानिसहरू
अचम्म पर्थे। आफू एउटा महान् व्यक्ति भएको
ऊ दावी गर्थ्यो। १०ठूला र साना सबै उसको
कुरा ध्यान दिएर सुन्थे र आश्चर्य प्रकट गर्दै
यसो भन्थे, "महाशक्ति भनिने ईश्वरीय शक्ति
यो मानिस हो।" ११तिनीहरू त्यसको पछि
लाग्थे किनकि धेरै समयदेखि तिनीहरूलाई उसले
आफ्नो जादुले अचम्म पारेको थियो। १२तर
परमेश्वरको राज्यको सुसमाचार र येशू ख्रीष्टको
नाउँको प्रचार फिलिपले गरेको तिनीहरूले जसै
विश्वास गरे, स्त्री-पुरुष सबैले बप्तिस्मा लिए।
१३सिमोन आफैले पनि त्यसमा विश्वास गऱ्यो
र बप्तिस्मा लियो। फिलिप गएका सबै ठाउँमा,
ऊ पनि गयो र आफूले देखेका ठूला चिन्हहरू
र आश्चर्य-कर्महरू देखेर छक्क पऱ्यो।

१४सामरियाका मानिसहरूले परमेश्वरको
वचन ग्रहण गरेको जब यरूशलेमका
प्रेरितहरूले सुने, तिनीहरूले पत्रुस र यूहन्नालाई
तिनीहरूकहाँ पठाए। १५जब तिनीहरू त्यहाँ
आइपुगे, ती मानिसहरूले पवित्र आत्मा
प्राप्त गर्न सकून् भनेर तिनीहरूले प्रार्थना
गरे, १६किनकि कसैमा पनि पवित्र आत्मा
अझै आउनुभएको थिएन। प्रभु येशूको
नाउँमा तिनीहरूले खालि बप्तिस्मा मात्रै
लिएका थिए। १७त्यसैकारण तिनीहरूको
टाउकोमाथि पत्रुस र यूहन्नाले आफ्नो
हात राखिदिए, अनि तिनीहरूमा पवित्र आत्मा
आउनुभयो।

१८प्रेरितहरूले टाउकोमा हात राख्दा पवित्र
आत्मा मानिसहरूमाथि आउनुभएको सिमोनले
देखेपछि, उसले तिनीहरूलाई पैसा दियो, १९अनि
भन्यो, "मलाई यस्तै गर्न सक्ने बनाउनुहोस्
जसले गर्दा मैले जसको शिरमा हात राख्छु,
त्यसले पवित्र आत्मा प्राप्त गरोस्।"

२०यो सुनेर पत्रुसले जवाफ दिए: "तिमीसँगै
तिम्रो धन-सम्पत्ति पनि नास होस्, किनकि
धन-सम्पत्तिबाट परमेश्वरको वरदान तिमी
किन्न सक्छौ भनी तिमीले सोच्यौ! २१यस
सेवा कार्यमा तिम्रो सहभागिता वा कुनै हिस्सा
छैन, किनकि परमेश्वरको सामु तिम्रो हृदय
शुद्ध छैन। २२यस दुष्टचाइँका निम्ति पश्चात्ताप
गर र प्रभुसँग प्रार्थना गर। यस्तो दुष्ट विचार
आफ्नो हृदयभित्र राखेकोमा उहाँले तिमीलाई
क्षमा गरिदिनुहुनेछ। २३किनकि म देख्दैछु कि
तिमी तीतोपनाले भरिपूर्ण छौ र पापका बन्दी
भएका छौ।"

२४यो सुनेर सिमोनले जवाफ दियो, "मेरा
निम्ति प्रभुसँग प्रार्थना गरिदिनुहोस् जसले गर्दा
तपाईंले भन्नुभएका कुनै पनि कुरा ममाथि
नआओस्।"

२५जब तिनीहरूले प्रभुको वचनको घोषणा
गरे र त्यसको साक्षी दिए, तब पत्रुस र
यूहन्ना यरूशलेम फर्के। बाटोमा तिनीहरूले

---

**८:३**–प्रेरित २२:४-५; २६:९-११.

सामरियाका धेरै गाउँहरूमा सुसमाचार प्रचार
पनि गरे ।

## फिलिप र इथियोपियाली

**२६**त्यसपछि प्रभुको एक जना दूतले फिलिपसँग
यसो भने, "यरूशलेमबाट गाजा जाने दक्षिण
मरुभूमि सड़कतिर तिमी जाऊ ।" **२७**यो सुनेर
तिनी त्यतैतिर लागे । बाटोमा तिनले एक जना
इथियोपियाली नपुंसकलाई भेटे । ती नपुंसक
इथियोपियाली महारानी कन्दाकीको सम्पूर्ण
सम्पत्तिको रेखदेख गर्ने महत्त्वपूर्ण उच्च
अधिकारी थिए । ती मानिस पूजाका निम्ति
यरूशलेम गएका थिए, **२८**र घर फर्किंदा बाटोमा
आफ्नो रथमा बसेर अगमवक्ता यशैयाको पुस्तक
पढ़िरहेका थिए । **२९**फिलिपलाई पवित्र आत्माले
भन्नुभयो, "त्यो रथको नजीकै गएर बस ।"

**३०**अनि फिलिप रथतिर दौड़िदै गए र नजीकै
पुगेपछि ती मानिसले यशैया अगमवक्ताको
पुस्तक पढ़ेको तिनले सुने । अनि फिलिपले सोधे,
"के तपाईंले पढ़िरहनुभएको बुझ्नुहुन्छ ?"

**३१**"जब यसको व्याख्या कसैले गरिदिँदैन
म कसरी यो बुझ्नसक्छु ?" उनले जवाफ दिए ।
त्यसैले तिनले फिलिपलाई रथमा आई आफूसँगै
बस्ने आग्रह गरे ।

**३२**ती नपुंसक धर्मशास्त्रको यो अंश
पढिरहेका थिए:

> "जसरी भेड़ालाई काट्न लगिन्छ
> त्यसरी नै उहाँलाई लगियो, र
> जसरी ऊन कत्रनेका सामु भेड़ा चुप
> लागेर बस्छ,
> त्यसैगरी उहाँले पनि आफ्नो मुख
> खोल्नुभएन ।
> **३३** उहाँको अपमानित अवस्थामा
> उहाँ न्यायबाट वञ्चित हुनुभयो ।
> उहाँका पुस्ताको कसले वर्णन गर्नसक्छ ?
> किनकि उहाँको जीवन पृथ्वीबाट
> हटाइयो ।"

**३४**नपुंसकले फिलिपसँग सोधे, "कृपया
मलाई भन्नुहोस्, अगमवक्ता कसका बारेमा
कुरा गर्दैछन्, आफ्नै बारेमा वा अरू कसैको
बारेमा ?" **३५**त्यसपछि फिलिपले धर्मशास्त्रको
त्यही पदबाट शुरु गर्दै येशूको सुसमाचार
तिनलाई भने ।

**३६**जसै तिनीहरू यात्रामा अगाडि बढ़े, केही
पानी भएको ठाउँमा तिनीहरू आइपुगे । अनि
नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी छ मेरो
बप्तिस्मा किन यहीं गरिदिनुहुन्न ?" [**३७**फिलिपले
भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ
भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ ।" तिनले
जवाफ दिए, "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र
हुनुहुन्छ भनी म विश्वास गर्छु ।"] **३८**त्यति
भनेर तिनले रथ अड्याउने हुकुम दिए । अनि
फिलिप र ती नपुंसक दुवै जना पानीमा पसे र
फिलिपले तिनलाई बप्तिस्मा दिए । **३९**जसै
तिनीहरू पानीबाट बाहिर आए, प्रभुको आत्माले
फिलिपलाई अकस्मात् लिएर जानुभयो, र
त्यसपछि नपुंसकले फिलिपलाई फेरि देखेनन् ।
तैपनि तिनी आनन्दित हुँदै आफ्नो बाटो लागे ।
**४०**तर फिलिपले आफैलाई अश्दोदमा पाए ।
अनि त्यहाँबाट सिजरिया नपुगुन्जेलसम्म बाटाका
सबै शहरहरूमा सुसमाचार प्रचार गर्दै गए ।

## शाऊलको हृदय परिवर्तन

**९** यस बेलासम्म पनि, शाऊल प्रभुका
चेलाहरूका विरुद्ध हत्यापूर्ण धम्कीहरू
दिइरहेका थिए । तिनी प्रधान पूजाहारीकहाँ
गए **२**र दमस्कसका सभाघरहरूमा भएका
विश्वासी पुरुष र स्त्रीलाई बन्दी बनाई यरूशलेम
ल्याउनका निम्ति त्यहाँका सभाघरहरूका
नाउँमा पत्रहरू मागे । **३**आफ्नो यात्राको क्रममा
उनी जसै दमस्कसको नजीकै पुगे, अकस्मात्
स्वर्गबाट एउटा प्रकाश उनको चारैतिर चम्क्यो ।
**४**उनी भुइँमा लड़े र एउटा आवाजले उनलाई
यसो भनेको सुने, "शाऊल, शाऊल, किन तँ
मलाई सताउँछस् ?"

---

**८:३२-३३**—यशैया ५३:७-८.

**५**शाऊलले प्रश्न गरे, “प्रभु तपाईं को
हुनुहुन्छ ?”
उहाँले जवाफ दिनुभयो, “म येशू हुँ, जसलाई
तँ सताइरहेकोछस् । **६**अब तँ उठ् र शहरमा जा,
र तैंले गर्नुपर्ने कुराहरू तँलाई बताइनेछ ।”
**७**शाऊलसँगै यात्रा गरिरहेका मानिसहरू
त्यहाँ चुपचाप उभिए; किनकि तिनीहरूले
आवाज सुने तर कसैलाई देखेनन् । **८**शाऊल
भुइँबाट उठे, तर जब तिनले आफ्ना आँखाहरू
खोले उनले केही पनि देख्न सकेनन् । त्यसैले
अरूले तिनलाई डोऱ्याएर दमस्कस लगे । **९**तीन
दिनसम्म उनी अन्धो भए, र केही खानपान
गरेनन् ।
**१०**हननिया नाउँ गरेका एक जना चेला
दमस्कसमा थिए । तिनलाई प्रभुले दर्शनमा
भन्नुभयो, “हननिया !”
तिनले जवाफ दिए, “हजुर, प्रभु !”
**११**प्रभुले तिनलाई भन्नुभयो, “‘सीधा’ नाउँको
सडकमा यहूदाको घरमा तिमी जाऊ र टार्सस
निवासी शाऊल नाउँको व्यक्तिलाई त्यहाँ
भेट । ऊ त्यस घरमा प्रार्थना गरिरहेको छ ।
**१२**दर्शनमा हननिया नाउँको व्यक्तिले आफ्नो
टाउकोमा उसका हातहरू राखेर आँखा देख्ने
तुल्याएको उसले देखेको छ ।”
**१३**हननियाले जवाफ दिए, “प्रभु, यस
मानिसले यरूशलेममा हजुरका चेलाहरूलाई
सताएको र तिनीहरूमाथि गरेको अत्याचारहरूका
बारेमा मैले धेरै जनाबाट सुनेको छु, **१४**र यहाँ
पनि हजुरका नाउँमा विश्वास गर्नेहरूलाई बन्दी
बनाएर लैजान प्रधान पूजाहारीबाट अधिकार
लिएर त्यो मानिस आएको हो ।”
**१५**तर प्रभुले हननियालाई भन्नुभयो, “तिमी
जाऊ ! किनकि इस्राएलका बासिन्दाहरू, गैर-
यहूदीहरू र तिनीहरूका राजाहरूमा मेरो नाउँ
फैलाउन मैले यस मानिसको छनौट गरेको
छु । **१६**मेरो नाउँका निम्ति तिनले कतिसम्म
दुःख भोग्नुपर्छ म उसलाई देखाउनेछु ।”
**१७**त्यसपछि हननिया त्यस घरभित्र गए ।
शाऊलको शिरमा आफ्ना हातहरू राखेर उनले
यसो भने, “भाइ शाऊल, तिमी यस शहरमा
आउँदा तिमीलाई बाटोमा दर्शन दिनुहुने प्रभु
येशूले मलाई यहाँ पठाउनुभएको छ, जसले
गर्दा तिमी फेरि देख्न सक र तिमी पवित्र
आत्माले भरिऊ ।” **१८**तुरुन्तै, शाऊलका
आँखाहरूबाट पाप्रा जस्ता केही कुरा खसे र
तिनी फेरि देख्न सक्ने भए । तिनी उभिए र
बप्तिस्मा लिए, **१९**अनि केही खाने कुरो खाएपछि,
तिनले फेरि शक्ति पाए ।

### शाऊल दमस्कस र यरूशलेममा

शाऊलले दमस्कसमा चेलाहरूसँग धेरै दिन
बिताए । **२०**अनि तुरुन्तै येशू परमेश्वरका पुत्र
हुनुहुन्छ भनेर सभाघरहरूमा तिनले प्रचार
गर्न शुरु गरे । **२१**तिनका कुरा जति जनाले सुने
ती सबैले अचम्म मानेर सोधे, “के यो मानिस
त्यही होइन जसले यरूशलेममा यही नाउँ
लिने मानिसहरूमाथि ठूलो अत्याचार गरेको
थियो ? त्यति मात्र होइन, यहाँ पनि यो
नाउँ लिने मानिसहरूलाई समातेर प्रधान
पूजाहारीकहाँ सुम्पन यो आएको होइन ?”
**२२**तैपनि शाऊल झन्झन् शक्तिशाली हुँदै प्रचार
गर्न थाले र दमस्कसका यहूदीहरूका बीच
येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाणित गरी
तिनीहरूलाई छक्क पारे ।
**२३**धेरै दिन बितेपछि, यहूदीहरूले तिनलाई
मार्ने षड्यन्त्र गरे । **२४**तर शाऊलले
तिनीहरूका योजना थाहा पाए । तिनलाई
मार्न शहरका द्वारहरूमा मानिसहरू चौबीसै
घण्टा पहरा दिन थाले । **२५**तर तिनका चेलाहरूले
मध्यरातको पहरमा पर्खालमा प्वाल पारी तिनलाई
एउटा डालोभित्र हालेर बाहिर निकाले ।
**२६**यरूशलेममा आएपछि, तिनले चेलाहरूसँग
मिल्न खोजे । तर तिनीहरू सबै जना उनीसँग
डराए, किनकि शाऊल पनि विश्वासी भइसकेको
तथ्यलाई तिनीहरूले विश्वास गर्न सकेनन् ।
**२७**तर बर्णाबासले तिनलाई प्रेरितहरूकहाँ लिएर

---

**९:२३-२५**–२ कोरिन्थी ११:३२-३३.

गए । दमस्कसको आफ्नो यात्रामा शाऊलले
कसरी प्रभुलाई देखे, प्रभु कसरी तिनीसँग
बोल्नुभयो, र त्यस शहरमा कसरी उनले
निर्भयतासाथ येशूको नाउँको शिक्षा दिए, यी
सबै कुरा बर्णाबासले तिनीहरूलाई बताए ।
**२८**त्यसपछि शाऊल तिनीहरूसँगै बसे र
यरूशलेममा स्वतन्त्र भएर घुम्दै प्रभुको नाउँको
प्रचार निर्भयतासाथ गर्नथाले । **२९**ग्रीक
यहूदीहरूका बीच उहाँको नाउँको वर्णन गर्नुको
साथै उनीहरूसँगै वादविवाद पनि गरे । तर
उनीहरूले तिनलाई मार्ने योजना बनाए । **३०**अरू
भाइहरूले यो कुरो थाहा पाएपछि तिनलाई
सिजरियामा ल्याई त्यहाँबाट टार्सस पठाइदिए ।

**३१**त्यसपछि यहूदिया, गालील र सामरियाका
मण्डलीहरूमा केही शान्ति छायो । मण्डली
सामर्थी भयो र पवित्र आत्माद्वारा उत्साहित
भएर यसको सङ्ख्यामा बृद्धि भयो । अनि
मानिसहरू प्रभुको भयमा जिउन थाले ।

## एनियास र डोरकास

**३२**विभिन्न देशहरूमा प्रचार गर्दै जाने
क्रममा, पत्रुस लिड्डामा सन्तहरूलाई भेट्न
गए । **३३**तिनले त्यहाँ पक्षाघातले आठ वर्षदेखि
ओछ्यानमा थला परेको एनियास नाउँको एक
जना मानिसलाई भेटे । **३४**पत्रुसले तिनलाई
भने, "एनियास, येशू ख्रीष्टले तिमीलाई निको
तुल्याउनुहुन्छ । उठ र आफ्नो ओछ्यान
मिलाऊ ।" एनियास तुरुन्तै उभिए । **३५**त्यसपछि
लिड्डा र शारोनमा बस्ने सबै जनाले त्यसलाई
देखे र प्रभुमा फर्के ।

**३६**योप्पा शहरमा तबीता (अर्थात् डोरकास)
नाउँकी एक जना चेली बस्थिन् । तिनी सदा
असल कार्य गरिरहन्थिन् र गरीबहरूलाई
सहायता पनि गर्थिन् । **३७**त्यही समयमा, तिनी
बिरामी परिन् र मरिन् । तिनको शरीरलाई
नुहाएर माथिल्लो तलाको कोठामा राखियो ।
**३८**लिड्डा योप्पाको नजीकै थियो । त्यसैले
चेलाहरूले पत्रुस लिड्डामा भएको सुनेर तिनीहरूले
दुई जनालाई तिनीकहाँ पठाएर अनुरोध गरे,
"कृपया हामीकहाँ तुरुन्तै आउनुहोस् ।"

**३९**तब पत्रुस तिनीहरूसँग गए, र जब तिनी
त्यहाँ पुगे उनलाई माथि कोठामा लगियो ।
सबै विधवाहरू उनको चारैतिर उभिएर रुन
लागे । त्यसपछि तिनीहरूसँगै बस्दा डोरकासले
बनाएका पोशाक र अरू बस्त्रहरू तिनीहरूले
देखाए ।

**४०**त्यस कोठाभित्र भएका सबैलाई पत्रुसले
बाहिर पठाए । त्यसपछि घुँडा टेकेर तिनी
प्रार्थना गर्नथाले । मरेकी स्त्रीतिर फर्किंदै उनले
भने, "तबीता, उठ !" अनि तिनले आफ्ना
आँखाहरू उघारिन्, र पत्रुसलाई देखेपछि उठेर
बसिन् । **४१**आफ्ना हातले समातेर पत्रुसले
तिनलाई आफ्नै खुट्टामा उभिन मद्दत गरे ।
त्यसपछि तिनले विधवा तथा विश्वासीहरूलाई
कोठाभित्र बोलाए र जीवित तबीतालाई
तिनीहरूकहाँ सुम्पिदिए । **४२**यो घटना सम्पूर्ण
योप्पा शहरबासीले थाहा पाए । अनि धेरै जनाले
प्रभुमा विश्वास गरे । **४३**त्यस उप्रान्त, योप्पा
शहरमा सिमोन नाउँको एक जना जुत्ता
सिलाउनेका घरमा पत्रुस केही दिन बसे ।

## पत्रुसलाई कर्नेलियसको निम्तो

**१०**
सिजरियास्थित इटालिया नाउँको पल्टनमा
एक जना कर्नेलियस नाउँका कप्तान
थिए । **२**तिनी र तिनका सारा परिवार
परमेश्वरका भक्त थिए, साथै तिनीहरू
परमेश्वरको भय मान्थे । आवश्यकतामा
परेकाहरूलाई तिनी उदारताका साथ दिन्थे र
परमेश्वरको प्रार्थनामा निरन्तर लागि रहन्थे ।
**३**एक दिन अपरान्ह तीन बजेतिर उनले एउटा
दर्शन पाए । परमेश्वरको एक जना दूत आएर
उनलाई "कर्नेलियस !" भनेको उनले प्रष्टसँग
सुने ।

**४**भयभीत हुँदै कर्नेलियसले उहाँलाई एक
टकले हेरे । तिनले सोधे, "प्रभु, मैले के
गर्नुपर्‍यो ?"

स्वर्गदूतले जवाफ दिए, "तिम्रो प्रार्थना र
आवश्यकतामा परेकाहरूलाई तिमीले गरेको
सहायता परमेश्वरका सामु एउटा सम्झनाको
भेटीका रूपमा आएको छ । **५**अब सिमोन

नाउँको एउटा मानिस, जसलाई पत्रुस पनि
भन्छन्, उनलाई लिन तिमीले आफ्ना मानिसहरू
योप्पा शहर पठाऊ । **६**तिनी समुद्रका छेउमा
घर भएका सिमोन भन्ने जुत्ता सिलाउनेकहाँ
बसिरहेका छन् ।”

**७**आफूसँग कुरा गर्ने स्वर्गदूत गएपछि,
कर्नेलियसले आफ्ना दुई जना चाकरहरू र एक
जना आफ्नो टहलुवालाई, जो परमेश्वरको भक्त
पनि थियो, बोलाए । **८**आफूसँग घटेको सबै
कुरा बताई तिनीहरूलाई उनले योप्पा शहर
पठाए ।

## पत्रुसलाई दर्शन

**९**त्यसको भोलिपल्ट जसै तिनीहरू आफ्नो
यात्राको अन्तिम चरणमा शहरको नजीकै
पुगिरहेका थिए, पत्रुस घरको छानामा प्रार्थना
गर्न गए । **१०**उनी भोकाए र केही भोजन खान
चाहन्थे । जुन बेला भोजन पाकिरहेको थियो,
तिनी तन्द्रामा परे । **११**अनि तिनले स्वर्ग उघ्रेको
र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्ना जस्तो
कुनै चीज पृथ्वी तल आइरहेको देखे ।
**१२**यसमा सबै किसिमका चारखुट्टे जनावरहरूका
साथै पृथ्वीमा घस्रिने प्राणी र आकाशमा उड्ने
चराचुरुङ्गीहरू थिए । **१३**त्यसपछि एउटा
आवाजले तिनलाई भन्यो, “उठ, पत्रुस ! जे
मन लाग्छ मारेर खाऊ ।”

**१४**“होइन प्रभु,” पत्रुसले जवाफ दिए, “मैले
कुनै पनि अपवित्र र अशुद्ध कुरो कहिल्यै खाएको
छैन ।”

**१५**दोस्रोपल्ट फेरि त्यही आवाजले भन्यो,
“परमेश्वरले शुद्ध पारेर पठाउनुभएको कुनै
वस्तुलाई अपवित्र नभन ।”

**१६**यो कुरो तीनपल्ट घट्यो । त्यसपछि
त्यो तन्ना तुरुन्तै स्वर्ग फिर्ता लगियो ।

**१७**त्यस दृश्यको के अर्थ हुनसक्छ भनी यस
बारेमा पत्रुस घोरिइरहेकै समयमा कर्नेलियसले
पठाएका मानिसहरू सिमोनको घर पत्तो लगाई
उसको ढोकामा उभिए । **१८**घरभित्रको मानिसलाई
बोलाउँदै पत्रुसका रूपमा चिनिने सिमोन त्यसै
घरमा बसेको हो वा होइन, तिनीहरूले सोधे ।

**१९**पत्रुस अझै त्यही दृश्यका बारेमा विचार
गरिरहेका थिए, अनि पवित्र आत्माले तिनलाई
भन्नुभयो, “सिमोन, तिमीलाई तीन जना
मानिसहरू खोजिरहेका छन् । **२०**त्यसैले उठ र
तल जाऊ । मैले तिनीहरूलाई पठाएको हुनाले
तिनीहरूसँग तिमी निर्धक्क भएर गए हुन्छ ।”

**२१**तल गएर पत्रुसले ती मानिसहरूसँग भने,
“तिमीहरू जसलाई खोजिरहेका छौ त्यो मानिस
मै हुँ । तिमीहरू मलाई किन खोज्छौ ?”

**२२**ती मानिसहरूले जवाफ दिए, “कप्तान
कर्नेलियसले पठाएर हामी आएका हौं । उहाँ
धर्मी र परमेश्वरको भय मान्ने मानिस हुनुहुन्छ ।
उहाँलाई सबै यहूदी जातिले आदर र सम्मान
गर्छन् । तपाईंका कुरा सुन्नलाई एक जना
पवित्र स्वर्गदूतले तपाईंलाई उहाँको घरमा
बोलाउन उहाँलाई भन्नुभयो ।” **२३**त्यसपछि ती
मानिसहरूलाई पाहुनाका रूपमा स्वागत गर्दै
पत्रुसले घरभित्र आमन्त्रित गरे ।

## कर्नेलियसको घरमा पत्रुस

अर्को दिन तिनीहरूसँग पत्रुसले आफ्नो यात्रा
शुरु गरे, र योप्पाका केही भाइहरू पनि तिनीसँगै
गए । **२४**भोलिपल्ट तिनी सिजरिया पुगे ।
कर्नेलियस उनको बाटो हेरेर बसिरहेका थिए
र उनको स्वागत गर्न आफ्ना नातेदारहरू र
घनिष्ठ मित्रहरूलाई पनि बोलाएका थिए ।
**२५**जसै पत्रुस त्यस घरभित्र पसे, कर्नेलियसले
उनीसँग भेटे र श्रद्धाका साथ तिनले उनको
खुट्टा ढोगे । **२६**तर पत्रुसले तिनलाई उठाउँदै
भने, “उठ्नुहोस्, म आफू पनि तपाईंजस्तै मान्छे
नै हुँ ।”

**२७**उनीसँगै कुरा गर्दै पत्रुस कोठाभित्र गए,
जहाँ धेरै मानिसहरू जम्मा भएको तिनले
पाए । **२८**उनले तिनीहरूलाई भने: “तपाईंहरू
सबै यो कुरो जान्नुहुन्छ कि एउटा यहूदीले
गैर-यहूदीसँगै सङ्गत गर्नु वा उसको घरमा
जानु हाम्रो व्यवस्थाविरुद्ध हो । तर कुनै पनि
मानिसलाई अपवित्र वा अशुद्ध मैले भन्नु हुँदैन
भनेर परमेश्वरले मलाई देखाउनुभएको छ ।
**२९**त्यसैले, जब मलाई तपाईंले बोलाइ

पठाउनुभयो, कुनै प्रश्‍न नगरीकनै म यहाँ
आएँ। के म तपाईंहरूलाई सोध्नसक्छु, मलाई
तपाईंले कति कारणले बोलाउनुभएको हो ?"
**३०**कर्नेलियसले जवाफ दिए: "चार दिनअघि
यसै समयमा अर्थात् अपरान्ह तीन बजे म
मेरो घरमा प्रार्थना गरिरहेको थिएँ। चहकिलो
पोशाक पहिरेका एक जना मानिस मेरो सामु
अकस्मात् उभिनुभयो र मलाई भन्‍नुभयो,
**३१**'कर्नेलियस, परमेश्‍वरले तिम्रो प्रार्थना सुन्‍नुभयो
र खाँचोमा भएकाहरूलाई तिमीले पुऱ्याएको
सहायता सम्झनुभयो। **३२**त्यसैले पत्रुस भनिने
सिमोनलाई यहाँ बोलाउन तिम्रा मानिसलाई
योप्पा पठाऊ। समुद्रको किनारमा बस्ने छालाको
काम गर्ने सिमोनको घरमा उनी पाहुना भएर
बसेका छन्।' **३३**त्यसैकारण, तपाईंलाई मैले
तुरुन्त बोलाउन पठाएँ, र कृपा गरेर तपाईं
आउनुभयो। अब हामीलाई भन्‍नका निम्ति
प्रभुले तपाईंलाई निर्देशन दिनुभएको सबै कुरा
सुन्‍न परमेश्‍वरको उपस्थितिमा हामी सबै यहाँ
प्रतिक्षा गरिरहेका छौं।"
**३४**यो सुनेर पत्रुसले भन्‍न थाले: "मैले अब
बुझें, परमेश्‍वर पक्षपात गर्नुहुन्‍न, **३५**तर उहाँको
भय मान्‍ने र सही काम गर्नेहरूलाई उहाँ ग्रहण
गर्नुहुन्छ भन्‍ने कुरा कति साँचो रहेछ। **३६**हामी
सबैका प्रभु येशू ख्रीष्टद्वारा भनिएको शान्तिको
सुसमाचार परमेश्‍वरले इस्राएलका मानिसहरूका
निम्ति पठाउनुभएको सन्देश हो भनी तपाईं
सबै जान्‍नुहुन्छ। **३७**बप्तिस्मापछि यूहन्‍नाले
गालीलमा शुरु गरेको प्रचारदेखि सारा
यहूदियाभरि के के भए, सबै कुरा तपाईंहरू
जान्‍नुहुन्छ। **३८**पवित्र आत्मा र शक्तिद्वारा
नासरतका येशू ख्रीष्टलाई परमेश्‍वरले
कसरी अभिषेक गर्नुभयो, त्यसपछि परमेश्‍वर
उहाँकै साथ हुनुभएकोले, शैतानको अधीनमा
परेकाहरूलाई पूर्ण निको तुल्याउँदै चारैतिर
कसरी असल काम गर्दै उहाँ हिँड्नुभयो, यो
कुरा तपाईंहरूलाई थाहा छ।
**३९**"यहूदीहरूका देशमा र यरूशलेममा
उहाँले जे गर्नुभयो ती हरेक कुराका हामी
साक्षी छौं। उहाँलाई नै काठमा झुण्ड्याई
तिनीहरूले मारे। **४०**तर मृत्युको तेस्रो दिन
परमेश्‍वरले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो
र उहाँ मानिसहरूका सामु प्रकट हुनुभयो।
**४१**उहाँ प्रकट हुनुभएपछि पनि सबै मानिसहरूले
उहाँलाई देख्न सकेनन्, तर साक्षी हुनका निम्ति
परमेश्‍वरले पहिल्यै छनौट गर्नुभएको हामी
जस्ताले उहाँलाई देख्यौं जसले येशू जीवित
पारिनुभएपछि उहाँसँगै खानपान गऱ्यौं। **४२**उहाँ
नै त्यो व्यक्ति हुनुहुन्छ जसलाई परमेश्‍वरले
जीवित र मृतहरूको न्यायकर्ताको रूपमा
नियुक्त गर्नुभएको छ भन्‍ने कुराको साक्षी दिन
र मानिसहरूमा यसको प्रचार गर्न हामीलाई
उहाँले आदेश दिनुभयो। **४३**उहाँमा विश्‍वास
गर्ने हरेक मानिसले आफ्नो पापहरूबाट उहाँकै
नाउँद्वारा क्षमादान प्राप्‍त गर्दछ भन्‍ने कुराको
सबै अगमवक्ताहरूले साक्षी दिएका छन्।"
**४४**पत्रुस जुन बेला यस्तो वचन बोलिरहेका
थिए, उनका सुसमाचार ग्रहण गर्नेहरूमा पवित्र
आत्मा आउनुभयो। **४५**त्यसरी गैर-यहूदीहरूमा
पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर
पत्रुसका साथमा आउने खतना भएका
विश्‍वासीहरू अचम्मित भए। **४६**किनकि उनीहरू
अन्य भाषामा बोलिरहेका र परमेश्‍वरको प्रशंसा
गरिरहेका उनीहरूले सुने।
त्यसपछि पत्रुसले भने, **४७**"के अब यी
मानिसहरूलाई पानीको बप्तिस्मा लिनबाट
कसैले रोक्‍न सक्छ ? हामीहरूलाई झैं
तिनीहरूलाई पनि पवित्र आत्मा प्राप्‍त भइसकेको
छ।" **४८**त्यसैले येशू ख्रीष्टको नाउँमा
तिनीहरूलाई बप्तिस्मा लिन तिनले आदेश
दिए। अनि तिनीहरूले पत्रुसलाई तिनीहरूसँग
केही दिन बस्‍न आग्रह गरे।

### पत्रुसले आफ्ना कामहरूको वर्णन गरेका

**११** गैर-यहूदीहरूले पनि परमेश्‍वरको वचन
ग्रहण गरे भन्‍ने यहूदियाभरि भएका सबै

**१०:३४**–व्यवस्था १०:१७.

प्रेरितहरू र भाइहरूले सुने । **२**त्यसैकारण पत्रुस
जसै यरूशलेम फर्किगए, खतना भएका
विश्वासीहरूले उनको आलोचना गरे **३**र यसो
भने, "तपाईं खतना नलिने मानिसहरूका घर
जानुभयो र उनीहरूसँगै भोजन गर्नुभयो ।"

**४**भएका सबै कुरा भन्न पत्रुसले शुरु गरे:
**५**"योप्पा शहरमा म प्रार्थना गरिरहेको थिएँ ।
त्यसै बेला म तन्द्रामा हुँदा मैले एउटा दर्शन
देखें । एउटा ठूलो तन्नाजस्तो वस्तु चारओटा
कुना समातिएर स्वर्गबाट तल झुन्ड्याइएको
मैले देखें, र म जुन ठाउँमा थिएँ त्यो त्यहीं
झरेर आयो । **६**मैले त्यसमा पृथ्वीका चारखुट्टे
जनावरहरू, जङ्गली पशुहरू, पृथ्वीमा घस्रने
प्राणीहरू र आकाशमा उड्ने चराचुरुङ्गीहरू
देखें । **७**त्यसपछि एउटा आवाजले मलाई यसो
भनिरहेको सुनें, 'उठ, पत्रुस ! तिनीहरूलाई
मार र खाऊ ।'

**८**"मैले जवाफ दिएँ, 'कुनै पनि अवस्थामा
म खान्न, प्रभु ! कुनै पनि अपवित्र र अशुद्ध
वस्तु मेरो मुखभित्र कहिल्यै गएको छैन ।'

**९**"स्वर्गबाट आएको आवाजले दोस्रो पटक
भन्यो, 'परमेश्वरले शुद्ध तुल्याउनुभएको कुनै
पनि वस्तुलाई अपवित्र नभन ।' **१०**यो घटना
तीन पल्टसम्म घट्यो, र त्यसपछि ती सबै
कुरा स्वर्गमा पुन: उठाइलगियो ।

**११**"ठीक त्यसै बेला सिजरियाबाट मलाई
बोलाउन पठाइएका तीन जना मानिसहरू म
बसेको घरको ढोकामा आइपुगे । **१२**तिनीहरूका
साथमा जान कुनै किसिमको सङ्कोच नमान्न
मलाई पवित्र आत्माले भन्नुभएको थियो । यी
छ जना भाइहरू पनि तिनीहरूसँग गए । अनि,
हामी त्यस मानिसको घरभित्र गयौं । **१३**उसको
घरमा कसरी एक जना स्वर्गदूत आउनुभएको
र उसलाई यसो भन्नुभएको उसले हामीलाई
बयान गऱ्यो, 'पत्रुस भनिने सिमोनलाई डाक्न
योप्पामा मानिस पठाऊ । **१४**उसले तिम्रो निम्ति
एउटा सुसमाचार ल्याउनेछ जसद्वारा तिमी र
तिम्रा सबै परिवारको उद्धार हुनेछ ।'

**१५**"जसै घरमा मैले वचन दिन थालें,
त्यहाँ तिनीहरूमाथि पवित्र आत्मा त्यसरी नै
आउनुभयो जसरी शुरुमा हामीहरूमाथि
आउनुभएको थियो । **१६**त्यसपछि परमेश्वरले
जे भन्नुभएको थियो त्यो मैले सम्झें: 'यूहन्नाले
पानीले बप्तिस्मा दिए, तर तिमीहरूले पवित्र
आत्माद्वारा बप्तिस्मा पाउनेछौ ।' **१७**त्यसैले प्रभु
येशू ख्रीष्टमा विश्वास गर्ने हामीहरूलाई दिएकै
वरदान, यदि परमेश्वरले तिनीहरूलाई पनि
दिनुभयो भने, परमेश्वरका इच्छाविरुद्ध जान
खोज्ने म को हुँ र ?"

**१८**यस्तो सुनेपछि तिनीहरूले कुनै विवाद
गरेनन् र परमेश्वरको प्रशंसा गर्दै यसो भने,
"त्यसो भए, गैर-यहूदीहरूलाई पनि जीवनको
निम्ति परमेश्वरले पश्चात्ताप दिनुभएछ ।"

## एन्टिओखियामा मण्डली

**१९**स्तिफनसमाथि गरिएको अत्याचारको
कारणले गर्दा तितरबितर भएकाहरू आफ्ना
यात्राका क्रममा यहूदीहरूमा मात्र सुसमाचारको
प्रचार गर्दै फोनिके, साइप्रस र एन्टिओखियासम्म
पुगे । **२०**तीमध्ये केही मानिसहरू साइप्रस र
साइरिनीका थिए । तिनीहरूचाहिँ एन्टिओखिया
गए र त्यहाँका ग्रीक जातिहरूमा पनि प्रभु
येशूका बारेमा सुसमाचारको प्रचार गर्नथाले ।
**२१**परमेश्वरको आशिष् तिनीहरूमाथि थियो ।
त्यसैले तिनीहरूका वचनमा धेरै मानिसहरूले
विश्वास गरे र परमेश्वरमा फर्के ।

**२२**यो खबर यरूशलेमको मण्डलीमा पुग्यो ।
अनि तिनीहरूले बर्णाबासलाई एन्टिओखिया
पठाए । **२३**जब उनी त्यहाँ पुगे र परमेश्वरको
अनुग्रहको प्रमाण देखे, उनी प्रसन्न भए र
तिनीहरूका सम्पूर्ण हृदयदेखि परमेश्वरमा दृढ
भइरहन उनले तिनीहरूलाई प्रोत्साहित गरे ।
**२४**किनकि उनी एक असल व्यक्ति थिए । उनको
हृदय पवित्र आत्मा र विश्वासले भरिपूर्ण
थियो । अनि त्यहाँ ठूलो सङ्ख्यामा मानिसहरू
प्रभुमा आए ।

---

**११:१६**–प्रेरित १:५. **११:१९**–प्रेरित ८:१-४.

**२५**त्यसपछि शाऊललाई खोज्न बर्णाबास
टार्सस गए । **२६**फेला पारेपछि, तिनलाई उनले
एन्टिओखिया लिएर गए । अनि बर्णाबास र
शाऊलले त्यहाँको मण्डलीका मानिसहरूसँग
एक वर्षसम्म भेटघाट गरिरहे र धेरै
मानिसहरूलाई शिक्षा दिए । सबैभन्दा पहिले
एन्टिओखियामा चेलाहरू "ख्रीष्टियन" भनिन
थालिए ।

**२७**यसैमा केही अगमवक्ताहरू यरूशलेमबाट
एन्टिओखियातिर झरे । **२८**तिनीहरूमध्ये अगाबस
नाउँका एक जना उभिए र रोमी संसारभरि नै
ठूलो अनिकाल पर्ने अगमवाणी पवित्र
आत्माद्वारा बोले । (क्लौडियसको शासनकालमा
यो अनिकाल पर्‍यो ।) **२९**चेलाहरूले आ-आफ्नो
सामर्थअनुसार यहूदियामा बसिरहेका भाइहरूका
निम्ति सहायता पुर्‍याउने अठोट गरे । **३०**आफ्ना
उपहार र भेटीहरू बर्णाबास र शाऊलको
हातमा पठाएर तिनीहरूले यो सघाउ पुर्‍याए ।

## पत्रुस झ्यालखानबाट छुटेका

**१२** राजा हेरोदले यो समयमा मण्डलीसँग
सम्बन्धित केहीलाई सताउने मनसायले
तिनीहरूलाई पक्राउ गरे । **२**उनले यूहन्नाका भाइ
याकूबलाई तरवारले मार्न लगाए । **३**यो कामले
यहूदीहरू खुशी भएको देखेर उनले पत्रुसलाई
पनि पक्रने विचार गरे । यो अखमिरी रोटीको
चाड़को समयमा घटेको थियो । **४**उसलाई
पक्राउ गरेपछि, झ्यालखानमा हाले र चार-चार
जनाको टोली भएको चार पहरेदारहरूको
समूहलाई उसको निगरानी गर्न अह्राए ।
हेरोदले निस्तार-चाड़पछि पत्रुसलाई सबैका
सामुन्ने जाँच गर्ने विचार गरेका थिए ।

**५**यसकारण पत्रुसलाई झ्यालखानमा राखियो,
तर मण्डली उनको निम्ति परमेश्वरसित
खुरन्धार प्रार्थनामा लागिरहेको थियो ।

**६**हेरोदले उनको न्याय गर्ने दिनको अघिल्लो
रातमा, पत्रुस दुईओटा सिक्रीले बाँधिएर दुई
सिपाहीहरूका बीच सुतिरहेका थिए । ढोकामा
सुरक्षाकर्मीहरूले पहरा दिइराखेका थिए । **७**जेल-
कोठरीमा अचानक प्रभुका दूत देखापरे र त्यहाँ
एउटा ज्योति चम्क्यो । दूतले पत्रुसलाई कोखामा
कोट्याएर उठाए अनि "छिटो उठ !" भने र
उनका नाडीहरूबाट सिक्रीहरू फुस्किए ।

**८**त्यति बेला स्वर्गदूतले उनलाई भने, "तिम्रो
चप्पल र लुगाहरू लगाऊ ।" अनि पत्रुसले
त्यसै गरे । "तिम्रो खास्टो वरिपरि बेर र मलाई
पछ्याऊ," दूतले उनलाई भने । **९**पत्रुसले
झ्यालखान बाहिरसम्म दूतलाई पछ्याए,
तर स्वर्गदूतले के गर्दैथिए उनलाई केही ज्ञान
थिएन । उनी आफूले एउटा दर्शन देखिराखेको
हो भनिठानेका थिए । **१०**तिनीहरूले पहिलो र
दोस्रो पहरेदारहरूलाई पार गरेर शहरमा जाने
फलामे ढोकामा आइपुगे । तिनीहरूको निम्ति
यो ढोका आफै खुल्यो र यसबाट भएर तिनीहरू
निस्के । एउटा बाटो पूरै हिँडिसकेपछि, स्वर्गदूतले
अचानक तिनलाई छोड़े ।

**११**त्यसपछि पत्रुसलाई होस आयो र उनले
भने, "विना कुनै दुबिधा मलाई थाहा भयो
प्रभुले आफ्नो दूतलाई हेरोदका पञ्जाबाट र
यहूदीहरूले गरेका सबै आशाहरूबाट मलाई
छुटाउन पठाउनुभएको हो ।"

**१२**यो कुरा उनले बुझेपछि उनी 'मर्कूस'
भनिने, यूहन्नाकी आमा मरियमकहाँ गए, जहाँ
धेरै मानिसहरू जम्मा भएर प्रार्थना गरिराखेका
थिए । **१३**पत्रुसले बाहिरी द्वारमा ढकढक्याए, र
'रोदा' नाउँ गरेकी एउटी नोकर्नी केटीले जवाफ
फर्काइन् । **१४**जब तिनले पत्रुसको आवाज सुनिन्,
तिनी खुशी भएर ढोकै नखोलीकन "पत्रुस
ढोकामा हुनुहुन्छ," भनेर चिच्च्याउँदै खबर
गर्न दौडिन् ।

**१५**तिनीहरूले तिनलाई यसरी जवाफ दिए,
"तिमी बहुलाएकी छौ ।" तिनी आफ्नो कुरामा
अडिरहिन् । त्यसकारण, तिनीहरूले "यो पत्रुसको
दूत होला भन्ठाने ।"

**१६**तर पत्रुसले ढोका ढक्ढकाइ नै रहे, र
जब तिनीहरूले ढोका खोले र तिनलाई देखे,

---

**११:२८**–प्रेरित २१:१०. **१२:४**–प्रस्थान १२:१-२७.१३:१७–प्रस्थान १:७, १२:५१.

तिनीहरू अचम्म माने। **१७**पत्रुसले तिनीहरूलाई चुप रहन हातले इसारा गरे र प्रभुले कसरी तिनलाई झ्यालखानबाट निकाल्नुभयो सो बयान गरे। तिनले भने, “यस कुराको समाचार याकूब र अरू भाइहरूलाई दिनू,” र तिनी अर्को ठाउँमा गइहाले ।

**१८**पत्रुसको घटना सम्बन्धमा सिपाहीहरूमा त्यस बिहानी कम्ती खलबली मच्चिएन ! **१९**हेरोदले पत्रुसको धुइँपत्ताल खोजी गर्न लगाए र उनलाई नभेट्टाएपछि पहरेदारहरूसँग पुनः सोधपुछ गरिसकेपछि तिनीहरूलाई मृत्युदण्डको आज्ञा दिए ।

### हेरोदको मृत्यु

त्यसपछि हेरोद यहूदियाबाट सिजरिया गएर त्यहाँ केही समय बसे । **२०**उनले टायर र सिदोनका जनताहरूसित कलह मच्चाइराखेका थिए। ती दुई समूह एउटै भएर उनलाई भेट्न खोजिरहेका थिए । राजाको विश्वासी नोकर बलस्तसको मद्दतमा तिनीहरू शान्ति सम्झौता गर्न चाहन्थे किनकि तिनीहरू खाद्यान्न वितरणको निम्ति राजाको देशमा भर पर्दथे ।

**२१**तोकिएको दिनमा शाही पोशाकमा हेरोद जनतालाई सम्बोधन गर्न सिंहासनमा बसे। **२२**“यो मानिसको नभएर देवताको आवाज हो,” भन्दै मानिसहरू चिच्च्याए। **२३**हेरोदले परमेश्वरलाई महिमा नदिएकोले, प्रभुको एउटा दूतले उनलाई हिर्काए अनि उनमा किरा पर्‍यो र उनी मरे ।

**२४**तर परमेश्वरको वचन बढ्दै र फैलिँदैगयो ।

**२५**बर्णाबास र शाऊलले आफ्नो काम समाप्त गरेपछि तिनीहरू यरूशलेम फर्के । तिनीहरूका साथ मर्कूस नाउँ गरेका यूहन्ना पनि थिए ।

### बर्णाबास र शाऊल पठाइएका

**१३** एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू पनि थिए, तिनीहरू बर्णाबास, काला भनिने शिमियोन, साइरिनीका लुकियस र मनेन (जो शासक हेरोदसँग हुर्केका थिए) अनि शाऊल थिए । **२**तिनीहरू प्रभुको आराधना गरिरहेको बेला र उपवास बसिरहेको बेला पवित्र आत्माले “बर्णाबास र शाऊललाई मैले तोकेको काम गर्नको निम्ति छुट्याओ” भन्नुभयो। **३**त्यसकारण तिनीहरूले उपवाससहित प्रार्थना गरे, ती दुईमाथि आफ्नो हात राखे र तिनीहरूलाई पठाइदिए ।

### साइप्रसमा

**४**ती दुई जना, पवित्र आत्माद्वारा पठाइएअनुसार, सिलुकिया गए र त्यहाँबाट साइप्रसको निम्ति जहाज चढे। **५**जब तिनीहरू सलामिस पुगे, तिनीहरूले यहूदीहरूका सभाघरहरूमा परमेश्वरको वचनको घोषणा गरे । तिनीहरूको सहायताका रूपमा यूहन्ना तिनीहरूसँगै थिए ।

**६**पाफोस नआइपुगुन्जेलसम्म तिनीहरूले सम्पूर्ण टापुको यात्रा गरे। त्यहाँबाट बार-येशू नाउँको एक जना यहूदी जादुगर र झूटा अगमवक्तालाई तिनीहरूले भेटे। **७**त्यो जादुगर एउटा प्रान्तको “सर्गियस पौलुस” नाउँको शासकको टहलुवा थियो । ती शासक, एक जना समझदार मानिस भएकाले, तिनले बर्णाबास र शाऊललाई बोलाए, किनकि उनी परमेश्वरको वचन सुन्न चाहन्थे। **८**तर एलुमास जादुगरले (किनकि उसको नाउँको यही अर्थ हो) तिनीहरूको विरोध गर्‍यो र ती शासकलाई उनको विश्वासबाट फर्काउने प्रयत्न गर्‍यो । **९**त्यसपछि शाऊल, जसलाई “पावल” पनि भनिन्छ, ले एलुमासको आँखातिर एक टकले हेर्दै भने, **१०**“तँ शैतानको सन्तान होस् र हरेक सही कुराको तँ शत्रु होस् । सबै किसिमका छल र कपटले तँ भरिपूर्ण छस् । प्रभुका असल र सही बाटाहरू अपवित्र र भ्रष्ट पार्न के तँ कहिल्यै छाड्दैनस् ? **११**अब परमेश्वरको शक्ति तेरो विरुद्धमा छ। तँ अन्धो हुँदैछस् र आउँदो केही समयका निम्ति सूर्यको प्रकाश देख्न तँ समर्थ हुनेछैनस् ।”

तुरुन्तै कुइरो र अन्धकारले उसलाई ढाक्यो, र कसैले आफ्नो हात समाई डोर्‍याइदेला कि

भनी ऊ यताउती गर्न थाल्यो । **१२**त्यहाँ घटेको
घटना ती शासकले देखेपछि, उनले विश्‍वास
गरे, किनकि प्रभुका बारेमा दिइएको शिक्षाबाट
उनी अचम्म परेका थिए ।

### पिसिदियाको एन्टिओखियामा

**१३**पावल र तिनका सङ्गीहरू पाफोसबाट
जहाज चढ़ी पामफिलियाको पर्गा शहरमा
पुगे । यूहन्‍नाचाहिँ त्यहींबाट यरूशलेम
फर्किए । **१४**पर्गाबाट तिनीहरू पिसिदियाको
एन्टिओखियामा गए । विश्राम-दिनमा तिनीहरू
सभाघरभित्र पसे र त्यहाँ बसे । **१५**त्यहाँ व्यवस्था
र अगमवक्ताका पुस्तकहरू पढ़िसकेपछि,
सभाघरका शासकहरूले तिनीहरूकहाँ यसो
भनेर खबर पठाए, "भाइहरू हो, मानिसहरूलाई
प्रोत्साहित गर्ने अर्तीका वचन तपाईंहरूसँग छ
भने कृपापूर्वक भन्‍नुहोस् ।"

**१६**त्यति सुनेपछि पावल उभिएर सभालाई
शान्त हुन हातले इशारा गर्दै भने: "हे इस्राएलीहरू
र परमेश्‍वरको पूजा गर्ने गैर-यहूदीहरू हो,
मेरो कुरा ध्यानपूर्वक सुन्‍नुहोस् ! **१७**इस्राएली
जातिका मानिसहरूका परमेश्‍वरले हाम्रा
पुर्खाहरूलाई चुन्‍नुभयो । मिश्रदेशमा बस्दा
उहाँले तिनीहरूलाई समृद्धशाली बनाउनुभयो ।
ठूला शक्तिका साथ तिनीहरूलाई उहाँले त्यस
देशबाट बाहिर ल्याउनुभयो । **१८**झण्डै
चालीस वर्षसम्म उजाड़-स्थानमा तिनीहरूको
व्यवहारलाई उहाँले सहनुभयो । **१९**कनानका
सात जातिहरूलाई उहाँले नाश गर्नुभयो र
आफ्ना जनहरूलाई उनीहरूकै पैतृक धनको
रूपमा ती देशहरू दिनुभयो । **२०**प्राय: चारसय
पचास वर्षसम्म तिनीहरूले त्यहाँ अधिकार
जमाए ।

"यसपछि, शमूएल अगमवक्ताको समय
नआउञ्जेलसम्म परमेश्‍वरले तिनीहरूलाई
न्यायकर्ताहरू दिनुभयो । **२१**अनि तिनीहरूले
एउटा राजाको माग गरे, र उहाँले बेन्यामीन
कुलका कीशका छोरा शाऊललाई तिनीहरूको
राजा बनाउनुभयो । तिनले चालीस वर्षसम्म
शासन गरे । **२२**तर शाऊललाई हटाएपछि,
दाऊदलाई उहाँले तिनीहरूको राजा
बनाउनुभयो । तिनको विषयमा साक्षी दिँदै
परमेश्‍वरले भन्‍नुभयो: 'यिशैको छोरा दाऊदलाई
मैले आफ्नो हृदयअनुसारको मानिस पाएँ; उसबाट
म जे काम गराउन चाहन्छु त्यसले ती सबै
काम गर्नेछ ।'

**२३**"यसै मानिसका सन्तानबाट परमेश्‍वरले
प्रतिज्ञा गर्नुभएबमोजिम इस्राएलको उद्धारकर्ता
येशूलाई ल्याउनुभयो । **२४**येशूको आगमनभन्दा
अगाडि यूहन्‍नाले सबै इस्राएलीहरूमा पश्‍चात्ताप
र बप्तिस्माको प्रचार गरे । **२५**जसै यूहन्‍ना
आफ्नो काम पूरा गरिरहेका थिए, उनले भने,
'मलाई तपाईंहरूले को भनी ठान्‍नुभएको छ ?
म त उहाँ होइन । तर उहाँ मपछि आउनुहुनेछ ।
उहाँका पाउका जुत्तासम्म पनि फुकाल्ने योग्यको
म छैनँ ।'

**२६**"अब्राहामका सन्तान, र प्रभुको भय
मान्‍ने गैर-यहूदीका तपाईंहरू, हे भाइहरू हो,
हामीहरूमै यो उद्धारको सन्देश पठाइएको
छ । **२७**यरूशलेमका मानिसहरू र तिनका
शासकहरूले येशूलाई चिनेनन्, तैपनि उहाँलाई
दण्ड दिएर तिनीहरूले हरेक विश्राम-
दिनमा पढ़िने अगमवक्ताहरूका वचनहरूलाई
पूरा गरे । **२८**यद्यपि उहाँलाई मृत्युदण्ड दिन
तिनीहरूले कुनै ठोस कारण फेला पारेनन्,
तर पनि उहाँलाई ज्यान सजाय दिनुपर्छ भनी
पिलातससँग तिनीहरूले माग गरे । **२९**उहाँका
बारेमा लेखिएका सबै कुरा जब तिनीहरूले
पूरा गरे, तिनीहरूले उहाँलाई क्रूसबाट तल
झारे र चिहानमा राखे । **३०**तर परमेश्‍वरले

---

**१३:१८**–गन्ती १४:३४; व्यवस्था १:३१. **१३:१९**–व्यवस्था ७:१; यहोशू १४:१. **१३:२०**–न्यायकर्ता २:१६; १ शमूएल ३:२०.१३:२१–१ शमूएल ८:५; १०:२१. **१३:२२**–१ शमूएल १३:१४; १६:१२; भजन ८९:२०. **१३:२४**–मर्कूस १:४; लूका ३:३. **१३:२५**–मत्ती ३:११; मर्कूस १:७; लूका ३:१६; यूहन्‍ना १:२०, २७. **१३:२८**–मत्ती २७:२२-२३; मर्कूस १५:१३-१४; लूका २३:२१-२३; यूहन्‍ना १९:१५. **१३:२९**–मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७; लूका २३:५०-५६; यूहन्‍ना १९:३८-४२.

उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो ।
३१त्यसपछिका धेरै दिनसम्म गालीलदेखि
यरूशलेमसम्म उहाँका साथ यात्रा गर्नेहरूका
बीच उहाँ प्रकट हुनुभयो । हाम्रा मानिसहरूका
निम्ति तिनीहरू अहिले त्यस कुराको साक्षी
छन् ।

३२“हामी तपाईंहरूलाई त्यो असल समाचार
सुनाउँछौं: हाम्रा पुर्खाहरूसँग परमेश्वरले जे
प्रतिज्ञा गर्नुभयो, ३३तिनीहरूका सन्तान
अर्थात् हामीहरूका निम्ति येशूलाई जीवित
पार्नुभएर परमेश्वरले त्यो प्रतिज्ञा पूरा
गर्नुभयो । दोस्रो भजनमा यस्तै लेखिएको छ:

“‘तिमी मेरा पुत्र हौ;
आज म तिम्रो पिता भएको छु ।’

३४कहिले पनि नकुहिने गरी, उहाँलाई
परमेश्वरले मरेकाहरूबाट जीवित पार्नुभएको
तथ्य, यी वचनहरूमा भनिएको छ:

“‘दाऊदलाई प्रतिज्ञा गरेबमोजिम
म तिमीहरूलाई पवित्र र अटल
आशीर्वाद दिनेछु ।’

३५अन्त पनि यस्तै लेखिएको छ:

“‘तपाईंले आफ्नो पवित्र जनलाई उसको
शरीर सड़ेको हेर्न दिनुहुने छैन ।’

३६“किनकि उनको आफ्नै पुस्तामा दाऊदले
परमेश्वरको उद्देश्यअनुसार काम गरेपछि
उनको मृत्यु भयो । आफ्ना पुर्खाहरूसँगै उनी
गाड़िए र उनको शरीर सड्यो । ३७तर जसलाई
परमेश्वरले मरेकाहरूबाट जीवित पार्नुभयो
उहाँको शरीरचाहिँ सड़ेन ।

३८“त्यसैकारण, मेरा भाइहरू, तपाईंहरू
यो कुरा बुझ्नुहोस् भन्ने म चाहन्छु, येशूद्वारा
पापको क्षमा तपाईंहरूलाई घोषणा गरिएको
छ । ३९उहाँमा विश्वास गर्ने हरेक उहाँद्वारा
नै सबै कुरामा धार्मिक ठहऱ्याइएको छ,
जुन धार्मिकता मोशाको व्यवस्थाद्वारा सम्भव
थिएन । ४०यसकारण होशियार हुनुहोस्,
अगमवक्ताहरूको मुखबाट निस्केका वचन
तपाईंहरूमा लागू नहोस्, किनकि तिनीहरूले
यसो भने:

४१ “‘हे निन्दा गर्नेहरू, हेर,
आश्चर्य मान र नष्ट भइजाओ,
किनकि तिम्रा दिनहरूमा
म त्यस्ता कामहरू गर्नेछु,
कि तिमीहरूलाई कसैले भने पनि तिमीहरू
त्यसमा कहिल्यै विश्वास गर्नेछैनौ ।’”

४२पावल र बर्णाबासले सभाघर छोड़ेपछि,
मानिसहरूले तिनीहरूलाई अर्को विश्राम-दिन
अरू कुरा गर्नका निम्ति बोलाए । ४३सभा
समाप्त गरेपछि धेरै यहूदी तथा यस धर्ममा
निपुण भक्तहरूले पावल र बर्णाबासलाई
पछ्याए जसले परमेश्वरको अनुग्रहमा
लागिरहन तिनीहरूलाई बिन्ती गरे ।

४४प्रभुको वचन सुन्न अर्को विश्राम-दिन
पूरै शहर जम्मा भएर आयो । ४५यहूदीहरूले
भीड़लाई देखेपछि तिनीहरू ईर्ष्याले भरिए र
पावलले भनेका कुराहरूमाथि नाना थरी दोष
लगाए ।

४६त्यसपछि पावल र बर्णाबासले तिनीहरूलाई
निर्भयतापूर्वक जवाफ दिए, “सबैभन्दा पहिला
त तपाईंहरूलाई हामीले परमेश्वरको वचन
भन्नुपऱ्यो । तपाईंहरूले यसको तिरस्कार
गरेर आफैलाई अनन्त जीवनको अयोग्य
बनाउनुभएकोले अब हामी गैर-यहूदीतिर
फर्किन्छौं । ४७त्यसकारण प्रभुले हामीलाई यो
आज्ञा गर्नुभएको छ:

“‘गैर-यहूदीहरूका निम्ति मैले
तिमीहरूलाई एउटा ज्योति बनाएको छु,
ताकि संसारको अन्तिम छेउसम्म
तिमीहरूले उद्धार पुऱ्याउन सक ।’”

---

**१३:३१**–प्रेरित १:३. १३:३३–भजन २:७. **१३:३४**–यशैया ५५:३. **१३:३५**–भजन १६:१०. **१३:४१**–हबकूक १:५.
**१३:४७**–यशैया ४२:६; ४९:६.

**४८**यो कुरा सुनेपछि, गैर-यहूदीहरू खुशी
भए र प्रभुको वचनलाई आदरका साथ ग्रहण
गरे र अनन्त जीवनका लागि नियुक्त भएका
सबैले वचनमा विश्वास गरे ।

**४९**सम्पूर्ण देशभरि प्रभुको वचन फैलियो ।
**५०**तर प्रभुको भय मान्ने शहरका माथिल्ला
दर्जाका महिलाहरू, प्रतिष्ठित र मुख्य
पुरुषहरूलाई यहूदीहरूले उक्साए । पावल र
बर्णाबासका विरुद्धमा तिनीहरूले उत्तेजना
फैलाए र तिनीहरूलाई शहरको सिमानापारि
कटाए । **५१**तर तिनीहरूका विरुद्ध उनीहरूले
आफ्ना खुट्टाका धुलो टकटक्याए र आइकोनियम
गए । **५२**अनि चेलाहरू आनन्द र पवित्र आत्माले
भरिपूर्ण भए ।

## आइकोनियममा

**१४** आइकोनियममा पावल र बर्णाबास
दुवै सदाझैँ यहूदीहरूका सभाघरहरूमा
गए । त्यहाँ तिनीहरूले यति प्रभावकारी
ढङ्गले वचनको प्रचार गरे कि धेरै सङ्ख्यामा
यहूदीहरू र गैर-यहूदीहरूले वचनमा
विश्वास गर्नथाले । **२**तर विश्वास गर्न नमान्ने
यहूदीहरूले चाहिँ गैर-यहूदीहरूलाई उत्तेजित
गर्दै तिनीहरूका मनलाई भाइहरूका विरुद्ध
जगाए । **३**त्यसकारण पावल र बर्णाबास प्रभुका
बारेमा निर्भयतापूर्वक बोल्दै धेरै समयसम्म त्यहीँ
बसे । प्रभुले पनि आफ्नो अनुग्रहको साक्षी दिँदै
तिनीहरूलाई आश्चर्यमय चिन्हहरू र अचम्मका
काम गर्न समर्थ तुल्याउनुभयो । **४**सम्पूर्ण शहर
दुई भागमा बाँडियो । एक थरी यहूदीहरूपट्टि
लागे भने अर्का थरी प्रेरितहरूपट्टि । **५**आफ्ना
अगुवाहरूसँग मिलेर गैर-यहूदीहरू र यहूदीहरूले
तिनीहरूलाई दुर्व्यवहार गर्ने र तिनीहरूमाथि
ढुङ्गा प्रहार गर्ने योजना बनाए । **६**तर यस योजना
थाहा पाएकाले तिनीहरू लाइकोनियाका लिस्त्रा
र डर्बी शहरहरूका साथै त्यस भेगका अन्य
क्षेत्रहरूमा भागेर गए, **७**र ती ठाउँहरूमा
तिनीहरूले निरन्तर सुसमाचार प्रचार गरिरहे ।

## लिस्त्रा र डर्बीमा

**८**जन्मैदेखि लङ्गडो भएको कारण आफ्नो
खुट्टाले कहिल्यै नहिँडेको एक जना मानिस
लिस्त्रामा बस्थ्यो । **९**पावलका बोलीहरू त्यस
मानिसले सुनिरह्यो । त्यस मानिसको अनुहारमा
पावलले एक टकले हेरेपछि थाहा पाए, उसको
रोग निको हुने विश्वास ऊसँग थियो । **१०**त्यसैले
तिनले उच्च स्वरमा भने, "आफ्नो खुट्टामा
उभी !" त्यति भन्नासाथै, त्यो मानिस जुरुक्क
उठ्यो र हिँड्न थाल्यो ।

**११**पावलले गरेका कुराहरू जसै भीड़ले देख्यो,
तिनीहरू लाइकोनियाको भाषामा चिच्च्याउन
थाले, "मानिसहरूका भेषमा ईश्वरहरू हामीकहाँ
आएका छन् ।" **१२**तिनीहरूले बर्णाबासलाई
"जिउस देवता" र पावललाई "हर्मेस देवता"
भन्नथाले किनकि पावल नै मुख्य वक्ता थिए ।
**१३**शहरको ठीक बाहिरपट्टि भएको जिउस
देवताको मन्दिरका पूजाहारीले शहरको ढोकामा
फूलका मालाहरू र गोरुहरू ल्याए किनकि
तिनी र त्यस भीड़ले उनीहरूलाई बलि चढाउन
चाहे ।

**१४**तर प्रेरितहरू बर्णाबास र पावलले जसै
यो कुरा सुने, तब आफ्ना वस्त्रहरू च्यात्दै तिनीहरू
भीड़तिर दौड़े र यसो भने, **१५**"मानिसहरू हो,
किन तपाईंहरू यसो गर्दै हुनुहुन्छ ? हामीहरू
पनि तपाईंहरूजस्तै मानिस हौं । हामी त
तपाईंकहाँ सुसमाचार लिएर आएका छौं । यी
तुच्छ कुराबाट आफूलाई हटाएर स्वर्ग, पृथ्वी
र समुद्रका साथै त्यहाँ भएका हरेक कुराको
रचना गर्नुहुने उनै परमेश्वरपट्टि फर्कनुहोस्
भन्न हामी तपाईंहरूसमक्ष आएका हौं ।
**१६**बितेका दिनहरूमा उहाँले सबै जातिहरूलाई
आफूखुशी गर्न र आफ्नै व्यवस्थाअनुसार चल्ने
छुट दिनुभयो । **१७**तैपनि आफूलाई उहाँले विना
कुनै साक्षी त्यसै छाड्नुभएन । किनकि स्वर्गबाट
वर्षा गराएर र मौसमअनुसार अन्न तपाईंहरूलाई
दिएर उहाँले दया देखाउनुभएको छ । उहाँले
तपाईंहरूलाई प्रचुर मात्रामा खाद्यान्न दिनुहुन्छ

---

**१३:५१**–मत्ती १०:१४; मर्कूस ६:११; लूका ९:५; १०:११. **१४:१५**–प्रस्थान २०:११, भजन १४६:६.

र तपाईंहरूको हृदय आनन्दले भरिदिनुहुन्छ ।”
**१८**यस्तो वचन बोलेर सम्झाउँदा पनि त्यो
भीड़लाई बलि चढाउनबाट रोक्न तिनीहरूलाई
निक्कै कठिन परिरहेको थियो ।
**१९**त्यसै बेला एन्टिओखिया र आइकोनियमबाट
केही यहूदीहरू त्यहाँ आइपुगे र तिनैले आफ्नो
कुराबाट त्यस भीड़लाई मनाई तिनीहरूलाई
प्रेरितहरू विरुद्ध उक्साए। त्यस भीड़ले पावलमाथि
ढुङ्गा बर्सायो र तिनी मरेको ठानी तिनलाई
घिसार्दै शहरबाहिर लग्यो । **२०**तर चेलाहरू
तिनी वरिपरि नजिकै भेला भएपछि, उनी उठे
र शहरमा फेरि फर्की गए। त्यसको भोलिपल्ट
उनी र बर्णाबास त्यहाँबाट डर्बी गए ।

## सिरियाको एन्टिओखियामा फिर्ता

**२१**त्यस शहरमा तिनीहरूले सुसमाचारको
प्रचार गरे र ठूलो सङ्ख्यामा चेलाहरू बनाए।
त्यसपछि तिनीहरू लिस्त्रा, आइकोनियम र
एन्टिओखिया फर्के । **२२**ती ठाउँहरूका
विश्वासीहरूलाई आफ्नो विश्वासमा बलियो
पार्दै र तिनका विश्वासमा अटल रहन प्रोत्साहन
दिँदै तिनीहरूले प्रचार गरे । तिनीहरू भन्थे,
“परमेश्वरको राज्यमा प्रवेश गर्नका निम्ति
हामीले धेरै कठिनाइहरू पार गर्नुपर्दछ ।”
**२३**हरेक मण्डलीमा तिनीहरूका निम्ति पावल
र बर्णाबासले एल्डरहरूको नियुक्ति गरे, र
जस जसमाथि तिनीहरूले भरोसा राखेका
थिए, प्रार्थना र उपवासद्वारा तिनीहरूलाई
प्रभुप्रति समर्पित गराए। **२४**त्यसपछि पिसिदिया
जाँदा तिनीहरू पामफिलियामा पनि निस्के,
**२५**अनि पर्गामा वचन प्रचार गरेपछि तिनीहरू
अटालियामा गए ।
**२६**अटालियाबाट तिनीहरू जहाज चढेर
एन्टिओखिया गए, जहाँ तिनीहरूले यस समयसम्म
पूरा गरेका कामका निम्ति परमेश्वरको
अनुग्रहमा आफैलाई अर्पण गरेका थिए। **२७**त्यहाँ
पुगेपछि, तिनीहरूले मण्डलीका विश्वासीहरूलाई
भेला गराए र परमेश्वरले तिनीहरूद्वारा गर्नुभएको
सबै कामहरू र कसरी उहाँले गैर-यहूदीहरूका
निम्ति पनि विश्वासको द्वार खोल्नुभएको थियो,
त्यो कुराको वर्णन गरे । **२८**अनि त्यसपछि
त्यहाँका चेलाहरूसँगै तिनीहरू धेरै समयसम्म
बसे ।

## यरूशलेमको परिषद्

**१५** यहूदियाबाट केही मानिसहरू एन्टिओखिया
आएर भाइहरूमा यसरी प्रचार गर्नथाले:
“मोशाले सिकाएका रीतिअनुसार जबसम्म
तिमीहरूको खतना हुँदैन, त्यस समयसम्म
तिमीहरूको उद्धार हुनसक्दैन ।” **२**यसले गर्दा
तिनीहरूसँग पावल र बर्णाबासको ठूलो मतभेद
र वादविवाद भयो। त्यसकारण यरूशलेम गई
त्यहाँका प्रेरितहरू र एल्डरहरूसँग यस प्रश्नको
टुङ्गो लगाउन पावल र बर्णाबास केही अन्य
विश्वासीका साथ नियुक्त गरिए । **३**मण्डलीले
तिनीहरूलाई त्यसरी पठाएपछि, जब तिनीहरू
फोनिके र सामरियाको बाटो हुँदै यात्रा गरिरहेका
थिए, तब तिनीहरूले कसरी गैर-यहूदीहरू
प्रभुको बाटोमा फर्किएका थिए सो बताए ।
त्यो खबरले सबै भाइहरू प्रशन्न भए । **४**जब
तिनीहरू यरूशलेममा आए, तिनीहरूको मण्डली,
प्रेरित र एल्डरहरूद्वारा ठूलो स्वागत भयो ।
तिनीहरूले पनि उनीहरूद्वारा परमेश्वरले
गराउनुभएका सबै कामहरूको बयान गरे ।
**५**त्यसपछि फरिसी दलका केही विश्वासीहरू
उठे र भने, “गैर-यहूदीहरूको खतना गरिनै
पर्दछ र तिनीहरू मोशाको व्यवस्था मान्न बाध्य
छन् ।”
**६**यस प्रश्नमा विचार गर्न प्रेरितहरू र
एल्डरहरू भेला भए । **७**ठूलो बहसपछि पत्रुस
उठेर सम्बोधन गर्नथाले: “भाइहरू, तपाईंहरूलाई
थाहा छ, सुसमाचारको सन्देश मेरो मुखद्वारा
गैर-यहूदीहरूले सुनून् र त्यसमा विश्वास गरून्
भनेर केही समयअघि परमेश्वरले तपाईंहरूबाट
मेरो छनौट गर्नुभयो । **८**हृदयभित्रका कुरा
जान्नुहुने परमेश्वरले जसरी हामीलाई पवित्र

---

**१५:१**–लेवी १२:३. **१५:७**–प्रेरित १०:१-४३. **१५:८**–प्रेरित २:४; १०:४४.

आत्मा दिनुभएको थियो, त्यसरी नै उहाँले
गैर-यहूदीहरूलाई पवित्र आत्मा दिनुभई
आफूले तिनीहरूलाई स्वीकार गर्नुभएको
हामीलाई देखाउनुभयो । **९**हामी र तिनीहरूबीच
उहाँले कुनै भेद गर्नुभएन, किनकि विश्वासद्वारा
तिनीहरूका हृदय उहाँले शुद्ध पार्नुभयो ।
**१०**त्यसैले अब, चेलाहरूको काँधमा यो
जुवा राखिदिएर परमेश्वरको परीक्षा लिन
तपाईंहरू किन प्रयत्न गर्दै हुनुहुन्छ ? जसलाई
सहन न त हामी न त हाम्रा पुर्खाहरू नै समर्थ
भएका थियौं ? **११**होइन ! हामी विश्वास
राख्छौं, हाम्रा प्रभु येशूको अनुग्रहद्वारा जसरी
हाम्रो उद्धार भयो, त्यसरी नै उनीहरूको पनि
भएको छ ।"

**१२**गैर-यहूदीहरूका बीच तिनीहरूद्वारा
परमेश्वरले गर्नुभएका आश्चर्यमय चिन्हहरू र
अचम्मका कामहरू बर्णाबास र पावलले जसै
त्यस परिषद्मा सुनाए, तिनीहरू चुप भए ।
**१३**तिनीहरूको भनाइ सकिएपछि, याकूबले भने:
"भाइहरू हो, मेरो कुरा सुन्नुहोस् । **१४**गैर-
यहूदीहरूबाट परमेश्वरले आफ्ना निम्ति एक
जना व्यक्तिको छनौट गरेर त्यस जातिप्रति सबैभन्दा
पहिले उहाँले नै कसरी चासो देखाउनुभयो,
यसको वर्णन सिमोनले हामीलाई गरे । **१५**अनि
उनको यस भनाइसँग अगमवक्ताहरूको वचन
मिल्छ, किनकि यस्तो लेखिएको छ:

**१६** "'यसपछि म फर्किनेछु
र दाऊदको भत्केको वासस्थान पुन:
निर्माण गर्नेछु ।
यसको भग्नावशेष म पुन: निर्माण गर्नेछु,
र यसलाई पुन: स्थापित गर्नेछु ।
**१७** बाँकी मानिसहरूले परमेश्वरलाई
खोज्न सकून्,
र मेरो नाउँ लिने गैर-यहूदीहरूले पनि
खोज्न सकून्,
परमप्रभु भन्नुहुन्छ, जसले यी कुराहरू
गर्नुहुन्छ ।'
**१८** जुन सृष्टिको आरम्भदेखि जानिएको छ ।

**१९**"त्यसकारण, यो मेरो फैसला हो,
परमेश्वरप्रति फर्केर आएका गैर-यहूदीहरूका
निम्ति हामीले कठिन पार्न हुँदैन । **२०**त्यसको
साटो तिनीहरूका निम्ति हामीले लेखिदिनुपर्दछ,
मूर्तिपूजाको अशुद्धताबाट तिनीहरू अलग
बस्नुपर्दछ । यौनिक विकृतिबाट र घाँटी अठ्याएर
मारिएका पशुहरूको मासुको रगत खानबाट
पनि तिनीहरूले आफूलाई रोक्नुपर्दछ । **२१**किनकि
धेरै अघिदेखि प्रत्येक शहरमा मोशाको शिक्षाको
प्रचार भएको छ र हरेक विश्राम-दिन
सभाघरहरूमा त्यसलाई पढिन्छ ।"

## गैर-यहूदी विश्वासीहरूलाई परिषद्को पत्र

**२२**त्यसपछि प्रेरितहरू र एल्डरहरू लगायत,
सम्पूर्ण मण्डलीले आफूहरूमध्ये कोही
मानिसहरूलाई छानी पावल र बर्णाबासका
साथ एन्टिओखिया पठाउने निर्णय गरे ।
तिनीहरूले यहूदा (बर्साबास भनिने) र
भाइहरूमध्येका अगुवा सिलासलाई छाने ।
**२३**उनीहरूको हातमा तिनीहरूले यस्तो पत्र
पठाए:

एन्टिओखिया, सिरिया र किलिकियामा
बस्ने गैर-यहूदीका विश्वासीहरूमा:

हामी प्रेरितहरू, एल्डरहरू र तपाईंका
भाइहरूको अभिवादन ।

**२४**हाम्रो अधिकार प्राप्त नगरीकन
हामीमध्ये कोही मानिसहरू त्यहाँ आएर
नाना थरीका कुरा गरी तपाईंहरूको मन
बिथोलेर, तपाईंहरूलाई बिघ्नबाधा पुऱ्याएको
हामीले सुन्यौं । **२५**त्यसैकारण कोही
मानिसहरूको छनौट गरी तिनीहरूलाई
हाम्रा प्रिय सङ्गी बर्णाबास र पावलका साथ
तपाईंहरूकहाँ पठाउने हामी सबैले संयुक्त
रूपमा निर्णय गऱ्यौं । **२६**यी मानिसहरूले
हाम्रा प्रभु येशू ख्रीष्टका नाउँका निम्ति
आफ्नो जीवन जोखिममा पारेका छन् ।

---

**१५:१६-१८**–आमोस ९:११-१२. **१५:२०**–प्रस्थान ३४:१५-१७; लेवी १७:१०-१६; १८:६-२३.

**२७**यसैले हामी जे लेखिरहेका छौं, त्यसलाई
आफ्ना मुखको वचनद्वारा प्रमाणित गर्न
यहूदा र सिलासलाई पठाइरहेका छौं ।
**२८**यसमा लेखिएका आवश्यक कुराहरूभन्दा
बढी गर्नु भनेर तपाईंको काँधमा बढी बोझ
हाल्न पवित्र आत्मा र हामी आवश्यक
ठान्दैनौं । **२९**मूर्तिहरूलाई चढाइएको बलिको
मासु, घाँटी अठ्याएर मारिएका पशुहरूको
मासु, रगत र व्यभिचारबाट तपाईंहरू
अलग हुनुपर्छ । यी सब कुराबाट अलग
रहनुभयो भने असल हुनेछ ।

बिदा ।

**३०**ती मानिसहरू त्यहाँबाट पठाइए र
एन्टिओखिया पुगे । त्यहाँ तिनीहरूले गैर-
यहूदीलाई एकैसाथ भेला गराएर त्यो चिट्ठी
प्रस्तुत गरे । **३१**ती मानिसहरूले त्यो पत्र पढे
र त्यसका उत्साहपूर्ण अर्तीबाट खुशी भए ।
**३२**यहूदा र सिलास, जो आफै पनि अगमवक्ता
थिए, उनीहरूले भाइहरूलाई प्रोत्साहित गर्न
र बलियो पार्न थुप्रै कुरा भने । **३३**त्यहाँ केही
दिन बिताएपछि, तिनीहरू जहाँबाट पठाइएका
थिए त्यहीं भाइहरूको शान्तिको आशिष्सहित
फिर्ता पठाइए । [**३४**तर सिलासले त्यहीं बस्ने
निर्णय गरे ।] **३५**तर पावल र बर्णाबासचाहिँ
एन्टिओखियामै बसे, जहाँ तिनीहरू र अरूहरूले
पनि प्रभुको वचनको शिक्षा दिए र प्रचार
गरे ।

### पावल र बर्णाबासबीच मतभेद

**३६**केही समयपछि पावलले बर्णाबासलाई
यसो भने, "हामीले जति शहरहरूमा प्रभुको
वचनको प्रचार गर्‍यौं ती सबै ठाउँहरूमा हामी
फर्केर जाऔं र भाइहरूलाई भेटेर तिनीहरू
कसरी प्रभुमा लागिरहेका छन् हेरौं ।" **३७**बर्णाबास
'मर्कूस' भनिने यूहन्नालाई पनि आफूसँग लिएर
जान चाहन्थे । **३८**तर पावलको विचारमा
तिनीलाई साथमा लैजानु बुद्धिमानी थिएन,
किनकि पामफिलियामा उनले तिनीहरूलाई
छोड़ेका थिए र तिनीहरूको काममा निरन्तर
साथ दिएका थिएनन् । **३९**तिनीहरूका बीच
यति गहिरो मतभेद भयो, तिनीहरू एक अर्काबाट
छुट्टिए । बर्णाबासले मर्कूसलाई साथ लिए र
साइप्रसका निम्ति जहाजबाट प्रस्थान गरे ।
**४०**पावलले सिलासलाई आफ्नो साथमा लिए र
भाइहरूद्वारा प्रभुको अनुग्रहमा अर्पण भई
हिँड़े । **४१**मण्डलीहरूलाई बलियो बनाउँदै तिनले
सिरिया र किलिकियाको यात्रा गरे ।

### तिमोथी पावल र सिलाससँग मिसिएका

**१६** पावल डर्बी हुँदै लिस्त्रा आए । त्यहाँ
तिमोथी नाउँका एक जना चेला बस्थे ।
तिनकी आमा यहूदी जातिकी विश्वासी थिइन्,
तर बाबुचाहिँ ग्रीक थिए । **२**लिस्त्रा र आइकोनियमका
भाइहरूले उनको बारेमा राम्रो कुरा गर्थे ।
**३**पावल आफ्नो यात्रामा उनलाई साथै लिएर
जान चाहन्थे । त्यसैले तिनले उनको खतना
गरे, किनकि त्यस क्षेत्रमा बस्ने सबै यहूदीहरूलाई
उनका बाबु ग्रीक हुन् भन्ने थाहा थियो ।
**४**जसै तिनीहरू एक शहरपछि अर्को शहर
गए, तिनीहरूले यरूशलेमका प्रेरितहरू र
एल्डरहरूद्वारा मानिसहरूलाई अनुसरण गर्नका
निम्ति गरिएको निर्णय सुनाइदिए । **५**यसरी
मण्डलीहरू विश्वासमा शक्तिशाली हुँदै गए र
तिनीहरूको सङ्ख्या दिनदिनै बढ्दै गयो ।

### पावलले म्यासिडोनियाको मानिसको दर्शन पाएका

**६**एसिया प्रान्तमा वचन प्रचार गर्न पवित्र
आत्माले रोक्नुभएकोले पावल र उनका सङ्गीहरू
फ्रिगिया र गलातियाका क्षेत्रहरूमा गए । **७**जसै
तिनीहरू माइसियाको सिमानामा आइपुगे,
तिनीहरू बिथिनिया जाने प्रयास गर्नथाले । तर
येशूको आत्माले तिनीहरूलाई त्यसतर्फ जान
अनुमति दिनुभएन । **८**त्यसैकारण तिनीहरू
माइसिया हुँदै त्रोआस गए । **९**रात्रीका समयमा

---

**१५:३८**–प्रेरित १३:१३.

म्यासिडोनियाका एक जना मानिसले उभिएर
तिनलाई हात जोड़ेर यसरी बिन्ती गरिरहेको
तिनले दर्शन देखे, "तपाईं म्यासिडोनिया
आउनुहोस् र हामीलाई सहायता गर्नुहोस् ।"
**१०**पावलले यो दर्शन पाएपछि परमेश्वरले
तिनीहरूलाई सुसमाचारको शिक्षा दिन हामीलाई
बोलाउनुभएको हो भन्ने निर्णय गरी म्यासिडोनिया
जानका निम्ति हामी तुरुन्तै तयार भयौं ।

## फिलिप्पीमा लिडियाको परिवर्तन

**११**त्रोआसबाट जहाजमा चढ़ी हामी सोझै
सामोथ्रेसतिर लाग्यौं, र त्यसको भोलिपल्टै
नियापोलिस पुग्यौं । **१२**त्यहाँबाट रोमी उपनिवेश
र म्यासिडोनियाको त्यस क्षेत्रको एउटा प्रमुख
शहर फिलिप्पी आइपुग्यौं र त्यहाँ हामी कैयौं
दिनसम्म बस्यौं ।

**१३**विश्राम-दिन शहरको द्वारबाट बाहिर आई
हामी नदीतर्फ लाग्यौं । हामीले त्यहाँ प्रार्थनाको
एउटा स्थान पाउने आशा राखेका थियौं । हामी
त्यहाँ बस्यौं र त्यहीं भेला भएका महिलाहरूसँग
कुरा गर्न थाल्यौं । **१४**अनि हाम्रो कुरा सुन्ने
महिलाहरूमध्ये एक जना थिआटीरा शहरकी
बैजनी रङ्गको कपडाको व्यापार गर्ने लिडिया
नाउँकी महिला थिइन् । तिनी परमेश्वरकी
भक्तिनी थिइन् । पावलको शिक्षा ग्रहण गर्न
परमेश्वरले उनको हृदय खोलिदिनुभयो । **१५**जब
तिनी र तिनका घरका सबै सदस्यहरूको
बप्तिस्मा भयो, तिनले हामीलाई आफ्नो घरमा
निम्त्याइन् । तिनले "यदि तपाईं मलाई प्रभुको
विश्वासी ठहराउनुहुन्छ भने, मेरा घरमा आई
बस्नुहोस्" भनेर हामीलाई कर गरिन् ।

## पावल र सिलास झ्यालखानमा

**१६**एक दिन जब हामी प्रार्थनास्थलतिर
गइरहेका थियौं, हामीले एउटी दासी केटीलाई
भेटयौं जससँग भविष्य बताउने दुष्ट आत्मा
थियो । भविष्य बताएरै त्यस केटीले आफ्ना
मालिकहरूका निम्ति ठूलो धनराशि कमाइदिएकी
थिई । **१७**यस केटीले पावल र हामी सबैको
पछि लाग्दै यसरी कराई, "यी मानिसहरू
सर्वोच्च परमेश्वरका सेवकहरू हुन् ।
तपाईंहरूको उद्धारको बाटो यिनीहरू बताइरहेका
छन् ।" **१८**धेरै दिनसम्म त्यसले यस्तै गरिरही ।
अन्त्यमा, यस कुराले पावललाई यति चिन्तित
गरायो कि फनक्क फर्केर तिनले त्यस दुष्ट
आत्मालाई भने, "येशू ख्रीष्टको नाउँमा यस
केटीबाट बाहिर आउन म तँलाई आदेश
दिन्छु ।" त्यसै क्षण त्यो दुष्ट आत्माले त्यसलाई
छोड़िदियो ।

**१९**जब त्यस दासी केटीका मालिकहरूले
आफ्नो पैसा कमाउने आशा मरेको थाहा पाए,
तिनीहरूले पावल र सिलासलाई समातेर
बजारबाट घिस्याउँदै हाकिमहरूकहाँ लगे ।
**२०**अनि तिनीहरूले यसो भने, "यी मानिसहरू
यहूदीहरू हुन्, र यिनीहरू हाम्रा शहरमा गोलमाल
फैलाउँदै छन् । **२१**यिनीहरू हामीले रोमीहरूलाई
स्वीकार गर्न वा व्यवहारमा ल्याउन न्यायसङ्गत
नहुने रीतिथितिहरूको प्रचार गर्दैछन् ।"

**२२**भीड़ पावल र सिलासमाथि जाइलाग्न
एक भए, अनि हाकिमहरूले तिनीहरूलाई नाङ्गो
तुल्याएर कुट्ने आदेश दिए । **२३**छड़ीले बेसरी
कुटेपछि तिनीहरूलाई झ्यालखानमा जाके
र सुरक्षाकर्मीलाई तिनीहरूको निगरानी
सावधानीपूर्वक गर्ने आदेश दिए । **२४**यस्तो आदेश
पाएपछि झ्यालखानका सुरक्षाकर्मीले पनि
तिनीहरूलाई सबैभन्दा भित्रको कोठरीमा लगेर
थुने र तिनका खुट्टामा ठिँगुरो ठोकी दिए ।

**२५**मध्यराततिर पावल र सिलास प्रार्थना
गर्नुको साथै परमेश्वरको भजन गाइरहेका थिए,
र त्यहाँका अरू बन्दीहरूले त्यो सुनिरहेका
थिए । **२६**अकस्मात्, त्यहाँ ठूलो भूकम्प आयो
जसले गर्दा झ्यालखानका जगहरू हल्लिन
थाले । तुरुन्तै त्यसका सबै ढोकाहरू खुलेर सबै
बन्दीहरूका बन्धन पनि खुले । **२७**हल्लीखल्लीले
झ्यालखानका हाकिम निद्राबाट ब्यूँझे र जसै
तिनले झ्यालखानका ढोकाहरू आफै खुलेका
देखे, तिनले आफ्नो तरवार म्यानबाट थुते र
सबै बन्दीहरू भागेको ठानेर तिनले आत्महत्या
गर्नै आटेका थिए । **२८**त्यो देखेर पावल कराए,
"आत्महत्या नगर्नुहोस् ! हामी सबै यहीं छौं !"

**२९**ती हाकिमले त्यहाँ बत्ती मगाए र दौड़िँदै
भित्र गए । अनि पावल र सिलासका सामु
डरले थरथर काप्दै घोप्टो परे । **३०**त्यसपछि
तिनीहरूलाई ती हाकिमले झ्यालखानबाट बाहिर
ल्याए र सोधे, "आदरणीय जनहरू हो, उद्धार
पाउनका निम्ति मैले के गर्नुपर्दछ ?"

**३१**तिनीहरूले जवाफ दिए, "प्रभु येशूमा
विश्वास गर्नुहोस्, तपाईं र तपाईंका परिवारले
उद्धार पाउनुहुनेछ ।" **३२**त्यसपछि पावल र
सिलासले तिनका घरका सबै जना र तिनीसँग
प्रभुको वचन बोले । **३३**रात्रीको त्यस पहरमा
ती हाकिमले तिनीहरूलाई बाहिर लगेर तिनका
घाउहरू धोइदिए । अनि तिनी र तिनका
परिवारले तुरुन्तै बप्तिस्मा लिए । **३४**हाकिमले
आफ्नो घरमा तिनीहरूलाई ल्याए र तिनीहरूका
अगाडि भोजन राखिदिए । तिनी अब आनन्दले
भरिए किनकि तिनी र तिनका पूरा परिवारले
परमेश्‍वरमा विश्वास गरेका थिए ।

**३५**उज्यालो भएपछि, शहरका हाकिमहरूले
आफ्ना अधिकृतहरूलाई "ती मानिसहरूलाई
छाड़िदिनु" भन्ने आदेशका साथ झ्यालखानका
हाकिमकहाँ पठाए । **३६**त्यो सुनेर झ्यालखानका
हाकिमले पावललाई भने, "शहरका हाकिमले
तपाईं र सिलासलाई छाड़िदिने आदेश दिनुभएको
छ । अब तपाईंहरू जान सक्नुहुन्छ, शान्तिसाथ
जानुहोस् ।"

**३७**तर पावलले हाकिमहरूलाई भने: "हामी
रोमी नागरिक हुँदाहुँदै पनि विना कुनै सुनुवाइ
तिनीहरूले हामीलाई सार्वजनिक रूपमा पिटे
र झ्यालखानमा ल्याएर जाके । अब के तिनीहरू
हामीलाई कसैले थाहा नपाउने गरी गोप्य
तरिकाले छोड्न चाहन्छन् ? होइन, तिनीहरू
आफै यहाँ आउनुपर्छ र हामीलाई बाहिर लिएर
जानुपर्छ ।"

**३८**अधिकृतहरूले यो कुरा शहरका
हाकिमहरूलाई सुनाए । पावल र सिलास रोमी
नागरिक भएको जब तिनीहरूले सुने, तिनीहरू
तर्सिए । **३९**तिनीहरूलाई खुशी पार्न तिनीहरू
आए र शहरबाट अन्तै जाने अनुरोध गर्दै
तिनीहरूलाई झ्यालखानबाट बाहिर ल्याए ।
**४०**झ्यालखानबाट पावल र सिलास बाहिर
आएपछि, तिनीहरू लिडियाको घर गए अनि
त्यहाँ तिनीहरूले भाइहरूलाई भेटे र तिनीहरूलाई
प्रोत्साहित गरे । त्यसपछि तिनीहरूले त्यो शहर
छाड़े ।

## थेसलोनिकेमा

**१७** पावल र सिलास अम्फिपोलिस र
अपोल्लोनियाको बाटो हुँदै थेसलोनिकेमा
आए । त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो ।
**२**आफ्नो बानीअनुसार, पावल त्यस सभाघरमा
गए र तीन सातासम्म तिनले धर्मशास्त्रका
वचनहरूको सत्यता बताए । **३**ख्रीष्टले कष्ट
भोग्नुभएको र मरेकाहरूबाट जीवित हुनुभएको
कुराको धर्मशास्त्रबाट प्रमाण दिँदै वर्णन गरे ।
तिनले भने, "तपाईंहरूका सामु मैले घोषणा
गरेको यिनै येशू ख्रीष्ट हुनुहुन्छ ।" **४**सभाघरका
केही यहूदीहरू तिनको कुरा सुनेर प्रोत्साहित
भए अनि पावल र सिलासलाई साथ दिए ।
त्यसै गरी, प्रभुको भय मान्ने ग्रीक र प्रतिष्ठित
महिलाहरू पनि ठूलो सङ्ख्यामा पावल र
सिलासका साथमा आए ।

**५**तर यहूदीहरूले ईर्ष्या गर्नथाले; त्यसकारण,
बजारका केही बदमास मानिसहरूलाई तिनीहरूले
जम्मा पारी तिनीहरूको हूल खड़ा गरे र
तिनीहरूबाट शहरमा हूलदङ्गा मच्चाए । त्यसपछि
पावल र सिलासलाई भीड़का सामु ल्याउन तिनीहरू
जेसनको घरमा दौड़िँदै गए । **६**तर जब त्यहाँ
तिनीहरूलाई पाएनन्, तिनीहरूले जेसन र अरू
केही भाइहरूलाई शहरका अधिकृतहरूका सामु
घिस्याउँदै ल्याए र कराउन थाले: "संसारभरि
समस्या खड़ा गर्ने यी मानिसहरू यहाँ आएका
छन्, **७**र तिनीलाई जेसनले आफ्नो घरमा स्वागत
गरेको छ । तिनीहरू सबैले 'येशू' भन्ने अर्कै
राजा छन् भन्दै, सिजरको आदेश र हुकुमप्रति
अट्टेरी गरिरहेका छन् ।" **८**यो सुन्नासाथै त्यहाँ
जम्मा भएको भीड़ र शहरका हाकिमहरूका
बीच खैलाबैला मच्चियो । **९**त्यसपछि तिनीहरूले
जेसन र उनका साथ ल्याइएका अरूहरूसँग
धरौटी लिएर तिनीहरूलाई छाड़िदिए ।

## बेरियामा

**१०**रात परेपछि, भाइहरूले पावल र
सिलासलाई बेरिया पठाए । त्यहाँ पुगेपछि,
तिनीहरू यहूदीहरूको सभाघर गए ।
**११**थेसलोनिकेका मानिसहरूभन्दा बेरियाका
निवासीहरू बढी भद्र थिए, किनकि
सुसमाचारलाई तिनीहरूले बड़ो उत्साहका साथ
ग्रहण गरे र पावलले भनेका कुराहरू कतिसम्म
सही हुन् त्यो जाँच्न हरेक दिन धर्मशास्त्रको
अध्ययन गर्थे । **१२**धेरैजसो यहूदीहरूले विश्वास
गरे । त्यसैगरी ठूलो सङ्ख्यामा प्रतिष्ठित ग्रीक
महिला र पुरुषहरूले पनि विश्वास गरे ।

**१३**बेरियामा परमेश्वरको वचनको शिक्षा
पावलले दिइरहेको जसै थेसलोनिकेका
यहूदीहरूले थाहा पाए, तिनीहरू त्यहाँ पनि
गए र भीड़लाई उक्साएर पावल विरुद्ध उचाल्न
थाले । **१४**अनि भाइहरूले पावललाई तुरुन्तै
समुद्रको किनारतिर पठाइदिए । तर सिलास र
तिमोथीचाहिँ बेरियामै बसे । **१५**पावललाई लिएर
जानेहरूले तिनलाई एथेन्स पुऱ्याए । त्यसपछि
सिलास र तिमोथीले सकेसम्म छिटो पावलकहाँ
जानुपर्दछ भन्ने निर्देशन छोड़ेर तिनीहरू फर्के ।

## एथेन्समा

**१६**जुन बेला पावल एथेन्समा सिलास
र तिमोथीलाई पर्खिरहेका थिए, त्यस शहरका
प्रशस्त मूर्तिहरू देखेर तिनी धेरै दु:खी भए ।
**१७**त्यसैले तिनी सभाघरका यहूदीहरू र
परमेश्वरको भय मान्ने ग्रीकहरूसँग र बजारमा
उपस्थित मानिसहरूसँग दिनहुँ तर्क गर्थे ।
**१८**इपिक्युरी र स्तोइकी दार्शनिकहरूका समूहले
तिनीसँग वादविवाद गर्नथाले । तीमध्ये केहीले
सोधे, "यो बकबके के भन्न खोज्दैछ ?" अरूले
यस्तो टिप्पणी गरे, "यो मानिस अन्य कुनै
परदेशी देवताको प्रचार गर्ने जस्तो देखिन्छ ।"
पावलले येशू र मृतकबाट जीवित हुने कुराको
शिक्षा दिएकाले तिनीहरूले यस्तो भने ।
**१९**त्यसपछि तिनीहरूले उनलाई समातेर
अरियोपागसको सभामा लगेर सोधे, "तपाईंले
प्रचार गरिरहनुभएको यो नयाँ शिक्षाका
बारेमा के हामी जान्नसक्छौं ? **२०**तपाईंले भनेका
बिचित्रका कुराहरू हामी सुन्दैछौं र त्यसको
के अर्थ हो सो हामी जान्न चाहन्छौं ।"
**२१**(त्यहाँ बस्ने सबै एथेनीहरू र परदेशीहरू
केही काम नगरी नयाँ विचारहरू सुन्ने र
त्यस बारेमा कुराकानी गरी आफ्नो समय
बिताउने गर्थे ।)

**२२**तिनीहरूको कुरा सुनेपछि अरियोपागसको
त्यस सभामा उठेर पावलले यसो भने,
"एथेन्सका मानिसहरू हो ! म देख्दैछु, तपाईंहरू
हर किसिमले अति धर्मात्मा हुनुहुन्छ । **२३**किनकि
जब म यस शहरतिर घुमें र तपाईंहरूले पूजा
गर्ने मूर्तिहरूलाई देखें, त्यहाँ एउटा वेदीमा
मैले यस्तो लेखिएको पाएँ– 'अज्ञात देवताका
निम्ति ।' अब त्यो अज्ञात देउता भनेर तपाईंहरू
जसको पूजा गरिरहनुभएको छ, उहाँ को हुनुहुन्छ
त्यो म तपाईंहरूलाई घोषणा गर्नेछु ।

**२४**"यस संसार र यसभित्र भएका हरेक
कुरालाई सृष्टि गर्नुहुने परमेश्वर स्वर्ग र पृथ्वीको
प्रभु हुनुहुन्छ र मानिसहरूका हातले निर्माण
गरेका मन्दिरहरूमा उहाँ बस्नुहुन्न । **२५**यदि
उहाँलाई कुनै कुराको खाँचो पऱ्यो भने मानिसका
हातबाट त्यसको सेवा उहाँ लिनुहुन्न, किनकि
उहाँ आफैले सबै मानिसहरूलाई जीवन, सास
र अरू सबै कुरा दिनुहुन्छ । **२६**सम्पूर्ण पृथ्वी
बसोबास गराउनलाई एक जना मानिसबाट
उहाँले मानिसहरूको हरेक जाति बनाउनुभयो ।
अनि तिनीहरूले बस्नुपर्ने उपयुक्त ठाउँहरू र
अवधि पनि तोकिदिनुभयो । **२७**मानिसहरूले
उहाँलाई चाहनेछन् र खोज्दै जाँदा भेट्टाउने
पनि छन् भनेर परमेश्वरले त्यसो गर्नुभयो ।
यद्यपि हामीबाट उहाँ टाढा हुनुहुन्न । **२८**'किनकि
उहाँमा हामी जिउँछौं, हिँड्छौं र हाम्रो अस्तित्व
छ ।' तपाईंकै केही कविहरूले पनि यही कुरो
यसरी भनेका छन्, 'हामी उहाँका सन्तान
हौं ।'

---

**१७:२४–२५**–१ राजा ८:२७; यशैया ४२:५; प्रेरित ७:४८.

**२९**“त्यसकारण हामी परमेश्वरका सन्तान
भएकाले ईश्वर भनेको सुन वा चाँदी वा ढुङ्गाझैँ
हुनुहुन्छ भनी हामीले सोच्नु हुँदैन। साथै उहाँ
मानिसका दक्षता र योजनाद्वारा निर्माण
गरिएको एउटा मूर्ति पनि हुनुहुन्न। **३०**बितेका
समयमा यस्ता अज्ञानतामाथि परमेश्वरले
ध्यान दिनुभएन, तर अब हरेक ठाउँका सबै
मानिसहरूलाई उहाँ यस्तो कामको निम्ति
पश्चात्ताप गर्ने आदेश दिनुहुन्छ। **३१**किनकि
उहाँले एउटा दिन निश्चित गर्नुभएको छ जुन
दिन आफूले नियुक्त गरेको मानिसद्वारा न्यायका
साथ यस संसारको फैसला गर्नुहुनेछ।
मरेकाहरूबाट उहाँलाई जीवित पार्नुभएर यस
कुराको प्रमाण उहाँले सबै मानिसहरूलाई
दिनुभएको छ।”

**३२**मृतकबाट जीवित हुने विषयमा जब
तिनीहरूले सुने, कोही गिल्ला गर्नथाले, तर अरूले
भने, “यस विषयमा हामी तपाईंबाट फेरि सुन्न
चाहन्छौं।” **३३**यसपछि, पावल त्यस परिषद्‌बाट
बाहिर गए। **३४**केही मानिसहरू पावलका
चेला भएर विश्वास गरे। तिनीहरूमध्ये
अरियोपागसका डियनुसियस साथै दामारिस
नाउँकी एउटी स्त्री र अरूहरू पनि थिए।

### कोरिन्थमा

**१८** यसपछि, पावलले एथेन्स छाड़े र उनी
कोरिन्थ गए। **२**त्यहाँ तिनले पोन्टसका
निवासी अक्वीला नाउँ गरेका एक जना
यहूदीलाई भेटे। तिनी आफ्नी पत्नी प्रिस्किलासँग
इटालीयाबाट हालसालै त्यहाँ आएका थिए।
किनकि क्लौडियसले सबै यहूदीहरूलाई रोमबाट
निकालेका थिए। पावल तिनलाई भेट्न गए।
**३**तिनीहरू तम्बु बनाउने मानिस थिए र पावल
पनि त्यही पेशाका भएकाले उनी तिनीहरूसँगै
बसे र दुवै एउटै काम गर्न लागे। **४**पावलले
हरेक विश्राम-दिनमा सभाघरहरूमा यहूदी र
ग्रीकहरूसँग तर्क गर्दै तिनीहरूलाई सम्झाउन
थाले।

**५**जसै सिलास र तिमोथी म्यासिडोनियाबाट
त्यहाँ आए, पावलले येशू नै ख्रीष्ट हुनुहुन्छ
भनी यहूदीहरूलाई साक्षी दिंदै उहाँको वचनको
शिक्षामा आफूलाई पूर्ण रूपले अर्पण गरे।
**६**तर जब यहूदीहरूले पावलको विरोध गर्दै
तिनको अपमान गरे, तब त्यसको प्रतिवादमा
तिनले आफ्नो लुगा टक्टक्याउँदै तिनीहरूलाई
भने, “तिमीहरूको रगत तिमीहरूको थाप्लोमा
परोस्। तिमीहरूप्रतिको मेरो उत्तरदायित्व म
यहीं अन्त गर्छु। अबदेखि म गैर-यहूदीहरूकहाँ
जानेछु।”

**७**त्यसपछि पावल सभाघर छोड़ेर नजिकै
अर्को घरमा गए, जहाँ परमेश्वरका एक जना
भक्त तीतस युस्तस बस्थे। **८**सभाघरका शासक
क्रिस्पस र उनका सम्पूर्ण परिवारले प्रभुमा
विश्वास राख्थे। त्यसै गरी पावललाई सुन्नेमध्ये
धेरैजसो कोरिन्थीहरू पनि विश्वास राख्थे र
तिनीहरूले बप्तिस्मा लिए।

**९**एक रात पावलसँग प्रभुले दर्शनमा यसो
भन्नुभयो: “तँ नडरा; वचनको प्रचार गरिराख्,
तँ चुप नलाग्! **१०**किनकि म तेरो साथमा छु,
र कसैले तँमाथि आक्रमण गर्ने र तँलाई चोट
पुऱ्याउनेछैन, किनकि यस शहरमा मेरा धेरै
भक्तहरू छन्।” **११**त्यसैले पावल त्यस शहरमा
डेढ वर्ष बसे। त्यस अवधिमा, तिनले त्यहाँका
मानिसहरूमा परमेश्वरको वचनको शिक्षा
दिए।

**१२**गलियोन अखैयाका शासक भएका
समयमा, यहूदीहरूले संयुक्त रूपमा पावलमाथि
आक्रमण गरे र उनलाई अदालतसमक्ष ल्याए।
**१३**उनीमाथि तिनीहरूले यस्तो आरोप लगाए, “यो
मानिसले हाम्रा व्यवस्थाका विरुद्ध परमेश्वरको
पूजा गर्न यहाँका बासिन्दालाई प्रोत्साहित गर्दैछ।”

**१४**पावल बोल्नै लागेका बेलामा गलियोनले
यहूदीहरूलाई भने, “यदि तिमी यहूदीहरू कुनै
किसिमको गम्भीर अपराध वा दुर्व्यवहारका
बारेमा असन्तोष प्रकट गर्दैछौ भने, तिमीहरूका
कुरा सुन्न मलाई न्यायोचित हुनेछ। **१५**तर यो
त वचनहरू, नाउँहरू र तिमीहरूका आफ्नै
व्यवस्थाका कुराहरू भएकाले, यो झगड़ा
तिमीहरू आफै सुल्झाउनू। यस्ता कुराको म
न्याय गर्दिनँ।” **१६**तसर्थ उनले तिनीहरूलाई

अदालतबाट धपाइदिए । **१७**अनि तिनीहरू
सभाघरका शासक सोस्थेनेसमाथि जाई लागे
र तिनलाई अदालतमै कुटे । तर गलियोनले
त्यस घटनामा कुनै चासो देखाएनन् ।

### प्रिस्किला, अक्वीला र अपोल्लोस

**१८**केही समयसम्म पावल कोरिन्थमा बसे ।
त्यसपछि तिनले भाइहरूलाई छाड़े अनि प्रिस्किला
र अक्वीलालाई आफ्नो साथ लिएर जहाजबाट
सिरियातिर लागे । जहाजमा चढ्नुभन्दा अघि
आफ्नो एउटा भाकलको कारण उनले किंक्रियामा
कपाल खौरे । **१९**तिनीहरू एफिसस आइपुगेपछि
पावलले प्रिस्किला र अक्वीलालाई त्यहीँ छाड़े ।
उनीचाहिँ त्यहाँका एउटा सभाघरमा गए
र यहूदीहरूसँग तर्क गर्न लागे । **२०**तिनीहरूले
अझ केही समय बस्न तिनलाई अनुरोध गरे,
तर तिनले सो मानेनन् । **२१**तर त्यहाँबाट जाँदा,
उनले यसरी प्रतिज्ञा गरे, “परमेश्वरको इच्छा
भयो भने म फेरि आउनेछु ।” त्यसपछि तिनी
जहाज चढ़ी एफिससबाट बिदा भए । **२२**जब
तिनी सिजरियामा ओर्लिए, माथि उक्लेर उनले
मण्डलीमा गई सबैलाई अभिवादन गरे र
त्यसपछि एन्टिओखियातिर ओर्लिगए ।

**२३**एन्टिओखियामा केही समय बसेर, पावल
त्यहाँबाट पनि हिँड़े र गलातिया र फ्रिगियाका
सम्पूर्ण क्षेत्रहरूका चेलाहरूलाई सामर्थी बनाउँदै
एक ठाउँबाट अर्को ठाउँ यात्रा गर्दै हिँड़े ।

**२४**यसै ताका अलेक्जेन्ड्रियाको बासिन्दा
अपोल्लोस नाउँ गरेका एक जना यहूदी एफिसस
आए । धर्मशास्त्रको पूर्ण ज्ञानसहित उनी एक
शिक्षित व्यक्ति थिए । **२५**प्रभुका मार्गमा तिनी
शिक्षित थिए र तिनी आत्मामा उत्साहित भई
बोल्थे अनि आफूले यूहन्नाको बप्तिस्मा मात्रै थाहा
पाए पनि येशूका बारेमा सही शिक्षा दिन्थे ।
**२६**बड़ो निर्भयतासाथ तिनी सभाघरहरूमा
बोल्न थाले । जब प्रिस्किला र अक्वीलाले उनका
कुरा सुने, उनलाई तिनीहरूले आफ्ना घरमा
निमन्त्रणा गरे र परमेश्वरको मार्गका बारेमा
अझ बढी कुराहरू उनलाई बताए ।

**२७**जब अपोल्लोस अखैया जान खोजे,
भाइहरूले तिनलाई प्रोत्साहित गरे र त्यहाँका
चेलाहरूले उनलाई स्वागत गरून् भनी पत्र
लेखे । उनले त्यहाँ पुगेर अनुग्रहद्वारा विश्वास
गर्नेहरूलाई धेरै सहायता गरे, **२८**किनकि
सार्वजनिक वादविवादमा यहूदीहरूलाई गलत
ठहराएर, येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरालाई
तिनले धर्मशास्त्रबाट प्रमाणित गरे ।

### एफिससमा पावल

**१९** अपोल्लोस कोरिन्थमा छँदा, पावल
भित्री इलाकाको बाटो हुँदै एफिसस
पुगे । त्यहाँ तिनले केही चेलाहरू फेला पारे ।
**२**तिनीहरूसँग उनले भने, “विश्वास गरिसकेपछि
के तपाईंहरूले पवित्र आत्मा पाउनुभयो ?”

तिनीहरूको जवाफ थियो, “छैन, पवित्र
आत्मा हुनुहुन्छ भन्नेसम्म पनि हामीले सुनेका
छैनौं ।”

**३**तसर्थ पावलले प्रश्न गरे, “त्यसो भए
कस्तो बप्तिस्मा तपाईंहरूले लिनुभयो ?”

तिनीहरूले उत्तर दिए, “यूहन्नाको
बप्तिस्मा ।”

**४**पावलले भने, “यूहन्नाको बप्तिस्मा
पश्चात्तापको बप्तिस्मा थियो । आफूपछि आउनुहुने
येशूमाथि विश्वास गर्न तिनले मानिसहरूलाई
अह्राए ।” **५**यो सुन्नासाथ प्रभु येशूको नाउँमा
तिनीहरूले बप्तिस्मा लिए । **६**अनि पावलले
तिनीहरूमाथि जसै हात राखे, तिनीहरूमा
पवित्र आत्मा आउनुभयो र तिनीहरू विभिन्न
भाषाहरूमा बोले अनि अगमवाणी गरे । **७**त्यहाँ
प्राय: बाह्र जना मानिसहरू थिए ।

**८**पावल त्यहाँका सभाघरहरूमा गए र तीन
महिनासम्म निर्भयताका साथ परमेश्वरको
वचन बोले । परमेश्वरको राज्यका बारेमा तिनले
साहसपूर्ण बहस र तर्क गरे । **९**तर तीमध्ये
कोही हठी भएर विश्वास गर्न अस्वीकार गरी
सो मार्गको विरुद्ध खुल्लमखुल्ला अपशब्द बोल्न

---

**१८:१८**–गन्ती ६:१८. **१९:४**–मत्ती ३:११; मर्कूस १:४, ७-८; लूका ३:४,१६; यूहन्ना १:२६-२७.

लागे । त्यसैले पावलले तिनीहरूलाई छोड़ेर आफ्ना साथमा चेलाहरू लगेर टुरान्नसको सभाकक्षमा दिनहुँ छलफल गर्नथाले ।
**१०**एशिया प्रान्तमा बस्ने यहूदीहरू र ग्रीकहरूले पनि प्रभुको वचन सुनून् भन्नाका निम्ति सभाकक्षमा पावलको बोल्ने काम दुई वर्ष चल्यो ।

**११**पावलद्वारा परमेश्वरले असाधारण आश्चर्य कामहरू गर्नुभयो ।
**१२**यहाँसम्म कि उनलाई स्पर्श गराइएका रुमाल र वस्त्र मात्रै पनि बिरामीहरूलाई लगेर छुवाउँदा, तिनीहरू निको भए र दुष्ट आत्माहरू तिनीहरूलाई छाड़ी गए ।

**१३**दुष्ट आत्मा निकाल्दै हिँड्ने केही यहूदीहरूले भूत लागेकाहरूमाथि प्रभु येशूको नाउँ उच्चारण गर्नथाले । तिनीहरू यसो भन्ने गर्थे, "पावलले शिक्षा दिने गरेको उनै येशूको नाउँमा तँलाई बाहिर निस्किने म आदेश दिन्छु ।"
**१४**एक जना स्केवास नाउँ गरेका यहूदी प्रधान पूजाहारीका सात जना छोराहरूले त्यसो गर्थे ।
**१५**एक दिन एउटा दुष्ट आत्माले तिनीहरूलाई जवाफ दियो, "येशूलाई त म जान्दछु र पावलका बारेमा पनि म जान्दछु, तर तँ को होस् ?"
**१६**त्यसपछि दुष्ट आत्माले ग्रसित त्यो मानिस तिनीहरूमाथि उफ्रिँदै जाई लाग्यो र तिनीहरू सबैलाई आफ्नो वशमा पाऱ्यो । अनि त्यसले तिनीहरूलाई त्यस घरबाट नाङ्गो र रगतपच्छे भएर भाग्ने तुल्यायो ।

**१७**एफिससमा बस्ने यहूदीहरू र ग्रीकहरूले जब यो कुरा थाहा पाए, तिनीहरू सबै भयभीत भए, र प्रभु येशूको नाउँ ठूलो आदरको योग्य ठानियो ।
**१८**उहाँमाथि विश्वास गर्ने धेरै जना बाहिर देखापरे र खुल्लमखुल्ला आफ्ना दुष्ट कामहरू स्वीकार गरे ।
**१९**झारफूक गर्ने धेरै जनाले आफ्ना पुस्तकहरू एकैसाथ बाहिर ल्याई तिनलाई सार्वजनिक रूपमा जलाए । ती पुस्तकहरूको मोल हिसाब गर्दा कुल पचास हजार चाँदीको सिक्का भयो ।
**२०**यसरी प्रभुको वचन फैलिँदै र शक्तिशाली हुँदैगयो ।

**२१**यो सबै घटिसकेपछि पावल म्यासिडोनिया र अखैया हुँदै यरूशलेम जाने निश्चय गरे । तिनले भने, "त्यहाँ गइसकेपछि म रोम पनि अवश्य जानुपर्छ ।"
**२२**आफ्ना दुई जना सहयोगीहरू तिमोथी र इरास्तसलाई तिनले म्यासिडोनिया पठाए । आफूचाहिँ केही समयसम्म एशिया प्रान्तमै बसे ।

## एफिससमा हूलदङ्गा

**२३**त्यसै समयतिर यस मार्गका बारेमा ठूलो हल्लीखल्ली मच्चियो ।
**२४**डेमेत्रियस नाउँको चाँदीको काम गर्ने एक जना शिल्पकारले डायना देवी, आर्तेमिसका चाँदीका ससाना मन्दिरहरू बनाउँथ्यो र त्यहाँका कारीगरहरूका लागि पनि प्रशस्त आम्दानी ल्याउँथ्यो ।
**२५**ती सबै शिल्पकारका साथै त्यस्तै पेशामा लागेका अन्य मानिसहरूलाई त्यसले एक ठाउँमा बोलायो र भन्यो: "मानिस हो, तपाईंहरूलाई थाहा छ, यो व्यापारबाट हामीलाई राम्रो आम्दानी हुन्छ ।
**२६**अहिले तपाईंहरूले देख्नुभयो र सुन्नुभयो कसरी पावल भन्ने यस व्यक्तिले यहाँ एफिसस र एशियाका सबै प्रान्तहरूका धेरै मानिसहरूलाई दृढ विश्वास दिलाउँदै आफ्नो पछि बहकाउँदैछ । मानिसले बनाएका ईश्वरहरू, ईश्वरै होइनन् भनेर ऊ भन्छ ।
**२७**यसैकारण हाम्रो व्यापारले आफ्नो प्रतिष्ठा गुमाउने खतरामात्रै हाम्रो सामु छैन, तर महान् देवी आर्तेमिसको मन्दिर पनि अब अपहेलित हुने डर छ र एशियाका सबै प्रान्तहरू र संसारभरि पुजिने देवीको ईश्वरीय गौरव नाश हुनेछ ।"

**२८**जब तिनीहरूले यो कुरो सुने, तिनीहरू अत्यन्त क्रोधित भए र चिच्च्याएर भन्नथाले: "एफिसीहरूकी देवी आर्तेमिस महान् हुनुहुन्छ ।"
**२९**चाँडै नै, पूरा शहरमा ठूलो खैलाबैला मच्चियो । अनि पावलका सहयात्री म्यासिडोनियाका गायस र अरिस्तार्खसलाई मानिसहरूले समाते र रङ्गशालातिर घिसार्दै लगे ।
**३०**भीड़मा गएर पावलले केही भन्न चाहे, तर चेलाहरूले तिनलाई त्यसो गर्न दिएनन् ।
**३१**त्यस प्रान्तका पावलका केही अधिकृत मित्रहरूले पनि तिनलाई रङ्गशालातिर आउने साहस नगर्नू भनी बिन्ती गरेर खबर पठाए ।

३२त्यहाँ भित्र भेला भएको भीड़मा ठूलो भ्रम सृजना भएको थियो । कोही मानिसहरू एउटा कुरा भनेर कराउँदैथिए भने अर्को थरी अर्कै कुरा । अधिकांश मानिसहरूलाई त तिनीहरू त्यहाँ किन आएका थिए त्यो पनि थाहा थिएन । ३३यहूदीहरूले अलेक्जेन्डरलाई अगाडि सारे र भीड़का केही मानिसहरूले तिनलाई निर्देशन दिए । तिनले हातले इशारा गरेर ती मानिसहरूका सामु बचाउको निम्ति नबोल्न अनुरोध गरे । ३४तर जब तिनीहरूले उनी यहूदी हुन् भन्ने थाहा पाए, ती सबैले एकै स्वरमा दुई घण्टासम्म यसो भन्दै कराइरहे: "एफिसीहरूकी देवी आर्तेमिस महान् हुनुहुन्छ ।"

३५नगरको लेखनदासले त्यस भीड़लाई साम्य पार्दै भने, "एफिससका मानिसहरू हो, महान् देवी आर्तेमिसको मूर्ति स्वर्गबाट खसेको हो र उनको मन्दिरको संरक्षक एफिसस शहर हो भन्ने कुरा के सारा विश्वलाई थाहा छैन र ? ३६त्यसकारण यी कुराहरू अकाट्य भएकाले तपाईंहरू शान्त हुनुहोस् र कुनै पनि उत्ताउलो काम नगर्नुहोस् । ३७तपाईंहरूले यी मानिसहरूलाई यहाँ घिसार्दै ल्याउनुभयो, तर यिनीहरूले न मन्दिर लुटेका छन् नता हाम्री आराध्य देवीको निन्दा नै गरेका छन् । ३८त्यसैले, डेमेत्रियस र उनका शिल्पकारहरूलाई कसैप्रति कुनै गुनासो छ भने त्यसको सुनुवाइका निम्ति अदालतहरू र उचित अधिकारीहरू छन् । त्यहाँ तिनीहरू आरोप लगाउन सक्छन् । ३९यसबाहेक अरू थप केही कुरा तपाईंहरू गर्न चाहनुहुन्छ भने यसको छिनोफानो वैधानिक परिषद्बाटै हुनुपर्छ । ४०हालको परिस्थितिमा, आजका घटनाहरूका कारण हामीमाथि हूलदङ्गा गरेको आरोप लाग्न सक्छ । त्यस्तो भएमा हामी यसको कुनै कारण दिन सक्नेछैनौं, किनकि यो हूलदङ्गा कुनै कारणविना भएको छ ।" ४१यति भनिसकेर तिनले त्यो सभालाई अन्त्य गरे ।

### म्यासिडोनिया र ग्रीसमा पावल

२० खैलाबैला शान्त भएपछि, पावलले आफ्ना चेलाहरूलाई बोलाए । तिनीहरूलाई अर्ती दिएर प्रोत्साहित गरेपछि उनीहरूसँग बिदा भई म्यासिडोनियातिर लागे । २मानिसहरूलाई प्रोत्साहित गर्ने वचनहरू बोल्दै तिनले त्यस क्षेत्रको यात्रा गरे र अन्त्यमा ग्रीसमा गए । ३त्यहाँ तिनी तीन महिना बसे । सिरियातिर जहाजबाट तिनी जान लागेकै समयमा यहूदीहरूले तिनका विरुद्ध एउटा षड्यन्त्र रचेकाले तिनले म्यासिडोनिया भएर जाने निर्णय गरे । ४तिनका साथमा बेरिया निवासी पुरसका छोरा सोपात्रोस, थेसलोनिकेबाट अरिस्तार्खस र सिकन्दस, डर्बीका गायस, अनि तिमोथी र एशियाका टाइकिकस र त्रोफिमस गए । ५ती मानिसहरू हामीभन्दा अघि गए र त्रोआसमा हामीलाई पर्खिबसे । ६तर हामी अखमिरी रोटीको चाड़का दिनहरूपछि फिलिप्पीबाट यात्रा गरी पाँच दिनपछि त्रोआस पुगेर तिनीहरूलाई भेट्यौं र त्यहाँ हामी सात दिन बस्यौं ।

### त्रोआसमा युटिकस जीवित पारिएको

७साताको पहिलो दिन रोटी भाँच्नलाई हामी सबै एक ठाउँमा भेला भयौं । ती सबैसँग पावलले कुरा गरे । भोलिपल्ट त्यो शहर छाड्ने तिनको विचार भएकोले आधा रातसम्म ती मानिसहरूसँग तिनले कुराकानी गरिरहे । ८हामी भेला भएको माथिल्लो तलाको कोठामा धेरै बत्तीहरू थिए । ९त्यस कोठाको झ्यालमा युटिकस नाउँको एक जना युवक बसेको थियो । पावलको लामो कुरा सुन्दासुन्दै त्यो युवक गहिरो निद्रामा पर्‍यो । गाढा निद्रामा परेकै बेलामा त्यो तीन तलामाथिबाट तल भुइँमा खस्यो र मानिसहरूले त्यसलाई मरेको अवस्थामा उठाए । १०पावल तल गए र त्यस मानिसमाथि आफू घोप्टो परेर अँगालो हाल्दै भने, "तपाईंहरू नहड्बडाउनुहोस्, यिनी बाँचेकै छन् ।" ११त्यसपछि तिनी पुन: माथि गए र रोटी भाँचेर खाए । उज्यालो नहुन्जेलसम्म बोल्दैरहे अनि तिनी त्यहाँबाट बिदा भए । १२ती मानिसहरूले त्यस युवकलाई जिउँदै घर लगे र ठूलो सान्त्वना पाए ।

### एफिससका एल्डरहरूलाई पावलको बिदाइ

**१३**पावलभन्दा पहिल्यै जहाजमा चढ़ेर हामी
अस्सोसमा पुग्यौं, जहाँ हामी पावललाई जहाजमा
चढ़ाउन चाहन्थ्यौं किनकि तिनी त्यहाँसम्म पैदल
यात्रा गरी पुग्ने हुनाले हामीसँग तिनले यही
बन्दोबस्त मिलाएका थिए। **१४**त्यसैले अस्सोसमा
उनीसँगै भेट भएपछि हामीले उनलाई जहाजमा
चढ़ायौं र मितिलेनेमा आयौं । **१५**भोलिपल्ट
जहाजको यात्राबाट हामी खियस पुग्यौं। त्यसको
एक दिनपछि हामी पारि तरेर सामोस गयौं, र
भोलिपल्ट मिलेटस पुग्यौं । **१६**एशिया प्रान्तको
बसाइ टार्नका लागि पावलले एफिससभित्र
नपसीकनै जाने विचार गरे, किनकि सम्भव
भए पेन्तिकोसको दिनसम्म उनी यरूशलेम पुग्न
चाहन्थे । त्यसैले उनी निकै हतारमा थिए ।

**१७**मिलेटस पुगेपछि पावलले एफिससको
मण्डलीबाट एल्डरहरूलाई झिकाउन मानिस
पठाए । **१८**तिनीहरू आइपुगेपछि तिनले
उनीहरूसँग भने: "तपाईंहरूसित एशियामा
बसेको पहिलो दिनदेखि नै मैले ती सम्पूर्ण
दिनहरू कसरी बिताएँ तपाईंहरूलाई थाहै छ।
**१९**ती दिनहरूमा यहूदीहरूले मेरो विरुद्ध रचेका
षड्यन्त्रहरूमा मैले कड़ा साक्षी दिनु परे तापनि
मैले पूर्ण विनम्रतासाथ आँसु बगाउँदै प्रभुको
सेवा गरें। **२०**तपाईंहरूलाई थाहै छ, तपाईंहरूको
भलाइको निम्ति वचनको शिक्षा दिन म कहिल्यै
हिच्किचाइनँ तर घरघर गएर खुल्लमखुल्ला
शिक्षा दिएँ । **२१**यहूदीहरू र ग्रीकहरू दुवै
जातिलाई तिनीहरू पश्चात्तापमा परमेश्वरतिर
फर्कनै पर्छ र हाम्रा प्रभु येशूमा तिनीहरूले
विश्वास राख्नैपर्छ भनेर मैले घोषणा गरें ।

**२२**"अब, पवित्र आत्माको बाध्यतामा, म
यरूशलेम जाँदैछु । म जान्दिनँ ममाथि त्यहाँ
के घट्ने हो ! **२३**तर मलाई यति थाहा छ, मैले
दु:ख-कष्ट उठाउनुपर्छ र झ्यालखान जानुपर्छ
भनेर पवित्र आत्माले मलाई हरेक शहरमा
सजग गराउनुहुन्छ । **२४**तथापि, परमेश्वरका
अनुग्रहको सुसमाचारको साक्षी दिने जुन काम
मलाई प्रभु येशूले सुम्पनुभएको छ, त्यो काम
र यो दौड पूरा गर्न पाएँ, मेरो आफ्नै जीवनको
महत्त्व मलाई छैन ।

**२५**"मलाई थाहा छ, परमेश्वरको राज्यको
शिक्षाको प्रचार तपाईंहरू जस-जसलाई
मैले गरें तीमध्ये कसैले अब उप्रान्त मलाई
पुन: देख्नुहुनेछैन । **२६**त्यसैकारण, सम्पूर्ण
मानिसहरूको रगतको म दोषी नभएको कुरा
तपाईंहरूसमक्ष म आज घोषणा गर्दछु ।
**२७**किनकि परमेश्वरको पूर्ण इच्छा तपाईंहरूमा
घोषणा गर्न म हिच्किचाइनँ। **२८**तपाईंहरूलाई
आफ्नै र सम्पूर्ण बगालको जिम्मावाल पवित्र
आत्माले बनाउनुभएकोले सबैको हेरचाह
गर्नुहोस्। परमेश्वरले आफ्नै रगतले मण्डलीलाई
किन्नुभएकोले त्यसको गोठालो हुनुहोस्। **२९**मलाई
थाहा छ मैले छाड़ेर गएपछि, तपाईंहरूबीच
जङ्गली ब्वाँसाहरू पस्नेछन् र बगाललाई बाँकी
राख्ने छैनन् । **३०**तपाईंहरूमध्येबाटै पनि
मानिसहरू उभिनेछन् र प्रभुका मार्गबाट
चेलाहरूलाई फकाई आफ्नो पछि लगाउनका
निम्ति सत्यलाई बङ्ग्याउनेछन्। **३१**त्यसकारण
आफ्नो रक्षा गर्नुहोस् । सम्झनुहोस्, कसरी
तीन वर्षसम्म रातदिन आफ्ना आँखाहरूबाट
आँसु बगाउँदै यस कुराको तपाईंहरूलाई
चेतावनी दिन म कहिल्यै थाकिनँ ।

**३२**"अब परमेश्वरप्रति र उहाँको अनुग्रहको
वचनप्रति म तपाईंहरूलाई सुम्पिदिन्छु ।
यसले तपाईंहरूलाई बलियो तुल्याउनेछ र
पवित्र पारिएका सबैका साम्‌ तपाईंहरूलाई
उत्तराधिकार दिनसक्छ। **३३**कसैका सुन, चाँदी
वा वस्त्रहरूमा मैले लोभ गरिनँ। **३४**तपाईंहरू
आफै जान्नुहुन्छ, मेरा आफ्ना आवश्यकताहरू
र मसँग भएकाहरूका आवश्यकताहरूको
पूर्ति मैले आफ्ना यिनै हातहरूद्वारा गरें। **३५**मैले
गरेका हरेक काममा तपाईंहरूलाई मैले देखाएँ,
कसरी यस किसिमका कड़ा परिश्रमका
कामद्वारा हामीले कमजोरहरूलाई मद्दत गर्नै
पर्दछ। प्रभु येशू आफैले भन्नुभएका वचनहरूको

---

**२०:२४**–२ तिमोथी ४:७.

सम्झना गरौं: ‘लिनुभन्दा दिनु अझ धन्य हो।’”

**३६**यति कुरा भनिसकेपछि सबैका साथ तिनले घुँडा टेकेर प्रार्थना गरे। **३७**उनलाई अँगालो हाल्दै र चुम्बन गर्दै सबै रोए। **३८**अब उप्रान्त, तिनीहरूले तिनलाई देख्नेछैनन् भन्ने तिनको भनाइले तिनीहरूको हृदय छियाछिया भयो। त्यसपछि, उनलाई तिनीहरू जहाजसम्म पुऱ्याउन गए।

### यरूशलेमको यात्रा

**२१** तिनीहरूसँग भारी मनले बिदा भएपछि, जहाज चढ़ेर हामी सोझै कोस पुग्यौं। अर्को दिन हामी रोडस गयौं। अनि त्यहाँबाट पटारा पुग्यौं। **२**त्यहाँबाट फोनिके जान लागेको एउटा जहाज चढ़ी हामीले यात्रा अगाडि बढायौं। **३**साइप्रस देखापरेपछि त्यसलाई दक्षिणतिर पारेर हामी सिरियातिर लाग्यौं। जहाजबाट टायरमा मालसामान ओह्राल्नु परेकोले हामी पनि त्यहाँ उत्रियौं। **४**त्यहाँ चेलाहरूलाई फेला पारेर तिनीहरूसँग हामी सात दिन बस्यौं। पवित्र आत्माद्वारा तिनीहरूले पावललाई यरूशलेम नजान कर गरे। **५**तर त्यहाँको काम सिद्धिएपछि तिनीहरूसँग बिदा भई हामी आफ्नो बाटो लाग्यौं। त्यहाँका सबै चेलाहरू, तिनका पत्नीहरू र सन्तानहरू शहरबाहिर समुद्रको किनारसम्म हामीलाई बिदा गर्न आए, र त्यहाँ घुँडा टेकेर हामीले प्रार्थना गऱ्यौं। **६**त्यसपछि एक अर्कासँग बिदा भएर हामीले जहाज चढ्यौं र तिनीहरू घर फर्के।

**७**टायरबाट टोलेमाइससम्म हाम्रो यात्रा निरन्तर रूपले अगाडि बढ्यो। त्यहाँ हामीले भाइहरूसँग भेट्यौं र तिनीहरूसँग एक दिन बस्यौं। **८**अर्को दिन तिनीहरूसँग बिदा भएर हामी सिजरिया पुग्यौं र सातमध्ये एक जना, प्रचारक फिलिपका घरमा हामी बस्यौं। **९**तिनका चार जना अविवाहित छोरीहरू थिए। तिनीहरू अगमवाणी बोल्थे।

**१०**हामी त्यहाँ बसेको केही दिनपछि, यहूदियाबाट अगाबस नाउँका एक जना अगमवक्ता आए। **११**हाम्रा नजिकै आएर तिनले पावलको पटुका फुकाले। त्यसले आफ्ना हातखुट्टाहरू बाँधेर तिनले यसो भने, “पवित्र आत्मा भन्नुहुन्छ, ‘यरूशलेमका यहूदीहरूले यो पटुकाको मालिकलाई यसै किसिमसँग बाँध्नेछन् र तिनलाई गैर-यहूदीहरूसमक्ष सुम्पिनेछन्।’”

**१२**जब हामीले यो सुन्यौं, हामी र त्यहाँ उपस्थित अरू मानिसहरूले पावललाई यरूशलेम नजान बिन्ती गऱ्यौं। **१३**अनि पावलले जवाफ दिए, “तपाईंहरू किन यसरी रुनुहुन्छ र मेरो हृदय विचलित पार्नुहुन्छ? प्रभु येशूको नाउँका निम्ति यरूशलेममा बाँधिनमात्रै होइन, तर मर्न पनि म तयार छु।” **१४**तिनलाई कसै गरी मनाउन नसकेपछि हामीले प्रयत्न गर्न छाड्यौं र भन्यौं, “प्रभुको इच्छा पूरा होस्।”

**१५**यसपछि, हामी तयार भयौं र यरूशलेम गयौं। **१६**सिजरियाका केही चेलाहरू हामीसँग आए र हामीलाई बस्न ठीक गरेको मनासोनको घरमा लिएर गए। तिनी साइप्रसबाट आएका थिए र पुराना चेलाहरूमध्येका थिए।

### यरूशलेममा पावलको आगमन

**१७**हामी यरूशलेम पुगेपछि, भाइहरूले हृदयदेखि खुशी भएर हाम्रो स्वागत गरे। **१८**भोलिपल्ट, पावल र हामी सबै याकूबलाई भेट्न गयौं र त्यहाँ सबै एल्डरहरू उपस्थित थिए। **१९**सबलाई अभिवादन गरेपछि पावलको सेवाद्वारा गैर-यहूदीहरूबीच परमेश्वरले जे-जे काम गर्नुभएको थियो ती सबैको बेलीबिस्तार लगाए।

**२०**तिनीहरूले यो सुनेपछि, परमेश्वरको प्रशंसा गरे। त्यसपछि तिनीहरूले पावललाई भने: “भाइ, तपाईंले देख्नुभयो, यहूदीहरूमध्ये कैयौं हजार विश्वासी भएका छन् र सबै उहाँका व्यवस्थामा उत्साहीत छन्। **२१**गैर-यहूदीहरूका बीच बस्ने सबै यहूदीहरूलाई तपाईंले मोशालाई

**२१:८**–प्रेरित ६:५; ८:५. **२१:१०**–प्रेरित ११:२८.

त्याग्ने, तिनीहरूका सन्तानको खतना नगर्ने
र हाम्रा रीतिथितिअनुसार नजिउने शिक्षा
दिनुभएको छ भनी तिनीहरूलाई जानकारी
गराइएको छ । **२२**अब हामीले के गर्ने हो ?
तपाईं आउनुभएको कुरा तिनीहरूले निश्चय
नै सुन्नेछन् । **२३**यसकारण, हामी जे भन्छौं
तपाईं त्यही गर्नुहोस् । भाकल गर्ने चार जना
मानिसहरू हामीसित छन् । **२४**यी मानिसहरूलाई
साथमा लिएर तिनीहरूको शुद्धीकरणमा भाग
लिनुहोस् र त्यसमा लाग्ने तिनीहरूको खर्च
तिरिदिनुहोस् । यसो गर्दा, तिनीहरू आफ्ना
आफ्ना कपाल खौरिन सक्छन् । त्यसपछि
तपाईंका बारेमा चलाइएका हल्लाहरूमा कुनै
सत्य नभएको हरेकले थाहा पाउनेछ । साथै
व्यवस्थामाथि आज्ञा पालन गर्दै तपाईं आफू
पनि जिउनुभएको तिनीहरूले जान्नेछन् । **२५**तर
जहाँसम्म गैर-यहूदी विश्वासीहरूको कुरो छ,
मूर्तिमा बलि र भेटी चढाइएको भोजन खानबाट,
रगतबाट, घाँटी अँठ्याएर मारिएका पशुहरूको
मासु खानबाट र व्यभिचारबाट तिनीहरू
पूर्णरूपले अलग हुनुपर्छ भनेर हामीले गरेका
निर्णय लिखित रूपमा तिनीहरूलाई
पठाइसकिएको छ ।”

**२६**अर्को दिन ती चार जनालाई लिएर पावल
गए र तिनीहरूसँग तिनले आफ्नो पनि
शुद्धीकरण गरे । त्यसपछि शुद्धीकरणका दिनहरू
सकिने दिनमै हरेकका निम्ति भेटी चढ़ाइनेछ
भन्ने जानकारी दिन तिनी मन्दिरमा गए ।

## पावल पक्राउ परेका

**२७**जब सात दिन सिद्धिन लागेको थियो,
एशिया प्रान्तका केही यहूदीहरूले पावललाई
मन्दिरभित्र देखे । त्यहाँ भेला भएको सम्पूर्ण
भीड़लाई उत्तेजित पार्दै तिनीहरूले उनलाई
पक्रे । **२८**अनि चिच्च्याउँदै भने, “इस्राएलका
मानिसहरू हो, हामीहरूलाई मद्दत गर्नुहोस् ।
यो नै त्यो मानिस हो जसले सबै ठाउँका
मानिसहरूमा यो ठाउँ, हाम्रो व्यवस्था र हाम्रा
मानिसहरूका विरुद्ध शिक्षा दिन्छ । त्यसमाथि,
यसले मन्दिरभित्र ग्रीकहरूलाई ल्याएको छ र
यो पवित्रस्थानलाई अपवित्र तुल्याएको छ ।”
**२९**(यो घटनाभन्दा अघि तिनीहरूले एफिससका
त्रोफिमसलाई पावलसँग शहरमा देखेका थिए ।
त्यसकारण, पावलले तिनलाई मन्दिरभित्र ल्याएका
थिए भन्ने धारणा तिनीहरूको थियो ।)

**३०**सारा शहरभरि हल्लाखल्ला मच्चियो र
चारैतिरबाट मानिसहरू दौडिंदै त्यहाँ आए ।
पावललाई समातेपछि, तिनलाई घिसार्दै
तिनीहरूले मन्दिरबाहिर ल्याए र तुरुन्तै
ढोकाहरू बन्द गरे । **३१**जसै तिनीहरूले उनलाई
पिटेर मार्ने प्रयत्न गरिरहेका थिए, सम्पूर्ण
यरूशलेम शहर अशान्त छ भन्ने खबर रोमी
पल्टनका सेनापतिकहाँ पुग्यो । **३२**तुरुन्तै उनले
आफ्ना केही अधिकृतहरू र सिपाहीहरू बटुले
अनि भीड़तिर दौड़े । हुल्याहाहरूले सेनापतिलाई
पल्टनसहित आएका देखेपछि तिनीहरूले
पावललाई पिट्न छाड़े ।

**३३**सेनापति त्यहाँ आइपुगेपछि पावललाई
आफ्नो कब्जामा लिए र तिनलाई दुईओटा
साङ्लाले बाँध्ने आदेश दिए । त्यसपछि आफूले
समातेको व्यक्ति को हो र त्यसले के अपराध
गरेको हो सो सोधे । **३४**भीड़बाट चिच्च्याउँदै
कसैले एउटा कुरा भन्यो, कसैले अर्को कुरा ।
खैलाबैला मच्चिएको र भीड़ले जथाभाबी
कराउन थालेकोले खास कुरा के हो सो
सेनापतिले थाहा पाउन सकेनन् । त्यसैले तिनले
पावललाई ब्यारेकमा लैजाने आदेश दिए ।
**३५**पावल जसै सिँढ़ीमा पुगे, भीड़को आतङ्कको
कारणले गर्दा तिनलाई सिपाहीहरूले बोकेर
लैजानुपर्‍यो । **३६**तर तिनका पछि लागेको भीड़
“त्यसलाई सिध्याइदेओ” भनी कराइरहेको थियो !

## भीड़लाई पावलको सम्बोधन

**३७**सिपाहीहरूले पावललाई ब्यारेकभित्र हाल्नै
लागेको समयमा तिनले सेनापतिलाई सोधे, “केही
कुरा भन्ने के मलाई अनुमति दिनुहुन्छ ?”

---

**२१:२३–२४**–गन्ती ६:१३-२१. **२१:२५**–प्रेरित १५:२९. **२१:२९**–प्रेरित २०:४.

तिनले जवाफ दिए, "के तँ ग्रीक भाषा
बोल्छस् ? **३८**केही समयअघि विद्रोह शुरु गरेर
चार हजार आतङ्ककारीहरूलाई पछि लगाउँदै
मरुभूमितिर लिएर जाने तँ मिश्री होइनस् ?"
**३९**पावलले जवाफ दिए, "म त किलिकियाको
एउटा शहर टार्ससको एक जना यहूदी हुँ, कुनै
साधारण शहरको नागरिक होइन । त्यसैले यी
मानिसहरूलाई सम्बोधन गर्न मलाई कृपा
गर्नुहोस् ।"
**४०**सेनापतिको अनुमति पाएर पावल माथिल्लो
खुड्किलामा उभिएर भीड़लाई चुप लाग्ने इशारा
गरे । तिनीहरू जब चुप भए, अनि तिनीहरूलाई
उनले हिब्रू भाषामा सम्बोधन गरे:

**२२** "भाइहरू र बुबाहरू हो, अब आफ्नो
बचाउको निम्ति म जे भन्दैछु त्यो
तपाईंहरू ध्यानसँग सुन्नुहोस् ।"
**२**पावल हिब्रूमा बोलेको सुनेपछि, तिनीहरू
एकदमै शान्त भए ।
अनि पावलले भन्नथाले: **३**"म एक जना
यहूदी हुँ, किलिकियाको टार्सस शहरमा जन्म
भएको, तर यसै शहरमा हुर्किएको । गमलिएलको
संरक्षणमा हाम्रा पुर्खाहरूको व्यवस्थामा मैले
उचित शिक्षा पाएको हुँ, र आज यहाँ उपस्थित
हुनुभएका तपाईंहरू परमेश्वरका निम्ति जति
उत्साहीत र आस्थावान् हुनुहुन्छ म पनि
त्यतिकै थिएँ । **४**यस मार्गमा लागेका महिलाहरू
र पुरुषहरू दुवैलाई झ्यालखानमा हालेर अनेक
किसिमका दु:खकष्ट दिंदै मैले तिनीहरूको
ज्यान पनि लिएँ । **५**यस कुराको साक्षी
प्रधान पूजाहारी र सम्पूर्ण परिषद्ले पनि
दिनसक्छन् । दमस्कसमा बस्ने तिनीहरूका
भाइहरूलाई चिट्ठी लेखाउन लगाई त्यो आफूले
लिनसम्म पनि सफल भएँ । अनि त्यो चिट्ठी
लिएर ती मानिसहरूलाई बन्दी बनाई यरूशलेम
ल्याएर दण्ड दिनको निम्ति म त्यहाँ गएँ ।
**६**"अपरान्हको समयमा जसै म दमस्कसको
नजिकै पुगें, स्वर्गबाट अकस्मात् एउटा चहकिलो
प्रकाश आएर मेरो चारैतिर चम्कियो । **७**म
भुइँमा लडें र एउटा आवाजले मलाई यसो
भनेको सुनें, 'ए शाऊल ! ए शाऊल ! किन तँ
मलाई सताउँछस् ?'
**८**"'प्रभु, तपाईं को हुनुहुन्छ' मैले सोधें ।
"'जसलाई तँ सताइरहेको छस्, नासरतको
येशू म नै हुँ,' उहाँले जवाफ दिनुभयो । **९**मेरा
सङ्गीहरूले पनि त्यो प्रकाश देखे । तर मसँग
जो बोलिरहनुभएको थियो, उहाँको आवाज
तिनीहरूले बुझेनन् ।
**१०**"मैले सोधें, 'हे प्रभु, अब मैले के गर्नुपर्छ ?'
"प्रभुले भन्नुभयो, 'उठ् र दमस्कसमा जा ।
त्यहाँ तँलाई जे काम गर्न खटाइएको छ ती
सबै कामहरू त्यहीं नै तँलाई भनिने छ ।'
**११**त्यस प्रकाशको चहकले मलाई अन्धो
बनाएकोले मेरा सङ्गीहरूले मलाई डोऱ्याउँदै
दमस्कस पुऱ्याए ।
**१२**"त्यहाँ हननिया नाउँका एक जना मानिस
मलाई भेट्न आए । तिनी व्यवस्थामा अति
पोख्त थिए र त्यहाँ बस्ने सबै यहूदीहरूमा
अति नै सम्मानित पनि थिए । **१३**मेरो छेउमा
उभिएर तिनले भने, 'भाइ शाऊल, आफ्नो
आँखाको ज्योति प्राप्त गर,' र तुरुन्तै म तिनलाई
देख्न समर्थ भएँ ।
**१४**"त्यसपछि तिनले भने: 'हाम्रा पुर्खाहरूका
परमेश्वरले उहाँका इच्छा जान्न तपाईंलाई
छान्नुभएको छ र सो धर्मी मानिसलाई हेर्न र
उहाँको मुखबाट वचनहरू सुन्न तपाईंलाई
नियुक्त गर्नुभएको छ । **१५**तपाईंले जे देख्नुभएको
छ र जे सुन्नभएको छ ती कुराका सबै
मानिसहरूमा तपाईं उहाँको साक्षी हुनुहुनेछ ।
**१६**अब तपाईं केका निम्ति पर्खिरहनुभएको छ ?
उठ्नुहोस्, बप्तिस्मा लिनुहोस्, र उहाँको नाउँ
लिंदै आफ्ना पापहरू धोएर पखाल्नुहोस् ।'
**१७**"जब म यरूशलेम फर्केर आएँ र
मन्दिरमा प्रार्थना गरिरहेको थिएँ, म ध्यानमग्न
अवस्थामा पुगें, **१८**र परमेश्वरले बोल्नुभएको
सुनें । उहाँले मलाई यसो भन्नुभयो, 'छिटो
गर् ! यरूशलेम तुरुन्तै छाड्, किनकि मेरा

**२२:३**–प्रेरित ५:३४-३९. **२२:४-५**–प्रेरित ८:३; २६:९-११. **२२:१३**–प्रेरित ९:१७, १८

बारेमा तैंले दिएको साक्षी तिनीहरूले स्वीकार
गर्ने छैनन् ।'
१९"मैले जवाफ दिएँ, 'प्रभु यी मानिसहरूलाई
थाहा छ, तपाईंमा विश्वास गर्नेहरूलाई बन्दी
बनाउन र सताउन म एउटा सभाघरबाट अर्को
सभाघर गएँ, २०र जब तपाईंको भक्त
स्तिफनसको रगत बगाइएको थियो, त्यसको
अनुमति दिँदै म त्यहीं उभिरहें। म त्यहीं तिनलाई
पिटिरहेका मानिसहरूको वस्त्रको हेरविचार
गरिरहेको थिएँ ।'
२१"अनि परमेश्वरले मलाई भन्नुभयो,
'जा; म तँलाई गैर-यहूदीहरूकहाँ धेरै टाढा
पठाउँदैछु ।'"

## पावल, एक रोमी नागरिक

२२यति भनुन्जेलसम्म भीड़ले पावलका
कुरा सुने । त्यसपछि तिनीहरू आफ्नो उच्च
स्वरमा यसरी कराउन थाले, "यस मानिस
मारियोस् ! यो बाँच्न योग्यको छैन !"
२३तिनीहरू आफ्नो वस्त्र च्यात्दै र धूलो
उड़ाउँदै त्यसरी कराउन थाले । २४त्यसैले
सेनापतिले पावललाई ब्यारेकभित्र लैजाने आदेश
दिए । त्यसपछि ती मानिसहरू तिनीप्रति किन
त्यसरी कराइरहेका छन् सो पत्ता लगाउनका
निम्ति तिनलाई कोर्राले चुट्ने र प्रश्न सोध्ने
निर्देशन दिए । २५जसै तिनीहरूले उनलाई
कोर्राले चुट्न छालाको डोरीले बाँधे, तब आफू
नजिकै उभिएको कप्तानसँग पावलले सोधे,
"कुनै पनि दोष पत्ता नलागेको एउटा रोमी
नागरिकलाई तपाईंहरूले कोर्राले कुट्नु के
कानूनी कुरा हो ?"
२६यो कुरो सुनेपछि कप्तान सेनापतिकहाँ
गई उनलाई सो बतायो र सोध्यो,
"तपाईं के गर्नुहुन्छ ? यो मानिस त रोमी
नागरिक रहेछ ।"
२७सेनापति पावल भएको ठाउँमा गएर
सोध्न थाले, "मलाई भन्, के तँ रोमी नागरिक
होस् ।"
"हो, म रोमी नागरिक हुँ," तिनले जवाफ
दिए ।
२८अनि सेनापतिले भने, "रोमी नागरिक
हुनका निम्ति मैले त ठूलो मूल्य चुकाउनुपरेको
थियो ।"
"तर म त जन्मद्वारा रोमी नागरिक हुँ,"
पावलले जवाफ दिए ।
२९तिनलाई प्रश्न गरी जाँच गर्न तम्सिएकाहरू
त्यो सुनेर तुरुन्तै पछि हटेर गए । अनि एक
जना रोमी नागरिक पावललाई आफूले बाँधेको
जब सेनापतिलाई ज्ञान भयो, उनी आफै पनि
तर्से ।

## पावल महासभामा

३०अर्को दिन, सेनापतिले पावललाई फुकाइदिए
तर तिनी यहूदीहरूद्वारा किन आरोप लगाइएका
थिए, त्यो सत्य पत्ता लगाउन तिनले चाहेकाले
मुख्य पूजाहारी र महासभाका सबैलाई भेला
हुने तिनले आदेश दिए। अनि तिनले पावललाई
ल्याएर तिनीहरूसमक्ष खड़ा गराए ।

२३ महासभातिर शिर ठाड़ो पारेर हेर्दै
पावलले भने, "मेरा भाइहरू, आजका
दिनसम्म शुद्ध विवेकमा परमेश्वरप्रति मेरो
कर्तव्य पूरा गरेको छु ।" २यो कुरा सुन्नासाथ
प्रधान पूजाहारी हननियाले पावलका नजिकै
उभिएका मानिसलाई तिनको मुखमा हिर्काउने
आदेश दिए । ३अनि पावलले भने, "हे चुन
पोतेको भित्ता ! तिमीलाई परमेश्वरले हिर्काउनु
हुनेछ । विधिअनुसार मेरो न्याय गर्न तपाईं
त्यहाँ बस्नुभएको छ, तर पनि मलाई हिर्काउने
आदेश दिएर तपाईं स्वयम् त्यस विधिको
उल्लङ्घन गर्दै हुनुहुन्छ ।"
४यो सुनेर पावलका नजिकै उभिनेहरूले
तिनलाई भने, "परमेश्वरको उच्च पूजाहारीलाई
बेइज्जत गर्ने तँ कसरी साहस गर्दै छस् ?"
५पावलले तिनीहरूलाई जवाफ दिए,
"भाइहरू हो, उहाँ उच्च पूजाहारी हुनुहुन्छ
भन्ने मैले थाहा पाउन सकिन; किनकि यस्तो

---

**२२:२०**–प्रेरित ७:५८. **२३:३**–मत्ती २३:२७-२८. **२३:५**–प्रस्थान २२:२८.

लेखिएको छः 'तिम्रा मानिसहरूका शासकको
बारेमा निन्दनीय कुरा नबोल ।'"

**६**त्यस महासभामा एक थरी सदुकी दलका
रहेछन् र अर्का थरी फरिसी दलका रहेछन्
भन्ने कुरो पावलले थाहा पाएपछि तिनीहरूलाई
उनले उच्च स्वरमा भने, "मेरा भाइहरू हो, म
फरिसीहरूको छोरो एउटा फरिसी हुँ । म आज
अभियुक्तका रूपमा यहाँ उभिएको छु, किनकि
मरेकाहरू जीवित पारिने कुरामा मेरो आशा
छ ।" **७**जब तिनले यो कुरा भने, त्यहाँ
भएका सदुकीहरू र फरिसीहरूका बीच एउटा
मतभेद उत्पन्न भयो, र महासभा दुई दलमा
बाँड़ियो । **८**(सदुकीहरू मरेकाहरू जीवित
पारिनेछनन् र स्वर्गदूतहरू, आत्मा पनि छैनन्
भन्छन्, तर फरिसीहरू यी सबैको अस्तित्व
स्वीकार गर्छन् ।)

**९**त्यहाँ ठूलो खैलाबैला मच्चियो, र फरिसी
दलका केही व्यवस्थाका शिक्षकहरू उठेर
घमासान तर्क गर्नथाले । तिनीहरूले भने,
"यस मानिसमा कुनै किसिमको गल्ती हामी
भेट्टाउँदैनौं । एउटा आत्मा वा स्वर्गदूत यस
मानिससँग बोल्यो कि ?" **१०**तिनीहरू बीचको
झगड़ा अति हिंसात्मक हुनथाल्यो । तिनीहरूले
पावललाई टुक्राटुक्रा पार्लान् भन्ने सेनापतिलाई
डर भयो । त्यसकारण तिनले आफ्ना सैनिकहरूलाई
तल गई पावललाई जबर्जस्ती त्यहाँबाट ल्याएर
ब्यारेकभित्र लिएर जाने आदेश दिए ।

**११**भोलिपल्ट राती पावल नजिकै आएर प्रभु
उभिनुभयो र भन्नुभयो, "साहस गर, यरूशलेममा
जसरी तैंले मेरा बारेमा साक्षी दिइरहेको थिइस्,
त्यस्तै साक्षी तैंले रोममा पनि दिनुपर्छ ।"

### पावललाई मार्ने षड्यन्त्र

**१२**भोलिपल्ट बिहान यहूदीहरूले एउटा
षड्यन्त्र रचे । पावललाई नमारुन्जेल अन्नपानी
ग्रहण नगर्ने शपथ तिनीहरूले खाए । **१३**यस
षड्यन्त्रमा चालीस जनाभन्दा बढी मानिसहरूको
संलग्नता थियो । **१४**तिनीहरू प्रधान पूजाहारी
र धर्मगुरूहरूकहाँ गएर भने, "हामीले पावललाई
नमारुन्जेल आफूहरूले केही पनि नखाने दृढ़
शपथ खाएका छौं । **१५**त्यसैले अब तपाईं र
महासभाले त्यसको मुद्दाका बारेमा बढ़ी अकाट्य
तथ्यहरू जान्नु जरुरी भएको बहना बनाई
त्यस मानिसलाई भोलि महासभामा ल्याउन
सेनापतिलाई अपिल गर्नुहोस् । अनि ऊ यहाँ
आइपुग्नुभन्दा अघि बाटोमै त्यसलाई मार्न हामी
तयार हुनेछौं ।"

**१६**तर पावलको भानिजले यो षड्यन्त्रको
सुइँको पाए र ब्यारेकभित्र गई पावललाई सबै
कुरा बताए ।

**१७**त्यसपछि पावलले एक जना कप्तानलाई
डाकी यसो भने, "यस युवकलाई लिएर
सेनापतिकहाँ जानुहोस् । यिनीसँग उहाँलाई
भन्नुपर्ने केही कुरा छ ।" **१८**अनि उनले तिनलाई
सेनापतिकहाँ लिएर गए ।

कप्तानले भने, "पावल, कैदीले यो
युवकलाई हजुरकहाँ लिएर जानू भनेर
पठाए, किनकि हजुरलाई भन्ने केही कुरा योसँग
छ ।"

**१९**त्यस युवकको हात समातेर सेनापतिले
उसलाई केही पर लगी सोधे, "तिमीले मलाई
भन्न खोजेको कुरो के हो ?"

**२०**युवकले भन्यो: "पावलका बारेमा बढ़ी
अकाट्य तथ्य चाहिएको बहनामा भोलिको
महासभामा तिनलाई उपस्थित गराउने आदेश
तपाईंलाई दिन यहूदीहरू राजी भइसके । **२१**तर
तिनीहरूका भनाइबमोजिम तपाईं नगर्नुहोस् ।
किनकि चालीस जनाभन्दा बढ़ी मानिसहरू
बाटामा तिनलाई मार्न ढुकेर बस्नेछन् ।
पावललाई नमारुन्जेल अन्नपानी ग्रहण
नगर्ने शपथ तिनीहरूले खाएका छन् । हाल,
उनीहरूको अनुरोधमा तपाईंको सहमतिलाई
पर्खेर उनीहरू तयार भएर बसेका छन् ।"

**२२**सेनापतिले तिनलाई यसरी सतर्क
गराउँदै त्यहाँबाट बिदा दिए, "यो कुरा तिमीले
मलाई भन्यौ भनेर कसैलाई पनि नभन्नू ।"

---

**२३:६**–प्रेरित २६:५; फिलिप्पी ३:५. **२३:८**–मत्ती २२:२३; मर्कूस १२:१८; लूका २०:२७.

### पावल सिजरियामा

**२३**त्यसपछि सेनापतिले आफ्ना दुई जना कप्तानलाई बोलाएर यस्तो आदेश दिए, “आजै राती नौ बजे सिजरिया जानका निम्ति दुई सय सिपाहीहरूको एउटा पल्टन, सत्तरी जना घोड़सवार र दुई सय जना भाला बोक्ने सिपाहीहरू तयार पारेर राख । **२४**पावलको निम्ति पनि घोड़ा तयार गर र तिनलाई राज्यपाल फेलिक्सकहाँ सुरक्षित पुऱ्याउन सकियोस् ।”

**२५**अनि यस किसिमको पत्र तिनले लेखे:

**२६** “सम्माननीय राज्यपाल फेलिक्सलाई,
क्लौडियस लुसियसको अभिवादन ।

**२७**यस मानिसलाई यहूदीहरूले समातेर मार्नै आँटेका थिए । तर आफ्ना सिपाहीहरू लिएर म घटनास्थलमा पुगें र यिनलाई छुटाएर ल्याएँ, किनकि यिनी एक रोमी नागरिक हुन् भन्ने मैले थाहा पाएँ । **२८**यिनलाई किन तिनीहरू आरोप लगाउँदैछन्, यो मैले जान्न चाहेकोले तिनीहरूका महासभामा मैले यिनलाई उपस्थित गराएँ । **२९**मैले पत्तो पाएँ, तिनीहरूका व्यवस्थासम्बन्धी प्रश्नहरूलाई लिएर ती आरोपहरू लगाइएका रहेछन् । तर ज्यान सजाय वा कैद सजाय दिने किसिमको उनी विरुद्ध कुनै आरोप प्रमाणित हुन सकेन । **३०**अहिले यसै मानिसलाई मार्ने एउटा षड्यन्त्र रचिएको मैले थाहा पाएकोले यिनलाई तपाईंकहाँ तुरुन्तै पठाउँदैछु । साथै यी मानिसमाथि आरोप लगाउनेहरूलाई पनि यिनका विरुद्ध आफ्नो बयान दिन तपाईंसमक्ष उपस्थित हुने आदेश दिएको छु ।”

**३१**त्यो आदेशलाई पूरा गर्न सिपाहीहरूले आफ्नो साथमा पावललाई लिएर राती बिदा भए र रातारात गरेर तिनलाई एन्टिपाट्रिससम्म पुऱ्याए । **३२**भोलिपल्ट घोड़चढ़ीको साथ तिनलाई छोड़ेर बाँकी सिपाहीहरू ब्यारेक फर्के । **३३**सिजरिया पुगेपछि, घोड़चढ़ीहरूले राज्यपालसमक्ष चिट्ठी प्रस्तुत गरे र पावललाई पनि बुझाइदिए । **३४**चिट्ठी पढेर राज्यपालले तिनी कुन प्रान्तका हुन् भनी सोधे र तिनी किलिकियाका हुन् भन्ने थाहा पाए । **३५**अनि उनले भने, “तिमीलाई आरोप लगाउनेहरू यहाँ आएपछि म तिम्रो मुद्दा सुन्नेछु ।” त्यसपछि हेरोदको दरबारमा पावललाई सुरक्षाकर्मीहरूका बीच राख्ने आदेश तिनले दिए ।

### फेलिक्ससामु मुद्दा

**२४** पाँच दिनपछि प्रधान पूजाहारी हननिया आफ्ना साथ केही धर्मगुरुहरू र तर्तुल्लस नाउँको एक जना वकिल साथ लिएर सिजरिया पुगे । त्यहाँ राज्यपाल सामु पावलका विरुद्ध तिनीहरूले आफ्नो मुद्दा पेश गरे । **२**जब पावल त्यहाँ बोलाइए, तर्तुल्लसले आफ्नो पक्ष फेलिक्सको सामु यसरी प्रस्तुत गरे: “हजूरको अधीनमा हामीले लामो समयदेखि शान्ति अनुभव गरिरहेका छौं । हजूरको दुरदर्शिताले यस राज्यमा धेरै सुधार भएको छ । **३**हे सम्माननीय फेलिक्स, हामी सबै ठाउँमा हरेक कुराको निम्ति हजूरप्रति अत्यन्तै कृतज्ञ छौं । **४**तर हजूरलाई झर्को नहोस् भनेर बढी समय नलिई हाम्रो पक्षलाई सुनिदिनुहुन म आग्रह गर्दछु ।

**५**“संसारभरिका यहूदीहरूमा हूलदङ्गा मच्चाएर यस मानिसले जतातत्तै अशान्ति गर्न लागेको हामीले भेट्टायौं । यो मानिस नासरी सम्प्रदायको विद्रोहीहरूको अगुवा हो, **६**र यसले मन्दिरलाई अपवित्र गर्ने प्रयत्न पनि गऱ्यो; त्यसैकारण हामीले यसलाई समातेका हौं । [**७**तर सेनापती, लुसियस आए र बड़ो जबरदस्तसाथ त्यसलाई हाम्रा हातबाट खोसेर लैजानुभयो, र यसको विरूद्धमा अभियोग लाउनेहरूलाई हजूरकहाँ आउने आज्ञा गर्नुभयो ।] **८**हामीले त्यसका विरुद्ध लगाएका यी सबै आरोपहरूको सत्यता हजूर आफैले त्यसलाई जाँचेर जान्न समर्थ हुनुहुन्छ ।”

**९**यी सबै कुराहरू सत्य हुन् भन्दै, त्यहाँ उपस्थित सबै यहूदीहरू ती आरोपहरूमा सहमत भए ।

**१०**त्यसपछि राज्यपालले पावललाई आफ्नो पक्ष प्रस्तुत गर्नू भनेकाले पावलले यसरी जवाफ दिए: "मलाई थाहा छ, धेरै वर्षदेखि तपाईं यस राज्यको न्यायाधीश पदमा रहनुभएको छ । त्यसैले खुशीसाथ म आफ्नो बचाउमा बोल्छु ।
**११**यरूशलेममा आराधना गर्न म गएको बाह्र दिनभन्दा बढ़ी भएको छैन । यी कुराको तपाईं सजिलैसँग जाँच गर्न सक्नुहुन्छ । **१२**मन्दिरमा कसैसँग वादविवाद गरिरहेको वा सभाघरहरूमा भीड़लाई उक्साइरहेको वा शहरको कुनै भागमा त्यस्तै काम गरिरहेको मलाई मेरा आरोपकर्ताहरूले पाएका थिएनन्, **१३**र मेरा विरुद्धमा अहिले तिनीहरू जे जे आरोपहरू लगाइरहेका छन् त्यसलाई तिनीहरू प्रमाणित गर्न पनि सक्दैनन् । **१४**तैपनि, तिनीहरूले मार्ग भनेर जसलाई भन्छन् त्यसको म अनुयायी भएकोले हाम्रा पितापुर्खाहरूको परमेश्वरलाई आराधना गर्दछु, भनी म स्वीकार गर्छु । अगमवक्ताका पुस्तकहरूमा लेखिएका सबै कुरा र व्यवस्थासँग मेल खाने हरेक कुरामा म विश्वास राख्छु । **१५**धर्मीहरू र दुष्ट मानिस दुवै मृतकबाट जीवित हुनेछन् भनेर यिनीहरूले स्वीकार गरेजस्तै, म पनि परमेश्वरमा आशा राख्छु । **१६**यसकारण परमेश्वर र मानिस दुवैका सामु म मेरो विवेकलाई सफा राख्छु ।

**१७**"धेरै वर्षको अन्तरालपछि, गरीबहरूका निम्ति आफ्ना मानिसबाट भेटी र उपहार दिन म यरूशलेम आएको थिएँ । **१८**यिनीहरूले मलाई मन्दिरमा फेला पार्दा म विधिपूर्वक शुद्ध थिएँ । मेरा सामु त्यहाँ कुनै भीड़ थिएन, नता कुनै उत्पात मच्चाउन म लागेको थिएँ । **१९**तर त्यहाँ एशिया प्रान्तबाट आएका केही यहूदीहरू थिए । तिनीहरू यहाँ हजूरको सामुन्ने हुनुपर्ने थियो र मेरो विरुद्ध केही कुरा भएदेखि ती आरोपहरू यहीं लगाउनुपर्ने थियो । **२०**अथवा, जुन बेला म महासभामा उभिएको थिएँ, तिनीहरूले ममा के अपराध फेला पारे त्यो कुरा अहिले यहाँ भेला हुनुभएका मानिसहरूले भन्नुपर्ने हो । **२१**यही एउटा कुरामात्र मैले उहाँहरू सामु उभिएर कराएको थिएँ: "मरेकाहरू जीवित पारिनेछन् भन्ने सन्दर्भमा मात्रै आज तपाईंहरूसमक्ष मेरो मुद्दा चलिरहेको छ ।'"

**२२**त्यसपछि, यस पथको यथार्थसँग राम्ररी परिचित भएका फेलिक्सले मुद्दाको बहस टुङ्ग्याई ती मानिसहरूलाई पठाइदिए । अनि तिनले भने, "सेनापति लुसियस आएपछि तिम्रो मुद्दा म टुङ्ग्याउँछु ।" **२३**त्यसपछि पावललाई पालेपहरासहित राख्नू तर उनलाई केही स्वतन्त्रता दिनू र उनका आवश्यकताहरू पूरा गर्न तिनका मित्रहरूले केही कुरा ल्याए भने दिनू भनी कप्तानलाई आदेश दिए ।

**२४**केही दिनपछि आफ्नी यहूदी पत्नी द्रूसिल्लालाई साथमा लिएर फेलिक्स त्यहाँ आए । तिनले पावललाई बोलाए र येशू ख्रीष्टमा भएका विश्वासका बारेमा तिनले बोलेका कुराहरू ध्यानसँग सुने । **२५**जसै पावलले धार्मिकता, आत्मनियन्त्रण र भावी न्यायको वर्णन गरे, फेलिक्स भयभीत भए र भने, "अहिलेलाई यति नै वर्णन काफी छ । तिमी अब गए हुन्छ । जब मलाई फुर्सद हुनेछ, म तिमीलाई फेरि बोलाउनेछु ।" **२६**साथसाथै पावलले तिनलाई केही घूस दिनेछन् भन्ने तिनको आशा थियो । त्यसैले तिनले उनलाई बराबर बोलाए र तिनीसँगै कुराकानी गरिरहे ।

**२७**जब दुई वर्ष बित्यो, फेलिक्सको पदमा पोर्सियस फेस्तस आए । यहूदीहरूलाई कृपा देखाउन फेलिक्सले पावललाई झ्यालखानमै छोड़े ।

### फेस्तसका सामु पावल

**२५** त्यस प्रान्तमा आएको तीन दिनपछि, फेस्तस सिजरियाबाट यरूशलेम गए । **२**त्यहाँ प्रधान पूजाहारी र यहूदी अगुवाहरू तिनका सामु आए र पावलका विरुद्ध अभियोगहरू लगाए । **३**आफूहरूप्रतिका उपकारका रूपमा,

---

**२४:१७-१८**–प्रेरित २१:१७-२८. **२४:२१**–प्रेरित २३:६.

तिनीहरूले पावललाई यरूशलेममा सार्ने अनुरोध गरे, किनकि बाटामा आक्रमण गरेर पावललाई मार्ने तयारी तिनीहरूले गरेका थिए । ४फेस्तसले तिनीहरूको अनुरोध सुनेर भने, "पावललाई सिजरियामा राखिएको छ, र म आफै त्यहाँ छिटै गइरहेको छु। ५तपाईंहरूका केही अगुवाहरूलाई मसँग पठाउनुहोस् र त्यसले केही गलत काम गरेको छ भने, तिनीहरूले त्यस मानिसका विरुद्धमा त्यहीं अभियोगहरू लगाऊन् ।"

६तिनीहरूसँग आठ-दश दिन जति बसेर तिनी सिजरिया झरे। त्यसको भोलिपल्ट उनले अदालतको गठन गरे र पावललाई त्यहाँ उपस्थित गराउने आदेश दिए । ७पावल त्यहाँ ल्याइएपछि यरूशलेमबाट आएका यहूदीहरू तिनका चारैतिर उभिए र तिनका विरुद्ध धेरै गम्भीर आरोपहरू लगाए, तर तिनीहरूले ती प्रमाणित गर्न सकेनन् ।

८त्यसपछि आफ्नो बचाउमा पावलले यसो भन्नथाले: "यहूदीहरूका व्यवस्थाका विरुद्ध वा मन्दिरका विरुद्ध वा सम्राट सिजरका विरुद्ध मैले कुनै गल्ती काम गरेको छैनँ ।"

९यहूदीहरूमाथि कृपा गर्ने विचारले फेस्तसले पावललाई भने, "तिमीमाथि लगाइएका यी आरोपहरूको मुद्दाको फैसला मेरो अगाडि यरूशलेममा हुने भयो भने के तिमी त्यहाँ जान इच्छुक छौ ?"

१०पावलले जवाफ दिए: "सिजरको अदालतसमक्ष उभिएको छु । यथार्थमा, मेरो मुद्दाको सुनुवाइ पनि यहीं नै हुनुपर्ने हो । तपाईं आफैलाई राम्रो थाहा छ, मैले यहूदीहरूका विरुद्ध केही पनि गरेको छैनँ। ११तथापि, मृत्युको सजाय पाउने खालको कुनै गम्भीर अपराधको म दोषी छु भने म मृत्युलाई इन्कार गर्दिनँ । तर यी यहूदीहरूले मेरो विरुद्ध लगाएका आरोपहरू सत्य छैनन् भने, तिनीहरूका हातमा मलाई सुम्पन कसैलाई पनि अधिकार छैन। म सिजरकहाँ अपिल गर्छु ।"

१२आफ्नो परिषद्सँग सल्लाह गरेपछि फेस्तसले घोषणा गरे: "तिमीले सिजरसमक्ष अपिल गऱ्यौ । त्यसैले सिजरसमक्ष नै तिमी जानेछौ ।"

### राजा अग्रिपासँग फेस्तसको सल्लाह

१३त्यसको केही दिनपछि राजा अग्रिपा र बरनिकी फेस्तसलाई भेटेर सम्मान प्रकट गर्न सिजरिया पुगे । १४तिनीहरू त्यहाँ धेरै दिन बस्ने भएकाले पावलको मुद्दाका बारेमा फेस्तसले राजासँग छलफल गरे। तिनले भने: "फेलिक्सका पालादेखि बन्दी बनाइएको एक जना मानिस यहाँ छ । १५म यरूशलेममा गएका बेलामा प्रधान पूजाहारी र यहूदीहरूका मुख्य व्यक्तिहरूले यस विरुद्ध थुप्रै अभियोगहरू लगाई त्यसलाई मृत्युदण्ड दिने माग गरे ।

१६"त्यसबेला मैले तिनीहरूलाई भनें कि कुनै पनि अभियोगीलाई आफ्नो बचाउमा बोल्ने मौका नदिई उसलाई आरोप लगाउनेहरूलाई त्यो मानिस सुम्पने प्रथा रोमी व्यवस्थामा छैन । १७जब तिनीहरू मसँगै यहाँ आए, तिनीहरूको मुद्दा सुन्नमा मैले धेरै समय लगाइनँ । यहाँ आइपुगेको भोलिपल्ट नै अदालतको गठन गरी त्यस मानिसलाई उपस्थित गराएँ । १८त्यसलाई अभियोग लगाउनेहरूले मैले अपेक्षा गरेबमोजिम एउटै पनि अपराध त्यस व्यक्तिले गरेको आरोप तिनीहरूले लगाउन सकेनन् । १९त्यसको साटो तिनीहरू येशू नाउँको एक जना मरेको व्यक्ति, जसलाई पावल जिउँदै भएको दावी गर्दैथिए, र आफ्नै धर्मका बारेमा तिनीहरूका बीचमा केही मतभेद थियो। २०यस्तो कुरा कसरी छानबिन गर्ने भनी म अलमल्ल परेको छु। त्यसैले यरूशलेम गएर आफूमाथि लगाइएको अभियोगहरूका सन्दर्भमा हुने सुनुवाइमा त्यो मानिस त्यहाँ जान चाहन्छ कि चाहँदैन भनेर उसैलाई मैले सोधें। २१यो सुनेर पावलले सम्राट सिजरबाटै फैसला होस् भन्ने चाहेकाले त्यसलाई कारागारमै राखी सिजरकहाँ नपठाएसम्म मैले त्यसलाई बन्दीगृहमै राख्ने आदेश दिएँ ।"

२२यो कुरा सुनेर अग्रिपाले फेस्तसलाई भने, "यो मानिसको बारेमा म आफै सुन्न चाहन्छु ।"

अनि फेस्तसले सहमति जनाए, “हुन्छ,
भोलि सुन्नुहोस् ।”

### पावल अग्रिपासामु

**२३**अर्को दिन अग्रिपा र बरनिकी ठूलो
तड़कभड़कसाथ आई उच्च अधिकृतहरू र
शहरका प्रमुख व्यक्तिहरू भेला भएका
सभाकक्षमा पसे । फेस्तसको आदेशपछि पावल
त्यहाँभित्र उपस्थित गराइए, **२४**त्यसपछि फेस्तसले
भने: “राजा अग्रिपा र हाम्रा बीच उपस्थित
हुनुभएका सबै भद्र जनहरू, तपाईंहरू यस
मानिसलाई देखिरहनुभएको छ । यरूशलेमको
सम्पूर्ण यहूदी समुदायका साथै यहाँ सिजरियामा
भएका यहूदीहरूसमेतले यो मानिस अब उप्रान्त
बाँच्ने योग्य छैन भनी मेरोसामु जोड़तोड़का
साथ उजुर गरेका छन् । **२५**ज्यान सजाय
पाउनेजस्तो यसले केही गरेको म पाउँदिनँ,
तर यसले सम्राटमा अपिल गरेको हुनाले यसलाई
रोम पठाउने मैले निर्णय गरें । **२६**तर, यस
मानिसका बारेमा सम्राटसमक्ष लेखी पठाउने
कुनै ठोस कुरो मसँग छैन । त्यसैले यस
मानिसलाई तपाईंहरू र विशेष गरी राजा
अग्रिपासमक्ष मैले उपस्थित गराएको हुँ । हामी
सबैबाट यस मानिसका बारेमा यहाँ जाँच
भएपछि सम्राटलाई लेखी जाहेर गर्ने केही
कुरा पाउने मैले आशा राखेको छु । **२७**किनकि
मेरो विचारमा कुनै पनि बन्दीलाई उसका
विरुद्धका अभियोगहरू उल्लेख नगरी त्यसै
पठाउनु ठीक छैन ।”

**२६** त्यसपछि अग्रिपाले पावललाई भने,
“आफ्नो बचाउमा तिमीलाई बोल्न
अनुमति हामी दिन्छौं ।”

त्यसैकारण, पावलले आफ्ना हातको
इशाराबाट सबैलाई शान्त गराउँदै आफ्नो
बचाउमा भन्न शुरु गरे: **२**“राजा अग्रिपा,
यहूदीहरूले लगाएका सम्पूर्ण अभियोगहरू विरुद्ध
मेरो बचाउमा तपाईं समक्ष मैले आफ्ना कुरा
राख्न पाउँदा म आफूलाई धन्यको ठान्छु,
**३**किनकि यहूदीहरूका सम्पूर्ण रीतिथिति र
विवादहरूको बारेमा तपाईं पूर्ण परिचित
हुनुहुन्छ । त्यसकारण, मेरा कुराहरू ध्यानपूर्वक
सुनिदिनुहुन म तपाईंलाई नम्र निवेदन गर्छु ।

**४**“मेरा बाल्यावस्थादेखि आजसम्म मेरो
आफ्नै देशमा र यरूशलेममा पनि मैले कसरी
जिएँ, यो कुरा सम्पूर्ण यहूदीहरू जान्दछन् ।
**५**धेरै लामो समयदेखि तिनीहरू मलाई चिन्छन्
र हाम्रो धर्मको अति नै कड़ा समुदाय फरिसीको
जीवन कसरी मैले जिएको हुँ, तिनीहरूले चाहेमा
त्यसको साक्षी तिनीहरू नै दिन सक्छन् ।
**६**मेरा पिता-पुर्खाहरूलाई परमेश्वरले जे प्रतिज्ञा
गर्नुभएको छ त्यसैमा मेरो अखण्ड विश्वासको
कारण आज यस मुद्दामा म परेको छु । **७**यो नै
त्यो प्रतिज्ञा हो जसलाई हाम्रा बाह्रै कुलहरूले
पूर्ण भएको देख्ने आशा गरिरहेका छन् । किनकि
तिनीहरू हृदयदेखि परमेश्वरको सेवा दिनरात
गरिरहेका छन् । हे राजा, यसै आशाका कारण
आज यहूदीहरू ममाथि आरोपहरू लगाउँदैछन् ।
**८**मरेकाहरूलाई परमेश्वर जीवित पार्नुहुन्छ भन्ने
कुरामा किन तपाईंहरू कति पनि विश्वास
गर्न सक्नुहुन्न ?

**९**“नासरतका येशूको नाउँको विरोध गर्न
सम्भव भएजति सबै कुरा गर्नुपर्छ भन्ने मेरो
पनि दृढ़ धारणा थियो, **१०**र ठीक यही कुरो
यरूशलेममा मैले गरें । प्रधान पूजाहारीहरूको
अधिकारमा धेरै सन्तहरूलाई मैले झ्यालखानमा
हालें । जुन बेला तिनीहरू मारिए, त्यही बेला
तिनीहरू विरुद्ध मैले पनि सहमति जनाएको
थिएँ । **११**तिनीहरूलाई सजाय दिन म धेरैपटक
एउटा सभाघरबाट अर्को सभाघर गएँ र
परमेश्वरलाई निन्दा गर्न कर लगाएँ । तिनीहरू
विरुद्ध मेरो घृणाका कारण तिनीहरूलाई सताउन
म परदेशी शहरहरूमा पनि गएँ ।

**१२**“यस्तै किसिमको एक यात्रामा प्रधान
पूजाहारीहरूको अधिकार र अख्तियारनामा
लिएर म दमस्कस जाँदैथिएँ । **१३**हे राजा,
अपरान्हतिरको कुरो हो ! म बाटोमा जाँदै गर्दा

---

**२६:५**–प्रेरित २३:६; फिलिप्पी ३:५. **२६:९-११**–प्रेरित ८:३; २२:४-५.

स्वर्गबाट आएको एउटा प्रकाश मैले देखें। त्यो प्रकाश सूर्यभन्दा बढी चहकिलो थियो र म अनि मेरा सङ्गीहरूको चारैतिर चम्किरहेको थियो।
**१४**त्यो देखेर हामी सबै भुइँमा लड्यौं, अनि हिब्रू भाषामा एउटा आवाजले मलाई यसो भनेको मैले सुनें, 'शाऊल, शाऊल, किन तँ मलाई सताउँछस् ? सुइरोमा लात्तीले हान्न तँलाई कठिन छ।'

**१५**"त्यसपछि मैले प्रश्न गरें, 'हे प्रभु, तपाईं को हुनुहुन्छ ?'

"प्रभुले जवाफ दिनुभयो, 'जसलाई तँ सताइरहेको छस्, म त्यही येशू हुँ।
**१६**अब तँ आफ्नो खुट्टामा उभी। मेरा बारेमा तैंले के-के देखिस् र तँलाई म के के देखाउनेछु, ती सबैको साक्षी हुन र मेरो सेवकको रूपमा तँलाई नियुक्त गर्न म तेरो सामु देखा परेको हुँ।
**१७**तेरा आफ्नै जाति र गैर-यहूदीबाट म तँलाई छुटकारा दिलाउँछु। तिनीहरूसमक्ष म तँलाई पठाइरहेको छु।
**१८**आफ्ना पापहरूको क्षमादान र विश्वासद्वारा ममा सिद्ध तुल्याइएकाहरूलाई छुट्याइएको ठाउँ तिनीहरूले पाउन सकून् भनेर तिनीहरूका आँखा उघार्न, तिनीहरूलाई अँध्यारोबाट उज्यालोमा फर्काउन र शैतानको शक्तिबाट परमेश्वरमा फर्काउन म तँलाई तिनीहरूसमक्ष पठाउँदैछु।'

**१९**"त्यसैले, हे राजा अग्रिपा, त्यो स्वर्गीय दर्शनप्रति म अनाज्ञाकारी भइनँ।
**२०**सबैभन्दा पहिले दमस्कसमा हुने यहूदीहरूलाई, त्यसपछि यरूशलेम र यहूदियामा भएका सबै यहूदीहरूलाई, र गैर-यहूदीहरूलाई समेत तिनीहरूले पश्चात्ताप गर्नुपर्दछ, परमेश्वरमा फर्किनुपर्दछ र आफ्ना कामहरूद्वारा तिनीहरूको पश्चात्तापलाई प्रमाणित गर्नुपर्दछ भनेर मैले शिक्षा दिएँ।
**२१**त्यसैकारण केही यहूदीहरूले मन्दिरमा समातेर मलाई मार्ने प्रयत्न गरे।
**२२**तर आजका दिनसम्म मैले परमेश्वरबाट सहायता पाएको छु। त्यसैकारण म यहाँ आज उभिएको छु र यहाँहरू सबैसमक्ष साक्षी दिंदैछु। अगमवक्ताहरू र मोशाले धेरै समयअघि भविष्यमा हुने कुराका बारेमा जे भनेका छन्, तीभन्दा बाहिर गएर मैले एउटा वचन पनि बोलेको छैनँ।
**२३**ती हुन्– ख्रीष्टले ठूलो कष्ट सहनुपर्नेछ र मरेकाहरूबाट जीवित हुने उहाँ नै पहिलो व्यक्ति हुनुहुनेछ, आफ्ना जनहरू र गैर-यहूदीहरूलाई ज्योतिको बारेमा घोषणा गर्नुहुनेछ।"

**२४**यति सुन्नासाथ पावलको भनाइलाई रोक्दै फेस्तसले ठूलो स्वरमा भने, "ए पावल, तँ बकबक गरिरहेको छस्। तेरो ठूलो विद्याले गर्दा तँ बहुला भइसकिस्।"

**२५**पावलले यस्तो जवाफ दिए, "हे सम्माननीय फेस्तस, म बहुलाएको छैनँ। मेरा भनाइहरू सत्य र विवेकपूर्ण छन्।
**२६**राजालाई यी सबै कुरा राम्रोसँग थाहा छ, र यसैले उहाँका सामु म निर्धक्कसँग बोल्न सक्छु। उहाँबाट यी कुरा छिपेका छैनन् भनी विश्वस्त छु, किनकि यी कुरा लुकीछिपी गरिएका होइनन्।
**२७**हे राजा अग्रिपा, के हजुर अगमवक्ताहरूमा विश्वास राख्नुहुन्छ ? मलाई थाहा छ, तपाईं विश्वास राख्नुहुन्छ।"

**२८**त्यसपछि अग्रिपाले पावललाई भने, "यति छोटो समयभित्र तँ मलाई एउटा ख्रीष्टियान हुन राजी गराउन सक्छु भनी सोच्दैछस् ?"

**२९**पावलले जवाफ दिए, "छोटो अवधि होस् वा लामो, मलाई बाँधिएका यी साङ्लाहरू बाहेक यहाँ उपस्थित हुनु भई मेरो कुरा सुनिरहनुभएको तपाईंमात्र होइन तर सबैजना म जे छु त्यस्तै हुनुहोस् भनी परमेश्वरसँग म प्रार्थना गर्छु।"

**३०**यो सुनेर राजा उठे। उनीसँगै राज्यपाल, बरनिकी र त्यहाँ भएका सबै जना उठे।
**३१**तिनीहरू त्यस कोठादेखि बाहिर गए र एक अर्कासँग कुरा गर्दै भन्नथाले, "ज्यान सजाय र जन्मकैद सजाय पाउने खालको कुनै काम यो मानिसले गरिरहेको छैन।"

**३२**अनि अग्रिपाले फेस्तसलाई भने, "सिजरलाई यस मानिसले अपिल नगरेको भएदेखि यसलाई अहिल्यै मुक्त गर्न सकिन्थ्यो।"

---

**२६:२०**–प्रेरित ९:२०; २८:२९. **२६:२३**–यशैया ४२:६; ४९:६; १ कोरिन्थी १५:२०.

## पावलको रोम यात्रा

२७ हामी इटालीया जानुपर्छ भन्ने निर्णय भएपछि, पावल र अन्य केही कैदीहरूलाई सम्राट अगस्तसका एक जना कप्तान युलियसको जिम्मा लगाइयो । **२**एड्रामिटेनोसबाट एशियाका विभिन्न बन्दरगाहहरू हुँदै जाने एउटा जहाज चढ़ेर हामीले समुद्रको आफ्नो यात्रा शुरु गऱ्यौं । अरिस्तार्खस नाउँ भएका थेसलोनिकेका एक जना म्यासिडोनी बासी पनि हामीसँगै यात्रा गरिरहेका थिए ।

**३**भोलिपल्ट हामी सिदोनमा उत्रियौं । युलियसले पावलमाथि दया गर्दै, तिनलाई आवश्यक परेका कुरा तिनीहरूले दिन सकून् भनेर यहाँका आफ्ना मित्रहरूकहाँ जाने अनुमति दिए । **४**त्यहाँबाट हामीले आफ्नो सामुद्रिक यात्रा पुन: शुरु गऱ्यौं र जहाजको विपरित निक्कै ठूलो बतास चलेको हुनाले साइप्रसको आड़ लिँदै हामी अगाडि बढ्यौं । **५**किलिकिया र पामफिलियापारि खुल्ला समुद्रमा पुगेपछि हामी लुकियाको एउटा शहर माइरामा आइपुग्यौं । **६**त्यहाँ हामीलाई लिएर जाने कप्तानले अलेक्जेन्ड्रियाको एउटा जहाज फेला पारे । त्यो इटालीया जाँदैथियो । त्यसैले तिनले हामीलाई त्यही जहाजमा चढ़ाए । **७**धेरै दिनसम्म मन्द गतिमा हाम्रो यात्रा अघि बढ्यो र क्नीडससम्म आइपुग्न हामीलाई धेरै कठिन पऱ्यो । विपरित दिशाबाट बगेको हावाले जब हामीलाई चाहेकोतिर अगाडि बढ्न दिएन, अनि क्रेटको आड़ लिँदै हामी सालमोनेको पल्लोपट्टि हुँदै गयौं । **८**बड़ो मुस्किलले हामी त्यसको किनारै-किनार भएर गयौं र लासिया शहरको नजिकै भएको सुन्दर बन्दरगाहमा आयौं ।

**९**हाम्रो यात्रा झन् डरलाग्दो र सङ्कटमय भइसकेको थियो । साथै प्रायश्चित दिवसको उपवासको समय पनि बितिसकेको थियो । त्यसैले तिनीहरूलाई सचेत गराउँदै पावलले भने, **१०**"मानिसहरू हो, हाम्रो यात्रा निक्कै सङ्कटमय हुने र जहाज, यसभित्रका माल सामानहरू र हाम्रै जीवनमा पनि ठूलो खतरा पुग्न सक्ने म देख्दैछु ।" **११**तर पावलको यो चेतावनीमा ध्यान दिनुको साटो सेनाको अधिकृतले जहाजको कप्तान र मालिकको सल्लाहमा काम गरे । **१२**नजिकै भएको बन्दरगाह हिउँद काट्नलाई असुविधाजनक हुने भएको ठहऱ्याइ, फोनिक्ससम्मै पुगेर जाडो याम बिताउनुपर्दछ भन्ने धेरैजसोले निर्णय गरी, त्यहाँबाट जहाज चलाइहाल्ने सल्लाह दिए । फोनिक्स क्रेटको बन्दरगाह थियो, जो दक्षिण-पश्चिम र उत्तर-पश्चिम दुवैतिर फर्केको थियो ।

## समुद्रमा आँधी-बेह्री

**१३**दक्षिणी बतास जसै मन्द गतिले चल्न थाल्यो, अनि तिनीहरूले चाहेजस्तै भइरहेको छ भन्ने तिनीहरूले सोचे । त्यसैले तिनीहरूले जहाजको लङ्गुर उठाए र क्रेटको किनारै-किनार हुँदै यात्रा गर्नथाले । **१४**तर तिनीहरू धेरै पर पुग्नुभन्दा पहिल्यै "उत्तर-पूर्वीय" नामक प्रचण्ड आँधी-बेह्री चल्न थाल्यो । **१५**त्यस आँधीको चपेटामा जहाज पऱ्यो र तीब्र बेगमा चलेको हुरीबाट अगाडि बढ्न सकेन । त्यसैले हामीले त्यसलाई जतातिर जान्छ त्यतैतिर जाओस् भनेर छाड़िदियौं । **१६**क्लौडा भन्ने एउटा सानो टापुको आड़बाट हामी जसै जाँदैथियौं, हामीले जहाजका सुरक्षा-डुङ्गालाई बड़ो मुस्किलले बचाउन सक्यौं । **१७**त्यसलाई माथि उठाएपछि तिनीहरूले जहाजलाई बचाउन मुनि र वरिपरि डोरीले बाँधे । अनि सिरटिस भन्ने बलौटे धापमा फसिन्छ भन्ने डरले तिनीहरूले पाल झारिदिए र जहाजलाई घचेटिन दिए । **१८**त्यस प्रचण्ड आँधी-बेह्रीले भोलिपल्ट जहाजलाई यति नराम्रोसँग तलमाथि उचाल्न र पछार्न थाल्यो कि त्यसले गर्दा मानिसहरू सामानहरू बाहिर फ्याँक्न लागे । **१९**तेस्रो दिन, तिनीहरूले आफ्नै हातले जहाजको डोरीहरूलाई जहाजबाहिर फ्याँकिदिए । **२०**जब धेरै दिनसम्म सूर्य र ताराहरू देखिएनन् र आँधी-बेह्री लगातार चलिरह्यो, तब हामीले बाँच्ने सम्पूर्ण आशा त्यागी दियौं ।

**२१**मानिसहरूले खान नपाएको धेरै समय
भएपछि, पावल तिनीहरू सामु उभिए र यसो भने,
“मित्रहरू हो, सुन्दर बन्दरगाहबाट अगाडि नबढ्ने
मेरो सल्लाहलाई तपाईंहरूले मान्नुभएको भए
आफ्ना जीवनप्रति यो सङ्कट र नोक्सानबाट
आज तपाईंहरू बाँच्न सक्नुहुन्थ्यो । **२२**तैपनि,
आफ्नो धैर्य नगुमाउन म तपाईंहरूलाई अझै
अनुरोध गर्छु, किनकि तपाईंहरूमध्ये एकै
जनालाई पनि केही हुनेछैन । तर जहाजचाहिँ
नष्ट हुनेछ । **२३**जुन परमेश्वरको म हुँ र
जसको म सेवा गर्छु, उहाँकै एक जना स्वर्गदूत
गए राती मेरा छेउमा आए, **२४**अनि भने, ‘पावल
तँ नडरा । सिजरका सामुन्ने साक्षी दिनैपर्दछ,
र तेरा साथमा यात्रा गरिरहेका सबैको
जीवन अनुग्रहका साथ परमेश्वरले तेरा हातमा
सुम्पिदिनुभएको छ ।’ **२५**त्यसैले मित्रहरू हो,
धैर्य धारण गरेर बस्नुहोस्, किनकि परमेश्वरले
मलाई जे भन्नुभएको छ त्यही कुरा हुनेछ भनी
उहाँमाथि मेरो पूर्ण विश्वास छ । **२६**तैपनि, कुनै
नजिकैको टापुमा हामीचाहिँ बजारिनै पर्छ ।”

## पानी जहाजको नाश

**२७**चौधौँ राती पनि आँधी-बेह्रीले हाम्रो
जहाजलाई एड्रियास समुद्रमा हुत्याइरहेकै थियो ।
त्यसैको मध्यराततिर नाविकहरूले कुनै जमिनको
नजिकै आफूहरू पुगेको अनुमान लगाए ।
**२८**त्यहाँनिर पानीको गहिराइ नाप्दा तिनीहरूले
एक सय बीस फिट गहिरो भएको पत्ता लगाए ।
त्यसको केही समयपछि तिनीहरूले फेरि गहिराइ
नापे र त्यस ठाउँमा नब्बे फिटमात्रै गहिरो
रहेछ । **२९**हाम्रा जहाज कुनै पनि चट्टानसँगै ठोकिन
सक्ने डरले जहाजको पछिल्तिरबाट तिनीहरूले
चारओटा लङ्गुर खसाले र चाँडै बिहान होस्
भनी प्रार्थना गरे । **३०**जहाजबाट भाग्ने प्रयत्नमा
नाविकहरूले लङ्गर खसाल्ने बहना गरी सुरक्षा-
डुङ्गा खसाले । **३१**त्यो देखेर पावलले कप्तान र
सिपाहीहरूलाई भने, “यी मानिसहरू जहाजमा
बसेनन् भने तपाईंहरू बाँच्न सक्नुहुन्न ।” **३२**यो
सुनेपछि सिपाहीहरूले सुरक्षा-डुङ्गालाई बाँधेर
राखिएको डोरीहरू काटिदिए र त्यो खस्यो ।

**३३**झिसमिसे बिहानी हुनुभन्दा अघि पावलले
सबैलाई भोजन गर्ने आग्रह गरे र भने, “बितेका
चौध दिनदेखि तपाईंहरू निरन्तर व्याकुल
हुनुहुन्छ । तपाईंहरूले केही खानुभएको पनि
छैन । **३४**अब म तपाईंहरूलाई केही भोजन
लिने आग्रह गर्छु । बाँच्नका निम्ति तपाईंहरूलाई
यसको आवश्यकता छ । तपाईंहरूमध्ये कसैको
एउटा रौं पनि नोक्सान हुनेछैन ।” **३५**यति
भनिसकेपछि उनले केही रोटी लिए र तिनीहरू
सबैका सामु परमेश्वरलाई धन्यवाद दिए ।
त्यसपछि रोटी भाँचेर तिनीहरूले खान थाले ।
**३६**यो देखेर तिनीहरू सबै प्रोत्साहित भए र
केही खानेकुरा खान थाले । **३७**हामी सबै मिलाएर
त्यस जहाजमा दुई सय छयहत्तर जना थियौं ।
**३८**तिनीहरू सबैले यथेष्ट भोजन खाएपछि
जहाजमा भएको अन्नपात समुद्रमा फालेर
त्यसलाई हलुको पारे ।

**३९**बिहान भएपछि, आफू भएको ठाउँ
तिनीहरूले चिन्न सकेनन् । तर बलौटे किनार
भएको एउटा टापु देखे र त्यसै ठाउँमा जहाज
किनारा लगाउने तिनीहरूले निर्णय गरे ।
**४०**तिनीहरूले लङ्गरहरू तल खसाई तिनलाई
समुद्रमै रहन दिए । त्यस बेला पतवारहरूलाई
बाँधेर राखेको डोरीहरू पनि फुस्काइदिए ।
त्यसपछि अगाडिको पाललाई बतासको
दिशातिर फर्काइदिए र जहाजलाई किनारातिर
जानदिए । **४१**तर बालुवाको रासमा जहाज
ठोकियो र त्यसैमा भासियो । जहाजको पछिल्लो
भाग त्यसैमा अड्कियो र चल्न सकेन । अनि
जहाजको पछिल्लो भाग समुद्रका छालहरूका
धक्काले टुक्रिन थाल्यो ।

**४२**त्यस्तो अवस्थामा पौडी खेली जहाजबाट
कैदीहरू भाग्लान् भनी ठानेर त्यसो गर्नबाट
रोक्न तिनीहरूलाई सिपाहीहरूले मार्ने योजना
बनाए । **४३**तर कप्तानले पावलको ज्यान
बचाउन चाहेकाले सिपाहीहरूलाई तिनीहरूका
योजनाबाट तिनले रोके । पौडी खेल्न
सक्नेहरूलाई जहाजबाट हामफाली किनारसम्म
जाने आदेश तिनले दिए । **४४**पौडी खेल्न
नजान्नेहरूलाई फल्याक वा जहाजका

टुक्राहरूको सहाराबाट किनारा पुग्न अह्राए । यसरी सबै जना सुरक्षासाथ किनारमा पुगे ।

### पावल माल्टामा

**२८** सुरक्षासाथ किनारमा पुगेपछि, हामीले थाहा पायौं, त्यो टापुको नाउँ माल्टा रहेछ । **२**टापुका बासिन्दाहरूले हामीप्रति अद्‌भुत दया देखाए । पानी परी जाडो भएकोले तिनीहरूले आगो बालेर हाम्रो स्वागत गरे । **३**एक मुठा दाउरा पावलले त्यहीं जम्मा गरे र त्यसलाई जसै बलिरहेका आगोमा हाले, आगोको रापले एउटा बिषालु सर्प निस्किआयो र तिनको हातमा बेह्रियो । **४**तिनको हातमा बेह्रिएर झुण्डिएको त्यस सर्पलाई टापुका निवासीहरूले जसै देखे, तिनीहरू एक अर्कासँग यसो भन्न थाले, "यो मानिस हत्यारा हुनैपर्दछ; किनकि समुद्रको सङ्कटबाट यो बाँचे तापनि परमेश्वरको इन्साफबाट अब बाँच्ने छैन ।" **५**तर पावलले आफ्ना हात झट्कारेर सर्पलाई आगोमा फाले र तिनलाई केही बिगार भएन । **६**मानिसहरूले तिनको शरीर सुनिएर वा अकस्मात् भुइँमा लडी मर्ने ठानेका थिए, तर धेरै बेरसम्म पर्खिंदा पनि तिनीलाई त्यस्तो कुनै बिगार नभएको देखेपछि, तिनीहरूले आफ्नो पुरानो विचार फेर्दै तिनलाई देवता भन्नथाले ।

**७**पब्लियस नाउँ गरेका त्यस टापुको मुखियाको जग्गा-जमिन त्यस ठाउँ नजिकै थियो । तिनले आफ्नो घरमा हामीलाई निम्त्याए र तीन दिनसम्म हाम्रो सत्कार गरे । **८**तिनका बाबु आउँ, रगत र ज्वरोले गर्दा बिछ्यौनामा परेका थिए । तिनलाई हेर्न पावल भित्री कोठामा गए । त्यहाँ प्रार्थना गरेपछि, तिनले आफ्नो हात बिरामीमाथि राखी तिनलाई निको तुल्याए । **९**यो घटना भएपछि, त्यस टापुका अरू सबै बिरामीहरू उनीकहाँ आए र तिनीहरू पनि निको तुल्याइए । **१०**तिनीहरूले धेरै तरिकाबाट हाम्रो सम्मान गरे र जब हामी यात्राका निम्ति तयार भयौं, हामीलाई चाहिने जति सामानहरू तिनीहरूले जहाजमा राखिदिए ।

### रोममा आगमन

**११**हिउँदमा यसै टापुमा रहेको एउटा जहाजमा तीन महिनापछि हामी चढ्यौं । अघिल्लो भागमा कास्टर र पोल्लुक्स जुम्ल्याहा देवहरूको मूर्ति खोपेको त्यो जहाज अलेक्जेन्ड्रियाको थियो । **१२**सुराकुसाईमा पुगेपछि त्यहाँ हामी तीन दिन बस्यौं । **१३**त्यहाँबाट आफ्नो यात्रा अगाडि बढ़ाउँदै हामी रेगियन पुग्यौं । भोलिपल्ट दक्षिणी बतास बग्यो र अर्को दिन हामी पटिओली आयौं । **१४**त्यहाँ हामीले केही भाइहरूलाई भेटचौं । तिनीहरूसँग एक साता बस्ने निम्तो हामीले पायौं र त्यसरी हामी रोम आइपुग्यौं । **१५**त्यहाँका भाइहरूले हाम्रो आगमनका बारेमा सुनेका थिए । त्यसैले हामीलाई भेट्न अप्पियसको बजार र तीन-पाटी भन्ने ठाउँसम्म तिनीहरू आए । यी मानिसहरूलाई देखेर पावलले परमेश्वरलाई धन्यवाद दिए र प्रोत्साहित भए । **१६**जब हामी रोम शहर प्रवेश गऱ्यौं, एउटा सिपाहीको रेखदेखमा पावललाई छुट्टै बस्ने अनुमति मिल्यो ।

### रोममा पावलको प्रचार

**१७**त्यसको तीन दिनपछि पावलले त्यहाँका यहूदीहरूका मुख्य अगुवाहरूलाई सँगसँगै आउनका निम्ति बोलाईपठाए । जसै तिनीहरू सबै जना पावलले बोलाएको ठाउँमा जम्मा भए, तिनले तिनीहरूलाई भने: "मेरा भाइहरू, मैले हाम्रा मानिसहरूका विरुद्धमा वा हाम्रा पुर्खाहरूको रीतिथितिका विरुद्धमा केही पनि गरेको थिइनँ, तर पनि म यरूशलेममा समातिएँ र रोमीहरूलाई बुझाइएँ । **१८**तिनीहरूले मेरो जाँच गरे र ज्यान सजाय पाउने खालको अपराध मैले गरेको नभेट्टाएपछि मलाई छाड़िदिने विचार गरे । **१९**तर यहूदीहरूले यसको विरोध गरेपछि सिजरकहाँ अपिल गर्न म बाध्य

**२८:१९**–प्रेरित २५:११.

भएँ– मेरा आफ्नै मानिसहरूका विरुद्धमा कुनै
किसिमको आरोप लगाउन म यहाँ आएको
होइन । २०यसैकारण तपाईंहरूसँग भेटेर
कुराकानी गर्न मैले तपाईंहरूलाई यहाँ
बोलाएको हुँ । इस्राएलको जुन आशा हो
त्यसैको कारण आज म यस साङ्लोले बाँधिएको
छु ।”

२१पावलका कुरा सुनेर तिनीहरूले जवाफ
दिए, “तपाईंका विषयमा लेखिएको कुनै
चिट्ठी हामीले यहूदियाबाट पाएका छैनौं
र त्यतातिरबाट आउने कुनै पनि भाइले तपाईंका
बारेमा कुनै पनि खराब कुरा भनेको छैन ।
२२तर पनि तपाईंका धारणाहरू हामी सुन्न
चाहन्छौं, किनकि यस सम्प्रदायका विरुद्धमा
मानिसहरू जताततै कुरा गरिरहेका छन् ।”

२३पावलसँग भेटी तिनका कुरा सुन्न अर्को
एउटा दिन तिनीहरूले तोके र त्यस दिन
पहिलेको भन्दा पनि ठूलो सङ्ख्यामा मानिसहरू
पावल बसेको डेरामा आए । बिहानदेखि
साँझसम्म तिनले तिनीहरूलाई परमेश्वरको
राज्यको वर्णन गरे र मोशाको व्यवस्था र
अगमवक्ताहरूका पुस्तकबाट तिनीहरूलाई
येशूप्रति विश्वास दिलाउने प्रयत्न गरे । २४तिनले
जे भने त्यसमा कसैले विश्वास गरे भने कसैले
गरेनन् । २५तिनीहरू आपसमै यस विषयमा
असहमत भए र त्यहाँबाट हिंड्न थाले । त्यो
देखेर पावलले यसरी आफ्नो अन्तिम वक्तव्य
दिए: “पवित्र आत्माले यशैया अगमवक्ताद्वारा
जब यी कुरा तपाईंका पिता पुर्खाहरूलाई
भन्नुभयो, उहाँले सत्य वचन बोल्नुभएको थियो:

२६ “‘यी मानिसहरूकहाँ जाऊ र भन,
“तिमीहरू सदा सुन्नेछौ तर कहिल्यै
बुझ्नेछैनौ;
तिमीहरू सदा हेर्नेछौ तर कहिल्यै
देख्नेछैनौ ।”

२७ किनकि यी मानिसहरूको हृदय
कठोर भएको छ;
आफ्ना कानले तिनीहरू मुस्किलले सुन्छन्,
र आफ्ना आँखाहरू तिनीहरूले बन्द
गरेका छन् ।
नत्रता आफ्ना आँखाले तिनीहरू देख्नेथिए,
आफ्ना कानले तिनीहरू सुन्नेथिए,
आफ्ना हृदयले बुझ्नेथिए
र उहाँमा फर्किनेथिए,
र म तिनीहरूलाई निको
तुल्याउनेथिएँ ।’

२८“त्यसैकारण तपाईंहरूलाई यो कुरो म
जानकारी गराउन चाहन्छु, परमेश्वरको मुक्ति
गैर-यहूदीहरूका निम्ति पठाइएको छ, र
तिनीहरूले सुन्नेछन् ।” [२९पावलको मुखबाट
निस्केको यो अन्तिम वचन सुनेपछि, आपसमा
धेरै वादविवाद गर्दै, ती यहूदीहरू त्यहाँबाट
बिदा भए ।]

३०दुई वर्षसम्म आफूले भाड़ामा लिएको
घरमा पावल त्यहीं बसे र तिनलाई भेट्न
आउने जति सबै जनालाई तिनले स्वागत गरे ।
३१त्यस अवधिभरि निर्भयताका साथ र कुनै
विनाबाधा तिनले परमेश्वरको राज्यको प्रचार
गरे र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिए ।

---

**२८:२६–२७**–यशैया ६:९-१०.

# रोमीहरूलाई
## पावलको पत्र

**१** पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई
बोलाइएको र परमेश्वरका सुसमाचारको
निम्ति अलग गरिएको, **२**जुन सुसमाचार
उहाँले आफ्ना अगमवक्ताहरूबाट धर्मशास्त्रमा
प्रतिज्ञा गर्नुभएको थियो, **३**उहाँको पुत्रबारे,
जो शरीरअनुसार दाऊदका सन्तान हुनुहुन्थ्यो,
**४**अनि येशू ख्रीष्ट हाम्रा प्रभु जो मरेकाहरूबाट
जीवित भएर पवित्र आत्माद्वारा सामर्थ्यसहित
परमेश्वरका पुत्रको रूपमा घोषित हुनुभयो ।
**५**उहाँद्वारा र उहाँको नाउँको निम्ति, हामीले सब
गैर-यहूदीहरूलाई विश्वासद्वारा आज्ञाकारिताको
निम्ति बोलावट गर्ने अनुग्रह र प्रेरितको काम
पाएका छौं । **६**अनि तिमीहरू पनि येशू ख्रीष्टमा
हुनलाई बोलाइएकाहरू मध्येका हौ ।
**७**रोममा भएका सबैलाई जो परमेश्वरका
प्रिय र पवित्र हुनलाई बोलाइएका छन्:
हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टमा
तिमीहरूलाई अनुग्रह र शान्ति मिलोस् ।

### रोममा जानलाई पावलको उत्कट इच्छा

**८**पहिले, म तिमीहरू सबैको निम्ति
ख्रीष्टद्वारा परमेश्वरलाई धन्यवाद चढ़ाउँछु,
किनकि तिमीहरूको विश्वासको चर्चा सारा
संसारमा भइरहेछ । **९**परमेश्वर, जसको पुत्रको
प्रचार गरेर म पूरा हृदयले उहाँको सेवा गर्दछु,
उहाँ मेरो साक्षी हुनुहुन्छ, म निरन्तर तिमीहरूलाई
प्रार्थनामा स्मरण गर्दछु । **१०**अहिले म अझ
प्रार्थना गर्दछु, अन्तमा तिमीहरूकहाँ आउनलाई
मलाई परमेश्वरले बाटो खोलिदिऊन् ।
**११**तिमीहरूलाई बलियो बनाउनलाई म
तिमीहरूलाई आत्मिक वरदान दिनसकूँ भनेर
तिमीहरूलाई भेट्ने मेरो लालसा छ– **१२**अर्थात्
म तिमीहरूको बीचमा भएँ भने हामी एक
अर्काको विश्वासले प्रोत्साहित हुनसक्छौं ।
**१३**तिमीहरू अजान रहो भन्ने म चाहन्नँ, भाइहरू
हो, तिमीहरूबीचबाट फल मिलोस् भनेर,
जसरी गैर-यहूदीहरूबाट मैले फल पाएको थिएँ,
मैले तिमीहरूकहाँ आउनलाई धेरैपल्ट योजना
बनाएँ (तर अझसम्म सो योजना सफल भएको
छैन) ।
**१४**म दुवै ग्रीक तथा गैर-ग्रीक र ज्ञानी एवं
मूर्खप्रति ऋणी छु । **१५**यसकारण, म रोममा
भएका तिमीहरूलाई पनि सुसमाचार प्रचार
गर्नको निम्ति उत्सुक छु ।
**१६**म सुसमाचारदेखि लजाउँदिनँ, किनकि
विश्वास गर्ने हरेकको मुक्तिको निम्ति यो
परमेश्वरको शक्ति हो: पहिले यहूदीलाई, त्यसपछि
गैर-यहूदीलाई । **१७**किनकि सुसमाचारमा
परमेश्वरको धार्मिकता प्रकट भएको छ, जुन
धार्मिकता शुरुदेखि अन्त्यसम्म विश्वासद्वारा
हुन्छ; जसरी लेखिएको छ: "धर्मीहरू विश्वासले
जिउनेछन् ।"

### मानव जातिप्रति परमेश्वरको क्रोध

**१८**तर सत्यतालाई लुकाउने मानिसहरूको
ईश्वरहीनता र दुष्टताप्रति स्वर्गदेखि परमेश्वरको
क्रोध प्रकट भएको छ, **१९**किनकि परमेश्वरलाई
चिन्ने कुरा उनीहरूको अगि स्पष्ट छ, कारण
परमेश्वरले नै उनीहरूलाई स्पष्ट पारिदिनुभएको
छ । **२०**किनकि संसारको सृष्टिको शुरुदेखि नै
परमेश्वरका अदृश्य गुणहरू– उहाँका अनन्त
शक्ति र ईश्वरीय स्वभाव– बनाइएका
थोकहरूबाट छर्लङ्गै देखिएको छ अनि
मानिसहरूलाई कुनै किसिमको बहाना छैन ।
**२१**यद्यपि उनीहरूले परमेश्वरलाई चिनेर
उहाँलाई परमेश्वरको रूपमा नता सम्मान दिए,

---

**१:१३**–प्रेरित १९:२१. **१:१६**–मर्कूस ८:३८. **१:१७**–हबकूक २:४. **१:२१**–एफिसी ४:१७-१८.

नता धन्यवाद नै, बरु उनीहरूको विचार व्यर्थ
हुनगयो र उनीहरूका मूर्ख हृदयहरू अँध्यारा
हुनथाले । **२२**आफू बुद्धिमान् हुने दावी गरे पनि
उनीहरू मूर्ख नै बने, **२३**अनि अविनाशी
परमेश्वरको महिमालाई नाशवान् मनुष्य,
चराचुरूङ्गी र पशुहरूको मूर्तिको समानतामा
परिवर्तन गरे ।

**२४**यसकारण परमेश्वरले उनीहरूलाई एक
अर्कासँग आफ्ना शरीरका अनादरको निम्ति
मनको पापमय वासनालाई यौन अशुद्धताको
निम्ति छोड़िदिनुभयो । **२५**उनीहरूले परमेश्वरको
सत्यतालाई झूटसँग साटे, अनि सृष्टिकर्ताको
सट्टा बनाइएका सृष्टिको सेवा र आराधना गरे,
सृष्टिकर्ता जो सधैँ प्रशंसाको योग्य हुनुहुन्छ ।
आमेन ।

**२६**यसकारण, परमेश्वरले उनीहरूलाई नीच
वासनाको निम्ति छोड़िदिनुभयो । उनीहरूका
स्त्रीहरूले पनि स्वाभाविक सम्बन्धलाई अस्वाभाविक
सम्बन्धमा परिणत गरे । **२७**यसरी नै पुरुषहरूले
पनि स्त्रीहरूसँगको स्वाभाविक सम्बन्ध त्यागेर
अरू पुरुषहरूप्रति वासनाले जल्न लागे ।
पुरुषहरूले पुरुषसँग निर्लज्ज कार्य गरेर आफ्ना
विकृतिको निम्ति दण्डित भए ।

**२८**अझै, उनीहरूले परमेश्वरको ज्ञान प्राप्त
गर्न उचित नसम्झेकाले, परमेश्वरले पनि
उनीहरूलाई नगर्नुपर्ने काम गर्नलाई भ्रष्ट मन
दिनुभयो । **२९**उनीहरू सब प्रकारको दुष्टता,
खराबी, लोभ, भ्रष्टचार तथा ईर्ष्या, हत्या,
झगड़ा, छल र डाहले भरिएका छन् । उनीहरू
बकबक गर्ने, **३०**ढीठ, घमण्डी तथा हर
प्रकारको दुष्टता सिर्जना गर्ने भएका छन्, ती
आमाबाबुप्रति अटेरी, **३१**समझहीन, अविश्वासी,
प्रेमरहित र दयाहीन छन् । **३२**यद्यपि उनीहरूले
यस्ता काम गर्ने मृत्युदण्डको योग्य छन् भन्ने
परमेश्वरको धार्मिक विधान जाने पनि,
उनीहरूले यस्ता काम गरिरहने मात्र होइनन्,
तर गर्नेहरूलाई पनि उत्साह दिन्छन् ।

### परमेश्वरको धार्मिक न्याय

**२** यसकारण, अर्कामाथि दोष लगाउने
तिमीहरूको केही बहाना छैन किनकि
जसबारे अर्कालाई तिमी न्याय गर्छौ, त्यसैले
आफूलाई पनि दोषी तुल्याउदैछौ, किनकि जुन
कुराको निम्ति अर्कालाई दोषी तुल्याउँछौ, त्यही
काम तिमीहरू गरिरहेका हुन्छौ । **२**हामीलाई
थाहा छ, यस्ता काम गर्नेहरूमाथि परमेश्वरको
न्याय सत्यमा आधारित छ । **३**यसकारण, तिमी,
साधारण मान्छेले अर्कामाथि न्याय गर्दै आफूचाहिँ
सोही कुरा गर्छौ भने, के परमेश्वरको न्यायदेखि
भाग्नसक्छौ ? **४**वा परमेश्वरको दयाले तिमीलाई
पश्चात्तापतर्फ डोर्‍याउँछ भन्ने कुरा नजानेर
के तिमी परमेश्वरको दयाको प्रचुरता, संयम
र धैर्यप्रति घृणा व्यक्त गर्छौ ?

**५**तर आफ्नो हठी स्वभाव र अपश्चात्तापी
हृदयको कारण, तिमीले परमेश्वरको क्रोधको
दिनको निम्ति उहाँको धार्मिक न्याय प्रकट
नहुञ्जेल, आफ्नो निम्ति परमेश्वरको प्रकोप
बटुल्दैछौ । **६**परमेश्वरले “प्रत्येकलाई त्यसको
कामअनुसार फल दिनुहुन्छ ।” **७**भला कार्यमा
लागिरहेर जसले महिमा, आदर र अमरताको
खोजी गर्छन्, तिनीहरूलाई परमेश्वरले अनन्त
जीवन दिनुहुन्छ । **८**तर जो स्वार्थी छन् र
सत्यलाई त्यागेर दुष्टताको पछि लाग्छन्,
तिनीहरूमाथि प्रकोप र क्रोध आइपर्नेछन् ।
**९**दुष्टता गर्नेहरू हरेकमाथि आपद् र सङ्कट
आइपर्नेछन्: पहिले यहूदीहरूमाथि, त्यसपछि
गैर-यहूदीहरू माथि; **१०**तर जसले भलाइ गर्छ,
त्यसलाई महिमा, आदर र शान्ति दिइनेछ:
पहिले यहूदीलाई, अनि गैर-यहूदीलाई, **११**किनकि
परमेश्वरले पक्षपात गर्नुहुन्न ।

**१२**जसले विनाव्यवस्था पाप गरेका छन्,
उनीहरू विनाव्यवस्था नै नाश हुनेछन्, अनि
जसले व्यवस्था पाएर पाप गरेका छन्, उनीहरू
व्यवस्थामुनि नै न्यायमा पर्नेछन् । **१३**किनकि
व्यवस्था सुन्नेहरू परमेश्वरका सामुन्ने धर्मी

---

**१:२३**—व्यवस्था ४:१६-१८. **२:१**—मत्ती ७:१; लूका ६:२७. **२:६**—भजन ६२:१२; हितोपदेश २४:१२.
**२:११**—व्यवस्था १०:१७.

ठहरिन्छन् भन्ने होइन, तर व्यवस्थालाई पालन गर्नेहरू धर्मी ठहरिनेछन् । **१४**(वास्तवमा, गैर-यहूदीहरूले व्यवस्था नपाइकन पनि स्वभावैले व्यवस्थाअनुसार गर्छन् भने, उनीहरूमा व्यवस्था नभए पनि, उनीहरू आफ्नै लागि आफै व्यवस्था हुनेछन्, **१५**किनकि यसरी उनीहरूले व्यवस्थाका सर्तहरूलाई आफ्ना हृदयमा लेखिएको दर्शाउँदछन्, र उनीहरूको विवेकले पनि साक्षी दिन्छ, उनीहरूका विचारले कहिले उनीहरूलाई दोष लगाएर, कहिले समर्थन गरेर ।) **१६**अनि त्यस दिन, मैले प्रचार गरेको सुसमाचारअनुसार, येशू ख्रीष्टद्वारा परमेश्वरले मानिसहरूका गोप्य कुराहरूको न्याय गर्नुहुनेछ ।

### यहूदीहरू र व्यवस्था

**१७**अब तिमी, आफूलाई यहूदी भन्छौ; व्यवस्थामाथि भर पर्छौ तथा परमेश्वरसँगको सम्बन्धमा गर्व गर्छौ; **१८**उहाँको इच्छालाई जान्दछौ तथा व्यवस्थामा शिक्षित भएर ती अनिवार्य कुराको समर्थन गर्छौ; **१९**अन्धालाई पथ प्रदर्शन गर्न सक्छु भन्ने भरोसा राख्छौ, अन्धकारमा भएकाहरूको निम्ति ज्योति हुँ भनेर मान्छौ, **२०**आफूमा व्यवस्थाको ज्ञान र सत्यको स्वरूप छ भनेर मूर्खहरूलाई सम्झाउने र बालकहरूलाई शिक्षा दिने क्षमता छ भन्छौ, **२१**तिमीहरू, जो अरूलाई सिकाउँछौ, आफैलाई चाहिँ किन सिकाउँदैनौ ? चोरी नगर्ने शिक्षा दिने, के तिमी आफैचाहिँ चोरी गर्छौ ? **२२**तिमी जो व्यभिचार नगर्नु भन्छौ, के व्यभिचार गर्छौ ? मूर्तिलाई घृणा गर्ने के तिमी मन्दिरहरू लुट्छौ ? **२३**व्यवस्थाको गर्व गर्ने तिमी, व्यवस्था उल्लङ्घन गर्दै परमेश्वरको अनादर गर्छौ ? **२४**जसो धर्मशास्त्रमा लेखिएको छ: "तिम्रो कारणले गैर-यहूदीबीच परमेश्वरको निन्दा हुन्छ ।"

**२५**व्यवस्थाको पालन गर्‍यौ भने खतनाको महत्व रहन्छ, तर व्यवस्था भङ्ग गर्‍यौ भने, तिमी खतनारहित बराबर हुन्छौ । **२६**खतना नहुनेहरूले व्यवस्था पालन गर्छन् भने, के तिनीहरू खतना भएकाजस्ता ठहरिँदैनन् र ? **२७**तब शरीरमा खतना नभए पनि व्यवस्था पालन गर्नेहरूले, लिखित नियम भएका र खतना पनि भएका तिमी व्यवस्था भङ्ग गर्नेहरूलाई दोषी ठहराउँछन् ।

**२८**खालि बाहिरबाट यहूदी देखा पर्ने साँचो यहूदी होइन, नता खालि बाहिरी र शारीरिक खतना नै साँचो खतना हो । **२९**बरु, साँचो यहूदी उही हो जो भित्रबाटै यहूदी छ; अनि साँचो खतना पनि हृदयको खतना हो, लिखित नियमद्वारा होइन, तर आत्माद्वारा । यस्तो मानिसको प्रशंसा मानिसहरूबाट होइन, तर परमेश्वरबाट हुन्छ ।

### परमेश्वरको विश्वसनीयता

**३** तब यहूदी हुनुमा के लाभ छ, अथवा खतनाको के महत्व छ ? **२**धेरै लाभ छ ! पहिले त यो कि, परमेश्वरको वचन उनीहरूलाई सुम्पियो ।

**३**कतिले विश्वास गरेनन् त यो के भयो ? के तिनीहरूको अविश्वासले परमेश्वरको विश्वसनीयतालाई व्यर्थ ठहराउँछ र ? **४**त्यसो होइन ! परमेश्वर सत्य ठहरिऊन् र प्रत्येक मानिस झूटो साबित होस् । जस्तो लेखिएको छ:

> "तपाईं आफ्ना कुरामा साँचो प्रमाणित हुनुहोस्,
> र आफ्ना न्यायमा विजयी हुनुहोस् ।"

**५**तर हाम्रो धार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रदर्शन गर्छ भने त हामीले के भन्ने ? परमेश्वरको क्रोध हामीमा पर्दा के उहाँ अन्यायी हुनुहुन्छ त ? (म मानिसको स्वभावअनुसार भन्दैछु ।) **६**होइन ! यदि त्यसो हो भने त, परमेश्वरले कसरी संसारको न्याय गर्ने ? **७**कसैले भन्ला, "मेरो असत्यताले परमेश्वरको सत्यतालाई उच्च पार्छ र उहाँको

---

**२:२४**–यशैया ५२:५. २:२९–व्यवस्था ३०:६. **३:४**–भजन ५१:४.

महिमालाई बढाउँछ भने म किन पापीको रूपमा
दोषी ठहरिने ?" **८**बरु किन नभन्ने, जसो कि
हामी कतिले त्यसो भन्दैछौं भनेर आरोप
लाउँदैछन्– "आओ हामी दुष्ट काम गरौं र
भलाई उत्पन्न होस् ?" उनीहरू दोषी ठहरिनु
उचित छ ।

## कोही पनि धर्मी छैन

**९**हामी के भन्ने त ? के हामी असल छौं ?
अहँ, छैनौं ! हामीले अघिनै यहूदी र गैर-
यहूदीहरू पापका अधीनमा छन् भनेर दोष
लगाइसकेका छौं । **१०**जसो लेखिएको छ:

"धर्मी कोही छैन, एक जना पनि छैन;
**११** बुझ्नसक्ने कोही छैन, परमेश्वरलाई
खोज्ने कोही पनि छैन ।
**१२** सब परमेश्वरदेखि तर्कि गएका छन्,
ती सब काम नलाग्दा भएका छन्;
भलाइ गर्ने कोही छैन,
एक जना पनि छैन ।"
**१३** "उनीहरूका घाँटी उदाङ्गा चिहानहरू हुन्;
उनीहरूका जिब्राले छलका कुरा
बोल्छन् ।"
"उनीहरूका ओठमा सर्पको विष छ ।"
**१४** "उनीहरूका मुख सराप र तीतो कुराले
भरिएका छन् ।"
**१५** "उनीहरूका खुट्टा रगत बगाउन सदा
तत्पर छन्;
**१६** उनीहरूका मार्ग विनाश र दुर्दशाले
भरिएका छन्,
**१७** उनीहरूले शान्तिको मार्गलाई चिनेकै
छैनन् ।"
**१८** "उनीहरूका आँखाअगि परमेश्वरको
डर छैन ।"

**१९**अब हामी जान्दछौं, व्यवस्थाले जे बताउँछ,
व्यवस्थाका अधीनमा हुनेलाई नै भन्छ, जसमा
कि प्रत्येकको मुख बन्द होस् र संसारले
परमेश्वरको अगि लेखा देओस् । **२०**यसकारण
व्यवस्था पालन गरेर कोही धर्मी ठहरिँदैन; बरु,
व्यवस्थामार्फत हामीलाई पापको ज्ञान हुन्छ ।

## विश्वासद्वारा धार्मिकता

**२१**यसकारण, अब व्यवस्थादेखि अलग्गै
परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसको
साक्षी व्यवस्था र अगमवक्ताहरूले दिन्छन् ।
**२२**विश्वास गर्ने हरेकको निम्ति परमेश्वरबाट
पाइने यो धार्मिकता येशू ख्रीष्टमा विश्वास
गर्नाले प्राप्त हुन्छ । यसमा केही भेद छैन,
**२३**किनकि सबैले पाप गरेका छन् र परमेश्वरको
महिमाबाट टाढा भएका छन्, **२४**र ख्रीष्ट येशूबाट
पाइने छुटकारामार्फत उनीहरू सबै धर्मी
ठहराइन्छन् । **२५**परमेश्वरले ख्रीष्टलाई उहाँको
रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत
गर्नुभयो, जुन विश्वासद्वारा ग्रहण गर्नुपर्दछ ।
यो उहाँको न्याय प्रदर्शन गर्नलाई उहाँले
गर्नुभयो, किनकि पहिले गरिएको पाप उहाँले
आफ्नो सहनशीलतामा बिर्सिदिनुभयो– **२६**वर्तमान्
समयमा उहाँको न्याय प्रदर्शन गर्नलाई उहाँले
यसो गर्नुभयो, उहाँ आफै धर्मी ठहरिन अनि
येशूमा विश्वास गर्नेलाई पनि धर्मी ठहऱ्याउन ।
**२७**अब, घमण्ड केमा गर्ने ? यसको ठाउँ
नै रहेन । कुन नियमको आधारमा ? व्यवस्था
पालन गरेर ? होइन, तर विश्वासद्वारा ।
**२८**यसकारण हामी यो मान्छौं, मानिस
व्यवस्थापालन गरेर होइन तर विश्वासद्वारा धर्मी
ठहरिन्छ । **२९**के परमेश्वर यहूदीहरूका मात्र
परमेश्वर हुनुहुन्छ ? के उहाँ गैर-यहूदीहरूका
पनि परमेश्वर हुनुहुन्न ? उहाँ गैर-यहूदीहरूका
पनि परमेश्वर हुनुहुन्छ, **३०**अनि परमेश्वर एउटै
हुनुभएकोले, अब खतना गर्नेलाई विश्वासद्वारा
र खतना नभएकालाई पनि त्यही विश्वासद्वारा
धर्मी ठहराउनुहुनेछ । **३१**त के, हामी विश्वासद्वारा
व्यवस्थालाई रद्द तुल्याउछौं त ? कदापि
होइन ! हामी त व्यवस्थालाई अझ दृढ़ पार्छौं ।

---

**३:१०–१२**–भजन १४:१-३; ५३:१-३. **३:१३**–भजन ५:९; १४०:३. **३:१४**–भजन १०:७. **३:१५–१७**–यशैया ५९:७-८.
**३:१८**–भजन ३६:१. **३:२०**–भजन १४३:२; गलाती २:१६. **३:२२**–गलाती २:१६. **३:३०**–व्यवस्था ६:४; गलाती ३:२०.

### अब्राहाम विश्वासद्वारा धर्मी ठहरिएका

**४** यस कुरामा अब, अब्राहाम, हाम्रा पुर्खाले
के पत्तो लाए भनौं त ? **२**यदि, अब्राहाम
आफ्ना कर्मले धर्मी ठहराइएका भए, उनले
घमण्ड गर्न सक्थे– तर परमेश्वरको अगि
होइन । **३**धर्मशास्त्रले के भन्छ ? “अब्राहामले
परमेश्वरलाई विश्वास गरे र यसले उनलाई
धर्मी ठहऱ्यायो ।”

**४**अब कुनै मान्छेले काम गर्छ भने, उसले
पाउने ज्याला उसलाई उपहार भनेर दिइँदैन,
तर हकको रूपमा दिइन्छ । **५**तैपनि, एउटा
मानिसले दुष्टलाई पनि धर्मी ठहराउनुहुने
परमेश्वरमाथि विश्वास गर्छ भने, उसको
विश्वास धार्मिकतामा परिणत हुन्छ । **६**कर्मविना
परमेश्वरले धर्मी ठहराउनुहुने मानिसलाई दाऊद
पनि धन्यको मान्दछन्:

**७** “धन्य हुन् तिनीहरू
जसका पाप क्षमा भएका छन्,
जसका पाप धोइएका छन् ।
**८** धन्य हो त्यो मानिस
जसको पापको लेखा परमेश्वरले
कहिल्यै गर्नुहुन्न ।”

**९**यो आशिष् के खतना गर्नेको निम्ति मात्र
हो, कि खतना नगर्नेको निम्ति पनि हो ?
अब्राहामको विश्वास धार्मिकतामा गनियो भनेर
हामीले भन्दै आएका छौं । **१०**कुन आधारमा
यो विश्वास धार्मिकता ठहरियो ? उनी खतना
भएपछि कि खतना हुनअघि धार्मिक ठहरिए ?
पछिबाट होइन, तर पहिल्यै नै ! **११**खतना नहुँदै
विश्वासद्वारा पाउने धार्मिकताको छाप स्वरूप
उनले खतना पाएका थिए । यसकारण, सबै
धार्मिक ठहरिऊन् भनेर उनी विश्वास गर्ने तर
खतना नभएकाहरूका पिता हुन् । **१२**अनि ती
खतनावालहरूका पनि पिता हुन्, जसका खतना
भएको मात्र होइन, तर जो विश्वासका पाइलामा
हिँड्छन्, जुन विश्वास खतना हुन अघि
हाम्रा पिता अब्राहाममा थियो ।

**१३**अब्राहाम र उनका सन्तानले संसारको
उत्तराधिकारी हुने प्रतिज्ञा व्यवस्थामार्फत पाएका
थिएनन्, तर विश्वासद्वारा पाइने धार्मिकताले
प्राप्त गरेका थिए । **१४**किनकि व्यवस्थामा
जिउनेहरूले मात्र उत्तराधिकार पाउँछन् भने त,
विश्वासको केही महत्व भएन र प्रतिज्ञा व्यर्थ
भयो, **१५**किनकि व्यवस्थाले क्रोध उत्पन्न गर्छ ।
अनि जहाँ व्यवस्था छैन त्यहाँ पाप पनि हुँदैन ।

**१६**यसकारण, प्रतिज्ञा अनुग्रहअनुसार
विश्वासबाट प्राप्त हुँदछ जसको कारण यो
अब्राहामका सबै सन्तानको निम्ति निश्चित
बन्दछ– व्यवस्था मान्नेलाई मात्र होइन तर
अब्राहामजस्तै विश्वास गर्नेलाई पनि हो ।
अब्राहाम हामी सबैका पिता हुन् । **१७**जसो
लेखिएको छ: “मैले तिमीलाई धेरै जातिका
पिता तुल्याएको छु ।” तिनी परमेश्वरका सामु
हाम्रा पिता हुन्, तिनले परमेश्वरमाथि विश्वास
गरे जसले मुर्दाहरूलाई जीवन दिनुहुन्छ र नहुने
थोकहरूलाई पनि हुनेगरी डाक्नुहुन्छ ।

**१८**निराशामा पनि अब्राहामले आशा राखेर
विश्वास गरे र उनलाई “तिम्रो वंश पनि यस्तै
हुनेछ,” भनिएजस्तै उनी धेरै जातिका पिता
बने । **१९**सय वर्ष पुगेको कारण उनको शरीर
मरेकोजस्तै भइसकेको, र साराको कोख पनि
मृत अवस्थामा भएको जान्दाजान्दै पनि तिनी
विश्वासमा कमजोर नभइकन दृढ रहे । **२०**बरु
परमेश्वरको प्रतिज्ञा सम्बन्धमा अविश्वासमा
विचलित नभई, परमेश्वरको महिमा गर्दै
विश्वासमा तिनी दृढ रहे, **२१**अब्राहामलाई यो
पूरा निश्चय थियो कि परमेश्वर आफ्नो प्रतिज्ञा
पूरा गर्नमा सक्षम हुनुहुन्छ । **२२**यसैकारण “यो
उनको निम्ति धार्मिकता गनियो ।” **२३**“उनको
निम्ति गनियो” शब्दहरू उनका निम्ति मात्र
लेखिएका होइनन्, **२४**तर हाम्रा निम्ति पनि र
जसलाई परमेश्वरले धर्मी ठहराउनुहुन्छ– हामी

---

**४:३**–उत्पत्ति १५:६; गलाती ३:६. **४:७-८**–भजन ३२:१-२. **४:११**–उत्पत्ति १७:१०.
**४:१३**–उत्पत्ति १७:४-६; २२:१७-१८; गलाती ३:२९. **४:१४**–गलाती ३:१८. **४:१६**–गलाती ३:७.
**४:१७**–उत्पत्ति १७:५. **४:१८**–उत्पत्ति १५:५. **४:१९**–उत्पत्ति १७:१७.

जो येशू हाम्रा प्रभुलाई मृतबाट जीवित
तुल्याउनुहुनेमाथि विश्वास गर्छौं । २५उहाँ हाम्रा
पापको निम्ति मृत्यु दण्डको भागी हुनुभयो
अनि हामी धार्मिक ठहरिनको निम्ति मृत
अवस्थाबाट जीवित तुल्याइनुभयो ।

### शान्ति र आनन्द

५ यसकारण, विश्वासद्वारा हामी धर्मी
ठहराइएकोले, प्रभु येशू ख्रीष्टद्वारा हामीले
परमेश्वरसँग मिलाप पाएका छौं, २अनि
उहाँद्वारा नै विश्वासको कारण, त्यस अनुग्रहमा,
जसमा हामी स्थिर छौं, हामीले प्रवेश पाएका
छौं । अनि परमेश्वरको महिमाको आशामा
हामी आनन्दित छौं । ३यति मात्र होइन, तर
हामी हाम्रो दु:खमा पनि आनन्दित हुन्छौं,
किनकि हामी जान्दछौं दु:खले धैर्य; ४धैर्यले
शुद्ध चरित्र, अनि शुद्ध चरित्रले आशा उत्पन्न
गराउँछ । ५आशाले हामीलाई निराश तुल्याउँदैन,
किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा
परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको
छ ।

६हामीहरू निर्बल हुँदै, ठीक समयमा, ख्रीष्ट
भक्तिहीनहरूका निम्ति मर्नुभयो । ७धर्मी
मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै
पाइएला । यद्यपि, भला मानिसको निम्ति कोही
मर्ने आँट गर्ला । ८तर परमेश्वरले आफ्नो प्रेम
हामीप्रति यसरी दर्शाउनुहुन्छ: हामी पापी छँदै,
ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।

९अब उहाँको रगतद्वारा धर्मी ठहराइएकाले,
हामी परमेश्वरको क्रोधदेखि कति बढ्ता
बच्नसक्छौं ! १०जब हामी परमेश्वरका शत्रुनै
थियौं, उहाँको पुत्रको मृत्युद्वारा हामी उहाँमा
मिलापमा आयौं, त अब मिलाप भइसकेपछि
हामीले उहाँको जीवनमार्फत अझ बढी निश्चितता
साथ उद्धार पाउने आशामा ढुक्क भएका छौं ।
११यति मात्र होइन, तर परमेश्वरमा हामी हाम्रा
प्रभु येशू ख्रीष्टद्वारा आनन्दित हुन्छौं, जसद्वारा
हामीले मिलाप पाएका छौं ।

### आदमद्वारा मृत्यु, येशू ख्रीष्टद्वारा जीवन

१२यसकारण, जसरी एक मानिसद्वारा पाप
संसारमा पस्यो र पापद्वारा मृत्यु आयो, उसरी
नै मृत्यु सब मानिसमा फैलियो, किनकि सबैले
पाप गरेका छन्– १३किनकि व्यवस्था आउनअघि
पनि पाप संसारमा थियो । तर जहाँ व्यवस्था
छैन, त्यहाँ पापको गणना हुँदैन । १४तैपनि,
मृत्युले आदमदेखि मोशासम्मै शासन गर्‍यो,
तीमाथि पनि जसले आदमको अपराध समान
पाप गरेका थिएनन्, आदम पछि आउनुहुनेका
एक नमूना थिए ।

१५तर वरदान अपराधको समान हुँदैन ।
किनकि एक मानिसको अपराधको कारणले
जति मरे, त्योभन्दा धेरै परमेश्वरको अनुग्रह
तथा एक मानिस अर्थात् येशू ख्रीष्टको अनुग्रह
धेरैलाई प्रशस्तसँग प्राप्त भयो ! १६फेरि, एक
मानिसले पाप गरेको कारणले आएजस्तो यो
वरदान होइन: न्यायले एउटै पापको कारण
दण्ड ल्यायो, तर धेरै अपराधपछि प्राप्त
वरदानले धार्मिकता ल्यायो । १७जब एउटा
मानिसको अपराधको कारण मृत्युले त्यही एउटै
मानिसद्वारा शासन गर्‍यो, तब कति बढ्ता
एउटा मानिस, येशू ख्रीष्टद्वारा, परमेश्वरको
अनुग्रहको प्रचुरता तथा धार्मिकताको वरदानले
झन् बढ्ता जीवनमा राज्य गर्नेछ ।

१८यसकारण, जसरी एउटै अपराधको
प्रतिफल सबै मानिसलाई दण्डको आज्ञा भयो,
उसरी धार्मिकताको एउटै कार्यको प्रतिफलले
सबै मानिसलाई धर्मी ठहराएर जीवन ल्याउँछ ।
१९जसरी एक जना मानिसको अनाज्ञाकारिताले
धेरै पापी ठहरिए, उसरी नै एक जनाको
आज्ञाकारिताले धेरै धर्मी ठहराइनेछन् ।

२०अपराध बढोस् भनेर व्यवस्था आयो ।
तर जहाँ अपराध बढ्यो, त्यहाँ अनुग्रह पनि
अझ बढ्यो, २१अनि जसरी पापले मृत्युमाथि
राज्य गर्‍यो, उसरी अनुग्रहले धार्मिकतामाथि
राज्य गरेर येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनन्त
जीवन ल्याउनेछ ।

---

**४:२५**–यशैया ५३:४-५. **५:१२**–उत्पत्ति ३:६.

## पापको निम्ति मर्नु, ख्रीष्टको निम्ति जिउनु

**६** अब, हामी के भनौं त ? अनुग्रह बढ़िरहोस्
भनेर पाप गरिरहने ? **२**यसो कहिल्यै
नहोस् ! हामी पापको निम्ति मऱ्यौं, त कसरी
फेरि पापमा जिइरहने ? **३**के तिमीहरूलाई थाहा
छैन– ख्रीष्ट येशूमा हामी जति जनाले बप्तिस्मा
लियौं, हामी सबैले उहाँको मृत्युमा बप्तिस्मा लिएका
थियौं ? **४**तसर्थ, बप्तिस्माद्वारा मृत्यु भएको
कारण हामी उहाँसँगै गाड़ियौं, र जसरी ख्रीष्ट
मृत्युबाट पिताको महिमाद्वारा जीवित पारिनुभयो,
त्यसरी हामी पनि नयाँ जीवनको चालमा चलौं ।

**५**उहाँको मृत्युमा हामी उहाँसँग एक भएका
छौं भने, उहाँ जीवित पारिँदा पनि उहाँसँग
एक हुनेछौं । **६**किनकि हामीलाई थाहा छ कि
हाम्रो पुरानो शरीर उहाँसँग क्रूसमा टाँगिएको
छ, ताकि पापको शरीरलाई मिल्काइयोस् अनि
हामी पापको दास भएर बस्नु नपरोस्– **७**किनकि
जो मरेको छ, ऊ पापबाट मुक्त भएको छ ।

**८**हामी ख्रीष्टसँग मरेका छौं भने, ख्रीष्टसँगै
जिउनेछौं भनेर हामी विश्वास गर्छौं ।
**९**किनकि हामीलाई थाहा छ, उहाँ मरेकाबाट
जीवित हुनुभएकोले फेरि मर्नुहुन्न; मृत्युको
उहाँमाथि अधिकार छैन । **१०**जुन मृत्यु उहाँले
मर्नुभयो, त्यो सधैंको निम्ति पापमाथिको उहाँको
मृत्यु थियो; जुन जीवन उहाँ अब जिउनुहुन्छ,
त्यो परमेश्वरको निम्ति हो ।

**११**यसरी नै, तिमीहरूले पनि आफूलाई पापको
निम्ति मरेको तर ख्रीष्ट येशूमा परमेश्वरको
निम्ति जिउँदो भएको ठान्नुपर्छ । **१२**यसकारण
पापले तिमीहरूको नाशमान् शरीरमा राज्य
नगरोस् र तिमीहरू यसका दुष्ट इच्छाहरूको
दास नबन । **१३**शरीरका अङ्गहरूलाई दुष्टताको
हतियारको रूपमा पापको निम्ति नसुम्प; बरु
आफूलाई मृत्युबाट जिउँदो भएको कारण
परमेश्वरको निम्ति सुम्प र आफ्ना शरीरका
अङ्गलाई धार्मिकताको निम्ति सुम्पिदेऊ । **१४**पाप
तिम्रो मालिक हुनेछैन, किनकि तिमी व्यवस्थाको
अधीनमा होइन, तर अनुग्रहमुनि छौ ।

## धार्मिकताको निम्ति दासत्व

**१५**तब के त ? पापमुनि होइन तर
अनुग्रहमुनि छौं भनेर हामीले पाप गर्ने ? त्यसो
होइन ! **१६**के तिमीहरूलाई थाहा छैन,
तिमीहरूले कसैको दासको रूपमा आफूलाई
सुम्पियौ भने, त्यसको तिमीहरू दास बन्छौ–
चाहे पापको, जसले तिमीहरूलाई मृत्यु दिन्छ,
चाहे त्यस आज्ञाकारिताको, जसले तिमीहरूलाई
धार्मिकता प्रदान गर्छ ? **१७**तर परमेश्वरलाई
धन्यवाद होस्, यद्यपि तिमीहरू पापका दास
थियौ, अब जुन शिक्षामा तिमीहरू सुम्पिएका
छौ, त्यो हृदयले पालन गर्ने भएका छौ ।
**१८**तिमीहरू अब पापको दासत्वबाट मुक्त भएर
धार्मिकताको दास तुल्याइएका छौ ।

**१९**म तिमीहरूको शारीरिक दुर्बलताको
कारण मानिसको रीतिअनुसार भन्दैछु ।
जसरी तिमीहरूले आफ्ना शरीरका अङ्गलाई
अशुद्धता र बढ्दो दुष्टताको निम्ति दास हुनलाई
सुम्पिदिएका थियौ, त्यसरी अब आफ्ना अङ्गलाई
पवित्रतातर्फ लाने धार्मिकताको दास हुनलाई
सुम्पिदेऊ । **२०**जब तिमीहरू पापका दास थियौ,
धार्मिकताको नियन्त्रणदेखि तिमीहरू मुक्त
थियौ । **२१**जुन कुराको निम्ति अहिले तिमीहरू
लज्जित छौ, त्यसबाट तिमीहरूले के प्रतिफल
पायौ ? ती कुराहरूको परिणाम त मृत्यु हो ।
**२२**तर अब तिमीहरू पापबाट मुक्त भएर
परमेश्वरका दास भएका छौ । त्यसबाटको
फाइदाले तिमीहरूलाई पवित्रतातिर अग्रसर
गराउँछ र फलस्वरूप अनन्त जीवन दिन्छ ।
**२३**किनकि पापको ज्याला मृत्यु हो, तर
परमेश्वरको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा
अनन्त जीवन हो ।

## विवाहबाट उदाहरण

**७** भाइहरू हो, तिमीहरूलाई थाहै होला–
यहाँ म व्यवस्था जान्नेहरूलाई सम्बोधन
गर्दैछु– व्यवस्थाको अधिकार त्यस मानिसलाई
त्यति बेलासम्म मात्र हुन्छ जबसम्म ऊ जीवित

---

**६:४**–कलस्सी २:१२.

हुन्छ । २उदाहरणको निम्ति, एउटी स्त्री आफ्नो
लोग्ने जीवित रहुन्जेल व्यवस्थाद्वारा लोग्नेसँग
बाँधिएकी हुन्छे; तर उसको लोग्ने मऱ्यो भने,
ऊ त्यो विवाहको व्यवस्थादेखि मुक्त हुन्छे ।
३यसर्थ, आफ्ना लोग्ने जीवित छँदै उसले अर्को
पुरुषसँग विवाह गर्छे भने, ऊ व्यभिचारिणी
ठहरिन्छे। तर उसको लोग्ने मऱ्यो भने, ऊ विवाहको
व्यवस्थाबाट मुक्त हुन्छे र अर्को पुरुषलाई विवाह
गरी भने पनि ऊ व्यभिचारिणी ठहरिन्न ।

४यसकारण मेरा भाइहरू हो, परमेश्‍वरको
निम्ति फल फलाऔं भनेर अर्का व्यक्तिका अर्थात्
जो मरेकाहरूबाट जीवित हुनुभएको छ, उहाँका
हुनलाई तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा
व्यवस्थाका निम्ति मरेका भयौ । ५किनकि जब
हामी पापमय स्वभावका नियन्त्रणमा थियौं, तब
व्यवस्थाले उब्जाएको पापमय अभिलाषाहरूले
हाम्रा शरीरमा काम गर्थे, अनि हामीले मृत्युको
निम्ति फल उत्पन्न गर्थ्यौं। ६तर अब, हामीलाई
बन्धनमा राख्नेप्रति हामी मृत भएको कारणले,
हामी त्यस व्यवस्थाबाट मुक्त भएका छौं र
आत्माको नयाँ विधिअनुसार सेवा गर्छौं, पुरानो
लिखित विधिअनुसार होइन ।

### पापसँग सङ्घर्ष

७तब, हामी के भनौं त ? व्यवस्था पाप हो
त ? यसो कहिल्यै नहोस् ! वास्तवमा पाप के
हो मैले व्यवस्था जानेर नै थाहा पाएँ। व्यवस्थाले
"लोभ नगर्" नभनेको भए लोभ के हो मैले
जान्ने थिइनँ । ८तर पापले, व्यवस्थाको
आज्ञाको फाइदा उठाएर मभित्र लोभको इच्छा
उत्पन्न गरायो । व्यवस्थाविना पाप मरेतुल्य
छ । ९एकपल्ट व्यवस्थाविना म जीवित थिएँ;
तर जब आज्ञा आयो पाप जीवित भयो र
मचाहिँ मरें । १०जुन आज्ञाले जीवन दिनुपर्थ्यो
त्यही आज्ञाले मृत्यु ल्याउँदोरहेछ भनेर मैले
थाहा गरें। ११आज्ञाले ल्याएको मौकाको फाइदा
उठाएर पापले मलाई छकायो, र आज्ञाद्वारा
माऱ्यो । १२त्यसो भए तापनि व्यवस्था पवित्र
छ, आज्ञा पनि पवित्र, धार्मिक र उत्तम छ ।

१३त के, जे भलो थियो, ती मेरो निम्ति
मृत्यु भयो ? त्यसो होइन ! तर पापचाहिँ
पापको रूपमा चिनियोस् भनेर, जे भलो थियो
त्यसबाट यसले ममा मृत्यु उत्पन्न गऱ्यो,
ताकि आज्ञामार्फत पाप अझ पापमा प्रमाणित
होस् ।

१४हामीलाई थाहा छ, व्यवस्था आत्मिक
छ; तर म शारीरिक छु र पापको हातमा
बेचिएको छु । १५म के गर्छु सो म बुझ्दिनँ ।
किनकि जे म गर्न चाहन्छु त्यो म गर्दिनँ, तर
जे म घृणा गर्छु त्यही गर्छु । १६अनि म जे गर्न
चाहन्नँ, त्यही गर्दछु भने, व्यवस्था भलो छ
भनी म सहमत हुन्छु । १७अब जे गर्दछु, सो म
होइन, तर ममा रहेको पापले पो गर्दछ ।
१८मलाई थाहा छ ममा असल केही पनि छैन,
अर्थात् मेरो पापमय स्वभावमा । किनकि असल
काम गर्ने इच्छा ममा छ, तर सो म गर्न
सक्तिनँ । १९किनकि असल काम जो म गर्न
चाहन्छु, त्यो म गर्दिनँ तर खराब काम जो म
गर्न चाहन्नँ, त्यही म गर्छु । २०अब जे म गर्न
चाहन्नँ त्यही गर्दछु भने, त्यो गर्ने म होइन तर
मभित्र वास गर्ने पाप हो ।

२१यसकारण व्यवस्थाले यसरी काम
गरिरहेको म पाउँछु: जब म असल काम गर्न
चाहन्छु, दुष्टता मेरो छेउमै हुन्छ । २२किनकि
म मेरो भित्री हृदयमा परमेश्‍वरको व्यवस्थामा
खुशी हुन्छु, २३तर म अर्को व्यवस्था पनि मेरो
शरीरमा काम गरिरहेको देख्छु– मेरो मनको
व्यवस्थाविरुद्ध युद्ध गरेर मलाई पापको व्यवस्थाले
बन्दी बनाई मेरो शरीरमा काम गरिरहेको
हुन्छ । २४म कति दुःखी मानिस ! मलाई
मृत्युको यस शरीरबाट कसले मुक्त गर्नेछ ?
२५परमेश्‍वरलाई धन्यवाद होस्– हाम्रा प्रभु
ख्रीष्ट येशूद्वारा नै !

यसकारण, म मेरो मनमा परमेश्‍वरको
व्यवस्थाको दास छु, तर पापमय प्रकृतिमा
पापको व्यवस्थाको दास भएको छु ।

---

**७:७**–प्रस्थान २०:१७; व्यवस्था ५:२१. **७:११**–उत्पत्ति ३:१३. **७:१५**–गलाती ५:१७.

## पवित्र आत्माबाट पाउने जीवन

**८** यसकारण, अब येशू ख्रीष्टमा हुनेहरूको निम्ति दण्डको आज्ञा छैन, **२**किनकि जीवनको आत्माको व्यवस्थाले ख्रीष्ट येशूद्वारा मलाई पाप र मृत्युको दण्डबाट स्वतन्त्र गरिदिएको छ । **३**शरीरको पापमय प्रकृतिले गर्दा व्यवस्थाले गर्न नसकेको काम अब परमेश्वरले आफ्नै पुत्रलाई पापको शरीरको समानतामा पाप बलिको रूपमा पठाउनुभएर पूरा गर्नुभयो । अनि पापी मानिसको पापलाई दोषी ठहराउनुभयो, **४**कि व्यवस्थाले मागेको उचित थोक हामीमा पूरा होस्, हामी जो पापमय प्रकृतिअनुसार होइन तर आत्माअनुसार जिउँछौं ।

**५**पापमय प्रकृतिमा जिउनेहरूले पापकै प्रकृतिमा मन गाड़ेका हुन्छन्; तर पवित्र आत्माअनुसार जिउनेहरू आत्माले चाहेकै अनुसार जिउँछन् । **६**किनकि पाप-स्वभावमा मन लगाउनु मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो; **७**पापी मन परमेश्वरको विरुद्ध हुन्छ । यो परमेश्वरको व्यवस्थाप्रति आज्ञाकारी हुँदैन, नता यसो हुन नै सक्छ । **८**पापले नियन्त्रण गर्नेहरूले परमेश्वरलाई खुशी तुल्याउन सक्दैनन् ।

**९**परमेश्वरको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरूलाई पाप-स्वभावले होइन तर पवित्र आत्माले नियन्त्रण गरेको हुन्छ । कसैमा ख्रीष्टको आत्मा छैन भने, ऊ ख्रीष्टको हुनसक्दैन । **१०**तर ख्रीष्ट तिमीहरूसँग हुनुहुन्छ भने, तिमीहरूको शरीर पापले गर्दा मरेको भए तापनि धार्मिकताले गर्दा आत्मा जीवित हुन्छ । **११**अनि ख्रीष्टलाई मरेकाबाट जीवित पार्नुहुनेको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्टलाई मरेकाबाट जीवित पार्नुहुनेले तिमीहरूको नाशमान् शरीरमा पनि आत्माद्वारा जीवन हालिदिनुहुन्छ, जुन आत्मा तिमीहरूमा वास गर्नुहुन्छ ।

**१२**यसकारण भाइहरू हो, पाप-स्वभावअनुसार जिउनलाई हामी पाप-स्वभावको ऋणी छैनौं । **१३**पापको प्रकृतिअनुसार जीवन बितायौ भने, तिमी मर्नेछौ; तर आत्माद्वारा शरीरको दुष्ट कामलाई मृत तुल्यायौ भने, तिमी बाँच्नेछौ, **१४**किनकि प्रभुका आत्माले डोऱ्याइएकाहरू परमेश्वरका पुत्रहरू हुन् । **१५**डरको दास हुनलाई तिमीले आत्मा पाएका होइनौ, तर पुत्र हुने आत्मा तिमीले पाएका हौ । अनि उहाँकै नाउँमा हामी "अब्बा, पिता" भनी पुकार्दछौं । **१६**पवित्र आत्मा आफैले हाम्रो आत्मासँग मिलेर हामी परमेश्वरका सन्तान हौं भनी साक्षी दिनुहुन्छ । **१७**यदि हामी सन्तान हौं भनेता, उत्तराधिकारी पनि हौं– परमेश्वरका उत्तराधिकारी; उहाँको दु:खमा हामी पनि सहभागी भयौं भने उहाँको महिमामा पनि सहभागी भई हामी ख्रीष्टसँग उत्तराधिकारी बन्छौं ।

## पछि आउने महिमा

**१८**पछि प्रकट हुने महिमाको तुलनामा अहिलेको दु:ख केही होइन भनी म भन्छु । **१९**परमेश्वरका पुत्रहरू प्रकट हुनको निम्ति सृष्टि बड़ो उत्सुकतामा प्रतीक्षा गरिरहेछ । **२०**किनकि सृष्टि व्यर्थताको अधीनमा हुनगयो, आफ्नो इच्छाले होइन, तर उहाँको इच्छाको कारण जसले यसलाई अधीनमा राख्यो, यस आशामा, **२१**कि सृष्टि स्वयम् पनि विनाशको दासत्वदेखि मुक्त भई परमेश्वरको महिमा प्राप्त गर्न सकोस् ।

**२२**हामीलाई थाहा छ, सारा सृष्टि अहिलेसम्म प्रसव-पीडाको वेदनाले जस्तै छटपटिरहेछ । **२३**त्यति मात्र होइन, तर हामी आफै पनि, जोसँग आत्माको पहिलो फल छ, धर्मपुत्र हुन र शरीरको मुक्तिको निम्ति वेदनाले छटपटिरहेका छौं । **२४**यही आशामा हामीले उद्धार पाएका छौं । तर जुन आशा हामी देख्दैछौं, सो आशा होइन । देखिएको वस्तुको कसले आशा गर्दछ ? **२५**तर जे हामीले प्राप्त गरेका छैनौं, त्यसको

---

**८:११**–१ कोरिन्थी ३:१६. **८:१५**–मर्कूस १४:३६; गलाती ४:६. **८:१५-१७**–गलाती ४:५-७.
**८:२०**–उत्पत्ति ३:१७-१९. **८:२३**–२ कोरिन्थी ५:२-४.

निम्ति हामी आशा गर्दछौं भनेता, धैर्यसँग
त्यसको प्रतीक्षा पनि गर्छौं ।
**२६**यस्तै प्रकारले, पवित्र आत्माले हामीलाई
हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । हामीले
कसरी प्रार्थना गर्नुपर्ने हो सो हामी जान्दैनौं,
तर पवित्र आत्मा स्वयम्ले हाम्रो मध्यस्त
गरेर शब्दले व्यक्त गर्न नसक्ने स्वरले
अन्तरबिन्ती गरिदिनुहुन्छ । **२७**अनि हाम्रो मनको
जाँच गर्नेलाई थाहा हुन्छ, आत्माको इच्छा के
छ, किनकि पवित्र आत्माले परमेश्वरको
इच्छाअनुसार सन्तहरूको निम्ति बिन्ती
गरिदिनुहुन्छ ।

### विजयीहरूभन्दा अझ बढी

**२८**हामीलाई थाहा छ, परमेश्वरलाई प्रेम
गर्नेको निम्ति उहाँले भलाइ नै गर्नुहुन्छ,
तिनीहरूको निम्ति जो उहाँको योजनाअनुसार
बोलाइएका छन् । **२९**जसको विषयमा उहाँलाई
पूर्वज्ञान थियो, तिनीहरूलाई उहाँले आफ्नो
पुत्रको स्वरूपमा हुन ठहराउनुभयो, धेरै
भाइहरूमध्ये उहाँचाहिँ जेठो ठहरिऊन् भनेर ।
**३०**अनि जसलाई उहाँले पहिलेबाटै ठहराउनुभयो,
उनीहरूलाई बोलाउनु पनि भयो; अनि
जसलाई बोलाउनुभयो, तिनीहरूलाई धर्मी पनि
ठहराउनुभयो; अनि जसलाई धर्मी ठहराउनुभयो,
उनीहरूलाई महिमित पनि पार्नुभयो ।
**३१**हामी यसबारे अब के भन्ने त ?
परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध
को हुनसक्छ ? **३२**जसले आफ्ना पुत्रलाई त बाँकी
राख्नुभएन, तर हाम्रो निम्ति सब दिइहाल्नुभयो,
तब उहाँले आफ्नो पुत्रसहित उदारसँग सब थोक
किन दिनुहुन्न र ? **३३**परमेश्वरले छानेकाहरूप्रति
कसले दोष लाउने ? परमेश्वरले नै धर्मी
ठहराउनुहुन्छ । **३४**दोष लाउने को हो ? ख्रीष्ट
येशू, जो मर्नुभयो, त्यसभन्दा बढी, उहाँ मरेकाबाट
जीवित पारिनुभयो । उहाँ परमेश्वरको दाहिने
हातपट्टि बस्नुभएको छ र हाम्रो निम्ति अन्तरबिन्ती
गरिरहनुभएको छ । **३५**ख्रीष्टको प्रेमबाट कसले
हामीलाई अलग गर्नसक्छ ? के दु:खले,
कठिनाइले, सतावटले, अनिकालले, नाङ्गोपनले,
जोखिम कि तरवारले ? **३६**जसो लेखिएको छ:

> "तपाईंको खातिर हामी प्रत्येक दिन
> मृत्युको सामना गर्दछौं;
> मारिन लागिएका भेड़ाझैँ हामी
> तुल्याइएका छौं ।"

**३७**होइन, यी सबै कुरामा हामीलाई प्रेम
गर्नुहुनेद्वारा हामी विजयीहरूभन्दा पनि अझ
बढ़ी छौं । **३८**किनकि म निश्चय छु– नता
मृत्यु, नता जीवन, नता स्वर्गदूतहरू, नता दुष्ट
आत्माहरू, नता वर्तमान्, नता भविष्य, न कुनै
शक्तिहरू, **३९**न कुनै उचाइ वा गहिराइ; नता
सृष्टि भएको कुनै चीजले, ख्रीष्ट येशू हाम्रा
प्रभुमा भएको परमेश्वरको प्रेमदेखि हामीलाई
अलग गर्नसक्छ ।

### परमेश्वरको सार्वभौम छनौट

**९** ख्रीष्टमा म साँचो भन्दछु– मैले असत्य
बोलेको छैनँ, मेरो विवेकले पनि पवित्र
आत्मामा यही साक्षी दिँदछ– **२**म अत्यन्त दु:खित
छु र मेरो हृदय निरन्तर शोकित रहँदछ ।
**३**किनकि म यही चाहन्थें, मेरा भाइहरूका निम्ति,
जो शरीरमा मेरा जातिका हुन्, उनीहरूको
निम्ति म बरु श्रापित भई ख्रीष्टदेखि अलग
होऊँ । **४**यी इस्राएली हुन्, उनीहरूले धर्मपुत्र
हुने हक; परमेश्वरको महिमा, करारहरू,
व्यवस्था, मन्दिरको आराधना र प्रतिज्ञाहरू
पाएका छन् । **५**पुर्खाहरू उनीहरूकै हुन्, र
उनीहरूदेखि नै ख्रीष्टको मानवीय वंश पनि
रहेको छ, उहाँ नै सबैमाथि परमेश्वर, सधैं
प्रशंसाको योग्य हुनुहुन्छ ! आमेन ।
**६**परमेश्वरको वचन व्यर्थ भएको होइन ।
सबै इस्राएली वंशका भए पनि इस्राएली
होइनन् । **७**नता उनीहरू अब्राहामका वंशका भए
भन्दैमा अब्राहामका सन्तान हुन् । वास्तवमा–
"इसहाकदेखि तेरो वंश मानिनेछ ।" **८**अर्थात्,

---

**८:३६**–भजन ४४:२२. **९:४**–प्रस्थान ९:४. **९:७**–उत्पत्ति २१:१२.

शरीरका सन्तान परमेश्‍वरको सन्तान होइनन्,
तर प्रतिज्ञाका सन्तानचाहिँ अब्राहामका सन्तान
मानिन्छ । **९**किनकि प्रतिज्ञामा यसरी भनिएको
थियो: "ठीक समयमा म आउँछु, र साराले
पुत्र जन्माउनेछे ।"

**१०**यति मात्र होइन, तर रिबेकाको सन्तानको
एउटै पिता इसहाक थिए । **११**तैपनि, जुम्ल्याहा
छोराहरू जन्मनअघि तथा उनीहरूले कुनै दुष्ट
वा असल काम गर्नअघि, चुनिनको निम्ति
परमेश्‍वरको उद्देश्य पूरा होस् भन्ने अभिप्रायले:
**१२**कामले होइन तर बोलावट गर्नेको इच्छा
पूरा होस् भनेर रिबेकालाई यो बताइयो, "जेठोले
कान्छोको सेवा गर्नेछ," **१३**जसो लेखिएको छ:
"याकूबलाई मैले प्रेम गरें, तर एसावलाई अप्रिय
मानें ।"

**१४**तब हामीले के भन्ने ? के परमेश्‍वर
अन्यायी हुनुहुन्छ ? कदापि होइन ! **१५**किनकि
उहाँ मोशालाई भन्नुहुन्छ–

"मैले दया गर्न चाहेकोलाई म दया गर्नेछु,
मैले कृपा देखाउन चाहेकोलाई म
कृपा देखाउनेछु ।"

**१६**यसकारण, मान्छेको इच्छा कि प्रयासमा
होइन, तर परमेश्‍वरको दयामा सब कुरा निर्भर
गर्छ । **१७**किनकि धर्मशास्त्रले फिरऊनलाई
बताउँछ: "मैले तँलाईं यही अभिप्रायले खड़ा
गरें, मेरो शक्ति तँमाथि देखाऊँ र मेरो नाउँ
सारा पृथ्वीमा घोषणा गरूँ ।" **१८**यसकारण
परमेश्‍वरले जसलाई चाहनुहुन्छ उसैलाई दया
गर्नुहुन्छ, अनि जसलाई चाहनुहुन्छ उसलाई
कठोर तुल्याउनुहुन्छ ।

**१९**तिमीमध्ये कसैले मलाई भनौला: "त किन
परमेश्‍वर हामीलाई अझ दोष लाउनुहुन्छ ?
कसले उहाँको इच्छाको विरोध गर्ने ?" **२०**तर
हे मानिस, परमेश्‍वरसँग प्रश्‍न गर्ने तिमी को
हौ ? "जसलाई बनाइयो उसैले बनाउनेलाई
सोध्ने– 'तिमीले मलाई यस्तो किन बनायौ ?'"
**२१**के कुमालेले एउटै माटोको डल्लाबाट केही
असल चीजको निम्ति र अरू साधारण थोक
राख्ने भाँड़ा बनाउने अधिकार राख्दैन र ?

**२२**परमेश्‍वरले आफ्नो क्रोध प्रकट गर्नलाई
र आफ्नो सामर्थ प्रकट गर्नलाई विनाशको
निम्ति तयार गरिएको क्रोधको भाँड़ालाई
धैर्यसहित सहिदिनुभयो भने, के भयो त ?
**२३**यदि उहाँले आफ्नो महिमाको धन
तिनीहरूमाथि प्रकट गर्नलाई, जसलाई उहाँले
पहिल्यैबाट आफ्नो महिमाको निम्ति तयार
पार्नुभएको थियो, **२४**अर्थात् हामीमाथि पनि,
जसलाई हामी यहूदी र गैर-यहूदीबाट पनि
बोलाउनुभयो, त के भयो ? **२५**होशेको पुस्तकमा
उहाँ भन्नुहुन्छ:

"जो मेरा प्रजा होइनन्, तिनलाई म
'मेरो प्रजा' भन्नेछु;
अनि जो मेरो प्रिय थिएनन्, त्यसलाई
म 'मेरो प्रिय' भनेर डाक्नेछु,"

**२६**अनि,

"यस्तो हुनेछ कि
जहाँनेर उनीहरूलाई
'तिमीहरू मेरा प्रजा होइनौ' भनिएको
थियो, त्यहीँ तिनीहरू
'जिउँदो परमेश्‍वरका सन्तान'
भनिनेछन् ।"

**२७**इस्राएलको बारेमा यशैया भन्छन्:

"यद्यपि इस्राएलीहरूको सङ्ख्या
समुद्रको किनारको बालुवा सरी
हुनेछन्,
तैपनि थोरै मात्र बचाइनेछ ।
**२८** किनकि प्रभु परमेश्‍वरले पृथ्वीमा
आफ्नो वचन चाँडै पूरा गर्नुहुनेछ ।"

**२९**जसरी यशैयाले पहिल्यै भविष्यवाणी
गरेका थिए:

"महान् प्रभुले यदि सन्तान

---

**९:९**–उत्पत्ति १८:१०. **९:१२**–उत्पत्ति २५:२३. **९:१३**–मलाकी १:२-३. ९:१५–प्रस्थान ३३:१९.
**९:१७**–प्रस्थान ९:१६. **९:२०**–यशैया २९:१६; ४५:९. **९:२१**–यर्मिया १८:१-१०; २ तिमोथी २:२०-२१.
**९:२५**–होशे २:२३. **९:२६**–होशे १:१०. **९:२७-२८**–यशैया १०:२२-२३. **९:२९**–यशैया १:९.

नराखिदिनुभएको भए,
हामी सदोमझैँ हुनेथियौं,
र गमोराझैँ बन्नेथियौं ।"

### इस्राएलको अविश्वास

**३०**अब हामी के भन्ने ? गैर-यहूदीले
धार्मिकताको पछि नलागे पनि, यसलाई प्राप्त
गरेको छ, जुन धार्मिकता विश्वासले मात्र
प्राप्त गर्न सकिन्छ, **३१**तर इस्राएलले धार्मिकताको
व्यवस्था पालन गरेर यसलाई प्राप्त गर्न सकेको
छैन । **३२**किन नसकेको त ? किनकि तिनीहरूले
यसलाई विश्वासद्वारा होइन तर कर्मद्वारा प्राप्त
गर्न खोजे । उनीहरू "ठक्कर खाने ढुङ्गा" सँग
ठेस खानपुगे । **३३**यसरी लेखिएको छः

"हेर, मैले सियोनमा एउटा ठेस लाग्ने
ढुङ्गा राखेको छु,
एउटा चट्टान जसले मानिसलाई लड़ाउँछ,
तर जसले उहाँमाथि विश्वास गर्छ त्यो
कहिल्यै शर्ममा पर्नेछैन ।"

**१०** भाइहरू हो, मेरो मनको इच्छा र
परमेश्वरसँग प्रार्थना यही छ कि
इस्राएलीहरूले उद्धार पाऊन् । **२**उनीहरूबारे
मेरो साक्षी यही छ, उनीहरू परमेश्वरको
निम्ति उत्कट इच्छा त राख्छन्, तर ज्ञानअनुसार
होइन । **३**परमेश्वरबाट प्राप्त हुने धार्मिकताबारे
उनीहरूलाई थाहा नभएकोले उनीहरूले आफ्नै
धार्मिकताको खोजी गरे, यसो हुँदा उनीहरूले
परमेश्वरको धार्मिकताका अधीनमा आफूलाई
राखेनन् । **४**किनकि विश्वास गर्ने रहेकको
लागि ख्रीष्ट नै धार्मिकताको निम्ति व्यवस्थाको
अन्त्य हुनुहुन्छ ।

**५**व्यवस्थाअनुसारको धार्मिकतालाई मोशा
यसरी वर्णन गर्छन्: "व्यवस्था पालन गर्ने मानिस
व्यवस्थाअनुसारै जिउँछ ।" **६**तर विश्वासद्वारा
प्राप्त हुने धार्मिकताले भन्छ: "तिमीले मनमा
नभन, 'स्वर्ग कसरी चढिजानू ?'" (अर्थात्
ख्रीष्टलाई तल ओह्राल्न) **७**"अथवा 'पातालमा
को ओर्ले ?'" (अर्थात् ख्रीष्टलाई मरेकाबाट
जीवित पार्नलाई) **८**तर त्यसले के भन्छ ? "वचन
तिम्रो नजीक छ, तिम्रो मुखमै छ, अनि मनमै
छ," अथवा विश्वासको वचन जसलाई हामी
घोषणा गर्दैछौं । **९**तिमीले, "येशू प्रभु हुनुहुन्छ,"
भनी मुखले स्वीकार गर्छौ भने, अनि परमेश्वरले
उहाँलाई मरेकाबाट जीवित पार्नुभयो भनी हृदयमा
स्वीकार गर्छौ भने, तिम्रो उद्धार हुनेछ । **१०**किनकि
तिमीले हृदयबाट विश्वास गर्छौ जसको
परिणाम धार्मिकता हुन्छ, अनि मुखले स्वीकार
गर्छौ जसको परिणाम उद्धार हुन्छ ।
**११**धर्मशास्त्रले यसो भन्छ, "विश्वास गर्ने
कोही पनि शर्ममा पर्ने छैन ।" **१२**किनकि
यहूदी र गैर-यहूदीमा केही भिन्नता छैन–
त्यही प्रभु सबैका प्रभु हुनुहुन्छ र उहाँकहाँ
आउने हरेकलाई प्रशस्तसँग आशिष् दिनुहुन्छ,
**१३**किनकि, "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार
पाउनेछ ।"

**१४**अब, विश्वास नगरेकोलाई उनीहरूले
कसरी पुकार्ने त ? अनि जसबारे उनीहरूले
सुनेकै छैनन्, उहाँमाथि कसरी विश्वास गर्ने ?
**१५**अनि प्रचारविना उनीहरूले कसरी सुन्नसक्छन्
त ? यसो लेखिएको छ, "सुसमाचार ल्याउनेका
पाउ कति सुन्दर छन् !"

**१६**तर सबै इस्राएलीहरूले सुसमाचारलाई
स्वीकार गरेनन् । यशैया भन्छन्, "हे प्रभु,
कसले हाम्रो सन्देशमाथि विश्वास गरेको छ
र ?" **१७**फलस्वरूप, सुसमाचार सुनेपछि विश्वास
प्राप्त हुन्छ, अनि सुसमाचार ख्रीष्टको वचनबाट
प्राप्त हुन्छ । **१८**तर म सोध्छु: के तिनीहरूले
सुसमाचार सुनेनन् ? निश्चय तिनीहरूले सुनेका
छन्:

"तिनीहरूको सोर सारा पृथ्वीमा,
तिनीहरूको प्रचार संसारको कुना-
कुनासम्म पुगेको छ ।"

---

**९:३३**–यशैया २८:१६. **१०:५**–लेवी १८:५. **१०:६–८**–व्यवस्था ३०:१२-१४. **१०:११**–यशैया २८:१६.
**१०:१३**–योएल २:३२. **१०:१५**–यशैया ५२:७. **१०:१६**–यशैया ५३:१. **१०:१८**–भजन १९:४.

**१९**म फेरि सोध्छु: के इस्राएलीहरूलाई यो
कुरो थाहा थिएन ? सर्वप्रथम, मोशा भन्छन्–

"जो एक जाति होइन, त्यसमार्फत म
तिमीहरूमा ईर्ष्या उत्पन्न गर्छु;
र एउटा मूर्ख जाति मार्फत म
तिमीहरूमा क्रोध उत्पन्न गर्छु ।"

**२०**अनि यशैया बड़ो साहससाथ भन्छन्,

"जसले मलाई खोजेनन्, तिनीहरूले
मलाई भेट्टाएका छन्;
जसले मेरो खोजी गरेनन् तिनीहरूका
माझमा मैले आफैलाई प्रकट गरेको छु ।"

**२१**तर इस्राएलबारे परमेश्वर भन्नुहुन्छ,

"दिनभरी मैले मेरो हात हठी र
अनाज्ञाकारी प्रजातर्फ बढाइरहें ।"

## इस्राएलमा रहेका विश्वासीहरू

**११** म तिनीहरूलाई प्रश्न गर्छु: के
परमेश्वरले आफ्नो जनलाई त्याग्नुभयो ?
अहँ, त्याग्नुभएन ! म आफै पनि एक इस्राएली
हुँ, अब्राहामको वंश, बेन्यामीन कुलको ।
**२**परमेश्वरले आफ्नो जनलाई त्याग्नुभएन,
जसबारे उहाँलाई पहिल्यै थाहा थियो । एलियाको
पाठमा धर्मशास्त्रमा के लेखिएको छ सो
तिमीहरूलाई थाहा छैन ? कसरी एलियाले
आफ्नो जातिको विरुद्धमा परमेश्वरअगि बिन्ती
गरेका थिए: **३**"प्रभु, तिनीहरूले तपाईंका
भविष्यवक्ताहरूलाई मारेका छन्, तपाईंका वेदीहरू
भत्काएका छन्; ममात्र एक्लो बाँचेको छु, अनि
मलाई पनि तिनीहरूले मार्न खोज्दैछन् ।" **४**अनि
परमेश्वरको उत्तर उनलाई के थियो ? "बालको
अगि ननिहुरिने सात हजार मेरा भक्तहरूलाई
मैले जोगाएर राखेको छु ।" **५**यसरी अहिले
पनि अनुग्रहले चुनिएका भक्तहरू छन् । **६**यदि
यो अनुग्रहले हो भने त, कर्मद्वारा होइन; यदि
त्यसो हो भने त, अनुग्रह अनुग्रह हुने थिएन ।
**७**तब के त ? इस्राएलले जे इच्छुक भएर
खोजेको थियो सो प्राप्त गर्न सकेन तर
चुनिएकाहरूले भने प्राप्त गर्नसके र अरू सबै
कठोर पारिए, **८**जसरी लेखिएको छ:

"परमेश्वरले तिनीहरूलाई निद्राले
भरिएको आत्मा दिनुभयो, आँखाहरू,
जसले देख्न सकेनन्
अनि कानहरू, जसले सुन्न सकेनन्,
आजसम्मै तिनीहरू यस्तै छन् ।"

**९**अनि दाऊद भन्छन्:

"उनीहरूको भोज उनीहरूको निम्ति
जाल र फन्दा,
अनि ठक्कर र बदलाको कारण बनोस् ।
**१०** उनीहरूको आँखाअगि अन्धकार छाओस्
र उनीहरूले देख्न नसकून्, उनीहरूका
ढाड़ सदा कुप्रिएका होऊन् ।"

## कलमी लगाएको हाँगाहरू

**११**म फेरि प्रश्न गर्छु: के उनीहरूले उठ्न
नसक्ने गरी ठक्कर खाएका हुन् ? कदापि
होइन ! तर, उनीहरूको अपराधको कारण
गैर-यहूदीहरूमा उद्धार आएर इस्राएल डाहले
भरियोस् भनेर यसो भएको हो । **१२**तर
उनीहरूको अपराध संसारको निम्ति धन र
उनीहरूको पतन गैर-यहूदीहरूको निम्ति
धन-सम्पत्ति ठहरिन्छ भने त, उनीहरूको
पूर्णताले कति धेरै वैभव आउने छ !
**१३**म तिमी गैर-यहूदीहरूसँग बोल्दैछु । म
गैर-यहूदीहरूको निम्ति प्रेरित हुँ, र म मेरो
सेवालाई **१४**यस आशामा यस्तो महत्व दिन्छु
कि, यसले मेरा आफ्नाहरूमा ईर्ष्या उत्पन्न
होस् र तीमध्ये कतिको उद्धार गरूँ । **१५**यदि
उनीहरूको परित्याग संसारको निम्ति मिलापको
कारण बन्छ भने त, उनीहरूको ग्रहणले
मृत्युबाट जीवनबाहेक अर्को के हुन्थ्यो र ?
**१६**यदि मुछेको पीठोको केही भाग प्रथम भेटीको
रूपमा पवित्र हुन्छ भने, पीठोको जम्मै भाग

---

**१०:१९**–व्यवस्था ३२:२१. **१०:२०**–यशैया ६५:१. **१०:२१**–यशैया ६५:२. **११:१**–फिलिप्पी ३:५.
**११:३**–१ राजा १९:१०-१४. **११:४**–१ राजा १९:१८. **११:८**–व्यवस्था २९:४; यशैया २९:१०.
**११:९-१०**–भजन ६९:२२-२३.

पवित्र हुन्छ । जरा पवित्र छ भने, हाँगाहरू पनि पवित्र हुन्छन् ।

**१७**कति हाँगा भाँचिएका छन्, र तिमी, जङ्गली जैतून भएर, त्यस बोटमा कलमी लगाइएका छौ र जैतूनको रूखको जराबाट प्राप्त पोषिलो रसमा भागीदार बनेका छौ भने, **१८**हाँगाबारे घमण्ड नगर । यदि घमण्ड गर्छौ भने, यो सम्झ: जरालाई थाम्ने तिमी होइनौ, तर जराले पो तिमीलाई थाम्छ । **१९**त्यसपछि तिमीले भन्नेछौ, "हाँगाहरू भाँचिएका कारणले नै म कलमी लगाइनपुगें ।" **२०**ठीकै छ, तर ती हाँगाहरू त उनीहरूको अविश्वासको कारणले भाँचिएका हुन्, अनि तिमी विश्वासद्वारा अढ़िएका छौ । घमण्ड नगर, तर डर राख, **२१**किनकि परमेश्वरले स्वाभाविक हाँगालाई छोड्नु भएन भने त, तिमीलाई पनि छोड्नुहुन्न ।

**२२**यसकारण, परमेश्वरको दया र कठोरतामा ध्यान देऊ: जसको पतन भइसकेको छ, उसलाई कठोरता, तर तिमीलाई दया, तिमी उहाँको दयामा स्थिर बस । नत्र त तिमी पनि काटिनेछौ । **२३**उनीहरू पनि आफ्नो अविश्वासमा दृढ़ बसेनन् भने, कलमी लगाइनेछन्; किनकि परमेश्वर फेरि तिनीहरूलाई कलमी गाँस्न सक्नुहुन्छ । **२४**वास्तवमा, तिमी एउटा जङ्गली जैतूनको रूखबाट काटिएर प्रकृतिविरुद्ध हुँदाहुँदै पनि जैतूनको रूखमा कलमीद्वारा गाँसिनसक्यौ भने त, झन् यी स्वाभाविक जैतूनका हाँगाहरू आफ्नै जैतूनका रूखमा कति सहजै गाँसिएलान् !

### जम्मै इस्राएलको उद्धार हुनेछ

**२५**भाइहरू हो, तिमीहरू घमण्डी नबन भनेर यस रहस्यबारे तिमीहरू अन्जान रहो भन्ने म चाहन्नँ: इस्राएलीहरूको एक भाग त्यस बेलासम्म कठोर रहनेछ, जबसम्म गैर-यहूदीहरूको सङ्ख्या पूर्ण हुँदैन । **२६**तब सब इस्राएलीहरूको उद्धार हुनेछ, जसरी लेखिएको छ:

"सियोनदेखि उद्धारकर्त्ता आउनुहुनेछ;
उहाँले याकूबबाट अधर्म दूर गर्नुहुनेछ,
२७ अनि उनीहरूसँग मेरो यो करार हुनेछ
जब म उनीहरूको पाप हरण
गर्नेछु ।"

**२८**सुसमाचारको दृष्टिमा, तिनीहरू तिम्रा दुश्मन हुन्; तर परमेश्वरको चुनावको दृष्टिबाट, उनीहरू आफ्ना पुर्खाको कारण अति प्रिय छन्, **२९**किनकि परमेश्वरको वरदान र बोलावट अटल छन् । **३०**जसरी पहिले तिमीहरू एकपल्ट परमेश्वरप्रति अनाज्ञाकारी थियौ, तर अब उनीहरूको अनाज्ञाकारिताले गर्दा तिमीहरूमाथि दया भएको छ, **३१**यसरी नै उनीहरू पनि अब अनाज्ञाकारी भएका छन् र तिमीहरूमाथि भएको त्यस दयाको कारण अब तिनीहरू पनि दयाका पात्र बनून् । **३२**किनकि परमेश्वरले सबैलाई अनाज्ञाकारीतामा बन्द राख्नुभएको छ, ताकि उहाँबाट सबैलाई दया होस् ।

### स्तुतिगान

३३ अहो ! परमेश्वरको धन, बुद्धि र ज्ञान
कति अपार छ ! उहाँका निर्णयहरू कति
अथाह, र पथहरू कति अगम छन् !
३४ "किनकि प्रभुको मनलाई कसले थाहा
गरेको छ ?
अथवा को उहाँको सल्लाहकार भएको
छ ?"
३५ "कसले परमेश्वरलाई केही दिएको छ,
जुन उहाँले फिर्ता गर्नुपर्नेछ ?"
३६ किनकि उहाँमार्फत, उहाँद्वारा र उहाँकै
निम्ति सब हुन् । उहाँकै महिमा
युगानुयुग भइरहोस् ! आमेन ।

### जिउँदो बलिदान

**१२** यसकारण, हे भाइ हो, म बिन्ती गर्छु, परमेश्वरको दयाको कारण, तिमीहरूले आफ्ना शरीरहरूलाई पवित्र र परमेश्वरलाई मन पर्दो बलिदानको रूपमा दिइहाल– तिम्रो

**११:२६**–यशैया ५९:२०. **११:२७**–यर्मिया ३१:३३-२४. **११:३३**–यशैया ५५:८. **११:३४**–यशैया ४०:१३. **११:३५**–अय्यूब ४१:११. **११:३६**–१ कोरिन्थी ८:६.

आत्मिक आराधना यही हुनेछ । **२**संसारको रीतसँग अबदेखि मेल नराख, तर आफ्नो मनको नवीकरणद्वारा परिवर्तन होऊ । तब नै तिमीहरूले परमेश्‍वरको इच्छालाई– उहाँको असल, आनन्ददायी र सिद्ध इच्छालाई जाँच गर्न र स्वीकार गर्न सक्नेछौ ।

**३**परमेश्‍वरले दिनुभएको अनुग्रहमा म प्रत्येकलाई भन्दछु: चाहिँदोभन्दा बढ़ी आफूलाई नठान, तर परमेश्‍वरले दिनुभएको विश्‍वासको परिमाणअनुसार नै सुबुद्धिले आफूलाई जाँच । **४**जसरी हामी प्रत्येकको एउटै शरीर छ तर अङ्ग धेरै छन्, र यी अङ्गहरूको काम एउटै होइन, **५**उसरी नै ख्रीष्टमा हामी अनेक भएर पनि ख्रीष्टका एउटै देहका हौं, र एक अर्काका अङ्ग हौं । **६**अनुग्रहअनुसार प्राप्त भएका हाम्रा विभिन्न वरदानहरू छन् । कसैको अगमवाणी गर्ने वरदान छ भने, त्यसले आफ्नो विश्‍वासको परिमाणअनुसार अगमवाणी गरोस् । **७**सेवा गर्ने वरदान छ भने, त्यसले सेवा गरोस्; शिक्षा दिने हो भने, त्यसले शिक्षा देओस्; **८**उत्साह दिने हो भने, उत्साह दिने काम गरोस्; अरूको खाँचोमा दान दिने हो भने, उदारताले दान दिने काम गरोस्; नेतृत्वको वरदान छ भने, परिश्रमसाथ नेतृत्व गरोस्; दया गर्नेले प्रसन्नतापूर्वक दया गरोस् ।

### प्रेम

**९**प्रेम निष्कपट हुनुपर्छ । दुष्टतालाई घृणा गर; भलाइमा लागिरहो । **१०**भ्रातृभावमा एक अर्कासँग प्रेम गर; आदर गर्नमा आफू अरूभन्दा ज्यादा उत्साही बन । **११**जोशमा कम नहोओ, तर आत्मिक उत्साहमा परिपूर्ण भई प्रभुको सेवा गर्दैरहो । **१२**आशामा आनन्दित रहो, सङ्कष्टमा स्थिर बस, प्रार्थनामा विश्‍वसनीय बनिरहो । **१३**खाँचोमा परेका परमेश्‍वरका जनलाई सहायता गर । अतिथिसत्कार कायम राख ।

**१४**तिमीलाई सताउनेलाई आशिष् देऊ; नसराप । **१५**आनन्द गर्नेसँग आनन्दित होऊ; शोक गर्नेहरूसँग शोक गर । **१६**परस्परमा एक मनका भएर बस । घमण्डी नहोऊ, तर नम्र व्यक्तिहरूसँग सम्बन्ध गाँस, शेखी नगर ।

**१७**दुष्टताको बदली कसैसँग दुष्टता नगर । सबैको दृष्टिमा भलो हुने काम गर । **१८**जहाँसम्म तिमीलाई सम्भव छ, सबैसँग शान्तिपूर्वक बस । **१९**मित्रहरू हो, बदला कहिल्यै नलेओ; तर परमेश्‍वरको क्रोधलाई ठाउँ देओ; किनकि लेखिएको छ: "बदला लिने काम मेरो हो; म सट्टा फेर्नेछु," परमप्रभु भन्नुहुन्छ । **२०**तर:

> "तिम्रो शत्रु भोकाएको छ भने,
> त्यसलाई भोजन देऊ;
> तिर्खाएको छ भने, पिउनलाई केही देऊ ।
> यसो गऱ्यौ भने, तिमीले त्यसको
> थाप्लोमा आगोको भुङ्ग्रो राखे बराबर
> हुन्छ ।"

**२१**खराबीद्वारा पराजित नहोओ, तर खराबीलाई भलाइले जित ।

### शासक र अधिकारीहरूप्रति अधीनता

**१३** प्रत्येक व्यक्ति राज्यका अधिकारीहरूप्रति आज्ञाकारी रहोस्, किनकि परमेश्‍वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन । औ भएका अधिकारीहरू परमेश्‍वरबाटै नियुक्त भएका हुन् । **२**फलस्वरूप, जो अधिकारीविरुद्ध अनाज्ञाकारी हुन्छ, त्यसले परमेश्‍वरले स्थापना गर्नुभएको कुराविरुद्ध काम गरेको हुन्छ अनि यसो गर्नेहरूले आफैमाथि न्याय ल्याउँछन् । **३**किनकि शासकहरू उचित काम गर्नेको निम्ति होइन, तर अनुचित काम गर्नेको निम्ति डरका कारण हुन् । अधिकारीको डरदेखि मुक्त हुने तिम्रो इच्छा छ ? उचित काम गर र तिनले तिम्रो प्रशंसा गर्नेछन् । **४**किनकि तिनी तिम्रो भलाइको निम्ति परमेश्‍वरको सेवक हुन् । तर दुष्ट काम गर्छौ

**१२:४-५**–१ कोरिन्थी १२:१२. **१२:६-८**–१ कोरिन्थी १२:४-११. **१२:१४**–मत्ती ५:४४; लूका ६:२८. **१२:१६**–हितोपदेश ३:७. **१२:१९**–व्यवस्था ३२:३५. **१२:२०**–हितोपदेश २५:२१-२२.

भने त, डर मान, कारण व्यर्थैमा तिनले तरवार भिरेका होइनन् । उनी परमेश्वरका सेवक हुन्, र परमेश्वरको क्रोधअनुसार अनुचित काम गर्नेलाई दण्ड दिने व्यक्ति हुन् । **५**यसकारण, दण्ड पाउने डरको कारणले मात्र होइन, तर विवेकको कारणले पनि अधीनमा बस्नु आवश्यक छ ।

**६**यही कारणले पनि तिमी कर तिर्छौ, कारण अधिकारीहरू परमेश्वरका सेवक हुन्, जसले शासनको निम्ति पूरा समय दिन्छन् । **७**जसलाई दिनु छ दिइहाल– कर तिर्नु छ भने कर, राजस्व दिनु छ भने राजस्व, आदर गर्नु छ भने आदर, इज्जत गर्नु छ भने इज्जत गर ।

### प्रेम दर्शाओ किनकि समय पूरा हुँदैछ

**८**पारस्परिक प्रेमबाहेक, अरू कुनै कुराको निम्ति अरूको ऋणी नबन, किनकि जसले आफ्नो छिमेकीलाई प्रेम गर्छ त्यसले व्यवस्थालाई पूर्ण गरेको हुन्छ । **९**आज्ञाहरू– “व्यभिचार नगर,” “हत्या नगर,” “चोरी नगर,” “लोभ नगर,” तथा अरू आज्ञाहरूका सार यही एउटा आज्ञामा समावेश हुन्छ– “आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर ।” **१०**प्रेमले छिमेकीलाई हानि पुर्‍याउँदैन । यसकारण प्रेम व्यवस्थाको पूरक हो ।

**११**अनि वर्तमान् समयलाई बुझ्दै यही गर । निद्राबाट जाग्ने तिम्रो समय आइपुग्यो, किनकि हाम्रो मुक्ति हामीले पहिला विश्वास गरेको समयभन्दा नजीक आइपुगेको छ । **१२**रात बित्नै लागेको छ; उज्यालो हुन आँटेको छ । यसकारण अब हामीले अन्धकारको कामलाई त्यागेर ज्योतिका हतियार धारण गरौं । **१३**दिउँसोको उज्यालोमा झैँ, हाम्रो चालचलन असल होऊन्, मोजमज्जामा र पियक्कडपन, कामोद्दीपन र व्यभिचार, झगडा र ईर्ष्यामा होइन । **१४**बरु, प्रभु येशू ख्रीष्टलाई धारण गर र पापमय प्रकृतिका अभिलाषाका तृप्तिमा मन नलगाऊ ।

### कमजोर र बलियाहरू

**१४** विश्वासमा कमजोर हुनेलाई स्वीकार गर, र विवादपूर्ण कुराहरूमा न्याय नगर । **२**एउटा मानिसको विश्वासले उसलाई जे पनि खान बाधा पर्दैन, तर अर्को मानिस, जो विश्वासमा कमजोर छ, त्यसले सागपातमात्र खान्छ । **३**सबै चीज खाने मान्छेले नखानेलाई तुच्छ नठानोस्, अनि सबै नखाने मान्छेले सबै खानेलाई दोष नलाओस्, किनकि त्यसलाई परमेश्वरले ग्रहण गर्नुभएको छ । **४**अर्काको नोकरको न्याय गर्ने तिमी को हौ ? त्यस नोकरको स्थिरता वा पतन त्यसको स्वामीमाथि निर्भर गर्छ । अनि ऊ स्थिर रहनेछ, किनकि प्रभुले उसलाई स्थिर गराउन सक्नुहुन्छ ।

**५**एउटा मानिसले कुनै एक दिनलाई अर्को दिनभन्दा बढ्ता पवित्र ठान्छ; अर्को मानिसले प्रत्येक दिनलाई बराबर मान्छ । प्रत्येक मानिस यसबारे आफ्नो मनमा दृढ़ बनोस् । **६**जसले एउटा विशेष दिनलाई पवित्र ठान्छ, त्यसले सो प्रभुको निम्ति गर्दछ । जसले मासु खान्छ, त्यसले सो प्रभुको निम्ति खान्छ, अनि प्रभुलाई धन्यवाद दिन्छ; जसले मासु खाँदैन, त्यसले सो प्रभुको निम्ति गर्दछ र प्रभुलाई धन्यवाद दिन्छ । **७**किनकि कोही पनि आफ्नो लागि बाँच्दैन अनि आफ्नो निम्ति मर्दैन । **८**हामी जीवित छौं भने, प्रभुको निम्ति जीवित छौं, अनि मर्छौं भने प्रभुको निम्ति मर्छौं । यसकारण हामी चाहे मरौं, चाहे बाँचौं, हामी प्रभुकै हौं ।

**९**यही कारणको निम्ति, ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो अनि उहाँ जीवित र मृत दुवैका प्रभु हुनुहुन्छ । **१०**तब तिमी किन आफ्नो भाइको न्याय गर्छौ ? अथवा आफ्नो भाइलाई किन तुच्छ ठान्छौ ? किनकि हामी सबै परमेश्वरको न्यायअगि उभिनेछौं ।

---

**१३:६-७**–मत्ती २२:२१; मर्कूस १२:१७; लूका २०:२५. **१३:९**–प्रस्थान २०:१३-१५, १७; व्यवस्था ५:१७-१९; लेवी १९:१८. **१४:१-६**–कलस्सी २:१६. **१४:१०**–२ कोरिन्थी ५:१०.

११धर्मशास्त्रमा यसरी लेखिएको छः

> "'जस्तो म जीवित छु,' प्रभु भन्नुहुन्छ,
> 'प्रत्येक घुँडा मेरो सामु टेकिनेछ;
> प्रत्येक जिब्रोले मेरो प्रशंसा गर्नेछ ।'"

१२यसकारण, हामी प्रत्येकले आफ्नो जीवनको
लेखा प्रभुलाई दिनुपर्नेछ ।

१३यसकारण हामी एक अर्काको न्याय गर्न
छोड़िदिऔं । बरु, आफ्नो भाइको बाटोमा बाधा
हुने तथा ठेस लाग्ने कुनै चीज नराखौं । १४प्रभु
येशूमा भएको कारण म निश्चित छु, कुनै भोजन
आफैमा अशुद्ध हुँदैन । तर कसैले सो भोजन
अशुद्ध देख्छ भने त, त्यसको निम्ति सो अशुद्ध
हुन्छ । १५तिमीले खाएको खानेकुराले कुनै चीज
तिम्रो भाइलाई ठक्करको कारण बन्छ भने,
तिमी प्रेममा हिँड़ेका छैनौ । जसको निम्ति
प्रभुले आफ्नो ज्यान दिनुभयो, उसलाई तिमी
भोजनको कारणले नाश नगर । १६तिम्रो निम्ति
जे असल छ, त्यसलाई खराबीको रूपमा निन्दा
हुन नदेऊ । १७किनकि परमेश्वरको राज्य खाने
र पिउने विषयमा होइन, तर पवित्र आत्मामा
धार्मिकता, शान्ति र आनन्द हो । १८त्यसकारण
जसले ख्रीष्टलाई यस प्रकारले सेवा गर्छ, त्यो
परमेश्वरको निम्ति ग्रहणयोग्य र मानिसहरूमा
प्रशंसनीय हुन्छ ।

१९यसकारण हामी ती कुराहरूमा संलग्न
रहौं, जुन कुराले शान्ति र आपसी विकास
हुन्छ । २०भोजनको कारणले परमेश्वरको
कामलाई नाश नगर । सबै भोजन शुद्ध छन्,
तर अर्कालाई ठक्करको कारण हुन्छ भने, कसैले
सो भोजन नखाओस् । २१मासु खानु कि मद्य
पिउनु अथवा तिम्रो भाइलाई बाधा हुने कुनै
काम गर्नु उचित होइन ।

२२यसकारण यसबारे तिम्रो जे मत छ सो
तिमी र तिम्रा परमेश्वरबीच गोप्य राख ।
धन्य हो त्यो मानिस जसले आफूले ठीक
ठानेको कुराले आफूमाथि दोष ल्याउँदैन । २३तर
यदि कसैले शङ्का गरेर खायो भने त्यो
दोषी ठहर्छ, किनकि त्यसको खाने काम
विश्वासद्वारा भएको छैन । जे कुरा विश्वासबाट
आउँदैन सो पाप हो ।

१५ हामी जो बलवान् छौं निर्बलहरूको
कमजोरीलाई सहिदिनुपर्छ, र आफ्नै
स्वार्थमा प्रसन्न हुनु हुँदैन । २उसको भलाइ र
उन्नतिको निम्ति हामीले हाम्रा छिमेकीलाई
प्रसन्न राखौं । ३किनकि ख्रीष्ट आफैले पनि
आफूलाई प्रसन्न तुल्याउनुभएन, जसो लेखिएको
छः "तिमीहरूलाई निन्दा गर्नेहरूको निन्दा
ममाथि खनिएको छ ।" ४किनकि अघि जे
लेखिएको थियो, त्यो हामीलाई शिक्षाको निम्ति
लेखिएको थियो, जसको कारण हामीले धैर्य र
प्रोत्साहनको कारण आशा गर्नसकौं ।

५अब परमेश्वर जसले धैर्य र प्रोत्साहन
दिनुहुन्छ, तिमीहरूलाई यस्तो वरदान देऊन्
कि तिमीहरू ख्रीष्ट येशूमा आपसमा एकै
मनका हुनसक । ६तिमीहरू एक मन र एक स्वर
भएर हाम्रा प्रभु येशूका पिता परमेश्वरको
स्तुति गर ।

७यसकारण एक अर्कालाई ग्रहण गर,
जसरी ख्रीष्टले पनि तिमीहरूलाई परमेश्वरको
महिमाको निम्ति ग्रहण गर्नुभयो । ८किनकि
म भन्दछु, ख्रीष्टले यहूदीहरूको सेवक बनेर
परमेश्वरको सत्यलाई प्रकट गर्दै हाम्रा
पूर्वजहरूलाई दिइएको प्रतिज्ञालाई साबित
गर्नुभयो, ९यस हेतुले कि गैर-यहूदीहरूले
परमेश्वरको महिमा गरून्, जसो लेखिएको
छः

> "यसकारण म गैर-यहूदीहरूबीच
> तपाईंको स्तुति गर्नेछु;
> तपाईंको नाउँको भजन गाउनेछु ।"

१०फेरि यसो भनिएको छ,

> "हे गैर-यहूदी हो, उहाँको प्रजासँग
> आनन्द गर ।"

---

**१४:११**–यशैया ४५:२३. **१५:३**–भजन ६९:९. **१५:९**–२ शमूएल २२:५०; भजन १८:४९.
**१५:१०**–व्यवस्था ३२:४३.

**११**अनि अफ्र,

"प्रभुको स्तुति गर, हे गैर-यहूदी हो,
र सबै जाति हो, उहाँको प्रशंसा गर ।"

**१२**अफ्र फेरि, यशैया भन्छन्,

"यिसैको मूल प्रकट हुनुहुनेछ,
जो सब जातिहरूमाथि शासन गर्न
खड़ा हुनुहुनेछ;
अनि गैर-यहूदीहरूले उहाँमाथि आशा
गर्नेछन् ।"

**१३**उहाँमाथि विश्वास गरेको कारणले
परमेश्वरले तिमीहरूलाई आनन्द र शान्ति
देऊन् अनि पवित्र आत्माको शक्तिद्वारा
तिमीहरूको आशा बढेर जाओस् ।

### पावल, गैर-यहूदीहरूका सेवक

**१४**भाइ हो, म विश्वस्त छु कि तिमीहरू
असल, ज्ञानमा परिपूर्ण, र एक अर्कालाई
शिक्षा दिन योग्यका छौ । **१५**तर मैले कति
विषयमा तिमीहरूलाई पुन: स्मरण गराउन
प्रभुले दिनुभएको अनुग्रहको कारण, सहासपूर्वक
लेखेको छु, **१६**कि म ख्रीष्ट येशूको पुरोहित-
सेवकको रूपमा गैर-यहूदीहरूलाई पवित्र
आत्माद्वारा पवित्र गरिएको एउटा स्वीकार्य
भेटीको रूपमा प्रदान गर्नसकूँ ।

**१७**यसकारण मेरो परमेश्वरप्रतिको सेवाको
निम्ति ख्रीष्ट येशूको म महिमा गर्छु । **१८**मैले
भनेका शब्दले वा गरेको कामले गैर-
यहूदीहरूलाई परमेश्वरतर्फ आज्ञाकारी बन्न
डोऱ्याउने काममा ख्रीष्टले म मार्फत जति काम
गर्नुभएको छ, सोभन्दा ज्यादा म अरू भन्ने
आँट गर्दिनँ । **१९**जुन चिन्हहरूको र आश्चर्य-
कर्मको शक्तिले तथा पवित्र आत्माको सामर्थले
सम्पन्न भए । यसकारण मैले यरूशलेमदेखि
इल्लिरिकमसम्म, वरिपरि ख्रीष्टको सुसमाचार
प्रचार गरेको छु । **२०**ख्रीष्ट नचिनिएको ठाउँमा
म सुसमाचार प्रचार गरूँ भनेर मेरो सधैं
आकाङ्क्षा छ, र मैले कसैले बसालेको जगमा
काम गर्नु नपरोस् । **२१**जस्तो लेखिएको छ:

"जसलाई उहाँबारे बताइएन उनीहरूले
नै उहाँलाई देख्नेछन्,
अनि जसले सुनेका छैनन्, तिनीहरूले
नै बुझ्नेछन् ।"

**२२**यही कारण तिमीहरूकहाँ आउनदेखि म
रोकिएको छु ।

### पावलको रोम जाने योजना

**२३**अब मैले यस क्षेत्रमा काम गर्नलाई अरू
ठाउँ नरहेकोले र तिमीहरूकहाँ आउने इच्छा
धेरै वर्षदेखि रहेकोले, **२४**स्पेन जाँदा तिमीहरूकहाँ
आउने योजना गर्दैछु । स्पेन जाँदा तिमीहरूकहाँ
निस्कनेछु र तिमीहरूसँग केही समय बिताएपछि
मेरो यात्रामा तिमीहरूको सहायताको चाहना
गर्दैछु । **२५**अब, म यरूशलेमतिर त्यहाँका पवित्र
जनहरूको सेवा गर्नलाई जाँदैछु । **२६**किनकि
म्यासिडोनिया र अखैयाका विश्वासीहरूले
यरूशलेमका पवित्र जनहरूमध्ये गरीबहरूको
निम्ति दान दिएका छन्, **२७**तिनीहरूलाई यसो
गर्न असल लाग्यो, र उनीहरू यसका निम्ति
ऋणी छन् । यहूदीहरूको आत्मिक आशिष्मा
गैर-यहूदीहरू सम्मिलित भएका छन् भने,
गैर-यहूदीहरूको भौतिक आशिष्मा यहूदीहरूलाई
पनि सम्मिलित पार्न उनीहरू ऋणी छन् ।
**२८**यो काम सिध्याएपछि र यो दान उनीहरूलाई
स्वयम् सुम्पेपछि म स्पेन लाग्नेछु र तिमीहरूकहाँ
आउनेछु । **२९**मलाई थाहा छ जब म त्यहाँ
आउँछु, ख्रीष्टको आशिष्को परिपूर्णतासहित
आउनेछु ।

**३०**भाइहरू हो, हाम्रा प्रभु येशू ख्रीष्ट र
पवित्र आत्माको प्रेममा म तिमीहरूलाई बिन्ती
गर्छु कि मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न
मलाई साथ देओ । **३१**प्रार्थना गरिदेओ ताकि
यहूदियाको अविश्वासीहरूदेखि म बाँच्नसकूँ
अनि यरूशलेममा मेरो सेवा त्यहाँका पवित्र

---

**१५:११**–भजन ११७:१. **१५:१२**–यशैया ११:१०. **१५:२१**–यशैया ५२:१५. **१५:२२**–रोमी १:१३.
**१५:२५-२६**–१ कोरिन्थी १६:१-४.**१५:२७**–१ कोरिन्थी ९:११.

जनहरूको निम्ति मान्य होस्, ३२र परमेश्वरको
इच्छा भयो भने, म तिमीहरूकहाँ आनन्दसाथ
आउनसकूँ र तिमीहरूको सङ्गतिमा विश्राम
गर्नसकूँ। ३३अब शान्तिका परमेश्वर तिमीहरू
सबैसँग होऊन् । आमेन ।

### व्यक्तिगत अभिवादन

१६ किंक्रिया मण्डलीकी सेविका, हाम्री बहिनी
फिबीलाई तिमीहरूसामु सिफारिस
गर्दछु । २पवित्र जनहरूलाई ग्रहण गरेजस्तो
तिमीहरूले तिनलाई प्रभुमा ग्रहण गर र कुनै
काम विषयमा तिमीहरूको आवश्यकता पऱ्यो
भने सहायता देऊ, कारण म लगायत धेरैको
निम्ति उनी सहायक बनेकी छन् ।

३ मेरा सहकर्मी प्रिस्किला र अक्वीलालाई
अभिवादन, ४उनीहरूले मेरो निम्ति
आफ्नो ज्यान पनि जोखिममा पारेका
थिए। ममात्र होइन तर सारा गैर-यहूदी
मण्डलीहरू तिनीहरूका ऋणी छन् ।

५ तिनीहरूका घरमा भेला हुने मण्डलीलाई
पनि अभिवादन छ ।
एशियामा प्रभु ख्रीष्टमा आउने पहिलो
विश्वासी प्रिय इपेनितसलाई पनि
अभिवादन ।

६ तिमीहरूको निम्ति खूब परिश्रमसँग काम
गर्ने मरियमलाई पनि अभिवादन छ ।

७ मेरा आफन्त एन्ड्रोनिकस र युनियसलाई
पनि अभिवादन; ती मसँग जेलमा थिए।
प्रेरितहरूमा तिनीहरू प्रख्यात छन्, र
मभन्दा पहिले ख्रीष्टमा थिए ।

८ एम्प्लीआतसलाई अभिवादन, म तिनलाई
प्रभुमा प्रेम गर्छु ।

९ ख्रीष्टमा मेरा सहकर्मी उर्बानस र मेरा
मित्र स्ताखुसलाई अभिवादन ।

१० ख्रीष्टमा दृढ़ र योग्य ठहरिएका
अपेल्लेसलाई अभिवादन ।
अरिस्तोबुलसको घरानाका सबैलाई
अभिवादन ।

११ मेरा आफन्त, हेरोदियनलाई अभिवादन।
नर्किससका घरमा भएका प्रभुका सबै
जनलाई अभिवादन ।

१२ प्रभुमा परिश्रमी दुई स्त्री त्रुफेना र
त्रोफोसालाई पनि अभिवादन ।
प्रभुमा ज्यादै परिश्रमी अर्की नारी मेरी
मित्र परसीसलाई अभिवादन छ ।

१३ प्रभुले छान्नुभएको रूफसलाई अभिवादन
र तिनकी मातालाई पनि, जो मेरी पनि
माता नै हुन् ।

१४ असिंक्रितस, फ्लेगन, हर्मेज, पात्रोबास,
हर्मास अनि उनीहरूसँग रहने भाइहरूलाई
मेरो अभिवादन ।

१५ फिलोलोगस, युलिया, नेरियस र तिनकी
बहिनी तथा ओलिम्पास र उनीहरूसँग
हुने सन्तगणहरूलाई सलाम छ ।

१६ पवित्र चुम्बनद्वारा एक अर्काको स्वागत
गर ।
ख्रीष्टमा जम्मै मण्डलीले तिमीहरूलाई
अभिवादन पठाएका छन् ।

१७म बिन्ती गर्छु, भाइ हो, तिमीहरूको
विश्वासमा फूट ल्याउने र तिमीहरूले सिकेको
कुराको विरुद्ध बाधा सृष्टि गर्नेहरूदेखि होशियार
रहो। यस्तादेखि टाढा बस। १८किनकि यस्ताले
ख्रीष्टको सेवा होइन, तर आफ्नै स्वार्थ पूरा
गर्दैछन्। चिप्लो र सर्काउने कुराले यिनीहरूले
सीधासाधा मानिसलाई बहकाउँछन्। १९प्रत्येकले
तिमीहरूको आज्ञाकारिताबारे सुनेका छन्, र
यसबारे म खूब खुशी छु; तर म तिमीहरू
असल काममा बुद्धिमान र दुष्ट कामको निम्ति
निर्दोष रहेको चाहन्छु ।
२०शान्तिका परमेश्वरले चाँडै शैतानलाई
तिमीहरूको पैतालामनि किचिदिनुहुनेछ ।
परमेश्वरको अनुग्रह तिमीहरूसँग रहोस्।
२१मेरा सहकर्मी, तिमोथी, तिमीहरूकहाँ
आफ्ना अभिवादन पठाउँछन्, अनि उसरी नै
मेरा आफन्त लुकियस, जेसन र सोसिपात्रोसले
पनि ।

---

**१६:३**–प्रेरित १८:२. **१६:१३**–मर्कूस १५:२१. **१६:२१**–प्रेरित १६:१.

**२२**म, तर्तियस, यस पत्रका लेखनदास, प्रभुमा
सबैलाई अभिवादन गर्छु ।
**२३**गायस, जसको अतिथिसत्कारले म र
जम्मै मण्डली मुग्ध छौं, तिमीहरूलाई उनी
अभिवादन पठाउँछन् ।
इरास्तस, यस नगरका जनकार्य विभागका
निर्देशक र हाम्रा भाइ क्वार्टस तिमीहरूलाई
अभिवादन गर्छन् ।
[**२४**हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरू
सबैसँग रहोस् । आमेन ।]

**२५**अब जसले तिमीहरूलाई मेरो सुसमाचार
र येशू ख्रीष्टको सन्देशअनुसार दृढ़ गर्न
सक्नुहुन्छ, त्यस भेदको प्रकाशअनुसार जुन
सनातनदेखि गुप्त थियो, **२६**तर अब प्रकट भएको
छ र अनन्त परमेश्‍वरले अगमवक्ताहरूको
शास्त्रद्वारा सबै जातिलाई उनीहरूले उहाँमा
विश्‍वास गरून् र आज्ञाकारी बनून् भनेर
बताइएको छ– **२७**उही अद्वितीय बुद्धिमान्
परमेश्‍वरलाई ख्रीष्ट येशूद्वारा सदासर्वदा महिमा
होस् । आमेन ।

---

**१६:२३**–प्रेरित १९:२९; १ कोरिन्थी १:१४; २ तिमोथी ४:२०.

# कोरिन्थीहरूलाई
## पावलको पहिलो पत्र

**१** परमेश्वरको इच्छाद्वारा प्रेरित हुनलाई
बोलाइएको पावल, अनि हाम्रो भाइ
सोस्थेनसबाट,
**२**कोरिन्थमा भएको परमेश्वरको मण्डलीलाई,
अर्थात् जो ख्रीष्ट येशूमा पवित्र पारिएका
छन्, अनि पवित्र हुनलाई बोलाइएका छन्,
साथै हरेक ठाउँमा भएका तिनीहरूलाई, जसले
तिनीहरूका र हाम्रा प्रभु येशू ख्रीष्टको नाउँ
पुकार्दछन्:
**३**तिमीहरूलाई हाम्रा पिता परमेश्वर र प्रभु
येशू ख्रीष्टबाट अनुग्रह र शान्ति ।

### धन्यवाद ज्ञापन

**४**ख्रीष्ट येशूमा तिमीहरूलाई दिइएको
उहाँको अनुग्रहको विषयमा म परमेश्वरलाई
सधैँ धन्यवाद चढ़ाउँछु । **५**किनकि हरेक
कुरामा अर्थात् तिमीहरूको बोली र ज्ञानमा
तिमीहरू उहाँमा धनवान् बनाइएका छौ,
**६**किनकि तिमीहरूमा ख्रीष्टबारे हाम्रो साक्षी
पक्का भएको छ । **७**यसकारण हाम्रा प्रभु येशू
ख्रीष्ट प्रकट होऊन् भनी पर्खिरहँदा तिमीहरूलाई
कुनै आत्मिक वरदानको कमी छैन । **८**तिमीहरू
हाम्रा प्रभु येशू ख्रीष्टको दिनमा निर्दोष होओ
भनी उहाँले तिमीहरूलाई अन्त्यसम्म बलवान्
बनाइराख्नुहुनेछ । **९**परमेश्वर विश्वासयोग्य
हुनुहुन्छ, जसले उहाँका पुत्र हाम्रा प्रभु येशू
ख्रीष्टको सङ्गतिमा तिमीहरूलाई बोलाउनुभयो ।

### मण्डलीमा मतभेद

**१०**हे भाइ हो, म तिमीहरूलाई हाम्रा प्रभु
येशू ख्रीष्टको नाउँमा आग्रहपूर्वक बिन्ती गर्दछु,
कि तिमीहरूमा फाटो नहोस् । अनि तिमीहरू
मन र विचारमा एक हुनलाई तिमीहरू सबै
एक अर्कामा सहमत होओ । **११**मेरा भाइहरू,
तिमीहरूमा झगड़ा छ भन्ने कुरा क्लोएका
घरानाबाट कसैले मलाई खबर दिएको छ ।
**१२**मैले भन्न चाहेको यो हो: तिमीहरूमध्ये कसैले,
“म पावललाई पछ्याउँछु”; अर्कोले, “म
अपोल्लोसलाई पछ्याउँछु”; अनि अर्कोले, “म
केफासलाई पछ्याउँछु”; अनि अझ अर्कोले
चाहिँ “म ख्रीष्टलाई पछ्याउँछु” भन्छौ रे ।
**१३**के ख्रीष्ट बाँड़िनुभएको छ र ? के पावल
तिमीहरूको लागि क्रूसमा टाँगियो ? के तिमीहरू
पावलको नाउँमा बप्तिस्मा भयौ ? **१४**म
धन्यवादी छु कि मैले तिमीहरूमध्ये क्रिस्पस र
गायसलाई बाहेक अरू कसैलाई पनि बप्तिस्मा
दिएको छैन । **१५**यसकारण कसैले पनि तिमीहरू
मेरो नाउँमा बप्तिस्मा भएका थियौ भनी भन्न
सक्तैन । **१६**(हो, मैले स्तिफनासको परिवारलाई
पनि बप्तिस्मा दिएँ; त्यसबाहेक, अरूलाई मैले
बप्तिस्मा दिएको मलाई थाहा छैन ।) **१७**किनकि
ख्रीष्टले मलाई बप्तिस्मा दिनलाई होइन, तर
सुसमाचार प्रचार गर्न पठाउनुभयो– जुनचाहिँ
मानवीय बुद्धिसित होइन, नत्रता ख्रीष्टको क्रूस
शक्तिहीन हुनेछ ।

### ख्रीष्ट नै परमेश्वरको ज्ञान र शक्ति

**१८**किनकि क्रूसको कुरा नष्ट हुनेहरूको
लागि मूर्खता हो, तर हामी उद्धार पाएकाहरूका
लागि त परमेश्वरको शक्ति हो । **१९**किनकि
धर्मशास्त्रमा यसरी लेखिएको छ:

> “म बुद्धिमान्हरूको बुद्धिलाई नष्ट
> पार्नेछु;
> औ समझदारहरूको समझलाई
> व्यर्थको तुल्याइदिनेछु ।”

---

**१:१९**–यशैया २९:१४.

२०खोइ, बुद्धिमान् मानिस कहाँ छ ? शास्त्री
कहाँ छ ? यस युगको दर्शन शास्त्री कहाँ छ ?
के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख
तुल्याउनुभएन ? २१किनकि संसारले आफ्नो
बुद्धिले परमेश्वरलाई नचिनेकोले, उहाँको
बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको
मूर्खताद्वारा उहाँमाथि विश्वास गर्नेहरूलाई
बचाउन परमेश्वरलाई मनपर्‍यो । २२यहूदीहरू
आश्चर्यजनक चिन्हहरू माग्छन् अनि ग्रीकहरू
बुद्धि खोज्छन्, २३तर हामी त क्रूसमा
टाँगिनुभएको ख्रीष्टको प्रचार गर्छौं: जो
यहूदीहरूको निम्ति ठक्करका कारण र
गैर-यहूदीहरूको निम्ति मूर्खता हुनुहुन्छ, २४तर
परमेश्वरद्वारा बोलाइएकाहरूका निम्ति त जो
यहूदी अनि ग्रीक हुन्, ख्रीष्ट परमेश्वरको
शक्ति अनि परमेश्वरको बुद्धि हुनुहुन्छ ।
२५किनकि परमेश्वरको मूर्खता मानिसहरूको
बुद्धिभन्दा बुद्धिमान्, अनि परमेश्वरको दुर्बलता
मानिसहरूको बलभन्दा बलवान् छ ।

२६हे भाइ हो, तिमीहरूले बोलावट पाएको
बेला तिमीहरू कस्ता थियौ सो विचार गर ।
तिमीहरूमध्ये धेरै जना मानवीय नापअनुसार
बुद्धिमान् थिएनौ; धेरै जना प्रभावशाली
थिएनौ, धेरै जना खानदानी थिएनौ । २७तर
बुद्धिमान्हरूलाई शर्ममा पार्नलाई परमेश्वरले
संसारका मूर्ख कुराहरूलाई चुन्नुभयो; र
शक्तिशाली कुराहरूलाई शर्ममा पार्नलाई
परमेश्वरले संसारका निर्बल कुराहरूलाई
चुन्नुभयो । २८भइरहेका कुराहरूलाई व्यर्थको
तुल्याउनलाई उहाँले संसारका नीच र तुच्छ
कुराहरू अनि अस्तित्वमा नभएका कुराहरूलाई
चुन्नुभयो, २९योचाहिँ कसैले उहाँको अगि घमण्ड
नगरोस् भनेर हो । ३०उहाँकै कारण तिमीहरू
ख्रीष्ट येशूमा छौ, जो हाम्रो लागि परमेश्वरबाटको
बुद्धि हुनुभयो– अर्थात् हाम्रो धार्मिकता,
पवित्रता अनि छुटकारा । ३१यसकारण,
धर्मशास्त्रमा यसरी लेखिएको छ, "घमण्ड गर्नेले
प्रभुमा नै घमण्ड गरोस् ।"

२ हे भाइ हो, जब म तिमीहरूकहाँ आएँ
अनि परमेश्वरको साक्षी प्रचार गरें, तब
म कुरा र बुद्धिको श्रेष्ठतामा आइनँ । २किनकि
म तिमीहरूका बीचमा हुँदा येशू ख्रीष्ट अनि
उहाँ क्रूसमा टाँगिनुभएको कुराबाहेक केही
नजान्ने नै ठानेको थिएँ । ३म तिमीहरूकहाँ
दुर्बलता र डर, अनि धेरै कम्पसाथ आएँ ।
४मेरा वचन अनि प्रचार बुद्धि र लोभ्याउने
शब्दहरूमा थिएनन्, तर आत्मिक शक्तिको
प्रदर्शनमा थियो, ५ताकि तिमीहरूको विश्वास
मानिसहरूको बुद्धिमा होइन, तर परमेश्वरको
शक्तिमा अड़ेको होस् ।

### पवित्र आत्माको ज्ञान

६तापनि, परिपक्व भएकाहरूका बीचमा हामी
बुद्धिका कुरा प्रचार गर्छौं, तर यस युगको बुद्धि
र यस युगको शासकहरूको बुद्धि होइन, जो
नाश हुनेछन् । ७तर, हामी त परमेश्वरको
गुप्त अनि लुकाइएको बुद्धिबारे बोल्छौं, जसलाई
परमेश्वरले हाम्रो महिमाको लागि युग युगभन्दा
अघि नै ठहराउनुभएको थियो । ८यस युगका
कुनै शासकले पनि यसलाई बुझेनन्, किनकि
बुझेका भएता, महिमाको प्रभुलाई क्रूसमा टाँग्ने
नै थिएनन् । ९तैपनि, यसरी लेखिएको छ:

> "आँखाले नदेखेका, कानले नसुनेका,
> मानिसले मनमा नसोचेका,
> यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम
> गर्नेहरूका निम्ति तयार पार्नुभएको
> छ ।"

१०तर परमेश्वरले हाम्रा निम्ति आत्माद्वारा त्यो
प्रकट गर्नुभएको छ ।

आत्माले सबै कुराहरू, अँ, परमेश्वरका
गहिरा कुराहरूलाई पनि खोजी गर्नुहुन्छ ।
११किनकि आफूमा भएको आत्माले बाहेक
मानिसहरूमध्ये कसले मानिसको विचारहरू
जान्दछ ? त्यसरी नै परमेश्वरका विचारहरू
परमेश्वरको आत्मा बाहेक कसैले जान्दैन ।

---

**१:२०**–अय्यूब १२:१७; यशैया ४४:२५. **१:३१**–यर्मिया ९:२४. **२:९**–यशैया ६४:४

१२परमेश्वरले हामीलाई सित्तैमा दिनुभएको
कुरा हामीले बुझौं भनेर, हामीले संसारको
आत्मा होइन तर परमेश्वरबाटका आत्मा
पाएका छौं । १३हामीले बोलेको यही हो, जुनचाहिँ
मानवीय बुद्धिले सिकाएको होइन तर आत्मिक
सत्यता, आत्मिक शब्दमै प्रकाश गर्नलाई
आत्माद्वारा सिकाइएका शब्दहरू हुन् । १४जो
आत्मिक व्यक्ति होइन त्यसले परमेश्वरको
आत्माबाट आएको कुराहरू ग्रहण गर्दैन, किनकि
ती त्यसको निम्ति मूर्खता हुन्छन्, अनि त्यसले
ती बुझ्न सक्दैन, किनकि ती आत्मिक
रीतिले जाँचिन्छन् । १५आत्मिक मानिसले सबै
कुराहरूको जाँच गर्दछ, तर ऊ आफैलाई कोही
मानिसद्वारा जाँचिने आवश्यकता पर्दैन ।

१६ "किनकि कसले प्रभुको मनलाई
जानेको छ र त्यसले उहाँलाई
सिकाउन सक्छ ?"

तर हामीसित त ख्रीष्टको मन छ ।

### मण्डलीमा विभाजन

३ हे भाइ हो, मैले तिमीहरूलाई आत्मिक
होइन तर शारीरिक भनी सम्बोधन
गर्न सकें– अर्थात् ख्रीष्टमा खालि दूधे
बालकहरूझैं । २मैले तिमीहरूलाई खँदिलो
खुराक होइन, तर दूध मात्र खुवाएँ, किनकि
तिमीहरू यसको लागि तयार थिएनौ, अनि अहिले
पनि छैनौ । ३तिमीहरू अझ पनि शारीरिक नै
छौ, किनकि जब तिमीहरूका बीचमा डाह र
कलह छ, त के तिमीहरू शारीरिक चालमा
चल्ने मानिसहरूजस्ता मात्र भएनौ र ? ४किनकि
जब एउटाले "म पावललाई पछ्याउँछु,"
अनि अर्कोले, "म अपोल्लोसलाई पछ्याउँछु,"
भन्छ भने, के तिमीहरू सांसारिक मानिसहरू
मात्र भएनौ र ?

५त्यसो भए, अपोल्लोस को हो र ?
अनि पावल के हो र ? तिनीहरू खालि
सेवकहरू हुन्, जसद्वारा प्रभुले हरेकलाई काम
सुम्पिदिनुभएझैं तिमीहरूले विश्वास गर्‍यौ ।
६मैले बीउ रोपें, अपोल्लोसले पानी हाले,
तर परमेश्वरले नै त्यसलाई बढ़ाउनुभयो ।
७यसकारण, नता रोप्ने केही हो नता पानी हाल्ने
नै, तर परमेश्वर मात्र, जसले बढ़ाउनुहुन्छ ।
८रोप्ने मानिस र पानी हाल्ने मानिसको
एउटै उद्देश्य हुन्छ, अनि हरेकले आफ्नो
परिश्रमअनुसार इनाम पाउनेछ । ९किनकि हामी
परमेश्वरका सहकर्मी हौं; तिमीहरू परमेश्वरका
खेत र घर हौ ।

१०परमेश्वरले मलाई दिनुभएको अनुग्रहको
कारणले, मैले एक जना सिपालु कर्मीले झैं
एउटा जग बसालें, अनि कसैले यसमाथि बनाउँदै
जान्छ । तर बनाउनेले कसरी बनाउँछ त्यसमा
त्यो होशियार रहोस् । ११तर बसालिएको
जगबाहेक, जो येशू ख्रीष्ट हुनुहुन्छ, कसैले कुनै
जग बसाल्न सक्दैन । १२कसैले यस जगमाथि
सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस,
र पराल प्रयोग गरेर केही बनाउँछ भने,
१३त्यसको काम कस्तो रहेछ भनी देखाइनेछ,
किनकि त्यस दिनले त्यसलाई बताउनेछ,
त्यसलाई आगोले प्रकाशमा ल्याउनेछ । अनि
आगोले हरेक मानिसको कामको गुण जाँच्ने
छ । १४यदि त्यसले बनाएको कुरो रह्यो भने,
त्यसले इनाम पाउनेछ । १५यदि त्यो जलेर नष्ट
भयो भने, उसले नोक्सानी उठाउनुपर्छ; तर
आफैचाहिँ ज्वालाबाट बाँचेझैं बाँच्नेछ ।

१६तिमीहरू आफै परमेश्वरका मन्दिर हौ
अनि उहाँको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ
भन्ने के तिमीहरूलाई थाहा छैन ? १७यदि
कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने,
परमेश्वरले त्यसलाई नष्ट गर्नुहुन्छ; किनकि
परमेश्वरको मन्दिर पवित्र छ, जो तिमीहरू नै
हौ ।

१८तिमीहरूले आफैलाई धोका नदेओ । यदि
तिमीहरूमध्ये कसैले आफैलाई यस युगको

**२:१६**–यशैया ४०:१३. **३:२**–हिब्रू ५:१२-१३. **३:४**–१ कोरिन्थी १:१२. **३:१६**–१ कोरिन्थी ६:१९; २ कोरिन्थी ६:१६.

नापले बुद्धिमान् सम्झन्छ भने, ऊ बुद्धिमान्
हुनको लागि “मूर्ख” बनोस् । **१९**किनकि यस
संसारको बुद्धि परमेश्वरको दृष्टिमा मूर्खता
हो। जस्तो लेखिएको छ: “उहाँले बुद्धिमान्हरूलाई
तिनीहरूकै धूर्ततामा फसाउनुहुनेछ ।” **२०**अनि
फेरि “उहाँले बुद्धिमान्हरूका विचार व्यर्थका
हुन् भनी जान्नुहुन्छ ।” **२१**यसकारण, कसैले
मानिसहरूबारे घमण्ड नगरोस् । सबै कुरा
तिमीहरूकै हुन्, **२२**चाहे पावल वा अपोल्लोस
वा केफास वा जीवन वा संसार वा मृत्यु वा
वर्तमान् वा भविष्य– सबै तिमीहरूकै हुन्,
**२३**अनि तिमीहरू ख्रीष्टका हौ, अनि ख्रीष्टचाहिँ
परमेश्वरका हुनुहुन्छ ।

## ख्रीष्टका प्रेरितहरू

**४** यसकारण, मानिसहरूले हामीलाई ख्रीष्टका
सेवकहरू अनि परमेश्वरका गुप्त कुरा
सुम्पिएका मानिसहरू भनी ठानून् । **२**यसकारण,
भण्डारेहरूले पनि विश्वासयोग्यता प्रमाणित
गर्नु खाँचो छ । **३**यदि म तिमीहरूद्वारा अथवा
अरू मानवीय अदालतबाट इन्साफ गरिएँ
भने, म उति पर्वाह गर्दिनँ; निश्चय, म आफ्नै
पनि इन्साफ गर्दिनँ । **४**मेरो विवेक शुद्ध छ,
तर पनि यसले मलाई निर्दोष तुल्याउँदैन ।
खालि प्रभुले मात्र मेरो इन्साफ गर्नुहुन्छ ।
**५**यसकारण, तोकिएको समयअघि इन्साफ
नगर; प्रभु नआउञ्जेल पर्ख । उहाँले
अन्धकारमा लुकाइएका कुराहरूलाई प्रकाशमा
ल्याउनुहुनेछ अनि उहाँले मानिसको हृदयभित्रका
उद्देश्यहरू उदाङ्गो पार्नुहुनेछ । त्यसबेला
हरेकले प्रभुबाट पाउनुपर्ने प्रशंसा पाउनेछ ।

**६**अब, हे भाइहरू हो, मैले तिमीहरूको
भलाइको लागि यी कुराहरू आफै अनि
अपोल्लोसमाथि प्रयोग गरें, कि तिमीहरूले
“लेखिएको कुराभन्दा बढ़ी नजाओ” भन्ने उक्ति
हामीबाट सिक्न सक । तब तिमीहरू एउटा
अर्काको विरुद्धमा घमण्डले फुल्नेछैनौ ।
**७**किनकि कसले तिमीहरूलाई अर्कोदेखि भिन्न
तुल्याउँछ ? तिमीहरूसँग भएका सबै कुरा के
परमेश्वरले नै दिनुभएको होइन र ? अनि
तिमीहरूले पाएका छौ भने, तिमीहरूले पाएनौ
भनेर किन घमण्ड गर्छौ ?

**८**तिमीहरूले चाहेका कुराहरू पाइसकेका
छौ ! तिमीहरू धनी भइसकेका छौ ! तिमीहरू
हामीविनै राजा भएका छौ ! म तिमीहरू
साँच्चै राजा भएको चाहन्छु, ताकि हामी पनि
तिमीहरूसितै राजा हुन पाऔं ! **९**किनकि मलाई
यस्तो लाग्छ, परमेश्वरले हामी प्रेरितहरूलाई
मैदानमा मारिनेहरू जस्तै ताँतीको आखिरमा
प्रदर्शन गर्न राख्नुभएको छ । हामी सारा
संसारको अगि, स्वर्गदूतको अगि अनि
मानिसहरूको अगि तमाशा बनाइएका छौं ।
**१०**हामी ख्रीष्टको निम्ति मूर्ख छौं, तर तिमीहरू
ख्रीष्टको निम्ति बुद्धिमान् छौ ! हामी कमजोर
छौं, तर तिमीहरू बलवान् ! तिमीहरूले मान
पाएका छौ, तर हामीले अपमान ! **११**यही
घड़ीसम्म पनि हामी भोकाएका र तिर्खाएका
छौं, हामी थाङ्ने छौं, हामीमाथि क्रूरतापूर्वक
व्यवहार हुन्छ, हामी घरविहीन छौं । **१२**हामी
आफ्नै हातले कठोर परिश्रम गर्छौं । हामी
गाली खाँदा, आशिष् दिन्छौं; जब हामीलाई
सताउँछन्, तब हामी सहन्छौं; **१३**हामी निन्दित
हुँदा, दयापूर्वक उत्तर दिन्छौं । यस घड़ीसम्म
हामी संसारका कसिङ्गर र त्यागिएका वस्तु
भएका छौं ।

**१४**मैले यो तिमीहरूलाई शर्ममा पार्नलाई
होइन, तर मेरा साना नानीहरूझैं चेतावनी
दिनलाई लेखेको हुँ । **१५**ख्रीष्टमा तिमीहरूका
दश हजार अभिभावकहरू भए तापनि,
तिमीहरूका धेरै पिता त छैनन्, किनकि येशू
ख्रीष्टमा सुसमाचारद्वारा म तिमीहरूका पिता
भएको छु । **१६**यसकारण, म तिमीहरूलाई
मेरो अनुकरण गर भनी बिन्ती गर्छु ।
**१७**यसैकारण, म मेरो छोरो तिमोथी, जसलाई
म प्यार गर्छु, अनि जो प्रभुमा विश्वासयोग्य
छ, उसलाई तिमीहरूकहाँ पठाउँदैछु । मैले सबै

**३:१९**–अय्यूब ५:१३; **३:२०**–भजन ९४:११. **४:१६**–१ कोरिन्थी ११:१; फिलिप्पी ३:१७.

मण्डलीहरूमा र ठाउँहरूमा सिकाएबमोजिम
ख्रीष्टमा मेरो जीवन कस्तो छ भनी त्यसले
तिमीहरूलाई सम्झना गराउनेछ ।
**१८**म तिमीहरूकहाँ आउदिनँ कि भनेर
तिमीहरूमध्ये कति जना घमण्डी भएका छौ ।
**१९**तर प्रभुको इच्छा भए म चाँड़ै आउनेछु,
अनि यी घमण्डी मानिसहरूले के भनिरहेका
छन् भन्ने मात्र होइन, तर तिनीहरूसित के
शक्ति छ त्यो पनि म पत्तो लगाउनेछु ।
**२०**किनकि परमेश्वरको राज्य त बोलीको होइन,
तर शक्तिको हो । **२१**तिमीहरू के रुचाउँछौ ?
के म तिमीहरूकहाँ कोर्रा लिएर आऊँ, कि
प्रेम र नम्रताको आत्मामा ?

## दुश्चरित्र भएको भाइलाई निकालिदेओ

**५** वास्तवमा, तिमीहरूका बीचमा यौनसम्बन्धी
दुश्चरित्र भएको व्यक्ति छ भन्ने खबर छ,
अनि यस्तो किसिमको जुनचाहिँ मूर्तिपूजकहरूका
बीचमा पनि छैन । एक जनाले आफ्नै बाबुकी
स्वास्नी राखेको छ । **२**अनि तिमीहरू घमण्डी
छौ । के यस्तो गर्ने मानिसलाई तिमीहरूको
सङ्गतिबाट निकालिदिनुपर्ने थिएन ? **३**यद्यपि, म
शरीरमा तिमीहरूका बीचमा उपस्थित छैनँ,
तापनि आत्मामा म तिमीहरूसितै छु । अनि म
उपस्थित भएझैं, मैले यसो गर्नेको इन्साफ
गरेको छु । **४**जब तिमीहरू हाम्रा प्रभु येशूको
नाउँमा भेला हुन्छौ अनि म आत्मामा
तिमीहरूसित हुन्छु, अनि हाम्रा प्रभु येशूको
शक्ति त्यहाँ हुन्छ, **५**यस मानिसलाई शैतानको
हातमा सुम्पिदेओ, ताकि पापमय स्वभाव नष्ट
भएर आत्माचाहिँ प्रभुको दिनमा बचाइयोस् ।
**६**तिमीहरूको घमण्ड राम्रो होइन । के
तिमीहरूलाई थाहा छैन कि अलिकति
खमिरले जम्मै ढिकालाई खमिरी बनाइदिन्छ ?
**७**पुरानो खमिरलाई निकालिदेऊ र तिमीहरू
खमिरविनाको नयाँ ढिका बन– जो वास्तवमा
तिमीहरू छौ । किनकि ख्रीष्ट, हाम्रो निस्तार-
चाड़को पाठोको बलिदान भइसकेको छ ।
**८**यसकारण, हामी कुकर्म र दुष्टताको पुरानो
खमिरले होइन, तर निष्कपटता र सत्यताको
रोटीले चाड़ मनाऔं ।
**९**मैले मेरो पत्रमा तिमीहरूलाई व्यभिचारीहरूको
सङ्गत नगर्नू भनी लेखेको थिएँ– **१०**तर त्यसको
अर्थ यस संसारका व्यभिचारीहरू, लोभी
र लुटाहा अनि मूर्तिपूजकहरूसित सङ्गत नगर्नु
भन्ने होइन । त्यसो भए तिमीहरूले यो
संसारै त्याग्नुपर्ने थियो । **११**तर भाइ कहलिएर
पनि व्यभिचारी वा लोभी, मूर्तिपूजक वा गाली
गर्ने, मतवाला वा लुटाहाहरूसित पो खाना
पनि नखाओ भनी लेखेको हुँ ।
**१२**मण्डली बाहिर रहेकाहरूको इन्साफ
गर्नु मलाई के खाँचो छ ? के तिमीहरूले
भित्रकाहरूको इन्साफ गर्नु पर्दैन ?
**१३**बाहिरकाहरूको इन्साफ त परमेश्वरले नै
गर्नुहुनेछ । "दुष्ट मानिसहरूलाई तिमीहरूका
बीचबाट निकालिदेओ ।"

## विश्वासीहरूका बीचमा मुद्दा

**६** यदि तिमीहरूमध्ये कसैको अर्कोसित
झगड़ा छ भने, त्यसले इन्साफको लागि
सन्तहरूकहाँ नगई अधर्मीहरूकहाँ जाने आँट
गर्छ र ? **२**सन्तहरूले संसारको इन्साफ गर्छन्
भन्ने तिमीहरू जान्दैनौ ? अनि यदि तिमीहरूले
संसारको इन्साफ गर्छौं भने, के तिमीहरूमा
स-साना मुद्दाहरू छिनाउने क्षमता छैन ?
**३**हामीहरूले स्वर्गदूतहरूको इन्साफ गर्नेछौं भन्ने
के तिमीहरू जान्दैनौ ? त्यसो भए यस जीवनमा
हुने कुरा कति ठूला हुन् र ? **४**यसकारण, यदि
तिमीहरूमा यस्ता मुद्दाहरू छन् भने, मण्डलीसँग
सम्बन्ध नभएका मानिसहरूलाई न्यायकर्ताको
रूपमा नियुक्त गर्छौ ! **५**यो मैले तिमीहरूलाई
शर्ममा पार्नलाई भनेको हुँ । के तिमीहरूमध्ये
विश्वासीहरू बीचको झगड़ा मिलाउनसक्ने
बुद्धिमान् व्यक्ति कोही छैन ? **६**तर यसको सट्टामा,
एउटा भाइ अर्को भाइको विरुद्ध अदालतमा
जान्छ– अनि त्यो पनि अविश्वासीहरूकै सामु !

---

**५:१**–व्यवस्था २२:३०. **५:६**–गलाती ५:९. **५:१३**–व्यवस्था १३:५; १७:७; १९:१९; २१:२१; २२:२१, २४; २४:७.

**७**तिमीहरू बीचमा मुद्दा हुनुको अर्थ नै
तिमीहरू पराजित भइसकेका छौ। बरु अन्याय
किन नसहनु ? बरु किन नठगिनु ? **८**तर
यसको सट्टामा, तिमीहरू त अन्याय गर्दछौ र
ठग्दछौ अनि त्यो पनि आफ्नै भाइहरूलाई ।

**९**दुष्टहरू परमेश्वरको राज्यको उत्तरा-
धिकारी बन्दैनन् भन्ने के तिमीहरूलाई थाहा
छैन ? धोकामा नपर: यौनबारे चरित्रहीनहरू
वा मूर्तिपूजकहरू वा व्यभिचारीहरू वा
वेश्यावृत्ति गर्ने पुरुषहरू, समलिङ्गीहरू वा
पुरुषगामीहरू, **१०**वा चोरहरू वा लोभीहरू वा
मतवालाहरू वा निन्दकहरू वा लुटाहाहरू
परमेश्वरको राज्यको हकदार हुन सक्दैनन् ।
**११**अनि तिमीहरूमध्ये कोही त्यस्तै थियौ । तर
तिमीहरू प्रभु येशू ख्रीष्टको नाउँमा अनि हाम्रा
परमेश्वरको आत्माद्वारा धोइयौ, तिमीहरू पवित्र
पारियौ, तिमीहरू निर्दोष ठहराइयौ ।

### यौन सम्बन्धी अनैतिकता

**१२**"मेरो लागि सबै कुरा न्यायसङ्गत छन्"–
तर सबै कुरा लाभदायक छैनन् । "मेरो लागि
सबै कुरा न्यायसङ्गत छन्"– तर मलाई कुनै
कुराले पनि कमारो बनाउने छैन । **१३**"पेटको
लागि भोजन अनि भोजनको लागि पेट"–
तर परमेश्वरले दुवैलाई नष्ट गर्नुहुनेछ ।
शरीरचाहिँ अनैतिक यौन सम्बन्धको लागि
होइन, तर परमेश्वरको लागि हो, अनि
प्रभुचाहिँ शरीरको लागि । **१४**परमेश्वरले आफ्नो
शक्तिद्वारा प्रभु येशूलाई मरेकोबाट जीवित
पार्नुभयो, अनि उहाँले हामीलाई पनि जीवित
पार्नुहुनेछ । **१५**तिमीहरूका शरीर ख्रीष्ट स्वयम्‌का
अङ्गहरू हुन् भन्ने के तिमीहरूलाई थाहा छैन ?
त्यसो भए के म ख्रीष्टका अङ्गहरू लिएर
वेश्याहरूसित जोड़िदिऊँ ? कदापि होइन !
**१६**जसले आफैलाई एउटी वेश्यासित जोड्छ,
ऊ आफै पनि उसको शरीरमा एक हुन्छ भन्ने
के तिमीहरूलाई थाहा छैन ? किनकि यसो
लेखिएको छ, "यी दुई एकै शरीर हुनेछन् ।"
**१७**तर जसले आफैलाई प्रभुसित जोड्छ त्यो
उहाँसित आत्मामा एक भएको हुन्छ ।

**१८**अनैतिक यौन सम्बन्धबाट अलग बस ।
अरू सबै पापहरू मानिसले आफ्नो शरीरबाहिर
गर्छ, तर जसले यौन विषयमा पाप गर्छ,
त्यसले आफ्नै शरीरको विरुद्धमा पाप गर्छ ।
**१९**तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर
हो भनी के तिमीहरूलाई थाहा छैन, जुन पवित्र
आत्मा तिमीहरूले परमेश्वरबाट पायौ, अनि
जो तिमीहरूभित्र हुनुहुन्छ ? तिमीहरू आफै त
आफ्नै होइनौ; **२०**तिमीहरू दाम तिरेर किनिएका
हौ । यसकारण, आफ्ना शरीरद्वारा परमेश्वरको
आदर गर ।

### विवाह

**७** अब तिमीहरूले लेखेका विषयमा: मानिसले
विवाह नगरेको असल हो । **२**तर यति
बिघ्न अनैतिकता भएकोले हरेक मानिसको
आफ्नै पत्नी, अनि हरेक स्त्रीको आफ्नै पति
होस् । **३**पतिले पत्नीप्रति गर्ने वैवाहिक कर्तव्य
गरोस्, अनि यसरी नै पत्नीले पनि पतिप्रति
गरोस् । **४**पत्नीको शरीर आफ्नै मात्र होइन,
तर पतिको पनि हो । यसै प्रकारले, पतिको
शरीर आफ्नै मात्र होइन तर पत्नीको पनि
हो । **५**पारस्परिक सहमतिअनुसार प्रार्थनाको
लागि केही समय अलग रहनुबाहेक, एकले
अर्कोलाई वञ्चित नपार । त्यसपछि फेरि
एकसाथ होओ र तिमीहरूको आत्मसंयमको
अभावमा शैतानले तिमीहरूलाई परीक्षामा
नपारोस् । **६**यो म तिमीहरूलाई आज्ञाको रूपमा
होइन, तर अनुमतिको रूपमा भन्छु । **७**सबैलाई
मजस्तै भएको म चाहन्छु । तर हरेक मानिससित
परमेश्वरबाटको आफ्नै वरदान हुन्छ; एउटासित
एक प्रकारको वरदान छ, अर्कोसित अर्को
प्रकारको ।

**८**अब अविवाहित र विधवाहरूलाई म यो
भन्छु: तिनीहरूले मजस्तै विवाह नगरी बसेको
असल हुन्छ । **९**तर तिनीहरूले आफैलाई वशमा

---

**६:१२**–१ कोरिन्थी १०:२३. **६:१६**–उत्पत्ति २:२४. **६:१९**–१ कोरिन्थी ३:१६; २ कोरिन्थी ६:१६.

राख्न सक्दैनन् भने त, तिनीहरूले विवाह गरून्,
किनकि कामवासनामा जल्नुभन्दा त विवाह
गरेको असल हुन्छ ।

**१०**विवाहितहरूलाई म यो आज्ञा दिन्छु
(मैले होइन, तर प्रभुले नै): पत्नी पतिबाट
अलग भएर नबसोस् । **११**तर यदि बस्छे भने,
विवाह नगरी बसोस्, नभए पतिसित फेरि मिलाप
गरी बसोस् । अनि पतिले पनि पत्नीलाई
नत्यागोस् ।

**१२**अरू बाँकी रहेकाहरूलाई म यो भन्छु
(प्रभु होइन, तर म): यदि कुनै भाइको विश्‍वास
नगर्ने पत्नी छ जो ऊसित बस्न इच्छुक छे भने,
उसले त्यसलाई नत्यागोस् । **१३**अनि यदि कुनै
स्त्रीको विश्‍वास नगर्ने पति छ जो ऊसित बस्न
इच्छुक छ भने, उसले त्यसलाई नत्यागोस् ।
**१४**किनकि विश्‍वास नगर्ने पति पत्नीद्वारा पवित्र
तुल्याइएको हुन्छ, अनि विश्‍वास नगर्ने पत्नी
उसको विश्‍वासी पतिद्वारा पवित्र पारिएकी
हुन्छे । नत्रता तिनीहरूका बालबच्चाहरू अशुद्ध
हुनेथिए, तर अब तिनीहरू पवित्र छन् ।

**१५**तर यदि अविश्‍वासीचाहिँ अलग रहन्छ
भने रहोस् । यस्तो परिस्थितिमा विश्‍वास गर्ने
पुरुष वा स्त्री कुनै बन्धनमा रहँदैन; परमेश्‍वरले
हामीलाई मेलमिलापमा बोलाउनुभएको छ ।
**१६**हे पत्नी, तिमीले आफ्नो पतिलाई कसरी
बचाउने, सो कसरी जान्दछ्यौ ? हे पति, तिमीले
आफ्नी पत्नीलाई कसरी बचाउने, सो कसरी
जान्दछौ ?

**१७**तरै पनि, हरेकले आफ्नो जीवनमा त्यही
स्थान राखोस् जसको लागि प्रभुले त्यसलाई
बोलाउनु र खटाउनुभएको छ । म यही नियम
सबै मण्डलीहरूको लागि राखिदिनेछु । **१८**के
आफ्नो बोलावट हुँदा कसैको खतना भइसकेको
थियो ? ऊ बेखतना नहोस् । के आफ्नो बोलावट
हुँदा कसैको खतना भएको थिएन ? त्यसले खतना
नगरोस् । **१९**खतना र बेखतना केही होइन तर
परमेश्‍वरको आज्ञा पालन गर्नु नै मुख्य कुरो
हो । **२०**परमेश्‍वरले बोलाउनु हुँदा जो जस्तो
अवस्थामा थियो, ऊ त्यस्तै अवस्थामा रहोस् ।
**२१**तिमीहरूको बोलावट हुँदा के तिमीहरू दास
थियौ ? यसले तिमीहरूलाई बिचलित नपारोस्,
तर यदि स्वतन्त्र हुने मौका पायौ भने स्वतन्त्र
होओ । **२२**किनकि परमेश्‍वरको बोलावट पाउँदा
कोही दास थियो भने ऊ अब परमेश्‍वरद्वारा
स्वतन्त्र पारिएको मानिस हो; त्यही किसिमले,
कोही बोलावट हुँदा स्वतन्त्र मानिस थियो
भने ऊ अब ख्रीष्टको दास हो । **२३**तिमीहरू
दाम तिरेर किनिएका हुनाले मानिसहरूका
दास नबन । **२४**हे भाइ हो, परमेश्‍वरप्रति
जिम्मेवार भई जसले जुन अवस्थामा बोलावट
पाएको छ ऊ त्यही अवस्थामा रहोस् ।

**२५**अब कन्याहरूको विषयमा: मैले प्रभुबाट
केही आज्ञा पाएको छैनँ, तर प्रभुबाट कृपा
पाएर विश्‍वासयोग्य भएकोले म यो सल्लाह
दिन्छु । **२६**वर्तमान् समयको संकष्टले गर्दा,
मेरो विचारमा जो जुन अवस्थामा छ ऊ त्यही
अवस्थामा रहेको असल हुन्छ । **२७**के तिमी
विवाहित छौ ? आफ्नी पत्नीलाई नत्याग । के
तिमी अविवाहित छौ ? विवाह गर्न नखोज ।
**२८**तिमीले विवाह गर्‍यौ भने पनि, तिमीले पाप
गरेका हुँदैनौ; अनि एउटी कन्याले विवाह गर्छे
भने, त्यसले पाप गरेकी हुन्न । तर जो जसले
विवाह गर्छन् तिनीहरूले यस जीवनमा धेरै
दु:खको सामना गर्नुपर्नेछ, र म तिमीहरूलाई
यसबाट जोगाउन चाहन्छु ।

**२९**हे भाइ हो, मेरो भन्नुको मतलब यो हो,
कि समय थोरै छ । अबदेखि उसो पत्नी हुनेहरू
पत्नी नभएकाहरूझैँ रहून्; **३०**शोक गर्नेहरू,
शोक नगर्नेहरू जस्ता होऊन्; आनन्दित हुनेहरू,
आनन्दित नहुनेहरू जस्ता होऊन्; किन्नेहरू,
आफूसित केही नभएझैँ होऊन्; **३१**संसारका
कुराहरू प्रयोग गर्नेहरू, तिनमा रुचि नलिनेहरू
जस्ता होऊन् । किनकि यस संसारको वर्तमान्
रूप बितेर जाँदैछ ।

**३२**म तिमीहरू चिन्तारहित भएको चाहन्छु ।
एउटा अविवाहित मानिसले प्रभुलाई कसरी

---

**७:१०–११**–मत्ती ५:३२; मर्कूस १०:११-१२; लूका १६:१८.

खुशी राखूँ भनी उहाँकै काममा वास्ता राख्छ ।
**३३**तर एउटा विवाहित मानिसले आफ्नी पत्नीलाई
कसरी खुशी राखूँ भनी संसारकै कुरामा वास्ता
राख्छ । **३४**अनि उसका रुचिहरू विभाजित
हुन्छन् । एउटी अविवाहित स्त्री अथवा कन्याले
परमेश्वरको कामबारे वास्ता राख्छे: उसको
उद्देश्य शरीर र आत्मामा प्रभुको भक्त भइरहने
हुन्छ । तर एउटी विवाहित स्त्रीले आफ्नो पतिलाई
कसरी खुशी राखूँ भनी संसारकै कुराहरूको
वास्ता राख्छे । **३५**यो तिमीहरूलाई प्रतिबन्ध
लाउनलाई होइन, तर तिमीहरूकै भलाइको
लागि भन्दैछु, कि तिमीहरू प्रभुलाई एकोहोरो
भक्ति देखाएर ठीक किसिमले जीवन बिताओ ।
**३६**यदि कसैले आफूले मगनी गरेको
कन्यासित अनुचित व्यवहार गरेझैं लाग्छ, त्यस
कन्याको उमेर पनि ढल्कँदै जाँदैछ, र उसलाई
विवाह गर्नुपर्छझैं लाग्छ भने, उसले आफूले
चिताएझैं गरोस् । यसमा उसले कुनै पाप
गरेको हुँदैन, तिनीहरूले विवाह गर्नुपर्छ । **३७**तर
त्यस मानिसले आफ्नो मनमा निश्चय गरेको
छ, ऊ कुनै बाध्यतामा छैन र आफ्नो इच्छालाई
वशमा राख्न सक्छ भने, उसले त्यस कन्यालाई
विवाह नगर्ने पक्का गरे पनि त्यस मानिसले
ठीक गर्छ । **३८**यसकारण, जसले त्यस कन्यालाई
विवाह गर्छ उसले ठीक गर्छ, तर जसले उसलाई
विवाह गर्दैन उसले अझ ठीक गर्छ ।

**३९**एउटी स्त्री आफ्नो पति बाँचुन्जेल उसको
अधीनमा हुन्छे । तर यदि ऊ मऱ्यो भने, उसले
आफूले चाहेकोसित विवाह गर्न सक्छे, तर त्यो
मानिस प्रभुको हुनुपर्छ । **४०**मेरो विचारमा,
त्यो जस्तो छे त्यस्तै बसे सुखी हुन्छे– अनि म
सम्झन्छु कि ममा पनि परमेश्वरको आत्मा
हुनुहुन्छ ।

## मूर्तिहरूलाई चढ़ाएको प्रसाद

**८** अब मूर्तिहरूलाई चढ़ाएको खानेकुराको
विषयमा: हामी जान्दछौं कि हामी
सबैसित ज्ञान छ । ज्ञानले घमण्ड ल्याउँछ, तर
प्रेमले प्रगति ल्याउँछ । **२**जुन मानिसले केही
जान्दछु भनी सम्झन्छ उसले जान्न पर्ने
जति अझ जानेको हुँदैन । **३**तर जुन मान्छेले
परमेश्वरलाई प्रेम गर्छ त्यो परमेश्वरद्वारा
चिनिएको हुन्छ ।

**४**यसकारण, मूर्तिहरूलाई चढ़ाएको
खानेकुराको विषयमा हेरौं: हामी जान्दछौं कि
यस संसारमा मूर्ति केही कुरा पनि होइन अनि
परमेश्वर एक मात्र हुनुहुन्छ । **५**तरै पनि आकाश
वा पृथ्वीमा धेरै ईश्वर भनाउँदाहरू छन्
(धेरै “ईश्वरहरू” र “प्रभुहरू” भएझैं), **६**र
पनि हाम्रो निम्ति त एउटै परमेश्वर पिता
हुनुहुन्छ, जसबाट सबै थोक हुन आए अनि
जसका निम्ति हामी जिउँछौं; अनि एउटै प्रभु
हुनुहुन्छ अर्थात् येशू ख्रीष्ट, जसबाट सबै
कुरा हुन आए अनि जसद्वारा हामी जिउँछौं ।

**७**तर सबैले त यो जान्दैनन् । कति
मानिसहरूलाई त मूर्तिहरूमा यस्तो बानी बसेको
हुन्छ कि जब तिनीहरूले मूर्तिको लागि बलि
गरिएको भोजन खान्छन्, तिनीहरूको विवेक
दुर्बल भएकोले त्यो अशुद्ध हुन्छ । **८**तर
खानेकुराले हामीलाई परमेश्वरको नजीक लादैन;
त्यो नखाँदा हामी खराब, र खाँदा असल हुँदैनौं ।

**९**तरै पनि, होशियार रहो, कि तिमीहरूको
स्वतन्त्रताको प्रयोगले कमजोर व्यक्तिलाई ठक्कर
नदेओस् । **१०**किनकि कमजोर विवेक भएको
कसैले तिमीहरू ज्ञान भएकाहरूलाई मूर्ति
भएको मन्दिरमा खाँदैगरेका देख्यो भने, के
त्यसले पनि मूर्तिलाई चढ़ाएको कुरा खान
साहस गर्दैन ? **११**यसकारण त्यो कमजोर भाइ,
जसको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीहरूको
ज्ञानद्वारा नष्ट हुनेछ । **१२**जब तिमीहरूले
आफ्ना भाइहरूको विरुद्धमा यसरी पाप गर्छौ
अनि तिनीहरूका कमजोर विवेकलाई चोट
पुऱ्याउँछौ, तब तिमीहरूले ख्रीष्टकै विरुद्धमा
पाप गर्दछौ । **१३**यसकारण, म जे खान्छु त्यसले
मेरो भाइलाई पाप गर्न लाउँछ भने, म कहिल्यै
मासु खानेछैनँ, र म उसलाई पतित हुन दिनेछैनँ ।

## प्रेरितको अधिकार

**९** के म स्वतन्त्र छैनँ ? के म एक प्रेरित
होइनँ ? के मैले हाम्रा प्रभु येशूलाई देखेको

छैनँ ? के तिमीहरू प्रभुमा मेरो कामको फल
होइनौ ? **२**म अरूको निम्ति एउटा प्रेरित नभए
तापनि, निश्चय नै तिमीहरूको लागि त हुँ !
किनकि प्रभुमा मेरो प्रेरितपनको छाप त
तिमीहरू नै हौ ।

**३**जसले मेरो इन्साफ गर्छ उनीहरूलाई
मेरो प्रतिवादमा भन्नु यही छ । **४**के हामीलाई
खाने र पिउने स्वतन्त्रता छैन ? **५**के अरू
प्रेरितहरू, प्रभुका भाइहरू र केफासलाई जस्तै
हामीलाई पनि आफूसित विश्वासी पत्नी लिएर
हिँड्ने अधिकार छैन ? **६**अथवा के म र बर्णाबासले
मात्र काम गरेर जीविका चलाउनुपर्छ ?

**७**कसले आफ्नै खर्चमा सिपाही भई काम
गर्छ ? कसले दाखबारी लगाएर त्यसको फल
खाँदैन ? कसले भेड़ाको बथान राखेर त्यसको
दूध पिउँदैन ? **८**के मैले यो मानव दृष्टिकोणले
मात्र भनेको हुँ ? के व्यवस्थाले पनि यही
कुरा भन्दैन र ? **९**किनकि मोशाको व्यवस्थामा
यस्तो लेखिएको छ: “दाइँ गर्ने गोरुलाई महला
नलगाओ ।” के गोरुहरूको विषयमा परमेश्वरले
वास्ता राख्नुहुन्छ ? **१०**निश्चय नै यो उहाँले
हाम्रो निम्ति भन्नुभएको हो, होइन त ? हो, यो
हाम्रै निम्ति लेखिएको थियो, किनकि जोत्ने र
दाइँ गर्नेले अन्न पाउने आशामा नै त्यसो
गर्छन् । **११**यदि हामीले तिमीहरूमा आत्मिक
बीउ छरिदियौं भने, के तिमीहरूबाट भौतिक
वस्तु लिँदा अति भयो ? **१२**यदि तिमीहरूबाट
अरूले सहारा पाउने अधिकार राख्छन् भने, के
हामीलाई त्योभन्दा बढ़ी अधिकार छैन ?

तरै पनि हामीले यस अधिकारको प्रयोग
गरेनौं । यसको विपरीत, बरु ख्रीष्टको
सुसमाचारमा बाधा नपुगोस् भनेर हामी सबै
कुरा सहन्छौं । **१३**मन्दिरमा काम गर्नेहरूले
मन्दिरबाटै भोजन पाउँछन्, अनि वेदीमा काम
गर्नेहरूले वेदीमा चढ़ाएका वस्तुहरूबाट
हिस्सा लिन्छन् भन्ने तिमीहरूलाई थाहा छैन ?
**१४**यसै किसिमले, सुसमाचार प्रचार गर्नेले
आफ्नो जीविका प्रचारबाटै चलाओस् भनी
परमेश्वरले आज्ञा गर्नुभएको छ ।

**१५**तर मैले त यस्ता कुनै हकहरू प्रयोग
गरेको छैनँ । अनि यी कुराहरू तिमीहरूले
मप्रति गर भन्ने आशाले मैले यो लेखेको
होइनँ । कसैले यस गर्वबाट मलाई वञ्चित
पारेकोभन्दा त म बरु मर्न रुचाउने थिएँ ।
**१६**तरै पनि सुसमाचार सुनाउँदा, मलाई घमण्ड
गर्नुछैन, किनकि म प्रचार गर्न बाध्य छु । मैले
प्रचार गरिनँ भने त मलाई धिक्कार छ !
**१७**यदि मैले स्वेच्छापूर्वक प्रचार गरें भनेता,
मेरो निम्ति इनाम छ; यदि मैले स्वेच्छापूर्वक
गरिनँ भने त, मैले ममाथि दिइएको जिम्मेवारी
मात्र गरिरहेको हुनेछु । **१८**तब मेरो इनाम के
हो त ? त्यो यही हो: कि मैले सुसमाचार
प्रचार गर्दा मेरो हक प्रयोग नगरेर
सुसमाचारलाई विनामूल्य प्रचार गर्न सकूँ ।

**१९**यद्यपि म कुनै मानिसको अधीनमा नभई
स्वतन्त्र भए तापनि, जति सक्दो धेरैलाई जितूँ
भनेर मैले आफैलाई हरेक व्यक्तिको दास
तुल्याएँ । **२०**यहूदीलाई जित्न म यहूदी भएँ ।
व्यवस्थाको अधीनमा भएकाहरूलाई जित्नलाई म
व्यवस्थाको अधीनमा भएझैँ भएँ (म व्यवस्थाको
अधीनमा नभए तापनि) । **२१**व्यवस्थाका अधीनमा
नभएकाहरूलाई जित्न सकूँ भनेर म व्यवस्थाको
अधीनमा नभएझैँ भएँ (म परमेश्वरको
व्यवस्थाको अधीनमा नभई ख्रीष्टको व्यवस्थाको
अधीनमा भए तापनि) । **२२**कमजोरहरूलाई जित्न
सकूँ भनेर म कमजोरहरूको लागि कमजोर
भएँ । मैले कतिलाई जुनै उपायले पनि बचाऊँ
भनेर म सबैको निम्ति सबै भएँ । **२३**म त्यस
आशिष्को सहभागी बनूँ भनेर सुसमाचारको
खातिर मैले यी सब कुरा गरें ।

**२४**दौड़मा भाग लिने सबै दौड़न्छन्,
तर इनामचाहिँ एउटैले मात्र पाउँछ भन्ने
तिमीहरूलाई थाहा छैन ? इनाम पाउनसक्ने
गरी दगुर । **२५**खेलमा भाग लिने हरेकले कठोर
तालीम लिन्छ । तिनीहरूले यसो गरेको कारण
मुकुट पाउनलाई हो, जुन नष्ट हुन्छ । तर

---

**९:९**–व्यवस्था २५:४; १ तिमोथी ५:१८. **९:१३**–व्यवस्था १८:१. **९:१४**–मत्ती १०:१०; लूका १०:७.

हामीले त यसो गरेको कारण सधैँ रहने मुकुट
पाउनलाई हो । २६यसकारण म उद्देश्यहीन
भएर दगुरिनँ; म हावामा मुक्का हिर्काउने
व्यक्तिझैँ लड़ाइँ गर्दिनँ । २७होइन, तर म आफ्नो
शरीरलाई कुट्तछु अनि यसलाई म आफ्नो
अधीनमा ल्याउँछु, कि म अरूलाई प्रचार गर्दा
आफैचाहिँ इनाम पाउन अयोग्य नठहरिऊँ ।

## इस्राएलको इतिहासबाट चेतावनी

१० किनकि हे भाइ हो, तिमीहरू यस
घटनादेखि अन्जान रहो भनी म चाहन्नँ,
कि हाम्रा पुर्खाहरू बादलमुनि थिए अनि तिनीहरू
समुद्रबीच भएर गए । २तिनीहरू सबै बादल
अनि समुद्रमा मोशामा बप्तिस्मा भए । ३तिनीहरू
सबैले एउटै आत्मिक भोजन खाए, ४अनि एउटै
आत्मिक पानी पिए; किनकि तिनीहरूले त्यस
आत्मिक चट्टानबाट पिए जो तिनीहरूसँगै
हिँड्नुभयो, अनि त्यो चट्टानचाहिँ ख्रीष्ट
हुनुहुन्थ्यो । ५तरै पनि, परमेश्वर तिनीहरूमध्ये
धेरैसित प्रसन्न नहुनुभएकोले तिनीहरूका
शरीर उजाड़-स्थानमै छरपष्ट भए ।

६अब हामीले आफ्ना हृदयहरू तिनीहरूले
झैँ दुष्ट कुराहरूमा नलगाऔं भनेर यी
कुराहरू हाम्रा उदाहरणको निम्ति नै घटेका
थिए । ७तिनीहरूमध्ये कतिझैँ मूर्तिपूजक नबन;
जस्तो लेखिएको छ: “मानिसहरू खान र
पिउनलाई बसे अनि गैर-यहूदीझैँ आमोदप्रमोद
गर्नलाई उठे ।” ८तिनीहरूमध्ये कति
व्यभिचारमा परे अनि एकै दिनमा तेईस हजार
मरे । तर हामी त तिनीहरू जस्ता हुनुहुँदैन ।
९तिनीहरूमध्ये कतिले परमेश्वरलाई जाँचे र
तिनीहरू सर्पद्वारा मारिए । तर हामी त तिनीहरू
जस्ता हुनुहुँदैन । १०तिनीहरूमध्ये कतिले गनगन
गरे अनि तिनीहरू नाश गर्ने दूतद्वारा मारिए ।
तर हामी त त्यस्ता हुनुहुँदैन ।

११यी कुराहरू तिनीहरूमाथि नमूनास्वरूप
घटे अनि हाम्रो चेतावनीको लागि लेखिए,
किनकि हामीमा यस युगको अन्त्य आइसकेको
छ । १२यसकारण, यदि तिमीहरूले आफू
दृढ़तासाथ खड़ा भएका छौ भनी सम्झन्छौ
भने, लड़ौंला कि भनी होशियार भई बस ।
१३मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक
अरू परीक्षा तिमीहरूमाथि आइपरेको छैन,
अनि परमेश्वर विश्वासयोग्य हुनुहुन्छ; जसले
तिमीहरूलाई तिमीहरूको शक्तिदेखि बाहिरको
परीक्षामा पर्न दिनुहुनेछैन । तर जब तिमीहरूमा
परीक्षा आइपर्छ, तब उहाँले तिमीहरूलाई
त्यसबाट उम्कने बाटो पनि दिनुहुनेछ जसमा
कि तिमीहरू खड़ा रहन सक ।

## मूर्तिपूजाको भोज र प्रभु-भोज

१४यसकारण, मेरा प्यारा मित्रहरू हो,
मूर्तिपूजाबाट अलग बस । १५म तिमीहरूलाई
समझदार मानिसहरूलाई झैँ भन्छु; मैले भनेको
कुरालाई विचार गर । १६त्यो धन्यवादको
कचौरा जसको निम्ति हामी धन्यवाद चढ़ाउँछौं,
के त्यो ख्रीष्टको रगतको सहभागिता होइन ?
अनि जुन रोटी हामी भाँच्छौं, के त्यो ख्रीष्टको
शरीरको सहभागिता होइन ? १७रोटी एउटै
भएकोले, हामी, जो धेरै छौं, एउटै शरीर हौं,
किनकि हामी एउटै रोटीबाट खान्छौं ।

१८इस्राएल जातिलाई विचार गर:
बलिदानको वस्तु खानेहरू के वेदीको सहभागी
भएनन् र ? १९त्यसोभए मूर्तिलाई चढ़ाएको
वस्तु केही हो अथवा मूर्ति केही हो भनी के
मैले भन्न खोजेको हुँ ? २०होइन, तर
मूर्तिपूजकहरूले चढ़ाएको वस्तु परमेश्वरलाई
होइन, भूतात्माहरूलाई चढ़ाएको हो, अनि
भूतप्रेतसित तिमीहरू सहभागी भएको म
चाहन्नँ । २१तिमीहरूले परमेश्वरको कचौराबाट
अनि भूतप्रेतको कचौराबाट पनि पिउन सक्दैनौ;
तिमीहरू परमेश्वरको टेबुल र भूतप्रेतको टेबुल

**१०:१**–प्रस्थान १३:२१-२२; १४:२२-२९. **१०:३**–प्रस्थान १६:३५. **१०:४**–प्रस्थान १७:६; गन्ती २०:११.
**१०:५**–गन्ती १४:२९-३०. **१०:७**–प्रस्थान ३२:६. **१०:८**–गन्ती २५:१-१८. **१०:९**–गन्ती २१:५-६.
**१०:१०**–गन्ती १६:४१-४९. **१०:१६**–मत्ती २६:२६-२८; मर्कूस १४:२२-२४; लूका २२:१९-२०.
**१०:१८**–लेवी ७:६. **१०:२०**–व्यवस्था ३२:१७.

दुवैको सहभागी हुनसक्दैनौ । २२के हामीले
परमेश्‍वरको डाहलाई उस्काइरहेका छौं ? के
हामी उहाँभन्दा बलिया छौं ?

### विश्‍वासीहरूको स्वतन्त्रता

२३“हरेक कुराको लागि अनुमति छ”– तर
हरेक कुरा लाभदायक छैन । “हरेक कुराको
लागि अनुमति छ”– तर हरेक कुरा क्रियात्मक
छैन । २४कसैले पनि आफ्नै होइन, तर अरूको
भलाइ खोजोस् ।

२५मासु पसलमा जे बेचिन्छ, त्यो विवेकको
खातिर प्रश्‍न नगरी खाओ, २६किनकि, “पृथ्वी
अनि त्यसमा भएका हरेक कुरा प्रभुकै हुन् ।”

२७यदि कुनै अविश्‍वासीले तिमीहरूलाई
भोजमा निम्तो दियो र तिमीहरूलाई जाने इच्छा
भए, तिमीहरूको अगि राखिदिएका कुराहरू
विवेकको खातिर केही नसोधी खाओ । २८तर
यदि कसैले तिमीलाई “यो त बलिदानमा
चढ़ाएको वस्तु हो,” भनिदियो भने, त्यो बताउने
मानिसको खातिर अनि विवेकको खातिर त्यो
नखाओ । २९अर्को मानिसको विवेक भनी मैले
भन्‍न चाहेको चाहिँ, तिम्रो विवेकको खातिर
भनेको होइन । किनकि मेरो स्वतन्त्रतालाई
किन अरूको विवेकले इन्साफ गर्ने ? ३०यदि
मैले धन्यवाद चढ़ाएर भोजन खाएँ भने, जुन
कुराका लागि मैले परमेश्‍वरलाई धन्यवाद
चढ़ाएँ, म किन त्यसैमा निन्दित हुने ?

३१यसकारण चाहे तिमीहरू खाओ वा पिओ
अथवा जेसुकै गर, परमेश्‍वरको महिमाको निम्ति
नै गर । ३२कसैलाई पनि, चाहे यहूदी होस् वा
ग्रीक होस् अथवा परमेश्‍वरको मण्डली होस्,
ठेस लगाउने काम नगर । ३३म पनि सबैलाई
हरेक किसिमले खुशी पार्न खोज्दछु । किनकि
म आफ्नै भलाइ होइन तर सबैको भलाइ खोज्दछु
कि तिनीहरू बाँचून् ।

११ मेरो अनुकरण गर, जसरी मैले ख्रीष्टको
अनुकरण गर्दछु ।

### आराधनामा शिर ढाक्नेबारे

२मलाई हरेक कुरामा स्मरण गरेकोमा र
मैले तिमीहरूलाई दिएका शिक्षाहरूमा अटल
रहेकोमा म तिमीहरूको तारीफ गर्दछु ।

३अब म तिमीहरूले यो थाहा पाओ भनी
चाहन्छु कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ,
स्त्रीको शिर पुरुष हो, र ख्रीष्टका शिरचाहिँ
परमेश्‍वर हुनुहुन्छ । ४शिर ढाकेर प्रार्थना गर्ने
अथवा अगमवाणी गर्ने हरेक पुरुषले आफ्नो
शिरको अनादर गर्छ । ५अनि शिर नढाकी
प्रार्थना गर्ने अथवा अगमवाणी गर्ने हरेक स्त्रीले
केश खौरिएको जस्तै आफ्नो शिरको अनादर
गर्छे । ६स्त्रीले आफ्नो शिर ढाक्दिन भने, त्यसले
आफ्नो केश काट्नुपर्छ; अनि यदि त्यसको
केश काटिनु वा खौरिनु त्यसको लागि शर्मको
कुरा हुन्छ भने, उसले आफ्नो शिर ढाक्नुपर्छ ।
७पुरुषले चाहिँ शिर ढाक्नुहुँदैन, किनकि ऊ
परमेश्‍वरको प्रतिरूप र गौरव हो; तर स्त्रीचाहिँ
पुरुषको गौरव हो । ८किनकि पुरुष स्त्रीबाट
आएको होइन तर स्त्रीचाहिँ पुरुषबाट आएकी
हो; ९फेरि पुरुष स्त्रीको निम्ति सृजिएको
होइन, तर स्त्री पुरुषको निम्ति सृजिएकी हो ।
१०यसकारण, स्वर्गदूतहरूको खातिर पनि स्त्रीले
अधिकारको चिन्हको रूपमा शिरमा एउटा
चिन्ह राख्नुपर्छ ।

११तरै पनि, प्रभुमा त, नता स्त्री पुरुषबाट
स्वतन्त्र रहन्छ, न पुरुष स्त्रीबाट स्वतन्त्र रहन्छ ।
१२किनकि जसरी स्त्री पुरुषबाट आई, त्यसरी
नै पुरुष पनि स्त्रीबाट जन्मियो । तर हरेक
कुरा परमेश्‍वरबाट आउँछन् । १३तिमीहरू आफै
विचार गर: के एउटी स्त्रीलाई शिर नढाकी
परमेश्‍वरसित प्रार्थना गर्न सुहाउँछ र ? १४एउटा
मानिसको लामो केश छ भने यो उसको लागि
शर्मको कुरा हो भनी के प्राकृतिक कुराहरूले
तिमीलाई सिकाउँदैन ? १५तर एउटी स्त्रीको
लामो केश छ भने, त्यो उसको गौरव हो ।
किनकि लामो केश उसलाई घुम्टोस्वरूप

---

**१०:२२**–व्यवस्था ३२:२१. **१०:२३**–१ कोरिन्थी ६:१२. **१०:२६**–भजन २४:१. **११:१**–१ कोरिन्थी ४:१६; फिलिप्पी ३:१७. **११:७**–उत्पत्ति १:२६-२७. **११:८-९**–उत्पत्ति २:१८-२३.

दिइएको हो । १६यदि कसैले यस विषयमा
वादविवाद गर्न चाहन्छ भने, हामीसित र
परमेश्वरको मण्डलीसित अरू प्रथा छैन ।

### प्रभु-भोज

१७यो आदेश दिँदा म तिमीहरूको तारीफ
गर्दिनँ, किनकि तिमीहरूका सभाहरूले
असलभन्दा हानी ज्यादा गर्छन् । १८पहिलो
कुरो त, तिमीहरू मण्डलीका रूपमा एकसाथ
आउँदा तिमीहरूका बीचमा विभाजन छ भनी
मैले सुनेको छु, अनि म यसलाई केही मात्रामा
विश्वास गर्छु। १९तर तिमीहरूमध्ये धार्मिकतामा
जिउने मानिसहरू चिनिनलाई तिमीहरूमा
मतभेद हुनु पनि जरूरी नै छ । २०तिमीहरू
भेला भएर खाएको चाहिँ प्रभुभोज होइन,
२१किनकि तिमीहरूले खाँदा, अरूलाई नपर्खी
खान्छौ । एक जना भोकै हुन्छ, अनि अर्कोचाहिँ
मात्तिरहेको हुन्छ । २२के खान र पिउनलाई
तिमीहरूका आफ्नै घर छैनन् र ? अथवा के
तिमीहरूले परमेश्वरको भवनलाई तुच्छ
ठान्छौ अनि केही नहुनेहरूको अपमान
गर्छौ ? म तिमीहरूलाई के भनूँ ? के यसको
लागि म तिमीहरूको तारीफ गरूँ ? कदाचित
होइन !

२३किनकि मैले प्रभुबाट जे पाएँ त्यो
तिमीहरूलाई सुम्पिदिएँ: जुन रात येशू पक्राउ
पर्नुभएको थियो, उहाँले रोटी लिनुभयो, २४अनि
धन्यवाद दिनुभएपछि, उहाँले त्यसलाई भाँचेर
भन्नुभयो, "यो तिमीहरूको निम्ति मेरो शरीर
हो, यसलाई मेरो सम्झनामा गर ।" २५त्यही
किसिमले, भोजपछि उहाँले कचौरा लिएर
भन्नुभयो, "यो कचौरा मेरो रगतको नयाँ
करार हो; यो पिओ अनि जसै पिउँछौ, यसलाई
मेरो सम्झनामा गर्ने गर ।" २६किनकि जब
जब तिमीहरूले यो रोटी खान्छौ वा यस
कचौराबाट पिउँछौ, तब प्रभु नआउञ्जेल
तिमीहरूले उहाँको मृत्युको प्रचार गर्छौ ।

२७यसकारण, जसले अयोग्यतासाथ प्रभुको
रोटी खान्छ र कचौराबाट पिउँछ, त्यसले प्रभुको
शरीर र रगतको विरुद्धमा पाप गरिरहेको
हुनेछ । २८रोटी खान र कचौराबाट पिउन
अघि मानिसले आफैलाई जाँचोस् । २९किनकि
जसले प्रभुको शरीरलाई नचिनीकन रोटी खान्छ
र कचौराबाट पिउँछ, त्यसले आफैमाथि दण्ड
ल्याउँछ । ३०यसैकारण तिमीहरूमध्ये धेरै जना
कमजोर र रोगी छौ, अनि कति त मरिगए ।
३१तर हामीले आफैलाई जाँचेका छौं भनेता,
हामी इन्साफमा पर्नेछैनौं । ३२जब हामी
परमेश्वरद्वारा इन्साफ गरिन्छौं, तब हामी
संसारसित दोषी नठहरिऔं भनेर उहाँद्वारा
अनुशासित हुनेछौं ।

३३यसकारण, मेरा भाइहरू हो, जब तिमीहरू
एकसाथ खान आउँछौ, एका अर्कालाई पर्ख ।
३४यदि कोही भोको छ भने उसले घरबाटै
खाएर आओस्, र तिमीहरू एकसाथ भेला हुँदा
तिमीहरूमाथि दण्ड नपरोस् ।

अनि जब म आउँछु तब अरू निर्देशनहरू
दिनेछु ।

### आत्मिक वरदानहरू

१२ अब हे भाइ हो, आत्मिक वरदानहरूबारे
तिमीहरू अन्जान बस भनी म चाहन्नँ ।
२जब तिमीहरू अविश्वासी थियौ, तब कुनै न
कुनै प्रकारले नबोल्ने मूर्तिहरूतिर बहकिएर
गएका थियौ भन्ने तिमीहरू जान्दछौ ।
३यसकारण म यो भन्दछु कि परमेश्वरको
आत्माद्वारा बोल्ने कसैले "येशू श्रापित होस्,"
भन्न सक्दैन, अनि पवित्र आत्माबाहेक कसैले
"येशू नै प्रभु हुनुहुन्छ" भनी भन्न सक्दैन ।

४वरदानहरू विभिन्न किसिमका हुन्छन्,
तर आत्मा त उही हुनुहुन्छ । ५अनि सेवाहरू
पनि विभिन्न किसिमका हुन्छन्, तर प्रभु त
उही हुनुहुन्छ । ६त्यस्तै कामहरू पनि विभिन्न
किसिमका हुन्छन्, तर उही परमेश्वरले नै ती
सबै मानिसहरूबाट गराउनुहुन्छ ।

७अब सबैको भलाइको लागि आत्मा सबैमा

---

**११:२५**–प्रस्थान २४:६-८; यर्मिया ३१:३१-३४. **१२:४–११**–रोमी १२:६-८.

प्रकट हुन दिइन्छ । **८**आत्माद्वारा एउटालाई
बुद्धिको कुरा बोल्ने, अर्कोलाई उही आत्माद्वारा
ज्ञानको कुरा बोल्ने, **९**अर्कोलाई उही आत्माद्वारा
विश्वास, अर्कोलाई उही आत्माद्वारा निको पार्ने
वरदानहरू, **१०**अर्कोलाई आश्चर्य-कर्म गर्ने शक्ति,
अर्कोलाई अगमवाणी, अर्कोलाई आत्माहरू
छुटयाउने, अर्कोलाई विभिन्न भाषाहरूमा बोल्ने,
अनि अझ अरूलाई चाहिँ भाषाहरूको अर्थ
खोल्ने । **११**यी सबै एउटै अनि उही आत्माका
काम हुन्, अनि यो उहाँ आफैले इच्छा
गरेबमोजिम हरेकलाई नै दिनुहुन्छ ।

## एक शरीर, धेरै अङ्गहरू

**१२**शरीर धेरै अङ्गहरू मिलेर बनिएको
भए तापनि यसमा एकता छ; अनि तिनीहरूले
एउटै शरीरको गठन गर्छन् । ख्रीष्ट पनि
यस्तै हुनुहुन्छ । **१३**किनकि एउटै आत्माद्वारा
हामी सबै एउटै शरीरमा बप्तिस्मा भयौं– चाहे
यहूदीहरू अथवा ग्रीकहरू, चाहे कमारो अथवा
फुक्का– अनि हामी सबैलाई पिउनलाई एउटै
आत्मा दिइयो ।

**१४**अब शरीर त एउटा अङ्गले होइन तर
धेरै अङ्गहरूले बनेको हुन्छ । **१५**यदि खुट्टाले "म
हात होइन, यसकारण म शरीरको होइन"
भन्छ भने, यो कारणले ऊ शरीरको नभई रहन
सक्दैन । **१६**अनि यदि कानले "म आँखा होइन,
यसकारण म शरीरको होइन," भन्छ भने, यो
कारणले ऊ शरीरको नभई रहन सक्दैन ।
**१७**यदि सम्पूर्ण शरीर आँखा हुँदो हो त, केले
सुन्ने ? यदि सम्पूर्ण शरीर कान हुँदो हो त,
केले सुघ्ने ? **१८**तर परमेश्वरले हरेक अङ्गलाई
आफ्नो इच्छाबमोजिम मिलाएर राखिदिनुभएको
छ । **१९**यदि तिनीहरू एउटै अङ्ग हुँदा हुन् त,
शरीर कहाँ हुने थियो ? **२०**यसकारण, अङ्गहरू
धेरै छन्, तर शरीर त एउटै ।

**२१**आँखाले हातलाई "मलाई तेरो आवश्यकता
पर्दैन" भन्न सक्दैन ! अनि शिरले खुट्टालाई
"मलाई तेरो आवश्यकता पर्दैन" भन्न सक्दैन !
**२२**बरु, शरीरका कमजोर देखिने अङ्गहरू नै
बढ़ी उपयोगी हुन्छन्, **२३**अनि हामीले कम मर्यादा
दिएका अङ्गहरूलाई नै हामी बढ्ता आदर दिन्छौं,
र देखाउन नसकिने अङ्गहरूलाई विशेष रूपले
आदर पूर्वक व्यवहार गरिन्छ । **२४**हाम्रा देखिने
अङ्गहरूलाई विशेष हिफाजत चाहिँदैन ।
तर परमेश्वरले शरीरका अङ्गहरूलाई यसरी
मिलाइदिनुभएको छ कि कम मूल्य भएका
अङ्गहरूलाई बढी आदर दिनुभएको छ, **२५**जसमा
कि शरीरमा अनेकता नभएर यसका अङ्गहरूले
एका अर्काको समान वास्ता राखून् । **२६**एउटा
अङ्गले कष्ट भोग्यो भने, हरेक अङ्गले पनि त्यसको
साथ कष्ट भोग्छ; अनि एउटा अङ्गको आदर
भयो भने, हरेक अङ्गहरू त्योसित रमाउनेछन् ।

**२७**अब तिमीहरू ख्रीष्टका शरीर, अनि
तिमीहरूमध्ये हरेक यसका अङ्ग हौ । **२८**अनि
मण्डलीमा परमेश्वरले यसरी नियुक्त गर्नुभएको
छ, अर्थात् पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू,
तेस्रो शिक्षकहरू, आश्चर्य-कर्म गर्नेहरू, निको
पार्ने वरदान पाएकाहरू, अरूलाई सहायता
गर्नेहरू, प्रशासन चलाउने वरदान पाएकाहरू,
अनि विभिन्न भाषामा बोल्नेहरू । **२९**के सबै
प्रेरितहरू हुन् ? के सबै अगमवक्ताहरू हुन् ?
के सबै शिक्षकहरू हुन् ? के सबैले आश्चर्य-
कर्महरू गर्छन् ? **३०**के सबैसित निको पार्ने
वरदानहरू छन् ? के सबैले विभिन्न भाषाहरू
बोल्छन् ? के सबैले अर्थ खोल्छन् ? **३१**तर यीभन्दा
पनि अझ उत्तम वरदानहरूको इच्छा गर ।

## प्रेम

अनि म तिमीहरूलाई सबैभन्दा उत्तम मार्ग
बताउँछु ।

**१३** यदि मैले मानिसहरूका भाषामा अनि
स्वर्गदूतहरूका भाषामा बोलें, तर मसित
प्रेम छैन भने, म हल्ला गर्ने घण्टा र झ्याइँझ्याइँ
गर्ने झ्याम्टा मात्र हुँ । **२**यदि मसित अगमवाणीको
वरदान छ, सबै रहस्यहरू र ज्ञानहरू बुझ्न
सक्छु, मसित पहाड़हरू हटाउनेसम्मको विश्वास

**१२:१२**–रोमी १२:४-५. **१२:२८**–एफिसी ४:११. **१३:२**–मत्ती १७:२०; २१:२१; मर्कूस ११:२३.

छ, तर मसित प्रेम छैन भने, म केही पनि होइनँ । ३यदि मैले आफ्ना सबै सम्पत्ति गरीबहरूलाई दिएँ अनि आफ्नो शरीरसमेत जलाउनलाई दिएँ, तर मसित प्रेम छैन भने, मलाई केही पनि लाभ हुँदैन ।

४प्रेम धैर्यशाली हुन्छ, प्रेम दयालु हुन्छ । यसले डाह गर्दैन, यसले शेखी गर्दैन, यसले घमण्ड गर्दैन । ५यो अशिष्ट छैन, यसले आफ्नै भलाइ खोज्दैन, यो चाँडै क्रोधमा आउँदैन, यसले खराबीको हिसाब राख्दैन । ६प्रेम दुष्टतामा खुशी हुँदैन, तर सत्यतासित रमाउँछ । ७यसले सधैँ रक्षा गर्छ, सधैँ पत्यार गर्छ, सधैँ आशा राख्छ, सधैँ स्थिर रहन्छ ।

८प्रेम कहिल्यै टल्दैन । तर जहाँ अगमवाणी छन्, ती बन्द हुन्छन्; जहाँ भाषाहरू छन्, ती चूप गराइन्छन्; जहाँ ज्ञान छ, त्यो टलिजानेछ । ९किनकि हामी केही मात्र जान्दछौं, अनि केही मात्र अगमवाणी गर्छौं, १०तर जब सिद्धताचाहिँ आउँछ, अपूर्णता लोप हुनेछ । ११जब म बालक थिएँ, म बालकझैँ बोल्थें, म बालकले झैँ सोच्थें, बालकले झैँ बुज्दथेँ । तर जब म ठूलो भएँ, तब मैले बालकका चालहरू त्यागिदिएँ । १२अहिले हामी ऐनामा धमिलो गरी देख्छौं; त्यसबेला त आमुन्नेसामुन्नेझैँ देख्नेछौं । अहिले म केही मात्र जान्दछु; त्यसबेला त पूरा जान्नेछु, जसरी म पूर्णरूपले जानिएको छु ।

१३अनि अब यी तीन कुरा रहन्छन्: विश्वास, आशा र प्रेम । तर यी तीनमा प्रेम नै सर्वोत्तम हो ।

### अगमवाणी र भाषाका वरदानहरू

१४ प्रेमको बाटो पछ्याओ अनि आत्मिक वरदानहरूको निम्ति उत्कट इच्छा राख, खास गरी अगमवाणीको वरदानको । २किनकि जसले अन्य भाषामा बोल्छ, उसले मानिसहरूसित होइन तर परमेश्वरसित बोल्छ । साँच्चै, उसलाई कसैले बुझ्दैन; किनकि उसले आफ्नो आत्माले रहस्यका कुराहरू बोल्छ । ३तर जसले अगमवाणी गर्छ, उसले मानिसहरूसित तिनीहरूको दृढ़ता, साहस र सान्त्वनाको लागि बोल्छ । ४जसले अन्य भाषामा बोल्छ उसले आफ्नो सुधार गर्छ, तर जसले अगमवाणी गर्छ उसले मण्डलीको सुधार गर्छ । ५तिमीहरू हरेकले अन्य भाषामा बोल भन्ने म चाहन्छु, तर झन् बढी तिमीहरूले अगमवाणी गरेको चाहन्छु । मण्डलीको सुधार होस् भनेर अर्थ खोलिएन भने, विभिन्न भाषामा बोल्नेभन्दा अगमवाणी बोल्ने श्रेष्ठ हो ।

६अब, हे भाइ हो, म तिमीहरूकहाँ आएर अन्य भाषामा बोलें, तर यदि मैले तिमीहरूका बीचमा केही प्रकाश वा ज्ञान वा अगमवाणी वा शिक्षा ल्याइनँ भनेता म तिमीहरूको लागि कसरी फाइदाको भएँ ? ७बाँसुरी अथवा वीणाजस्ता निर्जीव वस्तुहरूका पनि त सुर हुन्छन्, तर यदि ती वस्तुहरूले कुनै स्पष्ट सुर दिँदैनन् भनेता के बजाएको भनी सुन्नेले कसरी बुझ्ने ? ८फेरि, तुरहीले पनि स्पष्ट ध्वनी दिएन भने, कोचाहिँ युद्धको लागि तयार हुने ? ९तिमीहरूसित पनि यही कुरा लागू हुन्छ । यदि तिमीहरूले आफ्नो जिब्रोले बुझ्ने शब्दहरू बोलेनौ भने, तिमीहरूले के भनिरहेछौ अरूले कसरी बुझ्ने ? तिमीहरू त हावामा बोलिरहेका हुनेछौ । १०निश्चय संसारमा धेरै किसिमका भाषाहरू हुन्छन्, तरै पनि तीमध्ये कुनै पनि विनाअर्थका हुँदैनन् । ११तब यदि मैले कसैले के भनिरहेछ सो ठम्याउन सकिनँ भनेता, म बोल्नेको निम्ति परदेशी हुनेछु, अनि ऊचाहिँ मेरो निम्ति परदेशी हुनेछ । १२तिमीहरूलाई पनि यही कुरा लागू हुन्छ । किनकि तिमीहरूले आत्मिक वरदानहरू प्राप्त गर्न चाहेकाले वरदानहरूद्वारा मण्डलीको उन्नतिमा श्रेष्ठता हासिल गर्ने प्रयत्न गर ।

१३यही कारणले अन्य भाषामा बोल्नेले त्यसले भनेको अर्थ खोलिदिनको लागि पनि प्रार्थना गरोस् । १४किनकि यदि मैले अन्य भाषामा प्रार्थना गरें भने, मेरो आत्माले प्रार्थना गर्छ, तर मेरो मन काम नलाग्ने भएको हुन्छ । १५यसकारण म के गरूँ ? म मेरो आत्माले प्रार्थना गर्छु, तर म मेरो मनले पनि प्रार्थना गर्छु; म मेरो आत्माले गीत गाउँछु; तर म

मेरो मनले पनि गीत गाउँछु। **१६**यदि तिमीहरूले
आत्मामा मात्र परमेश्वरको प्रशंसा गरिरहेको
तिमीहरूका बीचमा भएको कसैले बुझ्‍न भने,
तिमीहरूको धन्यवादमा कसरी "आमेन" भन्‍ला,
जब कि उसले तिमीहरूले के भनिरहेछौ
सो बुझ्‍कै छैन ? **१७**तिमीहरूले त ठीकै
धन्यवाद दिएका हुनेछौ, तर त्यसले अर्को
मानिसको आत्मिक वृद्धि गर्दैन ।

**१८**परमेश्वरलाई धन्यवाद होस्, कि म अन्य
भाषामा तिमीहरू सबैभन्दा बढी बोल्छु। **१९**तर
मण्डलीमा नबुझ्‍ने भाषामा दश हजार शब्दमा
बोल्नुभन्दा त म अरूलाई अर्ती दिऊँ भनेर बरु
पाँचैओटा बुझ्‍ने शब्दहरूमा बोल्न रुचाउँछु ।

**२०**हे भाइ हो, बालकहरूले जस्तो सोच्न
छाड्दिेओ । खराबीमा बालक बन, तर
तिमीहरूको सोचाइमा प्रौढ़ बन। **२१**व्यवस्थामा
यो लेखिएको छः

"अचम्मको बोली भएका मानिसहरूद्वारा
अनि परदेशीहरूका ओठहरूद्वारा
म यस जातिसित बोल्नेछु,
तरै पनि तिनीहरूले मेरा कुरा सुन्नेछैनन्,"
परमप्रभु भन्‍नुहुन्छ ।

**२२**यसकारण, भाषाहरू विश्वासीहरूको लागि
होइन, तर विश्वास नगर्नेहरूको लागि चिन्ह
हो; तरै पनि अगमवाणीचाहिँ, अविश्वासीहरूको
लागि होइन, तर विश्वासीहरूको लागि हो ।
**२३**यसकारण सारा मण्डली एकसाथ भेला हुँदा
सबैले नबुझ्‍ने भाषामा बोले अनि त्यो नबुझ्‍ने
कोही मानिस अथवा विश्वास नगर्ने कोही आए
भने, के तिनीहरूले तिमीहरूलाई बौलाहा भन्‍ने
छैनन् र ? **२४**तर हरेकले अगमवाणी बोल्दै गर्दा
कोही गैर-यहूदी अथवा नबुझ्‍ने मानिस त्यहाँ
आयो भने, सबैद्वारा ऊ पापी हो भन्‍ने ठहराइनेछ
र जाँचिनेछ । **२५**अनि उसको हृदयका गुप्त
कुराहरू प्रकट हुनेछन्। यसकारण उसले घोप्टो
परेर परमेश्वरलाई यसो भन्दै पुज्नेछ, "साँच्चै
परमेश्वर तिमीहरूका बीचमा हुनुहुन्छ !"

## सुव्यवस्थित आराधना

**२६**तब हे भाइ हो, हामी के भनौं त ? जब
तिमीहरू एकसाथ भेला हुन्छौ, हरेकसित भजन
अथवा सुधारका कुरा, प्रकाश, भाषा अथवा
अर्थ खोलाइ हुन्छ । यी सबै मण्डलीलाई
बलियो बनाउनमा प्रयोग गरियोस् । **२७**यदि
कसैले अन्य भाषा बोल्यो भने, दुई जनाले
अथवा बढ़ीभन्दा बढ़ी तीन जनाले बोलून्,
त्यो पनि पालो पालोसित, अनि कसैले अर्थ
खोलोस् । **२८**तर यदि अर्थ खोल्ने कोही
नभए, त्यो मण्डलीमा चूप बसोस् र आफै
अनि परमेश्वरसित बोलोस् ।

**२९**अगमवक्ताहरू दुई वा तीन जना बोलून्,
अनि अरूले तिनीहरूले भनेका कुराको जाँच
गरून् । **३०**तर बस्नेहरूमध्ये कसैलाई केही
प्रकाश हुन आयो भने, पहिलो वक्ता चूप
लागोस्। **३१**किनकि तिमीहरू सबैले पालो पालोसित
अगमवाणी बोल्न सक्छौ जसमा हरेकलाई
शिक्षा र साहस होस् । **३२**अगमवक्ताहरूका
आत्माहरू अगमवक्ताहरूकै अधीनमा हुन्छन्।
**३३**किनकि परमेश्वर गोलमालका होइन तर
शान्तिका परमेश्वर हुनुहुन्छ ।

सन्तहरूका सबै झुण्डमा भएझैं, **३४**स्त्रीहरू
मण्डलीहरूमा चूप रहून्। तिनीहरूलाई बोल्ने
अनुमति छैन, तर अधीनमा बसून्, जसरी
व्यवस्थाले भन्छ । **३५**यदि तिनीहरूले केही
कुरा सोध्न चाहन्छन् भने, तिनीहरूले
घरमा पतिहरूलाई सोध्नुपर्छ; किनकि स्त्रीले
मण्डलीमा बोल्नु शर्मको कुरो हो ।

**३६**के परमेश्वरको वचन तिमीहरूसित शुरु
भएको हो ? अथवा के तिमीहरूकहाँ मात्र
आएको हो ? **३७**यदि कसैले आफैलाई अगमवक्ता
अथवा आत्मिक वरदान भएको व्यक्ति सम्झन्छ
भने, मैले तिमीहरूलाई जे लेखिरहेछु त्यो प्रभुकै
आज्ञा हो भनी मान्यता देओस्। **३८**यदि उसले
यसको वास्ता गर्दैन भने, त्यसको पनि वास्ता
गरिनेछैन ।

**३९**यसकारण, मेरा भाइहरू हो, अगमवाणी

---

**१४:२१**–यशैया २८:११-१२.

बोल्ने उत्कट इच्छा राख, अनि अन्य भाषामा
बोल्नेहरूलाई नरोक। **४०**तर सबै कुरा सुहाउँदो
र सुव्यवस्थित ढङ्गले गर्ने गर।

### ख्रीष्टको पुनरुत्थान

**१५** अब, हे भाइ हो, म तिमीहरूलाई मैले
प्रचार गरेको सुसमाचारको सम्झना
दिलाउन चाहन्छु, जो तिमीहरूले ग्रहण गर्‍यौ
अनि जसमा तिमीहरू अड़ेका पनि छौ। **२**यदि
मैले प्रचार गरेको वचनमा स्थिर रहचौ भने,
यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको
छ। नभएता, तिमीहरूले व्यर्थैमा विश्वास
गरेछौ।

**३**किनकि मैले जे पाएँ त्यसलाई सबैभन्दा
मुख्य ठानी तिमीहरूलाई सुम्पिदिएँ कि
धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापको निम्ति
मर्नुभयो, **४**उहाँ गाड़िनुभयो, उहाँ धर्मशास्त्र-
अनुसार तेस्रो दिनमा जीवित हुनुभयो, **५**अनि
उहाँ पत्रुसकहाँ अनि त्यसपछि बाह्र जना
चेलाहरूकहाँ देखापर्नुभयो। **६**त्यसपछि, उहाँ
पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकैचोट्टि
देखापर्नुभयो, जुनमध्ये धेरै जना अझै जीवित
छन्, अनि कति त मरिगए। **७**तब उहाँ
याकूबकहाँ, त्यसपछि प्रेरितहरूकहाँ, **८**अनि
सबभन्दा अन्तमा मजस्तो अस्वभाविक रूपले
जन्मिएको कहाँ देखा पर्नुभयो।

**९**किनकि म त प्रेरितहरूभन्दा तुच्छ छु
अनि मलाई प्रेरित भन्न पनि सुहाउँदैन, किनकि
मैले परमेश्वरको मण्डलीलाई खेदो गरें। **१०**तर
म जे छु त्यो परमेश्वरको अनुग्रहले नै छु,
अनि उहाँको अनुग्रह ममा व्यर्थै भएन। बरु,
मैले तिनीहरू सबैभन्दा बढ़ी परिश्रम गरें;
तरै पनि मैले त होइन, तर ममा भएको उहाँको
अनुग्रहले नै हो। **११**तब मैले वा तिनीहरूले
भए तापनि, हामीले प्रचार गरेको त यही हो,
अनि तिमीहरूले विश्वास गरेको पनि यही नै
हो।

### मरेकाहरूको पुनरुत्थान

**१२**तर यदि मरेकाहरूबाट ख्रीष्टको पुनरुत्थान
भयो भन्ने प्रचार भएको छ भने, तिमीहरूमध्ये
कसले मरेकाहरूको पुनरुत्थान हुँदैन भन्छौ?
**१३**यदि मरेकाहरूको पुनरुत्थान हुँदैन भनेता,
ख्रीष्टको पनि पुनरुत्थान भएको होइन। **१४**अनि
यदि ख्रीष्टको पुनरुत्थान भएको होइन भने,
हाम्रो प्रचार र तिमीहरूको विश्वास पनि व्यर्थ
भयो। **१५**त्योभन्दा बढी, हामी परमेश्वरबारे
झूटा साक्षीहरू भएका भेट्टाइनेछौं, किनकि हामीले
परमेश्वरले ख्रीष्टलाई मरेकाहरूबाट जीवित
पार्नुभएको छ भनी साक्षी दिएका छौं। तर यदि
मरेकाहरूको पुनरुत्थान हुँदैन भनेता उहाँले
ख्रीष्टलाई पनि जीवित पार्नुभएको होइन।
**१६**किनकि मरेकाहरूको पुनरुत्थान हुँदैन भनेता,
ख्रीष्टको पुनरुत्थान पनि भएको होइन। **१७**अनि
यदि ख्रीष्टको पुनरुत्थान भएको होइन भने,
तिमीहरूको विश्वास व्यर्थ भयो; अनि तिमीहरू
अझै आफ्ना पापमै छौ। **१८**अनि ख्रीष्टमा
मरेकाहरू पनि नष्ट भए। **१९**यदि ख्रीष्टमाथि
भएको आशा यस जीवनको लागि मात्र हो भनेता,
हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय छौं।

**२०**तर मरेकाहरूमध्ये पहिलो फल भईकन
ख्रीष्ट साँच्चै पुनर्जीवित हुनुभएको छ।
**२१**किनकि मृत्यु एक जना मानिसबाट आएकोले
मरेकाहरूको पुनरुत्थान पनि एकै जना
मानिसबाट आउँछ। **२२**किनकि जसरी आदममा
सबै मर्छन्, त्यसरी नै ख्रीष्टमा पनि सबै
जिउनेछन्। **२३**तर सबै आफ्नो पालोमा: अर्थात्
ख्रीष्ट पहिलो फल; त्यसपछि, उहाँ आउनुभएपछि
उहाँका जति सबै। **२४**तब अन्त्य आउँछ, जब
उहाँले दुष्टको सबै प्रभुत्व, अधिकार अनि शक्तिलाई
नाश गरेर आफ्ना पितालाई राज्य सुम्पनुहुनेछ।
**२५**किनकि उहाँले आफ्ना सबै शत्रुहरूलाई आफ्नो
पाउमुनि नराखुन्जेल उहाँले राज्य गर्नैपर्छ।
**२६**अन्त्यमा नाश हुने शत्रुचाहिँ मृत्यु हो।
**२७**किनकि उहाँले “सब कुरा आफ्नो पाउमुनि

---

**१५:३**–यशैया ५३:५-१२. **१५:४**–भजन १६:८-१०; मत्ती १२:४०; प्रेरित २:२४:३२.
**१५:५**–मत्ती २८:१६-१७; मर्कूस १६:१४; लूका २४:३४, ३६; यूहन्ना २०:१९. **१५:८**–प्रेरित ९:३-६.
**१५:९**–प्रेरित ८:३. **१५:२५**–भजन ११०:१.

राख्नुभएको छ ।" अब "सबै कुरा" उहाँको
अधीनमा भयो भनेपछि, यो स्पष्ट हुन्छ
कि सबै कुरा ख्रीष्टको अधीनमा गराउनुहुने
परमेश्वरचाहिँ त्यस अधीनतामा हुनुहुन्न ।
२८जब उहाँले यो गर्नुहुन्छ, तब पुत्र पनि पिताको
अधीनमा हुनुहुनेछ जसले सबै कुरा उहाँको
अधीनमा राखिदिनुभएको छ, जसमा पिता नै
सर्वेसर्वा हुनुहुन्छ ।

२९अब यदि पुनरुत्थान नहुने भए त,
तिनीहरूले के गर्नेछन् जसले मरेकाहरूको
निम्ति बप्तिस्मा लिएका छन् ? यदि मरेकाहरू
कदापि पुनर्जीवित नहुने भए, किन मानिसहरूले
तिनीहरूको लागि बप्तिस्मा लिन्छन् ? ३०अनि
हाम्रो विषयमा त, हामीले किन दिनहुँ आफैलाई
जोखिममा पार्छौं ? ३१म दिनहुँ मर्छु– मेरो
भन्नुको मतलब, हे भाइ हो– हाम्रा प्रभु येशू
ख्रीष्टमा म तिमीहरूको कारण गर्व गर्दछु ।
३२यदि मानिसकै विचारअनुसार मैले एफिससमा
जङ्गली जनावरहरूसित लड़ाइँ गरें भने, मैले
के पाएँ त ? यदि मरेकाहरू पुनर्जीवित नहुने
भए त,

"हामी खाऔं अनि पिऔं,
किनकि भोलि त हामी मरिहाल्छौं ।"

३३भ्रममा नपर: "खराब सङ्गतले असल
चरित्रलाई नष्ट पार्छ ।" ३४तिमीहरूलाई चाहिए
जस्तो आफ्नो होशमा आओ, अनि पाप गर्न छोड़;
किनकि कति छन् जसलाई परमेश्वरबारे ज्ञानै
छैन– म यो तिमीहरूलाई शर्ममा पार्नलाई
भन्छु ।

### पुनरुत्थान भएको शरीर

३५तर कसैले सोध्लान्, "मरेकाहरू कसरी
पुनर्जीवित हुन्छन् ? तिनीहरू कुन किसिमको
शरीर लिएर आउनेछन् ?" ३६कस्तो मूर्खता !
तिमीले जे छर्छौ त्यो नमरीकन उम्रँदैन । ३७जब
तिमी छर्दछौ, तब तिमीले पछि आउने शरीर
त छर्दैनौ, तर एउटा बीउ पो छर्छौ, त्यो गहुँको
होस् वा अरू केहीको होस् । ३८तर परमेश्वरले
त्यसलाई आफ्नो इच्छाअनुसारको एउटा शरीर
दिनुहुनेछ, अनि हरेक किसिमको बीउलाई त्यसको
आफ्नै शरीर दिनुहुन्छ । ३९अनि सबै शरीर
एकै हुँदैनन्: मानिसको एक किसिमको शरीर
हुन्छ, जनावरहरूका अर्कै, चराहरूका अर्कै,
अनि माछाहरूका अर्कै किसिमको शरीर हुन्छ ।
४०स्वर्गीय शरीरहरू हुन्छन् अनि सांसारिक
शरीरहरू पनि हुन्छन्; तर स्वर्गीय शरीरहरूको
तेज एक किसिमको हुन्छ, अनि सांसारिक
शरीरहरूको तेज अर्कै किसिमको हुन्छ ।
४१सूर्यको तेज एक किसिमको हुन्छ, चन्द्रमाको
अर्कै अनि ताराहरूको अर्कै; अनि एक ताराको
तेज अर्को ताराको तेजभन्दा बेग्लै हुन्छ ।

४२मरेकाहरूको पुनरुत्थान पनि यस्तै
हुनेछ । जुन शरीर विनाशमा छरिन्छ, त्यो
अविनाशीरूपमा जीवित तुल्याइनेछ; ४३त्यो
अनादरमा छरिन्छ, तर आदरमा जीवित तुल्याइनेछ;
त्यो दुर्बलतामा छरिन्छ तर सामर्थमा जीवित
तुल्याइनेछ; ४४त्यो प्राकृतिक शरीरमा छरिनेछ,
तर आत्मिक शरीरमा जीवित तुल्याइने छ ।

प्राकृतिक शरीर हुन्छ भने, आत्मिक शरीर
पनि हुन्छ । ४५यसकारण, यसरी लेखिएको छ:
"पहिलो मानिस आदम जीवित प्राणी भयो";
अन्तिम आदम, जीवन दिने आत्मा हुनुभयो ।
४६आत्मिक त पहिला आउनुभएन, तर प्राकृतिक,
अनि त्यसपछि आत्मिक । ४७पहिलो मानिस
संसारको धूलोको थियो, दोस्रो मानिस स्वर्गको ।
४८जस्तो सांसारिक मानिस थियो, त्यस्तै
संसारकाहरू पनि; अनि स्वर्गको मानिसझैं,
स्वर्गकाहरू पनि । ४९अनि जसरी हामीले
सांसारिक मानिसको रूप धारण गरेका छौं,
त्यसरी नै स्वर्गीय मानिसको रूप पनि धारण
गर्नेछौं ।

५०हे भाइ हो, म यो घोषणा गर्दछु कि
शरीर र रगत स्वर्गको राज्यको हकदार
हुनसक्दैन, नता विनाशी अविनाशीको हकदार
हुनसक्छ । ५१सुन, म तिमीहरूलाई एउटा

**१५:२७**–भजन ८:६. **१५:३२**–यशैया २२:१३. **१५:४५**–उत्पत्ति २:७.

रहस्य बताउँछु: हामी मरिजाँदैनौं, तर हाम्रो
परिवर्तन हुनेछ– **५२**एकै क्षणमा, आँखाको एक
निमेषमा, तुरहीको आखिरी आवाजमा। किनकि
तुरही बज्नेछ, र मरेकाहरू अविनाशी रूपमा
पुनर्जीवित हुनेछन्, अनि हाम्रोचाहिँ परिवर्तन
हुनेछ । **५३**किनकि विनाशीले अविनाशी रूप
अनि मरणशीलले अमरत्व धारण गर्नुपर्नेछ ।
**५४**जब विनाशीले अविनाशी रूप अनि
मरणशीलले अमरत्व धारण गरेको हुनेछ, तब
यसो भनिएको कुरा पूरा हुनेछ: "मृत्यु विजयमा
निलिएको छ ।"

**५५** "ए मृत्यु, तेरो विजय कहाँ छ ?
ए मृत्यु, तेरो खील कहाँ छ ?"

**५६**मृत्युको खील पाप हो, अनि पापको शक्ति
व्यवस्था हो । **५७**तर परमेश्वरलाई धन्यवाद
होस्! जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टमा
विजय दिनुहुन्छ ।
**५८**यसकारण, हे मेरा भाइहरू हो, दृढ भई
बस । कुनै कुराले तिमीहरूलाई बिचलित
नपारोस्। सधैँ आफैलाई सम्पूर्ण रूपले प्रभुको
कामको लागि दिइहाल, किनकि तिमीहरू जान्दछौ
कि तिमीहरूको परिश्रम प्रभुमा व्यर्थ हुँदैन ।

## परमेश्वरका जनहरूका निम्ति भेटी

**१६** अब परमेश्वरका जनहरूको निम्ति
भेटीको विषयमा मैले गलातीयाका
मण्डलीहरूलाई गर्नू भनेझैँ गर। **२**हरेक हप्ताको
पहिलो दिन, तिमीहरूमध्ये हरेकले आ-आफ्नो
कमाइअनुसार केही पैसा छुट्ट्याएर जम्मा
गरी राख्नू, जसमा म आउँदा कुनै भेटी उठाउने
काम नहोस् । **३**अनि जब, म आउँछु, तब
तिमीहरूले ठीक ठहऱ्याएको मानिसहरूलाई
म परिचय-पत्र दिनेछु अनि तिनीहरूलाई
तिमीहरूको भेटीसित यरूशलेम पठाउनेछु ।
**४**यदि म पनि जान ठीक देखिन्छ भने, तिनीहरू
मसित जानेछन् ।

## व्यक्तिगत निवेदन

**५**म म्यासिडोनिया भएर गएपछि,
तिमीहरूकहाँ आउनेछु– किनकि म
म्यासिडोनिया भएर जानेछु । **६**सायद म
तिमीहरूसित केही दिन रहनेछु, अँ, हिउँद पनि
बिताउँला, ताकि म जहाँ जहाँ जान्छु तिमीहरूले
मलाई सहायता दिन सक्नेछौ । **७**म अहिले
तिमीहरूलाई भेट्न चाहन्नँ तर खालि यसो
पस्छु मात्र; तर प्रभुले अनुमति दिनुभयो
भने तिमीहरूसित केही समय बिताउने
आशा राख्छु। **८**तर म पेन्तिकोसको दिनसम्म
एफिससमा बस्नेछु, **९**किनकि मेरो लागि
प्रभावकारी कामको ढोका त्यहाँ खोलिएको छ,
अनि मेरो विरोध गर्नेहरू पनि त्यहाँ धेरै छन्।
**१०**यदि तिमोथी आए भने, तिनी तिमीहरूसित
रहुन्जेल तिनलाई डरको कुनै कारण नहोस्,
किनकि मैले जस्तै तिनले पनि प्रभुको काम
गरिरहेका छन्, **११**अनि कसैले पनि तिनलाई
ग्रहण गर्न अस्वीकार नगरोस् । तिनलाई
शान्तिसित आफ्नो यात्रामा पठाइदेओ जसमा
तिनी मेरोमा आऊन् । तिनी भाइहरूसित
आउँछन् भन्ने मैले आशा गरिरहेको छु ।
**१२**अब हाम्रा भाइ अपोल्लोसबारे: मैले
तिनलाई अरू भाइहरूसित तिमीहरूकहाँ जाऊन्
भनी साह्रै आग्रह गरें। अहिले त तिनी आउन
एकदमै चाहँदैनन्, तर पनि जब मौका आउँछ
तब तिनी आउनेछन्।
**१३**सतर्क रहो; विश्वासमा दृढ भइबस;
साहसिलो र सामर्थी बन। **१४**सबै कुरा प्रेममा
गर ।
**१५**तिमीहरू जान्दछौ कि अखैयामा
स्तिफनासको घराना नै पहिला फल थिए,
अनि तिनीहरूले सन्तहरूको सेवामा आफैलाई
अर्पण गरेका थिए । **१६**हे भाइ हो,
यस्ताहरू र यस्तै काममा परिश्रम गर्नेहरूको
अधीनमा बस भनी म आग्रह गर्दछु । **१७**जब
स्तिफनास, फोर्टुनाटस र अखाइकस मकहाँ

---

**१५:५१-५२**–१ थिस्सलोनिकी ४:१५-१७. **१५:५४**–यशैया २५:८. **१५:५५**–होशे १३:१४.
**१६:८**–लेवी २३:१५-२१; व्यवस्था १६:९-११. **१६:१०**–१ कोरिन्थी ४:१७. **१६:१५**–१ कोरिन्थी १:१६.

आए म खुशी भएको थिएँ, किनकि
तिमीहरूबाट भएको कमीलाई तिनीहरूले
पूरा गरिदिएका छन् । **१८**किनकि तिनीहरूले
मेरो र तिमीहरूका आत्मा पनि ताजा
बनाइदिएका छन् । यस्ता मानिसहरू मान्यता
पाउने योग्यका छन् ।

### अन्तिम अभिवादन

**१९**एशिया प्रान्तमा भएका मण्डलीहरूले
तिमीहरूलाई अभिवादन पठाएका छन् । अक्वीला
र प्रिस्किला, अनि तिनीहरूको घरमा भेला हुने
मण्डलीले पनि तिमीहरूलाई न्यानो अभिवादन
पठाउँछन् । **२०**यहाँ भएका सबै भाइहरूले पनि
तिमीहरूलाई अभिवादन पठाउँछन् । एक
अर्कालाई पवित्र चुम्बनले अभिवादन गर ।

**२१**म, पावल, यो अभिवादन आफ्नै हातले
लेख्दैछु ।

**२२**यदि कसैले प्रभुलाई प्रेम गर्दैन भने–
त्यो श्रापित होस् । हे हाम्रा प्रभु, आउनुहोस् !

**२३**प्रभु येशूको अनुग्रह तिमीहरूसित होस् ।

**२४**ख्रीष्ट येशूमा मेरो प्रेम तिमीहरू सबैलाई
छ । आमेन ।

---

**१६:१९**–प्रेरित १८:२.

# कोरिन्थीहरूलाई

## पावलको दोस्रो पत्र

**१** परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको
प्रेरित पावल, अनि हाम्रा भाइ तिमोथीबाट,
कोरिन्थमा भएको परमेश्वरको मण्डली
अनि अखैयामा भएका सबै सन्तहरूलाई:
**२**हामीहरूका पिता परमेश्वर अनि प्रभु
येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति
होस् ।

### सबै सान्त्वनाका परमेश्वर

**३**हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर अनि
पितालाई प्रशंसा होस्, जो करुणाका पिता
अनि सबै सान्त्वनाका परमेश्वर हुनुहुन्छ,
**४**जसले हाम्रा सबै सङ्कष्टहरूमा हामीलाई
सान्त्वना दिनुहुन्छ, जसमा कुनै पनि सङ्कष्टहरूमा
परेकाहरूलाई हामीले परमेश्वरबाट पाएको
सान्त्वनाबाट हामी सान्त्वना दिनसकौं । **५**किनकि
जसरी ख्रीष्टका कष्टहरू हाम्रा जीवनमा
प्रवाहित हुन्छन्, त्यसरी नै ख्रीष्टद्वारा हाम्रो
सान्त्वना पनि भरिएर पोखिन्छ । **६**यदि
हामी दु:खमा पर्छौं भने, योचाहिँ तिमीहरूकै
सान्त्वना र मुक्तिको लागि हो; यदि
हामीले सान्त्वना पाउँछौं भने, यो तिमीहरूकै
सान्त्वनाको लागि हो, जसले तिमीहरूमा हामीले
कष्ट भोगेका धैर्यशील सहनशीलता उत्पन्न
गराउँछ । **७**अनि तिमीहरूको लागि हाम्रो
आशा दृढ़ छ, किनकि जसरी तिमीहरू हाम्रा
कष्टहरूका सहभागी भयौ, त्यसरी नै हाम्रा
सान्त्वनाका सहभागी पनि हुनेछौ भनी हामी
जान्दछौं ।
**८**हे भाइ हो, हामीले एशियाको प्रान्तमा
भोगेका कष्टहरूबारे तिमीहरू अजान रहो भनी
हामी चाहन्नौं । हामीले सहन नसक्ने किसिमको
भार हामीमाथि परेको थियो, कि हाम्रो जीवन
पनि जोखिममा थियो । **९**निश्चय नै, हामीले
आफ्ना हृदयमा मृत्युदण्डको अनुभव गरिरहेका
थियौं । तर यस्तो भएको कारणचाहिँ हामीले
आफैमाथि भरोसा नगरेर मरेकाहरूलाई
पुनर्जीवित पार्नुहुने परमेश्वरमाथि भरोसा
राखौं भनेर नै हो । **१०**उहाँले हामीलाई यस्तो
डरलाग्दो जोखिमबाट निकाल्नुभयो, अनि
अझ निकाल्नुहुनेछ । उहाँले हामीलाई
छुटकारा दिइरहून् भनेर हामीले आफ्ना
आशा उहाँमाथि नै राखेका छौं । **११**तिमीहरूले
प्रार्थनाद्वारा हामीलाई सहायता गर । तब
धेरैका प्रार्थनाको उत्तरस्वरूप हामीले अनुग्रहको
निगाह पाएकोमा धेरैले हाम्रो पक्षमा धन्यवाद
दिनेछन् ।

### पावलको योजनामा हेरफेर

**१२**अब हाम्रो गर्व यही हो: हाम्रा विवेकले
यो साक्षी दिन्छ, कि विशेष गरी तिमीहरूप्रति
हाम्रो सम्बन्धमा परमेश्वरबाट आउने
निष्कपटतामा हामीले यस संसारमा पवित्रता
र ईश्वरीय सत्यतामा व्यवहार गरेका छौं ।
हामीले आफ्नै बुद्धिअनुसार होइन, तर
परमेश्वरको अनुग्रहद्वारा यसो गरेका छौं ।
**१३**किनकि हामी तिमीहरूले पढ्न र बुझ्न नसक्ने
केही लेख्दैनौं । अनि म आशा गर्छु कि,
**१४**जसरी तिमीहरूले हामीलाई केही मात्रामा
बुझेका छौ, तिमीहरूले पूर्णरूपले बुझ्ने
पनि छौ, जसमा तिमीहरूले हामीबारे गर्व
गर्नेछौ, जसरी हामीले पनि प्रभुको दिनमा
तिमीहरूबारे गर्व गर्नेछौं ।
**१५**अनि मलाई यस विषयमा निश्चय
भएकोले, मैले पहिला तिमीहरूकहाँ आउने
योजना बनाएँ जसमा तिमीहरूलाई दोहोरो लाभ

---

**१:१**–प्रेरित १८:१. **१:८**–१ कोरिन्थी १५:३२.

होस् । **१६**म्यासिडोनिया जाँदा तिमीहरूकहाँ
जाने अनि म्यासिडोनियाबाट तिमीहरूकहाँ
फर्किआउने र त्यहाँबाट यहूदियामा तिमीहरूद्वारा
पठाइने योजना मैले बनाएँ । **१७**के यो योजना
मैले हल्कासित बनाएँ ? अथवा के म आफ्नो
योजना सांसारिक ढङ्गले एउटै मुखले "हो, हो"
वा "होइन, होइन" भन्ने किसिमले बनाउँछु
र ?

**१८**तर निश्चय नै परमेश्वर विश्वासयोग्य
हुनुभएझैँ, तिमीहरूलाई हाम्रो सन्देशचाहिँ
"हो" र "होइन" किसिमको होइन । **१९**किनकि
परमेश्वरको पुत्र, येशू ख्रीष्ट जो म, सिलास र
तिमोथीद्वारा तिमीहरूमा प्रचारिनुभयो, उहाँ "हो"
र "होइन" भन्ने होइन तर उहाँमा सदा "हो"
नै छ । **२०**किनकि परमेश्वरले जति प्रतिज्ञाहरू
दिनुभएको छ, ती ख्रीष्टमा "हो" नै छन् । अनि
यसैकारण परमेश्वरको महिमाको निम्ति
उहाँद्वारै हामीबाट "आमेन" भनिएको छ । **२१**अब
परमेश्वरले नै हामी अनि तिमीहरूलाई ख्रीष्टमा
दृढ़तासाथ खड़ा राख्नुहुन्छ । उहाँले हामीलाई
अभिषेक गर्नुभयो, **२२**उहाँले हामीलाई आफ्नो
बनाउनुभएको छाप हामीमा लगाउनुभएको छ,
अनि अब के हुनआउनेछ भन्ने पक्का गरेर,
बैनास्वरूप हाम्रा हृदयमा पवित्र आत्मा
दिनुभएको छ ।

**२३**यस विषयमा परमेश्वर मेरो साक्षी
हुनुहुन्छ कि तिमीहरूलाई जोगाउनकै लागि
म कोरिन्थमा आइनँ । **२४**हामी तिमीहरूको
विश्वासमाथि अधिकार जमाउँदैनौं, तर हामी
तिमीहरूको आनन्दको निम्ति काम गर्छौं,
किनकि विश्वासैद्वारा तिमीहरू दृढ़तापूर्वक खड़ा
रहन्छौ ।

**२** यसकारण मैले तिमीहरूलाई कष्ट पुऱ्याउने
किसिमले तिमीहरूकहाँ दोस्रोपल्ट नआउने
नै निश्चय गरें । **२**किनकि यदि मैले तिमीहरूलाई
दु:खित तुल्याएँ भने, मद्वारा दु:खित भएका
तिमीहरूबाहेक कसले मलाई सुखी तुल्याउलान् ?
**३**अनि मैले जे लेखें त्यही गरें, जसमा म
आउँदाखेरि जुन व्यक्तिहरूबाट मैले आनन्द
पाउनुपर्ने थियो तिनीहरूबाट शोक नपाऊँ ।
तिमीहरू सबै मेरो आनन्दको सहभागी होओ
भनेर तिमीहरू सबैमाथि मेरो भरोसा थियो ।
**४**तिमीहरूलाई शोकित तुल्याउनलाई होइन तर
तिमीहरूप्रति मेरो प्रेमको गहिराइ बताउनलाई
नै मैले मेरो हृदयको धेरै पीड़ा र बेदनामा
तिमीहरूलाई लेखें ।

### पापीको लागि क्षमा

**५**म कड़ाकड़ीसित त भन्दिनँ तर यदि कसैले
दु:खीत तुल्याएको छ भने, त्यसले मलाई भन्दा
बढ़ी केही मात्रामा तिमीहरूलाई दु:खीत तुल्याएको
छ । **६**यस्तालाई बहुमतद्वारा दिइएको सजाय
यथेष्ट छ । **७**बरु, अब त यस्तो व्यक्ति झन्
बढी शोकमा डुब्ला कि भनेर तिमीहरूले
उसलाई क्षमा दिएर सान्त्वना दिनुपर्ने थियो ।
**८**यसकारण, तिमीहरूले ऊप्रति तिमीहरूको
प्रेम फेरि पक्का गर भनी म आग्रह गर्छु ।
**९**मैले तिमीहरूलाई लेखेको कारणचाहिँ तिमीहरू
जाँचमा स्थिर रहेर प्रत्येक कुरामा आज्ञाकारी
बन्छौ कि भनेर जान्नलाई हो । **१०**तिमीहरूले
कसैलाई क्षमा दियौ भने, म पनि त्यसलाई
क्षमा दिनेछु । अनि क्षमा दिने केही भए मैले जे
क्षमा दिएको छु, तिमीहरूकै खातिर ख्रीष्टको
दृष्टिमा क्षमा दिएको छु, **११**जसमा शैतानले
हामीलाई परास्त गर्न नपाओस् । किनकि हामी
त्यसका युक्तिहरूदेखि अजान छैनौं ।

### नयाँ करारका सेवकहरू

**१२**जब म ख्रीष्टको सुसमाचार प्रचार गर्न
त्रोआस गएँ र त्यहाँ प्रभुले एउटा ढोका
खोलिदिनुभएको मैले भेट्टाएँ, **१३**त्यहाँ मैले मेरा
भाइ तीतसलाई नपाउँदा मेरो मनमा शान्ति
थिएन । यसकारण म तिनीहरूबाट बिदा भएर
म्यासिडोनियातर्फ गएँ ।

**१४**तर परमेश्वरलाई धन्यवाद होस्, जसले
हामीलाई विजयको यात्रामा डोऱ्याउनुहुन्छ

**१:१६**–प्रेरित १९:२१. **१:१९**–प्रेरित १८:५. **२:१२-१३**–प्रेरित २०:१.

अनि हामीद्वारा नै उहाँको ज्ञानको सुवास्ना चारैतिर फिँजाउनुहुन्छ । **१५**किनकि उद्धार पाइरहेकाहरू अनि नष्ट भइरहेकाहरूको निम्ति हामी परमेश्वरको निम्ति ख्रीष्टको सुवास्ना हौं । **१६**एउटाको निम्ति मृत्युको दुर्गन्ध; अनि अर्कोको निम्ति जीवनको सुगन्ध । अनि यस्ता कामको लागि को योग्यको छ र ? **१७**अरू कतिभैँ, हामी परमेश्वरको वचनलाई लाभको निम्ति व्यापार गर्ने होइनौं । यसको विपरीत, परमेश्वरबाट पठाइएका मानिसहरूभैँ हामी परमेश्वरको अगि ख्रीष्टमा छलरहित कुरा बोल्दछौं ।

**३** के हामी फेरि आफ्नै तारीफ गर्न थालेका छौं ? अथवा कोही मानिसहरूलाई भैँ हामीलाई पनि तिमीहरूलाई अथवा तिमीहरूबाट सिफारिश पत्रको आवश्यकता पर्छ ? **२**हाम्रा हृदयमा लेखिएको, अनि प्रत्येकले पढ़िने, हाम्रा पत्रहरू तिमीहरू आफै नै हौ । **३**तिमीहरू हाम्रा सेवाका फलहरू, आफैले यो देखाउँछौ कि तिमीहरू मसीले होइन तर परमेश्वरका आत्माले लेखिएका, ख्रीष्टका पत्रहरू हौ, जो ढुङ्गाका पाटीमा होइन तर हृदयका पाटीहरूमा लेखिएका छन् ।

**४**परमेश्वरको अगि ख्रीष्टद्वारा हाम्रो यस्तो भरोसा छ । **५**हामीले आफैमा दावी गर्ने किसिमको कुनै योग्यता हामीमा छैन, तर हाम्रो योग्यता परमेश्वरबाट नै आउँछ । **६**उहाँले नै हामीलाई नयाँ करारका सेवकहरूको रूपमा योग्य बनाउनुभयो– लिखित रूपमा होइन तर आत्माद्वारा; किनकि लेखाइले मार्दछ, तर आत्माले जीवन दिनुहुन्छ ।

## नयाँ करारको महिमा

**७**अब यदि ढुङ्गामा लेखाइद्वारा खोपिएका कार्यले मृत्यु ल्यायो, अनि त्यो महिमासाथ आयो, कि त्यसको तेज कम हुँदै गएको भए तापनि त्यस महिमाको कारण इस्राएलीहरूले मोशाको अनुहार हेर्न सकेका थिएनन्, **८**के पवित्र आत्माको सेवा अझ महिमापूर्ण हुनेछैन ? **९**मानिसहरूलाई दोषी ठहराउने सेवा त महिमापूर्ण थियो भने, धार्मिकता ल्याउने सेवा त झन् कति बढी महिमापूर्ण छ ! **१०**तर बितेर गइरहेको महिमासित तुलना गर्दा जे महिमापूर्ण थियो अब त्यसको केही महिमा छैन । **११**अनि यदि बिलाएर जाने पनि महिमासाथ आए भने, सधैँ रहनेचाहिँको महिमा कति महान् होला !

**१२**यसकारण, यस्तो हामीसित आशा भएकोले, हामी अत्यन्त साहसी भएका छौं । **१३**हामी मोशाजस्ता होइनौं, जसले धमिलिँदै गएको प्रकाश इस्राएलीहरूले नदेखून् भनी आफ्नो अनुहारमा घुम्टो हाल्थे । **१४**तर तिनीहरूका मन मन्द भएको थियो, किनकि आजको दिनसम्मै पुरानो नियमको पठनमा त्यही घुम्टो रहेकै छ । यो हटाइएकै छैन, किनकि ख्रीष्टमा मात्र यो हटेको छ । **१५**आज पनि जब मोशाबारे पाठ हुन्छ, तब तिनीहरूको हृदयलाई एउटा घुम्टोले ढाकेको हुन्छ । **१६**तर जब कोही प्रभुतिर फर्कन्छ, तब त्यो घुम्टो हटाइन्छ । **१७**अब प्रभु त आत्मा हुनुहुन्छ, अनि जहाँ प्रभुको आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ । **१८**अनि हामी, जसले घुम्टो नलगाइएको अनुहारले प्रभुको महिमा प्रतिविम्बित गर्छौं, प्रभुबाट आएको बढ़िरहने महिमासित उहाँको समानतामा परिवर्तन भइरहेका छौं । प्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।

## माटोको भाँडामा धन

**४** यसकारण, परमेश्वरको कृपाले हामीले यो सेवा पाएकाले हामी हताश हुँदैनौं । **२**बरु, हामीले गुप्त अनि शर्म लाग्दा मार्गहरू त्यागेका छौं; हामी छल गर्दैनौं, नता परमेश्वरको वचनलाई हेरफेर गर्छौं । यसको विपरीत, सत्यलाई सधैँ राखेर हामी परमेश्वरको दृष्टिमा प्रत्येक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य बनाउँछौं । **३**अनि यदि हामीहरूको सुसमाचारमा घुम्टो लागेको छ भने, त्यो घुम्टो नष्ट हुनेहरूको

---

**३:३**–प्रस्थान २४:१२; यर्मिया ३१:३३; इजकिएल ११:१९; ३६:२६. **३:६**–यर्मिया ३१:३१.
**३:७**–प्रस्थान ३४:२९. **३:१३**–प्रस्थान ३४:३३. **३:१६**–प्रस्थान ३४:३४.

लागि मात्र लागेको हो। **४**परमेश्वरको प्रतिरूप,
खीष्टको महिमाको सुसमाचारको ज्योति
तिनीहरूले नदेखून् भनी यस युगको देवले
अविश्वासीहरूको मनलाई अन्धो तुल्याइदिएको
छ। **५**किनकि हामीले आफैलाई होइन, तर
येशू खीष्ट नै प्रभु हुनुहुन्छ, अनि हामीहरूचाहिँ
तिमीहरूका दासहरू हौं भनी येशूकै खातिर प्रचार
गर्छौं। **६**तर "अन्धकारमा ज्योति चम्कोस्," भन्नुहुने
परमेश्वरले, खीष्टको अनुहारमा परमेश्वरको
महिमाको ज्ञानको ज्योति चम्कोस् भनेर हाम्रो
हृदयमा उहाँको ज्योति चम्काउनुभयो।

**७**तर यो सबैभन्दा ठूलो शक्ति हामीबाट
होइन तर परमेश्वरबाट हो भनी देखाउनलाई
हामीसित यो धन माटाको भाँडामा छ। **८**हामी
चारैतिरबाट थिचिएका छौं, र पनि पिसिएका
छैनौं; अन्योलमा परेका छौं, र पनि हताश
भएका छैनौं; **९**सताइएका छौं, तर त्यागिएका
छैनौं; प्रहारद्वारा ढलेका छौं, तर नष्ट भएका
छैनौं। **१०**हाम्रो शरीरमा येशूको जीवन देखियोस्
भनेर हामी सधैँ आफ्ना शरीरमा उहाँको मृत्यु
बोकिहिँड्छौं। **११**किनकि उहाँको जीवन हाम्रा
पार्थिव शरीरमा देखियोस् भनी हामी जिउँदाहरू
खीष्टको खातिर सधैँ मृत्युको लागि सुम्पिएका
छौं। **१२**तब मृत्युले हामीमा काम गर्छ, तर
जीवनले चाहिँ तिमीहरूमा काम गर्छ।

**१३**धर्मशास्त्रमा यसरी लेखिएको छ: "मैले
विश्वास गरें; र म बोलें।" त्यही विश्वासको
आत्माद्वारा हामी पनि विश्वास गर्छौं अनि
बोल्छौं, **१४**किनकि हामी जान्दछौं कि जसले
प्रभु येशूलाई मृत्युबाट पुनर्जीवित पार्नुभयो,
उहाँले नै हामीलाई पनि पुनर्जीवित पार्नुहुनेछ
अनि उहाँको उपस्थितिमा तिमीहरूसितै उपस्थित
गराउनुहुनेछ। **१५**यी सबै त तिमीहरूकै
फाइदाको लागि हो, जसमा धेरै मानिसहरूमा
पुगिरहेको अनुग्रहले परमेश्वरको महिमाको
लागि धन्यवाद पोखिनदेओस्।

**१६**यसकारण हामी हरेस खाँदैनौं। किनकि
हामी बाहिरी तवरमा नष्ट भइरहेका छौं, तथापि
दिनदिनै हामी भित्री तवरमा नयाँ हुँदै जाँदैछौं।
**१७**किनकि हाम्रो क्षणभरको कष्टले हामीलाई
अनन्तको महिमा प्राप्त हुनेछ, जुनचाहिँ
यी सब कष्टहरूभन्दा अति महत्त्वपूर्ण छ।
**१८**यसकारण हामी आफ्ना आँखा देखिने
थोकहरूमा होइन, तर नदेखिने थोकहरूमा
लगाउँछौं। किनकि देखिने थोक क्षणिक, तर
नदेखिनेचाहिँ अनन्त हुन्छ।

### हाम्रो स्वर्गीय वासस्थान

**५** अब हामी जान्दछौं कि हामी बस्ने पार्थिव
डेरा भत्किगएपछि, सधैँ रहने हाम्रो
परमेश्वरबाटको एउटा भवन छ, जुन
मानिसहरूको हातले बनाइएको होइन। **२**अहिले
हामी स्वर्गीय वासस्थान धारण गरौं भनेर
सुस्केरा हाल्छौं, **३**किनकि त्यसलाई धारण गऱ्यौं
भने, हामी नाङ्गो देखिनेछैनौं। **४**अनि यस
डेरामा हुँदा त, भारीले थिचिएर हामी सुस्केरा
हाल्छौं, किनकि हामी वस्त्र फुकालिएका होइन
तर हाम्रा स्वर्गीय भवनले ढाकिएका हुन
चाहन्छौं, जसमा मरण अमरताद्वारा निलिएको
होस्। **५**अब परमेश्वरले नै हामीलाई यो विशेष
उद्देश्यको लागि बनाउनुभएको हो अनि के हुन
आउनेछ त्यसको बैनास्वरूप आत्मा दिनुभएको
छ।

**६**यसकारण हामीलाई यो पक्का थाहा छ
अनि हामी जान्दछौं, कि जबसम्म हामी
शरीरको वासस्थानमा छौं, तबसम्म हामी
परमेश्वरदेखि टाढ़ा छौं। **७**हामी दृष्टिले होइन,
तर विश्वासले जिउँछौं। **८**हामीलाई यो पक्का
छ, म भन्छु, कि हामी यस शरीरदेखि टाढ़ा
रहेर प्रभुसित नै रहन चाहन्छौं। **९**यसकारण
हामी शारीरिक डेरामै रहौं अथवा यसदेखि
टाढ़ा रहौं, हामीले उहाँलाई नै प्रसन्न पार्ने
लक्ष्य राखेका छौं। **१०**किनकि हामीले यस
शरीरमा हुँदा, असल कि खराब जे गरेका छौं,
त्यसको फल पाउनलाई हामी सबै खीष्टको
न्यायआसनको अगि उपस्थित हुनुपर्नेछ।

---

**४:६**–उत्पत्ति १:३. **४:१३**–भजन ११६:१०. **५:१०**–रोमी १४:१०.

### मिलापको सेवा

**११**तब, परमेश्वरको डर मान्नु के हो भनी हामीले जानेका हुनाले, हामी मानिसहरूलाई मनाउँछौं । हामी जे छौं त्यो परमेश्वरलाई थाहा छ, अनि म आशा गर्छु कि तिमीहरूको विवेकलाई पनि थाहा नै होला । **१२**हामीले तिमीहरूको सामु आफ्नै तारीफ गर्ने चेष्टा गरिरहेका छैनौं, तर ज-जसले हृदयमा भएका कुराहरूमा होइन तर देखिने कुराहरूमा घमण्ड गर्छन्, तिनीहरूलाई तिमीहरूले जवाफ दिन सक भनेर तिमीहरूलाई हामीमा गर्व गर्ने मौका दिइरहेका छौं । **१३**यदि हाम्रो होश ठेगानमा छैन भने, यो परमेश्वरको खातिर हो; अनि यदि हामी होशमै छौं भने, त्यो तिमीहरूको लागि हो । **१४**खीष्टको प्रेमले हामीलाई विवष पार्दछ, किनकि हामीलाई यो पक्का छ कि एक जना सबैको निम्ति मर्नुभएकोले नै सबै मरेका छन् । **१५**अनि उहाँ सबैको निम्ति मर्नुभएकोले, जति जना बाँचिरहेका छन् तिनीहरू आफ्नै लागि होइन तर तिनीहरूको लागि मर्नुहुने र फेरि पुनर्जीवित हुनुहुनेको लागि बाँचून् ।

**१६**यसकारण अब उप्रान्त हामी कसैलाई पनि सांसारिक दृष्टिकोणले हेर्दैनौं । एकपल्ट हामीले खीष्टलाई पनि यसरी नै हेरेका थियौं, तर अब त त्यसरी हेर्ने छैनौं । **१७**यसकारण, यदि कोही खीष्टमा छ भने, ऊ नयाँ सृष्टि हो; पुराना कुराहरू बितिगए, अब नयाँ आएका छन् । **१८**यी सबै त परमेश्वरबाट हुन्, जसले खीष्टद्वारा हामीलाई मिलापमा ल्याउनुभयो अनि मिलापको सेवा दिनुभयो: **१९**कि मानिसहरूको पापको वास्ता नगरेर परमेश्वरले खीष्टमा संसारलाई मिलापमा ल्याउनु हुँदैथियो । अनि उहाँले हामीलाई मिलापको कार्यको सन्देश सुम्पनुभयो । **२०**परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएझैं, हामी खीष्टको निम्ति राजदूतहरू हौं । हामी खीष्टको पक्षमा तिमीहरूलाई अनुरोध गर्दछौं: परमेश्वरसित मिलापमा रहो । **२१**हामी खीष्टमा परमेश्वरका धार्मिकता बनौं भनी पापै नगर्नु भएकालाई हाम्रो खातिर पाप बनाउनुभयो ।

**६** परमेश्वरका सहकर्मीको नाताले हामी तिमीहरूलाई परमेश्वरको अनुग्रहलाई व्यर्थैमा नलेओ भनी आग्रह गर्छौं । **२**किनकि उहाँ भन्नुहुन्छ,

> “मेरो निगाहको समयमा मैले तिम्रो
> पुकारा सुनें,
> अनि मुक्तिको दिनमा मैले तिमीलाई
> मद्दत गरें ।”

म तिमीलाई भन्दछु, परमेश्वरको निगाहको समय यही हो, मुक्तिको दिन अहिले नै हो ।

### पावलका सङ्कष्टहरू

**३**हाम्रो सेवामाथि दोष नलागोस् भनेर, हामी कसैको बाटामा ठेस लाग्ने कुरो राखिदिँदैनौं । **४**बरु, परमेश्वरका दासहरू भएको नाताले हामी आफैलाई प्रत्येक कुरामा समर्पण गर्दछौं: धेरै सहनशीलतामा, सङ्कष्टहरूमा, कठिन अवस्थाहरूमा अनि सन्तापहरूमा, **५**पिटाइहरूमा, कैदहरूमा अनि हूलदङ्गाहरूमा; कठोर परिश्रममा, निद्राविहीन रातहरूमा अनि भोकमा; **६**शुद्धतामा, समझमा, धीरज र दयामा; पवित्र आत्मामा अनि छलरहितको प्रेममा; **७**सत्य बोलीमा, अनि धार्मिकताको हतियारसित परमेश्वरको सामर्थमा; दाहिने हातमा अनि देब्रे हातमा; **८**महिमा अनि अनादरमा, बद्नाम भए सुनाममा, साँचा भए पनि छली ठानिएकोमा; **९**चिनिएको, र पनि नचिनिएको ठानिएकोमा; मर्दै गरेको र पनि बाँचेको; पिटिएको, र पनि नमारिएको; **१०**दु:खपूर्ण, र पनि सधैं आनन्द गर्ने; गरीब, र पनि धेरैलाई धनी बनाउने; केही नभएका, र पनि सबैथोक भएका जस्ता छौं ।

**११**हे कोरिन्थवासी हो, हामीले तिमीहरूलाई

---

**६:२**–यशैया ४९:८. **६:५**–प्रेरित १६:२३.

प्रष्टै भनिदिएका छौं अनि तिमीहरूलाई हाम्रो
हृदय पूर्ण रूपले खोलिदिएका छौं । **१२**हामीले
आफ्नो स्नेह तिमीहरूदेखि जोगाइराखेका छैनौं,
तर तिमीहरूको स्नेहचाहिँ तिमीहरूले हामीसित
रोकिराखेका छौ । **१३**म तिमीहरूलाई आफ्नै
बालकहरूलाई जस्तै गरी भन्छु, सन्तोषजनक
साटासाटको रूपमा तिमीहरूका हृदय पनि
पूरा गरी खोलिदेओ ।

### अविश्वासीहरूसित एउटै हलोमा ननारिओ

**१४**अविश्वासीहरूसित एउटै जुवामा
ननारिओ । किनकि धार्मिकता र दुष्टताको के
समानता छ र ? अथवा ज्योतिको अन्धकारसित
केको सङ्गति हुन्छ र ? **१५**ख्रीष्ट र शैतानको के
मेल हुन्छ र ? एक जना विश्वासी अनि
अविश्वासीमा के समानता हुन्छ र ?
**१६**परमेश्वरको मन्दिर र मूर्तिको के सम्झौता
हुन्छ र ? किनकि हामी जीवित परमेश्वरका
मन्दिर हौं । परमेश्वरले जसरी भन्नुभएको छ:
"म तिनीहरूसँग बस्नेछु, अनि तिनीहरूसित
हिँड्डुल गर्नेछु, अनि म तिनीहरूका परमेश्वर
हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन् ।"

**१७** "यसकारण तिनीहरूका बीचबाट
निस्किआओ अनि अलग होओ,
परमप्रभु भन्नुहुन्छ ।
अशुद्ध थोक नछोओ,
अनि म तिमीहरूलाई ग्रहण गर्नेछु ।"

**१८** "म तिमीहरूका बाबु हुनेछु
अनि तिमीहरू मेरा छोराछोरी हुनेछौ,
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"

**७** प्रिय मित्रहरू हो, हामीहरूसित यी
प्रतिज्ञाहरू भएकाले, परमेश्वरप्रति श्रद्धा
राखेर पवित्रतालाई सिद्ध तुल्याउँदै शरीर र
आत्मालाई अशुद्ध पार्ने प्रत्येक थोकदेखि
आफैलाई शुद्ध राखौं ।

### पावलको आनन्द

**२**तिमीहरूका हृदयमा हाम्रो लागि ठाउँ
राख । हामीले एउटैको पनि खराबी गरेका
छैनौं, एउटैलाई पनि भ्रष्ट पारेका छैनौं, एउटैबाट
पनि फाइदा उठाएका छैनौं । **३**म यो तिमीहरूलाई
दद्द गर्नलाई भन्दिनँ; मैले पहिल्यै भनें, हाम्रा
हृदयमा तिमीहरूको यस्तो स्थान छ कि हामी
तिमीहरूसितै बाँच्ने र मर्नेछौं । **४**तिमीहरूमाथि
मेरो ठूलो विश्वास छ; मलाई तिमीहरूमाथि
गर्व छ । म धेरै उत्साहित भएको छु; हाम्रा सबै
सङ्कष्टहरूमा मेरो आनन्दको सीमा रहेको छैन ।

**५**किनकि जब हामी म्यासिडोनियामा आएका
थियौं, तब हाम्रा शरीरले केही विश्राम पाएका
थिएनन्, तर बाहिर संघर्ष अनि भित्र डर
भएकाले चारैतिरबाट हैरान भएका थियौं ।
**६**तर हताश भएकाहरूलाई सान्त्वना दिनुहुने
परमेश्वरले तीतसको आगमनद्वारा हामीलाई
सान्त्वना दिनुभयो, **७**अनि तिनी आएकाले मात्र
होइन तर तिमीहरूले तिनलाई दिएका
सान्त्वनाले पनि । तिनले मप्रति तिमीहरूको
चाहना र गहिरो दु:ख र वास्ताबारे बताए, र
म अझै बढ़ी आनन्दित भएको छु ।

**८**मैले मेरो पत्रद्वारा तिमीहरूलाई दु:ख
पुऱ्याए तापनि, मलाई यसको पछुतो छैन ।
मैले पछुतो गरे पनि मेरो पत्रले तिमीहरूलाई
केही क्षण मात्र चोट पुऱ्याएको देख्छु– **९**तर
अब म खुशी छु, तिमीहरू दु:खी भएकोमा त
होइन, तर तिमीहरूको दु:खले तिमीहरूलाई
पश्चात्तापी तुल्याएकोमा । किनकि तिमीहरू
परमेश्वरले चाहनुभएकाले नै दु:खी भयौ अनि
यसरी तिमीहरूलाई हामीबाट केही हानी
भएन । **१०**ईश्वरीय सन्तापले पश्चात्ताप ल्याउँछ
जसले मुक्तितिर लान्छ अनि पछुतो हुँदैन, तर
सांसारिक सन्तापले त मृत्यु ल्याउँछ । **११**हेर त
यो ईश्वरीय सन्तापले तिमीहरूमा के उत्पन्न
गरायो: कस्तो तत्परता, आफैलाई स्वच्छ राख्ने
कस्तो उत्सुकता, बेठीकप्रति कस्तो रीस, कस्तो

**६:१६**–लेवी २६:१२; इजकिएल ३७:२७; १ कोरिन्थी ३:१६; ६:१९. **६:१७**–यशैया ५२:११.
**६:१८**–२ शमूएल ७:१४; १ इतिहास १७:१३; यशैया ४३:६; यर्मिया ३१:९. **७:५**–२ कोरिन्थी २:१३.

आत्तुरी, कस्तो तृष्णा, कस्तो वास्ता, कस्तो न्याय
परायणता । तिमीहरूले प्रत्येक विषयमा
आफैलाई निर्दोष सावित गरायौ । **१२**यसकारण
मैले तिमीहरूलाई लेखे तापनि, तिमीहरूले
दोष गर्‍यौ भन्ने लेखा लिने जस्तो गरी त
होइन, नता दोष लगाइएकोलाई भैँ, तर बरु
तिमीहरू हामीप्रति कतिको निष्ठावान छौ भनी
परमेश्वरको सामु आफैले देख्नसक भनेर हो ।
**१३**त्यसैले यी सबैबाट हामी उत्साहित बनेका
छौं ।

हाम्रा आफ्नै उत्साहबाहेक, तीतसको आत्मा
तिमीहरू सबैद्वारा कति ताजा भएको थियो
भनी तिनी कति खुशी भएका थिए र नै
हामी विशेष रूपले आनन्दित भएका थियौं ।
**१४**मैले तिमीहरूको विषयमा गर्व गर्ने कुरा
तिनीसित गरेथें, अनि तिमीहरूले मलाई
अन्योलमा पारेनौ । तर हामीले तिमीहरूलाई
भनेका सबै कुरा साँचो हुनाले, हामीले तीतससित
तिमीहरूबारे गर्व गरेको पनि साँचो नै थियो ।
**१५**तिमीहरूले तिनलाई डर र कम्पसाथ ग्रहण
गर्‍यौ अनि तिमीहरू सबै आज्ञाकारी थियौ
भनी जब तिनले सम्झन्छन्, तब तिमीहरूप्रति
तिनको स्नेह अझ बढेर जान्छ । **१६**तिमीहरूमाथि
म सम्पूर्ण रूपले भरोसा राख्न सक्छु भनेर म
खुशी छु ।

### उदारताको निम्ति प्रोत्साहन

**८** अब, हे भाइहरू हो, परमेश्वरले
म्यासिडोनियाका मण्डलीहरूलाई
दिनुभएको अनुग्रहबारे तिमीहरूले जान भनी
म चाहन्छु । **२**अति डरलाग्दा परीक्षाहरूमा
पनि, तिनीहरूको प्रशस्त आनन्द र तिनीहरूका
अत्यन्त दरिद्रताबाट पनि तिनीहरूले उदार चित्तले
दान दिए । **३**किनकि म यो साक्षी दिन्छु कि
तिनीहरूले दिनसक्नेसम्म दिए, अनि तिनीहरूको
औकातभन्दा बढी स्वेच्छापूर्वक दिए ।
**४**सन्तहरूको सेवाको लागि केही दिने सौभाग्य
पाऊँ भनी हामीसित तिनीहरूले खुरुन्धार बिन्ती
गरे । **५**अनि तिनीहरूले हामीले आशा गरेजति
त गरेनन्, तर परमेश्वरको इच्छा पालन
गराइमा तिनीहरूले आफै आफैलाई पहिले
परमेश्वरकहाँ अनि हामीकहाँ पनि दिइहाले ।
**६**यसकारण तीतसले पहिलेबाटै काम थालेका
हुनाले, हामीले तिनलाई तिमीहरूको कृपाको
कामको यस भागलाई सिध्याइदिने आग्रह
गर्‍यौं । **७**तर तिमीहरूले प्रत्येक कुरामा
अर्थात् विश्वासमा, बोलीमा, ज्ञानमा, सम्पूर्ण
तत्परतामा अनि हामीप्रति तिमीहरूको प्रेममा
सर्वश्रेष्ठता देखाएझैँ तिमीहरूले दिने काममा
पनि सर्वश्रेष्ठता देखाओ ।

**८**म तिमीहरूलाई आज्ञा त दिन्नँ, तर
अरूको तत्परतासित तिमीहरूको प्रेमको
निष्कपटता जाँच्न चाहन्छु । **९**किनकि तिमीहरूले
हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह त जान्दछौ,
कि उहाँको दरिद्रताबाट तिमीहरू धनी बन
भनेर, उहाँ धनी हुनु भईकन पनि तिमीहरूको
खातिर दरिद्र हुनुभयो ।

**१०**अनि तिमीहरूको लागि के चाहिँ उत्तम
होला भनेर यस विषयमा एउटा सल्लाह यस्तो
छ: बितेको वर्ष तिमीहरू दिनुमा मात्र होइन
तर यसो गर्ने इच्छा पाउनको लागि पनि प्रथम
थियौ । **११**अब यस कामलाई सिध्याइदेओ, जसमा
तिमीहरूको यो गर्ने इच्छाचाहिँ तिमीहरूले
साधनअनुसार दिएर पूरा गरेको कारणले
सुहाउँदो होस् । **१२**किनकि इच्छा छ भने, कसैसित
नभएअनुसार होइन तर ऊसित भएअनुसारको
दान ग्रहणयोग्य हुन्छ ।

**१३**हाम्रो इच्छा यो होइन कि तिमीहरूमाथि
बढ़ी भार लगाएर अरूलाई चाहिँ हलुका होस्,
तर समानता होस् भन्ने हो । **१४**वर्तमान् समयमा
तिमीहरूको प्रशस्तताबाट तिनीहरूको खाँचो
टर्छ, जसमा तिमीहरूको खाँचो पनि समयमा
तिनीहरूको प्रशस्तताबाट टरोस् । तब समानता
हुन्छ, **१५**जसरी धर्मशास्त्रमा लेखिएको छ,
“धेरै बटुल्नेसित अति ज्यादा भएन, अनि कम
बटुल्नेसित अति थोरै भएन ।”

---

**८:१-४**–रोमी १५:२६. **८:१५**–प्रस्थान १६:१८.

### तीतस कोरिन्थमा पठाइएका

**१६**म परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछु, कि तिमीहरूप्रति मेरो जुन वास्ता थियो त्यो उहाँले तीतसको हृदयमा हालिदिनुभयो ।
**१७**किनकि तीतसले हाम्रो बिन्ती सुने मात्र होइन, तर तिनी आफ्नै प्रोत्साहनमा खूबै उत्साहसाथ आइरहेछन् । **१८**अनि हामी तिनीसित त्यस भाइलाई पठाउँदैछौं, जसलाई सबै मण्डलीहरूले उसको सुसमाचारप्रतिको सेवाको प्रशंसा गर्दछन् । **१९**अनि अझ बढ़ी, प्रभुको सम्मान अनि हाम्रो सहायता दिने उत्सुकता देखाउनलाई हामीले जसै भेटी लैजान्छौं, त्यसको लागि पनि हामीसित ऊ जाओस् भनी मण्डलीहरूले उसलाई चुनेका थिए । **२०**यस उदारपूर्ण भेटीलाई हामी कसरी चलाउँछौं यसबारे हामी कुनै आलोचना सुन्न चाहँदैनौं ।
**२१**किनकि परमेश्‍वरको नजरमा मात्र होइन तर मानिसहरूको नजरमा पनि आदरणीय काम गर्ने कष्ट हामीले उठाइरहेका छौं ।

**२२**यसबाहेक, हामी तिनीहरूसित हाम्रा एक भाइलाई पठाउँदैछौं, जसले ऊ उत्साही छ भन्ने धेरै किसिमले हामीलाई प्रमाणित गरिसकेको छ, अनि अझ बढ़ी उसको तिमीहरूप्रति ठूलो भरोसा छ । **२३**तीतसको विषयमा, तिमीहरू बीच तिनी मेरा साझेदार र सहकर्मी हुन्; हाम्रा भाइहरूको विषयमा, तिनीहरू मण्डलीहरूका प्रतिनिधिहरू अनि ख्रीष्टको निम्ति आदर हुन् । **२४**यसकारण मण्डलीहरूले देखून् भनी यी मानिसहरूलाई तिमीहरूको प्रेम र हामीले तिमीहरूमा किन गर्व गर्दा रहेछौं भनी देखाइदेओ ।

**९** सन्तहरूप्रतिको सेवाबारे मैले तिमीहरूलाई लेख्नु खाँचो छैन । **२**मलाई तिमीहरूको मद्दत दिने उत्सुकता थाहा छ, अनि बितेको वर्षदेखि तिमीहरू अखैयामा भएकाहरू दिन तयार थियौ र तिमीहरूको जोशले गर्दा तिनीहरूमध्ये धेरै नै काम गर्न तम्सेका छन् भनी मैले म्यासिडोनियाकाहरूसित यसबारे गर्व गर्दै आएको छु । **३**तर तिमीहरूबारे यस विषयमा हाम्रो गर्व खोक्रो नहोस्, तर तिमीहरू तयार रहनेछौ भनी मैले भनेझैँ तिमीहरू तयार रहो भनी यी भाइहरूलाई पठाइरहेछु । **४**किनकि यदि म्यासिडोनियाका मानिसहरू मसित आउँदा तिमीहरू तयार नरहेको भेट्टाए भनेता– तिमीहरूबारे केही नभनेर– तिमीहरूमाथि यति धेरै भरोसा राखेकोमा हामी शर्ममा पर्नेछौं ।
**५**यसकारण यी भाइहरूलाई तिमीहरूकहाँ अघिबाटै पठाउने आग्रह गरेर तिमीहरूले प्रतिज्ञा गरेका उदारपूर्ण भेटीको प्रबन्ध मिलाइहाल भन्न मलाई आवश्यक लाग्यो । तब यो चित्त दुखाएर दिएको भेटी नभएर उदारपूर्ण भेटी हुनेछ ।

### उदारतासाथ छर्नु

**६**यो याद राख: किफायतीसाथ छर्नेले किफायतीसाथ कटनी गर्नेछ, अनि प्रशस्ततासाथ छर्नेले प्रशस्ततासाथ कटनी गर्नेछ । **७**प्रत्येक मानिसले आफ्नो हृदयमा निर्णय गरेअनुसार देओस्, मन नगरी नगरी अथवा करले होइन, किनकि खुशीसाथ दिनेलाई परमेश्‍वरले प्रेम गर्नुहुन्छ । **८**अनि परमेश्‍वरले सारा अनुग्रह तिमीहरूलाई दिनसक्नुहुन्छ, जसमा सबै कुरामा, सब समय, तिमीहरूलाई चाहिएका सबथोक पाएर, तिमीहरू प्रत्येक असल काममा सहभागी भएका होओ । **९**जसरी धर्मशास्त्रमा लेखिएको छ:

> "त्यसले गरीबहरू बीच आफ्ना
> भेटीहरू छरेको छ;
> उसको धार्मिकता सदासर्वदै रहिरहन्छ ।"

**१०**अब जसले छर्नेलाई बीउ र खानलाई रोटी दिनुहुन्छ उहाँले नै तिमीहरूलाई भोजनको भण्डार दिएर त्यसको वृद्धि गरिदिनुहुन्छ अनि तिमीहरूका धार्मिकताको कटनी बढ़ाइदिनुहुनेछ । **११**हर समय उदार हुन सक भनेर तिमीहरू प्रत्येक कुरामा धनी हुनेछौ, अनि

---

**८:२१**–हितोपदेश ३:४. **९:९**–भजन ११२:९. **९:१०**–यशैया ५५:१०.

हामीद्वारा तिमीहरूको उदारता परमेश्वरमा
कृतज्ञता हुनेछ ।
**१२**तिमीहरूले गरेको यो सेवा परमेश्वरका
जनहरूको खाँचोमा दिन मात्र होइन तर
परमेश्वरलाई धन्यवाद दिने कार्यमा अझ प्रशस्त
हुँदै जाने कुरा हो । **१३**तिमीहरूले आफ्ना
सेवाद्वारा आफैलाई प्रमाणित गरेको कारण,
तिमीहरूको ख्रीष्टको सुसमाचारको साथ
तिमीहरूको आज्ञाकारीताको लागि अनि
तिनीहरू र तिनीहरूसित भएका अरूहरूप्रति
तिमीहरूको उदारताको लागि मानिसहरूले
परमेश्वरको प्रशंसा गर्नेछन् । **१४**अनि तिमीहरूको
निम्ति तिनीहरूले गरेका प्रार्थनामा तिनीहरूको
हृदय तिमीहरूप्रति लाग्नेछ, जुन परमेश्वरले
तिमीहरूलाई दिनुभएको अत्यधिक अनुग्रहको
कारणले गर्दा हो । **१५**परमेश्वरलाई उहाँको वर्णन
नै गर्न नसकिने दानको निम्ति धन्यवाद होस् !

### पावल आफ्नो सेवकाईको पक्षमा

**१०** ख्रीष्टको नम्रता र भद्रताद्वारा म पावल,
तिमीहरूलाई यो भन्छु कि तिमीहरूका
सामुन्ने हुँदा म "कातर" हुन्छु, तर टाढ़ा
हुँदाचाहिँ "आँटिलो" । **२**हामी यस संसारको
नापले जिउँछौं भनी हिँड्ने कति मानिसहरूप्रति
हामी जत्तिको आँटिलो देखिनुपर्ने त्यति हुनेछैनौं
भनी म तिमीहरूलाई बिन्ती गर्छु । **३**किनकि
हामी यस संसारमा रहे तापनि, हामी संसारले
जस्तो युद्ध त गर्दैनौं । **४**हामीले चलाउने हतियार
यस संसारका हतियार होइनन् । यसको
विपरीत किल्लाहरू भत्काउनलाई हाम्रा
हतियारहरूको त ईश्वरीय शक्ति हुन्छ । **५**हामी
त परमेश्वरको ज्ञानको विरुद्धमा उठ्ने तर्कहरू
अनि आडम्बरहरू पो भत्काउँछौं, अनि ख्रीष्टप्रति
आज्ञाकारी बनाउनलाई प्रत्येक विचारलाई कैदी
बनाउँछौं । **६**अनि तिमीहरूको आज्ञाकारीता
पूर्ण भएपछि, हामी अनाज्ञाकारीताको प्रत्येक
कामलाई दण्ड दिनेछौं ।
**७**तिमीहरूले त बाहिरी कुराहरूलाई मात्र
हेरिरहेका छौ । यदि कसैलाई म ख्रीष्टको
हुँ भन्ने निश्चयता छ भने, त्यसले यो पनि
ठानोस् कि हामी पनि ऊ जत्तिकै ख्रीष्टका
हौं । **८**किनकि तिमीहरूलाई भत्काउनलाई
होइन तर बनाउनलाई प्रभुले दिनुभएको
अधिकारबारे मैले गर्व गरे तापनि, म यसको
लागि शर्म मान्ने छैनँ । **९**तिमीहरूलाई मेरा
पत्रहरूद्वारा डर देखाउने जस्तो देखिएको हुन
म चाहन्नँ । **१०**किनकि कतिले भन्छन्, "उसका
पत्रहरू त गहकिला र प्रभावशाली हुन्छन्, तर
सामुन्ने त शरीरको निर्धो अनि उसको बोली
पनि व्यर्थको छ ।" **११**यस्ता मानिसहरूले यो
थाहा गर्नुपर्छ कि हामी अनुपस्थित हुँदा हाम्रा
पत्रहरूमा जे छौं, उपस्थित हुँदा हाम्रा
कामहरूमा पनि त्यस्तै हुनेछौं ।
**१२**आफ्नै तारीफ गर्ने कति जनासित हामी
आफैलाई एकै दर्जामा राखेर तुलना गर्ने आँट
गर्दैनौं । जब तिनीहरूले आफैलाई आफैसित
नाप गर्छन् अनि आफैलाई आफैसित तुलना
गर्छन्, तब तिनीहरू बुद्धिमान् होइनन् । **१३**हामी
त सीमा नाघेर गर्व गर्दैनौं, तर परमेश्वरले
तोकिदिनुभएको क्षेत्रभित्र आफ्नो गर्वलाई सीमित
राख्छौं, अर्थात् त्यो क्षेत्र जो तिमीहरूसम्म पनि
पुग्छ । **१४**हामी आफ्नो गर्वलाई त्यति टाढ़ा
जान दिँदैनौं, तर तिमीहरूसम्म मात्र सीमित
तुल्याउँछौं, जसका बीचमा हामीले ख्रीष्टको
सुसमाचार ल्यायौं । **१५**नता हामी अरूले
गरेका कामहरूको लागि गर्व गरेर सीमा नाघ्न
चाहन्छौं । हाम्रो आशा त यही हो, कि जसै
तिमीहरूको विश्वास बढ्दै जान्छ, त्यस्तै
तिमीहरूका बीचमा हाम्रो कर्मक्षेत्र पनि ज्यादै
बढ़्नेछ, **१६**जसमा हामी तिमीहरूभन्दा टाढ़ासम्म
सुसमाचार प्रचार गर्न सकौं । किनकि अरू
मानिसको इलाकामा भइसकेको कामको लागि
हामी गर्व गर्न चाहँदैनौं । **१७**तर, "गर्व गर्नेले
प्रभुमा नै गर्व गरोस् ।" **१८**किनकि आफैलाई
प्रशंसा गर्ने मानिस स्वीकार गरिँदैन, तर त्यो
मात्र जसको प्रशंसा परमेश्वरले गर्नुहुन्छ ।

---

**१०:१७**–यर्मिया ९:२४.

### पावल र झूटा प्रेरितहरू

**११** तिमीहरूले मेरो केही मूर्खता सहिदिनेछौ
भनी म आशा गर्छु; तर तिमीहरूले
अघिबाटै सहिदिएका पनि छौ । **२**म तिमीहरूप्रति
ईश्वरीय डाहले डाही बनेको छु । एउटै पतिकी
पवित्र दुलहीका रूपमा तिमीहरूलाई ख्रीष्ट साम्
प्रस्तुत गर्न म प्रतिज्ञा गर्दछु । **३**तर हव्वालाई
सर्पको छलले धोका दिएझैँ ख्रीष्टप्रतिको
तिमीहरूको छलरहित र शुद्ध भक्तिबाट
तिमीहरूलाई कुनै प्रकारले अल्मल्याएर लानेछ
भन्ने मलाई डर लागेको छ । **४**किनकि यदि
कोही आएर तिमीहरूलाई हामीले प्रचार
गरेको येशूबाहेक अर्को येशूको प्रचार गर्छ,
अथवा तिमीहरूले पाएका बाहेक अर्को आत्मा
तिमीहरूले पाउँछौ, अथवा तिमीहरूले ग्रहण
गरेका बाहेक अर्को सुसमाचार पाउँछौ
भने, यस्तालाई तिमीहरूले सजिलैसित सहँदा
रहेछौ । **५**तर ती "ठूला प्रेरितहरू" भन्दा म
सानो छु जस्तो म सम्झदिनँ । **६**म एक जना
तालीम प्राप्त वक्ता जस्तै नहुँला, तर मसित
ज्ञान छ । यो हामीले तिमीहरूलाई हर किसिमले
स्पष्ट गरिसकेका छौं ।

**७**के मैले तिमीहरूलाई उच्च पारूँ भनेर
परमेश्वरको सुसमाचार विनामूल्यमा प्रचार
गर्नलाई आफैलाई होच्याएर पाप गरें ?
**८**तिमीहरूको सेवा गरूँ भनेर मैले अरू
मण्डलीबाट आर्थिक सहायता लिएर तिनीहरूलाई
लुटें । **९**अनि जब म तिमीहरूसित हुँदा मलाई
खाँचो परेथ्यो, त्यसबेला म कसैको बोझ भइनँ,
किनकि म्यासिडोनियाबाट आएका भाइहरूले
मेरो खाँचो पूरा गरिदिए । मैले कुनै किसिमले
तिमीहरूको बोझ हुनबाट आफैलाई अलग
राखें र पछि पनि राख्नेछु । **१०**ममा ख्रीष्टको
सत्यता भएझैँ, अखैयाको प्रान्तमा भएको कसैले
पनि मेरो गर्वलाई रोक्न सक्दैन । **११**किन ? के
म तिमीहरूलाई प्रेम गर्दिनँ ? म प्रेम गर्छु भनी
परमेश्वर जान्नुहुन्छ ! **१२**अनि तिनीहरूले गर्व
गरेका कुराहरूमा हामीसित बराबर हुने मौका
खोज्नेहरूको दावीलाई रद्द गराउनलाई मैले
गरिरहेको काम म गरिरहनेछु ।

**१३**किनकि यस्ताहरू त ख्रीष्टका प्रेरितको
भेषमा आउने झूटा प्रेरितहरू, छलका काम
गर्नेहरू हुन् । **१४**तर केही अचम्म छैन, किनकि
शैतान आफैले पनि स्वर्गदूतको भेष लिएर
आउँछ । **१५**त्यसका दूतहरूले पनि धार्मिकताका
दासहरूको भेष लिएर आए भने, यो कुनै
अचम्मको कुरो होइन । तिनीहरूको अन्त्य
तिनीहरूका कामअनुसार हुनेछ ।

### पावल आफ्ना सङ्कष्टहरूमा गर्व गर्छन्

**१६**म फेरि भन्दछु: कसैले मलाई मूर्ख
नसम्झोस् । तर यदि सम्झन्छौ भने, मलाई
मूर्खलाई ग्रहण गरेझैँ ग्रहण गर र म केही
गर्व गरूँ । **१७**आफैमा भरोसा राख्ने गर्वमा म
परमेश्वरले चाहनुभएझैँ होइन, तर एउटा मूर्खले
झैँ बोलिरहेको छु । **१८**किनकि धेरैले संसारले
जस्तो गर्व गरिरहेका हुनाले, म पनि त्यसरी नै
गर्व गर्नेछु । **१९**तिमीहरू बुद्धिमानी भएकाले
खुशीसाथ मूर्खहरूलाई सहँदछौ ! **२०**वास्तवमा,
तिमीहरू त तिमीहरूलाई कमारा तुल्याउनेहरूलाई,
अथवा तिमीहरूलाई शोषण गर्नेहरूलाई, अथवा
तिमीहरूबाट फायदा उठाउनेहरूलाई, अथवा
तिमीहरूलाई घचेट्ने वा अनुहारमा थप्पड़
लाउनेहरूलाई पनि सहँदछौ । **२१**म शर्मको
साथ यो स्वीकार गर्छु, कि यस्ता कामको लागि
हामी अति नै कमजोर थियौं ।

म मूर्खले झैँ बोलिरहेछु, कि कसैले जे
कुरामा गर्व गर्छ, म पनि त्यही कुरामा गर्व
गर्छु । **२२**के तिनीहरू हिब्रूहरू हुन् ? म पनि
हुँ । के तिनीहरू इस्राएलीहरू हुन् ? म पनि
हुँ । के तिनीहरू अब्राहामका वंश हुन् ? म
पनि हुँ । **२३**के तिनीहरू ख्रीष्टका सेवकहरू
हुन् ? म त झन् बढ़ी हुँ (म बौलाहाझैँ
बोलिरहेछु) । मैले अझ कठोर परिश्रम गरेको
छु, म झन् घरीघरी कैदमा परेको छु, झन्
बढी कोर्राले पिटिएको छु, अनि बारम्बार

---

**११:३**–उत्पत्ति ३:१-५, १३. **११:९**–फिलिप्पी ४:१५-१८. **११:२३**–प्रेरित १६:२३.

मृत्युको मुखमा परेको छु । २४पाँचपल्ट मैले
यहूदीहरूबाट एक कम चालीस कोर्रा खाएको
छु । २५तीनपल्ट म लौरोले पिटिएको छु, एकपल्ट
ढुङ्गाले हानिएको छु, तीनपल्ट जहाज डुब्ने
घटनामा परेको छु, मैले एक रात एक दिन
खुला समुद्रमा बिताएको छु । २६म लगातार
अगि बढ़िरहेको छु । म नदीहरूको जोखिममा
परेको छु, डाँकुहरूको जोखिममा, आफ्नै
देशवासीहरूको जोखिममा, गैर-यहूदीहरूको
जोखिममा; शहरको जोखिममा, देशको
जोखिममा, समुद्रको जोखिममा; अनि झूटा
भाइहरूको जोखिममा परेको छु । २७मैले कठोर
परिश्रम गरेको छु, म नसुती बसेको छु, मैले
भोक र तिर्खा जानेको छु, अनि धेरैपल्ट नखाई
बसेको छु; मैले जाड़ो र नग्नता भोगेको छु ।
२८यीबाहेक, सधैं सबै मण्डलीहरूप्रतिका
वास्ताले थिचिएको हुन्छु । २९को कमजोर छैन
र म कमजोर महसुस नगरूँ ? को पापमा पर्दा
म व्याकुल हुँदिनँ ?

३०यदि मैले गर्व गर्नुपरेछ भने, म मेरा
कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु ।
३१मैले झूट बोलिरहेको छैन भनी सधैं प्रशंसा
पाइरहनुपर्ने प्रभु येशूका परमेश्वर पिताले
जान्नुहुन्छ । ३२दमस्कसमा राजा अरितसका
अधीनका हाकिमले मलाई पक्रनु भनेर दमस्कस
शहरमा पहरा राखेका थिए । ३३तर मलाई
एउटा टोकरीमा हालेर पर्खालको झ्यालबाट
तल झारिदिएर तिनको हातबाट उम्काइदिए ।

## पावलको दर्शन र तिनको काँढ़ो

१२ मलाई गर्व गरिरहनु खाँचो छ । यसबाट
केही फाइदा नभए तापनि, मैले प्रभुबाट
पाएका दर्शन र प्रकाशहरूका कुरा गर्नेछु ।
२म ख्रीष्टमा भएको यस्तो एक जना मानिसलाई
चिन्छु, जो चौध वर्ष अघि तेस्रो स्वर्गसम्म
उचालेर लगियो । शरीरमा हो कि शरीरविनै
त्यो त म जान्दिनँ– तर परमेश्वर नै जान्नुहुन्छ ।
३अनि म त्यस मानिसलाई चिन्छु– शरीरमा
कि शरीरविनै त्यो म जान्दिनँ, तर परमेश्वर
जान्नुहुन्छ– ४ऊ स्वर्गलोकमा उचालिएर
लगियो । उसले वर्णन गर्न नसकिने कुराहरू
सुन्यो, यस्ता कुरा जो भन्ने अनुमति त्यस
मानिसलाई छैन । ५म त्यस्ता मानिसबारे गर्व
गर्छु, तर म आफ्नो कमजोरीबाहेक अरू
कुरामा गर्व गर्दिनँ । ६यदि मैले गर्व गर्न खोजें
भने पनि, म मूर्ख हुने थिइनँ, किनकि म सत्य
बोलिरहेको हुनेथिएँ । तर मानिसले ममा देखेको
र मबाट सुनेकोभन्दा बढ़ी मलाई नठानोस्
भनी म गर्व गर्नदेखि थामिन्छु ।

७यी सर्वोत्तम प्रकाशहरूको कारण मलाई
आत्माभिमानदेखि अलग राख्नलाई, मलाई दु:ख
दिनलाई मेरो शरीरमा एउटा काँढ़ो, शैतानको
एउटा दूत दिइएको थियो । ८यो मबाट हटोस्
भनी मैले प्रभुसित तीनपल्ट बिन्ती गरें ।
९तर उहाँले मलाई भन्नुभयो, “मेरो अनुग्रह
तिमीमा प्रशस्त छ, किनकि मेरो शक्ति
दुर्बलतामा सिद्ध हुन्छ ।” यसकारण ख्रीष्टको
शक्ति ममा बास गरोस् भनेर म अझ
खुशीसाथ मेरा कमजोरीहरूमा गर्व गर्नेछु ।
१०यसकारण, ख्रीष्टको खातिर, म कमजोरीहरूमा,
अपमानहरूमा, कठिनाइहरूमा, सतावटहरूमा,
विपदहरूमा पनि आनन्दित हुनेछु । किनकि
जब म कमजोर छु, तब म बलियो हुन्छु ।

## कोरिन्थवासीहरूप्रति पावलको वास्ता

११मैले आफैलाई मूर्ख बनाएँ, तर तिमीहरूले
नै मलाई यसो गर्न लगायौ । मैले तिमीहरूबाट
प्रशंसा पाउनुपर्ने थियो, किनकि म केही नभए
तापनि म अरू “सर्वोच्च प्रेरितहरू” भन्दा
कम त छैन । १२प्रेरितमा हुनुपर्ने लक्षण अर्थात्
चिन्हहरू, चमत्कारहरू अनि आश्चर्यकर्महरू
अथक प्रयत्नसाथ तिमीहरूका बीचमा
गरिएका थिए । १३तर म तिमीहरूका निम्ति
बोझ भइनँ भन्ने कुराबाहेक तिमीहरू अरू
मण्डलीहरूभन्दा कसरी कम थियौ ? यस भूलका
लागि मलाई क्षमा देओ !

---

**११:२४**–व्यवस्था २५:३. **११:२५**–प्रेरित १६:२२; १४:१९. **११:२६**–प्रेरित ९:२३; १४:१५. **११:३२–३३**–प्रेरित ९:२३-२५.

**१४**अब म तिमीहरूकहाँ तेस्रोपल्ट आउन
तयार छु, अनि म तिमीहरूको निम्ति बोझ
हुनेछैनँ, किनकि म तिमीहरूका सम्पत्ति होइन
तर तिमीहरूलाई चाहन्छु । बालबच्चाहरूले
आमाबाबुको निम्ति जम्मा गर्नुपर्ने त होइन,
बरु आमाबाबुले पो बालबच्चाको निम्ति
सोच्नुपर्ने हो । **१५**यसकारण मसित जे छन् ती
म तिमीहरूको निम्ति खुशीसित खर्च गर्नेछु
अनि म आफैलाई पनि खर्च गरिदिनेछु । यदि
मैले तिमीहरूलाई बढ़ी प्रेम गरें भने, के
तिमीहरूले मलाई कम प्रेम गर्नेछौ ? **१६**जे भए
तापनि, म तिमीहरूको बोझ भइनँ, र पनि म
कति चलाख थिएँ कि, मैले तिमीहरूलाई
धूर्ततापूर्वक फसाएँ ! **१७**के मैले पठाएका कुनै
मानिसद्वारा मैले तिमीहरूलाई शोषण गरें ?
**१८** मैले तीतसलाई तिमीहरूकहाँ जानलाई आग्रह
गरें अनि मैले हाम्रा भाइलाई तिनीसित पठाएँ ।
तीतसले तिमीहरूलाई शोषण गरेनन्, कि
गरे ? के हामीले त्यही आत्मामा काम गरेर
त्यही बाटो पहिल्याएनौं र ?

**१९**हामीले तिमीहरूप्रति आफ्नै बारेमा सफाइ
दिइरहेका छौं भनी के सधैं तिमीहरूले
सम्झिरहेका छौ ? खीष्टमा भएकाहरूझैं,
हामीले परमेश्वरकै दृष्टिमा बोल्दै आएका
छौं; अनि हे भाइ हो, हामी जे गर्छौं, त्यो
तिमीहरूलाई बलियो तुल्याउनलाई नै हो ।
**२०**किनकि म आउँदा मैले तिमीहरूलाई
जस्तो भएको चाहन्छु त्यस्तो नभेट्टाउँला
अनि तिमीहरूले पनि मलाई जस्तो भएको
चाहन्छौ त्यस्तो नभेट्टाऔला भन्ने मलाई
डर लागेको छ । शायद झगड़ा, ईर्ष्या,
रीस पोख्ने काम, गुटबन्दी, निन्दा, गफ,
अहंकार अनि अस्तव्यस्तता पनि होला
भन्ने मलाई डर लागेको छ । **२१**म फेरि
आउँदा मेरा परमेश्वरले मलाई तिमीहरूको
साम्मु होच्याउनुहुनेछ भन्ने मलाई डर
लागेको छ, अनि म ती धेरैसित दु:खी
हुनेछु जसले पहिल्यै पाप गरेर पनि तिनीहरू
संलग्न रहेका अशुद्धताबाट, यौन सम्बन्धी पापबाट
अनि छाड़ापनबाट पश्चात्ताप गरेका छैनन् ।

## अन्तिम चेतावनीहरू

**१३** तिमीहरूसित यो मेरो तेस्रो भेटघाट
हुनेछ । "प्रत्येक कुरोको पुष्टी दुई वा
तीन साक्षीहरूको प्रमाणद्वारा गरियोस् ।" **२**म
तिमीहरूसित दोस्रोपल्ट हुँदादेखि नै चेतावनी
दिइसकेको छु । अब म अनुपस्थित हुँदा यो
दोहोऱ्याउँछु: म फर्केपछि जसले पहिले पाप
गरे अनि अरूलाई पनि म बाँकी राख्नेछैनँ ।
**३**खीष्ट मद्वारा बोलिरहनुभएको छ भन्ने
कुरामा तिमीहरूले प्रमाणको दावी गरेकाले,
उहाँ तिमीहरूसित व्यवहार गर्न कमजोर होइन,
तर तिमीहरूका बीचमा सामर्थी हुनुहुन्छ ।
**४**यस विषयमा निश्चित हुनलाई, उहाँ
कमजोरीमा क्रूसमा चढ़ाइनुभयो, र पनि
उहाँ परमेश्वरको सामर्थमा जिउनुहुन्छ । यस्तै
किसिमले, हामी उहाँमा कमजोर छौं, र पनि
तिमीहरूको सेवा गर्नलाई हामी परमेश्वरको
सामर्थमा उहाँसित जिउँछौं ।

**५**आफैले आफैलाई विश्वासमा छौं कि छैनौं
भनी जाँच गर; के खीष्ट येशू तिमीहरूमा
हुनुहुन्छ भनी जान्दैनौ ? अँ, जाँचमा पतित
भयौ भने मात्र जान्दैनौ । **६**अनि हामी जाँचमा
पतित भएनौं भन्ने तिमीहरूले जान्दछौ भनी
म विश्वास गर्छु । **७**अब तिमीहरूले भूल गर्नेछैनौ
भनी हामी परमेश्वरसँग प्रार्थना गर्छौं ।
मानिसहरूले हामी जाँचमा खड़ा रहयौं भनी
देखून् भनेर होइन तर हामी पतित भएका
देखा परे तापनि तिमीहरूले चाहिँ जे ठीक
छ त्यो गर भनेर हो । **८**तर हामी सत्यको
विरुद्धमा केही गर्न सक्दैनौं, तर सत्यको
पक्षमा मात्र । **९**जब हामी कमजोर हुन्छौं तर
तिमीहरूचाहिँ बलवान्, यसमा हामी खुशी छौं
अनि हाम्रो प्रार्थना तिमीहरूको सिद्धताको
निम्ति नै छ । **१०**म टाढै छदाँ तिमीहरूलाई
यो लेखिदिएको छु, जसले गर्दा म आउँदा

**१३:१**–व्यवस्था १७:६; १९:१५.

तिमीहरूलाई बिगार्नलाई होइन तर बनाउनलाई परमेश्वरले दिनुभएको अधिकार कठोरतापूर्वक प्रयोग गर्न नपरोस् ।

### अन्तिम अभिवादनहरू

**११**अन्तमा, हे भाइ हो, बिदा लिन पाऊँ । सिद्धतालाई आफ्नो लक्ष बनाऊ, मेरो भनाइ सुन, एक आपसमा सहमत होओ, शान्तिमा जीवन बिताओ; र प्रेम र शान्तिका परमेश्वर तिमीहरूसित हुनुहुनेछ ।

**१२**एक आपसमा पवित्र चुम्बन गर ।
**१३**सबै सन्तहरूले तिमीहरूलाई अभिवादन पठाएका छन् ।

**१४**प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसित रहून् ।

# गलातीहरूलाई
## पावलको पत्र

**१** म, पावल, एक प्रेरित– जसलाई मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन, तर येशू ख्रीष्ट र उहाँलाई मृत्युबाट जीवित पार्नुहुने परमेश्वर पिताले पठाउनुभएको हो– **२**र मसँग भएका सबै भाइहरूबाट,

गलातियाका मण्डलीहरूलाई:

**३**हाम्रा परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति मिलोस्, **४**जसले हाम्रा पिता परमेश्वरको इच्छाअनुसार हामीलाई यस वर्तमान् दुष्ट युगबाट छुटकारा दिलाउन, हाम्रा पापहरूको निम्ति आफैलाई अर्पण गर्नुभयो । **५**परमेश्वरलाई सदासर्वदा महिमा भइरहोस् । आमेन ।

### अरू सुसमाचार छैन

**६**म छक्क परिरहेको छु, किनकि तिमीहरू ख्रीष्टको अनुग्रहअनुसार बोलाउनुहुनेलाई यति चाँडै त्यागेर अर्कै सुसमाचारतिर लागिरहेका छौ– **७**वास्तवमा अर्को सुसमाचारै छैन । अँ, केही मानिसहरूले तिमीहरूमा अन्योल ल्याएर ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्दैछन् । **८**तर हामीले प्रचार गरिसकेको भन्दा फरक कुनै अर्को सुसमाचार यदि हामीले अथवा कुनै स्वर्गदूतले नै प्रचार गर्छ भनेता, त्यो व्यक्ति श्रापित होस् ! **९**हामीले अघि नै भनिसकेका छौं, फेरि पनि म भन्दछु: यदि कसैले तिमीहरूलाई तिमीहरूले ग्रहण गरिसकेको भन्दा अर्को किसिमको सुसमाचार सुनाउँछ भने, त्यो अनन्तको निम्ति श्रापित होस् !

**१०**के म अहिले मानिसहरूको निगाह खोजिरहेछु, कि परमेश्वरको ? अथवा के मैले मानिसहरूलाई खुशी पार्न प्रयास गरिरहेछु ? यदि मैले अझसम्म पनि मानिसहरूलाई नै खुशी पार्ने प्रयास गरिरहेको छु भने, म ख्रीष्टको दास हुने नै थिइनँ ।

### पावल परमेश्वरद्वारा बोलाइएको

**११**मेरा प्रिय भाइहरू हो, म तिमीहरूले यो जानेको चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसद्वारा हुँदै होइन । **१२**मैले यो कुनै मानिसबाट पाएको होइन, नता कसैले मलाई सिकाएको हो; बरु, मैले येशू ख्रीष्टको प्रकाशबाट पाएको हुँ ।

**१३**किनकि म पहिला यहूदी धर्ममा हुँदा मैले कति भयानकरूपमा परमेश्वरको मण्डलीलाई सताएँ, अनि यसलाई नष्ट पार्न खोजेको थिएँ भन्ने कुरा तिमीहरूले सुनेकै छौ होला । **१४**म मेरा दौंतरीहरू धेरैलाई उछिनेर यहूदी धर्ममा बढ़िरहेको थिएँ । अनि मेरा पितापुर्खाका रीति-विधिहरूको निम्ति निकै जोशिलो थिएँ । **१५**तर जब मलाई मेरी आमाको गर्भदेखि नै अलग गर्नुहुने परमेश्वरले उहाँको अनुग्रहद्वारा मलाई बोलाउनुभयो, **१६**आफ्नो पुत्र ममा प्रकट गराउन खुशी मान्नुभयो जसद्वारा मैले गैर-यहूदीहरूको बीचमा उहाँलाई प्रचार गर्न सक्छु, तब मैले कुनै मानिससँग केही सल्लाह लिइनँ, **१७**नता मभन्दा अघिका प्रेरितहरूसँग सल्लाह लिन यरूशलेम गएँ, तर म त तुरुन्तै अरब देशमा गएँ र त्यसपछि दमस्कस फर्कें ।

**१८**तब तीन वर्ष पश्चात्, म पत्रुससँग चिनजान गर्न यरूशलेम गएँ र उनीसँग पन्ध्र दिनसम्म बसें । **१९**मैले प्रभुको भाइ, याकूबबाहेक अरू कुनै प्रेरितलाई देखिनँ । **२०**परमेश्वरको अगि म तिमीहरूलाई विश्वस्त पार्न चाहन्छु कि मैले जे लेखिरहेको छु, यो कुनै झूट

**१:१३**–प्रेरित ८:३; २२:४-५; २६:९-११. **१:१४**–प्रेरित २२:३. **१:१५–१६**–प्रेरित ९:३-६; २२:६-१०; २६:१३-१८. **१:१८**–प्रेरित ९:२६-३०.

होइन । २१त्यसपछि म सिरिया र किलिकिया
गएँ। २२ख्रीष्टमा भएका यहूदियाका मण्डलीहरूले
मलाई त्यतिबेला व्यक्तिगतरूपमा चिनेका
थिएनन् । २३उनीहरूले केवल यस्तो प्रतिवेदन
मात्र सुनेका थिए: "हामीलाई पहिले खेदो गर्ने
मानिसले अब उसैले नष्ट गर्न लागेको
विश्वास प्रचार गरिरहेको छ ।" २४तिनीहरूले
मेरो कारण परमेश्वरलाई महिमा दिए ।

## प्रेरितहरूद्वारा पावलको स्वागत

२ चौध वर्षपछि बर्णाबाससँग म फेरि
यरूशलेम गएँ, । मैले तीतसलाई पनि
सँगै लगें । २प्रकाशको प्रत्युत्तरमा म त्यहाँ गएँ
र गैर-यहूदीहरूलाई मैले प्रचार गर्ने सुसमाचार
त्यहाँ तिनीहरूको अगि प्रस्तुत गरें । अँ, कतै
मैले जो दौड़ दौड़िरहेको छु वा दौड़ेको थिएँ,
त्यो व्यर्थमा नहोस् भनेर मैले प्रतिष्ठित
अगुवाहरूको अगि पनि एकान्तमा प्रस्तुत
गरें । ३तर तीतस, जो मसँग थिए, ग्रीक भएको
भए तापनि कसैले उसलाई खतना हुन कर
लाएन । ४खतनाको यो कुरो उठ्यो किनकि
कति झूटा भाइहरू हाम्रो झुण्डभित्र गुप्तरूपले
पसीकन येशू ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रतालाई
चियो गरी हामीलाई दास तुल्याउन चाहन्थे ।
५तिमीहरूसित सुसमाचारको सत्यता सुरक्षित
रहोस् भनेर तिनीहरूका अघि हामी एकै क्षण
पनि झुकेनौं ।

६तर ती प्रतिष्ठित व्यक्तिहरू– तिनीहरू जे
भए पनि मलाई फरक पर्दैन, किनकि परमेश्वर
मानिसको पनपक्ष गर्नुहुन्न– तिनीहरूले मेरो
सन्देशमा केही राय दिएनन् । ७तर, झन् उल्टो,
तिनीहरूले यो देखे कि बेखतनाकाहरूलाई
सुसमाचार सुनाउने अभिभारा मलाई दिइएको
छ, जसरी खतनाकाहरूलाई सुसमाचार सुनाउने
अभिभारा पत्रुसलाई दिइएको थियो । ८किनकि
परमेश्वरले यहूदीहरूको निम्ति प्रेरित पत्रुसमा
जसरी काम गरिरहनुभएको थियो, त्यसरी नै
गैर-यहूदीहरूको निम्ति प्रेरित भएको हुनाले
ममा काम गरिरहनुभएको थियो । ९मलाई
दिइएको अनुग्रहबारे थाहा पाएर, मण्डलीका
खाँबाहरू कहलिएका याकूब, पत्रुस र यूहन्नाले
मलाई र बर्णाबासलाई सङ्गतिको दाहिने हात
दिए । उनीहरूले हामी गैर-यहूदीहरूकहाँ
जाने र उनीहरूचाहिँ खतनाकाहरूकहाँ जाने
भन्ने निश्चय गरे । १०तिनीहरूले मलाई यति
नै भनेका थिए कि हामीले गरीबहरूलाई
सम्झनुपर्दछ, जुन कुरो गर्न म अति नै उत्सुक
थिएँ ।

## पावलद्वारा पत्रुसको विरोध

११जब पत्रुस एन्टिओखियामा आए तब मैले
खुल्लमखुल्ला उनको विरोध गरें, किनकि उनी
एकदमै दोषी थिए । १२याकूबले पठाएका मानिसहरू
आइपुग्नुअघि, उनले गैर-यहूदीहरूसँग बसी
खाने गर्दथे । तर जब उनीहरू आइपुगे, तब
उनले आफूलाई गैर-यहूदीहरूबाट अलग राखे
किनकि उनी खतनाकाहरूसँग डराए । १३उनको
यस कपटीपनसँग अरू यहूदीहरू पनि सहमत
भए, यहाँसम्म कि तिनीहरूको कपटीपनले गर्दा
बर्णाबास पनि भड्केर त्यतै लागे ।

१४तिनीहरूले सुसमाचारको सत्यताअनुसार
व्यवहार नगरेको देखेर, मैले पत्रुसलाई सबैको
सामु खुल्लमखुल्ला भनें, "तपाईं यहूदी हुनुहुन्छ,
तापनि तपाईं यहूदी रीतिअनुसार नजिएर गैर-
यहूदी रीतिअनुसार जिउनुहुन्छ । तब कसरी
तपाईंले गैर-यहूदीहरूलाई यहूदी परम्परा
मान्नलाई कर लाउनुहुन्छ ?

१५"हामी जन्मैदेखि यहूदी हौं र 'गैर-
यहूदीजस्तै पापीहरू' होइनौं, १६र पनि हामी
यो जान्दछौं कि मानिस व्यवस्थालाई पालन
गरेर मात्र धर्मी ठहरिन्न, तर येशू ख्रीष्टमा
विश्वास गरेर मात्र । यसकारण, हामीले पनि,
येशू ख्रीष्टमा विश्वास गर्नुपर्दछ जसद्वारा हामी
व्यवस्था पालन गरेर होइन, तर येशू ख्रीष्टमा
विश्वास गरेर धर्मी ठहरिन्छौं, किनकि व्यवस्था
पालन गरेर कोही पनि धर्मी ठहरिन सक्दैन ।

**२:१**–प्रेरित ११:३०; १५:२. **२:६**–व्यवस्था १०:१७. **२:१६**–भजन १४३:२; रोमी ३:२०,२२.

**१७**"यदि, खीष्टद्वारा धर्मी ठहरिन खोज्दछौं
भने, हामी पनि पापीहरू नै हौं भन्ने कुरो
प्रमाणित हुन्छ, के यसको अर्थ येशू खीष्टले
पापलाई प्रोत्साहन दिनुहुन्छ त ? कदापि होइन !
**१८**आफैले भत्काएको कुरो फेरि बनाएँ भने, म
आफै व्यवस्था भङ्ग गर्नेको रूपमा प्रमाणित
भएको हुन्छु। **१९**किनकि व्यवस्थाद्वारा म व्यवस्थाको
लेखि मर्दछु, जसद्वारा म परमेश्वरको निम्ति
जिउन सकूँ। **२०**म खीष्टसँगै क्रूसमा टाँगिएको
छु, तैपनि म जिउँछु, त्यसो भए तापनि म त
होइन, तर खीष्ट ममा जिउनुहुन्छ। यो शरीरमा
जुन जीवन म जिउँछु, त्यो म परमेश्वरको
पुत्रमा विश्वास राखेर जिउँछु, जसले मलाई
प्रेम गर्नुभयो अनि आफैलाई मेरो निम्ति अर्पण
गर्नुभयो। **२१**म परमेश्वरको अनुग्रहलाई व्यर्थ
तुल्याउन चाहन्नँ, किनकि यदि व्यवस्थाद्वारा
धार्मिकता हासिल गर्न सक्ने भए, खीष्ट
मर्नुभएको व्यर्थ भयो।"

## विश्वास वा व्यवस्था पालन

**३** ए मूर्ख गलाती हो ! कसले तिमीहरूलाई
मोहित पाऱ्यो हँ ? तिमीहरूको आँखा
अगि नै येशू खीष्ट क्रूसमा टाँगिनुभएको
स्पष्ट चित्रण बिर्स्यौ ? **२**तिमीहरूबाट म एउटै
कुरा जान्न चाहन्छु: के तिमीहरूले व्यवस्था
पालन गरेर आत्मा पायौ, वा सुनेका सत्यतामा
विश्वास गरेर ? **३**के तिमीहरू त्यति मूर्ख छौ ?
आत्मामा शुरु भएर, के तिमीहरू शरीरमा
टुंगिन चाहन्छौ ? **४**के तिमीहरूले व्यर्थमा यतिका
दु:ख भोग्यौ– यदि यो साँच्चै नै व्यर्थको थियो
भने, **५**जसले तिमीहरूलाई पवित्र आत्मा दिनुहुन्छ
र तिमीहरूका माझमा आश्चर्य-कर्महरू
गर्नुहुन्छ, के यो व्यवस्थाको कर्मबाट गर्नुभएको
हो कि विश्वासको सुनाइबाट ?

**६**अब्राहामलाई हेर: "उनले परमेश्वरमा
विश्वास गरे, अनि यो उनको निम्ति धार्मिकता
गनियो।" **७**तब, बुझ, कि विश्वास गर्ने
जति अब्राहामका छोराछोरी हुन्। **८**धर्मशास्त्रले
पहिल्यैबाट देखिसकेको थियो कि परमेश्वरले
गैर-यहूदीहरूलाई विश्वासद्वारा धर्मी ठहराउनु-
हुन्छ, अनि धेरै अघि नै अब्राहामलाई यो
सुसमाचार भनिसक्नुभएको थियो "तिमीद्वारा
सबै जातिहरूले आशिष् पाउनेछन्।"
**९**त्यसकारण विश्वास गर्नेहरू जतिसबैले
विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।

**१०**व्यवस्था पालनमा भर पर्नेहरू जति श्रापित
छन्, किनकि यसो लेखिएको छ: "व्यवस्थाको
पुस्तकमा लेखिएको हरेक कुरो पालन नगर्ने
हरेक श्रापित हुन्छ।" **११**स्पष्टरूपमा जानौं कि
परमेश्वरको अगि कोही पनि व्यवस्थाद्वारा धर्मी
ठहरिँदैन, किनकि "धर्मीजन विश्वासद्वारा
नै जिउनेछ।" **१२**व्यवस्था विश्वासमा आधारित
छैन; बरु "जुन मानिसले यी काम गर्छ त्यो
तिनै कामद्वारा जिउनेछ।" **१३**हाम्रो निम्ति
श्राप बनेर व्यवस्थाको श्रापबाट खीष्टले हाम्रो
उद्धार गर्नुभयो, किनकि धर्मशास्त्रमा यसो
लेखिएको छ: "क्रूसमा झुण्डिने हरेक श्रापित
ठहरिनेछ।" **१४**अब्राहामलाई दिइएको आशिष्
खीष्ट येशूद्वारा गैर-यहूदीहरूकहाँ आओस्, अनि
विश्वासद्वारै आत्माको प्रतिज्ञा पाउन सकौं भनी
उहाँले हामीलाई उद्धार गर्नुभयो।

## व्यवस्था र प्रतिज्ञा

**१५**भाइ हो, दैनिक जीवनबाट एउटा उदाहरण
लिऔं। एकचोटि पक्का भइसकेपछि मानिसको
इच्छापत्र कसैले रद्द गर्न सक्दैन, नता त्यसमा
केही थप्न सक्छ। **१६**प्रतिज्ञाहरू अब्राहाम र
उनका सन्तानलाई दिइएको थियो। धर्मशास्त्रले
"अनि उनका सन्तानहरूलाई," अर्थात् धेरै
मानिसहरूलाई भनेको छैन। तर "तिम्रो
सन्तानलाई" भनेको छ– जसको अर्थ एउटै
व्यक्ति जो खीष्ट हुनुहुन्छ। **१७**मेरो भन्नुको
तात्पर्य यो हो: चार सय तीस वर्ष पश्चात्
ल्याइएको व्यवस्थाले परमेश्वरले पहिल्यै स्थापित

**३:६**–उत्पत्ति १५:६; रोमी ४:३. **३:७**–रोमी ४:१६. **३:८**–उत्पत्ति १२:३. **३:१०**–व्यवस्था २७:२६.
**३:११**–हबकूक २:४. **३:१२**–लेवी १८:५. **३:१३**–व्यवस्था २१:२३. **३:१६**–उत्पत्ति १२:७.
**३:१७**–प्रस्थान १२:४०.

गर्नुभएको करारलाई भङ्ग गरेर प्रतिज्ञालाई रद्द तुल्याउन सक्दैन । **१८**यदि उत्तराधिकार व्यवस्थाद्वारा पाइने हो भने त, यो प्रतिज्ञाको हुँदै होइन । तर परमेश्वरले उहाँको अनुग्रहमा एक प्रतिज्ञाद्वारा अब्राहामलाई यो दिनुभयो ।

**१९**तब, व्यवस्थाको उद्देश्य के थियो त ? यो प्रतिज्ञा जसलाई गरिएको थियो, त्यो सन्तान नआउञ्जेलसम्मको लागि अपराधको कारण व्यवस्था थपिएको हो । एक जना मध्यस्थमार्फत स्वर्गदूतहरूद्वारा यो व्यवस्था स्थापित गरिएको थियो । **२०**एक मध्यस्थकर्ताले एउटै झुण्डको मात्र प्रतिनिधित्व गर्दैन; तर परमेश्वर एउटै हुनुहुन्छ ।

**२१**तब, के व्यवस्था परमेश्वरको प्रतिज्ञाको विरोधमा छ त ? कदापि होइन । यदि व्यवस्थाले जीवन दिने हो भने, धार्मिकता निश्चय पनि व्यवस्थाबाट नै आएको हो । **२२**तर धर्मशास्त्रले घोषणा गर्दछ कि सारा संसार पापको कैदी हो, यसकारण जे प्रतिज्ञा गरिएको थियो, येशू खीष्टमा विश्वास गर्दा पाइने हुनाले, जसजसले विश्वास गर्दछन्, उनीहरूले पाउँदछन् ।

**२३**यो विश्वास आउन अघि, हामी व्यवस्थाद्वारा कैदी भएका थियौं, विश्वास प्रकट नहोउञ्जेल हामी यसैमा थुनिएका थियौं । **२४**यसकारण व्यवस्था त हामीलाई खीष्टमा डोऱ्याउनको निम्ति जिम्मावाल मात्र थियो जसद्वारा हामी विश्वासद्वारा धर्मी ठहरिन सकौं । **२५**अब विश्वास आएको छ, अब हामी व्यवस्थारूपी जिम्मावालको अधीनमा छैनौं ।

## परमेश्वरका छोराहरू

**२६**खीष्ट येशूमा विश्वासद्वारा तिमीहरू सबै परमेश्वरका छोराहरू हौ, **२७**किनकि तिमीहरू जतिजनाले खीष्टमा बप्तिस्मा पायौ, तिमीहरूले खीष्टलाई धारण गरेका छौ । **२८**अब नता यहूदी न ग्रीक, नता कमारा न फुक्का, नता पुरुष न स्त्री छ, किनकि खीष्ट येशूमा तिमीहरू सबै एउटै हौ । **२९**यदि तिमीहरू खीष्टका हौ भनेता, तिमीहरू अब्राहामका सन्तान हौ, अनि प्रतिज्ञा बमोजिम उत्तराधिकारी हौ ।

**४** म तिमीहरूलाई भन्दछु, जबसम्म कुनै उत्तराधिकारी एक बालक हुन्छ, ऊ सबै थोकको मालिक भए तापनि, कुनै एक दासभन्दा ऊ भिन्न हुँदैन । **२**तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक वा संरक्षकको अधीनमा हुन्छ । **३**त्यसै गरी, जबसम्म हामीहरू बालकै थियौं, हामी संसारका आधारभूत तत्वहरूको अधीनमा थियौं । **४**तर जब तोकिएको समय आयो, परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो, उहाँ व्यवस्थाको अधीनमा रही एक स्त्रीबाट जन्मनुभयो । **५**व्यवस्थाका अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउन, अनि हामीले पुत्रको पूरा अधिकार प्राप्त गर्न सकौं भनेर उहाँ पठाइनुभयो । **६**किनकि तिमीहरू पुत्रहरू हौ, परमेश्वरले आफ्नो पुत्रको आत्मा हाम्रो हृदयमा पठाउनुभयो । त्यही आत्माले उहाँलाई "अब्बा, पिता" भन्न लाउनुहुन्छ । **७**त्यसकारण अब उप्रान्त तिमी दास होइनौ, तर पुत्र हौ अनि पुत्र हौ भने खीष्टद्वारा परमेश्वरका उत्तराधिकारी पनि हौ ।

## गलातीहरूको निम्ति पावलको वास्ता

**८**अघिअघि, जब तिमीहरूले परमेश्वरलाई चिन्दैनथ्यौ, तिमीहरू ती कुराहरूका दास थियौ जो स्वभावैले देवहरू होइनन् । **९**तर अब तिमीहरूले परमेश्वरलाई चिन्दछौ– भनौं, परमेश्वरले तिमीहरूलाई चिन्नुहुन्छ– तब किन तिमीहरू ती कमजोर र दयनीय सिद्धान्तहरूतर्फ लागेका छौ ? के तिमीहरू फेरि पनि ती सबै कुराहरूको दास हुन चाहन्छौ ? **१०**तिमीहरूले विशेष तिथि, महिना, ऋतु र वर्षहरू मान्दछौ ! **११**तिमीहरूको निम्ति मैले गरेको परिश्रम कतै खेर गयो कि भनेर मलाई डर लागिरहेछ ।

**१२**भाइ हो, जसरी म तिमीहरूजस्तै बनें, तिमीहरू पनि मजस्तै बन भनी म निवेदन गर्दछु । तिमीहरूले मलाई केही हानि पुऱ्याएका

**३:१८**–रोमी ४:१४. **३:२९**–रोमी ४:१३. **४:५-७**–रोमी ८:१५-१७.

छैनौ । **१३**तिमीहरूलाई थाहा छ, कि शरीरको
अस्वस्थतामा मैले तिमीहरूलाई पहिला सुसमाचार
सुनाएँ । **१४**मेरो बिरामी तिमीहरूको निम्ति
एउटा परीक्षा थियो, तापनि तिमीहरूले मलाई
नता घृणा गऱ्यौ न तिरस्कार । तर मलाई
परमेश्वरको दूतलाई झैं अथवा ख्रीष्टलाई झैं
ग्रहण गऱ्यौ । **१५**तिमीहरूले अनुभव गरेको
सारा आनन्द कता गयो ? म साक्षी दिन सक्छु
कि, यदि सम्भव भएको भए, तिमीहरूले आफ्ना
आँखासम्म झिकेर मलाई दिने थियौ । **१६**मैले
तिमीहरूसँग सत्य बोलेर के म अब तिमीहरूको
शत्रु भएँ ?

**१७**तिमीहरूलाई आफूतर्फ तान्न तिनीहरूले
खुब जोश देखाउँछन्, तर असल विचारले त
होइन । तिनीहरूले त तिमीहरूलाई हामीबाट
अलग पार्न मात्र चाहन्छन्, जसको कारण
तिमीहरू उनीहरूतर्फ जोशिलो हुनसक ।
**१८**उद्देश्य राम्रो राखेर जोशिलो हुनु राम्रो हो,
तर सधैं म तिमीहरूसँग हुँदा मात्र जोशिलो
हुनु राम्रो होइन । **१९**मेरा प्रिय बालक हो,
तिमीहरूमा ख्रीष्टको रूप नबनुञ्जेल म फेरि
प्रसूति वेदनामा परेको छु, **२०**अहिले म
तिमीहरूसँग भएर मेरो बोल्ने तरीका बदल्न
सके त कति असल हुनेथियो, किनकि
तिमीहरूका विषयमा म अन्योलमा परेको छु ।

### हागार र सारा

**२१**मलाई भन, तिमी जो व्यवस्थाका अधीनमा
रहन चाहन्छौ, तिमीहरूलाई थाहा छैन व्यवस्थाले
के भन्छ ? **२२**धर्मशास्त्रमा यसो लेखिएको छ
कि अब्राहामका दुई छोराहरू थिए, एउटा दासी
स्त्रीबाट जन्मेको, अनि अर्को फुक्का स्त्रीबाट
जन्मेको । **२३**दासीबाट जन्मेको उसको छोरो
शरीरअनुसार जन्मेको थियो, तर फुक्काबाट
जन्मेको चाहिँ प्रतिज्ञाको प्रतिफल थियो ।

**२४**यो कुरालाई रूपक-दृष्टान्तको रूपमा
लिन सकिन्छ, किनकि स्त्रीहरूले दुईओटा
करारलाई प्रतिनिधित्व गरेका छन् । एउटा
करार सीनै पर्वतको हो जसले दासत्वको
सन्तानलाई प्रतिनिधित्व गर्दछः यो हागार हो ।
**२५**अब हागारचाहिँ अरब देशमा भएको सीनै
पर्वत हो अनि वर्तमान् यरूशलेमसँग त्यसको
तुलना गर्न सकिन्छ, किनकि त्यो आफ्ना
सन्तानका साथ दासत्वमा छ । **२६**तर माथिको
यरूशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन् ।
**२७**किनकि धर्मशास्त्रमा लेखिएको छः

"हे नजन्माउने बाँझी, आनन्द गर,
हे प्रसूति वेदना थाहा नपाउने
मन खोलेर कराओ,
किनकि पति हुने स्त्रीको भन्दा
त्यागिएकी स्त्रीकै
सन्तानहरू धेरै छन् ।"

**२८**अब हे भाइ हो, इसहाकजस्तै हामी पनि
प्रतिज्ञाका सन्तान हौं । **२९**त्यस समय जसरी
शरीरअनुसार जन्मेको पुत्रले आत्माको
शक्तिद्वारा जन्मेको पुत्रलाई खेदो गर्दथ्यो, अहिले
पनि त्यस्तै छ । **३०**तर धर्मशास्त्रले के भन्छ ?
"त्यस दासी स्त्री र त्यसको छोरालाई पन्छाओ,
किनकि दासी-पुत्र कहिल्यै फुक्का स्त्रीको
छोरासँग उत्तराधिकारी हुन सक्दैन ।"
**३१**यसकारण, प्रिय भाइहरू हो, हामी दासीका
सन्तान होइनौ, तर फुक्का स्त्रीका सन्तान हौं ।

### ख्रीष्टमा स्वतन्त्रता

**५** स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई
निर्बन्ध तुल्याउनुभयो । यसकारण दृढ़
भएर खड़ा होओ, अनि आफैलाई दासत्वको
जुवामुनि नपार ।

**२**मेरो वचनलाई ध्यान देओ । म, पावल,
तिमीहरूलाई भन्दछु कि यदि तिमीहरूले खतना
लियौ भने, तिमीहरू सबैको निम्ति ख्रीष्ट
बेअर्थको ठहरिनुहुनेछ । **३**फेरि पनि म प्रत्येक
मानिसको निम्ति घोषणा गर्दछु कि जसले
खतना लिन्छ ऊ सबै व्यवस्था पालन गर्न
बाध्य हुनेछ । **४**तिमीहरू जो व्यवस्थाद्वारा धर्मी

---

**४:२२**–उत्पत्ति १६:१५; २१:२. **४:२७**–यशैया ५४:१. **४:२९**–उत्पत्ति २१:९. **४:३०**–उत्पत्ति २१:१०.

ठहरिन खोज्दैछौ, तिमीहरू ख्रीष्टदेखि टाढा
भएका छौ, तिमीहरू अनुग्रहबाट पतित भएका
छौ । **५**तर पवित्र आत्माद्वारा विश्वासबाट
आशासहित हामी धार्मिकताको प्रतीक्षा गर्दछौं ।
**६**किनकि ख्रीष्टमा खतना वा बेखतनाको कुनै
मूल्य छैन । तर एउटै कुराको मात्र मूल्य छ, र
त्यो हो– प्रेमद्वारा काम गर्ने विश्वास ।

**७**तिमीहरू राम्ररी दौड़िरहेका थियौ । कसले
तिमीहरूलाई बाधा दियो अनि सत्य पालना
गर्नदेखि आफैलाई अलग राख्यो ? **८**तिमीहरूलाई
बोलाउनुहुनेबाट त त्यस्तो फकाउने-फुस्ल्याउने
काम हुँदैन । **९**"थोरै खमिरले जम्मै ढिकालाई
खमिरी बनाउँछ ।" **१०**म प्रभुमा विश्वस्त छु
कि तिमीहरूले यो बाहेक अर्को विचार
अपनाउनेछैनौ । तिमीहरूलाई अन्योलमा पार्ने
जो सुकै भए पनि त्यसलाई दण्ड मिल्नेछ ।
**११**भाइ हो, यदि मैले अझ पनि खतनाकै
बारेमा प्रचार गरिरहेको भए, म किन सतावटमा
परिरहन्थें र ? यसो भएको भए क्रूसको बाधा
हटिसकेको हुनेथियो । **१२**तिमीहरूलाई विचलित
पार्नेहरू त बरु तिनीहरू आफैले आफ्नो अङ्ग
भङ्ग गरे पनि हुनेथियो ।

**१३**भाइ हो, तिमीहरू स्वतन्त्र हुनको निम्ति
बोलाइएका हौ । तर तिमीहरूको स्वतन्त्रता
पापमय स्वभावको निम्ति प्रयोग नगर; बरु,
प्रेममा एउटाले अर्कोको सेवा गर । **१४**सम्पूर्ण
व्यवस्था एउटै आज्ञामा पूरा भएको छ: "तिमीले
आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर ।"
**१५**तर तिमीहरू एउटाले अर्कालाई टोक्ने र
निल्ने गर्छौ भनेता, होशियार होओ, तिमीहरू
एक अर्काबाटै नष्ट हुन नपरोस् ।

## आत्माद्वारा जीवन

**१६**यसकारण म भन्दछु, आत्माको भरपूरीमा
हिँड़, र तिमीहरूले पापमय स्वभावको लालसा
कुनै किसिमले पूरा गर्नुपर्ने छैन । **१७**किनकि
पापमय स्वभावले आत्माको विरुद्ध लालसा गर्दछ,
अनि आत्माले पापमय स्वभावको विरुद्धमा ।
तिनीहरू एक अर्काको विरुद्धमा हुन्छन्, यसकारण
तिमीहरू जे गर्न चाहन्छौ त्यो तिमीहरू गर्न
सक्दैनौ । **१८**तर आत्माद्वारा डोऱ्याइएका हौ
भनेता, तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ ।

**१९**पापमय स्वभावका कामहरू प्रत्यक्ष छन्,
जो यिनै हुन्– व्यभिचार, अपवित्रता र लुच्च्याइँ;
**२०**मूर्तिपूजा र मन्त्रतन्त्र; दुश्मनी, झैझगड़ा,
ईर्ष्या, क्रोध, विरोध, फूट, कुमार्ग, **२१**अनि डाह;
मादक पदार्थ सेवन, मोजमज्जा र यस्तै
अरूहरू । मैले पहिला गरेजस्तै, अब पनि
चेतावनी दिँदछु कि जुन व्यक्ति यस प्रकारले
जिउँदछ ऊ कहिल्यै पनि परमेश्वरको राज्यको
उत्तराधिकारी बन्न सक्दैन ।

**२२**तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द,
शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, **२३**नम्रता
र संयम हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै
व्यवस्था छैन । **२४**जो जो ख्रीष्ट येशूका हुन्,
उनीहरूले आफ्ना पापमय स्वभावलाई यसका
वासना र लालसा सहित क्रूसमा टाँगिदिएका
छन् । **२५**हामी आत्माअनुसार जिउँछौं भने,
आत्माअनुसार नै हिंड़ौं । **२६**हामी अहंकारी
नहोऔं, एउटाले अर्कालाई रीस नउठाऔं, र
एउटाले अर्कोको ईर्ष्या नगरौं ।

## सबैको भलाइ गर्नु

**६** भाइ हो, यदि कुनै मानिस पापमा पक्राउ
पऱ्यो भने, तिमी जो आत्मिक छौ,
तिमीहरूले नै उसको नम्रतापूर्वक सुधार गर ।
तर आफै पनि होशियारी बस, नत्रता तिमी
पनि परीक्षामा पर्नेछौ । **२**एक अर्काको भार
उठाओ, यसरी ख्रीष्टको व्यवस्था पूरा गर ।
**३**यदि कसैले म केही हुँ भनी सोच्दछ, जबकि
ऊ केही पनि होइन भने, त्यसले आफैलाई
धोका दिन्छ । **४**हरेकले आफ्नै कामको जाँच
गरोस् । तब उसले आफूलाई अरू कसैसँग
तुलना नगरीकन आफैमा गर्व गर्नसक्छ,
**५**किनकि हरेकले आफ्नो भार आफै
उठाउनुपर्दछ ।

---

**५:९**–१ कोरिन्थी ५:६. **५:१४**–लेवी १९:१८. **५:१७**–रोमी ७:१५-२३.

**६**वचनको शिक्षा पाउने हरेकले आफ्ना
सबै असल थोकहरू वचन सिकाउनेसँग बाँड़चुड़
गर्नुपर्दछ ।
**७**धोकामा नपर: परमेश्वरको ठट्टा हुँदैन ।
किनकि मानिसले जे रोप्छ, त्यसैको कटनी
गर्दछ । **८**जसले आफ्नो पापमय स्वभावलाई
खुशी पार्न रोप्तछ, त्यसै पापमय स्वभावबाट
त्यसले सर्वनाशको कटनी गर्नेछ; तर जसले
आत्माको लागि रोप्छ, त्यसले आत्माबाट
नै अनन्त जीवनको कटनी गर्नेछ । **९**भलाइ
गर्नमा हामी नथाकौं, किनकि यदि हिम्मत
हारेनौं भने हामीले ठीक समयमा फसल कटनी
गर्नेछौं । **१०**यसकारण, अवसर भएअनुसार, सबै
मानिसहरूको भलाइ गरौं, विशेष गरी
विश्वासका घरानातर्फकालाई ध्यान पुर्‍याऔं ।

### खतना होइन तर नयाँ सृष्टि

**११**हेर, मैले आफ्नै हातले कति ठूला-ठूला
अक्षरमा तिमीहरूलाई लेखेको छु ।
**१२**बाहिरी तवरले राम्रो प्रभाव देखाउन
चाहनेहरूले नै तिमीहरूलाई खतना गर्न कर
लाउँछन् । उनीहरूले यसो गराउनुको कारण
ख्रीष्टको क्रूसको निम्ति हुने सतावट पन्छ्याउनु
मात्र हो । **१३**खतना गरेकाहरू आफैले पनि
व्यवस्था पालन गर्दैनन्, तर तिमीहरूको
शरीरमा घमण्ड गर्नको निम्ति तिमीहरूको
खतना भएको तिनीहरू चाहन्छन् । **१४**हाम्रा
प्रभु येशू ख्रीष्टको क्रूसमा बाहेक अरू कुरामा
मैले घमण्ड गर्न नपरोस्, जसद्वारा संसार
मेरो लेखि अनि म संसारको लेखि क्रूसमा
टाँगिएको छु । **१५**नता खतना, न बेखतनाको
कुनै महत्त्व छ; तर ख्रीष्टमा नयाँ सृष्टि नै
अर्थपूर्ण छ । **१६**जसले यो नियम पालन गर्दछ
त्यसमाथि र परमेश्वरको इस्राएलमाथि शान्ति
र कृपा रहोस् ।
**१७**अन्तमा, अबदेखि उसो कसैले मलाई कष्ट
नदेओस्, किनकि म मेरो शरीरमा ख्रीष्टको
डामहरू धारण गर्दछु ।
**१८**भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूको आत्मासँग रहोस् । आमेन ।

# एफिसीहरूलाई

## पावलको पत्र

**१** पावल, परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको
प्रेरित,

ख्रीष्ट येशूमा विश्वासी रहेका एफिससमा
भएका सन्तहरूलाई:

**२**हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट
तिमीहरूलाई अनुग्रह र शान्ति मिलोस् ।

### ख्रीष्टमा आत्मिक आशिष्हरू

**३**हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र
पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय
स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा
आशीर्वाद दिनुभएको छ । **४**किनकि उहाँको
साम्‍नु हामी पवित्र र निष्कलङ्क होऔं भनेर उहाँले
हामीलाई संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा
चुन्‍नुभयो । **५**प्रेममा उहाँले हामीलाई उहाँको
इच्छा र अभिप्रायअनुसार येशू ख्रीष्टद्वारा धर्मपुत्र
हुनलाई अघिबाटै नियुक्त गर्नुभयो । **६**त्यसरी
उहाँले हामीलाई आफ्ना प्रिय पुत्रद्वारा
सित्तैमा दिनुभएको उहाँको महिमित अनुग्रहको
प्रशंसा होस् । **७**उहाँको रगतद्वारा हामीले
उहाँमा उद्धार पाउँछौं, र परमेश्वरको
अनुग्रहको प्रशस्तताअनुसार हामीले पापको क्षमा
पाउँछौं । **८**जुन अनुग्रह उहाँले आफ्ना
सम्पूर्ण बुद्धि र समझदारीमा हामीतर्फ
प्रशस्त हुने तुल्याउनुभयो । **९**अनि उहाँले
ख्रीष्टमा राख्‍नुभएको असल अभिप्रायअनुसार,
उहाँको इच्छाको रहस्य हामीलाई जान्‍न
दिनुभएको छ । **१०**अनि समय पूरा भएपछि,
स्वर्गमा र पृथ्वीमा भएका सबै थोकहरू एउटै
शिर अर्थात् ख्रीष्टको अधीनमा आऊन् ।
**११**उहाँमा, जसले आफ्नो इच्छाअनुसारको
उद्देश्यमा ढाल्ने गरी हरेक काम गर्नुहुन्छ,
उहाँकै योजनाअनुसार अघिबाटै नियुक्त गरेर
हामीलाई चुन्‍नुभयो । **१२**फलस्वरूप, हामी जसले
ख्रीष्टमा पहिला आशा राखेका छौं, उहाँको
महिमाको प्रशंसाको कारण बन्‍नसकौं । **१३**अनि
जब तिमीहरूले सत्यको वचन अर्थात् आफ्नो
मुक्तिको सुसमाचार सुन्यौ र विश्वास गर्‍यौ,
तब तिमीहरू ख्रीष्टमा गाभियौ अनि उहाँमा नै
तिमीहरूलाई प्रतिज्ञा गरिएको पवित्र आत्माद्वारा
छाप लगाइएको थियो । **१४**अर्थात् उहाँको
महिमाको प्रशंसाको निम्ति छुटचाइएका
परमेश्वरको आफ्नै सम्पत्तिको उद्धार नभएसम्म,
पवित्र आत्मा नै हाम्रा उत्तराधिकारलाई निश्चित
पार्ने बैना हुनुहुन्छ ।

### धन्यवाद र प्रार्थना

**१५**जबदेखि मैले प्रभु येशूमा तिमीहरूको
विश्वास र सबै सन्तप्रति तिमीहरूको प्रेमको
बारेमा सुनें, **१६**तिमीहरूको निम्ति धन्यवाद
दिन म थामिएको छैनँ, प्रार्थनामा तिमीहरूलाई
सधैँ सम्झिरहेको छु । **१७**मैले यही बिन्ती
गरिरहेको छु कि हाम्रा प्रभु येशू ख्रीष्टको
परमेश्वर, महिमाका पिताले तिमीहरूलाई
बुद्धि र प्रकाशको आत्मा देऊन्, फलस्वरूप
तिमीहरूले उहाँलाई झन् राम्ररी चिन्‍नसक ।
**१८**म यो प्रार्थना पनि गर्दछु कि तिमीहरूको
हृदयको आँखा खोलियोस् अनि कुन आशामा
उहाँले तिमीहरूलाई बोलाउनुभयो र सन्तहरूमा
उहाँको महिमित अधिकारको सम्पत्ति के हो,
सो तिमीहरू जान्‍न सक । **१९**अनि उहाँमा
विश्वास गर्ने हामीहरूको निम्ति उहाँको
अतुलनीय महान् शक्ति के हो, सो तिमीहरू
जान्‍न सक । त्यो शक्ति उहाँको महान् सामर्थ्यको
कार्यअनुसार हो, **२०**जुन उहाँले ख्रीष्टमा पूरा

---

**१:१**–प्रेरित १८:१९-२१; १९:१. **१:७**–कलस्सी १:१४.

गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मृतकबाट
पुनर्जीवित पारेर स्वर्गका स्थानहरूमा आफ्नै
दाहिने हाततिर बसाल्नुभयो। **२१**अनि सबै शासन
र अधिकार, शक्ति र राज्य, यस युगमा मात्र
होइन तर आउँदो युगमा पनि, सबै नाउँभन्दा
माथि उहाँलाई राख्नुभयो। **२२**तसर्थ परमेश्वरले
उहाँको पाउमुनि सबै कुरो राखिदिनुभयो अनि
मण्डलीको निम्ति उहाँलाई नै हरेक कुराको
शिर तुल्याइदिनुभयो, **२३**जुन मण्डली उहाँको
शरीर हो, उहाँको पूर्णता हो, जसलाई उहाँले
नै हरतरहले परिपूर्ण पारिराख्नुहुन्छ।

### ख्रीष्टमा जीवित पारिएका

**२** विगतमा तिमीहरू त आफ्ना पाप र
अपराधहरूमा मरेका थियौ, **२**जब तिमीहरू
यस संसारको रीतिअनुसार, आकाशको शक्तिको
मालिकअनुसार, अहिले अनाज्ञाकारीताका
सन्तानहरूमा काम गर्ने आत्माअनुसार
चल्दथियौ। **३**हामीहरू पनि तिनीहरू जस्तै
हाम्रा पापमय स्वभावको लालसा पूरा गर्दै अनि
यसका इच्छा र विचारहरूलाई पछ्याउँदै जिउने
गर्दथ्यौं। उनीहरू जस्तै, हामीहरू पनि स्वभावैले
क्रोधका सन्तान थियौं। **४**तर हामीहरूको निम्ति
उहाँको महान् प्रेमको कारण, करूणाका धनी,
परमेश्वरले, **५**हामीहरूलाई हाम्रा अपराधमा
मरेका अवस्थाबाटै ख्रीष्टसँग जीवित पार्नुभयो–
अनुग्रहबाट तिमीहरू बचाइएका छौ। **६**अनि
परमेश्वरले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो
र ख्रीष्ट येशूसँगै स्वर्गीय स्थानहरूमा बसाल्नुभयो,
**७**जसद्वारा ख्रीष्ट येशूमा उहाँले हामीलाई
दयाको रूपमा देखाउनुभएको उहाँको अनुग्रहको
अतुलनीय सम्पत्ति आउँदो युगहरूमा देखाउनलाई
हो। **८**किनकि तिमीहरू विश्वासद्वारा
अनुग्रहबाट बचाइएका हौ– र यो तिमीहरू
आफैबाट होइन, यो त परमेश्वरको वरदान
हो। **९**कर्महरूद्वारा होइन, नत्रता कसैले घमण्ड
गर्नेछ। **१०**किनकि हामी असल काम गर्नको
निम्ति ख्रीष्ट येशूमा परमेश्वरले अघिबाटै सृष्टि
गर्नुभएको उहाँका सीप हौं।

### ख्रीष्टमा एक

**११**यसकारण, याद राख कि अघि तिमीहरू
जन्मैले गैर-यहूदीहरू थियौ, अनि "खतना"
(मानिसहरूको हातद्वारा शरीरमा गरिएका)
गरेकाहरूले तिमीहरूलाई "बेखतने" भन्दथे।
**१२**याद राख, त्यसबेला तिमीहरू ख्रीष्टदेखि
अलग, इस्राएलको नागरिक हक पाउनदेखि
वञ्चित थियौ र प्रतिज्ञाका करारहरूबाट
बिराना, आशा नभएका अनि यस संसारमा
परमेश्वररहित थियौ। **१३**तर अब ख्रीष्ट येशूमा
तिमीहरू जो अघि एक समय टाढ़ा थियौ,
उहाँको रगतद्वारा नजीक ल्याइएका छौ।
**१४**किनकि उहाँ स्वयम्नै हाम्रो शान्ति
हुनुहुन्छ, जसले यहूदी र गैर-यहूदी दुवै बीच
शान्ति स्थापित गरेर एकै शूत्रमा गाभ्नुभएको
छ, **१५**उहाँको आफ्नै शरीरमा व्यवस्थाका
आज्ञाहरू र विधि विधानहरू खारिज गर्नुभएको
छ। दुई जनाबाट एउटै नयाँ मानिस सृष्टि गर्ने
र यसरी शान्ति स्थापित गर्ने उहाँको उद्देश्य
थियो, **१६**अनि यही एउटा देहमा दुवै जनालाई
क्रूसद्वारा परमेश्वरमा मिलाप गराएर शत्रुतालाई
नाश गर्नुभयो। **१७**उहाँ आउनुभयो अनि तिमी
टाढ़ा भएकाहरूलाई साथै नजीक भएकाहरूलाई
शान्तिको सन्देश सुनाउनुभयो। **१८**किनकि
उहाँद्वारा हामी दुवैले एउटै आत्मामा पिताकहाँ
प्रवेश पाएका छौं।
**१९**यसरी, तिमीहरू अब विदेशी र प्रवासी
होइनौ, तर परमेश्वरका जनहरूसित सङ्गी
नागरिक र परमेश्वरको घरानाका सदस्यहरू
भएका छौ, **२०**जुन घराना प्रेरितहरू र
अगमवक्ताहरूको जगमाथि बसालिएको छ, र
जसको कुने ढुङ्गो ख्रीष्ट येशू स्वयम् हुनुहुन्छ।
**२१**उहाँमा पूरै घर एकसाथ जोड़िएको छ अनि
प्रभुमा एक पवित्र मन्दिर हुनलाई बढ़दैजान्छ।

---

**१:२०**–भजन ११०:१. **१:२२**–भजन ८:६. **१:२२-२३**–कलस्सी १:१८. **२:१-५**–कलस्सी २:१३.
**२:१५**–कलस्सी २:१४. **२:१६**–कलस्सी १:२०. **२:१७**–यशैया ५७:१९.

२२अनि उहाँमा तिमीहरू पनि एक वासस्थान
हुनलाई एकसाथ निर्माण हुँदै जान्छौ जसमा
परमेश्वर आत्मामा भई वास गर्नुहुन्छ ।

## पावल गैर-यहूदीहरूका निम्ति प्रचारक

३ यसैकारण, तिमी गैर-यहूदीहरूका खातिर
म, पावल, ख्रीष्ट येशूको कैदी–
२निश्चय तिमीहरूकै निम्ति मलाई
परमेश्वरको अनुग्रहको कारिन्दा नियुक्त गरिएको
बारेमा सुनेकै छौ होला, ३अर्थात्, प्रकाशद्वारा
मलाई रहस्य प्रकट गरिएको थियो, जसको
बारेमा मैले छोटकरीमा लेखिसकेकै छु । ४यो
लेखाइ पढ्दा, ख्रीष्टको रहस्यबारे मेरो अन्तर
दृष्टि तिमीहरूले बुझ्नेछौ, ५जुन कुरो अघिल्लो
पुस्ताका मानिसहरूलाई प्रकट भएको थिएन,
तर अहिले, परमेश्वरका पवित्र प्रेरितहरू
र अगमवक्ताहरूलाई आत्माद्वारा भएको छ ।
६रहस्यचाहिँ के हो भने सुसमाचारद्वारा गैर-
यहूदीहरू पनि इस्राएलसँग सङ्गी उत्तराधिकारी,
एउटै शरीरका सङ्गी सदस्य, र ख्रीष्ट येशूमा
भएको प्रतिज्ञाका सङ्गी साझेदार हुन् ।
७मलाई दिइएको परमेश्वरको अनुग्रह, जसले
ममा शक्तिसँग काम गर्नुहुन्छ, उहाँद्वारा म यस
सुसमाचारको सेवक बनिएँ । ८म परमेश्वरका
सबै जनहरूभन्दा कान्छो हुँ । तापनि, ख्रीष्टमा
पाइने अगम्य सम्पत्तिबारे गैर-यहूदीहरूलाई
प्रचार गर्न, ९अनि सबै थोक सृष्टि गर्नुहुने
परमेश्वरमा युगौंसम्म लुकेर रहेको यो रहस्यको
प्रबन्धबारे सबैलाई सरल ढंगमा बुझाउने अनुग्रह
मलाई दिइयो । १०उहाँको अभिप्राय यही थियो,
स्वर्गीय स्थानहरूमा भएका शासक तथा
अधिकारीहरूमा परमेश्वरको विभिन्न ज्ञानहरू
मण्डलीद्वारा प्रकट गरियोस्, ११जुनचाहिँ उहाँले
हाम्रो प्रभु येशू ख्रीष्टमा पूरा गर्नुभएको अनन्त
योजनाअनुसार थियो । १२उहाँमा अनि उहाँमाथि
राखिएको हाम्रो विश्वासद्वारा हामी साहस र
स्वतन्त्रतासँग परमेश्वरसम्म पुग्नसक्छौं ।
१३यसकारण, म यो निवेदन गर्दछु, मैले
तिमीहरूको निम्ति भोगेको कष्टको कारण
निराश नबन, ती त तिमीहरूका गौरव हुन् ।

## एफिसीहरूको निम्ति प्रार्थना

१४यसैकारण, म मेरो पिताको सामुन्ने घुँडा
टेक्दछु, १५जसद्वारा स्वर्गमा अनि यस पृथ्वीमा
भएका जम्मै परिवारको नाउँ राखिएको छ ।
१६म यो प्रार्थना गर्दछु कि उहाँको महिमित
सम्पत्तिअनुसार उहाँले तिमीहरूको भित्री मनुष्यत्वमा
उहाँको आत्माद्वारा शक्तिले सामर्थ्यवान्
तुल्याऊन्, १७जसद्वारा ख्रीष्ट तिमीहरूको हृदयमा
विश्वासद्वारा वास गरून् । अनि म यो पनि
प्रार्थना गर्दछु कि, तिमीहरू प्रेममा जरा गाड़ेका
र स्थापित भएर, १८ख्रीष्टको प्रेमको चौडाइ,
लमाइ, उचाइ र गहिराइ कति रहेछ, सबै
सन्तहरू सँगसँगै थाहा गर्नलाई तिमीहरूले
शक्ति पाउनसक, १९अनि सबै ज्ञानलाई माथ
गर्ने ख्रीष्टको प्रेम जान्नलाई परमेश्वरको सबै
पूर्णताको नापसम्म तिमीहरू भरिपूर्ण होओ ।
२०अब उहाँलाई जसले हामीमा काम गर्नुहुने
शक्तिअनुसार हामीले मागेको वा सोचेकोभन्दा
ज्यादै प्रशस्त गरी गर्न सक्नुहुने, २१उहाँलाई नै
पुस्ता पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा
सदासर्वदा महिमा होस् ! आमेन ।

## ख्रीष्टको देहमा एकता

४ त्यसकारण म, प्रभुको निम्ति एक कैदीले,
तिमीहरू जुन बोलावटमा बोलाइएका
छौ, त्यसैको योग्य चालमा चल भनी
आग्रह गर्दछु । २पूर्णरूपले नम्र र विनयी बन;
एक अर्कालाई प्रेममा सहँदै धैर्य धारण गर ।
३शान्तिको बन्धनमा आत्माको एकता राख्नलाई
हरेक प्रयत्न गर । ४एउटै देह र एउटै आत्मा
छ– जसरी तिमीहरूको बोलावट एउटै आशामा
भएको थियो– ५एउटै प्रभु, एउटै विश्वास,
एउटै बप्तिस्मा; ६एउटै परमेश्वर र सबैको
पिता, जो सबैमाथि, सबैको मध्यमा र सबैमा
हुनुहुन्छ ।

---

**३:४–६**–कलस्सी १:२६-२७. **४:२**–कलस्सी ३:१२-१३.

७तर हामी प्रत्येकलाई ख्रीष्टले बाँड्नु
भएअनुसार अनुग्रह दिइएको छ । ८यसैकारण
धर्मशास्त्रमा यसो लेखिएको छः

> "जब उहाँ उच्चमा चढ़िजानुभयो,
> उहाँले कैदीहरूलाई बन्दी बनाएर लानुभयो
> अनि मानिसहरूलाई वरदानहरू
> दिनुभयो ।"

९(यदि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु भएन
भने "उहाँ उच्चमा चढ़िजानुभयो" भन्नाले के
बुझिन्छ र ? १०जो ओर्लनुभयो, उहाँ नै सम्पूर्ण
जगत भरिपूर्ण होस् भनी, सबै स्वर्गहरूभन्दा
माथि उक्लनु पनि भयो ।) ११अनि उहाँले नै
कसैलाई प्रेरित, कसैलाई अगमवक्ता, कसैलाई
प्रचारक, अनि कसैलाई पास्टर तथा शिक्षकहरू
हुन बोलाउनुभयो, १२सेवाको काममा परमेश्‍वरका
जनहरूलाई तयार पार्न, जसद्वारा ख्रीष्टको
देहको निर्माण हुन सकोस् । १३जबसम्म हामीले
परमेश्‍वरको पुत्रको ज्ञानमा र विश्‍वासमा एकता
प्राप्त गर्दैनौं अनि ख्रीष्टको पूर्णताको सम्पूर्ण
नापसम्म परिपक्व बन्दैनौं ।

१४तब हामी विभिन्न सिद्धान्तहरूको प्रत्येक
बतास र छालहरूले ओल्ट्याङ पल्ट्याङ
पार्ने, धूर्त मानिसहरूका जालझेल र चलाक
कार्वाहीद्वारा ठगिने साना बालकहरू जस्ता
नहोऔं । १५बरु, प्रेममा सत्य बोलेर, हामी सबै
थोकमा उहाँसम्मै अर्थात् ख्रीष्टसम्मै बढ्दै जाऔं,
जो हाम्रा शिर हुनुहुन्छ । १६उहाँबाट नै प्रत्येक
सहायक जोर्नीद्वारा सारा शरीर जोड़िएको र
बाँधिएको भई, प्रेममा हरेक अङ्गले आफ्नो
काम गरेअनुसार यो आफै बढ़छ र निर्माण
हुन्छ ।

### ज्योतिको सन्तान भएर जिउनु

१७यसकारण, म तिमीहरूलाई यो भन्दछु,
अनि प्रभुमा यो जोड़ दिँदछु कि, तिमीहरू अब
गैर-यहूदीहरूझैं विचारको व्यर्थतामा नचल ।
१८तिनीहरूको समझ अन्धकारले भरिएको
छ, तिनीहरूले आफ्नो हृदयलाई कठोर
बनाई ल्याएको अज्ञानताको कारणले तिनीहरू
परमेश्‍वरको जीवनदेखि बिराना भएका छन् ।
१९सम्पूर्ण चेतना गुमाएर, तिनीहरूले सबै
किसिमको अशुद्धतामा जिउन, र अझ धेरै
कामुक भई बाँच्न, आफैलाई कामोद्दीपनामा
सुम्पिदिए ।

२०तर, तिमीहरूले ख्रीष्टलाई त त्यसरी
चिनेनौ । २१निश्‍चय पनि येशूमा भएको
सत्यताअनुसार नै तिमीहरूले उहाँबारे सुन्यौ
अनि सिक्यौ । २२तिमीहरूले आफ्नो पुरानो
जीवन जो छली लालसाद्वारा भरिएको थियो,
त्यो पुरानो मनुष्यत्वलाई त्याग्नुपर्छ भनी सिकेका
छौ; २३र आफ्ना मनको व्यवहारमा नयाँ मानिस
बन; २४अनि नयाँ मनुष्यत्वलाई धारण गर, जो
परमेश्‍वरको धार्मिकता र पवित्रतामा सृष्टि
भएको छ ।

२५यसकारण तिमीहरू सबैले झूटलाई
त्यागेर आफ्ना छिमेकीसँग सत्य बोल्नुपर्छ,
किनकि हामी सबै एउटै देहका अङ्ग हौं ।
२६"क्रोध गर, तर पाप नगर": घाम अस्ताउनु
अघिनै तिमीहरूको रीस मरोस्, २७अनि शैतानलाई
कुनै मौका नदेओ । २८चोर्नेले अब नचोरोस्,
तर आफ्नै हातले केही उपयोगी काम गरोस्,
र खाँचोमा परेकालाई केही मद्दत गर्न सकोस् ।

२९तिमीहरूको मुखबाट कुनै नराम्रो कुरा
ननिक्लोस्, तर समयअनुसार तिनीहरूलाई
निर्माण गर्न सहायता पुग्ने र सुन्नेहरूलाई फाइदा
हुने कुराकानी मात्र गर । ३०तर परमेश्‍वरको
पवित्र आत्मालाई सन्ताप नदेऊ, जसद्वारा तिमी
उद्धारको दिनका निम्ति छाप लगाइएका छौ ।
३१सबै तितोपना, क्रोध र रीस, होहल्ला र निन्दा,
सबै किसिमको डाहसमेत त्यागिदेओ । ३२एक
अर्काप्रति दयालु र कोमल मनका होओ, ख्रीष्टमा
परमेश्‍वरले तिमीहरूलाई क्षमा गर्नुभएझैं एकले
अर्कालाई क्षमा गर ।

---

**४:८**–भजन ६८:१८. **४:१६**–कलस्सी २:१९. **४:२२**–कलस्सी ३:९. **४:२४**–उत्पत्ति १:२६; कलस्सी ३:१०.
**४:२५**–जकरिया ८:१६. **४:२६**–भजन ४:४. **४:३२**–कलस्सी ३:१३.

५ यसकारण, प्रिय बालकहरूझैं परमेश्वरको
देखासिकी गर्नेहरू होओ, २अनि प्रेममा
चल, जसरी ख्रीष्टले तिमीहरूलाई प्रेम गर्नुभयो,
र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान
भएर हाम्रो निम्ति अर्पित हुनुभयो ।

३तर तिमीहरूमा कुनै प्रकारको यौनका
अनैतिकता वा कुनै प्रकारको अशुद्धता वा लोभको
नाउँसम्म नलिइयोस्, किनकि परमेश्वरका
पवित्र जनको निम्ति यी बेठीक कुरा हुन् ।
४अनि कुनै प्रकारको अश्लील, मूर्ख बातचीत
अथवा बेफाइदाका ठट्‌चौली नहोस्, बरु
धन्यवाद दिने काम होस् । ५किनकि तिमीहरू
यो निश्चितसँग जान्दछौ कि कुनै व्यभिचारी,
वा अशुद्ध व्यक्ति वा लोभी मानिस, जो एक
मूर्ति पूजक हो, उसले ख्रीष्ट र परमेश्वरको
राज्यमा अधिकार पाउन सक्दैन । ६कसैले
तिमीहरूलाई फोस्रो कुराले धोका नदेओस्,
किनकि यिनै कुराहरूको कारण परमेश्वरको
क्रोध अनाज्ञाकारीहरूमाथि आउँछ । ७यसकारण
उनीहरूसँग सहभागी नहोओ ।

८किनकि तिमीहरू एक समय अन्धकारमा
थियौ, तर तिमीहरू अब त प्रभुमा ज्योति भएका
छौ । ज्योतिका सन्तानझैं हिँड्डुल गर ।
९(किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा
नै ज्योतिको फल पाइन्छ) १०अनि प्रभुलाई
मन पर्ने के हो, त्यो सिक्ने कोशिश गर ।
११अन्धकारका निष्फल कार्यहरूसँग सहभागी
नबन, बरु तिनीहरूलाई प्रकट गरिदेओ ।
१२किनकि अनाज्ञाकारीहरूले गुप्तमा के के गर्छन्
भन्नु पनि शर्मको कुरो हो । १३तर ज्योतिद्वारा
प्रकट भएको प्रत्येक कुरा प्रष्टै देखिने बन्दछ,
१४किनकि ज्योतिले नै प्रत्येक कुरो प्रष्टै देखिने
बनाउँदछ । त्यसकारण धर्मशास्त्रमा यसो
लेखिएको छ:

> “ए निदाउँने, बिउँझ,
> मरेकाहरूबाट उठ,
> अनि ख्रीष्ट तिमीमाथि चम्कनुहुनेछ ।”

१५त्यसकारण होशियार बस, तिमी कसरी
हिँड्दैछौ– निर्बुद्धि मानिस जस्तो होइन, तर
बुद्धिमान् जस्तो, १६प्रत्येक अवसरलाई सदुपयोग
गर, किनकि दिन खराब छ । १७यसकारण मूर्ख
नबन, तर प्रभुको इच्छा के छ त्यो बुझ ।
१८तर दाखमद्यले नमात्तिओ, जसमा असंयम
हुन्छ । तर पवित्र आत्माले भरिपूर्ण होओ ।
१९भजन, गीत र आत्मिकी गानमा एउटाले
अर्कोसँग बोल । प्रभुको निम्ति तिमीहरूको
हृदय गीत र सङ्गीतले भर, २०हरेक कुराको
निम्ति हाम्रा प्रभु येशू ख्रीष्टमा, परमेश्वर
पितालाई सधैं धन्यवाद चढ़ाओ ।

२१ख्रीष्टलाई आदर गर्दै एक अर्काको
अधीनमा बस ।

### पति–पत्नीहरूलाई अर्ती

२२पत्नी हो, प्रभुमा जस्तै गरी, आफ्ना
पतिहरूको अधीनमा बस । २३किनकि पति नै
पत्नीको शिर हो, जसरी ख्रीष्ट, उहाँको देह
अर्थात् मण्डलीको शिर हुनुहुन्छ, जसको निम्ति
उहाँ उद्धारकर्ता पनि हुनुहुन्छ । २४जसरी मण्डली
ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि
हरेक कुरामा पतिहरूको अधीनमा रहून् ।

२५पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर,
जसरी ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो अनि
मण्डलीको निम्ति आफूलाई अर्पित गर्नुभयो,
२६यस हेतुले कि वचनको पानीद्वारा उहाँले
त्यसलाई धोएर र सफा गरेर पवित्र पार्न सकून्,
२७अनि उहाँले नै कुनै दाग वा चाउरी नपरेको
एउटा प्रतापी मण्डली उहाँ आफ्नै निम्ति
प्रस्तुत गर्न सकून् र त्यो मण्डलीचाहिँ पवित्र
र निष्खोट होस् । २८यसै प्रकारले, पतिहरूले
आफ्ना पत्नीहरूलाई आफ्नै शरीरलाई झैं प्रेम
गर्नुपर्छ । जसले आफ्नो पत्नीलाई प्रेम गर्छ,
त्यसले आफैलाई प्रेम गर्दछ । २९कुनै पनि
हालतमा, कसैले आफ्नो शरीरलाई घृणा गर्दैन,
तर उसले यसको वास्ता र पालनपोषण गर्दछ,

---

**५:२**–प्रस्थान २९:१८; भजन ४०:६. **५:१६**–कलस्सी ४:५. **५:१९-२०**–कलस्सी ३:१६-१७.
**५:२२**–कलस्सी ३:१८; १ पत्रुस ३:१. **५:२५**–कलस्सी ३:१९; १ पत्रुस ३:७.

जसरी ख्रीष्टले मण्डलीलाई गर्नुभयो, ३०किनकि
हामी उहाँका देहका अङ्गहरू हौं । ३१"यसैकारण
मानिसले आफ्ना आमा र बाबुलाई छोड़ेर आफ्नी
पत्नीसँग मिलिरहन्छ, र ती दुई एउटै शरीर
बन्दछन् ।" ३२यो एक अति गहन रहस्य हो,
तर मैले त ख्रीष्ट र उहाँको मण्डलीबारे कुरा
गरिरहेको छु । ३३तरै पनि, तिमी हरेकले आफ्नो
पत्नीलाई, आफैलाई जस्तै गरी प्रेम गर्नुपर्छ, र
पत्नीले आफ्ना पतिको आदर गरोस् ।

### छोराछोरी र आमाबाबुहरूलाई अर्ती

६ छोराछोरी हो, प्रभुमा आफ्ना आमाबाबुको
आज्ञापालन गर, किनकि यो उचित छ ।
२"आफ्ना बाबु र आमाको आदर गर"– जुन
प्रतिज्ञासहितको पहिलो आज्ञा हो– ३"अनि
तिमीहरूलाई भलो होस् र पृथ्वीमा तिमीहरू
दीर्घायु होओ ।"

४त्यसैले हे बाबु हो, आफ्ना छोराछोरीलाई
रीस नउठाओ; बरु तिनीहरूलाई प्रभुको
अनुशासन र शिक्षामा हुर्काओ ।

### कमाराहरू र मालिकहरूलाई अर्ती

५हे कमाराहरू हो, तिमीहरूले आदर, भय र
इमान्दारसँग जसरी ख्रीष्टको आज्ञा पालन गर्दछौ,
त्यसरी नै यस संसारमा भएका तिमीहरूका
मालिकको आज्ञा पालन गर । ६केवल
उनीहरूलाई खुशी पार्ने हेतुले उनीहरूको आँखा
अगाडि मात्र होइन, तर ख्रीष्टको दासहरूझैं
तिमीहरूको हृदयबाटै परमेश्वरको इच्छा पालन
गरेजस्तो गरी उनीहरूको पनि आज्ञा पालन
गर । ७तिमीहरूले मानिसलाई होइन, तर प्रभुको
सेवा गरेजस्तै गरी उनीहरूलाई सेवा पुऱ्याओ,
८किनकि तिमीहरूलाई थाहा छ, कि कुनै पनि
मानिसले जे गर्दछ, त्यसैअनुसारको इनाम प्रभुले
उसलाई दिनुहुन्छ, चाहे त्यो व्यक्ति दास होस्
वा फुक्का ।

९मालिकहरू हो, तिमीहरूले आफ्ना
दासहरूसँग पनि त्यस्तै व्यवहार गर ।
तिनीहरूलाई नधम्क्याओ, किनकि थाहै होला
कि तिमीहरू र उनीहरू दुवैको मालिक स्वर्गमा
हुनुहुन्छ, र उहाँले कहिल्यै पक्षपात गर्नुहुन्न ।

### परमेश्वरको हातहतियार

१०अन्त्यमा, प्रभुमा र उहाँको सामर्थ्यवान्
शक्तिमा बलियो होओ । ११शैतानका युक्तिहरूको
विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका
सारा हातहतियार धारण गर । १२किनकि हाम्रो
सङ्घर्ष मासु र रगतको विरुद्धमा होइन, तर
प्रधानताहरूको विरुद्ध, शैतानको अधिकार विरुद्ध,
वर्तमान् अन्धकारका सांसारिक शासकहरूका
र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका
आत्मिक सेनाहरूको विरुद्ध हो । १३यसकारण
परमेश्वरका सारा हातहतियार धारण गर, र
कुनै पनि खराब दिनको सामना गर्न सक,
अनि सबै काम गरिसकेर खड़ा हुनसक्ने
बन । १४यसकारण आफ्नो कम्मर सत्यको पेटीले
बाँधेर, धार्मिकताको छाती-पाता लगाएर खड़ा
होओ, १५अनि खुट्टामा मिलापको सुसमाचारको
तयारीको जुत्ता लगाओ, १६यी बाहेक, विश्वासको
ढाल उठाओ, जसद्वारा तिमीले दुष्टका सबै
अग्निवाण निभाउन सक्नेछौ । १७मुक्तिको टोप
लगाओ र आत्माको तरवार भिर, जुनचाहिँ
परमेश्वरको वचन हो । १८सबै समयहरूमा,
सबै प्रकारका निवेदन अनि अन्तर्बिन्तीसहित,
आत्मामा प्रार्थना गरिरहो । मनमा सचेत बनेर,
सबै सन्तहरूको निम्ति सधैं प्रार्थना गरिरहो ।

१९जब म मुख खोल्दछु, मैले सुसमाचारको
रहस्य निर्धक्कसँग बताउन मलाई शब्दहरू
दिइयोस् भनी मेरो निम्ति पनि प्रार्थना गर ।
२०सुसमाचारको निम्ति म बन्धनमा रहेको एक
राजदूत हुँ । मैले जसरी बोल्नुपर्ने हो, त्यसरी नै
निर्भयसँग घोषणा गर्न सकूँ भनी प्रार्थना गर ।

**५:३१**–उत्पत्ति २:२४. **६:१**–कलस्सी ३:२०. **६:२–३**–प्रस्थान २०:१२; व्यवस्था ५:१६.
**६:४**–कलस्सी ३:२१. **६:५–८**–कलस्सी ३:२२-२५. **६:९**–व्यवस्था १०:१७; कलस्सी ३:२५; ४:१.
**६:१४**–यशैया ११:५; ५९:१७. **६:१५**–यशैया ५२:७. **६:१७**–यशैया ५९:१७.

### अन्तिम अभिवादन

**२१**मेरो प्यारो भाइ, अनि प्रभुमा इमान्दार
सेवक, टाइकिकसबाट तिमीहरूले सबै थोक
थाहा पाउनेछौ, साथै म कस्तो छु र के गर्दैछु,
त्यो पनि जान्नेछौ । **२२**हामी कस्ता छौं भनी
तिमीहरूले जान र तिनले तिमीहरूलाई पनि
प्रोत्साहित तुल्याउन सकून् भनी मैले तिनलाई
पठाइरहेको छु ।

**२३**भाइहरूलाई परमेश्‍वर पिता र प्रभु येशू
खीष्टबाट शान्ति र विश्‍वाससहितको प्रेम ।
**२४**हाम्रा प्रभु येशू खीष्टलाई अमर प्रेम गर्नेहरू
सबैसित अनुग्रह रहोस् ।

---

**६:२१**–प्रेरित २०:४; २ तिमोथी ४:१२. **६:२१–२२**–कलस्सी ४:७-८.

# फिलिप्पीहरूलाई

## पावलको पत्र

**१** ख्रीष्ट येशूका सेवकहरू, पावल र तिमोथीका
तर्फबाट,

फिलिप्पीमा ख्रीष्ट येशूमा भएका बिशपहरू
र डिकनहरू साथै सबै सन्तहरूलाई:

**२**परमेश्‍वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट
तिमीहरूलाई अनुग्रह र शान्ति ।

### धन्यवाद र प्रार्थना

**३**तिमीहरूलाई सम्झेपिच्छे म मेरा
परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछु । **४**तिमीहरू
सबैका निम्ति मेरो हरेक प्रार्थनामा म सधैं
आनन्दसाथ प्रार्थना गर्दछु, **५**जो पहिलो दिनदेखि
अहिलेसम्म सुसमाचारमा रहेको तिमीहरूको
सहभागिताको कारणले गर्दा हो, **६**यो कुरामा
दृढ़ भरोसा गरेर, कि जसले तिमीहरूमा एउटा
असल काम शुरु गर्नुभयो, उहाँले नै ख्रीष्ट येशूको
दिनमा त्यो पूरा होउञ्जेल जारी राख्नुहुनेछ ।
**७**तिमीहरू सबैका निम्ति यस्तो ठान्नु मेरो
लागि उचित छ, किनकि तिमीहरूलाई मैले
मेरो हृदयमा राखेको छु; त्यसैले चाहे म कैदमा
रहँदा अथवा सुसमाचारको प्रतिरक्षा र समर्थन
गर्दा, यी दुवैमा तिमीहरू सबै मसँग परमेश्‍वरको
अनुग्रहका सहभागी छौ । **८**ख्रीष्ट येशूको प्रेमले
तिमीहरू सबैका निम्ति म कति तिर्सना गर्दछु
भनी परमेश्‍वरले नै साक्षी दिन सक्नुहुन्छ ।
**९**अनि मेरो प्रार्थना यही छ: कि तिमीहरूको
प्रेम ज्ञान र अन्तरदृष्टिको गहिराइमा झन्-झन्
प्रशस्त हुँदैजाओस्, **१०**यस उद्देश्यले, कि जे असल
छ त्यो छुटयाउन तिमीहरू समर्थ बन्न सक
र ख्रीष्टको दिनमा शुद्ध र दोषरहित रहन
सक, **११**अनि परमेश्‍वरको महिमा र प्रशंसाको
निम्ति येशू ख्रीष्टद्वारा आउने धार्मिकताका फलले
भरिएका होओ ।

### पावलको कैदद्वारा सुसमाचारको विस्तार

**१२**ए भाइ हो, अब ममाथि आइलागेका
कुराहरूले वास्तवमा सुसमाचारलाई अगि
बढ़ाउने काम गरेका छन् भनी तिमीहरूले जान
भन्ने म चाहन्छु । **१३**त्यसकै फलस्वरूप, सारा
दरवार र बाँकी सबैकहाँ म कैदमा ख्रीष्टको
निम्ति रहेको हुँ भनी जाहेर भएको छ । **१४**अनि
मेरो कैदको कारणले गर्दा, प्रभुमा धेरै भाइहरू
परमेश्‍वरको वचन अझ साहस र निर्भयतासाथ
प्रचार गर्न उत्साहित भएका छन् ।
**१५**यो सत्य हो कि कतिले डाह र प्रतिस्पर्धाका
कारण ख्रीष्टलाई प्रचार गर्छन्, तर अरूहरूले
चाहिँ सद्भावले । **१६**दोस्रो समूहकाहरूले म
सुसमाचारको सुरक्षाका निम्ति यहाँ परेको हुँ
भनी जानेर प्रेममा यो काम गर्दछन् । **१७**तर
पहिलो समूहकाहरूले चाहिँ ईमानदारीपूर्वक
होइन, तर म कैदमा रहेको बेला तिनीहरूले
मेरो निम्ति समस्या खड़ा गर्न सकिन्छ भनी ठानेर
स्वार्थको भावनाले ख्रीष्टलाई प्रचार गर्छन् ।
**१८**त्यसले के भयो त ? मुख्य कुरा त यही नै
हो कि जुनै पनि उपायले, चाहे गलत अभिप्रायमा,
चाहे सत्यमा; ख्रीष्ट नै प्रचारिनुहुन्छ । अनि
यसैकारणले म रमाउँछु ।
हो, रमाउने काम म जारी राख्छु, **१९**किनकि
तिमीहरूका प्रार्थना र येशू ख्रीष्टका आत्माले
दिने सहायताद्वारा ममाथि आइलागेका कुराहरू
मेरै छुटकाराको निम्ति हुन आउनेछन् भनी म
जान्दछु । **२०**म उत्कट प्रतीक्षा र आशा गर्दछु,
म कदापि शर्ममा पर्नेछैनँ, तर मैले प्रशस्त
साहस पाउनेछु, ताकि चाहे जीवनद्वारा होस्
वा मृत्युद्वारा, सदाझैं अब पनि मेरो शरीरमा

---

**१:१**–प्रेरित १६:१२.

ख्रीष्ट उच्च पारिनुहुनेछ। २१किनकि मेरो निम्ति
जिउनु ख्रीष्ट हो, अनि मर्नु लाभ हो। २२यदि म
शरीरमा नै जिइरहनुपर्ने हो भने, त्यसको अर्थ
मेरो निम्ति फलदायी परिश्रम हुनेछ। तापनि
मैले के रोज्ने त ? म जान्दिनँ ! २३मेरो मन
दुबिधामा छः म त बिदा भएर ख्रीष्टको साथमा
हुने इच्छा गर्दछु, किनकि यो धेरै नै असल छ;
२४तर म शरीरमा नै रहिरहनु तिमीहरूका
निम्ति अझ बढ़ी आवश्यक छ। २५यही
कुरामा विश्वास गर्न निश्चित भएर, विश्वासमा
तिमीहरूको प्रगति र आनन्दको निम्ति म जीवित
रहनेछु, अनि तिमीहरू सबैसँग रहिरहनेछु भनी
म जान्दछु, २६जसबाट म फेरि तिमीहरूसँग
रहेकोले गर्दा मेरो कारण ख्रीष्ट येशूमा भएको
तिमीहरूको आनन्द भरपूर भई पोखियोस्।

२७जेसुकै आइलागे तापनि, तिमीहरू ख्रीष्टको
सुसमाचारको योग्य हुने जीवनको चालमा
चल। तब, चाहे म आएर तिमीहरूलाई देखूँ,
चाहे अनुपस्थित रहेर तिमीहरूका बारेमा सुनूँ,
म यही थाहा पाउन चाहन्छु कि तिमीहरू एउटै
आत्मामा दृढ़ भई खड़ा छौ, र सुसमाचारको
विश्वासको निम्ति एउटै मनका भई मिलेर
परिश्रम गर्दछौ, २८र तिमीहरूलाई विरोध
गर्नेहरूबाट कुनै किसिमले डराउँदैनौ। यो
तिनीहरूका निम्ति एउटा चिन्ह हो कि तिनीहरू
नाश हुनेछन्, तर तिमीहरूका निम्ति त
तिमीहरू बचाइनेछौ भन्ने कुराको चिन्ह हो
र यो परमेश्वरबाट हुन्छ। २९किनकि ख्रीष्टमा
तिमीहरूलाई केवल उहाँमाथि विश्वास गर्ने
कुरा मात्र दिइएको छैन, तर उहाँको खातिर
कष्ट भोग्ने कुरा पनि दिइएको छ, ३०किनकि
जुन सङ्घर्ष तिमीहरूले ममा भएको देख्यौ र
त्यो अझै पनि ममा छँदैछ भनी अहिले सुन्दैछौ,
तिमीहरू पनि त्यही सङ्घर्षमा नै छौ।

### ख्रीष्टको नम्रताको अनुकरण

२ ख्रीष्टमा एक हुनाले यदि तिमीसँग केही
प्रोत्साहन, उहाँको प्रेमबाट केही सान्त्वना,
पवित्र आत्मासँग केही सङ्गति, केही कोमल
कृपा र सहानुभूति छ भने, २एउटै मनका भएर,
एउटै प्रेम राखेर, एउटै आत्मा र लक्ष्य लिएर
मेरो आनन्द पूरा गर। ३स्वार्थी आकाङ्क्षा र
व्यर्थको अहङ्कारमा केही नगर, तर नम्रतामा
एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।
४तिमीहरू हरेकले केवल आफ्नो इच्छा मात्र
होइन, तर अरूको इच्छा पनि हेर।

५तिमीहरूको आचरण पनि ख्रीष्ट येशूको
जस्तै होस्:

६ जसले, उहाँ परमेश्वरकै स्वरूपमा
भएर पनि,
परमेश्वरको बराबरी हुने कुरालाई
पक्रिराख्ने कुनै थोकजस्तो ठान्नुभएन,
७ तर आफैलाई रित्याउनुभयो,
एउटा कमाराको रूप लिनुभयो,
मानिसकै प्रतिरूपमा बनिनुभयो।
८ अनि स्वरूपमा मानिसजस्तै भएर,
उहाँले आफैलाई होच्याउनुभयो
र मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्म
नै आज्ञाकारी बन्नुभयो।
९ त्यसैकारण परमेश्वरले उहाँलाई
सर्वोच्च स्थानसम्म उच्च पार्नुभयो
र उहाँलाई एउटा नाउँ दिनुभयो,
जो हरेक नाउँभन्दा उच्च छ,
१० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि
भएको,
हरेक प्राणीले येशूको नाउँमा घुँड़ा
टेक्नुपर्छ,
११ अनि परमेश्वर पिताको महिमाको
निम्ति,
हरेक जिब्रोले येशू ख्रीष्ट नै प्रभु
हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ।

### ताराझैं चम्कनु

१२यसकारण, मेरा प्रिय मित्र हो, म
तिमीहरूसँग हुँदा मैले दिएका अर्ती जसरी सधैं
पालन गरेका थियौ, अब झन् बढ़ी मेरो

---

**१:२३**–प्रेरित २८:३०. **१:३०**–प्रेरित १६:१९-४०. **२:१०-११**–यशैया ४५:२३.

अनुपस्थितिमा पनि डर र कम्पसाथ आफ्नो
मुक्तिको काम तिमीहरू पूरा गर्दै जाओ,
**१३**किनकि तिमीहरूका इच्छा र काम गराइ
दुवैलाई उहाँकै असल अभिप्रायमुताविकको
तुल्याउनका निम्ति तिमीहरूमा काम गर्नुहुनेचाहिँ
परमेश्वर नै हुनुहुन्छ ।

**१४**सबै काम विनागनगन र विनावाद-विवाद
गर, **१५**जसबाट टेढ़ो र बरालिएको पुस्ताको
बीचमा तिमीहरू निर्दोष र शुद्ध, परमेश्वरका
निष्खोट सन्तान बन्न सक्नेछौ, जुन पुस्तामा
तिमीहरू ताराहरूझैँ चम्कन्छौ, **१६**त्यसैले
तिमीहरूले जीवनको वचनलाई दह्रो गरी
पक्रिराख– ताकि म व्यर्थमा दगुरिनँ र व्यर्थमा
परिश्रम गरिनँ भनी ख्रीष्टको दिनमा मैले गर्व
गर्न सकूँ । **१७**तर यदि तिमीहरूको विश्वासको
बलिदान र सेवामाथि म अर्घबलिको रूपमा अर्पित
हुनपरे तापनि, म खुशी छु र तिमीहरू सबैसँग
रमाउँछु । **१८**त्यसैगरी तिमीहरू पनि मसँगसँगै
खुशी हुनु र रमाउनुपर्छ ।

## तिमोथी र इपाफ्रोडिटस

**१९**तिमीहरूको खबर पाएर म पनि प्रसन्न
हुन सकूँ भनेर तिमोथीलाई चाँड़ै नै तिमीहरूकहाँ
पठाउन म प्रभु येशूमा आशा गर्दछु । **२०**साँचो
मनले तिमीहरूको भलाइको निम्ति वास्ता गर्ने,
तिनी जस्तो अर्को मानिस मसित छैन । **२१**किनकि
सबैले येशू ख्रीष्टको इच्छा होइन, तर आफ्नै
स्वार्थ खोज्दछन् । **२२**तर तिमोथीले आफैलाई
साबित गरेको कुरा त तिमीहरूलाई थाहै छ,
कसरी एउटा छोराले बाबुको सेवा गरेझैँ तिनले
मसँग सुसमाचारको काममा सेवा गरेका
छन् । **२३**यसकारण, मेरो परिस्थिति कस्तो हुन्छ
भनी बुझ्ने बित्तिकै म तिनलाई पठाउने आशा
गर्दछु । **२४**अनि म आफै पनि चाँड़ै नै आउनेछु
भनी प्रभुमा भरोसा राखेको छु ।

**२५**मेरा भाइ, सहकर्मी र सङ्गीसिपाही
इपाफ्रोडिटसलाई तिमीहरूकहाँ पठाउन मैले
आवश्यक ठानेको छु, जो मेरो खाँचोमा वास्ता
गर्न भनी तिमीहरूले पठाएका तिमीहरूका दूत
पनि हुन् । **२६**किनकि तिनले तिमीहरू सबैका
लागि अति तिर्सना गर्दछन् र तिनी बिरामी
छन् भनी तिमीहरूले सुनेका हुनाले तिनी चिन्तित
भएका छन् । **२७**तिनी वास्तवमा मरणान्त
बिरामी थिए । तर परमेश्वरले तिनीमाथि अनि
तिनीमाथि मात्र नभई मेरो शोकमाथि अरू शोक
नथपियोस् भनी ममाथि पनि कृपा गर्नुभयो ।
**२८**त्यसैकारण पनि तिनलाई पठाउन म अझ
बढ़ी उत्सुक छु, किनकि तिनलाई फेरि देखेर
तिमीहरू खुशी बन्नेछौ र मलाई पनि कम
चिन्ता हुनेछ । **२९**तिनलाई ठूलो आनन्दसाथ
प्रभुमा स्वागत गर र तिनीजस्ता मानिसहरूलाई
आदर गर, **३०**किनकि मेरो निम्ति तिमीहरूको
अपूरो सहायता पूरा गर्न आफ्नो जीवन
जोखिममा हाल्दै, तिनी ख्रीष्टको कामको निम्ति
झण्डै मृत्युको मुखसम्म नै पुगे ।

## शरीरमा भरोसा नगर्नु

**३** अन्त्यमा, ए मेरा भाइ हो, प्रभुमा आनन्द
गर ! तिमीहरूलाई फेरि पनि त्यही कुरा
नै लेखिरहन मलाई अप्ठेरो लाग्दैन, अनि यो त
तिमीहरूका निम्ति सुरक्षाको कुरा हो ।

**२**कुकुरहरूदेखि, अर्थात् खराब काम
गर्नेहरूदेखि, अङ्ग-कटाइ गर्नेहरूदेखि होशियार
बस । **३**किनकि हामी जसले परमेश्वरका
आत्माद्वारा आराधना गर्दछौं, ख्रीष्ट येशूमा गर्व
गर्दछौं र शरीरमा भरोसा राख्दैनौं, हामी नै
साँचो खतना भएकाहरू हौं– **४**यद्यपि म आफैसँग
त यस्तो भरोसाको निम्ति कारणहरू छन् ।

यदि कसैले आफूसँग शरीरमा भरोसा
राख्ने कारणहरू छन् भनी ठान्छ भने, मसँग
झन् धेरै कारणहरू छन्: **५**म आठौं दिनमा
खतना भएको, इस्राएल जातिको, बेन्यामीनको
कुलको, हिब्रूहरूको हिब्रू हुँ; व्यवस्थाको विषयमा
हो भने फरिसी; **६**जोशको विषयमा हो भने,
मण्डलीलाई सताउने; व्यवस्थाबमोजिम धार्मिक
ठहरिने कुरामा हो भने, दोषरहित ।

---

**२:१५**–व्यवस्था ३२:५. **३:५**–प्रेरित २३:६; २६:५; रोमी ११:१. **३:६**–प्रेरित ८:३; २२:४; २६:९-११.

**७**तर जे कुराहरू मेरा निम्ति लाभदायक थिए,
अब तिनलाई ख्रीष्टका खातिर म हानिकारक
नै सम्झन्छु । **८**त्यसभन्दा पनि बढ़ी, मेरा प्रभु
ख्रीष्ट येशूलाई चिन्न पाउने जस्तो सबैभन्दा
महान् कुराको तुलनामा त म सबै कुरालाई नै
हानि सम्झन्छु, जसको निम्ति मैले सबै कुरा
गुमाएको छु । तिनलाई म कसिङ्गरतुल्य ठान्दछु,
यस निम्ति कि मैले ख्रीष्टलाई प्राप्त गर्न सकूँ,
**९**र म उहाँमा भएको पाइन सकूँ, व्यवस्थाबाट
आउने मेरो आफ्नै धार्मिकता भएर होइन, तर
ख्रीष्टमाथिको विश्वासद्वारा आउने त्यो धार्मिकता
प्राप्त गरेर– जुन धार्मिकता परमेश्वरबाट
आउँछ र विश्वासद्वारा पाइन्छ । **१०**म ख्रीष्टलाई
अनि उहाँ जीवित हुनुभएको शक्तिलाई र उहाँको
मृत्युमा उहाँजस्तै बनेर उहाँको कष्ट भोगमा
सहभागी हुने सङ्गतिलाई अझ गहिरोगरी
चिन्न चाहन्छु, **११**अनि यसरी, कुनै रीतले,
मरेकाहरूबाटको पुनरुत्थान प्राप्त गर्न सकूँ ।

### निशानातिर बढ्नु

**१२**मैले यी सबै कुरा प्राप्त गरिसकेको छु,
अथवा म सिद्ध तुल्याइसकेको छु भनेको होइन,
तर ख्रीष्ट येशूले जे कुराको निम्ति मलाई
पक्रनुभयो त्यही कुरा पक्रन सकूँ भनी म अगाड़ि
बढ़िरहेको छु । **१३**भाइ हो, यी सबै कुरा मैले
पक्रिसकेको छु भनी म ठान्दिनँ । तर म एउटा
काम गर्दछु: पछाड़िका कुरालाई बिर्सेर अगाड़िका
कुरातिर परिश्रमसाथ अगि बढ़दै, **१४**म त्यो
पुरस्कार प्राप्त गर्न निशानातर्फ अगि बढ़दछु,
जसको निम्ति परमेश्वरले ख्रीष्ट येशूमा मलाई
स्वर्गीय बोलावट दिनुभएको छ ।

**१५**हामी परिपक्व हुनेहरू सबैले यस्तै विचार
राखौं । अनि यदि कुनै कुरामा तिमीहरूले भिन्दै
प्रकारले विचार गर्छौ भने, त्यो पनि परमेश्वरले
तिमीहरूलाई स्पष्ट पारिदिनुहुनेछ । **१६**केवल
हामीले जे जति प्राप्त गरिसकेका छौं, हामी
त्यही तहमा स्थिर भई चलौं ।

**१७**भाइ हो, मेरो अनुकरण गर्ने काममा
अरूसँग मिल, र हामीले तिमीहरूलाई दिएका
नमूनाअनुसार जिउनेहरूमाथि ध्यान देओ ।
**१८**किनकि, मैले तिमीहरूलाई पहिले धेरैपल्ट
भनेझैं अहिले रुँदै फेरि भन्दछु, धेरै मानिसहरू
ख्रीष्टको क्रूसका शत्रुहरूजस्तै गरी जिउँछन् ।
**१९**तिनीहरूको अन्त्य विनाश हो, तिनीहरूको
ईश्वर तिनीहरूकै पेट हो, तिनीहरूको गर्व
तिनीहरूकै शर्ममा छ । तिनीहरूको मन संसारका
कुराहरूमा छ । **२०**तर हाम्रो नागरिकता स्वर्गमा
छ । अनि हामीले त्यहाँबाट आउने मुक्तिदाता,
अर्थात् प्रभु येशू ख्रीष्टको उत्कट प्रतीक्षा गर्दछौं,
**२१**जसले सबै कुरालाई उहाँको अधीनमा ल्याउन
उहाँलाई सामर्थ्य दिने त्यही शक्तिद्वारा हाम्रा
नीच शरीरलाई परिवर्तन गरिदिनुहुनेछ र
त्योचाहिँ उहाँको जस्तै महिमित शरीर बन्नेछ ।

**४** यसकारण, मेरा प्रिय भाइहरू हो, म
तिमीहरूलाई प्रेम गर्दछु र तिमीहरूको
चाहना गर्दछु, तिमीहरू नै मेरो आनन्द र
मुकुट हौ । मेरा प्रियहरू, यसरी नै प्रभुमा
स्थिर रहो ।

### प्रोत्साहन

**२**म इयोदिया र सुन्तुखे दुवैलाई प्रभुमा एक
अर्कासँग एउटै मनका होओ भनी आग्रहपूर्वक
बिन्ती गर्दछु । **३**यो साँच्चै हो, अनि एउटै
जुवाका विश्वासी सहकर्मी, म तिमीलाई पनि
बिन्ती गर्दछु, यी स्त्रीहरूलाई मद्दत गर, जसले
मेरो पक्षमा सुसमाचारको खातिर क्लेमेण्ट र
मेरा अरू सहकर्मीहरूसँग परिश्रम गरेका छन्,
जसका नाउँ जीवनको पुस्तकमा छन् ।

**४**प्रभुमा सधैं आनन्द गर । म फेरि पनि
भन्दछु: आनन्द गर ! **५**तिमीहरूको सहनशीलता
सबै मानिसहरूलाई थाहा होस् । प्रभु नजिकै
हुनुहुन्छ । **६**केही कुरामा पनि चिन्तित
नहोओ, तर सबै कुरामा धन्यवादसाथ प्रार्थना
र अन्तर्विन्तीमा तिमीहरूको माग परमेश्वरमा
जाहेर होस् । **७**अनि सम्पूर्ण समझलाई माथ गर्ने,
परमेश्वरको शान्तिले, तिमीहरूका हृदय र

---

**३:१७**–१ कोरिन्थी ४:१६; ११:१.

तिमीहरूका मनलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ ।
८अन्त्यमा, ए भाइ हो, जे कुरो सत्य छ, जे
कुरो आदरणीय छ, जे कुरो ठीक छ, जे कुरो
शुद्ध छ, जे कुरो प्रेमको योग्य छ, जे कुरो
मनपर्दो छ– यदि केही कुरा श्रेष्ठ र प्रशंसाको
योग्य छ भने– तिनै कुराको विचार गर । ९जे
कुरा तिमीहरूले मबाट सिक्यौ अथवा
ग्रहण गऱ्यौ अथवा सुन्यौ अथवा ममा देख्यौ,
ती कुरालाई व्यवहारमा ल्याओ, र शान्तिका
परमेश्वर तिमीहरूसँग रहनुहुनेछ ।

### उनीहरूका भेटीको लागि धन्यवाद

१०तिमीहरूमा अन्त्यमा मप्रतिको वास्ता
फेरि नयाँ गरी पलाएकोमा म प्रभुमा अत्यन्तै
आनन्द गर्दछु । तिमीहरूले साँच्चै नै मेरो वास्ता
गर्थ्यौ, तर त्यो देखाउने मौका तिमीहरूले पाएका
थिएनौ । ११म खाँचोमा परेको छु भनेर मैले
यसो भनेको होइन, किनकि जुनसुकै परिस्थितिमा
पनि सन्तुष्ट बन्न मैले सिकेको छु । १२खाँचोमा
पर्नु के हो सो म जान्दछु, र प्रशस्ततामा हुनु
भनेको के हो त्यो पनि म जान्दछु । चाहे
भरपेट हुँदा होस् वा भोकप्यासमा होस्, चाहे
प्रशस्ततामा जिउँदा होस् वा अभावमा जिउँदा
होस्, जुनसुकै परिस्थितिमा पनि सन्तुष्ट बन्ने
रहस्य मैले सिकेको छु । १३जसले मलाई शक्ति
दिनुहुन्छ, उहाँमा म सबै कुरा गर्न सक्छु ।
१४तापनि मेरो कष्टमा सहभागी बन्नु
तिमीहरूको असल गुण हो । १५यसभन्दा पनि
बढ़ी, तिमी फिलिप्पीहरू आफै पनि जान्दछौ,
कि तिमीहरूले सुसमाचार सुनेका शुरुका
दिनहरूमै, म म्यासिडोनियाबाट बिदा हुँदा दिने
र लिने काममा केवल तिमीहरूबाहेक अरू कुनै
पनि मण्डली मसँग सहभागी भएको थिएन ।
१६किनकि म थेसलोनिकेमा हुँदा पनि, म खाँचोमा
परेको बेला तिमीहरूले पटक पटक मलाई
सहायता पठायौ । १७मैले कुनै कोशेली खोजेको
होइन, तर मैले तिमीहरूकै हिसाबमा जम्मा
हुँदै जाने फलको खोजी गरेको हुँ । १८मैले
पूरा मोल र त्योभन्दा पनि बढ़ी नै प्राप्त
गरेको छु । मलाई प्रचुर मात्रामा दिइएको
छ, किनकि अहिले इपाफ्रोडिटसको हातमा
तिमीहरूले पठाएको भेटी मैले प्राप्त गरेको
छु । त्यो मीठो बास्ना भएको भेटी, ग्रहणयोग्य
र परमेश्वरलाई प्रसन्न तुल्याउने बलिदान हो ।
१९मेरा परमेश्वरले तिमीहरूका सबै खाँचोहरू
ख्रीष्ट येशूमा उहाँको महिमामय सम्पत्तिअनुसार
पूरा गरिदिनुहुनेछ ।
२०हाम्रा परमेश्वर र पितालाई सदासर्वदा
महिमा होस् । आमेन ।

### आखिरी अभिवादन

२१ख्रीष्ट येशूमा सबै सन्तहरूलाई अभिवादन
देओ । मसँग भएका भाइहरूले तिमीहरूलाई
अभिवादन पठाएका छन् । २२सबै सन्तहरूले,
विशेष गरी सिजरका घरानाहरूले तिमीहरूलाई
अभिवादन पठाएका छन् ।
२३प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको
आत्मासँग रहोस् । आमेन ।

# कलस्सीहरूलाई

## पावलको पत्र

१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको
प्रेरित पावल अनि हाम्रा भाइ तिमोथीबाट,

२कलस्सेमा भएका पवित्र र विश्वास
योग्यसाथ ख्रीष्टलाई पछ्याउने भाइहरूलाई:

हाम्रा पिता परमेश्वरबाट अनुग्रह र शान्ति।

### धन्यवाद ज्ञापन र प्रार्थना

३हामी तिमीहरूको निम्ति प्रार्थना गर्दा हाम्रा
प्रभु येशू ख्रीष्टका पिता परमेश्वरलाई सधैँ
धन्यवाद चढाउँछौं, ४किनकि हामीले ख्रीष्ट
येशूमा भएको तिमीहरूको विश्वास अनि सबै
सन्तहरूप्रति भएको तिमीहरूको प्रेमको विषयमा
सुनेका छौं । ५त्यो विश्वास र प्रेम जुनचाहिँ
त्यो आशाबाट पलाएर आउँछ जुन तिमीहरूको
लागि स्वर्गमा थुपारिएको छ, अनि यो पनि कि
तिमीहरूले अघिबाटै सत्यको वचन अर्थात्
सुसमाचारको विषयमा सुनिसकेका छौ, ६जो
तिमीहरूमा आएको छ। तिमीहरूले परमेश्वरको
अनुग्रहलाई सुनेर पूर्ण सत्यतामा बुझेको
दिनदेखि उसो तिमीहरूका बीचमा भएझैं यो
सुसमाचारले सारा संसारभरि फल फलाउँदै
बढ़िरहेछ। ७तिमीहरूले यसलाई इपाफ्रासबाट
सिकेका हौ, जो हाम्रो पक्षमा ख्रीष्टको
विश्वासयोग्य सेवक, अनि हाम्रो प्रिय सहकर्मी
हुन्, ८अनि जसले आत्मामा भएको तिमीहरूको
प्रेमको विषयमा पनि हामीलाई बताए ।

९यसकारण, हामीले तिमीहरूको विषयमा
सुनेको दिनदेखि, तिमीहरूको निम्ति प्रार्थना गर्न
अनि आत्मिक बुद्धि र समझद्वारा तिमीहरूलाई
उहाँको इच्छाको ज्ञानले भरून् भनी निवेदन
गर्न थामिएका छैनौं । १०अनि हरेक असल
काममा फल फलाउँदै, परमेश्वरको ज्ञानमा
बढ़दै उहाँलाई हरेक किसिमले खुशी पार्दै
तिमीहरूले प्रभुको योग्य जीवन बिताओ भनेर
हामी यो प्रार्थना गर्छौं । ११तिमीहरूमा धेरै
सहनशीलता र धीरज होस् भनी उहाँको
महिमायुक्त शक्तिअनुसार तिमीहरू पूर्ण शक्तिले
बलियो भएका होओ । १२ज्योतिको राज्यमा
सन्तहरूको पैतृक अधिकारको सहभागी हुने
योग्यता तिमीहरूलाई प्रदान गर्नुहुने पितालाई
आनन्दसाथ धन्यवाद चढ़ाओ। १३किनकि उहाँले
हामीलाई अन्धकारको राज्यबाट छुटाउनुभयो अनि
प्रेम गर्नुहुने पुत्रको राज्यमा ल्याउनुभयो, १४जसमा
हामीलाई छुटकारा र पापको क्षमा छ ।

### ख्रीष्टको सर्वश्रेष्ठता

१५उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा
सृष्टिका ज्येष्ठ हुनुहुन्छ । १६किनकि उहाँद्वारै
सबैथोक सृजिए: स्वर्गमा अनि पृथ्वीमा भएका
थोकहरू, देखिने अनि नदेखिने, सिंहासनहरू होस्
वा प्रभुत्वहरू वा शासकहरू वा अधिकारीहरू;
सबै उहाँद्वारा अनि उहाँकै निम्ति सृजिएका हुन्।
१७त्यसैले उहाँ सबैभन्दा पहिला हुनुहुन्छ, अनि
सबै कुराहरू उहाँमा नै एकसाथ मिलेर रहेका
छन् । १८अनि उहाँ शरीर अर्थात् मण्डलीका
शिर हुनुहुन्छ; हरेक थोकमा उहाँको सर्वश्रेष्ठता
रहोस् भनेर उहाँ नै शुरु अनि मरेकाहरूबाट
जीवित हुनेहरूमा ज्येष्ठ हुनुहुन्छ । १९किनकि
उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरोस्
भन्ने परमेश्वरलाई खुशी लाग्यो, २०अनि सबै
कुराहरू, संसारमा भएका अथवा स्वर्गका
कुराहरू, आफैमा मिलाप गराउनलाई क्रूसमा
बगाएको ख्रीष्टको रगतद्वारा शान्ति ल्याउनुभयो।
२१एकपल्ट तिमीहरू आफ्नो दुष्ट चालको
कारण परमेश्वरदेखि बिराना भई आफ्ना मनमा

---

**१:७**–कलस्सी ४:१२; फिलेमोन २३. **१:१४**–एफिसी १:७. **१:१८**–एफिसी १:२२-२३. **१:२०**–एफिसी २:१६.

शत्रुहरू भएका थियौ । **२२**तर अब त
तिमीहरूलाई उहाँको दृष्टिमा निष्खोट र निर्दोष
उपस्थित गराउन उहाँले तिमीहरूलाई ख्रीष्टको
भौतिक शरीरको मृत्युद्वारा मिलापमा ल्याउनुभएको
छ– **२३**यदि तिमीहरू आफ्नो विश्वासमा अचल
र दृढ़ भई रह्यौ अनि तिमीहरूले सुनेका
सुसमाचारबाट हटेनौ भने । यो सुसमाचार नै
तिमीहरूले सुनेका छौ अनि त्यही नै
स्वर्गमुनि भएका हरेक प्राणीलाई घोषणा
गरिएको छ, अनि म, पावल, त्यसैको सेवक
भएको छु ।

### मण्डलीको निम्ति पावलको परिश्रम

**२४**अब तिमीहरूको खातिर मेरो शासनामा
म आनन्दित हुन्छु, र ख्रीष्टका कष्टहरूको
विषयमा उहाँको शरीर अर्थात् मण्डलीको
खातिर म आफ्नो शरीरमा त्यो पूरा गर्छु ।
**२५**परमेश्वरले मलाई तिमीहरूलाई पूर्णरूपमा
वचन प्रस्तुत गर्नू भन्ने आज्ञा दिनुभएकोले म
त्यसको सेवक भएको छु– **२६**अर्थात् त्यो
रहस्य जो युगयुग र पुस्तौंदेखि गुप्त राखिएको
छ, तर अब त सन्तहरूलाई खुलस्त गरिएको
छ । **२७**यस रहस्यको महिमामय सम्पत्ति, जुन
ख्रीष्ट तिमीहरूभित्र हुनुभएको अर्थात् महिमाको
आशा हो, त्यो गैर-यहूदीहरूलाई जनाउनको
लागि परमेश्वरले तिनीहरूलाई चुन्नुभएको
छ ।

**२८**हामीले हरेकलाई ख्रीष्टमा सिद्ध प्रस्तुत
गराउनलाई, हरेकलाई चेतावनी दिंदै अनि
सारा बुद्धिमा सिकाउँदै हामी उहाँको घोषणा
गर्छौं । **२९**मभित्र प्रबलतासाथ काम गर्ने उहाँको
सम्पूर्ण शक्तिले म कठोर परिश्रम गर्छु ।

**२** तिमीहरूले यो जान भनी म चाहन्छु कि
म तिमीहरू र लाउडिकियामा हुनेहरूको
निम्ति, अनि मलाई व्यक्तिगत रूपमा नभेटेकाहरू
जति सबैको निम्ति मैले कति कठोर परिश्रम
गरिरहेको छु । **२**तिनीहरूले परमेश्वरको
रहस्यको ज्ञान अर्थात् ख्रीष्टलाई जान्नको लागि
तिमीहरूसित सम्पूर्ण समझको पूर्ण धन होस्,
अनि तिमीहरू हृदयमा उत्साहित भई प्रेममा
एक होओ भन्ने मेरो उद्देश्य हो । **३**ख्रीष्टमा नै
बुद्धि र ज्ञानको सारा सम्पत्ति लुकेर बसेका
छन् । **४**कसैले तिमीहरूलाई फकाई-फुस्ल्याई
गर्ने झूटा सिद्धान्तका तर्कहरूले नछलोस् भनेर
नै म यो तिमीहरूलाई भन्दछु । **५**किनकि म
तिमीहरूका बीचमा शरीरमा अनुपस्थित भए
तापनि, आत्मामा उपस्थित नै छु अनि तिमीहरू
कति सुव्यवस्थित छौ र ख्रीष्टमा तिमीहरूको
विश्वास कति दह्रो छ भनेर म रमाउँछु ।

### ख्रीष्टमा भएको जीवनद्वारा मानवीय नियमदेखि छुटकारा

**६**त्यसो भए, जसरी तिमीहरूले ख्रीष्टलाई
प्रभु भनी ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन
बिताइरहो । **७**उहाँमा जरा हालेका र बनिएका
भएर तिमीहरूलाई सिकाएबमोजिम विश्वासमा
दृढ़ भई, धन्यवादमा प्रशस्त होओ ।

**८**ध्यान देओ कि कसैले तिमीहरूलाई खोक्रो
अनि छलपूर्ण दर्शनशास्त्रद्वारा कैदी नबनाओस्,
जुनचाहिँ ख्रीष्टअनुसार होइन तर मानवीय
परम्परा अनि यस संसारका आधारभूत
सिद्धान्तहरूमाथि अड़िएका हुन्छन् ।

**९**किनकि ख्रीष्टमा ईश्वरत्वको सारा पूर्णता
शारीरिकरूपमै वास गर्छ, **१०**अनि तिमीहरूलाई
ख्रीष्टमा पूर्णता दिइएको छ, जो हरेक शक्ति
र अख्तियारमाथि शिर हुनुहुन्छ । **११**पापको
स्वभावलाई त्याग गर्दा मानिसको हातले गरेको
खतनाद्वारा होइन तर ख्रीष्टको हातले गरेको
खतनाद्वारा तिमीहरूको खतना भएको छ,
**१२**तिमीहरू बप्तिस्मामा उहाँसित गाड़ियौ
अनि उहाँलाई मरेकोबाट जीवित पार्नुहुने
परमेश्वरको शक्तिमाथि भएको तिमीहरूको
विश्वासको कारण उहाँसितै जीवित पनि भएका
छौ ।

**१३**जब तिमीहरू पापमा अनि आफ्ना पापी
स्वभावको बेखतनामा मरेका थियौ, परमेश्वरले

**२:१२**–रोमी ६:४. **२:१३**–एफिसी २:१-५.

तिमीहरूलाई ख्रीष्टसित जीवित तुल्याउनुभयो।
उहाँले हाम्रा सबै पापहरूलाई क्षमा गरिदिनुभयो,
**१४**हाम्रा विरुद्धमा भएका लिखित तमसुक र
त्यसका सबै कानूनी दावीहरूलाई क्रूसमा कीला
ठोकी रद्द गरिदिनुभयो। **१५**अनि शक्ति र
अख्तियारहरूलाई निःशस्त्र पारी, तिनीहरूलाई
क्रूसमाथि पराजित गरी, खुल्लमखुल्ला तमाशा
बनाइदिनुभयो।

**१६**यसकारण तिमीहरूलाई कसैले खाने
पिउने, अथवा धार्मिक उत्सवको विषयमा,
औंसी र विश्राम-दिन मनाउने कुरामा दोष
नदेओस्। **१७**यिनीहरू त आउने कुराहरूका
छाया मात्र हुन्; तरै पनि, वास्तविकता त ख्रीष्टमै
पाइन्छ। **१८**झूटा नम्रता अनि स्वर्गदूतहरूको
पूजा मन पराउने कसैले तिमीहरूलाई इनाम
पाउन अयोग्य तुल्याउन नदेओ। यस्तो व्यक्ति
उसले जे देखेको छ त्यसबारे पूर्ण विवरणमा
जान्छ, अनि उसको सांसारिक मन व्यर्थको
विचारमा घमण्डले फूल्छ। **१९**उसले ख्रीष्ट, अर्थात्
शिरसितको सम्बन्ध विच्छेद गराएको हुन्छ,
जसबाट पोषण पाई जोर्नी र ग्रन्थिहरूद्वारा
एकसाथ गाँसिएर सारा शरीर परमेश्वरले वृद्धि
गराउनु भएअनुसार बढ्दै जान्छ।

**२०**तिमीहरू यस संसारका आधारभूत
सिद्धान्तहरूप्रति ख्रीष्टसित मरिगएका हुनाले,
अझै त्यसैसित सम्बन्ध भएझैं तिमीहरू
त्यसका नियमहरूको अधीनमा किन रहन्छौ?
**२१**"नसमात! नचाख! नछोओ!" **२२**यिनीहरू
त चलाएपछि नष्ट भइजाने हुन्, किनकि
यिनीहरू मानवीय आज्ञाहरू र शिक्षाहरूमा
आधारित हुन्छन्। **२३**तिनीहरू आफैद्वारा स्थापित
उपासना, तिनीहरूका झूटा नम्रता अनि
आफ्ना शरीरप्रति गरेका तिनीहरूका कठोर
व्यवहार भएका नियमहरू साँच्चै बुद्धिपूर्ण
देखा पर्छन्, तर भोग विलास प्रतिको मोहलाई
काबूमा ल्याउन यी कुराहरू केही मूल्यका
हुँदैनन्।

## पवित्र जीवन बिताउने नियमहरू

**३** तब, तिमीहरू ख्रीष्टसित जीवित भएकाहरूले,
तिमीहरूका हृदय माथिका कुराहरूमा
लगाओ, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने
बाहुलीपट्टि बस्नुभएको छ। **२**तिमीहरूका मन
माथिका कुराहरूमा लगाओ, संसारका कुरा-
हरूमा होइन। **३**किनकि तिमीहरू मरिगयौ, अनि
अब तिमीहरूको जीवन ख्रीष्टसित परमेश्वरमा
लुकेको छ। **४**जब ख्रीष्ट, तिमीहरूको जीवन,
देखा पर्नुहुन्छ, तब तिमीहरू पनि महिमामा
देखा पर्नेछौ।

**५**यसकारण, जे पनि सांसारिक स्वभावका
छन्, तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता,
दुष्ट इच्छाहरू अनि लोभ, जो मूर्तिपूजा हो।
**६**यसकै कारणले, परमेश्वरको क्रोध आइरहेछ।
**७**तिमीहरूले एकपल्ट जिएको जीवनमा तिमीहरू
यी मार्गहरूमा हिँड्ने गर्थ्यौ। **८**तर अब त
तिमीहरूले यी कुराहरू त्याग्नुपर्छ, अर्थात्
रीस, क्रोध, डाह, निन्दा अनि ओठबाट निस्कने
फोहोर बोली। **९**आपसमा झूट नबोल, किनकि
तिमीहरूले आफ्नो पुरानो व्यक्तित्वलाई त्यसका
चलनहरूसमेत त्यागेका छौ, **१०**अनि नयाँ
व्यक्तित्वलाई धारण गरेका छौ, जुनचाहिँ
सृष्टिकर्ताको रूपमा भएको ज्ञानमा नयाँ
हुँदैगइरहेछ। **११**यहाँ ग्रीक अथवा यहूदी,
खतनाका वा बेखतनाका, अशिक्षित, असभ्य,
कमारा अथवा फुक्का केही छैनन्, तर ख्रीष्ट
नै सबै कुरा, र सबैमा नै हुनुहुन्छ।

**१२**यसकारण, परमेश्वरका चुनिएकाहरू
भएकोले पवित्र र अति प्रिय भएर तिमीहरूले
करुणा, दया, नम्रता, विनयता अनि धीरज
धारण गर। **१३**एउटाले अर्कोलाई सहने गर
अनि एक अर्कामा भएका गुनासोहरू जे छन्
ती क्षमा गर। परमेश्वरले तिमीहरूलाई क्षमा
दिनुभएझैं क्षमा देओ। **१४**अनि यी गुणहरूभन्दा
बढी प्रेम धारण गर, जसले सबैलाई साँचो
एकतामा बाँध्छ।

---

**२:१४**–एफिसी २:१५. **२:१६**–रोमी १४:१-६. **२:१९**–एफिसी ४:१६. **३:१**–भजन ११०:१.
**३:९**–एफिसी ४:२२. **३:१०**–उत्पत्ति १:२६; एफिसी ४:२४. **३:१२-१३**–एफिसी ४:२. **३:१३**–एफिसी ४:३२.

**१५**अनि एउटै शरीरका अङ्गहरूझैं तिमीहरू
मिलापको निम्ति बोलाइएका हुनाले ख्रीष्टको
मिलापले तिमीहरूका हृदयमा राज्य गरोस् ।
तिमीहरू धन्यवादी बन । **१६**ख्रीष्टको वचनले
तिमीहरूभित्र प्रशस्त गरी वास गरोस् । भजन,
स्तुतिगान र आत्मिक गीतद्वारा सारा बुद्धिसित
एकले अर्कोलाई सिकाओ र सम्झाओ अनि
आफ्ना हृदयमा कृतज्ञ भई परमेश्वरको निम्ति
गाओ । **१७**अनि वचनमा वा काममा, जे गर्छौ,
येशूद्वारा परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै
ती येशू ख्रीष्टको नाउँमा गर ।

### ख्रीष्टियन परिवारको लागि नियमहरू

**१८**पत्नीहरू हो, प्रभुको दृष्टिमा सुहाउँदो
गरी आफ्ना-आफ्ना पतिहरूको अधीनमा बस ।
**१९**पतिहरू हो, आफ्ना-आफ्ना पत्नीहरूलाई
प्रेम गर अनि तिनीहरूप्रति कठोर नबन ।
**२०**छोराछोरीहरू हो, हरेक कुरामा आफ्ना
आमाबाबुका आज्ञाहरू पालन गर, किनकि
यसले परमेश्वरलाई खुशी तुल्याउँछ ।
**२१**बाबुहरू हो, आफ्ना छोराछोरीहरूलाई
रीस नउठाओ, नत्रता तिनीहरू खिन्न होलान् ।
**२२**कमाराहरू हो, तिमीहरूका सांसारिक
मालिकले देख्दा मात्र अनि निगाह पाउनालाई
मात्र होइन, तर छलरहितको हृदय लिएर
परमेश्वरलाई श्रद्धा गर्दै हरेक कुरामा
तिनीहरूको आज्ञा पालन गर । **२३**तिमीहरू
जे गर्छौ, त्यो मानिसहरूको निम्ति होइन, तर
परमेश्वरको निम्ति गरेझैं सम्पूर्ण हृदयले
गर, **२४**किनकि तिमीहरूले प्रभुबाट इनामस्वरूप
उत्तराधिकार पाउनेछौ भनी तिमीहरू जान्दछौ ।
वास्तवमा तिमीहरूले प्रभु ख्रीष्टकै सेवा
गर्दछौ । **२५**जसले खराबी गर्छ त्यसले यस
खराबीको फल पाउनेछ, अनि यसमा कुनै
पक्षपात हुँदैन ।

**४** मालिकहरू हो, आफ्ना कमाराहरूको
ठीक र उचित खाँचो पूरा गरिदेओ,
किनकि स्वर्गमा तिमीहरूका मालिक हुनुहुन्छ
भनी तिमीहरू जान्दछौ ।

### अरू अर्तीहरू

**२**सतर्क र धन्यवादी भई प्रार्थनामा
लागिरहो । **३**परमेश्वरले हाम्रो वचनको निम्ति
एउटा ढोका खोलिदेऊन् भनी हाम्रो लागि पनि
प्रार्थना गर, यसरी हामीले ख्रीष्टको रहस्यको
घोषणा गर्न पाऔं, जसको लागि म बन्धनमा
परेको छु । **४**जसरी गर्नुपर्छ त्यसरी नै मैले यो
घोषणा गर्न पाऊँ भनी प्रार्थना गरिदेओ ।
**५**बाहिरकाहरूसित बुद्धिमानीपूर्वक व्यवहार
गर; हरेक अवसरको लाभ उठाओ । **६**हरेकलाई
कस्तो जवाफ दिनुपर्छ भनी जान्नलाई
तिमीहरूको कुराकानी नूनजस्तो स्वादिलो र
सधैं अनुग्रहपूर्ण होस् ।

### अन्तिम अभिवादन

**७**टाइकिकसले तिमीहरूलाई मबारे सबै
खबरहरू भन्नेछन् । तिनी प्रभुमा एक प्रिय
भाइ, एक विश्वासी सेवक अनि सङ्गीदास हुन् ।
**८**तिमीहरूले हाम्रो परिस्थितिबारे जान अनि
तिनले तिमीहरूको हृदयलाई उत्साहित तुल्याऊन्
भन्ने खास उद्देश्यले मैले तिनलाई तिमीहरूकहाँ
पठाइरहेको छु । **९**तिनी ओनेसिमससित
आइरहेछन्, जो हाम्रा विश्वासी अनि प्रिय भाइ,
अनि तिमीहरूमध्येकै एक हुन् । यहाँ के
भइरहेछ सोबारे तिनीहरूले सबै भन्नेछन् ।
**१०**मेरो सङ्गी-कैदी अरिस्तार्खसले तिमीहरूलाई
अभिवादन पठाएका छन्, अनि मर्कूसले पनि,
जो बर्णाबासका भाइ पर्ने हुन् । (तिमीहरूले
उनको विषयमा आदेश पाएका छौ; यदि उनी
तिमीहरूकहाँ आए भने, उनलाई स्वागत गर्नू ।)

---

**३:१६-१७**–एफिसी ५:१९-२०. **३:१८**–एफिसी ५:२२; १ पत्रुस ३:१. **३:१९**–एफिसी ५:२५; १ पत्रुस ३:७.
**३:२०**–एफिसी ६:१. **३:२१**–एफिसी ६:४. **३:२२-२५**–एफिसी ६:५-८. **३:२५**–व्यवस्था १०:१७;
एफिसी ६:९. **४:१**–एफिसी ६:९. **४:५**–एफिसी ५:१६. **४:७**–प्रेरित २०:४; २ तिमोथी ४:१२.
**४:७-८**–एफिसी ६:२१-२२. **४:९**–फिलेमोन १०:१२. **४:१०**–प्रेरित १९:२९; २७:२; फिलेमोन २४;
प्रेरित १२:१२,२५; १३:१३; १५:३७-३९.

११अनि युस्तस भनिने येशूले पनि अभिवादन
पठाएका छन् । परमेश्वरको राज्यको निम्ति
मेरा सहकर्मीहरूमध्ये यिनीहरू मात्र यहूदीहरू
हुन्, अनि तिनीहरू मेरो सान्त्वना हुन् भनी
प्रमाणित भएका छन् । १२तिमीहरूमध्येका एक
जना अनि येशू ख्रीष्टका दास इपाफ्रासले
अभिवादन पठाएका छन् । तिमीहरू पूर्णरूपले
निश्चयता पाएका होओ र परिपक्व भई
परमेश्वरको इच्छामा दृढ भई रहो भनी उनी
तिमीहरूको निम्ति प्रार्थनामा सधैँ परिश्रम
गरिरहेका छन् । १३तिनले तिमीहरूको निम्ति
अनि लाउडिकियामा र हिरापोलिसमा हुनेहरूको
निम्ति कठोर परिश्रम गरिरहेका छन् भनी म
साक्षी दिन्छु । १४हाम्रा प्रिय मित्र वैद्य लूका
अनि डेमासले अभिवादन पठाएका छन् ।
१५लाउडिकियामा भएका भाइहरू, अनि नुम्फास
र तिनका घरमा भएका मण्डलीलाई मेरो
अभिवादन भनिदेओ ।

१६यो पत्र तिमीहरूलाई पढेर सुनाइसकेपछि,
यसलाई लाउडिकियावासीहरूको मण्डलीमा पढ्न
लगाओ अनि तिमीहरूले पनि लाउडिकियाबाट
आएको पत्र पढ ।

१७"तिमीले प्रभुबाट पाएको काम पूर्ण
गर्नलाई पक्का गर" भनेर अर्खिप्पसलाई
भनिदेओ ।

१८म, पावल, यो अभिवादन आफ्नै हातले
लेख्दैछु । मेरा साङ्लाहरूलाई याद गर ।
तिमीहरूसित अनुग्रह रहोस् ।

---

**४:१२**–कलस्सी १:७; फिलेमोन २३. **४:१४**–२ तिमोथी ४:१०,११; फिलेमोन २४. **४:१७**–फिलेमोन २.

# थेसलोनिकीहरूलाई
## पावलको पहिलो पत्र

**१** पावल, सिलास र तिमोथीबाट,
परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा
थेसलोनिकीहरूका मण्डलीलाई:

अनुग्रह र शान्ति ।

### थेसलोनिकीहरूका विश्वासको लागि धन्यवाद ज्ञापन

**२**हाम्रा प्रार्थनाहरूमा तिमीहरूको उल्लेख
गर्दै, हामी तिमीहरू सबैको लागि परमेश्वरलाई
धन्यवाद चढ़ाउँछौं । **३**हाम्रा प्रभु येशू ख्रीष्टमा
भएको विश्वासद्वारा उत्पन्न भएका तिमीहरूका
कामहरू, प्रेमद्वारा प्रोत्साहित भएको तिमीहरूको
परिश्रम, अनि आशाद्वारा प्रेरित भएको
तिमीहरूको सहनशीलतालाई हामी हाम्रा
पिता र परमेश्वरको सामुन्ने लगातार स्मरण
गर्छौं ।

**४**किनकि परमेश्वरका प्रिय भाइहरू हो,
तिमीहरूलाई परमेश्वरले चुन्नुभएको छ भनी
हामी जान्दछौं, **५**किनकि हाम्रो सुसमाचार
तिमीहरूमा खालि वचनसित आएन, तर
शक्तिसित, पवित्र आत्मासित अनि दृढ़
विश्वाससित पनि आयो । तिमीहरूको खातिर
हामी कसरी चल्यौं त्यो तिमीहरूलाई थाहै छ ।
**६**तिमीहरू हाम्रा अनि प्रभुको देखासिकी गर्ने
भयौ; र तिमीहरूले कष्ट भोग्नु परे तापनि,
सुसमाचारलाई पवित्र आत्माले दिनुभएको
आनन्दसाथ स्वागत गर्‍यौ । **७**अनि यसरी
तिमीहरू म्यासिडोनिया र अखैयामा भएका
सबै विश्वासीहरूको लागि नमूना भयौ ।
**८**तिमीहरूबाट प्रभुको सुसमाचार म्यासिडोनिया
र अखैयामा मात्र गुञ्जित नभएर परमेश्वरमाथि
भएको तिमीहरूको विश्वास जताततै फैलियो ।
यसकारण यसबारे हामीलाई केही भन्नुछैन,
**९**किनकि तिमीहरूले हामीलाई कस्तो किसिमको
स्वागत जनायौ तिनीहरू आफैले बताउँछन् ।
तिमीहरू मूर्तिहरूबाट कसरी जिउँदो अनि
सत्य परमेश्वरको सेवा गर्नलाई परमेश्वरतिर
फर्क्यौ भनी तिनीहरू भन्छन्, **१०**अनि तिमीहरू
हामीलाई आउने क्रोधबाट छुटाउनुहुने येशू
अर्थात् परमेश्वरको पुत्रको प्रतीक्षा गर्छौ जसलाई
परमेश्वरले मरेकोबाट जीवित पार्नुभयो ।

### थेसलोनिकेमा पावलको सेवा

**२** हे भाइ हो, हामी तिमीहरूकहाँ गएको बेकार
भएन भनी तिमीहरू जान्दछौ । **२**पहिले हामीले
कष्ट भोग्नु पर्‍यो अनि फिलिप्पीमा हामीलाई
अपमान भयो भनी तिमीहरू जान्दछौ, तर कठोर
बाधा भए तापनि हाम्रा परमेश्वरको सहायताले
हामीले तिमीहरूलाई उहाँको सुसमाचार बताउने
साहस गर्‍यौं । **३**किनकि हाम्रा अर्ती-उपदेश
भूल अथवा अशुद्ध उद्देश्यबाट उब्जिएको होइन,
नता हामी तिमीहरूलाई छल गर्ने कोशिश
नै गरिरहेका छौं । **४**यसको विपरीत, हामी
त सुसमाचार सुम्पिएका अनि परमेश्वरद्वारा
अनुमोदित मानिसहरूझैँ बोल्छौं । हामी
मानिसहरूलाई प्रसन्न पार्न खोजिरहेका छैनौं
तर हाम्रा हृदय जाँच गर्नुहुने परमेश्वरलाई पो
प्रसन्न पार्न खोजिरहेका छौं । **५**हामीले कहिल्यै
चापलूसी गरेनौं, अनि लोभ लुकाउनलाई मुकुण्डो
लगाएनौं– जसको विषयमा परमेश्वर साक्षी
हुनुहुन्छ भनी तिमीहरू जान्दछौ । **६**हामी
मानिसहरू वा अरू कसैबाट प्रशंसा पाउने
आशामा रहेनौं न त तिमीहरूबाट नै ।

ख्रीष्टका प्रेरितहरूको हैसियतले हामी
तिमीहरूको बोझ बन्नसक्ने थियौं, **७**तर एउटी

---

**१:१**–प्रेरित १७:१. **१:६**–प्रेरित १७:५-९. **२:२**–प्रेरित १६:१९-२४; १७:१-९.

आमाले साना बालबालिकाहरूको हेरचाह
गरेझैँ, हामी तिमीहरूप्रति भद्र भइरहचौं ।
**८**हामीले तिमीहरूलाई यति प्रेम गऱ्यौं कि
हामीलाई तिमीहरूसित परमेश्वरको सुसमाचार
मात्र होइन तर आफ्ना जीवनहरूसमेत बाँड्चुँड्
गर्न आनन्द लाग्यो, किनकि तिमीहरू हाम्रो
लागि यति बढ़ी प्रिय थियौ । **९**भाइ हो, हामीले
परमेश्वरको सुसमाचार तिमीहरूलाई सुनाउँदा
कसैप्रति बोझ नबनौं भनेर हामीले जुन
कठोर परिश्रम गऱ्यौं र दिनरात काम गऱ्यौं
सो तिमीहरूलाई सम्झना छँदैछ ।
**१०**सबै विश्वासीहरूका बीचमा हाम्रो
व्यवहार पवित्र, धार्मिक र निर्दोष थियो भन्ने
कुराको तिमीहरू अनि स्वयम् परमेश्वर पनि
साक्षी हुनुहुन्छ । **११**किनकि तिमीहरू जान्दछौ
तिमीहरू हरेकसित हामीले बाबुले आफ्ना
बालबच्चाहरूप्रति गर्ने व्यवहार गऱ्यौं, **१२**अनि
तिमीहरूलाई आफ्नो राज्य र महिमाभित्र
बोलाउनुहुने परमेश्वरझैं योग्य चालमा चल्नलाई
हामीले तिमीहरूलाई आग्रह गर्दै साहस र
सान्त्वना दियौं ।
**१३**अनि हामी लगातार परमेश्वरलाई
धन्यवाद चढ़ाउँछौं किनकि, हामीबाट तिमीहरूले
सुनेको परमेश्वरको वचनलाई तिमीहरूले
लिएर, त्यसलाई मानिसहरूको होइन, तर
परमेश्वरको वचन भनी ग्रहण पनि गऱ्यौ ।
त्यो त परमेश्वरकै वचन हो, जसले तिमी
विश्वास गर्नेहरूमा काम पनि गर्दैछ । **१४**किनकि
भाइ हो, तिमीहरू ख्रीष्टमा भएका यहूदियाका
मण्डलीहरूको देखासिकी गर्ने भयौ । ती
मण्डलीहरूले यहूदीहरूको हातबाट कष्ट भोगेझैँ
तिमीहरूले पनि आफ्नै जातिबाट कष्ट
भोग्यौ । **१५**ती यहूदीहरूले प्रभु येशूलाई अनि
अगमवक्ताहरूलाई मारे अनि हामीलाई पनि
खेदे । तिनीहरूले परमेश्वरलाई अप्रसन्न
तुल्याउँछन् अनि सबै मानिसहरूको विरोध
गर्छन् । **१६**गैर-यहूदीहरू बाँच्लान् कि भनेर
हामी तिनीहरूसित नबोलौं भनी रोक्न तिनीहरू
कोशिश गर्छन् । यसरी तिनीहरूले सधैँ आफ्ना
पापहरूको नापको थुप्रो लाउँछन् । अन्त्यमा
परमेश्वरको क्रोध तिनीहरूमाथि पर्नेछ ।

### थेसलोनिकीहरूलाई हेर्ने पावलको उत्कट इच्छा

**१७**तर, भाइ हो, हामी जब तिमीहरूदेखि
केही समयको लागि (विचारमा होइन, तर
व्यक्तिगतरूपमा) बिछोड़ भएका थियौं, आफ्नो
उत्कट इच्छाको कारण हामीले तिमीहरूलाई
हेर्ने कोशिश गऱ्यौं । **१८**किनकि हामीले
तिमीहरूकहाँ आउने धेरै इच्छा गरेका थियौं;
अनि विशेष गरी म, पावल आफैले बारम्बार
इच्छा गरेको थिएँ– तर शैतानले हामीलाई
रोकिदियो । **१९**किनकि प्रभु येशू आउनुहुँदा
उहाँको उपस्थितिमा हामीले महिमा पाउँदा हाम्रो
आशा, हाम्रो आनन्द अथवा हाम्रो मुकुट
के हो ? के ती तिमीहरू नै होइनौ ? **२०**निश्चय,
तिमीहरू नै हाम्रा महिमा र आनन्द हौ ।
**३** यसकारण जब हामी यसमा अझ अड़िन
सकेनौं, हामीले एथेन्समै रोकिन असल
ठान्यौं । **२**त्यसैले हामीले हाम्रा भाइ अनि
परमेश्वरका सहकर्मी तिमोथीलाई ख्रीष्टको
सुसमाचार फैलाउन, र तिमीहरूको विश्वासमा
तिमीहरूलाई बलियो तुल्याउँदै साहस दिनलाई
पठायौं, **३**जसद्वारा कोही पनि यी जाँचहरूको
कारण अस्थिर नहोस् । हामीहरू यस्तै कामको
लागि खटाइएका हौं भन्ने तिमीहरूलाई राम्रो
गरी थाहा नै छ । **४**वास्तवमा, तिमीहरूसित
हुँदा, हामी खेदोमा पर्नेछौं भनेर हामीले
तिमीहरूलाई भनिरह्यौं । अनि तिमीहरूलाई
थाहा भएझैँ, यो त्यस्तै हुनगयो । **५**यसकारण,
मैले यसलाई अरू सहन नसक्दा, तिमीहरूको
विश्वास बुझ्न पठाएँ । तिमीहरूलाई परीक्षा
गर्नेले कुनै रूपमा परीक्षामा पारे होलान् र
हाम्रा प्रयासहरू व्यर्थै भए होलान् भनी मलाई
डर लागेको थियो ।

---

**२:१४**–प्रेरित १७:५. **२:१५**–प्रेरित ९:२३,२९; १३:४५, ५०; १४:२,५,१९; १७:५,१३; १८:१२.
**३:१**–प्रेरित १७:१५.

### तिमोथीको उत्साहजनक खबर

**६**तर भर्खर मात्र तिमोथी तिमीहरूबाट
हामीकहाँ आएका छन् र तिमीहरूको विश्वास
र प्रेमको विषयमा असल खबर ल्याएका छन् ।
तिमीहरूसित सधैँ हाम्रो सुखद सम्झना रहेको
छ, अनि हामीले तिमीहरूलाई हेर्ने उत्कट इच्छा
राखेझैँ तिमीहरूले पनि हामीलाई हेर्ने उत्कट
इच्छा राखेका छौ भनी तिनले भनेका छन् ।
**७**यसकारण, भाइ हो, तिमीहरूको विश्वासको
कारण तिमीहरूका सबै पीड़ा र खेदोहरूमा
हामी तिमीहरूको विषयमा उत्साहित भएका
छौं । **८**तिमीहरू प्रभुमा दृढ़ भइरहेका हुनाले
अब हामी साँच्चै जिउँछौं । **९**तिमीहरूको कारण
हाम्रा परमेश्वरको उपस्थितिमा हामीले पाएका
सबै आनन्दहरूको सट्टामा हामी तिमीहरूको लागि
परमेश्वरलाई धन्यवाद कसरी दिन सकौंला ?
**१०**हामीले तिमीहरूलाई फेरि देख्नसकौं र
तिमीहरूको विश्वासमा भएको कमीमा उत्साह
थप्नसकौं भनेर हामी दिनरात अति जोशपूर्ण
भई प्रार्थना गर्छौं ।

**११**अब हामी तिमीहरूकहाँ आउनको लागि
हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशूले बाटो
खोलिदेऊन् । **१२**जस्तो हाम्रो प्रेम तिमीहरूप्रति
छ, त्यस्तै प्रभुले तिमीहरूको प्रेम बढ़ाइदेऊन्
र आपसमा अनि अरू हरेकमा बगेर जाने
बनाइदेऊन् । **१३**हाम्रा प्रभु येशू आफ्ना पवित्र
जनहरूसित आउनुहुँदा, तिमीहरू हाम्रा पिता
अनि परमेश्वरको उपस्थितिमा निष्खोट र पवित्र
हुनलाई तिमीहरूका हृदयलाई उहाँले बलियो
बनाइदेऊन् ।

### परमेश्वरलाई प्रसन्न तुल्याउनु

**४** अन्त्यमा, ए भाइ हो, हामीले तिमीहरूलाई
परमेश्वरलाई प्रसन्न तुल्याउनलाई
कसरी जिउनुपर्छ भनी अर्ती दियौं, जसअनुसार
तिमीहरू जिइरहेका पनि छौ । अब अझ
बढ़ी यसो गर भनी हाम्रा प्रभु येशूमा हामी
तिमीहरूलाई आग्रहपूर्वक भन्दछौं । **२**किनकि
हामीले प्रभु येशूको अख्तियारद्वारा तिमीहरूलाई
जुन अर्ती दियौं सो तिमीहरू जान्दछौ ।

**३**परमेश्वरको इच्छा यो छ कि तिमीहरू
पवित्र भएका होओ: अनि व्यभिचारदेखि
अलग बस; **४**अनि तिमीहरू हरेक पवित्र
र आदरणीय भई आफ्नो शरीरमाथि नियन्त्रण
राख्ने होओ, **५**तर परमेश्वरलाई नचिन्नेहरू
जस्ता कामुकताको कामवासनामा रहनेहरू
होइन, जसले परमेश्वरलाई चिन्दैनन्; **६**अनि
यस विषयमा कसैले पनि आफ्ना भाइलाई हानि
नगर्नू, नता कुनै फाइदा उठाउनू । हामीले
पहिले नै तिमीहरूलाई भनेझैँ अनि चेतावनी
दिएझैँ परमेश्वरले नै मानिसहरूलाई सजाय
दिनुहुनेछ । **७**किनकि परमेश्वरले हामीलाई
अशुद्ध हुनलाई होइन, तर पवित्र जीवन
जिउनलाई बोलाउनुभयो । **८**यसकारण, जसले
यो अर्तीलाई अस्वीकार गर्छ त्यसले
मानिसलाई होइन तर तिमीहरूलाई उहाँको
पवित्र आत्मा दिनुहुने परमेश्वरलाई नै अस्वीकार
गर्छ ।

**९**अब भाइहरूप्रतिको प्रेमको विषयमा हामीले
तिमीहरूलाई लेख्ने खाँचो छैन, किनकि आपसमा
प्रेम गर्नू भनी तिमीहरू आफैले परमेश्वरबाट
शिक्षा पाएका छौ । **१०**अनि वास्तवमा, तिमीहरू
म्यासिडोनियाभरि भएका भाइहरूलाई प्रेम गर्छौ
र पनि भाइ हो, यो अझ बढ़ता गरी गर भनी
हामी तिमीहरूलाई आग्रह गर्छौं ।

**११**त्यसैले तिमीहरूले शान्तिपूर्ण जीवन
जिउने, आफ्नै धन्धामा मन लगाउने र हामीले
तिमीहरूलाई भनेझैँ आफ्नै हातले काम गर्ने
लक्ष्य राख, **१२**ताकि तिमीहरूको दैनिक जीवनको
कारण तिमीहरूले बाहिरकाहरूबाट आदर
पाउन सक अनि तिमीहरू कसैमाथि आश्रित
हुन नपरोस् ।

### प्रभुको आगमन

**१३**भाइ हो, प्रभुमा सुतिगएकाहरूको विषयमा
तिमीहरू अन्जान बस भन्ने हामी चाहँदैनौं,
नता अरू आशा नभएकाहरूझैँ शोक गर भन्ने
नै चाहन्छौं । **१४**हामी विश्वास गर्छौं कि
येशू मरीकन फेरि जीवित हुनुभयो, अनि यसरी
येशूमा सुतिसकेकाहरूलाई पनि परमेश्वरले

उहाँसित ल्याउनुहुनेछ । **१५**परमेश्वरको आफ्नै
वचनअनुसार, हामी तिमीहरूलाई भन्छौं
कि हामी जो अझ जीवित छौं, अनि प्रभुको
आगमनसम्म रहिरहचौं भने, हामीले ती
सुतिगएकाहरूलाई कसै गरी पनि उछिन्नेछैनौं ।
**१६**किनकि प्रभु आफ्नै हुकुमको चर्को सोरमा,
प्रधान दूतको आवाजसित र परमेश्वरको
तुरहीको बोलावटसित ओर्लिआउनुहुनेछ, अनि
ख्रीष्टमा मरेकाहरू पहिले जीवित हुनेछन् ।
**१७**त्यसपछि, हामी जो जीवित र छोड़िएकाहरू
छौं प्रभुलाई आकाशमा भेट्न तिनीहरूसित
एकसाथ बादलमा उठाइनेछौं । अनि यसरी हामी
प्रभुसित सदासर्वदा रहनेछौं । **१८**यसकारण यी
वचनहरूले एकले अर्कोलाई उत्साह देओ ।

**५** अब, भाइहरू हो, समय र दिनको विषयमा
हामीले तिमीहरूलाई लेख्ने खाँचो छैन,
**२**किनकि प्रभुको दिन त रातमा चोर आएझैं
आउनेछ भनी तिमीहरू जान्दछौ । **३**मानिसहरूले
"शान्ति र सुरक्षा," भनिरहेको बेला गर्भवती
स्त्रीलाई बेथा लागेझैं, अचानक तिनीहरूमाथि
विनाश आइपर्नेछ, र तिनीहरू उम्कनेछैनन् ।

**४**तर हे भाइ हो, यस दिनले तिमीहरूलाई
चोरले झैं छक्काओस् भनी अज्ञानमा तिमीहरू
छैनौ । **५**तिमीहरू त ज्योतिका सन्तान र दिनका
सन्तान हौ । **६**यसकारण, हामी अरू सुत्नेहरू
जस्ता होइन, तर चनाखो र आत्मसंयमी बनौं ।
**७**किनकि सुत्नेहरू त राती सुत्छन्, अनि मद्य
पिउनेहरू पनि राती नै पिउँछन् । **८**तर हामी
त दिनका भएकाले, हामी आत्मसंयमी भई,
विश्वास र प्रेमका छाती-पाता, अनि मुक्तिको
आशालाई टोप लगाऔं । **९**किनकि परमेश्वरले
हामीलाई उहाँको क्रोध सहनलाई होइन, तर
हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नलाई
नियुक्त गर्नुभयो । **१०**चाहे हामी शरीरमा जागौं
वा सुतौं, हामी उहाँसितै जिउन सकौं भनेर
उहाँ हाम्रो निम्ति मर्नुभयो । **११**यसकारण एउटाले
अर्कोलाई ढाड़स देओ अनि एकले अर्कोलाई
निर्माण गर्दै जाओ, जुनचाहिँ तिमीहरूले
गरिरहेका पनि छौ ।

### अन्तिम अर्तीहरू

**१२**अब हे भाइ हो, तिमीहरूमध्ये कठोर
परिश्रम गर्नेहरू, प्रभुमा तिमीहरू भन्दा ठूलाहरू,
र तिमीहरूलाई चेतावनी दिनेहरूको आदर गर ।
**१३**अनि तिनीहरूको कामको खातिर तिनीहरूलाई
प्रेममा अति उच्च आदर देओ । तिमीहरू
आपसमा मेलमिलापमा बस । **१४**अनि हे भाइ
हो, अल्छेहरूलाई चेतावनी देओ, निर्धाहरूलाई
ढाड़स देओ, कमजोरहरूलाई सहायता देओ, र
सबैसित धैर्यशील बन भनी हामी तिमीहरूलाई
आग्रह गर्दछौं । **१५**यस विषयमा ध्यान देओ कि
कसैले पनि खराबीको बदला खराबी नगरोस्,
तर सधैँ आपसमा अनि अरूप्रति कृपालु बन ।

**१६**सधैँ आनन्दित रहो; **१७**निरन्तर प्रार्थना
गर; **१८**हर परिस्थितिमा धन्यवाद देओ, किनकि
ख्रीष्ट येशूमा तिमीहरूको लागि परमेश्वरको
इच्छा यही हो ।

**१९**आत्माको आगोलाई ननिभाओ; **२०**अगम-
वाणीलाई तुच्छ नठान । **२१**हरेक कुरोलाई जाँच
गर । तर असल कुरोमा लागिबस । **२२**अनि हरेक
किसिमका खराबीबाट अलग बस ।

**२३**शान्तिका परमेश्वर आफैले, तिमीहरूलाई
पूर्णरूपले चोख्याऊन् । हाम्रा प्रभु येशू
ख्रीष्टको आगमनमा तिमीहरूका सम्पूर्ण
आत्मा, प्राण र शरीर निष्कलङ्क राखिएका
होऊन् । **२४**तिमीहरूलाई बोलाउनुहुने परमेश्वर
विश्वासयोग्य हुनुहुन्छ र उहाँले नै यो गर्नुहुनेछ ।

**२५**हे भाइ हो, हाम्रो निम्ति प्रार्थना गर ।
**२६**सबै भाइहरूलाई पवित्र चुम्बनले अभिवादन
गर । **२७**यो पत्र सबै भाइहरूलाई पढ़ेर सुनाइयोस्
भनी म प्रभुको साम् तिमीहरूलाई आग्रह
गर्दछु ।

**२८**हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह
तिमीहरूसित रहोस् ।

---

**४:१५-१७**–१ कोरिन्थी १५:५१-५२. **५:२**–मत्ती २४:४३; लूका १२:३९; २ पत्रुस ३:१०.
**५:८**–यशैया ५९:१७; एफिसी ६:१३-१७.

# थेसलोनिकीहरूलाई
## पावलको दोस्रो पत्र

**१** पावल, सिलास र तिमोथीबाट,
हाम्रा परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा
थेसलोनिकीहरूका मण्डलीलाई:

**२**परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट
तिमीहरूलाई अनुग्रह र शान्ति ।

### धन्यवाद ज्ञापन र प्रार्थना

**३**हे भाइ हो, तिमीहरूको विश्वास लगातार
बढ्दै गएको कारण, अनि तिमीहरूको आपसको
प्रेम बढ्दै गएको कारण, तिमीहरूको लागि
हामीले परमेश्वरलाई धन्यवाद चढ़ाउन उचित
छ । **४**यसकारण, सबै सतावटहरू र जाँचहरू
तिमीहरूले सहिरहेका अनि त्यसमा तिमीहरूको
विश्वास र दृढ़ता रहिरहेकोमा हामी परमेश्वरका
मण्डलीहरूमा गर्व गर्छौं ।

**५**परमेश्वरको इन्साफ धार्मिक छ भन्ने
प्रमाण यी नै हुन्, जसको फलस्वरूप तिमीहरू
परमेश्वरको राज्यको निम्ति योग्य ठहराइनेछौ,
जसको निम्ति तिमीहरूले कष्ट भोगिरहेका
छौ । **६**परमेश्वर न्यायी हुनुहुन्छ: तिमीहरूलाई
दु:ख दिनेहरूलाई उहाँले दु:ख दिनुहुन्छ, **७**अनि
तिमी दु:ख पाइरहेकाहरूलाई अनि हामीलाई
पनि त्यसबाट छुटकारा दिनुहुन्छ । योचाहिँ
प्रभु येशू बल्दो आगोमा आफ्ना शक्तिशाली
दूतहरूसित स्वर्गबाट प्रकट हुनुहुँदा हुनेछ ।
**८**उहाँले परमेश्वरलाई नचिन्नेहरू र हाम्रा
प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई सजाय
दिनुहुनेछ । **९**तिनीहरूको सजाय अनन्तको विनाश
हुनेछ अनि तिनीहरू प्रभुको उपस्थिति र उहाँको
शक्तिको महिमादेखि अलग गरिनेछन् । **१०**यो
त्यस दिन हुनेछ जब उहाँ आफ्ना पवित्र जनहरूका
बीचमा महिमित हुन अनि उहाँमाथि विश्वास
गर्नेहरूमाथि चकित तुल्याउन आउनुहुनेछ ।
यसमा तिमीहरू पनि सामेल छौ, किनकि
तिमीहरूले हाम्रा साक्षीमा विश्वास गऱ्यौ ।

**११**यसलाई मनमा राखेर, हामी लगातार
तिमीहरूको लागि प्रार्थना गर्छौं, कि हाम्रा
परमेश्वरले तिमीहरूलाई उहाँको बोलावटको
योग्य ठानून्, अनि तिमीहरूको हरेक उद्देश्य र
विश्वासद्वारा गरिएको हरेक कामलाई उहाँले
आफ्नो शक्तिद्वारा पूर्ण गरिदेऊन् । **१२**हामी यो
प्रार्थना गर्दछौं ताकि हाम्रा परमेश्वर अनि प्रभु
येशू ख्रीष्टको अनुग्रहअनुसार तिमीहरूमा हाम्रा
प्रभु येशूको नाउँ महिमित होस्, र उहाँमा
तिमीहरूले पनि महिमा पाउन सक ।

### पापको मानिस

**२** भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको आगमन
अनि हामी उहाँसित भेला हुने विषयमा
तिमीहरूलाई भन्छौं, **२**प्रभुको दिन त आइसकेको
छ भन्ने अगमवाणी, सुसमाचार वा पत्र हामीबाट
आएको अनुमान लगाई सजिलैसित व्याकुल र
भयभीत नहोओ । **३**कसैले कुनै किसिमले
तिमीहरूलाई ठग्न नपाओस्, किनकि विद्रोह
नभई अनि पापको मानिस अर्थात् विनाशमा
जाने मानिस प्रकट नभई त्यो दिन आउनेछैन ।
**४**त्यसले विरोध गर्नेछ अनि परमेश्वर कहलिएको
अथवा पूजनीय हरेक वस्तुभन्दा आफैलाई
उच्च पार्नेछ, र आफैलाई परमेश्वर भनी
घोषणा गर्दै त्यो आफै परमेश्वरको मन्दिरमा
बस्नेछ ।

**५**म तिमीहरूसित हुँदा यी कुराहरू मैले
तिमीहरूलाई बताउने गरेको के तिमीहरूलाई
याद आउँदैन ? **६**अनि अब त्यो ठीक समयमा
प्रकट होस् भनेर त्यसलाई रोकिराख्नेलाई

---

**१:१**–प्रेरित १७:१. **१:९**–यशैया २:१०. **२:१**–१ थेसलोनिकी ४:१५-१७. **२:४**–दानिएल ११:३६; इजकिएल २८:२.

तिमीहरू चिन्दछौ । ७किनकि अधर्मको गुप्त
शक्ति सक्रिय छँदैछ; तर त्यसलाई रोकी
राख्नुहुनेचाहिँ आफ्नो बाटोबाट नहटुन्जेल
त्यसलाई रोकिराख्नुहुनेछ । ८अनि तब त्यो
अधर्मी प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो
मुखको सासले हराउनुहुनेछ र आफ्नो आगमनको
प्रतापले नष्ट पार्नुहुनेछ । ९त्यस अधर्मीको
आगमन शैतानले देखाएको झूटा आश्चर्य-
कर्महरू, चिन्हहरू र चमत्कारहरूको साथमा,
१०अनि नष्ट हुनेहरूलाई भ्रममा पार्ने किसिमका
हरेक खराबीको साथमा हुनेछ । तिनीहरू नष्ट
हुनेछन् किनकि तिनीहरूले सत्यलाई प्रेम
गरेर बाँच्न अस्वीकार गरे । ११यसकारण,
तिनीहरूले त्यस झूटमा विश्वास गरून्
भनेर परमेश्वरले तिनीहरूमा शक्तिशाली
भ्रम पठाउनुहुन्छ, १२ताकि सत्यमा विश्वास
नगरेर दुष्टतामा आनन्दित हुनेहरू सबै दोषी
ठहरिऊन् ।

## स्थिर रहनु

१३तर हे परमेश्वरद्वारा प्रेम गरिएका भाइ
हो, तिमीहरूको लागि हामीले परमेश्वरलाई
सधैँ धन्यवाद चढ़ाउन खाँचो छ, किनकि
परमेश्वरले तिमीहरूलाई पवित्र आत्माको
चोख्याउने कामद्वारा अनि सत्यमाथिको
विश्वासद्वारा शुरुदेखि नै चुन्नुभयो । १४तिमीहरूले
हाम्रा प्रभु येशू ख्रीष्टको महिमा बाँड़चुँड़ गर्छौ
भनेर उहाँले तिमीहरूलाई हाम्रा सुसमाचारद्वारा
यसमा बोलाउनुभयो । १५यसकारण, हे भाइ
हो, स्थिर भई रहो र मुखको वचनद्वारा अथवा
पत्रद्वारा हामीले तिमीहरूलाई पुऱ्याइदिएको
शिक्षाहरूमा लागिरहो ।

१६हामीलाई प्रेम गर्नुहुने अनि अनुग्रहद्वारा
हामीलाई अनन्तको ढाड़स र असल आशा
दिनुहुने, हाम्रा प्रभु येशू ख्रीष्ट आफै अनि
हाम्रा पिता परमेश्वरले १७तिमीहरूका हरेक
असल कार्य र वचनमा तिमीहरूको हृदयलाई
उत्साहित पार्दै बलियो बनाऊन् ।

## प्रार्थनाको लागि बिन्ती

३ अन्तमा, हे भाइ हो, तिमीहरूसित भएझैँ
परमेश्वरको सन्देश लगातार बढ़ोस् र
यसले आदर पाओस् भनी हाम्रो लागि प्रार्थना
गर । २अनि हरेकसित विश्वास नभएकोले
हामी दुष्ट र खराब मानिसहरूको हातबाट
उम्कन सकौं भनेर प्रार्थना गर । ३तर प्रभु त
विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई
सामर्थ दिँदै त्यस दुष्टदेखि रक्षा गर्नुहुनेछ ।
४हाम्रा आज्ञाहरू तिमीहरूले पालन गरिरहेका
छौ अनि गरी नै रहनेछौ भनी हामी प्रभुमा
निश्चित छौं । ५प्रभुले तिमीहरूका हृदयलाई
परमेश्वरको प्रेम र ख्रीष्टको दृढ़ प्रयत्नतिर
डोऱ्याऊन् ।

## अल्छेपनको विरुद्धमा चेतावनी

६प्रभु येशू ख्रीष्टको नाउँमा, हामी
तिमीहरूलाई आज्ञा गर्दछौं, हे भाइ हो, कि जो
भाइ अल्छे छ अनि तिमीहरूले हामीद्वारा पाएका
शिक्षाअनुसार चल्दैन, त्यस्ता हरेक भाइदेखि
अलग रहनू । ७किनकि तिमीहरूले हाम्रो नमूना
कसरी लिनुपर्छ सो तिमीहरू आफै जान्दछौ ।
हामी तिमीहरूसित हुँदा हामी अल्छे थिएनौं,
८नता हामीले पैसा नतिरी कसैको रोटी नै
खायौं । यसको विपरीत, हामी तिमीहरू कसैको
बोझ नबनौं भनेर दिनरात कठोर परिश्रम
गऱ्यौं । ९हामीले यसो गरेको चाहिँ, हामीलाई
यस्तो सहायता पाउने अधिकार छैन भनेर होइन,
तर तिमीहरूले लिनुपर्ने नमूना हामी आफै
भइदिऊँ भनेर हो । १०किनकि हामी तिमीहरूसित
हुँदै, हामीले तिमीहरूलाई यो नियम दियौं:
"यदि कुनै मानिसले काम गर्दैन भने, त्यसले
खाँदै नखाओस् ।"

११तिमीहरूमध्ये कोही अल्छे छन् भनी हामी
सुन्छौं । तिनीहरू आफै त काम गर्दैनन्; तर
अर्काको काममा व्यर्थै हात हाल्छन् । १२यस्ता
मानिसहरूलाई हामी प्रभु येशू ख्रीष्टमा आज्ञा
दिन्छौं कि तिनीहरू ढुक्कसित काम गरेर आफ्ना

**२:८**–यशैया ११:४. **२:९**–मत्ती २४:२४.

भोजन आफै जुटाऊन् । **१३**अनि तिमीहरूको
लागि चाहिँ, हे भाइ हो, जे ठीक छ त्यो गर्नमा
कहिल्यै नथाक्नू ।

**१४**यदि कसैले यस पत्रमा हामीले लेखेका
कुरा पालन गर्दैन भने, त्यसलाई चिनिराख ।
त्यससँग सम्बन्ध नराख, ताकि त्यो शर्ममा
परोस् । **१५**तैपनि त्यसलाई शत्रु जस्तो नठान,
तर भाइलाई जस्तो गरी त्यसलाई चेतावनी
देओ ।

## अन्तिम अभिवादन

**१६**अब शान्तिका प्रभु आफैले हर समय,
हर किसिमले तिमीहरूलाई शान्ति देऊन् ।
प्रभु तिमीहरू हरेकसित रहून् ।

**१७**म पावल, यो अभिवादन आफ्नै हातले
लेख्दैछु, जुनचाहिँ मेरा सबै पत्रहरूको चिनारी
हो । म यसरी नै लेख्दैछु ।

**१८**हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरू
सबैसित रहोस् ।

# तिमोथीलाई
## पावलको पहिलो पत्र

१ हाम्रा उद्धारकर्ता परमेश्वर अनि हाम्रा
आशा ख्रीष्ट येशूको आज्ञाअनुसार, ख्रीष्ट
येशूको प्रेरित पावलबाट,

२विश्वासमा मेरो साँचो छोरो तिमोथीलाईः

परमेश्वर पिता र हाम्रा प्रभु ख्रीष्ट येशूबाट अनुग्रह, कृपा र शान्ति ।

### व्यवस्थाका झूटा शिक्षकहरूको विरुद्धमा चेतावनी

३म्यासिडोनिया जाँदा मैले तिमीलाई आग्रह
गरेझैं, तिमी एफिससमै बस र कतिपय
मानिसहरूलाई झूटा शिक्षाहरू अब उसो
नसिकाउनू भनी आज्ञा देऊ, ४नता दन्त्यकथाहरू
र नटुङ्गिने वंशावलीहरूप्रति तिनीहरू समर्पित
होऊन् । यस्ताहरूले विश्वासद्वारा हुने
परमेश्वरको कामभन्दा बढ़ी सवालजवाफ उत्पन्न
गराउँछन् । ५यस आज्ञाको लक्ष्य प्रेम हो, जुन
शुद्ध हृदय अनि असल विवेक र निष्कपट
विश्वासबाट आउँछ । ६कति त यी सबैबाट
तर्किगएर विनाअर्थका कुराहरूतिर लागेका
छन् । ७तिनीहरू व्यवस्थाका शिक्षक हुन
चाहन्छन्, तर तिनीहरू आफैले बोलेका विषयमा
अथवा किटान गरेर भनेका कुरा नै जान्दैनन् ।

८हामी जान्दछौं कि व्यवस्थालाई ठीकसँग
प्रयोग गरेदेखि यो असल छ । ९हामी यो पनि
जान्दछौं कि धार्मिकहरूको निम्ति व्यवस्था
बनिएको होइन तर व्यवस्था उलङ्घन गर्नेहरू
र द्रोहीहरूका निम्ति, ईश्वरहीन र पापीहरूका
निम्ति, अपवित्र र अधर्मीहरूका निम्ति,
आमाबाबु मार्नेहरूका निम्ति, हत्याराहरूका
निम्ति, १०व्यभिचारीहरू र पुरुषगामीहरूका
निम्ति, दास-दासीका व्यापार गर्नेहरूका निम्ति,
झूट बोल्नेहरू र झूटा किरिया खानेहरूका
निम्ति, ११अनि परमधन्य परमेश्वरले मलाई
सुम्पनुभएको महिमित सुसमाचार जे छ त्यस
उचित शिक्षादेखि बाहिर रहेका जुन सुकैको
निम्ति नै हो ।

### पावललाई परमेश्वरको अनुग्रह

१२म हाम्रा ख्रीष्ट येशू प्रभुलाई धन्यवाद चढ़ाउँछु,
जसले मलाई शक्ति दिएर, मलाई विश्वासयोग्य
ठानी उहाँको सेवामा नियुक्त गर्नुभयो । १३यद्यपि,
कुनै समय म एक जना ईश्वर-निन्दक र सताउने
व्यक्ति अनि हिंस्रक मानिस थिएँ, र पनि म
कृपापात्र भएँ किनकि ती मैले अज्ञानता
र अविश्वासमा गरेको थिएँ । १४हाम्रा प्रभुको
अनुग्रहको साथमा ख्रीष्ट येशूमा भएका विश्वास
र प्रेम ममाथि प्रशस्त मात्रामा खन्याइए ।

१५यो भनाइ विश्वासयोग्य र ग्रहणयोग्य छ
कि ख्रीष्ट येशू संसारमा पापीहरूलाई बचाउन
आउनुभयो– जस मध्ये म सबैभन्दा खराब हुँ ।
१६उहाँमाथि विश्वास गर्नेहरू जतिले अनन्त जीवन
पाऊन् भनेर एउटा नमूनास्वरूप ख्रीष्ट येशूले
आफ्नो असीम धैर्य देखाईकन मजस्तो सबैभन्दा
पापीमाथि कृपा देखाउनुभयो । १७अब अनन्तका
राजा, अविनाशी, अदृश्य, एउटै परमेश्वरलाई
सदासर्वदा आदर र महिमा होस् । आमेन ।

१८मेरो छोरो, तिमोथी, तिम्रो विषयमा
एकपल्ट बोलिएको अगमवाणीअनुसार चलेर
असल युद्ध लड़, १९अनि विश्वास र असल विवेक
थामिराख । कतिले यी कुराहरू त्यागेर आफ्ना
विश्वासको जहाज डुबाइदिएका छन् । २०तीमध्ये
हुमेनियस र अलेक्जेन्डर हुन्, जसलाई ईश्वर-
निन्दा गर्न नसिकून् भनी मैले शैतानको हातमा
सुम्पेको छु ।

---

**१:२**–प्रेरित १६:१. **१:१३**–प्रेरित ८:३; ९:४-५

## आराधनाको विषयमा शिक्षा

२ यसकारण, सबैभन्दा पहिले म आग्रह गर्छु,
कि बिन्तीहरू, प्रार्थनाहरू, अन्तर्बिन्ती र
धन्यवादहरू प्रत्येकको निम्ति– २हामीले भक्ति
र पवित्रतामा शान्तिपूर्ण अनि निर्धक्क जीवन
बिताउन पाऔं भनेर राजाहरू र उच्च पदमा
रहेकाहरूका निम्ति गरिऊन् । ३यो असल हो,
अनि हाम्रा मुक्तिदाता परमेश्वरलाई मनपर्छ,
४जसले सबै मानिसहरू बाँचेका अनि
सत्यको ज्ञानमा आएका चाहनुहुन्छ ।
५किनकि एउटै परमेश्वर अनि परमेश्वर
र मानिसहरूको बीचमा एउटै मध्यस्त ख्रीष्ट
येशू हुनुहुन्छ, ६जसले सबैको छुटकाराको
मोलको निम्ति आफैलाई दिनुभयो– जुन
कुराको साक्षी ठीक समयमा दिइयो ।
७अनि यही उद्देश्यले म एउटा प्रचारक र
प्रेरित अनि गैर-यहूदीको निम्ति सत्य विश्वासको
शिक्षक नियुक्त भएँ– म ढाँट्दिनँ, तर सत्य
कुरो बताउँछु ।

८म जतातत‌ै विनाक्रोध र विनाझगड़ा
प्रार्थनामा मानिसहरूले पवित्र हातहरू उठाऊन्
भन्ने चाहन्छु ।

९स्त्रीहरूले केशको बढ़ी श्रृंगार गरेर सुन,
मोती र वस्त्रहरू पहिरेर होइन तर सुशीलता,
भद्रता र सभ्यतापूर्वक वस्त्र लगाऊन्, १०अनि
परमेश्वरको सेवा गर्ने स्त्रीहरूलाई सुहाउने
गरी असल कामहरू गरून् भन्ने पनि म
चाहन्छु ।

११स्त्रीले चूप रहेर अधीनतामा बसेर
सिक्नुपर्छ । १२म स्त्रीले पुरुषलाई सिकाउने
अनि अधिकार गर्ने अनुमति दिन्नँ; ऊ चूप नै
रहोस् । १३किनकि पहिला आदम बनाइएका
थिए, तब हव्वा । १४किनकि आदम छलिएका
होइनन्; तर स्त्री पो छलिएर पापी भएकी
हुन् । १५तर स्त्रीहरू विश्वास, प्रेम र भद्रतापूर्ण
पवित्रतामा रहिरहे भने बालक जन्माउँदा
बचाइनेछन् ।

## बिशपहरू अनि डिकनहरू

३ एउटा विश्वासयोग्य भनाइ छ: यदि कसैले
बिशप हुने इच्छा गर्छ भने, उसले महान्
कामको इच्छा गर्छ । २अब बिशपचाहिँ कसैबाट
दोष नपाएको, एउटै पत्नीका पति, परहेजी,
आत्म-संयमी, आदरणीय, अतिथिसत्कार गर्ने,
सिकाउन सक्ने, ३दाखमद्यले नमात्ने, उग्र होइन
तर भद्र, झगड़ा नगर्ने, पैसाको लोभ नगर्ने
हुनुपर्छ । ४तिनले आफ्नो परिवार राम्ररी चलाउन
सक्नुपर्छ अनि आफ्ना बालबच्चाहरूले
आज्ञापालन गरेको र उनीहरूबाट सम्मान
पाएको हुनुपर्छ । ५(यदि कसैले आफ्नै परिवार
सम्हाल्न सक्दैनन् भने, तिनले परमेश्वरको
मण्डलीको देखरेख कसरी गर्न सक्छन् ?) ६तिनी
भर्खरै प्रभु पाएको व्यक्ति हुनुहुँदैन, नत्र तिनी
घमण्डले फुलेर शैतानले पाउने इन्साफमा
पर्नेछन् । ७तिनले बाहिरकाहरूका बीच पनि
असल नाउँ पाएको हुनुपर्छ, जसमा कि तिनी
शैतानको पासोमा परेर निन्दित हुन नपरोस् ।

८यसैगरी, डिकनहरू पनि आदर पाउन
योग्यका, निष्कपट, बढ़ता मद्य नपिउने, अनि
अनुचित लाभ नखोज्ने मानिसहरू हुनुपर्छ ।
९तिनीहरूले विश्वासका गहिरा सत्यहरूलाई
कायम राख्नुपर्छ । १०त्यसपछि पहिले तिनीहरूको
जाँच हुनुपर्छ; अनि यदि तिनीहरूको विरुद्धमा
केही छैन भने, तिनीहरूले डिकन भई सेवा
गरून् ।

११यसैगरी, तिनीहरूका पत्नीहरू पनि
अरूको कुभलो नगर्ने, तर परहेजी र हरेक
कुरामा विश्वासयोग्य र आदर पाउने योग्यका
हुनुपर्छ ।

१२डिकन एउटै पत्नीको पति अनि आफ्ना
बालबच्चा र परिवारको उचित देखरेख गर्नसक्ने
हुनुपर्छ । १३जसले असल गरी सेवा गरेका छन्
तिनीहरूले उत्तम प्रतिष्ठा र ख्रीष्ट येशूमा भएका
तिनीहरूको विश्वासमा महान् निश्चयता
पाउनेछन् ।

---

**२:७**–२ तिमोथी १:११. **२:९**–१ पत्रुस ३:३. **२:१३**–उत्पत्ति २:७, २१-२२. **२:१४**–उत्पत्ति ३:१-६
**३:२-७**–तीतस १:६-९.

१४यद्यपि म तिमीकहाँ चाँड़ै आउने आशा
राख्दछु, र पनि म यी उपदेशहरू तिमीलाई
लेखिरहेछु जसमा, १५यदि म आउन ढिलो गरें
भने पनि, परमेश्वरको परिवार जुनचाहिँ सत्यको
जग र खाँबो अर्थात् जिउँदो परमेश्वरको मण्डली
हो त्यसमा मानिसहरूले कसरी चल्नुपर्छ भनी
तिमीले जान्न सक । १६अनि विनाविवाद यो
भन्न सकिन्छ, कि ईश्वरीय स्वभावको रहस्य
महान् छ:

उहाँ शरीरमा देखा पर्नुभयो,
पवित्र आत्मामा धर्मी ठहरिनुभयो,
स्वर्गदूतहरूद्वारा देखिनुभयो,
जाति-जातिहरूबीच प्रचारित हुनुभयो,
विश्वभरि विश्वास गरिनुभयो,
महिमामा उठाइनुभयो ।

## तिमोथीलाई शिक्षा

४ पवित्र आत्मा स्पष्ट गरी भन्नुहुन्छ, कि
आखिरी दिनहरूमा कतिले विश्वासलाई
त्याग्नेछन् अनि धोका दिने आत्माहरू र
भूतप्रेतहरूका शिक्षाको पछि लाग्नेछन् । २यस्ता
शिक्षाहरू छलकपट गर्ने झूटा व्यक्तिहरूद्वारा
आउनेछन्, जसका विवेक तातो फलामले डामेझैँ
हुन्छ । ३तिनीहरूले मानिसहरूलाई विवाह
गर्न मनाही गर्छन् अनि तिनीहरूले कतिपय
भोजनहरूदेखि अलग रहने आदेश दिन्छन्,
जुन विश्वास गर्नेहरू अनि सत्य जान्नेहरूले
धन्यवादसाथ ग्रहण गरून् भनी परमेश्वरले
सृष्टि गर्नुभयो । ४किनकि परमेश्वरले सृष्टि
गर्नुभएको सबै थोक असल छन्, र धन्यवादसाथ
ग्रहण गरे कुनै थोक पनि तिरष्कार गर्नुपर्ने
लायकका छैनन्, ५किनकि त्यो परमेश्वरको
वचन र प्रार्थनाद्वारा अर्पण गरिएको हुन्छ ।

६यदि तिमीले यी कुराहरू भाइहरूलाई
देखाइदियौ भने, तिमी विश्वासको सत्यतामा
हुर्काइएको र उचित शिक्षा पछ्याउने ख्रीष्ट
येशूका असल सेवक हुनेछौ । ७भक्तिहीन र
अर्थहीन दन्त्यकथाहरूदेखि अलग बस, बरु
आफैलाई भक्तिको तालीम देऊ । ८किनकि
शारीरिक तालीम केही मूल्यको मात्र हुन्छ,
तर ईश्वर भक्ति त हर किसिमले लाभदायक
हुन्छ, जसमा वर्तमान् जीवन र आउने जीवन
दुवैका निम्ति उपयोगी रहेको हुन्छ ।

९यो भनाइ विश्वासयोग्य छ जसलाई पूरा
गरी स्वीकार गर्न सकिन्छ । १०सबै मानिसहरू,
विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका
मुक्तिदाता जीवित परमेश्वरमाथि हामीले आफ्ना
आशा लगाऔं भनेर हामी परिश्रम र प्रयत्न
गर्दछौं ।

११त्यसैले यी कुराहरू सिकाऊ र आज्ञा
देऊ । १२तिमी जवान भएकोमा कसैले तिमीलाई
हीनताको दृष्टिले हेर्न नपाओस्, तर वचनमा,
जीवनमा, प्रेममा, विश्वासमा र शुद्धतामा
विश्वासीहरूको लागि उदाहरण प्रस्तुत गर ।
१३म नआएसम्म, सबैको सामुन्ने धर्मशास्त्र पढ्ने
काममा, प्रचारमा र शिक्षामा आफैलाई
सुम्पिदेऊ । १४धर्मगुरुहरूले तिमीमाथि हात
राख्दा अगमवाणीद्वारा तिमीलाई प्राप्त भएको
वरदानको अवहेलना नगर ।

१५यी विषयहरूमा परिश्रमी बनेर आफैलाई
सम्पूर्णरूपले दिइहाल, र सबैले तिम्रो प्रगति
देखून् । १६तिम्रो जीवन र शिक्षामा ज्यादै ध्यान
देऊ । यी कुराहरूमा खुरन्धार लागिरह,
किनकि यसो गर्नाले तिमीले आफैलाई र
सुन्नेहरूलाई समेत बचाउनेछौ ।

## विधवाहरू, धर्मगुरुहरू र दासहरूबारे सल्लाह

५ कुनै वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई
बाबुझैँ ठानी राम्ररी सम्झाऊ । आफूभन्दा
सानाहरूलाई भाइझैँ व्यवहार गर, २वृद्ध स्त्रीलाई
आमाझैँ, र युवतीहरूलाई सम्पूर्ण पवित्रतामा
बहिनीझैँ व्यवहार गर ।

३जुन विधवाहरू साँच्चै खाँचोमा छन्
तिनीहरूलाई उचित मान्यता देऊ । ४तर यदि
कुनै विधवाका छोराछोरी र नातानातिनाहरू
छन् भने, तिनीहरूले पहिले व्यावहारिक भई
आफ्ना परिवारको देखरेख गरेर धार्मिक कर्तव्य
पालन गर्दै आफ्ना आमाबाबु र बाजेबज्यैप्रतिको

ऋण चुकाऊन्, किनकि यो परमेश्वरको दृष्टिमा
मनपर्दो छ । ५साँच्चै खाँचोमा परेकी विधवा
जो एक्लै छिन्, परमेश्वरमाथि आफ्नो सम्पूर्ण
आशा लगाएर परमेश्वरसित सहायता माग्दै
दिनरात प्रार्थनामा लागिरहन्छिन् । ६तर
सुखविलासमा रहने विधवा त जिउँदै मरेतुल्य
हो । ७त्यसैले मानिसहरूलाई यी आज्ञाहरू
देऊ, र तिनीहरू दोषरहित होऊन् । ८यदि
कसैले आफन्तहरूको, खास गरी आफ्नै
परिवारको खाँचो पूरा गर्दैन भने, त्यसले
विश्वासलाई तिरष्कार गरेको हुनेछ र त्यो
अविश्वासीभन्दा खराब हुन्छ ।

९कुनै विधवा साठी वर्ष माथिकी छैनन् र
आफ्नो लोग्नेप्रति विश्वासी भई रहेकी थिइन्
भने तिनको नाउँ विधवाको सूचीमा नलगाऊ,
१०तर छोराछोरीहरूलाई ठीकसित हुर्काउने,
अतिथि सत्कार गर्ने, सन्तहरूका पाउ धुने,
विपत्तिमा परेकाहरूलाई सहायता दिने र
आफैलाई सबै किसिमका असल कामहरूमा
संलग्न राख्नेको नाउँ मात्र ।

११तर तरुणी विधवाहरूका नाउँ त
यस्ता सूचीमा नलगाऊ । किनकि तिनीहरूका
कामवासनाले ख्रीष्टप्रतिको तिनीहरूका समर्पणलाई
जिते भने त, तिनीहरूले विवाह गरिहाल्नेछन् ।
१२यसरी तिनीहरूले आफ्ना पहिलेका भाकल
भङ्ग गरेर आफैमाथि इन्साफ ल्याउनेछन् ।
१३यसबाहेक, तिनीहरू घर-घर डुल्ने भई अल्छे
हुन सिक्छन् । अल्छे हुने मात्र होइन तर
कुरौटे, अरूको काममा हात हाल्ने र बोल्न
नहुने कुराहरू बोल्ने हुन्छन् । १४यसकारण म
तरुणी विधवाहरूलाई विवाह गर्ने, छोराछोरीकी
आमा हुने, आफ्ना घर सम्हाल्ने र विरोधीलाई
आफ्ना बदनामको मौकै नदिने होऊन् भन्ने
सल्लाह दिन्छु । १५कति त वास्तवमा फर्कि
गएर शैतानलाई पछ्याउने भएका छन् ।

१६यदि कुनै विश्वासी स्त्रीको परिवारमा
विधवाहरू छन् भने, मण्डलीमाथि बोझ नबनून्
भनेर तिनीहरूलाई आफैले सहायता दिनुपर्छ र
मण्डलीले साँच्चै खाँचोमा परेका विधवाहरूलाई
सहायता पुर्‍याउन सकोस् ।

१७मण्डलीको असल देखरेख गर्ने धर्मगुरुहरू
दोबर आदरका योग्य हुन्छन्, खास गरी तिनीहरू
जो प्रचार गर्ने र शिक्षा दिने काम गर्छन् ।
१८किनकि धर्मशास्त्रले भन्छ, “दाइँ गर्ने गोरुको
मुखमा महला नलगाउनू,” र “खेताला आफ्नो
ज्यालाको योग्य हुन्छ ।” १९दुई वा तीनभन्दा
कम साक्षीहरूले लगाएको धर्मगुरुहरूको विरुद्धका
अभियोग ग्रहण नगर्नू । २०पाप गर्नेहरूलाई
खुल्लमखुल्ला हप्काऊ, र यसरी अरूहरूले
चेतावनी पाउन सकून् ।

२१तिमीले यी नियमहरू विनापक्षपात र
कसैको पक्ष नलिएर पालन गर्नू भनी परमेश्वर,
ख्रीष्ट येशू, अनि पवित्र स्वर्गदूतहरूको
दृष्टिमा, म तिमीलाई कड़ा आज्ञा दिन्छु ।

२२हात राख्ने विषयमा हतार नगर्नू,
र अरूको पापमा सहभागी नहोऊ । आफैलाई
शुद्ध राख ।

२३तिम्रो पेटको लागि र बरोबर बिरामीको
खातिर पानी मात्र पिउन छोड़ेर अलिकति
दाखमद्य पिउने गर ।

२४कति मानिसहरूका पापहरू तिनीहरूको
सामुन्ने राखिएका इन्साफमा पुग्ने गरी प्रत्यक्ष
छन्; अरूहरूका पापहरू त पछि मात्र देखिन्छन् ।
२५यस्तै किसिमले, असल कामहरू प्रत्यक्ष छन्,
र जुनहरू छैनन् ती पनि लुक्नसक्दैनन् ।

६ परमेश्वरको नाउँ र हाम्रो शिक्षाको बदनाम
नहोस् भनेर दासत्वको जुवामुनि हुनेहरूका
मालिकहरू आदरका योग्य छन् भनी ठानून् ।
२जसका मालिकहरू विश्वासी छन् तिनीहरूले
ती मालिकहरू एउटै विश्वासमा दाज्यूभाइ
हुन् भनेर अनादर नगरून् । बरु तिनीहरूका
सेवाबाट लाभ उठाउनेहरू विश्वासी नै हुन्
अनि तिनीहरू प्रति मायालु छन् भनेर
तिनीहरूको सेवा अझ राम्रो गरी गर्नू । यी
कुराहरू तिमीले तिनीहरूलाई सिकाउनू र आग्रह
गर्नू ।

---

**५:१८**–व्यवस्था २५:४; मत्ती १०:१०; लूका १०:७. **५:१९**–व्यवस्था १७:६; १९:१५.

### रूपियाँ पैसाको प्रेम

**३**यदि कसैले झूटा शिक्षा सिकाउँछ र हाम्रा
प्रभु येशू ख्रीष्ट र भक्तिअनुसारका शिक्षासित
सहमत हुँदैन भने, **४**त्यो घमण्डले फुलिएको
हुन्छ र केही जान्दैन । त्यसले व्यर्थको शब्दहरू
लिएर वादविवाद गरेर झगड़ा गर्न खोज्छ ।
जुन कुराहरूले डाह, कलह, बदनाम र खराब
शंकाहरू उत्पन्न गराउँछन् । **५**अनि सत्य
खोसिएका मानिसहरू, जसले भक्तिचाहिँ आर्थिक
लाभको साधन हो भन्छन्, यस्ताहरूले मानिस-
मानिसबीच कचिङ्गल उठाएर मनलाई भ्रष्ट
पार्छन् ।

**६**तर सन्तुष्टतासहितको भक्ति नै ठूलो लाभ
हो । **७**किनकि हामीले यस संसारमा नता केही
ल्यायौं, नता यसबाट केही लिएर जानेछौं ।
**८**तर यदि हामीसित खाने र लाउने कुराहरू
छन् भने, हामी त्यसैमा सन्तुष्ट रहन सक्नु
पर्छ । **९**जो धनी हुन चाहन्छन् तिनीहरू
परीक्षा र पासो अनि धेरै मूर्ख र हानिकारक
इच्छाहरूमा पर्छन्, जसले मानिसहरूलाई
बरबादी र सर्वनाशमा डुबाउँछन् । **१०**किनकि
रूपियाँ पैसाप्रतिको प्रेम नै सबै खराबीको जड़
हो । कति मानिसहरू, रूपियाँ पैसाप्रति इच्छुक
बनेर, विश्वासबाट तर्किगएकाले धेरै पीड़ाहरूले
तिनीहरू आफै छेड़िएका छन् ।

### तिमोथीलाई पावलको आदेश

**११**तर, हे परमेश्वरका मानिस, तिमी त ती
सबै कुराहरूबाट अलग बस, र धार्मिकता,
भक्ति, विश्वास, प्रेम, सहनशीलता र नम्रताको
पछि लाग । **१२**विश्वासको उत्तम लड़न्त
लड़ । अनन्त जीवन पक्रिराख । यसैमा तिमीलाई
बोलावट भएको थियो, जब तिमीले धेरै
साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको
असल साक्षी दिएका थियौ । **१३**प्रत्येकलाई जीवन
दिनुहुने परमेश्वरको, अनि पन्तियस पिलातसको
सामुन्ने असल साक्षी दिनुहुने ख्रीष्ट येशूको दृष्टिमा
म तिमीलाई यो आदेश दिन्छु कि, **१४**येशू ख्रीष्ट
देखा नपरून्जेल यस आज्ञालाई विनादाग र
विनादोष सम्हालिराख । **१५**परमेश्वर, राजाहरूका
राजा तथा प्रभुहरूका प्रभु, एकमात्र शासक,
धन्यको हुनुहुन्छ । उहाँले नै आफ्नो समयमा
येशू ख्रीष्टलाई पुनः प्रकट गराउनुहुनेछ । **१६**उहाँ
मात्र अमर हुनुहुन्छ, र उहाँ त्यस ज्योतिमा वास
गर्नुहुन्छ, जसको नजीक कोही जान सक्दैन ।
उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न
त देख्न नै सक्छ । उहाँलाई नै सदासर्वदा
आदर र सामर्थ्य होस् । आमेन ।

**१७**वर्तमान् संसारमा भएका धनीहरूलाई
घमण्डी नहुनु र आफ्नो आशा अनिश्चित धन-
सम्पत्तिमा होइन, तर हाम्रो उपभोगको निम्ति
प्रत्येक थोक प्रशस्तसित दिनुहुने परमेश्वरमा
लगाओ भनी आज्ञा देऊ । **१८**तिनीहरूलाई असल
गर्नू, असल कामहरूमा धनी हुनू र उदार चित्तले
बाँड़चुँड़ गर्नेहरू हुनू भनी आज्ञा देऊ । **१९**यसरी
तिनीहरूले आउने युगको लागि असल जगको
रूपमा आफ्नै लागि सम्पत्ति थुपार्नेछन् र
तिनीहरूले त्यो अनन्त जीवनको बारेमा
जान्नेछन् ।

**२०**तिमोथी, तिमीलाई जे सुम्पिएको छ
त्यसलाई हिफाजत गरिराख । भक्तिहीन गन्थन
र विरोधपूर्ण विचारहरू, जसलाई झूटा किसिमका
ज्ञान भनिन्छ, त्यसबाट अलग बस । **२१**यस्ता
कुराहरूलाई अप्नाएर कति त विश्वासबाट
तर्किगएका छन् ।

तिमीसित अनुग्रह रहोस् ।

---

**६:१३**–यूहन्ना १८:३७.

# तिमोथीलाई
## पावलको पहिलो पत्र

**१** हाम्रा उद्धारकर्ता परमेश्वर अनि हाम्रा
आशा ख्रीष्ट येशूको आज्ञाअनुसार, ख्रीष्ट
येशूको प्रेरित पावलबाट,

**२**विश्वासमा मेरो साँचो छोरो तिमोथीलाई:

परमेश्वर पिता र हाम्रा प्रभु ख्रीष्ट येशूबाट
अनुग्रह, कृपा र शान्ति ।

### व्यवस्थाका झूटा शिक्षकहरूको विरुद्धमा चेतावनी

**३**म्यासिडोनिया जाँदा मैले तिमीलाई आग्रह
गरेझैँ, तिमी एफिससमै बस र कतिपय
मानिसहरूलाई झूटा शिक्षाहरू अब उसो
नसिकाउनू भनी आज्ञा देऊ, **४**नता दन्त्यकथाहरू
र नटुङ्गिने वंशावलीहरूप्रति तिनीहरू समर्पित
होऊन् । यस्ताहरूले विश्वासद्वारा हुने
परमेश्वरको कामभन्दा बढ़ी सवालजवाफ उत्पन्न
गराउँछन् । **५**यस आज्ञाको लक्ष्य प्रेम हो, जुन
शुद्ध हृदय अनि असल विवेक र निष्कपट
विश्वासबाट आउँछ । **६**कति त यी सबैबाट
तर्किगएर विनाअर्थका कुराहरूतिर लागेका
छन् । **७**तिनीहरू व्यवस्थाका शिक्षक हुन
चाहन्छन्, तर तिनीहरू आफैले बोलेका विषयमा
अथवा किटान गरेर भनेका कुरा नै जान्दैनन् ।
**८**हामी जान्दछौं कि व्यवस्थालाई ठीकसँग
प्रयोग गरेदेखि यो असल छ । **९**हामी यो पनि
जान्दछौं कि धार्मिकहरूको निम्ति व्यवस्था
बनिएको होइन तर व्यवस्था उलङ्घन गर्नेहरू
र द्रोहीहरूका निम्ति, ईश्वरहीन र पापीहरूका
निम्ति, अपवित्र र अधर्मीहरूका निम्ति,
आमाबाबु मार्नेहरूका निम्ति, हत्याराहरूका
निम्ति, **१०**व्यभिचारीहरू र पुरुषगामीहरूका
निम्ति, दास-दासीका व्यापार गर्नेहरूका निम्ति,
झूट बोल्नेहरू र झूटा किरिया खानेहरूका
निम्ति, **११**अनि परमधन्य परमेश्वरले मलाई
सुम्पनुभएको महिमित सुसमाचार जे छ त्यस
उचित शिक्षादेखि बाहिर रहेका जुन सुकैको
निम्ति नै हो ।

### पावललाई परमेश्वरको अनुग्रह

**१२**म हाम्रा ख्रीष्ट येशू प्रभुलाई धन्यवाद चढ़ाउँछु,
जसले मलाई शक्ति दिएर, मलाई विश्वासयोग्य
ठानी उहाँको सेवामा नियुक्त गर्नुभयो । **१३**यद्यपि,
कुनै समय म एक जना ईश्वर-निन्दक र सताउने
व्यक्ति अनि हिंस्रक मानिस थिएँ, र पनि म
कृपापात्र भएँ किनकि ती मैले अज्ञानता
र अविश्वासमा गरेको थिएँ । **१४**हाम्रा प्रभुको
अनुग्रहको साथमा ख्रीष्ट येशूमा भएका विश्वास
र प्रेम ममाथि प्रशस्त मात्रामा खन्याइए ।
**१५**यो भनाइ विश्वासयोग्य र ग्रहणयोग्य छ
कि ख्रीष्ट येशू संसारमा पापीहरूलाई बचाउन
आउनुभयो– जस मध्ये म सबैभन्दा खराब हुँ ।
**१६**उहाँमाथि विश्वास गर्नेहरू जतिले अनन्त जीवन
पाऊन् भनेर एउटा नमूनास्वरूप ख्रीष्ट येशूले
आफ्नो असीम धैर्य देखाईकन मजस्तो सबैभन्दा
पापीमाथि कृपा देखाउनुभयो । **१७**अब अनन्तका
राजा, अविनाशी, अदृश्य, एउटै परमेश्वरलाई
सदासर्वदा आदर र महिमा होस् । आमेन ।
**१८**मेरो छोरो, तिमोथी, तिम्रो विषयमा
एकपल्ट बोलिएको अगमवाणीअनुसार चलेर
असल युद्ध लड़, **१९**अनि विश्वास र असल विवेक
थामिराख । कतिले यी कुराहरू त्यागेर आफ्ना
विश्वासको जहाज डुबाइदिएका छन् । **२०**तीमध्ये
हुमेनियस र अलेक्जेन्डर हुन्, जसलाई ईश्वर-
निन्दा गर्न नसिकून् भनी मैले शैतानको हातमा
सुम्पेको छु ।

---

**१:२**–प्रेरित १६:१. **१:१३**–प्रेरित ८:३; ९:४-५

## आराधनाको विषयमा शिक्षा

**२** यसकारण, सबैभन्दा पहिले म आग्रह गर्छु,
कि बिन्तीहरू, प्रार्थनाहरू, अन्तर्बिन्ती र
धन्यवादहरू प्रत्येकको निम्ति– **२**हामीले भक्ति
र पवित्रतामा शान्तिपूर्ण अनि निर्धक्क जीवन
बिताउन पाऔं भनेर राजाहरू र उच्च पदमा
रहेकाहरूका निम्ति गरिऊन् । **३**यो असल हो,
अनि हाम्रा मुक्तिदाता परमेश्वरलाई मनपर्छ,
**४**जसले सबै मानिसहरू बाँचेका अनि
सत्यको ज्ञानमा आएका चाहनुहुन्छ ।
**५**किनकि एउटै परमेश्वर अनि परमेश्वर
र मानिसहरूको बीचमा एउटै मध्यस्त ख्रीष्ट
येशू हुनुहुन्छ, **६**जसले सबैको छुटकाराको
मोलको निम्ति आफैलाई दिनुभयो– जुन
कुराको साक्षी ठीक समयमा दिइयो ।
**७**अनि यही उद्देश्यले म एउटा प्रचारक र
प्रेरित अनि गैर-यहूदीको निम्ति सत्य विश्वासको
शिक्षक नियुक्त भएँ– म ढाँट्दिनँ, तर सत्य
कुरो बताउँछु ।

**८**म जताततै विनाक्रोध र विनाझगड़ा
प्रार्थनामा मानिसहरूले पवित्र हातहरू उठाऊन्
भन्ने चाहन्छु ।

**९**स्त्रीहरूले केशको बढ़ी श्रृंगार गरेर सुन,
मोती र वस्त्रहरू पहिरेर होइन तर सुशीलता,
भद्रता र सभ्यतापूर्वक वस्त्र लगाऊन्, **१०**अनि
परमेश्वरको सेवा गर्ने स्त्रीहरूलाई सुहाउने
गरी असल कामहरू गरून् भन्ने पनि म
चाहन्छु ।

**११**स्त्रीले चूप रहेर अधीनतामा बसेर
सिक्नुपर्छ । **१२**म स्त्रीले पुरुषलाई सिकाउने
अनि अधिकार गर्ने अनुमति दिन्नँ; ऊ चूप नै
रहोस् । **१३**किनकि पहिला आदम बनाइएका
थिए, तब हव्वा । **१४**किनकि आदम छलिएका
होइनन्; तर स्त्री पो छलिएर पापी भएकी
हुन् । **१५**तर स्त्रीहरू विश्वास, प्रेम र भद्रतापूर्ण
पवित्रतामा रहिरहे भने बालक जन्माउँदा
बचाइनेछन् ।

## बिशपहरू अनि डिकनहरू

**३** एउटा विश्वासयोग्य भनाइ छ: यदि कसैले
बिशप हुने इच्छा गर्छ भने, उसले महान्
कामको इच्छा गर्छ । **२**अब बिशपचाहिँ कसैबाट
दोष नपाएको, एउटै पत्नीका पति, परहेजी,
आत्म-संयमी, आदरणीय, अतिथिसत्कार गर्ने,
सिकाउन सक्ने, **३**दाखमद्यले नमात्ने, उग्र होइन
तर भद्र, झगड़ा नगर्ने, पैसाको लोभ नगर्ने
हुनुपर्छ । **४**तिनले आफ्नो परिवार राम्ररी चलाउन
सक्नुपर्छ अनि आफ्ना बालबच्चाहरूले
आज्ञापालन गरेको र उनीहरूबाट सम्मान
पाएको हुनुपर्छ । **५**(यदि कसैले आफ्नै परिवार
सम्हाल्न सक्दैनन् भने, तिनले परमेश्वरको
मण्डलीको देखरेख कसरी गर्न सक्छन् ?) **६**तिनी
भर्खरै प्रभु पाएको व्यक्ति हुनुहुँदैन, नत्र तिनी
घमण्डले फुलेर शैतानले पाउने इन्साफमा
पर्नेछन् । **७**तिनले बाहिरकाहरूका बीच पनि
असल नाउँ पाएको हुनुपर्छ, जसमा कि तिनी
शैतानको पासोमा परेर निन्दित हुन नपरोस् ।

**८**यसैगरी, डिकनहरू पनि आदर पाउन
योग्यका, निष्कपट, बढ़ता मद्य नपिउने, अनि
अनुचित लाभ नखोज्ने मानिसहरू हुनुपर्छ ।
**९**तिनीहरूले विश्वासका गहिरा सत्यहरूलाई
कायम राख्नुपर्छ । **१०**त्यसपछि पहिले तिनीहरूको
जाँच हुनुपर्छ; अनि यदि तिनीहरूको विरुद्धमा
केही छैन भने, तिनीहरूले डिकन भई सेवा
गरून् ।

**११**यसैगरी, तिनीहरूका पत्नीहरू पनि
अरूको कुभलो नगर्ने, तर परहेजी र हरेक
कुरामा विश्वासयोग्य र आदर पाउने योग्यका
हुनुपर्छ ।

**१२**डिकन एउटै पत्नीको पति अनि आफ्ना
बालबच्चा र परिवारको उचित देखरेख गर्नसक्ने
हुनुपर्छ । **१३**जसले असल गरी सेवा गरेका छन्
तिनीहरूले उत्तम प्रतिष्ठा र ख्रीष्ट येशूमा भएका
तिनीहरूको विश्वासमा महान् निश्चयता
पाउनेछन् ।

---

**२:७**–२ तिमोथी १:११. **२:९**–१ पत्रुस ३:३. **२:१३**–उत्पत्ति २:७, २१-२२. **२:१४**–उत्पत्ति ३:१-६
**३:२-७**–तीतस १:६-९.

१४यद्यपि म तिमीकहाँ चाँडै आउने आशा
राख्दछु, र पनि म यी उपदेशहरू तिमीलाई
लेखिरहेछु जसमा, १५यदि म आउन ढिलो गरें
भने पनि, परमेश्वरको परिवार जुनचाहिँ सत्यको
जग र खाँबो अर्थात् जिउँदो परमेश्वरको मण्डली
हो त्यसमा मानिसहरूले कसरी चल्नुपर्छ भनी
तिमीले जान्न सक । १६अनि विनाविवाद यो
भन्न सकिन्छ, कि ईश्वरीय स्वभावको रहस्य
महान् छ:

उहाँ शरीरमा देखा पर्नुभयो,
पवित्र आत्मामा धर्मी ठहरिनुभयो,
स्वर्गदूतहरूद्वारा देखिनुभयो,
जाति-जातिहरूबीच प्रचारित हुनुभयो,
विश्वभरि विश्वास गरिनुभयो,
महिमामा उठाइनुभयो ।

## तिमोथीलाई शिक्षा

४ पवित्र आत्मा स्पष्ट गरी भन्नुहुन्छ, कि
आखिरी दिनहरूमा कतिले विश्वासलाई
त्याग्नेछन् अनि धोका दिने आत्माहरू र
भूतप्रेतहरूका शिक्षाको पछि लाग्नेछन् । २यस्ता
शिक्षाहरू छलकपट गर्ने भूटा व्यक्तिहरूद्वारा
आउनेछन्, जसका विवेक तातो फलामले डामेझैं
हुन्छ । ३तिनीहरूले मानिसहरूलाई विवाह
गर्न मनाही गर्छन् अनि तिनीहरूले कतिपय
भोजनहरूदेखि अलग रहने आदेश दिन्छन्,
जुन विश्वास गर्नेहरू अनि सत्य जान्नेहरूले
धन्यवादसाथ ग्रहण गरून् भनी परमेश्वरले
सृष्टि गर्नुभयो । ४किनकि परमेश्वरले सृष्टि
गर्नुभएको सबै थोक असल छन्, र धन्यवादसाथ
ग्रहण गरे कुनै थोक पनि तिरष्कार गर्नुपर्ने
लायकका छैनन्, ५किनकि त्यो परमेश्वरको
वचन र प्रार्थनाद्वारा अर्पण गरिएको हुन्छ ।

६यदि तिमीले यी कुराहरू भाइहरूलाई
देखाइदियौ भने, तिमी विश्वासको सत्यतामा
हुर्काइएको र उचित शिक्षा पछ्याउने खीष्ट
येशूका असल सेवक हुनेछौ । ७भक्तिहीन र
अर्थहीन दन्त्यकथाहरूदेखि अलग बस, बरु
आफैलाई भक्तिको तालीम देऊ । ८किनकि
शारीरिक तालीम केही मूल्यको मात्र हुन्छ,
तर ईश्वर भक्ति त हर किसिमले लाभदायक
हुन्छ, जसमा वर्तमान् जीवन र आउने जीवन
दुवैका निम्ति उपयोगी रहेको हुन्छ ।

९यो भनाइ विश्वासयोग्य छ जसलाई पूरा
गरी स्वीकार गर्न सकिन्छ । १०सबै मानिसहरू,
विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका
मुक्तिदाता जीवित परमेश्वरमाथि हामीले आफ्ना
आशा लगाऔं भनेर हामी परिश्रम र प्रयत्न
गर्दछौं ।

११त्यसैले यी कुराहरू सिकाऊ र आज्ञा
देऊ । १२तिमी जवान भएकोमा कसैले तिमीलाई
हीनताको दृष्टिले हेर्न नपाओस्, तर वचनमा,
जीवनमा, प्रेममा, विश्वासमा र शुद्धतामा
विश्वासीहरूको लागि उदाहरण प्रस्तुत गर ।
१३म नआएसम्म, सबैको सामुन्ने धर्मशास्त्र पढ्ने
काममा, प्रचारमा र शिक्षामा आफैलाई
सुम्पिदेऊ । १४धर्मगुरुहरूले तिमीमाथि हात
राख्दा अगमवाणीद्वारा तिमीलाई प्राप्त भएको
वरदानको अवहेलना नगर ।

१५यी विषयहरूमा परिश्रमी बनेर आफैलाई
सम्पूर्णरूपले दिइहाल, र सबैले तिम्रो प्रगति
देखून् । १६तिम्रो जीवन र शिक्षामा ज्यादै ध्यान
देऊ । यी कुराहरूमा खुरन्धार लागिरह,
किनकि यसो गर्नाले तिमीले आफैलाई र
सुन्नेहरूलाई समेत बचाउनेछौ ।

## विधवाहरू, धर्मगुरुहरू र दासहरूबारे सल्लाह

५ कुनै वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई
बाबुझैं ठानी राम्ररी सम्झाऊ । आफूभन्दा
सानाहरूलाई भाइझैं व्यवहार गर, २वृद्ध स्त्रीलाई
आमाझैं, र युवतीहरूलाई सम्पूर्ण पवित्रतामा
बहिनीझैं व्यवहार गर ।

३जुन विधवाहरू साँच्चै खाँचोमा छन्
तिनीहरूलाई उचित मान्यता देऊ । ४तर यदि
कुनै विधवाका छोराछोरी र नातानातिनाहरू
छन् भने, तिनीहरूले पहिले व्यावहारिक भई
आफ्ना परिवारको देखरेख गरेर धार्मिक कर्तव्य
पालन गर्दै आफ्ना आमाबाबु र बाजेबज्यैप्रतिको

ऋण चुकाऊन्, किनकि यो परमेश्‍वरको दृष्टिमा
मनपर्दो छ । **५**साँच्चै खाँचोमा परेकी विधवा
जो एक्लै छिन्, परमेश्‍वरमाथि आफ्नो सम्पूर्ण
आशा लगाएर परमेश्‍वरसित सहायता माग्दै
दिनरात प्रार्थनामा लागिरहन्छिन् । **६**तर
सुखविलासमा रहने विधवा त जिउँदै मरेतुल्य
हो । **७**त्यसैले मानिसहरूलाई यी आज्ञाहरू
देऊ, र तिनीहरू दोषरहित होऊन् । **८**यदि
कसैले आफन्तहरूको, खास गरी आफ्नै
परिवारको खाँचो पूरा गर्दैन भने, त्यसले
विश्‍वासलाई तिरष्कार गरेको हुनेछ र त्यो
अविश्‍वासीभन्दा खराब हुन्छ ।

**९**कुनै विधवा साठी वर्ष माथिकी छैनन् र
आफ्नो लोग्नेप्रति विश्‍वासी भई रहेकी थिइन्
भने तिनको नाउँ विधवाको सूचीमा नलगाऊ,
**१०**तर छोराछोरीहरूलाई ठीकसित हुर्काउने,
अतिथि सत्कार गर्ने, सन्तहरूका पाउ धुने,
विपत्तिमा परेकाहरूलाई सहायता दिने र
आफैलाई सबै किसिमका असल कामहरूमा
संलग्न राख्नेको नाउँ मात्र ।

**११**तर तरुणी विधवाहरूका नाउँ त
यस्ता सूचीमा नलगाऊ । किनकि तिनीहरूका
कामवासनाले ख्रीष्टप्रतिको तिनीहरूका समर्पणलाई
जिते भने त, तिनीहरूले विवाह गरिहाल्नेछन् ।
**१२**यसरी तिनीहरूले आफ्ना पहिलेका भाकल
भङ्ग गरेर आफैमाथि इन्साफ ल्याउनेछन् ।
**१३**यसबाहेक, तिनीहरू घर-घर डुल्ने भई अल्छे
हुन सिक्छन् । अल्छे हुने मात्र होइन तर
कुरौटे, अरूको काममा हात हाल्ने र बोल्न
नहुने कुराहरू बोल्ने हुन्छन् । **१४**यसकारण म
तरुणी विधवाहरूलाई विवाह गर्ने, छोराछोरीकी
आमा हुने, आफ्ना घर सम्हाल्ने र विरोधीलाई
आफ्ना बदनामको मौकै नदिने होऊन् भन्ने
सल्लाह दिन्छु । **१५**कति त वास्तवमा फर्कि
गएर शैतानलाई पछ्याउने भएका छन् ।

**१६**यदि कुनै विश्‍वासी स्त्रीको परिवारमा
विधवाहरू छन् भने, मण्डलीमाथि बोझ नबनून्
भनेर तिनीहरूलाई आफैले सहायता दिनुपर्छ र
मण्डलीले साँच्चै खाँचोमा परेका विधवाहरूलाई
सहायता पुऱ्याउन सकोस् ।

**१७**मण्डलीको असल देखरेख गर्ने धर्मगुरुहरू
दोबर आदरका योग्य हुन्छन्, खास गरी तिनीहरू
जो प्रचार गर्ने र शिक्षा दिने काम गर्छन् ।
**१८**किनकि धर्मशास्त्रले भन्छ, "दाइँ गर्ने गोरुको
मुखमा महला नलगाउनू," र "खेताला आफ्नो
ज्यालाको योग्य हुन्छ ।" **१९**दुई वा तीनभन्दा
कम साक्षीहरूले लगाएको धर्मगुरुहरूको विरुद्धका
अभियोग ग्रहण नगर्नू । **२०**पाप गर्नेहरूलाई
खुल्लमखुल्ला हप्काऊ, र यसरी अरूहरूले
चेतावनी पाउन सकून् ।

**२१**तिमीले यी नियमहरू विनापक्षपात र
कसैको पक्ष नलिएर पालन गर्नू भनी परमेश्‍वर,
ख्रीष्ट येशू, अनि पवित्र स्वर्गदूतहरूको
दृष्टिमा, म तिमीलाई कड़ा आज्ञा दिन्छु ।

**२२**हात राख्ने विषयमा हतार नगर्नू,
र अरूको पापमा सहभागी नहोऊ । आफैलाई
शुद्ध राख ।

**२३**तिम्रो पेटको लागि र बरोबर बिरामीको
खातिर पानी मात्र पिउन छोड़ेर अलिकति
दाखमद्य पिउने गर ।

**२४**कति मानिसहरूका पापहरू तिनीहरूको
सामुन्ने राखिएका इन्साफमा पुग्ने गरी प्रत्यक्ष
छन्; अरूहरूका पापहरू त पछि मात्र देखिन्छन् ।
**२५**यस्तै किसिमले, असल कामहरू प्रत्यक्ष छन्,
र जुनहरू छैनन् ती पनि लुक्नसक्दैनन् ।

**६** परमेश्‍वरको नाउँ र हाम्रो शिक्षाको बदनाम
नहोस् भनेर दासत्वको जुवामुनि हुनेहरूका
मालिकहरू आदरका योग्य छन् भनी ठानून् ।
**२**जसका मालिकहरू विश्‍वासी छन् तिनीहरूले
ती मालिकहरू एउटै विश्‍वासमा दाज्यूभाइ
हुन् भनेर अनादर नगरून् । बरु तिनीहरूका
सेवाबाट लाभ उठाउनेहरू विश्‍वासी नै हुन्
अनि तिनीहरू प्रति मायालु छन् भनेर
तिनीहरूको सेवा अझ राम्रो गरी गर्नू । यी
कुराहरू तिमीले तिनीहरूलाई सिकाउनू र आग्रह
गर्नू ।

---

**५:१८**–व्यवस्था २५:४; मत्ती १०:१०; लूका १०:७. **५:१९**–व्यवस्था १७:६; १९:१५.

## रूपियाँ पैसाको प्रेम

**३**यदि कसैले झूटा शिक्षा सिकाउँछ र हाम्रा
प्रभु येशू ख्रीष्ट र भक्तिअनुसारका शिक्षासित
सहमत हुँदैन भने, **४**त्यो घमण्डले फुलिएको
हुन्छ र केही जान्दैन। त्यसले व्यर्थको शब्दहरू
लिएर वादविवाद गरेर झगड़ा गर्न खोज्छ।
जुन कुराहरूले डाह, कलह, बदनाम र खराब
शंकाहरू उत्पन्न गराउँछन्। **५**अनि सत्य
खोसिएका मानिसहरू, जसले भक्तिचाहिँ आर्थिक
लाभको साधन हो भन्छन्, यस्ताहरूले मानिस-
मानिसबीच कचिङ्गल उठाएर मनलाई भ्रष्ट
पार्छन्।

**६**तर सन्तुष्टतासहितको भक्ति नै ठूलो लाभ
हो। **७**किनकि हामीले यस संसारमा नता केही
ल्यायौं, नता यसबाट केही लिएर जानेछौं।
**८**तर यदि हामीसित खाने र लाउने कुराहरू
छन् भने, हामी त्यसैमा सन्तुष्ट रहन सक्नु
पर्छ। **९**जो धनी हुन चाहन्छन् तिनीहरू
परीक्षा र पासो अनि धेरै मूर्ख र हानिकारक
इच्छाहरूमा पर्छन्, जसले मानिसहरूलाई
बरबादी र सर्वनाशमा डुबाउँछन्। **१०**किनकि
रूपियाँ पैसाप्रतिको प्रेम नै सबै खराबीको जड़
हो। कति मानिसहरू, रूपियाँ पैसाप्रति इच्छुक
बनेर, विश्वासबाट तर्किगएकाले धेरै पीड़ाहरूले
तिनीहरू आफै छेड़िएका छन्।

## तिमोथीलाई पावलको आदेश

**११**तर, हे परमेश्वरका मानिस, तिमी त ती
सबै कुराहरूबाट अलग बस, र धार्मिकता,
भक्ति, विश्वास, प्रेम, सहनशीलता र नम्रताको
पछि लाग। **१२**विश्वासको उत्तम लड़न्त
लड़। अनन्त जीवन पक्रिराख। यसैमा तिमीलाई
बोलावट भएको थियो, जब तिमीले धेरै
साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको
असल साक्षी दिएका थियौ। **१३**प्रत्येकलाई जीवन
दिनुहुने परमेश्वरको, अनि पन्तियस पिलातसको
सामुन्ने असल साक्षी दिनुहुने ख्रीष्ट येशूको दृष्टिमा
म तिमीलाई यो आदेश दिन्छु कि, **१४**येशू ख्रीष्ट
देखा नपरून्जेल यस आज्ञालाई विनादाग र
विनादोष सम्हालिराख। **१५**परमेश्वर, राजाहरूका
राजा तथा प्रभुहरूका प्रभु, एकमात्र शासक,
धन्यको हुनुहुन्छ। उहाँले नै आफ्नो समयमा
येशू ख्रीष्टलाई पुनः प्रकट गराउनुहुनेछ। **१६**उहाँ
मात्र अमर हुनुहुन्छ, र उहाँ त्यस ज्योतिमा वास
गर्नुहुन्छ, जसको नजीक कोही जान सक्दैन।
उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न
त देख्न नै सक्छ। उहाँलाई नै सदासर्वदा
आदर र सामर्थ्य होस्। आमेन।

**१७**वर्तमान् संसारमा भएका धनीहरूलाई
घमण्डी नहुनु र आफ्नो आशा अनिश्चित धन-
सम्पत्तिमा होइन, तर हाम्रो उपभोगको निम्ति
प्रत्येक थोक प्रशस्तसित दिनुहुने परमेश्वरमा
लगाओ भनी आज्ञा देऊ। **१८**तिनीहरूलाई असल
गर्नू, असल कामहरूमा धनी हुनू र उदार चित्तले
बाँड़चुँड़ गर्नेहरू हुनू भनी आज्ञा देऊ। **१९**यसरी
तिनीहरूले आउने युगको लागि असल जगको
रूपमा आफ्नै लागि सम्पत्ति थुपार्नेछन् र
तिनीहरूले त्यो अनन्त जीवनको बारेमा
जान्नेछन्।

**२०**तिमोथी, तिमीलाई जे सुम्पिएको छ
त्यसलाई हिफाजत गरिराख। भक्तिहीन गन्थन
र विरोधपूर्ण विचारहरू, जसलाई झूटा किसिमका
ज्ञान भनिन्छ, त्यसबाट अलग बस। **२१**यस्ता
कुराहरूलाई अप्नाएर कति त विश्वासबाट
तर्किगएका छन्।

तिमीसित अनुग्रह रहोस्।

---

**६:१३**–यूहन्ना १८:३७.

# तीतसलाई

## पावलको पत्र

१ पावल, परमेश्वरको दास र येशू
खीष्टको प्रेरितको तर्फबाट, परमेश्वरका
चुनिएकाहरूको विश्वास र भक्तितिर लैजाने
ज्ञानको लागि– २अनन्त जीवनको आशामा
अड़ेको त्यो विश्वास र ज्ञान, जसलाई झूट
नबोल्नुहुने परमेश्वरले सनातनदेखि नै प्रतिज्ञा
गर्नुभएको थियो, ३अनि मलाई हाम्रा मुक्तिदाता
परमेश्वरको आज्ञाद्वारा सुम्पनुभएको प्रचारद्वारा
उहाँले आफ्नो वचनलाई तोक्नुभएको समयमा
प्रकाशमा ल्याउनुभयो ।

४हाम्रा एउटै विश्वासमा मेरो साँचो
छोरो तीतसलाई:

पिता परमेश्वर र हाम्रा मुक्तिदाता प्रभु
येशू खीष्टमा अनुग्रह र शान्ति होस् ।

### क्रेटमा तीतसको कार्य

५मैले तिमीलाई क्रेटमा छाड़ेको कारण
अधूरो कामहरू पूरा गर्न अनि मैले तिमीलाई
अह्राएबमोजिम प्रत्येक शहरमा धर्मगुरु नियुक्त
गर्नलाई हो । ६धर्मगुरु निर्दोष, एउटै पत्नीका
पति, जसका छोराछोरीहरू विश्वास गर्ने होऊन्
अनि वशमा नआउने र अनाज्ञाकारिताको दोष
नलागेका होऊन् । ७बिशपमाथि परमेश्वरको
कामको अभिभारा सुम्पिएको हुनाले तिनी निर्दोष,
अहंकार नगर्ने, चाँड़ै नरिसाउने, मद्यको लत
नबसेका, झगड़ा नगर्ने, बेइमान भई नाफा
नगर्ने हुनुपर्छ । ८बरु तिनी अतिथि सत्कार
गर्ने, असल मनपराउने, आत्मसंयमी, सोझो,
पवित्र र अनुशासित हुनुपर्छ । ९अरूलाई पक्का
शिक्षाले उत्साहित पारून् अनि फटाहाहरूलाई
दोषी ठहराऊन् भनेर तिनलाई सिकाइएका
विश्वासयोग्य शिक्षामा तिनी दृढ़ रहनुपर्छ ।

१०किनकि धेरै मानिसहरू अधीनमा नरहने,
कुरै मात्र गर्ने र छलीहरू हुन्छन्, खासगरी
खतनावालाहरू नै यस्तै हुन्छन् । ११तिनीहरूले
बेइमानीसाथ लाभ उठाउनको लागि सिकाउन
नहुने कुराहरू सिकाईकन सारा परिवारहरूलाई
नष्ट पारिरहेका हुनाले तिनीहरूलाई चूप
गराउनैपर्छ । १२तिनीहरूका अगमवक्ताहरूमध्ये
एक जनाले त यसो पनि भनेका छन्, "क्रेटकाहरू
सधैं झूटा, दुष्ट पशुहरू र अल्छे घिचुवाहरू
हुन् ।" १३यो साक्षी साँचो हो । यसकारण
तिनीहरूलाई जोड़सित हप्काऊ र तिनीहरू
ठीक शिक्षामा चलून्, १४र यहूदी दन्त्यकथाहरूतिर
अथवा सत्यलाई अस्वीकार गर्नेहरूतिर ध्यानै
नदेऊन् । १५शुद्धहरूको लागि, सबै थोकहरू
शुद्ध छन्, तर जो भ्रष्ट छन् र विश्वास गर्दैनन्,
तिनीहरूको लागि त केही पनि शुद्ध छैन ।
वास्तवमा, तिनीहरूका मन र विवेक दुवै भ्रष्ट
भएका छन् । १६तिनीहरूले परमेश्वरलाई
जान्दछौं त भन्छन्, तर आफ्ना कामले
भने अस्वीकार गर्छन् । तिनीहरू घृणित,
अट्टेरी र कुनै असल काम गर्ने योग्यका
छैनन् ।

### विभिन्न झुण्डहरूको निम्ति शिक्षा

२ तिमीले पक्का शिक्षासित मिल्ने कुराहरू
सिकाउनू । २वृद्ध मानिसहरूलाई संयमी,
आदर पाउने योग्यका, आफैलाई अधीनमा
राख्न सक्ने, अनि प्रेम र धीरजमा अनि विश्वासमा
पक्का हुन सिकाउनू ।

३त्यसरी नै, वृद्ध स्त्रीहरू पनि जीवनका
चालहरूमा आदरणीय, निन्दा नगर्ने, बढ़ता
मद्य नपिउने र असल कुरा सिकाउने हुनलाई
सिकाउनू । ४तब तिनीहरूले जवान स्त्रीहरूलाई

---

**१:४**–२ कोरिन्थी ८:२३; गलाती २:३; २ तिमोथी ४:१०. **१:६-९**–१ तिमोथी ३:२-७.

तिनीहरूका पतिहरू र छोराछोरीहरूलाई प्रेम गर्न, **५**आत्मसंयमी र शुद्ध हुन, घरमा व्यस्त रहन, दयालु हुन र आफ्ना पतिहरूको अधीनमा बस्न सिकाउन सक्नेछन्, र परमेश्वरको वचनको निन्दा हुनेछैन ।

**६**त्यसरी नै, जवान मानिसहरूलाई पनि आत्मसंयमी हुन उत्साह देऊ । **७**जे असल छ सो गरेर हरेक कुरामा तिनीहरूलाई उदाहरण देखाइदेऊ । तिम्रो शिक्षामा अखण्डता, गम्भीरता, **८**अनि तिरष्कार गर्न नसकिने पक्का भनाइ देखाइदेऊ, र तिनीहरूले हाम्रो विषयमा केही नराम्रो भन्न नसकेकोले, तिमीलाई विरोध गर्नेहरू शर्ममा परून् ।

**९**कमाराहरूलाई हरेक कुरामा तिनीहरूका मालिकहरूको अधीनमा बस्न, तिनीहरूलाई खुशी राख्न, र जवाफ नलगाउन, **१०**अनि तिनीहरूबाट केही नचोर्न, तर ती कमाराहरूमाथि विश्वास गर्न सकिन्छ भनी देखाउन सिकाउनू र तिनीहरूले हर किसिमले हाम्रा मुक्तिदाता परमेश्वरको शिक्षालाई मनपर्दो बनाऊन् ।

**११**किनकि परमेश्वरको अनुग्रह, जसले मुक्ति दिन्छ, सबै मानिसहरूमा देखापरेको छ । **१२**यसले हामीलाई भक्तिहिनता अनि सांसारिक अभिलाषाहरूलाई अस्वीकार गर्न अनि वर्तमान् समयमा आत्मसंयमी, निर्दोष र भक्तिपूर्ण जीवन जिउन सिकाउँछ । **१३**साथै हामीले त्यो धन्यको आशालाई, अर्थात् हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टलाई प्रतीक्षा गर्दछौं । **१४**उहाँले हामीलाई दुष्टताबाट छुटकारा दिनलाई, अनि जे असल छ सो गर्नलाई तयार रहने उहाँको एक जाति, उहाँकै निम्ति पवित्र बनाइनको लागि आफैलाई दिइहाल्नुभयो ।

**१५**यसकारण, यी कुराहरू नै तिमीले सिकाउनुपर्ने हो । सम्पूर्ण अधिकारसित उत्साह देऊ र हप्काऊ । कसैले तिमीलाई अवहेलना नगरोस् ।

## जे असल छ त्यही गर्नू

**३** शासकहरू अनि अख्तियारवालाहरूको अधीनमा बस्नू, आज्ञाकारी हुनू, जे असल छ सो गर्नू, **२**कसैको बद्नामी नगर्नू, मिलापमा रहनू, विचारशील हुनू र सबै मानिसहरूप्रति नम्रता देखाउनू भनी मानिसहरूलाई सम्झाइदिनू ।

**३**एक समय हामी पनि मूर्ख, अनाज्ञाकारी, अनि सबै किसिमका अभिलाषा र सुख विलासद्वारा ठगिएका र कमारा बनाइएकाहरू थियौं । हामी द्वेष र डाहामा जिउने, घृणा गरिएका र एक अर्कालाई घृणा गर्नेहरू थियौं । **४**तर जब हाम्रा मुक्तिदाता परमेश्वरको दया र प्रेम देखा पर्‍यो, **५**उहाँले हामीले गरेका धार्मिक कामहरूको कारणले होइन, तर उहाँको कृपाको कारणले हामीलाई बचाउनुभयो । उहाँले हामीलाई पुनर्जीवनको स्नान अनि पवित्र आत्माको नवीकरणद्वारा बचाउनुभयो, **६**जुन आत्मालाई उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमा प्रशस्त गरी खन्याउनुभयो, **७**ताकि, उहाँको अनुग्रहद्वारा धर्मी ठहरिएर, अनन्त जीवनको आशा लिएर हामी उत्तराधिकारी बनौं । **८**यो भनाइ विश्वासयोग्य छ । जसले परमेश्वरमा भरोसा राखेका छन् तिनीहरूले जे असल छन् सो गर्नमा ध्यान देऊन् भनी तिमीले यी कुराहरूमा जोड़ दिएको म चाहन्छु । यी कुराहरू हरेकको लागि अति उत्तम र लाभदायक छन् ।

**९**तर मूर्खतापूर्ण विवादास्पद कुराहरू, अनि वंशावलीहरू, अनि व्यवस्थाबारे तर्क बितर्क र झगड़ाहरूबाट अलग बस, किनकि यी हानिकारक र व्यर्थका हुन् । **१०**विभाजन ल्याउने व्यक्तिलाई एकपल्ट चेतावनी देऊ, र फेरि दोस्रोपल्ट पनि देऊ । त्यसपछि, त्यससित तिमीहरूको कुनै सम्बन्ध नहोस् । **११**तिमीलाई यो पक्का होस् कि यस्तो मानिस भ्रष्ट र पापपूर्ण; अनि आफैद्वारा पनि दोषी ठहरिएको हुन्छ ।

---

**२:१४**–भजन १३०:८; प्रस्थान १९:५; व्यवस्था ४:२०; ७:६; १४:२; १ पत्रुस २:९.

**अन्तिम सल्लाहहरू**

**१२**मैले अर्तिमास र टाइकिकसलाई तिमीकहाँ
पठाउनासाथै, तिमी मकहाँ निकोपोलिसमा
आउनलाई सकभर चेष्टा गर, किनकि मैले
त्यहाँ हिउँद बिताउने निश्चय गरेको छु ।
**१३**वकील जेनास र अपोल्लोसलाई यात्रामा
सहायता दिनलाई हर प्रयत्न गर र तिनीहरूलाई
चाहिएको हरेक थोक प्राप्त होस् । **१४**हाम्रा
मानिसहरूलाई दिनहुँका खाँचोहरू पुगोस्
र तिनीहरूका जीवन निष्फल नहोस् भनेर
तिनीहरूले जे असल छन् सो गर्नमा लागिरहून्
भन्ने कुरा सिक्नुपर्छ ।

**१५**मसित भएका हरेकले तिमीलाई अभिवादन
पठाएका छन् । हामीलाई विश्वासमा प्रेम गर्ने
सबैलाई हाम्रो अभिवादन देऊ ।

तिमीहरू सबैसित अनुग्रह रहोस् ।

---

**३:१२**–प्रेरित २०:४; एफिसी ६:२१-२२; कलस्सी ४:७-८; २ तिमोथी ४:१२. **३:१३**–प्रेरित १८:२४; १ कोरिन्थी १६:१२.

# फिलेमोनलाई

## पावलको पत्र

१ख्रीष्ट येशूको कारण कैदी म, पावल, र
हाम्रा भाइ तिमोथीबाट,

हामीहरूका प्रिय मित्र अनि सहकर्मी
फिलेमोनलाई, २हाम्री बहिनी अप्फियालाई, हाम्रा
सङ्गी-सिपाही अर्खिप्पसलाई र तिम्रो घरमा भेट
हुने मण्डलीलाई:

३तिमीहरूलाई हाम्रा परमेश्वर पिता र प्रभु
येशू ख्रीष्टबाट अनुग्रह र शान्ति होस् ।

### धन्यवाद ज्ञापन र प्रार्थना

४जब म तिमीलाई प्रार्थनामा स्मरण गर्दछु,
तब परमेश्वरलाई सधैं धन्यवाद चढाउँछु,
५किनकि म ख्रीष्टमा भएको तिम्रो विश्वास र
सबै सन्तहरूप्रति भएको तिम्रो प्रेमको विषयमा
सुन्दछु । ६ख्रीष्टमा भएका हाम्रो प्रत्येक असल
कुराको विषयमा तिमीलाई पूरा ज्ञान होस् भनेर
तिम्रो विश्वासको बाँड्चुँड्मा तिमी सक्रिय बन
भन्दै म प्रार्थना गर्दछु । ७तिम्रो प्रेमले मलाई
धेरै साहस र उत्साह दिएको छ, साथै हे मेरा
भाइ, तिमीले सन्तहरूका हृदयलाई पनि यही
प्रेमले ताजा बनाएका छौ ।

### ओनेसिमसको निम्ति पावलको प्रार्थना

८यसकारण, तिमीले जे गर्नुपर्ने थियो सो
गर्नू भनी ख्रीष्टमा साहसी भई मैले तिमीलाई
आज्ञा गर्नसक्ने थिएँ, ९तापनि म प्रेमको
आधारमा बिन्ती मात्र गर्दछु । त्यसो भए, म
वृद्ध मानिस पावल– जो अहिले ख्रीष्ट येशूको
कारण कैदी हुँ– १०म तिमीलाई मेरो छोरो
ओनेसिमसको लागि बिन्ती गर्दछु, जो म कैदमा
हुँदा मेरो छोरा भयो । ११अघि त ऊ तिम्रो
लागि बेकम्मा थियो, तर अब त ऊ तिम्रो र
मेरो निम्ति काम लाग्ने भएको छ ।

१२म उसलाई– जो मेरो मुटु नै हो, तिमीकहाँ
फर्काइ पठाउँदैछु । १३म कैदमा हुँदा सुसमाचारको
काममा मलाई सघाउनलाई तिनले तिम्रो स्थान
लिऊन् भनेर म तिनलाई मसित राख्न रुचाउने
थिएँ । १४तर तिमीले देखाएको कुनै पनि कृपा
करमा परेर होइन तर स्वेच्छापूर्वक होस् भनेर
मैले तिम्रो अनुमतिविना केही पनि गर्न
चाहिनँ । १५सायद तिनी केही समयको लागि
तिमीदेखि अलग भएको कारणचाहिँ तिमीले
तिनलाई सधैँको लागि फेरि भेट्टाउनलाई होला ।
१६दासजस्तै गरी त होइन, तर दासभन्दा पनि
अझ बढ़ता, तर एक जना प्रिय भाइजस्तै ।
तिनी मेरो निम्ति अति प्रिय छन्, तर तिम्रो
निम्ति त तिनी एक मानिस अनि ख्रीष्टमा एक
भाइभन्दा पनि अझ प्रिय छन् ।

१७यसकारण यदि तिमीले मलाई एक
हिस्सेदार सम्झन्छौ भने, तिमीले जस्तो मलाई
स्वागत गर्ने थियौ त्यस्तै गरी उनलाई पनि
स्वागत गर । १८यदि त्यसले तिम्रो केही हानि
गरेको छ वा त्यो केही कुरामा तिमीप्रति ऋणी
छ भने, त्यो मेरो हिसाबमा राखिदेऊ । १९म,
पावलले आफ्नै हातले यो लेख्दैछु । त्यो ऋण
म स्वयम् तिरिदिनेछु– यो भनिरहनु नपर्ला कि
तिमी स्वयम् पनि मप्रति ऋणी छौ । २०प्रिय
भाइ, ख्रीष्टमा मलाई तिमीबाट केही फाइदा
होस् भनी म इच्छा गर्छु, ख्रीष्टमा मेरो हृदयलाई
फेरि ताजा पारिदेऊ । २१तिम्रो आज्ञाकारिताको
कारण निश्चिन्त भई, मैले भनेको भन्दा बढी
तिमीले गर्नेछौ भनी जानेर म यो लेख्दैछु ।

२२अनि अझ अर्को कुरा: मेरो निम्ति एउटा
पाहुना कोठा तयार गरिराख, किनकि तिम्रो
प्रार्थनाको उत्तरमा म तिमीकहाँ आइपुग्ने आशा
राखेको छु ।

---

**२**–कलस्सी ४:१७. **१०**–कलस्सी ४:९.

**२३**येशू ख्रीष्टमा मेरा सङ्गी-कैदी इपाफ्रासले
तिमीलाई अभिवादन पठाएका छन् । **२४**अनि
यसरी नै मेरा सहकर्मी मर्कूस, अरिस्तार्खस,
डेमास र लूकाले पनि ।
**२५**प्रभु येशू ख्रीष्टको अनुग्रह तिम्रो
आत्मासित रहोस् ।

---

**२३**–कलस्सी १:७; ४:१२. **२४**–प्रेरित १२:१२,२५; १३:१३; १५:३७-३९; १९:२९; २७:२; कलस्सी ४:१०,१४; २ तिमोथी ४:१०-११.

# हिब्रूहरूका
# निम्ति पत्र

### स्वर्गदूतहरूभन्दा पुत्र महान्

१ बितेका समयमा परमेश्वर हाम्रा पिता
पुर्खाहरूसँग धेरैपल्ट विभिन्न किसिमले
अगमवक्ताहरूद्वारा बोल्नुभयो, २तर यी अन्तिम
दिनहरूमा उहाँले सबै कुराहरूको उत्तराधिकारी
बनाउनुभएको आफ्नो पुत्रद्वारा हामीसित बोल्नुभएको
छ, जुन पुत्रद्वारा उहाँले समस्त विश्व
बनाउनुभयो। ३पुत्रचाहिँ परमेश्वरको महिमाको
चमक अनि उहाँ परमेश्वर स्वयम्कै ठीक
प्रतिबिम्ब हुनुहुन्छ, जसले आफ्नो शक्तिशाली
वचनद्वारा सबै थोकहरू सम्हाल्नुहुन्छ ।
उहाँले पापहरूको लागि शुद्धिकरणको प्रबन्ध
मिलाइसक्नु भएपछि, उहाँ स्वर्गमा महामहिमको
दाहिने हातपट्टि विराजमान् हुनुभयो। ४यसकारण
जसरी उहाँले स्वर्गदूतहरूभन्दा उच्च नाउँ
उत्तराधिकार स्वरूप पाउनुभयो त्यसरी नै उहाँ
तिनीहरूभन्दा उच्च हुनुभयो ।

५परमेश्वरले स्वर्गदूतहरूमध्ये कुनचाहिँलाई
कहिल्यै यसरी भन्नुभयो,

> "तिमी मेरा पुत्र हौ;
> आज म तिम्रो पिता भएको छु" ?

अथवा फेरि,

> "म तिनका पिता हुनेछु,
> र तिनी मेरा पुत्र हुनेछन्" ?

६अनि फेरि, परमेश्वरले आफ्ना प्रथम जन्मेकालाई
संसारमा ल्याउनुहुँदा, उहाँ भन्नुहुन्छ,

> "परमेश्वरका सारा स्वर्गदूतहरूले
> उहाँलाई पुजून् ।"

७स्वर्गदूतहरूका विषयमा उहाँ भन्नुहुन्छ,

> "उहाँले आफ्ना दूतहरूलाई बतास,
> आफ्ना दासहरूलाई आगोको ज्वाला
> बनाउनुहुन्छ ।"

८तर पुत्रको विषयमा उहाँ भन्नुहुन्छ,

> "हे परमेश्वर, तपाईंको सिंहासन त
> सदाको निम्ति रहनेछ,
> र तपाईंको राज्यको राजदण्डचाहिँ
> धार्मिकता हुनेछ ।
> ९ तपाईंले धार्मिकतालाई प्रेम र
> दुष्टतालाई घृणा गर्नुभयो;
> यसकारण परमेश्वर, तपाईंको
> परमेश्वरले तपाईंलाई
> आनन्दको तेलले अभिषेक गरेर तपाईंका
> साथीहरूभन्दा माथि राख्नुभएको छ ।"

१०उहाँ यसो पनि भन्नुहुन्छ,

> "आदिमा, हे परमप्रभु, तपाईंले
> पृथ्वीका जगहरू बसाल्नुभयो,
> र आकाशमण्डल तपाईंका हातका
> काम हुन् ।
> ११ तिनीहरू नष्ट हुनेछन्, तर तपाईं त
> रहिरहनुहुन्छ;
> तिनीहरू वस्त्रझैँ पुराना भइजानेछन् ।
> १२ तपाईंले तिनीहरूलाई वस्त्रलाई झैँ
> लपेट्नुहुनेछ;
> वस्त्रझैँ ती बदली हुनेछन् ।
> तर तपाईं त एकैनास रहनुहुन्छ,
> र तपाईंका वर्षहरूको अन्त्य कहिल्यै
> हुनेछैन ।"

१३स्वर्गदूतहरूमध्ये कुनचाहिँलाई परमेश्वरले
कहिले यसो भन्नुभयो,

> "तिम्रा शत्रुहरूलाई मैले तिम्रा खुट्टाका
> पाउदान नबनाउन्जेल, तिमी मेरो
> दाहिने हातपट्टि बस" ?

---

**१:५**–भजन २:७; २ शमूएल ७:१४; १ इतिहास १७:१३. **१:६**–व्यवस्था ३२:४३. **१:७**–भजन १०४:४.
**१:८-९**–भजन ४५:६-७. **१:१०-१२**–भजन १०२:२५-२७. **१:१३**–भजन ११०:१.

**१४**तसर्थ स्वर्गदूतहरू त मुक्ति पाउनेहरूलाई
सेवा पुऱ्याउनलाई मात्र पठाइएका सेवा गर्ने
आत्माहरू हुन् ।

### ध्यान दिनलाई चेतावनी

**२** यसकारण, हामीले जे सुनेका छौं त्यसबाट
नतर्किऔं भनेर अझ बढ़ी सावधान हौं
भनी हामीले ध्यान दिनुपर्छ । **२**किनकि
स्वर्गदूतहरूले बोलेको सन्देश सत्य थियो,
अनि त्यसको उलङ्घन गर्ने र अनाज्ञाकारी
रहने सबैले उचित दण्ड पाए भने, **३**हामीले
यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी
कसरी उम्कौंला ? यो त्यही मुक्ति थियो, जसलाई
पहिले परमेश्वरले घोषणा गर्नुभयो, र
उहाँलाई सुन्नेहरूले हाम्रा निम्ति सुदृढ़ पारे ।
**४**परमेश्वरले पनि चिन्हहरू, चमत्कारहरू र
धेरै आश्चर्य-कर्महरू अनि उहाँका इच्छाद्वारा
बाँड़िएका पवित्र आत्माका वरदानहरूद्वारा
त्यसलाई पक्का गर्नुभयो ।

### येशू आफ्नै भाइहरूजस्तै बनाइनुभएको

**५**हामीले जुन आउने संसारको विषयमा
कुरा गर्दैछौं, त्यसलाई स्वर्गदूतहरूको अधीनमा
राखिएन । **६**तर धर्मशास्त्रको कुनै एक ठाउँमा
कसैले यसो भन्ने साक्षी दिएका छन्:

"मानिस के हो र तपाईं त्यसको
वास्ता गर्नुहुन्छ ?
अथवा मानिसको पुत्र के हो, र तपाईं
उहाँको फिक्री गर्नुहुन्छ ?
**७** तपाईंले उहाँलाई स्वर्गदूतहरूभन्दा
केही कम दर्जाको बनाउनुभयो;
तपाईंले उहाँलाई महिमा र
आदरको मुकुट पहिराउनुभयो,
**८** अनि हरेक कुरो उहाँको पाउमुनि
राखिदिनुभयो ।"

मानिसको अधीनमा सब थोक राख्नुहुँदा उहाँको
अधीनबाहिर केही रहन दिनुभएन । तर यस
वर्तमान समयमा सब थोक उहाँको अधीनमा
भएको हामी देख्दैनौं । **९**तर येशूलाई हामी
देख्छौं, जसलाई स्वर्गदूतहरूभन्दा केही कम
दर्जाको बनाइएको थियो, अब उहाँलाई महिमा
र आदरको मुकुट लगाइएको छ, किनकि
परमेश्वरको अनुग्रहद्वारा उहाँले हरेकको निम्ति
मृत्यु चाखून् भनी उहाँले मृत्यु सहनुभयो ।
**१०**यो उचित थियो, कि परमेश्वर, जसको
निम्ति र जसद्वारा सबै कुरा अस्तित्वमा छन्,
उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा
तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा
सिद्ध तुल्याउनुभयो । **११**मानिसहरूलाई पवित्र
तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू दुवै
एउटै परिवारबाटका हुन् । यसकारण, येशूले
तिनीहरूलाई भाइहरू भन्न शर्माउनुभएन ।
**१२**उहाँ भन्नुहुन्छ,

"म मेरा भाइहरूलाई तपाईंको नाउँ
घोषणा गर्नेछु;
सभाको उपस्थितिमा म तपाईंको
प्रशंसा गाउनेछु ।"

**१३**अनि फेरि,

"म उहाँमाथि आफ्नो भरोसा राख्नेछु ।"

र उहाँ फेरि भन्नुहुन्छ,

"हेर, म र परमेश्वरले मलाई
दिनुभएका यी छोराछोरीहरू ।"

**१४**छोराछोरीहरूका मासु र रगत भएको
हुनाले, उहाँले पनि तिनीहरूको जस्तै मानव
रूप लिनुभयो ताकि आफ्नो मृत्युद्वारा उहाँले
शैतानलाई नष्ट गरून्, जससित मृत्युको
अख्तियार छ, **१५**र जीवनभरि मृत्युको डर बोकेर
दासत्वको बन्धनमा रहनेहरूलाई मुक्त गरून् ।
**१६**किनकि उहाँले अवश्य नै स्वर्गदूतहरूलाई
होइन, तर अब्राहामका वंशलाई सहायता
दिनुहुन्छ । **१७**यसैकारण उहाँ परमेश्वरको
सेवामा कृपालु अनि विश्वासयोग्य प्रधान
पूजाहारी बनून् र मानिसहरूका पापहरूको

---

**२:६-८**–भजन ८:४-६. **२:१२**–भजन २२:२२. **२:१३**–यशैया ८:१७-१८.

प्रायश्चित होऊन् भनेर उहाँलाई हर किसिमले
आफ्ना भाइहरूझैं हुनुपर्ने थियो । **१८**उहाँ आफै
परीक्षित हुनुहुँदा कष्ट भोग्नुभएकोले, परीक्षामा
पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।

### येशू मोशाभन्दा महान्

**३** यसकारण, स्वर्गीय बोलावटका सहभागी,
पवित्र भाइहरू, हामीले स्वीकार गरेका
येशू, अर्थात् प्रेरित अनि प्रधान पूजाहारीमा,
आफ्ना विचारहरू दृढ़तापूर्वक राख । **२**जसरी
मोशा परमेश्वरको परिवारमा विश्वासयोग्य
थिए, त्यसरी नै उहाँ पनि आफैलाई नियुक्त
गर्नुहुनेप्रति विश्वासयोग्य हुनुहुन्थ्यो । **३**घर
बनाउनेको आदर घरको भन्दा बढ़ी भएझैं
येशू पनि मोशाभन्दा बढ़ी आदरको ठहरिनुभएको
छ । **४**किनकि प्रत्येक घर कसैले बनाएको
हुन्छ, तर परमेश्वर नै हरेक थोकका
निर्माता हुनुहुन्छ । **५**अनि भविष्यमा भनिने
कुराका साक्षीको निम्ति परमेश्वरको सम्पूर्ण
परिवारमा मोशा दासझैं विश्वासयोग्य थिए ।
**६**तर परमेश्वरको सम्पूर्ण परिवारमा ख्रीष्ट त
पुत्रको रूपमा विश्वासयोग्य हुनुहुन्छ । अनि
हामी आफ्नो साहसमा र हामीले घमण्ड
गरेको आशामा अड़िरहचौं भने हामी उहाँका
परिवार हौं ।

### अविश्वासको विरुद्धमा चेतावनी

**७**यसकारण, जसरी पवित्र आत्मा भन्नुहुन्छ:

“आज, तिमीहरूले उहाँको सोर सुन्यौ
भने,
**८** तिमीहरूले उजाड़-स्थानमा भएको
परीक्षाको समयमा
बागी हुँदा गरेजस्तो
आफ्ना हृदयलाई कठोर नपार,
**९** जहाँ तिमीहरूका पुर्खाहरूले मलाई
जाँच र परीक्षा गरेका थिए,
अनि मैले चालीस वर्षसम्म के गरें सो
देखेका थिए ।
**१०** त्यसैकारण, म त्यस पुस्तासित
रिसाएको थिएँ,
अनि मैले भनें, ‘तिनीहरूका हृदय सधैं
बरालिन्छन्,
अनि तिनीहरूले मेरा मार्गहरू जानेका
छैनन् ।’
**११** यसकारण मैले आफ्नो क्रोधमा
शपथ खाएर घोषणा गरें,
‘तिनीहरू कहिल्यै मेरो विश्राममा
पस्नेछैनन् ।’”

**१२**यसकारण भाइहरू, यसमा विचार गर,
कि तिमीहरूसित जीवित परमेश्वरदेखि टाढ़ो
रहने पापपूर्ण र अविश्वासी हृदय नहोस् ।
**१३**तर तिमीहरूमध्ये कोही पनि पापको
छलद्वारा कठोर नबन भनेर “आजको
दिन” छँदा नै एकले अर्कालाई ढाड़स देओ ।
**१४**हामीसित शुरुमा भएको आत्मविश्वासलाई
दृढ़तापूर्वक पक्रिराख्यौं भने, हामी ख्रीष्टका
सहभागी भएका छौं । **१५**जसरी धर्मशास्त्रमा
लेखिएको छ:

“आज, तिमीहरूले उहाँको सोर सुन्यौ
भने,
तिमीहरू बागी भएको बेला गरेझैं
आफ्ना हृदय कठोर नबनाओ ।”

**१६**सुनेर बागी हुने ती को थिए ? के तिनीहरू
ती थिएनन् जसलाई मोशाले मिश्रदेशबाट
डोऱ्याएर निकालेका थिए ? **१७**अनि कोसित
उहाँ चालीस वर्षसम्म रिसाउनुभएको थियो ?
के तिनीहरूसितै होइनन् जसले पाप गरे,
र जसका शरीरहरू मरुभूमिमा नष्ट भए ?
**१८**अनि आज्ञा नमान्नेहरूलाई परमेश्वरले
शपथ खाएर तिमीहरू मेरो विश्राममा पस्नेछैनौ
भनी तिनीहरूलाई भन्नुभएको होइन भने
कसलाई भन्नुभएको थियो ? **१९**यसरी हामी
देख्दछौं कि तिनीहरूका अविश्वासको कारणले
तिनीहरू पस्न सकेनन् ।

---

**३:२**–गन्ती १२:७. **३:७–११**–भजन ९५:७-११. **३:१५**–भजन ९५:७-८. **३:१६–१८**–गन्ती १४:१-३५.

## परमेश्‍वरका जनहरूको लागि विश्राम-दिनको आराम

४ यसकारण, त्यस विश्राममा प्रवेश गर्न पाउने प्रतिज्ञा अझै पनि रहेकोले, तिमीहरूमध्ये कोही पनि वञ्चित नहोओ भनेर हामी होशियार रहौं ।
२किनकि तिनीहरूलाई झैँ हामीलाई पनि सुसमाचार प्रचार गरिएकै छ; तर तिनीहरूले सुनेको सन्देश तिनीहरूलाई लाभदायक भएन, किनकि ती सुन्‍नेहरूले त्यसलाई विश्‍वाससाथ ग्रहण गरेनन् ।
३तर अब हामी जतिले विश्‍वास गर्‍यौं त्यस विश्राममा प्रवेश गरेका छौं, जसरी परमेश्‍वरले भन्‍नुभएको छ,

"यसैले मैले आफ्नो क्रोधमा शपथ खाएको छु,
'तिनीहरू कहिल्यै मेरो विश्राममा पस्नेछैनन् ।'"

तर, उहाँको कामहरू त संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए ।
४किनकि धर्मशास्त्रमा उहाँले सातौं दिनको विषयमा यस्ता शब्दहरूमा भन्‍नुभएको छ: "अनि सातौं दिनमा परमेश्‍वरले आफ्ना सबै कामहरूबाट विश्राम लिनुभयो ।"
५अनि फेरि यसै खण्डमा उहाँ भन्‍नुहुन्छ, "तिनीहरू कहिल्यै मेरो विश्राममा पस्ने छैनन् ।"

६अझै पनि कतिलाई त्यस विश्राममा पस्नु बाँकी नै छ, जसलाई पहिले सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू त पसेनन् किनकि तिनीहरू अनाज्ञाकारी थिए ।
७यसकारण, फेरि परमेश्‍वरले कुनै एउटा दिनलाई "आज" भनेर छुट्याउनुभयो, जब धेरै समयपछि उहाँले अघि भनेझैँ दाऊदद्वारा फेरि भन्‍नुभयो,

"आज, तिमीहरूले उहाँको सोर सुन्यौ भने,
आफ्ना हृदयलाई कठोर नबनाओ ।"

८किनकि यदि यहोशूले तिनीहरूलाई विश्राम दिएका भए, परमेश्‍वरले पछिबाट अर्को दिनको विषयमा भन्‍नुहुने थिएन ।
९यसकारण, परमेश्‍वरका जनहरूको निम्ति विश्राम-दिनको आराम बाँकी नै छ;
१०किनकि जसले परमेश्‍वरको विश्राममा प्रवेश गर्नेछन्, तिनले परमेश्‍वरले झैँ आफ्ना कामबाट विश्राम लिनेछन् ।
११यसकारण, तिनीहरूका अनाज्ञाकारिताको नमूना अप्नाएर कोही पनि नष्ट नहोऊन् तर हामी त्यस विश्राममा पस्नलाई भरसक कोशिश गरौं ।

१२किनकि परमेश्‍वरको वचन जिउँदो, क्रियाशील र कुनै पनि दुईधारे तरवारभन्दा धारिलो हुन्छ, जसले प्राण र आत्मालाई अनि जोर्नी-जोर्नी र हड्डीको मासीलाई समेत भाग भाग गरेर वारपार छेड्दिन्छ; र हृदयका विचार र मनोवृत्तिको इन्साफ गर्छ ।
१३अनि सारा सृष्टिमा भएको कुनै पनि थोक परमेश्‍वरको नजरबाट लुकेको छैन । हामीले आफ्नो हिसाब बुझाउनुपर्नेका आँखामा हरेक थोक खुला र उदाङ्गो छ ।

## येशू महान् प्रधान पूजाहारी

१४यसकारण स्वर्ग छिचोलेर जानुहुने एक जना महान् प्रधान पूजाहारी, परमेश्‍वरको पुत्र येशू हामीसित हुनुभएकोले, हामीले स्वीकार गरेको विश्‍वासलाई दृढतापूर्वक थामिराखौं ।
१५किनकि हामीसित हाम्रा कमजोरीहरूमा सान्त्वना दिन नसक्‍ने प्रधान पूजाहारी होइन, तर हामीसित त यस्ता प्रधान पूजाहारी हुनुहुन्छ जो हामीझैँ हरेक किसिमले परीक्षित हुनुभएर पनि पापरहित हुनुहुन्छ ।
१६यसकारण, हाम्रा खाँचोहरूको समयमा हामीले कृपा र अनुग्रह पाऔं भनेर हामी आत्मविश्‍वाससाथ कृपाको सिंहासनको नजीक जाऔं ।

५ प्रत्येक प्रधान पूजाहारी पापको लागि उपहारहरू र बलिदानहरू चढाउनलाई मानिसहरूमध्येबाटै छानिएर तिनीहरूलाई

---

**४:३**–भजन ९५:११. **४:४**–उत्पत्ति २:२. **४:५**–भजन ९५:११. **४:७**–भजन ९५:७–८.
**४:८**–व्यवस्था ३१:७; यहोशू २२:४. **४:१०**–उत्पत्ति २:२.

परमेश्वर सम्बन्धी कुराहरूमा प्रतिनिधित्व गर्न
नियुक्त भएको हुन्छ । २तिनी आफै पनि
दुर्बलताको अधीनमा भएको हुनाले, तिनले
अन्जान र बरालिएकाहरूसित नम्रतापूर्वक
व्यवहार गर्न सक्छन् । ३यसैकारण तिनले आफ्नै
पापको लागि, र मानिसहरूको पापको लागि
बलिदानहरू चढ़ाउनुपर्छ ।
४अनि कसैले यो सम्मान आफै लिन सक्दैन;
हारूनझैँ तिनलाई पनि परमेश्वरको बोलावट
भएको हुनुपर्छ । ५यसरी ख्रीष्टले पनि प्रधान
पूजाहारी हुने महिमा आफै लिनुभएन । तर
परमेश्वरले भन्नुभयो,

"तिमी मेरा पुत्र हौ;
आज म तिम्रो पिता भएको छु ।"

६अनि अर्को ठाउँमा उहाँ भन्नुहुन्छ,

"मल्कीसेदेकको दर्जाबमोजिम,
तिमी सदाको निम्ति एक प्रधान
पूजाहारी हौ ।"

७येशू यस संसारमा रहनुभएका दिनहरूमा,
उहाँलाई मृत्युदेखि बचाउन सक्नुहुनेलाई
आँसुसित जोड़ले कराईकन उहाँले प्रार्थना
र अन्तरबिन्ती चढ़ाउनुभयो, र उहाँको भक्तिपूर्ण
समर्पणको कारण उहाँको सुनाइ भयो । ८उहाँ
एक पुत्र हुनुभए तापनि, उहाँले कष्ट सहनुभएर
आज्ञाकारिता सिक्नुभयो । ९अनि एकपल्ट
सिद्ध हुनुभएपछि, उहाँको आज्ञा मान्नेहरूको
लागि अनन्त मुक्तिको मुहान हुनुभयो, १०अनि
मल्कीसेदेकको दर्जाबमोजिम प्रधान पूजाहारी
मनोनित हुनुभयो ।

### पतनको विरुद्ध चेतावनी

११यस विषयमा हामीलाई धेरै भन्नु छ, तर
यसलाई वर्णन गर्नु साह्रो छ किनकि तिमीहरू
सिक्नमा ढीला छौ । १२वास्तवमा, तिमीहरू
यस बेलासम्म त शिक्षकहरू भइसक्नुपर्ने थियो,
तर तिमीहरूलाई त कसैले परमेश्वरको वचनका
शुरुका शिक्षाहरू फेरि दोहोऱ्याएर सिकाउन
खाँचो परेको छ । तिमीहरूलाई खँदिलो भोजन
होइन, तर दूधै चाहिन्छ ! १३दूध पिएर बाँच्ने
जोसुकै पनि, बालक भएको हुनाले, धार्मिकता
विषयको शिक्षासित अनभिज्ञ हुन्छ । १४तर
खँदिलो भोजन त हुर्केकाहरूको लागि हुन्छ,
जसले ती लगातार प्रयोग गरेकाले आफैलाई
राम्रो र नराम्रो चिन्ने कुरामा तालीम दिएका
हुन्छन् ।

६ यसकारण, ख्रीष्टसम्बन्धी शुरुका शिक्षाहरू
त्यागेर परिपक्वतातर्फ बढ़ौं । मृत्युतिर
लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको
विश्वासका कुराको जग बसाल्ने कामहरू,
२बप्तिस्माहरूको विषयमा निर्देशन, हात राख्ने
कामहरू, मरेकाहरूको पुनरुत्थान, र अनन्त
इन्साफका कुराहरू मात्र नगरौं । ३परमेश्वरले
अनुमति दिनुभयो भने, हामी यसो गर्नेछौं ।
४जसले एकपल्ट ज्योति पाएर, स्वर्गीय
वरदान चाखे, पवित्र आत्मामा सहभागी भए,
५अनि जसले परमेश्वरको वचनको र आउँदो
युगको शक्तिको स्वाद चाखे, ६र पनि तिनीहरू
पतित भए भनेता, तिनीहरूलाई पश्चात्तापमा
डोऱ्याउनु असम्भव हुन्छ, किनकि तिनीहरूले
त आफ्नै हानिको लागि परमेश्वरको पुत्रलाई
बारम्बार क्रूसमा टाँगेर खुल्लमखुल्ला उहाँको
अपमान गर्छन् ।
७जुन जमिनले आफूमाथि घरीघरी वर्षने
पानी पिएर खनजोत गर्नेहरूका लागि उपयोगी
अन्न उमार्छ, त्यसले परमेश्वरको आशिष्
पाउँछ । ८तर जुन जमिनले सिउँड़ी र
काँढ़ाहरू उमार्छ, त्यो विनाकामको भई
सराप पाउने जोखिममा रहन्छ । अन्त्यमा, त्यो
जलाइन्छ ।
९मित्रहरू, हामीले यसरी बोले पनि, हामी
तिमीहरूको विषयमा त असल कुराहरूबारे
निश्चित छौं– अर्थात् ती कुराहरू जो मुक्तिसँग
सम्बन्धित छन् । १०परमेश्वर अन्यायी हुनुहुन्न;

---

**५:३**–लेवी ९:७. **५:४**–प्रस्थान २८:१. **५:५**–भजन २:७. **५:६**–भजन ११०:४. **५:७**–मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२; लूका २२:३९-४६. **५:१२-१३**–१ कोरिन्थी ३:२. **६:८**–उत्पत्ति ३:१७–१८.

तिमीहरूले परमेश्वरका जनहरूलाई सहायता दियौ र अझ दिइरहने भई उहाँप्रति तिमीहरूको प्रेम देखाएकाले परमेश्वरले तिमीहरूका काम बिर्सनुहुनेछैन । **११**तिमीहरूको आशा पक्का गर्नको लागि तिमीहरू हरेकले त्यस्तै परिश्रम अन्त्यसम्म देखाइरहो भन्ने हामी चाहन्छौं । **१२**हामी तिमीहरू अल्छे भएका चाहन्नौं, तर तिनीहरूको देखासिकी गर्ने होओ जसले विश्वास र धीरजद्वारा प्रतिज्ञा गरिएका थोकहरूको अधिकार पाए ।

## परमेश्वरका प्रतिज्ञाको निश्चयता

**१३**जब परमेश्वरले अब्राहामसित प्रतिज्ञा गर्नुभयो, तब शपथ खानलाई अरू कुनै ठूलो नाउँ नभएकोले, उहाँले आफ्नै नाउँमा शपथ खाएर यसो भन्नुभयो, **१४**“म निश्चय तिमीलाई आशिष् दिएर धेरै सन्तान दिनेछु ।” **१५**अनि यसरी धैर्यसाथ प्रतिक्षा गरे पश्चात् अब्राहामले प्रतिज्ञा गरिएको थोक प्राप्त गरे ।

**१६**मानिसहरूले आफूभन्दा ठूलाहरूको शपथ खान्छन्, अनि भनिएको कुरा पक्का भएर सबै तर्कहरूको अन्त्य हुन्छ । **१७**किनकि परमेश्वरले प्रतिज्ञाका हकदारहरूसित उहाँको बदली नहुने उद्देश्य स्पष्ट गर्न चाहनुभएकोले, उहाँले यसलाई शपथद्वारा नै पक्का गर्नुभयो । **१८**दुईओटा बदली नहुने कुराहरू, जसमा परमेश्वरलाई झूट बोल्न असम्भव छ, हामीलाई दिइएको आशातिर लम्कने धेरै उत्साह मिलोस् भनेर परमेश्वरले हामीलाई त्यसो गर्नुभयो । **१९**हामीलाई यो आशा छ जुनचाहिँ हाम्रो आत्माको लागि एउटा दृढ़ र सुरक्षित लङ्गरजस्तै हो । यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, **२०**जसमा हामीभन्दा पहिले जानुहुने येशू हाम्रा पक्षमा प्रवेश गर्नुभएको छ । उहाँ त मल्कीसेदेकको दर्जाबमोजिम सदासर्वदाको लागि प्रधान पूजाहारी हुनुभएको छ ।

## पूजाहारी मल्कीसेदेक

**७** यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका प्रधान पूजाहारी थिए । तिनले राजाहरूलाई जितेर फर्किरहेका अब्राहामलाई भेटेर आशिष् दिए, **२**अनि अब्राहामले तिनलाई हरेक कुराको दशांश दिए । पहिले, मल्कीसेदेकको नाउँको अर्थ “धार्मिकताका राजा”; अनि, “शालेमका राजा” अर्थात् “शान्तिका राजा” हो । **३**मातापिताविना, वंशावलीविना, शुरु र अन्त्यविना, तिनी परमेश्वरका पुत्रझैं सदाकाल पूजाहारी भइरहनेछन् ।

**४**विचार मात्र गर तिनी कति महान् थिए: कुलपिता अब्राहाम समेतले तिनीलाई लुटका मालबाट दशांश दिए ! **५**अब लेवी वंशबाट भएका पूजाहारीहरूले मात्र मानिसहरूबाट, अर्थात् अब्राहामबाटै आएका आफ्नै भाइहरूबाट, दशांश उठाउन सक्छन् भनी व्यवस्थाले अनुमति दिन्छ । **६**तरै पनि, यी मानिस त, लेवीको कुलबाट नआईकनै प्रतिज्ञाको हकदार अब्राहामबाट दशांश लिएर प्रतिज्ञाहरू पाउनेलाई आशिष् दिए । **७**अनि सानो व्यक्तिले ठूलो व्यक्तिबाट आशिष् पाउँछन् भन्ने कुरामा त कुनै शङ्का छैन । **८**एकातिर दशांश ती मानिसहरूले लिन्छन् जो मरिजान्छन्; तर अर्कोतिर तिनले लिन्छन् जो जीवित घोषित छन् । **९**अनि कसैले यसो पनि भन्नसक्छ, दशांश लिने लेवीले अब्राहमद्वारा दशांश दिए । **१०**किनकि मल्कीसेदेकले अब्राहामलाई भेट्दा लेवी त आफ्नो पुर्खाको शरीरभित्रै थिए ।

## येशू मल्कीसेदेकझैं

**११**यदि लेवीहरूको पूजाहारीपनद्वारा सिद्धता प्राप्त हुने भएता (किनकि यसै आधारमा मानिसहरूलाई व्यवस्था दिइएको थियो), हारूनको दर्जाबमोजिम होइन तर मल्कीसेदेकको दर्जाबमोजिम किन एक जना पूजाहारी आउने आवश्यकता पऱ्यो ? **१२**किनकि पूजाहारी बदली

**६:१४**–उत्पत्ति २२:१६-१७. **६:१९**–लेवी १६:२. **६:१९**–लेवी १६:२. **६:२०**–भजन ११०:४.
**७:१-२**–उत्पत्ति १४:१७-२०. **७:५**–गन्ती १८:२१.

हुँदा, व्यवस्था पनि बदली हुनुपर्छ । **१३**जसको लागि यी कुराहरू भनिए उहाँ त बेग्लै कुलको हुनुहुन्थ्यो, र त्यस कुलबाट कुनैले कहिल्यै वेदीको सेवा गरेन । **१४**किनकि यो त स्पष्ट छ कि हाम्रा प्रभु यहूदाको कुलबाट आउनुभयो, जुन कुलको विषयमा मोशाले पूजाहारी हुने कुरै गरेका छैनन् । **१५**अनि यदि मल्कीसेदेकझैँ अर्को पूजाहारी देखा परे भनेता हामीले जे भन्यौं त्यो त अझ स्पष्ट हुन्छ, **१६**अर्थात् उहाँ जो पुर्खौलीको नियमको आधारमा होइन तर एउटा नष्ट नहुने जीवनको शक्तिको आधारमा पूजाहारी हुनुभयो । **१७**किनकि धर्मशास्त्रमा उहाँको बारेमा यो घोषणा भएको छ:

> "मल्कीसेदेकको दर्जाबमोजिम,
> तिमी सदासर्वदाको लागि एक पूजाहारी
> हौ ।"

**१८**पहिलो नियम कमजोर र काम नलाग्ने भएकोले खारिज गरियो, **१९**(किनकि व्यवस्थाले कुनै थोकलाई सिद्ध तुल्याएन), अनि अझ उत्तम आशा उपस्थित गराइयो, जसद्वारा हामी परमेश्वरको नजीक जान्छौं ।

**२०**अनि यो शपथविना भएन । अरूहरू शपथविनै पूजाहारी भए, **२१**तर उहाँ त शपथसहित पूजाहारी हुनुभयो जब परमेश्वरले उहाँलाई भन्नुभयो:

> "परमप्रभुले शपथ खानुभएको छ
> अनि आफ्नो मन बदल्नुहुनेछैन:
> 'तिमी सदासर्वदाको लागि पूजाहारी
> हौ ।'"

**२२**यस शपथको कारण, येशू आशाको अझ उत्तम जमानी हुनुभयो ।

**२३**अब मृत्युले तिनीहरूलाई काम गरिरहन नदिएकोले, धेरै पूजाहारीहरू भएर आए; **२४**तर येशू त सधैँ बाँचिरहनुहुने हुनाले, उहाँको पूजाहारीपन त अनन्तको लागि नै छ । **२५**यसकारण जति जना उहाँद्वारा परमेश्वरमा आउँछन् तिनीहरूलाई सदा सर्वदा पूर्णतया बचाउन सक्नुहुन्छ, किनकि तिनीहरूको मध्यस्थता गर्न उहाँ सधैँ जिउनुहुन्छ ।

**२६**यस्ता प्रधान पूजाहारीले नै हाम्रा खाँचोहरू पूरा गर्नुहुन्छ– जो पवित्र, दोषरहित, शुद्ध, पापीहरूबाट अलग गरिएका, स्वर्गहरूभन्दा माथि उच्च पारिनुभएको छ । **२७**अरू पूजाहारीहरूलाई जस्तो पहिले आफ्नै पापहरूको लागि, अनि मानिसहरूका पापहरूको लागि, दिनहुँ बलिदान चढ़ाइरहने आवश्यकता उहाँलाई पर्दैन । उहाँले त आफैलाई दिइहाल्नुहुँदा तिनीहरूको पापको लागि एकैपल्ट बलिदान दिइहाल्नुभयो । **२८**किनकि व्यवस्थाले कमजोर मानिसहरूलाई प्रधान पूजाहारी नियुक्त गर्छ; तर व्यवस्थापछि आएको शपथले त पुत्रलाई नियुक्त गऱ्यो, जो सदासर्वदाको लागि सिद्ध तुल्याइनुभएको छ ।

### नयाँ करारका प्रधान पूजाहारी

**८** हामीले भन्न चाहेको कुरो यही हो: हामीसित यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महामहिमाको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ, **२**अनि जसले मानिसले बनाएको होइन, तर प्रभुले नै खड़ा गर्नुभएको साँचो पवित्र वासस्थानमा सेवा गर्नुहुन्छ ।

**३**हरेक प्रधान पूजाहारी भेटी र बलिदानहरू चढ़ाउनको लागि नियुक्त भएको हुन्छ, र यस पूजाहारीलाई पनि केही चढ़ाउनु नै पर्दछ । **४**यदि उहाँ संसारमा हुनुहुँदो हो त, उहाँ पूजाहारी हुनुहुने थिएन, किनकि व्यवस्थाले तोकिदिएअनुसार भेटी चढ़ाउनलाई त मानिसहरू छँदैछन् । **५**तिनीहरूले एउटा पवित्रस्थानमा सेवा गर्छन् जुनचाहिँ स्वर्गमा भएका कुराको नकल र छाया मात्र हुन् । यसैकारण मोशाले पवित्र वासस्थान बनाउन लाग्दा तिनलाई यसरी चेतावनी दिइएको थियो: "तिमीलाई पर्वतमा देखाइएको नमूनाअनुसार हरेक कुरा बनाउने विषयमा ध्यान दिनू ।" **६**तर जुन करारको मध्यस्थ उहाँ हुनुहुन्छ त्यो करार पुरानो करारभन्दा उच्च दर्जाको भएझैँ येशूले पाउनुभएको सेवा

**७:१७**–भजन ११०:४. **७:२१**–भजन ११०:४. **७:२७**–लेवी ९:७. **८:१**–भजन ११०:१. **८:५**–प्रस्थान २५:४०.

पनि तिनीहरूको भन्दा उच्च दर्जाको छ, र यो
त अझ उत्तम प्रतिज्ञामा बसालिएको छ ।
७किनकि यदि त्यस पहिलो करारमा केही
भूल नभएको भएता, अर्को करारको लागि कुनै
ठाउँको खाँचो हुने थिएन । ८तर परमेश्वरले
मानिसहरूमा दोष भेटेर भन्नुभयो:

“त्यो समय आउँदैछ, परमप्रभु भन्नुहुन्छ,
जब म इस्राएलको अनि यहूदाको
घरानासित नयाँ करार बाँध्नेछु ।
९ यो त्यस करार जस्तो हुनेछैन जुन
मैले तिनीहरूका पुर्खाहरूसित बाँधें
जब मैले तिनीहरूलाई हात समातेर
मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ,
किनकि तिनीहरू मेरा करारप्रति
विश्वासयोग्य भएनन्,
अनि म तिनीहरूदेखि विमुख भएँ,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१० म इस्राएलको घरानासित यसपछि
यो करार बाँध्नेछु भनी परमप्रभु
घोषणा गर्नुहुन्छ ।
म आफ्नो व्यवस्था तिनीहरूको मनमा
हालिदिनेछु,
र ती तिनीहरूका हृदयमा लेखिदिनेछु ।
म तिनीहरूका परमेश्वर हुनेछु,
र तिनीहरू मेरा मानिसहरू हुनेछन् ।
११ अनि कुनै मानिसले आफ्नो छिमेकीलाई
अथवा कुनै मानिसले आफ्नो भाइलाई
‘परमप्रभुलाई चिन’ भनी सिकाउनेछैन,
किनकि सानादेखि लिएर ठूलासम्मै
सबैले मलाई चिन्नेछन् ।
१२ किनकि म तिनीहरूका दुष्टता क्षमा
गरिदिनेछु
र तिनीहरूका पाप फेरि स्मरण
गर्नेछैनँ ।”

१३यस करारलाई “नयाँ” भनीकन उहाँले
पहिलोलाई चाहिँ पुरानो तुल्याउनुभयो; अनि
जुन पुरानो र थोत्रो हुँदै जाँदैछ त्यो हराउँदै
जानेछ ।

## सांसारिक पवित्र वासस्थानमा आराधना

९ अब पहिलो करारमा आराधनाका धार्मिक
नियम र आराधना गर्ने सांसारिक पवित्रस्थान
पनि थिए । २यसको पहिलो कोठालाई
पवित्रस्थान भनिन्थ्यो जसमा सामदान, टेबुल
र भेटीका रोटीहरू थिए । ३दोस्रो पर्दाको पछिल्तिर
एउटा कोठा थियो । जसलाई महा-पवित्रस्थान
भनिन्थ्यो, ४जसमा सुनको धुपौरो र सुनले
मोहोरिएको करारको सन्दूक थियो । यस
सन्दूकमा मन्न राखिएको सुनको भाँड़ो,
कोपिला लागेको हारूनको लौरो र करारका
शिलापाटीहरू थिए । ५सन्दूकमाथि कृपा
आसनमा छाया पारिरहेका महिमाका करूबहरू
थिए । तर यी कुराहरू हामी अहिले विस्तार
पूर्वक व्याख्या गर्न सक्दैनौं ।
६यसरी हरेक थोक मिलाइएपछि,
पूजाहारीहरू आफ्ना सेवा गर्नलाई नियमितरूपले
बाहिरी कोठामा प्रवेश गर्थे । ७तर भित्री कोठामा
त प्रधान पूजाहारी मात्र खालि वर्षमा एकपल्ट,
त्यही पनि रगतविना होइन, अनि जुनचाहिँ
तिनले आफ्नै लागि र मानिसहरूले अज्ञानतामा
गरेका पापहरूको निम्ति चढ़ाउनलाई जान्थे ।
८यसबाट पवित्र आत्माले यो देखाइरहनुभएको
थियो कि पहिलो पवित्र वासस्थान छउन्जेल
महा-पवित्रस्थानमा जाने बाटो बताइएको
थिएन । ९अहिलेको समयको लागि यो
एउटा दृष्टान्त हो, जसले यो बताउँछ कि
चढ़ाइएका भेटी र बलिदानहरूले आराधना
गर्नेको विवेकलाई शुद्ध गर्न सक्दैनन् ।
१०ती त सुधारको समय नआउन्जेलसम्मको
लागि खालि खाने र पिउने अनि विभिन्न
विधिका स्नानहरूका बाहिरी नियम मात्र हुन् ।

**८:८**–यर्मिया ३१:३१-३४. **९:२**–प्रस्थान २६:१-३०; २५:२३-३०; ३१-४०. **९:३**–प्रस्थान २६:३१-३३.
**९:४**–प्रस्थान ३०:१-६; २५:१०-१६; १६:३३; गन्ती १७:८-१०; प्रस्थान २५:१६; व्यवस्था १०:३-५.
**९:५**–प्रस्थान २५:१८:२२. **९:६**–गन्ती १८:२-६. **९:७**–लेवी १६:२-३४.

## ख्रीष्टको रगत

११यहाँ भइरहेका असल कुराहरूको प्रधान
पूजाहारीको रूपमा जब ख्रीष्ट आउनुभयो, उहाँ
अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो
जुनचाहिँ मानिसले बनाएको होइन, अर्थात्,
जुन यो सृष्टिको भाग होइन । १२उहाँ बोका र
बाछाहरूको रगत लिएर प्रवेश गर्नुभएन; तर
अनन्त उद्धार प्राप्त गरेर आफ्नै रगत लिएर
सधैँको लागि एकैपल्ट महा-पवित्रस्थानमा प्रवेश
गर्नुभयो । १३बोका र साढ़ेहरूको रगत र
कोरलीको खरानी अशुद्ध मानिसहरूमा छर्कंदा
तिनीहरू बाहिरीरूपमा शुद्ध हुन्छन् । १४अनन्त
आत्माद्वारा आफैलाई परमेश्वरमा निष्खोट अर्पण
गर्नुहुने ख्रीष्टको रगतले त मृत्युमा लैजाने पाप
कर्महरूदेखि हामीले जीवित परमेश्वरको सेवा
गर्नसकौं भनी हाम्रा विवेकलाई झन् कति बढ़ी
शुद्ध पार्ला !

१५यसकारण जो बोलाइएका छन् तिनीहरूले
अनन्तको पैतृक अधिकार पाऊन् भनेर नै
ख्रीष्ट नयाँ करारका मध्यस्थ हुनुहुन्छ । अब त
मानिसहरूले पहिलो करार अन्तर्गत गरिएका
पापहरूबाट छुटकारा पाऊन् भनेर उहाँ
छुटकाराको मोल भई मर्नुभएको छ ।

१६इच्छापत्रको विषयमा त, यसलाई बनाउनेको
मृत्यु प्रमाणित भएको हुनुपर्छ, १७किनकि कोही
मरेपछि मात्र इच्छापत्र प्रयोगमा आउँछ; यसलाई
बनाउने जिउँदो रहुन्जेल त्यो कहिले पनि
प्रयोगमा आउँदैन । १८यसैकारण, पहिलो करार
पनि रगतविना पक्का भएको थिएन । १९जब
मोशाले सबै मानिसहरूलाई व्यवस्थाको हरेक
आज्ञा घोषणा गरिसके, तिनले पानी, रातो
ऊन र हिसपका हाँगाहरूसित बाछाहरूको
रगत लिए, अनि व्यवस्थाको पुस्तक र सबै
मानिसहरूमाथि छर्के । २०तिनले भने, "यो
करारको रगत हो, जुनचाहिँ परमेश्वरले
तिमीहरूलाई पालन गर्नु भनेर आज्ञा दिनुभयो ।"
२१यसै प्रकारले तिनले पवित्र वासस्थान र
विधिहरूमा प्रयोग गरिने हरेक थोकमा रगत
छर्के । २२वास्तवमा, व्यवस्थाअनुसार त प्राय:
हरेक थोक नै रगतद्वारा शुद्ध गरिनुपर्छ, अनि
रगत नबगाई पाप क्षमा नै छैन ।

२३तब स्वर्गीय चीजहरूका नक्कलहरूलाई
यी बलिदानहरूले शुद्ध हुनु खाँचो परेको
थियो भने स्वर्गकै कुरालाई शुद्ध पार्न त
अझ उत्तम बलिको आवश्यकता पऱ्यो ।
२४किनकि ख्रीष्ट साँचो वासस्थानको नक्कल
अर्थात् मानिसद्वारा बनिएको वासस्थानभित्र
होइन; तर स्वर्गमा बस्नुभयो । अब हाम्रो लागि
परमेश्वरको उपस्थितिमा देखा पर्नुहुनेछ ।
२५वर्षैपिच्छे प्रधान पूजाहारी अरूको रगत
लिएर महा-पवित्रस्थानभित्र प्रवेश गरेजस्तै उहाँ
बारम्बार स्वर्गमा पस्नुभएन । २६त्यसो भएको
भए त ख्रीष्टले संसारको सृष्टिदेखि नै धेरैपल्ट
कष्ट भोग्नुपर्ने थियो । तर अब उहाँ आफ्नै
बलिदानद्वारा पाप हरण गर्नलाई युगको अन्तमा
एकैचोट्टि देखा पर्नुभएको छ । २७जसरी मानिसको
निम्ति एकपल्ट मर्नु निश्चित छ, र त्यसपछि
इन्साफको सामना गर्नु, २८त्यसरी नै ख्रीष्ट
पनि धेरैको पाप उठाइलैजान एकपल्ट बलिदान
हुनुभयो; अनि अब पाप बोक्न होइन, तर उहाँलाई
प्रतीक्षा गरिरहनेहरूलाई मुक्ति ल्याउनलाई
दोस्रोपल्ट देखा पर्नुहुनेछ ।

## ख्रीष्टको बलिदान सधैँको निम्ति

१० व्यवस्था आफै वास्तविकता होइन तर
आउने असल कुराहरूको छाया मात्र
हो । यसकारणले यसले एकै किसिमको बलिदान
अन्त्य नहुने गरी वर्षैपिच्छे दोहोऱ्याएकोले
आराधनामा आउनेहरूलाई पापदेखि सिद्ध तुल्याउन
सक्दैन । २यदि सक्ने भएता, ती चढ़ाइन रोकिने
थिएनन् र ? किनकि आराधना गर्नेहरू सधैँको
निम्ति पापदेखि शुद्ध भइसक्ने थिए, र फेरि
कहिल्यै तिनीहरूका पापहरूको लागि दोषी
ठहरिने थिएनन् । ३तर ती बलिदानहरू त पापका

---

**९:१३**–लेवी १६:१५-१६; गन्ती १९:९; १७:१९. **९:१९–२०**–प्रस्थान २४:६-८. **९:२१**–लेवी ८:१५.
**९:२२**–लेवी १७:११. **९:२८**–यशैया ५३:१२.

वार्षिक सम्झना मात्र हुन्, ४किनकि बोकाहरू
र साँढ़ेहरूको रगतले पाप मेटाउन असम्भव
छ ।

५यसकारण, संसारमा आउनुहुँदा ख्रीष्टले
भन्नुभयो:

"बलिदान र भेटी तपाईंले रुचाउनु भएन,
तर तपाईंले मेरो निम्ति एउटा शरीर
तयार पारिदिनुभयो;
६ होमबलिहरू र पापबलिहरूमा तपाईं
प्रसन्न हुनुभएन ।
७ तब मैले भनें, 'म यहाँ छु, यो कुरा
पुस्तकको मुट्ठामा लेखिएको छ–
हे परमेश्वर, म तपाईंको इच्छा पूरा
गर्न आएको छु ।'"

८पहिला उहाँले भन्नुभयो, "बलिदानहरू र
भेटीहरू, होमबलिहरू र पापबलिहरू तपाईंले
रुचाउनु भएन, नता तपाईं तिनीहरूदेखि प्रसन्न
हुनुभयो" (यद्यपि व्यवस्थाले त ती गरिऊन् भनी
चाहन्छ) । ९तब उहाँले भन्नुभयो, "म यहाँ छु,
म तपाईंकै इच्छा पूरा गर्न आएको छु ।"
पहिलोलाई खारिज गर्न उहाँले दोस्रोलाई स्थापित
गर्नुभयो । १०अनि त्यही इच्छाद्वारा, येशू ख्रीष्टको
शरीरको बलिदानबाट हामी सधैंको निम्ति
पापबाट पवित्र बनाइएका छौं ।

११अनि हरेक पूजाहारीले दिनदिनै उभिएर
आफ्नो धार्मिक कर्तव्यहरू गर्छन्, घरिघरि
तिनले एकै किसिमका बलिदानहरू चढ़ाउँछन्,
जसले कहिल्यै पाप उठाइलैजान सक्दैनन् ।
१२तर जब यस पूजाहारीले सधैंको लागि पापहरूको
बलिदान चढ़ाउनुभयो, उहाँ परमेश्वरको दाहिने
हातपट्टि बस्नुभयो । १३त्यस बेलादेखि नै
आफ्ना शत्रुहरूलाई आफ्ना पाउदान बनिऊन्
भनेर उहाँ पर्खनुहुन्छ, १४किनकि जो पवित्र
तुल्याइँदैछन् उहाँले तिनीहरूलाई एउटै
बलिदानले सदाको निम्ति सिद्ध पार्नुभएको छ ।

१५यस विषयमा पवित्र आत्माले पनि साक्षी
दिनुहुन्छ । पहिले उहाँ भन्नुहुन्छ:

१६ "म त्यसपछि तिनीहरूसित जुन करार
बाँध्नेछु त्यो यही हो,
परमप्रभु भन्नुहुन्छ,
म आफ्ना व्यवस्था तिनीहरूको
हृदयमा राखिदिनेछु,
र म ती तिनीहरूका मनमा लेखिदिनेछु ।"

१७तब उहाँ फेरि भन्नुहुन्छ:

"म तिनीहरूका पाप र अधर्महरू
कहिल्यै सम्झनेछैनँ ।"

१८अनि जब यी क्षमा गरिएका हुन्छन्,
पापहरूको लागि कुनै बलिदान हुनेछैन ।

## प्रयत्न गर्ने आह्वान

१९यसकारण, भाइ हो, हामीलाई येशूको
रगतद्वारा महा-पवित्रस्थानभित्र पस्ने आत्मविश्वास
भएको छ, २०जुनचाहिँ पर्दा अर्थात् उहाँको
शरीरबाट भएर एउटा नयाँ र जीवित मार्ग हाम्रो
निम्ति खोलिएकोले गर्दा हो । २१परमेश्वरको
परिवारमा हामीसित एक जना प्रधान पूजाहारी
हुनुभएकोले, २२हामी आफ्ना दोषी विवेक
शुद्ध हुनको लागि छर्किएको भई अनि हाम्रा
शरीरहरू शुद्ध जलले धोइएका भई विश्वासको
निश्चयताले भरिएका निश्छल हृदयहरू लिएर
हामी परमेश्वरको नजीक जाऔं । २३प्रतिज्ञा
गर्नुहुने विश्वासयोग्य हुनुभएको हुनाले हामीले
अप्नाएको आशालाई दृढ़तासाथ पक्रिराखौं ।
२४अनि एउटाले अर्कोलाई प्रेम र असल कामको
निम्ति उत्साहित गराउने कुरामा विचार गरौं ।
२५सङ्गतिमा नजाने कति जनाको बानी हुन्छ,
तर हामीचाहिँ सङ्गतिमा एकसाथ भेला हुन
नछोडौं । तर प्रभुको दिन नजीक आइरहेकोले
हामी एउटाले अर्कोलाई साहस दिऔं ।

२६सत्यको ज्ञान पाएपछि यदि हामी
इच्छापूर्वक पाप गरिबस्छौं भनेता, पापहरूको
लागि कुनै बलिदान रहनेछैन, २७तर परमेश्वरका

---

**१०:५-७**– भजन ४०:६-८. **१०:११**–प्रस्थान २९:३८. **१०:१२-१३**–भजन ११०-१. **१०:१६**–यर्मिया ३१:३३.
**१०:१७**–यर्मिया ३१:३४. **१०:२२**–लेवी ८:३०; इजकिएल ३६:२५. **१०:२७**–यशैया २६:११.

शत्रुहरूलाई भष्म पार्ने आगो र डरलाग्दो
इन्साफको प्रतीक्षा मात्र रहनेछ । **२८**मोशाको
व्यवस्था लत्याउने जोसुकै पनि दया नपाई
दुई वा तीन साक्षीको गवाहीद्वारा मरे ।
**२९**त्यसो भए परमेश्वरको पुत्रलाई खुट्टामुनि
कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको
रगतलाई अपवित्र वस्तु ठान्ने, र अनुग्रहको
आत्मालाई अपमानित गर्नेको सजाय त झन्
कस्तो साह्रो होला ? **३०**तर यसो भन्नुहुने
परमेश्वरलाई हामी चिन्छौं, "बदला म लिनेछु;
प्रतिफल म दिनेछु," अनि फेरि "परमेश्वरले
आफ्ना जातिको इन्साफ गर्नुहुनेछ ।" **३१**जिउँदो
परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो ।

**३२**अघिका ती दिनहरूलाई सम्झ, जब
तिमीहरूले ज्योति पाएपछि कसरी कष्टहरूबीचको
संघर्षमा स्थिर रहेका थियौ । **३३**कोही बेला
तिमीहरूलाई खुल्लमखुल्ला अपमान गरेका
र सताएका थिए; अरू बेलाचाहिँ तिमीहरू त्यस्ता
व्यवहार पाउनेहरूको साथमा काँधमा काँध
मिलाएर उभिएका थियौ । **३४**कैदमा हुनेहरूलाई
तिमीहरूले सहानुभूति दर्शाएका थियौ अनि
आफ्ना सम्पत्ति खुशीसाथ लुटिन दिएका थियौ,
किनकि तिमीहरूसित अझ उत्तम र स्थायी
सम्पत्ति छन् भनी तिमीहरूले जानेका थियौ ।

**३५**यसकारण आफ्नो आत्मविश्वास नफाल;
जसमा ठूलो इनामको प्रतिफल छ । **३६**तिमीहरूले
परमेश्वरको इच्छा पूरा गरिसकेपछि तिमीहरूले
प्रतिज्ञा गरिएको थोक पाउन सक भनेर
तिमीहरूलाई स्थिर भइरहनु खाँचो छ ।
**३७**किनकि धर्मशास्त्रमा लेखिएको छ,

> "उहाँ जो आउनुहुनेछ, विलम्ब
> गर्नुहुन्न ।
> **३८** तर मेरो धार्मिक जन त विश्वासले
> जिउँछ ।
> अनि ऊ पछि हट्छ भनेता,
> म ऊसित प्रसन्न हुनेछैनँ ।"

**३९**तर हामी त पछि हट्ने र नष्ट हुनेमध्येका
होइनौं, तर विश्वास गर्ने र बाँच्नेहरूमध्येका
हौं ।

### विश्वासद्वारा

**११** अब विश्वासचाहिँ हामीले गरेको आशाको
निश्चयता र हामीले नदेखेका कुराको
दृढ़ भरोसा हो । **२**यसैको लागि प्राचीनकालका
मानिसहरूको प्रशंसा भएको थियो ।

**३**विश्वासैद्वारा हामी बुझ्दछौं कि परमेश्वरको
आज्ञाले विश्व बनियो, र देखिने कुराहरू नदेखिने
थोकहरूबाट बनिए ।

**४**विश्वासैबाट हाबिलले परमेश्वरलाई कयिनले
भन्दा उत्तम बलिदान चढ़ाए । परमेश्वरले
तिनको भेटीको विषयमा असल कुरा भन्नुहुँदा
विश्वासैबाट तिनले धार्मिक मानिस हुन् भन्ने
प्रशंसा पाए । तिनी मरिगए, तापनि तिनी
विश्वासैद्वारा अझ बोलिरहेका छन् ।

**५**विश्वासैद्वारा हनोक मृत्यु नचाखी उठाइए,
अनि तिनी फेला परेनन्, किनकि परमेश्वरले
नै तिनलाई उठाइलैजानुभयो । किनकि तिनी
उठाइनुअघि नै, तिनले परमेश्वरलाई खुशी
पार्ने व्यक्तिको रूपमा प्रशंसा पाएका थिए ।
**६**अनि विनाविश्वास परमेश्वरलाई खुशी पार्न
असम्भव छ, किनकि उहाँकहाँ जो आउँछन्
तिनले उहाँ हुनुहुन्छ अनि उहाँलाई खोज्नेहरूलाई
इनाम दिनुहुन्छ भनी विश्वास गर्नुपर्छ ।

**७**विश्वासैद्वारा नूहले नदेखेका कुराहरूको
विषयमा चेतावनी पाउँदा आफ्नो परिवारलाई
बचाउनको लागि पवित्र डरमा एउटा
जहाज बनाए । विश्वासैद्वारा तिनले संसारलाई
दोषी ठहराए र विश्वासद्वारा धार्मिकताका
उत्तराधिकारी भए ।

**८**विश्वासैद्वारा अब्राहामले पनि पछि पाउने
ठाउँको प्रतिज्ञा पाएर आज्ञा पालन गरे र तिनी
कहाँ जानुपर्ने हो सो पनि नजानी गए ।

---

**१०:२८**–व्यवस्था १७:६; १९:१५. **१०:२९**–प्रस्थान २४:८. **१०:३०**–व्यवस्था ३२:३५-३६.
**१०:३७-३८**–हबकूक २:३-४. **११:३**–उत्पत्ति १:१; भजन ३३:६,९; यूहन्ना १:३. **११:४**–उत्पत्ति ४:३-१०.
**११:५**–उत्पत्ति ५:२१-२४. **११:७**–उत्पत्ति ६:१३-२२. **११:८**–उत्पत्ति १२:१-५.

**९**विश्वासैद्वारा अर्को देशमा परदेशीझैं भएर
तिनी प्रतिज्ञाको देशमा रहे, जसरी त्यही
प्रतिज्ञा पाएर अब्राहामसितै उत्तराधिकारी भएका
इसहाक र याकूबझैं तिनी तम्बूमा बसे ।
**१०**किनकि तिनले त स्थाई जग भएको शहरलाई
हेरिरहेका थिए, जसको शिल्पकार र निर्माता
परमेश्वर नै हुनुहुन्छ ।

**११**विश्वासैद्वारा, अब्राहाम वृद्ध अनि सारा
बाँझी भए तापनि तिनी पिता हुनसके
किनकि प्रतिज्ञा दिनुहुने विश्वासयोग्य हुनुहुन्छ
भनी तिनले विचार गरे । **१२**यसैकारण तिनी
मरेका तुल्य भए तापनि, तिनीबाट आकाशका
अनगिन्ती ताराहरू र समुद्रका किनारका
बालुवाझैं असङ्ख्य सन्तान भए ।

**१३**यी सबै मानिसहरू मृत्युसम्म विश्वासैमा
बाँचेका थिए । तिनीहरूले प्रतिज्ञा गरिएका
कुराहरू पाएनन् तर टाढ़ैबाट देखे र स्वागत
गरे । तिनीहरू यस संसारमा बिराना र
परदेशी हुन् भनी तिनीहरूले मानिलिए ।
**१४**यस्ता कुराहरू गर्ने मानिसहरूले आफ्नै
देशको प्रतीक्षा गरिरहेका देखाउँछन् । **१५**यदि
तिनीहरूले आफूले छाड़ेर आएको देश नै
सम्झिरहेको भए, तिनीहरूलाई फर्किजाने मौका
मिल्ने थियो । **१६**यसको सट्टामा, तिनीहरूले त
अझ उत्तम देश अर्थात् स्वर्गीय देशको
प्रतीक्षा गरिरहेका थिए । यसकारण परमेश्वर
तिनीहरूका परमेश्वर हुँ भन्न शर्माउनुभएन,
किनकि उहाँले तिनीहरूको निम्ति एउटा शहर
तयार गरिदिनुभएको छ ।

**१७**विश्वासैद्वारा, अब्राहामले परमेश्वरद्वारा
जाँच हुँदा, इसहाकलाई बलिदानको रूपमा
दिइहाले । तिनी, जसले प्रतिज्ञा पाएका थिए,
आफ्नो एउटै पुत्रलाई बलिदान चढ़ाउन तयार
भएका थिए, **१८**यद्यपि परमेश्वरले तिनलाई
भन्नुभएको थियो, "इसहाकमा नै तेरो सन्तानको
नाउँ रहनेछ ।" **१९**परमेश्वरले मरेकाहरूलाई
पनि फेरि जीवित पार्न सक्नुहुन्छ भनी अब्राहामले
सोचेका थिए, र दृष्टान्तको रूपमा, इसहाकलाई
मृत्युबाट फिर्ता पाए ।

**२०**विश्वासैद्वारा इसहाकले याकूब र एसावलाई
तिनीहरूको भविष्यबारे आशिष् दिए ।

**२१**विश्वासैद्वारा याकूबले, आफू मर्ने बेलामा,
यूसुफका हरेक छोरालाई आशीर्वाद दिए अनि
आफ्नो लौरोमा अड़ेस लागेर आराधना गरे ।

**२२**विश्वासैद्वारा यूसुफले पनि, आफ्नो अन्त्य
नजीक आइपुग्दा इस्राएलीहरू मिश्रदेशबाट
निस्केर आएका कुरा गरे र आफ्ना हाड़हरूको
विषयमा निर्देशन दिए ।

**२३**विश्वासैद्वारा मोशाका आमाबाबुले तिनी
जन्मेपछि तीन महीनासम्म लुकाइ राखे, किनकि
तिनीहरूले तिनी कुनै साधारण बालक होइनन्
भनी देखे, अनि तिनीहरूले राजाको हुकुमदेखि
डर मानेनन् ।

**२४**विश्वासैद्वारा मोशाले, जवान भएपछि
फिरऊनकी छोरीको छोरा हुन अस्वीकार गरे ।
**२५**पापको सुख केही समयसम्म भोग्नुभन्दा
तिनले परमेश्वरका जनहरूसित थिचोमिचोमा
पर्न रोजे । **२६**मिश्रदेशको धन-दौलतभन्दा
ख्रीष्टको निम्ति निन्दित हुन तिनले बढ़ता
मूल्यको सम्झे, किनकि तिनले त आफ्नो दृष्टि
प्रतिफलतिर लगाएका थिए । **२७**विश्वासैद्वारा
राजाको रीसको डर नमानी मिश्रदेशलाई
त्यागे; किनकि अदृश्य हुनुहुनेलाई देखीकन
तिनी स्थिर रहे । **२८**नाश गर्नेले इस्राएलको
जेठोलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा
निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के ।

**२९**विश्वासैद्वारा मानिसहरूले लाल समुद्र
सुखा जमिनझैं तरे, तर जसै मिश्रीहरूले त्यसै
गर्न खोजे, तिनीहरू डुबिगए ।

**३०**विश्वासैद्वारा सात दिनसम्म यरीहोको

---

**११:९**–उत्पत्ति ३५:२७. **११:११**–उत्पत्ति १८:११-१४; २१:२. **११:१२**–उत्पत्ति १५:५; २२:१७; ३२:१२. **११:१३**–उत्पत्ति २३:४; १ इतिहास २९:१५; भजन ३९:१२. **११:१७**–उत्पत्ति २२:१-१४. **११:१८**–उत्पत्ति २१:१२. **११:२०**–उत्पत्ति २७:२७-२९; ३९:४०. **११:२१**–उत्पत्ति ४७:३१-४८:२०. **११:२२**–उत्पत्ति ५०:२४-२५; प्रस्थान १३:१९. **११:२३**–प्रस्थान २:२; १:२२. **११:२४**–प्रस्थान २:१०-१२. **११:२७**–प्रस्थान २:१५. **११:२८**–प्रस्थान १२:२१-३०. **११:२९**–प्रस्थान १४:२१-३१. **११:३०**–यहोशू ६:१२-२१.

पर्खालको परिक्रमा गरेपछि त्यो ढल्यो ।
**३१**विश्‍वासैद्वारा राहाब वेश्या ती
अनाज्ञाकारीहरूसित मारिइनन्, किनकि तिनले
ती जासूसहरूलाई स्वागत गरेकी थिइन् ।
**३२**अनि अझ बढी म के भनूँ ? गिदोन,
बाराक, शिमशोन, यिप्ता, दाऊद, शमूएल र
अगमवक्ताहरूको विषयमा भनिरहने समय
मसित छैन । **३३**उनीहरूले विश्‍वासैद्वारा राज्यहरू
जिते, न्याय दिए, अनि प्रतिज्ञा गरिएका थोकहरू
प्राप्त गरे; उनीहरूले सिंहका मुखहरू थुने,
**३४**क्रोधका ज्वालाहरू निभाए, अनि तरवारको
धारबाट उम्के । उनीहरूका कमजोरी शक्तिमा
परिवर्तन भए; अनि उनीहरू लड़ाइँहरूमा
शक्तिशाली भई शत्रुहरूलाई स्वाहा पारे ।
**३५**केही स्त्रीहरूले आफ्ना मरिगएकाहरूलाई
जीवित फिर्ता पाए । अरूहरू सताइए र अझ
उत्तम पुनरुत्थान पाऊँ भनेर छुटकारा पनि
अस्वीकार गरे । **३६**कतिले गिल्ला र कोर्राबाजीको
सामना गरे, जब कि अझ अरूचाहिँ बाँधिएर
कैदमा हालिए । **३७**तिनीहरू ढुङ्गाले हानिए;
करौंतीले दुई फ्याक पारिए, तिनीहरू तरवारद्वारा
मारिए । तिनीहरू भेड़ाबाखाका छाला लगाएर
अनाथ, सताइएका र दुर्व्यवहार पाएका भई
डुलिहिँड़े । **३८**संसार तिनीहरूको लागि योग्यको
थिएन । तिनीहरू मरुभूमि र पहाड़हरू, गुफाहरू
र भुइँमुनि भएका खाडलहरूतिर डुलिहिँडे ।
**३९**अनि तिनीहरूले आफ्ना विश्‍वासको निम्ति
प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका थोकहरू त
कसैले पनि पाएनन् । **४०**हामीसित मात्र तिनीहरू
सिद्ध तुल्याइऊन् भनेर परमेश्‍वरले हाम्रो निम्ति
केही उत्तम योजना राख्नुभएको थियो ।

### परमेश्‍वरले आफ्ना पुत्रहरूलाई अनुशासन गर्नुहुन्छ

**१२** यसकारण, यतिका साक्षीका ठूला बादलले
हामीलाई घेरिराखेका हुनाले, हामीलाई
बाधा पुऱ्याउने टन्टाहरू अनि सजिलैसित
अल्मल्याउने पापहरूजस्ता हरेक थोक त्यागेर
हाम्रो अगि राखिदिएको दौड़ धीरजसाथ
दगुरौं । **२**अनि हाम्रा विश्‍वासका कर्ता र सिद्ध
तुल्याउनुहुने येशूलाई हेरौं, जसले आफ्नो
अघि राखिएको आनन्दको निम्ति अपमानलाई
केही नठानी क्रूसको कष्ट भोग्नुभयो र
परमेश्‍वरको सिंहासनको दाहिने हाततिर
बस्नुभयो । **३**पापीहरूबाट उहाँको विरुद्धमा
भएका यतिका विवादहरू सहनुहुनेलाई विचार
गर, जसले तिमीहरू निरास भएर हरेस खानबाट
हौसला मिल्ने छ ।
**४**पापको विरुद्धमा भएको तिमीहरूको
सङ्घर्षमा तिमीहरूले रगतपच्छे हुनेगरी त्यसको
विरोध गरेका छैनौ । **५**अनि तिमीहरूलाई पुत्र
समान भनी सम्बोधन गरेर भनिएका परमेश्‍वरको
ढाड़सका वचन तिमीहरूले भूलेका छौ:

“मेरो पुत्र, परमेश्‍वरको अनुशासनलाई
हल्का नठान,
अनि उहाँले तिमीलाई हप्काउँदा
हताश नहोऊ,
**६** किनकि परमेश्‍वरले आफूले प्रेम
गरेकाहरूलाई अनुशासन गर्नुहुन्छ,
अनि आफूले पुत्र भनी ग्रहण
गरेकाहरूलाई उहाँले दण्ड दिनुहुन्छ ।”

**७**कठीनतालाई अनुशासन ठानी भोग; किनकि
परमेश्‍वरले तिमीहरूलाई पुत्रझैँ व्यवहार
गर्नुहुँदैछ । पिताले अनुशासन नगरेको कुनचाहिँ
पुत्र हुन्छ र ? **८**यदि तिमीहरूलाई अनुशासन
गरिएन भनेता (अनि हरेक नै अनुशासित हुन्छ),
तिमीहरू साँचो पुत्रहरू नभएर व्यभिचारमा
जन्मिएका सन्तान हौ । **९**यसबाहेक हामीलाई
ताड़ना दिने हाम्रा सांसारिक पिताहरू थिए र
हामीले तिनीहरूलाई आदर गऱ्यौं भने के हामी
आत्माका पिताको अधीनमा बसेर जिउनु पर्दैन

**११:३१**–यहोशू २:१-२१; ६:२२-२५. **११:३२**–न्यायकर्ता ६:११-८:३२; ४:६-५:३१; १३:२-१६:३१; ११:१-१२:७; १ शमूएल १६:१-१ राजा २:११; १ शमूएल १:१-२५:१. **११:३३**–दानिएल ६:१-२७. **११:३४**–दानिएल ३:१-३०. **११:३५**–१ राजा १७:१७-२४; २ राजा ४:२५-३७. **११:३६**–१ राजा २२:२६-२७; १ इतिहास १८:२५-२६; यर्मिया २०:२; ३७:१५; ३८:६. **११:३७**–२ इतिहास २४:२१. **१२:५-६**–अय्यूब ५:१७; हितोपदेश ३:११-१२.

र ? **१०**हाम्रा पिताहरूलाई असल लागेअनुसार
उहाँले हामीलाई केही समयसम्म अनुशासन
गर्नुभयो; तर हामी परमेश्वरको पवित्रतामा
सहभागी हौं भनेर परमेश्वरले हामीलाई हाम्रै
भलाइको लागि अनुशासन गर्नुहुन्छ । **११**कुनै
पनि अनुशासन त्यस बेलाको लागि सुखद हुँदैन,
तर कष्टदायक हुन्छ । त्यसो भए तापनि,
पछिबाट त त्यसमा तालीम पाएकाहरूको निम्ति
धार्मिकता र शान्तिको फल हुन्छ ।
**१२**यसकारण, तिमीहरूका कमजोर हातहरू
अनि दुर्बल घुँड़ाहरू बलियो बनाओ । **१३**अनि
लङ्गड़ा असमर्थ नहोस्, तर बरु निको होस्
भनेर "तिमीहरूका खुट्टाको लागि बाटो समतल
बनाओ ।"

### परमेश्वरलाई इन्कार गर्नेको विरुद्धमा चेतावनी

**१४**हरेक मानिससित मिलापमा रहने अनि
पवित्र हुने भरसक कोशिश गर; किनकि
पवित्रताविना कसैले परमेश्वरलाई देख्नेछैन ।
**१५**ध्यान देओ, कुनै मानिस परमेश्वरको अनुग्रहबाट
वञ्चित नहोस्, नत्र त तीतोपनको जरो टुसाएर
त्यसले फूट ल्याउला र धेरै जनालाई बिटुलो
पार्ला । **१६**कोही पनि दुराचारी नहोस्, अथवा जेठो
छोरो भईकन पनि एक टुक्रा खाने कुराको लागि
आफ्नो पैतृक अधिकार बेच्ने एसावजस्तै अधर्मी
नहोस् भन्ने कुरामा ध्यान देओ । **१७**पछिबाट
आफ्नो आशिष् उपभोग गर्ने इच्छा गर्दा,
तिनी अस्वीकृत भएका थिए भन्ने तिमीलाई
थाहै छ । यद्यपि आँसुसहित तिनले त्यो आशिष्
प्राप्त गर्न खोजेका थिए, तर तिनले पश्चात्तापको
मौकै पाएनन् ।
**१८**तिमीहरू छुन सकिने त्यस सियोन
पर्वतमा आएका छैनौ जो आगोले जलिरहेको
थियो, अनि त्यस अन्धकार, कालो बादल र
आँधीमा पनि आएका छैनौ । **१९**तुरहीको चर्को
सोर अनि शब्द निकालेर बोल्ने आवाजमा पनि
आएका छैनौ जसलाई सुनेपछि तिनीहरूले अब
यस्तो शब्द सुन्न नपरोस्, भनी बिन्ती गरेका
थिए, **२०**किनकि "कुनै जनावरले समेत त्यस
पर्वतलाई छोए भने त्यसलाई ढुङ्गाले हिर्काउनू"
भन्ने आदेश तिनीहरूले सहन सकेनन् । **२१**त्यो
दृश्य यति डरलाग्दो थियो कि मोशाले पनि
भने, "म डरले कामिरहेछु ।"
**२२**तर तिमीहरू त सियोन पर्वतमा, अर्थात्
स्वर्गीय यरूशलेममा, जिउँदो परमेश्वरको
शहरमा आएका छौ । तिमीहरू असङ्ख्य
स्वर्गदूतहरू भएको आनन्दमय सभामा आएका
छौ, **२३**अर्थात् पहिला जन्मेकाहरूको मण्डलीमा,
जसका नाउँहरू स्वर्गमा लेखिएका छन् । तिमीहरू
सबै मानिसहरूका न्यायकर्ता परमेश्वरकहाँ,
अनि सिद्ध तुल्याइएका धार्मिक मानिसहरूका
आत्मामा, **२४**नयाँ करारका मध्यस्थ येशूकहाँ,
अनि हाबिलको रगत भन्दा अझ राम्रो गरी
बोलिदिने रगतको छिट्कामा आएका छौ ।
**२५**बोल्नुहुने चाहिँलाई इन्कार नगर्नू भन्ने
कुरामा ध्यान देओ । संसारमा चेतावनी दिनेलाई
इन्कार गर्दा तिनीहरू उम्केनन् भने, स्वर्गबाट
चेतावनी दिनुहुनेबाट मुख फर्काउने हामी
कसरी उम्कन सक्छौं ? **२६**त्यस बेला त उहाँको
सोरले पृथ्वी हल्लाएको थियो, तर अब त
उहाँले यसो भनी शपथ खानुभएको छ, "फेरि
एकपल्ट म पृथ्वी मात्र होइन तर स्वर्गलाई
पनि हल्लाउनेछु ।" **२७**त्यो "फेरि एकपल्ट"
भन्ने शब्दहरूले यो देखाउँछ कि हल्लाउन
सकिने कुराहरू, अर्थात् सृजिएका कुराहरू
हटाइनेछन्, तर हल्लाउन नसकिने कुराहरूचाहिँ
रहनेछन् ।
**२८**यसकारण, हामी एउटा नहल्लिने राज्य
पाउने हुनाले, हामी धन्यवादी भई परमेश्वरलाई
भक्ति र डरको साथ आराधना चढ़ाऔं, **२९**किनकि
हाम्रो "परमेश्वर भस्म गर्ने आगो हुनुहुन्छ ।"

---

**१२:१२**–यशैया ३५:३. **१२:१३**–हितोपदेश ४:२६. **१२:१५**–व्यवस्था २९:१८. **१२:१६**–उत्पत्ति २५:२९-३४. **१२:१७**–उत्पत्ति २७:३०-४०. **१२:१८–१९**–प्रस्थान १९:१६-२२; २०:१८-२१; व्यवस्था ४:११-१२; ५:२२-२७; **१२:२०**–प्रस्थान १९:१२-१३. **१२:२१**–व्यवस्था ९:१९. **१२:२४**–उत्पत्ति ४:१०. **१२:२५**–प्रस्थान २०:२२. **१२:२६**–हाग्गै २:६. **१२:२९**–व्यवस्था ४:२४.

## अन्तिम अर्ती

**१३** एक अर्कालाई भाइहरूझैँ प्रेम गरिरहो।
**२**परदेशीहरूको अतिथिसत्कार गर्न
नबिर्स, किनकि यसो गरेर कति मानिसहरूले
नजानीकन स्वर्गदूतहरूलाई सत्कार गरेका
छन्। **३**कैदीहरूलाई तिमीहरू आफै पनि
सङ्गीकैदीहरू भएझैँ, अनि उचित व्यवहार
नपाएकाहरूलाई तिमीहरू आफैले कष्ट भोग्दैछौ
जस्तै गरी सम्भ।

**४**सबैले विवाहलाई आदरणीय ठानोस्, अनि
ओछ्यान नबिटुलिओस्, किनकि परमेश्वरले
व्यभिचारी र सबै दुराचारीहरूको इन्साफ
गर्नुहुन्छ। **५**तिमीहरूका जीवनलाई रूपियाँ
पैसाको प्रेमदेखि मुक्त राख र तिमीहरूसित भएका
थोकसित सन्तुष्ट रहो, किनकि परमेश्वरले
धर्मशास्त्रमा भन्नुभएको छ,

"म तिमीहरूलाई कहिल्यै छोड्नेछैनँ;
म तिमीहरूलाई कहिल्यै त्याग्नेछैनँ।"

**६**यसकारण आत्मविश्वाससित हामी भन्दछौं,

"परमप्रभु मेरा सहायक हुनुहुन्छ;
म कहिल्यै डराउनेछैनँ।
मानिसले मलाई के गर्न सक्छ?"

**७**आफ्ना अगुवाहरूको सम्भना गर, जसले
तिमीहरूसित परमेश्वरको वचन बोलेका थिए।
तिनीहरूका जीवनको परिणामलाई विचार
गरेर तिनीहरूको विश्वासको अनुकरण गर।
**८**येशू ख्रीष्ट हिजो, आज अनि सदासर्वदा एक
समान हुनुहुन्छ।

**९**सबै किसिमका अनौठा शिक्षाहरूको भ्रममा
नपर। हामीहरूको हृदयलाई अनुग्रहद्वारा बलियो
पार्नु असल छ, तर धर्म विधिअनुसारको
भोजनले त होइन, जुनचाहिँ खानेहरूको लागि
कुनै मूल्यको हुँदैन। **१०**हाम्रो एउटा वेदी छ
जसबाट खानलाई ती पवित्र वासस्थानमा सेवा
गर्नेहरूलाई मनाही छ।

**११**प्रधान पूजाहारीले पापबलिको रूपमा
पशुहरूको रगत महा-पवित्रस्थानमा लिएर
जान्छन्, तर शरीर त छाउनीबाहिर नै
जलाइन्छन्। **१२**यसकारण येशूले पनि आफ्नै
रगतद्वारा मानिसहरूलाई पवित्र पार्नलाई
शहरको ढोका बाहिर नै शासना भोग्नुभयो।
**१३**त्यसो भए, हामी पनि छाउनीबाहिर उहाँकहाँ
जाऔं र उहाँले सहनुभएको निन्दा सहौं।
**१४**किनकि यस पृथ्वीमा हाम्रो रहिरहने शहर
छैन, तर हामी त आउनेवाला स्वर्गीय शहरको
प्रतीक्षा गरिरहेका छौं।

**१५**यसकारण, हामी येशूद्वारा परमेश्वरलाई
लगातार प्रशंसाको बलिदान चढ़ाऔं, जो उहाँको
नाउँ स्वीकार गर्ने हाम्रो ओठको फल हो।
**१६**अनि भलाइ गर्न र अरूसित बाँड्चुँड् गर्न
नबिर्स, किनकि यस्तो बलिदानद्वारा परमेश्वर
प्रशन्न हुनुहुन्छ।

**१७**तिमीहरूका अगुवाहरूको आज्ञापालन
गर र तिनीहरूको अधिकारको अधीनमा बस।
किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर
नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाहा
गर्छन्। यो काम तिनीहरूले आनन्दसाथ गरून्,
दु:ख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई
कुनै लाभ हुनेछैन।

**१८**हाम्रो विवेक सफा छ भन्ने हामी निश्चित
छौं र हरेक कुरामा आदरसाथ जिउने चाहना
गर्छौं। त्यसैले हाम्रो निम्ति प्रार्थना गर। **१९**म
फेरि चाँड़ै तिमीहरूकहाँ आउन सकूँ भनेर
मेरो निम्ति प्रार्थना गरिदेओ भनी म विशेष
आग्रह गर्दछु।

**२०**अनन्तको करारद्वारा भेड़ाका महान् गोठाला,
प्रभु येशूलाई मरेकाबाट जीवित पार्नुहुने शान्तिको
परमेश्वरले, **२१**उहाँको इच्छा पूरा गर्नलाई
हरेक असल थोकले तिमीहरूलाई सुसज्जित
पारून्। येशू ख्रीष्टलाई नै सदासर्वदा महिमा
होस् भनेर येशूद्वारा उहाँलाई मनपर्ने कामहरू
उहाँले हामीमा गरून्। आमेन।

---

**१३:२**–उत्पत्ति १८:१-८; १९:१-३. **१३:५**–व्यवस्था ३१:६, ८; यहोशू १:५. **१३:६**–भजन ११८:६.
**१३:११**–लेवी १६:२७.

२२भाइहरू, तिमीहरूलाई म मेरो अर्ती सुनिदेओ भनी आग्रह गर्छु, किनकि मैले तिमीहरूलाई एउटा छोटो पत्र लेखेको छु।
२३हाम्रा भाइ तिमोथी कैदबाट छोड़िएका छन् भन्ने तिमीहरूले जान भनी म चाहन्छु। यदि तिनी चाँड़ै आए भने, म तिनीसितै तिमीहरूलाई हेर्न आउनेछु।
२४तिमीहरूका सबै अगुवाहरू र परमेश्वरका जनहरूलाई अभिवादन सुनाइदेओ। इटालीयाबाट आएकाहरूले तिमीहरूलाई अभिवादन पठाएका छन्।
२५तिमीहरू सबैसित अनुग्रह रहोस्।

# याकूबको पत्र

१ परमेश्वर र प्रभु येशू ख्रीष्टको दास
याकूबबाट,

संसारैभरी छरिएका बाह्रै कुललाई:

अभिवादन ।

### कष्ट र परीक्षाहरू

२मेरा भाइहरू हो, तिमीहरूले धेरै किसिमका
आपत्-विपत्‌हरूको सामना गर्दा त्यसलाई अति
आनन्द सम्झ, ३किनकि तिमीहरूको विश्वासको
जाँचले धैर्य उत्पन्न गराउँछ भनी तिमीहरू
जान्दछौ । ४तिमीहरू परिपक्व र पूर्ण भई कुनै
कुराको अभाव नहोस् भनेर धैर्यले आफ्नो काम
पूरा गर्नुपर्छ । ५यदि तिमीहरूमध्ये कसैलाई
बुद्धिको कमी छ भने उदारचित्तले नझर्कीकन
दिनुहुने परमेश्वरसित त्यसले मागोस्, र त्यसलाई
त्यो दिइनेछ । ६तर जब कसैले माग्छ, त्यसले
विश्वास गर्नुपर्छ अनि शङ्का गर्नुहुन्न, किनकि
शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दै गरेको
समुद्रको छालजस्तै हो । ७अनि त्यस मानिसले
प्रभुबाट केही पाउँछु भनी नसोचोस् । ८ऊ त
आफूले गर्ने सबै कामहरूमा अस्थिर रहेको
दोहोरो मन भएको मानिस हो ।

९दीन अवस्थाको भाइले आफ्नो उच्च
अवस्थामा गर्व गरोस्, १०तर धनीले चाहिँ आफ्नो
दीन अवस्थामा गर्व गरोस्, किनकि मानिस
त घाँसको फूलझैँ ओइलाएर जानेछन् ।
११किनकि डढ़ाउने गर्मी लिएर सूर्य उदाउँछ
र बोटबिरूवालाई ओइलाइदिन्छ; त्यसको
कोपिला झरिहाल्छ अनि त्यसको सौन्दर्य नष्ट
भइजान्छ । यस्तै किसिमले धनी मानिस आफ्नो
कामधन्धामै ओइलाइजानेछ ।

१२त्यो मानिस धन्यको हो जो आपत्-
विपत्‌हरूमा स्थिर रहन्छ, किनकि त्यस जाँचमा
त्यो पक्का ठहरिएपछि त्यसले जीवनको मुकुट
पाउनेछ, जुनचाहिँ परमेश्वरले उहाँलाई प्रेम
गर्नेहरूको लागि प्रतिज्ञा गर्नुभएको छ ।

१३परीक्षामा पर्दा कसैले पनि "परमेश्वरले
मलाई परीक्षा गर्नुहुँदैछ" भनी नभनोस्, किनकि
परमेश्वर दुष्टबाट परीक्षित हुन सक्नुहुन्न,
नता उहाँले कसैको परीक्षा गर्नुहुन्छ; १४तर
हरेक व्यक्ति आफ्नै कुविचारहरूद्वारा खिचिएर
परीक्षामा पर्दछ । १५त्यसपछि तृष्णा गर्भवती
भएर पापलाई जन्माउँछ, र पाप पूरा बढ़ेपछि
मृत्युलाई जन्माउँछ ।

१६त्यसैले मेरा प्यारा भाइ हो, धोकामा
नपर । १७हरेक असल र सिद्ध दान माथिबाट
अर्थात् स्वर्गीय ज्योतिका पिताबाट आउँछ,
जो बदली रहने छायाजस्तो बद्लनुहुन्न ।
१८सृष्टि गरिएका सबै थोकहरूमा हामी
अगौटे फल बनौं भनेर उहाँले हामीलाई सत्यको
वचनद्वारा जन्माउन चुन्नुभयो ।

### सुन्नु र गर्नु

१९मेरा प्रिय भाइहरू हो, यस कुरालाई
विचार गर: हरेक मानिस सुन्नमा छिटो, बोल्न
र रीस गर्नमा ढिलो होस्, २०किनकि मानिसको
रीसले परमेश्वरले चाहनुभएको धार्मिकताको
काम गर्दैन । २१यसकारण, तिमीहरूमा भएका
सबै अनैतिक फोहोरलाई त्याग अनि तिमीहरूमा
रोपिएको वचनलाई स्वीकार गर, जसले
तिमीहरूलाई बचाउन सक्छ ।

२२वचन सुनेरमात्र आफैलाई धोका नदेओ ।
यसले के भन्छ सो गर । २३जसले वचन सुन्छ
तर यसले के भन्छ सो गर्दैन, त्यो एउटा यस्तो
मानिस हो जसले आफ्नो अनुहार ऐनामा हेर्छ,
२४अनि आफैलाई हेरिसकेपछि ऊ गइहाल्छ
अनि ऊ कस्तो देखिन्छ सो झट्टै बिर्सिहाल्छ ।

**१:१** मत्ती १३:५५; मर्कूस ६:३; प्रेरित १५:१३; गलाती १:१९. **१:१०–११**–यशैया ४०:६-७.

२५तर जसले स्वतन्त्रता दिने व्यवस्थालाई
ध्यानसित हेर्छ र आफूले सुनेको कुरालाई नबिर्सी
गरिरहन्छ, तब त्यसले गरेको काममा त्यसले
आशिष् पाउँछ ।
२६यदि कसैले आफैलाई धर्मी सम्झन्छ र
पनि आफ्नो जिब्रोमा लगाम लाउँदैन भनेता,
उसले आफैलाई धोका दिन्छ र त्यसको धर्म
व्यर्थको हुन्छ । २७हाम्रा पिता परमेश्वरले शुद्ध
र निर्दोष ठहराउनुभएको धर्म यही हो, अर्थात्
अनाथ र विधवाहरूलाई तिनीहरूको सङ्कष्टमा
हेरचाह गर्नु अनि आफैलाई संसारको दुषित
कुराहरूदेखि जोगाएर राख्नु ।

### पक्षपात निषेध

२ मेरा भाइ हो, हाम्रा महिमित प्रभु येशू
खीष्टमा विश्वासीहरू भएकाले पक्षपात
नगर । २भनौं, तिमीहरूको सभामा एक जना
मानिस सुनको औंठी र सुन्दर वस्त्र लगाएर
आयो, अनि थाङ्ने लुगा लगाएको मानिस पनि
आयो । ३यदि तिमीले सुन्दर वस्त्र लगाएको
त्यस मानिसलाई “तपाईंको लागि यहाँ असल
ठाउँ छ” भन्छौ अनि त्यस गरीब मानिसलाई
चाहिँ “तँ त्यहीं उभि” अथवा “भुइँमा मेरो
पाउनेर बस्” भन्छौ भने, ४के तिमीहरू
आपसमा पक्षपात गरेर दुष्ट विचारले न्याय
गर्नेहरू भएनौ ?
५मेरा प्यारा भाइ हो, ध्यानसित सुन:
के संसारको नजरमा गरीब भएकाहरूलाई
परमेश्वरले विश्वासमा धनी हुनलाई अनि
उहाँलाई प्रेम गर्नेहरू सबैलाई प्रतिज्ञा गर्नुभएको
राज्यको हकदार हुनलाई चुन्नुभएको होइन
र ? ६तर तिमीहरूले त गरीबहरूलाई अपमान
गऱ्यौ । के तिमीहरूलाई शोषण गर्ने धनीहरू
नै होइनन् ? के तिमीहरूलाई अदालतमा लैजाने
तिनीहरू नै होइनन् ? ७के तिनीहरूले त्यही
आदरणीय नाउँको निन्दा गर्दैनन् जुन नाउँले
तिमीहरू बोलाइएका छौ ?
८यदि “आफ्ना छिमेकीलाई आफैलाई झैं
प्रेम गर” भन्ने धर्मशास्त्रमा पाइने राजकीय
आज्ञा तिमीहरूले पालन गर्दछौ भने तिमीहरूले
ठीक गर्दैछौ । ९तर तिमीहरूले पक्षपात गऱ्यौ
भने, तिमीहरूले पाप गर्दछौ र व्यवस्थाले
तिमीहरूलाई व्यवस्था उलङ्घन गरेको दोष
लगाउँछ । १०किनकि जसले व्यवस्थाका सबै
कुरा पालन गर्छ तर एउटै कुरामा पनि चुक्छ
भने त्यो सम्पूर्ण व्यवस्था उलङ्घन गर्ने जस्तै
दोषी हुनेछ । ११किनकि जसले “व्यभिचार नगर्नू”
भन्नुभयो, उहाँले “हत्या नगर्नू” पनि भन्नुभयो ।
यदि तिमीहरू व्यभिचार गर्दैनौ तर हत्या गर्छौ
भने, तिमीहरू व्यवस्था उलङ्घन गर्नेहरू भयौ ।
१२स्वतन्त्रता दिने व्यवस्थाद्वारा तिमीहरू
जाँचिनेछौ भनेर त्यही किसिमले बोल र काम
गर, १३किनकि दयालु नहुने हरेकलाई दयाविना
इन्साफ गरिनेछ । दयाले इन्साफमाथि विजय
गर्छ ।

### विश्वास र काम

१४मेरा भाइ हो, यदि कुनै मानिसले मसित
विश्वास छ भन्ने दाबी गर्छ तर कामहरूचाहिँ
गर्दैन भने, के फाइदा हुन्छ र ? १५भनौं, कोही
भाइ वा बहिनीलाई वस्त्र अनि दैनिक भोजनको
खाँचो छ, १६अनि तिमीहरूमध्ये कसैले तिनलाई
“म तिम्रो भलो चिताउँछु, जाऊ अनि न्यानो
बस, मज्जासित खाऊ” भन्यो तर तिनका
शारीरिक खाँचोहरूचाहिँ पुऱ्याइदिएन भने,
त्यसबाट के फाइदा हुन्छ ? १७यस्तै किसिमले,
कामविनाको विश्वास पनि मरेतुल्य हुन्छ ।
१८तर कसैले भन्ला, “तिमीसित विश्वास
छ, मसित कामहरू छन्” ।
कामविनाको तिम्रो विश्वास मलाई देखाऊ
र मैले गरेको कामद्वारा म आफ्नो विश्वास
तिमीलाई देखाउनेछु । १९परमेश्वर एकमात्र
हुनुहुन्छ भनी तिमी विश्वास गर्छौ । असल
कुरो हो ! भूतात्माहरूले पनि त्यो विश्वास
गर्छन् र काँप्तछन् ।
२०ए मूर्ख मानिस हो, के कर्मविना विश्वास

**२:८**–लेवी १९:१८. **२:११**–प्रस्थान २०:१३-१४; व्यवस्था ५:१७-१८.

व्यर्थ हो भन्ने प्रमाण तिमी माग्छौ ? **२१**आफ्नो
पुत्र इसहाकलाई वेदीमा अर्पण गर्दा के हाम्रा
पुर्खा अब्राहाम तिनका कामद्वारा धर्मी ठहरिएका
होइनन् ? **२२**तिमी देख्दछौ, तिनको विश्वास र
काम एकसाथ मिलेर काम गर्दैथिए अनि तिनले
जे गरे त्यसबाट तिनको विश्वास पूरा भयो ।
**२३**"अब्राहामले परमेश्वरमाथि विश्वास गरे अनि
त्यो तिनको निम्ति धार्मिकता ठहरियो" भन्ने
धर्मशास्त्र पूरा भयो अनि तिनी परमेश्वरका
मित्र कहलिए । **२४**तिमीहरू देख्छौ कि विश्वासले
मात्र होइन तर मानिसले जे गर्छ त्यसबाट ऊ
धर्मी ठहरिन्छ ।

**२५**यस्तै किसिमले, राहाब वेश्या पनि, तिनले
ती जासूसहरूलाई आश्रय दिएर अर्को दिशातिर
पठाइदिएको कामबाट धर्मी ठहरिएकी थिइनन् ?
**२६**जसरी शरीर आत्माविना मरेतुल्य हुन्छ,
त्यसरी नै विश्वास पनि कामविना मरेतुल्य
हुन्छ ।

## जिब्रोलाई वशमा राख्नु

**३** मेरा भाइ हो, तिमीहरूमध्ये धेरै जनाले
आफूलाई शिक्षक नठान, किनकि हामी
सिकाउनेहरूको इन्साफ झन् कड़ाइसाथ
गरिनेछ । **२**हामी धेरै कुराहरूमा भूल गर्दछौं ।
यदि कसैले आफूले बोलेका कुराहरूमा कहिल्यै
भूल गर्दैनन् भने, ऊ आफ्नो सम्पूर्ण शरीरलाई
वशमा राख्नसक्ने सिद्ध मानिस हुन्छ ।

**३**घोड़ाहरूलाई आज्ञा मान्ने बनाउनलाई
जब हामीले तिनीहरूका मुखमा लगाम लगाउँछौं,
तब हामीले त्यसका सम्पूर्ण शरीरलाई घुमाउन
सक्छौं । **४**अथवा नमूनाको लागि जहाजलाई
लिऊँ । तिनीहरू यति ठूला अनि तेज बतासद्वारा
चल्ने भए तापनि एउटा सानो कर्णको सहायताले
कर्णधारले जता लैजान इच्छा लाग्छ त्यतै
लैजान्छ । **५**त्यस्तै किसिमले जिब्रो पनि
शरीरको एउटा सानो अङ्ग हो, तर यसले
धेरै घमण्ड गर्छ । आगोको सानो झिल्काले
ठूलो जङ्गलमा डढ़ेलो लगाउँछ भनी विचार
गर । **६**अनि जिब्रो पनि एउटा आगो जस्तै नै
हो, जुनचाहिँ शरीरका अङ्गहरूमध्ये दुष्टताको
एउटा संसार नै हो । यसले सम्पूर्ण व्यक्तिलाई
दूषित पार्छ, त्यसको जीवनको सम्पूर्ण प्रवाहलाई
आगो लगाइदिन्छ र यो आफै पनि नरकको
आगोमा पर्छ ।

**७**सबै किसिमका जन्तुहरू, चराहरू, घस्रने
प्राणीहरू र समुद्रका जन्तुहरू मानिसद्वारा तह
लगाइएका हुन्छन्, **८**तर जिब्रोलाई कुनै मानिसले
तह लगाउन सक्दैन । यो घातक विषले
भरिएको एउटा चञ्चल दुष्ट हो ।

**९**जिब्रोले हामी हाम्रा प्रभु र पितालाई प्रशंसा
दिन्छौं, अनि यसैले हामी परमेश्वरको स्वरूपमा
बनिएका मानिसहरूलाई सराप्छौं । **१०**एउटै
मुखबाट प्रशंसा र सराप निस्कन्छन् । मेरा
भाइ हो, यस्तो हुनुहुँदैन । **११**के एउटै मुहानबाट
ताजा पानी र नुनिलो पानी निस्कन्छ र ?
**१२**मेरा भाइ हो, के नेभाराको रूखले जैतून
अथवा अङ्गूरको बोटले नेभारा फलाउन सक्छ ?
नता नुनिलो पानीको धाराले ताजा पानी निकाल्न
सक्छ ।

## दुई किसिमका बुद्धि

**१३**तिमीहरूमध्ये को बुद्धिमान् र समझदार
छ ? त्यसले आफ्नो असल जीवनबाट र बुद्धिबाट
आउने नम्रताबाट गरिएका कामहरूद्वारा त्यो
देखाओस् । **१४**तर यदि तिमीहरू आफ्ना हृदयमा
तीतो डाह र स्वार्थपूर्ण अभिलाषा राख्छौ भने,
कुनै प्रकारले पनि बुद्धिमान छु भनेर घमण्ड
नगर अनि सत्यतालाई इन्कार नगर । **१५**यस्तो
"बुद्धि" त स्वर्गबाट आएको होइन तर यो त
सांसारिक र शारीरिक हो, अर्थात् शैतानपट्टिको
हो । **१६**किनकि जहाँ तिमीहरूमा ईर्ष्या र
स्वार्थपूर्ण अभिलाषा छन्, त्यहाँ गड़बड़ी र
सबै किसिमका दुष्ट कामहरू पाइन्छन् ।

**१७**तर स्वर्गबाट आउने बुद्धिचाहिँ पहिले

---

**२:२१**–उत्पत्ति २२:१-१४. **२:२३**–उत्पत्ति १५:६; २ इतिहास २०:७; यशैया ४१:८ . **२:२५**–यहोशू २:१-२१.
**३:९**–उत्पत्ति १:२६.

शुद्ध हुन्छ; अनि शान्तिप्रिय, विचारशील, कोमल,
कृपा र असल फलले भरिएको, पक्षपातरहित
अनि निश्छल हुन्छ। **१८**शान्ति कायम राख्नेहरूले
शान्तिमा छर्छन् र धार्मिकताको कटनी गर्छन्।

## परमेश्वरमा समर्पण

**४** तिमीहरूमा झगड़ा र लड़ाइँ केले
ल्याउँछ ? के ती तिमीहरूभित्र सङ्ग्राम
गर्ने स्वार्थी इच्छाहरूबाट आउँदैनन् ? **२**तिमीहरू
केही चाहन्छौ तर पाउँदैनौ। तिमीहरू हत्या
गर्दछौ र लोभ गर्दछौ, तर तिमीहरूले चाहेका
कुराहरू पाउँदैनौ। तिमीहरू झगड़ा र लड़ाइँ
गर्दछौ। तिमीहरूले पाउँदैनौ, किनकि तिमीहरू
परमेश्वरसित माग्दैनौ। **३**तिमीहरू माग्दछौ
तर पाउँदैनौ, किनकि तिमीहरूले पाएका
कुराहरू आफ्नो सुखविलासमा खर्च गर्नलाई
गलत उद्देश्य राखेर माग्दछौ।

**४**तिमी व्यभिचारी मानिसहरू, के संसारसितको
मित्रता परमेश्वरतर्फको घृणा हो भनेर
जान्दैनौ ? जो संसारसित मित्र हुन चाहन्छ ऊ
परमेश्वरको शत्रु हुन्छ। **५**अथवा उहाँले
हामीभित्र रहनदिनुभएको आत्माले धेरै डाह
गर्नुहुन्छ भनेर धर्मशास्त्रले व्यर्थैमा भनेको हो
भनी तिमीहरू ठान्छौ ? **६**तर उहाँले हामीलाई
अझ बढी अनुग्रह दिनुहुन्छ। यसैकारण
धर्मशास्त्रमा लेखिएको छ:

> “परमेश्वरले अहङ्कारीहरूको विरोध
> गर्नुहुन्छ
> तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ।”

**७**यसकारण आफैलाई परमेश्वरकहाँ
सुम्पिदेओ। शैतानको विरोध गर, र त्यो
तिमीहरूदेखि भाग्नेछ। **८**परमेश्वरको नजीक
आओ र उहाँ तिमीहरूको नजीक आउनुहुनेछ।
हे पापी हो, आफ्ना हातहरू धोओ, हे दोमनका
हो, आफ्ना हृदय शुद्ध पार। **९**दु:खित होओ,
शोकित होओ र रोओ, तिमीहरूका हाँसो शोकमा
र तिमीहरूका आनन्द दु:खमा परिणत होस्।
**१०**प्रभुको सामुन्ने आफैलाई नम्र तुल्याओ, र
उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।

**११**भाइ हो, एकले अर्काको निन्दा नगर।
जसले आफ्नो भाइको विरुद्धमा बोल्छ वा
उसलाई न्याय गर्छ उसले व्यवस्थाको विरुद्धमा
बोल्छ र त्यसको इन्साफ गर्छ। जब तिमीहरूले
व्यवस्थाको इन्साफ गर्छौ, तिमीहरूले त्यो पालन
गरेका हुँदैनौ, तर इन्साफ गर्दै त्यसमाथि बसेका
हुन्छौ। **१२**व्यवस्था दिने र न्यायकर्ता त एउटै
मात्र हुनुहुन्छ, जसले बचाउन र नाश गर्न
पनि सक्नुहुन्छ। तर आफ्नो छिमेकीलाई दोष
लगाउने तिमीहरू को हौ ?

## भोलिको लागि घमण्ड

**१३**अब ध्यानसित सुन, तिमीहरू जो यसो
भन्छौ, “हामी आज अथवा भोलि यस शहरमा कि
त्यस शहरमा जानेछौं, त्यहाँ एक वर्ष बिताउँनेछौं,
अनि व्यापार गरेर पैसा कमाउँनेछौं।”
**१४**तिमीहरू भोलि के हुनेछ भनेर जान्दैनौ।
तिमीहरूको जीवन के हो ? तिमीहरू त एकै
क्षण देखा परेर लोप भइजाने तुवाँलो जस्तै
हौ। **१५**यसको सट्टा तिमीहरूले “यदि प्रभुको
इच्छा भए हामी बाँचेर यसो गरौंला,
त्यसो गरौंला” भन्नुपर्ने थियो। **१६**तिमीहरू त
घमण्ड गर्छौ, शेखी गर्छौ। यस्तो सबै घमण्ड
खराब हो। **१७**त्यसकारण, जसले भलाइ गर्नुपर्छ
भन्ने जानेर पनि त्यसो गर्दैन, त्यसले पाप
गर्दछ।

## अत्याचारी धनीहरूलाई चेतावनी

**५** तिमी धनी मानिसहरू अब ध्यानसित
सुन। रोओ र विलाप गर किनकि
तिमीहरूमाथि कष्ट आइरहेको छ। **२**तिमीहरूको
धन सड़ेको छ, र तिमीहरूका वस्त्रहरू कीराले
खाएका छन्। **३**तिमीहरूका सुन र चाँदीमा
कस लागेको छ। ती कसहरूले तिमीहरूको
विरुद्धमा साक्षी दिनेछन् र तिमीहरूका मासु
आगोले झैं खानेछन्। तिमीहरूले आखिरी दिनको

---

**४:६**–हितोपदेश ३:३४. **४:१३-१४**–हितोपदेश २७:१. **५:२-३**–मत्ती ६:१९.

लागि धन साँचेका छौ । **४**हेर, तिमीहरूका
खेतमा कटनी गर्ने खेतालाहरूको जुन ज्याला
तिमीहरूले दिएनौ ती तिमीहरूको विरुद्धमा
कराइरहेका छन् । ती कटनी गर्ने खेतालाहरूका
विलाप शक्तिमान् परमप्रभुको कानमा पुगेको
छ । **५**तिमीहरू यस संसारमा सुखविलास र
मोजमज्जामा मस्त भएर बसेका छौ । तिमीहरूले
आफैलाई बलिको दिनको लागि पुष्टाई
राखेका छौ । **६**तिमीहरूको विरोध नगर्ने निर्दोष
मानिसहरूलाई तिमीहरूले दोषी ठहराएर हत्या
गरेका छौ ।

### कष्टहरूमा धैर्य

**७**त्यसो भए भाइ हो, प्रभुको आगमन
नभइञ्जेल धैर्य धारण गर । हेर, आफ्नो जमिनले
फसल दिन्छ भनेर किसानले कसरी पर्खन्छ
अनि ऊ अघिल्लो र पछिल्लो वर्षाको लागि
कसरी धैर्य गरी बस्छ । **८**तिमीहरू पनि धैर्य गर
र दह्रो भई बस, किनकि प्रभुको आगमन नजीक
छ । **९**भाइ हो, एक अर्काको विरुद्धमा गनगन
नगर, नत्रता तिमीहरू इन्साफमा पर्नेछौ ।
न्यायकर्ता ढोकैमा उभिरहनुभएको छ !

**१०**भाइ हो, कष्टहरूको माझमा धैर्यको
नमूनास्वरूप ती अगमवक्ताहरूलाई लेओ जसले
प्रभुको नाउँमा बोले । **११**तिमीहरूलाई थाहै छ
कि मेहनत गरिरहनेहरूलाई हामी धन्यका
ठान्छौं । तिमीहरूले अय्यूबको धैर्यको विषयमा
सुनेका छौ अनि प्रभुले अन्त्यमा तिनको निम्ति
के गर्नुभयो सो देखेका छौ । प्रभु करुणा र
दयाले भरपूर हुनुहुन्छ ।

**१२**सबै कुराहरूभन्दा मुख्य कुरा, मेरा भाइ
हो, स्वर्गको नाउँमा, अथवा पृथ्वीको नाउँमा
अथवा कुनै कुराको नाउँमा शपथ नखाओ ।
तिमीहरूको "हो" चाहिँ हो अनि "होइन" चाहिँ
होइन होस्, नत्रता तिमीहरू दोषी ठहरिनेछौ ।

### विश्वासको प्रार्थना

**१३**के तिमीहरूमध्ये कोही सङ्कष्टमा छ ?
त्यसले प्रार्थना गरोस् । के कोही आनन्दित छ ?
त्यसले प्रशंसाका गीतहरू गाओस् । **१४**के
तिमीहरूमध्ये कोही बिरामी छ ? त्यसले
मण्डलीका एल्डरहरूलाई त्यसको निम्ति
प्रार्थना गरिदिन र प्रभुको नाउँमा त्यसलाई
तेलले अभिषेक गरिदिन बोलाउनुपर्छ । **१५**अनि
विश्वाससाथ गरिएको प्रार्थनाले त्यस बिरामीलाई
निको पार्छ; प्रभुले त्यसलाई बिरामी अवस्थाबाट
उठाउनुहुन्छ । यदि त्यसले पाप गरेको छ भने,
त्यसले क्षमा पाउनेछ । **१६**यसकारण एक अर्कामा
तिमीहरूको पाप स्वीकार गर र तिमीहरू निको
हुनलाई एक अर्काको निम्ति प्रार्थना गर ।
धार्मिक मानिसको प्रार्थना शक्तिशाली र
प्रभावशाली हुन्छ ।

**१७**एलिया पनि हामीजस्तै मानिस थिए ।
तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना
गरे । अनि देशमा साढ़े तीन वर्षसम्म
पानी परेन । **१८**अनि तिनले फेरि प्रार्थना गरे,
र आकाशबाट वृष्टि भयो, अनि पृथ्वीले आफ्ना
अन्नहरू उब्जायो ।

**१९**मेरा भाइ हो, तिमीहरूमध्ये कोही
सत्यताबाट तर्किगएको छ र कसैले त्यसलाई
फर्काइल्याउँछ भने, **२०**यो याद राख: जसले
एक जना पापीलाई त्यसको भूल बाटोबाट
फर्काउँछ, त्यसले त्यसलाई मृत्युबाट बचाएर
थुप्रै पापहरू ढाकिदिन्छ ।

---

**५:४**–व्यवस्था २४:१४-१५. **५:११**–अय्यूब १:२१-२२; २:१०; भजन १०३:८. **५:१२**–मत्ती ५:३४-३७.
**५:१४**–मर्कूस ६:१३. **५:१७**–१ राजा १७:१; १८:१. **५:१८**–१ राजा १८:४२-४५.
**५:२०**–हितोपदेश १०:१२; १ पत्रुस ४:८.

# पत्रुसको
## पहिलो पत्र

**१** येशू ख्रीष्टको प्रेरित पत्रुसबाट,
परमेश्वरका चुनिएका, पृथ्वीमा परदेशीहरू,
पोन्टस, गलातिया, कापाडोकिया, एशिया
तथा बिथिनियामा छरिएकाहरू, **२**येशू ख्रीष्टको
आज्ञापालन र उहाँको रगतको छिट्काउको
निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर
पिताको उद्देश्यअनुसार छानिएकाहरूप्रतिः

अनुग्रह र शान्ति प्रचुर मात्रामा तिमीहरूसँग
होस् ।

### जीवित आशाको निम्ति परमेश्वरको स्तुति

**३**हाम्रा प्रभु येशू ख्रीष्ट तथा परमेश्वरलाई
स्तुति होस् ! उहाँको अपार कृपामा येशू ख्रीष्ट
मृतकबाट फेरि जीवित पारिनुभएकोले जीवित
आशाको लागि हामीलाई नयाँ जन्म दिनुभएको
छ, **४**र कहिल्यै नाश नहुने, नबिग्रने वा लोप
नहुने उत्तराधिकार दिनुभएको छ, **५**जुन पछिल्ला
दिनमा प्रकाशित हुने मुक्ति आई नपुगुन्जेलसम्म
विश्वासद्वारा परमेश्वरको शक्तिले सुरक्षित
गरिएका छन् । **६**सबै किसिमका परीक्षाहरूमा
तिमीहरूले अहिले केही समयको लागि दुःख सहनु
परे तापनि यसमा तिमीहरू खुबै रमाउँछौ ।
**७**आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा
पनि तिमीहरूको विश्वास मूल्यावान छ ।
तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्
अनि येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा
र आदरको योग्य बनोस् । **८**यद्यपि तिमीहरूले
उहाँलाई देखेका छैनौ, तरपनि तिमीहरू उहाँलाई
प्रेम गर्दछौ; र तिमीहरू अहिले उहाँलाई देख्दैनौ,
तापनि तिमीहरू उहाँमाथि विश्वास गर्दछौ र
तिमीहरू अवर्णनीय र महिमित आनन्दले
भरिएका छौ, **९**किनकि तिमीहरू तिमीहरूका
विश्वासको फल अर्थात् तिमीहरूको आत्माको
उद्धार प्राप्त गर्दैछौ ।
**१०**तिमीहरूका निम्ति हुन आउने अनुग्रहको
विषयमा अगमवाणी बोल्ने ती अगमवक्ताहरूले
यही मुक्तिको खोजी र तलाश गरेका थिए ।
**११**तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले
ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको
भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र
परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका
थिए । **१२**उनीहरूले आफ्नो होइन तर तिमीहरूको
सेवा गरेको कुरा तिनीहरूलाई बोध गराए,
जतिखेर तिनीहरूले स्वर्गबाट पठाइनुभएको
पवित्र आत्माद्वारा तिमीहरूलाई सुसमाचार
प्रचार गर्नेहरूले अहिले तिमीहरूलाई भनेका
कुराहरूबारे बताएका थिए । स्वर्गदूतहरूले पनि
यी कुराहरू हेर्न चाहेका थिए ।

### पवित्र होओ

**१३**यसकारण, कामको निम्ति तिमीहरू
आफ्नो मनलाई तयार गर; आत्मनियन्त्रित होओ;
तिमीहरूको सम्पूर्ण विश्वास त्यो अनुग्रहमाथि
राख जो येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूलाई
दिनुहुनेछ । **१४**आज्ञाकारी बालबालिकाहरू भएको
हुनाले अबोध अवस्थामा हुँदा तिमीहरूसित
भएको दुष्ट अभिलाषाअनुरूप नचल । **१५**तर
तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनु भएझैं,
तिमीहरू पनि तिमीहरूले गर्ने सबै कुरामा
पवित्र होओ, **१६**किनकि धर्मशास्त्रमा यसरी
लेखिएको छः “पवित्र होओ, किनकि म पवित्र
छु ।”
**१७**किनकि तिमीहरू हरेक मानिसको
कामलाई निस्पक्ष न्याय गर्ने पितालाई पुकार्दछौ,
तिमीहरू यहाँ आफ्ना जीवन परदेशीझैं भक्तिपूर्ण

---

**१:१६**–लेवी ११:४४-४५; १९:२.

भयमा बिताओ । **१८**किनकि तिमीहरू जान्दछौ, तिमीहरूका पिता पुर्खाबाट तिमीहरूले पाएको व्यर्थका कुराहरूदेखि, चाँदी वा सुनजस्ता नाशमान वस्तुबाट छुटकारा पाएका होइनौ, **१९**तर दाग र खोट नभएको थुमा, ख्रीष्टको बहुमूल्य रगतले छुटकारा पाएका छौं । **२०**उहाँ संसारको सृष्टिभन्दा अघि छानिनुभएको थियो, तर तिमीहरूका खातिर यी अन्तिम सययमा प्रकट हुनुभयो । **२१**उहाँद्वारा तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, जसले उहाँलाई मृतकबाट उठाउनुभयो र उहाँको महिमा गर्नुभयो, यसर्थ तिमीहरूको विश्वास र आशा परमेश्वरमाथि छ ।

**२२**अब तिमीहरूले सत्यको पालना गरी आफूलाई शुद्ध बनाएका छौ र यसरी तिमीहरूसित तिमीहरूका भाइहरूका निम्ति विशुद्ध प्रेम छ, तिमीहरू एक अर्कालाई आफ्नो हृदयबाट नै गहिरो प्रेम गर । **२३**किनकि परमेश्वरको जीवित र रहिरहने वचनद्वारा नाशमान् होइन तर अविनाशी वीर्यले तिमीहरूको नयाँ जन्म भएको छ । **२४**कारण धर्मशास्त्रमा लेखिएको छ,

> "सबै मानिसहरू घाँसझैं छन्,
> र तिनीहरूका सम्पूर्ण महिमा मैदानका फूलझैं छन्,
> घाँस ओइलाउँछ र फूल झरिहाल्छ,
> **२५** तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ ।"

अनि यही वचन नै तिमीहरूलाई प्रचार गरिएको थियो ।

**२** त्यसकारण, सबै घृणा अनि सबै छल, कपट, डाहा र सबै किसिमका निन्दादेखि आफूलाई अलग राख । **२**नयाँ जन्मेका बालकझैं, शुद्ध आत्मिकी दूधको तृष्णा गर, यसरी तिमीहरू आफ्नो मुक्तिमा बढ्दै जाओ, **३**किनकि परमेश्वर असल हुनुहुन्छ भनी तिमीहरूले चाखेका छौ ।

### जीवित पत्थर तथा चुनिएका मानिसहरू

**४**जसै तिमीहरू मानिसहरूले त्यागेका तर परमेश्वरले छान्नुभएको तथा उहाँको निम्ति बहुमूल्य जीवित पत्थरकहाँ आउँदछौ– **५**तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउँदै पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिकी घर बन्दैजाओ । **६**किनकि धर्मशास्त्रमा यो लेखिएको छः

> "हेर, सियोनमा म पत्थर राख्दैछु,
> एक चुनिएको र बहुमूल्य शिर ढुङ्गा,
> र उहाँमाथि जसले विश्वास गर्छ
> त्यो कहिल्यै शर्ममा पर्नेछैन ।"

**७**यसर्थ तिमी विश्वास गर्नेका लागि, यो पत्थर बहुमूल्य छ । तर विश्वास नगर्नेहरूका लागि,

> "जुन ढुङ्गालाई निर्माताहरूले रद्द गरे,
> त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो ।"

**८**र,

> "यस्तो ढुङ्गो जसले मानिसहरूलाई ठेस
> खान लगाउँछ र यस्तो चट्टान जसले
> तिनीहरूलाई खसाल्छ ।"

तिनीहरू लड़छन् किनकि उनीहरू सुसमाचारको उलङ्घन गर्छन्– यसैको निम्ति नै उनीहरू नियुक्त भएका थिए ।

**९**तर तिमीहरू चुनिएका मानिसहरू हौ, राजकीय पूजाहारीगिरी, एक पवित्र जाति, परमेश्वरका आफ्ना मानिसहरू र तिमीहरूले उहाँलाई अर्थात् तिमीहरूलाई अन्धकारबाट आफ्नो अद्भुत ज्योतिमा बोलाउनुहुनेको प्रशंसाको घोषणा गर । **१०**एक समय तिमीहरू उहाँका मानिस थिएनौ, तर अब तिमीहरू परमेश्वरका मानिस भएका छौ; एक समय तिमीहरूले दया पाएका थिएनौ, तर अब तिमीहरूले दया पाएका छौ ।

---

**१:२४–२५**–यशैया ४०:६-८. **२:३**–भजन ३४:८. **२:६**–यशैया २८:१६. **२:७**–भजन ११८:२२. **२:८**–यशैया ८:१४-१५. **२:९**–प्रस्थान १९:५-६; यशैया ४३:२०-२१; व्यवस्था४:२०; ७:६; १४:२; तितस २:१४, यशैय ९:२. **२:१०**–होशे २:२३.

**११**मित्रहरू हो, संसारमा विदेशी र प्रवासीको रूपमा, तिमीहरूका पापमय इच्छादेखि, जसले तिमीहरूको आत्माका विरुद्ध लड़ाइँ गर्छ, त्यसदेखि अलग बस भनी म निवेदन गर्दछु । **१२**अधर्मीहरूको बीचमा यस्तो असल जीवन बिताओ कि, उनीहरूले तिमीहरूलाई गलत काम गरेको दोष लगाए तापनि, तिमीहरूका सुकर्म देखून् र परमेश्वर हामीकहाँ आउनुहुने दिनमा उहाँको महिमा गरून् ।

### शासकहरू र मालिकहरूको अधीनता

**१३**प्रभुकै निम्ति तिमीहरू आफूलाई मानिसहरूको बीचमा संस्थापन गरिएका हरेक अख्तियारको अधीनमा राख: चाहे सर्वोच्च अधिकारको रूपमा राजा हुन्, **१४**अथवा हाकिमहरू, जसलाई राजाले खराब काम गर्नेहरूलाई दण्ड दिन र ठीक काम गर्नेहरूलाई इज्जत दिन पठाएका हुन्छन् । **१५**किनकि परमेश्वरको इच्छा यो छ कि तिमीहरूले असल काम गरेर मूर्ख मानिसहरूको अज्ञानताका कुरालाई चूप गराउनुपर्दछ । **१६**स्वतन्त्र मानिसहरूभैँ बाँच, तर आफ्नो स्वतन्त्रतालाई दुष्टता छोप्ने आवरणको रूपमा प्रयोग नगर; परमेश्वरका सेवकहरूभैँ जीवन बिताओ । **१७**सबैलाई उचित आदर देखाओ: विश्वासीहरूको समूहलाई भ्रातृ प्रेम गर, परमेश्वरसँग डराओ, राजालाई आदर गर ।

**१८**दासहरू हो, पूर्ण आदरसाथ आफ्ना मालिकहरूको अधीनतामा बस, असल र समभ्फदार मालिकहरूको मात्र होइन, तर कठोर मालिकहरूको पनि अधीनमा बस । **१९**परमेश्वरलाई सम्भेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय हुन्छ । **२०**तर गलत काम गरेको कारण पिटाइ खान्छौ र सहन्छौ भने, यसमा प्रेमको के अर्थ भयो र ? तर यदि तिमीले असल काम गरेको कारण कष्ट पायौ र सहचौ भने, यो परमेश्वरको अगि प्रशंसनीय छ । **२१**यसैको निम्ति तिमीहरू बोलाइएका छौ, किनकि खीष्टले तिमीहरूको निम्ति कष्ट सहनुभयो, र तिमीहरूको निम्ति एउटा नमूना छोड़नुभयो अनि तिमीहरूले उहाँको पाइला पछ्याउनुपर्नेछ ।

२२ "उहाँले कुनै पाप गर्नुभएन,
र उहाँको मुखमा कुनै छलको कुरा
पाइएन ।"

**२३**तिनीहरूले उहाँमाथि अपमान गर्दा, उहाँले बदला लिनुभएन । उहाँले दु:ख भोग्नुहुँदा, धम्काउनुभएन । यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहाँ आफूलाई सुम्पिनुभयो । **२४**उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो, यसरी पापको निम्ति मरौं र धार्मिकताको निम्ति जिऔं । उहाँको चोटद्वारा तिमीहरू निको भयौ । **२५**किनकि तिमीहरू भेड़ाहरूभैँ बरालिँदै थियौ, तर अब तिमीहरू तिमीहरूका आत्माका गोठाला र संरक्षककहाँ फर्केका छौ ।

### पतिहरू र पत्नीहरू

**३** हे पत्नी हो, यसरी नै तिमीहरू आफ्ना पतिहरूका अधीनमा बस र यदि तिनीहरूमध्ये कसैले वचनमाथि विश्वास गर्दैन भने, तिनीहरूका पत्नीहरूको आचरणले गर्दा कुराविना नै तिनीहरू जितिऊन् । **२**तिमीहरूको जीवनको शुद्धता र आदर देखेर तिनीहरू परिवर्तन हुनेछन् । **३**तिमीहरूका सौन्दर्य, बाटेका केश, सुनका गहना तथा राम्रा लुगाफाटाहरू जस्ता बाहिरी सिङ्गारले नहोस् । **४**तर तिमीहरूको आन्तरिक व्यक्तित्वमा नम्र र शान्त आत्माको नओइलाउने सौन्दर्य होस्, जो परमेश्वरको दृष्टिमा अति मूल्यवान् छ । **५**किनकि परमेश्वरमाथि आशा गर्ने प्राचीनकालका पवित्र महिलाहरूले यसै गरी आफूलाई सुन्दर बनाउँथे । तिनीहरू आफ्ना पतिहरूका अधीनमा रहन्थे, **६**साराजस्तै, जसले अब्राहामको आज्ञा पालन गर्थिन् र तिनलाई आफ्नो मालिक भन्थिन् । यदि तिमीहरू

---

**२:२२**–यशैया ५३:९. **२:२३**–यशैया ५३:७. **२:२४**–यशैया ५३:५. **२:२५**–यशैया ५३:६.
**३:१**–एफिसी ५:२२; कलस्सी ३:१८. **३:३**–१ तिमोथी २:९. **३:६**–उत्पत्ति १८:१२.

असल काम गर्छौ र डराउँदैनौ भने तिमीहरू
यिनैका छोरीहरू हौ ।
**७**हे पति हो, त्यसै गरी आफ्ना पत्नीलाई
कमजोर पात्र र जीवनका अनुग्रहका साझा
उत्तराधिकारी सम्झिएर, उनीहरूलाई आदर
गर्दै बुद्धिमानीसाथ उनीहरूसँग बस र तिमीहरूका
प्रार्थना नरोकियोस् ।

### असल काम गरेवापत दु:ख भोगाइ

**८**अन्त्यमा, तिमीहरू सबै, एक अर्कासित
मिलापमा बस; दु:खका सहभागी होओ, दाज्यू-
भाइहरूझैँ प्रेम गर, टिठालु र नम्र होओ ।
**९**दुष्टताको सट्टा दुष्टता नगर अथवा अपमानको
सट्टा अपमान, तर आशीर्वाद देओ, किनकि
आशिष्‌को हकदार हुनलाई तिमीहरू यसैको
निम्ति बोलाइएका हौ । **१०**किनकि धर्मशास्त्रमा
लेखिएको छ,

"जसले जीवनलाई प्रेम गर्न
र असल दिन देख्न चाहन्छ,
तिनले आफ्ना जिब्रोलाई खराबीबाट
र आफ्ना ओठहरूलाई छलका
बोलीबाट बचाउनुपर्दछ ।
**११** तिनले खराबीबाट फर्केर असल
गर्नुपर्दछ;
तिनले शान्तिको खोजी गर्नुपर्दछ
र त्यसलाई पछ्याउनुपर्दछ ।
**१२** किनकि परमप्रभुका आँखा
धर्मीहरूमाथि रहन्छन्,
र उहाँका कानहरूले तिनीहरूका
प्रार्थनातिर ध्यान दिन्छन्,
तर परमप्रभुको मुहार खराबी
गर्नेहरूका विरुद्धमा हुन्छ ।"

**१३**त्यसैले तिमीहरू असल गर्न उत्सुक हुन्छौ
भने, कसले तिमीहरूलाई हानि गर्छ ? **१४**तर
ठीक कुराको लागि तिमीहरूले दु:ख सहनुपर्ने
भए तापनि तिमीहरू धन्यका हौ । "तिनीहरू
डराउने कुराहरूबाट तिमीहरू नडराओ, भयभीत
नहोओ ।" **१५**तर तिमीहरूका हृदयमा ख्रीष्टलाई
प्रभु मानेर उहाँको श्रद्धा गर । तिमीहरूसँग
भएका आशाको कारण सम्बन्धी प्रश्न गर्ने
हरेकलाई उत्तर दिन सधैँ तयार रहो । तर यो
नम्रता र इज्जतसाथ गर, **१६**सफा विवेकसहित
यसरी ख्रीष्टमा तिमीहरूको असल व्यवहारको
विरुद्ध द्वेषपूर्ण रूपले बोल्नेहरू आफूले गरेको
निन्दाबाट लज्जाऊन् । **१७**परमेश्वरको इच्छा
भए, खराबी गरेर दु:ख भोग्नुभन्दा असल गरेर
दु:ख भोग्नु असल हो । **१८**किनकि हामीलाई
परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि हाम्रा सम्पूर्ण
पापका निम्ति सदाको लागि एकचोटि मर्नुभयो,
उहाँ धर्मी जन भएर अधर्मीहरूको निम्ति
शरीरमा मारिनुभयो तर आत्माद्वारा जीवित
पारिनुभयो, **१९**यही आत्मामा उहाँ जानुभयो र
कैदमा भएका आत्माहरूलाई पनि प्रचार
गर्नुभयो, **२०**जुनहरूले धेरै अघि आज्ञा उलङ्घन
गरे जुन बेला परमेश्वरले नूहको समयमा
जहाज बनिँदै गर्दा धैर्यसाथ पर्खनुभयो ।
जसमा पानीबाट केही मानिस, अर्थात् जम्मा
आठ मानिसहरू बाँचे, **२१**अनि यो पानीले
बप्तिस्मालाई सङ्केत गर्दछ जसले तिमीहरूलाई
पनि अहिले बचाएको छ– यसले शरीरबाट
मैलो निकाल्ने होइन तरयो परमेश्वरप्रति असल
विवेक हो– बाचा हो । यसले तिमीहरूलाई
येशू ख्रीष्टको पुनरुत्थानद्वारा बचाउँदछ, **२२**ख्रीष्ट,
जो स्वर्गमा जानुभएको छ र परमेश्वरको
दाहिने हातपट्टि स्वर्गदूतहरू, अधिकारहरू तथा
शक्तिहरूसित उहाँको अधीनतामा बस्नुभएको
छ ।

### परमेश्वरको निम्ति जिउनु

**४** यसकारण, ख्रीष्टले आफ्नो शरीरमा
दु:ख भोग्नुभएकोले, तिमीहरू आफूलाई
पनि त्यही भावनाले सुसज्जित पार, किनकि
जसले आफ्नो शरीरमा दु:ख भोगेको हुन्छ त्यसले
पापलाई त्यागेको हुन्छ । **२**फलस्वरूप, त्यसले

---

**३:७**–एफिसी ५:२५; कलस्सी ३:१९. **३:१०-१२**–भजन ३४:१२-१६. **३:१४-१५**–मत्ती ५:१०;
यशैया ८:१२-१३. **३:२०**–उत्पत्ति ६:१-७:२२.

आफ्नो बाँकी शारीरिक जीवन दुष्ट मानवीय इच्छाको लागि जिउँदैन, तर बरु परमेश्वरको इच्छाको निम्ति जिउँदछ । **३**किनकि बितेका समयमा तिमीहरूले दुराचार, वासनाका जीवन, मतवालीपन, कामुक आमोद, मद्यपान तथा घिनलाग्दा मूर्तिपूजा जस्ता गैर-यहूदीले गर्न छानेका कुराहरूमा प्रशस्त समय बितायौ ।
**४**तिमीहरू तिनीहरूसँग तिनीहरूका दुराचारको भलमा पसेनौ भनेर तिनीहरूले अचम्म मानेका छन्, र तिमीहरूमाथि गाली थुपारेका छन् ।
**५**तर तिनीहरूले जिउँदा र मरेकाहरूको न्याय गर्न तयार हुनुभएकालाई बयान दिनुपर्नेछ ।
**६**यसैकारण त अहिले मरिसकेका समेतलाई सुसमाचार प्रचार गरिएको हो । यसरी मानिसहरूका अनुसार शरीर सम्बन्धी तिनीहरूका इन्साफ होस् र परमेश्वरका अनुसार तिनीहरू आत्मामा जिऊन् ।

**७**सबै कुराको अन्त्य नजीकै छ । यसकारण चोखा मनका र संयमी होओ र तिमीहरू प्रार्थना गर्नसक्ने होओ । **८**सबैभन्दा बढी, एक अर्कालाई गहिरो प्रेम गर, किनकि प्रेमले असङ्ख्य पापहरूलाई ढाक्दछ । **९**एक अर्कालाई विनागनगन सत्कार गर । **१०**जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहको विभिन्न वरदान पाएका असल भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर । **११**यदि कसैले बोलेमा, परमेश्वरकै शब्द बोलेझैं बोल्नुपर्दछ । यदि कसैले सेवा गर्छ भने, परमेश्वरले दिनुहुने बलद्वारा सेवा गरोस्, यसरी सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरको प्रशंसा होस् । उहाँलाई सदासर्वदा महिमा र शक्ति होस् । आमेन ।

### ख्रीष्टियान भएकोमा दुःख भोगाइ

**१२**प्रिय मित्र हो, तिमीहरूले कष्टपूर्ण दुःख भोग्नुपर्दा तिमीहरूलाई कुनै अनौठो कुरा आइपरेको छ भनी अचम्म नमान । **१३**तर तिमीहरू ख्रीष्टको दुःखमा सहभागी हुन पाएकोमा आनन्द गर, यसरी उहाँको महिमा प्रकट हुँदा तिमीहरूको आनन्द प्रशस्त होस् ।
**१४**ख्रीष्टको नाउँको कारण अपमानित भएका छौ भने, तिमीहरू धन्यका हौ, किनकि महिमा र परमेश्वरको आत्मा तिमीहरूमा बस्नुहुन्छ ।
**१५**तिमीहरूले कष्ट भोग्छौ भने, ज्यानमारा, चोर वा अरू कुनै किसिमको अपराधी, वा हस्तक्षेप गर्नेले झैं नहोस् । **१६**तापनि, तिमीहरूले ख्रीष्टियान भएको कारण कष्ट भोग्यौ भने, लाज नमान, तर तिमीहरूले त्यो नाम पाएका छौ भनी परमेश्वरको प्रशंसा गर । **१७**किनकि परमेश्वरकै परिवारबाट इन्साफ शुरु हुने बेला आएको छ; र यो यदि हामीबाटै शुरु हुने भए, परमेश्वरको सुसमाचार नमान्नेहरूको नतीजा के होला ? **१८**धर्मशास्त्रमा लेखिएको छ,

> "धर्मीहरू कठिनतापूर्वक बाँच्छन् भने,
> अधर्मी र पापीहरूको गति के होला ?"

**१९**यसर्थ, परमेश्वरको इच्छाअनुसार कष्ट भोग्नेहरूले आफूलाई तिनीहरूका विश्वासयोग्य सृष्टिकर्ताकहाँ समर्पण गर्नुपर्छ र असल गर्नमा लागि रहनुपर्छ ।

### धर्मगुरुहरू र युवाहरूलाई

**५** तिमीहरूमध्येका धर्मगुरुलाई, म पनि एक धर्मगुरुको रूपमा, जो ख्रीष्टको दुःखको साक्षी र जो प्रकट हुन लागेको महिमामा सहभागी हुनेछ, तिमीहरूलाई अनुरोध गर्दछु:
**२**तिमीहरूको हेरचाहामा भएका परमेश्वरका भेड़ाहरूको रखवालाको रूपमा सेवा गर्दै गोठालो होओ– तिमीहरूले गर्नैपर्छ भनेर होइन, तर परमेश्वरले चाहनुभएझैं तिमीहरूको इच्छाले; पैसाको लोभले होइन तर तिमीहरूको उत्कट इच्छाले; **३**तिमीहरूको जिम्मामा रहेकाहरूमाथि प्रभुत्व जमाएर होइन, तर बगालको निम्ति नमूना भएर सेवाकायी गर । **४**अनि जब प्रधान गोठालो देखा पर्नुहुन्छ, तिमीहरूले कहिल्यै नओइलाउने महिमाको मुकुट पाउनेछौ ।
**५**जवान मानिस हो, यसरी नै उमेरमा

**४:८**–हितोपदेश १०:१२. **४:१८**–हितोपदेश ११:३१. **५:२**–यूहन्ना २१:१५-१७. **५:५**–हितोपदेश ३:३४.

ठूलाहरूको अधीनमा बस। एक अर्काप्रति सबैले
नम्रताको वस्त्र लगाओ, किनकि धर्मशास्त्रमा
लेखिएको छ,

> "परमेश्वरले घमण्डीहरूको विरोध
> गर्नुहुन्छ
> तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।"

**६**यसैकारण, परमेश्वरको शक्तिशाली हातमुनि
आफूलाई नम्र बनाओ, यसरी उहाँले उचित समयमा
तिमीहरूलाई उच्च पार्नुहुनेछ। **७**तिमीहरूका
सबै चिन्ता उहाँमाथि राख किनकि उहाँले
तिमीहरूको फिक्री गर्नुहुन्छ।

**८**संयमी र चनाखो होओ। तिमीहरूको
शत्रु शैतान कसलाई भेट्टाऊँ र खाइहालूँ
भनी गर्जने सिंहझैं यताउति घुमिहिँड्छ।
**९**विश्वासमा स्थिर भई त्यसको प्रतिरोध गर,
किनकि तिमीहरू जान्दछौ संसारभरि नै
तिमीहरूका दाज्यूभाइहरूले त्यस्तै किसिमको
कष्ट भोगिरहेछन्।

**१०**सबै अनुग्रहका परमेश्वर, जसले
तिमीहरूलाई ख्रीष्टमा आफ्नो अनन्त महिमामा
बोलाउनुभएको छ, तिमीहरूले केही समयसम्म
कष्ट भोगेपछि, उहाँले नै तिमीहरूलाई पुनर्स्थापन
गर्नुहुनेछ र तिमीहरूलाई बलिया, स्थिर र
शक्तिशाली बनाउनुहुनेछ। **११**उहाँलाई नै महिमा
र पराक्रम सदासर्वदा भइरहोस्। आमेन।

## अन्तिम अभिवादन

**१२**सिलासको सहायताले, जसलाई म एक
विश्वासयोग्य भाइ ठान्दछु, मैले तिमीहरूलाई
उत्साह दिँदै तथा यही नै परमेश्वरको सत्य
अनुग्रह भनी छोटकरीमा लेखेको छु। यसमा
अटल रहो।

**१३**तिमीहरूसँगै छानिएकी बेबिलोनमा हुनेले
तिमीहरूलाई अभिवादन पठाएकी छिन्, साथै
मेरा छोरा मर्कूसले पनि। **१४**एक अर्कालाई
प्रेमको चुम्बनले अभिवादन गर।

ख्रीष्टमा भएका तिमीहरू सबैलाई शान्ति।

---

**५:६**–मत्ती २३:१२; लूका १४:११; १८:१४. **५:१२**–प्रेरित १५:२२,४०. **५:१३**–प्रेरित १२:१२, २५; १३:१३; १५:३७-३९; कलस्सी ४:१०; फिलेमोन २४.

# पत्रुसको
## दोस्रो पत्र

**१** येशू ख्रीष्टका सेवक र प्रेरित सिमोन पत्रुसबाट,

तिनीहरूलाई जसले हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकताद्वारा हाम्रो जस्तै बहुमूल्य विश्वास पाएका छन्:

**२**परमेश्वर र येशू हाम्रा प्रभुको ज्ञानद्वारा तिमीहरूलाई अनुग्रह र शान्ति प्रशस्त मात्रामा होस् ।

### बोलावट र छनोटको निश्चयता

**३**उहाँको ईश्वरीय शक्तिले उहाँ सम्बन्धी
हाम्रो ज्ञान, जसले आफ्नै महिमा र भलाइमा
हामीलाई बोलाउनुभएको छ हामीलाई हाम्रा
जीवन र धार्मिकताका निम्ति चाहिने सबै
आवश्यकता दिनुभएको छ । **४**यीद्वारा उहाँले
हामीलाई आफ्ना महान् र बहुमूल्य प्रतिज्ञाहरू
दिनुभएको छ, यसरी तीद्वारा तिमीहरू ईश्वरीय
स्वभावमा सहभागी बन र दुष्ट इच्छाहरूले
ल्याउने भ्रष्टाचारदेखि भाग्न सक्छौ ।
**५**यसैको लागि नै, आफ्नो विश्वासमा सद्‌गुण
र सद्‌गुणमा ज्ञान; **६**ज्ञानमा आत्मसंयम; आत्म-
संयममा धैर्य, धैर्यमा भक्ति, **७**भक्तिमा भ्रातृ-स्नेह,
र भ्रातृ-स्नेहमा प्रेम थप्नलाई अथक परिश्रम
गर । **८**किनकि यी गुणहरू तिमीहरूमा प्रशस्त
मात्रामा छन् भने, हाम्रा प्रभु येशू ख्रीष्टको
ज्ञानमा यी गुणहरूले तिमीहरूलाई बेकम्मा र
फलरहित हुनदेखि बचाउनेछन् । **९**तर कसैमा
ती छैनन् भने, ऊ नजीकै मात्र देख्ने र अन्धो
हुन्छ, र उसका पुराना पापहरू सफा गरिएका
छन् भन्ने कुरा भुलेको हुन्छ ।
**१०**यसैकारण, हे मेरा भाइहरू हो, तिमीहरू
आफ्नो बोलावट र छनोटलाई निश्चित गर्न
उत्सुक बन । किनकि तिमीहरूले यी कुरा
गर्‍यौ भने, तिमीहरू कहिल्यै असफल हुनेछैनौ,
**११**र तिमीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशूको
अनन्त राज्यमा भव्य स्वागत पाउनेछौ ।

### धर्मशास्त्रको अगमवाणी

**१२**यसर्थ तिमीहरूले यी कुराहरू जानेर
अहिले तिमीहरूसित भएको सत्यतामा स्थिरतापूर्वक
स्थापित भएका भए तापनि तिमीहरूलाई यी
कुराहरू सधैँ स्मरण गराउनेछु । **१३**म यो
शरीर रूपी पालमा छउञ्जेल तिमीहरूको
सम्झनालाई ताजा गरिराख्न उचित ठान्दछु,
**१४**किनकि हाम्रा प्रभु येशू ख्रीष्टले मलाई स्पष्ट
पार्नुभएझैँ म चाँडै नै यसलाई पन्छाउनेछु
भनी जान्दछु । **१५**अनि मेरो प्रस्थानपछि
पनि तिमीहरूले यी कुराहरू सम्झिराख्न सक्ने
तुल्याउनलाई म सकेसम्म प्रयास गर्नेछु ।
**१६**हाम्रा प्रभु येशू ख्रीष्टको शक्ति र आगमनको
सम्बन्धमा तिमीहरूलाई बताउँदा हामीहरू कुनै
धूर्त दन्त्यकथाहरूको पछि लागेनौं, तर हामी
त उहाँका वैभव देख्ने साक्षीहरू थियौं ।
**१७**किनकि उहाँले परमेश्वर पिताबाट इज्जत
र महिमा प्राप्त गर्नुभयो, जुनबेला महिमामय
गौरवबाट यसो भन्ने आवाज उहाँकहाँ आयो,
"यी मेरा प्रिय पुत्र हुन्, जसलाई म प्रेम गर्दछु;
उनीसित म अति प्रसन्न छु ।" **१८**त्यो पवित्र
डाँड़ामा जब हामी उहाँसित थियौं स्वर्गबाट
आएको त्यो आवाज हामी आफैले सुन्यौं ।
**१९**अनि हामीसित भएका अगमवक्ताका
शब्दहरू अझ निश्चित भएका छन्, र दिनको
उदय भई बिहानीको तारा तिमीहरूको हृदयमा
उदय नभएसम्म अन्धकार स्थानमा ज्योति
चम्केझैँ तिमीहरूले यस कुरामाथि ध्यान दिनु

---

**१:१७-१८**–मत्ती १७:१-५; मर्कूस ९:२-७; लूका ९:२८-३५.

असलै हुनेछ । **२०**मुख्य कुरो, तिमीहरूले यो
बुझ्नुपर्दछ कि धर्मशास्त्रमा भएका अगमवाणीहरू
अगमवक्ताहरूका आफ्नै व्यवस्थाबाट आएका
होइनन् । **२१**किनकि अगमवाणीको शुरु मानिसको
इच्छाबाट भएको होइन, तर पवित्र आत्माले
अगुवाइ गर्नुभएर मानिसहरूले परमेश्वरका
तर्फबाट बोलेका हुन् ।

### झूटा शिक्षकहरू र तिनीहरूको नाश

**२** तर त्यहाँ मानिसहरूका बीचमा झूटा
अगमवक्ताहरू पनि थिए, जसरी
तिनीहरूमध्ये पनि झूटा शिक्षक हुनेछन् ।
तिनीहरूले गुप्तमा झूटा शिक्षाहरू ल्याउनेछन् ।
तिनीहरूलाई किन्नु हुने सार्वभौम प्रभुलाई समेत
नकार्छन्– यसरी आफूमा चाँड़ो नाश ल्याउँछन् ।
**२**धेरैले आ-आफ्ना लाजमर्दो बाटो अप्नाउनेछन्
र सत्यको बाटोलाई निन्दनीय बनाउनेछन् ।
**३**त्यसरी नै आफ्नो लोभको कारण तिनीहरूले
आफूले कथेका कथाहरूद्वारा तिमीहरूलाई
शोषण गर्नेछन् । तिनीहरूको दण्ड धेरै समयदेखि
तिनीहरूमाथि रहेको छ, र तिनीहरूको नाश
सुतेको छैन ।

**४**किनकि यदि परमेश्वरले स्वर्गदूतहरूलाई
जब तिनीहरूले पाप गरे, त्यसै छोड्नु भएन, तर
तिनीहरूलाई नरकमा पठाउनुभयो, तिनीहरूलाई
इन्साफको निम्ति अन्धकारमय कारागारमा
राख्नुभयो भने; **५**यदि प्राचीन संसारलाई उहाँले
छोड्नुभएन, जब उहाँले अधर्मी मानिसहरूमाथि
जलप्रलय ल्याउनुभयो, तर धार्मिकताका प्रचारक
नूह र अरू सात जनालाई बचाउनुभयो; **६**यदि
उहाँले सदोम र गमोरालाई आगोद्वारा खरानी
बनाई सजाय दिनुभयो, र भक्तिहीनहरूका
सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो
भने; **७**अनि यदि उहाँले धर्मी लूतलाई, जो
छाड़ा स्वभावका मानिसहरूको भ्रष्ट जीवनदेखि
व्याकुल भएका थिए, बचाउनुभयो, **८**(किनकि
ती धर्मी मानिस, तिनीहरूसँग दिनहुँ बस्थे ।
तिनको धर्मी आत्मा तिनले देखेका र सुनेका
छाड़ा कामहरूद्वारा पिरोलिएको थियो)– **९**यदि
यसो हो भने, धर्मी मानिसहरूलाई सङ्कटबाट
बचाउन र अधर्मीहरूलाई इन्साफको दिनको
लागि जोगाइराख्न जान्नुहुन्छ । यद्यपि तिनीहरूको
दण्ड जारी राख्नुहुन्छ । **१०**यो विशेष तिनीहरूको
सम्बन्धमा सत्य छ जो पापमय स्वभावका भ्रष्ट
इच्छाहरूलाई पछ्याउँछन् र अधिकारलाई घृणा
गर्दछन् ।

ती मानिसहरू साहसी र हठी छन् अनि
स्वर्गीय प्राणीहरूको निन्दा गर्न तिनीहरू
डराउँदैनन्; **११**तापनि स्वर्गदूतहरूसमेत, तिनीहरू
बलिया र धेरै शक्तिशाली भए तापनि, प्रभुको
उपस्थितिमा यस्ता प्राणीहरूको विरुद्ध निन्दापूर्वक
दोष लगाउँदैनन् । **१२**तर यी मानिसहरू आफूले
नबुझ्ने कुराहरूमा पनि निन्दा गर्छन् । तिनीहरू
मुढे बल भएका पशु समान छन्, स्वभाविक
प्रवृत्तिले चल्ने प्राणीहरू, तिनीहरू समातिन
र मारिनलाई मात्र जन्मन्छन्, र तिनीहरू
पशुहरूझैं नाश हुन्छन् ।

**१३**तिनीहरूले गरेका हानिको सट्टा तिनीहरूको
पनि हानि गरिनेछ । तिनीहरूको लागि आनन्दको
अर्थ दिउँसै मद्यपान गर्नु हो । तिनीहरू
तिमीहरूसित चाड़ मनाउने क्रममा आफ्नो
आनन्दको मोजमज्जा लुट्छन् । तिनीहरू कलङ्क
र धब्बा हुन् । **१४**व्यभिचारपूर्ण दृष्टिसहित,
तिनीहरू कहिल्यै पाप गर्न छोड्दैनन्; तिनीहरू
चञ्चल मनहरूलाई भ्रष्ट पार्छन्; तिनीहरू
लोभका विशेषज्ञ हुन्– श्रापित समूह !
**१५**तिनीहरू सोझो बाटो छोड़ी बओरको छोरो
बालामको बाटो पछ्याउनलाई तर्केर गएका
छन्, जसले दुष्टताको ज्यालालाई रुचाए । **१६**तर
तिनको गलत कामको लागि तिनलाई एउटा
गधाले गाली गऱ्यो– जसको बोली नै हुँदैन–
जसले मानिसको सोरमा बोल्यो र अगमवक्ताको
पागलपनलाई रोक्यो ।

**१७**यी मानिसहरू पानी नभएका खोला र
आँधीले बत्ताएर लैजाने कुइरो जस्ता छन् ।
तिनीहरूको निम्ति कालोभन्दा कालो अन्धकार

---

**२:५**–उत्पत्ति ६:१-७:२४. **२:६**–उत्पत्ति १९:२४. **२:७**–उत्पत्ति १९:१-१६. **२:१५-१६**–गन्ती २२:४-३५.

राखिएको छ । १८किनकि तिनीहरूका मुखमा
रित्ता, अहङ्कारपूर्ण शब्दहरू छन्, र पापमय
मानव स्वभावका कामुक इच्छालाई उक्साउँदै,
भूलमा जीवन बिताउनेहरूबाट भर्खरै भाग्दै
गरेका मानिसहरूलाई फसाउँछन् । १९उनीहरू
तिनीहरूलाई स्वतन्त्रताको प्रतिज्ञा गर्दछन्, यद्यपि
तिनीहरू आफै दुष्टताका कमाराहरू हुन्–
किनकि जुन कुराले मानिसलाई अधीनमा
राखेको छ ऊ त्यसको कमारो हुन्छ । २०यदि
तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई
चिनेर संसारको भ्रष्टताबाट बाँचेका छन्
र फेरि उनीहरू त्यसमा अल्झिएका र त्यसबाट
हारेका छन् भने, तिनीहरूको अवस्था शुरुको
भन्दा अझ खराब हुन्छ । २१तिनीहरूको लागि
धार्मिकताको बाटो जानेर तिनीहरूलाई दिइएका
पवित्र आज्ञाहरूबाट पछि हट्नुभन्दा, बरु
त्यस सम्बन्धमा ज्ञानै नहुनु उत्तम हुनेथियो ।
२२उनीहरूको सम्बन्धमा यी उखानहरू सत्य
छन्, "कुकुर आफ्नै बान्ता खान्छ," र, "नुहाएको
सुङ्गुरनी फेरि हिलैमा खेल्न जान्छे ।"

## प्रभुको दिन

३ प्रिय मित्रहरू, यो तिमीहरूलाई मेरो दोस्रो
चिट्ठी हो । मैले ती दुवै चिट्ठीहरू
तिमीहरूलाई फाइदाजनक विचारतर्फ उत्तेजित
गराउन स्मरण पत्रको रूपमा लेखेको छु ।
२म तिमीहरूले बितेका समयमा पवित्र
अगमवक्ताद्वारा बोलिएका शब्दहरू र तिमीहरूका
चेलाहरूद्वारा हाम्रा प्रभु र मुक्तिदाताले दिनुभएको
आज्ञा पुन: स्मरण गर भनी इच्छा गर्दछु ।
३सबैभन्दा पहिले, तिमीहरूले बुझ्नुपर्दछ
कि अन्त्यका समयतिर खिसी गर्नेहरू आउनेछन्,
तिनीहरूले खिसी गर्नेछन् र आफ्नै दुष्ट
विचारहरूलाई पछ्याउनेछन् । ४अनि तिनीहरूले
भन्ने छन्, "उनले प्रतिज्ञा गरेअनुसार 'आगमन'
खोइ त ? हाम्रा पिता पुर्खाहरू मरेदेखि यता,
सृष्टिको शुरुदेखि चलिआएका कुराहरू यथावत
नै चलिरहेछन् ।" ५तर उनीहरू जानीबुझी
धेरै अघि परमेश्वरका वचनद्वारा स्वर्गको
अस्तित्व हुन आयो अनि पृथ्वी पानीबाट र
पानीसित निर्माण भयो भनी भुलिदिन्छन् ।
६पानीले नै त्यो समयको पृथ्वी जलामय भयो
र नाश पारियो । ७तिनै शब्दद्वारा वर्तमान् स्वर्ग
र पृथ्वी न्यायको दिन र अभक्त मानिसहरूको
नाश हुन आगोको लागि जोगाइराखिएको छ ।
८मेरा प्रिय मित्र हो, यो एउटा कुरा नभुल:
परमेश्वरको निम्ति एक दिन हजार वर्षझैँ छ,
र हजार वर्ष एक दिनझैँ । ९केही मानिसले
ढिलापनको विषयमा सोचेझैँ, प्रभु आफ्ना प्रतिज्ञा
पूरा गर्न ढिला गर्नुहुन्न । उहाँ धैर्यवान् हुनुहुन्छ,
उहाँ कोही पनि नाश भएको चाहनुहुन्न, तर
प्रत्येकले पश्चात्ताप गरून् भन्ने चाहनुहुन्छ ।
१०तर प्रभुको दिन चोरझैँ आउनेछ । स्वर्ग
गर्जनसहित लुप्त हुनेछ; तत्वहरू आगोद्वारा
नाश हुनेछन्, पृथ्वी र त्यसमा भएका सबै
कुराहरू नाङ्गो पारिनेछन् ।
११सबै कुराहरू यसरी नाश हुने हुनाले,
तिमीहरू कस्ता किसिमका मानिसहरू हुनुपर्छ ?
तिमीहरूले पवित्र र धार्मिक जीवन बिताउनुपर्छ ।
१२जसै तिमीहरूले परमेश्वरका दिनलाई पर्खँदैछौ
र त्यो दिन नजिक आएको चाहन्छौ । जुन
दिनले आगोद्वारा स्वर्गको नाश ल्याउनेछ, र
तत्वहरू तापमा पग्लिनेछन् । १३तर हामी उहाँको
प्रतिज्ञाअनुसार एउटा नयाँ स्वर्ग र एउटा नयाँ
पृथ्वी पर्खँदैछौं, जो धार्मिकताको घर हो ।
१४यसर्थ, प्रिय मित्रहरू हो, तिमीहरू यसको
बाटो हेर्दैछौ, यसर्थ दागरहित, दोषरहित तथा
उहाँसित शान्तिमा हुने सक्दो प्रयास गर ।
१५अनि हाम्रा प्रभुको धैर्यको अर्थ मुक्ति हो भन्ने
कुरालाई सम्झनामा राख, जसरी हाम्रा प्यारा
भाइ पावलले परमेश्वरले उहाँलाई दिनुभएको
ज्ञानसहित तिमीहरूलाई लेखेका छन् ।
१६उनले आफ्ना सबै चिट्ठी यिनै कुराहरूको
सम्बन्धमा एकै किसिमले लेखेका छन् । उनका

**२:२२**–हितोपदेश २६:११. **३:३**–उत्पत्ति १:६-९. **३:६**–उत्पत्ति ७:११. **३:८**–भजन ९०:४. **३:१०**–मत्ती २४:४३; लूका १२:३९; १ थेसलोनिकी ५:२; प्रकाश १६:१५. **३:१३**–यशैया ६५:१७; ६६:२२; प्रकाश २१:१.

चिट्‌ठीहरूमा केही कुराहरू छन् जसलाई बुझ्न गाह्रो छ, जुन अनभिज्ञ र अस्थिर मानिसहरूले अरू धर्मशास्त्रहरूलाई झैँ आफ्नै नाशको निमित्त बङ्ग्याउँछन् ।

**१७**यसर्थ, प्रिय मित्रहरू हो, यी कुराहरू तिमीहरूले बुझेकै हुनाले, होशियार होओ र नियमविहिनका मानिसहरूको गल्तीले तिमीहरूलाई नबहकाओस् र तिमीहरूका सुरक्षित स्थानबाट पतन नगराओस् । **१८**तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ़ । उहाँलाई अहिले अनि सदासर्वदा महिमा र आदर होस् ! आमेन ।

# यूहन्नाको
## पहिलो पत्र

### जीवनको वचन

**१** जो शुरुदेखि नै हुनुहुन्थ्यो, जसलाई हामीले
सुनेका छौं, जसलाई हामीले हाम्रै आँखाले
देखेका छौं, जसलाई हामीले हेरेका छौं र हाम्रै
हातले छोएका छौं– यही जीवनको वचनको
विषयमा हामी घोषणा गर्दछौं । **२**अनि त्यो वचन
जीवनमा प्रकट हुनुभयो; हामीले उहाँलाई देखेका
छौं र उहाँकै साक्षी दिन्छौं, अनि तिमीहरूलाई
हामी अनन्त जीवन घोषणा गर्दछौं, जो पितासँग
थियो र हामीकहाँ प्रकट भएको छ । **३**हामीले
जे देखेका र सुनेका छौं, त्यही हामी तिमीहरूलाई
बताउँछौं, यस हेतुले कि तिमीहरूको पनि
हामीसित सङ्गति होस् । अनि हाम्रो सङ्गति
पितासँग र उहाँका पुत्र येशू ख्रीष्टसँग छ ।
**४**त्यसैले हामी यो कुरा हाम्रो आनन्द पूर्ण होस्
भनेर लेख्दछौं ।

### ज्योतिमा हिँड्नु

**५**जुन सन्देश हामीले उहाँबाट सुन्यौं र
तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो: कि
परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कति पनि
अँध्यारो छैन । **६**यदि हामीले उहाँसँग हाम्रो
सङ्गति छ भन्छौं र पनि अन्धकारमा नै हिँड्छौं
भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं ।
**७**तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, त्यसरी नै
यदि हामी पनि ज्योतिमा हिँड्छौं भनेता, एक
अर्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र
येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध
पार्छ ।

**८**यदि हामीमा पाप छैन भनी हामी भन्छौं
भनेता, हामीले आफैलाई धोका दिन्छौं र हामीमा
सत्य हुँदैन । **९**यदि हामीले आफ्ना पापहरू
स्वीकार गर्‍यौं भने, पापहरू क्षमा गरिदिन
उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ अनि
हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ । **१०**यदि
हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं
भनेता, हामीले उहाँलाई झूटा तुल्याउँछौं र
हाम्रो जीवनमा उहाँको वचन रहँदैन ।

**२** मेरा प्यारा बालकहरू, तिमीहरूले पाप
नगर भनी म यी कुराहरू तिमीहरूलाई
लेख्दछु । तर यदि कसैले पाप गर्‍यो भने, पितासँग
हाम्रो बचाउका निम्ति बोलिदिने हाम्रा एक
सहायक हुनुहुन्छ– धार्मिक जन, येशू ख्रीष्ट ।
**२**अनि उहाँ हाम्रा पापहरूको निम्ति प्रायश्चितको
बलि हुनुहुन्छ, र केवल हाम्रा पापका निम्ति
मात्र होइन, तर सारा संसारका पापका निम्ति
पनि ।

**३**यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं
भने हामीले उहाँलाई चिनेका छौं भनी त्यसैबाट
हामी थाहा पाउँछौं । **४**कसैले "म उहाँलाई
चिन्दछु" भन्छ, तर त्यसले उहाँले भनेका
कुरा गर्दैन भने त्यो झूटो हो, र त्यसमा सत्य
हुँदैन । **५**तर यदि कसैले उहाँका वचन पालन
गर्छ भने, परमेश्वरको प्रेम त्यसमा साँचो रूपले
पूर्ण भएको हुन्छ । हामी उहाँमा छौं भनी
हामीलाई यसैबाट थाहा हुन्छ: **६**उहाँमा जिउँछु
भनी दावी गर्ने व्यक्ति पनि येशूकै चालअनुसार
चल्नुपर्छ ।

**७**प्यारा मित्र हो, मैले तिमीहरूलाई कुनै
नयाँ आज्ञा लेखिरहेको छैन, तर त्यही पुरानो
आज्ञा लेख्दैछु, जो शुरुदेखि नै तिमीहरूसँग
रहेको छ । यो पुरानो आज्ञा तिमीहरूले सुनेको
सन्देश हो । **८**तापनि म तिमीहरूलाई एउटा
नयाँ आज्ञा लेख्दैछु; यसको सत्यता उहाँमा र
तिमीहरूमा देखिन्छ, किनकि अन्धकार बित्दैछ
र साँचो ज्योति अघिदेखि नै चम्किरहेको छ ।

---

**१:१**–यूहन्ना १:१. **१:२**–यूहन्ना १:१४. **२:७**–यूहन्ना १३:३४.

९कसैले आफू ज्योतिमा छु भनी दावी गर्छ
तर आफ्नो दाज्यूभाइलाई घृणा गर्छ भने, त्यो
अझै पनि अन्धकारमा नै छ । १०जसले आफ्नो
दाज्यूभाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा जिउँछ,
र त्यसलाई ठेस पुऱ्याउने त्यसमा कुनै कारण
रहँदैन । ११तर जसले आफ्नो दाज्यूभाइलाई
घृणा गर्छ, त्यो अन्धकारमा हुन्छ र अन्धकारमै
यताउता हिँड्छ; त्यो कहाँ जाँदैछ त्यसलाई
थाहा हुँदैन, किनकि अन्धकारले त्यसलाई अन्धो
तुल्याएको हुन्छ ।

१२ प्यारा बालकहरू, म तिमीहरूलाई
लेख्दैछु,
किनकि उहाँको नाउँको खातिर
तिमीहरूका पाप क्षमा भएको छ ।
१३ पिताहरू, म तिमीहरूलाई लेख्दैछु,
किनकि शुरुदेखि नै हुनुहुनेलाई
तिमीहरूले चिनेका छौ ।
युवकहरू, म तिमीहरूलाई लेख्दैछु,
किनकि तिमीहरूले दुष्टलाई जितेका
छौ ।
प्यारा बालकहरू, म तिमीहरूलाई
लेख्दैछु,
किनकि तिमीहरूले स्वर्गीय पितालाई
चिनेका छौ ।
१४ पिताहरू, म तिमीहरूलाई लेख्दैछु,
किनकि शुरुदेखि नै हुनुहुनेलाई
तिमीहरूले चिनेका छौ ।
युवकहरू, म तिमीहरूलाई लेख्दैछु,
किनकि तिमीहरू बलिया छौ,
र परमेश्वरको वचन तिमीहरूमा
रहन्छ,
र तिमीहरूले दुष्टलाई जितेका छौ ।

## संसारलाई प्रेम नगर

१५संसारलाई वा त संसारमा भएका कुनै पनि
थोकलाई प्रेम नगर । यदि कसैले संसारलाई
प्रेम गर्दछ भने, पिताको प्रेम त्यसमा रहँदैन ।
१६किनकि संसारमा भएका सबै थोक– पापपूर्ण
मानिसको अभिलाषा, उसको आँखाको अभिलाषा
र ऊसँग भएका र उसले गरेका कुराहरूको
शेखी– पिताबाट आएका होइनन्, तर संसारबाट
आएका हुन् । १७अनि संसार र त्यसका अभिलाषाहरू
बितेर जान्छन्, तर परमेश्वरको इच्छाअनुसार
गर्ने मानिस सधैँको निम्ति जीवित रहिरहन्छ ।

## ख्रीष्ट विरोधीहरूका विरुद्ध चेतावनी

१८प्यारा बालकहरू, यो नै आखिरी घड़ी
हो; र ख्रीष्ट विरोधी आउँछ भन्ने तिमीहरूले
सुनेझैँ, अहिले नै पनि धेरै ख्रीष्ट विरोधीहरू
आएका छन् । यसबाट नै यो आखिरी घड़ी हो
भनी हामी जान्दछौं । १९तिनीहरू हामीबाट
निस्केर गए, तर तिनीहरू वास्तवमा हाम्रा
थिएनन् । किनकि यदि तिनीहरू हाम्रा हुँदा हुन्
त तिनीहरू हामीसँगै रहनेथिए; तर तिनीहरू
गएकाले नै तिनीहरूमध्ये कोही पनि हाम्रा
थिएनन् भन्ने कुरा प्रकट गर्दछ ।
२०तर तिमीहरूको अभिषेक पवित्रजनद्वारा
भएको छ, र तिमीहरू सबैले सत्य जान्दछौ ।
२१तिमीहरूले सत्यलाई जानेका छैनौ भनेर मैले
तिमीहरूलाई लेखेको छैन, तर तिमीहरूले यो
जानेका हुनाले र सत्यबाट कुनै पनि झूट
नआउने भएकोले मैले तिमीहरूलाई लेखेको
हुँ । २२झूटो को हो ? येशू नै ख्रीष्ट हुनुहुन्छ
भन्ने कुरा इन्कार गर्ने मानिस नै झूटो हो ।
त्यस्तो मानिस नै ख्रीष्ट विरोधी हो– त्यसले
पिता र पुत्रलाई इन्कार गर्दछ । २३पुत्रलाई
इन्कार गर्ने कुनै पनि मानिससँग पिता हुनुहुन्न;
जसले पुत्रलाई स्वीकार गर्छ, त्यससँग पिता
पनि हुनुहुन्छ ।
२४होश गर, जुन कुरा तिमीहरूले शुरुदेखि
नै सुनेका छौ, त्यो तिमीहरूमा रहिरहोस् ।
यदि त्यो कुरा तिमीहरूमा रहिरह्‍यो भने,
तिमीहरू पनि पुत्रमा र पितामा रहनेछौ ।
२५अनि उहाँले हामीलाई गर्नुभएको प्रतिज्ञा यही
हो– अनन्त जीवन ।
२६तिमीहरूलाई बहकाउन कोशिश गर्नेहरूका
विषयमा तिमीहरूलाई चेतावनी दिनलाई म
यी कुराहरू लेख्दैछु । २७तिमीहरूका विषयमा
त, तिमीहरूले उहाँबाट जुन अभिषेक पाएका
छौ, त्यो तिमीहरूमा रहिरहन्छ, र तिमीहरूलाई

सिकाउन कसैको आवश्यकता पर्दैन । तर जसै
त्यस अभिषेकले तिमीहरूलाई सबै कुराका
विषयमा सिकाउँछ, र त्यो अभिषेक नक्कली
नभई सत्य भएको हुनाले, त्यस अभिषेकले
तिमीहरूलाई सिकाएबमोजिम उहाँमा रहिरहो ।

### परमेश्वरका सन्तानहरू

**२८**अब, हे प्यारा बालकहरू, उहाँमा रही
नै रहो, जसमा कि जब उहाँ प्रकट हुनुहुन्छ,
तब हामी ढुक्क होऔं र उहाँको आगमनमा
उहाँअगि हामीले शर्माउन नपरोस् ।
**२९**उहाँ धार्मिक हुनुहुन्छ भनी तिमीहरूले
जान्यौ भने, तिमीहरूले यो पनि जान्नेछौ कि
ठीक काम गर्ने हरेक मानिस उहाँबाट जन्मिएको
हो ।

**३** पिताले हामीलाई कति महान् प्रेम प्रदान
गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान
कहलिन पुगेका छौं ! अनि हामी त्यही नै हौं
पनि ! त्यसैकारण संसारले हामीलाई चिनेन
किनकि यसले उहाँलाई चिनेन । **२**प्रिय मित्रहरू,
अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी
के हुनेछौं सो अहिलेसम्म प्रकट गरिएको छैन ।
तर हामी यो जान्दछौं, उहाँ प्रकट हुनुहुँदा
हामी उहाँजस्तै हुनेछौं; किनकि उहाँ जस्तो
हुनुहुन्छ हामी उहाँलाई त्यस्तै नै देख्नेछौं ।
**३**जस्तो उहाँ शुद्ध र पवित्र हुनुहुन्छ, उहाँमाथि
आशा राख्ने हरेक मानिस शुद्ध हुन्छ ।
**४**पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ;
वास्तवमा, पाप नै व्यवस्था भङ्ग हो । **५**तर
तिमीहरू जान्दछौ, हाम्रा पाप हरण गर्नलाई नै
उहाँ प्रकट हुनुभएको हो । अनि उहाँमा कुनै
पाप छैन । **६**उहाँमा रहने कसैले पनि पाप
गरिरहँदैन । पाप गरिरहने कसैले पनि उहाँलाई
न त देखेको छ न चिनेको छ ।
**७**प्यारा बालकहरू, कुनै पनि मानिसले
तिमीहरूलाई बहकाउन नपाओस् । जसले ठीक
काम गर्छ त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक
हुनुहुन्छ । **८**जसले पापमय काम गर्दछ, त्यो
शैतानको हो, किनकि शैतानले शुरुदेखि नै
पाप गर्दै आइरहेको छ । परमेश्वरका पुत्र
प्रकट हुनुभएको कारण नै शैतानका कामहरू
नष्ट पार्नलाई हो । **९**परमेश्वरबाट जन्मेको
कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको
बीज त्यसमा रहन्छ; त्यसले पाप गरिरहन
सक्दैन, किनकि ऊ परमेश्वरबाट जन्मिएको
हो । **१०**को परमेश्वरको सन्तान हो र को
शैतानको सन्तान हो भन्ने कुरा हामीले यसैबाट
जान्दछौं: जे ठीक छ त्यो काम नगर्ने कुनै पनि
व्यक्ति र आफ्ना दाज्यूभाइलाई प्रेम नगर्ने व्यक्ति
परमेश्वरको सन्तान होइन ।

### एक अर्कामा प्रेम

**११**तिमीहरूले शुरुदेखि नै सुनेको सन्देश
यही हो– हामीले एक अर्कालाई प्रेम गर्नुपर्छ ।
**१२**कयिनजस्ता नहोओ, जो दुष्टको थियो र आफ्नै
भाइलाई त्यसले हत्या गऱ्यो । त्यसले आफ्नो
भाइलाई किन माऱ्यो ? किनकि त्यसका आफ्ना
कामहरू दुष्ट थिए तर त्यसको भाइका कामहरू
धार्मिक थिए । **१३**त्यसैले मेरा भाइहरू हो, यदि
संसारले तिमीहरूलाई घृणा गर्छ भने अचम्म
नमान । **१४**हामी जान्दछौं, हामी त मृत्युबाट
जीवनमा सरिसकेका छौं; किनकि हामी आफ्ना
दाज्यूभाइहरूलाई प्रेम गर्छौं । जसले प्रेम गर्दैन,
त्यो मृत्युमा रहिरहन्छ । **१५**हरेक जसले आफ्नो
दाज्यूभाइलाई घृणा गर्छ, त्यो हत्यारा हो, र
कुनै पनि हत्यारासँग अनन्त जीवन हुँदैन भन्ने
तिमीहरू जान्दछौ ।
**१६**प्रेम के हो भन्ने कुरा हामी यसैबाट
थाहा पाउँछौं: येशू ख्रीष्टले हाम्रा निम्ति आफ्नो
प्राण अर्पण गर्नुभयो । अनि हामीले पनि आफ्ना
दाज्यूभाइहरूका निम्ति आफ्नो प्राण अर्पण
गर्नुपर्छ । **१७**यदि कसैसँग भौतिक धन-सम्पत्ति
छ र आफ्ना दाज्यूभाइहरूलाई खाँचोमा परेको
देख्छ, तर पनि त्यसप्रति दया देखाउँदैन भने
परमेश्वरको प्रेम त्यसमा कसरी रहन्छ र ?
**१८**प्यारा बालकहरू हो, हामीले वचन र जिब्रोले

---

**३:१**–यूहन्ना १:१२. **३:५**–यूहन्ना १:२९. **३:११**–यूहन्ना १३:३४. **३:१२**–उत्पत्ति ४:८. **३:१४**–यूहन्ना ५:२४.

मात्र प्रेम नगरौं तर कामद्वारा र सत्यतामा प्रेम
गरौं । **१९**त्यसकारण, यसैबाट नै हामी सत्यका
हौं भनी जान्दछौं र यसरी उहाँको उपस्थितिमा
हामीले हाम्रा हृदयलाई ढाड़स दिनसक्छौं ।
**२०**जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी
जान्दछौं कि परमेश्वर हाम्रो हृदयभन्दा महान्
हुनुहुन्छ, र उहाँले सबै कुरा जान्नुहुन्छ ।

**२१**प्रिय मित्रहरू हो, यदि हाम्रो हृदयले
हामीलाई दोष दिँदैन भने, परमेश्वरको सामुन्ने
हामीलाई साहस हुन्छ, **२२**अनि हामीले जे माग्दछौं,
सो उहाँबाट पाउँदछौं, किनकि हामी उहाँका
आज्ञाहरू पालन गर्दछौं र जुन कुराले उहाँलाई
प्रसन्न तुल्याउँछ, त्यही गर्दछौं । **२३**अनि उहाँको
आज्ञा यही हो– उहाँका पुत्र येशू ख्रीष्टको
नाउँमा विश्वास गर्नु, र उहाँले हामीलाई आज्ञा
दिनुभएअनुसार एक अर्कालाई प्रेम गर्नु । **२४**जसले
उहाँका आज्ञाहरू पालन गर्छन्, तिनीहरू उहाँमा
रहन्छन्, र उहाँ तिनीहरूमा । अनि उहाँ हामीमा
रहनुहुन्छ भन्ने कुरा उहाँले हामीलाई दिनुभएको
पवित्र आत्माद्वारा हामी जान्दछौं ।

### आत्माहरूको जाँच

**४** प्रिय मित्रहरू हो, जुनसुकै आत्मालाई
विश्वास नगर, तर ती आत्माहरू
परमेश्वरबाट आएका हुन् वा होइनन् भनी जाँच
गर, किनकि संसारमा धेरै झूटा अगमवक्ताहरू
निस्किआएका छन् । **२**परमेश्वरको आत्मालाई
तिमीहरू यसरी चिन्न सक्नेछौ: हरेक आत्मा
जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो
भनी स्वीकार गर्दछ, त्यो परमेश्वरबाटको
हो । **३**तर हरेक आत्मा जसले येशूलाई
शरीरमा आउनुभएको हो भनी स्वीकार गर्दैन
त्यो परमेश्वरबाटको होइन । अनि यही नै
ख्रीष्ट विरोधीको आत्मा हो, जो आउँछ भन्ने
तिमीहरूले सुनेका छौ र अहिले नै पनि त्यो
यस संसारमा आइसकेको छ ।

**४**प्यारा बालकहरू हो, तिमीहरू
परमेश्वरका हौ, र तिनीहरूलाई जितेका छौ,
किनकि जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा
हुनेभन्दा महान् हुनुहुन्छ । **५**तिनीहरू संसारका
हुन्, त्यसैले संसारकै दृष्टिकोणद्वारा बोल्छन्,
अनि संसारले तिनीहरूका कुरा सुन्छ । **६**हामी
त परमेश्वरका हौं, र जसले परमेश्वरलाई
चिन्छ, उसले हाम्रा कुरा सुन्छ; तर जो
परमेश्वरको होइन, त्यसले हाम्रा कुरा सुन्दैन ।
यसैबाट नै हामी सत्यको आत्मा र झूटको
आत्मालाई चिन्छौं ।

### परमेश्वरको प्रेम र हाम्रो प्रेम

**७**प्रिय मित्रहरू हो, हामी एक अर्कालाई
प्रेम गरौं, किनकि प्रेम परमेश्वरबाट आउँछ ।
हरेक जसले प्रेम गर्छ, त्यो परमेश्वरबाट जन्मेको
हो र त्यसले परमेश्वरलाई चिन्छ । **८**जसले
प्रेम गर्दैन, त्यसले परमेश्वरलाई कहिल्यै चिनेको
हुँदैन, किनकि परमेश्वर प्रेम हुनुहुन्छ ।
**९**परमेश्वरले हाम्रा बीचमा उहाँको प्रेम यसरी
प्रकट गर्नुभयो: पुत्रद्वारा हामी जिउन सकौं
भनेर उहाँले आफ्ना एक मात्र पुत्र येशू ख्रीष्टलाई
यस संसारमा पठाउनुभयो । **१०**प्रेम यही नै हो:
हामीले परमेश्वरलाई प्रेम गरेनौं, तर उहाँले
हामीलाई प्रेम गर्नुभयो, र आफ्ना पुत्रलाई हाम्रो
पापको लागि प्रायश्चितको बलि बनाएर
पठाउनुभयो । **११**प्रिय मित्रहरू हो, परमेश्वरले
हामीलाई यस्तो प्रेम गर्नुभएको हुनाले हामीले
पनि एउटाले अर्कालाई प्रेम गर्नुपर्छ ।
**१२**परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन;
तर हामीले एउटाले अर्कालाई प्रेम गर्‍यौं भने,
परमेश्वर हामीमा जिउनुहुन्छ र उहाँको प्रेम
हामीमा सिद्ध भएको हुन्छ ।

**१३**हामी उहाँमा जिउँछौं अनि उहाँ हामीमा
जिउँनुहुन्छ भनी हामी जान्दछौं, किनकि उहाँले
हामीलाई आफ्ना आत्मा दिनुभएको छ ।
**१४**अनि हामीले देखेका छौं र साक्षी दिन्छौं,
पिताले संसारका मुक्तिदाता हुनाका निम्ति
आफ्ना पुत्रलाई पठाउनुभएको छ । **१५**कुनै पनि
व्यक्तिले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी

---

**३:२३**–यूहन्ना १३:३४; १५:१२,१७. **४:१२**–यूहन्ना १:१८.

स्वीकार गर्छ भने, परमेश्वर त्यसमा जिउनुहुन्छ
र त्यो परमेश्वरमा । **१६**अनि यसरी नै हामीप्रति
परमेश्वरको प्रेम हामी जान्दछौं र त्यसैमा भर
पर्दछौं ।

परमेश्वर प्रेम हुनुहुन्छ । जो प्रेममा रहन्छ,
त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा
रहनुहुन्छ । **१७**यसरी, न्यायको दिनमा हामीमा
निर्भयता होस् भनेर प्रेम हाम्रो बीच सिद्ध
भएको छ, किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी
पनि यस संसारमा त्यस्तै छौं । **१८**प्रेममा डर
हुँदैन । तर सिद्ध प्रेमले डरलाई हटाउँछ, किनकि
डरको सम्बन्ध दण्डसँग हुन्छ । जो डराउँछ
त्यो प्रेममा सिद्ध भएको हुँदैन ।

**१९**हामी प्रेम गर्दछौं, किनकि पहिले उहाँले
हामीलाई प्रेम गर्नुभयो । **२०**यदि कसैले “म
परमेश्वरलाई प्रेम गर्छु” भन्छ, तापनि आफ्नो
दाज्यूभाइलाई घृणा गर्छ भने, त्यो झूटो हो ।
किनकि जसले आफूले देखेको दाज्यूभाइलाई
प्रेम गर्दैन, त्यसले आफूले नदेखेको परमेश्वरलाई
प्रेम गर्न सक्दैन । **२१**अनि उहाँले हामीलाई यो
आज्ञा दिनुभएको छ: जसले परमेश्वरलाई प्रेम
गर्छ, त्यसले आफ्नो दाज्यूभाइलाई पनि प्रेम
गर्नैपर्छ ।

## परमेश्वरका पुत्रमाथि विश्वास

**५** हरेक व्यक्ति जसले येशू नै ख्रीष्ट हुनुहुन्छ
भनी विश्वास गर्दछ, त्यो परमेश्वरबाट
जन्मेको हो । अनि बाबुलाई प्रेम गर्ने हरेकले
तिनको पुत्रलाई पनि प्रेम गर्छ । **२**हामीले
परमेश्वरका सन्तानलाई प्रेम गर्छौं भन्ने कुरा
हामी यसरी थाहा पाउँछौं: परमेश्वरलाई प्रेम
गरेर र उहाँका आज्ञाहरू पालन गरेर ।
**३**परमेश्वरप्रति प्रेम नै उहाँका आज्ञाहरू पालन
गर्नु हो । अनि उहाँका आज्ञाहरू असजिला
छैनन्, **४**किनकि परमेश्वरबाट जन्मेको हरेकले
संसारमाथि विजयी पाउँछ । संसारलाई जित्ने
विजय हाम्रो विश्वास नै हो । **५**संसारमाथि
विजय प्राप्त गर्ने को हो ? केवल त्यही मात्र,
जसले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी
विश्वास गर्दछ ।

**६**उहाँ नै त्यो व्यक्ति हुनुहुन्छ, जो पानी
र रगतद्वारा आउनुभयो– येशू ख्रीष्ट । उहाँ
केवल पानीद्वारा मात्र आउनुभएन, तर पानी र
रगतद्वारा आउनुभयो । अनि साक्षी दिने पवित्र
आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य
हुनुहुन्छ । **७**किनकि साक्षी दिनेहरू तीन छन्:
**८**पवित्र आत्मा, पानी र रगत, अनि यी तीनबीच
सधैँ सहमति हुन्छ । **९**हामी मानिसका साक्षी
ग्रहण गर्छौं, तर परमेश्वरको साक्षी झन् महान्
छ, किनकि यो परमेश्वरको साक्षी हो, जो
उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ ।
**१०**हरेक व्यक्ति जसले परमेश्वरका पुत्रमाथि
विश्वास गर्दछ, त्यसको हृदयमा त्यससँग यो
साक्षी हुन्छ । जसले परमेश्वरमा विश्वास
गर्दैन, त्यसले उहाँलाई झूटो तुल्याउँछ, किनकि
परमेश्वरले उहाँको पुत्रको विषयमा दिनुभएको
साक्षीलाई त्यसले विश्वास गरेको हुँदैन । **११**अनि
साक्षी यही नै हो: परमेश्वरले हामीलाई अनन्त
जीवन दिनुभएको छ, र यो जीवन उहाँको
पुत्रमा छ । **१२**जससँग पुत्र हुनुहुन्छ, त्यससँग
जीवन छ; जससँग परमेश्वरका पुत्र हुनुहुन्न,
त्यससँग जीवन हुँदैन ।

## आखिरी कुरा

**१३**तिमीहरू परमेश्वरका पुत्रको नाउँमा
विश्वास गर्नेहरूसँग अनन्त जीवन हुन्छ
भनी जान भनेर म लेख्दैछु । **१४**परमेश्वरकहाँ
जाँदा हाम्रो यही भरोसा छ: हामीले उहाँको
इच्छाअनुसार जुनसुकै कुरा मागे पनि उहाँले
सुन्नुहुन्छ । **१५**अनि हामीले जेसुकै मागे तापनि
उहाँले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, हामीले
उहाँसँग जे मागेका छौं त्यो हामीले पाएका छौं
भन्ने पनि हामी जान्दछौं ।

**१६**यदि कसैले आफ्नो दाज्यूभाइले पाप
गरेको देख्छ, जुन पापले मृत्युमा पुऱ्याउँदैन,
त्यस्तो अवस्थामा त्यसले प्रार्थना गरिदिनुपर्छ,

**५:३**–१४:१५. **५:११**–यूहन्ना ३:३६.

र परमेश्‍वरले त्यसलाई जीवन दिनुहुनेछ। म तिनीहरूका विषयमा जनाउँदैछु, जसको पाप मृत्युमा पुऱ्याउने किसिमको हुँदैन । त्यस्तो पाप पनि छ, जसले मृत्युमा पुऱ्याउँछ। त्यस्तो पापको निम्ति त्यसले प्रार्थना गरिदेओस् भनी म भन्दिनँ । **१७**सबै अधर्म पाप हो, तर यस्तो पाप पनि हुन्छ, जसले मृत्युमा पुऱ्याउँदैन ।

**१८**हामी जान्दछौं, परमेश्‍वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन; परमेश्‍वरका पुत्र येशू ख्रीष्टले उसलाई सधैँ सुरक्षित राख्नुहुन्छ, अनि दुष्टले त्यसलाई हानि गर्न सक्दैन। **१९**हामी परमेश्‍वरका सन्तान हौं, र सारा संसार दुष्टको नियन्त्रणमा परेको छ भन्ने कुरा हामी जान्दछौं। **२०**हामी यो पनि जान्दछौं, जो सत्य हुनुहुन्छ उहाँलाई हामीले चिन्न सकौं भनेर परमेश्‍वरको पुत्र आउनुभएको छ र हामीलाई समझ दिनुभएको छ। अनि अहिले हामी उहाँमा छौं, किनकि हामी उहाँको पुत्र येशू ख्रीष्टमा छौं। उहाँ नै एकमात्र सत्य परमेश्‍वर र अनन्त जीवन हुनुहुन्छ ।

**२१**त्यसैले प्यारा बालकहरू हो, तिमीहरू आफू-आफूलाई मूर्तिहरूबाट अलग राख ।

# यूहन्नाको
## दोस्रो पत्र

१एल्डरबाट,

चुनिएकी स्त्री र तिनका छोराछोरीलाई,
जसलाई म सत्यतामा प्रेम गर्दछु, र मैले मात्र
होइन, तर सत्यलाई जान्ने सबैले पनि प्रेम
गर्दछन् । २यो प्रेम हामी सत्यताको कारणले
गर्दा गर्दछौं, जुन सत्य हामीमा रहन्छ र
सदासर्वदाका लागि हामीसँग रहनेछ:

३परमेश्वर पिता र पिताका पुत्र, प्रभु येशू
ख्रीष्टबाट सत्य अनि प्रेममा अनुग्रह, कृपा र
शान्ति तिमीहरूसित रहोस् ।

४तिम्रा केही छोराछोरीहरू पिताले हामीलाई
जस्तो आज्ञा दिनुभयो ठीक त्यस्तै गरी सत्यमा
चलिरहेका छन् भनी जान्न पाउँदा त्यसले मलाई
धेरै आनन्द दिएको छ । ५अब, प्रिय स्त्री, म
तिम्रा लागि नयाँ आज्ञा लेख्दिनँ, तर जो हामीसँग
शुरुदेखि नै थियो त्यही लेख्दैछु । म बिन्ती गर्दछु,
हामी एकले अर्कालाई प्रेम गरौं । ६अनि प्रेम
यही हो: हामी उहाँका आज्ञाहरू पालन गर्दै
चलौं । जसरी तिमीले शुरुदेखि नै सुनेका छौ,
उहाँको आज्ञा नै तिमीहरू प्रेममा चल भन्ने
हो ।

७बहकाउनेहरू धेरै जना संसारमा आएका
छन्, जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको
हो भनी स्वीकार गर्दैनन् । यस्तो कुनै पनि
व्यक्ति छली र ख्रीष्ट विरोधी हो । ८होशियार
बस, जुन कुराको निम्ति तिमीहरूले काम
गरेका छौ, त्यो गुमाउने होइन, तर तिमीहरूले
पूरा इनाम पाउन सक । ९निरन्तर ख्रीष्टका
शिक्षामा नरहेर जो सीमादेखि बाहिर जान्छ,
त्यससँग परमेश्वर हुनुहुन्न; ख्रीष्टको शिक्षामा
रहिरहने सबैसँग पिता र पुत्र दुवै हुनुहुन्छ ।
१०यदि कोही तिमीहरूकहाँ आउँछ र यही शिक्षा
ल्याउँदैन भने, त्यसलाई घरमा नलैजाओ र
स्वागत पनि नगर । ११त्यसलाई स्वागत गर्ने त
त्यसका दुष्ट काममा सहभागी बनेको हुन्छ ।

१२मैले तिमीहरूलाई लेख्नुपर्ने कुरा त धेरै
छ, तर कागत र मसीले ती म लेख्न चाहन्नँ ।
तर तिमीहरूकहाँ आएर आमुन्नेसामुन्ने भई
कुरा गर्ने म आशा राख्छु, जसबाट हाम्रो आनन्द
पूर्ण हुन सकोस् ।

१३तिम्री चुनिएकी बहिनीका छोराछोरीहरूले
तिमीलाई अभिवादन पठाएका छन् ।

---

**५**–यूहन्ना १३:१४; १५:१२,१७.

# यूहन्नाको
## तेस्रो पत्र

**१**एल्डरबाट,
मेरा प्रिय मित्र गायसलाई, जसलाई म
सत्यतामा प्रेम गर्दछु ।
**२**प्रिय मित्र, म प्रार्थना गर्दछु कि जसरी
तिम्रो आत्माको उन्नति भएको छ, त्यसरी नै
तिमी स्वस्थ बस र सबै कुरामा तिमीलाई भलो
होस् । **३**कति जना भाइहरू आएर सत्यताप्रतिको
तिम्रो विश्वासयोग्यता र तिमी कसरी निरन्तर
सत्यमा चलिरहेका छौ भन्ने विषयमा साक्षी
दिएकोमा त्यसले मलाई धेरै आनन्द दिएको
छ । **४**मेरा छोराछोरीहरू सत्यमा चलिरहेका
छन् भनी सुन्न पाउनुभन्दा ठूलो आनन्द मेरो
लागि अरू के हुनसक्छ र ?
**५**प्रिय मित्र, भाइहरूका निम्ति तिनीहरू
तिम्रा लागि परदेशी भए तापनि, तिमीले जे गर्दैछौ
त्यसमा तिमी विश्वासयोग्य छौ । **६**तिनीहरूले
मण्डलीलाई तिम्रो प्रेमको विषयमा साक्षी दिएका
छन् । परमेश्वरलाई मनपर्ने रीतिले तिनीहरूलाई
आफ्ना यात्रामा अगि बढ्ने प्रबन्ध मिलाइदियौ
भने तिमीले असल गर्नेछौ । **७**तिनीहरू उहाँकै
नाउँको खातिर निस्केका हुन्, र गैर-यहूदीहरूबाट
कुनै सहायता लिएनन् । **८**यसकारण सत्यताका
निम्ति सँगै मिलेर काम गर्न सकौं भन्नाका
लागि हामीले यस्ता मानिसहरूलाई सेवा
सत्कार गर्नैपर्छ । **९**मैले मण्डलीलाई केही
कुरा लेखेको थिएँ, तर तिमीहरूमा ठूलो हुन
खोज्ने डियोत्रिफसले मेरो अधिकार स्वीकार
गर्दैन । **१०**यसकारण म आएँ भने, त्यसले
गरिरहेका कामहरूबारे कुरा उठाउनेछु ।
त्यसले हाम्रा विरुद्धमा खराब कुरा काट्दै
हिँड्छ । त्यतिमा पनि सन्तुष्ट नभएर,
त्यसले भाइहरूलाई स्वागत गर्नसमेत इन्कार
गर्छ । स्वागत गर्न चाहनेहरूलाई पनि
त्यसले रोक्छ र तिनीहरूलाई मण्डलीबाट
बाहिर निकालिदिन्छ ।
**११**प्रिय मित्र, खराबीको अनुकरण नगर तर
भलो कुराको अनुकरण गर । जसले भलो
कुरा गर्दछ, त्यो परमेश्वरबाटको हो । जसले
खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको
छैन । **१२**डेमेत्रियसका विषयमा त सबैले असल
साक्षी दिएका छन्, र सत्य स्वयम्ले समेत
त्यही साक्षी दिन्छ । हामी पनि तिनको विषयमा
असल बोल्छौं, अनि हाम्रो साक्षी सत्य छ भनी
तिमीहरू जान्दछौ ।
**१३**मैले तिमीहरूलाई लेख्नुपर्ने कुरा त
धेरै छ, तर कलम र मसीले ती लेख्न म
चाहन्नँ । **१४**मैले तिमीलाई चाँड़ै नै भेट्ने आशा
गर्दछु, तब हामी आमुन्नेसामुन्ने कुरा गर्नेछौं ।
तिमीलाई शान्ति होस् । यहाँ भएका
मित्रहरूले आफ्ना अभिवादन पठाएका छन् ।
त्यहाँ भएका मित्रहरूलाई नाउँ लिएर अभिवादन
भनिदेऊ ।

---

**१**–प्रेरित १९:२९; रोमी १६:२३; १ कोरिन्थी १:१४.

# यहूदाको पत्र

**१**येशू ख्रीष्टको दास र याकूबको भाइ
यहूदाबाट,

तिनीहरूलाई जो परमेश्वर पिताबाट
बोलाइएका र प्रेम गरिएका छन् अनि येशू
ख्रीष्टद्वारा सुरक्षित राखिएका छन्:

**२**तिमीहरूलाई प्रशस्त मात्रामा कृपा, शान्ति
र प्रेम होस् ।

### ईश्वरहीन मानिसहरूको पाप र विनाश

**३**प्रिय मित्रहरू, म तिमीहरूलाई हामी
सहभागी भएको मुक्तिको विषयमा लेख्न
अति इच्छुक भए तापनि, सन्तहरूलाई सधैंको
निम्ति सुम्पिएको विश्वासको रक्षा गर भनेर
तिमीहरूलाई बिन्ती गर्दै लेख्न मलाई इच्छा
लाग्यो । **४**किनकि धेरै अघिदेखि दण्डको
भागीदार हुन् भनी लेखिएका कतिपय मानिसहरू
तिमीहरूका बीचमा गुप्त रूपले पसिसकेका
छन् । तिनीहरू ईश्वरहीन मानिसहरू हुन्,
जसले हाम्रा परमेश्वरको अनुग्रहलाई दुष्ट
आचरणको अनुमतिपत्रको रूपमा बदली गर्छन्
अनि हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई
इन्कार गर्छन् ।

**५**तिमीहरूले यो जानिसकेको भए पनि, म
तिमीहरूलाई यो स्मरण गराउन चाहन्छु कि
प्रभुले आफ्नो जातिलाई मिश्रदेशबाट निकालेर
ल्याउनुभयो, तर विश्वास नगर्नेहरूलाई पछिबाट
नष्ट गर्नुभयो । **६**अनि आफ्नो अधिकारको स्थान
नराखेर तिनीहरूका आफ्नै घर त्याग गर्ने
स्वर्गदूतहरूलाई त्यस महान् दिनको इन्साफको
लागि अनन्तको साङ्लाले बाँधेर अन्धकारमा
राख्नुभयो । **७**यस्तै किसिमले, सदोम र गमोरा
अनि छेउछाउका शहरहरूले आफैलाई
व्यभिचारको अनैतिकता र भ्रष्टताको लागि
दिइहाले । तिनीहरू त अनन्तको आगोको दण्ड
भोग्नेहरूका नमूना भएका छन् ।

**८**ठीक यही किसिमले, यी स्वप्नदर्शीहरूले
तिनीहरूका आफ्नै शरीरलाई दूषित पार्छन्,
अधिकारलाई इन्कार गर्छन् अनि स्वर्गीय
प्राणीहरूको निन्दा गर्छन् । **९**तर प्रधान दूत
माइकलले पनि मोशाको शरीरको विषयमा
शैतानसित विवाद गर्दा त्यसको विरुद्धमा
निन्दापूर्ण दोष लाउन नसकेर खालि "प्रभुले
तिमीलाई हप्काऊन्" मात्र भनेका थिए ।
**१०**तरै पनि यी मानिसहरूले आफैले नबुझेका
कुराहरूको निन्दा गर्छन्, अनि निर्बुद्धि पशुहरूझैं
तिनीहरू प्राकृतिक ज्ञानले कुराहरू बुझ्छन्–
यी कुराहरूले नै तिनीहरूलाई नष्ट गर्नेछन् ।

**११**यस्ताहरूलाई धिक्कार छ ! तिनीहरूले
कयिनको चाल लिएका छन्; तिनीहरू लाभको
खातिर बालामको गल्तीतिर हतारिन्छन्; तिनीहरू
कोरहको विद्रोहमा जस्तै नष्ट भएका छन् ।

**१२**यी मानिसहरू तिमीहरूका प्रीतिभोजहरूमा
कलङ्कहरू हुन्, जो कुनै सङ्कोचविना निर्धक्कसित
तिमीहरूसित खान्छन् । तिनीहरू आफ्नै पेट
भर्ने गोठालाहरू हुन् । तिनीहरू बतासले
उड़ाएको पानीविनाका बादल हुन् । तिनीहरू
हेमन्त ऋतुका जरा उखेलिएका, फल नभएका,
दुईपल्ट मरिसकेका रूखहरू हुन् । **१३**तिनीहरू
समुद्रका उर्लंदा छालहरू हुन्, जसले आफ्नै
शर्मका फीँज काढ्छन्; तिनीहरू डुलुवा
ताराहरू हुन्, जसको लागि सबैभन्दा कालो
अन्धकार सदाको लागि साँचिएको छ ।

**१४**आदमदेखि सातौं पुस्ताका हनोकले

---

**१**–मत्ती १३:५५; मर्कूस ६:३. **५**–प्रस्थान १२:५१; गन्ती १४:२९-३०. **७**–उत्पत्ति १९:१-२४.
**९**–दानिएल १०:१३,२१; १२:१; प्रकाश १२:७; व्यवस्था ३४:६; जकरिया ३:२.
**११**–उत्पत्ति ४:३-८; गन्ती २२:१-३५; १६:१-३५. **१४**–उत्पत्ति ५:१८, २१-२४.

यस्ता मानिसहरूबारे यसरी अगमवाणी कहेका
थिए: "हेर, परमप्रभु आफ्ना हजारौं हजार
पवित्र जनहरूसित **१५**हरेकको इन्साफ गर्न अनि
ईश्वरविहीनहरूलाई तिनीहरूले भक्तिसित
गरेका भक्तिहीन कामहरू र अभक्तिहीन
पापीहरूले उहाँको विरुद्धमा बोलेका कुराहरूको
लागि दण्ड दिन आउनुहुँदैछ।" **१६**यी मानिसहरू
गन्गनाउनेहरू, दोष खोज्नेहरू हुन्; तिनीहरू
आफ्नै दुष्ट विचारको पछि लाग्छन्; तिनीहरू
आफ्नै विषयमा घमण्ड गर्छन् अनि तिनीहरू
आफ्नै लाभको निम्ति अरूको चापलूसी
गर्छन् ।

### स्थिरताको लागि आह्वान

**१७**तर, प्रिय मित्र हो, हाम्रा प्रभु येशूका
प्रेरितहरूले पहिलेबाटै के भनेका छन् सो
सम्झ। **१८**तिनीहरूले तिमीहरूलाई भने, "अन्तिम
समयहरूमा आफ्नै ईश्वरहीन इच्छाहरूको पछि
लाग्ने निन्दकहरू हुनेछन्।" **१९**यी ती मानिसहरू
हुन् जसले तिमीहरूमा विभाजन ल्याउँछन्, अनि
जससित आत्मा हुनुहुन्न तर तिनीहरू खालि
प्राकृतिक प्रवृत्तिको पछि लाग्छन् ।

**२०**तर प्रिय मित्र हो, तिमीहरूले त आफैलाई
अति पवित्र विश्वासमा निर्माण गर अनि पवित्र
आत्मामा प्रार्थना गर । **२१**प्रभु येशू ख्रीष्टले
तिमीहरूलाई अनन्त जीवनमा लैजाने कृपा
पर्खंदा तिमीहरू आफैलाई परमेश्वरको प्रेममा
राख ।

**२२**अनि शङ्कालुहरूप्रति कृपालु बन ।
**२३**आगोमा पर्न लागेका मानिसहरूलाई
बचाएझैँ परमेश्वरमा बचाउन पर्नेहरूलाई
बचाउन ढिलो नगर। उहाँको डरलाई हृदयमा
राखेर अरूहरू प्रति सधैँ दया देखाओ । तर
अट्टेरी भएर घिनलाग्दो काम गर्नेहरूको वस्त्रलाई
समेत घृणा गर ।

### आशीर्वादको वचन

**२४**उहाँलाई, जसले तिमीहरूलाई पतन
हुनदेखि बचाईकन निष्कलङ्क तुल्याई अति
आनन्दसाथ उहाँको महिमित उपस्थितिमा
लैजान सक्नुहुन्छ, **२५**हाम्रा एउटै मुक्तिदाता
परमेश्वरलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा महिमा,
गौरव, पराक्रम र अधिकार युग युग अघि, अहिले,
र सदासर्वदा भइरहोस् । आमेन ।

---

**१८**–२ पत्रुस ३:३

# यूहन्नालाई भएको
# प्रकाश

### भूमिका

१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले
उहाँका सेवकहरूलाई चाँडै हुनआउने
कुराहरू देखाउनलाई दिनुभयो। उहाँले आफ्ना
दूत पठाईकन यो आफ्नो दास यूहन्नालाई
प्रकट गर्नुभयो, **२**जसले आफूले देखेका सबै
थोकहरू, अर्थात्, परमेश्वरको वचन र येशू
ख्रीष्टको साक्षीबारे गवाही दिए। **३**जसले यस
अगमवाणीका वचनहरू पढ्छ त्यो धन्यको
हो, अनि यसलाई सुन्नेहरू र यसमा लेखिएका
कुराहरू पालन गर्नेहरू धन्यका हुन्, किनकि
समय नजीक छ।

### अभिवादन र स्तुति प्रशंसा

**४**म, यूहन्नाबाट,

एशिया प्रान्तमा भएका सातओटा
मण्डलीहरूलाई यो पत्र लेख्दैछु:

उहाँबाट तिमीहरूमा अनुग्रह र शान्ति,
जो हुनुहुन्छ, हुनुहुन्थ्यो, अनि जो हुनआउनुहुनेछ,
अनि उहाँको सिंहासनको अगि भएका सात
आत्माहरूबाट, **५**अनि विश्वासनीय साक्षी,
मृतकहरूमध्येका ज्येष्ठ र पृथ्वीका राजाहरूका
शासक येशू ख्रीष्टबाट।

उहाँलाई जसले हामीलाई प्रेम गर्नुहुन्छ
अनि जसले आफ्नो रगतले हाम्रा पापहरूबाट
हामीलाई स्वतन्त्र पार्नुभयो, **६**अनि उहाँका
परमेश्वर र पितालाई सेवा गर्नलाई हामीलाई
एउटा राज्य अनि पूजाहारी बनाउनुभयो– उहाँलाई
नै सदासर्वदा महिमा र पराक्रम भइरहोस्!
आमेन।

**७** हेर, उहाँ बादलहरूका साथ आउँदै
हुनुहुन्छ,
अनि प्रत्येक आँखाले उहाँलाई देख्नेछ,
तिनीहरूले पनि जसले उहाँलाई घोचेथे;
अनि सारा संसारका सबै जातिहरूले
उहाँको कारण विलाप गर्नेछन्।

यस्तै होस्! आमेन।

**८**परमप्रभु परमेश्वर भन्नुहुन्छ, "अल्फा र
ओमेगा म नै हुँ। सर्वशक्तिमान्, जो हुनुहुन्छ,
हुनुहुन्थ्यो, अनि हुनआउनुहुनेछ।"

### मानिसको पुत्रजस्तै एक व्यक्ति

**९**म, यूहन्ना, येशूमा भएका हाम्रा कष्टहरू,
राज्य अनि धीरजपूर्वक कष्ट भोगाइमा
तिमीहरूको भाइ र सङ्गी जो परमेश्वरको वचन
अनि येशूको साक्षीको कारण पत्मोस टापुमा
थिएँ। **१०**प्रभुको दिनमा म आत्मामा थिएँ, अनि
आफ्नो पछाडि मैले तुरहीको जस्तै एउटा चर्को
सोर सुनें, **११**जसले यसो भन्यो: "तिमी जे देख्छौ
त्यो एउटा पुस्तकमा लेख अनि त्यसलाई
सातैओटा मण्डलीहरू अर्थात्, एफिसस, स्मुर्ना,
पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र
लाउडिकियामा पठाऊ।"

**१२**अनि मसित बोल्नेलाई हेरुँ भनेर म
फर्कें। अनि जसै म फर्कें मैले सुनका सातओटा
सामदानहरू देखें, **१३**अनि सामदानहरूका बीचमा
पाउसम्मै पोशाक लाउनुभएको र छातीमा
सुनौलो चौडा फित्ता लाउनुभएको "एक
मानिसको पुत्रजस्तै," कसैलाई देखें। **१४**उहाँका
शिर र केश ऊनजस्ता सेता थिए, हिउँजस्तै

---

**१:४**–प्रस्थान ३:१४; प्रकाश ४:५. **१:५**–यशैया ५५:४; भजन ८९:२७. **१:६**–प्रस्थान १९:६; प्रकाश ५:१०. **१:७**–दानिएल ७:१३; मत्ती २४:३०; मर्कूस १३:२६; लूका २१:२७; १ थेसलोनिकी ४:१७; जकरिया १२:१०; यूहन्ना १९:३४, ३७. **१:८**–प्रकाश २२:१३; प्रस्थान ३:१४. **१:१३**–दानिएल ७:१३; १०:५. **१:१४–१५**–दानिएल ७:९; १०:६.

सेता, अनि उहाँका आँखाहरू आगोका
ज्वालाजस्तै थिए। **१५**उहाँका पाउहरू आगोका
भट्टीमा खारेर टल्काएका काँसका जस्तै थिए, र
उहाँको सोरचाहिँ बेगसित बगेको पानीको
आवाजझैँ थियो। **१६**अनि उहाँको दाहिने हातले
सातओटा ताराहरू पक्रिराखेको थियो, अनि
उहाँको मुखबाट एउटा धारिलो दुईधारे
तरवार निस्केको थियो। उहाँको अनुहारचाहिँ
पूरा तेजसित चम्केको सूर्यझैँ थियो।

**१७**जब मैले उहाँलाई देखें, तब म मरेतुल्य
भई उहाँको पाउमा परें। तब उहाँले आफ्नो
दाहिने हात ममाथि राखेर भन्नुभयो: "नडराऊ।
आदि र अन्त्य म नै हुँ। **१८**जीवितचाहिँ म नै
हुँ; म मरेको थिएँ, अनि हेर, म सदासर्वदाको
लागि जीवित छु! अनि मसित मृत्यु र पातालका
साँचाहरू छन्।

**१९**"यसकारण, तिमीले जे देखेका छौ, अहिले
जे छ, अनि यस पछि के हुनेछ, सो लेख।
**२०**तिमीले मेरो दाहिने हातमा देखेका सातओटा
ताराहरू, अनि सातओटा सुनका सामदानहरूको
रहस्य यो हो: सातओटा ताराहरू सात मण्डलीका
दूतहरू हुन्, अनि सातओटा सामदानहरू सात
मण्डलीहरू हुन्।"

### एफिससमा भएको मण्डलीलाई

**२** "एफिससमा भएको मण्डलीका दूतलाई लेख:

यी उहाँका वचनहरू हुन् जसले आफ्नो
दाहिने हातमा सातओटा ताराहरू पक्रेर
राख्नुभएको छ, अनि जो सातओटा सुनका
सामदानहरूका बीचमा हिँड्नुहुन्छ: **२**मलाई
तिम्रो कामहरू, तिम्रो कठोर परिश्रम अनि
लगनशीलता थाहा छ। तिमीले दुष्ट
मानिसहरूलाई सहन सक्दैनौ अनि प्रेरित
नभई प्रेरित हुँ भन्नेहरूलाई जाँचेर झूटा
पायौ भन्ने मलाई थाहा छ। **३**तिमीले
लगनशील भई मेरो नाउँको खातिर दु:ख
सह्यौ अनि थकित भएनौ।

**४**तर तिम्रो विरुद्धमा मसित केही कुरा
छ: तिमीले तिम्रो पहिलो प्रेम त्यागेका
छौ। **५**तिमी कुन उचाइबाट खसेका छौ
सो स्मरण गर! पश्चात्ताप गर अनि तिमीले
पहिले गरेका कामहरू गर। यदि तिमीले
पश्चात्ताप गरेनौ भनेता, म तिमीकहाँ आएर
तिम्रो सामदान त्यसको ठाउँबाट हटाइ-
दिनेछु। **६**तर तिम्रो पक्षमा यो कुरो त छ:
तिमीले निकोलाइटसहरूका कामलाई घृणा
गर्छौ, जसलाई म पनि घृणा गर्छु।

**७**जसको कान छ, त्यसले सुनोस् पवित्र
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
जसले जित्छ, त्यसलाई म जीवनको फल दिने
रूखबाट खान दिनेछु, जुन परमेश्वरको
स्वर्गलोकमा छ।

### स्मुर्नामा भएको मण्डलीलाई

**८**"स्मुर्नामा भएको मण्डलीका दूतलाई लेख:

यी उहाँका वचनहरू हुन् जो आदि र
अन्त्य हुनुहुन्छ, जो मर्नुभयो अनि फेरि
जीवित हुनुभयो। **९**मलाई तिमीहरूको
कष्टहरू अनि दरिद्रता थाहा छ– तरै पनि
तिमीहरू त धनी छौ! मलाई तिनीहरूको
निन्दा थाहा छ जो आफैलाई यहूदी भन्छन्
तर होइनन्, तर तिनीहरू त शैतानका
सभा हुन्। **१०**तिमीहरूले भोग्न लागेका
कष्टहरूसित नडराओ। म भन्दछु: शैतानले
तिमीहरूमध्ये कतिलाई जाँच्नलाई कैदमा
लैजानेछ अनि तिमीहरूले दश दिन सतावट
भोग्नेछौ। मृत्युसम्मै विश्वासी होओ, अनि
म तिमीहरूलाई जीवनको मुकुट दिनेछु।

**११**जसको कान छ, त्यसले सुनोस्, पवित्र
आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
जसले जित्छ त्यसलाई दोस्रो मृत्युले कुनै
किसिमले हानि गर्नेछैन।

---

**१:१५**–इजकिएल १:२४; ४३:२. **१:१७**–यशैया ४४:६; ४८:१२; प्रकाश २:८; २२:१३. **२:७**–उत्पत्ति २:९; प्रकाश २२:२; इजकिएल २८:१३; ३१:८. **२:८**–यशैया ४४:६; ४८:१२; प्रकाश १:१७; २२:१३. **२:११**–प्रकाश २०:१४; २१:८.

### पर्गाममा भएको मण्डलीलाई

**१२**"पर्गाममा भएको मण्डलीका दूतलाई लेख:

यी उहाँका वचनहरू हुन् जससित धारिलो दुईधारे तरवार छ । **१३**म जान्दछु तिमी कहाँ बस्छौ, त्यहीं, जहाँ शैतानको आफ्नो सिंहासन छ । तरै पनि तिमी मेरो नाउँमा स्थिर छौ । तिमीले मप्रतिको तिम्रो विश्वासलाई, मेरो विश्वासयोग्य साक्षी, एन्टिपासको समयमा पनि त्यागेनौ, जो शैतान बस्ने तिमीहरूको शहरमा मारिए ।

**१४**तैपनि, तिम्रो विरुद्धमा मसित केही कुरा छन्: तिमीहरूसँग कोही यस्ता छन् जसले बालामका शिक्षा मान्दछन्, जसले बालाकद्वारा इस्राएलीहरूलाई मूर्तिहरूलाई चढ़ाएको भोजन खानलाई लोभ्याउन अनि व्यभिचार गर्न सिकायो । **१५**यसरी नै तिमीसँग निकोलाइटसको शिक्षा पालन गर्नेहरू पनि छन् । **१६**यसकारण पश्चात्ताप गर ! नत्र भने, म चाँडै तिमीकहाँ आएर मेरो मुखको तरवारले तिनीहरूको विरुद्धमा लड़ाइँ गर्नेछु ।

**१७**जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ । जसले जित्छ, त्यसलाई म लुकाइराखेको मन्नबाट केही भाग दिनेछु । म त्यसलाई एउटा नयाँ नाउँ लेखिएको पत्थर पनि दिनेछु, जसलाई पाउनेले मात्र जान्नेछ ।

### थिआटीरामा भएको मण्डलीलाई

**१८**"थिआटीरामा भएको मण्डलीका दूतलाई लेख:

यी परमेश्वरका पुत्रका वचनहरू हुन्, जसका आँखा आगोका ज्वालाझैँ अनि जसका पाउहरू टल्काइराखेको काँसझैँ छन् । **१९**मलाई तिम्रा कामहरू थाहा छ, तिम्रो प्रेम र विश्वास, तिम्रो सेवा र लगनशीलता, अनि यो पनि कि तिमीले पहिलाभन्दा अहिले बढी काम गर्दैछौ ।

**२०**तैपनि, तिम्रो विरुद्धमा मेरो यो कुरा छ: तिमीले त्यस स्त्री ईजेबेललाई सहन्छौ, जसले आफैलाई अगमवादिनी भन्छे । आफ्ना शिक्षाहरूद्वारा त्यसले मेरा दासहरूलाई व्यभिचार गर्न र मूर्तिहरूलाई चढ़ाएको भोजन खान गल्ती दिशातिर डोऱ्याउँछे । **२१**अनि मैले त्यसलाई आफ्नो दुष्ट चालदेखि पश्चात्ताप गर्ने समय दिएँ, तर त्यो यसमा राजी भइन । **२२**यसकारण म त्यसलाई कष्टको शैया दिनेछु, अनि त्यससित व्यभिचार गर्नेहरूले त्यसको मार्गदेखि पश्चात्ताप गरेनन् भने, तिनीहरूलाई महा कष्ट दिनेछु । **२३**म त्यसका छोराछोरीहरूलाई मारिदिनेछु । तब सबै मण्डलीहरूले यो जान्नेछन् कि म उही हुँ जसले हृदय र मनको खोजी गर्दछ, अनि म तिमीहरू हरेकलाई आफ्ना कामअनुसार दिनेछु । **२४**अब थिआटीरामा भएका बाँकीलाई म भन्दछु, तिमीहरूलाई जसले त्यसको (ईजेबेलको) शिक्षा ग्रहण गरेका छैनौ अनि शैतानका गहिरा भेदहरू सिकेका छैनौ (म अरू कुनै भारी तिमीहरूलाई बोकाउने छैनँ), **२५**खालि तिमीहरूसित जे छ म नआउञ्जेल थामिराख ।

**२६**त्यसैले जसले जित्छ अनि अन्त्यसम्म मेरो इच्छा पालन गर्छ, म त्यसलाई जातिहरूमाथि अधिकार दिनेछु, जसरी मैले मेरा पिताबाट अधिकार पाएको छु ।

**२७** अनि 'त्यसले तिनीहरूमाथि फलामको
राजदण्डले शासन गर्नेछ;
त्यसले तिनीहरूलाई माटाको
भाँड़ा फुटाएझैँ फुटाउनेछ ।'

**२८**म त्यसलाई बिहानको तारा पनि दिनेछु । **२९**जसको कान छ, त्यसले सुनोस् पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ ।

---

**२:१४**–गन्ती २२:५,७; ३१:१६; व्यवस्था २३:४; गन्ती २५:१-३. **२:१७**–प्रस्थान १६:१४-१५; १६:३३-३४; यूहन्ना ६:४८-५०; यशैया ६२:२; ६५:१५. **२:२०**–१ राजा १६:३१; २ राजा ९:२२,३०. **२:२३**–भजन ७:९; यर्मिया १७:१०; भजन ६२:१२. **२:२६-२७**–भजन २:८-९.

## सार्डिसमा भएको मण्डलीलाई

३ "सार्डिसमा भएको मण्डलीका दूतलाई लेख:
यी उहाँका वचनहरू हुन् जसले परमेश्‍वरका सात आत्माहरू अनि सात ताराहरू पक्रिराखेका छन् । मलाई तिम्रो काम थाहा छ; तिमी जीवित छौ भन्‍ने नाउँ छ, तर तिमी मरेका छौ ।
२जागा रहो र बाँकी रहेका ती कुरा जुन मर्नै लागेका छन्, तिनलाई बलियो तुल्याओ, किनकि मैले तिम्रा कामहरू परमेश्‍वरको सामु सिद्ध पाएको छैनँ ।
३यसकारण, तिमीले जे पायौ अनि सुन्यौ, त्यो स्मरण गर; त्यसलाई पालन गर, अनि पश्‍चात्ताप गर । तर तिमी जागेनौ भनेता, म चोरझैँ आउनेछु, अनि म तिमीकहाँ कतिबेला आउनेछु सो तिमीले जान्‍नेछैनौ ।

४तैपनि सार्डिसमा कति जना छन् जसले आफ्ना वस्‍त्र फोहोर पारेका छैनन् । तिनीहरू मसित सेता वस्‍त्र लाएर हिँड्नेछन्; किनकि तिनीहरू योग्यका छन् ।
५जसले जित्छ, त्यसले पनि तिनीहरूले झैँ, सेता वस्‍त्र लाउनेछन् । म त्यसको नाउँ जीवनको पुस्तकबाट कहिल्यै मेटिदिनेछैन, तर मेरा पिता अनि उहाँका दूतहरूको अगि स्वीकार गर्नेछु ।
६जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्‍नुहुन्छ ।

## फिलाडेल्फियाको मण्डलीलाई

७"फिलाडेल्फियामा भएको मण्डलीका दूतलाई लेख:

यी उहाँका वचनहरू हुन् जो पवित्र र सत्य हुनुहुन्छ, जससित दाऊदको साँचो छ । उहाँले जे खोल्नुहुन्छ, त्यो कसैले थुन्‍न सक्दैन, अनि उहाँले जे थुन्‍नुहुन्छ, त्यो कसैले खोल्न सक्दैन ।
८मलाई तिम्रा कामहरू थाहा छ । हेर, मैले तिम्रोअगि एउटा खुला ढोका राखिदिएको छु जसलाई कसैले बन्द गर्न सक्दैन । तिमीसित थोरै शक्ति छ भन्‍ने मलाई थाहा छ, तापनि तिमीले मेरा वचन पालन गरेका छौ, अनि मेरो नाउँलाई इन्कार गरेका छैनौ ।
९शैतानका सभाघरकाहरूलाई, यहूदी नभई आफैलाई यहूदी भन्‍नेहरूलाई, र ती झूटाहरूलाई म तिमीहरूको पाउमा पर्न र "म तिमीलाई प्रेम गर्छु" भनी स्वीकार गर्न लगाउनेछु ।
१०धैर्यसाथ सहनु भन्‍ने मेरा आज्ञा तिमीले पालन गरेकाले म पनि तिमीलाई परीक्षाको समयमा बचाउनेछु जुनचाहिँ यस संसारमा बस्‍नेहरूलाई जाँच्‍नलाई संसारभरि आउनेछ ।

११हेर, म चाँडै आउनेछु । तिमीसित जे छ त्यसलाई पक्रिराख, यसैले कि तिम्रो मुकुट कसैले लिन नपाओस् ।
१२जसले जित्छ म मेरा पिताको मन्दिरमा एउटा खाँबो बनाउनेछु । त्यसले यसलाई कहिल्यै छोड्नेछैन । म त्यसमाथि मेरा परमेश्‍वरको नाउँ लेखिदिनेछु अनि मेरा परमेश्‍वरको शहरको नाउँ, नयाँ यरूशलेम, जुन शहर मेरा परमेश्‍वरको स्वर्गबाट आइरहेको छ; अनि म त्यसमाथि मेरो नयाँ नाउँ लेखिदिनेछु ।
१३जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्‍नुहुन्छ ।

## लाउडिकियाको मण्डलीलाई

१४"लाउडिकियामा भएका मण्डलीका दूतलाई लेख:

यी वचनहरू आमेनका हुन्, जो विश्‍वास-योग्य अनि सत्य साक्षी, अनि परमेश्‍वरको सृष्‍टिका शासक हुनुहुन्छ ।
१५मलाई तिम्रा कामहरू थाहा छ, कि तिमी नता चिसो नता तातो छौ । तिमी चिसो कि तातो भए त हुनेथियो ।
१६यसकारण, तिमी मन तातो भएकाले म तिमीलाई मेरो मुखबाट थुकिदिन आँटेको छु ।
१७तिमी भन्छौ, "म धनी छु;

---

**३:३**–मत्ती २४:४३-४४; लूका १२:३९-४०; प्रकाश १६:१५. **३:५**–प्रस्थान ३२:३२-३३. **३:५**–भजन ६९:२८; प्रकाश २०:१२; मत्ती १०:३२; लूका १२:८. **३:७**–यशैया २२:२२; अय्यूब १२:१४. **३:९**–यशैया ४९:२३; ६०:१४; ४३:४. **३:१२**–प्रकाश २१:२; यशैया ६२:२; ६५:१५. **३:१४**–हितोपदेश ८:२२.

मैले धेरै धन कमाएको छु र मलाई कुनै थोकको खाँचो छैन ।" तर तिमीले यो थाहा गरेका छैनौ कि तिमी दु:खी, दयनीय, गरीब, अन्धो र नाङ्गो छौ ।
**१८**तिमी धनी हुनलाई आगोमा खारेको सुन, अनि आफ्नो लाजमर्दो नग्नता ढाक्नलाई वस्त्र; अनि देख्नलाई आँखामा लाउने गाजल मबाट किन्ने सल्लाह दिन्छु ।

**१९**जसलाई म प्रेम गर्छु, तिनीहरूलाई म हप्काउँछु अनि अनुशासन गर्छु । यसकारण तत्पर भई पश्चात्ताप गर ।
**२०**म यहाँ छु ! म ढोकामा उभिएर घचघच्याउँछु । यदि कसैले मेरो आवाज सुन्छ र ढोका खोलिदिन्छ भने, म त्यसकहाँ भित्र आउनेछु अनि त्यससित खानेछु, र त्यसले मसित खानेछ ।

**२१**जसले जित्छ, म उसलाई मसित मेरो सिंहासनमा बस्ने अधिकार दिनेछु, जसरी मैले पनि जितें अनि मेरो पिताको सिंहासनमा बसेको छु ।
**२२**जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ ।"

### स्वर्गमा भएको सिंहासन

**४** यसपछि मैले देखें, त्यहाँ स्वर्गमा मेरो साम‍ु एउटा खुला ढोका थियो । अनि मैले पहिले सुनेको सोर तुरहीको आवाजमा मसँग यसरी बोलिरहेको थियो, "यहाँ माथि आऊ, अनि म यसपछि के हुनेछ सो देखाउनेछु ।"
**२**म तुरुन्तै आत्मामा भएँ, अनि स्वर्गमा मेरो सामु एउटा सिंहासन थियो जसमा कोही बसिरहनुभएको थियो ।
**३**अनि त्यहाँ बसिरहनुहुनेको मुहार स्फटिक र गोमेद मणिझैं देखिन्थ्यो । त्यहाँ पन्नाजस्तै इन्द्रेणीले सिंहासनलाई घेरिराखेको थियो ।
**४**त्यस सिंहासनका वरिपरि चौबीसओटा अरू सिंहासनहरू थिए, अनि चौबीस जना धर्मगुरुहरू बसेका थिए । तिनीहरूले सेता वस्त्र अनि शिरमा सुनका मुकुटहरू लगाएका थिए ।
**५**सिंहासनबाट बिजुलीको चमक, गडचाङगुडुङ र मेघगर्जनको आवाज आइरहेथ्यो । सिंहासनको सामु आगोका सातओटा बत्तीहरू बलिरहेका थिए । यी परमेश्वरका सात आत्माहरू हुन् ।
**६**सिंहासनको सामु स्पष्ट देखिने काँचको समुद्रजस्तै केही थियो ।

बीचमा, सिंहासनको चारैतिर, चारओटा जीवित प्राणीहरू थिए, अनि तिनीहरूका अगाड़ि र पछाड़ि आँखाहरूले ढ़ाकिएका थिए ।
**७**पहिलो जीवित प्राणी सिंहजस्तै थियो, दोस्रो गोरुजस्तै थियो, तेस्रोको अनुहार मानिसको जस्तै थियो, चौथोचाहिँ उड़िरहेको गरुड़जस्तै थियो ।
**८**प्रत्येक जीवित प्राणीका छओटा पखेटाहरू थिए अनि ती चारैतिर, पखेटा भित्रपट्टि पनि आँखाहरूले ढ़ाकिएका थिए । रातदिन तिनीहरूले नरोकिकन यसो भनिरहन्थे–

"पवित्र, पवित्र, पवित्र
सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
जो हुनुहुन्थ्यो, हुनुहुन्छ, अनि
हुनआउनुहुनेछ ।"

**९**सिंहासनमा बस्नुहुने अनि सदासर्वदा जिउनुहुनेलाई जब जीवित प्राणीहरूले महिमा, आदर र धन्यवाद चढाउँछन्,
**१०**तब ती चौबीसै जना धर्मगुरुहरू सिंहासनमाथि बस्नुहुने अनि सदासर्वदा जिउनुहुनेको सामु घोप्टो पर्छन् र दण्डवत् गर्छन् । तिनीहरूले आफ्ना मुकुटहरू सिंहासनको सामु राखेर यसो भन्छन्:

**११** "हाम्रा प्रभु अनि परमेश्वर,
तपाईं महिमा, आदर र भक्ति ग्रहण
गर्ने योग्यका हुनुहुन्छ,
किनकि तपाईंले सब थोक सृष्टि
गर्नुभयो,
अनि तपाईंको इच्छाद्वारा ती सृजिए
अनि ती अस्तित्वमा आए ।"

---

**३:१९–**हितोपदेश ३:१२; हिब्रू १२:६. **४:२-३–**इजकिएल १:२६-२८; १०:१. **४:५–**प्रस्थान १९:१६; प्रकाश ८:५; ११:१९; १६:१८; इजकिएल १:१३; प्रकाश १:४; जकरिया ४:२.
**४:६-७–**इजकिएल १:२२, ५-१०; १०:१४. **४:८–**इजकिएल १:१८; १०:१२; यशैया ६:२-३.

## चर्मपत्र र थुमा

**५** तब सिंहासनमा बस्नुहुनेको दाहिने हातपट्टि
मैले एउटा चर्मपत्र देखें जसको दुवैतिर
लेखिएका थिए र सातओटा छापहरूले बन्द
गरिएको थियो । **२**अनि मैले एउटा बलवान्
स्वर्गदूतलाई देखें जसले चर्को सोरले यसरी
घोषणा गर्दैथिए, “यी छापहरू फोरेर चर्मपत्र
खोल्ने योग्यको को छ ?” **३**तर स्वर्गमा अथवा
पृथ्वीमा अथवा पृथ्वीमुनि भएका कसैले पनि
त्यस चर्मपत्रलाई खोल्न अनि त्यसभित्र हेर्न
सकेनन् । **४**अनि म रोइरहें किनकि त्यस चर्मपत्र
खोल्ने र त्यसभित्र हेर्ने योग्यका कोही पनि
पाइएन । **५**तब धर्मगुरुहरूमध्ये एक जनाले
मलाई भने, “नरोऊ ! हेर, यहूदाको कुलको
सिंह, दाऊदको मूल यो चर्मपत्र र यी सातओटा
छापहरू खोल्न विजयी हुनुभएको छ ।”

**६**तब मैले मारिएको थुमाजस्तो कसैलाई
सिंहासनको बीचमा उभिरहेको देखें, जसको
चारैतिर चारओटा जीवित प्राणीहरू र धर्मगुरुहरू
थिए । उहाँका सातओटा सिङहरू अनि सातओटा
आँखाहरू थिए, जुनचाहिँ संसारभरि पठाइएका
परमेश्वरका सात आत्माहरू हुन् । **७**उहाँले
सिंहासनमा बस्नुहुनेको दाहिने हातबाट त्यो
चर्मपत्र लिनुभयो । **८**अनि जब उहाँले त्यो
लिनुभयो, तब ती चारओटा जीवित प्राणीहरू
अनि चौबीस जना धर्मगुरुहरू त्यस थुमाको
सामु घोप्टो परे । प्रत्येकसित एउटा वीणा
थियो अनि तिनीहरूले धूपले भरिएका सुनका
धूपौराहरू पक्रेका थिए, जुन सन्तहरूका प्रार्थना
हुन् । **९**अनि तिनीहरूले एउटा नयाँ गीत गाए:

“तपाईं यो चर्मपत्र लिने र त्यसका
छापहरू खोल्ने योग्यको हुनुहुन्छ,
किनकि तपाईं मारिनुभएको थियो,
अनि तपाईंको रगतद्वारा तपाईंले
मानिसहरूलाई परमेश्वरको निम्ति
किन्नुभयो
प्रत्येक कुल र भाषाबाट अनि
जातिहरूलाई र राष्ट्रहरूलाई छुटकारा
दिनुभयो ।
**१०** तपाईंले तिनीहरूलाई एक राज्य र
पूजाहारीहरू बनाउनुभयो कि तिनीहरूले
हाम्रा परमेश्वरको सेवा गरून्,
अनि तिनीहरूले संसारमा राज्य गर्नेछन् ।”

**११**तब मैले हेरें, अनि सिंहासन, जीवित
प्राणीहरू र धर्मगुरुहरूका वरिपरि मैले असङ्ख्य
स्वर्गदूतहरूका सोर सुनें अनि तिनीहरूको
सङ्ख्या लाखौं र करोडौं थियो । **१२**अनि चर्को
सोरमा तिनीहरूले यो गीत गाए:

“मारिनुभएको थुमा,
सामर्थ्य, वैभव, बुद्धि, शक्ति, आदर
अनि महिमा र प्रशंसा पाउने योग्यका
हुनुहुन्छ !”

**१३**तब मैले स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि
अनि समुद्रमा भएका समस्त प्राणीले यो गीत
गाएको सुनें:

“सिंहासनमा विराजमान हुनुहुने र
थुमालाई प्रशंसा, आदर, महिमा
र भक्ति सदासर्वदा भइरहोस् !”

**१४**चार जीवित प्राणीहरूले भने, “आमेन,” अनि
धर्मगुरुहरूले घोप्टो परेर उहाँलाई दण्डवत् गरे ।

## छापहरू

**६** थुमाले सातओटा छापहरूमध्ये पहिलो
छाप खोल्नुभएको मैले ध्यानसित हेरें ।
तब ती चार जीवित प्राणीहरूमध्ये एक जनाले
गर्जनको सोरमा यसो भनेको सुनें, “आऊ !”
**२**मैले हेरें, अनि मेरो सामु एउटा सेतो घोड़ा
थियो ! त्यसको सवारले एउटा धनु समातेको
थियो, अनि उसलाई एउटा मुकुट दिइयो, अनि
ऊ विजय गर्ने उद्देश्यले विजयीझैं निस्क्यो ।

**५:१**–इजकिएल २:९-१०; यशैया २९:११. **५:५**–उत्पत्ति ४९:९; यशैया ११:१,१०. **५:६**–यशैया ५३:७; जकरिया ४:१०. **५:८**–भजन १४१:२. **५:९**–भजन ३३:३; ९८:१; यशैया ४२:१०. **५:१०**– प्रस्थान १९:६; प्रकाश १:६. **५:११**–दानिएल ७:१०. **६:२**–जकरिया १:८; ६:३,६.

**३**जब थुमाले दोस्रो छाप खोल्नुभयो, मैले
दोस्रो जीवित प्राणीले यसो भनेको सुनें,
"आऊ !" **४**तब अर्को उज्ज्वल रातो घोड़ा
आयो । त्यसको सवारलाई संसारदेखि शान्ति
उठाइ लैजाने अनि एकले अर्को मानिसलाई
मार्न लाउने अख्तियार दिइएको थियो । उसलाई
एउटा ठूलो तरवार दिइयो ।

**५**जब थुमाले तेस्रो छाप खोल्नुभयो, मैले
तेस्रो जीवित प्राणीले यसो भनेको सुनें, "आऊ !"
मैले हेरें, अनि मेरो सामु एउटा कालो घोड़ा
थियो ! त्यसको सवारको हातमा एउटा तराजु
थियो । **६**तब ती चार जीवित प्राणीहरूमध्ये एउटा
आवाजले यसो भनेको मैले सुनें, "एक दिनको
ज्याला एक किलो गहुँ, र एक दिनको ज्याला
तीन किलो जौ; तेल र मद्यलाई हानि नगर्नू !"

**७**जब थुमाले चौथो छाप खोल्नुभयो, मैले
चौथो जीवित प्राणीले यसो भनेको सुनें, "आऊ !"
**८**मैले हेरें, म अनि मेरो सामु एउटा पहेंलो घोड़ा
थियो ! त्यसको सवारलाई मृत्यु भन्ने नाउँ दिइएको
थियो, र पातालचाहिँ त्यसको पछि लागेको
थियो । तिनीहरूलाई संसारको चौथाइ भागलाई
तरवारले, अनिकालले, रुढ़ीले र संसारको जङ्गली
जन्तुहरूले मार्ने अख्तियार दिइएको थियो ।

**९**जब उहाँले पाँचौं छाप खोल्नुभयो, तब
मैले वेदीको मुनि तिनीहरूका आत्माहरूलाई
देखें जो परमेश्वरको वचनको कारण र आफ्नो
साक्षी कायम राखेको कारण मारिएका थिए ।
**१०**तिनीहरूले जोड़सित यसो भने, "हे सर्वशक्तिमान्,
पवित्र र सत्य परमेश्वर, तपाईंले कहिलेसम्म
संसारका बासिन्दाहरूमाथि इन्साफ गरेर हाम्रा
रगतको बदला लिनुहुन्न ?" **११**तब ती प्रत्येकलाई
सेतो वस्त्र दिइयो, अनि तिनीहरूका सहकर्मी र
भाइहरू पनि तिनीहरूझैँ मारिएर सङ्ख्यामा
पूरा नभएसम्म पर्खिनू भनी तिनीहरूलाई भनियो ।

**१२**उहाँले छैटौं छाप खोल्नुभएको मैले
ध्यानसित हेरिरहें । एउटा ठूलो भैंचालो गयो ।
सूर्यचाहिँ बाख्राको रौंले बनिएको भाङ्ग्राझैँ
कालो भयो, अनि सम्पूर्ण चन्द्रमा रगतजस्तो
रातो भयो, **१३**अनि आकाशका ताराहरूचाहिँ
नपाकेका नेभाराहरू हावाले हल्लाउँदा झरेझैँ
भुइँमा झरे । **१४**आकाशचाहिँ पत्रको मुठाझैँ
बेह्रिएर गयो, अनि प्रत्येक पहाड़ र टापुचाहिँ
आफ्नो ठाउँबाट हटिगए ।

**१५**तब संसारका राजाहरू, राजकुमारहरू,
सेनापतिहरू, धनीहरू, पराक्रमीहरू, प्रत्येक दास
र स्वतन्त्र व्यक्ति गुफा, चट्टान र पहाड़ हुँदो
लुके । **१६**तिनीहरूले पहाड़ र चट्टानहरूलाई भने,
"हामीमाथि खस् अनि हामीलाई सिंहासनमाथि
बस्नुहुनेको अनुहारदेखि र थुमाको क्रोधदेखि
लुकाओ ! **१७**किनकि उहाँहरूको क्रोधको महा
दिन आइपुगेको छ, र यसको अगि को खड़ा
रहनसक्छ ?"

## एक लाख चवालीस हजारलाई छाप लगाइएको

**७** यसपछि मैले चार जना स्वर्गदूतहरूलाई
पृथ्वीको चार कुनाहरूमा उभिरहेको देखें,
जसले जमिनमा अथवा समुद्रमा अथवा कुनै रूखमा
कतैबाट पनि बतास नचलोस् भनेर त्यसलाई
रोक्नलाई पृथ्वीका चारैओटा बतासहरूलाई
रोकिराखेका थिए । **२**तब मैले परमेश्वरको छाप
लिएर अर्को स्वर्गदूतलाई पूर्वबाट उक्लिरहेको
देखें । उनले जमिन र समुद्रलाई हानि गर्ने
अख्तियार पाएका चार जना स्वर्गदूतहरूलाई
जोड़सित भने, **३**"जबसम्म हामीले परमेश्वरका
दासहरूका निधारहरूमा छाप लगाइसक्दैनौं
तबसम्म जमिन अथवा समुद्र अथवा रूखहरूलाई
हानि नगर्नू ।" **४**तब मैले छाप पाएकाहरूको
सङ्ख्या सुनें, अर्थात् तिनीहरू इस्राएलका सबै
कुलहरूबाट एक लाख चवालीस हजार थिए ।

---

**६:४**–जकरिया १:८; ६:२. **६:५**–जकरिया ६:२,६. **६:८**–इजकिएल १४:२१. **६:१२**–प्रकाश ११:१३; १६:१८; यशैया १३:१०; योएल २:१०,३१; ३:१५; मत्ती २४:२९; मर्कूस १३:२४-२५; लूका २१:२५.
**६:१३-१४**–यशैया ३४:४. **६:१४**–प्रकाश १६:२०. **६:१५**–यशैया २:१९,२१. **६:१६**–होशे १०:८; लूका २३:३०.
**६:१७**–योएल २:११; मलाकी ३:२. **७:१**–यर्मिया ४९:३६; जकरिया ६:५. **७:३**–इजकिएल ९:४-६.

५ यहूदाको कुलबाट बाह्र हजारलाई छाप
लगाइयो,
रूबेनको कुलबाट बाह्र हजारलाई,
गादको कुलबाट बाह्र हजारलाई,
६ आशेरको कुलबाट बाह्र हजारलाई,
नप्तालीको कुलबाट बाह्र हजारलाई,
मनश्शेको कुलबाट बाह्र हजारलाई,
७ शिमियोनको कुलबाट बाह्र हजारलाई,
लेवीको कुलबाट बाह्र हजारलाई,
इस्साखारको कुलबाट बाह्र हजारलाई,
८ जबूलूनको कुलबाट बाह्र हजारलाई,
यूसुफको कुलबाट बाह्र हजारलाई,
बेन्यामीनको कुलबाट बाह्र हजारलाई
छाप लगाइयो ।

## सेतो वस्त्र लगाएको ठूलो भीड़

**९**यसपछि मैले प्रत्येक राष्ट्र, कुल, जाति
अनि भाषाबाट कसैले गन्न नसक्ने एउटा ठूलो
भीड़लाई मेरो सामु सेतो वस्त्र लाएर सिंहासनको
र थुमाको सामु उभिरहेको देखें । तिनीहरूले
सेतो वस्त्र लाएका अनि हातमा खजूरका
हाँगाहरू लिएका थिए । **१०**अनि तिनीहरू चर्को
सोरमा कराए:

"मुक्ति हाम्रा परमेश्वरको हो,
जो सिंहासनमा बस्नुहुन्छ,
अनि थुमाको पनि हो ।"

**११**सबै स्वर्गदूतहरू सिंहासनका वरिपरि अनि
धर्मगुरुहरू र चारओटा जीवित प्राणीहरूका
वरिपरि उभिरहेका थिए । तिनीहरू सिंहासनको
सामु घोप्टो परे अनि यसो भन्दै परमेश्वरलाई
दण्डवत् गरे,

१२ "आमेन !
हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा,
बुद्धि, धन्यवाद, आदर, शक्ति
र सामर्थ्य सदासर्वदा होस्, आमेन !"

**१३**तब धर्मगुरुहरूमध्ये एक जनाले मलाई
सोधे, "यी सेता वस्त्र लाउनेहरू को हुन्, अनि
कहाँबाट आएका हुन् ?"

**१४**मैले उत्तर दिएँ, "महाशय, तपाईं नै
जान्नुहुन्छ ।"

अनि तिनले भने, "यी तिनीहरू हुन् जो
महा सङ्कष्टबाट आएका छन्, तिनीहरूले आफ्ना
वस्त्र थुमाको रगतमा धोएर सेता बनाएका
छन् । **१५**यसकारण,

"तिनीहरू परमेश्वरको सिंहासनको
सामु छन्
अनि तिनीहरू उहाँको मन्दिरमा
दिनरात उहाँको सेवा गर्छन्;
अनि सिंहासनमा बस्नुहुनेले
तिनीहरूमाथि आफ्नो वासस्थान
टाँगिदिनुहुनेछ ।
१६ तिनीहरू फेरि कहिल्यै भोकाउनेछैनन्;
तिनीहरू फेरि कहिल्यै तिर्खाउनेछैनन् ।
तिनीहरूलाई सूर्यको राप अथवा
प्रचण्ड तापले प्रहार गर्नेछैन ।
१७ किनकि सिंहासनको बीचमा हुनुहुने
थुमा तिनीहरूका गोठाला हुनुहुनेछ;
उहाँले तिनीहरूलाई जिउँदो पानीको
स्रोतसम्म डोऱ्याउनुहुनेछ ।
अनि परमेश्वरले तिनीहरूका
आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ ।"

## सातौं छाप र सुनको धुपौरो

**८** जब उहाँले सातौं छाप खोल्नुभयो, तब
स्वर्गमा प्राय: आधा घण्टासम्म सन्नाटा
छायो ।

**२**अनि परमेश्वरको सामुन्ने उभिने सातओटा
स्वर्गदूतहरूलाई सातओटा तुरहीहरू दिइएको
मैले देखें ।

**३**अर्को स्वर्गदूत, जससँग एउटा सुनको
धुपौरो थियो, आएर वेदीमा उभिए । तिनलाई
सबै सन्तहरूको प्रार्थनासित सिंहासनको सामु
भएको सुनको वेदीमा चढ़ाउनलाई धेरै धूप

**७:१४**–दानिएल १२:१; मत्ती २४:२१; मर्कूस १३:१९. **७:१६**–यशैया ४९:१०. **७:१७**–भजन २३:१; इजकिएल ३४:२३; भजन २३:२; यशैया ४९:१०; २५:८. **८:३**–आमोस ९:१; प्रस्थान ३०:१,३.

दिइयो। ४सन्तहरूका प्रार्थनासित धूपको धूवाँ स्वर्गदूतको हातबाट माथि परमेश्वरकहाँ गयो। ५तब ती स्वर्गदूतले धुपौरो लिएर त्यसमा वेदीको आगो भरे अनि त्यसलाई पृथ्वीमाथि फ्याँकिदिए; अनि त्यहाँ मेघ गर्जन, गड़्‌चाङगुडुङको आवाज, बिजुलीको चमक उत्पन्न भयो, अनि भैंचालो गयो।

## तुरहीहरू

६तब सातओटा तुरहीहरू हुने ती सात जना स्वर्गदूतहरू तुरही फुक्न तयार भए।

७पहिलो स्वर्गदूतले आफ्नो तुरही फुके, अनि त्यहाँ रगतमा मिसिएका असिना र आगो आए, अनि पृथ्वीमाथि वर्षिए। पृथ्वीको तेस्रो भाग जलिहाल्यो, रूखहरूको तेस्रो भाग जलिहाल्यो अनि सबै हरिया घाँसहरू भष्म भए।

८दोस्रो स्वर्गदूतले आफ्नो तुरही फुके, अनि जल्दै गरेको एउटा ठूलो पहाड़जस्तै कुनै वस्तु समुद्रमा फालियो। समुद्रको तेस्रो भाग रगतमा परिणत भयो। ९समुद्रमा भएका जीवित प्राणीहरूको एक तिहाइ भाग मरिहाले, अनि जहाजहरूको तेस्रो भाग नष्ट भए।

१०तेस्रो स्वर्गदूतले आफ्नो तुरही फुके, अनि राँकोझैं जलिरहेको एउटा ठूलो तारा आकाशबाट नदीहरूको एक तिहाइ भागमाथि अनि पानीहरूको मुहानहरूमाथि खस्यो, ११त्यस ताराको नाउँ ऐरेलु हो। पानीहरूको तेस्रो भाग तीतो भयो, अनि तीतो पानीका कारण धेरै मानिसहरू मरे।

१२चौथो स्वर्गदूतले आफ्नो तुरही फुके, अनि सूर्यको एक तिहाइ भागमाथि अनि चन्द्रमाको एक तिहाइ भागमाथि, अनि ताराहरूको एक तिहाइ भागमाथि प्रहार भयो, जसद्वारा तिनीहरूका एक तिहाइ भाग अँध्यारो भइहाल्यो। दिनको एक तिहाइ भाग र रातको एक तिहाइ भाग पनि ज्योतिविहीन भइहाल्यो।

१३मैले जसरी ध्यानसित हेरिरहेको थिएँ, आकाशको बीचमा उड़िरहेको एउटा गरुड़ले चर्को सोरमा यसो भनेको सुनें: "अरू तीन स्वर्गदूतहरूले फुक्न लागेका तुरहीका आवाजहरूको कारण पृथ्वीवासीहरूलाई धिक्कार! धिक्कार! धिक्कार!"

९ पाचौं स्वर्गदूतले आफ्नो तुरही फुके, अनि मैले आकाशबाट पृथ्वीमा खसेको एउटा तारालाई देखें। तिनलाई अतल-कुण्डको साँचो दिइएको थियो। २तिनले जब त्यस कुण्डलाई खोले, तब त्यहाँबाट विशाल भट्टीबाटझैं धुवाँ निस्क्यो। त्यस कुण्डबाट निस्केको धुवाँले सूर्य र आकाश अँध्यारो भए। ३अनि त्यस धूवाँबाट सलहहरू पृथ्वीमा निस्केर आए अनि तिनीहरूलाई पृथ्वीमा भएका बिच्छीको झैं शक्ति दिइयो। ४तिनीहरूलाई पृथ्वीका घाँसहरू अनि कुनै बोट विरूवा वा रूखहरूलाई हानि नगर्नू, तर जुन मानिसहरूका निधारमा परमेश्वरको छाप छैन तिनीहरूलाई मात्र हानि गर्नू भनियो। ५तिनीहरूलाई मारिहाल्ने अख्तियार त दिइएन, तर पाँच महिनासम्म यातना दिनू भनियो। अनि बिच्छीले डस्दा मानिसलाई जस्तो पीड़ा हुन्छ, त्यो त्यस्तै पीड़ा थियो। ६ती दिनहरूमा मानिसहरूले मृत्यु खोज्नेछन्, तर पाउनेछैनन्; तिनीहरू मर्ने इच्छा गर्नेछन्, तर मृत्यु तिनीहरूदेखि भाग्नेछ।

७ती सलहहरू लड़ाइँका निम्ति तयार गरिएका घोड़ाहरूजस्तै थिए। तिनीहरूले आफ्ना शिरमा सुनका मुकुटहरूझैं केही लगाएका थिए। अनि तिनीहरूका अनुहार मानिसहरूका जस्ता थिए। ८तिनीहरूका केश स्त्रीका जस्ता थिए, अनि तिनीहरूका दाँत सिंहका झैं थिए। ९तिनीहरूका छातीका कवज फलामका झैं थिए, अनि तिनीहरूका पखेटाको आवाज लड़ाइँ गर्न दगुरिरहेका धेरै घोड़ाहरू र रथहरूको गड़गड़ाहटझैं थियो। १०तिनीहरूका पुच्छर र खील बिच्छीका झैं

**८:५**–लेवी १६:१२; इजकिएल १०:२; प्रस्थान १९:१६; प्रकाश ११:१९; १६:१८. **८:७**–प्रस्थान ९:२३-२५; इजकिएल ३८:२२. **८:१०**–यशैया १४:१२. **८:११**–यर्मिया ९:१५. **८:१२**–यशैया १३:१०; इजकिएल ३२:७; योएल २:१०,३१; ३:१५. **९:२**–उत्पत्ति १९:२८. **९:३**–प्रस्थान १०:१२-१५. **९:४**–इजकिएल ९:४. **९:६**–अय्यूब ३:२१; यर्मिया ८:३. **९:७**–योएल २:४. **९:८**–योएल १:६. **९:९**–योएल २:५.

थिए, अनि तिनीहरूका पुच्छरमा मानिसहरूलाई
पाँच महिनासम्म यातना दिने शक्ति थियो ।
**११**तिनीहरूका राजाका रूपमा अतल-कुण्डको
दूत थियो, जसको नाउँ हिब्रू भाषामा अबाडोन,
अनि ग्रीक भाषामा, अपोल्लियोन हो ।

**१२**पहिलो अभिशाप बितिहाल्यो; यसपछि
अरू दुई अभिशापहरू आउन बाँकी नै छन् ।
**१३**छैटौं स्वर्गदूतले आफ्नो तुरही फुके, अनि
मैले परमेश्वरको सामु भएको सुनको वेदीका
सीङहरूबाट आएको आवाज सुनें । **१४**यसले
तुरही बोकेका छैटौं स्वर्गदूतलाई यसो भन्यो,
“त्यस ठूलो नदी यूफ्रेटिसमा बाँधिराखेका चार
जना स्वर्गदूतहरूलाई फुकाइदेऊ ।” **१५**अनि
मानिसहरूको एक तिहाइ भागलाई मारून् भनेर
त्यस घड़ी, त्यस दिन, त्यस महिना र त्यस
वर्षको निम्ति तयार पारिराखेका ती चार जना
स्वर्गदूतहरूलाई छोड़ियो । **१६**ती घोड़सवार
फौजको सङ्ख्या बीस करोड़ थियो ।

**१७**मैले मेरो दर्शनमा देखेका घोड़ाहरू अनि
सवारहरू यस्ता थिए: तिनीहरूका छातीका
कवच आगोझैं राता, गाढ़ा नीला, अनि गन्धकझैं
पहेंला थिए । ती घोड़ाहरूका शिर सिंहहरूका
शिरझैं थिए, अनि तिनीहरूका मुखबाट आगो,
धूवाँ र गन्धक निस्कन्थे । **१८**तिनीहरूका मुखबाट
निस्केका आगो, धूवाँ र गन्धकको रूढ़ीद्वारा
मानिसहरूका एक तिहाइ भाग मारिए । **१९**ती
घोड़ाहरूको शक्ति तिनीहरूका मुखमा र
पुच्छरमा थियो, किनकि तिनीहरूका पुच्छर
सर्प जस्ता थिए, जसका शिरले चोट पुराउँथे ।

**२०**ती रूढ़ीहरूले मार्न नसकेका बाँकी रहेका
मानिस जातिले तिनीहरूका हातले गरेका
कामहरूबाट अझ पनि पश्चात्ताप गरेनन्;
तिनीहरूले देख्न नसक्ने, सुन्न नसक्ने र हिँड्न
नसक्ने भूतप्रेतहरू र सुन, चाँदी, काँस, ढुङ्गा
र काठका मूर्तिहरू पूज्न छाड़ेनन् । **२१**नता
तिनीहरूले आफूले गरेका हत्या, जादूगरी,
व्यभिचार र चोरीको लागि नै पश्चात्ताप गरे ।

## स्वर्गदूत र सानो चर्मपत्र

**१०** तब मैले स्वर्गबाट आइरहेका एक जना
शक्तिशाली स्वर्गदूतलाई देखें । तिनले
बादल पहिरेका थिए । अनि तिनका शिरमाथि
एउटा इन्द्रेणी थियो; अनि तिनका अनुहार सूर्यझैं
र पाउहरू आगाका खाँबाहरू जस्ता थिए ।
**२**तिनले एउटा सानो चर्मपत्र समाइराखेका थिए,
जुन तिनको हातमा खुल्लै थियो । तिनले आफ्नो
दाहिने पाउ समुद्रमा अनि देब्रे पाउ जमिनमा
राखेका थिए, **३**अनि तिनले सिंहले झैं गर्जनको
आवाज निकाले । जब तिनी चिच्च्याए, तब
सातओटा गर्जनका आवाजहरूले बोले । **४**अनि
जब सातओटा गर्जनहरू बोले, तब म लेख्नै
लागेको थिएँ; तर मैले स्वर्गबाट यसो भन्ने
आवाज सुनें, “सातओटा गर्जनहरूले जे भने
त्यसमा छाप लगाऊ अनि त्यसलाई नलेख ।”

**५**तब मैले देखेका समुद्र र जमिनमा
उभिरहेका ती स्वर्गदूतले आफ्ना दाहिने हात
स्वर्गतिर उचाले । **६**अनि तिनले उहाँको
नाउँमा शपथ खाए, जो सदासर्वदा जिउनुहुन्छ,
जसले स्वर्ग अनि त्यसमा भएका सबै
थोक, अनि समुद्र र त्यसमा भएका सबै
थोक सृजनुभयो, अनि भन्नुभयो, “अब ढिलो
हुनेछैन ! **७**तर सातौं स्वर्गदूतले आफ्नो तुरही
फुक्न लागेका दिनहरूमा, उहाँले आफ्ना
दासहरू अनि अगमवक्ताहरूलाई भन्नुभएजस्तै
गरी परमेश्वरको रहस्य पूरा हुनेछ ।”

**८**तब स्वर्गबाट आएको मैले सुनेको आवाज
मसित फेरि बोल्यो: “जाऊ, अनि समुद्र र
जमिनमा पाउ राखेका स्वर्गदूतको हातमा भएको
खुला चर्मपत्र लेऊ ।”

**९**यसकारण म ती स्वर्गदूतकहाँ गएँ र त्यो
सानो चर्मपत्र मागें । अनि तिनले मलाई भने,
“यसलाई लेऊ र खाऊ । यसले तिम्रो पेटलाई
अमिलो बनाइदिनेछ, तर तिम्रो मुखभित्र यो
महभन्दा गुलियो हुनेछ ।” **१०**मैले त्यो सानो
चर्मपत्र स्वर्गदूतको हातबाट लिएँ अनि त्यसलाई

---

**९:१३**–प्रस्थान ३०:१-३. **९:२०**–भजन ११५:४-७; १३५:१५-१७; दानिएल ५:२३. **१०:५-७**–प्रस्थान २०:११;
व्यवस्था ३२:४०; दानिएल १२:७; आमोस ३:७. **१०:८-१०**–इजकिएल २:८-३:३.

खाएँ। त्यो मेरो मुखमा महझैँ गुलियो भयो,
तर जब मैले खाएँ, तब त्यो मेरो पेटमा
अमिलो भयो। **११**तब मलाई यसो भनियो,
"तिमीले धेरै मानिसहरू, जातिहरू, भाषाहरू
र राजाहरूको विषयमा फेरि अगमवाणी
बोल्नुपर्नेछ।"

## दुई साक्षीहरू

**११** मलाई नाप्ने टाँगो जस्तो एउटा निगालो
दिइयो अनि भनियो, "जाऊ अनि
परमेश्वरको मन्दिर र वेदीलाई नाप, त्यहाँ
आराधना गर्नेहरूलाई गन्ती गर। **२**तर मन्दिर
बाहिर रहेका चोकलाई ननाप किनकि यो त
गैर-यहूदीहरूलाई दिइएको छ। तिनीहरूले पवित्र
शहरलाई बयालीस महिनासम्म कुल्चनेछन्।
**३**अनि म मेरा दुई जना साक्षीहरूलाई शक्ति
दिनेछु, अनि तिनीहरूले भाङ्ग्राको वस्त्र लाएर
एक हजार दुई सय साठी दिनसम्म अगमवाणी
बोल्नेछन्।" **४**यिनीहरू ती दुई जैतुनका रूखहरू
अनि दुई सामदानहरू हुन्। जो पृथ्वीका प्रभुका
सामु उभिन्छन्। **५**यदि कसैले यिनीहरूलाई
हानि गर्ने कोशिश गर्छ भने, तिनीहरूका
मुखबाट आगो निस्केर ती शत्रुहरूलाई भष्म
पारिदिनेछ। यसरी नै तिनीहरूलाई हानि गर्ने
चेष्टा गर्नेहरू मर्नुपर्नेछ। **६**यी मानिसहरूसित
तिनीहरूले अगमवाणी गरेका दिनहरूमा पानी
नपरोस् भनेर आकाश थुन्ने शक्ति हुनेछ, अनि
पानीलाई रगतमा परिणत गर्ने तथा पृथ्वीमा
तिनीहरूले चाहेका बखतमा प्रत्येक किसिमको
रूढ़ीले आघात पुऱ्याउने शक्ति हुनेछ।

**७**अब तिनीहरूले अगमवाणी गरिसकेपछि
अतल-कुण्डबाट निस्केर आउने पशुले तिनीहरूलाई
आक्रमण गरी वशमा ल्याएर मारिदिनेछ।
**८**तिनीहरूका शरीरहरू त्यस महान् शहरको
सड़कमा पड़िरहनेछन्, जसलाई दृष्टान्तको
रूपमा सदोम र मिश्रदेश भनिन्छ, जहाँ
तिनीहरूको प्रभु क्रूसमा टाँगिनुभएको थियो।
**९**साढ़े तीन दिनसम्म प्रत्येक जाति, कुल,
भाषा र राष्ट्रबाट आएका मानिसहरूले
तिनीहरूका शरीरलाई नियालेर हेर्नेछन् अनि
गाड्न दिनेछैनन्। **१०**पृथ्वीका बासिन्दाहरूले
तिनीहरूलाई रमिता मानेर हेर्नेछन् अनि एक
अर्कालाई उपहार लिनेदिने गर्दै खुशीयाली
मनाउनेछन्, किनकि यी दुई अगमवक्ताहरूले
ती पृथ्वीवासीहरूलाई सास्ती दिएका थिए।

**११**तर साढ़े तीन दिनपछि परमेश्वरबाट
जीवनको सास तिनीहरूभित्र पस्यो र तिनीहरू
आफ्ना पाउमा खड़ा भए, अनि तिनीहरूलाई
देख्नेहरू डरले आतङ्कित भए। **१२**तब तिनीहरूले
स्वर्गबाट ती दुईलाई यसो भन्दै गरेको एउटा
चर्को सोर सुने, "यता माथि आओ।" अनि
तिनीहरूका शत्रुहरूले हेर्दा हेर्दै ती दुई बादलमा
स्वर्गतिर गए।

**१३**ठीक त्यही समयमा एउटा ठूलो भैँचालो
गयो अनि त्यस शहरको दशौं भाग ढल्यो।
सात हजार मानिसहरू भैँचालोमा मरे, अनि
बाँचेकाहरू जतिले अचम्म मानेर स्वर्गका
परमेश्वरलाई महिमा दिए।

**१४**दोस्रो विपत्ति बित्यो; तेस्रो विपत्ति चाँड़ै
आउँदैछ।

## सातौं तुरही

**१५**सातौं स्वर्गदूतले आफ्नो तुरही फुके, अनि
स्वर्गमा चर्को आवाजहरू सुनिए, जसले यसो भने:

"पृथ्वीको राज्य हाम्रा प्रभुको र
उहाँका ख्रीष्टको राज्य भएको छ,
अनि उहाँले सदासर्वदा राज्य
गर्नुहुनेछ।"

**१६**अनि परमेश्वरको सामुका सिंहासनहरूमा
बस्ने ती धर्मगुरुहरूले घोप्टो परी परमेश्वरलाई
दण्डवत् गरेर **१७**यसो भने:

---

**११:१**–इजकिएल ४०:३; जकरिया २:१-२. **११:२**–लूका २१:२४. **११:४**–जकरिया ४:३,११-१४.
**११:६**–१ राजा १७:१; प्रस्थान ७:१७-१९; १ शमूएल ४:८. **११:७**–दानिएल ७:७,२१; प्रकाश १३:५-७; १७:८.
**११:८**–यशैया १:९-१०. **११:११**–इजकिएल ३७:१०. **११:१२**–२ राजा २:११. **११:१३**–प्रकाश ६:१२; १६:१८.
**११:१५**–प्रस्थान १५:१८; दानिएल २:४४; ७:१४,२७.

“हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
हामी तपाईंलाई धन्यवाद दिन्छौं, जो
हुनुहुन्छ, र जो हुनुहुन्थ्यो, किनकि
तपाईंले आफ्नो महान् शक्ति
लिनुभएको छ,
अनि राज्य गर्न थाल्नुभएको छ ।
१८ जातिहरू रिसाएका थिए;
अनि तपाईंको क्रोध आइपुगेको छ ।
मरेकाहरूको इन्साफ हुने बेला
आएको छ,
अनि तपाईंका दास अगमवक्ताहरू,
अनि तपाईंका सन्तहरू र तिनीहरू
जसले तपाईंको नाउँको डर मान्छन्,
ठूला र सानाहरूलाई इनाम दिने बेला
आएको छ,
अनि पृथ्वीलाई नाश गर्नेहरूलाई नष्ट
गर्ने समय आएको छ ।”

**१९**तब स्वर्गमा भएको परमेश्वरको मन्दिर
खोलियो, र त्यस मन्दिरभित्र करारको सन्दूक
देखियो । अनि त्यहाँ बिजुलीका चमकहरू,
गर्जन र गड़गड़ाहटका आवाजहरू आए, अनि
भैंचालो गयो र ठूला ठूला असिनाहरू परे ।

### स्त्री र अजिङ्गर

**१२** एउटा ठूलो अनि अचम्मको चिन्ह
स्वर्गमा देखियो: सूर्य ओढ़ेकी अनि
पाउमुनि चन्द्र भएकी र शिरमाथि बाह्रओटा
ताराहरूको मुकुट लाएकी एउटी स्त्री देखा
परिन् । **२**उनी गर्भवती थिइन् अनि सुत्केरी
व्यथाको पीड़ाले गर्दा कराइन् । **३**तब स्वर्गमा
अर्को चिन्ह देखा पर्‍यो: सात शिर र दश सिङ
भएको अनि शिरमा सातओटा मुकुटहरू भएको
एउटा विशाल रातो अजिङ्गर देखा पर्‍यो ।
**४**त्यसको पुच्छरले स्वर्गका ताराहरूको तेस्रो
भागलाई सोहोरेर पृथ्वीमा फाल्दो रहेछ । ती
बच्चा जन्माउन लागेकी स्त्रीले बालक जन्माएपछि
त्यसलाई खानलाई त्यो पशु त्यस स्त्रीको
सामु उभेको थियो । **५**ती स्त्रीले एउटा
बालकलाई जन्म दिइन्, एउटा छोरालाई, जसले
जाति-जातिहरूलाई फलामको डण्डाले शासन
गर्नेछ । अनि तिनको बालक परमेश्वर अनि
उहाँको सिंहासन भएको ठाउँमा खोसेर
लगियो । **६**परमेश्वरले एक हजार दुई सय
साठी दिनसम्म तिनको हेरचाह होस् भनेर
तयार पारिराखिदिनुभएको ठाउँमा पुग्नको लागि
स्त्री उजाड़-स्थानहरूभित्र भागिन् ।
**७**अनि स्वर्गमा लड़ाइँ भयो । माइकल अनि
तिनका दूतहरूले त्यस अजिङ्गरसित लड़ाइँ
गरे, अनि अजिङ्गर र त्यसका दूतहरूले पनि
लड़ाइँ गरे । **८**तर त्यो त्यति बलियो थिएन, र
तिनीहरूले स्वर्गका आफ्ना ठाउँहरू हारे । **९**त्यो
विशाल अजिङ्गर तल फ्याँकियो– त्यो पुरानो
सर्प जसलाई दियाबलस वा शैतान पनि भनिन्छ,
जसले सारा पृथ्वीलाई बहकाउँछ । त्यो अनि
त्यसका दूतहरू त्यससितै पृथ्वीमा फ्याँकिए ।
**१०**तब मैले स्वर्गमा यसो भनेको ठूलो सोर
सुनें:

“अब हाम्रो परमेश्वरको मुक्ति अनि
शक्ति अनि राज्य,
अनि उहाँका ख्रीष्टको अख्तियार
आएका छन् ।
किनकि हाम्रा भाइहरूलाई दोष लाउने,
जसले परमेश्वरको सामु तिनीहरूलाई
दिनरात दोष लाउँछ,
त्यो तल फ्याँकिएको छ ।
११ तिनीहरूले त्यसलाई थुमाको रगतले
अनि तिनीहरूका साक्षीको वचनले
जितेका छन्;
तिनीहरूले मृत्युसम्मै पनि आफ्ना
प्राणको माया गरेनन् ।
१२ यसकारण, ए स्वर्गहरू र स्वर्गहरूमा
बस्नेहरू, तिमीहरू रमाओ !

---

**११:१८**–भजन २:५; ११०:५; ११५:१३. **११:१९**–प्रकाश ८:५; १६:१८-२१. **१२:३**–दानिएल ७:७.
**१२:४**–दानिएल ८:१०. **१२:५**–यशैया ६६:७ भजन २:९. **१२:७**–दानिएल १०:१३,२१; १२:१; यहून्ना ९.
**१२:९**–उत्पत्ति ३:१; लूका १०:१८. **१२:१०**–अय्यूब १:९-११; जकरिया ३:१.

तर पृथ्वी र समुद्रलाई धिक्कार,
किनकि आफ्नो समय अल्प छ भन्ने
थाहा पाएर शैतान ठूलो क्रोधसित
तिमीहरूकहाँ तल आएको छ !"

**१३**जब त्यस अजिङ्गरले आफैलाई पृथ्वीमा
फालिएको देख्यो, तब त्यसले छोरा जन्माउने त्यस
स्त्रीलाई खेद्‌यो । **१४**त्यस अजिङ्गरको मुखबाट
बाँचेर मरुभूमिमा साढ़े तीन वर्षसम्मका लागि
उनको हेरचाह होस् भनेर तयार पारिएको
स्थानमा उड़ेर जानलाई ती स्त्रीलाई गरुड़का
दुई पखेटाहरू दिइएका थिए । **१५**तब ती स्त्रीलाई
बाढ़ीले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि
आफ्नो मुखबाट नदीझैं पानी निकाल्यो । **१६**तर
त्यस अजिङ्गरले आफ्नो मुखबाट निकालेको
नदीलाई पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो
र ती स्त्रीलाई सहायता गऱ्यो । **१७**तर त्यो
अजिङ्गर स्त्रीसित क्रोधित भई उसका अरू
सन्तानसित लड़ाइँ गर्न गइहाल्यो, अर्थात्
तिनीहरूसित जसले परमेश्‍वरका आज्ञाहरू पालन
गर्छन् अनि येशूको साक्षी दिन्छन् ।

**१३** अनि त्यो अजिङ्गर समुद्रको किनारमा
उभियो ।

### समुद्रबाट निस्केको पशु

अनि मैले एउटा पशुलाई समुद्रबाट
आइरहेको देखें । त्यसका दशओटा सिङहरू र
सातओटा शिरहरू थिए, अनि त्यसका सिङहरूमा
दशओटा मुकुटहरू थिए, अनि प्रत्येक शिरमाथि
एउटा ईश्‍वर-निन्दाको नाउँ थियो । **२**मैले देखेको
पशु चितुवाजस्तै थियो, तर त्यसका पाउहरू
भालुका जस्ता अनि मुखचाहिँ सिंहको जस्तो
थियो । त्यस अजिङ्गरले आफ्नो शक्ति अनि
आफ्नो सिंहासन र ठूलो अख्तियार त्यस पशुलाई
दियो । **३**त्यस पशुका शिरहरूमध्ये एउटामा
प्राणघातक चोट लागेको जस्तो थियो, तर त्यो
घातक चोट निको भएको थियो । सारा पृथ्वी
छक्क पऱ्यो र त्यस पशुको पछि लाग्यो ।
**४**मानिसहरूले त्यस अजिङ्गरलाई पुजे किनकि
त्यसले त्यस पशुलाई अख्तियार दिएको थियो,
अनि तिनीहरूले त्यस पशुलाई पनि पुजे र
यसो भनी सोधे, "यो पशु जस्तो को छ र ?
यससित लड़ाइँ गर्न कसले सक्छ ?"
**५**त्यस पशुलाई अहङ्कारका शब्दहरू र
ईश्‍वर-निन्दाहरू बोल्नलाई एउटा मुख दिइयो
अनि त्यसको शक्ति बयालीस महिनासम्म
चलाउने अख्तियार दिइयो । **६**परमेश्‍वरको
विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको
वासस्थान अनि स्वर्गमा बस्नेहरूसमेत सबैको
निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो ।
**७**त्यसलाई सबै सन्तहरूसित लड़ाइँ गर्ने अनि
तिनीहरूलाई जित्ने शक्ति दिइयो । त्यसलाई
प्रत्येक कुल, जाति, भाषा र राष्ट्रमाथि अख्तियार
दिइयो । **८**अनि पृथ्वीमा वास गर्ने सबैले त्यस
पशुको पूजा गर्नेछन्, जसको नाउँ संसारको
सृष्टिदेखि नै मारिनुभएको थुमाको जीवनको
पुस्तकमा लेखिएको छैन ।
**९**जसको कान छ, त्यसले सुनोस् ।

**१०** यदि कसैलाई कैदमा जानुछ भने,
त्यो कैदमा जानेछ ।
यदि कसैलाई तरवारले मारिनुछ भने,
त्यो तरवारले नै मारिनेछ ।

सन्तहरूको धैर्यशाली सहनशीलता र
विश्‍वासयोग्यता यसैमा छ ।

### पृथ्वीबाट माथि आउने पशु

**११**तब मैले पृथ्वीबाट माथि निस्किरहेको
अर्को पशु देखें । त्यसका भेड़ाका जस्ता दुई
सिङहरू थिए, तर त्यो अजिङ्गरझैं बोल्थ्यो ।
**१२**त्यसले पहिलो पशुको पक्षमा त्यसको
सारा अधिकार चलायो, अनि पृथ्वी र त्यसका
बासिन्दाहरूलाई त्यसले त्यो प्राणघातक चोट
निकोभएको पशुको पूजा गर्न लगायो । **१३**अनि
त्यसले अचम्मका चिन्हहरू गऱ्यो, मानिसहरूले
देख्ने गरी आकाशबाट पृथ्वीमा आगोसमेत

**१२:१४**—दानिएल ७:२५; १२:७. **१३:१**—दानिएल ७:३; प्रकाश १७:३,७-१२. **१३:२**—दानिएल ७:४-६.
**१३:५-६**—दानिएल ७:८,२५; ११:३६. **१३:७**—दानिएल ७:२१. **१३:८**—भजन ६९:२८. **१३:१०**—यर्मिया १५:२; ४३:११.

झर्न लगायो । १४त्यस पहिलो पशुको पक्षमा
प्रयोग गर्ने अधिकार पाएका चिन्हहरूद्वारा त्यसले
पृथ्वीका बासिन्दाहरूलाई बहकायो । त्यसले
तिनीहरूलाई तरवारको चोट पाएर पनि जीवित
भएको त्यस पहिलो पशुको सम्मानमा मूर्ति
बनाउने हुकुम दियो । १५त्यस पहिलो पशुको
मूर्तिले बोलोस् भनेर त्यसमा सास हाल्ने अनुमति
त्यसलाई दिइयो, यस हेतुले कि त्यस मूर्तिलाई
दण्डवत् नगर्ने सबै मारिऊन् । १६त्यसले साना
र ठूला, धनी र गरीब, स्वतन्त्र र कमारा,
प्रत्येकलाई आफ्नो दाहिने हातमा अथवा
निधारमा त्यसको छाप लाउन कर लगायो ।
१७त्यो छाप नभईकन कसैले पनि किन्न वा
बेच्न नपाउने भयो जुनचाहिँ त्यस पशुको नाउँ
अथवा त्यसको नाउँको सङ्ख्या हो ।

१८बुद्धि यसैमा छ, कि जसको समझ छ,
त्यसले त्यस पशुको सङ्ख्या गनोस्, किनकि
यो मानिसको सङ्ख्या हो । अनि त्यसको सङ्ख्या
छ सय छयसट्ठी हो ।

## थुमा र एक लाख चवालीस हजार

१४ तब मैले हेरें, अनि आफ्नो साम्नु सियोन
पर्वतमा थुमालाई उभिरहेको देखें, अनि
उहाँको साथमा निधारमा उहाँको र उहाँका
पिताका नाउँ लेखिएका एक लाख चवालीस
हजारलाई देखें । २अनि मैले जोड़सित बग्दै
गरेको पानी र ठूलो गर्जनजस्तो आवाज स्वर्गबाट
आइरहेको सुनें । मैले सुनेको आवाज वीणा
वादकहरूले आफ्ना वीणा बजाएको जस्तै
थियो । ३तिनीहरूले सिंहासनको साम्नु अनि ती
चारओटा जीवित प्राणीहरूको र धर्मगुरुहरूको
साम्नुन्ने एउटा नयाँ गीत गाए । पृथ्वीबाट
छुटकारा पाएका ती एक लाख चवालीस हजारले
बाहेक कसैले पनि त्यो गीत सिक्नसक्दैनथे ।
४यी तिनीहरू नै हुन् जो स्त्रीहरूसित बिटुलिएनन्
किनकि तिनीहरूले आफैलाई शुद्ध राखे ।
थुमा जहाँ जानुहुन्छ तिनीहरूले उहाँलाई
पछ्याउँछन् । तिनीहरू मानिसहरूबाट किनिएका
थिए अनि परमेश्वर र थुमालाई पहिलो फलझैं
चढाइए । ५तिनीहरूका मुखमा कुनै झूट पाइएन;
तिनीहरू निर्दोष छन् ।

## तीन स्वर्गदूतहरू

६तब मैले बीच आकाशमा उड़िरहेका अर्को
स्वर्गदूतलाई देखें, अनि उनीसित पृथ्वीमा बस्नेहरू,
अर्थात् प्रत्येक राष्ट्र, कुल, भाषा र जातिहरूलाई
घोषणा गर्नुपर्ने अनन्तको सुसमाचार थियो ।
७तिनले चर्को सोरले भने, "परमेश्वरसित
डराओ, अनि उहाँलाई महिमा देओ, किनकि
उहाँको इन्साफको घड़ी आएको छ । उहाँलाई
पुज, जसले स्वर्गहरू, पृथ्वी, समुद्र र पानीका
मूलहरू बनाउनुभयो ।"

८दोस्रो स्वर्गदूतले पनि आएर भने, "सबै
जातिहरूलाई आफ्नो व्यभिचारको क्रोधको
मद्यको कचौरा पिउन लाउने बेबिलोनको पतन
भएको छ ! पतन भएको छ ।"

९अनि ती दुईका पछि एक जना तेस्रो
स्वर्गदूतले आएर चर्को सोरले भने: "यदि कसैले
त्यस पशु र त्यसको मूर्तिलाई पुज्छ र त्यसको
छाप निधारमा वा हातमा लाउँछ भने, १०त्यसले
पनि उहाँको क्रोधको कचौरामा केही नमिसाई
तयार गरिएको परमेश्वरको क्रोधको कड़ा मद्य
पिउनेछ । त्यसलाई पवित्र स्वर्गदूतहरू र थुमाको
उपस्थितिमा जल्दै गरेको गन्धकमा यातना
दिइनेछ । ११अनि तिनीहरूको यातनाको धूवाँ
सदासर्वदा मास्तिर गइरहनेछ । जसले त्यो पशु
र त्यसको मूर्तिको पूजा गर्छन्, र जसले त्यसको
नाउँको छाप लाउँछन् तिनीहरूले दिनरात
आराम पाउनेछैनन् ।" १२परमेश्वरका आज्ञाहरू
पालन गर्ने अनि येशूप्रति विश्वासी भइरहने
सन्तहरूको धीरज र सहनशीलता यसैमा छ ।

१३तब मैले स्वर्गबाट आएको एउटा आवाजले
यसो भनेको सुनें, "यो लेख: अबदेखि उसो
प्रभुमा मर्नेहरू धन्यका हुन् ।"

**१४:१**–इजकिएल ९:४; प्रकाश ७:३. **१४:५**–सपन्याह ३:१३. **१४:८**–यशैया २१:९; यर्मिया ५१:८; प्रकाश १८:२. **१४:१०**–यशैया ५१:१७; उत्पत्ति १९:२४; इजकिएल ३८:२२. **१४:११**–यशैया ३४:१०.

आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले परिश्रमबाट विश्राम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन् ।"

### पृथ्वीको कटनी

**१४**मैले हेरें, अनि मेरो सामुन्ने एउटा सेतो बादल थियो, त्यस बादलमा एक जना "मानिसको पुत्रझैं" हुनुहुन्थ्यो, जसको शिरमा सुनको एउटा मुकुट अनि हातमा एउटा धारिलो हँसिया थियो ।
**१५**तब मन्दिरबाट अर्को स्वर्गदूत आए अनि बादलमा बसिरहनुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिएर कटनी गर्नुहोस्, किनकि कटनीको समय आएको छ, अनि पृथ्वीको बाली पाकेको छ ।"
**१६**यसरी बादलमा बस्नुहुनेले आफ्नो हँसिया पृथ्वीमाथि चलाउनुभयो, पृथ्वीको कटनी भयो ।

**१७**स्वर्गमा भएको मन्दिरबाट अर्को स्वर्गदूत आए, तिनीसित पनि एउटा धारिलो हँसिया थियो ।
**१८**आगोको जिम्मा पाएका अझ अर्का स्वर्गदूत वेदीबाट आए अनि धारिलो हँसिया हुनेलाई चर्को सोरमा भने, "तिम्रो हँसिया लिएर पृथ्वीको अङ्गूरका झुप्पाहरू बटूल, किनकि अङ्गूर पाकिसकेको छ ।"
**१९**त्यस स्वर्गदूतले आफ्नो हँसिया पृथ्वीमा चलाए, र त्यसमा भएका अङ्गूर बटुले अनि तिनीहरूलाई परमेश्वरको क्रोधको ठूलो दाख-कुण्डमा फालिदिए ।
**२०**शहर बाहिरको दाख-कुण्डमा ती अङ्गुर कुल्चिए, अनि दाख-कुण्डबाट रगत निस्केर आयो । त्यो रगत घोड़ाको लगामसम्म आयो र त्यो सय किलोमिटरसम्म फैलिएको थियो ।

### सात स्वर्गदूतहरू र सात विपत्तिहरू

**१५** मैले स्वर्गमा अर्को ठूलो र अचम्मको चिन्ह देखें: सातओटा अन्तिम विपत्तिहरू लिएका सात स्वर्गदूतहरू– अन्तिम, यसैकारण कि ती विपत्तिहरूको साथमा परमेश्वरको क्रोध पूरा भइजानेछ ।
**२**अनि मैले आगोसित मिसिएको काँचको समुद्रझैं देखें, अनि समुद्रको किनारमा त्यो पशु र त्यसको मूर्ति अनि त्यसको नाउँको सङ्ख्यामाथि विजयी भएकाहरूलाई देखें । तिनीहरूले परमेश्वरले दिनुभएका वीणाहरू लिएका थिए ।
**३**अनि तिनीहरूले परमेश्वरको दास मोशाको र थुमाको गीत गाए:

"सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
तपाईंका कामहरू महान् र अचम्मका
छन् ।
सनातनका राजा,
तपाईंका मार्गहरू न्यायपूर्ण र सत्य
छन् ।
४ तपाईंको डर कसले मान्दैन, हे परमप्रभु,
अनि तपाईंको नाउँको महिमा कसले
गर्दैन ?
किनकि तपाईंमात्र पवित्र हुनुहुन्छ ।
सबै जातिहरू आएर तपाईंको सामु
दण्डवत् गर्नेछन्,
किनकि तपाईंका धार्मिक कामहरू
प्रकट भएका छन् ।"

**५**यसपछि मैले हेरें अनि स्वर्गमा मन्दिर, अर्थात् साक्षीको पवित्र वासस्थान उघारिएको देखें ।
**६**त्यस मन्दिरबाट सात स्वर्गदूतहरू सात विपत्तिहरूसित बाहिर आए । तिनीहरूले स्वच्छ र उज्ज्वल सुती लुगा लाएका थिए अनि छातीमा सुनका फित्ता बाँधेका थिए ।
**७**तब ती चार जीवित प्राणीहरूमध्ये एक जनाले ती सात स्वर्गदूतहरूलाई सदासर्वदा जिउनुहुने परमेश्वरको क्रोधले भरिएका सातओटा सुनका कचौराहरू दिए ।
**८**अनि मन्दिर परमेश्वरको महिमाबाट अनि उहाँको शक्तिबाट आएको धूवाँले भरियो, र ती सात स्वर्गदूतहरूका सात विपत्तिहरू पूरा हुनुअघि कोही पनि मन्दिरभित्र पस्न सकेन ।

### परमेश्वरको क्रोधका सात कचौराहरू

**१६** तब मैले मन्दिरबाट सात स्वर्गदूतहरूलाई चर्को सोरले यसो भनिरहेको सुनें, "जाओ,

---

**१४:१४**–दानिएल ७:१३. **१४:१५**–योएल ३:१३. **१४:२०**–यशैया ६३:३; विलाप १:१५; प्रकाश १९:१५.
**१५:३**–प्रस्थान १५:१. **१५:४**–यर्मिया १०:७; भजन ८६:९. **१५:५**–प्रस्थान ३८:२१.
**१५:८**–प्रस्थान ४०:३४; १ राजा ८:१०-११; २ इतिहास ५:१३-१४; यशैया ६:४.

अनि परमेश्वरको क्रोधका सात कचौराहरू पृथ्वीमा खन्याइदेओ ।"

**२**पहिलो स्वर्गदूतले गएर आफ्नो कचौरा जमिनमाथि खन्याइदिए, अनि त्यस पशुको छाप लागेका र त्यसको मूर्तिलाई पूज्ने मानिसहरूमा घिनलाग्दा र कष्टदायक घाउखटिरा निस्के ।

**३**दोस्रो स्वर्गदूतले आफ्नो कचौरा समुद्रमा खन्याए, अनि त्यो मरेको मानिसको रगतझैं भइहाल्यो, र समुद्रमा भएको प्रत्येक जीवित प्राणीहरू मरे ।

**४**तेस्रो स्वर्गदूतले आफ्नो कचौरा नदी र पानीका मूलहरूमा खन्याए, अनि ती रगत
भइहाले । **५**अनि पानीका जिम्मामा रहेका
स्वर्गदूतले यसो भनेको मैले सुनें:

"तपाईं यी इन्साफहरूमा न्यायी हुनुहुन्छ,
तपाईं जो हुनुहुन्छ अनि जो हुनुहुन्थ्यो,
तपाईं पवित्र हुनुहुन्छ,
किनकि तपाईंले यसरी नै इन्साफ गर्नुभयो;
६ किनकि तिनीहरूले तपाईंका सन्तहरू
अनि अगमवक्ताहरूका रगत बगाएका
छन्,
र तपाईंले तिनीहरूलाई सुहाउने गरी
रगत पिउनलाई दिनुभएको छ ।"

**७**अनि वेदीबाट कसैले यसरी उत्तर दिएको मैले सुनें:

"हो, सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
तपाईंका इन्साफहरू सत्य र न्यायपूर्ण
छन् ।"

**८**चौथो स्वर्गदूतले आफ्नो कचौरा सूर्यमाथि खन्याए, अनि सूर्यलाई मानिसहरूलाई आगोले
पोल्ने अख्तियार दिइयो । **९**तिनीहरू प्रचण्ड
तापले डढ़े अनि यी विपत्तिहरूमाथि अख्तियार भएका परमेश्वरको तिनीहरूले निन्दा गरे, तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे ।

**१०**पाँचौ स्वर्गदूतले त्यस पशुको सिंहासनमाथि आफ्नो कचौरा खन्याए, अनि त्यसको राज्यमा घनघोर अन्धकार भयो । मानिसहरूले कष्टमा
आफ्ना आफ्ना जिब्रो टोके, **११**अनि खटिरा र
वेदनाको कारण स्वर्गका परमेश्वरको निन्दा गरे, तर तिनीहरूले गरेका कामहरूको लागि पश्चात्ताप गरेनन् ।

**१२**छैटौं स्वर्गदूतले आफ्नो कचौरा महानदी यूफ्रेटिसमाथि खन्याए, अनि पूर्वका राजाहरूको लागि बाटो तयार पारिदिनलाई त्यसको
पानी सुकिहाल्यो । **१३**तब मैले भ्यागुताहरू
जस्ता देखिने दुष्टात्माहरूलाई त्यस अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र त्यस झूटा
अगमवक्ताको मुखबाट निस्किरहेको देखें ।
**१४**तिनीहरू ती अचम्मका चिन्हहरू देखाउने
भूतात्माहरू हुन्, अनि तिनीहरू ती पृथ्वीका राजाहरूलाई सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा लड़ाइँ गर्न भेला गर्नलाई जान्छन् ।

**१५**"हेर, म चोरझैं आउँछु ! त्यो धन्यको हो, जो जागा रहन्छ अनि नग्नताको शरम नदेखियोस् भनेर आफ्नो वस्त्रको हिफाजत गर्छ ।"

**१६**तब तिनीहरूले राजाहरूलाई हिब्रू भाषामा आर-मागेड्डोन भन्ने ठाउँमा भेला गराए ।

**१७**सातौं स्वर्गदूतले आफ्नो कचौरा हावामा खन्याए, अनि मन्दिरको सिंहासनबाट यसो भन्ने
चर्को आवाज आयो, "अब सिद्धियो !" **१८**अनि
त्यहाँ बिजुलीको चमक, मेघ गर्जन र आवाजहरू भए अनि ठूलो भैंचालो गयो । त्यो भैंचालो यति ठूलो थियो कि पृथ्वीमा मानिसहरू भएदेखि
यता त्यस्तो कहिल्यै गएको थिएन । **१९**त्यो महान्
शहर तीन भागमा टुक्रियो, अनि देश-देशका शहरहरू ध्वंस भए । परमेश्वरले महान् बेबिलोनलाई सम्झनुभयो अनि त्यसलाई आफ्नो क्रोधको भयानक मद्यले भरिएको मद्य
पिउन दिनुभयो । **२०**प्रत्येक टापू लोप भएर
गयो र पहाड़हरूको पत्तै पाइएन । **२१**आकाशवाट

**१६:२**–प्रस्थान ९:१०. **१६:४**–प्रस्थान ७:१७-२१; भजन ७८:४४. **१६:१०**–प्रस्थान १०:२१.
**१६:१२**–यशैया ११:१५. **१६:१५**–मत्ती २४:४३-४४; लूका १२:३९-४०; प्रकाश ३:३.
**१६:१६**–२ राजा २३:२९; जकरिया १२:११. **१६:१८**–प्रकाश ८:५; ११:१३,१९. **१६:१९**–यशैया ५१:१७.

एक मन तौल भएका ठूला ठूला असिना
मानिसहरूमाथि खसे । अनि विपत्ति डरलाग्दो
भएकाले असिनाको कारण मानिसहरूले
परमेश्वरको निन्दा गरे ।

## पशुमाथि सवार भएकी स्त्री

**१७** सातओटा कचौराहरू भएका सात
स्वर्गदूतहरूमध्ये एक जना आएर मलाई
भने, "आऊ, म तिमीलाई धेरै पानीहरूमाथि
बस्ने महा वेश्याको सजाय देखाइदिनेछु ।
**२**त्यससित पृथ्वीका राजाहरूले व्यभिचार गरे
अनि त्यसको व्यभिचारको मद्यले पृथ्वीका
बासिन्दाहरू मात्तिए ।"

**३**तब त्यस स्वर्गदूतले मलाई आत्माद्वारा
एउटा उजाड़-स्थानभित्र लगे । त्यहाँ मैले एउटी
स्त्रीलाई ईश्वर-निन्दाहरूले भरिएको अनि सात
शिर र दश सिङ भएको एउटा रातो पशुमाथि
बसिरहेकी देखें । **४**त्यस स्त्रीले बैजनी र चहकिलो
रातो वस्त्र लाएकी थिई, अनि सुन, रत्न र
मोतीहरूले सिंगारिएकी थिई । त्यसले हातमा
घिनलाग्दा कुरा अर्थात् त्यसका व्यभिचारका
अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला
पक्रिएकी थिई । **५**त्यसको निधारमा यो उपाधि
लेखिएको थियो:

रहस्य,
पृथ्वीका वेश्याहरू अनि घिनलाग्दा
कुराहरूकी आमा,
महान् बेबिलोन ।

**६**मैले त्यस स्त्रीलाई सन्तहरूको रगतले, अर्थात्
येशूका साक्षीहरूका रगतले मात्तिएकी देखें ।
त्यसलाई देखेर म साह्रै अचम्मित भएँ ।
**७**तब ती स्वर्गदूतले मलाई भने: "तिमी किन
छक्क पर्छौ ? म तिमीलाई त्यस स्त्रीको अनि
त्यो बसेको सात शिर र दश सिङ भएको
पशुको रहस्य बताइदिनेछु । **८**त्यो पशु, जुन
तिमीले देख्यौ, कुनै समय थियो, अहिले छैन,
अनि विनाशमा जानलाई अतल-कुण्डबाट माथि
निस्केर आउनेछ । संसारको उत्पत्तिदेखि
जीवनको पुस्तकमा नाउँ नहुने पृथ्वीका
बासिन्दाहरूले त्यस पशुलाई देखेर अचम्म
मान्नेछन्, किनकि त्यो कुनै समय थियो, तर
अब छैन र पछि आउनेछ ।

**९**"बुद्धि यसैमा छ । ती सात शिरहरू
सातओटा पर्वतहरू हुन् जसमाथि त्यो स्त्री
बस्छे । **१०**तिनीहरू सात जना राजाहरू पनि
हुन् । पाँच जनाको पतन भइसकेको छ, एक
जना छँदैछ, अर्कोचाहिँ अझ आइपुगेको छैन,
तर जब त्यो आउँछ, तब केही समयको
लागि रहनुपर्छ । **११**त्यो पशु जो एक समय
थियो, र अहिले छैन, त्योचाहिँ एक जना आठौँ
राजा हो । त्यो सातमध्येको एक जना हो र
त्यसको सर्वनाश हुनेछ ।

**१२**"तिमीले देखेका ती दश सिङहरू दश
राजाहरू हुन् जसले अझसम्म राज्य पाएका
छैनन्, तर तिनीहरूले त्यस पशुसित एक घड़ीको
निम्ति अख्तियार पाउनेछन् । **१३**तिनीहरूको
लक्ष्य एउटै हुनेछ अनि तिनीहरूले आफ्ना
शक्ति र अख्तियार त्यस पशुलाई दिनेछन् ।
**१४**तिनीहरूले थुमाको विरुद्धमा लड़ाइँ गर्नेछन्,
तर थुमाले तिनीहरूलाई जित्नुहुनेछ किनकि
उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा
हुनुहुन्छ, अनि उहाँसित उहाँद्वारा बोलाइएका,
चुनिएका र विश्वासीहरू हुनेछन् ।"

**१५**तब स्वर्गदूतले मलाई भने, "तिमीले देखेका
ती पानीहरू, जसमाथि त्यो वेश्या बस्दछे,
मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन् ।
**१६**तिमीले देखेको त्यो पशु र दश सिङहरूले
त्यस वेश्यालाई घृणा गर्नेछन् । तिनीहरूले
त्यसलाई नष्ट गर्नेछन्, नाङ्गो पार्नेछन्; तिनीहरूले
त्यसको मासु खानेछन् र बाँकी आगोले
जलाइदिनेछन् । **१७**किनकि परमेश्वरले आफ्नो

---

**१६:२०**–प्रकाश ६:१४. **१६:२१**–प्रस्थान ९:३२; प्रकाश ११:१९. **१७:१**–यर्मिया ५१:१३. **१७:२**–यशैया २३:१७; यर्मिया ५१:७. **१७:३**–प्रकाश १३:१. **१७:४**–यर्मिया ५१:७. **१७:८**–दानिएल ७:७; प्रकाश ११:७; भजन ६९:२८. **१७:१२**–दानिएल ७:२४.

मनोरथ पूरा गर्नलाई तिनीहरूले त्यस पशुलाई आफ्ना अख्तियार देऊन् भनी तिनीहरूको हृदयमा हालिदिनुभयो । योचाहिँ उहाँको वचन पूरा नहोउञ्जेलको लागि हो ।
**१८**तिमीले देखेको स्त्रीचाहिँ पृथ्वीका राजाहरूमाथि शासन गर्ने महानगरी हो ।"

### बेबिलोनको पतन

**१८** यसपछि मैले अर्को स्वर्गदूतलाई स्वर्गबाट तल आइरहेको देखें । तिनीसित ठूलो अख्तियार थियो, अनि तिनको वैभवले पृथ्वी उज्यालो भयो ।
**२**तिनी शक्तिशाली सोरले कराए:

"महान् बेबिलोनको पतन भयो, पतन भयो !
त्यो भूतहरूको वासस्थान
अनि प्रत्येक दुष्टात्माको अड्डा,
प्रत्येक अशुद्ध र घृणित चराको
अड्डा भएको छ ।
**३** किनकि सबै जातिहरूले त्यसको
अशुद्ध कामवासनाको मद्य
पिएका छन् ।
पृथ्वीका राजाहरूले त्यससित
व्यभिचार गरेका छन्,
अनि पृथ्वीका व्यापारीहरू त्यसको
अत्यधीक विलासिताको प्रभावले धनी
भएका छन् ।"

**४**तब मैले स्वर्गबाट अर्को आवाजले यसो भनेको सुनें:

"हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ,
र तिमीहरू त्यसका पापका सहभागी
हुन नपरोस्,
र तिमीहरूमा त्यसका कुनै विपत्ति
पनि नआओस्,
**५** किनकि त्यसका पापहरू स्वर्गसम्मै
थुप्रो लागेका छन्,
अनि परमेश्वरले त्यसका
अपराधहरू सम्झनुभएको छ ।
**६** त्यसले जे गरेकी थिई, त्यसलाई त्यही
फर्काइदेओ;
त्यसले जे गरेकी छ त्यो दोब्बर गरी
त्यसलाई देओ ।
त्यसले कचौरामा जे मिसाएकी थिई,
त्यसको दोब्बर हुने गरी त्यसलाई देओ ।
**७** त्यो आफैले जति महिमा र
भोगविलास लुटी
त्यतिकै यातना र सन्ताप त्यसलाई
देओ ।
आफ्नो हृदयमा त्यसले यसरी घमण्ड गर्छे,
"म रानीझैं बस्छु; म विधवा होइनँ,
र म कहिल्यै शोक गर्नेछैनँ ।"
**८** यसकारण एकै दिनमा त्यसमाथि
विपत्तिहरू आउनेछन्:
मृत्यु, शोक र अनिकाल ।
त्यो आगोद्वारा भस्म हुनेछ,
किनकि त्यसलाई न्याय गर्ने परमप्रभु
परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ ।

**९**"जब त्यससित व्यभिचार गर्ने अनि त्यसको भोगविलासमा सहभागी हुने पृथ्वीका राजाहरूले त्यो जलेको धूवाँ देख्नेछन्, तिनीहरू त्यसको लागि रुनेछन् र विलाप गर्नेछन् ।
**१०**त्यसको यातनाद्वारा भयभीत भएर तिनीहरू टाढै उभिएर चिच्च्याउनेछन्:

"'हाय ! हाय, हे महानगरी,
हे शक्तिशाली बेबिलोन !
एकै क्षणमा नै तेरो पतन भयो !'

**११**"पृथ्वीका व्यापारीहरू त्यसको निम्ति रुने र विलाप गर्नेछन् किनकि अब फेरि कसैले पनि त्यसबाट मालसामान किन्नेछैन,
**१२**अर्थात् सुन, चाँदी, बहुमूल्य पत्थर र मोतीहरू, मसिनो सुती कपड़ा; बैजनी, रेशम र चहकिलो राता कपड़ाहरू, हरेक किसिमका सुगन्धित काठ, र हरेक किसिमका हस्तिहाडका सामग्रीहरू, बहुमूल्य

---

**१८:२**–यशैया १३:२१; २१:९; यर्मिया ५०:३९; ५१:८; प्रकाश १४:८. **१८:३**–यशैया २३:१७; यर्मिया ५१:७.
**१८:४**–यशैया ४८:२०; यर्मिया ५०:८; ५१:६,४५. **१८:५**–उत्पत्ति १८:२०-२१; यर्मिया ५१:९.
**१८:६**–भजन १३७:८; यर्मिया ५०:२९. **१८:७-८**–यशैया ४७:७-९. **१८:९-१०**–इजकिएल २६:१६-१७.

काठ, पित्तल, फलाम र सिङ्गमर्मरका सामग्रीहरू,
**१३**दालचिनी र मसला, सुगन्धित धूप, मूर्र,
जटामसी र सेतो धूप, मद्य र जैतूनको
तेल, मसिनो पीठो, गहुँ, गाईवस्तु र
भेड़ाहरू, घोड़ाहरू, रथहरू, कमाराकमारीहरू
र मानिसहरूका प्राणहरू हुन् ।

**१४**"तिनीहरूले भन्नेछन्, 'तिमीहरूले मन
पराएका फलहरू तिमीहरूदेखि गएका छन् ।
तिम्रा सबै धन र वैभवहरू कहिल्यै नपाउने
गरी बिलाइहालेका छन् ।' **१५**यी चीजहरू बेचेर
त्यसबाट धन कमाउने ती व्यापारीहरू त्यसको
यातनामा डराएर टाढ़ै उभिनेछन् । तिनीहरू
रुने र विलाप गर्नेछन् । **१६**अनि चिच्च्याउनेछन्:

"'हाय ! हाय, हे महानगरी,
जसले मसिनो सुती कपड़ा, बैजनी र
चहकिलो रातो रङ्गको वस्त्र लगाएर
सुनको चमक, बहुमूल्य पत्थर र
मोतीहरू पहिरेकी थिई !
**१७** एकै घण्टामा यति धेरै सम्पत्ति नष्ट भए !'

"जहाजको हरेक कप्तान, अनि जहाजबाट
यात्रा गर्नेहरू सबै, नाविकहरू, अनि समुद्रबाट
जीविका चलाउनेहरू, सबै टाढ़ा उभिनेछन् ।
**१८**जब तिनीहरूले त्यो स्त्री जलेको धूवाँ देख्नेछन्,
तिनीहरू विस्मयसाथ कराउनेछन्, 'के यस्तो
महान् शहरजस्तै अरू शहर कहिल्यै थियो ?'
**१९**तिनीहरूले आफ्नो-आफ्नो टाउकोमा धूलो
हाल्नेछन्, अनि रुवाइ र विलापसाथ यसरी
कराउनेछन्:

"'हाय ! हाय, हे महानगरी,
जसका समुद्रमा जहाज भएकाहरू
त्यस स्त्रीको धनले धनी भएका छन् !
एकै घण्टामा त्यो भस्म भएकी छ !
**२०** हे स्वर्ग, त्यसमाथि रमाओ !
हे सन्तहरू र प्रेरितहरू र
अगमवक्ताहरू रमाओ !
तिमीहरूसित त्यसले जस्तो व्यवहार
गरेकी थिई त्यसरी नै परमेश्वरले
त्यसको इन्साफ गर्नुभएको छ ।'"

**२१**तब त्यस सामर्थी स्वर्गदूतले ठूलो
जाँतोजस्तै एउटा ढुङ्गा उठाए र त्यसलाई समुद्रमा
फ्याँकिदिए, अनि भने:

"यस्तै बेगसित महान् शहर बेबिलो
तल फालिनेछ,
र त्यो कहिल्यै फेला पर्नेछैन ।
**२२** सङ्गीतकारहरू र वीणा, बाँसुरी-बादक
अनि तुरही बजाउनेहरूको सङ्गीत,
फेरि तँमा कहिल्यै सुनिनेछैन ।
तँमा फेरि कुनै शिल्पको शिल्पकार
कहिल्यै पाइनेछैन ।
जाँतोको आवाज तँमा कहिल्यै सुनिनेछैन ।
**२३** बत्तीको उज्यालो
फेरि तँमा कहिल्यै चम्कनेछैन ।
दुलहा र दुलहीको सोर
फेरि तँमा कहिल्यै सुनिनेछैन ।
तेरा व्यापारीहरू संसारका महान्
व्यक्तिहरू थिए ।
तेरा मन्त्रतन्त्रले जातिहरू बहकिएका
थिए ।
**२४** त्यस स्त्रीमा अगमवक्ताहरूका र
सन्तहरूका,
अनि पृथ्वीमा मारिएकाहरू
सबैको रगत पाइएको थियो ।"

### हल्लेलूयाह !

**१९** यसपछि मैले स्वर्गमा एउटा ठूलो भीड़ले
गर्जेको झैं सोरले यसरी चिच्च्याएको
सुनें:

"हल्लेलूयाह !
मुक्ति, महिमा र शक्ति
हाम्रा परमेश्वरका हुन्,

**१८:२१**–इजकिएल २७:३१,३६. **१८:१२–१३**–इजकिएल २७:१२,१३,२२. **१८:१५**–इजकिएल २७:३१,३६.
**१८:१७**–इजकिएल २७:२६-३०. **१८:१८**–इजकिएल २७:३२. **१८:१९**–इजकिएल २७:३०-३४.
**१८:२०**–व्यवस्था ३२:४३; यर्मिया ५१:४८. **१८:२१**–यर्मिया ५१:६३-६४; इजकिएल २६:२१.
**१८:२२**–इजकिएल २६:१३; यशैया २४:८. **१८:२२–२३**–यर्मिया ७:३४; २५:१०. **१८:२४**–यर्मिया ५१:४९.

२ किनकि उहाँका इन्साफहरू सत्य र न्यायपूर्ण छन् ।
आफ्ना व्यभिचारद्वारा पृथ्वीलाई भ्रष्ट पार्ने त्यस महावेश्यालाई उहाँले रद्द गर्नुभएको छ ।
र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ ।"

३अनि तिनीहरू फेरि चिच्च्याए:

"हल्लेलूयाह !
त्यस स्त्रीबाट धूवाँ सदासर्वदाको लागि माथि जान्छ ।"

४ती चौबीस धर्मगुरुहरू अनि ती चार जीवित प्राणीहरूले घोप्टो परेर सिंहासनमा बस्नुहुने परमेश्वरलाई दण्डवत् गरे । अनि तिनीहरू यसो भन्दै कराए:

"आमेन, हल्लेलूयाह !"

५तब सिंहासनबाट यसो भनिरहेको एउटा आवाज आयो:

"हाम्रा परमेश्वरलाई प्रशंसा गर,
हे उहाँका सबै दासहरू,
तिमीहरू जोहरू उहाँसित डराउँछौ,
अर्थात् साना र ठूलाहरू दुवै ।"

६तब एउटा ठूलो भीड़को जस्तो, पानी गर्जेको र मेघ गर्जनको आवाज जस्तोले यसरी चिच्च्याएको मैले सुनें:

"हल्लेलूयाह !
किनकि हाम्रा सर्वशक्तिमान् परमप्रभु परमेश्वरले राज्य गर्नुहुन्छ ।
७ हामी आनन्द मनाऔं र खुशी होऔं
अनि उहाँलाई महिमा दिऔं !
किनकि थुमाको विवाहको बेला आइपुगेको छ,
अनि उहाँकी दुलहीले आफैलाई तयार पारेकी छिन् ।
८ तिनलाई चहकिलो र स्वच्छ सुती कपडा पहिरनलाई दिइएको थियो ।

(मसिनो सुती कपड़ाले सन्तहरूका धार्मिक कार्य जनाउँछ)

९अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, 'थुमाको विवाहको भोजको निम्तो पाउनेहरू धन्यका हुन् !'" अनि तिनले अझ थपेर भने, "यी परमेश्वरका सत्य वचनहरू हुन् ।"

१०अनि म तिनको पाउमा दण्डवत् गर्नलाई घोप्टें । तर तिनले मलाई भने, "यसो नगर ! म येशूको साक्षी कायम राख्ने तिमी अनि तिम्रा भाइहरूझैं एक जना सहकर्मी हुँ । परमेश्वरलाई पुज ! किनकि अगमवाणीको आत्मा नै येशूको साक्षी हो ।"

### सेतो घोड़ामा सवार हुनुहुने

११मैले स्वर्ग उघ्रेको देखें अनि मेरो सामु एउटा सेतो घोड़ा थियो, जसको सवारलाई विश्वासयोग्य र सत्य भनिन्छ। उहाँले न्यायसित इन्साफ र लड़ाइँ गर्नुहुन्छ। १२उहाँका आँखाहरू बल्दै गरेको आगोजस्ता छन्, अनि उहाँका शिरमा धेरै मुकुटहरू छन् । उहाँमा एउटा नाउँ लेखिएको छ जो उहाँबाहेक अरू कसैले जान्दैन । १३उहाँले रगतमा चोपिएको एउटा पोशाक पहिरिनुभएको छ, अनि उहाँको नाउँ परमेश्वरको वचन हो । १४सेता घोड़ाहरूमा सवार भएका अनि मिहिन सेता र स्वच्छ सुती कपड़ा लाएका स्वर्गीय सेनाहरूले उहाँलाई पछ्याइरहेका थिए । १५जातिहरूलाई प्रहार गर्नलाई उहाँको मुखबाट एउटा धारिलो तरवार निस्केको छ। "उहाँले फलामको डण्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ ।" उहाँले सर्वशक्तिमान् परमेश्वरको क्रोधको मद्यको कोल कुल्चनुहुन्छ । १६उहाँको वस्त्र र फिलामा यो नाउँ लेखिएको छ:

राजाहरूका राजा अनि प्रभुहरूका प्रभु ।

**१९:२**–व्यवस्था ३२:४३; २ राजा ९:७. **१९:३**–यशैया ३४:१०. **१९:५**–भजन ११५:१३. **१९:६**–इजकिएल १:२४; भजन ९३:१; ९७:१; ९९:१. **१९:९**–मत्ती २२:२-३. **१९:११**–इजकिएल १:१; भजन ९६:१३; यशैया ११:४. **१९:१२**–दानिएल १०:६. **१९:१५**–भजन २:९ यशैया ६३:३; योएल ३:१३; प्रकाश १४:२०.

१७अनि मैले एक जना स्वर्गदूतलाई सूर्यमा
उभिरहेको देखें, जसले आकाशको बीचमा
उड़िरहेका चराहरूलाई चर्को सोरमा भनिरहेका
थिए, "आओ, परमेश्‍वरको ठूलो भोजको
लागि एकसाथ भेला होओ, १८अनि तिमीहरूले
राजाहरू, कप्तानहरू, शक्तिशाली मानिसहरू,
घोड़ाहरू, त्यसका सवारहरू अनि स्वतन्त्र र
कमारा-कमारीहरू, ठूला र सानाहरू सबैका
मासु खानेछौ ।"

१९तब मैले त्यस पशु अनि पृथ्वीका राजाहरू
अनि तिनीहरूका सेनाहरूलाई त्यस घोड़ामाथि
सवार हुनुहुने र उहाँका सेनाहरूसित युद्ध
गर्नलाई एकसाथ भेला भएको देखें । २०तर त्यो
पशु अनि त्यसको पक्षमा अचम्मका चिन्हहरू
गर्ने त्यो झूटा अगमवक्ता पक्राउ पऱ्यो । यी
चिन्हहरूद्वारा पशुको छाप लाउने र त्यसको
मूर्तिलाई पूजा गर्नेहरूलाई बहकाएको थियो ।
ती दुवै जिउँदै गन्धक जल्दै गरेको अग्निकुण्डमा
फालिए । २१अरू बाँकी रहेकाहरूचाहिँ घोड़ामा
सवार हुनुहुनेको मुखबाट निस्केको तरवारद्वारा
मारिए, अनि सबै चराहरूले तिनीहरूका मासु
लुछ्दै खाए ।

## एक हजार वर्ष

२० त्यो मैले अतल-कुण्डको साँचो हातमा
लिएका अनि हातमा एउटा ठूलो साङ्लो
पनि लिएका एक जना स्वर्गदूतलाई स्वर्गबाट
निस्केर तल आइरहेको देखें । २तिनले त्यस
अजिङ्गर अर्थात् त्यो पुरानो सर्प जो दियाबलस
वा शैतान हो, त्यसलाई पक्रेर एक हजार
वर्षसम्म बाँधेर राखे । ३तिनले त्यसलाई त्यस
नरक-कुण्डमा फालिदिए, अनि एक हजार वर्ष
नबितुन्जेल जातिहरूलाई नबहकाओस् भनेर
त्यो अतल-कुण्ड बन्द गरी त्यसमाथि छाप
लगाइदिए । त्यसपछि केही समयको लागि त्यो
मुक्त गरिनुपर्नेछ ।
४मैले इन्साफ गर्ने अख्तियार पाएकाहरूलाई
सिंहासनमा बसिरहेका देखें । अनि मैले येशूको
साक्षीको निम्ति अनि परमेश्‍वरको वचनको
निम्ति शिर काटिएकाहरूका आत्मालाई देखें ।
तिनीहरूले त्यस पशु वा त्यसको मूर्तिको
पूजा गरेका थिएनन् अनि आफ्ना निधारहरू र
हातहरूमा त्यसको छाप लगाएका थिएनन् ।
तिनीहरू फेरि जीवित भए अनि ख्रीष्टसित एक
हजार वर्षसम्म राज्य गरे । ५(मरेका अरू बाँकी
रहेकाहरूचाहिँ एक हजार वर्ष नबितुन्जेल
जीवित भएनन् ।) यी मानिसहरू जीवित हुनेहरूमा
पहिलो हुन् । ६पहिलो पुनरुत्थानमा सहभागी
हुनेहरू धन्य र पवित्र हुन् । तिनीहरूमाथि
दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर
तिनीहरू परमेश्‍वरका अनि ख्रीष्टका पूजाहारीहरू
हुनेछन् र उहाँसित एक हजार वर्षसम्म राज्य
गर्नेछन् ।

## शैतानको सर्वनाश

७त्यस एक हजार वर्ष बितेपछि, शैतान
त्यसको कैदबाट मुक्त गरिनेछ, ८अनि पृथ्वीका
चारै दिशामा भएका जातिहरूलाई अर्थात् गोग
र मागोगलाई लड़ाइँको लागि बहकाउन अनि
जम्मा गर्नलाई त्यो निस्केर जानेछ । सङ्ख्यामा
तिनीहरू समुद्रको किनारमा भएका बालुवाझैं
हुनेछन् । ९तिनीहरूले पृथ्वीको परिक्रमा गरेर
परमेश्‍वरका जातिका छाउनी, अर्थात् उहाँले
प्रेम गर्नुभएको शहरलाई घेरे । तर स्वर्गबाट
आगो बर्सेर तिनीहरूलाई भष्म पाऱ्यो । १०अनि
तिनीहरूलाई ठग्ने, त्यो दियाबलस, त्यो गन्धक
जल्दै गरेको कुण्डमा फालियो जहाँ त्यो पशु
र झूटा अगमवक्ता पनि फालिएका थिए ।
त्यहाँ तिनीहरूले दिनरात सदासर्वदा यातना
भोग्नेछन् ।

## मृतकहरूको इन्साफ

११तब मैले एउटा ठूलो सेतो सिंहासन अनि
त्यसमाथि बस्नुहुनेलाई देखें । पृथ्वी र आकाश
उहाँको उपस्थितिबाट भागे अनि तिनीहरूलाई

**१९:१७-१८**–इजकिएल ३९:१७-२०. **१९:२०**–प्रकाश १३:१-१८. **२०:२**–उत्पत्ति ३:१. **२०:४**–दानिएल ७:९,२२. **२०:८**–इजकिएल ७:२; ३८:२; ९,१५.

ठाउँ नै भएन । **१२**अनि मैले ठूला र साना सबै
मृकतहरूलाई सिंहासनको सामु उभिरहेको
देखें, अनि पुस्तकहरू खोलिए । अर्को एउटा
पुस्तक पनि खोलियो, जुनचाहिँ जीवनको
पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका
कुराको आधारमा तिनीहरूका कामअनुसार
मृतकहरूको इन्साफ भयो । **१३**समुद्रले आफूसित
भएका मुर्दाहरू दिइहाल्यो, अनि मृत्यु र
पातालले पनि तिनीहरूमा भएका मुर्दाहरू
दिइहाले, अनि प्रत्येकले जे गरेको थियो
त्यसअनुसार त्यसको इन्साफ गरियो ।
**१४**मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए ।
त्यो अग्निकुण्ड दोस्रो मृत्यु हो । **१५**जसको
नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन,
त्यसलाई अग्निकुण्डमा फालियो ।

### नयाँ यरूशलेम

**२१** तब मैले एउटा नयाँ स्वर्ग र एउटा
नयाँ पृथ्वी देखें, किनकि पहिलो स्वर्ग
र पहिलो पृथ्वी त बितिहालेका थिए, अनि त्यहाँ
समुद्र पनि थिएन । **२**अनि मैले पवित्र शहर
अर्थात् नयाँ यरूशलेमलाई दुलहीझैं तयार भएर
आफ्ना पतिको निम्ति सुन्दर वस्त्र पहिरेर
स्वर्गदेखि परमेश्वरबाट तल झरिरहेको देखें ।
**३**अनि मैले सिंहासनबाट चर्को सोरले यसो
भनिरहेको सुनें, "अब परमेश्वरको वास
मानिसहरूसित भएको छ, अनि उहाँ तिनीहरूसित
बस्नुहुनेछ । तिनीहरू उहाँका जाति हुनेछन्,
अनि परमेश्वर आफै तिनीहरूसित भएर
तिनीहरूका परमेश्वर हुनुहुनेछ । **४**उहाँले
तिनीहरूका आँखाबाट हरेक आँसुको थोपा
पुछिदिनुहुनेछ । त्यहाँ मृत्यु वा भोक वा कष्टको
चिच्च्याइ अब उप्रान्त हुनेछैन किनकि पुराना
कुराहरूको व्यवस्था बितिहालेको छ ।"
**५**सिंहासनमा बस्नुहुनेले भन्नुभयो, "म
हरेक थोक नयाँ बनाउनेछु !" तब उहाँले
भन्नुभयो, "यी वचनहरू लेख, किनकि यी
वचनहरू विश्वासयोग्य र सत्य छन् ।"
**६**उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो ।
म अल्फा र ओमेगा हुँ, अर्थात् आदि र अन्त ।
जो तिर्खाउँछ म त्यसलाई जीवनको पानीको
मूलबाट सित्तैमा पिउनलाई दिनेछु । **७**जसले
जित्छ त्यसले यो सबै उत्तराधिकार पाउनेछ,
अनि म त्यसका परमेश्वर र त्यो मेरो पुत्र
हुनेछ । **८**तर डरपोकहरू, अविश्वासीहरू,
घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू,
मन्त्रतन्त्र गर्नेहरू, मूर्तिपूजकहरू अनि सबै
झूटाहरूको ठाउँ गन्धक जल्दै गरेको अग्निकुण्ड
हुनेछ । यो दोस्रो मृत्यु हो ।"
**९**सातओटा अन्तिम विपत्तिहरूले भरिएका
सातओटा कचौरा लिएका स्वर्गदूतहरूमध्ये एक
जना मकहाँ आएर यसो भने, "आऊ, म तिमीलाई
दुलही अर्थात् थुमाकी पत्नी देखाइदिनेछु ।"
**१०**अनि तिनले मलाई आत्मामा एउटा ठूलो र
अग्लो पर्वतमा लगे, अनि परमेश्वरबाट
स्वर्गदेखि तल झरिरहेको पवित्र शहर यरूशलेम
देखाइदिए । **११**त्यो परमेश्वरको महिमाले
चम्किरहेको थियो, अनि त्यसको चमक बहुमूल्य
रत्नहरूझैं थियो, बिल्लौरझैं र स्फटिकजस्तो
सफा थियो । **१२**त्यसका विशाल र अग्ला पर्खाल
थिए जसमा बाह्रओटा ढोकाहरू थिए, अनि
ढोकाहरूमा बाह्र जना स्वर्गदूतहरू थिए । ती
ढोकाहरूमा इस्राएलका बाह्र कुलका नाउँ
लेखिएका थिए । **१३**पूर्वमा तीनओटा, उत्तरमा
तीनओटा, दक्षिणमा तीनओटा अनि पश्चिममा
तीनओटा ढोकाहरू थिए । **१४**शहरका पर्खालका
बाह्रओटा जगहरू थिए, अनि तिनीहरूमा थुमाका
बाह्र प्रेरितहरूका नाउँहरू थिए ।
**१५**मसित बोल्ने स्वर्गदूतसित शहर, ढोकाहरू
अनि त्यसका पर्खाल नाप्नलाई सुनको नाप्ने
टाँगो थियो । **१६**त्यो शहर वर्गाकार थियो, अनि
त्यसको लम्बाइ र चौडाइ बराबर थियो । तिनले

---

**२०:११–१२**–दानिएल ७:९-१०. **२१:१**–यशैया ६५:१७; ६६:२२; २ पत्रुस ३:१३. **२१:२**–यशैया ५२:१; ६१:१०; प्रकाश ३:१२. **२१:३**–इजकिएल ३७:२७; लेवी २६:११-१२. **२१:४**–यशैया २५:८; ३५:१०; ६५:१९. **२१:६**–यशैया ५५:१. **२१:७**–२ शमूएल ७:१४; भजन ८९:२६-२७. **२१:१०**–इजकिएल ४०:२. **२१:१२–१३**–इजकिएल ४८:३०-३५. **२१:१५**–इजकिएल ४०:३.

त्यस टाँगोले शहरहरूलाई नापे अनि त्यो दुई
हजार चार सय किलोमिटर पाए। त्यसको लम्बाइ,
चौडाइ र उँचाइ एक समान थियो । **१७**तिनले
त्यसको पर्खाल पनि नापे, अनि मानिसको
नापअनुसार त्यो पैंसट्ठी मिटर मोटो थियो ।
यो स्वर्गदूतको चलाउने नाप पनि हो । **१८**त्यो
पर्खाल बिल्लौरले बनिएको थियो, अनि शहर
चाहिँ निखुर सुनले बनिएको थियो, जुनचाहिँ
काँचझैं निखुर थियो । **१९**शहरको पर्खालका
जगहरू प्रत्येक किसिमको बहुमूल्य पत्थरले
सिँगारिएका थिए। पहिलो जग बिल्लौर, दोस्रो
नीलमणि, तेस्रो लालमणि, चौथो पन्ना, **२०**पाँचौ
सार्डियसमणि, छैटौं गोमेद, सातौं पीतमणि,
आठौं फिरोजा, नवौं पुष्पराग, दशौं लसुने,
एघाह्रौं धूम्रकान्त र बाह्रौंचाहिँ मर्तिसमणि
थियो । **२१**ती बाह्र ढोकाहरू बाह्र मोती थिए,
प्रत्येक ढोका एउटा एउटा मोतीले बनिएको
थियो। शहरका ठूला सडकचाहिँ छर्लङ्ग देखिने
काँचजस्तै निखुर सुनको थियो ।

**२२**मैले शहरमा मन्दिर देखिनँ, किनकि
सर्वशक्तिमान् परमप्रभु परमेश्वर अनि थुमा
नै त्यसको मन्दिर हुनुहुन्छ । **२३**त्यस शहरमा
चम्कनको लागि घाम र जूनको आवश्यकता
थिएन, किनकि परमेश्वरको महिमाले त्यसलाई
प्रकाश दिन्छ, अनि थुमा नै त्यसको बत्ती
हुनुहुन्छ। **२४**त्यहाँकै प्रकाशमा जाति-जातिहरू
हिँड्डुल गर्नेछन्, अनि पृथ्वीका राजाहरूले
आफ्ना वैभव त्यसमा ल्याउनेछन्। **२५**कुनै दिन
पनि त्यसका ढोकाहरू बन्द हुनेछैनन्, किनकि
त्यहाँ रात कहिल्यै हुनेछैन । **२६**जाति-जातिका
महिमा र सम्मान त्यसमा ल्याइनेछन् ।
**२७**त्यसमा कुनै अशुद्ध कुरा पस्नेछैन, नता
शर्मका र छलका काम गर्ने कोही, तर तिनीहरू
मात्र जसको नाउँ थुमाको जीवनको पुस्तकमा
लेखिएका छन् ।

## जीवनको नदी

**२२** तब त्यस स्वर्गदूतले मलाई परमेश्वर
र थुमाको सिंहासनबाट बग्दै निस्केको
बिल्लौरझैं स्वच्छ जीवनको पानीको नदी देखाए,
**२**जुनचाहिँ शहरको बीचबाट बगिरहेको थियो ।
नदीका दुवैतिर प्रत्येक महिना बाह्र किसिमका
फलहरू फलाउने जीवनको रूख थियो । अनि
ती रूखहरूको पातहरूचाहिँ जातिहरूलाई निको
पार्नको लागि हुन् । **३**त्यहाँ अब उप्रान्त श्राप
हुनेछैन । त्यस शहरमा परमेश्वरको अनि
थुमाको सिंहासन हुनेछ, अनि उहाँका दासहरूले
उहाँको सेवा गर्नेछन् । **४**तिनीहरूले उहाँको
अनुहार देख्नेछन्, अनि उहाँको नाउँ तिनीहरूका
निधारहरूमा हुनेछ। **५**अब उप्रान्त रात हुनेछैन।
तिनीहरूलाई बत्तीको उज्यालो र सूर्यको
उज्यालोको आवश्यकता पर्नेछैन, किनकि प्रभु
परमेश्वरले नै तिनीहरूलाई उज्यालो दिनुहुनेछ।
अनि तिनीहरूले सदासर्वदा राज्य गर्नेछन् ।

**६**ती स्वर्गदूतले मलाई भने, "यी वचनहरू
विश्वासयोग्य र सत्य छन्। अगमवक्ताहरूका
आत्माहरूका परमप्रभु परमेश्वरले उहाँका
दासहरूलाई अब चाँड़ै हुनआउने कुराहरू
देखाउनलाई आफ्ना स्वर्गदूत पठाउनुभयो ।"

## येशू आउँदैहुनुहुन्छ

**७**"हेर, म चाँड़ै आउँदैछु ! यस पुस्तकका
अगमवाणीका वचनहरू पालन गर्नेहरू धन्यका
हुन् ।"

**८**यी कुराहरू सुन्ने र देख्ने म, यूहन्ना हुँ।
अनि जब मैले यी सुनें र देखें, तब यी कुराहरू
मलाई देखाइरहने स्वर्गदूतलाई पुजूँ भनेर म
तिनको पाउमा घोप्टो परें। **९**तर तिनले मलाई
भने, "यसो नगर ! म त तिमीसित अनि
तिम्रा अगमवक्ता भाइहरू र यस पुस्तकका
वचनहरू पालन गर्ने सबैका एक सहकर्मी हुँ।
परमेश्वरलाई नै दण्डवत् गर ।"

---

**२१:१८-२१**–यशैया ५४:११-१२. **२१:२३**–यशैया ६०:१९-२०. **२१:२४**–यशैया ६०:३.
**२१:२५-२६**–यशैया ६०:११. **२१:२७**–यशैया ५२:१; इजकिएल ४४:९. **२२:१**–इजकिएल ४७:१;
जकरिया १४:८. **२२:२**–उत्पत्ति २:९; इजकिएल ४७:१२. **२२:३**–जकरिया १४:११.
**२२:५**–यशैया ६०:१९ दानिए ७:१८.

**१०**तब तिनले मलाई भने, "यस पुस्तकका
अगमवाणीका वचनहरूमा छाप नलाऊ, किनकि
समय नजीकै छ । **११**जसले भूल गर्छ त्यसले
भूलै गरिरहोस्; जो अश्लील छ त्यो अश्लीलै
रहोस्; जो ठीक छ त्यसले ठीकै गरिरहोस्; र
जो पवित्र छ त्यो पवित्र नै भइरहोस् ।"
**१२**"हेर, म चाँडै आउँदैछु ! मेरो इनाम
मसित छ, र म प्रत्येकलाई उसले गरेको
कामअनुसार दिनेछु । **१३**म अल्फा र ओमेगा हुँ,
अर्थात् पहिलो र पछिल्लो, आदि र अन्त ।
**१४**"जीवनको रूखको हक पाउन र
शहरका ढोकाहरू भित्र पस्न पाऊँ भनी थुमाको
रगतमा आफ्ना वस्त्र धुनेहरू धन्यका हुन् ।
**१५**बाहिरपट्टि त कुकुरहरू, मन्त्रतन्त्र गर्नेहरू,
व्यभिचारीहरू, हत्याराहरू, मूर्तिपूजकहरू र
झूट मन पराउने र त्यसैअनुसार चल्नेहरू
हुनेछन् ।
**१६**"म, येशूले, मण्डलीहरूलाई यो साक्षी
दिनू भनी मेरो दूतलाई तिमीकहाँ पठाएको
छु । म दाऊदको मूल र सन्तान, अनि बिहानको
चहकिलो तारा हुँ ।"
**१७**आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस् !"
अनि जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस् !"
जो तिर्खाएको छ, त्यो आओस्; र जसले इच्छा
गर्छ, त्यसले जीवनको पानीको वरदान सित्तैमा
लेओस् ।
**१८**यस पुस्तकमा भएका अगमवाणीका
वचनहरू सुन्ने हरेकलाई चेतावनी देऊ । यदि
कसैले यसमा केही थप्यो भने, परमेश्वरले
त्यसमाथि यस पुस्तकमा वर्णन गरिएका विपत्तिहरू
थपिदिनुहुनेछ । **१९**यदि कसैले यस पुस्तकको
अगमवाणीका वचनहरू निकालेमा, परमेश्वरले
यस पुस्तकमा वर्णन गरिएका जीवनको
रूखमा र पवित्र शहरमा भएको त्यसको भाग
निकालिदिनुहुनेछ ।
**२०**यस कुराको साक्षी दिनुहुनेले भन्नुहुन्छ,
"हेर, म चाँडै आउँदैछु ।"
आमेन । आउनुहोस्, हे प्रभु येशू ।
**२१**प्रभु येशूको अनुग्रह परमेश्वरका
जनहरूसित रहोस् । आमेन ।

---

**२२:११**–दानिएल १२:१०. **२२:१२**–यशैया ४०:१०; ६२:११; भजन २८:४; यर्मिया १७:१०.
**२२:१३**–प्रकाश १:८,१७; २:८; यशैया ४४:६; ४८:१२. **२२:१४**–उत्पत्ति २:९; ३:२२.
**२२:१६**–यशैया ११:१,१०. **२२:१७**–यशैया ५५:१. **२२:१८–१९**–व्यवस्था ४:२; १२:३२.